# आशिषमा जिउन

उपासनाका ३६५ दिनहरू

चार्ल्स शेभर

# आशिषमा जिउनु

उपासनाका ३६५ दिनहरू

**चार्ल्स “चिक” शेभर**

सर्वाधिकार @२०२२# चार्ल्स "चिक" शेभर
द फाउन्ड्री पब्लिसिङ्ग®
कन्सास सहर (यू.एस.ए)
आईएसबीएन
सबै अधिकार सुरक्षित राखिएको छ। प्रकाशकको पूर्व लिखित अनुमति बिना
यो सम्पूर्ण वा आंशिक रूपमा पुनरुत्पादन, पुन:प्राप्ति प्रणालीमा भण्डारण,
वा कुनै पनि स्वरूपमा वा कुनै माध्यमबाट प्रसारण गर्न पाइँदैन,
जस्तै इलेक्ट्रोनिक, फोटोकपी वा रेकडिङ्ग। केवल मुद्रित
निरीक्षणको लागि छोटो उद्धरणमा मात्र छुट दिइनेछ।
यसमा प्रयोग गरिएका पवित्र शास्त्रका वचनहरू बाइबलका निम्न संस्करणबाट लिइएकाहुन्:
(अनुवादक: सम्मिलित संस्करण जानकारी)
"(क्रमश)" चिन्ह लगाइएका सबै पवित्र-शास्त्र उद्धरणहरू
बाइबलका निम्न संस्करणबाट हुन्:
(अनुवादक: सम्भव भएमा बाइबलको एउटा मात्र संस्करण प्रयोग गर्नुहोस्।
यदि आवश्यक भए, एक क्षण प्रयोग गर्नुहोस् र सम्मिलित गर्नुहोस्)
जहाँ पनि बालबलका खण्डहरू छड्के पारेर लेखिएको हुन्छ, यसले लेखकले जोड दिन चाहेका शब्दहरू र वाक्यांशहरूलाई देखाउँछ।
यस पुस्तकमा दिइएका  ठेगानाहरू, ईमेल, र फोन नम्बर सबै प्रकाशनको समयमा सही छन्। ती सबैलाई स्रोतको रूपमा प्रदान गरिएको छ। फाउन्ड्री प्रकाशनले ती सबैको समर्थन गर्दैन वा सबै सामग्री वा स्थायीपनको जिम्मेवारी लिँदैन।

# न्यान्सीप्रति

*येशू ख्रीष्ट बाहेक अरू कोही मेरो जीवनमा महत्वपूर्ण वा प्रभावशाली छन् भने त्यो तिमी नै हौ। वर्षौंको पास्टरीय सेवकाई, सुसमाचार प्रचारको सेवकाई, शिक्षण र लेखनकार्यमा तिमी नै मेरो प्रोत्साहन, सल्लाहकार, समर्थक र प्रार्थना गरिदिने विशेष व्यक्ति बनेकी छौं। हाम्रा तीन छोराछोरीहरूको जीवनमा तिम्रो लगानी शक्तिशाली र प्रभावशाली छ। सेन्ट जोसेफ, मिसौरीको जागृति सभामा एउटी बीस वर्षीय नर्सिङ विद्यार्थीको रुपमा तिमीले गाएको गीत र तिम्रो सुन्दरताले मेरो हृदय छोएको थियो। अझ पनि छुन्छ। हामी सँग-सँगै येशूलाई पछयाउँदै देशभरि र संसारभरि हामीले कस्ता साहसिक काम गरेका छौं। तिमी यस पुस्तकमा भएका सबै अनुभव र सत्यको भाग हौ। मेरी प्रिये, तिमी मेरो निम्ति सधैँ खडा भइदियौ यसको निम्ति निम्ति धन्यवाद!*

***हाम्रो प्रिय मित्रहरूप्रति,*** *जसले हामीलाई जीवनभरिनै साथ दिनुभयो र असाध्य प्रेम गर्नुभयो।*

# विषय-सूची

...


| | |
|---|---|
| धन्यवाद ज्ञापन | 5 |
| लेखकको बारेमा | 6 |
| लेखकको अभिव्यक्ति | 7 |
| परिचय | 7 |
| तपाईंको भविष्यमा | 9 |
| प्रथम उपासना | 10 |
| बाइबल निर्देशिका | 447 |

# धन्यवाद ज्ञापन

...

ईश्वरीय महिला, प्रिय इसाई मित्र, चिक शेभर सेन्टर फर इभान्जलिजमका भूतपूर्व प्रबन्ध निर्देशिका, यी उपासनाका पहिलो पाण्डुलिपीको टाइपिष्ट, जोय पार्कलाई धन्यवाद! जोय, तपाईंले गर्नुभएको सावधानीपूर्वक गर्नुभएको पुनरुत्पत्ति, व्याकरण र शैलीको सुधार, प्रिय काम, समर्पणता र अन्य धेरै कामहरूको लागि मसित धन्यवाद दिने शब्दहरू छैनन्। यस पुस्तकबाट प्राप्त हुने सबै आशिषहरूमा तपाईंको पनि भाग रहनेछ।

# लेखकको बारे

...

चार्ल्स एफ. शेभर, जुनियरको जन्म ५ जनवरी १९३५ मा कनेक्टिकटको म्यानचेस्टरमा भएको थियो। उनको बुवाको नाउँ र उनको नाउँ छुट्ट्याउन उनलाई सानैमा "चिक" उपनाम दिइएको थियो। उनी आफ्नी दिदी जोआनसित मध्यमवर्गीय परिवारमा सुखसित हुर्केका थिए। उनका बुबा यल र टाउन हार्डवेयरका बिक्रेताको रूपमा काम गर्थे र पछिबाट फ्लोरिडाको ट्रेजर आइल्याण्डमा रिसोर्ट मोटेलको मालिक र संचालक बने। उनकी आमा भेरा गृहिणी थिइन्।

चीक डार्टमाउथ कलेजमा पूर्व-कानुन प्रमुखता र राजनितीमा ठूलो चासो लिएर अध्ययन गरे। आफ्ना मित्र पिटर गुनासको साक्षीमार्फत, चिकले नोभेम्बर २०, १९५५ मा ख्रीष्टमा अचम्मप्रकारको परिवर्तनको अनुभव गरे। सेप्टेम्बर २, १९५६ मा, उनलाई पूर्ण रूपमा पवित्र आत्माद्वारा चोखो पारिएको थियो। डार्टमाउथमा आफ्नो स्नातकको अवधी, उनले सेवकाईको बोलावट महसुस गरे।

सेन्ट जोसेफ, मिसौरीमा युवा जागृति सभा हुँदा चिकले प्रचार गरिरहेको बेला नर्सको प्रशिक्षण पाएकी एउटी युवतीलाई विशेष भजन गाउन मञ्चमा निम्त्याइयो। जब न्यान्सी डोरोले भजन गाइन्, चिकले भने, "तिनले आफ्नो चमक देखाइन्"। उनीहरूले जून १, १९५९ मा विवाह गरे। उनीहरूका तीन जना छोराछोरीहरू राहेल, पावल र मरियम हुन्।

चिकले डार्टमाउथ कलेजबाट स्नातक, नाजारेन थियोलोजिकल सेमिनारीबाट एम.डीभ. र फुलर सेमिनारीबाट डी.मीन. को शिक्षार्जन गरे। उनको प्रथम पास्टरीय सेवकाई घोडा राख्ने टहरोबाट सुरु भयो। सन् १९६७ मा तिनले पूर्णकालिन सेवकको रूपमा सेवकाई सुरु गरे; सन् १९६९ मा उनले जागृति सेवाको अवधीमा लगातार ४६ वटा आइतबार प्रचार गरे। सन् १९७० मा उनले नाजारेन थियोलोजिकल सेमिनारीमा सुसमाचार प्रचारको विषय पढाउन निमन्त्रणा पाए। उनले त्यस पदमा रहेर सेवा गरिरहे र अन्तमा सुसमाचार प्रचार कार्यमा फ्रांक र ग्लाडिस कूपर प्राध्यापक नियुक्त भए। उनले सन् २०००, अवकाश लिए। सन् १९७४ देखो २००३ सम्म उनले कन्सास सहर, मिसोरीस्थित फर्स्ट मण्डली अफ र नाजारेनमा प्रचारकको रूपमा पनि सेवा गरे। तिनले सन् २०२० सम्म आफ्नो जागृति सभा र प्रचारकार्यलाई निरन्तरता दिए जसले गर्दा लगभग नौ सय जागृतिका सभाहरू सम्पन्न भए। उनले दक्षिण अफ्रिका, फिलिपिन्स, कोरिया, रूस र बिली ग्राहमको मुख्यालयमा सुसमाचार प्रचार गरेका छन् वा सिकाएका छन्।

नयाँ रुपान्तरित भएका मानिसहरूप्रति उनको चासोले गर्दा उनले "नयाँ अनि बढ्दो इसाईहरूको लागि आधारभूत बाइबलीय शिक्षा" नामक पुस्तिक लेखे, यो अंग्रेजीमा ७५०,००० प्रति बिक्रि भयो अनि ५५ वटा भन्दा बढी भाषामा यो छापियो। उनका अन्य लेखहरू विभिन्न सम्प्रदायहरूमा प्रयोग गरिएको छ अनि तीमध्ये *विट्नेसिङ विदवाउट फेयर, लिभिङ इन द पावर अफ स्पिरिट, द बाइबल स्पिक्स टु मीझ अबाउट माय विदनेस, अनि बेसिक बाइबल स्टडीस फर द स्पिरिट-फिल्ड एण्ड सेंक्टीफाइट लाइफ* हुन्। सन् १९९२ देखि उनले चिक शेभर सेन्टर फर इभान्जलिजमका कार्यकारी निर्देशकको रूपमा काम गर्दै आएका छन्।

२०१९मा, मण्डली अफ नाजारेनको एम१९ सम्मेलनमा डा. शेभर र न्यान्सीलाई *जीवनभर उपलब्धी पुरस्कार (लाइफटाइम अचिभमेन्ट अवार्ड)* प्रदान गरियो। एक पति, पिता, हजुरबुबा, प्रचारक, शिक्षक, लेखक, पास्टर, अनि प्रचारकको रुपमा, चिकको हृदय सधैँ परमेश्वरको उपस्थीति र सबै ठाउँमा मानिसहरूलाई व्यक्तिगत रूपमा ख्रीष्ट चिनाउने चिन्तासँग प्रफुल्लित हुन्छ।

*Photo: Chic and Nancy on their fifty-fifth wedding anniversary*

# लेखकको अभिव्यक्ति

...

# परिचय

...

जब म हुर्कंदै थिएँ, यद्यपि म प्रोटेस्टन्ट मण्डलीमा हुर्के तापनि परमेश्वर मेरो लागि कहिल्यै वास्तविक हुनुभएन। डार्टमाउथ कलेजका पूर्व कानुन विद्यार्थी छँदा मेरो भेट पिटरसित भयो। पिटर एक विद्यार्थी निकायका अगुवा थिए। पिटरले रक्सी सेवनको कारण स्कूल छाडेका थिए र अहिले तिनी फेरि फर्केर आएका थिए। च्यापलमा हुने सेवासकेपछि तुरुन्तै पिटरले मेरो हात पक्रेर हल्लाउँदै भने, "चिक, म अहिले बेग्लै भएको छु, किनकि मैले प्रभुलाई भेट्टाएको छु।"

पिटरका शब्दहरूमा म प्रभावित भएँ। कसैले यस्तो कुरा गरेको मैले कहिल्यै सुनेको थिइनँ कि परमेश्वर तिनको निम्ति वास्तविक हुनुहुन्छ। केही हप्ता बितेपछि पिटर मेरो शयनकक्षमा आए र तिनले ख्रीष्टलाई कसरी भेटे र ग्रहण गरे, त्यसबारे विस्तृत विवरण दिए। तिनले मलाई आफ्नो मण्डलीमा आउने निमन्त्रणा दिए। नोभेम्बर २०, १९५५ आइतबार रात्री सेवकाईमा ख्रीष्ट मेरो हृदयमा र जीवनमा आउनुभयो। मैले क्षमा पाएको अनुभव गरें र परमेश्वर मेरो निम्ति वास्तविक हुनुभयो र ममा पनि उपस्थित हुनुभयो। मैले अपार आनन्द महसुस गरें।

त्यसपछिका केही महिनाहरूमा म आत्मिकरूपमा वृद्धि हुँदै गएँ। मेरो जीवनमा बाइबल आयो र मैले प्रार्थनामा परमेश्वरसित घनिष्ट सम्बन्ध अनुभव गरें। मैले निरन्तर अरूसित मेरो विश्वास बाँडे, मण्डलीको हरेक सेवा छुटाइनँ, र मेरो जीवनमा गहिरो परिवर्तनहरू अनुभव गरें।

यो नयाँ सालको लगभग छैटौं महिनामा मैले मेरो अन्तरात्माबाट घिनलाग्दो स्वभावहरू- रिस, ईर्ष्या, घमण्ड, निन्दा, र अरूलाई प्रभाव पार्ने मेरा प्रयासहरू उत्पन्न भइरहेको  मैले थाहा गर्न थालें। यी समस्याहरूको समाधान गर्न मेरो आफ्नै शक्ति पर्याप्त थिएन।

मेरो बढ्दो चिन्ताको बीचमा, मैले गहिरो आत्मिक जीवन-विजय जीवनको प्रतिज्ञाहरू सुन्न र पढ्न थालें। यो गहिरो जीवनलाई विभिन्न शब्दद्वारा उल्लेख गरिएको थियो, जस्तै- "पूर्णरूले पवित्र गरिएको;" "पवित्र आत्माले भरिएको;" "विश्वासको विश्राम", "ख्रीष्टसँग क्रूसमा टाँगिएको"; "पवित्रता" "प्रशस्तताको जीवन"। मैले परमेश्वरलाई उहाँको उत्तरको लागि खोज्न थालें।

सेप्टेम्बर २, १९५६मा, परमेश्वरले अद्‌भुद तरिकाले मेरो नयाँ जीवनको लागि मेरो हृदयलाई आगोले खारेझैं सफा गरेर मेरो प्रार्थनाको उत्तर दिनुभयो। म पुरानो चिक शेभरको रूपमा मरें, र परमेश्वरको पवित्र आत्माले मलाई भरिपूर्ण र पवित्र बनाउनुभयो। तुरुन्तै, मेरो सम्पूर्ण इसाई जीवन नयाँ भयो अनि उच्च स्तरमा सारियो।

मैले सिक्नुपर्ने धेरै पाठहरू थिए। आत्माले भरिएको क्षणदेखि अझ पर, आत्मामा जिउने र हिँड्ने सम्पूर्ण जीवन त्यहाँ राखिएको छ। गलाती ५:२५ मेरो मुख्य पद बन्यो: "हामी पवित्र आत्माद्वारा जिउँछौ भने आत्माकै अनुसार हिँडौं।"

त्यतिञ्जेलसम्म, मैले सेवकाईमा बोलावट पाएको थिएँ, र मैले यो जीवनको बारेमा अरूलाई प्रचार गर्न र सिकाउन थालें। समय बित्दै जाँदा, मैले धेरै इसाईहरू यस गहिरो जीवनको बारेमा भ्रमित वा अनिश्चित भएको पत्ता लगाएँ। मेरो जीवन र सेवकाईको दोस्रो भागमा आइपुग्दा साधारण मानिसहरूले बुझ्ने भाषामा पवित्र जीवनबारे दैनिक उपासना पुस्तक लेख्ने दृढ विश्वास मभित्र वृद्धि भयो। मैले मेरा छोरीहरू राहेल र मरियम, र मेरी श्रीमति न्यान्सीले लेखेका धेरै विचारहरू समावेश गरेको छु।

अहिले तपाईंले त्यो पुस्तक आफ्नो हातमा लिनुभएको छ। प्रत्येक दिन एउटा बाइबल पद र एउटा सत्य पढ्नसक्नुहुन्छ। यी सत्य कुराहरूले दैनिक जीवनमा कसरी काम गर्छ भनेर देखाउने कोशिस गरेको छु। यसो गर्दै गर्दा, मैले अरू धेरै पुस्तक र लेखकहरूबाट; कतिपय इसाईहरूको विगतका गवाही, वर्तमान इसाईहरूसँगको साक्षात्कार; र मेरो आफ्नै जीवनको अनुभवलाई आधार बनाएको छु। छु।

तपाईं आफ्नो व्यक्तिगत बाइबल पठनसँगै यो उपासनाको पुस्तक प्रयोग गर्नसक्नुहुनेछ; तपाईंले आफ्नो विचार, अन्तरदृष्टि

र प्रार्थनाको दैनिकी पनि राख्न सक्नुहुनेछ। तपाईंले यो पुस्तक क्यालेण्डर मितिअनिसार प्रयोग गर्नसक्नुहुनेछ। हुनसक्छ तपाईं नयाँ विश्वासी हुनुहुन्छ र भर्खरै वर्षको मध्यतिर वा अन्ततिर तपाईंले आफ्नो नयाँ जीवन सुरु गर्नुभएको छ। तपाईंले यहाँ एउटा वैकल्पिक प्रणाली याद गर्नुहुनेछ, जुन केवल १ देखि ३६५ को संख्या प्रणाली मात्र हो। तपाईंले वर्षको बीचतिर पनि १ अध्यायबाट सुरु गर्नसक्नुहुनेछ। हुनसक्छ तपाईं आफ्नो नयाँ विश्वासमा आफ्ना मित्रहरूसित बाइवल अध्ययन गर्दै हुनुहुन्छ होला। तपाईंहरूमध्ये कसै-कसैले *नयाँ तथा वृद्धि हुँदै गरेका इसाईहरूको लागि आधारभूत बाइबल अध्ययनहरू* पनि गरिसक्नुभएको होला। यी उपासना पुस्तकले तपाईंले जुन कुरा सिकिरहनुभएको छ त्यसैको बारे बताउनेछ र त्यसैलाई समर्थन गर्नेछ।

यसर्थ, आउनुहोस् संगै यो यात्रा सुरु गरौं, "ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" (एफिसी ३:१९)। यस्तो अग्लो आदेश देखेर नडराउनुहोस्; एफिसी ३ अध्यायबाट अरू पदले यसो भन्छ, "अब उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रा गर्नसक्नुहुन्छ, उहाँलाई नै पुस्ता पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस" (पद २०-२१)।

३३ र ५८ वर्षको बीचमा, मेरो छोरा, पावलले पाँचवटा विशेष क्यान्सर शल्यक्रिया गरेको थियो, जसमध्ये सबैभन्दा गम्भीर उसको स्वर निस्कने बक्स हटाउनु पर्ने शल्यक्रिया थियो। तैपनि, ऊ जीवन उल्लेखनीय रूपमा आनन्दित र खुशी छ। धेरै उसलाई सोधेका छन्, "यो कसरी सम्भव छ?"

उसले उसको नयाँ र खस्रो स्वरमा जवाफ दिन्छ, "म क्यान्सर अघि आशिषले बाँचिरहेको थिएँ, तिनीहरूले मेरो आवाज निस्कने बक्स हटाउँदा पनि म आशिषित थिएँ र आज पनि म आशिषद्वारा नै बाँचिरहेको छु।" यसैकारण, यस पुस्तकको नाउँ के राख्ने भनेर सोचिरहँदा पावलले "आशिषमा जिउनु" भन्ने सुझाव दियो।

प्रारम्भिक पवित्रतासम्बन्धी प्रचार गर्ने थुप्रै प्रचारकहरूले पवित्रीकरणलाई "दोस्रो आशिष्" भने। पवित्रीकरणको गीत "सब थोक दिन्छु" मा निम्न पद समावेश छ:

*येशूलाई म सब थोक दिन्छु,*
*मेरो जीवन लिनुहोस्*
*प्रेम र शक्ति ममा भर्नोस्*
*आशिषले भरपूर गर्नोस्*[1]

कतिले विश्वास गर्छन् कि रोमी १५:२९मा लेखिएको पावलका शब्दहरूले उनको आफ्नै पवित्रीकरण र पवित्र आत्माले भरिपूर्ण जीवनको बारेमा वर्णन गर्छ: "र म जान्दछु, म तिमीहरूकहाँ आउँदा ख्रीष्टका आशिषको परिपूर्णतामा आउनेछु।" जेसुकै भए तापनि, सबै जना आत्माले भरिएर सम्पूर्ण पवित्रताको अनुभवमा जिएँको हेर्न हामी उत्सुक छौं। दिनहुँ "आत्माअनुसार हिंडौ" (गलाती५:२५) लाई हामी भन्न सक्छौं कि "हामी आशिषमा जिइरहेका छौं"।

यो उपासनाको पुस्तक वास्तविक मानिसहरूको कथाले भरिएको छ। कुनै-कुनै अवस्थामा मैले गोपनीयताको सुरक्षाको लागि नाउँहरू परिवर्तन गरेको छु, तर कथाहरू सत्य छन्।

यस पुस्तकमा अरूले लेखेका थुप्रै उपासनाहरू समावेश छन्: यी प्रत्येक अवस्थामा लेखकको नाउँ दिइएको छ। यसबाहेक, मेरी श्रीमति न्यान्सी र मैले विभिन्न प्रकाशनहरूका लागि उपासनाहरू लेखेको वर्षौं भइसकेको छ। अनुमति लिएर हामीले यस पुस्तकमा थुप्रै उपासनाका खण्डहरू समावेश गरेका छौं।

[1]. जुडसन डब्ल्यु. वेन डी भेन्टरको शब्द,विनफिल्ड एस वीडन (संगीत) १८९८, सब थोक दिन्छु: *Hymnal* (Kansas City, MO: Lillenas Publishing Company, 1993), #486.

# तपाईंको भविष्यमा

...

पावलले आफ्नो सेवकाईलाई हृदयभित्रबाट नै अप्नाएका थिए। उनले भने, "यो अनुग्रह अन्यजातिहरूका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तब्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू *पवित्र आत्माद्वारा शुद्ध भएर* ग्रहणयोग्य बलि बन्न सकून्" (रोमी १५:१६)। त्यसै अध्यायमा उनले भने, "र म जान्दछु, म तिमीहरूकहाँ *आउँदा ख्रीष्टका आशिषको परिपूर्णतामा* आउनेछु" (पद २९)।

भजनसंग्रहमा दाऊदले सोध्छन्, "परमप्रभुको डाँडामा को उक्लन सक्ला? र उहाँको पवित्रस्थानमा को खडा हुनसक्छ? त्यही नै , जसको हात निर्दोष छ, र जसको हृदय निर्मल छ, जसले आफ्नो मन मूर्तितिर लगाएको छैन र जसले झुटो कुरामाथि शपथ खाँदैन। त्यसले नै परमेश्वरबाट आशीर्वाद पाउनेछ, र त्यसको उद्धारकर्ता परमेश्वरले त्यसलाई निर्दोष ठहराउनुहुनेछ" (भजन २४:३-५)।

एफिसीको मण्डलीप्रति, पावल आनन्दित हुन्छन्, "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आशिर्वाद दिनुभएको छ" (१:३)।

यो पुस्तक पढ्नुहुने हरेक पाठकहरूप्रति, तपाईंहरू यस पाठमा जिउनुहोस् र निरन्तर *आशिषमा रहनुहोस्।*

# उहाँ महान हुनुहुन्छ

*****

*मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजय भएका छौ। किनकि जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान हुनुहुन्छ।*

*१ यूहन्ना ४:४*

जब तपाईं येशूलाई विश्वास गर्नुहुन्छ तब तपाईंको जीवनमा अचम्मको कार्य हुनेछ। प्रकाश ३:२० मा यी शब्दहरू लेखिएका छन्: "हेर, म ढोकामा उभिएर ढकढक्याउनेछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यसँग भोजन खानेछु, र त्यसले मसँग खानेछ।"

हामी बुझ्नसक्छौं कि जब कसैले ख्रीष्टको निम्ति आफ्नो हृदयको ढोका खोलिदिन्छ, ख्रीष्ट त्यसभित्र पस्नुहुनेछ। उहाँ भन्नुहुन्छ कि उहाँले त्यससित भोजन खानुहुनेछ, यसले चाहिँ गहिरो संगतिको बारेमा बताउँदछ। यही सत्यताको कारण, तपाईले ईमानदारीपूर्वक भन्नसक्नुहुनेछ, "ख्रीष्ट मभित्र बास गर्नुहोस्"।

आजको वचन १ यूहन्ना ४:४ भन्दा अगाडि, यूहन्नाले संसारमा भएका दुष्ट आत्माहरू र झुटा अगमवक्ताहरूको बारेमा पाठकहरूलाई चेताउनी दिएका छन्। त्यसपछि यूहन्नाले सबै साँचो विश्वासीहरूलाई यो आश्वासन दिएका छन् कि तिमीहरूमा वास गर्नुहुने ख्रीष्ट संसारमा भएका सबै दुष्ट शक्तिहरूभन्दा महान हुनुहुन्छ। उहाँको उपस्थिति र सामर्थद्वारा हामी सबै दुष्टतामाथि विजय प्राप्त गर्न सक्नेछौं।

ख्रीष्ट तपाईमा वास गर्नुभएको कारण तपाईले आफ्नो जीवनमा प्राप्त गर्नुभएका सबै फाइदाहरू बारे सोच्नुहोस्:

- अब तपाईंका सबै पापहरू क्षमा भएका छन्। "मेरा साना बालकहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने उहाँका नाउँको खातिर तिमीहरूका पाप क्षमा भएको छ" (१ यूहन्ना २:१२)।
- अब तपाईं आत्मिकरूपले जीवित हुनुहुन्छ। "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो यसकारण पापमा हामी मरेको भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ" (एफिसी २:४-५)।
- अब हामी जीवनका हरेक जटिल समयमा सान्त्वना पाउनसक्छौं। "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करूणामय पिता, स सबै सान्त्वनाका परमेश्वरलाई प्रशंसा होस्, उहाँले हामीलाई सबै दु:खमा सान्त्वना दिनुहुन्छ, ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले कुनै पनि दु:खमा परेकाहरूलाई सान्त्वना दिन सकौं" (२ कोरिन्थी १:३-४।
- अब तपाईं परमेश्वरको सुरक्षाभित्र हुनुहुन्छ। "हाम्रा प्रभु येशू ख्रीष्टको दिनमा तिमीहरूलाई दोषरहित राख्न उहाँले तिमीहरूलाई अन्त्यसम्मै सुदृढ राख्नुहुनेछ" (१ कोरिन्थी १:८)।
- परमेश्वरले तपाईं र तपाईंको नयाँ जीवनलाई पूर्ण गर्नुहुनेछ। "मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ" (फिलिप्पी १:६)।

पिटरको जीवन जाँड रक्सी र अनैतिकताले भरिएको थियो। आजको सनदर्भमा, उसले जाँड-रक्सी खानलाई महिनामा हजारौं डलर खर्च गर्थ्यो। यो यति नराम्रो भयो कि उसले विश्वविद्यालय फुटबल टोलीमा आफ्नो पदबाट राजीनामा दिनुपर्‍यो र उसले आफ्नो अध्यक्षको पदबाट राजीनामा दियो। उसले कलेज छाड्यो । ऊ संयुक्त राज्यको पूर्वी तटमा वरपर बस्न थाल्यो। ऊ आफ्नो कारको पछाडि सुत्ने अवस्थामा पुग्यो र छवटा विभिन्न राज्यमा प्रहरीसँग समस्यामा पर्‍यो। उसको जीवन नै विपत्ति बन्यो।

पिटरको जीवनमा केही ईसाईहरू आए जसको जीवन उसले जिएको जीवनभन्दा बिल्कुलै फरक थियो। उसको एक मित्रले उसलाई भन्यो, कि येशू ख्रीष्ट फरक हुनुहुन्छ। पिटरले सोच्यो, *हुनसक्छ यो मलाई चाहिएको छ।*

उसले खोजी गर्न थाल्यो। एक आइतबार, जसै उसले प्रवचन सुनिरहेको थियो, उसको अगाडि उसले गरेका पापहरू देखा परे, अनि परमेश्वर उसको निम्ति साँचो बन्यो। पिटरले सकेसम्म चाडो मण्डली छोड्यो र देशमा भएको शान्त ठाउँमा गयो। उसले आफ्नो घुँडा टेक्यो अनि आफ्ना पापहरू मानिलियो। त्यसपछि,  उसले यस क्षणको बारेमा वर्णन गर्दै भन्यो, "परमेश्वरले मलाई परिवर्तन गर्नुभयो"। उसले यो स्वीकार गऱ्यो र यो अनौठो सुनियो तर उसले भन्यो, "त्यसदिन म आफ्नो कारमा पसें र बसें अनि सुतें- यो चारवर्षको उमेरदेखि पछिको शान्तमय निन्द्रा थियो। पिटरले छुटकारा पाइसकेको थियो।

पिटर आत्मामा बढ्यो अनि अरूहरूलाई येशूले गर्नुभएको कामको बारेमा बताउन सुरु गऱ्यो। उसले चाडै नै फेरि कलेजमा भर्ना लियो, जुन कलेज उसले छोडेको थियो। त्यसपछिका वर्षहरूमा, उसले खुसी, आनन्दित इसाई जीवन बितायो र प्रार्थना गर्ने व्यक्ति र बाइबलका शिक्षक बन्यो।

पिटर नै त्यो व्यक्ति हो जसले मलाई ख्रीष्ट ल्यायो।

इसाई भएपछि पाइने फाइदाहरू जो माथि उल्लेखित छ, ती सबै पिटरको जीवनमा साँचो भयो। तपाईंको जीवनमा पनि यी आशिषहरू साँचो हुनसक्छ। तपाईभित्र हुनुहुने ख्रीष्ट संसारमा हुने कुनै पनि दुष्टका शक्तिहरूभन्दा महान हुनुहुन्छ। तपाई विजयी बन्नसक्नुहुन्छ।

•••••••••••••••••

# नयाँ साल, नयाँ सुरुवात

*****

*यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।*
*२ कोरिन्थी ५:१७*

हरेक जनवरीमा, धेरै मानिसहरूले नयाँ वर्षको संकल्प गर्छन्। यी संकल्पहरू पुराना, नकारात्मक चीजहरूलाई नयाँ, सकारात्मक चीजहरूसँग प्रतिस्थापन गर्न व्यक्त गरिएका आशा हुन्। अक्सर, मानिसहरू आफ्नो वाचा पूरा गर्न असफल हुन्छन्।

नयाँ सुरुवात गर्ने परमेश्वरको तरिका तपाईंलाई ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्न मद्दत गर्नु हो। जसरी पदले "ख्रीष्टमा" हुने कुरा राख्छ, यसको परिणाम नयाँ तरिका, नयाँ जीवन हुन्छ।

मिशिगन मण्डलीमा जागृति सेवाहरूको एक हप्तापछिको सहज गवाहीहरूले ख्रीष्टले कसरी नयाँ व्यक्ति बनाउन सक्नुहुन्छ भन्ने कुरा प्रकट गर्दछ। तीमध्ये केही गवाहीहरू यहाँ उल्लेख गरिएका छन्:

- अधवैंसे आमाले हृदयमा हलुकापन महसुस गरिन्: मेरो तुरुन्तै शाल्यक्रिया भयो- परमेश्वरले मेरो तिक्तता हटाइदिनुभयो।
- एक प्रयोगकर्ताले "एक महत्वपूर्ण आत्मा"बाट सफाई प्राप्त गरे ।
- अर्को आमाले भनिन्: आत्माले मलाई शान्ति र सामर्थ्य दिनुभयो।
- एक हाइस्कूल विद्यार्थीले आफू पुन: सही मार्गमा फर्किन पाएकोमा धन्यवाद दिए।
- हजुरआमाले भनिन्: "यो मेरो बारेमा होइन, तर ख्रीष्टको बारेमा हो।"
- एक पाठशालाका परामर्शदाताले गवाही दिए: "एउटै शब्दमा मनमा आउँछ- समर्पण"।
- एक दक्ष मेकानिस्टले पवित्र-शास्त्रलाई "निन्दा नगर्ने" प्रतिज्ञा गरे।
- अर्को मण्डलीले आत्मिक शक्तिको निरन्तर स्रोतलाई यसरी स्मरण गरे: "हामी साँच्चै कत्ति सरल छौं भनेर मैले बिर्सें...र उहाँको उपस्थितिमा फर्कन मलाई कति आवश्यक थियो। "

विगत वर्षमा ख्रीष्टले तपाईंको लागि के नयाँ कुरा गर्नुभएको छ? यो वर्ष तपाईंको लागि कुन नयाँ कार्य ख्रीष्टले गर्नुभएको चाहनुहुन्छ?

•••••••••••••••••

**जनवरी ३** **दिन - ३**

# परमेश्वरको रोजाईलाई नरोक्नुहोस्

*****

*युवावस्थादेखि मोशाका सहायक, नूनका छोरा यहोशूले मोशालाई भने, "हजुर, तिनीहरूलाई रोक्नुहोस्।" तर मोशाले तिनलाई भने, "ले मेरो खातिर तिमी डाह गर्ने भयौ? परमप्रभुले आफ्ना आत्मा आफ्ना मानिसमाथि राखिदिएर ती सबै अगमवक्ता भइदिए त कति असल हुनेथियो।"*

*गन्ती ११:२८-२९*

के हाम्रो स्वर्गीय पिताको नियन्त्रणमा हुनु राम्रो होइन र? म भन्छु हामी आनन्द गरौं र जहाँपनि, जहिले पनि, र जसरी पनि परमेश्वरले काम गर्न रोज्नुहुन्छ, हामी धन्यवादी बनौं। जसै हामी हाम्रा स्वर्गीय बुवाको व्यवसायमा संलग्न हुन्छौं हामी एकाअर्कालाई उत्साह दिने, सहायता पुऱ्याउने, प्रोत्साहन दिने र सहायता गर्ने कुरामा लागि रहौं।

हाम्रो हिडाइँमा कसैलाई बाधा नपुऱ्याऔं। हाम्रो सपना पूरा हुन सक्दैन भनेर कसैले नभनोस्। कसैले पनि आफ्नो नकारात्मकतालाई परमेश्वरबाट पाएका हाम्रा दर्शनहरूमा बाधाको कारण नबनाऊन्, किनभने उहाँले सबैभन्दा असम्भव छनोट गर्नुहुन्छ, उहाँले उपलब्ध हुनेहरूलाई प्रयोग गर्नुहुन्छ, उहाँले फसलको मुख्य भाग छान्नुहुन्छ, उहाँले तयार नभएकाहरूलाई दोषी ठहराउनुहुन्छ, उहाँले धेरै व्यस्त भएकाहरूलाई पनि बोलाउनुहुन्छ। उसले मलाई उहाँको शक्तिमा "म गर्नसक्छु" भनेर विश्वस्त तुल्याउनुहुन्छ, उहाँले मलाई मेरो आरामबाट बाहिर निकाल्नुहुन्छ किनभने उहाँले मेरो धेरै वास्ता राख्नुहुन्छ, र उहाँले मलाई सधैं अर्को मौका दिनुहुन्छ।

त्यसोभए, हामी संघर्ष गर्न जारी राखौं। जबसम्म हामी स्पष्टरूपमा देख्न सक्दैनौं तबसम्म जारी राखौं। शंका उत्पन्न हुँदा र निराशाको डर हुँदा जारी राखौं। हामी घर नपुगेसम्म जारी राखौं - किनभने हामी छानिएका छौं।

न्यान्सी स्हेभर २Nancy Shaver[2]

• • • • • • • • • • • • • • • • •

[2]. *कम ये अपार्ट* सेप्टेम्बर-अकटोबर-नोभेम्बर १९९८मा अघि बाटै प्रकाशित् (कन्सास सिटी, एमओ: नाजरेन पब्लिसिङ्ग हाउस) ९१। पछिबाट यो पब्लिकेशनको नाउँ रिफ्लेक्टिङ् गाड भयो)।

# के परमेश्वर हुनुहुन्छ?

*****

*आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ। हरेक दिन तिनीहरूले वार्तालाप गर्छन्, हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन्।*

*भजन १९:१-२*

नास्तिक भन्छन् ईश्वर छैन । एक अज्ञेयवादी शंका गर्छ र भन्छ, "मलाई पक्का थाह छैन कि ईश्वर हुनुहुन्छ कि हुनुहुन्न"। म एक युवा वयस्कको रूपमा अज्ञेयवादी थिएँ, यद्यपि म मण्डलीमा हुर्केको थिएँ।

कलेजमा मलाई समस्या थियो। मैले सोचें, यदि परमेश्वर हुनुहुन्छ भने, मैले यस कुरालाई यही मिलाउनु राम्रो हुन्छ। मैले महसुस गरें कि म एक तार्किक व्यक्ति हुँ र यसअनुसार सोंच्ने कुरामा म दृढ छु। मैले अन्ततः छवटा आधारभूत विचारहरू स्थापना गरें:

1. मसँग अत्याधिक सठीक र पूर्णरूपमा कार्य गर्ने घडी छ। जसरी बनाउने मान्छे बिना घडी छ भनेर विश्वास गर्न गाह्रो छ, त्यसैगरी विश्व निर्माता बिना पूर्ण रूपमा कार्य गर्ने संसार छ भनेर विश्वास गर्न गाह्रो छ।
2. यदि यो सम्पूर्ण संसारलाई एक वर्षमा परमाणु शक्तिद्वारा नष्ट गर्न सकिन्छ (मेरो रसायनशास्त्रका प्रोफेसरले सिकाएजस्तै), तब अन्ततः जीवनको कुनै अर्थ छैन जबसम्म त्यहाँ परमेश्वर र मृत्यपछि छैन।
3. यदि यो साँचो हो र त्यहाँ परमेश्वर हुनुहुन्छ भने, संसारमा सबैभन्दा महत्वपूर्ण कुरा नै उहाँलाई चिन्नु हो।
4. यदि परमेश्वर मेरो निम्ति वास्तविक हुनुहुन्न भने, (र उहाँ हुनुहुन्थ्यो) हामी वीचमा पक्कै अवरोध हुनुपर्छ । उहाँको विरूद्धमा गरिएका पापहरू र उहाँप्रतिको अनादर नै यी अवरोधका सम्भावनाहरू हुन्।
5. यदि उहाँ अपमानित हुनुभएको छ र हामी बीचमा बाधा छ भने, उहाँलाई कसरी अवरोध पार गरेर उहाँकहाँ म आउनसक्छु सो बताउने अधिकार उहाँसित छ।
6. येशू ख्रीष्टलाई यस संसारमा पठाउनको लागि उहाँले गर्नुभएको काम यही हो - उहाँ परमेश्वरको अवरोधमाथिको पुल हुनुहुन्छ।

पावलले यो सत्यतामाथि यसरी लेखेका छन्, "अर्थात स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसित मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ" (२ कोरिन्थी ५:१९)। र अझ, "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (पद २१)

यी निष्कर्षहरूबाट, म परमेश्वरको खोजीमा निस्किएँ। र केही महिनाभित्र, मप्रति परमेश्वरको दयाको कारण मैले उहाँलाई भेट्टाएँ। तपाईं कहाँ हुनुहुन्छ? के तपाईं उहाँको खोजीमा बाहिर निस्कनुभएको छ? छौं?

.................

# रूपान्तरण - अब के?

*****

*तर बारनाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाऊलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित येशूको नाउँमा प्रचार गरेका कुरा तिनीहरूलाई बताइदिए।*

*प्रेरित ९:२७*

*तब शाऊललाई खोज्न बारनाबास टार्ससमा गए। जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टोओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे।*

*प्रेरित ११:२५-२६*

रूपान्तरणलाई "नयाँ जन्म" पनि भनिन्छ (यूहन्ना ३:३)। यसलाई शारीरिक जन्मसँग तुलना गरिन्छ। कल्पना गर्नुहोस्, यदि तपाईं जन्मेपछि, तपाईंका सबै आफन्त वा आमाबाबुले तपाई जन्मेको क्षणको बारेमा मात्र कुरा गरे। उनीहरूले तपाईंलाई कहिल्यै समातेनन्, तपाईंलाई नुहाएनन्, तपाईंलाई खुवाएनन् वा तपाईंको हेरचाह गरेनन् भने तीन हप्तापछि तपाईको अवस्था कस्तो होला ? तपाईं बिमार पर्नु हुन्थ्यो अनि पक्कै मर्नु पनि हुनेथियो।

त्यसरी नै आत्मिक जीवनमा, तपाईं परिवर्तन भइसकेपछि - वा नयाँ जन्म लिइसकेपछि - तपाईंलाई पालनपोषण, आत्मिक रूपमा खुवाइएको, निर्देशन गरिएको हुनुपर्छ। बारनाबास, जसलाई "प्रोत्साहनको पुत्र" पनि भनिन्छ, बाइबलका उत्कृष्ट चेलाहरू, वा फलो-अप कार्यकर्ताहरूमध्ये एक हुन्। उनी नै हुन जो शाऊल (पछि पावल) कहाँ गए, एक मध्यस्थ बनिए र शाऊललाई मण्डलीकहाँ ल्याए, र शाऊल एक महान आत्मिक अगुवा नभएसम्म उनीसँग बारम्बार काम गरे। बारनाबास र शाऊल दुवैले संगै एन्टिओखियाको मण्डलीमा सेवा गरे (प्रेरित ११:२६) र सम्पूर्ण मण्डलीले मिसनेरी यात्रामा पठाए (१३:२-३)।

आज पनि त्यही ढाँचा चलिरहेको छ । डेभ, एक जवान वयस्क, शहरमा नयाँ थियो। जब उसले एउटा मण्डलीको किशोरलाई कार धोइरहेकोको देख्यो, ऊ रोकियो। उसको कार धुने किशोर यति मिलनसार थियो कि उसले आइतवार उसको मण्डली भ्रमण गर्ने निर्णय गर्‍यो। भ्रमण पछि, एक पास्टरले उसलाई फोन गरे र तिनीहरू त्यहाँ आएर तिनलाई भेट गर्न सक्छन् कि भनेर सोधे। डेभ खुसीसाथ सहमत भयो।

पास्टरले उनीसित सेमिनारीका विद्यार्थी डेनलाई लिएर आए, जसलाई पास्टरले पास्टरीय सीपको विषयमा तालिम दिइरहेका थिए। डेभको अपार्टमेन्टमा न्यानो भ्रमणको क्रममा, उनीहरूले पत्ता लगाए कि डेनले ख्रीष्टलाई कलेजमा स्वीकार गरेका थिए र अहिले इन्जिनियरिङको पेशाको लागि शहरमा थिए। पास्टरले डेभलाई *नयाँ र बढ्दो इसाईहरूका लागि आधारभूत बाइबल अध्ययन* सुरु गर्न सुझाव दिए, र डेनले आफ्नो अध्ययनको समीक्षा गर्न डेभसँग साप्ताहिकरूपमा भेट्न सहमत भए। डेभ डेनको प्रेम र निर्देशनद्वारा आत्मिक रूपमा बढ्यो र पछि विश्वासको कार्यद्वारा मण्डलीमा सामेल भयो। उसले अन्ततः मण्डलीको कार्यक्रममार्फत भेटेकी एक ईश्वरभक्त युवती लिन्डासँग विवाह गर्‍यो।

डेनले आफ्नो अध्ययन समाप्त गरे र आफ्नो पहिलो पास्टरीय सेवकाई सुरु गरे। डेभ र लिन्डा अर्को नयाँ राज्यमा सरूवा भएर गयो, जहाँ उनीहरू पूर्णरूपमा स्थानीय मण्डलीमा संग्लग्न भए। डेभ मण्डली कोषाध्यक्ष बने र अन्ततः उल्लेखनीय आत्मिक शक्तिको पुस्तक प्रकाशित गरे।

बरनाबास अनि शाऊल। डेभिड र डेन। तरिका एउटै छ: रूपान्तरणपछि विश्वासयोग्य चेलापनको कारण वृद्धि, सामर्थ्य र सेवा आउँछ। यस कहानीमा तपाईं कहाँ पर्नुहुन्छ?

•••••••••••••••••

# जोनी र खुत्रुके (कन्तुर)

*****

*यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंको पाप मेटिऊन्, र परमप्रभुको उपस्थीतिबाट आनन्दको समय आओस् | प्रेरित ३:१९*

*कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्। प्रेरित २६:१८*

तिनका बुबा नियमित रूपमा घर आउँथे र आफ्नो खल्तीको सबै सिक्का एउटा "खुत्रुके"मा हाल्ने गर्थे। यो सानो मुख भएको एउटा ठूलो खुत्रुके थियो। यो पैसा सधैँ एक विशेष पारिवारिक परियोजनाको लागि सुरक्षित राखिएको थियो। परिवारको नियम थियो कि जबसम्म घरको बुबाले पारिवारिक परियोजनाको लागि समय भएको महसुस नभएसम्म कसैले पनि पैसा राखिएको खुत्रुके छुन पाउँदैन थियो।

एकदिन, आमा-बुवा जोनीको लागि विशेष उपहार लिनका निम्ति घरदेखि बाहिर गएका थिए। जोनीलाई आमा-बुवाले विश्वास गरेर छोडेका थिए कि उसले कुनै गलत काम गर्नेछैन।

आमाबुबा जाने बित्तिकै, जोनीले निर्णय गऱ्यो कि उसले त्यो खुत्रुकेबाट केही पैसा निकाल्नसक्छ, छेउको पसलमा क्यान्डी किन्न सक्छ, त्यसलाई खान सक्छ, र आफ्ना आमाबाबु घर आइपुग्नुभन्दा अघि त्यो खुत्रुके फेरि ठीक ठाउँमा सुरक्षित राख्नसक्छ- यो भन्दा बुद्धिमान कोही हुनेछैन। उसले खुत्रुकेको माथिको मुखबाट मुस्किलले आफ्नो हात छिरायो र तर उसले सिक्काको थुप्रोमा आफ्नो हात पुऱ्याएर मुट्ठी भऱ्यो। तर त्यहाँ एउटा समस्या थियो - उसको सिक्काले भरिएको मुट्ठी खुत्रुकेबाहिर निस्कन सकेन। त्यसैबेला, उसले कारको ढोका खोलिएको सुन्यो, र उसले थाह पायो कि उसका आमाबुबा केही क्षणमा घरमा प्रवेश गर्नेछन्।

आफ्नो बाल दिमागमा, उसले सोच्यो, "म आफ्नो हातले खुत्रुकेभित्र भएको बहुमूल्य सिक्काहरू समात्न सक्छु, वा म सबै सिक्का छोडेर आफ्नो हात बाहिर निकाल्नलाई सानो बनाउन सक्छु। म आफूलाई यहाँबाट छुटाउन सक्छु, वा म सिक्का पक्रीरहन सक्छु र म समस्यामा पर्न सक्छु।

जोनीले स्वतन्त्र हुने, र ती सिक्काहरू हातबाट छोडिदिने र त्यो खुत्रुकेलाई जस्ताको तस्तै त्यसको ठाउँमा राख्ने निर्णय लियो। उसका बुवा-आमा उत्साहित थिए कारण उनीहरूको हातमा जोनीको निम्ति विशेष उपहार थियो। जोनीको हात त्यो उपहार लिनलाई खुल्ला थियो कारण उसले अघि आफ्नो हातमा मुठ्याएका सिक्का छोडिदिएको थियो।

पश्चात्तापले हाम्रा पापहरूबाट हामीलाई स्वतन्त्र गराउँछ। मुक्ति भनेको पापको क्षमाको वरदान प्राप्त गर्नु हो। तपाईंले आफ्नो पापलाई पक्रिराख्नुभयो भने परमेश्वरको क्षमा प्राप्त गर्न सक्नुहुन्न। पापबाट फर्कनुहोस् र परमेश्वरमा फर्कनुहोस् ताकि तपाईंले यो वरदान प्राप्त गर्न सक्नुहुनेछ।

•••••••••••••••••

# दण्डको आज्ञा छैन

*****

*यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन*
*रोमी ८:१*

छ वर्षको हुँदा दुई वटा पाप, आठ वर्षको हुँदा चार वटा पाप, दस वर्षको हुँदा आठ वटा पाप... । र वर्तमानमा आइपुग्दा, मैले धेरै पाप र स्वार्थ देखें। मलाई दोषी, बहिस्कृत र दु:ख महसुस भयो। केही क्षणको लागि त्यो दृश्यलाई नियाली रहनुहोस्।

हामी किन दोषी भएको महसुस गर्छौं? पाप र गल्तीहरूलाई भ्रमित गर्ने कारणले हामीमध्ये कतिले आफू त्यागिएको महसुस गर्छौं। पाप गर्नु भनेको जान्दा-जान्दै परमेश्वरको व्यवस्था तोड्नु हो। गल्ती परमेश्वरको सिद्ध इच्छा भन्दा कम हुनसक्छ, तर यो अज्ञानतामा, वा राम्रो मनसायसंग गरिएको हुनाले, यो एक गल्ती हो। याकूबले पनि यो कुरा जान्दछ जब उनले लेख्छन्, "यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ" (याकूब ४:१७)। यो पाप हुनको लागि तपाईंले यसको बारेमा जान्नुपर्छ। यदि तपाईंले पापहरू र गल्तीहरूलाई एकै ठाउँमा राख्नुहुन्छ भने, तपाईंले गल्तीहरूको लागि अनावश्यक रूपमा आफैलाई दोषी ठान्नुहुन्छ। कसै-कसैले अपराधी भएको अनुभव गर्छन् किनभने तिनीहरूको आत्म-छवि कम छ। आफ्नो बारेमा तिनीहरूका विचारहरू, सायद बाल्यकालबाट उत्पन्न हुन्छ, "म नालयक छु," वा "म प्रतिभाशाली छैन।" तर परमेश्वरले तिनीहरूको बारेमा यो सोंच्नुहुन्न - परमेश्वरले तिनीहरूलाई यति धेरै मूल्यवान ठान्नुहुन्छ कि उहाँले वास्तवमा तिनीहरूको क्षमा र मुक्ति सुरक्षित गर्न आफ्नो एकमात्र पुत्र दिनुभयो: "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)। परमेश्वरले सिकाउनुहुन्छ कि प्रत्येक इसाईसित कमसेकम एउटा वरदान छ, तर हाम्रा परमेश्वरले दिनुहुने वरदानहरू फरक भएको कारण हामी एकअर्कामा फरक छौं। येशूले पनि सिकाउनुभयो, "आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर" (मत्ती १९:१९)।

तर मानिसहरूले दोषी महसुस गर्नुको मुख्य कारण तिनीहरूले पाप र गल्तीहरूलाई भ्रमित गर्नु होइन; कम आत्म-छविको कारणले होइन - तर तिनीहरूले निरन्तर गरिरहेको पापको कारणले हो। तिनीहरू आफैलाई अपराधी ठान्छन्; तिनीहरू आफैलाई निकम्मा महसुस गर्छन्; तिनीहरू दण्डित् छन् ।

वर्षौंसम्म, मैले सोचें कि मैले मृत्यु र अन्तिम न्यायसम्म पर्खनुपर्छ- त्यसपछि मात्र, परमेश्वरले मलाई स्वीकार गर्नुभयो भनी मलाई थाहा हुनेछ। तर यो वचनले सिकाउँदैन: "अब ख्रीष्ट येशूमा भएकाहरूलाई कुनै दण्डको आज्ञा छैन।" यसले भन्छ अब- यहाँ र अहिले कुनै दण्ड छैन। तपाई *अब जान्न* सक्नुहुन्छ कि तपाईं दोषी हुनुहुन्न, तपाईंका पापहरू क्षमा भएका छन्, र तपाईं परमेश्वरसँग सही सम्बन्धमा हुनुहुन्छ।

के तपाईंले "परमेश्वरको कृपाले तपाईंलाई पश्चात्तापमा डोऱ्याउने उद्देश्य राखेको छ" भनेर बुझ्नुभएको छैन? (रोमी २:४)। "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ" (५:१)। हामी अब दोषओ छैनौं। यो वास्तविकता केवल मानिसहरूको एउटा समूहको लागि मात्र हो। आजको वचनलाई फेरि हेर्नुहोस्: "अब ख्रीष्ट येशूमा भएकाहरूलाई कुनै दण्डको आज्ञा छैन।"

त्यो रात मैले छ वर्षको उमेरदेखिका मेरा पापहरूको समीक्षा गरें, परमेश्वरलाई भनें कि उहाँप्रति गरेको अनाज्ञाकारिता र वेवास्ताको लागि क्षमा चाहन्छु, र उहाँको सहायतामा म मेरा पापहरूबाट फर्किरहेको थिएँ। त्यसपछि मैले येशू ख्रीष्टलाई स्वीकार गरें र उहाँलाई मेरो मुक्तिदाता र प्रभुको रूपमा मेरो हृदयमा र जीवनमा ग्रहण गरें। तुरुन्तै, मैले परमेश्वरबाट पूर्ण क्षमा पाएको महसुस गरें। मलाई अब दण्ड दिइएको थिएन। यस ठाउँमा आउने सबैको लागि अब कुनै दण्डको आज्ञा छैन- तिनीहरू "ख्रीष्ट येशूमा" छन्।

• • • • • • • • • • • • • • • • •

# जसले जित्छ

*****

*जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु| प्रकाश ३:२१*

प्रकाशको पुस्तकमा जित्नेहरूले उत्सव मनाएका छन्। तर आज कतिपय इसाईहरूको कुरालाई सुन्दा, इसाईहरूको पूर्वनिर्धारित ढाँचा पराजित भएको देखिन्छ।

प्रकाशमा उल्लेखित् सात मण्डलीहरूलाई लेखिएको ख्रीष्टको पत्रहरूमा विजयलाई कति जोड दिइएको छ सो ध्यान दिनुहोस्:

- "जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिइनेछ" (प्रकाश २:७)।
- "जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानी हुनेछैन" (पद ११)।
- "जसले जित्छ, त्यसलाई म गुप्त-मन्नको केही भाग दिनेछु, र म त्यसलाई नयाँ नाउँ लेखिएको एउटा सेतो पत्थर दिनेछु, जो पाउने बाहेक कसैले जान्दैन" (पद १७)।
- "जसले जित्छ र मेरा कामहरूलाई आखिरसम्मै कायम राख्छ, त्यसलाई म जाति-जातिमाथि अधिकार दिनेछु" (पद २६)।
- "जसले जित्छ, त्यसलाई यसरी सेता वस्त्र पहिराइन्छ, र म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ। म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु" (३:५)
- "जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछु, र ऊ त्यहाँबाट कहिल्यै बाहिर निस्कनेछैन। म त्यसमा मेरा परमेश्वरको नाउँ लेख्नेछु, र मेरा परमेश्वरका सहरको नाउँ, अर्थात यरूशलेम लेख्नेछु, जो मेरा परमेश्वरबाट स्वर्गदेखि तल आउँदछ" (पद१२)।
- "जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु" (पद २१)

विजयी हुनु वा "विजय" लाई प्रकाश १२ मा "हाम्रा दाजुभाइ र दिदीबहिनीहरूमाथि आरोप लगाउने" (पद १०), "शैतान" (पद १२) माथि प्राप्त विजयको रूपमा परिभाषित गरिएको छ: "तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्" (पद ११)। तिनीहरू आज थुमाको रगत र गवाहीद्वारा पाप र शैतानलाई जितेर विजयी बनेका छन्। उदाहरणको लागि, म तपाईंलाई चकको बारे बताउनेछु।

एक मित्रले मलाई काउन्टी झ्यालखानमा चकलाई फोन गर्न आग्रह गरे - उनले भने कि चकले भर्खरै ख्रीष्टलाई स्वीकार गरेका छन्। जब चकले म सेवक हुँ भन्ने कुरा थाह पाए, उनले मलाई न्यानो स्वागत गरे र मलाई आफ्नो कथा सुनाए: उनी ड्रग्समा संलग्न थिए, ड्रग्सको निम्ति चोरी गर्थे, र अचम्म प्रकारले ख्रीष्टलाई मुक्तिदाता र प्रभुको रूपमा स्वीकार गरे। तुरुन्तै, उनी ड्रग्सको चाहनाबाट छुटकारा पाए। उनी प्रहरीमा गए, आफ्नो अपराधको बारे बताए र अहिले झ्यालखानमा छन्। उनी आफ्नो विश्वासमा प्रज्वलित थिए। उनले नयाँ र बढ्दो इसाईहरूका लागि आधारभूत बाइबल अध्ययन सुरु गरे, र हामीले उनको अध्ययनको समीक्षा गर्न साप्ताहिक शिष्यत्व बैठक गर्न सहमत भयौं।

हाम्रो तेस्रो भेटको समयमा, चक समस्यामा परेका थिए। उनले मलाई लागुऔषधको पुरानो चाहनाले पुन: सताउदै गरेको कुरा बताए। मैले उनलाई १ कोरिन्थी १०:१३ स्मरण गराए, जुन पद उनले पहिल्यै नै कण्ठ गरिसकेका थिए: "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सकून् भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"

मैले भनें, "चक, परमेश्वरले तपाईलाई सहन नसक्ने परीक्षामा पर्न दिनुहुन्न। उहाँलाई थाहा छ कि उहाँको सहयोगले, तपाई यसलाई जित्न सक्नुहुन्छ। मेरो जीवनमा पापहरू थिएँ, र तिनीहरूले मलाई नियन्त्रण गरें। मैले तिनीहरूलाई नियन्त्रण गरिनँ। तर जब ख्रीष्ट मेरो जीवनमा आउनुभयो, उहाँले मलाई शक्ति दिनुभयो जुन मैले पहिले कहिल्यै अनुभव गरेको थिइनँ। म एक पटक पनि ती पापहरूमा फर्केको छैन। उहाँले तपाईंको लागि पनि यो गर्न सक्नुहुन्छ!"

"हो", चकले भने, "म यो गर्नसक्छु" र चक त्यहाँबाट विजयी भए। उनले हरेक हप्ता बाइबल अध्ययन सफलतापूर्वक पूरा गरे। उनले अरू कैदीहरूलाई ख्रीष्टतिर डोऱ्याए। उनी आनन्द र उपासनाले भरिएको थियो। उनी लागुऔषधमा फेरि फर्किएनन् ।

अन्तमा, चक झ्यालखानबाट रिहा भयो। न्यायाधीशले उनलाई आफ्नो परिवारको ब्याप्टिस्ट सेवकको अधीनमा र प्रभाव मुनि बस्ने आवश्यकता बताए। अन्तिम पटक मैले उनीसँग फोनमा कुरा गर्दा, मैले सोधें, "चक, तपाईलाई कस्तो छ?"

उनले जवाफ दिए, "म ठिकै छु। म बाइबल स्कूल जाने योजनामा छु। मलाई लाग्छ कि परमेश्वरले मलाई सेवामा बोलाउनुभएको छ।"

"हो! म यो गर्नसक्छु!" एक जित्ने व्यक्ति!

•••••••••••••••••

# म मानिसहरू वा समस्याहरूको सामना गर्न हिम्मत गर्दिन

*****

*तर हे परमप्रभु, म त तपाईमा नै पुकारा गर्दछु, र बिहानै मेरो प्रार्थना तपाईंको सामुन्ने आउँछ*

*भजन ८८:१३*

तपाई आफ्नो दिनको पहिलो तीन घण्टामा कस्तो कुराको सामना गर्नुहुन्छ?

केही दिन अघि, मण्डलीमा कक्षा पढाउने क्रममा मैले समय दिएर उक्त व्यक्तिलाई सुनिरहेको थिएँ। उनले भने, "पास्टर शेभर! तपाईंले जोड दिएझैं, म पहिलो पटक प्रभुलाई सामना नगरुन्जेल म मानिसहरू वा समस्याहरूको सामना गर्ने आँट गर्दिन।" उनले यो अभ्यासलाई आफ्नै जीवनमा समावेश गरेका थिए। उनका शब्दहरूले मलाई यो मुद्दा कत्तिको महत्त्वपूर्ण थियो र मेरो लागि छ भनेर याद दिलायो।

म धर्मनिरपेक्ष कलेजमा मेरो जुनियर वर्षको समय येशू ख्रीष्टमा आएको थिएँ। मैले आत्मिक रूपमा नमिल्दो वातावरणमा बाँचिरहेको महसुस गरें। तीन हजार विद्यार्थीहरू मध्ये, करिब तीसजना दैनिक च्यापलमा आउँछन्, र छ देखि आठ जना दैनिक प्रार्थनाको लागि भेला हुन्छन्। मैले मानिसहरू वा समस्याहरूको सामना गर्नुअघि चाँडै उठ्नु र बाइबल र प्रार्थनामा समय बिताउनु मेरो लागि महत्त्वपूर्ण हुनेछ। मैले यसलाई "परमेश्वरको पूरा हातहतियार धारण गर्ने समय मान्थे, ताकि शैतानका योजनाहरू विरुद्ध (म)खडा हुन सकूँ" (एफिसी ६:११)।

निस्सन्देह, यदि तपाई रात्री शिफ्टमा काम गर्नुहुन्छ भने, तपाईंको दिन ढिलो सुरु हुनसक्छ। यदि तपाई परमेश्वरलाई दिनको सुरुवात दिन सक्नुहुन्न भने, उहाँलाई एउटा यस्तो समय दिनुहोस् जतिबेला तपाईंको मन सतर्क हुन्छ। उहाँलाई आफ्नो दिनको सबैभन्दा उत्तम भाग दिनुहोस्; उहाँलाई उब्रेको भाग नदिनुहोस्।

अब, मेरो रूपान्तरणको 65 वर्ष पछि, म अझै पनि यो अभ्यास पालन गर्छु: "म पहिला प्रभुसित भेट नगरी मानिसहरू वा समस्याहरूको सामना गर्न आँट गर्दिन।" यस अभ्यासको फल आश्चर्यजनक छ।

यो अभ्यास गर्न मसँग सामेल हुनुहोस्। बाइबलले येशूको बारेमा यसो भन्छ, "बिहानै उज्यालो हुनभन्दा धेरै अघि उठेर बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो" (मर्कूस १:३५)। तपाई राम्रो संगतमा हुनुहुन्छ।

• • • • • • • • • • • • • • • • •

# पश्चात्ताप वास्तवमा राम्रो कुरा हो

*****

*पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानका निम्ति र टाडा टाडामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ*
*प्रेरित २:३८-३९*

यदि परमेश्वर पवित्र हुनुहुन्छ - र उहाँ हुनुहुन्छ - तब यो तर्क गर्नु न्यायसंगत छ कि मानिसहरूले आफ्ना पापमा रहेर अनन्तकालमा उहाँको उपस्थितिमा रहन सक्ने छैनन्। यो यति स्पष्ट छ कि पत्रुसले प्रभुको बारेमा भन्छन् : "पवित्र हो, किनकि म पवित्र छु" (१ पत्रुस १:१६)। त्यसोभए, हामीले गरेका पापहरूको बारेमा तपाईं र मैले के गर्ने? पत्रुस भन्छन्, "पश्चात्ताप गर।" पश्चात्ताप भनेको आफ्नो पापको लागि यति धेरै पछुताउनु हो कि तपाईंले परमेश्वरलाई क्षमा गर्नुहोस् भनी प्रार्थना गर्नुहुन्छ र भविष्यमा पापबाट तपाईं सधैंको निम्ति फर्कनुहुन्छ। यो त्यो क्षण पनि हो जब तपाईं येशू ख्रीष्टमा फर्कनुहुन्छ। ख्रीष्टमा आएर, तपाईंलाई अब नयाँ जीवन जिउनको लागि अधिकार दिइएको छ - धर्मी हुनलाई । रोमी ३:२२ ले भन्छ, "येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ।" २ कोरिन्थी ५:१७ ले भन्छ, "यसकारण कोही ख्रीष्टमा छ भने, त्यो नयाँ सृष्टि हो।" ख्रीष्टले तपाईंलाई नयाँ बनाउनुहुन्छ; अब तपाईं फरक र धार्मिक जीवन बिताउन सक्नुहुन्छ।

परमेश्वरले तपाईंलाई यति धेरै माया गर्नुहुन्छ कि उहाँले ख्रीष्टलाई तपाईंको विगत क्षमा गर्न र पवित्र आत्मालाई तपाईंको भविष्यको लागि शक्ति दिन पठाउनुभयो। ब्रेनान मानिङ्ग भन्छन्, "परमेशवरले तपाईंलाई कति माया गर्नुहुन्छ? यति धेरै कि उहाँले तपाईंबिना बाँच्नभन्दा मर्न रूचाउनुभयो - र उसले त्यो गर्नु पनि भयो।"

माइकल हेन्डरसनले इसाईलाई यसरी परिभाषित् गरेका छन्: "इसाई ती हुन् जसले हाल येशूलाई पछयाउँदैछन् र उहाँले जे गर्न भन्नुभएको छ त्यही गरिरहेका छन्।" ई. स्टेनली जोन्स भन्छन् कि परमेश्वरको आज्ञा पालन गर्नु एक अपरिपक्व ईसाईको विशेषता हो किनभने उहाँले हामीलाई चोट पुर्याउन सक्नुहुन्छ; हामीले उहाँलाई चोट पुर्याउन सक्छौं भनेर परमेश्वरको आज्ञा पालन गर्नु परिपक्व ईसाईको विशेषता हो।[3]

मेरो छोरा पावल, उनको काँधमा मेलानोमा विकसित भयो र शल्यक्रिया गर्नुपर्ने भयो। शल्यचिकित्सकले उसको काँधको ठूलो हिस्सा गहिरोसित काटेर फाले। तपाईंको विचार अनुसार के म त्यो डाक्टरसँग रिसाएको छु? के मैले उसलाई हप्काएँ, "मेरो छोराको शरीरमा चोट पुऱ्याउने र काँधबाट यति धेरै भाग निकाल्ने उनलाई के अधिकार थियो?" अँह- म खुशी भएँ किनकि डाक्टरले गहिरो चोट पारेर पनि सबै क्यान्सर भएका भागहरू निकालिदिए र पावललाई लामो जीवन दिए। म साँच्चै खुसी भएँ।

पश्चात्ताप भनेको यस्तै हो- परमेश्वरले गहिरो रूपमा तपाईंका पापहरू केलाउनुहुन्छ। सोच्नुहोस्, तपाईंका सबै पापहरू क्षमा गर्न सकिन्छ, तपाईं नयाँ व्यक्ति बन्न सक्नुहुन्छ। त्यसकारण रोमी २:४ ले भन्छ, "अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाह नपाएर के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?" पश्चात्ताप वास्तवमा नै असल कुरा हो।

.................

3. प्रवचनको खण्डबाट लिइएको हो, अज्ञात स्रोत

# प्रभु, तपाईं कसरी सक्नुहुन्छ?

*****

*अनन्तका परमेश्वर तिमीहरूको वासस्थान हुनुहुन्छ, र मुनितिरचाहिँ सनातनका पाखुरा छन्*

*व्यवस्था ३३:२७*

जब हाम्रो छोराले हामीलाई भन्यो कि उसको घाँटीमा क्यान्सरको शल्यक्रिया हुनेछ जसले सायद उसको बोली हराउन सक्छ, उसकी आमाले यसरी प्रतिक्रिया जनाइन्। यहाँ उनको लिखित् विवरण छ:

*म भान्साकोठामा उभिरहेको थिएँ जब मैले पहिलो पटक पावललाई उसको घाँटीको क्यान्सरको बारेमा बताइरहेको सुनें, र म अलि निराश भएँ। "प्रभु, तपाईंले यो कसरी हुन दिनुभयो? कृपया, प्रभु, हाम्रो एकमात्र छोरा हो!" र उहाँले भन्नुभयो, "हो, न्यान्सी, म उसलाई प्रयोग गर्न चाहन्छु।" त्यसर्थ, मैले त्यसैबेला आत्मसमर्पण गरें, र केही क्षणमै उहाँले ममाथि शान्ति खन्याइदिनुभयो। यो शान्ती तेह्र घण्टाको शल्यक्रियामा मसँगै रह्यो; र जब शल्यक्रिया समाप्त भयो, तिनीहरूले क्यान्सर लागेको भाग हटाएका थिए, ट्र्याकियोटोमी (tracheotomy) गरेर उनको अन्ननली पुनर्निर्माण गरे। ऊ भोलिपल्ट उठेर हिँड्दै थियो, र बाँकी कुरा तपाईंलाई थाहा छ। तपाईं आफ्नो परिवारको सम्पूर्ण कुराको निम्ति परमेश्वरमा भरोसा गर्न सक्नुहुन्छ। मलाई यो थाहा छ त्यो दिन परमेश्वरले मलाई उठाउनुभयो र मलाई अंगाल्नुभयो, र उहाँले मलाई माया गर्नुभयो र मेरो हेरचाह गर्नुभयो र मलाई भविष्यको जोस्तोसुकै परिस्थीतिको सामना गर्न सक्ने शक्तिले भरिदिनुभयो किनभने उहाँलाई पावलको नाम, तपाईं र मेरो नाम थाहा छ। तपाईंले यस कुरालाई स्वर्गको भण्डारमा सम्हालेर राख्नसक्नुहुनेछ। उहाँले हामीलाई बलियो र साहसी बनाउँदै हुनुहुन्छ किनभने उहाँको प्रेममा कुनै डर हुँदैन।*

पावलको विजयी जीवन कथा उसको आवाज आउने बक्स (भ्वाइस बक्स) हटाइएपछि अट्ठाईस वटा मण्डलीहरूमा यसबारे गवाही दिइएको छ, र पावलले साउथ क्यारोलिना ब्याप्टिस्ट मण्डलीमा २२०० जनालाई आफ्नो गवाही दिए।

र न्यान्सीको लागि, "मुनितिरचाहिँ सनातनका पाखुरा छन्" भन्ने वचन पूरा भएको छ।

•••••••••••••••••

# एक वैज्ञाकिक र परमेश्वर

*****

*तिमीहरूका आँखा माथि उठाएर आकाशलाई हेर*

*यशैया ४०:२६*

कसैको लागि, विज्ञान र विश्वास शत्रुहरू हुन् । यद्यपि, कसै कसैको लागि, विज्ञान र विश्वासले एकअर्कालाई अँगालेको छ।

जोसँग मण्डली विरोधी मनोवृत्ति थियो – यसको पछि उनको बुबाको नकारात्मक मण्डली अनुभव थियो। तर, जब जोले कलेजमा डोरिसलाई भेटे, उनको मनोवृत्ति परिवर्तन हुन थाल्यो। डोरिस इसाई परिवारमा हुर्केकी थिइन्, चौध वर्षको उमेरमा जागृति सेवाको क्रममा परमेश्वरप्रति प्रतिबद्ध भइन्, र ख्रीष्टसँगको सम्बन्धमा आनन्दित भइन् । जब डोरिसले जोलाई ख्रीष्ट र मण्डलीको बारेमा व्याख्या गरिन्, उनको दिमाग खुल्यो, र उनले ख्रीष्ट र मण्डलीलाई आफ्नो हृदयमा लिए।

स्नातक हुनुअघि नै उनीहरुको विवाह भएको थियो । जोलाई थाहा थियो कि कोरियामा युद्धको कारण, उनलाई सैन्य सेवामा भर्ना गरिनेछ। सेनामा रहँदा, उनले ट्याङ्क कमाण्डरको रूपमा आफ्नो आधारभूत प्रशिक्षण पूरा गरे, अफिसर प्रशिक्षणमा गए, र अन्ततः सेनाको रासायनिक प्रयोगशालामा काम गर्न खटिए।

सेनाबाट अवकाश प्राप्त गरेपछि, जोले क्यालिफोर्नियाको स्ट्यान्डर्ड आयलमा नौ वर्ष काम गरे। त्यसपछि उनले कन्सास शहरको बायर प्रयोगशालामा पद प्राप्त गरे, जहाँ उनले पच्चीस वर्ष वरिष्ठ रसायनज्ञको रूपमा काम गरे। जो र उनको अन्तर्गत काम गर्ने चौध रसायनज्ञहरूको लागि उद्देश्य वा लक्ष्य बायरले बेच्ने विभिन्न कीटनाशक रेसिपीहरू विकास, पुन: विकास र सुधार गर्नु थियो।

सेवानिवृत्त भएपछि जोले आफ्नै प्रयोगशाला सुरु गरे। उनका एक ग्राहकले उनलाई युरोपमा बोलाए, उनीहरूका केमिस्टहरूले तीन वर्षदेखि विशेष नुस्खामा काम गरेका थिए, तर उनीहरूलाई समस्या भइरहेको थियो: उनीहरूका कन्टेनरहरू विस्फोट भइरहेका थिए। जोले उनीहरूको समस्या समाधान गर्ने जिम्मेवारी लिए। त्यो साँझ, उनी परमेश्वरहाँ गए र सहायता मागे। परमेश्वरले उनलाई भन्नुभयो कि तिमीलाई यसको उत्तर पहिले नै थाहा छ, र यस समस्यामा आफ्नो रसायन विज्ञान ज्ञान लागू गर्नू। तीन दिन भित्र, जोले उनको पहिले गरेको प्रशिक्षणबाट उत्तर पाएका थिए।

अविश्वसनीय, ग्राहक कम्पनीका अध्यक्ष र कर्मचारीहरू जोको प्रयोगशाला हेर्न आए। जुन तापक्रममा भण्डार गरिएको थियो वा जतिसुकै लामो समयसम्म भण्डारण गरिएको थियो त्यसको ख्याल नगरी कुनै पनि बोतलहरू विस्फोट भएको थिएन भन्ने कुरा तिनीहरूले पत्याउन सकेनन्।

जोसँग अहिले विश्वभरका विभिन्न कम्पनीहरूसँग सम्बन्धित सबैलाई गणना गर्दा पन्ध्रवटा आधारभूत प्याटेन्टहरू र 253 कूल प्याटेन्टहरू छन्, ।

कस्तो मिश्रण—एक रासायनिक वैज्ञानिक र जीवित, प्रार्थनाको जवाफ दिनुहुने परमेश्वरमा विश्वास। यो कुनै अचम्मको कुरा होइन, यशैयाले भनेका छन्, "तिमीहरूका आँखा माथि उठाएर हेर, यी सबै कसले बनाएका हुन्? उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी ल्याउनुहुन्छ र प्रत्येकलाई नाउँ काढी बोलाउनुहुन्छ..." (यशैया ४०:२६)।

•••••••••••••••••

## जनवरी १३ दिन - १३

# "विश्वास" को अर्थ के हो?

*****

*अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।*

*उत्पत्ति १५:६*

"येशूमा मात्र विश्वास गर्नुहोस् र तपाईंले मुक्ति पाउनुहुनेछ" इसाई विश्वासमा सामान्यता बारम्बार भनिने विचार हो यो। तैपनि त्यो कथनमा केही खोक्रोपन, केही कमी छ। यसको जवाफ "विश्वास" शब्दको सही बुझाइमा छ।

"विश्वास" भनेको बौद्धिक रूपमा येशू हुनुहुन्छ भनेर स्वीकार गर्नुभन्दा बढी हो। याकूबले पनि भन्छन् कि त्यो पर्याप्त छैन जब उनी लेख्छन्, "तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन् (याकूब २:१९)। पक्कै, भूतहरूले परमेश्वरको अस्तित्वलाई "विश्वास" गर्छन्, तर तिनीहरू बचाइएका छैनन्। भिक्टर ह्यामिल्टन भन्छन्, "परमेश्वरमा विश्वास गर्नु भनेको उहाँमा भर पर्नु हो। विश्वासलाई भरोसाको रूपमा बुझ्नाले विश्वासलाई तपाईंले आफ्नो विचारबाट आफ्नो जीवनमा क्रियाशील बनाउँदै लैजानुहुनेछ।"

बाइबलले बारम्बार प्रभुमा विश्वास वा भरोसाको विचारलाई जीवित सेवा, त्याग, प्रतिबद्धता र साहसी जीवनसँग जोड्दछ। याकूब २:२२-२४ यसो भन्छ: "तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। पवित्रपवित्र-शास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, यो उनको निम्ति धार्मिकता गनियो", र उनी परमेश्वरका मित्र कहलिए। तिमी देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।"

मसँग विश्वास वा विश्वासको अवधारणा बुझ्ने सरल तरिका छ। यदि मैले तपाईंलाई भन्छु, "म साँच्चै मेरी श्रीमती, न्यान्सीमा विश्वास गर्छु, यसको मतलबमा के उनी मेरो निम्ति केवल अस्तित्वमा छिन्? वा मेरो विश्वासको मतलब म उसलाई विश्वास गर्छु, उमाथि भर पर्छु, उसलाई खुसी पार्न खोज्छु, मेरा निर्णयहरूमा उसलाई सहभागी बनाउँछु, उसको हेरचाह गर्छु र उप्रति प्रतिबद्ध छु? तपाई कस्तो विश्वासमा विश्वास गर्नुहुन्छ?

• • • • • • • • • • • • • • • • •

# एउटा अद्भुत कुरा, एउटा अति उत्तम कुरा

*****

*किनकि के भन्नु सजिलो छ, "तिम्रा पापहरू क्षमा भए" भन्नु कि 'उठ र हिँड' भन्नु? तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक।" तब उहाँले त्यस पक्षघातीलाई भन्नुभयो, "उठ, तिम्रो खाट बोक, र घर जाऊ।" अनि त्यो उठ्यो र आफ्नो घरतिर लाग्यो। जब भीडले यो देख्यो, तब तिनीहरू भयभीत भए, र मानिसहरूलाई यस्तो शक्तिदिनुहुने परमेश्वरको प्रशंसा गरे।*

*मत्ती ९:५-८*

मेरो आफ्नै छोरीले मलाई चुनौती दिइन्, "बुबा, कससेकम यो हफ्ताभरि घटेको एउटा अचम्मको कुरा, एउटा उत्तम कुरा लेख्नुहोस्।" मैले चुनौती स्वीकार गर्ने निर्णय गरें। जब येशूको समयका मानिसहरूले देखे कि ख्रीष्टले पाप क्षमा गर्न सक्नुहुन्छ र पक्षाघातीहरूलाई निको पार्न सक्नुहुन्छ, तिनीहरू डरले भरिए र परमेश्वरको प्रशंसा गरे। मलाई लाग्यो कि यो अभ्यासले मलाई मेरो जीवनमा परमेश्वरको काममा अझ सजग हुन, थप कृतज्ञ हुन र परमेश्वरलाई थप प्रशंसा दिन कारणहरू दिनसक्छ। यसले मलाई नकारात्मकतालाई अघि ल्याउनदेखि जोगाउँछ र सकारात्मक कुरा सम्झना दिलाउँछ। त्यसैले मैले उत्कृष्ट घटनाहरूको सूची बनाउन थालें। यहाँ तीहरू मध्ये केही छन्:

- मैले मेरो परिवारसँग क्रिसमसको न्यानो भावना साझा गरें।
- मैले प्रभुलाई इभान्जेलिज्म सेन्टरको वर्षको अन्त्यको आवश्यक रकमको लागि प्रार्थना गरेपछि, हामीले जम्मा छ हजार डलरको आर्थिक उपहार पायौं।
- मैले पैंतालीस वर्षको चेलापन तालिमको शिक्षकबाट अवकाश पाएको र मेरो पच्यासी वर्षको जन्मदिन दुवैको सुअवसरमा एक सय जना मानिसहरूले मेरो सम्मान गरे। मेरो परिवार र मैले माया, समर्थन, सराहना र प्रोत्साहन महसुस गऱ्यौं।
- मैले सात दिनमा आठ वटा उपासनाका पाठहरू लेखें।
- मैले कफम्यान सेन्टरमा *चार्ली र चकलेट कारखाना* देखें। (वर्षौंदेखि, म एकपटक काफम्यानमा जान चाहन्थे)
- मैले माग्न सक्ने न्यान्सीबाट सबैभन्दा मीठो प्रेम प्राप्त गरें।
- एक शनिबार, मैले केही सँगी इसाईहरूलाई भेटें, जसमध्ये एक जनाले ख्रीष्टमा आफ्नो विश्वासको पुष्टि गरे र आधारभूत बाइबल अध्ययन गर्न सहमत भए, र अरूहरू उनको फलो-अप साझेदार हुन सहमत भए।
- एक आइतवार, मैले १८६ जनाको भीडलाई "मेरो हृदय- ख्रीष्टको घर" विषयमा उपदेश दिएँ। त्यसपछि, ३३ जनाले ख्रीष्टलाई खोजे।
- मैले नेपल्स बोटानिकल गार्डनको सौन्दर्य अनुभव गर्न पाए।
- हाम्रो GPS असफल भयो, तर राहेलले मलाई मेरो स्मार्टफोनमा सिरी प्रयोग गर्न तालिम दिइन्। सिरीले मलाई निर्देशन दिन सक्षम थियो।

यी मध्ये केही प्रार्थनाका उत्कृष्ट उत्तरहरू थिए; केही प्रकृतिको सौन्दर्यमा मेरो आनन्द थियो; अन्यचाहिँ व्यावहारिक थियो, जस्तै सिरीले मलाई सुरक्षित घरसम्म डोऱ्यायो र जसै मैले समीक्षा गरें मेरो आत्मा कसरी जागृत भयो - यो अद्भुत छ, अति उत्तम छ। त्यसैले म याकूबका सन्तानसँग जोडिन्छु: "जब तिनीहरूले आफ्ना बीचमा आफ्नै छोरा-छोरीहरू, मेरा हातका कामलाई देख्छन्, तिनीहरूले मेरो नाउँ पवित्र तुल्याउँनेछन्। तिनीहरूले याकूबका परमपवित्रलाई पवित्र भनी स्वीकार गर्नेछन् र इस्राएलका डर मान्नेछन्" (यशैया २९:२३)।

के तपाईं यसलाई प्रयास गर्न चाहनुहुन्छ - प्रत्येक हप्ता एउटा अद्भुत वा उत्तम कुरा?

•••••••••••••••••

# तपाईंको लागि परमेश्वरका प्रतिज्ञाहरू

*****

*मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ किनकि तपाई मेरो साथमा हुनुहुन्छ।*

*भजन २३:४*

यो तपाईलाई  परमेश्वरको प्रेम पत्र हो। यो बाइबल वर्णन गर्ने एउटा तरिका हो।

बाइबल पढ्ने एउटा राम्रो तरिका भनेको एउटा विशेष पुस्तकबाट सुरु गर्नु हो, जस्तै यूहन्नाको सुसमाचार। एक वर्षमा बाइबल पढ्ने तरिका भनेको एक वर्षको बाइबल किन्नु र पढ्नु हो, जसले तपाईंलाई वर्षभरि प्रत्येक दिनको लागि पढ्ने पाठ दिन्छ। यी पढाइहरूमा लगभग पुरानो करारका २ अध्यायहरू, नयाँ करारको एक अध्याय, आधा भजन, र हितोपदेशका तीन पदहरू छन्। आफ्नो क्यालेन्डर पछयाएर, तपाईंले एक वर्षमा सम्पूर्ण बाइबल समाप्त गर्नुहुन्छ।

सबैभन्दा ठूलो अर्थको साथ पढ्नको लागि अर्ल लीको सल्लाह पालन गर्नुहोस्। उनको सल्लाहअनुसार पढ्दा ध्यान दिनुपर्ने प्रश्नहरू हुन् -"यसले के भन्छ? यसको मतलब के हो? म यसलाई कसरी प्रयोग गर्न सक्छु?" बाइबलको व्यक्तिगत प्रयोग खोजेर, तपाईंले सबैभन्दा ठूलो वृद्धि अनुभव गर्नुहुनेछ।

बाइबलले आज्ञाहरू, सल्लाहहरू र प्रतिज्ञाहरू दिन्छ। प्रतिज्ञाहरूले हामीलाई चुनौतीको समयमा ठूलो मद्दत पुर्‍याउँछ। निस्सन्देह, विशेष प्रतिज्ञाहरू विशिष्ट व्यक्ति वा समूहलाई विशिष्ट विगत परिस्थितिहरूमा दिइएका थिए-तर अक्सर, यी प्रतिज्ञाहरू पनि स्थायी सिद्धान्तहरू हुन् जुन आजका मानिसहरूमा लागू हुन्छ।

डिरोथी हेमिल्टनले उल्लेख गरेका प्रतिज्ञाहरू हामीलाई विशेषरूपमा मद्दत गर्नसक्छ। यहाँ केही प्रतिज्ञाहरू राखिएका छन्, जसलाई तपाईं प्रयोग गर्नसक्नुहुन्छ:

- यसैले नडरा, किनकि म तँसित छु। निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु" (यशैया ४१:१०)।
- "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८)
- "अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्गै देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्णरूपले चिनिएको छु" (१कोरिन्थी १३:१२)।
- "पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरू जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरूका प्रार्थनामा बाधा नपरोस्" (१ पत्रुस ३:७)।
- "तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन"छ" (१पत्रुस ५:७)
- "तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (२ कोरिन्थी १२:९)।

म्यादको दबाब मलाई थियो। फुलर सेमिनरीमा मेरो सेवकाईको डाक्टरी डिग्रीको लागि यो मेरो अन्तिम परियोजना थियो। मैले बाह्र-पाठको शिष्यत्व अध्ययन लेखिरहेको थिएँ, र यो दिसम्बरको अन्त्यमा लेखिसक्नुपर्ने थियो।

ममाथि दबाव  केवल यो परियोजनाबाट मात्र थिएन। म धेरै बोल्ने जिम्मेवारीहरूमा संलग्न हुनुको साथै सुसमाचारको प्रोफेसरको रूपमा र आउटरिच पास्टरको रूपमा सेवा गरिरहेको थिएँ। मैले धेरै तनाव महसुस गरें। मैले मेरो टाउको मेरो डेस्कमा राखें र मलाई मेरो दिमागले काम गर्न छोडेजस्तो लाग्यो। मैले भर्खरै शिष्यत्व अध्ययनको लागि एउटा प्रश्न लेखेको थिएँ: "ख्रीष्टको खातिर कठिनाईलाई पार गर्नको लागि बाइबलीय शक्तिको अपेक्षा के हो?" प्रश्नको साथमा मैले फिलिप्पी ४:१३ को सन्दर्भ समावेश गरेको छु: "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु"। मलाई लाग्छ मेरो टाउको अझै डेस्कमा नै थियो जब मैले पवित्र आत्माको

आवाज सुने "तिमीले आफ्नो परियोजना त्यहाँ किन राख्दैनौ?"

मैले "परियोजना" शब्दको साथ पद फेरि पढें: "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म यो परियोजना गर्न सक्छु" । मैले त्यसो गर्दा, मभित्र बल आयो- मलाई थाहा थियो कि म यो गर्न सक्छु। आत्माले फेरि बोल्नुभयो, "यो समयमै पूरा हुनेछ, र यो प्रकाशित हुनेछ।" यो परियोजना फुलरमा चाँडै आइपुग्यो, र यो *लिभिङ इन द पावर अफ द स्पिरिटको* रूपमा प्रकाशित भयो। मलाई थाहा थियो कि परमेश्वरको प्रतिज्ञाले मेरो जीवनमा काम गरेको छ - म आशा गर्छु कि तपाईंको लागि पनि त्यस्तै हुनेछ।

•••••••••••••••••

# जब हामी बुझ्दैनौं

*****

*उहाँले तिनीहरूलाई भन्नुभयो, "तपाईंहरूले मलाई किन खोज्नुभएको? के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाह थिएन?" तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। तब उहाँ तिनीहरूसँग नासरतमा जानुभयो, र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो। उहाँकी आमाले यी सबै कुरा आफ्ना मनमा राखिन् अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।* लूका २:४९-५२

संसारको इतिहासमा सबैभन्दा ईश्वरीय महिला मध्ये एक मरियम, येशूकी आमा थिइन्। लुका १:२८ ले यसो भन्छ, "स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपा पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग हुनुहुन्छ।"

मरियमको विचलित हृदय देखेर, स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छयौ। अब हेर, तिमीले गर्भधारण गर्नेछयौ, र एउटा छोरो जन्माउनेछयौ, र तिमीले त्यसको नाउँ येशू राख्नेछयौ। उहाँ महान हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको संहासन दिनुहुनेछ। उहाँले याकूबको वंशमाथि सदासर्वदा राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।" (पद ३०-३३)। त्यसपछि स्वर्गदूतले अझ भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चको शक्तिले छाया तिमीमाति पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात परमेश्वरका पुत्र कहलाइनुहुनेछ" (पद ३५)।

पछि, जब येशू बाह्र वर्षका हुनुभयो, उहाँ, मरियम र  योसेफ निस्तार चाडको लागि यरूशलेम जानुभयो। विस्तारित परिवारका सदस्यहरू घर जान लाग्दा, येशूका आमाबुबाले येशू तिनीहरूसँग हुनुहुन्न भनेर महसुस गरे। तिनीहरू यरूशलेम फर्के, येशूलाई भेट्टाए, र उहाँका कार्यहरूमाथि प्रश्न गरे। उहाँले जवाफ दिई भन्नुभयो कि उहाँ आफ्नो बुबाको घरमा हुनुपर्छ, तर *तिनीहरूले यो कुरा बुझेनन्।*

यद्यपि परमेश्वरको स्वर्गदूतले मरियमसँग स्पष्ट रूपमा बोलेका थिए, येशूको वृद्धिको यो चरणमा, तिनीहरूले अझै बुझेनन्। हो, यो सम्भव छ कि ईश्वर भक्तहरूले नबुझेका समस्याहरू छन्।

उदाहरणका लागि, २०२० मा मैले सोधिरहेको थिएँ, "किन कोभिड-१९"?  के यो केवल यसकारणले भएको छ कि विश्व इतिहासभरि, समय-समयमा हामीले डरलाग्दो रोगहरूको सामना गर्छौं? के यो अनाज्ञाकारी मानिसहरूमाथि परमेश्वरको न्याय हो? उजाडस्थानमा गनगन गर्ने, अनाज्ञाकारी इस्राएलीहरूले परमप्रभुलाई क्रोधित तुल्याए, "र उहाँले ती मानिसहरूलाई भयङ्कर विपत्तिले प्रहार गर्नुभयो" (गन्ती ११:३३)। के यो केवल  यो कारणले भएको छ कि पापले मानवतामा प्रवेश गरेदेखि नै हामी क्षतिग्रस्त, असन्तुलित संसारमा बाँचिरहेका छौं? तैपनि, हामी यो आशामा बाँचिरहेका छौं कि  "कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनमा मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरको सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ।" यसबाहेक, "सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र भित्र आर्तनाद गर्दछौ" (रोमी ८:२१ र २३)। मलाई थाह छैनँ, म बुझ्दिनँ, तर म प्रार्थना गरिरहेको छु कि परमेश्वरले यी घटनाहरूको दु:खद श्रृंखलालाई मानिसहरूलाई आफू-मुक्तिदाता, क्षमा गर्नुहुने, चंगाइ गर्नुहुने प्रभुतिर खिँच्न प्रयोग गर्नुहुन्छ।

लाखौं मानिसहरू यो रोगबाट अछुत रहन आफै मानिसहरूबाट अलग भएर बसे। सामान्यतया काम, विद्यालय, खेलकुद कार्यक्रमहरू, मनोरञ्जन र किनमेलमा व्यस्त भएका मानिसहरूले प्रायजसो सबै बन्द हुँदा के गर्छन्? दिनदिनै घरमा बस्दा उनीहरुको मनमा के चलिरहेको हुन्छ ? तिनीहरूले के सोचिरहेका छन्? के यो सम्भव छ कि परमेश्वरले तिनीहरूको ध्यान आफूतिर खिँच्नुभएको छ?

• • • • • • • • • • • • • • • • •

# दुई वटा संसारको लागि बाँच्ने

*****

*हामीमा पूर्ण भरोसा छ, बरु शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं। यसैकारण चाहे हामी शरीरमै होऔं, चाहे अलग रहौं, उहाँलाई प्रसन्न तुल्याउनु नै हाम्रो लक्ष्य हुन्छ। किनकि हामी सबै ख्रीष्टका न्याय-आसानको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।*
*२ कोरिन्थी ५:५-१०*

अप्रेल १, २०२० मा, डा. एन्थोनी फौसीले भविष्यवाणी गरे कि लाखौं अमेरिकीहरू कोरोनाभाइरस महामारीमा मर्नेछन्। यसको प्रकाशमा, यहाँ दुई वटा फरक-फरक संसारको लागि बाँचिरहेका छन् भनेर सबैले पक्का गर्नु बुद्धिमानी होइन र? प्रेरित पावलले "शरीरबाट अलग भएर प्रभुसँग रहनु" भनी कुरा गरे। फलस्वरूप, "उहाँलाई खुसी पार्ने हाम्रो लक्ष्य बनाउनुपर्छ।" यो मुद्दा यति ठूलो छ कि हामी सबै ख्रीष्टको न्यायको आसनमा उपस्थित हुनै पर्छ।

येशूले यूहन्ना १७:३ मा अनन्त जीवनलाई परिभाषित गर्नुभयो: "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।" यो साँचो परमेश्वर र येशू ख्रीष्टसँगको वर्तमान, महत्त्वपूर्ण सम्बन्ध हो। तर यसको अन्तिम परिणामले हामीलाई मृत्युपछिको जीवनमा पनि लैजान्छ। येशूले यूहन्ना १०:२७ मा अझ भन्नुहुन्छ: "मेरा भेडाहरूले मेरो सोर सुन्छन् र तिनीहरूलाई म चिन्छु, र तिनीहरूले मेरो पछि आउँछन्" यहाँ, यस क्रियाको "पछयाउनु" को अर्थ "अब मलाई पछयाउँदैछन्" हो। येशू भन्नुहुन्छ, 'तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन" (पद २८)।

वर्तमान जीवन निष्ठा र सेवाको हो। मत्ती २५:३४-३६ले भन्छ, "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछन्, 'आओ, मेरा पिताका धन्यका हो! संसारका उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउँन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।"

यसबाहेक, ख्रीष्टसँगको यो वर्तमान जीवन ठूलो सन्तुष्टिले भरिएको छ। यूहन्ना १०:१०मा, येशू भन्नुहुन्छ, "म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतूले आएँ।" रोमी १४:१७मा पावल भन्छन्, "किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो।"

तर त्यहाँ अर्को जीवन पनि छ। ख्रीष्टले एक धनी मानिसको बारेमा बताउनु भएको छ जसको जमिनमा प्रशस्त उब्जनी भयो। उसले भन्यो, "म यसो गर्नेछु-आफ्ना ढुकुटीहरू भत्काएर झन ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसमान त्यही राख्नेछु। अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्" (लूका १२:१८-१९")। तर उसको दर्शनमा कमजोरी यो थियो कि ऊ यस संसारको लागि मात्र बाँच्यो। परमेश्वर भन्नुहुन्छ, "ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?" (पद २०)।

त्यहाँ अर्को जीवन पनि छ। झ्यालखानबाट पावल लेख्छन्, "किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो। यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ। तर पनि मैले कुनचाहिँ चुन्नुपर्ने हो, त्यो म भन्न सक्दिनँ। म त दोधारमा परेको छु। बरू बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनकि यो धेरै नै असल छ" (फिलिप्पी १:२१-२३)। पावल आफ्नो पार्थिव जीवनबाट यति सन्तुष्ट छन् कि उनी भन्छन्, "मैले उत्तम लडाइँ लडेको छु। मैले दौड सिध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताको न्यायधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुन्छ" (२ तिमोथी ४:७-८)।

हामीसँग अर्को जीवनको ठूलो झलक छ – एउटा चर्को सोरले भन्छ, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसित वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्णरूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु हुनेछैन। किनकि पहिलेका कुरा बितिसकेका छन्" (प्रकाश २१:३-४)।

अब, समझदार बनौं। दुवै संसारको लागि बाँच्न तयार हुनुहोस्।

. . . . . . . . . . . . . . . . .

# हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ

*****

*जसरी हरिणले खोलाका पानीको तृष्णा गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ*

*भजन ४२:१*

झाडीबाट केही आवाज आउनु पहिलो संकेत हो। त्यसपछि तपाईले त्यसलाई देख्नुहुन्छ-खोलाको किनारमा एउटा सुन्दर प्रतिरुप। एउटा हरिण पसिनाले भिजेको छ, तर त्यसको घाँटीले सुक्खा भएको छ। खोलाले त्यसको तिर्खा मेटाउँछ; त्यो नयाँ जीवनसँग ताजा हुन्छ। तर पछि टाडाबाट आउदै गरेका शिकारीहरूले त्यसलाई फेरि दु:ख दिन्छ, र त्यो पानीभित्र पस्छ। खोला त्यसको निम्ति सुरक्षित ठाउँ हो - कुकुरहरूले पानीमा त्यसको सुगन्ध पछयाउन सक्दैन।

हामीलाई पनि ताजापन, जीवन र सुरक्षा चाहिन्छ। धेरै बेरसम्म कराउने शिकारीहरूले हामीलाई खेदे। हामी तृषित बन्यौ! आह! तर यहाँ परमेश्वर हुनुहुन्छ - उहाँले हाम्रो तृष्णा मेटाउनुहुन्छ, हामीलाई नयाँ जीवन दिनुहुन्छ, र उहाँको सुरक्षामा, शिकारीहरूले बाटो गुमाउँछन्। दाज्यु-भाइ दिदी-बहिनी, परमेश्वरको झरनामा तपाई सधैँ पिउन सक्नुहुन्छ। अन्य सबै पानी आपूर्ति प्रदूषित वा अपर्याप्त छन्, तर येशू भन्नुहुन्छ, "तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन" (यूहन्ना ४:१४)।

.................

# यो भइरहेको छ

*****

*तर आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरला भजन गाइरहेका थिए, र अरू कैदीहरूले सो सुनिरहेका थिए। तब एक्कासि एउटा ठूलो भैँचालो गयो, र झ्यालखानका जगहरू हल्लिए। तब बत्ती मागेर उनी हाम फाल्दै आए,... र डरले काम्दै पावल र सिलासका अगाडि घोप्टो परे। तिनीहरूलाई बाहिर ल्याएर उनले भने, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ?" अनि तिनीहरूले भने, प्रभु येशूमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ-तपाई र तपाईंका परिवारले"। प्रेरित १६:२५-२६ख, २९-३०*

फिलिप्पी सहरमा येशूको बारे प्रचार गरेको कारण झ्यालखानमा बस्दा पावल र सिलासले प्रार्थना गर्दै भजन गाइरहेका थिए। तिनीहरूलाई नराम्रोसँग छडी लगाइएको थियो र तिनीहरूको खुट्टामा ठिँगुरो ठोकिएको थियो - तैपनि, तिनीहरूले भजन गाए र प्रार्थना गरे। त्यसपछि, भैँचालोले झ्यालखान हल्लायो।

कैदीहरूको व्यवहार, तिनीहरूको प्रार्थना र भजन, र भैँचालोले झ्यालखानको हाकिमको ध्यान खिँच्यो। परमेश्वरले उनीमाथि ध्यान दिनुभयो! बिहान हुनुअघि, हाकिम र उनका सम्पूर्ण परिवार प्रभुकहाँ आएका थिए। र हाकिमले कैदीहरूको घाउ धोएपछि, उनी र उनको परिवारले बप्तिस्मा लिए। त्यसपछि परिवारले पावल र सिलासलाई बेलुकीको खाना खुवाए।

*मैले यी पृष्ठहरू लेख्नु भन्दा दुई हप्ता अघि, मैले जनवरी १६ को लागि उपासना#१६ लेखे, "जब हामीले बुझ्दैनौं।"* त्यसमा, मैले सोधें, "किन कोभिड-१९?" त्यो उपासना पाठको अन्तिम अनुच्छेदले यसो भनेको छ: *लाखौं मानिसहरू यो रोगमा अछुत रहन आफै मानिसहरूबाट अलग भएर बसे। सामान्यतया काम, विद्यालय, खेलकुद कार्यक्रमहरू, मनोरञ्जन र किनमेलमा व्यस्त भएका मानिसहरूले प्रायजसो सबै बन्द हुँदा के गर्छन्? दिनदिनै घरमा बस्दा उनीहरूको मनमा के चलिरहेको हुन्छ? तिनीहरूले के सोचिरहेका छन्? के यो सम्भव छ कि परमेश्वरले तिनीहरूको ध्यान खिँचेको हुनसक्छ?*

अप्रेल २०२० मा कन्सास सिटी स्टारको खेलकुद खण्डमा, मैले कन्सास सिटी रोयल्सका लागि प्रसारण गर्ने रेक्स हडलरको बारेमा एउटा कथा पढें। १९७८ मा, हडलरले हाई स्कूलबाट बाहिर यांकीजसँग हस्ताक्षर गरे। उनले १९८४ मा मेजरहरूमा खेल्न थाले, र उनले १९९८ मा सेवानिवृत्त भए। त्यसको लगत्तै, उनले लस एन्जलसका लागि प्रसारण गर्न थाले, र २००९ मा उनी रोयल्स प्रसारण टोलीमा सामेल भए। हडलरको लागि कोरोनाभाइरस महामारी गाह्रो थियो -कोभिड १९ले बेस बल रोकियो, र हामीमध्ये धेरैले जस्तै, हडलरले अतिरिक्त घण्टा घरमा र नराम्रो समाचारको निरन्तर प्रसारणको सामना गरे। तालाबन्दीको समयमा, हडलरले भने कि उनले आफ्नो दिनचर्या कसरी परिवर्तन भयो भनेर वर्णन गर्दै बिहानको समाचार छोड्न सचेत प्रयास गरे:

म यस समयमा परमेश्वरको नजिक पुग्न सक्षम भएको छु र, तपाईलाई थाहा छ, म एक धार्मिक केटा होइन, तर म एक आत्मिक केटा हुँ। र त्यसैले बिहान उठ्दा, म मेरो आँखा खोल्छु र जीवनको लागि परमेश्वरलाई धन्यवाद दिन्छु। । । तपाईलाई थाहा छ हाम्रो फोनमा कस्ता अलर्टहरू छन्? फक्स, सीएनएन (*Fox, CNN*), सबै प्रकाशनहरू तपाईंको फोनमा छ, तपाईं आफ्नो दिन यहाँबाट पुन: सुरु गर्ने प्रतीक्षा गर्दै हुनुहुन्छ। तर मैले परमेश्वरबाट सुरु गर्दैछु। म केही पवित्र-शास्त्र खोज्न जाँदैछु र केही वचन पढ्नेछु र मेरो दिन उहाँसँग सुरु गर्नेछु, संसारसँग होइन।

के यो सम्भव छ कि परमेश्वरले मानिसहरूको ध्यान खिँच्दै हुनुहुन्छ? यो भइरहेको छ!

• • • • • • • • • • • • • • • •

# पावल शेभर -क्यान्सर हुनु अघि र पछि, भाग १

*****

*कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ*

*फिलिप्पी ४:६-७*

२०१४ मा मेरो परिवारलाई के भयो भन्ने कथा सुनाउन मलाई अनुमति दिनुहोस्।

हाम्रो छोरा, पावल, मुन्सी, इन्डियानामा, आफ्नी श्रीमती लोरीसँग बस्छन्। ऊ बाउन्न वर्ष पुगेको छ र छवटा राज्याका इलाकाहरूमा ट्रकहरू चलाएर क्रोगर किराना पसलहरूमा खाना पुऱ्याउँछ। पावल र लोरीको घरमा दुई छोराछोरी छन्, दुई विवाहित छोरीहरू र तीन नाति-नातिना नजिकै बस्छन्। पावल र उनको परिवार आफ्नो स्थानीय मण्डलीमा सक्रिय छन्।

सेप्टेम्बर २०१४ को अन्तमा, पावलले मलाई फोन गरेर उसको घाँटीमा प्वाल परेको छ र उसको स्वर खस्रो भएको छ भनी भन्यो। उसले डाक्टरलाई भेट्न केही महिना कुर्नु पर्ने हो कि भनेर सोचे - उसको नयाँ स्वस्थ्य बीमा जनवरीमा लागू हुनेछ। उसको पहिले पनि क्यान्सरको शल्यक्रिया भएको कारण, मैले उसलाई तुरुन्तै डाक्टरकहाँ जानुपर्छ भनेर भनें।

बायोप्सीले उसको घाँटीमा क्यान्सर पत्ता लगायो। शल्यक्रिया अक्टोबरको अन्त्यको लागि तय गरिएको थियो। डाक्टरले शल्यक्रिया गर्न दस देखि बाह्र घण्टा लाग्न सक्ने कुरो बताए। तिनीहरूले पावलको भ्वाइस बक्स हटाउन आवश्यक पर्नसक्छ र यसको निम्ति  पावल बाह्र देखि चौध दिन अस्पतालमा भर्ना हुनुपर्ने कुरो पनि डाक्टरले बताए।

मेरो छोराको अवस्था कत्तिको गम्भीर छ भन्ने सुनेपछि, म अझ विशेष तरिकामा प्रार्थना गर्न गएँ। मैले दुई मिनेट पनि प्रार्थना गरेको थिइनँ तब सबैभन्दा अद्भुत, सान्त्वानादायी शान्ति ममा वास गऱ्यो – हितकारी अनुभव। प्रभुले मलाई पावल निको हुनेछ, वा उसको भ्वाइस बक्स पनि बचाउनुहुनेछ भनेर बताउनुभएन। सट्टामा, उहाँले यो भन्नुभयो: "म यो सम्पूर्ण परीक्षामा तँसँग हिँड्नेछु।" मैले अर्को राज्यमा भइरहेको जागृतिको सेवामा यो प्रार्थना गर्दा, मेरी श्रीमती, न्यान्सीले घरमा प्रार्थना गरिन्, र उसको हृदयमा पनि शान्ति आयो। यो शान्तिले हामीलाई कहिल्यै छोडेन।

यसैबीच, पावलले अचम्म तरिकाले परमेश्वरको कामको अनुभव गर्न थाल्यो। एक पटक, उसले निर्माण कार्यकर्तालाई भेटेर सोध्यो, "तिमीलाई कस्तो छ?"

कामदारले जवाफ दियो, "अति उत्तम! मसँग येशू हुनुहुन्छ!"

हो, पावलले सोच्यो, *त्यो रहस्य हो।*

उसको एउटा डेलिभरीमा, जब पावलले एक ग्राहकलाई कागजी कार्य दिइरहेको थियो, उनले उसलाई हेरिन् र सोधिन्, "तिमी सन्चै छौ?" उसले हो भन्यो तर स्पष्ट रूपमा उसलाई विश्वस्त पार्न सकेन किनभने उनले उसलाई उही प्रश्न दुई पटक सोध्यो। त्यसपछि ग्राहकले सोधिन्, "के म तिम्रो लागि प्रार्थना गर्न सक्छु?" र उनले उसको लागि लामो, उत्कट प्रार्थना गरिन्। पावल छक्क पऱ्यो।

पावलले आफ्नो पास्टरलाई अक्टोबर १९ को दिन आइतवार बिहानको सेवामा गाउन र गवाही दिन अनुमति मागे। उसले "मेरो आत्मा र मुक्तिदाता बीचमा कोही छैन", "लर्निङ टु लिन" र "येशूले मलाई प्रेम गर्नुहुन्छ" भन्ने गीत गायो। मण्डलीको अगाडि, उसले यसो भनेर गवाही दियो, "म यो चुनौतीको लागि सही व्यक्ति हुँ; म यसलाई राम्ररी सम्हाल्न सक्छु; र म विश्वास गर्छु कि यसले परमेश्वरको महिमा ल्याउनेछ।"

जसै उसले गवाही दियो, पावलसँगै मण्डली पनि रोएको थियो। त्यसपछि उसले वेदीमा घुँडा टेकेर प्रार्थना गऱ्यो, "यदि मेरो हृदयमा कुनै पापहरू छन् भने, मलाई क्षमा गर्नुहोस्।" उसले आफ्नो परिवारको लागि पनि प्रार्थना गऱ्यो। पास्टरले पावलको लागि अभिषेक र प्रार्थना गर्दा, लगभग सम्पूर्ण मण्डली उसलाई समर्थन गर्न भेला भए।

अन्य मण्डलीहरूले पास्टरलाई अभिषेक गर्न र तिनीहरूका लागि प्रार्थना गर्न आग्रह गर्न थाले - जसरी पास्टरले पछि भने, "परमेश्वर सबै ठाउँमा हुनुहुन्थ्यो।" विस्कॉन्सिनबाट आएकी एउटी महिलाले भनिन्, "म गएको मण्डलीहरूमध्ये यो सबैभन्दा अचम्मको

मण्डली हो। यदि तपाईंले मलाई विस्कॉन्सिनमा यस्तो मण्डलीको बारेमा बताउनुभयो भने, म त्यहाँ जानेछु।"

केही दिन पछि, न्यान्सी र म मुन्सीतिर लाग्यौं। त्यो रात, हामीले पावलको भिडियो टेप रेकर्ड गर्‍यौं किनभने हामीले सोचेका थियौं कि यो हामीले अन्तिम पटक उसको वास्तविक आवाज सुन्न सकिरहेका छौं। तर पावलले हामीलाई आफू नडराएको बताए: "म तयार छु," उनले भने। उसले भजन गायो र परमेश्वरको निकटताको आफ्नो गवाही बतायो। त्यसपछि उसले आफ्नी छोरीहरूसँग भजन गाए। यो एक उल्लेखनीय शान्ति पावलको जीवनमा फैलिएको देखिन्थ्यो। ऊ धेरै साहसी थियो।

भोलिपल्ट बिहान ५:३० मा हामी इन्डियानापोलिसको इन्डियाना युनिभर्सिटी अस्पताल पुग्यौं। क्यान्सर सर्जन र प्लास्टिक सर्जनले उनीहरूले के गर्ने भनेर विस्तृत रूपमा वर्णन गरे, र ७:३० मा, पावललाई शल्यक्रियाको निम्ति लगियो। प्रत्येक नब्बे मिनेटमा, एक नर्स हामीलाई अपडेट गर्न बाहिर आए। क्यान्सर शल्यचिकित्सकले हामीलाई दिउँसो ३ बजे रिपोर्ट गरे; प्लास्टिक सर्जनले ८:४०मा खबर सुनाए। सबैले बताए, पल तेह्र घण्टासम्म शल्यक्रियामा थियो।

शल्यचिकित्सकहरूले क्यान्सर भएका मासुलाई उसको चिउँडोदेखि घाँटीको तल्लो भागसम्म हटाए। उनीहरुले उसको भ्वाइस बक्स पनि हटाइदिए। उनीहरुले उसको छातीको मांसपेशी र तन्तुबाट कलमी लिएका थिए। डाक्टरहरूले हामीलाई भने, "हामी उसलाई हिँड्न सक्ने बनाउनेछौ र  र सास फेर्न, निल्न र खान सिकाउनेछौं,  अन्ततः कुरा गर्न सिकाउनेछौं।" डाक्टरले पावलको जस्तो केस कहिल्यै नदेखेको बताए।

•••••••••••••••••

# पावल शेभर-क्यान्सर हुनु अघि र पछि, भाग २

*****

*कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ*

*फिलिप्पी ४:६-७*

भोलिपल्ट, हामीले सघन उपचार कक्षमा पावललाई भेट्यौं। उसलाई ट्यूबहरूले छोपिएको थियो, र उसको घाँटी धेरै सुन्निएको थियो। तर उसको अनुहार जति सुन्दर थियो त्यति नै मुस्काएको थियो । ऊ बोल्न सकेन, तर उसले हामीलाई हात संकेत दियो र ट्याब्लेटमा सन्देशहरू लेख्यो। नर्सले रिपोर्ट गरे कि ऊ नर्सको सहायतामा हिंडिरहेको थियो र तीन घण्टाको लागि कुर्सीमा बसेको पनि थियो- उ राम्रो भइरहेको थियो। हामीले छोड्दा, उनीहरूले उसलाई प्रगतिशील हेरचाह कक्षमा सार्दै थिए।

यसैबीच, लोरीले फेसबुकमा पावलको बारेमा अपडेटहरू पोस्ट गरिरहेकी थिइन्। ती लगभग सबैमा, उनले उल्लेख गरे कि हामीले यो अनुभवमा परमेश्वरको महिमा हुनेछ भन्ने आशा राखेका थियौं। हाई स्कूल र कलेज सहपाठीहरूबाट; आफ्नो मण्डलीको सदस्यहरूले; उसको एथलेटिक साथीहरू, प्राय दुई सयभन्दा बढी मानिसहरूले शुभेच्छा प्रकट गरे । तिनीहरू लगभग सबैले भने, "हामी तपाईंको लागि प्रार्थना गर्दैछौं।"

मैले परमेश्वरको अगाडि पावलको अवस्थालाई उठाउन जारी राख्दा, मैले यो महसुस गरें कि पावलले काम गर्न असमर्थ भएको अवस्थामा परिवारको जीवन परिचालन र चिकित्सा खर्चको लागि कोष सङ्कलन प्रयासको नेतृत्व गर्न कसैको लागि प्रार्थना गर्नुपर्छ। केही घण्टाभित्र, एक जना मित्रले मलाई सम्पर्क गरे र भने कि उनी हाम्रोलागि पैसा संकलन गर्न चाहन्छन्। पावलको मण्डलीले कोष स्थापना गर्‍यो र उसलाई बस्नका निम्ति आरामदायी कुर्सी र कुराकानी सन्चार गर्न सहायता हेतू मिनी आइपेड किनिदिए।

हाम्रो छोरी राहेल आफ्नो कार्यस्थलमा सिँढीमा थिइन् जब उनले आफ्नो आत्मामा निम्न शब्दहरू सुनिन्: "मेरो परमेश्वरले तपाईंको सबै आवश्यकताहरू पूरा गर्नुहुनेछ।" दस मिनेटपछि, उनले एक फोन कल प्राप्त गरिन् जसमा उनलाई पावलको मण्डलीको कोषमा अप्रत्याशित, उदार उपहारको बारेमा जानकारी दिइयो। जब मण्डलीले उनीहरूलाई जम्मा गरेको पैसा दियो, पावल र लोरी रोए।

पावल अस्पतालमा आठ दिन बसेपछि घर आयो- डाक्टरले भनेका चौध दिन भन्दा कम समयमा। दिसम्बरको पहिलो हप्तामा, ऊ आफ्नो नयाँ, गहिरो आवाजमा बोल्यो, र पूर्णकालिन काममा पुन: फर्कन सक्षम बन्यो।

म छक्क परेको छु कि परमेश्वरले यो सबै कसरी प्रयोग गर्नुहुन्छ। मलाई सम्झना छ कि जोनी इरेक्सन टाडा स्वास्थ्य रहँदा कहिल्यै चिनिएनन्, तर उनको पक्षाघात र असक्षमतापछि, उनले परमेश्वरको पर्याप्त अनुग्रह देखाउँदै विश्वव्यापी सेवकाई सुरु गरिन्। के पावलको लागि पनि त्यस्तै हुन सक्छ? ऊ अहिले परमेश्वरको धेरै नजिक जिइरहेको छ, जो मैले कहिले देखेको थिइनँ, र सबै कुराभएर जाँदा पनि, *शान्ति*ले कहिल्यै छोडेन।

.................

# प्रार्थनाका लागि ढाँचाहरू

*****

*तर उहाँको चर्चा अझ बढी जताततै फिँजियो, र ठूला भीडहरू उहाँको कुरा सुन्न र आफ्ना-आफ्ना रोगहरूबाट निको हुन जम्मा हुन्थे। तर येशूचाहिँ निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो।*

*लूका ५:१५-१६*

यद्यपि उहाँ परमेश्वर भएर पनि शरीरमा हुनुहुन्थ्यो, येशू ख्रीष्टले अझै पनि उहाँको स्वर्गमा हुनुहुने पितालाई निरन्तर प्रार्थना गर्नु अत्यन्त महत्त्वपूर्ण महसुस गर्नुभयो। तपाईंले आफ्नो प्रार्थना जीवनको विकास गर्दा, येशूको प्रार्थनाको नमुनाबाट प्रोत्साहन लिनुहोस्।
लूका ११:१ ले भन्छ, "उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एकजनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैं हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" "कुनै एक ठाउँ" भन्ने वाक्यांशलाई ध्यान दिनुहोस्- यसको अर्थ हुनसक्छ कि येशूको कुनै एउटा विशेष प्रार्थना गर्ने ठाउँ थियो, जहाँ उहाँ निरन्तर प्रार्थना गर्न जानुहुन्थ्यो। हामी जान्दछौ जब उहाँ यरूशलेममा हुनुहुन्थ्यो, "येशू सदाझैं जैतून डाँडामा जानुभयो" (लूका २२:३९), अनि पद ४१ मा, उहाँले "घुँडा टेकी प्रार्थना गर्नुभयो"।

तपाईंले प्रार्थना गर्नको लागि नियमित ठाउँ खोज्नु राम्रो हुनेछ। मसँग एउटा मनपर्ने कुर्सी छ जहाँ म एक कप कफी लिएर बस्छु, बाइबल पढ्छु, त्यसपछि मैले पढेको मुख्य पद, प्रशंसा र निवेदनहरू सहित एउटा नोटबुकमा मुख्य विचारहरू लेख्छु। त्यसपछि, म विशेष प्रार्थना गर्न मेरो घरको भूइतल्लामा रहेको शान्त कार्यालयमा जान्छु।

लूका ३:२१-२२ अनुसार, "जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।"

यहाँ येशू आफ्नो वयस्क जीवनको सुरुवातमा, र आफ्नो सेवाको सुरुवातमा हुनुहुन्छ। उहाँले के गर्नुहुन्छ? उसले निको पार्नुहुन्न। उहाँले प्रचार गर्नुहुन्न। तर उहाँले प्रार्थना गर्नुहुन्छ। यो कुराले मलाई भन्यो: हामीले हाम्रा दिनहरू प्रार्थनाबाट सुरु गर्नुपर्छ। मेरो प्रारम्भिक इसाई जीवनमा, मैले महसुस गरें, म मानिसहरू अथावा दिनभरिका समस्याहरूको अघि, पहिले परमेश्वरकहाँ जानुपर्छ। म बिहान सबेरै उठेर मेरो दिनको मुख्य भाग उहाँसँग बिताउने गर्थे। यदि कुनै कारणले तपाईं आफ्नो बिहान परमेशवरसँग बिताउन सक्नुहुन्न भने, उहाँलाई तपाईंको दिन भरिको समयबाट सबैभन्दा राम्रो भाग दिनुहोस् - उहाँलाई उब्रेका भाग नदिनुहोस्।

तपाईंले लूका ५:१५-१६ पढ्दा, येशूले भीडहरूसँग, प्रचार र निको पार्ने काममा ठूलो सफलता पाइरहेको कुरा याद गर्नुहोस्। तर येशू नियमित रूपमा परमेश्वरको गुप्त योजना खोज्न र प्रार्थना गर्न यी सबैबाट पछि हट्नुभयो। यसले हामीलाई बताउँछ कि प्रार्थना अरूभन्दा महत्त्वपूर्ण थियो। प्रार्थना उहाँको प्राथमिकता थियो, र यो गर्न उहाँले आफैलाई अनुशासित गर्नुभयो। त्यस्तै गरी, हामी सबैले *प्रार्थना गर्न समय निकाल्ने निर्णय* गर्नुपर्छ।

लूका ९:१८ ले भन्छ, "एक पल्ट येशू एक्लै प्रार्थना गरिरहनुभएको थियो, चेलाहरू उहाँसँग थिए, र उहाँले तिनीहरूलाई सोध्नुभयो, "मानिसहरूले मलाई को हो भन्छन्?" यहाँ यो कुरालाई ध्यान दिनुहोस्: येशू दुवै ठाउँमा "एकान्तमा" र उहाँका चेलाहरू "उहाँसँग" हुँदा पनि प्रार्थनामा हुनुहुन्थ्यो। यसलाई व्याख्या गर्ने थुप्रै तरिकाहरू छन्, तर सबैभन्दा ठूलो पाठ यो हो कि चेलाहरूले येशूको प्रार्थना सुनेर प्रार्थना गर्न सिकेका थिए—उहाँले उदाहरणद्वारा तालिम दिनुभएको थियो। तपाईं प्रार्थना गर्न कोसँग भेट्नुहुन्छ, जसको उदाहरणबाट तपाईं सिक्नुहुन्छ?

लूका ६:१२-१३ ले भन्छ, "ती दिनमा उहाँ पहाडतिर प्रार्थना गर्न जानुभयो, र परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनुभयो। बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनीहरूलाई प्रेरित भन्ने नाउँ दिनुभयो"। त्यो रातभरि येशूले परमेश्वरसँग के सोधिरहनुभएको थियो भनी तपाईंलाई लाग्छ? म विश्वास गर्छु पक्कै पनि उहाँले यसरी प्रार्थना गर्नुभयो, "हे परमेश्वर, धेरै चेलाहरूमध्ये, मैले मेरो बाह्र प्रेरितहरू हुन कसलाई रोज्नुपर्छ?" अर्को शब्दमा, येशूले जीवनमा

उहाँको महत्त्वपूर्ण छनौटहरूको लागि प्रार्थना गर्नुभयो र परमेश्वरको नेतृत्व खोज्नुभयो - र हामीले पनि त्यसै गर्नुपर्छ।

के तपाईंले येशूको प्रार्थनाको ढाँचालाई आफ्नो मार्गनिर्देशक बनाउनुभएको छ? यसलाई एक समयमा एउटा कदम लिनुहोस्। यो सानो रूपमा सुरु गर्न ठीक हुन्छ - हुनसक्छ हरेक बिहान दस मिनेट। जब तपाईं प्रार्थनामा बढ्दै जानुहुन्छ, तपाईंले उहाँको मार्गदर्शनको लागि सोध्नुभयो भने परमेश्वरले तपाईंसँग बोल्दै हुनुहुन्छ भन्ने महसुस गर्न थाल्नुहुनेछ।

कस्तो अपूर्व अनुभव! ध्यान दिनुहोस् कि जब येशूले लूका ३:२१ मा प्रार्थना गर्नुभयो, "स्वर्ग उघ्रियो।" यदि तपाईं उघ्रिएको स्वर्गमा बस्न चाहनुहुन्छ भने, प्रार्थना गर्न समय निकाल्नुहोस्।

•••••••••••••••••

# मोशा र परमप्रभु – अति नै नजिक

*****

*त्यसपछि मोशा मोआबको मैदानबाट यरीहोको सामुन्ने भएको नबो डाँडाको पिसगाको टाकुरामा उक्ले। पमप्रभुले तिनलाई समस्त देश देखाउनुभयो। तब परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो भावी सन्तानलाई दिनेछु' भनी मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो। मैले तँलाई यो तेरै आँखाले हेर्न दिएँ, तर तँ त्यहाँ जान पाउनेछैनस्।" तब परमप्रभुको वचनअनुसार परमप्रभुका दास मोशा मोआब देशमा मरे। मोआब देशमा बेथ-पोरको सामुन्ने एउटा बेंसीमा उहाँले तिनलाई गाड्नुभयो। मोशाको मृत्युहुँदा तिनी एक सय बीस वर्षका थिए। तिनका आँखा कमजोर भएका थिएनन्, तिनको बल घटेको थिएन। त्यस समयदखि इस्राएलीहरूमा मोशाजस्तो कोही अगमवक्ता खडा भएको छैन, जसलाई परमप्रभुले मुखामुख चिन्नुहुन्थ्यो। तिनैलाई मिश्रमा फारो र उनका सबै अधिकारीहरूकहाँ उनको समस्त देशमा आश्चर्य चिन्ह र अचम्मका कामहरू देखाउनलाई परमप्रभुले पठाउनुभयो। किनकि समस्त इस्राएलीहरूको दृष्टिमा मोशाले गरेका भयानक कामहरू वा तिनको प्रबल शक्ति अरू कसैले कहिल्यै देखाएको छैन।*

*व्यवस्था ३४:१,४-६ख, ७, १०-१२*

तपाईं कसरी नजिक बन्न सक्नुहुन्छ? मोशा र परमेश्वरबीचको व्यक्तिगत सम्बन्ध अत्यन्तै शक्तिशाली र हृदयस्पर्शी छ। पिसगाहको टाकुराबाट, "परमप्रभुले तिनलाई समस्त देश देखाउनुभयो" (पद १)। *परमप्रभुले तिनलाई देखाउनुभयो*। मोशाले चालीस वर्षसम्म काम गरेर त्यसतर्फ डोऱ्याएका थिए। अब तिनको आँखा अगाडि सपना साकार भयो ।

व्यवस्थाले भन्छ, "तब परमप्रभुले तिनलाई भन्नुभयो, 'मैले शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो।" ओह, धेरै पल्ट उहाँ मोशासित बोल्नुभयो। तब, परमप्रभुले अझ भन्नुहुन्छ, *"मैले तँलाई यो तेरै आँखाले हेर्न दिएँ...तर तँ त्यहाँ जान पाउनेछैनस्।"*

कादेशमा आइपुग्दा मोशाले पानीको अभावलाई सामना गर्नुऱ्यो। जब उजाडस्थानमा मोशाका लाखौं मानिसहरूका लागि पानी थिएन, परमप्रभुले मोशालाई चट्टानलाई हुकुम गर र चट्टानबाट पानी निस्कनेछ भनी भन्नुभयो। । मोशाले मानिसहरूलाई जम्मा गरे, तिनीहरूलाई हप्काए र भने, "के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔं?" (गन्ती २०:१०)। तिनले दुई पल्ट आफ्नो लाहुरोले चट्टान हिर्काए र त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो।

तुरुन्तै परमप्रभुले मोशा र हारूनले परमप्रभुलाई इस्राएलीहरूको सामु पवित्र तुल्याउनलाई विश्वास नगरेका हुनाले परमप्रभुले तिनीहरूलाई दिने देशमा यी समुदायलाई पुऱ्याउन अनुमति पाउने छैन भनी भन्नुभयो। यो स्पष्ट छैन कि तिनीहरूको अपराध के थियो - के यो आफ्ना गुनासो गर्ने मानिसहरूमाथि मोशाको रिस थियो? प्रभुको स्पष्ट निर्देशन पछयाउन नसक्नु थियो? वा सायद उसको दाबी कि "हामी तिमीहरूको निम्ति पानी ल्याउँछौं," यसरी प्रभुको चमत्कारको श्रेय लिएको कारण? (गन्ती २०:१-१२ हेर्नुहोस्।)

मोशाले परमप्रभुसँग बिन्ती गरेका थिए कि तिनलाई पारि जान दिएर यर्दन पारिको त्यो असल भूमि, त्यो सुन्दर पहाडी देश र लेबनान हेर्नको लागि अनुमति दिनुहोस्, यद्यपि परमप्रभुले पहिले नै तिनले यस भूमिमा प्रवेश गर्न पाउने छैनन् भनी भन्नुभएको थियो (व्यवस्था ३:२५)। प्रतिउत्तरमा परमप्रभुले भन्नुभयो, "भयो, अब यस विषयमा मसँग अरू कुरा नगर्!" (पद २६)। उहाँले मोशालाई भन्नुभयो कि तैंले त्यो देश हेर्न सक्छस् तर तर तैंले "यर्दन पार गर्न पाउनेछैनस्" (पद २७)। परमप्रभुले यी मानिसहरूलाई अगुवाइ गर्न यहोशूलाई आज्ञा दिन र प्रोत्साहन दिएर साहसिलो बनाउने मोशालाई निर्देशन दिनुभयो। मोशा र परमप्रभुको बीचको यो उत्साहजनक कुराकानीले तिनीहरूको घनिष्ट कुराकानीलाई देखाउँदछ-यो पहिलो पल्ट मोशाले बिन्ती गरेका थिएनन्।

मोशाको भविष्यको वर्णन गर्नमा प्रभु एकदमै विशिष्ट हुनुहुन्थ्यो: "तँ उक्लेर जाने त्यस पर्वतमा तँ मर्नेछस् र मरिगएका तेरा आफन्तहरूकहाँ जानेछस्" (व्यवस्था ३२:५०)। हामीलाई हाम्रो मृत्युको परिस्थिति र समय कति पटक भनिन्छ? तर मोशाले यस घोषणामा कुनै सङ्कटको संकेत देखाएनन्। तिनले यहोशूलाई आज्ञा दिन्छन् र तिनलाई र मानिसहरूलाई प्रोत्साहन दिन्छन्:

“बलियो र साहसी होऊ, किनकि परमप्रभुले तिनीहरूका पिता-पुर्खासित दिन्छु भनी शपथ खानुभएको देशमा तिमी नै जानेछौ...परमप्रभु आफै तिम्रो अगि जानुहुनेछ” (व्यवस्था ३१:७ख, ८क)। तिनका यी शब्दहरूले आफैलाई विचारा बनाउदैन तर मिसनको सफलताको लागि चिन्तामात्र देखाउँदछ।

मृत्यु पछि, व्यवस्थाले हामीलाई यो निष्कर्ष दिन्छ: “त्यस समयदखि इस्राएलीहरूमा
*मोशाजस्तो कोही अगमवक्ता* खडा भएको छैन, जसलाई *परमप्रभुले मुखामुख चिन्नुहुन्थ्यो।* तिनैलाई मिश्रमा फारो र उनका सबै अधिकारीहरूकहाँ उनको समस्त देशमा *आश्चर्य चिन्ह र अचम्मका कामहरू* देखाउनलाई *परमप्रभुले पठाउनुभयो।* किनकि समस्त इस्राएलीहरूको दृष्टिमा मोशाले गरेका *भयानक कामहरू* वा तिनको प्रबल शक्ति *अरू कसैले* कहिल्यै देखाएको छैन” (३४:१०-१२)।

मोशाले प्रतिज्ञाको देशलाई देखे तर त्यहाँ प्रवेश गर्न पाएनन्। मोशा, “परमप्रभुका दास” (३४:५); मोशा, “अगमवक्ता” (पद१०); मोशा, “परमेश्वरका मानिस” (३३:१)। मोशालाई यसले प्रतिज्ञा गरिएको भूमिमा पुऱ्याएन, तर जब तिनी नेबो पर्वतमा मरे, तिनललाई प्रभुको उपस्थितिमा, महान प्रतिज्ञामा पदोन्नति गरियो।
परमप्रभुसँग हाम्रो व्यक्तिगत सम्बन्ध कत्तिको नजिक छ?

•••••••••••••••••

# के प्रार्थनाको उत्तर दिइयो?

*****

*कि म यहूदियाका अविश्वासीहरूबाट मुक्त हुन सकूँ, र यरूशलेमको निम्ति मेरो सेवा सन्तहरूलाई ग्रहणयोग्य होस्, र परमेश्वरको इच्छाद्वारा आनन्दसँग तिमीहरूकहाँ आएर तिमीहरूसँगको सङ्गतिद्वारा म फेरि ताजा हुन सकूँ*

*रोमी १५:३१-३२*

के तपाईले कहिल्यै प्रार्थना गर्नुभयो र उत्तर पाउनु भएन? पावलले रोमीहरूलाई तीनवटा कुराहरूका लागि प्रार्थना गर्न आग्रह गरे: (१) कि उनी यहूदियाका अविश्वासीहरूबाट मुक्त हुनसकून्; (२) यरूशलेमका सन्तहरूलाई उनको सेवा स्वीकार्य होस्; (३) कि परमेश्वरको इच्छाले, उनी तिनीहरूकहाँ आनन्दका साथ आउन सकून्।

पावलको प्रार्थनाको पहिलो भागको उत्तर दिइएन-वास्तवमा, यहूदी अविश्वासीहरू उनको पिटाइ, परीक्षण र रोममा सैन्य अनुरक्षणका लागि जिम्मेवार थिए। तर पावलको अनुत्तरित पहिलो प्रार्थना उनको तेस्रो प्रार्थनाको जवाफ दिने माध्यम बन्यो।

गोर्डन वेटमोरले भनेका छन्, "प्रार्थना हामी कसरी बोल्छौं मात्र होइन, तर हामीले कसरी सुन्ने पनि  हो।" अनि पावलले भनेका छन्, "त्यसै गरी पवित्र आत्माले पनि हाम्रा दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२६)। परिक्षाहरूमा, परमेश्वरले पावललाई भन्नुभयो, "साहस गर, पावल, किनकि जसरी तिमीले यरूशलेममा मेरो विषयमा गवाही दियौ, त्यसरी तिमीले रोममा पनि गवाही दिनुपर्छ" (प्रेरित २३:११)।

घरभित्र थुनिएको बेला, उनले सुन्न आएकाहरू धेरैसँग कुरा गरे (२८:२३)। झ्यालखानमा, पावल आफ्ना पहरादारहरूबाट टाढा हुन सकेनन्, तर उनका पहरादारहरू पनि उनीबाट टाढा जान सकेनन्, र अन्ततः, सबै महलका गारदहरूले ख्रीष्टको बारेमा थाहा पाए (फिलिप्पी १:१३)।

परमेश्वरले पावलसँग कुरा गर्नुभयो, र उनको मिशन पूरा भयो। उनको तेस्रो प्रार्थनाको जवाफ दिइयो!

• • • • • • • • • • • • • • • • •

# यो उचित होइन

*****

*औ तीद्वारा तिनीहरूले बुद्धिसित जीवन चलाउन सिक्नेछन्, र इमान्दारी, धार्मिकता र न्यायपरायणता प्राप्त गर्नेछन्*
*हितोपदेश १:३*
*कसरी होचिन र कसरी बढ्न म जानदछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थीतिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु। जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा मै म सब कुरा गर्न सक्छु।*
*फिलिप्पी ४:१२-१३*

"यो उचित भएन!" ऊ चिच्याई। चार वर्षीया बालिकाले आमाबाबुलाई आफ्नो गुनासो पोखिन् जब उनको आठ वर्षीय भाइले उसलाई हेऱ्यो।

एक जोडीले अखबारका स्तम्भकार मिस म्यानर्सलाई उनीहरूले भर्खरै मृत्यु भएका व्यक्तिका थोरै साथीहरूको लागि आयोजना गरेको रात्रिभोजको बारेमा लेखे। रात्रिभोजमा निमन्त्रणा नगरिएका केही व्यक्तिहरू निराश थिए किनभने तिनीहरूले सोचे कि तिनीहरू त्यहाँ हुन योग्य छन्। तिनीहरूले भने, "यो उचित भएन"।

मेरो फोन बिलमा भएको त्रुटि सच्याउन मैले मेरो फोन कम्पनीलाई फोन गरें - जसको विशेषता फोनद्वारा प्रभावकारी सञ्चार गर्नु हो । एक व्यक्ति (सही व्यक्ति होइन) सँग दुई मिनेटको लागि कुरा गरेपछि र 53 मिनेटको लागि पर्खिनु परेपछि, मैले काममा जानको निम्ति यो फोन छोड्नु पऱ्यो: "यो उचित भएन।"

बुद्धिमान् राजा सुलेमानले लेखे कि उनको हितोपदेशको उद्देश्य "विवेकपूर्ण व्यवहारमा निर्देशन दिनु थियो, जे सही र न्यायसंगत र उचित छ" (हितोपदेश १:३)। यो मानवताको लागि ईश्वरको लक्ष्य हो भन्नु उचित हुनेछ। हामी न्यायपरायणता चाहन्छौं; हामी न्यायपरायणताको आशा गर्छौं; तर पापले क्षतिग्रस्त हाम्रो संसारमा, त्यो अक्सर हुँदैन।

येशूले दिनभरि खेतालाहरूलाई ज्यालामा काम लगाउने जमिनको मालिकको दृष्टान्त भन्नुहुन्छ। उसले हरेकलाई दिनभरिको निम्ति तोकिएको एकदिनको ज्याला दिए। दस घण्टा काम गर्ने खेतालाले त्यतिबेला आपत्ति जनाए जब १ घण्टा काम गर्नेहरूले पनि बराबर ज्याला पाए। तिनीहरूले भने: "यो उचित भएन" । यदि काम गरेको घण्टाको मुद्दा थियो भने, तिनीहरू सही हुनेथिए। खेतबारीका मालिकले दश घन्टा काम गर्ने खेतालालाई आफूले सहमति गरेअनुसारको ज्याला तिरेको जवाफ दिए। त्यहाँ कुनै छल थिएन; यो सम्झौतामा आधारित इमानदार कार्य थियो। खेतबारीका मालिकलाई लाग्यो कि यदि ऊ कसैप्रति उदार बन्न चाहन्छ भने त्यो उसको अधिकार हो। दश घण्टा काम गर्ने खेतालाहरू आफ्नो अनुमान र अपेक्षाका कारण विचलित भए पनि मालिकले इमान्दार सहमतिमा काम गरिरहेका थिए। जब हामी सधैं निष्पक्षताको आशा गर्छौं, हामी आफैलाई निराशामा हाल्छौं।

प्रेरित पावलसित यसको उत्तर थियो: "सबै परिस्थीतिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु" (फिलिप्पी ४:१२)। उनी पिटिए, ढुँगाले हानिए, अनि येशू ख्रीष्टको सुसमाचारको खातिर झ्यालखानमा परे, अनि उनकोको आयस्रोत नियमित थिएन। यो पक्कै पनि उचित थिएन! तर उनी सन्तुष्ट थिए । उनले सन्तुष्टताको रहस्य फेला पारेका थिए: "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा मै म सब कुरा गर्न सक्छु" (पद १३)। उनीभित्र बास गर्नुहुने ख्रीष्टले नै उनलाई जीवनका सबै अन्याय र अनुचित कुरालाई सम्हाल्न आन्तरिक शक्ति दिनुभयो- र यो शक्ति हामी सबैको लागि उपलब्ध छ।

.................

# सबै प्रकारको

•••

*अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ"*

*प्रेरित ९:५*

*अनि थिआटीरा सहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटी ईश्वरभक्त स्त्रीले हाम्रा वचन सुनिन्। पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो*

*प्रेरित १६:१४*

पन्ध्र वर्षको उमेरमा, बेकाले आफ्नो लेख *होलिनेस टुडे*मा प्रकाशित गरिन्। उनको लेखको एक अंश यस्तो थियो: "मेरो बुबा मेरो चुनौती हुनुहुन्छ भने मेरी आमा मेरो प्रोत्साहनकर्ता हुनुहुन्छ। उहाँले मलाई संसारको सामना कसरी गर्ने भनेर सिकाउनुभएको छ जबकि उहाँले मलाई त्यसो गर्न तयार पार्नुभएको छ। उहाँले मलाई सपना देख्न, नयाँ कुराहरू प्रयास गर्न र नजानेको कुरामा पनि परमेश्वरमा भरोसा गर्न चुनौती दिनुभएको छ... इसाई आमाबुबाद्वारा आकार पाएको वरदानले जुन प्रभाव पारेको छ त्यो कहिल्यै हराउनेछैन।"
धेरै शक्तिशाली, तपाईं भन्नुहुन्न?

शाऊल, पछि पावल भनेर चिनिने, दमस्कसको बाटोमा उनको अचम्मको रूपान्तरण भएको थियो। उनको वरिपरि स्वर्गबाट ज्योति चम्किएपछि, उनी भुइँमा पछारिए र वास्तवमा येशू ख्रीष्ट उनीसँग बोल्नुभएको उनले सुने, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ।"

पछि, पावलले परमेश्वरको सेवकको रूपमा सेवा गरिसकेपछि, तिनी फिलिप्पी आइपुगे, नदीको एउटा ठाउँमा गए र त्यहाँ लिडियालगायत स्त्रीहरूको समूह भेट्टाए। जसै पावलले तिनीहरूसित बातचित गरे, "पावलले बोलेका कुरा ध्यानसँग सुनून भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो" (१६:१४)। लिडियाको रूपान्तरण मीठो र निर्धारित थियो, तर वास्तविक थियो। तिनले पावल र तिनका साथीहरूलाई आफ्नो घरमा बस्न निम्तो दिइन्, र तिनीहरू सहमत भए। र पछि, पावल र सिलास शिक्षा दिएको र निको पारेको कारण झ्यालखानमा परेपछि, तिनीहरू लिडियाको घर गए। लिडियाको घरमा सबै भेला भएका थिए (सायद घरेलु मण्डली), र त्यहाँ, पावल र सिलासले भेला भएका भाइबहिनीहरूलाई प्रोत्साहन दिए (पद ४०)।

यहाँ बिन्दु छ: ख्रीष्टमा परिवर्तन नाटकीय र शानदार वा मीठो र करमा हुनसक्छ। दुवै समान रूपमा वास्तविक हुनसक्छ।

फिलिप्पीमा पावलको सेवकाईमा, प्रभुले भूत लागेको दासीलाई छुटकारा दिनुभयो। प्रभुले एक धनी व्यापारी महिला, लिडियालाई बचाउनुभयो। फिलिप्पीको झ्यालखानको एक जना अधिकारी डरलाग्दो भैँचालोपछि परिवर्तन भएका थिए। अनि अधिकारीले पावललाई खानाको लागि घर ल्याएपछि, तिनकी पत्नी र तिनका छोराछोरीहरूले प्रभुलाई स्वीकार गरे। यहाँ यस शहरमा तीन वर्गका मानिसहरूलाई बचाइएका छन् — र अधिकारीको मामलामा, हामीसँग वयस्क र बाल-बच्चा दुवैको रूपान्तरण छ।

हामी पारिवारिक प्रतिक्रियाको अर्को ढाँचा पाउँछौं, जब पावलले २तिमोथी १:५ मा जवान पास्टर तिमोथीलाई लेख्छन्: "मलाई तिम्रो निष्कपट विश्वासको सम्झना हुन्छ। त्यो विश्वास, जो पहिले तिमी बज्यै लोइसमा थियो, र तिम्रो आमा युनियसमा, अनि मलाई निश्चय छ, त्यो विश्वास तिमीमा पनि रहेको छ।" तिमोथीले आफ्नो बज्यै र आमाको ईश्वरीय प्रभावको कारण बाल्यकालमा रूपान्तरण गर्ने राम्रो मौका छ। त्यो घर, श्रीमान्/बुवा विश्वासी नभएको घर पनि हुन सक्छ।

तपाईंको रूपान्तरणको अनुभव जस्तोसुकै भए पनि, सबैभन्दा महत्त्वपूर्ण कुरा तपाईंले भन्न सक्नुहुन्छ, "ख्रीष्ट अहिले मेरो हृदय र जीवनमा हुनुहुन्छ, र म उहाँलाई पछ्याउँदैछु।"

आश्वासन र निश्चितताको कुरा गर्ने बाइबलीय सत्यताहरू छन्:

- १ यूहन्ना ५:११-१२- "गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।"
- २ तिमोथी ४:७-८- (पावलको जीवनको अन्तिम गवाही)- "मैले उत्तम लडन्त लडेको छु। मैले दौड सिध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका

न्यायधीस प्रभुले त्यसदिन मलाई दिनेहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।"

- रोमी ८:१६- "त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको छ।"

जब मैले पन्ध्र वर्षीया बेकासँग कुरा गरें, जसले माथि उद्धृत गरेको अचम्मको लेख लेखे, मैले उनलाई उनी कसरी ख्रीष्टमा आइन् भनेर सोधें। उनले भनिन्, 'जब म चार वर्षको थिएँ, मेरी आमाले मलाई एउटा कथा सुनाउनुभएको थियो । मैले उहाँलाई ख्रीष्टलाई स्वीकार गर्नुको अर्थ के हो भनेर प्रश्नहरू सोधें। त्यसपछि मैले येशूलाई मेरो हृदयमा स्वीकार गर्न चाहन्छु भनें। मेरी आमाले हाम्रो ट्रकलाई ग्यास स्टेशनमा लानुभयो र हामीले त्यहाँ प्रार्थना गऱ्यौं। त्यसपछि मैले येशूलाई स्वीकार गरेको महसुस गरें। उमेर बढ्दै जाँदा केही प्रश्नहरू उब्जिए । ती सबैको हेरचाह गरिएको थियो जब मलाई पवित्र बनाइएको थियो, जसले मलाई धेरै बलियो बनायो।"

तसर्थ, सबै प्रकारका मानिसहरूले येशूलाई भेट्टाउँछन्। र तिनीहरूले सबै प्रकारका परिवर्तनको अनुभव गर्छन्। तर परमेश्वरलाई धन्यवाद होस्, प्रत्येकले येशूलाई व्यक्तिगत रूपमा चिन्न सक्छन्।

•••••••••••••••••

# बिग्रेको टायरको मरम्मत

*****

*मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट*

*१ यूहन्ना २:१*

तपाईंको लागि परमेश्वरको योजना, मनसाय, अपेक्षा "तपाईले पाप नगर्नु" हो। तर के हुन्छ यदि शुद्ध पारिएको विश्वासी भएर पनि मैले पाप गर्नुपऱ्यो भने? मैले के गर्नुपर्छ?

इमानदार इसाईको लागि, निराशाको लागि ठूल-ठूला प्रलोभनहरू छन्। तर सन्देश सहज र स्पष्ट छ: त्यहाँ रोकिनुहोस्। अर्को माण्डलिक सेवा वा अर्को बिहान पनि नपर्खनुहोस्। होइन, त्यहीँ, तुरुन्तै ख्रीष्टकहाँ आफ्ना कुराहरू लैजानुहोस्। उहाँ तपाईको पक्षमा तपाईंलाई बचाउन पितासँग कुरा गर्नुहुन्छ। पाप स्वीकार गर्नुहोस्, त्यसबाट फर्कनुहोस्, र परमेश्वरसँगको आफ्नो सम्बन्धको पुनर्स्थापनाको लागि विन्ती गर्नुहोस्। ख्रीष्टको "हाम्रा पापहरूका लागि प्रायश्चितको बलिदान" (१ यूहन्ना २:२) ले तपाईंलाई फेरि शुद्ध पार्नेछ।

कल्पना गर्नुहोस् कि तपाईं कोलम्बसबाट डेटन, ओहायो सम्म गाडी हाँक्दै हुनुहुन्छ। अचानक, तपाईंको गाडीको टायर बिग्रियो। के गर्नुहुन्छ ? तीन सम्भावनाहरू:

१. तपाईं कारबाट बाहिर निस्कन सक्नुहुन्छ, हावा निस्केको टायरलाई हेर्नुहुन्छ, अनि भन्नुहुन्छ, "टायर बिग्रेको छ। अब म अगाडि गुड्न सक्दिनँ। म डेटन पुग्न सक्दिनँ। अब म सधैंको लागि गाडी चलाउन छोडिदिन्छु।"

२. तपाईं भन्न सक्नुहुन्छ, "टायर बिग्रेको छ। जबसम्म म यसको मरमत गर्ने ठाउँसम्म पुग्दिनँ, म यसलाई चलाइरहन्छु।" तपाईंले त्यति टाढा गाडी गुडाएर लैजादा, तपाईंलाई नयाँ टायर चाहिन्छ, सायद नयाँ पाङ्ग्रा चाहिन्छ, र कसलाई थाहा छ कि तपाईंले आफ्नो कारको मुनिको भागमा के-कस्तो क्षति पुऱ्याउनुभएको छ।

३. तपाईंले त्यति नै बेला गाडी रोक्नुहुन्छ जब तपाईंको गाडीको टायर बिग्रन्छ, गाडीलाई उठाउनुहुन्छ, राखिएको टायरलाई निकाल्नुहुन्छ, बिग्रेको टायर बदल्नुहुन्छ, र फेरि केही रोकावटपछि आफ्नो यात्रा सुरु गर्नुहुन्छ।

पापमा फसेकाहरूले इसाई जीवन छोड्ने निर्णय गर्नुहुँदैन। न त हामीले अर्को आइतवार सेवा, वा अर्को दिन नै पर्खनुपर्छ - यदि हामीले त्यसो गर्छौं भने, हामीलाई ठूलो आत्मिक सुधारको आवश्यकता पर्नेछ। बरु, हामीले पापलाई तुरुन्तै प्रभुमा लैजानुपर्छ र क्षमा, शुद्धीकरण र पुनर्स्थापनाको लागि ख्रीष्टमा भरोसा गर्दै पश्चात्ताप गर्नुपर्छ। यस तरिकाले, हामी परमेश्वरसँगको सङ्गतिमा विच्छेद नगरी हाम्रो मार्गमा जारी राख्न सक्छौं। यो १ यूहन्ना १:७ को एउटा सत्यता हो: "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ।" त्यसैले १ यूहन्ना २:१को "यदि" लाई सम्झनुहोस्।

•••••••••••••••••

# उहाँलाई मेरो आवश्यकता थाहा छ

•••

*तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।*
*मत्ती ६:८*

न्यान्सी र मैले दुई जवान इसाईहरू माइरा र क्रिस्टोफरलाई चेला बनाउन नियमित रूपमा भेट्थ्यौं। तिनीहरूको मगनी भइसकेको थियो र विवाहको तयारीमा जुटेका थिए। एक मंगलबार, क्रिस्टोफर अबेरसम्म काम गरिरहेका थिए र माइरा मात्र हामीलाई भेट्न आउन सक्ने भइन्। मैले प्रार्थना गरें कि प्रभुले हाम्रो कुराकानीलाई डोऱ्याउनुहुन्छ। प्रायः हाम्रो भेटघाटहरूमा, मसँग एउटा राम्रो विशेष एजेन्डा थियो, तर त्यो रात मैले त्यो कुरा गरिनँ।

मैले प्रार्थना गरें, "त्यसोभए, प्रभु, हामीले माइरासँग के बातचित गर्नुपर्छ?" म त्यो दिन गन्ती १ अध्यायको मेरो पवित्र-शास्त्र पाठबाट प्रभावित भएको थिएँ, त्यसैले यो साझा गर्न उचित हुन्छ जस्तो लाग्यो। विशेषरूपमा, म गन्ती १ मा परमेश्वरको निर्देशनहरूद्वारा प्रकट भएको अविश्वसनीय सत्यको बारेमा कुरा गर्न चाहन्थें - परमेश्वरले मेरो नाम जान्नुहुन्छ! हाम्रो भेट हुनुअघि न्यान्सीले मलाई मैले पहिले कहिले नदेखेको एउटा किताब पनि दिइन्, जसमा एउटी इसाई महिलाले अन्य महिलाहरूलाई आफ्नो महत्व र मूल्यबारे लेखेकी छिन्।

हामीले "परमेश्वरले मेरो नाउँ जान्नुहुन्छ" भन्ने विचार र आफ्नो महत्व र मूल्यको बारेमा पुस्तक साझा गर्दा, माइराको अनुहार उज्यालो भयो र चम्कन थाल्यो। उनले हामीलाई बताइन् कि उनी आफ्नो मूल्यको भावनासँग संघर्ष गरिरहेकी थिइन्। "मलाई चाहिएको कुरा तपाईले मलाई दिनुभयो", उनले भनिन्।

मैले भने, "माइरा, परमेश्वरले दिनुभयो। उहाँले तपाईंको नाउँ जान्नुहुन्छ। अझ, उहाँले तपाईंको आवश्यकता जान्नुहुन्छ।"

अनि तपाईं, यी वचनहरू पढ्दैगर्दा - उहाँलाई तपाईंको नाउँ थाह छ। उहाँलाई तपाईंको आवश्यकता थाह छ। आजको
पवित्र-शास्त्रले भनेझैं, तिमीहरूले उहाँसग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन
कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।

•••••••••••••••••

# तिनीहरूले बाँडे (साझा गरे)

*****

*आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ। कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ।*

*यूहन्ना १२:२५-२६*

क्रूसको सामना गर्दा, संसारको मुक्तिको लागि आफ्नो जीवन अर्पण गर्न तयार हुँदा, ख्रीष्टले आफ्ना अनुयायीहरूलाई चुनौती दिनुभयो। उहाँले तिनीहरूलाई आफ्नो सम्पूर्ण जीवन ख्रीष्टमा अर्पण गर्न, उहाँलाई पछयाउन, परमेश्वरसँग साझेदारी गर्न बोलाउनुभयो (यूहन्ना १२:२३-२६)।

मैले यसो गर्ने व्यक्तिहरूको बारेमा पढेको छु – कसै-कसैलाई म व्यक्तिगत रूपमा पनि चिन्छु।

मध्यपश्चिमी संयुक्त राज्य अमेरिकाका किसानहरू, बब र बेसी ब्ल्याकले आफूलाई येशूलाई दिए र पपुवा न्यू गिनीमा सरेर परमेश्वरसँग आफूसँग भएका कुराहरू साझा गरे, जहाँ बेसीले शिक्षकको रूपमा काम गरिन् र बबले मिशन स्टेशनको मरमत र रेखदेख गर्ने काम गरे।

एक लेखापाल, किथ फिट्जिसिमिन्सले येशूलाई पछयाउन थाले र मण्डलीको संरक्षकको रूपमा सेवा गर्नका लागि आफ्नो समयको केही पल समर्पण गर्न परमेश्वरको आह्वान महसुस गरे।

बेभ बर्गेसले येशूको बचाउने अनुग्रह र उहाँको निको पार्ने शक्तिको अनुभव गरिन्। पछिबाट, उनले येशूलाई कसरी चिन्ने भनेर अरूलाई बताउन आफ्नो जीवन समर्पण गर्ने निर्णय गरिन्।

रिइस हवेल्स एक वेल्श कोइला खदानमा काम गर्ने व्यक्ति थिए। उनले ख्रीष्टलाई भेटेपछि, उनलाई मध्यस्तताको लागि बोलाइएको महसुस भयो, र उनले हरेक दिन प्रार्थनामा घण्टौं बिताए। अन्ततः उनले बाइबल कलेज अफ वेल्सको अस्तित्वको निम्ति प्रार्थना गरे।

हब्बी, अखबार प्रिन्टर, जसले येशूलाई ६० वर्षको उमेरमा ग्रहण गरे। त्यसपछि उनले मलाकी ३:१०को सत्यतालाई सिके: "सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" खुसीसाथ, हब्बीले दशांश दिन थाल्यो, "येशूले मेरो लागि जे गर्नुभयो त्यसको प्रकाशमा, मैले उहाँको लागि थोरै भएपनि गर्न सक्छु।" हब्बीले परमेश्वरसँग आफूमा भएका कुराहरू साझा गरे।

चार्ल्स कोल्सन, एक अधिवक्ता र राष्ट्रपति रिचर्ड निक्सनका निकटतम सल्लाहकारहरू मध्ये एक, वाटरगेट-सम्बन्धित अपराधहरूको लागि दोषी ठहरिए र झ्यालखानमा परे। आफ्नो कैद हुनुभन्दा केही समयअघि उनले ख्रीष्टलाई स्वीकार गरे। कोल्सनले आफ्नो वाक्यमा विशेष गरी प्रयास गर्ने समयको बारेमा निम्न रिपोर्ट गरे:

त्यो रात मेरो कोठाको शान्त ठाउँमा मैले अठार महिना अघि टम फिलिप्सको ड्राइभवेमा सुरु भएको कुरा पूरा गर्दै पूर्ण आत्मसमर्पण गरें: "प्रभु, यदि यो सबै हो भने यही नै सबै कुरा हो," मैले भने, "त्यसो भए म तपाईंलाई धन्यवाद दिन्छु। तपाईंले मलाई झ्यालखानमा छोडिदिनुभएकोमा, मेरो कानुनी अभ्यास गर्ने इजाजतपत्र खोसेर लैजाने अनुमति दिनु भएकोमा- त्यतिमात्र होइन मेरो छोरालाई पनि गिरफ्तार हुन दिनुभएको लागि म तपाईंको प्रशंसा गर्छु। यी मानिसहरू मार्फत मलाई तपाईंको प्रेम दिनुभएकोमा, तपाईं मेरो परमेश्वर हुनभएकोमा, मलाई येशूसँग हिंड्न दिनुभएकोमा म तपाईंको प्रशंसा गर्दछु।"

ती शब्दहरूसँग सबै भन्दा ठूलो आनन्द आयो – अन्तिम उन्मुक्ति, मेरो भाइ ह्यारोल्डले मलाई भनेझैं यो सबै ईश्वरमा फर्काइयो। र त्यसपछिका समयहरूमा मैले पहिले कहिल्यै थाहा नपाएको बल थाहा गरे। यो वास्तविक पहाडको चुचरोमा उभिएको अनुभव थियो। मेरो माथि र वरपरको संसार आनन्द र प्रेम र सौन्दर्यले भरिएको थियो। पहिलो पटक मैले साँच्चै स्वतन्त्रता महसुस गरें, मेरो जीवनको

भाग्य उनीहरूको सबैभन्दा तल्लो स्तरमा देखिन्थ्यो।

४८ घण्टापछि, न्यायाधीश गेर्हार्ड गेसेलले कोल्सनलाई झ्यालखानबाट रिहा गर्ने घोषणा गरे। कोल्सनले झ्यालखान फेलोशिप संस्थाको स्थापना गरेर आफ्नो समर्पित जीवनलाई परमेश्वरसँग साझा गरे, जसलाई उनले आफ्नो बाँकी जीवनभरि गरिरहे। यो संगठन संयुक्त राज्य अमेरिकामा झ्यालखान सुधारको लागि सबैभन्दा ठूलो बल भएको छ।

यी सबै कथाहरू सम्भव भए किनभने मानिसहरूले आफ्नो जीवन परमेश्वरसँग साझा गरे।

•••••••••••••••••

# प्रभु, तपाईंले यो फेरि गर्नुभयो!

*****

*जसरी परमप्रभु तिमीहरूका परमेश्वरले लाल समुद्रलाई हामीले पार नगरूञ्जेल हाम्रा सामुन्ने सुकाउनुभएको थियो, त्यसरी नै तिमीहरूका सामुन्ने तिमीहरू पार नगरूञ्जेल यर्दन नदीको पानी पनि सुकाउनुभएको थियो। पृथ्वीका सारा मानिसहरूले परमप्रभुका बाहुलीको सामर्थ थाहा पाऊन्, र तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको भय मान भन्ने ध्येयले यो सब भएको हो। यहोशू ४:२३-२४*

"परमेश्वरसँग आफ्नो विशेष क्षणहरूमा भरोसा राख्नुहोस्।" मलाई लाग्छ वी. रेमन्ड एडम्यानले यो भने, तर जसले भने पनि यो बुद्धिमानीपूर्वक भनिएको सत्यता हो। सम्भवतः इज्राएलको लागि सबैभन्दा खास क्षण लाल समुद्रको आश्चर्यजनक विभाजन थियो जसले मिश्रको दासत्वबाट तिनीहरूको भाग्ने बाटो खोल्यो। अब, चालीस वर्षको यात्रा पछि, तिनीहरू भर्खरै आफ्नो प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्दै यर्दन नदी पार गरेका थिए।

तिनीहरुको यात्रा गाह्रो थियो । तिनीहरूका समस्याहरू प्रायः आफैबाट उत्पन्न भएको थियो। तिनीहरूले गनगन, अनाज्ञाकारी र विद्रोह गरेका थिए, र बदलामा, परमेश्वरले तिनीहरूलाई हप्काउनुभयो र न्याय गर्नुभयो। मन्न, बट्टाई र चट्टानबाट पानी जस्ता आश्चरयकर्महरू भएको भए तापनि इस्राएलीहरूको समग्र मनोवृत्ति नकारात्मक र पराजित भएको थियो। तर परमेश्वरले तिनीहरूलाई अगुवाइ गर्न, सशक्तिकरण गर्न र प्रोत्साहन दिन प्रयासरत हुनुहुन्थ्यो। अनि उहाँले फेरि त्यसै गर्नुभयो- उहाँले लाल समुद्रमा गरेजस्तै यर्दन नदी पनि सुकाइदिनुभयो। इज्रायललाई परमेश्वरले यो गर्नुभयो भनेर सम्झाइयो! उहाँले तिनीहरूका लागि लाल समुद्रमा बाटो बनाउनुभएको थियो, र अब उहाँले यर्दनमा बाटो बनाउनु भयो। यहोशूले यसलाई "उदेकका काम" भनेका छन् (३:५)। उहाँले इजरायललाई भन्नुभयो, "जीवित परमेश्वर तिमीहरूका बीचमा हुनुहुन्छ भन्ने तिमीहरूले यसैबाट थाहा पाउनेछौ" (पद १०)।

यदि तपाईंलाई लाग्छ कि नदी पार गर्नुचाहिँ समुद्र पार गर्नु जत्तिकै प्रभावशाली छैन, एक क्षण पर्खनुहोस् - यहाँ परमेश्वरको कामलाई कम गर्नु अघि सुन्नुहोस्। पाठले हामीलाई बताउँछ कि यर्दनमा बाढी आएको थियो (पद १५), र पानी आदमको सहरनेरै थामिएर एउटा रास भएर अडिएको थियो" (पद १६)। यर्दनको बीचमा, पूजाहारीहरू यर्दनको बीचमा "ओबानो जमिनमा" "स्थिर भई खडा रहेका थिए" (पद १७)।

तिनीहरूले सफलतापूर्वक पार गरेपछि, परमेश्वरले फेरि गर्नुभएको काम यहोशूले इस्राएललाई सम्झाए! यहोशू ४:२३-२४मा तीन पल्ट, तिनले यी वाक्यांशहरू गरेका छन्, "परमप्रभु तिमीहरूका परमेश्वर" अति नै व्यक्तिगत, नजिक, घनिष्ट, अति वास्तविक। इज्रायलको साहस बढेको हुनुपर्छ। इज्रायलको लागि, यो परमप्रभुको डर राख्नको निम्ति सम्झना हुनेछ। यो पृथ्वीका मानिसहरूको लागि पनि गवाही हुनेछ।

निस्सन्देह यो आज तपाईं र मेरो लागि सन्देश हो: तपाईं अहिले जे जस्तो सामना गर्दै हुनुहुन्छ, हुनसक्छ यो धेरै अँध्यारो देखिन्छ, तपाईंको जीवनमा पहिले काम गर्नुहुने परमेश्वरले फेरि पनि तपाईंको जीवनमा काम गर्नुहुनेछ। उहाँप्रति स्थिर भई भर पर्नुहोस्। उहाँको आवाज र निर्देशनको लागि खुला हुनुहोस् र पर्खनुहोस्। अब के? यदि तपाईंसँग लाल सागर जस्तो क्षण छ भने, तपाईं भर्खर यर्दन नदीको किनारमा हुन सक्नुहुन्छ। परमेश्वरले उज्यालोमा के भन्नुभएको छ त्यसमा कहिल्यै शंका नगर्नुहोस्।

• • • • • • • • • • • • • • • • •

# नरमाइलो दिन

*****

*एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे। तिनी अम्रिसको एउटा झाडीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, "हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पुरै भोगिसकें। म त मेरा पितापुर्खाहरूभन्दा असल छैनँ।" तब तिनी त्यही झाडीमुनि ढल्के र भुसुक्कै निदाए।*

*१ राजा १९:३क, ४ख-५*

कहिलेकाहीँ, मेरो दिन नरमाइलो हुन्छ। एलियाको पनि त्यस्तै थियो- तिनको दिन अति नै नरमाइलो थियो।

तिनी परमेश्वरका शक्तिशाली मानिस थिए। तिनले दुष्ट राजा आहाबको सामना गरेका थिए र राजाकी पत्नी ईजेबेलले समर्थन गरेका बालका ४५० झूटा अगमवक्ताहरूका बीचमा तिनी प्रतिस्पर्धीको रूपमा खडा भएका थिए। दाउरा तयार थियो; झूटा अगमवक्ताहरूले एउटा साँढे मारे र बाललाई आफ्नो बलिदानमा आगो लगाउन बोलाए। तिनीहरूले बिहानदेखि दिउँसोसम्म बोलाए, तर बालले उत्तर दिएन। यसैबीच, एलियाले परमप्रभुको वेदीलाई पुनर्निर्माण गरे, त्यसमा दाउरा र आफ्नो बलि चढाइएको गोरु राखे र सबैमाथि पानी खन्याए। आगोबाट जवाफ दिने परमेश्वर नै साँचो परमेश्वर हुनुहुनेछ। एलियाले छोटो प्रार्थना गरे, र परमप्रभुको आगो खस्यो। मानिसहरूले बालका अगमवक्ताहरूलाई पक्रेर मारे।

त्यसपछि, एलियाले आहाबलाई गएर खानपान गर्नुहोस् किनभने खडेरीलाई अन्त गर्न अचम्मको ठूलो झरी आइरहेको छ भनी भने। त्यसपछि एलियाचाहिँ कर्मेल डाडामा गए, र प्रार्थना गर्न बसे, आफ्नो सेवकलाई आकाशमा बादल हेर्न सात पटक पठाए। अन्तमा, बादल देखा पर्‍यो- आहाब आफ्नो रथमा चढेर यिजरेलमा गए। झरी पर्यो, र एलिया आहाबको अगि-अगि कुदे। आहाबले ईजेबेललाई के भएको थियो भनेर बताए र उनले एलियालाई मार्ने धम्की दिइन्। यसैकारण एलिया डराए (१ राजा १८:१–१९:३)।

एलियाका शब्दहरूले उनी निराश थिए भनेर देखाउँछन्। निराशा (डिप्रेसन) को कारणले आफ्नै मृत्युको डर शारीरिक थकान; र यति धेरै आध्यात्मिक ऊर्जा खर्च गरेपछि मानसिक र भावनात्मक थकान ल्याएको हुनसक्छ।

तसर्थ, एलियाले के गर्छन्? तिनी ढल्केर भुसुक्कै निदाउँछन्। परमेश्वरको स्वर्गदूत तिनलाई भेट्न आउँछन्, र तिनले केही खानेकुरा खान्छन्। तिनी फेरि ढल्कन्छन्, स्वर्गदूतले तिनलाई फेरि भेट्छन्, र तिनले एक निजी ठाउँमा यात्रा गरेर स्वर्गदूतको निर्देशन पालन गर्छन्। त्यहाँ परमेश्वर र तिनको भेट हुन्छ र उत्तम कुराकानी हुन्छ। त्यहाँ भैँचालो र आगो आउँछ, तर परमेश्वर त्यसमा हुनुहुन्न; बरु, उहाँ मधुरो कानेखुसीमा हुनुहुन्छ। परमेश्वरले एलियालाई एउटा काम दिनुहुन्छ र तिनले आज्ञापालन गर्छन् — तिनको निराशाको क्षण विगत भइसकेको थियो (१ राजा १९:३-२१)।

जब मसँग नरमाइला दिनहरू हुन्छन्, म निम्न अभ्यासहरू कायम राख्छु:

१. म अझै वचन पढ्छु। यसका सबै प्रतिज्ञाहरू अझ पनि सत्य छन्। म यहोशूलाई स्वर्गदूतले दिनुभएको साहसिलो वचनमा साहस लिन्छु: "बलियो र साहसी होओ। यिनीहरूसित नडराओ, र त्रासित नहोओ! किनभने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूसँग जानुहुन्छ। उहाँले तिमीहरूलाई कहिल्यै छोड्नुहुनेछैन न त त्याग्नुहुनेछ" (व्यवस्था ३१:६)।

२. म अझै प्रार्थना गर्छु। म बुझ्छु कि परमेश्वरको आवाज प्रति मेरो ग्रहणशीलता - मेरो आत्मिक सुन्ने क्षमता जुनसुकै कारणले घटेको हुनसक्छ, मैले सुन्न नसक्दा पनि परमेश्वर अझै पनि त्यहाँ हुनुहुन्छ र अझै बोल्दै हुनुहुन्छ।

३. म अझै लेख्ने गर्छु। मेरो लेखाइमा, म मेरो नरमाइला दिनहरूको बारेमा लेख्छु।

४. कुनै पापले परमेश्वरसँगको मेरो सञ्चारमा अवरोध गरिरहेको छ कि छैन भनी हेर्नको लागि मेरो हृदयलाई खोतल्छु।

५. म मेरो हालका गतिविधिहरू जाँच गर्छु। के म राम्रोसँग सुत्न सकेको छु र खाना पाएको छु?

६. म प्रभुको लागि मैले गरेको हालको सेवा जाँच गर्छु। यदि यो धेरै उग्र वा तिब्र भएको छ भने, भावनात्मक वापसी सामान्य हुन सक्छ। आराम धेरै उपयोगी छ।

७. हेजल लीले आफ्नो छोरा ग्यारीलाई इरानमा रहेको अमेरिकी दूतावासको कब्जामा परेको खबर पाएपछि जे गरिन्, म त्यही

गर्छु। उनी भावनात्मक रूपमा बेहोस भइन् । उनले प्रार्थना गरिन्, “हे प्रभु, मैले के गर्नुपर्छ?” परमेश्वरले जवाफ दिएर भन्नुभयो, “केवल अर्को कदम चाल।” त्यसैले हेजलले आफ्नो नियमित कर्तव्यहरू पूरा गरिन् - उनी आइतबार स्कूल गइन्, आफ्नो कक्षामा शिक्षा दिइन् र मण्डली गइन्। म पनि आफ्नो नियमित काममा जानेछु।

मैले यी अभ्यासहरू कायम राख्दा, म अचम्म मान्ने छैन यदि मेरो जीवनको अपठ्यारो मार्गहरूमा म ईश्वरीय हस्तक्षेप प्राप्त गर्छु वा प्रभुबाट कुनै वचन सुन्छु। र जब यो हुन आउँछ, मेरो निम्ति यो एक खुशी दिन हुनेछ।

•••••••••••••••••

# परमेश्वरले समस्यामा मद्दत गर्नुहुन्छ

*****

*परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैँ हाजिर रहने सहायता। यसकारं हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस्, वा पर्वतहरू समुद्रको गर्भमा खसून् चाहे समुद्र गर्जोस् र फींज काढोस्, र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्। सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।*

*भजन ४६:१-३,११*

मेरो लागि, यसको बारेमा कुनै प्रश्न थिएन - एक पटक म इसाई बनेपछि, मैले मेरो कलेजको समूह र पूर्वाग्रह, जाडरक्सी र गोप्यताका समस्याहरूबाट टाढा जानु परेको थियो। तर त्यहाँ मेरो बुवाबाट एउटा आलोचनात्मक पत्र आयो जसले मलाई गहिरो चोट दियो - यो पृथ्वीले "मार्ग दिने" जस्तो देखिन्छ। "पर्वतहरू समुद्रको गर्भमा खसे" झैं मेरी प्रेमिकाले मलाई विक्षिप्त पार्ने चिठी लेखिन् र तिनले हाम्रो सम्बन्ध तोडिन्।" "समुद्र गर्जे" झैं मेरा आफन्तहरूले मलाई दबाव दिए।

तर म आत्मासंयमी बने। यी परिस्थितिहरू छन्; त्यसपछि त्यहाँ प्रभु हुनुहुन्छ, "परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैँ हाजिर रहने सहायता"। चौबीस घण्टाभित्र, तीन अलग-अलग अवसरहरूमा, परमेश्वरले मलाई पहिले कहिले नजानेको पद दिनुभयो: "मेरा बुबा र मेरी आमाले मलाई त्यागे तापनि परमप्रभुले मलाई सम्हाल्नुहुनेछ" (भजन २७:१०) । ६ महिना भित्र मेरी आमाले येशूलाई विश्वास गरिन्। १५ महिना भित्र, मेरो पुराना आफन्तहरूले कसरी विश्वास गर्ने भनेर कुरा गर्न मलाई निम्तो दिए। चार वर्षभित्र, प्रभुले मलाई एउटी दयालु विश्वासी केटीकहाँ डोऱ्याउनुभयो, जो मेरी पत्नी बनिन्। पाँच वर्षभित्र, मेरा बुबाले येशू ख्रीष्टलाई स्वीकार गरे र अहिले उनले स्वर्गमा मेरो प्रतीक्षा गर्दैछन्: "सर्वशक्तिमान् परमप्रभु हामीसँग हुनुहुन्छ।"

.................

# ख्रीष्टको बारेमा कहिल्यै नसुनेको व्यक्तिको बारेमा के हुन्छ?

*****

*यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफैमा पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ।*

*रोमी २:१*

यदि बाइबलले सिकाउँछ कि एक व्यक्ति पिताकहाँ आउन सक्छ र ख्रीष्टद्वारा मात्र मुक्ति पाउन सक्छ (यूहन्ना १४:६), जसले ख्रीष्टको बारेमा कहिल्यै नसुनेको छैन त्यस व्यक्तिको के हुन्छ? यो तिनीहरूप्रति उचित भएजस्तो लाग्दैन। यस प्रश्नको बारेमा पवित्र-शास्त्रले के भन्छ?

१. "उहाँको अदृश्य गुण, अर्थात उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएको थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन" (रोमी १:२०)। सृष्टिले परमेश्वरको सबै शक्ति र गुणको शक्तिशाली साक्षी दिन्छ, र सबै मानवजातिले सृष्टि गरिएको संसारको अनुभव गर्न सक्छ।

२. "यसकरण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ" (२:१)। यो कसरी हुन्छ? पृथक जनजातिमा बस्ने मानिसको कल्पना गर्नुहोस्। उसले ख्रीष्टको बारेमा कहिल्यै सुनेको छैन र धेरै पत्नी विवाह गर्न पाउने संस्कृतिमा बस्छ। यो मानिस अरू पुरुषहरूसँग क्याम्प फायरको वरिपरि भेला हुँदा, उसले तिनीहरूलाई भन्छ, "तिमीहरूले आफ्ना पत्नीहरूलाई पिट्नु ठीक होइन!" अर्को रात, उसको दोस्रो पत्नीले आफ्नो भुटेको मासुमा धेरै नुन हाल्छे, र ऊ रिसाउँछ र उसलाई पिट्छ। ऊ निन्दा र परमेश्वरको न्यायको अधीनमा खडा छ किनभने उसले अरूको लागि तोकेको मापदण्डलाई उल्लङ्घन गरेको छ - उसले आफैलाई दोषी ठहराएको छ। यद्यपि मानिसले ख्रीष्टको बारेमा कहिल्यै सुनेको छैन, त्यहाँ एक उचित स्तर छ जसद्वारा उसको न्याय गरिन्छ।

३. रोमीमा अझ भनिन्छ, "अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ" (२:४)।

४. अनि अझ: "व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्"" (२:१५)। मानिसहरूका विचारहरूले उनीहरूलाई आरोप लगाउन वा बचाव गर्न सक्छ। "यो त्यस दिन हुनेछ जब परमेश्वरले येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ" (२:१६)। यो अझै पनि एक निष्पक्ष मानक हो!

५. यद्यपि, यदि तपाईं निराश हुनुहुन्छ भने, निष्पक्ष मानकको बावजुद, "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (३:२३), के त्यहाँ कुनै तरिका छ जसद्वारा कसैगरेर पनि पापको ठाउँमा धार्मिकता प्राप्त गर्न सकिन्छ? "येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ" (रोमी ३:२२)

६. मैले चिनेका सबैलाई ख्रीष्टको सन्देश दिनु, र संसारभरि सन्देश पठाउनको लागि मेरो भूमिका निर्वाह गर्नु कुनै अचम्मको कुरा होइन।

• • • • • • • • • • • • • • • • •

# मार्ग तय गर्नु

*****

*उहाँलाई सोध्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?*
*मर्कूस १०:१७*

तीन हजार पाँच सय माइलको दश रुकावटहरू एक रातदेखि एक हप्तासम्म चल्ने, सबै कारबाट - त्यो आजको मेरो परियोजना थियो। प्रत्येक दिनको अन्त्यको लागि मोटेल पत्ता लगाउने र र आरक्षित गर्ने लगायत सावधानीपूर्वक योजना बनाउनुपरेको थियो। यसमा एक भतिजालाई भेट्ने, लामो समयदेखिको साथीसँग धेरै दिन बिताउने, एक हप्ताको जागृति सेवा संचालन गर्ने, र एक हप्ताको बिदा पनि समावेश थियो। सँधैझैं निश्चित गन्तव्यहरू पत्ता लगाउन र सुरक्षित रूपमा पुग्ने लक्ष्यको साथ मैले मार्गको योजना बनाएको थिएँ।

योजना गरिएका मार्गहरू र लक्ष्यहरू प्राप्त गर्नु जीवनमा सामान्य ढाँचाहरू हुन्। तपाईंले निश्चित काम वा पेशाको लक्ष्य हासिल गर्न कलेज वा प्राविधिक विद्यालय रोज्न सक्नुहुन्छ। तपाईंले आफ्नो सेवानिवृत्तिको लागि बचत गर्नको लागि आफ्नो केही साप्ताहिक आम्दानीलाई कर-आश्रय वार्षिकीमा राख्न सक्नुहुन्छ। तपाईंले पछाडि छोड्नुभएका प्रियजनहरूको लागि जीवन बीमा किन्न सक्नुहुन्छ।

एकजना मानिस दौडेर येशूकहाँ आयो र सोध्यो, "अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" यस मानिसको मनमा, "मैले गर्नै पर्छ" भन्ने मार्ग थियो, र "अनन्त जीवन" लक्ष्य थियो। येशूले त्यसलाई दश आज्ञा पालन गर्नुपर्छ भन्नुभयो; मानिसले भने कि उसले ती सबै पालन गरेको छ। येशूले आफ्नो अद्भुत शक्तिद्वारा मानिसको हृदयमा हेर्नुभयो र मुख्य मुद्दा पत्ता लगाउनुभयो, त्यो एउटा क्षेत्र जसमा मानिसको अभाव थियो। उहाँले उसलाई आफ्नो भौतिक स्रोतहरू बिक्री गर्न र गरिबहरूलाई दिन भन्नुभन्यो - त्यसपछि उसले स्वर्गमा सम्पत्ति पाउनेछ। थप रूपमा, उहाँले त्यस मानिसलाई भन्नुभयो, "आएर, मेरो पछि लाग" (मार्क १०:२१)।

पवित्र-शास्त्रका अन्य खण्डहरूले अनन्त जीवनको यो लक्ष्यको हाम्रो समझलाई खलस्त पार्दछ:

- यूहन्ना १७:३मा येशू भन्नुहुन्छ -"अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिंनून।"
- यूहन्ना ३:१६- "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"
- रोमी ६:२३ मा पावल भन्छन्, "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।"
- १ यूहन्ना ५:११-१२मा फेरि यूहन्ना भन्छन्, "गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनहुन्न, त्यससँग जीवन हुँदैन।"

हामी सबै सावधानीपूर्वक यो जीवनमा सीमित लक्ष्य तर्फ मार्गहरूका योजना बनाउँछौं। हामीमध्ये कति जनाले अनन्त जीवनतर्फ डोऱ्याउने मार्गको योजना बनाएका छौं ? त्यो लक्ष्य जसले यो जीवन र त्यो जीवन दुवैलाई आकार दिनेछ।

•••••••••••••••••

# परमेश्वरले पहिले हामीलाई प्रेम गर्नुभयो

*****

*प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध हुँदैन। १ यूहन्ना ४:१८*

"उसले पहिले माफी माग्नुपर्छ। म माफ गर्न र बिर्सन तयार छु। तर उसले मसँग कुरा गरिसकेपछि, मलाई लाग्छ कि उसले मसँग माफी मागेको छ।" कसैले यस्तो बोलेको सुन्नुभएको छ?

मलाई थाहा छैन, याकूबको इनारमा सामरी स्त्रीलाई के हुन्थ्यो यदि येशूले उनीप्रति यस्तो मनोवृत्ति राख्नुभएको भए। यसमा कुनै शङ्का छैन कि महिलाले परमेश्वरलाई माफी मागेकी थिइन् - त्यो भन्दा पनि, उनले पश्चात्ताप गर्नु आवश्यक थियो। तर मुक्तिदाता पहिलो पटक उनीकहाँ नजाउन्जेल उनी पश्चात्ताप गर्ने विचारमा थिइनन्। त्यो प्रेमको चिन्ह हो - यसले मद्दत चाहिनेलाई खोज्दछ।

तर प्रेम पूर्ण हुन सक्नु अघि, त्यहाँ प्राप्त गर्ने र साटासाट गर्ने कोही हुनुपर्छ। प्रेम एक मात्र स्तर हो जसमा मानिसहरू र परमेश्वर पूर्ण रूपमा कुराकानी गर्न सक्छन्। किनभने हामी मानव हौं, हामी हाम्रा विविध क्षमताहरूद्वारा सीमित छौं। यद्यपि, हाम्रो उद्देश्य र अभिप्राय, यदि दृढतापूर्वक परमेश्वरको प्रेमले उत्प्रेरित छ भने, पूर्णतामा आशिष् पाउन सकिन्छ। यो सम्भव छ "किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो" (पद १९)।

• • • • • • • • • • • • • • • • •

# अरूलाई वर्णन गर्दै

*****

*येशूले...भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ"। मर्कूस ५:१९*

जब चिहानमा बस्ने जंगली मानिसले येशूलाई आमनेसामने भेटे, येशूले त्यसलाई भूत लागेको कुरा थाहा पाउनु भयो। जब येशूले त्यसलाई भूतहरूबाट मुक्त गर्नुभयो, त्यो मानिस परिवर्तन भयो - चाँडै, ऊ "ठीक मनको भएर लुगा लगाई बसिरहेको थियो" (मर्कूस ५:१५)। येशूले उसको लागि गर्नुभएको कामको उसले यति कदर गऱ्यो कि जब येशू सहरमा प्रचार गर्न र निको पार्न जानलाग्नुहुँदा उसले येशूलाई उहाँसँग रहनसक्छ कि भनेर सोध्यो । येशूले इन्कार गर्नुभयो र त्यस व्यक्तिलाई एउटा कार्य दिनुभयो। उसलाई येशूले दिनुभएको निर्देशनलाई वाक्यांशमा बाडौं:

- "तिमी आफ्नो घरमा जाओ"- ती मानिसहरूकहाँ जानुहोस् जसलाई तपाईं पहिलेबाट चिन्नुहुन्छ, जसलाई तपाईं बुझ्नुहुन्छ, अनि जसले तपाईंलाई र तपाईंका विगतलाई जान्दछन्।
- "प्रभुले गर्नुभएको काम र दया वर्णन गरिदेऊ"- ख्रीष्टको लागि तपाईंले के गर्नुभयो होइन तर येशू ख्रीष्टले तपाईंको जीवनमा गर्नुभएको सबै काम बारेमा बताउनुहोस्।
- "तिम्रो लागि"- यो तपाईंको व्यक्तिगत कहानी हो, अरुहरूको बारेमा अथवा अरूले गरेको अनुभव होइन।

क्याम्पसमा मदिरा सेवन गरेको र स्कूल छोडेको डेढ वर्ष पछि, मेरो साथी पिटर चैपल सेवामा देखा पऱ्यो। जब हामी त्यहाँ एक अर्कामा दौडियौं, उसले मलाई एक वाक्यको गवाही दियो: "चिक, म पहिले भन्दा फरक छु किनभने मैले प्रभु भेट्टाएँ।" पिटरका शब्दहरूले अर्को पूर्ण गवाहीको ढोका खोलिदियो: पिटरको कथा सुनेको चौबीस घण्टाभित्र, मैले ख्रीष्टलाई ग्रहण गरें।

मेरो साथी जोलेनले ख्रीष्टलाई ग्रहण गरेकी अनुभव यसरी व्यक्त गरिन्: "मेरो जीवन पहेलीका टुक्राहरू जस्तै थियो, तर परमेश्वर मेरो जीवनको पहेली बुझाउने हुनुहुन्थ्यो।"

रेथियन कर्पोरेशनका अध्यक्ष टम फिलिप्सले व्हाइट हाउसका पूर्व सल्लाहकार चार्ल्स कोल्सनलाई गवाही दिए:

मेरो लागि कुनै कुरा महत्वपूर्ण छ जस्तो लागेन। सबै सतहमा थियो। जीवनमा भएका सबै भौतिक कुराहरूको कुनै अर्थ हुँदैन यदि कुनै मानिसले तिनीहरूले मुन्तिर के छ भनी पत्तो लगाएन भने...

एक रात म न्यूयोर्कमा व्यवसायको निम्ति थिएँ र बिली ग्राहमले म्याडिसन स्क्वायर गार्डनमा क्रुसेड गरिरहेको थाहा पाएँ... मलाई लाग्छ - सायद मैले केहि जवाफहरू फेला पार्न सक्छु कि भन्ने जिज्ञासा लिएर म त्यहाँ गएँ। त्यो रात ग्राहमले जे भने त्यो सबै मेरो लागि भयो। मैले जीवनमा छुट्याएका कुराहरू देखें, येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्ध, मैले उहाँलाई मेरो जीवनमा कहिल्यै सोधेको थिइनँ, मेरो जीवन उहाँलाई सुम्पेको थिइनँ। यसर्थ त्यस रात, त्यस क्रूसेडमा मैले मेरो जीवन परमेश्वरलाई समर्पण गरें।

...मैले ख्रीष्टलाई आफ्नो जीवनमा निम्त्याएँ अनि उहाँको उपस्थीति मसित भएको महसुस गरें। उहाँको शान्ति मभित्र थाहा गरें। उहाँको आत्मा मभित्र महसुस गरें। त्यसपछि म एकलै न्यू योर्कको बाटोमा हिड्न थालें। योभन्दा अघि न्यू योर्क मलाई कहिले मन परेन, तर त्यो रात साह्रै सुन्दर लाग्यो। म एउटा ठाउँदेखि अर्को ठाउँ हुँदै गएँ। सबै कुरा मेरो निम्ति भिन्न थियो। अलि-अलि पानी पर्न सुरु भयो अनि सहरका बत्तीहरूले सुनौलो चमक दिइरहेको थियो। केही कुरा मभित्र भएको थियो अनि त्यो मलाई थाहा थियो।

याद गर्नुहोस्, फिलिपले ख्रीष्टमा आउनुभन्दा पहिलेको जीवन र ख्रीष्टमा आएपछिको आफ्नो जीवन बीचको वर्णनलाई जोड दिएका छन्।

एक बुधवार राती, मैले मेरो विश्वास र अनन्त जीवनको बाटो स्कूलका उपाध्यक्ष, लाइललाई बताएँ। लाइलले मलाई भने कि उनी एक होसियार र विचारशील व्यक्ति थिए र त्यो रात ख्रीष्टलाई स्वीकार गर्न सकेनन् किनकि तिनलाई यसको बारेमा विचार गर्नुथियो। शुक्रबार, उनी आफूले निर्माण गरिरहेको नयाँ किचन क्याबिनेटका लागि कब्जाहरू किन्न हार्डवेयर पसलमा गए। जब

उसले कब्जाहरू राखिएको ठाउँमा हेरे, उनले एउटा आवाज सुने, "तिमीले खिया लाग्ने चीज किन्दैछौ। म केही दिन चाहन्छु जुन सधैंभरि रहनेछ।" त्यसैले लाइल आफ्नो कारमा गए, प्रार्थना गरे र येशू ख्रीष्ट र उहाँको अनन्त जीवनलाई ग्रहण गरे। एक वर्षभित्र, लाइल आफ्नो विश्वासको पेशाद्वारा आफ्नो मण्डलीमा सामेल भइन् र आफ्नो स्थानीय मण्डलीको आइतवार स्कूल सुपरिटेन्डेन्ट चुनिए।

के तपाईलाई थाहा छ कि हार्डवेयर स्टोरमा लाइलसँग को बोल्नुभयो? उहाँ पवित्र आत्मा हुनुहुन्थ्यो। येशूले भन्नुभयो, "जब सल्लाहकार आउनुहुन्छ – सत्यका आत्मा – उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ" (यूहन्ना १५:२६-२७)। पवित्र आत्मा त्रिएकत्वको महान प्रचारक हुनुहुन्छ। यद्यपि, तपाईं डराउनुभए तापनि, उहाँले तपाईंको गवाहीलाई सुदृढ पार्नुहुनेछ।

•••••••••••••••••

# तपाईंको आत्मिक कथा

*****

*येशूले.... भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ"।*

*मर्कूस ५:१९*

आज हामीले मर्कूस ५:१९लाई हाम्रो जीवनमा लागू गर्दा, हामी देख्छौं कि येशूका शब्दहरूले हाम्रो आफ्नै गवाहीहरू पनि वर्णन गर्दछ।
**तपाईंको आत्मिक कथा:**

- सकारात्मक छ – "महान काम"
- प्रभुको महिमा गर्छ—"प्रभुले"
- व्यक्तिगत हो—"तिम्रो निम्ति गर्नुभएको"
- भन्नलाई हो—"तिनीहरूलाई वर्णन गरिदेऊ"

**यसले अघि, कसरी, र पछि समावेश गर्दछ:**

• ख्रीष्टलाई भेट्नु अघि म कस्तो थिएँ

• मैले कसरी ख्रीष्टलाई ग्रहण गरें

• अहिले मेरो जीवनमा ख्रीष्टको अर्थ के हो

र अब म तपाईंलाई आग्रह गर्दछु - एक-एक कुराकानीमा र सार्वजनिक सेवाहरूमा, कृपया "परमप्रभुले तपाईंको लागि के गर्नुभएको छ" सो साक्षी बताउनुहोस्।

………………

# चेला बनाउने चेला बनाउनुहोस्

*****

*यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ...।*

*मत्ती २८:१९*

*अरू बीउ असल जमीनमा परे, र कुनैले सय, कुनैले, साठी, कुनैले तीस गुणा फल दिए।*

*मत्ती १३:८*

*जसले मानिसहरू उद्धारमा ल्याउँछ, त्यो बुद्धिमान् हो।*

*हितोपदेश ११:३०*

मण्डलीको मिशन भनेको नै चेला बनाउनु हो जसले चेला बनाउनसक्छ उसैलाई चेला बनाउनुपर्छ - यो ईश्वरभक्त पास्टर र सेमिनरीका अध्यक्ष गोर्डन वेटमोरले बारम्बार भन्ने गरेका थिए। र हामीले यसको प्रदर्शन भएको देखेका छौं!

सन् १९६८ को पवित्र आत्माको आन्दोलनले शावनी, कन्सासका मण्डलीमा जवानहरूमा प्रभाव पारेको थियो। सार्वजनिक विद्यालयका शिक्षक क्याथीले शिक्षक माइकलाई ख्रीष्टको बारेमा बताइन्। माइक र उनकी श्रीमती लिन्डा मण्डली गए। पास्टर मेल्भिन र उनकी पत्नी जेनी, तिनीहरूको अपार्टमेन्टमा गए। तिनीहरूले सुसमाचार सुनाए, र दुवैले ख्रीष्टलाई स्वीकार गरे। धेरै पटक मण्डली गएर बाइबल पढेपछि, माइकले आफ्नो रक्सी नालीमा खन्याए र घोषणा गरे, "मलाई लाग्दैन कि यो एक इसाईले पिउनुपर्छ।" अर्को खजुरे आइतवार, अट्ठाईस जना जवान मानिसहरूले बप्तिस्मा लिए । केही समयपछि माइकले आफ्नो पास्टरलाई भनिरहेका थिए, "मलाई विश्वास छ कि परमेश्वरले मलाई सेवकाईमा डोऱ्याउँदै हुनुहुन्छ।"

धेरै अबेर नगरी, माइक तयारी गर्न ईश्वरशास्त्रीय सेमिनरीमा भर्ना भए। जब, उनको सुसमाचार कक्षामा, उनलाई एक चर्चित व्यक्ति वा परिवारसँग सम्पर्क गर्न असाइनमेन्ट दिइयो, माइक सडक पार गए र तिनको घरको मूल ढोकामा जानसँग कुरा गरे। कर्ट र जान केवल दस दिन अघि इन्डियानाबाट सरेका थिए। तिनीहरूका लागि, अप्रिल १९७२ नयाँ स्थानमा सर्नु मात्र होइन तर तिनीहरूको जीवन पुनर्निर्माण गर्ने प्रयास गर्नु पनि थियो। तिनीहरूका छोराहरू, स्कट र चिप, केवल एक वर्षका र तीन वर्षका थिए।

त्यो आइतवार बिहान, तिनीहरू शावनी मण्डलीमा थिए, र त्यहाँ जागृति सेवा भइरहेको थियो। प्रचारकले प्रचार गर्दा, कर्टले विश्वस्त महसुस गरे, रोए, प्रार्थना गर्न अगाडि बढे, पश्चात्ताप गरे र येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गरे। जेनले केही हप्ता अघि इन्डियानामा ख्रीष्टलाई प्राप्त गर्न प्रार्थना गरेका थिए तर त्यसपछि के गर्ने थाहा थिएन। अब कर्ट र जेन एउटै ठाउँमा थिए। त्यो रात, कर्टले सार्वजनिक रूपमा आइतवार साँझ झन्डै तीन सय मानिसहरूको भीडलाई ख्रीष्टले उनको लागि त्यो बिहान के गर्नुभयो सो बताए।

पाँच दिन पछि, कर्ट र जेनको घरमा पास्टर गए र नयाँ र बढ्दो इसाईहरूको लागि आधारभूत बाइबल अध्ययन सुरु गरे। कर्ट र जेन आत्मिक रूपमा बढ्दै गए। सुर्ती र रक्सीबाट तुरुन्तै कर्टले छुटकारा पायो। चाँडै तिनीहरूले दशांश दिन थाले। बाइबल अध्ययनमा जे सिके, तिनीहरूले सो गरे। केमार्ट प्रबन्धकको रूपमा, कर्टलाई लगभग हरेक वर्ष फरक स्टोर दिइएको थियो, र प्रत्येक वर्ष तिनीहरूको सरूवा हुन्थ्यो। जता-जता गए, तिनीहरूले उत्तम मण्डलीहरू, उत्तम बालसंगतिका अगुवाहरू, उत्तम किशोर-किशोरी संगतिका अगुवाहरू, र उत्तम पास्टरहरू भेट्टाए। कर्ट र जेनले आफ्ना छोराछोरीहरूलाई अनुशासित बनाए, र मण्डलीहरूले सम्पूर्ण परिवारलाई अनुशासित बनाए। प्रत्येक हिडाइँमा, मण्डली सधैं तिनीहरूको मायालु मित्रता आधार थियो।

साढे तीन वर्षको उमेरमा, स्कटलाई घरमा उसको आमा र बुबाले ख्रीष्टमा डोऱ्याए। छैठौं कक्षामा, स्कटले उसलाई पूर्ण रूपमा पवित्र पार्ने आत्माको बलियो अनुभव गरेको थियो। कलेजपछि, स्कटले महसुस गरे कि परमेश्वरले उसलाई सेवकाइको निम्ति बोलाउनुभएको छ। १९९३ मा स्नातक गरेपछि, उसले जेनीसँग विवाह गरेपछि तिनीहरूले फोर्ट वेन, इन्डियानामा सेवकाई सुरु गरे। मैले स्कटलाई बोलाएँ, उसलाई सेमिनरीमा उपस्थित हुन आमन्त्रित गरें, उसलाई इभान्जेलिजम छात्रवृत्ति प्रस्ताव गरें, र उसलाई कन्सास शहरको मण्डलीमा मसँग स्टाफमा काम गर्न आग्रह गरें। उसको सुसमाचार प्रशिक्षण अन्तर्गत, हामीले धेरैलाई ख्रीष्टमा आएको देख्यौं।

सेमिनरी पछि, स्कट सुसमाचार पास्टरको रूपमा फोर्ट वेनमा फर्के। चाँडै, उसको नेतृत्वमा फस्टाएको ह्युस्टन मण्डलीमा प्रमुख पास्टर हुन बोलाइयो। साढे आठ वर्षमा त्यहा भेला हुने मानिसहरू चार सयबाट सात सय पुग्यो, नयाँ भवन, मण्डली रोपन कार्य र थप कुरा भयो। मण्डलीको सफलताको बीचमा, परमेश्वरले अवरोध गर्नुभयो र स्कटको परिवारलाई मिसनमा बोलाउनुभयो। २०१२ मा, स्कट, जेनी, र तिनीहरूका छोरीहरू, बेका र सारा, युक्रेनको किभमा आइपुगे, र २०१५ मा, स्कटलाई स्वतन्त्र राज्यहरूको राष्ट्रमंडलको लागि क्षेत्र रणनीति संयोजकको रूपमा संप्रदायद्वारा नियुक्त गरिएको थियो। स्कट युरोप र एशियाका बाह्र राष्ट्रहरूको लागि पास्टरीय प्रशिक्षण, चेलापन, र सुसमाचार प्रचारको लागि जिम्मेवार भए। 2018 मा, स्कट सन्डे स्कूल र शिष्यत्वको अन्तर्राष्ट्रिय निर्देशकको रूपमा चुनिए। अब, उनको प्रभाव संसारभरिका उनका सम्प्रदायका सबै मण्डलीहरूमा फैलिएको छ।

१९६८ देखि २०२० सम्म, क्याथी देखि माइक, लिन्डा सम्म, रेभ. म्याककुलोद्वारा सहयोग। कर्ट र जनवरीलाई स्कट र चिप (जो अहिले दुवै सेवकाईमा छन्)। युक्रेन, रुस, आर्मेनिया र संसारका पास्टरहरू र नयाँ विश्वासीहरूलाई: अरू बीउ असल जमीनमा परे, र कुनैले सय, कुनैले, साठी, कुनैले तीस गुणा फल दिए (मत्ती १३:८)। चेला बनाउनुहोस् जसले अरू चेला बनाउँछ।

•••••••••••••••••

# आत्मालाई खुसी पार्न रोप्दै

*****

*जसले आत्माको निम्ति रोप्दछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं। गलाती ६:८-९*

"नमस्ते, सर", इमेल सुरु भयो। त्यस सन्देशमा अझ भनिएको थियो: "मेरो नाम जो कुमोर हो। मैले आज नेब्रास्काको हास्टिङ्समा मेरो नियुक्ति बोर्डमा भाग लिएँ। म सैन्य पादरी हुने आशा गर्छु। पास्टर, रेभ. जोन ह्वाइटसेटले मैले प्रयाङ्क र पेगी कुमोरलाई चिन्छु कि भनेर सोधे। उहाँहरू मेरा आमाबुबा हुनुहुन्छ, यद्यपि मेरी आमा केही वर्षअघि बित्नुभयो। उनलाई यो अचम्म लाग्यो कि उनले करिब पैंतीस वर्ष पहिले तपाईले सिकाउनुभएको सुसमाचार प्रचार कक्षा मेरा आमाबुबाको उल्लेख गरिएको थियो र अहिले उनीहरूले तिनीहरूको छोरोलाई नै नियुक्ति बोर्डमा दु:ख दिइरहेका छन्।"

के म कहिल्यै फ्रान्क र पेगी कुमोरलाई सम्झन्छु! १९७५ मा, तिनीहरूले स्थानीय मण्डलीको भ्रमण गरे जहाँ मैले आउटरिच सेवकको रूपमा सेवा गरेको थिएँ। तिनीहरू यति खुला र मिलनसार थिए कि मैले उनीहरूसँग उनीहरूको जीवन र हाम्रो मण्डलीको विश्वासको बारेमा थप भेट्न सकिन्छ कि भनेर सोधें। तिनीहरूले भने, हामीले चाहेको पनि पनि यही हो।

त्यो बिहीबार राती, दुई जना सामान्य मानिस मसँगै कुमोरहरूलाई भेट्न उनीहरूको घरमा भेट्न गए। पवित्र आत्माले तिनीहरूको घरको ढोका र हृदय खोलिदिनुभयो, र रातको ११ बजे, फरवरी १३, १९७५मा, फ्रान्क र पेगी दुवैले येशूलाई मुक्तिदाता र प्रभुको रूपमा आफ्नो हृदय र जीवनमा ग्रहण गरे (प्रकाश ३:२०)। भोलिपल्टको रातमा, तिनीहरू दुवैले नयाँ र बढ्दो विश्वासीहरूको लागि आधारभूत बाइबल अध्ययनको पहिलो पाठ पूरा गरिसकेका थिए। यो अचम्मको कुरा थियो - तिनीहरूले पहिले कहिल्यै यसरी बाइबल अध्ययन गरेका थिएनन्। ख्रीष्टलाई स्वीकार गरेको आठ हप्तापछि, तिनीहरूले सफलतापूर्वक सबै अध्ययन पूरा गरे। तिनीहरूको आत्मिक वृद्धि द्रुतगतिमा र बलियो प्रकारले भयो - तिनीहरूले सुर्तीमाथि विजय हासिल गरे, आनन्दपूर्वक दशांश दिन थाले, र विश्वासको पेशाद्वारा मण्डलीमा सामेल भए। पेग्गीले केही अद्भुत आत्मिक सत्यताहरू पनि लेख्न थाले। आफ्नो परिवर्तन भएको तीन हप्तापछि, उनले लेखिन्, "फरवरी १३ तारिक, रात ११ बजे, म पहिले भन्दा धेरै खुसी थिएँ। म विश्वास गर्छु कि प्रारम्भिक खुशी यो विशेष खुशी चिरस्थायी छ भन्ने थाहा थियो। येशूले मलाई स्वर्गमा स्थान दिनुभएको छ भनी थाहा पाउँदा मलाई दिनहुँ आनन्द मिल्छ।"

फ्रान्कले चाँडै कन्सास शहरमा आफ्नो घडी बनाउने तालिम पूरा गरे। त्यसपछि, तिनीहरू आफ्नो जन्मस्थान नेब्रास्का फर्किए। फ्रान्कले गहना पसलमा काम गर्न थाले, र तिनीहरू स्थानीय मण्डलीमा अगुवा भए। फ्रान्क अन्ततः पसलको मालिक बने, र तिनीहरू सात छोराछोरीको आमाबाबु बने।

सन् १९९६ मा ओमाहा मण्डलीमा प्रचार गर्ने क्रममा कुमोर्ससँग मेरो सम्पर्क भयो। पेग्गी क्यान्सरसँग लड्दै थिइन्, र चाँडै नै उनले अर्को सामना गरिन्। उनले आफ्ना छोराछोरीलाई अनन्त जीवनको बारेमा सिकाउन पाउँदा खुसी भएको बताइन्। चाँडै, पेगी स्वयं प्रभुको उपस्थितिमा उभिनेछिन्।

समय बित्यो, र २०१५ मा, जब मैले जो कुमोरको इमेल प्राप्त गरें, मैले उसलाई फोन गरें र परिवारसँग मेरो सम्पर्क भयो। मैले धेरै अद्भुत कुराहरू पत्ता लगाए। जो अहिले एउटा मण्डलीमा सहयोगी पास्टर छन्। प्रयाङ्क, अहिले प्याटसँग विवाहित र अझै गहना पसलको मालिक, मण्डलीमा सक्रिय छन्। जोका भाइहरूमध्ये एक, वायुसेनामा मेडिकल डाक्टर छन्, पपुवा न्यू गिनीको मिसन अस्पतालमा उनले छोटो अवधीको निम्ति सेवाको काम गरे। अन्य ६ जना बाल-बच्चाहरू मण्डलीमा सक्रिय छन्।

यी सबै सुनेर, मैले परमेश्वरको प्रशंसा गर्न सकें। यो स्पष्ट थियो कि परमेश्वरको कृपा यस परिवारमा थियो, र तिनीहरू यसमा हिँडिरहेका थिए। सन् १९७५ मा जे छरिएको थियो, त्यसले चालीस वर्षपछि कटनी गरेको कति उत्साहजनक छ। आओ हामी छर्ने काम गरौं र उचित समयमा कटनी गरौं।

•••••••••••••••••

## फरवरी ९ दिन - ४०

# स्नोबल (हिंउ बल)

*****

*येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारा हो।*

*यूहन्ना ८:३४*

सानो जेकबको लागि, पहाडमा झरेको हिउँ केवल बाहिर आउने र खेल्ने निमन्त्रणा थियो। उसले आफूले अहिलेसम्म बनाएको सबै हिउँको बलभन्दा ठूलो बनाउने संकल्प गऱ्यो। उसले आफ्नो हातले हिउँलाई पोको पार्न थाल्यो, र जब उसको हिउँ बल सही आकारको भयो, उसले त्यसलाई भुइँमा राख्यो र त्यसलाई गोलाकार आकारमा घुमाउन थाल्यो। ऊ जति टाढा गयो, त्यो त्यति नै ठूलो भयो। चाँडै, हिउँ बल सोचेंभन्दा ठूलो भयो कि यसलाई धकेल्न धेरै गाह्रो भयो। जेकबले सोच्यो, यसलाई पहाडको वरिपरि धकेल्नुको सट्टा पहाडबाट तल धकेल्न सजिलो हुन्छ। उसले त्यसलाई तल धकेल्दा, हिउँ बल आफैं घुम्न थाल्यो र गति जम्मा गर्न थाल्यो। उसलाई कायम राख्न दौडनुपऱ्यो । त्यसपछि उसले ठेस खायो र उसको सानो शरीरले चित्त खायो। एक संघर्षमा, ताजा हिउँ उमाथि थुप्रियो। उ त्यहाँबाट निस्कनअघि, पुन: स्नोलबल घुम्यो, र ऊ हिउँको अर्को तहमा ढाकिएको थियो। यति चाढो, तह पछि तह। जेकब पूर्णरूपले हिँउभित्र फँसिएको थियो। जेकबलाई कैद गरेको स्नोबल पहाडबाट तल चट्टानमा खस्यो। त्यो चकनाचुर भयो, र जेकबको मृत्यु भयो। अन्जानमा नै उसले खेल सुरु गऱ्यो। तर पहाडमा स्नोबल रोल गर्ने एउटा प्रतिबद्धताले जेकबलाई उसले जान चाहेको ठाउँभन्दा पर पुरायो

पाप पनि त्यस्तै हो - यसले तपाईलाई तपाईले जान चाहेको ठाउँभन्दा बाहिर लैजान्छ। जब तपाईं झूट बोल्नुहुन्छ र तपाईंलाई यसको बारे प्रश्न गरिएको छ भने के हुन्छ सो बारे सोच्नुहोस्: तपाईंले पहिलो झुटलाई ढाक्न अर्को झूट बोल्नुपर्छ। त्यसैले येशूले भन्नुभयो पापले तपाईंलाई आफ्नो दास बनाउनेछ। जब मैले मेरो आफ्नै विगतको बारेमा सोचें, मैले स्वीकार गर्नुपर्छ, "पापले मलाई नियन्त्रण गऱ्यो; मैले त्यसलाई नियन्त्रण गरिनँ।"

अनि यो पापको दासत्वको अन्तिम परिणाम के हो? रोमी ६:२३ ले हामीलाई भन्छ, "पापको ज्याला मृत्यु हो" - जस्तै पहाडको फेदमा रहेको जेकब। यदि पाप यति शक्तिशाली छ भने, हामी के गर्न सक्छौं? ठूलो शक्ति चाहिन्छ। यसको एउटै मात्र उत्तर हो हामी परमेश्वरका पुत्र येशू ख्रीष्टमा आउनु पर्छ, जसले भन्नुभयो, "यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने, तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ" (यूहन्ना ८:३६)।

••••••••••••••••

# तपाईंको राज्य आओस्

*****

*अनि परमेश्वरका पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।*
*एफिसी ४:३०*

*संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदा-सर्वदा राज्य गर्नुहुनेछ। प्रकाश ११:१५*

*तपाईंको राज्य आओस् लूका ११:२ख*

सन् २०२० संयुक्त राज्य अमेरिकाका लागि चिन्ताजनक रह्यो । कोरोनाभाइरस महामारीले देशलाई तहसनहस बनायो (जस्तै यसले धेरै अन्य देशहरूमा गऱ्यो), तर त्यसको शीर्षमा, तालाबन्दी र क्वारेन्टाइनहरूले लत र मानसिक स्वास्थ्य समस्याहरूसँग लड्नेहरूको संघर्षलाई बढायो। धेरै अमेरिकीहरू बेचैन थिए र सुझाव गरिएका प्रतिबन्धहरू विरुद्ध विद्रोह गरे। मिनियापोलिसमा एक अश्वेत व्यक्तिको पुलिसले अन्यायपूर्ण हत्या गरेपछि जातीय तनाव पनि बढ्यो। सबै पृष्ठभूमिका अमेरिकीहरू न्यायको लागि आह्वान गर्न एकजुट भए, तर एकता र शान्तिपूर्ण विरोध चाँडै देशभर दंगा र लुटपाटमा डुब्यो।

म अशान्त, दुःखी थिएँ र मैले प्रार्थना गरें। संयुक्त राज्य अमेरिकामा इसाई मतको शिक्षा प्रभावकारी हुन्थ्यो। केही सालदेखि, यी मूल्यहरूको क्षरण स्पष्ट भएको छ। व्यक्तिगत नैतिकता र व्यवहारिक अनैतिकता बड्दै गयो। मानिसहरूले पवित्र आत्मालाई दुःखी बनाएका छन्, जसले हाम्रो राष्ट्रमा उहाँको प्रभावलाई धेरै प्रभाव पारेको छ। यो भनिएको छ कि "शोक" शब्द एक प्रेम शब्द हो। जब हामी आत्मालाई शोकित तुल्याउँछौं, उहाँले हामीलाई छोड्नुहुन्छ। परमेश्वरले हामीबाट आफ्नो हात हटाएपछि, हाम्रो समाजको क्षय र पतन सुरु हुन्छ। यो यस्तो छ कि परमेश्वरले भन्नुहुन्छ, "ठीक छ, यसलाई तिमी आफ्नो तरिकाले प्रयास गर, र हेर कि मसँग टाडिएर जीवनले कसरी काम गर्दछ।"

अन्ततः, हामीले महसुस गर्नेछौं कि हाम्रो एकमात्र समाधान प्रभु हुनुहुन्छ। कुनै अचम्मको कुरा होइन कि स्वर्गका आवाजहरू चर्को थिए: संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदा-सर्वदा राज्य गर्नुहुनेछ। र चौबीस जना स्वर्गीय एल्डरहरूले जवाफ दिए, "तपाईंले आफ्नो ठूलो सामर्थ्य हातमा लिनुभयो र राज्य गर्न थाल्नुभयो। जाति-जाति क्रुद्ध भएम तर तपाईंको क्रोध प्रकट भयो" (प्रकाश ११:१७-१८)। इसाईहरूले अझै पनि प्रार्थना गरिरहेका छन्, "तपाईंको राज्य आओस।"

•••••••••••••••••

# उनी साक्षी थिइन्

*****

*तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरुशलेममा, सारा यहूदियामा, सामरियामा, र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।*

*प्रेरित १:८*

उनले छैठौं कक्षा मुस्किलले पूरा गरेकी थिइन् । गरिबी र परिवारमा जेठो छोरीका रूपमा उनको मागले उनलाई जतिसक्दो चाँडो जागिर पाउन बाध्य बनायो। जब उनी जागिर खान थालिन्, विवाह गरिन् र छोराछोरी हुर्काउन थालिन्, उनमा भएको बलियो, प्रारम्भिक मण्डली प्रशिक्षणलाई तिनले वेवास्ता गरिन् ।

उनले चालिस वर्ष पार गर्नलागेको बेला, येशू वेरालाई फेरि भेट्न आउनुभयो। जागृति सेवामा, उनले घुँडा टेकिन्, प्रार्थना गरिन्, स्वीकार गरिन् र मुक्तिदातालाई प्राप्त गरिन्। सेवापछि, वेराले स्वीकार गरिन् कि उनले आफ्नो जीवन समाप्त गर्ने विचार गरिरहेकी थिइन्। अब उनको दोषको बोझ हट्यो। येशूले उनको आत्मालाई मात्र बचाउनुभएको थिएन, तर उहाँले उनको जीवन पनि बचाउनुभएको थियो।

उनी आत्मिक रूपमा हुर्कन थालिन्, उनले सुर्ती र जाड-रक्सीको लतमाथि विजय हासिल गरिन्, र मण्डलीमा सक्रिय भइन्। उनले पत्ता लगाइन् कि उनी परमेश्वरसँग अझ गहिरो सम्बन्ध राख्न सक्छिन्। चाँडै, पूर्ण आत्मसमर्पणमा, वेराले पवित्र आत्माको पवित्र र सशक्त कार्यको अनुभव गरे।

उनले सोचिन्, *मेरो परिवारले यस बारे सुन्न आवश्यक छ* । त्यसैले वेरा आफ्नो फ्लोरिडा घरबाट न्यूयोर्कतिर गइन्। उनले सकेसम्म आफ्ना भाइबहिनी, भतिजी र भतिजाहरूका लागि घुमे।

उनकी बहिनी मेरी नियमित मण्डली जादैन थिइन्, तर वेराले आफ्नो विश्वासको बारेमा तिनलाई बताइन् र मेरीलाई वाटरटाउनमा सेवाहरूमा जानको लागि राजी गराइन्। र मेरीले ख्रीष्टलाई स्वीकार गरिन्! उनी नियमित रूपमा मण्डली जान थालिन् र आत्मिक रूपमा बढ्दै गइन्।

लाफार्जभिलमा बस्ने मेरी र उनका नयाँ मण्डलीका साथीहरूले वाटरटाउन मण्डलीको लागि पच्चीस माइलको बाटोको यात्रा तीन फिट गहिरो हिउँ परेको हिउँदोको समयमा विशेष गरी गाह्रो भएको पाए। तिनीहरूले सोचे, सानो लाफार्जेभिल्लेमा नै एउटा पवित्र मण्डली रोपणको काम गर्दा कस्तो हुन्छ? यसैकारण तिनीहरूले मण्डली सुरु गरे!

वर्षौंसम्म, मेरीले आफ्ना भतिजा र भतिजीहरूलाई स्थिर साक्षी दिइरहे। ८७ वर्षको उमेरमा, उनको हृदय असफल भइरहेको थियो, र उनी मृत्युको नजिक पुग्दैथिइन्। उनको वरिपरि आफन्तहरु जम्मा भए ।

उनको भतिजाले उनको अवस्थाको बारेमा सुने र हजार माइल टाढाबाट फोन गरे। उसले मेरीसँग छोटकरीमा कुरा गर्‍यो - उनी निकै कमजोर भएकी थिइन्। उनले भनिन्, “यहाँ घमाइलो छ, तर त्यहाँ अझ यो भन्दा राम्रो छ।”

भोलिपल्ट बिहान, भतिजाले फेरि फोन गर्‍यो, र परिवारले उनको बिहान सबेरै मृत्यु भएको खबर गरे। "के उनले अरु केही भनिन्?" उसले सोध्यो।

उनीहरूले भने, “हो, रातभरी उनी साह्रै कमजोर भएर तकियामा पल्टि रहिन्। आज बिहान अचानक, उनी उठिन्, आफ्नो हात टाउकोमाथि उठाएर भनिन्, ‘ओह, ओह, तिनीहरू मेरो वरिपरि छन्। स्वर्गदूतहरू, तिनीहरू मेरो वरिपरि छन्।’ त्यसपछि उनी आफ्नो सिरानीमा पल्टिन् र उनले प्राण त्यागिन्।

आत्माको शक्तिद्वारा, वेरा साक्षी थिइन्। आत्माको शक्तिद्वारा, मेरी एक साक्षी थिइन्। मलाई कथा राम्ररी थाहा छ। वेरा मेरी आमा थिइन् अनि मेरी सानीमा थिइन् ।

•••••••••••••••••

## फरवरी १२ दिन - ४३

# तीन वा चार जना आत्माले भरिएकाहरू

*****

*जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु"।*

*लूका ३:२१-२२*

उहाँ येशू हुनुहुन्थ्यो, शरीरमा परमेश्वर, तैपनि उहाँमाथि पवित्र आत्मा ओर्लनुभयो। र पवित्र-शास्त्रले हामीलाई येशूको जीवनमा आत्माको बारेमा अझ बताउँछ:

• लुका ४:१- "येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो"
• लूका ४:१- "आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो"
• लुका ४:१४- "येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो"
• लूका ४:१८- "परमप्रभुको आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ"।

यदि येशू आत्माले भरिनु आवश्यक थियो भने, उहाँका अनुयायीहरूको भरिनु पर्दैन? पेन्तिकोसको दिनमा, पवित्र आत्मा येशूका प्रार्थना गर्ने 120 अनुयायीहरूमाथि आउनुभयो। प्रेरित २:४ ले हामीलाई बताउँछ, "तिनीहरू सबै जना पवित्र आत्माले भरिए" र परिणामस्वरूप ठूलो आत्मिक आन्दोलन यरूशलेममा फैलियो।

पाँच वर्षपछि मण्डलीमा विधवाहरूलाई खाना बाँड्दा समस्या उत्पन्न भयो। प्रेरितहरूलाई, यस समस्याको लागि मद्दत चाहिएको बेला, मण्डलीलाई यस परियोजनाको लागि अगुवाहरू नियुक्त गर्न बोलाउनुहोस्। यी अगुवाहरूमा हुनपर्ने तिनीहरूका आवश्यकताहरूलाई ध्यान दिनुहोस्: "यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं" (६:३)। केवल आत्माबाट जन्मेका इसाईहरू, जो आत्माले पूर्ण रूपमा चिनिन्छन्, तिनीहरूलाई छान्न सकिन्छ।

त्यसपछि के हुन्छ? प्रेरित ६:५ ले हामीलाई बताउँछ, "तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनसलाई छाने"। जब स्टीफन खडा हुन्छ र ख्रीष्टको लागि साहसपूर्वक बोल्छ, भीडले तिनलाई आक्रमण गर्छ र अन्ततः तिनलाई मार्छ। तैपनि स्तिफनसले अचम्मको शक्ति र प्रेमको साथ यो हिंसाको सामना गर्न सक्षम छन्। कसरी सम्भव भयो? प्रेरित ७:५५ ले हामीलाई बताउँछ, "तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको देखे। स्तिफनस यति धेरै प्रेम र क्षमाले भरिएका छन कि मर्नु अघि, तिनले प्रार्थना गर्छन्, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्" (पद ६०)।

आज धेरै इसाईहरूले ख्रीष्टसँगको आफ्नो वर्तमान सम्बन्धभन्दा बाहिर परमेश्वरसँगको गहिरो सम्बन्धको आवश्यकता महसुस गर्छन्। तिनीहरू परमेश्वरको लागि धेरै गर्न चाहन्छन्, तर आफैले गर्न सक्ने शक्ति तिनीहरूमा छैन। तिनीहरूलाई थाहा छ कि तिनीहरू आत्माबाट जन्मेका हुन् (यूहन्ना ३:५), तर अब आत्माले भरिनु आवश्यक छ।

बिली ग्राहम संगठनका "डिसिजन" पत्रिकाका पूर्व सम्पादक शेरवुड विर्टले आफ्नो इसाई जीवन भित्री संघर्षले भरिएको महसुस गरे - विशेष गरी तीतोपन , रिस र प्रेमको कमीको भावना। यशैया ६१:१,३ मा तिनले पढे, परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, ... खरानीको सट्टा सुन्दरताको मुकुट, शोकको सट्टा आनन्दको तेल लगाइदिन, निराशको मनको सट्टा प्रशंसाको पोशाक पहिराइदिन"। तिनले परमप्रभु परमेश्वरमा पर्खे अनि पछिबाट गवाही दिए:

म मेरो जीवनको सिंहासन त्याग्दै थिएँ (त्यो हो मेरो इसाई जीवन)... जब मैले उहाँलाई मलाई क्रुसमा टाँग्न आग्रह गरे, उहाँले मेरो

भनाइ स्वीकार गर्नुभयो र मेरो अनुरोध पूरा गर्नुभयो। आफ्नो समयमा र आफ्नै खुशीमा, उहाँले यस दुखित हृदयमा ईश्वरीय समाधान पठाउनुभयो... मलाई थाहा छैन प्रेम कसरी आयो, तर मलाई थाहा छ कि मैले अरूहरू अनि मेरा नजिकका‌हरू सबैको विरुद्ध राखेका सबै तीतोपनहरू गायब भयो। आक्रोश – शत्रुता - भावनाहरूलाई चोट पुऱ्याउने – यस्ता कुराहरू जो तपाईंको जीवनमा छ, तपाईं नाम दिनसक्नुहुन्छ। ती सबै हराए। बिलिन भए र सबै गए। भए। वाष्पीकरण भयो। गयो।

प्रेम शेरवुड विर्टको विषय बन्यो। र कुनै आश्चर्य छैन! रोमी ५:५ ले भन्छ, "आशाले हामीलाई निराश गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।"

येशू, स्तिफनस, शेरवुड विर्ट- तीनै जना पवित्र आत्माले भरिनुभएको छ। के तपाईंको नाउँ त्यस सूचीमा थपिनुपर्छ?

.................

**फरवरी १३** **दिन - ४४**

# एक प्रेम सम्बन्ध

*****

*मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु"*

*यूहन्ना १४:२१*

जारेड र मैले स्थानीय मण्डली जागृतिको क्रममा मेरील्याण्डमा भेट्यौं र राम्रो कुराकानी भयो। त्यहाँ उनले मलाई आफ्नो आत्मिक यात्राको कथा सुनाए:

म मण्डलीमा हुर्किएँ। म अरूहरूका लागि राम्रो इसाई जीवन बाँचिरहेको थिएँ, तर भित्र, म मनतातो थिएँ। ख्रीष्टसँग मेरो सम्बन्ध थियो, तर प्रेम सम्बन्ध थिएन। मैले मेरो बुबालाई बाइबल पढेको कहिल्यै देखेको छैन र उहाँले आफ्नो विश्वासमा कुनै भावना देखाउनुभएन। त्यसपछि, चार वर्षअघि, उहाँलाई पवित्र गरिएको थियो। दुवै हात हावामा राखेर उहाँले गाउन थाल्नुभो । म उहाँमा भएको परिवर्तनलाई नकार्न सक्दिनँ। अब, हरेक बिहान उहाँ आफ्नो बाइबल अध्ययन गर्नुहुन्छ र आफ्नो नोटबुकमा लेख्नुहुन्छ। आफ्नी श्रीमती र छोराछोरीसँगको उहाँको सम्बन्ध नयाँ उचाइमा पुग्यो। उहाँ आत्मिक अगुवा बन्नुभयो ।

केही समयपछि, जारेड सडकको छेउमा घाँस काट्दै थिए। जारेडले आफ्नो गवाही जारी राख्छन्:

*परमेश्वरले स्पष्टसँग भन्नुभयो, "के यो सबै तिमीले मलाई दिने हो?" म समयसंग स्वार्थी भएको थिएँ, र परमेश्वरलाई शीर्ष प्राथमिकता थिएन। यस कुराले मलाई एकदमै प्रहार गऱ्यो।*

*मैले परमेश्वरलाई भने, "म तपाईंको हुँ। तपाई मसँग जे चाहनुहुन्छ, गर्नोस्।" यो मैले अहिलेसम्म भनेको सबैभन्दा डरलाग्दो कुरा हो।*

*मैले सेवकाईमा बोलावट भएको महसुस गरें। श्रीमतीलाई भन्न घर गएँ। म पुरै समय चिच्याएँ। उनले सोधिन्, "के भयो?"*

*मैले भनेँ, "बेबे, मलाई मृत्युसँग डर लाग्छ। मलाई डर छ कि परमेश्वरले हामीलाई यहाँबाट बाहिर निकाल्न गइरहनुभएको छ।"*

*उनले भनिन्, "जेरेड, मैले तपाईंसित विवाह गरें, र म तपाईंले जस्तै परमेश्वरको सेवा गर्छु। म उहाँसँग छु। म उहाँलाई भरोसा गर्छु, र म तपाईंलाई भरोसा गर्छु।"*

*एक वर्ष पहिले जागृति सभामा मलाई पवित्र गरिएको थियो। परमेश्वरले मलाई छिवल्न थाल्नुभयो। हिब्रू १२:१ ले हामीलाई भन्छ, "हरेक किसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापहरूलाई पन्साउनु"। उहाँले मेरा केही टिभी कार्यक्रमहरू र मलाई प्रभुको नजिक हुनबाट जोगाउने कुराहरू हटाइदिनुभयो। उहाँ नै मैले चाहेको सब थोक हुनुभयो।*

जारेड युवा सेवकाईमा संलग्न भए। उनको गवाही जारी छ:

*युवा कार्यक्रम तीस भन्दा बढी किशोर-किशोरीहरूमा वृद्धि भयो। केही किशोरले जागृत भए। परमेश्वरले मेरो हृदयमा शान्ति दिनुभयो। परमेश्वरले अगुवाई गर्दा यो फस्टाउँछ। जब म बोल्छु, म भन्न सक्छु कि परमेश्वर म मार्फत बोल्दै हुनुहुन्छ। आत्माले भरिनुको अर्थ यही हो।*

*पूरा हुँदै आएको छ । आइतवारदेखि यता यस हप्ताको प्रार्थनाको जवाफ म तपाईंलाई बताउन सक्दिनँ। मलाई थाहा छ किनभने मैले परमेश्वरलाई सारा अधिकार दिएको छु।*

तपाईले देख्न सक्नुहुन्छ, जारेड येशूसँगको प्रेम सम्बन्धमा सरेका छन्। यूहन्ना १४:२१ मा येशूका शब्दहरू उहाँका चेलाहरूलाई पवित्र आत्मा पठाउने प्रतिज्ञाको अंश हुन् (पद १५-२१)। कस्तो ठूलो सुअवसर हो कि यो समान प्रेम सम्बन्ध हामी सबैको लागि उपलब्ध छ।

•••••••••••••••••

# पवित्र आत्माद्वारा शुद्ध

*****

*यो अनुग्रह अन्यजातिहरूका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तब्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून्।*
*रोमी १५:१६*

शुक्रबार राति पवित्र आत्माको बारेमा भइरहेको बाइबल अध्ययनमा भाग लिएको कारण केही मानिसहरू जेफ र मेलिसाको हाँसो उडाए। मानिसहरूले भने कि तिनीहरू धेरै जवान थिए, कि तिनीहरू धेरै रमाइलो कुराहरू सहरबाहिर जानुपर्दथ्यो।

यद्यपि, मेलिसा भन्छिन् "म तपाईंलाई बताउन सक्दिनँ कि जेफ र मैले *लिभिङ इन द पावर अफ द स्पिरिटसको* बारेमा सिक्दा रमाएका थियौं।" अझ, उनी भन्छिन्:

*पूर्णतया पवित्र आत्माले भरिनुको अर्थ के हो भनेर मैले सिकेको छु। । । मैले सिकेको छु कि मेरो स्वार्थी स्वभावले मेरो जीवनलाई कसरी नियन्त्रण गर्छ र कसरी आत्मामा मर्ने र आत्माले मलाई मार्गदर्शन र नियन्त्रण गर्न दिनुपर्छ... मैले विगतमा मलाई चोट पुऱ्याउने साथीहरूलाई पूर्ण रूपमा क्षमा गर्न र ती टुटेको सम्बन्धलाई सुधार्न सक्षम भएको छु। म वचन र प्रार्थनामा समय बिताउने दैनिक अभ्यास स्थापित गर्न सक्षम भएको छु... मैले केही महत्त्वपूर्ण विद्यालय र करियर निर्णयहरू गर्नमा आत्माको निर्देशन देखेको छु। र मैले देखेको छु कि आत्माको शक्तिमा बाँच्दा कसैको जीवन कसरी समृद्ध हुन सक्छ... किनभने यो अनिभव त्यो हो जो मलाई भएको छ।*

आज पनि, पावलको सेवकाईमा यो कत्तिको सत्य छ - जेफ र मेलिसा "परमेश्वरलाई ग्रहणयोग्य भेटी, पवित्र आत्माद्वारा शुद्ध" भएका छन्।

•••••••••••••••••

# गनगन नगरी

*****

*गनगन अथवा वाद-विवाद नगरी सबै काम गर्दैजाओ, कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढा र बरालिएका पुस्ताको बीचमा परमेश्वरको निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराझैं चम्कन्छौ।*
*फिलिप्पी 2:14-16*

"म मेरो काममा सब समय गुनासो गर्छु," उनले चर्को सोरमा भन्यो। एल्गिन तिब्र चेलापन समूहको सहभागी थिए जसले बाह्र हप्ता पवित्र आत्माको कामको अध्ययन गर्दै थियो। उनले इसाई प्रकाशन कम्पनीमा वर्षौंदेखि काम गरेका थिए। आफूले कति धेरै गुनासो गरेको थियो भन्ने थाहा पाएपछि उनी स्तब्ध र लज्जित भए ।

अधिकांश भागको लागि, एल्गिनले एक समर्पित इसाई जीवन बिताए, र उनले आफ्नो बाइबल पढे। तर सायद पहिलो पटक यो पदले उनको ध्यान खिच्यो। उनी आफ्नो आत्मिक वृद्धिको लागि यस चेलापन समूहमा थिए, त्यसैले उनले आफ्नो गुनासो गर्ने बानी परिवर्तन गर्न कटिबद्ध भएका थिए । अध्ययनको बाह्रौं हप्तामा, उनी भन्दै थिए र रमाइलो गर्दै थिए कि उनी बिना गनगन दिनभर रहन सक्छन्।

मेरो एक जना साथी माथिल्लो तलामा केही बोट-बिरुवाहरू लैजानको लागि भूँइताला भएको ग्रीनहाउसमा जानुपर्‍यो। भुइँको नालीमा उनले पानी जम्मा भएको भेट्टाइन्। उनलाई समय-समयमा मद्दत गर्नेहरू छन् भन्ने थाहा थियो, तर उनले र उनका छिमेकीहरूले पाइप सफा गर्न प्लम्बरलाई फोन गरेको आठ महिना मात्र भएको थियो। उनी पछिल्लो समय आर्थिक सङ्घर्ष, जागिरको अवस्थामा आएको ठूलो परिवर्तन र घर मरमतको निम्ति ध्यान दिनु आवश्यक केही चुनौतीहरूबाट गुज्रिरहेकी थिइन्।

"हे प्रभु, साँच्चै!" उनी चिच्याइन् । "मलाई अर्को समस्या चाहिँदैन। म तोड्न जाँदैछु।"

तर परमप्रभुले तिनलाई काटिदिनुभयो: "तिम्रो बुबाले भर्खरै भन्नुभयो। उहाँले तिमीलाई चेक पठाउदै हुनुहुन्छ। मैले यो कभर गरको पाएको छु। तिमीले गुनासो गर्नु पर्दैन।"

तुरुन्तै, उनको मनोवृत्ति परिवर्तन भयो। " अति उत्तम। धन्यवाद प्रभु," उनले लामो सास फेरिन्।

ब्याकअप आइतबार थियो। चेक सोमबार आइपुग्यो, तर 4:30 बजे। सामान्य दिउँसोको सट्टा एक ढिलोको बावजुद, जब उनले प्लम्बरलाई बोलाए, उनले भने कि उनी तीस मिनेटमा त्यहाँ पुग्नेछ। प्लम्बरले नाली सफा गरे र उसलाई $ 79 तिरेर, उनीसँग $ 121 अझ बाँचेको थियो।

यी दुई व्यक्ति गनगन र गुनासोबाट ताराजस्तै चम्कन थाले। त्यस्तै गरी, शुद्ध आत्माले भरिएको हृदय भएकाहरू आनन्दित हुनु र चम्कनु स्वाभाविक हो। जब हामी यसो गर्छौं हाम्रो वरपरका सबैलाईं यसले कस्तो सन्देश पठाउँछ!

.................

# तपाईंलाई थाह नभएको भोजन

*****

*येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो"।*
*यूहन्ना ४:३४*

नोभेम्बर 20, 1955, साँझ नौ बजे, येशू ख्रीष्ट मेरो हृदयमा आउनुभयो। उहाँलाई अतिथिको रूपमा पाउँदा म धेरै रोमाञ्चित थिएँ कि मैले उहाँलाई मेरो हृदयको हरेक क्षेत्र, उहाँको नयाँ घरमा आउन निम्तो दिएँ।

हामी भोजन कक्षमा सँगै टेबलमा बस्यौं - भोक र इच्छाहरूको कोठामा। प्रभु येशूले आफ्नो अगाडि राखिएको खाना छुनुभएन, जसमा अझै पनि संसारको स्वाद थियो।

मैले उहाँलाई आफ्नो खाना नछोएको कारण सोध्दा उहाँ मतिर फर्कनुभयो र मलाई सीधा आँखामा हेर्दै भन्नुभयो, "मसित खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा छैन... मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो" (पद ३२,३४)।

त्यहाँ मेरो हृदयको टेबलमा, उहाँले मलाई परमेश्वरको इच्छा पूरा गर्नुको अर्थ के हो भन्ने स्वाद दिनुभयो। त्यसबेलादेखि, मैले अरू सबै कुरामा असन्तुष्टता पाएको छु। केवल उहाँको इच्छा पूरा गर्नु नै मेरो लागि सबथोक हो।

.................

# असिमित प्रेम

*****

*र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।*

*एफिसी ३:१७-१९*

कति प्रेम राख्न सक्नुहुन्छ ? स्पष्ट रूपमा, धेरै। पावलले एफिसीहरू र हाम्रो लागि निम्न प्रार्थना गर्छन्:

- प्रेममा जरा गाड्नु र स्थापित हुनु
- ख्रीष्टको प्रेमको पूर्ण सीमा बुझ्न
- यो प्रेम जान्नको लागि जुन ज्ञानभन्दा माथि छ

जब तपाईले ख्रीष्टको प्रेमको हदलाई बुझ्नुहुन्छ - यो प्रेम यति गहिरो छ कि उहाँ हाम्रा पापहरूको लागि मर्नको लागि क्रुसमा जानुभयो - तपाईले कहिल्यै त्यस्तो प्रेम गर्न सक्नुहुन्छ भन्ने कुरामा शंका गर्न सक्नुहुन्छ। तैपनि पावलले हामीलाई यस प्रकारको प्रेममा ल्याउने शक्ति परमेश्वरसँग छ भनी आश्वासन दिएका छन्।

उनी भन्छन् कि परमेश्वरसँग "महिमाको सम्पत्ति" छ जसबाट उहाँले आफ्नो आत्माद्वारा हाम्रो भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली बनाउन सक्नुहुन्छ (एफिसी ३:१६)। उनले प्रार्थना गर्छन् कि ख्रीष्ट हाम्रो हृदयमा बसोबास गरून् (पद १७)। "परमेश्वरको पूर्णताले भरिपूर्ण" हुनु हाम्रो विशेषाधिकार हो (पद १९) । र यदि तपाई अझै पनि यो धेरै ठूलो आदेश हो भन्ने सोच्नुहुन्छ भने, पावलले "हामीले मागेको वा चिताएको भन्दा धेरै" गर्न सक्नुहुन्छ भनेर हामीलाई बताउँछन् (पद २०)।

यदि हामीले वर्तमान समयको मानवलाई त्यस प्रकारको प्रेमको साथ बाँचिरहेको देख्न सक्छौं भने यसले मद्दत गर्दछ। म धन्य छु किनभने मैले तिनीहरूलाई देखेको छु। मनिला, फिलिपिन्समा भएको सम्मेलनमा मैले त्यस्ता व्यक्तिलाई भेटें—कार्ल, स्मोकी माउन्टेनका मिसनेरी। मनिला सहर उनीहरूले उत्पादन गरेको फोहोरको मात्राले यति धेरै अभिभूत भयो कि उनीहरूले यसलाई पासिग नदीमा फाल्न थाले। चाँडै, नदी किनारा फोहोरको पहाड भयो, त्यसैले सहरका अधिकारीहरूले यसको आकार घटाउन यसलाई आगो लगाए। फोहोर राम्ररी जल्दैन, तर यसले धेरै धुवाँ उत्पन्न गर्दछ - यसैले, त्यस स्थानलाई धुवाँ माउन्टेन भनेर चिनिन थाल्यो।

गरिबीको चपेटमा परेका २० हजार मानिसहरू आफू बसोबास गर्ने ठाउँ खोज्न पहाडमा पुगे। तिनीहरूले कार्डबोर्ड, प्लाइवुड, वा खारेज गरिएको टिनबाट झ्यालहरू बनाए। तिनीहरूको भुइँ फोहोर थियो, र तिनीहरूले एउटा सामुदायिक स्पिगटबाट पानी लिन एक चौथाई माइल हिँड्नुपर्थ्यो।

प्रभुले कार्लको सेवकाईमा जे गरिरहनुभएको थियो त्यसमा तिनी उत्साहित थिए। तिनले हामीलाई बताए कि तिनीसँग दस जना मानिस थिए जो ख्रीष्टका चेला बनेका थिए। तिनीहरू परिवर्तन भएका थिए: तिनीहरूले तंबाकू, रक्सी र जुवामाथि विजय हासिल गरेका थिए। तिनीहरूले आफ्नी पत्नीहरूलाई माया र दयालु व्यवहार गरिरहेका थिए। कार्लले उनीहरूलाई राम्रो घरहरू बनाउन मद्दत गर्दै थिए। तिनले यी दश जना चेलाहरूलाई माया गरे।

जब हामीले कार्ललाई सोध्यौं कि तिनले अर्को के गर्ने योजना बनाएका छन्, ऊ धेरै उत्साहित भयो। चाँडै नै तिनले छुट्टी पाउनेछन् र आफ्नो जन्मभूमि स्विडेन फर्कनेछ, जहाँ तिनले आफ्नो परिवारलाई भेट्नेछन्।

र त्यसपछि के भयो? निकै उत्साहका साथ तिनले भने, "ओहो! म स्मोकी माउन्टेनमा फर्कनलाई आतुर छु। त्यो समय पर्खन सक्दिनँ!" त्यसदिन, साँच्चै जीवित मानिस भएको कारण मैले ख्रीष्टको जस्तै प्रेम अर्थात असिमित प्रेम देखें।

•••••••••••••••••

# पवित्र प्रस्तुत गर्न

*****

*तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ*

*कलस्सी १ :२२*

यदि म परमेश्वरकहाँ आफूलाई प्रस्तुत गर्न जादैथिएँ भने, त्यो मेरो आइतबार सबैभन्दा राम्रो दिन थियो। यद्यपि कुनै न कुनै रूपमा, मलाई लाग्दैन कि उहाँले के हेरिरहनुभएको छ। म वर्षौंदेखि परमेश्वरको राज्यमा बसेको छु र धेरै दागहरू देखेको छु। मेरो आफ्नै स्मरण छ। एउटा उत्तम स्थापित हाम्रो घरमा क्षमाको मार्ग छ। कहिलेकाहीँ म यसलाई प्रयोग गर्न चाहन्न किनभने “अरूलाई तिनीहरूले मलाई गरे जस्तै गर्न" सजिलो छ। प्रेम छनौट गर्न सजिलो छैन, तर यसले काम गर्छ। प्रतिकार गर्नुको सट्टा प्रतिक्रिया दिन सजिलो छैन, तर यसले काम गर्छ। जुन समस्याको समाधान चाहिएको छ त्यसको सामना गर्नु सजिलो छैन, जब म यसको सामना गर्न चाहन्न, तर यसले काम गर्दछ। सानो कुरा पनि छोड्न सजिलो छैन, तर यसले काम गर्दछ।

परमेश्वरले पक्कै मतिर नजर लाउनुहुन्छ तर मेरो दागहरू हेर्नुहुन्न, जसरी मैले मेरा तीन नवजात शिशुहरूमध्ये प्रत्येकलाई हेरें र भनें, “यिनीहरू सिद्ध छन्”। परमेश्वरले मलाई दिनुभएको उपहारको कारणले गर्दा म मेलमिलापमा छु। जे टुटेको थियो, त्यसलाई जोडियो । जे कुरा अलग पारिएका थिए, सबै साथमा ल्याइयो। जुन कुरा कहिल्यै भएको थिएन अहिले भएको छ। यसले काम गर्छ!

न्यान्सी शेभर[4]

• • • • • • • • • • • • • • • • •

[4]. पहिले *Come Ye Apart* March–April–May 1996 (Kansas City, MO: Nazarene Publishing House), 29 मा प्रकाशित भएको थियो। अनुमतिद्वारा प्रयोग गरियो । (यो *परमेश्वरको प्रतिबिम्बित गर्ने* मा प्रकाशन भयो ।)

# तपाईं मात्र एक हुनुहुन्थ्यो

*****

*हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। कति जनाको संगतिमा नजाने बानी हुनाछ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौ। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ।*

*हिब्रू १०:२३-२५*

"हामीलाई वास्तवमै एकअर्काको आवश्यकता छ" रुबेन वेल्चको प्रसिद्ध र प्रायः उद्धृत वाक्यांश थियो। हिब्रूका लेखकले पनि यसलाई विश्वास गर्थे , यसैले हामी पनि गर्छौं।

प्रारम्भिक मण्डली प्रायः निजी घरहरूमा भेट्थे। धनी व्यवसायी लिडिया, पावलको सेवकाई अन्तर्गत ख्रीष्टमा विश्वास गर्न आइन् (प्रेरित १६:१४-१५)। पछि, हामी पढ्छौं, पावल र सिलास झ्यालखानबाट बाहिर आएपछि, तिनीहरू लिडियाको घरमा गए, जहाँ तिनीहरूले भाइबहिनीहरूलाई भेटघाट गरेपछि उनीलाई प्रोत्साहन दिई विदा भए" (१६:४०)। यस घरेलु संगतिको मुख्य लक्ष्य यो थियो: "तिनीहरूले...उनीहरूलाई प्रोत्साहन दिए।"

अन्ततः, मण्डलीहरू प्राय: सार्वजनिक सभा स्थलहरूमा स्थापना हुन थाल्यो - प्रायः आराधनाको निम्ति अलग गरिएको भवनमा। यी नयाँ सेटिङहरूमा पनि, यी मण्डली जमघटहरूको मुख्य लक्ष्य अझै पनि एकअर्कालाई प्रोत्साहन दिनु र "एकअर्कालाई प्रेम र असल कामहरू गर्न उत्प्रेरित गर्नु" थियो।

एक जना मानिसले एक अभिषिक्त सेवकलाई सम्पर्क गरे र बताए कि उनले संगठित मण्डलीको आवश्यकता देखेनन्। उनले प्रत्येक आइतवार आफ्नी पत्नी र छोराछोरीलाई सँगै बोलाए, तिनीहरूलाई प्रचार गरे, र समय-समयमा तिनीहरूलाई प्रभुभोज पनि दिए - र त्यो पर्याप्त थियो भनेर उनले व्याख्या गरे। तर यो भेला एउटा सानो परिवार मात्र भएकोले उनीहरुलाई कसले जवाफदेही बनायो ? तिनीहरूले आफ्नो दशांश कसलाई दिए? कुनै अचम्मको कुरा होइन कि हिब्रूका लेखकले हामीले सँगै भेट्न छोड्नु हुँदैन भनेर चेतावनी दिए। केवल एक परिवार भन्दा बढी, "हामीलाई वास्तवमै एकअर्काको आवश्यकता छ।"

कोभिड'१९को तालाबन्दीको समयमा, सरकारहरूले सामाजिक दूरीलाई बढावा दिए र मण्डलीहरूलाई शारीरिक जमघटहरू रोक्न आग्रह गरे वा आवश्यक पनि गरे। धेरै मण्डलीहरूले पास्टर, केही सङ्गीतकारहरू, र एउटा खाली मण्डली भवनसँग डिजिटल प्रविधिको प्रयोग गरेर घरमा टोलवासीहरूलाई सञ्चार गर्न आराधना सञ्चालन गरे। यस परिस्थितिमा यो राम्रो काम थियो, तर जताततै इसाईहरूले भनिरहेका थिए, "मण्डलीमा फेरि संगै संगति गर्न म पर्खन सक्दिनँ।"

एक सेवक आफ्नो नियमित इलाकाबाट बाहिरको मण्डलीमा अतिथि वक्ता थिए। ग्यारी, मण्डलीमा पास्टरका एक कर्मचारीले सेवकलाई सम्पर्क गरे र चालीस वर्षभन्दा अघिको अनुभव सुनाए, जब ग्यारी र उनकी श्रीमतीले भखरै नयाँ जिल्लामा मण्डलीको काम सुरु गरेका थिए। त्यतिबेला अतिथि वक्ता सोही जिल्लामा सेवा गरिरहेका थिए । ग्यारीले स्मरण गरे, "जब हामी त्यहाँ आयौ, हामीले कसैलाई चिनेनौं। हामीलाई ध्यान दिनुहुने तपाई मात्र हुनुहुन्थ्यो। तपाईं र तपाईंकी श्रीमतीले हामीलाई खाजा खान लैजानुभयो।" कति उदेक! यस्तो फेरि कहिल्यै नहोस्।

त्यसैले आफ्नो कार्य गर्नुहोस्। बाइबलमा सत्य र येशू ख्रीष्टको सम्मान गर्ने मण्डलीमा घाँटी-गहिरो पाउनुहोस्। आफ्नो वरपरका मानिसहरूलाई "प्रेम र असल कामहरूमा एकअर्कालाई प्रोत्साहन" र "एकअर्कालाई प्रोत्साहन" दिने काममा सामेल हुनुहोस्। पछि, मानिसहरूले यसो भन्दैनन् कि "तपाईं मात्र एक हुनुहुन्थ्यो" बरु, "हामीलाई माया गर्ने र वास्ता गर्ने धेरै मानिसहरूमध्ये तपाईं एक हुनुहुन्थ्यो।"

.................

# अर्को नाम छैन

*****

*अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।*
*प्रेरित ४:१२*

मिथ्या वा अनुमानको कारण कसैले स्वेच्छाले झ्यालखान सजाय भोग्नुपर्ने सम्भावना विरलै। ख्रीष्टको प्रचार गरेको कारण झ्यालखानमा परेका पत्रुस र यूहन्नाले येशूलाई उहाँको जीवन, मृत्यु र पुनरुत्थानमा चिनेका थिए - येशू शरीरमा आउनुभएका परमेश्वर हुनुहुन्थ्यो भनी उनीहरूलाई पक्का थाहा थियो।

यद्धपि, त्यस लंगडा मानिसले हरेक दिन निरन्तर प्रार्थना गर्ने धार्मिक मानिसहरूले घेरिएको धार्मिक स्थलमा बिताए तापनि उनी तिनीहरूबाट कहिल्यै निको हुन सकेनन्। तर येशूको नाउँमा, उनी तुरुन्तै निको भए (प्रेरित ३:६-७)।

यद्यपि अधिकारीहरूले उनलाई चुनौती दिए तापनि, पत्रुस आत्माको भरपूरीद्वारा उत्साहित भए (४:८), र प्रचार गरे कि ख्रीष्टले निको मात्र होइन तर मुक्ति पनि प्रदान गर्नुहुन्छ। पत्रुस निश्चित छन्: "मानिसजातिको निम्ति स्वर्गमुनि कुनै अर्को नाम दिइएको छैन जसद्वारा हामीले मुक्ति पाउनु पर्छ" (४:१२)।

एक भियतनामी पास्टरले एक वर्षको चालीस हप्ता भन्दा बढी झ्यालखानमा बिताए। धेरैजसो आइतवार, उनले प्रचार गरे, त्यसपछि अधिकारीहरू उनलाई पक्राउ गर्न र झ्यालखान हाल्न आइपुगे। रिहा भएपछि, उनलाई आफ्नो गिरफ्तारी रेकर्ड गर्ने आधिकारिक कागजात दिइएको थियो। पास्टरले यी कागजातहरू सुरक्षित राखे किनभने, भियतनाममा, मण्डली पन्ध्र वर्षको सञ्चालनपछि मात्र दर्ता गर्न सकिन्छ - र उनको गिरफ्तारी कागजातहरूले पन्ध्र वर्ष प्रमाणित गर्दछ। "मुक्ति अरू कसैमा पाइन्न तर केवल ख्रीष्टमा मात्र पाइन्छ" भनी लगातार उनी प्रचार गरिरहेका छन्।

.................

# आइतबार कति पवित्र छ?

*****

*मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू।*
*शबाथ-दिन पवित्र मान्‍नुपर्छ भनी याद राख्नू।*
*प्रस्थान २०:३,८*

सत्य, अचम्म, केवल परमेश्वरले मिश्रको दासत्वबाट इस्राएललाई छुटकारा दिनुभएको थियो। तिनीहरू मात्र उहाँका मानिसहरू हुनुपर्थ्यो। सीनै पर्वतमा मोशासँगको महत्त्वपूर्ण भेटमा, परमेश्वरले दस आज्ञाहरू दिनुभयो। तुरुन्तै, उहाँले मानिसहरूलाई भन्नुभयो कि मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू - केवल "परमप्रभु तिमीहरूका परमेश्वर"लाई मात्र मान्नू। उहाँले आफ्ना मानिसहरूको सुरक्षा गर्न र उहाँलाई आफ्नो हृदय र जीवनमा पहिलो स्थानमा राख्न मद्दत गर्न थप व्यवस्थाहरू जारी गर्नुभयो। यी व्यवस्थाहरू मध्ये एउटा शबाथलाई पवित्र राख्नु थियो।

येशू क्रुसमा टाँगिनुभएपछि, मरियम मग्दालिनी र अर्की मरियम उहाँको चिहानमा गए। मत्ती २८:१ ले समय तोकेको छ: "शबाथपछि, साताको पहिलो दिन रिमरिम उज्यालो।" जब तिनीहरू त्यहाँ थिए, एउटा स्वर्गदूतले घोषणा गरे, "उहाँ यहाँ हुनुहुन्‍न। किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ" (पद ६)। येशू ख्रीष्टको पुनरुत्थान येशूको जीवन र सेवकाईको सबैभन्दा महत्त्वपूर्ण घटना बन्यो। नयाँ इसाई आन्दोलन फैलिएपछि, इसाईहरूले हप्ताको पहिलो दिन आइतबार भेट्न थाले। १कोरिन्थी १६:२मा, पावलले इसाईहरूलाई आग्रह गर्छन्, "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरू हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नु, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्।" आधुनिक संसारमा, सम्भवतः ९५प्रतिशत सबै इसाईहरूले आइतबार, येशू मृत्युबाट बौरी उठेको दिनलाई आफ्नो उपासनाको दिन मान्छन्।

उहाँले शबाथ-दिनलाई जुन प्रकारले हेर्नुभयो त्यसको निम्ति उहाँको अक्सर आलोचना भएको थियो; केही फरिसीहरूले उहाँलाई मार्ने षड्यन्त्र पनि गरे किनभने उहाँले शबाथमा निको पार्नुभएको थियो, जसले यहूदीहरूले शबाथलाई पवित्र राख्नको लागि बनाएका कडा कानुनहरू उल्लङ्घन गरेको थियो (मर्कूस ३:२-६)। येशूले तिनीहरूको आक्रोशलाई व्याख्यात्मक प्रश्नको साथ जवाफ दिनुभयो: "शबाथ-दिन भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ? (३:४) पृथ्वीमा आफ्नो समयको दौडान, येशूले शबाथको नयाँ बुझाइ प्रकट गर्नुभयो - उहाँले हामीलाई देखाउनुभयो कि "असल गर्नु" उपासनाको दिनमा उपयुक्त गतिविधि हो।

अर्को पटक, येशूले अर्को प्रश्नको साथ यस मुद्दालाई सम्बोधन गर्नुभयो: "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन?" (लूका १४:५)। आराधना वा उपासनाको दिनहरूमा तपाईंका बालबच्चाहरू अथवा जनवारहरूमा आइपरेको आपतकालिन अवस्थामा प्रतिक्रिया दिनु ठीक छ।

मेरो प्रारम्भिक जीवनमा, मैले प्रभुको दिनलाई लापरवाहीपूर्वक व्यवहार गरें। अलिकति असुविधाले मलाई मण्डलीबाट टाढा राख्थ्यो। तर मैले ख्रीष्टलाई व्यक्तिगत रूपमा चिनेपछि, म प्रभुको दिनलाई सम्मान गर्ने बारे धेरै संवेदनशील भएँ। मलाई विश्वास भयो कि यो आराधना, सङ्गति, सेवा र विश्रामको दिन हो।

एक पटक, म बाल्यकालको साथी र उनीहरूको परिवारको घरमा गएको थिएँ। हामी मण्डली गयौं। हामी जानुअघि मेरो साथीकी आमाले चुलोमा रोस्ट गर्नलाई केही कुरा राख्नुभएको थियो। घर आइपुगेपछि, हामीले त्यो पूर्णरूपले जलेको अवस्थामा भेट्यौं, र परिणामस्वरूप त्यसबाट निस्कने धुवाँले फर्निचरमा तेलको अवशेष छोडेको थियो। सुरुमा, मलाई दिक्क लाग्यो- यो पूजाको दिन हो कि कामको दिन? तर मलाई थाहा थियो कि मलाई मद्दत गर्न आवश्यक छ, त्यसैले हामी सबै मिलेर फर्निचर सफा गर्ने काम गयौं। यो "इनारमा खसेको गोरु" को जस्तै मामला थियो।

मैले एक पटक एउटा पुरानो भनाइ सुनें: "यहूदीहरूले शबाथ पालन गरे, र शबाथले तिनीहरूलाई ताजा राखे।" म विश्वास गर्छु अनि म इमान्दारीपूर्वक भन्न सक्छु कि मैले ख्रीष्टलाई पहिलो पटक भेटेको ६५ वर्ष भन्दा अघिदेखि, "मैले प्रभुको दिन पालन गरेको छु,

र प्रभुको दिनले मलाई ताजा राखेको छ।" र त्यस दिनको पालन गर्नु मेरो निम्ति मूल्यवान, रमाइलो, प्रशस्त र असिमित भएको छ।

यहाँ एउटा राम्रो अभ्यास छ - खाली ठाउँ भरेर यो वाक्य समाप्त गर्नुहोस्: "प्रभु, म आज बिहान मण्डली जाँदिनँ किनकि मेरोलागि तपाईसँग भेट गर्नुभन्दा ................लाई भेट गर्नु महत्वपूर्ण छ।

• • • • • • • • • • • • • • • • •

# के म तपाईं जस्तै हुनेछु?

*****

*येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन। यूहन्ना ३:३*

*तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। २ पत्रुस ३:१८*

"यदि मैले आज राती येशू ख्रीष्टलाई स्वीकार गरें भने, के म आज राती तपाईं जस्तै हुनेछु किनकि तपाईंले धेरै वर्षदेखि ख्रीष्टलाई पछयाउनुभएको छ?" यो मेरो लागि पेगीको इमानदार र गम्भीर प्रश्न थियो। म र मण्डलीका अन्य दुई जना मानिस प्रयाङ्क र पेगीसँग तिनीहरूको बैठक कोठामा बस्यौं। ख्रीष्टलाई ग्रहण गर्नु र उहाँलाई पछयाउनु भनेको के हो भनेर हामीले विस्तृत रूपमा छलफल गर्‍यौं। हामीले बतायौं कि जब कसैले आफ्नो जीवनमा ख्रीष्टलाई साँच्चै स्वीकार गर्छ, त्यो व्यक्ति यति परिवर्तन हुन्छ कि येशूले यसलाई "नयाँ जन्म" भन्नुभयो।

अब पेग्गी जान्न चाहन्थिन् कि, ख्रीष्टलाई स्वीकार गरेको एक मिनेट पछि, उनी म जस्तै हुनेछिन् - कोही जसले वर्षौंदेखि ख्रीष्टलाई पछयाएको थियो। हाम्रो कुराकानीको अर्को भाग यस्तो थियो:

"पेगी, तपाईंले मलाई आफ्नो छोरा, ब्रेन्टको बारेमा बताउनुभएको छ। उ कति वर्षको छ?"

"तीन।"

"उ बीजगणितमा कस्तो छ?"

छक्क परेर उनले जवाफ दिइन्, "उसले बीजगणित गर्दैन।"

"त्यो सहि हो। उ जन्मिएको छ। उ साँच्चै जीवित छ। उ बोल्छ, हिड्छ, कुद्छ, खेल्छ । उ स्वस्थ र पूर्ण रूपमा जीवित छ। उ तीन वर्षको उमेरका मात्रै छ। तर उ यतिको लागि मात्र होइन। कुनै दिन ऊ स्कुल जानेछ, आफ्नो गन्तीहरू सिक्नेछ, जोड्न र घटाउन सिक्नेछ, त्यसपछि गुणन र भाग गर्न सिक्नेछ। र एक दिन उसले बीजगणित सिक्नेछ।"

मैले अझ भने, "जब तपाईं आत्मिक रूपमा फेरि जन्मनुहुन्छ, तपाईं ख्रीष्टमा साँच्चै र पूर्ण रूपमा जीवित बन्नुहुन्छ। अहिले तपाईंसित वास्तविक आत्मिक जीवन छ। तर तपाईंको अगाडि बढ्नको लागि सम्पूर्ण जीवन छ। परमेश्वरले तपाईंसँग धैर्य गर्नुहुनेछ। बलियो र अधिक परिपक्व जीवनमा उहाँले तपाईंलाई कदम-कदममा अगुवाइ गर्नुहुनेछ, जब तपाईंले यसलाई सम्हाल्न सक्नुहुन्छ। त्यहाँ केही पाठहरू छन् जुन उहाँले मलाई मेरो पहिलो हप्ता सिकाउनुभयो, केही उहाँले मलाई एक वर्ष पछि सिकाउनुभयो, र केही गत हप्ता मात्र। यो जिउने एउटा रोमाञ्चक तरिका हो, परमेश्वर आफैले तपाईंलाई हरेक हफ्ता बढाउँदै हुनुहुन्छ।"

पेगी सन्तुष्ट थिइन्। त्यो रात, फ्रान्क र पेगी दुवैले ख्रीष्टलाई आफ्नो जीवनमा ग्रहण गरे र येशूसँग यात्रा सुरु गरे। र के तिनीहरू अहिले बढेका छन्!

कुनै अचम्मको कुरा होइन हामीसँग दुबै सल्लाहहरू छन्: "नयाँ जन्म लिनुहोस्," र, "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जानुहोस्।"

……………….

# बढ्दै जानुहोस्

*****

*तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ।*
*२ पत्रुस ३:१८*

म भोलि बिहान शल्यक्रिया गर्दैछु। यो कुनै ठूलो कुरा होइन - केवल मोतीबिन्दुको शल्यक्रिया। यद्यपि त्यहाँ पुग्न धेरै चरणहरू छन्। चौबीस घण्टा बाँकी छ, मैले प्रारम्भिक मेडिकल जाँच र तीन राउन्ड आँखाका ड्रपहरू लिएको छु। मैले अझै पनि आज राती र बिहान मेरो अनुहार राम्ररी धुनुपर्छ; मध्यरातपछि खाना खानु वा पानी पिउनु हुँदैन; उठ्ने बित्तिकै निश्चित, निर्धारित औषधी लिने अनुमति दिइएको छ; कसैले मलाई शल्यक्रिया केन्द्रमा लैजानु त्यहाँबाट ल्याउनुपर्छ; मेरा बहुमूल्य कुराहरू घरमा छोड्नुपर्छ; मेरो मेडिकल इतिहास कागजीपत्र, चालक अनुमतिपत्र, बीमा कार्ड, र क्रेडिट कार्ड, र अन्य कुराहरू प्रवेश डेस्कमा प्रस्तुत गर्नुपर्छ।

यी सबै सा साना कदमहरू एक सफल शल्यक्रियामा पुग्नको लागि र सुधारिएको दृष्टिको जीवनभरको लागि लिइन्छ। मैले हरेक कदम सकारात्मक सोंचका साथ उठाएको छु किनभने मलाई अन्तिम नतिजा मनपर्छ। मलाई विश्वास छ कि यो सबै यसको लायक छ किनभने मैले पहिलै नै एउटा आँखाको सफल शल्यक्रिया गरिसकेको छु, र जीवन धेरै उज्यालो छ।

पत्रुसले प्रारम्भिक इसाईहरूलाई आफ्ना दुई पत्रहरूमा भन्नको लागि धेरै कुराहरू थिए। उनले "आत्माको शुद्ध पारिने कार्य" (१ पत्रुस १:२) को बारेमा भन्छन्; "जीवित आशामा नयाँ जन्म" (पद ३); स्वर्गमा "उत्तराधिकार" (पद ४); "पवित्र होओ" (पद १६); र "आफूलाई सबै द्वेष र सबै छल-कपटबाट मुक्त गर" (२:१)। उनी भन्छन्, "नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ" (२:२)।

आत्मिक जीवनमा कहिलेकाहीँ यस्तो समय आउँछ जब तपाईं सानो बालकको कदम चाल्नुहुन्छ, तपाईंले भविष्यमा ठूलो प्रगति र विजय प्राप्त गर्नुहुनेछ। एक युवा इसाईको रूपमा, मैले हडसन टेलरको आत्मिक रहस्य र रीईस होवेलको अन्तर्वार्ता जस्ता महान परिपक्व इसाईहरूको जीवनी पढ्छु। यिनीहरूसँग प्रार्थना र विजयका ठूला जवाफहरू थिए। तिनीहरूको कारणले गर्दा म मेरो आत्मिक जीवनमा अझ बढी आकर्षित भएँ, तर मलाई थाहा थियो कि त्यहाँ पुग्न धेरै वर्ष लाग्नेछ। तर म अझै त्यहाँ नभएकोमा निराश भइनँ। तपाईंले यी उपासनाका पृष्ठहरू पढ्दा पनि, तपाईंले परमेश्वरले गरेका महान कार्यहरू देख्नुहुनेछ। निराश हुनुको सट्टा यसले तपाईंलाई अझ ठूलो उचाइहरूमा प्रेरित गरोस् किनभने यो अझै तपाईंको अनुभव होइन।

मेरो प्रारम्भिक इसाई जीवनमा, म दिनको दस मिनेट प्रार्थना गर्न सक्छु र हरेक दिन एउटा नयाँ करारको अध्याय पढ्न सक्छु। तर मलाई थाहा थियो कि अगाडि उत्तम चीजहरू छन्। एक बिन्दुमा, मैले ठूलो प्रलोभन महसुस गरें र यसको माध्यमबाट प्रार्थना गर्ने प्रयास गरें, तर सकिनँ। तर केवल मेरा आत्मिक गुरुको कलेजको छात्रावासको कोठामा दौडिएर र उहाँलाई मेरो हृदयभित्रका कुराहरू पोखाउँदा मात्र मैले जवाफ पाएँ।

जुन मण्डलीमा मैले भर्खरै ख्रीष्टलाई पाएँ, त्यहाँ मैले एक वृद्ध इसाईले अनुचित जीवन बिताएको देखेँ र मेरो पास्टरलाई तिनको बारेमा गुनासो गरें। मेरो पास्टरले मलाई प्रोत्साहन दिनुभयो, धैर्यताको सल्लाह दिनुभयो, र निर्णय गर्ने भावना विरुद्ध सावधान गराउनुभयो। यी सा-साना कदमहरूले मेरो वर्तमान जीवनलाई आकार दिएको छ।

यो सबै म तपाईंलाई बताउँदैछु ताकि तपाईं परमेश्वरको कृपामा बढ्नुहुनेछ। मलाई थाहा छ तपाईं यो गर्न सक्नुहुन्छ।

• • • • • • • • • • • • • • • • •

# ढोकामा आवाज

*****

*हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यस कहाँ भित्र पस्नेछु र त्ससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ।*

*प्रकाश ३:२०*

यो चित्र एक व्यक्तिले येशूलाई आफ्नो हृदय र जीवनमा ग्रहण गर्ने माध्यम हुन सक्छ।

माथि दिइएको चित्र वार्नर सालम्यानको ख्रीष्टले ढोका ढकढकाइरहनुभएको प्रसिद्ध चित्र हो। सालम्यानको *ख्रीष्टका शिर, ख्रीष्ट हृदयको ढोकामा* र अन्य चित्रहरू विश्वभरि फैलिएको छ।

*क्राइस्ट एट हार्ट्स डोर (ख्रीष्ट हृदयको ढोकामा)* प्रकाश ३:२० मा लाओडिसियाको मण्डलीलाई गरिएको अपीलमा आधारित् छ। यद्यपि यो मनतातो विश्वासीहरूलाई आफ्नो मण्डली खोल्न र ख्रीष्टमा नयाँ जीवन बिताउनको लागि अह्वान हो , यसले फराकिलो आत्मिक सिद्धान्त पनि स्थापित गर्दछ: जहाँ ढोका खोलिएको छ, त्यहाँ ख्रीष्ट प्रवेश गर्नुहुनेछ। यसरी, उक्त खण्ड मुक्तिको आवश्यकता भएका व्यक्तिहरूको लागि पनि लागू गर्न सकिन्छ।

यहाँ फ्रेड र प्याटीसँगको मेरो कुराकानीको सारांश छ जुन अघिल्लो छलफलले सुसमाचारको बारेमा उनीहरूको समझलाई देखाएको थियो:

**चिक शेभरः** फ्रेड र प्याटी, यहाँ ख्रीष्टले हृदयको ढोका ढकढकाउदै गरेको प्रसिद्ध चित्र छ। यो प्रकाश 3:20 मा आधारित् छ, हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यस कहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ।" ढोकाको ढुङ्गाको चापमार्गमा भएको उज्यालोलाई ध्यान दिनुहोस्, र त्यसपछि काठको चापमुनि बाँया तिर? त्यसपछि उज्यालो येशूको खुट्टामा झर्छ। यदि तपाईं आफ्नो कल्पना प्रयोग गर्नुहुन्छ भने, यहाँ तपाईंले हृदयको आकार देख्न सक्नुहुन्छ। के तपाईं त्यो देख्न सक्नुहुन्छ?

**फ्रेडः** हो, हामी सक्छौं!

**चिक शेभरः** येशूले तपाईंको हृदयको ढोका ढकढक्याउँदै हुनुहुन्छ भनेर सोचौं। येशूको खुट्टा वरिपरि काँडाहरू बढेको याद गर्नुहोस्, मानौं उहाँले धेरै समयदेखि ढकढक गरिरहनुभएको छ। मलाई लाग्छ कि ख्रीष्टले लामो समयदेखि तपाईंको हृदयको ढोका ढकढकाइरहनुभएको छ। के तपाइँ त्यो महसुस गर्नुहुन्छ?

**प्याटीः** मलाई लाग्छ कि हामी दुवैले यो स्वीकार गर्नुपर्छ - उहाँले लामो समयदेखि ढकढक्याइरहनुभएको छ।

**चिक शेभरः** सानो झ्याल हेर्नुहोस्? यो भित्र अँध्यारो छ किनकि ख्रीष्ट बाहिर रहँदा जीवन भित्र सधैं अँध्यारो हुन्छ। त्यसपछि, ध्यान दिनुहोस् ख्रीष्टले मात्र ढकढक्याउनुहुन्छ; उहाँले ढोका खोल्ने प्रयास गर्नुहुन्न। किनभने ढोका भित्रबाट खोलिनुपर्छ।

**फ्रेडः** मैले बुझें।

**चिक शेभरः** त्यस समयमा ढोकाहरू बन्द गर्नको निम्ति ढोकाको प्रत्येक छेउमा धातुको कोष्ठकमा तख्ता छोड्नु एउटा सामान्य तरिका थियो । ढोका खोल्नको लागि, भित्र भएका व्यक्तिले कोष्ठकबाट बाहिर र ढोकाको एक छेउमा धकेल्नुपर्थ्यो। प्रकाश ३:२० सुरु हुनुभन्दा अघिको पद १९ "पश्चात्ताप" शब्दसित समाप्त हुन्छ। यदि हामी ख्रीष्टको लागि हाम्रो हृदयको ढोका खोल्न जाँदैछौं भने, हामीले परमेश्वरलाई भन्नै पर्छ कि हामी हाम्रा पापहरूका लागि क्षमाप्रार्थी छौं र, परमेश्वरको मद्दतले, हामी हाम्रा पापहरूबाट फर्कन्छौं। यस चित्रको कल्पनामा, यदि हामी साँच्चै ख्रीष्टको लागि ढोका खोल्न चाहन्छौं भने, हामीले पापको तख्तालाई धकेल्नुपर्छ। के यसले तपाईंलाई केही महसुस गराउँछ?

**फ्रेडः** यो निश्चित छ।

**प्याटीः** हो, यो गर्छ।

**चिक शेभरः** यदि तपाईंले आफ्नो हृदयको ढोका ख्रीष्टको लागि खोल्नु भयो भने, उहाँले भित्र आउने प्रतिज्ञा गर्नुहुन्छ। तर

तपाईंले त्यो ढोका खोल्नुभयो भने, तपाईंले उहाँलाई मुक्तिदाता, आफ्ना सबै पापहरू क्षमा गर्ने, र प्रभुको रुपमा, आफ्नो जीवनको अगुवाको रूपमा स्वीकार गर्दै हुनुहुन्छ भनेर बुझ्नुपर्छ। यसको मतलब यो हो कि अब सुरु गरेर, तपाईंले उहाँको इच्छाअनुसार गर्नुहुनेछ। तपाईंले उहाँलाई शटहरू कल गर्न दिनुहोस्। के यो तपाईं गर्न इच्छुक हुनुहुन्छ?

**फ्रेड:** हो, यो हो।

प्याटीले हुन्छ भन्ने इसारामा शीर हल्लाउँछिन्।

त्यसपछि के भयो, भोलिको उपासनाका खण्डले बताउनेछ।

•••••••••••••••••

# चित्रको शक्ति

*****

*जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताडना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर। हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ। प्रकाश ३:१९-२०*

**चिक शेभर:** मलाई लाग्छ, फ्रेड र प्याटी, ख्रीष्टले अहिले नै तपाईलाई सोध्नुहुन्छ कि यदि तपाईहरूले आफ्नो हृदयको ढोका ख्रीष्टको निम्ति खोलेर उहाँलाई र उहाँको अनन्त जीवनको उपहार प्राप्त गर्न चाहनुहुन्छ? यदि चाहनुहुन्छ भने म तपाईसँग प्रार्थना गरेर त्यसो गर्न मद्दत गर्न सक्छु, के तपाई यो गर्न चाहनुहुन्छ?

**प्याटी:** ओह, ज्यू!

**फ्रेड:** मैले चाहेको यही हो।

**चिक शेभर:** यदि साच्चै तपाई यसै गरेको चाहनुहुन्छ भने के तपाई आफ्नो प्रार्थना आफै गर्न चाहनुहुन्छ, वा मेरो पछि प्रार्थना दोहोऱ्याउन चाहनुहुन्छ?

**फ्रेड:** तपाई प्रार्थना गर्नुहोस्, अनि हामी तपाईंलाई दोहोऱ्याउँछौं।

मैले निम्न प्रार्थना गरें, अनि उनीहरूले मेरो पछि दोहोऱ्याए।

**चीक शेभर:** हे परमेश्वर, मेरो पापको लागि म क्षमाप्रार्थी छु, अनि तपाईंको सहायताले, म आफ्ना पापहरूबाट फर्कदैछु। अहिले, म आफ्नो हृदयको ढोका येशू तपाईंको निम्ति खोल्दछु। म तपाईंलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्दछु अनि मेरो जीवनको सबै कुरा तपाईंलाई सुम्पन्छु। अहिले, तपाईंलाई म मेरो हृदयमा र जीवनमा ग्रहण गर्दछु। आमेन।

त्यसपछि मैले धेरै प्रश्नहरू सोध्दा मैले उनीहरूलाई शिर निहुराएर राख्न भनें।

**चिक शेभर:** फ्रेड, के तपाईंले परमेश्वरलाई आफ्ना पापहरूका लागि क्षमाप्रार्थी र ती पापहरूबाट फर्किएको कुरा बताउनुभएको कुरा बुझ्नुभयो?

**फ्रेड:** हो, मैले बुझें।

**चिक शेभर:** के तपाईंले ख्रीष्टलाई आफ्नो हृदयमा आउन र आफ्नो जीवनको अगुवा बन्न आमन्त्रित गर्नु भएको थियो?

फ्रेड: हो, मैले गरे।

**चिक शेभर:** येशूले भन्नुभयो कि यदि कसैले हृदयको ढोका खोल्यो भने, उहाँ भित्र आउनुहुनेछ। के तपाईलाई लाग्छ कि उहाँले त्यसै गर्नुभयो?

**फ्रेड:** हो, उहाँले गर्नुभयो।

**चिक शेभर:** यदि तपाई साँच्चै आफ्नो पापहरूबाट फर्कनुभएको हो भने; यदि तपाईंले आफ्नो हृदयको ढोका साँच्चै खोल्नुभएको हो भने; र यदि येशूले भन्नुभयो कि यदि तपाईंले ढोका खोल्नुभयो भने, उहाँ भित्र आउनुहुनेछ; त्यसोभए येशू अहिले कहाँ हुनुहुन्छ?

**फ्रेड:** उहाँ मेरो हृदयमा हुनुहुन्छ।

हाम्रो कुराकानीको अन्त्यमा, फ्रेड धेरै गम्भीर भए, र मैले प्याटीलाई यस्तै प्रश्नहरू सोधें। उनले मलाई भनिन्, "उहाँ मेरो हृदयमा हुनुहुन्छ," र रुन थालिन्।

हामी सबैले शीर उठायौं। मैले तिनीहरूसित हात मिलाएर भनें, "परमेश्वरको राज्यमा स्वागत छ!" तिनीहरू सबै मुस्कुराए। एउटा ठूलो मुस्कान!

मैले तुरुन्तै उनीहरूसँग चेलापन प्रक्रिया सुरु गरें जसमा उनीहरूलाई नयाँ र बढ्दो *इसाईहरूका लागि आधारभूत बाइबल अध्ययन*मा सुरू गर्ने समावेश थियो। मैले येशूको तस्बिर लिएँ र पछाडि लेखें: "फ्रेड स्मिथले फरवरी १३, २०१८मा आफ्नो हृदयको

ढोका ख्रीष्टको लागि खोलिदिए - प्रकाश 3:20।" मैले फ्रेडलाई आत्मिक जन्म प्रमाणपत्रमा हस्ताक्षर गर्न आग्रह गरें र मसँग आउने जो कोहीलाई पनि हस्ताक्षर गर्न आग्रह गरें। मैले प्याटीलाई पनि त्यस्तै तस्वीर र लेखिएको कुरा दिएँ।

ख्रीष्टले ढोका ढकढक्याउनु भएको चित्र सुसमाचार सन्देशको प्राकृतिक दृष्टान्त हो जसमा चित्रको प्रत्येक तत्वले तपाईलाई त्यसपछि के भन्नु पर्छ भनेर सम्झाउँछ। चित्रको शक्ति! ढोकामा ढकढक ! के तपाईंले आफ्नो हृदय र जीवनमा ख्रीष्टलाई निम्त्याउनु भएको छ? के तपाईं कसैलाई चिन्नुहुन्छ जसलाई तपाईंले यो तस्वीर बुझाउन आवश्यक छ?

•••••••••••••••••

# परमेश्वरले तपाईंलाई रक्षा गरुन्

*****

*परमप्रभु त्यही रात तिनीकहाँ देखा पर्नुभयो, अनि उहाँले तिनलाई भन्नुभयो, "म तेरो पिता अब्राहामका परमेश्वर हुँ। नडरा, किनभने म तँसँग छु। म तँलाई आशिष् दिनेछु, र मेरो दास अब्राहामको खातिर म तेरा सन्तानको वृद्धि गराउनेछु।" तब इसहाकले त्यहाँ एउटा वेदी बनाएर परमप्रभुका नाउँको पुकारा गरे, र आफ्नो पाल त्यही नै टाँगे। त्यही तिनका नोकरहरूले एउटा इनार खने। उत्पत्ति २६:२४-२५*

माथिको खण्डको सन्दर्भलाई संक्षेप गरौं:

• परमप्रभुले इसहाकसँग व्यक्तिगत भेट गर्नुभयो।

• परमप्रभुले इसहाकलाई नडराउनु भनी भन्नुभयो। किन? किनभने परमप्रभु तिनीसँग हुनुहुनेछ।

• पपरमेश्वरले इसहाकलाई आशिष् दिने र उहाँलाई धेरै सन्तान दिने प्रतिज्ञा गर्नुभयो।

• इसहाकले यो भेटघाटलाई हलुका प्रकारले लिएनन्। तिनले तुरुन्तै एउटा वेदी बनाए र परमप्रभुको आराधना गरे।

• इसहाकको *आशिष्मा* परमेश्वरको उपस्थिति समावेश थियो; शारीरिक पीडाको तत्काल राहत (अत्यन्त सुख्खा ठाउँमा पानीको सफल इनार); र येशू ख्रीष्टको जन्मको परिणामस्वरूप सन्तानहरूको श्रृंखला।

बाइबलमा, प्रायः भौतिक र आत्मिक राम्रोको लागि आशिष् दिइएको छ-

मत्ती 7:11 ले प्रार्थनाको बारेमा येशूको शिक्षालाई सम्झाउँछ: "यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ!" लूका ११:१३ ले येशूले त्य समयमा के भन्नुभयो भनेर अझ बताउँदछ: "यदि तिमी दुष्ट भए तापनि आफ्ना छोराछोरीहरूलाई असल उपहार दिन जान्दछौ भने, स्वर्गमा बस्नुहुने तिम्रा पिताले उहाँसँग माग्नेहरूलाई कति धेरै असल उपहारहरू दिनुहुनेछ!" लूका 11:13 ले येशूले त्यस समयमा के भन्नुभयो भनेर थप व्याख्या गर्छ: "तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिनन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ।" स्पष्ट रूपमा, पवित्र आत्मा सबै वरदानहरूमध्ये उत्कृष्ट हुनुहुन्छ। कुनै अचम्मको कुरा होइन कि हामी भन्छौं कि जो कोहीले पवित्र आत्मा प्राप्त गर्दछ उ साँच्चै धन्यको हो। जब तपाईंसँग पवित्र आत्मा हुन्छ, तपाईंसँग स्वयं परमेश्वर हुनुहुन्छ।

उहाँको पवित्रतामा आत्माको भरपुरी प्राप्त गर्नु कति आशिषित कुरा हो। जसरी गलाती ५:२५ ले भन्छ, "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंडौं।" यसलाई साँच्चै "आशिषमा जिउनु" भन्नसकिन्छ। *परमेश्वरले तपाईंलाई रक्षा गरून्।*

• • • • • • • • • • • • • • • • •

# स्व-अनुशासन

*****

*यसकारण लक्ष्य नराखी म दगुर्दिनँ। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।*

*१ कोरिन्थी ९:२६-२७*

के तपाईं विश्वास गर्न सक्नुहुन्छ कि त्यो मानिस जसले भन्यो, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो" (एफिसी २:८), र, "होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा, हामी विजेताहरूभन्दा पनि अझ बढी छौं" (रोमी ८:३७), र "मेरा परमेश्वरले आफ्ना महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ" (फिलिप्पी ४:१९) आत्म-अनुशासनमा यस्तो जोड दिन्छन्, "आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु?"

मैले भर्खरै ख्रीष्टलाई स्वीकार गरेको र गम्भीर रक्सीको दुर्व्यसनको पृष्ठभूमि भएको मेरो जवान साथीलाई भनें, "तपाईले एक पेग पनि लिन सक्नुहुन्न।" अर्की साथीले प्रायः उनको धेरै खाने र अधिक तौलको कारण हारेको महसुस गरिन्, तर मैले अन्तमा उसलाई खाने कुरामा आफैलाई अनुशासन गरेकी र आफ्नो तौल नियन्त्रणमा ल्याएकी देखें।

मैले दुई-सेकेन्डको नियमको साथ सुझावात्मक टि.भी.का दृश्यहरूको पहिलो झलकलाई प्रतिकार गरेर मेरो विचार जीवनमा परमेश्वरलाई सम्मान गर्ने निर्णय गरें: दुई सेकेन्डभित्र, म च्यानल परिवर्तन गर्न रिमोट प्रयोग गर्नेछु।

परमेश्वरले तपाईंलाई सफा हृदय दिनुभएको हुनसक्छ, तर तपाईंले जीवनको पीडाको बारेमा आफ्ना भावनाहरूलाई अनुशासन गर्नुपर्छ। डा. जिम डिहलले एक पटक भनेका थिए कि यदि तपाईंले आफ्नो हृदय येशूलाई दिनुभएको छैन भने, चोट तीतो हुनसक्छ, जो क्रोध बन्न सक्छ, घृणा हुनसक्छ। उनले भने, "यदि तिमीले आत्म-अनुशासन गर्दैनौ भने, तिमी कहिल्यै विजयमा रहन सक्दैनौ।" प्रेरित पावलले पनि आफूलाई अनुशाषित गरे ताकि "पुरस्कारको लागि अयोग्य" हुन नपरोस्।

र आत्म-अनुशासनको अन्तिम परिणाम के हो? तौल गुमाएकी महिलाले मलाई आफूलाई राम्रो महसुस, विजयी र आनन्द अनुभव गरेकी बताइन्। आफ्नो जीवनमा आत्म-अनुशासनको फल देख्दा तपाईलाई कस्तो लाग्छ कल्पना गर्नुहोस्। जब तपाईं आफैलाई अनुशासन गर्न परमेश्वरको कृपामा आकर्षित गर्नुहुन्छ, विजय प्राप्त हुन्छ। तपाईं उद्देश्यका साथ दौडिनुहुनेछ र असलपूर्वक समाप्त गर्नुहुनेछ।

.................

# किन यति धेरै हत्या ?

*****

*अनि जब परमप्रभु तिमीहरूका परमेश्वरले उनीहरूलाई तिमीहरूको अधीनमा पारिदिनुहुन्छ र तिमीहरूले उनीहरूलाई परास्त गरेका हुन्छौ, तब तिमीहरूले उनीहरूलाई सम्पूर्न नाश गर्नू। तिमीहरूले उनीहरूसित सम्झौता नगर्नू। उनीहरूलाई नटिठ्याउनू। उनीहरूसित विवाहबारी नगर्नू। तिमीहरूका छोरी तिनीहरूका छोराहरूलाई नदिनू अथवा तिनीहरूका छोरीहरू तिमीहरूका छोराहरूका निम्ति नलिनू, किनकि तिनीहरूले तिमीहरूका छोराहरूलाई परमप्रभुबाट बहकाएर अन्य देवताको पूजा गर्न लाउनेछन्। यसो गर्नाले परमप्रभुको क्रोध तिमीहरूमाथि दन्कनेछ, र उहाँले तिमीहरूलाई तत्कालै नष्ट पार्नुहुनेछ। व्यवस्था ७:२-४*

*परमप्रभुले तिमीहरूका सामुन्नेबाट उनीहरूलाई निकालिसक्नुभएपछि तिमीहरूले आफ्नो मनमा यसो नभन्नू, "हाम्रो धार्मिकताको कारणले नै परमप्रभुले यो देश अधिकार गर्न हामीलाई ल्याउनुभएको हो।" बरु यो जातिहरूको दुष्टताले गर्दा नै परमप्रभुले उनीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनुहुन्छ। व्यवस्था ९:४*

"पुरानो करारमा किन यति धेरै हत्या छ?" वर्षौंदेखि मलाई धेरै पटक सोधिएको प्रश्न हो यो। म स्वीकार गर्छु कि यो चिन्ताजनक छ। यो मुद्दामाथि यहाँ केही विचारहरू छन्:

1. इस्राएलले राष्ट्रहरूलाई आफ्नो धार्मिकताको कारणले होइन तर ती राष्ट्रहरूको दुष्टताको कारणले कब्जा गर्नुपर्दछ (व्यवस्था ९:४)। तिनीहरू दुष्ट छन्।

२. इस्राएलले यी मानिसहरूलाई पूर्ण रूपमा नष्ट गर्नुपर्छ। यदि तिनीहरूले यसो गर्दैनन् भने, र तिनीहरूका छोरीहरूले इस्राएलका छोराहरूलाई विवाह गर्छन् भने, तिनीहरूका छोरीहरूको प्रभावले इस्राएललाई झूटा देवताहरूको उपासना गर्न आकर्षित गर्नेछ। परमेश्वरले एउटा नयाँ भूमि स्थापना गर्न प्रयास गरिरहनुभएको छ जहाँ उहाँलाई एकमात्र साँचो परमेश्वरको रूपमा सम्मान गरिन्छ (व्यवस्था ७:३-४)।

3. दुष्ट राष्ट्रहरूको पूर्ण विनाश आत्मिक जीवन कस्तो हुनुपर्छ भन्ने चित्र हो - हाम्रो हृदय र जीवनबाट सबै पाप हटाउनु, र एक साँचो परमेश्वरलाई पूर्ण रूपमा समर्पण गर्नु हो। त्यहाँ कुनै प्रतिद्वन्द्वी हुन सक्दैन - हाम्रो हृदय सौ प्रतिशत परमेश्वरको हुनुपर्छ।

येशू हाम्रो संसारमा आउनुभएपछि, हामी नयाँ जोड देख्छौं। पुरानो करारले चित्रण गरेका कुराहरू उहाँले पूरा गर्नुहुन्छ, र अब हामीसँग नयाँ करार छ।

१. येशू सिकाउनुहुन्छ, "आफ्ना शत्रुहरूलाई प्रेम गर र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर" (मत्ती ५:४४)। हामीलाई तरवारको लागि होइन, तर प्रेम गर्न बोलाइएको छ: "खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित" (रोमी १२:२१)।

२. हामीले हाम्रो जीवनमा कुनै पनि खराबीका निशानहरूलाई अनुमति दिनु हुँदैन, नत्रता तिनीहरूले हामीलाई पापको जीवनमा तान्छन्: "हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं" (हिब्रू १२:१)

३. परमेश्वरले इसाईहरूलाई आफ्नो सम्पूर्ण जीवन पूर्ण आत्मसमर्पण गर्न बोलाउनुहुन्छ: "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर- यो साँचो र उचित आराधना हो" (रोमी १२:१)। नयाँ करारले हाम्रो जीवनमा भएका सबै खराबीहरूलाई पूर्ण रूपमा मार्ने कुरा पनि गर्छ। जसरी पावलले लेखेका छन्, "म ख्रीष्टसँगै क्रुसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ" (गलाती २:२०)।

यो हत्याको प्रकार हो जसको निम्ति म आज सबैभन्दा बढी चिन्तित छु - पापको हत्या। मत्ती ५:८ ले भन्छ, "धन्य हृदयमा शुद्ध हुनेहरू, किनकि तिनीहरूले परमेश्वरलाई देख्नेछन्।" के तपाई हृदयमा शुद्ध बन्न इच्छुक हुनुहुन्छ?

•••••••••••••••••

# परमेश्वरले हामीलाई यस्तो प्रेम गर्नुभयो

*****

*प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ।*

*१ यूहन्ना ४:७*

रीस होवेल्सको कोठा मिसन हाउसको बेसमेन्टमा थियो। त्यहाँ बस्ने एकमात्र मानिस उनी नै थिए। तर रीसले बताएअनुसार गर्मी मौसममा फस्टाउने घस्रने वस्तुहरू अर्थात उनीसँग राती आगन्तुकहरू थिए। एक बिहान, उनले दलिया र पनीरको खाजा खाने तयारी गर्दा, उनले त्यसमा कीराहरू भेट्टाए जसको कारण त्यसलाई पचाउन गाह्रो भएको थाहा पाए। सुरुमा, रीसले केही गर्न सकेनन् तर उनको साथी विरुद्ध विचार मनमा आयो जसले उनलाई बस्नको लागि यस्तो ठाउँ दिएको थियो। त्यसपछि परमेश्वरले रीससँग बोल्नुभयो, येशूले उनलाई प्रेम गर्नुभएको थियो जब उनले येशूलाई उनको साथीले गरेको व्यवहारभन्दा खराब व्यवहार गरेका थिए।

त्यो उष्णकटिबंधीय टापुको पहाडहरूमा, रीसले प्रार्थना गरे। उनले आफ्नो साथीको दृष्टि गुमाए र उहाँलाई मार्नेहरूलाई प्रेम गर्नुहुने मुक्तिदातालाई देखे! परमेश्वरले रीसको भित्री स्वभावमा काम गरिसकेपछि, जसले उनलाई नराम्रो गरेका थिए, ती सबैलाई प्रेम गर्न उनमा रहेको पवित्र आत्माले उनलाई सिद्ध प्रेम दिनुभयो। यहाँ कुनै देखावटी वा नक्कली क्षमा छैन - जब रीसले देखे कि उनलाई "परमेश्वरले यस्तो प्रेम गर्नुभयो" प्रेम गर्न गाह्रो परेका मानिसहरूलाई प्रेम गर्न उनी सक्षम बने।

•••••••••••••••••

# यदि तपाईंको भाइ वा बहिनीले पाप गर्छ भने, जानुहोस्...

*****

*"तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक दुई जनालाई लैजाऊ र दुई वा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। मत्ती १८:१५-१६*

माथिको खण्डले वर्णन गरेको कुरा धेरै माग, धेरै गाह्रो, धेरै खतराले भरिएको जस्तो देखिन्छ - धेरैले यो वचनले जे भन्छ त्यो गर्नबाट जोगिनेछन्। तैपनि यी तथ्यहरू पापमा समातिएका भाइ वा बहिनीको परिदृश्यको बारेमा छन्:

- पाप घातक छ, र यो व्यक्ति मूल्यवान छ।
- इसाईहरूले एकअर्काको वास्ता राख्छन्।
- जसले पाप गर्छ उसलाई पुनर्स्थापित गर्न सकिन्छ।

यो यति ठूलो मुद्दा थियो कि विश्वासयोग्य गोठालाले एउटा हराएको भेडाको खोजी गर्न उनान्सय भेडाहरूलाई छोडेर जानेछन् भनेर येशूले सिकाउनुभयो। त्यसपछि, उहाँले निष्कर्ष निकाल्नुभयो, "त्यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट नहोस्" (मत्ती १८:१४)।

म एक जवान पास्टर थिएँ, र क्याल हाम्रो नवगठित मण्डलीमा सण्डे स्कूल सुपरिटेन्डेन्ट चुनिए। एक रात, मलाई अज्ञात फोन कल आयो। अपरिचित फोन गर्ने व्यक्तिले भन्यो, "के तपाईलाई थाहा छ कि क्याल मातेको छ र अहिले अर्की महिलाको घरमा छ?"

फोनमा कुराकानी गरिसकेपछि, मलाई त्यस घरमा जानुपर्छ जस्तो लाग्यो - त्यहाँ,  रक्सीले धेरै मातेको क्यालले मलाई ढोकामा भेट्यो र मलाई सराप्यो। मैले उसलाई पापमा फसेको अवस्थामा भेटेंको थिएँ। म घर फर्किएँ र मेरो जिल्ला अधीक्षकलाई सल्लाहको लागि बोलाएँ। उनले मलाई भने, "तपाईंको नयाँ मण्डलीका मानिसहरूले तपाईंलाई भन्दा धेरै काललाई चिनेका छन्। तिनीहरूले उसको विरुद्धमा तपाईंका कुराहरू विश्वास गर्दैनन्। तपाईंले जे थाह पाउनुभएको छ सो तपाईंको मण्डली बोर्डलाई भन्नुहोस्। दुई - तीन जनालाई साथमा लैजानुहोस् । क्याललाई आफ्नो पिउने समस्या ती व्यक्तिहरूको अगाडि स्वीकार गर्न लगाउनुहोस्। त्यसपछि सन्डे स्कूल सुपरिटेन्डेन्टको कामबाट उनको राजीनामा लिनुहोस्।

मण्डली बोर्ड सहमत भयो; हामीले तीन जनालाई छान्यौं। बोर्डले त्यो रात क्यालको लागि प्रार्थना गऱ्यो, र तीन जना मानिसहरूले क्यालको निम्ति घरमा प्रार्थना गर्न चाहेको कुरा बताए। त्यसपछि हामी उसलाई भेट्न गयौं।

जब हामी घर पुग्यौं, क्याल, जो अहिले शान्त भइसकेका थियो, उसले आफ्नो रक्सी पिउने समस्या स्वीकार गऱ्यो। मैले उसको राजीनामा मागेँ, र उसले बिन्ती गऱ्यो, "मलाई मेरो काम गर्न दिनुहोस्, र म मेरो पिउने आदतमा विजय प्राप्त गर्नेछु।"

मैले भनें, "होइन, जब तपाईंले यो जाड-रक्सी पिउने आदतबाट छुटकारा पाउनुहुन्छ वा यसमाथि विजय पाउनुहुन्छ, त्यससमय मण्डलीले निर्णय गर्नेछ कि तपाईंले यो सेवा गर्न सक्नुहुन्छ कि हुन्न।" उ नचाहेर पनि राजी भयो। ओह, तपाईंले ती बोर्ड सदस्यहरूले उसको लागि गरेका प्रार्थनाहरू सुन्नुभएको हुनुपर्छ।

हामीले नयाँ सुपरिटेन्डेन्ट चुन्यौं, र मण्डलीका मानिसहरूले क्याललाई प्रेम, प्रार्थना र उत्तरदायितवले घेरेका थिए। क्याल मण्डलीमा बसे, र उनकी श्रीमतीले बोर्ड सदस्यको रूपमा सेवा गरिरहिन् र अरूको लागि एक विश्वासयोग्य उदाहरण बनिन्। तिनीहरूको किशोरअवस्थामा पुग्न लागेका छोरा मण्डली र राज्यको लागि बचाइएको थियो।

यो गाह्रो थियो, तर हामीले पाप गरेको भाइको सामना गर्न बाइबलीय सिद्धान्तहरू पछयाउँछौं। अनि यसरी हराएको भेडालाई गोठमा फिर्ता ल्याइएको थियो।

•••••••••••••••••

## मार्च ३ दिन - ६२

# म जाँदैछु - उहाँ आउँदै हुनुहुन्छ

*****

*तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु।*

*यूहन्ना १६:७*

इतिहासमा कुनै पनि व्यक्ति भन्दा बढी थोमस एडिसन एक हजार भन्दा बढी पेटेन्टको मालिकको रूपमा परिचित थिए । उनले बिजुली बत्तीको आविष्कार गरे। तर उसको लाइट बल्बको समय गएको छ, र अब यो हाम्रो भलाइको लागि हो कि हामीले एलईडी बल्ब र अन्य आधुनिक, उत्कृष्ट बल्बहरू प्रयोग गर्छौं।

एउटा समयमा आइपुग्दा, हेनरी फोर्डले एडिसनलाई १९१६ फोर्ड मोडेल-टी दिए। मोडल-ए र मोडल टीको प्रारम्भिक दिनहरूमा, तपाईंले ४५० डलर मा नयाँ फोर्ड किन्न सक्नुहुन्छ। अब मोडल टी गएको छ र, हाम्रो राम्रोको लागि, धेरै राम्रा कारहरू उपलब्ध छन्।

येशूले तीन वर्षसम्म आफ्नो शक्तिशाली सेवकाई सञ्चालन गर्नुभयो, तर उहाँले प्यालेस्टाइन भनेर चिनिने क्षेत्रभन्दा बाहिर कहिल्यै जानुभएन। जब उहाँ क्रुसमा मृत्युको नजिक आउँदै हुनुहुन्थ्यो, उहाँका चेलाहरू धेरै पीडामा थिए। उहाँले तिनीहरूलाई सान्त्वना दिनुभयो, यसो भन्नुभयो, "तिमीहरूको भलाइको लागि म जाँदैछु," किनभने, "यदि म गएँ भने, म उहाँलाई [अधिवक्ता, पवित्र आत्मा] तिमीहरूकहाँ पठाइदिनेछु।" पवित्र आत्मा एकै समयमा संसारको कुनै पनि ठाउँमा अवस्थित र काम गर्न सक्षम हुनुहुनेछ।

येशूले भन्नुभयो, "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ" (यूहन्ना १५:२६)। आत्माको प्रमुख कार्य येशूलाई देखाउनु हो, येशूलाई प्रतिनिधित्व गर्नु हो। जब तपाईं ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्नुहुन्छ, आत्माले नै तपाईंको निम्ति ख्रीष्टलाई वास्तविक बनाउनुहुन्छ। यसैलाई यूहन्ना ३:८ ले "आत्माबाट जन्मेको" भनी उल्लेख गरेको छ। रोमी ८:९मा पवित्र आत्मालाई "ख्रीष्टको आत्मा" भनिएको छ।
परमेश्वरको पवित्र आत्मालाई आफ्नो महान सुअवसरको रूपमा लिनुहोस्। उहाँले तपाईंलाई दिन चाहनुहुने सबै आशिषहरूको बारेमा सोच्नुहोस्:

- "र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ" (यूहन्ना १४:१६-१७)।
- "तर सल्लाहकार, अर्थात पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका कुरा सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" (यूहन्ना १४:२६)।
- "अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ" (यूहन्ना १६:८)।
- "जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ...उहाँले मेरो महिमा गर्नुहुनेछ..." (यूहन्ना १६:१३-१४)।
- "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।
- "त्यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो। प्रभुको भयमा हिँड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदैगयो" (प्रेरित ९:३१)।
- "तब पवित्र आत्माद्वारा पठाइएका हुनाले तिनीहरू सिलुकियामा गए र त्यहाँबाट जहाजमा चढी साइप्रसतिर गए" (प्रेरित १३:४)।
- "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालका निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मेवारी बनाउनुभएका हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्"

(प्रेरित २०:२८)।

- “किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्” (रोमी ८:१४)।
- “त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ” (रोमी ८:२६)।
- अनि अझ धेरै आशिषहरू छन्।

रीस होवेल्स, एक वेल्श सामान्य मानिस (१८७९-१९५०), बाइबल कलेज अफ वेल्सका संस्थापक, धेरै प्रार्थना गर्ने मानिस थिए। यद्यपि उनले ख्रीष्टलाई ग्रहण गरेका थिए र आत्माबाट जन्मेका थिए। उनले पवित्र आत्मासँग गहिरो भेटको बारेमा गवाही दिए: “उहाँले मलाई भन्नुभयो, ‘जसरी मुक्तिदाताको शरीर थियो, त्यसरी नै म विश्वासीहरूको शुद्ध पारिएको मन्दिरमा बस्छु। म एक व्यक्ति हुँ। म परमेश्वर हुँ, र म तिमीलाई तिम्रो शरीर मलाई देऊ भनी भन्न आएको हुँ ताकि म यसको माध्यमबाट काम गर्न सकूँ। मलाई मेरो मन्दिरको लागि एउटा शरीर चाहिन्छ (१ कोरिन्थी ६:१९)।’ यसको अर्थ मेरो पतित स्वभावको हरेक अंश क्रूसमा जानु थियो, र उहाँले आफ्नै जीवन र आफ्नै स्वभाव ममा ल्याउनुहुनेछ।”

अहिले तपाईको लागि पवित्र आत्माले सबैभन्दा बढी के गरेको चाहनुहुन्छ? के तपाईं आत्माबाट जन्मनुभएको छ? के तपाई आत्माले भरिनु भएको छ? कति ठूलो आशिष् - पवित्र आत्मा आउनुभएको छ।

•••••••••••••••••

# जेसुकै!

*****

*यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरको महिमाको निम्ति गर।*
*१ कोरिन्थी १०:३१*

जब कसैले "जेसुकै" भन्छ, यसको अर्थ सामान्यतया उदासीनता हो। तर पावलले भन्न खोजेको त्यो होइन, "तिमीहरू खाओ वा खाओ वा जे गर, सबै परमेश्वरको महिमाको लागि गर।" पावलले भनेका "जेसुकै"ले सम्पूर्ण जीवन परमेश्वरको महिमाको लागि बाँच्नुपर्छ भन्ने विचार हो।

बजारमा किनेको मासु खान अनुमति पाए तापनि सम्वेदनशील इसाईहरूले अरूको अन्तस्करणलाई ठेस पुऱ्याउने कुरा छ भने त्यसो गर्नदेखि अलग हुनेछन्। हामी मण्डलीको निम्ति पावलको सन्देशलाई यसरी संक्षेप गर्न सक्छौं:

- सबैभन्दा सानो विवरणमा, सबै परमेश्वरको महिमाको लागि गर्नुहोस्।
- धेरैको भलाइ खोज्नुहोस्।
- सबैभन्दा उत्तम कुरा मानिसहरूलाई बचाउनु हो।
- जसरी म ख्रीष्टको अनुसरण गर्छु त्यसरी मेरो अनुसरण गर्नुहोस्।

ख्रीष्टलाई ग्रहण गरेपछि, एक जना मानिस संवेदनशील भयो। उसले पानी पिउँदा पनि परमेश्वरलाई धन्यवाद दियो। उसले फेरि मुखमा चुरोट हालेर यसरी प्रार्थना गर्न सकेन, "हे परमेश्वर, यो चुरोटको लागि धन्यवाद। यसलाई मेरो शरीरको शक्ति र तपाईंको सेवाको लागि आशिष् दिनुहोस्।" त्यसैले उसले चुरोट पिउन छोडे।

मैले चिनेकी एउटी महिलासँग समय बिताउन, हेरचाह गर्न, मनोरञ्जन गर्न र वरपरका मानिसहरूलाई आमन्त्रित गर्न बाहिर गइन्। अब उनको साथी र साथीको पतिले ख्रीष्टलाई स्वीकार गरेका छन् र मण्डलीमा सक्रिय छन्। डा. ल्यारी गार्मिनले पेरुको जङ्गलमा भारतीयहरू पुग्न आफ्नो जन्मभूमि त्यागे। दुवै अवस्थामा, यी विश्वासीहरूले "खोजिगरिरहेका छन्... धेरैको भलाइ गर्न, ताकि तिनीहरूले उद्धार पाउन सकून्।" तिनीहरूले "जे पनि" गरिरहेछन्, "परमेश्वरको महिमाको लागि" गरिरहेका छन्।

.................

मार्च ५ **दिन - ६४**

# विजयको अपेक्षा गर्नुहोस्

*****

*अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलहीजस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें।*

*प्रकाश २१:२*

*जसले विषय प्राप्त गर्छ त्यसले त्यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।*

*प्रकाश २१:७*

"के तपाई विजयी हुनुहुन्छ?" म मण्डलीमा आइपुग्दा हरेक आइतवार मेरो मायालु पास्टर फेरिवोलीले मलाई सोध्ने प्रश्न थियो। म भर्खरको विश्वासी थिएँ, दबाब र परीक्षाहरूले घेरिएको धेरै धर्मनिरपेक्ष आइभी लीग क्याम्पसमा बसिरहेको थिएँ। मेरो भर्खर सुरु भएको इसाई जीवनको लागि पास्टरको प्रश्न उनको चिन्ताको प्रकाशमा मान्य थियो। यो प्रश्न प्रकाशको लेखक यूहन्नाको लागि पनि मान्य थियो। उनले देखे कि मानिसहरूको एउटा समूह, पवित्र शहर, नयाँ स्वर्ग, नयाँ पृथ्वी (२१:१-२), "विजयी" को उत्तराधिकारी हुनेछ।

पहिले, अध्याय 2 र 3 मा, यूहन्नाले सात मण्डलीहरूलाई ख्रीष्टको सन्देश लेख्दै गर्दा यस मुद्दालाई बारम्बार जोड दिए:

- एफिसीलाई - ख्रीष्टको लागि तिम्रो पहिलो प्रेम गुमाएकोमा पश्चात्ताप गर; तब, तिमी विजयी हुनेछौ (प्रकाश २:७)।
- स्मुर्नालाई - सतावटमा र मृत्युको घडीसम्म पनि ख्रीष्टप्रति विश्वासयोग्य होओ; तब, तिमी विजयी हुनेछौ (२:१०-११)।
- पर्गाममलाई - झूटा शिक्षा अँगालेको निम्ति पश्चात्ताप गर; तब, तिमी विजयी हुनेछौ (२:१४-१७)।
- थिआटिरामा - अन्तसम्म परमेश्वरको इच्छाबमोजिम गर; तब, तिमी विजयी हुनेछौ (२:२६)।
- सार्डिसलाई – जागा रहो। तिमी आत्मिक रूपमा मरेका छौ र तिम्रो कर्म अधुरो छ। पश्चात्ताप गर; तब, तिमी विजयी हुनेछौ (३:१-५)।
- फिलाडेल्फियामा - तिमीसँग जे छ त्यसलाई पक्रिराख; तब, तिमी विजयी हुनेछौ (३:११-१२)।
- लाउडिकियामा - आफ्नो मनतातोपनको लागि पश्चात्ताप गर र आफ्नो हृदय, जीवन, र मण्डलीलाई ख्रीष्टको निम्ति फेरि खोल; तब, तिमी विजयी हुनेछौ (३:१५-२१)।

यसअघि यही यूहन्नाले प्रारम्भिक इसाईहरूलाई पत्र लेखेका थिए। १ यूहन्ना १:७ मा उनले भने, "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।" यो विजयी हुनुको अर्थ वर्णन गर्ने अर्को तरिका हो। त्यसोभए, तपाई के भन्नुहुन्छ? के तपाई विजयी हुनुभएको छ?

•••••••••••••••••

# परमेश्वरसित सेना छ

*****

*सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो। सबैभन्दा बढी एक-अर्काप्रति तिमीहरूको प्रेम अटूट रहोस्। किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ। विनागनगन एउटाले अर्कोको अतिथी सत्कार गर। जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर। १पत्रुस ४:७-१०*

2020 मा, हाम्रो शहर र वरपरका काउन्टीहरूले मानिसहरूलाई आफ्नो वा अरूको स्वास्थ्य र सुरक्षाको लागि आवश्यक नभएसम्म घरमै बस्न आवश्यक पर्ने आदेश जारी गरिएको थियो। यो आदेश २०२० मा विश्वभर फैलिएको कोरोनाभाइरसलाई रोक्ने एउटा प्रयास थियो।

गम्भीर सतावट र चुनौतीको अर्को दिनमा, पत्रुसले ख्रीष्टियनहरूलाई प्रार्थना गर्न, प्रेम गर्न, अतिथि सत्कार गर्न वा अरूको सेवा गर्न आफूले पाएको वरदान प्रयोग गर्ने निर्देशनहरू लेखे। तिनीहरूको सबैभन्दा कठिन समयमा पनि  र आज हाम्रो पनि सबैभन्दा कठिन समयमा परमेश्वरसँग अझै पनि सेना छ: लाखौं विश्वासयोग्य इसाईहरू जसले अरूको सेवा गर्न आफूले पाएको जस्तोसुकै वरदानहरू प्रयोग गर्छन्।

यस संकटमा, धेरै इसाईहरूले मलाई भनेका छन् कि उनीहरूले प्रार्थना गरिरहेका छन् कि परमेश्वरले यो संकटलाई मानिसहरूलाई आफूतिर तान्न प्रयोग गर्नुहुनेछ; अनि उहाँले वैज्ञानिकहरूलाई यसको उपचार वा खोप पत्ता लगाउन सशक्त बनाउनेछ; अथवा उहाँले चिकित्साकर्मीहरू र बिरामीहरूको हेरचाह गर्न अरूहरूलाई बल दिनुहुनेछ; र उहाँले यो सबै हाम्रो राष्ट्र र बाँकी संसारको लागि गर्नुहुनेछ।

मेरो पास्टरले मलाई फोन गरेर महामारीको समयमा हामी कसरी हामी बसेका छौं सो जान्न चाहनुभएको देखेर मेरो मनमा प्रेम जाग्यो। भीडमा भाइरस फैलिने खतराको कारण माण्डलिक सेवाहरू रद्द गरियो। त्यसैले मैले निर्णय गरे कि अर्को तीस दिनको लागि, म मेरो आइतवार स्कूलको कक्षाका वा मेरो छिमेकका कससेकम दिनमा एक जनालाई फोन गर्नेछु र तिनीहरूलाई प्रोत्साहन दिनेछु।

अघिल्लो सरकारी निर्देशनअनुसार हामीले दस जना वा त्योभन्दा कम मानिसहरूलाई लिएर जमघट गर्नुपर्दछ। मेरो साथी स्कटले भने कि, मण्डली सेवाहरू रद्द भएदेखि, उसले हाम्रा पास्टरलाई टाढाबाट प्रचार गरेको हेर्नको लागि आठ जना मानिसहरू, विश्वासी र अविश्वासीहरूलाई आफ्नो घरमा आमन्त्रित गरिरहेको थियो। त्यसपछि उनका सबै पाहुनाहरूलाई आइतवार रात्रीभोजमा निम्तो दिइनेछ। आतिथ्यको बारेमा कुरा गर्नुहोस्!

मेरो छिमेकी जोनले मलाई फोन गरे कि म उनलाई  कुनै पनि काम छ भने कुनै पनि समय अह्राउन सक्छु ,चाहे रातको समयमा औषधी पसल जान नै किन नहोस्। जताततै इसाईहरूले महामारीको समयमा अरूको सेवा गर्न आफूसित भएका जुनसुकै वरदानहरू प्रयोग गरे।

परमेश्वरसँग सेना छ, र संकटको समयमा, यसले काम गर्छ। यदि यो सेनाको प्रयास पर्याप्त जस्तो लाग्दैन भने, अर्को कुरा सम्झनुहोस्: जब अरामका शत्रु राजाले अगमवक्ता एलीशालाई पक्रन दोतान सहरलाई घेरे, एलीशाको चाकरले घोडा र रथहरूले सहरलाई घेरिराखेको देख्यो। दु:खमा परेर त्यसले एलीशालाई सोध्यो, “हे प्रभु! अब हामी के गर्ने?”

एलीशाले जवाफ दिई भने, “नडरा, हामीसँग भएकाहरू उनीहरूसँग भएकाहरूभन्दा धेरै छन्”। अनि एलीशाले प्रार्थना गरे, “हे परमप्रभु, यसको आँखा खोलिदिनुहोस्, र यसले देखोस्।” तब परमप्रभुले त्यस चाकरको आँखा खोलिदिनुभयो, र त्यसले एलीशाको वरिपरिका डाँडाहरू अग्निमय घोडाहरू र रथहरूले भरिएको देख्यो” (२ राजा ६:१४-१७)।

आज परमेश्वरको सेवकहरूको सेनामा सामेल हुनुहोस्। र याद गर्नुहोस् कि परमेश्वरसँग उहाँको प्रत्यक्ष चमत्कारी शक्तिको रुपमा "घोडाहरू र आगोका रथहरूको मद्दत पुऱ्याउने सेनाहरू छन्।

•••••••••••••••••

# दुई वटा हराएको भेडा

*****

*तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेडामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोडेर हराएको भेडा नपाउञ्जेल त्यसको खोजी गर्दैन। म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एकजना पापीको लागि स्वर्गमा अझ बढी आनन्द हुनेछ।*

*लूका १५:४,७*

विगतमा ख्रीष्टलाई स्वीकार गरेर वर्षौंपछि, प्रभुलाई पछयाउने थोरै प्रमाण देखाउने व्यक्तिहरू मेरो लागि सबैभन्दा कष्टप्रद चीजहरू हुन्। पावलले कलस्सीहरूलाई पत्र लेख्दै गर्दा यी विषयमाथि आफ्नो पर्याप्त चिन्ता प्रकट गरेका छन् (कलस्सी २:६-७): "यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी ने उहाँमा जीँन बिताओ। धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरुलाई शिक्षा दिएबमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ।"

येशू स्वयं यस विषयमा गम्भीर हुनुहुन्थ्यो जब उहाँले भन्नुभयो, "कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्" (यूहन्ना १६:६)।

बाह्र वर्षअघि, एलेन र मार्था हाम्रो मण्डलीमा धैरै संलग्न भए। तिनीहरूले ख्रीष्टप्रति आफ्नो प्रतिबद्धता र जोसिलो भएको प्रमाण दिए। मलाई ठ्याक्कै थाहा भएन कसरी यस्तो भयो, तर तिनीहरू बाहिरिए र मण्डली छोडे। मैले उनीहरूलाई सम्पर्क गरें, तर कुनै प्रतिक्रिया प्राप्त भएन। ती बाह्र वर्षहरूमा, मैले तिनीहरूसँग समय-समयमा सम्पर्क गरें।

विगत तीन वर्षमा के भयो भन्ने बारे एलेन र मार्थाका दुई पत्रहरू यहाँ छन्:

*पास्टर शेभर,*

*ख्रीष्टको अद्भुत उदाहरण र हाम्रो लागि उहाँको प्रेमको लागि धन्यवाद।*

*केही वर्षअघि, परमेश्वरले मेरो मन र हृदयमा यो कुरा ल्याउन सुरि गर्नुभयो कि यि मण्डलीमा फर्कने समय हो । मैले यो थाह गरें कि हामीसित सोमबार-शुक्रबारसम्म काममा जाने कुनै नोकरी नभएपछि, हम्राको यो कुन दिन हो । प्रत्येक चोटि उहाँले यो मेरो मनमा ल्याइदिनुभयो, मैले उहाँलाई भनें यदि तपाईले हाम्रो लागि ठोस कदम बनाउँनुहुन्छ भने, हामी दुवै ख्रीष्टसँग गहिरो सम्बन्धको चाहना चाहन्छौ।*

*प्रत्येक चोटि मैले मण्डलीलाई चेक पठाएँ, मैले प्रार्थना गरें कि हामी एक दिन फर्कनेछौं। यो यस्तो भयो कि तपाईंले हामीलाई फर्केर आउने निमन्त्रणा कार्ड पठाउनुभएपछि, तपाईंले अर्को दिन सिकाउनुहुनेछ। मैले एलनलाई कार्ड पढेर सुनाएँ, र उनको प्रतिक्रिया थियो, "हामी भोलि जाँदैछौं।"*

*हराएको वा भौंतारिएका भेडाहरूको लागि तपाईंको समर्पणको लागि म धेरै आभारी छु। हामी केही बेर यताउता अल्मलियौं । हामीले इमान्दार भई बाइबल पढिरहेका थियौं तर निर्देशनको अभाव थियो। चेलापन कक्षा यस समयमा हाम्रो लागि उत्तम ठाउँ हो, र हामी हाम्रो मण्डली घरको सबै पक्षहरूको आनन्द लिइरहेका छौं।*

*हामी तपाईलाई माया गर्छौं र तपाईलाई र हाम्रो प्रभुसँगको गहिरो सम्बन्धमा अरूलाई तान्ने तपाईंको मेहनतको लागि परमेश्वरलाई धन्यवाद दिन्छौं।*

*परमेश्वरले तपाईंलाई आशिष् दिऊन्*

*एलेन र मार्था*

*चिक र नैन्सी,*

*वाह! कस्तो अचम्मको वर्ष परमेश्वरले हामीलाई दिनुभएको छ। जनवरी २०१९ मा, एलेनको ओपन-हार्ट सर्जरी भयो; फरवरीमा, स्टेन्टको लागि क्याथ ल्याबमा फिर्ता; जुलाईमा, दुई स्टेन्टको लागि क्याथ ल्याबमा फिर्ता; र सबै समयमा ए*

*परमेश्वरको उपस्थिति हामीसँग रहेको छ। २३ जनवरी, २०१९ देखि उनले चुरोट नखानु भनेको परमेश्वरले मात्र गर्न सक्ने चमत्कार हो।*

*प्रार्थनाहरू, भोजन र कार्डहरू मार्फत हामीलाई सहायता गर्नुभएकोमा हामी तपाईं र सण्डे स्कूल कक्षा दुवैलाई धन्यवाद दिन्छौं। परमेश्वर धेरै राम्रो हुनुहुन्छ, र हामी धेरै धन्य महसुस गर्छौं।*

*सधै माया,*

*एलेन र मार्था*

*एलेन र मार्था फेरि भेटिएका छन्; तिनीहरू फर्केका छन्; दुईवटा भेडाहरू फर्किएका छन्। तिनीहरू बलियो आत्मिक अगुवा बनेका छन्-र यहाँ र स्वर्गमा आनन्द छ।*

•••••••••••••••••

# आज्ञाकारिता र साहस

*****

*अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? २ कोरिन्थी ६:१४*

*यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर। किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन्। लूका २१:१४-१५*

हो, आत्माले भरिएको जीवनले बारम्बार परमेश्वरको आज्ञाकारिताको लागि आह्वान गर्नेछ, र त्यही आत्माले तपाईंलाई आज्ञापालन गर्ने साहस प्रदान गर्नेछ!

कलेजमा रहँदा मैले गरेको निर्णयबाट म दिनदिनै असहज हुँदै गए। अब, मेरो जुनियर वर्षमा, येशूको एक जवान अनुयायीको रूपमा, त्यो निर्णयले मलाई सधैँ सताइरह्यो।

म राष्ट्रिय ग्रीक-अक्षर संसर्गमा सामेल भएँ। अब, म यहाँबाट बाहिर निस्कनुपर्छ भन्ने महसुस गर्दै थिए! यसका तीनवटा कारण थिए:

- यो गोप्य संगठनको ममाथि निश्चित नियन्त्रण थियो। मलाई असमान रूपमा भार बोकाएको महसुस भयो।
- मैले नियमित सामाजिक कर तिर्न आवश्यक थियो। त्यो कोष मुख्यतया रक्सी किन्नमा प्रयोग गरिन्थ्यो। यद्यपि, म रक्सी पिउन बन्द गर्ने कुरामा दोषी महसुस गरें।
- संसर्गमामा धेरै निर्णयहरू भेदभाव र पूर्वाग्रहमा आधारित थिए।

जब मैले उप-सभापतिलाई म संसर्गबाट राजीनामा दिन चाहन्छु भनी बताउन पुगेँ, उनले मलाई यो मेरो रोजाइ होइन भने। मैले मेरो मुद्दा अन्तर्राष्ट्रिय परिषद् समक्ष पेश गर्नुपर्नेछ।

मिति तय भयो । यो परिषद् बाह्र वा चौध सदस्यहरू मिलेर बनेको थियो - आधा संसर्ग अध्यक्षहरू, आधा संकाय जो उच्च लगानी संसर्ग सदस्य थिए। मैले "धार्मिक आस्थाका कारण" मेरो संसर्गबाट मुक्त हुन अनुरोध गर्दै परिषदलाई आवश्यक पत्र लेखेको थिएँ। म मेरो कोठामा हुँदा, यस परिषद् बैठकको लागि मानसिक रूपमा तयार हुन खोज्दा, म भयभित भएँ। जब "म इसाई बनेकोले संसर्ग छोड्दै छु" भनी भन्छु तब यी काउन्सिलका सदस्यहरूले कस्तो प्रतिक्रिया दिनेछन्? मैले के भन्नु पर्छ?

मैले पवित्र-शास्त्र पढिरहेको थिएँ जब मैले पहिले कहिल्यै नदेखेको एउटा खण्ड देखेँ: "यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्नो मनमा पक्का गर: किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु।" मैले यो महसुस गरें कि मैले बोल्ने कुरा तयार गर्नु हुँदैन बरु मैले बोल्ने शब्दहरूको लागि शब्द दिनुहुने परमेश्वरको आत्मामा भर पर्नुपर्छ।

चाँडै, म अन्तरराष्ट्रिय काउन्सिल बैठकको ढोका बाहिर प्रतिक्षा कोठामा बसिरहेको थिएँ। मेरो भेटघाटको समय पच्चीस मिनेट बितिसकेको थियो, र म अत्तालिराखेको थिएँ

अचानक, परमप्रभुको उपस्थिति कोठामा आयो। यस्तो लाग्यो कि उहाँले मेरो हृदयमा शान्तिको ठूलो बाल्टिन खन्याइदिनुभयो। यसैसँग मेरो सबै डर र त्रास हटेर गएको अनुभव गरें ।

त्यतिकैमा, ढोका खोलियो, र एक प्रवक्ताले भने, "श्रीमान शेभर, हामी तपाईंको लागि तयार छौं।" र म तिनीहरूको लागि तयार थिएँ।

जब काउन्सिलका सदस्यहरूले मलाई संसर्ग छोड्न चाहेको कारण सोधे, मैले भनें कि मैले ख्रीष्टलाई मेरो मुक्तिदाता र प्रभुको रूपमा भेट्टाएँ, र अहिले मलाई पहिले वास्ता नभएका समस्याहरूप्रति म संवेदनशील छु। यी संसर्ग-प्रतिबद्ध मानिसहरू क्रोधित भए र ममाथि आवाज उठाए। अन्ततः तिनीहरूले भने, "तपाईं जान सक्नुहुन्छ। यदि हामीले तपाईंलाई संसर्ग छोड्ने अनुमति दियौं भने केही

दिनमा तपाईंलाई थाहा दिनेछौं।"

केही दिन पछि, मैले संसर्ग छोड्न सक्ने अनुमति - पत्र प्राप्त गरें।

पछि, मेरो वरिष्ठ वर्षमा, इन्टरवर्सिटी इसाई फेलोशिपका एक उत्कृष्ट वक्ताले हाम्रो क्याम्पस भ्रमण गर्ने तालिका थियो। मैले मेरो पुरानो संसर्गलाई सम्पर्क गरें र तिनीहरूले यो व्यक्तिले इसाई धर्मको बारेमा तिनीहरूलाई बताएका चाहन्छन् कि भनेर सोधें। तिनीहरू सहमत भए- यो सर्तमा कि म वक्तासँग आउँछु र मैले ख्रीष्टलाई कसरी भेट्टाएँ भन्ने आफ्नै कथा सुनाउनेछु। मैले त्यसै गरें!

येशूले प्रतिज्ञा गर्नुभयो कि तिनीहरूले " तर्क गर्न वा प्रतिरोध गर्न सक्ने छैनन्" । तिनीहरूले साँच्चै सकेनन् ! उहाँले मलाई आज्ञाकारी हुन साहस दिनुभयो!

•••••••••••••••••

# सुसमाचारको सामर्थ्य

*****

*किनकि सुसमाचारसँग म शर्माउँदिनँ।। किनकि विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो।*

*रोमी १:१६क*

पावल कुनै आत्मिक विप थिएनन्। उनको साहसलाई ध्यान दिनुहोस्: उनी "बाध्य" छन् (रोमी १:१४), "उत्सुक" छन् (पद १५), र "शर्माउँदैनन्" (पद १६)। यो सबै भयो किनभने सुसमाचारमा यस्तो अचम्मको शक्ति समावेश थियो।

रोय र डोरिस बेकर यस शक्तिको वर्तमान उदाहरण बने। आफ्नो जीवनको अधिकांश समय, रोय धर्मको विरोधी थिए। यद्यपि उनी हार्वर्ड पीएचडी र मिसौरी-कन्सास सिटी विश्वविद्यालयमा लेखा प्रध्यापकको रूपमा स्थितिको साथ धेरै गणनाहरूद्वारा सफल भए।

रोय र डोरिस एउटा मण्डलीमा गए र प्रश्नहरू सोध्न थाले। जब नयाँ इसाई मित्रहरूले उनीहरूलाई उनीहरूको घरमा भेटे र उनीहरूलाई सुसमाचार बताए, तिनीहरू उत्सुक थिए। एक आगन्तुकले यशैया ५३:६ मा वर्णन गरिएको क्षमाको व्याख्या गरे: "परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।"

"रोय, डोरिस, "उनले भने, "मेरो पापको के हुन्छ? तीहरू सबै ख्रीष्टमा राखिएका छन्। मैले क्षमा पाएको छु र स्वतन्त्र पारिएको छु।"

रोय र डोरिसले आफ्नो घुँडामा टेके, रोए, पापबाट फर्किए, र ख्रीष्टलाई आफ्नो हृदय खोलिदिए। तिनीहरू बढ्दै गए, परमेश्वरबाट प्राप्त धार्मिकता प्रदर्शन गरे, र मण्डलीमा अगुवा बने।

रोयले पछि सेमिनरी कक्षामा बोल्दा एक जना विद्यार्थीले सोधे, "डा. बेकर, डा. शेभरले बताएका महान् सत्य के थियो जसले तपाईलाई विश्वस्त बनायो?"

रोयले जवाफ दिए, "येशू मेरो लागि मर्नुभयो!"

यो सुसमाचार हो: "मुक्तिको लागि...परमेश्वरको शक्ति।"

•••••••••••••••••

# मगनी भएको

*****

*जब तिमीले विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। परमेश्वरको आफ्नो सम्पत्ति अर्थात हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्ताधिकारको बैना हुनुहुन्छ। एफिसी १:१३-१४*

जब दम्पतीहरूले आफ्ना कथाहरू सुनाउँछन्, तिनीहरूको विवाहको सबैभन्दा ठूलो क्षणहरू मध्ये एक सधैं तिनीहरूको मगनी हो। केही संलग्नताहरू एउटा सुन्दर पार्क मार्फत हिँडेपछि हुन्छन्; अरूहरू शहरको सबैभन्दा मनमोहक साइटमा हुन्छन्; केही हजारौं मित्रहरूको अगाडि एथलेटिक फिल्डमा पनि हुन्छन्। विरलै घटना बिर्सिएका छन्।

आधुनिक ग्रीकमा, "बैना" र मगनीको औंठी" को लागी एउटै शब्द चलाइएको छ। जब तपाईं प्रतिज्ञा गरिएको पवित्र आत्माद्वारा छाप लगाइनुभयो, तपाईंको निम्ति उहाँलाई प्रतिक्षा गर्नको निम्ति दिइएको बैना उहाँ बन्नुभयो। जसरी मगनीको औँठी भनेको विवाहको प्रतिक्षा गर्नको निम्ति गरिएको प्रतिज्ञा हो, त्यसैगरी पवित्र आत्माले स्वर्गमा थुमाको विवाह भोजको प्रतिज्ञा हो- जो भविष्यमा उत्तम प्रकारले हुनेछ।

२ तिमोथी २:१९मा पनि छाप लगाउने सिद्धान्त देखिन्छ: "तर परमेश्वरको दृढ जग खडै रहन्छ, र त्यसमा यो छाप लागेको छ: "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्" र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाडै रहोस्।" यहाँ विषयवस्तुहरू स्वामित्व र पवित्रता हुन्। यदि तपाईं परमेश्वरसँगको आफ्नो सम्बन्धमा शंका गर्ने प्रलोभनमा हुनुहुन्छ भने, प्रेरित १५:८-९ सम्झनुहोस्, जसले अन्यजातिहरूलाई पनि पवित्र आत्मा खन्याइदिनुभएको कुरा उल्लेख गरेको छ। यो प्रवाहले प्रमाणित गऱ्यो कि अन्यजातिहरूलाई पनि परमेश्वरले स्वीकार गरेका थिए: "हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गर्नुभएको कुरा देखाउनुभयो। उहाँले तिनीहरू र हामीहरूला बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो।" यदि तपाईंले मनको गहिराइलाई बुझ्नुभएन भने पनि परमेश्वरले बुझ्नुहुन्छ। हाम्रो हृदयमा उहाँको कार्यको परिणाम शुद्धता, स्वामित्व र पवित्रता हो। जब आत्माले तपाईलाई छाप लगाउनुहुन्छ, उहाँले तपाईलाई येशू जस्तै बनाउनुहुन्छ।

एक पटक एक सेवकले ई. स्टेनली जोन्सलाई गुनासो गरे कि पवित्र आत्माको उल्लेखले उनको मेरुदण्ड माथि र तल चिसो चिसो बनायो। उसलाई डर थियो कि आत्माको बारेमा छलफल गर्दा मण्डलीमा भावनात्मकता बढ्छ। जोन्सले जवाफ दिए, "मेरो साथी, तपाईंले चरम सीमामा गएका केही मानिसहरूलाई हेरेर पवित्र आत्माको ढाँचा बनाउँदै हुनुहुन्छ। ख्रीष्ट हाम्रो नमुना हुनुहुन्छ। उहाँ संसारमा हुने जो कोहीभन्दा पनि धेरै पवित्र आत्माले भरिपूर्ण हुनुहुन्थ्यो। के तपाईं ख्रीष्ट जस्तै हुन डराउनुहुन्छ?"

पवित्र आत्मा स्वर्गनिम्ति तपाईंको भुक्तानी हो। जब मैले चिनेको कलेज विद्यार्थी डेन पवित्र आत्माले भरिएको थियो, उसले भन्यो, "ओह, यदि स्वर्ग यस्तै हो भने!"

यो यस्तो हो कि परमेश्वरले तपाईंलाई भनिरहनुभएको छ, "छोरा-छोरी, म तिमीलाई मेरो उपस्थितिमा ल्याउन सक्दिनँ। मसँग तिमीहरूको लागि पहिलो काम छ: मेरो महिमाको प्रशंसामा बाँच। तर म अर्को अझ उत्तम काम गर्नेछु। म तिमीलाई पवित्र आत्माको व्यक्तित्वमा मेरो उपस्थिति दिनेछु, र उहाँ तिमीभित्र बस्नको लागि आउनुहुनेछ - उहाँ दिन होस् वा रात, अस्वस्थ्य र स्वास्थ्यमा, आनन्द वा दुःखमा, सदासर्वदा तिमीसँग रहनुहुनेछ। म अझै तिमीलाई स्वर्गमा ल्याउन सक्दिनँ, तर म तिमी भित्र अलिकति स्वर्गको अनुभव राखिदिनेछु।"

•••••••••••••••••

# हजुर, मलाई त्यही पानी दिनुहोस्

*****

*त्यस स्त्रीले उहाँलाई भनी, "हजुर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनपर्दैन"।*

*यूहन्ना ४:१५*

हात पछाडिपट्टि लगाएर उनी बिस्तारै कोठातिर गए। उनले आफ्ना साथीलाई भने, "ओह, मिस्टर जुड, परमेश्वरले मलाई नयाँ मानिस बनाउनुभएको छ! परमेश्वरले मलाई नयाँ मानिस बनाउनुभएको छ!" हडसन टेलर लामो समयदेखि इसाई र चीनमा जोसिलो मिसनरी थिए, तर हालै उनी नयाँ आत्मिक अनुभवमा आएका थिए।

आफ्नो कामको दबाबमा, टेलरले प्रभुबाट नयाँ प्रकाश प्राप्त गरे: "तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन" (पद १४)। जब टेलरले यो "कहिल्यै तिर्खाउनेछैन" भन्ने कुरालाई बुझे, त्यस दिनदेखि यता, टेलरको सेवकाईमा नयाँ शक्ति थियो, उनको प्रार्थनामा ठूलो विश्वास थियो, र उनको आत्मामा गहिरो विश्राम थियो।

सामरी स्त्रीले बिन्ती गरिन्, "हजुर, मलाई यो पानी दिनुहोस्।" हामी सबैको तिर्खा छ: हृदय-प्यास, आत्मा-प्यास, मन-प्यास। त्यस्तै गरिन् । उनी अझै पनि भौतिकलाई आत्मिकसँग भ्रमित गरिरहेकी थिइन् (पद १५), तर उनले आफ्नो जीवनको आवश्यकताहरू पूरा गर्न सही व्यक्तिलाई सोधिरहेकी थिइन्। यदि तपाईं येशूको स्रोतबाट निरन्तर पिउनुहुन्छ भने, तपाईं "कहिल्यै तिर्खाउनुहुनेछैन।"

•••••••••••••••••

# पाप नगर्नुहोस् - तर यदि तपाईंले पाप गर्नुभयो भने के हुन्छ?

*****

*मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यो कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट।*

*१ यूहन्ना २:१*

मेरो काम आँगन आकर्षक वा सुन्दर बनाउनु थियो। म दस वा बाह्र वर्षको थिएँ, र घाँस अझै हरियो थियो। एक दिन, मैले फोहोर उठाउनलाई पातहरू एक ठाउँमा भेला गरें। त्यसपछि मेरो बुबाले छिटो व्यवस्थापन गर्नलाई ती भेला गरिएका पात-पतिङ्गारमा आगो लगाउनुभयो। म यस कार्यबाट यति विचलित भएँ कि मैले उहाँलाई कराएँ र उहाँलाई लात हानें। उहाँको अनुहारमा देखेको त्यो निराशा म कहिल्यै बिर्सनेछैन। मलाई यति धेरै माया गर्ने बुबालाई मैले कसरी यसो गर्न सकें?

अनि त्यहाँ हाम्रो स्वर्गीय पिता हुनुहुन्छ। हामीले उहाँको विरुद्धमा विद्रोह गर्दा, उहाँको विरुद्धमा पाप गर्दा उहाँ कस्तो महसुस गर्नुहुन्छ भनेर कल्पना गर्नुहोस्। यूहन्नाले लेख्छन्, " तिमीहरू पाप नगर" (२:१), र यो यसलाई यो खण्डले जोड दिन्छ: "उहाँमा रहने कसैले पाप गरिरहँदैन" (३:६)। त्यसपछि, उनी लेख्छन्, "जसले पाप गर्छ त्यो दियाबलसको हो...दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरक पुत्र प्रकट हुनुभएको हो" (३:८)।

येशूले बेथेस्दाको जलकुण्डमा अशक्तलाई निको पार्नुभयो र त्यसलाई आज्ञा दिनुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई" (यूहन्ना ५:१४)। स्पष्ट रूपमा, येशूले सोच्नुभयो कि उहाँले त्यसलाई पाप गरिरहन देखि रोक्न सक्नुहुन्छ - अन्यथा, यो मानिस एक भयानक श्रापमा थियो। तिमी र मैले पाप गर्नु हुँदैन।

तर यदि तपाईंले पाप गरिहाल्नुभयो भने - ओह, यहाँ ठूलो कृपा छ: तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट" (१ यूहन्ना २:१)। यदि तपाईंले प्रभुप्रति अनाज्ञाकारी वा असन्तुष्ट हुनुहुन्छ भने, त्यहीँ रोक्नुहोस् र परमेश्वरसँग तपाईंलाई क्षमा गर्न, तपाईंलाई पुनर्स्थापना गर्न र उहाँलाई पछ्याउनको निम्ति तपाईंलाई बलियो बनाउनको लागि प्रार्थना गर्नुहोस्। ख्रीष्टले तपाईंको क्षमाको लागि मध्यस्थता गर्नुहुनेछ। यसैले हामीसँग प्रतिज्ञा छ: "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ" (१:९)।

एक दिन सेवा सकेर घर जाँदै गर्दा, मैले भने, "मैले आज राम्रोसँग मानिसलाई पश्चात्तापको निम्ति निमन्त्रणा दिइनँ।"

मैले परमेश्वरको आवाज स्पष्ट सुनें, "मेरो महिमा म अरूलाई दिदिनँ"।

मैले आफ्नो घमण्डीपन स्वीकार गरे, र परमेश्वरले मलाई क्षमा गर्नुभयो।

यदि म आफ्नो पत्नीसित कठोरताको साथ कुरा गर्छु भने पनि म झट्ट परमेश्वर र न्यान्सी दुवैसँग क्षमा माग्छु।

प्रेरित पत्रुसले प्रभुलाई इन्कार गरे र पाप गरे। उनलाई क्षमा गरियो र पुनर्स्थापित गरियो र त्यसपछि एक शक्तिशाली, पवित्र, प्रारम्भिक मण्डलीको प्रमुख अगुवा बने। परमेश्वरले अझै पनि यस प्रकारको क्षमा प्रदान गर्नुहुन्छ – मैले उहाँलाई एकजना मेरो परिचित व्यक्तिको जीवनमा यो कार्य गरेको देखेको छु जसले प्रभुलाई पछ्यायो, फेरि बीस वर्षसम्म उ पापमा फर्केर गयो, त्यसपछि पश्चात्ताप गऱ्यो, उ पुनर्स्थापित भयो, र आज परमेश्वरको लागि उ शक्तिशाली बनेको छ।

.................

# परमेश्वरले मेरो नाउँ जान्नुहुन्छ

*****

*तिमीहरूलाई सहयोग दिनेहरूको नाउँ यी नै हुन्: रूबेनको कुलबाट शदेऊरको छोरो एलीसूर, शिमियोनको कुलबाट सूरीशद्दैको छोरो शलूमीइल। यहूदाको कुलबाट अम्मीनादाबको छोरो नहशोन..।*

*गन्ती १:५-७*

मिस्रबाट इस्राएललाई छुटकारा दिने र प्रतिज्ञा गरिएको भूमिमा पुऱ्याउनका निम्ति तिनीहरूको उजाडस्थानको यात्रा सुरु गर्ने परमेश्वरको आश्चर्यमय कार्यमा मोशा र हारून ठूला नामहरू थिए। यो दोस्रो वर्षको दोस्रो महिना थियो जब इस्राएलीहरू मिश्रको दासत्वबाट मुक्त भएका थिए (१:१)। परमेश्वरले मोशासँग बोल्नुहुन्छ र 'लडाइँमा जान सक्ने सबै बीस वर्ष र उभोको पुरुषहरूलाई गन्ती गर्' भन्नुहुन्छ। यो एक ठूलो काम भएकोले,परमप्रभुले मोशालाई बाह्र जना मानिसको नाम दिनुहुन्छ जसले काममा सहयोग गर्नेछन्। विशेष मानिसहरूको यो समूहमा एलिसूर, शलूमीइल र नहशोन समावेश छन्। जब तिनीहरूले गणना पूरा गर्छन्, त्यहाँ ६०३५५० पुरुषहरू सैन्य सेवा गर्न सक्षम छन्।

यसले मलाई सुरुमा स्तब्ध तुल्यायो - कि ६०३५५० पुरुषहरू मध्ये, परमेश्वरले बाह्र जना व्यक्तिहरूलाई नाउँ लिएर बोलाउनुभयो, र मोशालाई तिनीहरूका बुबाहरूको नाम पनि बताउनुभयो। ६०३,५५० मध्ये एलिसूर, शेलुमीइल र नहशोनलाई विचार गर्नुहोस्। यी मानिसहरू मोशा वा हारून जत्तिकै प्रसिद्ध थिएनन्, तर परमेश्वरलाई तिनीहरूको नाम थाह थियो।

लूका १०:२०मा, येशूले आफ्ना अनुयायीहरू मध्ये ७२ जनालाई भन्नुहुन्छ, "तिमीहरूका नाउँहरू स्वर्गमा लेखिएका छन् भनेर रमाओ।" केवल सम्भावित निष्कर्ष यो हो कि प्रभुले तपाईंको नाउँ पनि जान्नुहुन्छ।

जब मानिसहरूले मेरो छोरा, पावललाई पाँचवटा क्यान्सरको शल्यक्रिया र आफ्नो भ्वाइस बक्स हटाएपछि कसरी काम गर्न सक्छन् भनेर सोध्छन्, उनले एउटा गीतको शब्द उद्धृत गर्छन् जुन उनको लागि धेरै अर्थपूर्ण छ: "उहाँलाई मेरो नाउँ थाहा छ, उहाँलाई मेरो नाउँ थाहा छ।" कहिलेकाहीँ, उनले अर्को प्रसिद्ध गीतका शब्दहरू उद्धृत गर्छन्: "उहाँको आँखा भँगेरामा छ, र मलाई थाहा छ उहाँले मलाई हेर्नुहुन्छ।"

उहाँले तपाईंको नाउँ जान्नुहुन्छ। पक्कै तपाईंको नाउँ!

•••••••••••••••••

# लामो दौडको लागि

*****

*यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ। धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरूलाई शिक्षा दिएबमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दहिला भएका होओ। कलस्सी २:६-७*

*तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। मत्ती २४:१३*

टम र एग्नेसलाई थाहा थियो कि उनीहरूले केही गर्नुपर्छ - गुयानाको राजनीतिक वातावरणमा बढ्दो कम्युनिस्ट दबावले त्यहाँको जीवनलाई अत्यन्तै कठिन बनाउँदै थियो। उनीहरुको योजना आफ्ना चार सन्तानलाई अमेरिका लैजाने थियो । यद्यपि, सरकारले उनीहरूको प्रस्थानमा प्रतिबन्ध लगायो - दुई ठूला बच्चाहरूलाई तिनीहरूसित आउने अनुमति दिइएको थिएन। तिनीहरूका सबै स्रोतहरूबाट, टम र एग्नेसलाई मात्र $ 400 र प्रत्येक व्यक्तिको लागि एउटा सुटकेस लिने अनुमति दिइएको थियो। तिनीहरूले कन्सास शहरमा एउटा अपार्टमेन्ट भेट्टाए, एउटा बस चढे, र बाँकी दूरी उकालो चढेर एउटा मण्डलीमा गए।
"हामीलाई यहाँ स्वागत छ?" उनीहरुले सोधे ।
"सधैँ!" स्वागत गर्ने व्यक्तिले भने ।
टम र एग्नेस मण्डलीको जीवनमा बसे, र मण्डलीले तिनीहरूलाई गुयानामा छोडेका तिनीहरूका दुई ठूला छोराछोरीहरूको लागि प्रार्थना गरिदिए। एक वर्ष पछि, जुलाई ७, १९७८ मा, दुवै बच्चाहरू आफ्नो परिवारका सदस्यहरूसँग मण्डलीमा गए- उनीहरूको निम्ति मण्डलीमा ठूलो ताली बज्यो!

यो वीर परिवारको पृष्ठभूमि के थियो? म तपाईंलाई एग्नेसको कथा सुनाउँछु। उनको हजुरआमाले उनलाई हिन्दू विश्वासमा हुर्काउन चाहन्थिन्। उसको बुबाले भन्नुभयो, "हुँदैन!" उनी आफ्नो गुयानीज घर नजिकैको वेस्लेयन मण्डलीमा जान थालिन्। बाल्यकालमा, उनले ख्रीष्टलाई स्वीकार गरे र मण्डलीमा सामेल भइन्। जब उनको बुबाको मृत्यु भयो र उनकी आमा काममा जान थालिन्, बाह्र वर्षीय एग्नेसले प्रमुख जिम्मेवारीहरू ग्रहण गरिन् र आफ्ना छ जना साना भाइबहिनीहरूको हेरचाह गर्न स्कूल छोडिन्।

उनको बाँकी जीवनभर, एग्नेसले ख्रीष्टको सेवा गरिन्। ८९ वर्षको उमेरमा, एग्नेसले आफ्नो जीवनको अन्त्य नजिकिँदै गर्दा, उनको छोराले भन्यो, "बुबा र आमा येशूमा पुग्ने हाम्रो पुल हुनुहुन्थ्यो।"

एग्नेस हरेक बिहान, प्रत्येक खानामा, र प्रत्येक रात प्रार्थना गर्थिन्। यदि तपाईंलाई कुनै कुराले सताइरहेको थियो भने, एग्नेसले तपाईंलाई प्रार्थना गर्न आग्रह गर्थिन्। जब उनको वयस्क छोराको असामयिक मृत्यु भयो, एग्नेसले कहिल्यै तितोपन देखाइनन् वा परमेश्वरलाई दोष दिइनन्। उनी आफ्नी नातिनीको कलेज स्नातकमा आफ्नो कमजोरीमा, ह्वीलचेयरमा, बिना गुनासो उपस्थित भइन्।

जब उनको स्वास्थ्य बिग्रदै भयो र उनी नर्सिङ होममा सरिन्, एग्नेसले भनिन्, "म यही ठाउँमा हुनुपर्छ।" आफ्नो मृत्युको केही दिन अघि, उनले "म येशूलाई माया गर्छु" दोहोर्याइरहेकी थिइन् र उनको पास्टर र मण्डलीको लागि उत्कट, अभिषिक्त प्रार्थना गरिरहेकी थिइन्।

यसबाट तपाईले केही बुझ्नुहुन्छ? उनी अन्तिमसम्म दृढ भइन् । बाइबलले सिकाएको ख्रीष्टियन जीवन यही हो।

• • • • • • • • • • • • • • • • •

## मार्च १५ दिन - ७४

# तिनीहरूलाई न्यानो राख्नको लागि पर्याप्त प्रेम भएको मण्डली

*****

*तिनीहरू यरूशलेम आएपछि तिनले चेलाहरूसँग मिल्ने प्रयत्न गरे। तर तिनीहरूलाई उनी चेला हुन् भन्ने पत्यार नहुँदा सबै तिनीसँग डराए। तर बारनाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाऊलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित प्रभुका प्रचार गरेका कुरा तिनीहरूलाई बताइदिए।*

*प्रेरित ९:२६-२७*

*र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाह पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।*

*एफिसी ३:१९*

हामीले उनलाई लगभग गुमायौं। शाऊल, जसलाई पछिबाट पावल भनिन्छ, भर्खरै प्रभुलाई ग्रहण गरेको थिए, तर यरूशलेमको मण्डली उनीसँग डराएको थियो। तिनीहरू डराउनुको कारण पावलले येशूलाई नभेटेसम्म इसाईहरूलाई पक्रदै, मार्ने काम गरिरहेका थिए। धेरै प्रेम र बुद्धि भएको मानिस शाऊलकहाँ पुग्यो र प्रेरितहरूकहाँ "लिएर आयो"। प्रेम र स्वीकृत भएको महसुस गर्दै, उनी मण्डलीमा बस्नु बसे। यिनै शाऊल (पावल) अन्तमा, इसाई हलचलको अगुवा बने। प्रेरित १४:२१-२२ले बताउँछ, "तिनीहरूले त्यस सहरमा सुसमाचार प्रचार गरेर धेरै चेला बनाए, र तिनीहरू लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, चेलाहरूको आत्मालाई सुदृढ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने।" अब पावल नयाँ विश्वासीहरूलाई निरन्तर डोर्‍याउने, हेरचाह गर्ने र सहायता गर्ने प्रमुख बनेका थिए।

मेरो सेवकाईको प्रारम्भमा, प्रचारक मोडी शुनओभरले मलाई सोध्न सिकाए: के मेरो मण्डलीमा उनीहरूलाई न्यानो राख्न पर्याप्त प्रेम छ? जसरी नवजात शिशुलाई ध्यान, माया, विशेष हेरचाह र न्यानोपन चाहिन्छ, त्यसैगरी नवजात इसाईलाई पनि चाहिन्छ। मैले ड्यान र जुडीको मामलामा यो जीवित देखेको छु।

ड्यान एक पादरी बस्ने ठाउँमा हुर्केका थिए, तर बाह्र वर्षको उमेरमा, उनी धुम्रपान गर्दै थिए; सोह्र वर्षको उमेरमा, उनी कडक र क्रोधी बने। जब उनले जुडीसँग विवाह गरे, उनले उनलाई कहिल्यै इसाई नबन्ने चेतावनी दिए। ड्यान सेनामा हुँदा, उनकी आमा साँच्चै बिरामी भए, र उनले जुडीलाई सान्त्वना दिन पठाए। जुडी अचम्भित भइन् किनकि उनले त्यो पादरी बस्ने घरमा मायालु वातावरण भेट्टाइन्। उनी आइतबार आफ्नो सासुआमासँग मण्डली गइन् र प्रभुलाई स्वकार गरिन्।

यो खबर सुनेर ड्यान रिसाए । उनी आफ्नो कार्यभारबाट मुक्त भएपछि, तिनीहरू मध्यपश्चिमी अमेरिकी सहरमा सरे। त्यसको लगत्तै, जुडी बिरामी भइन् र उनलाई ट्युमर भएको थाहा भयो। डराएर, उनले ड्यानका आमाबाबुलाई प्रार्थनाको लागि बोलाए। शल्यक्रिया सुरु गर्नभन्दा अघि डाक्टरलेभने, "हामीले हटाउन लागेको क्यान्सर पहिले नै हराइसकेको छ।" जब ड्यानले खबर सुने, उनले स्वीकार गरे कि यो प्रार्थनाको जवाफ थियो, र उनलाई थाहा थिएन उनी यति कडक भएका थिए।

ड्यान र जुडीले त्यो आइतबार मण्डली जाने निर्णय गरे। तर मण्डलीका मानिसहरू आफ्ना पुराना ख्रिष्टियान साथीहरूसित मिलजुलको आनन्द लिन व्यस्त थिए र ड्यान र जुडीलाई कमै याद गरे। उनीहरु एक्लै बसे । थोरै मानिसहरूले तिनीहरूलाई अभिवादन गरे; उनीहरूलाई आइतबारको खानामा कसैले निम्तो दिएनन्। मित्रताको कमी देखेर ड्यान छक्क परे। अर्को हप्ता, तिनीहरूले अर्को मण्डली जाने प्रयास गरे। तिनीहरू न्यानो हृदय खोज्दै गए र चिसो काँध पाए।

साथीहरूको प्रोत्साहनले, तिनीहरूले तेस्रो मण्डली जाने प्रयास गरे जसले तिनीहरूलाई न्यानो स्वागत गर्‍यो। शुक्रवारको दिन, एक सामान्य दम्पती उनीहरूको घर गए। जब पास्टरले उनीहरूलाई भेटे, ड्यानले मण्डलीको प्रेमको बारेमा घमण्ड गरे। अर्को आइतवार तिनीहरू फेरि मण्डली आए, र ड्यान रुँदै-रूँदै वेदीमा आए। जब पास्टरले सोधे कि यदि उसलाई माफी दिइएको छ भने, उनको जवाफ थियो, "मैले एक पटक मात्र भन्नु पर्‍यो।"

त्यसपछि ड्यानले आफ्नो बुवालाई फोन गरेर भने, "मैले तपाईंको जीवनभरको साथीलाई भेट्टाएँ।"

“को हो?”

“प्रभु येशू ख्रीष्ट”।

अर्को आइतवार, ड्यान र जुडीलाई शुद्ध पारियो। त्यसपछिको आइतबार, तिनीहरू मण्डलीमा सामेल भए। त्यस पछि, उनीहरूले साथीहरूलाई बिली ग्राहमको क्रुसेडमा ल्याए। र त्यस पछि, मण्डलीको जागृति भयो - तिनीहरू एउटामा बाहेक सबै सेवाहरूमा आए।

चाँडै, एक नयाँ जोडी देखा पर्‍यो। तुरुन्तै, ड्यान र जुडी तिनीहरूको छेउमा गए, तिनीहरूलाई तिनीहरूको घरमा निम्तो दिए। तिनीहरू अब नयाँहरूलाई न्यानो राख्नको लागि पर्याप्त प्रेम भएको मण्डली बनेका थिए।

• • • • • • • • • • • • • • • • •

# हृदय परिवर्तन गर्ने आत्मा

*****

*म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्‌गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु।*

*इजकिएल ३६:२६-२७*

बिल धेरै कमजोर थियो। अन्तत: मुटुको शल्यक्रिया गर्नुपर्‍यो। केही दिनअघि, बिहानको खाजामा म उसको छेउमा बसें र उसको ऊर्जा, उसको स्पष्ट विचार र बोली, उसको जीवनमा नयाँ आनन्द देखेँ मुटुको शल्यक्रिया गर्दा कस्तो भिन्नता आयो।

पुरानो करारका अगमवक्ता इजकिएलले भने कि इस्राएलले परमेश्वरको महान नामको पवित्रतालाई अपवित्र बनाएको छ। तिनीहरूको पापको कारण, तिनीहरू बेबिलोनमा निर्वासनमा परेका थिए। तर अब परमेश्वरले तिनीहरूलाई तिनीहरूको भूमिमा फर्काएर ल्याउने प्रतिज्ञा गर्नुभएको थियो (इजकिएल ३६:२४)। तिनीहरूले हृदय परिवर्तन र यो हुनको लागि आत्माको बासको अनुभव गर्नुपर्नेछ। तिनीहरूको इच्छाशक्ति पर्याप्त हुनेछैन; विगतका पापहरूको दोषलाई रद्द गर्ने परमेश्वरको क्षमा पर्याप्त थिएन। अन्तस्करणमा, तिनीहरूको हृदय परिवर्तन हुनेछ। आत्माले तिनीहरूमा यति वास गर्नुहुनेछ कि उहाँले तिनीहरूलाई आज्ञाकारितामा उत्प्रेरित गर्नुहुनेछ।

जर्जले सेवकाईमा नियुक्त भएको आफ्नो गवाही बताए:

मलाई सधैं लाग्थ्यो कि मसँग अरू कोही भन्दा बढी बुद्धि छ। त्यसैले मलाई कसैले सेवक बनाउन सकेनन्। यो कुरा मेरो हृदयमा यति साह्रो गहिरिएको थियो कि मलाई अरू कुराको होश थिएन। तर जब तपाईंले आफूलाई अरूभन्दा योग्य ठान्नुहुन्छ भने तपाईले अरूलाई येशूले जस्तै प्रेम गर्न सक्नुहुन्न।

त्यसपछि, उनले आफ्नो शुद्धीकरणको बारेमा भने: "यदि परमेश्वरले त्यसो नगरेको भए, यो मण्डली ध्वस्त हुनेथियो। म सेवक हुनुथियो; मैले आफ्नो जीवनमा सफलता हेर्न धेरै समय बस्नुपर्‍यो। प्रभु साँच्चै मेरो मालिक हुनुहुन्छ।"

आत्माद्वारा खोज्नुभयो। सेवा गर्नको निम्ति शुद्ध पार्नुभयो। नयाँ हृदय दिनुभयो।

तपाईं पाठकको रूपमा, तपाईंले आत्मिक यात्रा गर्दै हुनुहुन्छ, के तपाईंले आत्माको परिवर्तनहरूको लागि आफ्नो हृदय खोल्नुहुन्छ?

• • • • • • • • • • • • • • • • •

# अङ्गहरुले काम गर्दैछन्

*****

*किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १ कोरिन्थी १२:१२*

*उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।"*
*मत्ती ४:१९-२०*

बिल र इरेनले लौरालाई कामको सम्पर्कबाट चिनेका थिए। "मण्डली र ब्रंच" को निम्ति पठाएको निमन्त्रणाले काम गर्नुभन्दा अघि उनीहरूले लौरा र उनको पति, किथलाई आठ पटक मण्डलीमा निम्तो गरेको हुनुपर्छ। त्यसपछि मण्डलीबाट कसैले किथ र लौरालाई घरमा बनाएको पेस्ट्री दिए। बालबालिकाका निर्देशकले उनीहरूको छोरा एन्डीमा चासो देखाए र उनी आइतबारको सण्डे स्कूल जान थाले। वयस्कहरूको आइतवारे स्कूल शिक्षकले किथ र लौरालाई वयस्क कक्षामा र 'पटलक' खानाको लागि मण्डलीपछि बस्न आमन्त्रित गरे।

मण्डलीका नयाँ साथीहरूले समय मिलाएर किथ र लौरालाई भेटे र आत्मिक विषयहरूमा छलफल गरे जसको कारण किथ र लौराले केही जटिल कुरा सोच्न थाले। तिनीहरू यूहन्नाको सुसमाचारको बाइबल अध्ययनमा उपस्थित भए, जब तिनीहरूले इनारमा स्त्रीको बारेमा पढ्दा परमेश्वरले लौरासँग कुरा गर्नुभयो।

अगस्त २८मा, स्कट र एन्जीसँगै मण्डलीका एक जना पास्टरले किथ र लौराको घरमा सुसमाचार बाँडे र दुवैले ख्रीष्टलाई स्वीकार गरे। जोन र हेलेनले तिनीहरूलाई स्थापना गर्न नयाँ र बढ्दो इसाईहरूको लागि आधारभूत बाइबल अध्ययनको आठ हप्ताको माध्यमबाट नेतृत्व गरे। सदस्यता निर्देशनपछि, किथ र लौरा मण्डलीमा सामेल भए।

किथले मण्डलीद्वारा प्रायोजित सुसमाचार प्रचार कक्षा लिए। उनले आफ्नी सहकर्मी मार्टा र उनका पति वेनार्डसँग मित्रता राखे, उनीहरूसँग सुसमाचार साझा गरे र उनीहरूलाई ख्रीष्टमा डोऱ्याए। तिनीहरू अन्ततः मण्डलीमा सामेल भए।

आज, किथ र लौरा तिनीहरूको मण्डलीमा आत्मिक अगुवाहरू हुन् किनभने त्यो मण्डलीमा ख्रीष्टको शरीरका धेरै अङ्गहरूले सुसमाचार प्रचार, पालनपोषण र चेलाको रूपमा एकसाथ काम गरे।

•••••••••••••••••

# हावामा अत्तरको बास्ना छ

*****

*निस्तार-चाढको ६ दिनअघि येशू बेतानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो। तिनीहरूले उहाको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए। तब मरियमले आधा लिटर जत्ति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूको पाउमा मलिन्, अनि उहाँका पाउ आफना कपालले पुछिन्, र अत्तरको बास्नाले घर भरियो।*

*यूहन्ना १२:१-३*

म न्यु योर्कको ब्रुकलिनको बेडफोर्ड-स्टुइभेसेन्टको एउटा मण्डलीमा प्रचार गरिरहेको थिएँ, जहाँ प्रायजसो विश्वासीहरू ट्रिनिडाड, बहामास, बार्बाडोस, जमैकाका टापुका मानिसहरू थिए। लगभग सबै महिलाले टोपी लगाएका थिए। र यस्तो लाग्यो कि मण्डलीले कहिल्यै भजन गाएको थिएन!

पास्टरले चार जना महिलालाई र मलाई आ-आफ्नो घरमा पुऱ्याइरहनुभएको थियो जब एउटी महिलाले भनिन्, "ओह, भाइ शेभर, तपाईंको प्रचार अत्तरको बोतलको लेबल जस्तै थियो।" मलाई उनको मतलब के हो भनेर निश्चित थिएन, तर मलाई लाग्यो कि उनले मेरो प्रशंसा गरेकी हुन्।

आजको बाइबल खण्डमा, यूहन्नाले येशूसँगको रात्रिभोजको दृश्य वर्णन गर्दैछन् जहाँ आधा लिटर अत्तरको सुगन्धले हावा भरिएको थियो। येशू क्रुसमा आफ्नो मृत्युतर्फ जाँदै हुनुहुन्थ्यो - तर त्यो क्षणमा, यो अत्यन्तै प्रेरणादायी सामाजिक अवसरको आनन्द लिने समय थियो।

त्यससमयको वातावरणीय पदार्थ विचार गर्नुहोस्। येशूको सम्मानमा मार्थाद्वारा तयार गरिएको रात्री भोजन। लाजरस, येशूको छेउमा, हालै मरेकाहरूबाट बौरी उठेकाले अहिले प्रसिद्ध छ। लाजरसलाई भेट्न आएका मानिसहरू (१२:९)।

यी सबैको बीचमा, मरियमले प्रेमको ठूलो अभिव्यक्तिमा, महँगो अत्तरले येशूको खुट्टामा अभिषेक गरिन्। तर पनि येशूको सम्मानको साथ, लाजरसको आनन्द, ठूलो भोजन, न्यानो संगति, र सुन्दर सुगन्ध भए तापनि त्यहाँ दुष्ट लुकेको थियो। यहूदाले महँगो अत्तरको बर्बादीको बारेमा गुनासो गरे, तर पाठले हामीलाई उसको वास्तविक चरित्र देखाउँदछ किनकि उसले पैसाको थैलीबाट चोर्ने गर्थ्यो (१२:६)।

यी सबैमा पाठहरू छन्। दैनिक जीवनका सबै मागहरू - सायद इसाई सेवाको मागहरू पनि - हामीले रमाइलो गर्न र उत्सव मनाउन समय निकाल्नुपर्छ। रमाउनुहोस्, आराम गर्नुहोस्, र येशूलाई उचाल्नुहोस्! हामीले येशूलाई आदर गर्नुपर्छ; भोजनको सङ्गतिबाट प्राप्त गर्नमा; लाजरस जस्तै परमेश्वरको अनुग्रह र चमत्कारहरूको प्रमाण देखेर अचम्म मानेर। हामीले हाम्रो प्रेमलाई असाधारणतामा खन्याउनु पर्छ। अनि दुष्टले आफ्नो कुरूप टाउको उठाए तापनि, हामी त्यसले हाम्रो प्रशंसा र आनन्दलाई विफल हुन दिँदैनौं। इसाई मित्र, केही यस्ता घटनाहरू समावेश गर्न निश्चित हुनुहोस्।

मैले भर्खरै रेभ. ज्याक ह्यामिल्टनसँग फोन कुरा गरें। उनले आफ्नो छिमेकी र प्रिय भाइ डा. जिम ह्यामिल्टन, चौबीस वर्षको उमेरमा बितेपछि उनी अलि एक्लो भएका छन्। ज्याक एक सार्वजनिक विद्यालय शिक्षक र प्रचारक थिए जसले मिसौरी र कन्सास राज्यहरूमा मात्र २५० भन्दा बढी जागृतिहरू आयोजना गरेका थिए। ज्याक अहिले उनान्सय वर्ष पुगेका छन्।

हामीले फोनमा, प्रभु, मण्डली, परिवार, पुरानो समय र वर्तमान विजयहरूको बारेमा कुरा गऱ्यौं। मैले यो पच्चीस मिनेटको कुराकानीमा ज्याकको बारेमा धेरै कुरा जान्न पाएँ, जुन मैले पहिले कहिल्यै जानेको थिइनँ। हामी खुसी भयौं; हामी प्रोत्साहित भयौं। हाम्रो कुराकानीमा दुर्लभ अत्तरको सुगन्ध थियो।

यदि तपाइँ सोच्नुहुन्छ कि यी सबै आराम, सम्झना र रमाईलो गर्नुआत्मिकी होइन, म तपाईंलाई प्रकाश १९: ७ र ९लाई सम्झना गराउँछु: "हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा देऔं! किनकि थुमाका विवाहका दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छुन्।... थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।"

•••••••••••••••••

# त्रास विजयमा परिणत

*****

*तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियो, तर परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो, ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना बाँचिरहून्।*

*उत्पत्ति ५०:२०*

अप्रिल २८, २०२० मा, ८८ र ९१ वर्षको बीचमा, मीनकाएको इक्वेडोरको गाउँमा उनको घरमा मृत्यु भयो। उनका श्रीमती, तेह्र जना छोरा-छोरी र पचास भन्दा बढी नाति-नातिनी छन् । पूर्वी इक्वेडरको अमेजन वर्षावनको हिंस्रक संस्कृतिमा जन्मिएको यो मानिस संसारभरि परिचित थियो किनभने हजारौं मानिसहरूले उनलाई परमेश्वरको उद्धार र परिवर्तन गर्ने शक्तिको प्रमाणको रूपमा देखेका थिए।

मिनकाये छ जना योद्धाहरू मध्ये एक थिए जसले मिसनरीहरू नेट सेन्ट, जिम इलियट, पीट फ्लेमिङ, रोजर युडेरियन र एड म्याककुलीलाई १९५६ मा नदीको किनारमा मारेका थिए। लगभग सबै समाचार मिडिया कभरेजहरूले हत्यालाई ठूलो त्रासको रूपमा वर्णन गरे। यस्तो घटनाको परिणाम कसरी विजय हुन सक्छ?

आजको पवित्र-शास्त्रमा, योसेफ, जो मिश्रको प्रधानमन्त्री बनेका छन्, उनलाई दासत्वमा बेचेका आफ्ना भाइहरूलाई उनी यसो भन्छन्, "तिमीहरूले मलाई हानि गर्ने मनसाय राखेका थियौ, तर परमेश्वरले यो राम्रोको लागि गर्नुभयो।" परमेश्वरले योसेफलाई भयानक अनिकालको समयमा आफ्ना भाइहरू र तिनीहरूका परिवारहरूको लागि खाना र सम्पत्ति उपलब्ध गराउन प्रयोग गर्नुभयो। अर्को शब्दमा भन्नुपर्दा, धेरैको ज्यान बचाउनको लागि परमेश्वरले योसेफलाई प्रयोग गर्नुभयो। भाइहरूले खराब गर्न चाहेको थियो, र परमेश्वरले त्यसबाट असल गर्नुभयो।

पाँचवटा हत्यापछि मारिएका मिसनरीहरूका श्रीमती र परिवारका सदस्यहरू जनजातिहरूकहाँ फर्किए। अन्ततः, केही जनजातिहरूले येशू ख्रीष्टलाई चिने। ख्रीष्टमा मिनकायेको नयाँ जीवन "भालाको अन्त्य" *End of the Spear*,मा चित्रण गरिएको थियो, एउटा पुस्तक जुन चलचित्रमा पनि रूपान्तरण गरिएको थियो। यो चलचित्र अहिले विश्वको एक चौथाई जनसंख्याको भाषामा अनुवाद गरिएको छ।

मिनकाये, जसले बीससम्म मात्र गन्न सक्थे (आफ्ना हात र खुट्टाका औंलाहरू प्रयोग गरेर), संयुक्त राज्य अमेरिका र क्यानाडाभरि पैंतालीस हजार जति ठूलो भीडमा सुसमाचार प्रचार गरे। उसले प्रायः भन्यो, "हामी रिसाएर, घृणा गर्दै र बिना कारण मारेर जिउँथ्यौं, जबसम्म तिनीहरूले परमेश्वरका प्रेमका चिन्हहरू हामीकहाँ ल्याएनन् । अब, हामीमध्ये जो परमेश्वरको पथमा हिँड्छौं खुशी र शान्तिमा बाँच्दछौं।"

स्टिभ सेन्ट, हत्या गरिएका मिसनरीहरू मध्ये एकका छोरा, मिन्कायेको नियमित यात्रा गर्ने साथी भएका छन्। उसले भन्यो, "म सानो छँदादेखि नै मिन्कायेलाई चिन्छु, जब उनले मलाई आफ्नो घर छेउमा लगे र उनका छोराहरूले मलाई बन्दुकले शिकार गर्न सिकाएको थियो। उनी संसारमा मेरो सबैभन्दा प्रिय साथीहरूमध्ये एक थिए। हो, उनले मेरो बुबालाई मारे, तर उनले मलाई र मेरो परिवारलाई माया गरे।"

हो, "तिमीले मलाई हानि गर्ने मनसाय राखेका थियौ, तर परमेश्वरले भलाइको इरादा राख्नुभयो।" हत्या भएको ६० वर्षभन्दा बढी भइसक्यो, त्यसैले हामी परमेश्वरलाई यो वाक्यको अन्तिम भाग ल्याउनको लागि त्यो समय दिन स्मरण गर्छौं: "परमेश्वरले यो राम्रोको लागि चाहनुभएको थियो।"

के तपाईंले परमेश्वरको असल काम हेर्नका लागि लामो समयसम्म पर्खनुभएको र उहाँलाई सुन्नुभएको छ?

•••••••••••••••••

# परिस्थितिहरू

*****

*खाँचो पर्‍यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थीतिमा भए पनि त्यसमा स्तुष्ट रहन सिकेको छु। कसरी होचिन र कसरी बढ्न म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थीतिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु। जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।*

*फिलिप्पी ४:११-१३*

जब राल्फले पास्टरको निम्ति परमेश्वरको आह्वानको जवाफ दिन एक स्थिर जागिर छोडे, उनले एउटा मण्डली रोपणको काम गर्न जिम्मा लिए जुन एउटा पुनर्स्थापना गरेको ग्यारेजमा भेला भएर संगति गर्थे। उनको परिस्थिति बदलिएको थियो, तर उनी सन्तुष्ट थिए।

पत्रुस आफ्नो दैनिक जीवन बिताउन छोडेर गम्भीर रूपमा बिरामी पत्नीको हेरचाह गर्न गए। उनको परिस्थिति बदलियो, तर उनी सन्तुष्ट थिए।

राहेलले सुखी वैवाहिक जीवनको आनन्द उठाउन नपाई आफ्नो पतिको असमायिक मृत्युको शोकमा डुबिन्। उनको परिस्थिति बदलियो, तर उनले सन्तुष्ट हुने रहस्य सिके।

स्कटले एउटा सुन्दर अमेरिकी सहरको फस्टाउँदै गरेको मण्डली पास्टरबाट निस्केर कम्युनिस्ट र अन्य गैर-इसाई प्रभाव भएका आठ राष्ट्रहरूमा मिसनरीको रूपमा सेवा गर्न गए। उसको परिस्थिति बदलियो, तर उनी सन्तुष्ट थिए।

प्रेरित पावल येशूको बारेमा प्रचार गरेको कारण कैदमा परेका थिए, र माथिको खण्ड, उनले फिलिप्पीमा सुरु गरेका मण्डलीलाई लेख्छन्। यो बेला उनलाई साँङ्लाले बाँधेको थियो । उनी तिनीहरूबाट टाढा हुन सक्दैनन् - तर अर्कोतर्फ, तिनीहरू उनीबाट टाढा हुन सकेनन्। त्यसैले पावलले तिनीहरूलाई ख्रीष्टको बारेमा साक्षी दिए, र धेरै पहरेदारहरूले मुक्तिदातालाई चिने। पावल प्रचार गर्न बाहिर निस्कन सकेनन्, तर उनीसँग आफ्ना मण्डलीहरूलाई पत्र लेख्न धेरै समय थियो। निस्सन्देह, यी पत्रहरू पछि नयाँ करारको मुख्य भाग बने।

लुस्त्रामा पावलको शक्तिशाली सेवकाईको अवधि, जन्मदेखि लङ्गडा मानिस, जो पहिले कहिल्यै हिँडेको थिएन, निको भयो, उफ्र्यो र हिँड्न थाल्यो (प्रेरित १४:८-१०)। पावल आफैंलाई शारीरिक रोग थियो – जसको बारेमा उनले "एउटा काडो मेरो शरीरमा" भनेर लेखे (२ कोरिन्थी १२:७)। तीन पल्ट उनले परमेश्वरसँग यो हटाउनलाई बिन्ती गरे। यद्धपि परमेश्वरले उनलाई निको पार्नुभएन, उहाँले पावललाई यी शब्दहरू दिनुभयो: "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (१२:९)। अनुग्रहद्वारा, यी परिस्थितिहरूमा, उनी सन्तुष्ट थिए, अथवा विजयी पनि बनेका थिए। झ्यालखानमा पनि, फिलिप्पीहरूलाई लेख्दै, उनले आफ्नो सन्तुष्टिको मुख्य कारणलाई यसरी उद्धृत गरे, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:१३)।

श्रीमती डचर एक ईश्वरीय ब्याप्टिस्ट महिला थिइन् जो ओछयानमा परेकी थिइन्। तैपनि उनी उज्यालो, हर्षित थिइन् र मध्यस्थताको सेवकाईलाई कायम राखिन्। एक दिन, उनले मलाई एक युवकलाई बोलाउन भनिन् जसको लागि उनले प्रार्थना गरिरहेकी थिइन्। चक झ्यालखानमा थिए, तर श्रीमती डचरले विश्वास गरिन् कि उसले ख्रीष्टलाई स्वीकार गरिसकेको छ। मैले चकलाई बोलाएँ, हामी जोडियौं र हामीले शिष्यत्व बाइबल अध्ययन सुरु गर्यौं। उ प्रभुमा हुर्क्यो, र झ्यालखानमा ईश्वरीय जीवन बितायो, अरू धेरैलाई ख्रीष्टमा ल्यायो, र अन्तमा झ्यालखानबाट रिहा भयो। अन्तिम रिपोर्टमा, उ सेवकाईको लागि अध्ययन गर्न बाइबल स्कूल जाँदैथ्यो।

शमूएल र ग्लेडिस इङ्गल्याण्ड र वेल्सका मूल निवासी थिए तर तिनीहरूले आफ्नो वयस्क जीवनको अधिकांश समय दक्षिण अमेरिकामा मिसनरीहरूको रूपमा बिताएका थिए। अमेरिकामा डेपुटेशनको समयमा, तिनीहरू हामीबाट सडक अर्कोपट्टि बस्थे, र हामी तिनीहरू र तिनीहरूका तीन छोराछोरीसँग नजिक भयौं। तिनीहरूको अवकाशपछि हामीले तिनीहरूसँग सम्पर्क राख्यौं

जब शमूएल बितेको सुनें तब मैले ग्लेडिसलाई फोन गरें। सहानुभूति प्रकट गर्दै, मैले सोधेँ, "यस्तो परिस्थितिमा तपाईलाई कस्तो छ?"

आफ्नो समृद्ध वेल्श उच्चारणको साथ उनले भनिन् "ओह, भाइ शेभर, म परिस्थितिले दबिएको छैन, म परिस्थितिमाथि विजय छु!"

यो कसरी सम्भव छ? हामीलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा सम्भव छ।

•••••••••••••••••

# यदि तपाई विश्वास गर्नुहुन्छ भने

*****

*विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ।*

*मत्ती २१:२२*

मण्डलीमा हुर्केकी हाम्रो छोरीले आफ्नो पतिसँग सम्बन्धविच्छेद गरेर अधर्मी जीवनशैलीमा प्रवेश गरिन्। मेरी श्रीमती र मैले एकै समयमा पेटको अल्सर र टुटेको हृदय कसरी प्राप्त हुन्छ भनेर सिक्यौं। पाँच वर्षसम्म हामीले प्रार्थना गऱ्यौं र केही आत्मिक हलचलहरू देख्यौं तर ख्रीष्ट र नयाँ जीवनमा स्पष्ट रूपमा फर्कन सकेनौं।

"विश्वास राख्नुहोस्" वा "विश्वास गर्नुहोस्" नयाँ करारमा उत्तर दिइएका प्रार्थनाका लागि सबैभन्दा उद्धृत सर्तहरू हुन्। के मेरो मानवीय परिश्रम विश्वास राख्नु वा विश्वास गर्नु सबैमा छ? जे.जी. मोरिसनले बचाउने विश्वास र पवित्र पार्ने विश्वाससँग-सँगै प्राप्त गर्ने विश्वास पनि छ भनेर सिकाउनुहुन्थ्यो। यसबाट, विश्वासको अर्थ उहाँले हाम्रो व्यक्तिगत आत्मिक आवश्यकताहरूभन्दा बाहिरको आश्चर्यमय उपलब्धीहरू हासिल गर्न परमेश्वरले प्रयोग गर्नुहुन्छ भन्ने हो।

परमेश्वरलाई पर्खने र उहाँसँग प्रार्थनामा समय बिताउने बारे पवित्र-शास्त्रमा धेरै शिक्षाहरू छन्। यी अभ्यासहरूले परमेश्वरलाई हामीमा काम गर्ने अनुमति दिन्छ। विश्वास दुवै परमेश्वरको वरदान हो र विश्वासीले प्रयोग गर्नुपर्ने क्षमता हो। मत्ती २१:२२ मा, "विश्वास गरेर" भन्ने वाक्यांशले विश्वासको अभ्यास गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ। 1 कोरिन्थी १२:९मा, विश्वास भनेको आत्माद्वारा परमेश्वरको वरदान हो।

थियोफिलस लेसीलाई लेखेको पत्रमा, जोन वेस्लीले हामीलाई एउटा महत्त्वपूर्ण अन्तर्दृष्टि पनि दिन्छन्: "जब हामी कसैलाई विश्वास गर्न आग्रह गर्छौं, हाम्रो मतलब, *त्यो विश्वास स्वीकार गर्नुहोस् जुन परमेश्वर अहिले दिन तयार हुनुहुन्छ।* वास्तवमा, विश्वास मानिसको कार्य हो, तर यो परमेश्वरको वरदान हो। किनकि परमेश्वरले जबसम्म मानिसलाई शक्ति दिनुहुन्न, कसैले पनि विश्वास गर्न सक्दैनन्।"

एक दिन, हाम्रो छोरीको लागि पाँच वर्षको प्रार्थनापछि, परमेश्वरले मलाई विश्वास गर्न सक्षम बनाउनुभयो, र मैले मेरी छोरीलाई प्रार्थना गर्न वेदीमा गएको दर्शन देखें। यो यति वास्तविक थियो कि म मेरी श्रीमतीलाई भन्न माथिल्लो तलामा दगुरें, "मैले भखरै राहेललाई पुन: बाँचेको देखेको छु।"

त्यो रात, मलाई रोइरहेकी छोरीको फोन आयो। "बुबा," तिले भनिन्, "मैले तपाईंको परिवर्तनको कथा सुनिरहेकी छु, र विगत आधा घण्टादेखि म प्रार्थना गरिरहेकी छु र मेरा पापहरू स्वीकार गर्दैछु। ख्रीष्ट मेरो हृदयमा फर्किनुभएको छ, र परमेश्वर आजको रात जत्तिकै वास्तविक कहिल्यै हुनुहुन्नथ्यो। तिनी पहिलेदेखि नै फरक छिन् र आजसम्म येशूको शक्तिशाली अनुयायी भएकी छिन्।।

.................

# अनाज्ञाकारी हुनु अघि म मर्छु

*****

*तिमी मृत्यसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु।*

*प्रकाश २:१०*

यो मेरो इसाई जीवनको सबैभन्दा कठिन दिन थियो। येशू ख्रीष्टको पूर्ण समर्पित अनुयायी बनेकोमा मेरो बुबा मसँग रिसाउनुहुन्थ्यो। सायद मैले मेरो नयाँ जीवनलाई राम्ररी बुझाउन नसकेकोले होला। सायद यो उनको अधर्मी जीवनशैली थियो। वा सायद यो उनको निराशा थियो कि मैले मेरो जीवनको लागि उहाँको सपना जो मलाई डाक्टर वा वकील बनाउने थियो सो सपना पूरा गर्न म सक्दिनँ भन्ने हुनसक्छ।

जेसुकै होस्, उहाँले ममाथि लगाएको दबाव एकदमै ठूलो थियो। मेरो महँगो आइभी लिग स्कूलमा मेरो सिनियर वर्षको लागि पर्याप्त पैसा जुटाउन सक्ने कुनै उपाय थिएन भन्ने थाह पाएर उहाँले मलाई मेरो जुनियर वर्षको अन्त्य गर्दै आर्थिक सहायता गर्न बन्द गरिदिनुभयो। उहाँले एक साथीलाई भन्नुभयो कि उहाँले मलाई इसाई बनेको भन्दा अपराधी बनाइदिएको चाहनुहुन्छ। मलाई एक कठोर जिरह गर्नलाई र मानिसले परमेश्वरलाई चिन्न असम्भव छ भनेर प्रमाणित गर्नलाई उहाँले दुई नास्तिक पति-पत्नीको कानुनी टोलीलाई भाडामा राख्नुभयो।

यी दुई वकिलहरूले मलाई स्टेक डिनरको लागि उनीहरूको अपार्टमेन्टमा निम्तो दिए। तिनीहरू मेरो बुबाका साथीहरू थिए, त्यसैले मलाई एक रमाइलो सामाजिक साँझमा आमन्त्रित गरिएको थियो। तिनीहरूले मलाई मेरो नाटकीय परिवर्तन अनुभवको बारेमा प्रश्न गर्न थाले। जे होस्, तिनीहरूले मेरो जवाफको प्रतीक्षा गरेनन् - बरु, तिनीहरूले मलाई समर्पणतामा अन्योलतामा पिट्ने लक्ष्यको साथ द्रुतगतिमा सोधिने प्रश्नहरू बन्द गरे।

अन्तमा, यीमध्ये एकजनाले भने, "हुनसक्छ तिमीसँग प्रभावशाली अनुभव होला, तर यी सबै मनोवैज्ञानिक कुरा हो।"

अर्को शब्दमा भन्नुपर्दा, "यो केवल तिम्रो भावनात्मक अनुभव हो- यो परमेश्वर हुनै सक्दैन।

प्रभुमा म केही हप्ताको मात्र थिएँ, र म केही काँपेको थिए। यो घटना मेरो स्कूलको विदाको समयमा भएको थियो। केही दिनपछि, मेरो कलेजको छात्रावासमा, म प्रभुसँग बिहानको उपासनामय समय बिताइरहेको थिएँ। म अझै पनि वकिलहरूको मौखिक हमलाको कारण चिन्तित थिएँ। मैले वकिलहरूसँगको कुराकानीको बारेमा सोँच्दा, मैले एक भयानक आवाज बारम्बार सुनें, *तर यो सबै मनोवैज्ञानिक मात्र हो।*

म अचम्ममा परें, *के यो वास्तविक हो? के मैले गल्ती गरेको छु? के यो मेरो आफ्नै व्यक्तित्वबाट उत्पन्न भएको भावनात्मक, मनोवैज्ञानिक अनुभव मात्र हो? के यो साँच्चै परमेश्वर हुनुहुन्थ्यो? के मैले यो सबै त्याग्नुपर्छ?*

त्यसपछि मैले मधुर आवाज सुनें: *चिक, तिमीलाई के भयो सो तिमीलाई थाह छ।*

मेरो हृदयले जवाफ दियो, हो, प्रभु, मलाई थाहा छ त्यो तपाईं हुनुहुन्थ्यो। मैले मेरो बाइबलमा पढेको पानालाई फर्केर हेरें: "यसकारण जसले मेरा यी वचनहरू सुन्छ र पालन गर्छ, म एक जना बुद्धिमान मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। अनि नी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो" (मत्ती ७:२४-२५)।

मेरो मन हर्षित भयो। *हो, मैले सोचें, मेरो जीवन चट्टानमा छ! मैले ख्रीष्टलाई चिनेको छु! परमेश्वर वास्तविक हुनुहुन्छ! म तपाईंका शब्दहरू सुनेर व्यवहारमा उतार्नेछु! म पछाडि फर्कनेछैन!*

ती वकिलहरूसँगको त्यो अनुभव र डरलाग्दो आवाजले मेरो आत्मालाई अझ बलियो बनायो। मलाई कसैले गर्न सक्ने सबैभन्दा नराम्रो कुरा के हो? मलाई मार्नु हो। त्यसैले मैले निर्णय गरें, "म अनाज्ञाकारी हुनु अघि मर्छु।" म प्रकाशको पुस्तकको भीडको एक हिस्सा हुनेछु: "तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु" (२:१०) । त्यो दृढ निश्चयताले मलाई कहिल्यै छोडेको छैन।

• • • • • • • • • • • • • • • •

# न्यायकर्ता न्यायी हुनुहुन्छ

*****

*तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु।*
*यसकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ।*
*भजन ५१:४*

नातान अगमवक्ताले भने, "हे दाऊद, त्यो मानिस तपाईं नै हुनुहुन्छ" र तुरुन्तै दाऊदले परमेश्वरबाहेक अरू कसैलाई पनि पस्न अनुमति नदिइएको ठाउँमा यात्रा सुरु गरे। तिनी सुरक्षाको पर्खाल पछाडि, देखावटीको पछाडि, न्यायको पछाडि, बाध्यता र जिम्मेवारीको पछाडि गए जहाँ कुनै बहानाबिना उदाङ्गो भएर उभिनुपर्थ्यो।

दाऊदले यसो भनेनन्, "मेरो बुबाको पापले मेरो जीवनमा दाग छोड्यो।"

उनले भनेनन्, "म राजा हुँ - म परमेश्वरका आज्ञाहरू पालन गर्ने कुराभन्दा माथि छु।"

उनले भनेनन्, "म उनको प्रेमको जालको शिकार भएँ।"

उनले भनेनन्, "म कस्तो खेल खेल्न सक्छु ताकि परमेश्वरले विश्वास गर्नुहुन्छ कि यो मेरो गल्ती थिएन?"

उनले भनेनन्, " नाथान, तिम्रो बारेमा के छ?"

तिनी त्यहाँ उभिए, लाजमा उदाङ्गो, र परमेश्वरसँग सहमत भयो। तिनले दया, अनुकम्पा र क्षमाको लागि विन्ती गरे, यो जानेर कि न्यायी न्यायाधीशसित अटल प्रेम थियो- यो पनि थाहा छ कि उनको भित्री आत्माको लागि शुद्धीकरण प्राप्त गर्ने अर्को कुनै तरिका थिएन।

जब परमेश्वर आउनुभयो, दाऊदले "म दोषी छु" भनी लेखिएको एउटा चिन्ह बोकेर परमेश्वरको सामु उभिए।

जब परमेश्वरले छोड्नुभयो, दाऊदले "मैले क्षमा पाएको छु" भनेर एउटा चिन्ह बोकेका थिए।

त्यो भित्री ठाउँमा, तपाईंको चिन्हले के भन्छ?

न्यान्सी शेभर[5]

. . . . . . . . . . . . . . . . .

[5]. यस भन्दा पहिले *Come Ye Apart* March–April–May 1996 (Kansas City, MO: Nazarene Publishing House), 26 मा प्रकाशित थिए। अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन भयो *परमेश्वरको प्रतिबिम्बित गर्ने*।)

# साँचो इसाईहरू - असल खेतालाहरू

*****

*कमारा हो, प्रत्येक कुरामा यस संसारका आफ्ना मालिकहरूलाई आँखाका अगाडि खुशी तुल्याउने मात्र होइन, तर साँचो हृदयले प्रभुको डर राखेर तिनीहरूका अधीनमा बस। तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ। कलस्सी ३:२२-२४*

दासप्रथा रोमी साम्राज्यमा स्थापित संस्था थियो (१९औं शताब्दीमा हटाइएको अमेरिकन क्याटल स्लेभरी सिस्टमभन्दा पूर्णरूपले भिन्न)। वास्तवमा, रोमको आधा जनसंख्या नै कमाराहरू थिए। धेरै कमाराहरू शिक्षित थिए जसले घनाढ्य मानिसहरूको घरमा बालबच्चालाई शिक्षा दिने काम र अन्य उच्च जिम्मेवारी सम्हालेका हुन्थे। यो पत्रको अन्तिम अध्यायमा मालिकहरूलाई पनि आफ्ना कमाराहरूसँग न्यायसङ्गत र उचित व्यवहार गर भनी भनिएको छ।

यो समयमा, इसाईहरू कम्ति राजनैतिक शक्तिसहितको साना झुण्ड वा कम्जोर झुण्ड थिए। जसै मण्डली र मण्डलीको प्रभावमा वृद्धि आयो, बिस्तारै मण्डली यो दासप्रथाको अन्त गर्ने एक ठूलो शक्तिको रूपमा खडा भयो।

आज, दास-मालिक सम्बन्ध कामदार-मालिक सम्बन्धको लागि नमूना बन्न सक्छ। वास्तवमा, कामदारको इसाई विश्वासले उसलाई अझ राम्रो र अधिक कुशल कार्यकर्ता बनाउनेछ। इसाई विश्वासमा मालिकको लागि काम गर्नुलाई प्रभुको लागि काम गर्नु मानिन्छ।

म एक इसाई महिलालाई चिन्छु जसले आफ्नो कम्पनीमा २५ वर्षभन्दा बढी समय काम गरिसकेकी छिन् र दुई पटक राष्ट्रपतिको अवार्ड पनि जितिसकेकी छिन्। उनी आफ्ना मालिक र सहकर्मीहरूका लागि प्रार्थना गर्छिन्, अरूप्रति टिठालु हुन्छिन् (जस्तै क्यान्सरसँग लडिरहेको सहकर्मीलाई उदारतापूर्वक वास्ता), र आफ्नो विश्वासलाई प्रभावकारी रूपमा साझा गर्छिन्।

भर्खरै, उनको मालिकले उनलाई भने, "कम्पनीप्रति तपाईंको वफादारी अभूतपूर्व छ; यो तपाईंको वफादारी आफ्ना सहकर्मीहरुप्रति पनि समान छ। बिक्री प्रतिनिधिहरूले तपाईंलाई माया गर्छन्। "

यस कार्यकर्ताले जवाफ दिए, "यो मेरो लागि स्वाभाविक हो किनभने म मानिसहरूमा लगानी गर्छु।"

भर्खरै, यस महिलाले आफ्ना सयौं इमेलहरू मध्ये एउटा हेरिरहेकी थिइन्, उनले देखे कि उनका सहकर्मीहरू मध्ये एकले सहयोगको लागि सोधिरहेको थियो। उनले भनिन् कि उनले छिटो इमेल हटाउन सक्थे, र त्यो स्वीकार्य हुने थियो। यसको सट्टा, उनले आफ्नो सहकर्मीलाई फोन गरिन् र, पच्चीस मिनेटको लागि, तिनलाई राम्ररी र हेरचाह गर्ने सल्लाह दिए।

"यो काम नैतिकता कहाँबाट आएको हो?" मैले उनलाई सोधें।

उनले जवाफ दिइन्, "म इसाई घरमा हुर्किएँ। मैले यो कुरा मेरा आमाबुबामा देखेको छु।"

म तपाईंलाई आफ्नो कार्यस्थलमा आफ्नो इसाई जीवनशैली अप्नाउने आग्रह गर्छु।

पावलको पत्रको सन्दर्भमा, दासहरूलाई सम्पत्तिको स्वामित्व लिन अनुमति थिएन। तर अचम्मको कुरा, परमेश्वरले यी इमान्दार इसाई कामदारहरूलाई "परमप्रभुबाट उत्तराधिकारको इनाम" दिने प्रतिज्ञा गर्नुभयो (३:२४)। हो, यो राष्ट्रपतिको पुरस्कार जस्तै हो, तर त्योभन्दा पनि अझ उत्तम - यो येशूको इनाम हो।

.................

# सिद्ध?

*****

*यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्छ।*
*मत्ती ५:४८*

प्रत्येक तीन सेकेन्डमा, हाम्रो भान्सा घरको नल टपकिन्थ्यो। यसमा ती लामो ह्यान्डलहरूमध्ये एक थियो जुन सबै दिशाहरूमा घुमाउन सकिन्छ। दायाँ तिर चिसो पानी थियो; बायाँ तिर तातो पानी थियो। जब तपाई पानी बन्द गर्नुहुन्छ, यसलाई सीधा तल तान्न सक्नुहुन्न - तपाईले यसलाई दायाँ तिर अलिकति तेर्सो पार्नु पर्थ्यो। तर सधैँ यो नलबाट पानी चुहिन्थ्यो ।

जब मेरो ब्याकहो backhoe अपरेटर, मास्टर ट्रेन्च डिगर, र साथी डेभले मलाई आफ्नो असल साथी जिम एक प्लम्बर हुन र उनी माथि म भर पर्न सक्छु भने, म लगभग खुशीले चिच्याएँ। सोमबारको दिन डेभ र जिम आए, र हामीले उनीहरूलाई घरको सबै पाइपलाइनको काम जिम्मा दियौं। ( यसको निम्ति हामीले लामो समयदेखि बचत गरेका थियौं।) तर ठूलो काम भान्सा घरको नल थियो।

मेरी श्रीमती, न्यान्सीले स्थानीय लोवेसमा सबै फिटिंगसहितको मध्यम मूल्यको नल किनिन्। डेभ र जिमले लामो समयसम्म कडा परिश्रम गरे, र नयाँ नल अब त्यहाँ जोडिएको थियो। हामीले यसलाई खोल्यौं - त्यहाँ पानीको राम्रो प्रवाह थियो। तर जब हामीले यसलाई बन्द गर्‍यौं, त्यहाँबाट पानी फेरि चुहिन थाल्यो।

हामी फेरि पसलमा गयौं र नयाँ, नखोलिएको बक्समा त्यस्तै नल किन्यौं। तर जब हामीले बक्स खोल्यौं, हामीले नल बिग्रिएको, ह्यान्डल भाच्चिएको देख्यौं। हामी दोस्रो पटक पसलमा फेरि गयौं।

तेस्रो नयाँ नल लगाउन निक्कै समय लाग्यो, तर यो अन्ततः जोडियो। हामीले यसलाई खोल्यौं - पानी राम्रोसँग आयो। जब हामीले यसलाई बन्द गर्‍यौं - र यो चुहिएन! मैले सोचें, त्यो एकदमै सही छ! यो सबैभन्दा महँगो र हेर्नमा आकर्षक नल थिएन, तर यो उत्तम थियो किनभने यसले जुन कामको निम्ति यो बनाइएको थियो त्यस उद्देश्यलाई पूरा गर्‍यो।

के तपाईलाई अचम्म लाग्छ कि परमेश्वरले हामीलाई भन्नुहुन्छ, "यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ" (मत्ती ५:४८)? पद ४३-४७ मा, येशूले हामीलाई भन्नुभयो कि जसरी पिताले हामीलाई प्रेम गर्नुहुनछ त्यसरी नै अरूलाई पनि प्रेम गर। विलियम बार्कले भन्छन्, "यदि मानिसले आफ्नो सृष्टि र संसारमा पठाइनुको उद्देश्य थाहा पाउँछ भने त्यो सिद्ध मानिस हो।"

तपाई सबैभन्दा प्रतिभाशाली, सबैभन्दा ज्ञानी, वा सबैभन्दा ठूलो संचारक हुनुहुन्न होला, तर तपाईले आफ्नो प्रेमको उद्देश्य पूरा गर्न सक्नुहुन्छ। तपाई अरूलाई प्रेम देखाउनमा सिद्ध हुन सक्नुहुन्छ - त्यो उद्देश्य हो जसको लागि तपाई र म सृष्टि गरिएका छौं। यस प्रकारको प्रेम उच्च क्षमताको छ, तर परमेश्वरको अनुग्रहद्वारा, हामी यो गर्न सक्छौं।

तथापि, केही दिन भयो - नल अझै चुहेको वा टपकेको छैन। त्यो एकदम सही छ! म खुसी छु कि यसले आफ्नो उद्देश्य पूरा गरिरहेको छ।

•••••••••••••••••

# यो धेरै विशिष्ट हुनसक्छ

*****

*उहाँले जवाफ दिनुभयो, "उनीहरूलाई खेद्। तैंले उनीहरूलाई भेट्टाएर सबैलाई छुटाउनेछस्।*
*१ शमूएल ३०:८ख*

अल्जाइमरको रोग-निदानले परिवारमा धेरै समस्याहरू ल्याउँछ। यसले हाम्रो परिवारलाई असर गरेको छ । हामी धेरैचोटि सुन्छौं "मैले मेरो.... भेट्टाउन सकिनँ।" यदि यो हराएको कुरा तपाईंको क्रेडिट कार्ड हो भने यसले तपाईंको हृदयमा ठूलो डर उत्पन्न गर्छ।

एक मङ्गलबार, न्यान्सीले मलाई आफू पसल छोडेर घर गइरहेको बताउन फोन गरिन्। त्यो शनिबार, उनले मलाई भनिन्, मैले मेरो सेल फोन भेट्टाएको छैनँ।" हामीले उनी कहाँ-कहाँ गएकी थिइनँ सो पत्तो लाउने प्रयास गऱ्यौं। जब उनले पसलबाट फोन गरिन्, त्यसपछि यो हराएको थियो, तर उनी मलाई बताउन हिचकिचाइन् किनभने उनी मेरो चित्त दुखाउन चाहँदैन थिइन्। शनिबार साँझसम्म, मैले चारवटा पर्सहरूमा राम्ररी खोजेँ र पूरै घर लथालिंगै पारें। जति मैले खोजें, उतिनै म चिन्तित भएको अनुभव गरें।

आइतबार बिहान, म १ शमूएलबाट पढ्दै थिएँ। दाऊदको सहर सिक्लगमा आक्रमण भएको थियो र आक्रमणकारीहरूले दाऊद र तिनका सिपाहीहरूका पत्नी, छोरा र छोरीहरूलाई लगेका थिए। दाऊदले परमेश्वरको अगुवाई खोजे: "तब दाऊदले परमप्रभुलाई सोधे, 'के म यी लुटपाट गर्नेहरूलाई खेदूँ? के म उनीहरूलाई भेट्टाउन सकूँला?' अनि परमप्रभुले जवाफ दिनुभयो, 'उनीहरूलाई खेद्। तैंले उनीहरूलाई भेट्टाएर सबैलाई छुटाउनेछस्' (१शमूएल ३०:८)।

यी शब्दहरूले, यो सत्यले मलाई साह्रै प्रभाव पाऱ्यो। मैले सधैँ लेख्ने मेरो लेखमा यसरी लेखें, प्रभु, म आफैलाई दाऊदझैं अलिअलि महसुस गर्दैछु। न्यान्सीले आफ्नो फोन हराएकी छिन्। के तपाईं मलाई अगुवाइ गर्नुहुन्छ? के तपाईंले मलाई यो कहाँ छ भनी भन्नुहुन्छ? के तपाईं मलाई यो पाउन मद्दत गर्नुहुन्छ?

केही समयपश्चात, जब मैले सण्डे स्कूल र मण्डली जानको निम्ति गाडी निकाल्न तयारी गर्न थाले, मलाई अर्को कारमा खोज्न जरूरी भएजस्तो लाग्यो, जुन कार न्यान्सीले मंगलबारको दिन चलाएकी थिइन्। मैले कारमा सर-समान राख्ने ठाउँहरू खोजें तर पाइनँ। किन हो कुन्नी मलाई पछाडिको सिटमा हेर्ने इच्छा भयो। पछाडिपट्टिको सिटको मुनि, भूइँमा फोन भेट्टाएँ। मैले तुरुन्तै फोन लगेर न्यान्सीलाई देखाएँ अनि हामी दुवैले भन्यौं, "धन्यवाद प्रभु!" कति ढुक्क।

कति अचम्म कि हाम्रो जीवित परमेश्वर हामीसँग बोल्न सक्नुहुन्छ र हामीलाई मार्गदर्शन गर्न सक्नुहुन्छ। उहाँले हामीलाई भलाइको भावना र उहाँ हामीसँग हुनुहुनेछ भनी आश्वासन प्रदान गर्नुहुन्छ - र कहिलेकाहीं, उहाँको निर्देशन हाम्रो आवश्यकताहरूका लागि विशेष हुनसक्छ!

•••••••••••••••••

# एकलोपनलाई अलविदा!

*****

*यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी नागरिक र परमेश्वरका परिवारका सदस्यहरू भएका छौ। एफिसी २:१९*

*एकलोपनलाई अलविदा!*

के त्यो राम्रो सुनिन्छ? यसको अर्थ अन्ततः समावेश गर्ने, माया गर्ने, मान्य हुने, र खुशी हुने ठाउँ हुनु हो। यसको अर्थ संसारमा सुरक्षित ठाउँ हुनु हो—उही संसार जसलाई परमेश्वरको लागि ठाउँ बनाउन गाह्रो भयो।

मैले धेरै मानिसहरूलाई उहाँको राज्यमा सदस्यताको बारेमा सोध्न धेरै कारणहरूले गर्दा हिचकिचाएको देखेको छु, कतिपयले आफू परमेश्वरको राज्यमा हुन योग्य छन् भन्ने कुरामा विश्वास गर्दैनन्। कतिजनालाई प्रेम गर्ने बानी छैन। कतिलाई परमेश्वरले के गर्न लाउनुहुन्छ नी भन्ने डर छ। कतिपयले अरूलाई दुर्व्यवहार गरेर आफैलाई पिडितहरू देखाउँछन्; कतिपय स्वयं पीडित छन् । कसै-कसैले तिनीहरू सधैं नियन्त्रणमा हुनुपर्छ भन्ने विश्वास गर्छन्; कति जना नियन्त्रण बाहिर रहन चाहन्छन्। कसै-कसैले आफूलाई कुनै पनि कुरा चाहिन्छ भनेर इन्कार गर्छन् – कहिलेकही परमेश्वरको प्रेम पनि। कतिले आफ्नो पर्खाल माथिसम्म उठाउँछन् र तिनीहरूको ढोका ताल्चा र बार लगाउँछन्। कोही पीडामा छन् र यो पीडाबाट कुनै राहत छैन भन्ने विश्वास गर्छन्। कोही आत्मिक रूपमा मरेका छन् र विश्वास गर्दैनन् कि तिनीहरू साँच्चै मर्नु अघि बाँच्न सक्छन्। कोही रिस र लाजले भरिएका छन्। कोही संसारका थाकेका कार्यवाहक हुन्।

"के परमेश्वरले तिनीहरूलाई भित्र जान दिनुहुनेछ?" तपाईं सोध्नुहुन्छ। हो, यदि तिनीहरूले आफ्नो हृदयको ढोका खोल्छन् भने भित्र जान पाउनेछन्। तपाईंले देख्नुभयो, म माथि उल्लेख गरिएका धेरै मानिसहरूजस्तै थिएँ, र उहाँले मलाई भित्र पस्न दिनुभयो। बिदा, एकलोपन!

न्यान्सी शेभर ७

.................

# स्वर्ग

*****

*तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त छँदैथिएन। सिहांसनबाट यसो भन्ने चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्। प्रकाश २१:१,३-४*

"हे, सिरी!" मैले भने, "भोलिको मौसम कस्तो छ?"

उसले जवाफ दियो, "चट्याङको चालीस प्रतिशत सम्भावना, उच्चतम डिग्री अट्ठासी, न्यूनतम डिग्री ७७ रहनेछ।"

आश्चर्यको कुरा! उसले तपाईंलाई भोलिको मौसम बताउन सक्छ।

हे, प्रकाश! हाम्रो भविष्यको अनन्तता के हो?

आश्चर्यको कुरा! प्रकाशले तपाईंलाई स्वर्गमा तपाईंको भविष्यको बारेमा बताउन सक्छ।

जब एक जना ख्रीष्टियनको आज मृत्यु हुन्छ, उसको आत्मा तुरुन्तै प्रभुसँग हुनेछ। पावलले गवाही दिन्छन्, "किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो। ...बरू बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनकि यो धेरै नै असल छ" (फिलिप्पी १:२१,२३)। उनले अझ लेखेका छन्, "हामीमा पूर्ण भरोसा छ, बरु शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं। यसैकारण चाहे हामी शरीरमैं होओं, चाहे अलग रहौं, उहाँलाई प्रसन्न तुल्याउनु नै हाम्रो लक्ष्य हुन्छ" (२ कोरिन्थी ५:८-९)।

त्यसभन्दा अझ, एक दिन आउँदैछ जब हाम्रो भौतिक शरीरहरू मुक्त हुनेछन्। १ थेसलोनिकी ४:१६-१७ ले हामीलाई बताउँछ, "किनकि प्रभु स्वयम हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौं।"

जब एक व्यक्तिलाई सोधियो, "परमेश्वरले तपाईलाई किन स्वर्गमा जान दिनुहुन्छ?" उसको जवाफ थियो, "किनकि म मेरी आमालाई फेरि भेट्न चाहन्छु।"

त्यो राम्रो इच्छा हुनसक्छ, तर यो स्वर्गमा प्रवेशको लागि आधार होइन। प्रकाशले हामीलाई बताउँछ कि कसले प्रवेश गर्छ र कसले गर्दैन: "जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ। तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झुटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो" (प्रकाश २१:७-८)।

अथवा, "तर थुमाको जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन" (प्रकाश २१:२७)।

अथवा, "जीवनको वृक्षको हक पाउन र सहरका ढोकाहरूबाट भित्र पस्न पाउँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन्। बाहिरचाहिँ कुकुरहरू, मन्त्रतन्त्र गर्नेहरू, व्यभिचारीहरू, हत्याराहरू, मूर्तिपूजकहरू र असत्य मन पराउने र त्यसैमुताबिक चल्नेहरू रहन्छन्" (प्रकाश २२:१४-१५)

प्रकाशको पुस्तकले भन्छ कि त्यस स्वर्गीय सहर वर्गकार थियो र २४०० किलो मिटर थियो; त्यसको पर्खाल पैँसट्ठी मिटर थियो; त्यहाँ भएका बाह्र ढोकामा इस्राएलका बाह्र कुलका नामहरू लेखिएको थियो; त्यहाँका पहरेदार स्वर्गदूतहरू थिए; यस सहरको बाह्र जगहरूमा बाह्र चेलाका नाम लेखिएका थिए; यसका पर्कालहरू अनेक किसिमका बहुमुल्य रत्नहरूले सजाइएका थिए; यसका ढोकाहरूचाहिँ मोतीले बनिएका थिए; यसको मूल सडक सुनले बनिएको थियो; यो मन्दिर स्वयम परमप्रभु परमेश्वर र थुमा नै हुनुहुन्थ्यो; यहाँको उज्यालो परमेश्वरको महिमा नै थियो; त्यहाँ आँसु, मृत्यु, शोक, पीडा हुनेछैन। त्यहाँ जीवनको नदी, जीवनको रूख, हरेक महिना

बाह्रै किसिमका फलहरू, जाति-जातिहरूको लागि चङ्गाई, र चम्किलो उज्यालो हुनेछ।

मर्नु अघि मेरी काकी मेरीका अन्तिम शब्दहरू थिए, "ओह, ओह, ओह, स्वर्गदूतहरू, स्वर्गदूतहरू, तिनीहरू मेरा वरिपरि छन्!" ओह, त्यहाँ स्वर्ग छ।

"पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्!" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्!" जो तिर्खाउँछ त्यो आओस्; जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा लिओस्" (प्रकाश २२:१७)।

.................

# जे मसित छ, त्यही म दिन्छु

*****

*तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाँउमा हिँड्!*

*प्रेरित ३:६*

इथियोपियाली मिसनेरी होवी शुटले रिपोर्ट गरे कि पवित्र सम्मेलनको लागि भेला भएका एक हजार मानिसहरूमध्ये केही शंकास्पद मुस्लिमहरू थिए जसले ख्रीष्टको शक्तिमा शंका गरे। पास्टरले प्रचार गरिरहेको बेला, चार मुस्लिम पुरुषहरूले आफ्नो साथीलाई ल्याए जो जीवनभर अशक्त थिए र समुदायमा परिचित थिए। तिनीहरूले त्यस व्यक्तिलाई वेदीमा राखे। प्रार्थनाको समयमा, त्यस व्यक्तिको मृत मांसपेशिहरु बढ्यो, उसको खुट्टा बलियो भयो, र त्यो मानिस दौडिन र परमेश्वरको प्रशंसा गर्न थाल्यो। चालीस जना मुस्लिमहरू अगाडि दौडेर आए अनि भन्न लागे "हामीलाई येशू चाहिन्छ।"*

यस्ता आश्चर्यकर्महरू अझै पनि हुन्छ। आत्मिक शक्ति ख्रीष्टमा पूर्ण समर्पित अनुयायीहरूमा हुन्छ - आत्माको पूर्णताबाट शक्ति (प्रेरित १:८; २:४)। आजको बाइबल पाठको सन्दर्भमा, यो मानिस अशक्त छ र भीख माग्ने ठाउँमा बोकेर लैजानुपर्छ (३:२) - ऊ असहाय र निराश छ। यदि तिनीहरूको खल्ती खाली नभएको भए, पत्रुस र यूहन्नाले त्यस व्यक्तिलाई उसको दैनिक आवश्यक्ताअनुसार पैसा दिन्थे। तर तिनीहरू ख्रीष्टको शक्तिले भरिएका हुनाले, तिनीहरूले त्यस व्यक्तिलाई सबैभन्दा बढी चाहिने कुरा दीर्घकालीन परिणामहरू सहित दिए।

सधैं झैं, यो निको पार्ने, यो दयालु कार्य, मुक्तिदाताको रूपमा ख्रीष्टलाई देखाउन गरिन्छ। देख्नेहरू छक्क पर्छन् (३:१०), प्रचार र सुसमाचार प्रचारका अवसरहरू खुल्छन्, र धेरै मानिसहरूले ख्रीष्टलाई स्वीकार गर्छन् (४:४)। त्यसरी नै, आत्माको शक्तिमा, हामीसँग जे छ त्यो दिऔं (३:६)।

*होवी शुटद्वारा रिपोर्ट गरिएको, पवित्र शिखर सम्मेलन, कोलोराडो स्प्रिंग्स, कोलोराडो, सेप्टेम्बर ७, २००८।

•••••••••••••••••

# उहाँले आफैलाई होच्याउनुभयो

*****

*येशू ख्रीष्ट: परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।*

*फिलिप्पी २:५-८*

मास्को—म त्यहाँ सत्रह जना रुसीहरूलाई दिनको आठ घण्टा, येशूको लागि कसरी अझ राम्रो साक्षी दिने भनेर सिकाउन एक हप्ताको लागि त्यहाँ थिएँ। मलाई बस्नको लागि एउटा सानो अपार्टमेन्टमा लगियो। मैले आफ्नो समानहरू खोल्दा, मैले फोहोरले भरिएको एउटा फोहोर टोकरी देखें। मलाई अपार्टमेन्ट कम्प्लेक्सको फोहोर फाल्ने तरिका थाहा थिएन, त्यसैले मैले मेरो होस्ट मिसनरीलाई टोकरीको बारेमा सोधें। लगभग मायालुपूर्वक, उनले आफ्नो हात र घुँडा टेके, आफ्नै हातले सामग्रीहरू हटाए, र टोकरीलाई सफा गरे।

म रुन सक्थें । उनी एक आजीवन मिसनरी थिए जसले रूसीहरूलाई मुक्तिदातामा ल्याउने येशूको बोलावटमा आफैलाई समर्पित गरि आफ्नो मातृभूमि अमेरिका छोडेका थिए । अहिले, अझ, उनले मेरो एक हप्ताको भ्रमणको लागि चीजहरू सहज बनाउनको लागि घुँडा टेकेर मेरो फोहोर टोकरी सफा गर्दै थिए।

येशू ख्रीष्टलाई विचार गर्नुहोस्, जो साँच्चै परमेश्वर हुनुहुन्छ तर मानिसको रूपमा पृथ्वीमा आउनुभयो। जो स्वेच्छाले मर्नको लागि क्रुसमा जानुभयो ताकि तपाईं र मेरा पापहरू क्षमा हुन सकून्। हराएको मानवतालाई अझ पूर्ण रूपमा पहिचान गर्न, उहाँलाई दुई चोरहरूको बीचमा झुण्ड्याइयो र तिनीहरू मर्दै गर्दा उहाँ पनि मर्नुभयो। बस कल्पना गर्नुहोस्! ई. स्टेनली जोन्सले भने, "यसको अर्थ उहाँ यति तल होच्चिनुभयो ताकि उहाँ सबैभन्दा तल्लो दर्जाका पापीहरू समक्ष पुग्नुभयो र उहाँ कल्पना गर्न नसकिने उचाइमा उचालिनुभयो।"

उहाँले यो सबै तपाईं र मेरो निम्ति गर्नुभयो!

.................

# क्रूसमा टाँगिएको

*****

*म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।*

*गलाती २:२०*

येशू ख्रीष्ट हाम्रा पापहरूको लागि क्रूसमा टाँगिनुभयो। सबै ठाउँका इसाईहरूले यो केन्द्रीय सत्यलाई स्वीकार गर्छन्। तर के तपाईलाई थाहा छ तपाई पनि क्रूसमा टाँगिनु सम्भव छ? पावलले वास्तवमा यो दाबी गरे: "म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु।"

ग्रीकमा, "म" को लागी पावलले लेखेका शब्द "अहंकार" हो। जब हामी कसैलाई यसो भन्दै वर्णन गर्छौं, "उसको ठूलो अहंकार छ," हाम्रो मतलब त्यो व्यक्ति स्वकेन्द्रित छ। त्यसैगरी, जब पावलले "म क्रूसमा टाँगिएको छु" भन्छन् र "म अहिले शरीरमा जिइरहेको जीवन" को बारेमा बताउँछन्, पावलको अर्थ उसको स्व-केन्द्रित स्वभाव मारिएको छ। जब तपाईं यो अनुभव गर्नुहुन्छ, तपाईंको स्व-केन्द्रित स्वभाव क्रूसमा टाँगिएको छ तर तपाईंको आवश्यक कुरा स्वार्थ होइन - तपाईंसित अझ पनि एक व्यक्तित्व छ। र तपाईंले अझै पनि सीमितताहरू, कमजोरीहरू र परीक्षाहरूको अनुभव गर्नुहुनेछ। तपाईं "परमेश्वरको पुत्रमा गरिएको विश्वासद्वारा बाँच्ने" ख्रीष्टमा केन्द्रित छनौटहरू गर्नुहुनेछ। पावलले यस्तो शक्तिको रहस्य प्रकट गर्दछ: "ख्रीष्ट ममा जिउनुहुन्छ।" उहाँ न सुत्नुहुन्छ न आराम गर्नुहुन्छ उहाँ ममा जिउनुहुन्छ।

यदि तपाईंले आफैलाई क्रुसमा टाँग्न दिनुभयो भने, तपाईंले सबै चीजहरू हलुका समात्नुहुनेछ, किनकि तपाईंको हातमा भएको काडाले कुनै पनि चीजलाई समात्न गाह्रो हुन्छ। डेनिस किन्लाले मेरी नामकी महिलाले सबैभन्दा उत्कृष्ट तरिकामा र परमेश्वरको महिमामा भायोलिन बजाएको सुनेको बताउँछन्। मेरीले उनलाई आफ्नो भायोलिनसँगको सम्बन्ध सधैं परमेश्वरको महिमा गर्ने थिएन भनेर बताइन्।

प्रभुले उनलाई भन्नुभयो, "मेरी, मलाई तिम्रो भायोलिन देऊ।"

उनले जवाफ दिइन्, "प्रभु, यो मैले पाएको सबथोक हो।"

"मलाई तिम्रो भायोलिन देऊ।"

"तर प्रभु, यो मेरो जीवन हो।"

"मलाई थाहा छ। म तिम्रो जीवन बन्न चाहन्छु।"

मेरीले किन्लालाई बताइन्, "त्यो भायोलिन मेरो स्वामी थियो। म त्यसको स्वामी थिइनँ। त्यसैले मैले यो परमप्रभुलाई दिएँ। पहिलो पटक म स्वतन्त्र थिएँ। उहाँले मलाई यो फिर्ता दिनुभयो- अब म यसको स्वामी भएकी छु छु किनकि उहाँ मेरो स्वामी हुनुहुन्छ। र म स्वतन्त्र छु!"

क्रुसमा टाँगिएको, तर पूर्णत्व जीवित। परिणाम - सबैभन्दा सुन्दर संगीत।

•••••••••••••••••

# सबैभन्दा खराब कुराबाट उत्तम कुरा

*****

*यिशै दाऊद राजाका पिता थिए। दाऊद सोलोमनका पिता थिए। सोलोमनकी आमा उरियाहकी पत्नी थिइन्।*

*मत्ती १:६*

मत्तीले अब्राहामका छोरा दाऊदका छोरा, उद्धारकर्ता, येशू ख्रीष्टको वंशावलीको वर्णन गर्छन्। उनी अब्राहाममा फर्केर जान्छन्, जसले आफ्नो मातृभूमि छोड्न र नयाँ राष्ट्र स्थापना गर्नको लागि परमेश्वरको आह्वान पालन गरे। मत्तीले दाऊदलाई हाइलाइट गर्छन्, जो इस्राएलका सबैभन्दा ठूलो राजा बने। यो महत्त्वपूर्ण छ किनभने उहाँको सेवकाईको समयमा, येशूलाई बारम्बार "दाऊदको पुत्र" भनिएको छ। तर मत्तीले वर्णन गरेका कुरामा ध्यान दिनुहोस्: जब उनले दाऊद सोलोमनको बुबा हो भनेर उल्लेख गर्छन्, उनले सोलोमनकी आमा उरियाहकी पत्नी थिइन् भनेर देखाएका छन्। अब यसले धेरै गडबड देखाउँछ - राजा दाऊदका धेरै पत्नीहरू थिए (२ शमूएल ५:१३), जुन कुरा ती समयमा स्वीकार्य मानिन्थ्यो।

एक दिन, आफ्नो दरबारको छतबाट, दाऊदले एउटी सुन्दर स्त्रीलाई नुहाउँदै गरेको देख्छन् र एक नोकरलाई उनलाई लिन पठाउँछन्। त्यसपछि ती स्त्री, बतशेबा, राजाकहाँ आउँछिन्, र दाऊदले तिनीसँग यौनसम्बन्ध राख्छन्। उनले तिनलाई घर फिर्ता पठाउँछन, र अन्ततः तिनले आफू गर्भवती भएको खबर राजा दाऊदलाई पठाउँछिन्।

यो थाहा पाएपछि, दाऊदले बेतशेबाका पति, उरियाहलाई युद्धबाट घर बोलाउँछन्, कि तिनी आफ्नी पत्नीसँग सुत्नेछन् भन्ने आशामा घर फर्कने प्रबन्ध गर्छन्। तर उरियाले घर जान इन्कार गर्छन् र त्यसको सट्टामा, तिनी आफ्ना सेनाहरूसँग एकबद्धतामा, राजाका सेवकहरूसँग ओछ्यानमा सुत्न रोज्छन्। दाऊदले उरियाहलाई युद्धमा फिर्ता पठाउँछन् र आफ्नो सेनापति योआबलाई उनलाई युद्धको अग्रपङ्क्तिमा राख्ने आदेश दिन्छन्। चाँडै, उरियाह मारिन्छ। त्यसपछि दाऊदले बतशेबासँग विवाह गर्छन् र अन्ततः तिनले दाऊदको पुत्र जन्माउँछिन्। यसरी, दाऊदले व्यभिचार गर्छन् र उरियाहको मृत्युको प्रबन्ध मिलाउँछन्। उनी हत्या र व्यभिचारको दुवै पापमा सामेल हुन्छन्।

तसर्थ, मत्तीले येशू ख्रीष्टको वंशावलीको उल्लेख गर्दा, उनले साँचो रूपमा दोषपूर्ण राजा दाऊदलाई आफन्तहरूको सूचीमा सूचीबद्ध गर्छन्, र उनले बतशेबालाई सुलेमानकी आमाको रूपमा चिनाउछन्। मैले पवित्र-शास्त्र सत्य र भरपर्दो छ भनेर विश्वास गर्ने एउटा कारण यो हो कि यसले अप्रिय, पापपूर्ण वास्तविकताहरूलाई ढाकेर राख्दैन। यहाँ सबैभन्दा नराम्रोबाट बाहिर निस्कने उत्तम कुरा छ: संसारको मुक्तिदाता यस्तो भयानक पाप समावेश गर्ने वंशबाट आउनुभएको हो। यसले मलाई बताउँछ कि परमेश्वरले तपाईंको वा मेरो जीवनबाट सबैभन्दा नराम्रो कुरा लिन सक्नुहुन्छ र त्यसबाट केही राम्रो कुरा बनाउन सक्नुहुन्छ।

परमेश्वरले दाऊदको पापलाई हल्का रूपमा लिनुहुन्न - परमेश्वरका अगमवक्ता नातानले दाऊदलाई आफ्नो पाप प्रकट गर्न र उनलाई हप्काउनको लागि दाऊद राजासित भेट गर्छन् (२ शमूएल १२:७)। यस भेटघाटको समयमा, दाऊदले तुरुन्तै स्वीकार गर्छन्, "मैले परमप्रभुको विरुद्धमा पाप गरेको छु" (१२:१३)। नातानले परमेश्वरको क्षमासहित जवाफ दिन्छ, तर दाऊदलाई भन्छन् कि उनको नजन्मेको छोरा चाहिँ मर्नेछ। दाऊदको पश्चात्तापको पूर्ण प्रार्थना भजन ५१ मा उल्लेख गरिएको छ: "मेरा पापहरूदेखि आफ्नो मुख नलुकाउनुहोस्, र मेरा सारा अधर्महरू मेटिदिनुहोस्। हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्" (पद ९-१०)।

यसपछि, दाऊदले विश्वासयोग्य भई परमेश्वरलाई पछयाए। जब हामी नयाँ करारमा जब हेर्छौं, पत्रुसले दाऊदको बारेमा प्रचार गर्छन् र उनको बारेमा परमेश्वरको मूल्याङ्कन सम्झन्छन्: "मैले यिशैको छोरो दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरा सबै इच्छा पूरा गर्नेछ" (प्रेरित १३:२२)। दाऊद इस्राएलको इतिहासमा सबैभन्दा ठूलो राजा भएका छन्, र अन्ततः, उनी संसारको मुक्तिदाताको लागि माध्यम हुन्

सबै भन्दा नराम्रोबाट सबै भन्दा उत्तम!

•••••••••••••••••

# उहाँले हाम्रो पाप बोक्नुभयो

*****

*हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। किनभने तिमीहरू भेडाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।*

*१ पत्रुस २:२४-२५*

यो ठट्टा जस्तो लाग्नसक्छ - मैले गर्मी महिनाभरि काम गरें र मेरो धैरै जसो ज्याला बचत गरें। ग्रिष्म रितुमा, म अर्को वर्षको लागि मेरो आइभी लिग कलेजमा फर्किएँ र मैले ट्युसन, शुल्क, कोठा र खानाको लागि बचत गरेको सबै पैसा दिए। तैपनि, यो ठूलो बाल्टीमा एउटा सानो थोपाजस्तो मात्र थियो। मेरो बाँकी धैरै रहल तिर्नुपर्ने रकमको बारेमा के होला?

एक क्षण पर्खनुहोस् - मलाई याद छ कि मैले मेरो खल्तीमा मेरो बुबाको ठूलो चेक बोकेको छु। तपाईंले देख्नुभयो, उहाँले कडा परिश्रम गर्नुभयो र धैरै बचत गर्नुभयो। अब, मेरो लागि उहाँको ठूलो मायाको कारणले, उहाँले मेरो कलेजको खर्च आफैले उठाउनुभयो ताकि म आर्थिक रूपमा पूर्ण रूपमा स्वतन्त्र हुन सकूँ।

मानव जातिको पापको लागि धैरै रगत बगाइयो। यदि तपाईंले पुरानो करार पढ्नुभयो भने, तपाईंले देख्नुहुनेछ कि हजारौं- हजारौं साँढे, भेडा र थुमाहरू मानिसहरूका पापहरूको प्रायश्चित गर्न बलिदान गरिएको थियो। तैपनि, यी सबै रगतले पापको समस्या समाधान गरेन। यसलाई समाधान गर्ने एउटै उपाय भनेको परमेश्वरलाई देखाउनु थियो।

यसैले परमेश्वरले आफ्नो ईश्वरीय पुत्र पठाउनुभयो। ख्रीष्टले भन्नुभयो, " तपाईंकै इच्छा पूरा गर्न म आएको छु...त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं" (हिब्रू १०:९-१०)। एउटा बलिदान, एकपटक सबैको लागि, फेरि दोहोऱ्याइएको छैन। मेरा पापहरूको लागि पूर्णरूपले प्रायश्चित। एकैक्षणमा मेरा सबै पापहरु क्षमा भयो। मेरो सौभाग्य- येशू मेरो पापको लागि मरिदिनुभयो। मेरो लक्ष्य- म धार्मिकताको लागि जिउनेछु! किनभने उहाँले हाम्रा पापहरू बोक्नुभयो!

.................

# रगतले नजिक भएका छौं

*****

*तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाडा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।*

*एफिसी २:१३*

जब येशूले मेरो ढोका ढकढकाउनुभयो, उहाँले यसलाई जोडले बन्द गरिएको अवस्थामा भेट्टाउनुभयो। उहाँ भित्र आउनचाहनुभए पनि, उहाँलाई कसरी प्रवेश दिने भन्ने मलाई थाहा थिएन। मैले उहाँलाई मेरा सबै अद्भुत गुणहरूको सूचीको साथ ढोकामुनिबाट सन्देश दिएँ -किन म राज्यको लागि सम्पत्ति बन्ने र म यसको उत्तरदायी छैन भन्ने सबै कारणहरू दिएँ।

कुनै जवाफ आएन । त्यसोभए, मैले मेरा दायित्वहरूको सूची पठाएँ - किन म परमेश्वरको प्रेमको योग्य छैन, किन म राज्यको सदस्य हुन योग्य छैन। दुखको कुरा, यो सूची पहिलो भन्दा लामो थियो। फेरि, कुनै जवाफ आएन।

त्यसैले पहिले नै सदस्य भएको कसैलाई मैले बोलाएँ र मलाई बाटो देखाउन अनुरोध गरें। यस व्यक्तिले मलाई एउटा क्रूसको बारेमा बताए जसमा येशूले ठूलो मूल्य चुकाउन झुण्डिनुभयो र आफ्नो सबैभन्दा ठूलो उपहार - उहाँको जीवनको रगत दिनुभयो ताकि म उहाँको परिवारमा समावेश हुन सकूँ।

त्यो क्षण अमूल्य थियो जब मैले ढोकाबाट सोधे, “मेरो लागि पनि?”

“हो, तपाईंको लागि पनि।”

मैले ढोका खोले, घण्टी बज्यो, ब्यान्ड बज्यो, र प्रेम भित्र पस्यो।

के तपाईले पनि बाटो देखाउन कसैलाई सोध्नुपर्छ? के त्यहाँ कोही व्यक्ति छ जसले तिनीहरुलाई बाटो देखाउन सक्छ?

न्यान्सी शेभर

•••••••••••••••••

# अति महान

*****

*येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो।*

*रोमी १:४*

के तपाईले कहिल्यै कुनै चीजहरूको बारेमा सोच्नुभएको छ जो अति महान छ? मैले केही सोचेको छु:

- रेड लाज, मोन्टानाबाट येलोस्टोन राष्ट्रिय निकुञ्जमा रकी माउन्टेन ड्राइभ बनाउँदै
- ओल्ड फेथफुलको प्रति घण्टा विस्फोटको साक्षी
- एक दर्जन महिला र तिनका केटाकेटीहरूका लागि सडक पार गर्ने एउटा भाले बाइसनलाई देखेर
- अन्य भाषाहरूमा इसाईहरूको प्रार्थना सुन्नु
- मेरी आमा बाँचेको देखेर
- मेरो विवाहमा परमेश्वरको अनुग्रहलाई मान्यता दिँदै

हामी धेरै महान मुक्तिदाताको सेवा गर्छौं - रोमी १ ले हामीलाई उहाँको चित्र दिन्छ। यसलाई वाक्यांश द्वारा तोडौं:

- "जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र-शास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो" (रोमी १:२) - ख्रीष्ट आउनुभन्दा सयौं वर्षअघि, अगमवक्ताहरूले हामीलाई उहाँको बारेमा बताए।
- "जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो" (१:३) - ख्रीष्ट साँच्चै मानव हुनुहुन्थ्यो र प्रतिज्ञाअनुसार, इस्राएलको सबैभन्दा ठूलो राजाको वंशबाट आउनुभएको थियो।
- "पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो" (१:४) – पवित्र आत्मा- जो चाहिँ साँच्चै पवित्र र अरूहरूको जीवनमा पवित्रता सृष्टि गर्नुहुने हुनुहुन्छ। ख्रीष्ट साँचो परमेश्वर हुनुहुन्छ।
- "मरेकाहरूबाट पुनरुत्थान हुनुभएर" (१:४)- पुनरुत्थान, पाँच सय भन्दा बढी साक्षीहरू द्वारा एक महान ऐतिहासिक तथ्यको रूपमा स्थापित, मानवताको सबैभन्दा ठूलो शत्रु मृत्युको विजय थियो।
- "येशू ख्रीष्ट हाम्रा प्रभु" (१:४) - हाम्रो हृदय उहाँको आराधना गर्न पुग्छ।
- "उहाँद्वारा" (१:५) - उहाँ मार्फत हामीलाई धेरै कुरा आउँछ, उहाँ मार्फतमात्र - उहाँले हामीलाई अरू कसैले गर्न नसक्ने कुरा दिनुहुन्छ।
- "हामीले अनुग्रह पाएका छौं" (१:५) - हामी G.R.A.C.E. को संक्षिप्त रूपको सन्दर्भमा यसलाई विचार गर्नेछौं, जो "God's Riches at Christ's Expense" परमेश्वरले हाम्रो लागि त्यो गर्नुहुन्छ जुन कुराको लागि हामी योग्य छैनौं - र उहाँको उपहार प्राप्त गर्न योग्य छ।
- "सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं" (१:५) - हामी ख्रीष्टका प्रतिनिधि हौं, अरूलाई उहाँकहाँ आउन बोलाउने जिम्मेवारी दिइएको छ।
- "विश्वासद्वारा आउने आज्ञापालन" (१:५) - परमेश्वरप्रति आज्ञाकारी हुन सम्भव छ, र हामी यो विश्वासको शक्तिले गर्न सक्छौं - अन्य तरिकाले होइन।

यो हो जसलाई तपाईले चिन्नुहुन्छ र सेवा गर्नुहुन्छ - यति महान् येशू ख्रीष्ट, जो अहिले तपाईसँग हुनुहुन्छ।

•

# मृत्युबाट पुनरुत्थान

*****

*उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ। हेर, मैले तिमीहरूलाई भनिदिएको छु।*

*मत्ती २८:७*

मैले ६० भन्दा बढी पटक आनन्दसाथ इसाईहरूले गाएको सुनेको छु, "उहाँ चिहानबाट उठ्नुभयो, आफ्ना शत्रुहरूमाथि शक्तिशाली विजयको साथ," वा इस्टर आइतवारमा यस्तै गीतहरू धेरै सुनेको छु। यो घटना यति ठूलो थियो कि रोमी १:४ ले येशूलाई "उहाँ मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो" भनी वर्णन गर्दछ।

तपाईंको मृत्यु, मेरो मृत्यु, डरलाग्दो कुरा हुन सक्छ। वास्तवमा, पावल भन्छन्, "सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो" (१ कोरिन्थी १५:२६)। यद्यपि, त्यहाँ अन्तिम जवाफ पनि छ: "तर परमेश्वरलाई धन्यवाद होस्! जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ" (पद ५७)।

मैले मेरो इसाई जीवनका सबै पक्षहरू मार्फत - मेरो मृत्युमा पनि आफ्नो महिमा लिन परमेश्वरलाई विन्ती गरेको छु। इमानदारीपूर्वक भन्नुपर्दा, मलाई मृत्युको चिन्ताको भावना थियो। मैले आफ्नो ६५ वर्षभन्दा बढी इसाई जीवनमा धेरै चुनौतीहरू पार गरेको छु: आर्थिक चुनौतीहरूको लागि प्रार्थना गरिएको, रोगहरूमाथि विजय, भयानक विरोधको बाबजुद विजय, लागूपदार्थको लतमा परेकाहरूको लागि मुक्ति, अल्जाइमरको अवस्थाको सामना प्रम र धैर्यतासित, र अझ थुप्रै-थुप्रै । यी विगतका हरेक विजयहरूले मलाई पुन: गाह्रो परिस्थीतिको सामना गर्दा कसरी सामना गर्ने सो तरिका दिन्छ।

तैपनि, अझसम्म मर्दै गरेको अनुभव मैले कहिल्यै गरेको छैन। तर मलाई मेरो मुक्तिदाताको सम्झना छ जो पूर्णरूपमा मानिस हुनुभयो, - "किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ" (हिब्रू २:१८)। आखिरमा, प्रभुले "किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धुलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ" (भजन १०३:१४)। फ्रान्सिस रिडले ह्याभरगलले भनेझैं, "उहाँले सधैं सम्झिरहनुभएको छ," र, "हामीले यसअघि यसरी पार गरेका छैनौं, तर प्रभु येशूले गर्नुभएको छ।"

यद्यपि म मेरो मृत्युको लागि साँच्चै तयार गर्नसक्ने कुनै पनि कुराबाट गुज्रिएको छैन, मेरो प्रभु येशू व्यक्तिगत रूपमा मृत्युबाट भएर जानुभयो- र उहाँ बौरी उठ्नुभयो। म उहाँसँग जीवित सम्बन्धमा छु, उहाँले मलाई मेरो मृत्युको घाटीमा हिँडाउनुहुनेछ: "हामीले यसअघि यस बाटो पार गरेका छैनौं, तर प्रभु येशूले गर्नुभएको छ।" के त्यो आश्वासन तपाईले पनि पाउनुहुन्छ ?

•••••••••••••••••

# यदि तपाईं दु:खी हुनुहुन्छ भने

*****

*आफैले छरेको कुराको कटनी गर्छन्।*

*अय्यूब ४:८*

जोनी एक जीवन्त, सक्रिय किशोरी थिइन्। उनी दुई वर्षदेखि इसाई थिइन्। उनको जीवनमा धेरै चीजहरू राम्ररी चल्दैथिए, तर उनी आफ्ना केही पुरानो मनोवृत्तिहरू - क्रोध, ईर्ष्या, आक्रोश, स्वामित्वको फसलबाट चिन्तित थिइन्, त्यसैले उनले परमेश्वरलाई आफूलाई परिवर्तन गर्न प्रार्थना गरिन्।

जुलाई 30, १९६७मा, जोनीले कम सतह भएको तालमा डुबुल्की मार्दा, उनको घाँटी भाँचियो, र घाँटीबाट मुनि पक्षाघात भयो। उनले तीतोपन, परमेश्वरसँगको क्रोध र अनुत्तरित प्रार्थनाहरूको अनुभव गर्न थालिन्। बिस्तारै उनले महसुस गरिन्, यद्यपि परमेश्वरले उनको दुर्घटना नदिनुभएको भए तापनि उहाँले यसलाई उहाँमाथिको ठूलो भरोसामा ल्याउन प्रयोग गरिरहनुभएको थियो। उनले भनिन्, "परमेश्वरले यो दु:खद घटनालाई "एउटी बलियो, जिद्दी, विद्रोही बालकलाई एउटी युवतीमा परिणत गर्न प्रयोग गर्नुभयो जसले केही धैर्यता, केही सहनशीलता, धीरजको कुरा झल्काउनेछ।" अन्ततः जोनी इयरेक्सन टाडा एक कलाकार बने जसले आफ्नो दाँतले ब्रश समातेर चित्र कोरिन्। एक लेखिका; असक्षमताका लागि एक अधिवक्ता; र परमेश्वरको लागि एक शक्तिशाली वक्ता बनिन्।

तर एक मिनट पर्खनुहोस्! के जोनीको पीडाले उनको जीवनमा स्वीकार नगरिएका पापहरू थियो भनेर प्रमाणित गर्दैन? यो तर्क थियो कि अय्यूबको "सान्त्वनादाता" एलीपजले जब उनले भने, "कष्ट छर्नेहरूले कटनी गर्छन्।" किनभने अय्यूबका सबै बगालहरू एकै दिनमा मृत्यु वा कब्जा गरेर लगिएको थियो; किनभने उनका सबै छोराछोरीहरू एकै दिनमा घर भत्किँदा मरे। किनभने अय्यूबलाई टाउकोदेखि खुट्टासम्म पीडादायी घाउहरू थिए—यसको पछाडि कुनै न कुनै गोप्य पाप हुनुपर्छ।

यो सत्य हो कि गलाती ६:७ ले भन्छ, "मानिसले जे छर्छ त्यही कटनी गर्छ।" तर त्यो पद सत्य हो जब हामीले अनन्ततालाई समावेश गर्छौं, यो जीवन मात्र होइन। म यो निष्कर्षमा पुग्छु कि हो, पाप गर्ने सबैले दु:ख पाउनेछन्-तर दु:ख भोग्ने सबैले पाप गरेका छैनन्। येशूले यूहन्ना ९:२-३ मा यस मुद्दालाई स्पष्ट गर्नुभयो जब उहाँका चेलाहरूले एक अन्धा मानिसलाई उल्लेख गर्दै सोधे, "रब्बी, कसले पाप गर्‍यो, यो मानिस वा यसका आमाबाबुले, र यो अन्धा जन्मेको हो?"

येशूले जवाफ दिनुभयो, "न त यसले पाप गर्‍यो न यसका आमाबुबाले, तर यि यस हेतूले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्।"

किन मानिसहरूले दु:ख पाउँछन् भन्ने केही कारणहरू छन्:

- *तपाईंको दु:खको परिणाम तपाईंको पाप हुनसक्छ।* मेरो एक साथीलाई एक अपरिचित व्यक्तिले भेट्यो र उसले उनलाई मुक्का हानेर बाहिर निकाल्यो। मुक्का प्रहार गर्ने व्यक्ति अहिले झ्यालखानमा छन्।
- तपाईंको पापले अरूको जीवनमा दु:ख ल्याउन सक्छ: किशोर भएकोले, मेरी श्रीमती डर र अरूबाट हेपिएकी अनुभवले ग्रसित थिइन् किनकि उनको बुवाले अर्की स्त्री र जाडरक्सीको कारण परिवारलाई त्यागेका थिए।
- तपाईंको पापले राष्टमा अथवा संस्थामा दु:ख ल्याउनसक्छ। वर्षौंदेखि, हामीले शीर्षकहरूमा यसका धेरै उदाहरणहरू देखेका छौं, जहाँ एक व्यक्ति - चाहे राजनेता वा मण्डलीको अगुवा – तिनीहरूको कार्यले मानिसहरूको ठूलो समूहको लागि दु:ख निम्त्याउन सक्छ।
- आदम र हव्वाले पाप गरे, अनि आज त्यसको परिणाम पापको कारण सम्पूर्ण संसारले दु:ख पाएका छन्। परमेश्वरले आदमलाई भन्नुभयो, "भूमि तेरो कारण श्रापित भएको छ" (उत्पत्ति ३:१७)। यो रोमी ८:१८-२३ मा पनि यही पीडा दर्शाइएको छ, खास गरेर २२मा: "सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ"। साँचो, एक दिन आउँदैछ जब यो "त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ" (८:२१), तर अहिलेको लागि, हामी अझै आँधी, सुनामी, डँडेलो, बाढी, तूफान र अन्य कुराबाट पीडित छौं।

- मण्डलीका अगुवा डा. ओर्भल जित्न नसकिने जस्तो देखिने समस्याहरूको कारण ठूलो पीडामा थिए। उनले आफ्नो किंग जेम्स बाइबलमा रोमी ८:२८ पढे: "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ उत्पन्न गर्नुहुन्छ।" उनको पीडा यति गहिरो थियो कि शब्दहरू साँचो लागेन। उनले आफ्नो ग्रीक नयाँ करार उठाए र यसको मौलिक भाषामा पद पढे। यसमा लेखिएको थियो, "हामीलाई जान्दछौं कि उहाँलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरामा परमेश्वरले भलाइको काम गर्नुहुन्छ।" त्यतिकैमा डा. निजको लागि ज्योति आयो। उनले बुझे कि यो "सबै कुराले काम गर्छ" होइन बरु "सबै कुरामा परमेश्वरले काम गर्नुहुन्छ।" परमेश्वरले शैतानले पनि पठाएको कुरा पनि लिन सक्नुहुन्छ र समयमा, उहाँलाई माया गर्नेहरूका लागि- जोनीको लागि; डा. नीज को लागी; तिम्रो लागि; र मेरो लागि भलाइको  काममा परिणत गर्न सक्नुहुन्छ।

•••••••••••••••••

# नम्र भई अघि बढ्नुहोस्!

*****

*उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं।*

*एफिसी ३:१२*

जब म मेरो स्वर्गीय पितासँग त्यो सुरक्षित ठाउँमा हुन्छु जसलाई हामी घर भन्छौं, म उहाँसँग कुनै पनि कुराको बारेमा कुरा गर्न सक्छु। म साहसपूर्वक सम्पर्क गर्न सक्छु किनभने:

उहाँले मलाई निम्तो दिनुहुन्छ।

उहाँको खुला ढोका नीति छ।

उहाँले कहिल्यै "नआउ" भन्नुभएको छैन।

उहाँ अन्तिम पटक त्यहाँ हुनुहुन्थ्यो।

उहाँ सुन्ने समयमा कहिल्यै व्यस्त रहनुहुन्न ।

उहाँसँग मेरो "गर्नुपर्ने कामको" सूची छ।

उहाँले मेरो बोझ लिनुहुन्छ (यदि मैले ती बोझहरू उहाँलाई दिएभने)।

उहाँले मेरा घाउहरू बाँध्नुहुनेछ।

उहाँले मलाई जीवनको बारेमा सिकाउनुहुन्छ।

मसित राहदानी (पासपोर्ट) छैन।

मसित "जाने अनुमतिपत्र" छैन।

मसित मापन (नापी रहनु) गरिरहनु पर्दैन।

मसित सचिवबाट प्राप्त भित्र पस्ने अनुमति छैन।

म महत्त्वपूर्ण हुनुपर्दैन, र मेरो कुराकानीको विषय महत्त्वपूर्ण हुनुपर्दैन।

मलाई कुराकानीको विषय चाहिँदैन - म परमेश्वरसँग बसिरहन सक्छु।

म साहसका साथ त्यहाँ जान सक्छु किनभने मलाई थाहा छ उहाँले मलाई माया गर्नुहुन्छ, र पूर्ण प्रेमले डर हटाउँछ। तसर्थ, मसँग परमेश्वर हुनुहुँदा मानिसले मलाई के गर्न सक्छ?

न्यान्सी शेभर

.................

# साहस छ...

*****

*मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस, र मसँग जागा रहो। मत्ती २६: ३८ख*

*हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्। मत्ती २६: ३९ख*

*हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। उठ, जाऔं। हेर, पक्राइदिने नजिकै छ। मत्ती २६: ४५ख-४६*

येशू ख्रीष्टले माथिका सबै शब्दहरू बोल्नुहुन्छ जब उहाँले गेतसमनीमा प्रार्थना गर्नुहुन्छ, उहाँ चाँडै हाम्रा पापहरूको लागि क्रूसमा जानुहुनेछ।

यहाँ, हामी येशूको मानवतामा अन्तरदृष्टि प्राप्त गर्छौं: उहाँ गहिरो दुःख महसुस गर्नुहुन्छ। उहाँले परमेश्वरको इच्छा पूरा गर्न सजिलो, कम पीडादायी बाटो रोज्नुहुन्छ। उहाँ सायद पक्कै डराउनु पनि भयो। तैपनि उहाँले अपमान र पीडाको बावजुद परमेश्वरको इच्छा पूरा गर्न छनौट गर्नुहुन्छ: "हामी जाऔं!"

येशूको अनुभवको यो झलकले प्रमाणित गर्दछ कि तपाईं परमेश्वरको धेरै नजिक हुनुहुन्छ र तपाईंले मागेको कुरा प्राप्त गर्नुहुन्न। यसले समय कठिन हुँदा प्रार्थनाको आवश्यकताको बारे सिकाउँछ। येशूले अन्तिम बिन्ती पूरा नगरुन्जेल एउटै प्रार्थना तीन पटक गर्नुहुन्छ: "तपाईंको इच्छा पूरा होस्" (२६:४२)।

मेरो ईसाई जीवनको प्रारम्भमा, मैले सोचें कि कुनै पनि साँच्चै आत्माले भरिएको ईसाई डरको भावनाबाट मुक्त हुनेछ। तर अब मसँग साहसको नयाँ परिभाषा छ। नयाँ करारको साहस भनेको डरको अनुपस्थिति होइन - यो तपाईं डराउनु भए तापनि परमेश्वरले तपाईंले गरेको चाहनुहुन्छ।

येशूले दुःख महसुस गर्नुभयो, र सायद डराउनु भयो, तैपनि उहाँले परमेश्वरको इच्छा रोज्नुभयो। त्यसै गरी, आत्माले भरिएको प्रेरित पावलले भने, "तिमीहरूकहाँ दुर्बलतामा र ज्यादै डर र कम्पसाथ आएँ" (१ कोरिन्थी २:३), तर लगत्तै अर्को पदमा, उनको सन्देश कोरिन्थीहरूलाई "आत्माको शक्तिको प्रदर्शनको साथ" आएको घोषणा गर्दछ। डरको बाबजुद पावलले परमेश्वरको इच्छा पूरा गरे।

एक जवान इसाईको रूपमा, मेरो डरको बावजुद, मैले मेरो पूर्व मालिककहाँ गएर उनको बारेमा मैले गरेको कुराको बारेमा माफी माग्नुपर्छ। मेरो डरको बावजुद, मैले किन मेरो संगठन छोड्न चाहन्छु भनेर व्याख्या गर्नको लागि मैले अन्तर्राष्ट्रिय परिषदको सामना गर्नुपऱ्यो। आजको दिनसम्म, मैले येशू ख्रीष्टको लागि साक्षी दिँदा बारम्बार मैले मेरो डरको प्रतिरोध गर्नुपर्दछ।

धन्यबाद होस्, हामी डराउनेहरूको लागि मद्दत छ। गेतसमनीमा येशूको कठीन समयमा पनि, लुका २२:४३ ले यो सानो वाक्यमा जोड दिन्छ: "तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे। पावलले विवरण दिन्छन्, "यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैँ आज्ञा पालन गरेका छौ... डर र कम्पसाथ तिमीरहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (फिलिप्पी २:१२-१३)।

यसर्थ, डरको सट्टा बलियो हुनुहोस्। जुन कुरा परमेश्वरले तपाईंको जीवनमा गर्न चाहनुहुन्छ, त्यही गर्नुहोस्।

• • • • • • • • • • • • • • • • •

# येशू जीवित हुनुहुन्छ!

*****

*येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'।*

*यूहन्ना २०:१७-१८*

वास्तविक के हो? सत्य के हो? हाम्रो संसार पूर्णरूपले वैज्ञानिक विधिमा निर्भर छ कि हामी केवल परिमाणयोग्य चीजहरू सत्य हुन् भनेर विश्वास गर्न सक्छौं। गणितमा, साधारण थप समस्याहरू देखि जटिल गणना सूत्रहरूमा, हामी धेरै विशिष्ट परिणामहरूमा निर्भर गर्दछौं। तर पनि विज्ञान र गणितले जीवनको पूरा जवाफ दिँदैन। के तपाई न्याय भन्ने कुरामा विश्वास गर्नुहुन्छ? के तपाई प्रेम साँचो हो भनेर विश्वास गर्नुहुन्छ? त्यसोभए कृपया मलाई न्यायको परिमाण प्रेमको तौल देखाउनुहोस्। तपाई सक्नुहुन्न-किनकि यी सत्यहरू न त वैज्ञानिक वा गणितीय रूपमा जोखिएका छन्। अदालती मुद्दाहरूमा, हामी प्रमाण स्वीकार गर्छौं। व्यक्तिगत गवाही धेरै महत्त्वपूर्ण छ। जब प्रमाणले उचित शङ्काभन्दा बाहिर प्रमाण प्रदान गर्छ तब निर्णयमा पुगिन्छ।

इसाइहरूले आफ्ना अगुवा, येशू ख्रीष्टको बारेमा एउटा अचम्मको दावी गर्दछ, " येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो" (रोमी १:४) चार वटा सुसमाचारका पुस्तकहरू येशू ख्रीष्टको जीवन र सेवकाईको बारेमा सावधानीपूर्वक लेखिएका विवरण हुन्। मत्ती र यूहन्नाका सुसमाचारहरू बाह्र प्रेरितहरू मध्ये दुईजनाले लेखेका थिए जसलाई येशूले सावधानीपूर्वक चुन्नुभएको थियो र उहाँसँग तीन वर्षसम्म गहिरो सम्पर्क बसेका थिए। मर्कूस ख्रीष्टको अनुयायी बने र पावल र बर्नाबाससँग शक्तिशाली मिसनरी कार्य गर्दै यात्रा गरे; लूका एक सावधान इतिहासकार थिए जसले प्रत्यक्षदर्शीहरूको अन्तर्वार्ता लिए र ख्रीष्टको व्यवस्थित इतिहास लेखे (लूका १:१-४)। नयाँ करारका पछिल्ला पुस्तकहरू प्रमुख इसाई अगुवाहरूले लेखेका थिए जो ख्रीष्टसँगको सम्बन्धमा थिए र उहाँको सन्देशलाई विश्वासीपूर्वक घोषणा गरे।

ख्रीष्टले बारम्बार आफ्ना चेलाहरूलाई आफ्नो मृत्यु र पुनरुत्थानको बारे बताउनुभयो। लूका १८:३१-३३ हेर्नुहोस्: "येशूले बाह्रैलाई अलग्गै लगेर भनन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं, र मानिसको पुत्रको विषयमा अगमवक्ताहरूले लेखेका हरेक कुरा पूरा हुनेछ। किनभने ऊ अन्यजातिहरूका हातमा सुम्पिइनेछ। किनभने ऊ अन्यजातिहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसको गिल्ला गर्नेछन्, र ऊसँग दुर्व्यवहार गर्नेछन्, र उसलाई थुक्नेछन्। तिनीहरूले उसलाई कोर्रा लाउनेछन् र मार्नेछन्, अनि तेस्रो दिनमा ऊ फेरि मृत्युबाट जीवित भई उठ्नेछ।" उहाँलाई मानिसहरूको माझमा वास्तविक बनाउन र येशूको बारेमा गवाही दिन, येशूले उहाँको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणपछि चेलाहरूलाई पवित्र आत्मालाई पठाइदिने प्रतीज्ञा गर्नुभयो (यूहन्ना १५:२६-२७)।

क्रूसमा येशूले भन्नुभयो, "अब सिद्धियो" र उहाँले आत्मा त्यागिदिनुभयो (१९:३०)। त्यसपछि लगत्तै, जब सिपाहीहरू उहाँलाई जाँच गर्न आए अनि तिनीहरूले "येशूको मृत्यु अघि नै भइसकेको भेट्टाए" (१९:३३)।

सुसमाचारका लेखकहरू पारदर्शी छन्; तिनीहरूले येशूका चेलाहरूले अनुभव गरेको शंका लुकाउँदैनन्। उहाँका सबै शिक्षाहरूको बावजुद, जब मरियम मगदलिनीले येशूको चिहान रित्तो भेट्टाइन्, तिनले येशू पुनरुत्थान हुनुभएको हो भनी अनुमान लाउन सकिनन्। बरु, उनी दगुरेर पत्रुसकहाँ गइन् र भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट निकालेका छन्, र उहाँलाई कहाँ राखेका छन् हामीलाई थाहा छैन!" (२०:२)। तर अन्तमा, मरियमले उहाँलाई देखिन्।

बाह्र चेलाहरूमध्ये एक चेला, थोमाले येशू बौरिउठ्नुभयो भनेर विश्वास गरेनन् जब चेलाहरूले उनलाई "हामीले प्रभुलाई देख्यौं" भनी बताए" (२०:२५)। थोमाले त्यतिबेला मात्र विश्वास गरे जब येशू चेलाहरू भेला भएको बन्द कोठामा आउनुभयो अनि थोमालाई आफ्नो हातले उहाँको चोट र घाउ छुन लगाउनुभयो (२०:२६-२८)।

जब यी ईश्वरीय सभाहरू समाप्त भइसकेका थिए, सबै बाह्र जना चेलाहरू (साथै मेरी मगदिलिनी र अन्य धेरै महिलाहरू) ले प्रभुलाई देखेका थिए। येशू आफ्ना पिताकहाँ जानुभएपछि, पिता र पुत्रले १२० जना प्रार्थना गर्ने चेलाहरूमा पवित्र आत्मा खन्याउनुभयो (प्रेरित २:३३)। येशूका चेलाहरूले उहाँको कथा सुनाउँदा मानिसहरूमा ठूलो आध्यात्मिक लहर आयो। पछि, जब भक्त स्टीफनलाई

ढुङ्गाले हानिएको थियो, उनले स्वर्गतिर हेरे र येशूलाई "परमेश्वरको दाहिने हातमा उभिरहनुभएको" देखे (७:५६)।

शाऊल इसाईहरूलाई सताउन दमसकस जाँदैथिए जब अचानक, उनको वरिपरि स्वर्गबाट ज्योति चम्कियो। ऊ भुइँमा लडे, त्यसपछि सुने, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ" (९:५)। शाऊल प्रेरित पावल, विश्वव्यापी इसाई हलचलको शक्तिशाली अगुवा बने। पछि, पावलले पुनरुत्थान हुनुभएको ख्रीष्ट "एकै समयमा पाँच सयभन्दा बढी दाजुभाइ दिदीबहिनीहरूकहाँ देखा पर्नुभएको थियो, जसमध्ये धेरैजसो जीवित छन्" भनी बताए।" (१ कोरिन्थी १५:६)।

हामी के भन्न सक्छौं? यतिमात्र: येशू जीवित हुनुहुन्छ!

येशूको पुनरुत्थानको तुरुन्तपछि, त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्राय एघार किलोमिटर टाडाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। येशू आफै नजिक आएर तिमीहरूकका साथ लाग्नुभयो र तिनीहरू कुराकानी गर्न थाले, तर तिनीहरूले उहाँलाई चिनेनन्। केही समयपछि, तिनीहरू खान बसे, तब तिनीहरूले येशूलाई चिने। तिनीहरू फर्केर यरूशलेम गए अन्य एघार चेलाहरूलाई बताए, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ" (लूका २४:३४)।

येशू जीवित हुनुहुन्छ भन्ने तथ्यको प्रकाशमा, आज कतिजना मानिसहरू प्रत्येक पाइलामा हाम्रो अगाडि जानुहुने उहाँलाई हेर्नको लागि आफ्नो दैनिक जीवनमा हिंड्दा सजग हुन आवश्यक छ ? यो प्रार्थना गर्न बुद्धिमानी हुनेछ, "आफैलाई ममा प्रकट गर्नुहोस्, प्रभु येशू!"

•••••••••••••••••

# सिंहासनको लागि नियुक्त गरिएको

*****

*जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जिंते, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु। प्रकाश ३:२१*

तपाईंको जीवनको सबैभन्दा ठूलो उद्देश्य के हो? तपाईंको जीवनको लागि परमेश्वरको सबैभन्दा ठूलो भूमिका र उद्देश्य के हो? परमेश्वरको छुटकाराको कार्यको पूर्ण मापनद्वारा, उहाँले मानिसहरूलाई उहाँको सिंहासनमा ख्रीष्टसँग बस्न तयार गर्दै हुनुहुन्छ। के तपाईंले यो बुझ्नुभएको छ? तपाईंको लागि परमेश्वरको योजना ख्रीष्टको सिंहासनमा बस्नु हो।

यो योजनामा आउने सबैभन्दा ठूलो बाधा पाप हो। यसकारण हाम्रो पाप र स्वर्थपनबाट हामीलाई धुन र क्षमा गर्नलाई परमेश्वरले ख्रीष्टको जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गारोहण अनि पवितर आत्माको सेवाकार्यद्वारा यो काम गर्नुहुन्छ, जसद्वारा हामी सबै ख्रीष्टसँग बस्न सक्नेछौं। यो तथ्यलाई अँगाल्नुहोस् कि परमेश्वरले तपाईंको गन्तब्यको लागि तपाईंलाई आकार दिन र परिष्कृत गर्न सम्भव हुनसक्ने सबै कुरा गरिरहनुभएको छ।

यस सत्यतामा प्रभुको वचन सुन्नुहोस्:

रोमी ८:२९: "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइ-बहिनीहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो।"

हिब्रू २:१०-११: "यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो। किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू शर्माउनुहुन्न।"

हिब्रू १३:१२-१३: "यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो। यसैकारण हामी पनि छाउनीबाहिर उहाँकहाँ जाऔं, र उहाँले सहनुभएको बेइज्जत हामी पनि सहौं।"

हिब्रू १२:१०-११: "किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताडना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताडना दिनुहुन्छ। सबै ताडना सुरुमा सुखदमा हुँदैन तर दु:खदायी हुनहुन्छ, तर ताडनाद्वारा तालीम पाएकाहरू लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ।"

यो सोंच्नुहोस् - तपाई ंर म सिंहासनको लागि निर्धारित छौं! परमेश्वरको पवित्र आत्माप्रति हाम्रो संवेदनशीलताले हामीलाई तयार पार्नेछ।

.................

# क्षमा गर्ने सामर्थ

*****

*यो कुरा समूहका सबैलाई मन पर्‍यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्माले र विश्वासले भरिपूर्ण भएका स्तिफनसलाई चुने।*

*प्रेरित ६:५क*

*जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्।" अनि तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।" यति भनेर तिनले प्राण त्याग गरे। प्रेरित ७:५९-६०*

यो अचम्मको कुरा हो कि धेरै दुर्व्यवहार सहने मानिसहरूसँग दुर्व्यवहार गर्नेहरूलाई क्षमा गर्ने शक्ति छ। स्तिफनसले क्षमा गरे! येशूले क्षमा गर्नुभयो! क्रुसमा मर्नुहुँदै गर्दा, येशूले आफूलाई क्रूसमा टांग्नेहरू र ठट्टा गर्ने भीडका लागि प्रार्थना गर्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्" (लूका २३:३४)।

यो घटना हामी जेकब डिसेजरको कथामा पनि हेर्नसक्छौं, दोस्रो विश्व युद्धको समयमा तिनलाई जापानी सिपाहीहरूले कैदी बनाएर लामो समयसम्म ताडना दिए, तर तिनले ती सिपाहीहरूलाई क्षमा दिए। थुनामा परेको समयमा तिनले येशूलाई चिने, त्यसपछि पवित्र आत्माले शुद्ध पारिए अनि भरिए, सुसमाचार प्रचार गर्ने बोलावट महसुस गरे। युद्धपछि, तिनी जापानमा ख्रीष्टको प्रेम र क्षमादान प्रचार गर्न मिसनेरीको रूपमा फर्के।

अनि आज पनि यो क्षमादानको सामर्थले काम गर्दछ। क्याथी केग, आत्माले भरिएकी स्त्रीले क्षमा दिइन् अनि क्षमा लिइन्। यहाँ तिनको कहानी छ:

> २००७को अप्रेल महिनामा, मेरो भाइ डेभले कन्सास सिटी, मिसौरीको वार्ड पार्कवे शपिंग सेन्टरमा सामूहिक गोली हान्यो। मेरो भाइ सहित चार जनाले ज्यान गुमाए, जसलाई पुलिसले रोक्नुपर्‍यो।
>
> धेरै महिनापछि, मैले डेभको मृत्युको बारेमा कुनै दुःख महसुस गर्न सकिनँ। म उसको कारणले पीडित र तिनीहरूका परिवारहरूप्रति दुःख मात्र महसुस गर्न सक्छु। मेरो दिमागमा यो कुरा खेलिरहेको थियो कि *उसले कसरी यति धेरै मानिसहरूको जीवनमा समस्या उत्पन्न गर्ने आँट गर्न सक्यो?* यसले मलाई मेरा जटिल भावनाहरूलाई प्रशोधन गर्नको लागि परमेश्वरको हस्तक्षेपको सहायता लिनुपर्‍यो। गोली हानेको भोलिपल्ट मैले मण्डली अगाडि पत्रकार सम्मेलन गरें। मेरो पास्टरले प्रार्थना गर्नुभयो, र त्यसपछि मैले मेरो भाइको हिंसाको कार्यको लागि मेरो संवेदना र माफी माग्ने उद्देश्यले केही वक्तव्य राखें। मेरो एक भाइको पीडितकी आमाले हेरिरहेकी थिइन्, र मलाई ती वक्तव्यहरू राखेको देखेर उनको हृदयमा केही चङ्गाई बग्न थाल्यो।
>
> धेरै महिना पछि, उनले मेरो पास्टरसँग सम्पर्क गरिन् र मलाई व्यक्तिगत भेट्न अनुरोध गरिन्। हामीले पास्टरको अफिसमा भेट्यौं, अँगालो हाल्यौं, रोयौं, कुरा गर्‍यौं, र सँगै गोली हानिएको ठाउँमा गएर हाम्रो परस्पर चङ्गाइको हाम्रो प्रतिबद्धता जारी राख्यौं। मल्ल पार्किङ लटमा कारहरूको समुद्रमा, ठाउँ खाली थियो जहाँ क्यारोलीकी बहुमूल्य छोरी लेस्लीले अन्तिम सास लिएकी थिइन्। हामी त्यो ठाउँको बिचमा एकअर्कालाई समातेर रोयौं । हाम्रो कुराकानीको क्रममा, उनले मलाई भनिन् कि उनले मेरो भाइलाई क्षमा गरिन्, यो थाहा छ कि येशूले हामीबाट के चाहनुहुन्छ। त्यतिन्जेलसम्म, मैले मेरो भाइप्रति मभित्र उत्पन भएकोको क्रोधको स्तर आफैलाई पनि देखाएको थिइनँ।
>
> तुरुन्तै मलाई थाहा भयो कि मसँग डेभलाई क्षमा गर्ने कार्य मेरो अगाडि थियो। त्यो रात, ओछ्यानमा, मैले परमेश्वरलाई मलाई क्षमा गर्न मद्दत गर्न प्रार्थना गरें, र उहाँले मद्दत गर्नुभयो। सामूहिक गोलीबारी हुनुभन्दा चार महिना अघि चार महिनासम्म, डेभले मेरो शयनकक्षको झ्यालबाट मलाई गोली हान्न खोज्छ भन्ने चिन्तामा म खाटको खुट्टापट्टि टाउको राखेर सुतिरहेको थिएँ। मैले सोंचे, *मेरो टाउमा गोली लाग्नुभन्दा मेरो खुट्टामा गोली लागेको राम्रो।* त्यो सामुहिक गोलीवारीपछि पनि, मैले मेरो सुत्ने स्थिति बदल्न सकिनँ। डेभलाई क्षमा गरिसकेपछि, म सक्षम भएँ, र त्यो रात मैले अहिलेसम्मकै सबैभन्दा राम्रो निन्द्रा पाएँ—आज्ञाकारी बच्चाको शान्तिपूर्ण आराम!

मेरो रिसलाई चिनेपछि र क्षमा रोजेपछि, मलाई अझै पनि क्षमा दिनु र लिनु गाह्रो थियो। यसले समय लियो, र अन्तमा, यसले मलाई मेरो मण्डलीमा शोक निवारण नेतृत्व गर्न मेरो जीवनमा सेवकाईको आह्वान गर्दै परमेश्वरको स्थानमा ल्यायो। दुःखबाट आनन्दको यात्रामा मानिसहरूसँग हिंड्नु एक बहुमूल्य सम्मान र आशिष् हो। क्षमा लगभग सधैं तिनीहरूको चङ्गाईको कारण हो। क्षमा भनेको एउटा छनौट हो जुन हामीसँग गर्ने शक्ति हुन्छ जब हामी येशूसँगको हाम्रो सम्बन्धलाई पीडा भन्दा ठूलो बनाउँछौं।

क्यारोलीले डेभलाई क्षमा गरिन्। क्याथीले पनि उनलाई माफ गरिन् । अझ अचम्मको कुरा, क्यारोली, जसको छोरीको हत्या गरिएको थियो, र हत्याराकी बहिनी क्याथी, असल साथी बनिन्। क्यारोलीले क्याथीको आइतवार स्कूल कक्षामा सामेल हुने निर्णय गरिन्। तपाईंले तिनीहरूको अनुहारमा परमेश्वरको चमक लिएर हरेक आइतवार सँगै बसेको देख्नुहुन्छ। तिनीहरूले क्षमाको सामर्थ पत्ता लगाएका थिए।

•••••••••••••••••

# पुनरुत्थानको सामर्थ्य

*****

*म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुनै आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान सामर्थ्यको काम नै हो, जो उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। एफिसी १:१८-२०*

जोन कोइला खानीमा काम गर्ने परिवारमा हुर्केका थिए। फुटबल अभ्यासको लागि स्कूलमा रातीसम्म बसेर आउँदा प्राय घरमा बाँकी परिवारले बेलुकीको खाना खाइसकेका हुन्थे।

उनी शीर्ष खेलाडी बने । उनी वर्षको अन्तिम प्रतियोगितामा बास्केटबलमा उच्च स्कोरर थिए। उनी ट्र्याक टोलीमा सामेल भए र जिल्ला च्याम्पियनसिपमा तीन जीतहरू जिते: २२०, ४४०, र रिले टोलीमा स्थिरकको रूपमा। कोलोराडो राज्यमा उनी सबै-सम्मेलन शैक्षिक फुटबल टोलीमा निर्वाचित भए। उनी अहिले पेन्सिलभेनिया फुटबल हल अफ फेम, पूर्वी सम्मेलनमा छन्। र तेत्तिस वर्षसम्म, उनले हाईस्कूल शिक्षक, फुटबल प्रशिक्षक र कुश्ती प्रशिक्षकको रूपमा काम गरे।

न्यान्सी र म जोन र ग्लोरियाको सुन्दर लग केबिनमा तिनीहरूको स्थानीय मण्डलीमा पुनरुत्थान सेवाहरूको क्रममा बस्यौं। अब चौरासी वर्षको उमेरमा, जोनले मलाई भने कि, नवौं कक्षासम्म, ऊ एक पटक मात्र मण्डली गएका थिए। त्यसपछि उनी अलि बढी नै संलग्न भए। उनले मलाई पहिलो कुरा भनेको थिए, "मलाई धर्मको लागि मद्दत गर्नुहोस्।"

अप्रिल २ मा, स्थानीय पास्टर र मैले जोनसँग येशू ख्रीष्टको सुसमाचार बाँड्यौं। हाम्रो छलफलको प्रारम्भमा, जोनले भने, "मलाई लाग्दैन कि म प्रभुमा जान सक्छु किनभने मसँग अधूरो काम छ।"

त्यो बिहान, जोनले प्रार्थना गरे र येशूलाई आफ्नो हृदय र जीवनमा ग्रहण गरे। केही घण्टापछि उनले निम्न कुराहरू भने:

- "म फरक अनुभव गरिरहेको छु"
- "म मेरा समस्याहरू प्रभुको हातमा दिनसक्छु"
- "प्रभुले मेरो निम्ति जे गर्नुभयो त्यस कारणले"
- "मेरो शरीरमा केही भएको अनुभव गरे- खाली मण्डली जानु पर्याप्त छैन।"
- म अर्कै अनुभव गर्छु- मलाई लाग्छ मैले उहाँलाई भेट्टाएँ – उहाँले मलाई भेट्टाउनुभयो"
- "तपाईले मलाई धेरै सहायता गर्नुभयो"।

त्यो रात, उनले जागृति सभामा आफ्नो गवाही दिए: "म पाँच फिट एघार इन्चको थिएँ, तर म पाँच फिट आठ इन्चमा संकुचित भएँ। अब म फेरि पाँच फिट एघार इन्च महसुस गर्छु - मलाई लाग्छ म भूँइदेखि माथि छु।"

दुई दिन पछि, शहर बाहिर यात्राको योजना बनाउँदा, जोन आफ्नो साथीलाई कुकुर-बसाउने काममा मद्दत गर्न गए। उनले भने, "रे, मैले तिमीलाई एउटा राम्रो कुरा भन्नु छ। म फेरि नयाँ जन्म पाएको इसाई भएको छु।"

यस्तो परिवर्तन कसरी हुन सक्छ ? चौरासी वर्षपछि, जोन पापमा मरेकोबाट येशू ख्रीष्टमा बाँच्न परिवर्तन भएका थिए। यो सबै विश्वास गर्नेहरूका लागि उपलब्ध महाशक्तिको कारणले हो - त्यही शक्ति जसले ख्रीष्टलाई मृत्युबाट बौरिउठाउनुभयो। पुनरुत्थान शक्ति जोन को लागी, तपाई को लागी, मेरो लागी उपलब्ध छ!

•••••••••••••••••

# घरको लागि तयारी

*****

*मैले उत्तम लडाइँ लडेको छु। मैले दौड सिध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायधीश प्रभुले त्यसदिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नहरू सबैलाई दिनुहुन्छ।*

*२तिमोथी ४:७-८*

हामी हाम्रा सामानहरू प्याक गर्दैछौं - हामीले सोचेका छौं कि हामीले हाम्रो प्यारो ट्रेजर आइल्याण्ड, फ्लोरिडामा बीस परिवारका सदस्यहरूसँग समय बिताउन आवश्यक छ। भोलि बिहानै हामी घरको यात्रा सुरु गर्नेछौं। हाम्रो यहाँ दुई हप्ता जति उत्कृष्ट छ, म इमानदारीपूर्वक भन्न सक्छु कि अब घर फर्कन धेरै राम्रो हुनेछ।

प्रेरित पावलले आफ्नो स्वर्गीय घर प्रस्थानको लागि तयारी गर्दा, उनको गवाही बलियो थियो। उनले भनेनन्, "यदि मैले उत्तम लडाइँ लडेको छु," वा, "सायद मैले दौड पूरा गरेको छु," वा, "मैले विश्वास राख्ने प्रयास गरेको छु।" बरु, उनले घोषणा गरे कि उनले उत्तम लडाइँ लडेका छन्, दौड सिध्याएका छन्, विश्वासलाई बचाइराखेका छन्।

पावलले आफ्नो यात्राको लागि तयारी गर्दा, उनले कुनै भौतिक सामानहरू पोको पारेनन्। बरु, उनले आफ्नो जीवनमा परमेश्वरले गरेको कामको विवरण पोको पारे। उनले फिलिप्पीहरूलाई पहिले नै यो मुद्दा राखिसकेका थिए जब उनले लेखे, "किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो...बरू विदा भएर ख्रीष्टको साथ हुने इच्छा छ" (१:२१, २३)।

जब हामी स्वर्गमा पुग्छौं त्यहाँ भौतिक सामानहरूको लागि न समय हुनेछ न भण्डारण। भविष्यमा ख्रीष्ट आउनु हुँदा, ख्रीष्टमा मरेकाहरू, त्यसपछि जीवितहरू, सधैंभरि प्रभुसँग बौरी उठ्नेछन् (१ थेसलोनिकी ४:१६-१७)। आज प्रभुका चेलाहरू जो ख्रीष्टको आगमन अघि मर्छन्, तिनीहरू उहाँको उपस्थितिमा प्रवेश गर्नेछन्, जस्तै पावलले गवाही दिएका छन्।

होइन, हामी सामान लिनेछैनौं - स्वर्गमा घर जानु अघि हामीले दिमागमा राख्नु पर्ने एउटा धेरै महत्त्वपूर्ण लक्ष्य छ। १ यूहन्ना ३:२-३ ले हामीलाई स्पष्ट रूपमा बताउँछ, "तर हामी यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँ जस्तै हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।" यसर्थ, आफ्नो स्वर्गीय घरको लागि सामानहरू पोको नपार्नुहोस्- यति मात्र निश्चित हुनुहोस् कि तपाईसँग शुद्ध हृदय छ।

.................

# जब एक जना सन्त घर जान्छन्

*****

*जसले विजय प्राप्त गर्छ त्यसले त्यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।*

*प्रकाश २१:७*

डा. रोबर्ट कोलम्यान, ईश्वरको अनुग्रही मानिस, एक इसाई अगुवा, र *मास्टर प्लान आफ इभान्जेलिज्मका* लेखकले, २०१७ मा साथीहरूलाई एउटा पत्र लेखे। यहाँ त्यो पत्रका अंशहरू छन्:

३ जनवरीको बिहान मेरी प्यारी श्रीमती मारिएटाको मृत्यु भयो।

जब चार महिना अगाडि टर्मिनल क्यान्सर निदान गरियो, मारिटाले शान्त भएर डाक्टरलाई हेरिन् र भनिन्, "त्यसो भए म स्वर्गको घर जाँदैछु।"

यो पर्खाइको अवधिमा जब उनको निम्ति अझै पनि आरामको एक उपाय थियो, हामीले उनको मनपर्ने पुस्तक, द *पिलग्रिम्स प्रोग्रेस*, एक ईसाईको स्वर्गको यात्राको रूपक फेरि पढ्यौं। स्वर्ग-यात्रीको रूपमा, उसलाई कहाँबाट आयौ र कहाँ जाँदैछौ भनेर बारम्बार सोधियो। उसले सधैं जवाफ दियो कि उसले विनाशको शहर छोड्यो र उ स्वर्गीय शहरको बाटोमा थियो।

येशूको प्रेममा परेपछि उनले एक जवान केटीको रूपमा आफ्नो यात्रा सुरु गरिन्। उनको शान्त, गहिरो ईसाई विश्वास उनको जीवनमा स्फूर्तिदायी पानीको आर्टिसियन मुहान जस्तै बग्यो।

हाम्रो घर स्वर्गको प्रवेशद्वार बन्यो। आतिथ्यता उनको जोश थियो, र उनले हाम्रो घरलाई विद्यार्थी, मिसनरीहरू, साथीहरू अक्सर हाम्रो टेबलमा बस्ने एउटा साँचो सराय बनाइन्। पैंसठ वर्षसम्म मारिटा र मैले सँगै सेवा गर्‍यौं।

उनको बिरामीको अन्तिम महिनाहरूमा, मैले उनीसँग हुने सबै बैठकहरू रद्द गरें। उनी मेरो काखमा घरमै मरिन् । अब जब उनी गइन्, यो मेरो लागि काम गर्ने, प्रचार गर्ने र अनुशासनमा फर्कने समय हो। ओह, म मेरो छेउमा मारिटालाई कसरी याद गर्नेछु! कहिलेकाहीँ म मेरो हातमा उनको कोमल स्पर्श महसुस गर्न सक्छु। परमेश्वरलाई धन्यबाद होस्, मेरी छोरी एन्जी र उनको श्रीमान् मदेखि दस मिनेट टाढामा बस्छन्। म जहाँ छु, त्यहाँ मेरो आँखामा टाढाको नजर छ, किनकि म स्वर्गीय शहरको बाटोमा छु जहाँ परमेश्वरको सिंहासन वरिपरि एक अद्भुत पुनर्मिलन हुन गइरहेको छ।

तपाईंको प्रार्थना र प्रेमको सम्झनाको लागि धन्यवाद।

रोबर्ट कोलम्यान

तपाईं र म पनि त्यो पुनर्मिलनको हिस्सा हुन सक्छौं।

•••••••••••••••••

## अप्रेल १५ दिन - १०५

# यसलाई फोहोरमा फ्याकिदिने? कदापी होइन!

*****

*त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ।*

*हिब्रू १०:३५*

मैले वर्मवुडको समूहमध्ये एक जनाले भनेको सुन्न सक्छु, "उनी निराश छिन् । मलाई लाग्दैन उनी त्यस निराशाबाट उठ्न सक्छिन् । मैले फ्याँकेको डार्टले उनको हृदयलाई छिया पारेको छ, र उनी परमेश्वरसँग समाप्त भएकी छिन्।"

जब म त्यहाँ मेरो पीडा, विचलित र निराशामा सुतिरहेको थिएँ, परमेश्वर साथमा आउनुभयो र मलाई उठाउनुभयो। मैले मेरो टाउको उसको छातीमा राखें, र उसले मलाई समात्नुभयो।

"प्रभु, मैले सोचें कि मेरो सबै पीडा विगतमा थियो।"

उहाँले भन्नुभयो, "पीडा जीवनको हिस्सा हो, तर आनन्द पनि छ। म कसैलाई मेरो प्रेम जबरजस्ती गर्दिन। सबैलाई चुनाव गर्ने स्वतन्त्रता छ। मलाई चुनाव गर्न तिमीलाई केही समय लाग्यो।"

"हो, प्रभु, र तपाईं मेरो विशेष धन हुनुहुन्छ। तपाईंसँग मेरो यस्तो सम्बन्ध छ जसलाई कसैले तोड्न सक्दैन। प्रभु, वर्मवुडको समूह आज आश्चर्यचकित भयो। ऊ मलाई खोज्न फर्केर आयो, र उसले तपाईंको खुट्टाको छाप फेला पाऱ्यो। के उसलाई थाहा छैन कि तपाईंले आफ्नो ख्याल राख्नुहुन्छ, यहाँ तल वा माथि? म राम्रो महसुस गर्दैछु। मलाई लाग्छ म अब हिड्न सक्छु। मलाई लाग्छ कि म कसैको घाउमा मलमपट्टी गर्न तयार छु, कसैलाई खुशी मनाउन मद्दत गर्नुहोस् किनभने उसले तपाईंको प्रेम पत्ता लगाएको छ, त्यो व्यक्तिलाई कथा सुनाउनुहोस्, वा..."

एक पटक, परमेश्वरले तल हेर्नुभयो - र आफ्नो पुत्र पठाउनुभयो।

न्यान्सी शेभर[6]

.................

[6]. Previously published in *Come Ye Apart* March–April–May 1996 (Kansas City, MO: Nazarene Publishing House), 32. Used by permission. (This publication became *Reflecting God*.)

# दु:खको लागि भुक्तानी

*****

*यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि संकष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवितर आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।*

*रोमी ५:३-५*

सबैभन्दा अनौपचारिक फुटबल मन पराउनेहरू पनि यस खेलबाट अत्यधिक उत्साहित भए—दुई टोली, ह्युस्टनले कन्सास सिटीसित खेल्दै - २०२० सुपर बाउल च्याम्पियनसिपको सम्भावित फाइनलमा पुग्ने बाटोमा थिए। पहिलो क्वार्टरको अन्त्यमा ह्युस्टनले २४–० सित अगाडि थियो।

युवा कन्सास सिटी क्वार्टरब्याकमा, प्याट्रिक महोम्सलाई, आफ्ना खेलाडीहरूको बीचबाट बाहिर निकालियो । वर्षौंको घमण्डभन्दा बुद्धिसित, उनले तिनीहरूलाई गाली गरेनन्, तिनीहरूलाई कराएनन्, वा आफ्नो रिस पोखाएनन्। बरु, त्यसको साटो सबैजना चुपचाप बस्दाउनले तिनीहरूलाई प्रोत्साहन दिए, तिनीहरूलाई समर्थन गरे र आशा बढाए। उनले टोली र भीडलाई 'हामी अन्त्यसम्म लड्नेछौं' र 'केही विशेष गरौं' भन्दै चुनौती दिए। महोम्स दृढता र संयमको नमुना थियो।

त्यसपछि, तिनीहरूको गलत प्रदर्शन र 24-अङ्कको घाटाबाट, कन्सास सिटीले आफ्नो खेला देखाउन सुरु गर्‍यो, सोह्र मिनेटभन्दा कम समयमा चार टचडाउन गोल गरियो, र खेल 51-31 ले जित्यो।

त्यो खेलको समाप्तीको समयमा प्रदर्शनका विशेषताहरू परमेश्वरको वचनमा घोषणा गरिएका छन्। दु:ख, जब परमेश्वरको सहायताद्वारा प्रयोग र व्यवस्थित हुन्छ, लगनशीलता उत्पन्न गर्दछ, जसले चरित्र उत्पन्न गर्दछ, जसले आशा उत्पन्न गर्दछ। र यो आशाले हामीलाई लज्जित वा निराश पार्नेछैन, किनकि यसले अविश्वसनीय फुटबल जितभन्दा धेरै राम्रो इनामको अपेक्षा गर्दछ। यो हामीलाई दिइएको पवित्र आत्मा (परमेश्वरको व्यक्तिगत उपस्थिति) मार्फत हाम्रो हृदयमा (जहाँ हामीलाई यसको सबैभन्दा बढी आवश्यकता छ) खन्याइएको (थोपिएको छैन) परमेश्वरको प्रेमको बारेमा हो।

हो, जब हामी परमेश्वरको सहयोगमा जोडिन्छौ अद्भुत चरित्रको विकास गर्छौं भने दु:खको प्रतिफल पाइन्छ। र त्यसपछि, त्यहाँ अर्को ठूलो प्रतिफल छ - परमेश्वरको महिमाको आशा, जसमा हामी कुनै दिन स्वर्गमा उहाँको अनन्त उपस्थितिमा बाँच्नेछौं।

•••••••••••••••••

# एक वास्तविक प्रत्यक्ष पत्र

*****

*तिमीहरूले देखाउँदछौ, कि तिमीहरू ख्रीष्टका पत्र हौ, अर्थात हाम्रो सेवाको फल, जुन पत्र मसीले होइन, तर जीवित परमेश्वरका आत्माले लेखिएको हो-ढुङ्गाको पाटीमा होइन, तर मासुका हृदय पाटीमा।*

*३ कोरिन्थी ३:३*

पत्रहरू - हामीले ती थाक लगाइएका पाउँछौं। तपाईलाई कस्तो प्रकारको पत्र प्राप्त गर्न मनपर्छ? सायद यस प्रकारको पत्र जसले भन्छ:
"हामीसँग राम्रो कार्यक्रम छ - आउनुहोस् र हामीलाई उत्सव मनाउन मद्दत गर्नुहोस्।"
"धन्यवाद, तपाईंले राम्रो काम गर्नुभयो! हामी तपाईं बिना यो गर्न सक्दैनौं।"
"मलाई माफ गरिदेउ। मलाई माफ गर।"
"तिम्रो व्यवहारले मलाई दुःखी बनाइरहेको छ, तर म अझै पनि तिमीलाई माया गर्छु।"
"अन्ततः तपाईले यस आँधीबेह्रीमा केही राम्रो कुरा भेट्टाउनुहुनेछ।"
"केवल तपाईलाई थाहा दिनु थियो: मैले तपाईको येशूलाई भेटें र अब म पनि त्यस राज्यको सदस्य हुँ।"
"ठीकै छ - हामी सबैले गल्ती गर्छौं। तिमीले यसबाट के सिक्यौ ?"
"कुनै असम्भव छैन। परमेश्वर रोक्न नसकिने हुनुहुन्छ। उहाँलाई विश्वास गर्नुहोस्। "
"मलाई थाहा छ म तिमीमा भरोसा गर्न सक्छु; मलाई थाहा छ किनकि तिमी चट्टानमा उभिएको छौ।"
"के मैले तपाईलाई केही दिन अघि भनिनँ कि म तपाईले थाहा पाउनुभएभन्दा बेसी माया गर्छु?"
"यदि त्यसो हो भने, परमेश्वरको पत्र उठाउनुहोस्। तपाईंको नाम यसका पृष्ठहरूमा छ।"
"आज आफ्नो सम्पूर्ण हातहतियार धारण गर्नुहोस्" (एफिसी ६:१३ हेर्नुहोस्।)
"जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूर्ण शान्तिमा राख्नुहुनेछ" (यशैया 26:3, KJV)।
तैपनि, के तपाईंलाई थाहा छ कि तपाईं पनि एक पत्र हुनुहुन्छ? हाम्रो हृदयमा कुँदिएको परमेश्वरको प्रेम सारा संसारले पढ्नको लागि हो।"

न्यान्सी शेभर[7]

.................

[7]. Previously published in *Come Ye Apart* March–April–May 1996 (Kansas City, MO: Nazarene Publishing House), 30. Used by permission. (This publication became *Reflecting God*.)

# धुवाँको सन्दर्भमा, आगो निभाउनुहोस्

*****

*छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। र आफ्ना भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। एफिसी ४:२२-२४*

कलेजका पादरी मसँग रिसाए। स्वैच्छिक चैपल सेवाहरूमा भाग लिने विद्यार्थीहरूलाई प्रायः बोल्नको लागि भनिन्थ्यो, र उनले मलाई सोधे, म एकदम नयाँ इसाई थिएँ। मैले यो पदबाट प्रचार गरें, "किनकि परमेश्वरको राज्य भनेको खाने र पिउने कुरा होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्दको कुरा हो" (रोमी १४:१७)। ख्रीष्टमा मेरो नयाँ, परिवर्तन भएको जीवन व्यक्त गर्न पाउँदा म आनन्दित थिएँ।

पादरीले सेवापछि मसँग कुरा गरे: "यदि तपाई सोच्नुहुन्छ कि तपाई पहिलेभन्दा अहिले राम्रो हुनुहुन्छ, तपाई पहिलेभन्दा अहिले खराब हुनुहुन्छ।" वाह! स्पष्टरूपमा, उनले एक इसाई पनि पापी नै हुन्छ भन्ने शिक्षा अँगाले। परमेश्वरले हामीलाई "हाम्रा दिनभरि उहाँको सामु पवित्रता र धार्मिकतामा डरविना उहाँको सेवा गर्न" सक्षम बनाउनुभयो (लूका १:७४-७५)? तैपनि हाम्रो बाहिरी पापहरूभन्दा बाहिर, त्यहाँ गहिरो मुद्दा छ।

ई. स्टेनली जोन्सले जीवन परिवर्तन गर्ने रूपान्तरणको अनुभव गरेको बताउँछन्। उनले लेखेका छन् कि ख्रीष्टमा, "जीवनको वरिपरि घुम्ने नयाँ केन्द्र छ। तर सबै जीवन शक्ति र स्नेहहरू ख्रीष्टको वरिपरि जम्मा भएका छैनन्। कोही कोही छन् जो घुँडा टेकेर यो नयाँ निष्ठा स्वीकार गर्दैनन्।" त्यहाँ तिब्र इच्छाहरू छन् जुन "धेरै समय देखि जुन बाटोमा तिनीहरू निरन्तर लागेका छन्, त्यसैको आदत तिनीहरूलाई भएको छ"।[8]

पावलले एफिसीहरूलाई लेखे, "तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग" परमेश्वरले हामीलाई हाम्रो हृदयको गहिरो खाडलहरूमा पूर्ण शुद्धीकरणको लागि जान चुनौती दिनुहुन्छ। न्यु लिभिङ ट्रान्सलेसनले पद २२ लाई यसरी राख्छ: "तिमीहरूको अघिअघिको आचरणअनुसारको पुरानो मानिसलाई त्याग" तपाईंको कर्मको पछाडी एउटा स्वभाव, कार्यहरूको पछाडि एक मनोवृत्ति; आन्दोलनपछि, एक उद्देश्य; पापको पछाडि, आत्मकेन्द्रितता। यसको विरूद्ध लड्न, हामीले कडा कदम चाल्नुपर्छ - "त्याग" - र सकारात्मक कार्य – "परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।"

जब धुवाँ आउँछ, आगो निभाउनुहोस्। जब तपाईंको पुरानो स्वभावको कुरा आउँछ तब आफ्नो पुरानो स्वभाव त्याग्नुहोस्।।

ख्रीष्टलाई उहाँको उद्धारकको रूपमा स्वीकारेको केही महिनापछि, वेल्स कलेजका संस्थापक रीस होवेल्सले पवित्र आत्मासित भेट गरे। त्यस अनुभवबारे उनले भने, "यसको अर्थ मेरो पतित स्वभावको हरेक अंश क्रूसमा जानुथियो र उहाँले आफ्नो जीवन र आफ्नो स्वभाव ममा ल्याउनुहुने थियो।"[9]

When it comes to smoke, put out the fire. When it comes to your former way of life, put off your old

•••••••••••••••••

[8]. स्टान्ली जोन्स, *प्रचुर मात्रामा जिविकोपार्जन* (न्यु योर्क: अबिङ्गडन, १९४२), १५०.

[9]. नर्मन ग्रुब, *रीस हावेल, इन्टरसेसोर: परमेश्वरको लागि बाँचेको जीवनको कथा* (फिलाडेल्फिया: मसीही साहित्य क्रुसेड, १९५२), ३६.

# आफ्नो साक्षी थप्नुहोस्

*****

*यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने गवाही सत्य हुँदैन। मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ, र म जान्दछु, कि मेरो विषयमा उहाँले जे गवाही दिनुहुन्छ, त्यो गवाही सत्य ठहर्छ।*

*यूहन्ना ५:३१-३२*

" सज्जन, सुसमाचारका किताबहरू मानिसहरूले लेखेका थिए जसले येशूलाई मसीह ख्रीष्ट हुनुहुन्छ भनी सोचे। हामीले यसलाई अघिक प्रचारको रूपमा लिनैपर्छ।" यो मेरो कलेज बाइबल प्रोफेसरको सुरुवाती बयान थियो।

उनका शब्दहरूले मेरो भर्खरै परिवर्तन भएको आत्मालाई चिसो बनायो। कस्तो नकारात्मक गवाही! मलाई ख्रीष्टमा डोऱ्याउने मानिसबाट केही हप्ता अघि मैले सुनेका शब्दहरू धेरै सत्य र अधिक प्रभावशाली थिए: "चीक, म पहिलेभन्दा फरक छु किनभने मैले प्रभु भेट्टाएँको छु।"

गवाही दिनु भनेको येशूले तपाईंको लागि के गर्नुभयो भनेर अरूलाई बताउनु हो। गवाही दिनु भनेको येशू वास्तवमै हुनुहुन्छ भनेर पुष्टि गर्नु हो।

आफ्नो समयका वैरीहरूसँग व्यवहार गर्दा, येशूले आफू वास्तवमा को हुनुहुन्छ भनेर मात्र गवाही दिनुभयो भने त्यो पर्याप्त हुँदैन र उहाँलाई स्वीकार गरिने छैन भनी बताउनुभयो। त्यसपछि येशूले आफ्नो वास्तविक पहिचानको गवाही दिने अन्य मानिसहरू र तथ्यहरू सूचीबद्ध गर्न थाल्नुभयो। के उहाँका विरोधीहरूलाई शाषण गर्नु सम्भव छ?

उहाँले पहिले बप्तिस्मा दिने यूहन्नाको उल्लेख गरे, जसलाई त्यस दिन अगमवक्ताको रूपमा सम्मान गरिएको थियो: "तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ, अनि उनले सत्यको गवाही दिएका छन्‌। मैले ग्रहण गर्ने गवाही मानिसको होइन तर तिमीहरूको उद्धार होस्‌ भनेर म यी कुरा भन्दछु"। (यूहन्ना ५:३३-३४)।

दोस्रो, उहाँले वैध प्रमाणको रूपमा उहाँले गर्नुभएका कामहरू, चिन्हहरू र चमत्कारहरू उद्धृत गर्नुभयो: "किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभयो छ, ती काम म गरिरहेको छु, र तिनैले मेरो विषयमा गवाही दिइरहेका छन कि पिताले मलाई पठाउनुभएको हो" (५:३६)।

तेस्रो, पिता आफैले ख्रीष्टको सन्देशको गवाही दिनुभयो: "मलाई पठाउनुहुने पिताले आफैले मेरो विषयमा गवाही दिनुभएको छ" (५:३७)।

अन्तमा, त्यहाँ धर्मशास्त्रीय प्रमाण छ: "मेरो विषयमा गवाही दिने ती नै पवित्र-शास्त्र हुन्" (५:३९)

येशूले चारवटा बलियो, सम्मानित गवाहीहरू प्रस्तुत गर्नुभयो जस्तो कि उहाँ अदालतमा हुनुहुन्छ। र तिनका श्रोताहरूले यो प्रमाणलाई कसरी प्रतिक्रिया दिए? येशूले तिनीहरूको बारेमा भन्नुभयो, "म मेरो पिताको नाउँमा आएको छु, तर तिमीहरू मलाई ग्रहण गर्दैनौ" (५:४३):43)। कति दु:खलाग्दो कुरो!

त्यसपछि, अर्को साक्षी देखा पऱ्यो: निको भएको मानिसले येशूका विरोधीहरूसँग कुरा गऱ्यो। यूहन्ना ५:१५ मा यसरी लेखिएको छ, "उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो।"

जोलेने जस्ता मानिसहरूको कुरा सुन्न कति राम्रो हुन्छ। सेप्टेम्बर ३० मा, उनले ख्रीष्टलाई स्वीकार गरिन् र भनिन्, "यो अविश्वसनीय थियो। म तुरुन्तै अर्कै भएँ।"

परमेश्वरले आफ्नो प्रतिरोधको अन्तिम पर्खाल भत्काउनुभएको क्षणलाई सम्झँदै माइकले भने, "मलाई त्यो रात मानिसहरूबाट टाढा जानुपर्ने महसुस भयो। र रातको ११ बजे एक्लै रोएँ र मेरो हृदयमा ख्रीष्टलाई सोधें। उनले भने, केही समयबाद परमेश्वरले मलाई अविश्वसनीय रूपमा मद्दत गर्नुभएको छ।"

आयकरका कारण अप्रिल १४ मा शहरजाद डिप्रेसनमा परेकी थिइन् । तर जब केही इसाई साथीहरूले उनलाई ख्रीष्टले उनको हृदयको ढोका ढकढकाइरहनुभएको कुरा बताए, उनले प्रार्थना गरिन् र ढोका खोलिन्। उनी रमाउन थालिन् र भनिन्, "ओह, ओह, ओह,

मलाई यस्तो शान्ति छ! मलाई यस्तो शान्ति छ!”

उनी दौडेर कोठामा पुगिन् र आफ्नो श्रीमानलाई अँगालो हाल्दै भनिन्, "अल्बर्ट, अब हामी के गरौं?" उनलाई भन्नुहोस् – गएर आफ्नो साक्षी कसैलाई सुनाउनुहोस्!

के तपाई साक्षी प्रस्तुतकर्तामा सामेल हुन चाहनुहुन्छ?

•••••••••••••••••

# प्रतिज्ञामा खडा रहनु

*****

*तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।*

*१यूहन्ना १:७*

एक उत्कृष्ट गायक र एक कुशल पियानोवादकको रूपमा, फ्रान्सिस रिडले ह्याभरगलको हर्षोल्लास गर्ने भीडको अगाडि एक चम्किलो करियर हुन सक्थ्यो। यद्यपि, तिनले आफ्ना वरदानहरू प्रभुबाट पाएकी हुन् भनी विश्वस्त भइन्। यसरी आत्माहरू जित्ने लक्ष्यका साथ उनले पवित्र संगीत मात्र गाइन्।

1836 मा जन्मेका, फ्रान्सेसले सात वर्षको उमेरमा लेख्न थालिन्। उनले इङ्गल्याण्ड र जर्मनीमा अध्ययन गरेर बाइबलीय ग्रीक र हिब्रूमा निपुण भइन्। 1874 मा, उनी एउटा घरमा गइन् जहाँ दस जना मानिसहरू बस्दथे अनि तिनीहरूले प्रभुलाई चिनेका थिएनन् वा आनन्दित ईसाईहरू थिएनन्। तिनले घर छोडेको समयमा सबै दस जना आनन्दित इसाई भइसकेका थिए। पछि, उनी यति खुसीले भरिएकी थिइन् कि उनी सुत्न सकेनन्। त्यो रात, उनले "सधैं, केवल, तिम्रो लागि सबै" लेखिन्, जुनचाहिँ भजनको अंश बन्यो।

गहिरो आत्मिक जीवन खोज्ने धेरै ख्रीष्टियनहरूले नाटकीय पवित्रीकरणको अनुभव गर्छन्। फ्रान्सेसको खोजी कम नाटकीय थियो। फ्रान्सेसले प्रभुलाई चिन्थिन् र माया गर्थिन् तर पनि तिनलाई उहाँसँग गहिरो सम्बन्धको चाहना थियो। बिस्तारै, तिनी "दोस्रो अनुभव"मा प्रवेश गरिन्।

दिसम्बर २, १८७३लाई याद गर्दै फ्रान्सेसले लेखिन्:

मैले चम्किलो ज्योति देखें...

मैले यसलाई पहिलो पटक बिजुलीको बत्तीमा देखें... पूर्ण आशिषित् हुनुभन्दा अघि पूर्ण समर्पण हुनुपर्छ... मलाई देखाइएको थियो 'उहाँको पुत्र येशू ख्रीष्टको रगतले सबै पापबाट शुद्ध पार्छ' यसरी मलाई शुद्ध पार्नुहुनेसँग मलाई शुद्ध राख्ने शक्ति थियो…त्यो एक शब्द 'शुद्ध'…मैले पहिले कहिल्यै पनि कालको बल देखेको थिइनँ, नित्य वर्तमान, सधैं वर्तमान काल, वर्तमान होइन जुन अर्को क्षण अतीत बन्छ। यो सफा गर्न जान्छ…झरनामा आउने मात्र होइन, तर झरनामा अडिरहनुहोस्, ताकि यो सफा गर्न सकियोस्।

उनले खुसीसाथ निष्कर्ष निकालिन्, "मैले यो सबै देखेको छु र मसँग आशिष् छ।"

उनको आत्मिक भरपूरीबाट, उनले सयौं भजन लेखे, र उनको खुशीका शब्दहरू आज पनि भजनहरूमा पाउन सकिन्छ।

तपाईं संघर्ष गर्दै हुनुहुन्छ; तपाईले प्रभुलाई तपाईलाई पवित्र बनाउनको लागि सोधिरहनुभएको हुन सक्छ। उहाँले यो गर्नुहुनेछ भन्ने प्रतिज्ञामा तपाईं उभिन सक्नुहुन्छ—उहाँले तपाईंलाई शुद्ध पार्नुहुनेछ, तपाईंलाई शुद्ध पार्नुहुनेछ, तपाईंलाई पवित्र पार्नुहुनेछ। तपाईं उहाँका प्रतिज्ञाहरूमा खडा हुँदा उहाँ समक्ष पुग्नुहोस्।

•••••••••••••••••

# हरेक विचार ख्रीष्टको वशमा

*****

*परमेश्वरको ज्ञानको विरुद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।*

*२ कोरिन्थी १०:५*

केही आशंकासहित मैले यहाँ एडको व्यक्तिगत गवाही समावेश गर्दैछु। यद्यपि उनको कथा नयाँ र पीडादायी छ, यसले परमेश्वरको शक्तिशाली छुटकारा र निरन्तर आत्म-अनुशासनको आवश्यकतालाई चित्रण गर्दछ।

मलाई पहिलो पटक म दस दिन पुगेको बेला मण्डलीमा लगियो। त्यसपछि, मेरो बाल्यकालमा, मेरा आमाबाबुले मलाई जब जब मण्डली खुल्ला हुन्थ्यो हरेक पटक मण्डलीमा लैजानुभयो। म सण्डे स्कूलमा हुर्किएँ र इसाई कलेजहरूमा पढें; म पनि अठार महिनाको लागि सेमिनरी गएँ। मैले आफ्नो जीवन सन् १९६६ मा १४ वर्षको उमेरमा परमेश्वरलाई अर्पण गरेको थिएँ तर त्यसभन्दा अघि नै मैले यौनको लतमा जरा गाडें।

मेरो किशोरावस्थाको अन्त्यमा, मैले गोप्य जीवन सिर्जना गरेको थिएँ। मेरो पहिलो विवाहको बीचमा, मेरो दिमाग यति विकृत भएको थियो कि मलाई विश्वास थियो कि मेरो पापपूर्ण छनौटहरू सठिक छ। मेरो नियन्त्रण बाहिरको यौन दुर्व्यवहारले मेरो दुई वटा विवाह र एउटा करियर नष्ट गर्‍यो। मैले धेरैलाई दुख दिएको छु।

१९९२ को गर्मीमा, म यति आत्मघाती भएँ कि, एकै हप्ताभित्र, मेरो पास्टरले मेरो बन्दुक मागे, र मेरो चिकित्सकले मलाई मानसिक अस्पतालमा राख्ने प्रस्ताव गरे। तर परमेश्वरको अरू नै योजना थियो!

मे १९९३मा, मैले बाह्र-चरण रिट्रीटमा भाग लिएँ र म एक यौन दुर्व्यसनी हुँ भनेर स्वीकार गरें। त्यसपछि परमेश्वरले मलाई मण्डली-सम्बन्धित सम्मेलनहरू र रिट्रीटहरूको रूपमा थुप्रै निको पार्ने अनुभवहरू मार्फत नेतृत्व गर्नुभयो। तर मैले तिनीहरूलाई नियन्त्रण गर्न सक्छु भन्ने सोचेकोले, मेरो नियन्त्रण बाहिरको यौन व्यवहार बढ्दै गयो।

जुन २०००मा, मैले यौन लतको लागि मेरो पहिलो रिकभरी समर्थन समूहमा भाग लिएँ। यस समयसम्म, मलाई थाहा थियो कि म मेरो यौन विचारहरूमा शक्तिहीन थिएँ, र मेरो जीवन लगभग नष्ट भएको थियो। मेरो ईश्वरको अवधारणा न्याय र निन्दाको थियो - मैले गरेको कामको लागि परमेश्वरले मलाई कसरी क्षमा गर्न सक्नुहुन्छ? तर मेरा स्वस्थ्यलाभ गरेका भाइहरूले मलाई स्वीकार गरे र माया गरे। मैले निर्णय गरें कि यदि तिनीहरूले मलाई स्वीकार गर्न सक्छन् भने, शायद परमेश्वरले पनि गर्न सक्नुहुन्छ।

मेरो रिकभरी समूह र मेरो मण्डलीमा बाइबलीय प्रचारको माध्यमबाट, मैले पवित्र-शास्त्रका परमेश्वर प्रेम, अनुग्रह, छुटकारा र स्वीकृतिको परमेश्वर हुनुहुन्छ भनी सिकें। मैले बुझें कि उहाँ दोस्रो, पाँचौं, दशौं र बीसौं अवसर दिनुहुने परमेश्वर हुनुहुन्छ। तर मेरो अनिवार्य सोचले अझै पनि मेरो यौन व्यवहारलाई उक्सायो।

२००१मा, खजुरे आइतवारको अघिल्लो आइतवारको रातमा, मेरो पास्टरले प्रभु भोजमा मण्डलीको नेतृत्व गर्नुभयो। जुन कुराहरू हामीलाई दिइयो, त्यसपछि, मैले क्रुसमा ख्रीष्टको कल्पना गरें, र उहाँले मलाई भन्नुभयो, "तिम्रो दोष र लाज मलाई देऊ।" यौन दुर्व्यसनीको रूपमा पैंतीस वर्ष पछि, मसँग धेरै अपराध र लाज थियो। मैले निर्णय लिन संघर्ष गरें, तर ख्रीष्टले मसँग कुरा गरिरहनुभयो। उहाँले यसलाई आफै लिनुहुन्न तर मैले यो उहाँमाथि राख्नुपर्छ।
मैले उहाँमा आफ्नो दोष र लाज समर्पण गरेको क्षण, कुलतको शक्तिले मलाई छोड्यो। पापका साङ्लाहरू भाँचिएको थियो- म स्वतन्त्र थिएँ!

तर के म साँच्चै स्वतन्त्र थिए? पवित्र-शास्त्रले बताउँछ कि दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ। त्यसले अझ पनि मलाई निल्न खोजिरहेको छ। मसँग अझै पनि विचारहरू र मानसिक छविहरू छन् - मैले यी विचारहरूलाई धेरै वर्षदेखि मेरो दिमागमा जलाए। हरेक दिन, शैतानले यी कुराहरूलाई मेरो विरुद्धमा प्रयोग गर्न खोज्छ।

तर पवित्र-शास्त्रले मलाई बताउँछ कि मैले शैतानलाई जित्न सक्ने एक मात्र तरिका थुमाको रगत र मेरो गवाहीको वचन हो। ख्रीष्टले पहिले नै आफ्नो रगत बगाउनुभएको छ, र मेरो गवाहीको वचन २ कोरिन्थी १०:४-५ मा पाइन्छ: "किनकि (मेरो) युद्धका अस्त्र-शस्त्र  सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। परमेश्वरको ज्ञानको विरुद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई (म) नाश गर्ने गर्छु, र (म) हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छु।"

•••••••••••••••••

# प्रेमको माध्यम (प्रवाह)

*****

*परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं। १ यूहन्ना ४:९*

*किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ। रोमी ५:५*

*प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ। १यूहन्ना ४:११*

बिलकी आमा ४४ वर्षको उमेरमा मरिन्, त्यतिबेला बिल पन्ध्र वर्षको थियो। अर्को वर्ष, उसको बुबाको मृत्यु भयो। बिलकी जेठी बहिनीले बिल र उसका दुई दाजुभाइलाई आफ्नो घरमा लगिन् र सत्र वर्षको उमेरमा बिल काम खोज्न कन्सास शहर गए। उसले एउटा काठ कम्पनीमा जागिर पायो र राति लेखा विद्यालय गयो।

डिकले बिलसँग मित्रता राखे र आफ्नो कम्पनीसित बिललाई काममा राख्न आग्रह गरे। पछि, डिकले बिललाई इसाई व्यापार व्यवसायीहरूको जमघटमा लैजान थाले। रिट्रीटमा, आफ्ना सहकर्मीहरूको गवाही सुनेपछि, बिल आफ्नो कोठामा गए र प्रार्थना गरे, "मेरा पापहरू क्षमा गर्नुहोस्। म तपाईंको परिवारको हिस्सा बन्न चाहन्छु। मेरो जीवनलाई अगुवाइ गर्नुहोस्।"

काममा फर्केपछि, बिलले डिकलाई आफ्नो प्रार्थनाको बारेमा बताए, जसले बिरामीको कारण रिट्रीट छुटाएका थिए, थप निर्देशनको साथ, बिलले आफू नयाँ गरी जन्मेको महसुस गरे।

बिलले कम्पनीमा काम गर्न सुरु गरे जहाँ डिकले १९६६ मा काम पाएका थिए, १९७६मा साझेदार बने, र १९८६मा उनी त्यस कम्पनीका मालिक बने। त्यसपछि, लगातार तीन वर्षसम्म, *कन्सास सिटी बिजनेस जर्नलले* बिलको कम्पनीलाई शीर्ष दसमध्ये एक सबभन्दा छिटो-बढ्दो कन्सास शहर व्यवसायको रूपमा चित्रण गऱ्यो। बिलले पछि ग्वेन नाउँ गरेकी धर्मी स्त्रीसँग विवाह गरे। १९९०मा, वर्षौंको आध्यात्मिक वृद्धिपछि, बिलले परमेश्वरको पवित्र अनुग्रहको अनुभव गरे।

बिलको आफ्नो मुक्तिदातासँग आशीर्वादित सम्बन्ध छ जुन प्रेमद्वारा परिभाषित गरिएको छ:

- उनको लागि ख्रीष्टको प्रेम (१ यूहन्ना ४:९)
- उनमा ख्रीष्टको प्रेम (रोमी ५:५)
- उनीद्वारा ख्रीष्टको प्रेम (१ यूहन्ना ४:११)

बिलले मानिसहरूमा लगानी गर्छन्, तिनीहरूलाई आत्मिक रूपमा सल्लाह दिन्छन्, र जीवनभर मित्रता कायम राख्छन्। चालीस वर्षभन्दा बढी पहिले, उनी र जिम साथी बने। जब पनि जिमले मर्चेन्ट मरीन ड्युटीबाट दुई-महिनाको ब्रेक पाए, उनी बिल्समा बसे। आजसम्म, तिनीहरू प्रार्थना अनुरोधहरू साझा गर्छन्, र बिल समय समयमा जिम र उनकी पत्नीलाई न्यू जर्सीमा भेट्छन्, जहाँ जिम इसाई स्कूलमा काम गर्छन्।

डेभले सेमिनरीमा भाग लिएपछि डेभ र बिल साथी बने। तिनीहरूले आफ्नो स्थानीय मण्डलीमा आगन्तुकहरूलाई सँगै फोन गरे। डेभले बिलको घर बनाउन मद्दत गरे; बिल डेभलाई माइनमा उनको धर्मोपदेशनिकायमा भेट्न गए; र बिल वाशिंगटनमा डेभ र मेबेथको विवाहमा सहभागी भए। जब डेभ जर्जिया (युरोपेली देश) वा पोल्याण्डमा मिसनरी कार्यबाट फर्केर आएदेखि आजसम्म, उनी बिलसँग बस्छन्।

बिलको एक सेमिनरी विद्यार्थी माइकलसँग मित्रता भयो, जब तिनीहरूले मण्डली आगन्तुकहरूलाई सँगै कल गरे। माइकल अब एक धर्मगुरु भइसकेका छन्, र बिलले उनलाई, उनकी श्रीमती र तिनीहरूका पाँच छोराछोरीलाई सवाना, जर्जिया, र मोन्टेरे, क्यालिफोर्नियामा सैन्य कार्यभारमा छन्। बिल र माइकल प्रार्थनामा एकअर्कालाई समर्थन गर्छन्।

बिल धेरै मानिसहरूको लागि ख्रीष्टको प्रेमको एक अद्भुत, निरन्तर बगीरहने माध्यम हो। तपाईं पनि ख्रीष्टको प्रेमको माध्यम बन्न सक्नुहुन्छ।

••••••••••••••••

# साहसले भरिएको

*****

*जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू आशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाह पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए।*

*प्रेरित ४:१३*

*तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले। प्रेरित ४:३१*

के तपाई कहिल्यै असहज परिस्थितिमा फस्नुभएको छ जसमा तपाईलाई थाहा छ कि तपाईको वरपरका सबै तपाईको विश्वासप्रति सहानुभूति छैनन्? के तपाईलाई आफ्नो विश्वासको कारणले कहिल्यै धम्की दिइएको छ?

यदि तपाई यी मध्ये कुनै पनि परिस्थितिमा हुनुहुन्छ भने, तपाईंलाई थाहा छ पत्रुस, यूहन्ना र अन्य प्रारम्भिक चेलाहरूले येशूलाई पछयाउनको लागि के-कस्ता परिस्थीतिका सामना गरेका थिए। पत्रुस र यूहन्नाले मन्दिरमा लङ्गडा भिखारीलाई भेटे, र येशू ख्रीष्टको नाउँमा, त्यसलाई निको पारियो। जब उ तुरुन्तै हिँड्न, उफ्रन थाल्यो र परमेश्वरको प्रशंसा गर्न थाल्यो, त्यो मानिसले मन्दिरको चोकमा निकै ध्यान खिच्यो (प्रेरित ३:१-१०)। पत्रुसले घटनालाई येशूको बारेमा प्रचार गर्न प्रयोग गरे। पुजाहारी, मन्दिरको रक्षकका कप्तान र सदुकीहरू यो देखेर धेरै विचलित भए, र तिनीहरूले पत्रुस र यूहन्नालाई पक्रेर झ्यालखानमा हाले।

अर्को दिन, अधिकारीहरूले पत्रुसलाई सोधे। पत्रुसले उनीहरूले खोजेको उत्तर घोषणा गरे। कसरी? "आत्माले भरिएको" पत्रुस यति शक्तिशाली थिए कि उहाँको साहस देखेर उनका श्रोताहरू छक्क परे। अन्ततः, पत्रुस र यूहन्नालाई अझ धेर धम्काएर छोडिदिए। तिनीहरू आफ्ना साथी चेलाहरूकहाँ गएर यी घटनाहरू सुनाए। त्यसपछि ठूलो समूह प्रार्थना गरे, र "तिनीहरू सबै पवित्र आत्माले भरिएका थिए र साहसपूर्वक परमेश्वरको वचन बोले।"

चाहे एक इसाई आत्माले भरिएको अवस्थामा बाँचिरहेको छ वा आत्माको ताजा बहाव र भरिएको अनुभव गरिरहेको छ, परिणामचाहिँ साहस हो। कहिलेकाहीँ आत्माको भरपूरी शुद्धीकरणको लागि हुन्छ (प्रेरित १५:८-८), तर यहाँ, यो साहसको लागि हो।

मेरो ईसाई जीवनको सुरुमा, मैले साहसको समस्याको सामना गरें। म मेरो आइभी लिग कलेजमा मेरो वरिष्ठ वर्ष सुरु गर्दै थिएँ। क्याम्पसमा फर्कनुअघि, मैले पवित्र आत्माको पवित्रता, सशक्तिकरण भरिएको अनुभव गरेको थिएँ। प्रत्येक वरिष्ठलाई "महान मुद्दाहरू" पाठ्यक्रममा भाग लिन आवश्यक थियो, जसमा प्रमुख व्यक्तित्वहरू आए र व्यापार, सरकार, अन्तर्राष्ट्रिय सम्बन्ध, वित्त, र धर्मका प्रमुख विषयहरूमा आफ्नो विशेषज्ञताको कुरा गरे।

प्रशासनले प्रोटेस्टेन्टवादको प्रतिनिधित्व गर्न एकात्मक सेवक छानेको थियो। मनोविज्ञानमा धेरै ध्यान दिएर, उनले मानवता मूलतः राम्रो छ भन्ने विचारलाई बढावा दिए। भोलिपल्ट, विद्यार्थीहरू वक्तालाई प्रश्न सोध्न कक्षामा फर्किए।

मेरो कोठामा फर्केर आएपछि, परमेश्वरले मलाई प्रोत्साहन गर्न थाल्नुभयो: "तिमी चुनौतिबिना उहाँको सन्देशलाई खडा हुन दिनसक्दैनौ" मलाई थाहा थियो कि भोलिपल्ट, मैले सबै वरिष्ठहरूका अगाडि वक्तालाई प्रश्न सोध्नुपर्छ।

भोलिपल्ट, मैले प्रस्तुतकर्तालाई निम्न प्रश्न राखें: "बाइबलले 'सबैले पाप गरेका छन्' भनी बताएको छ भने तपाई कसरी मानिस राम्रो छ भनी भन्न सक्नुहुन्छ; तब फ्रायड भन्छन्, 'मानिसको फोहोर मुटु फोहोरले भरिएको हुन्छ'; र मेरो आफ्नै अनुभवमा, जबसम्म मैले ख्रीष्टलाई मेरो हृदय र जीवनमा आउन दिइनँ तबसम्म म पापी र आत्मकेन्द्रित थिएँ।"

भीडमा रहेका मानिसहरु असहयोगी भएर कराउन थाले । वक्ताले फेरि मनोविज्ञानबाट उत्तर दिने प्रयास गरे।

म स्वीकार्छु कि म त्यो प्रश्न सोध्न उभिएको क्षणमा, म डराएको थिएँ। तर परमेश्वरले मलाई जे गर्न भन्नुभएको थियो त्यो गर्न म तयार थिएँ। आत्माको शक्तिद्वारा साहस - यो आज सम्भव छ।

• • • • • • • • • • • • • • • • •

# हो, यौन अनैतिकताबाट भाग्नुहोस्

*****

*अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाह छैन? धोका नखाओ-अनैतिकताहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतलावाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू, परमेश्वरका राज्यको हकदार हुनेछैनन्। तिमीहरू केही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयो। १ कोरिन्थी ६:९-११*

यद्यपि स्टीभ र ज्याकी मण्डलीमा केही पटक मात्र आएका थिए, तिनीहरू आइतवार बिहानको जागृति सेवामा आए। सोमबार राती सेवापछि, स्टीभ मसँग कुरा गर्न आयो। उनले यस्तो केही भने, "तपाईले आइतबार बिहानको सेवामा भन्नुभएको कथाबाट म प्रभावित भएँ। मलाई लाग्छ कि मैले राम्रो जीवन बिताएको छु - सुर्ती, रक्सी, वा लागूपदार्थ कहिल्यै प्रयोग गरिनँ, तर केटो, म कसम खान्छु। धेरै कसम खान्छु। तर आज जब मैले मेरो निर्माणकार्यको शपथ खाएँ, मैले धेरै दोषी भएको अनुभव गरें। मेरा हातहरू हेर, अहिले पनि काँपिरहेको छ।" मैले स्टीभसँग प्रार्थना गर्न प्रस्ताव राखें, तर उसले त्यसको जवाफ दिएन। उनले थप सेवाका लागि पुन: आउने मात्रै बताए।

स्टीभ र ज्याकी मंगलबार फर्किए। मैले १ कोरिन्थी ६ मा आधारित "मानिस, यौन परमेश्वर" को बारेमा त्यो रात प्रचार गरें। त्यो सन्देशमा, मैले अनैतिकतालाई एक पुरुष र स्त्री जसले विवाहबाहिर यौन सम्बन्धमा राख्छ त्यही हो भनी बताए - यो जोडी यही अवस्थामा थियो।

बुधवारको राती फेरि तिनीहरू आए। समर्पणको प्रार्थनाको समयमा, स्टीभ र ज्याकी दुवैले हात जोडेर अघि आए। जब म स्टीभको छेउमा घुँडा टेके, उनले दृढ़तापूर्वक प्रार्थना गरिरहेका थिए। उनले मलाई बताए, "मेरा पापहरू, मेरा पापहरू, सबै क्षमा भयो। ती सबै मबाट हटेर गयो।"

मैले स्टीभलाई ख्रीष्ट कहाँ हुनुहुन्थ्यो भनेर सोधें। उनले दृढतापूर्वक उत्तर दिए, "उहाँ मेरो हृदयमा हुनुहुन्छ"।

आनन्दले भरिएर, स्टीभ र ज्याकी जसै मञ्चबाट पछि जान लागेका थिए, स्टीभ मकहाँ आए र सोधे, "अनि अन्य पापहरू, के ती सबै पनि क्षमा भएका छन्?"

मलाई थाह थियो कि उनले कुन विषयमा कुरा गरिरहेका छन्- मैले अघिल्लो रात प्रचार गरेको विषयमा उनले कुरा गरिरहेका थिए। मैले भने, हो, ती सबै पनि क्षमा भएका छन्?

"हामी साथमा बसिरहेका छौं।" स्टीभले भने। "हामीले विवाह गरेका छैनौं- हामी दुवैजनाको छुटानाम भइसकेको छ। यद्धपि, हामी विवाह गर्ने योजनामा छौं। हामीसित विवाहको औंठी पनि छ।"

मैले उनलाई आफ्नो पास्टरसित कुरा गर्ने र छिटोभन्दा छिटो ज्याकीसँग विवाह गर्ने सल्लाह दिएँ।

याद राख्नुहोस्, प्रेरित पावलले कोरिन्थीको मण्डलीलाई के भनेका छन्: उनले पापमय स्वभावको सूची दिएपछि यसरी लेखेका छन्, "तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयो" (पद ११)। विगतदेखि हामी जतिजना यौनको पापमा संलग्न छौं, हामीले क्षमा पाउन सक्छौ, हामी परिवर्तन हुन सक्छौ; हामी शुद्ध पारिन सक्छौं; हामी नयाँ हुनसक्छौं। परमेश्वरको आत्माले यो गर्नसक्नुहुन्छ। उहाँले कोरन्थीहरूको जीवनमा गर्नुभयो, उहाँले हाम्रो जीवनमा पनि गर्नसक्नुहुन्छ।

मेरो अगाडि, स्टीभ र ज्याकीको विवाहपश्चात लिइएको तस्बीर छ। वेदीमा तिनीहरूको निम्ति प्रार्थना गरिएको तीन हप्तापछि, एक आइतबारको आराधना सेवापछि तिनीहरूको विवाह सम्पन्न भयो। अनि ज्याकीको मुहारमा साँच्चै खुशीको मुस्कान देखिएको थियो।

तिनीहरूको विवाह पछि, स्टीभले बप्तिस्मा लिएका छन्, र दुवै जना मण्डलीमा सामेल भएका छन् र नयाँ र बढ्दो ईसाईहरूको लागि आधारभूत बाइबल अध्ययन पूरा गरेका छन्। अब स्टीभ बास गिटार बजाउन सिक्दैछन् ताकि तिनले आराधना टोलीमा योगदान दिन सक्छन्।

यसर्थ, हामी भन्छौ, "व्यभिचारदेखि अलग बस" (पद १८)। यदि तपाई सोच्नुहुन्छ यो तपाईंको लागि अति नै गाह्रो छ, याद गर्नुहोस्, तपाईको शरीर परमेश्वरको मन्दिर हो (पद। १९), अनि पवित्र आत्माले तपाईंलाई ठूलो सामर्थ दिनुहुन्छ।

•••••••••••••••••

# अनुग्रह देखिन्छ!

*****

*तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुशी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए। प्रेरित ११:२३*

परमेश्वरले भित्रबाट काम गर्नुभयो भने अनुग्रहले बाहिरबाट देखाउँछ। कहिलेकाहीँ कसैले देख्नसक्छ कि हृदयहरू थाकेका छन्, पछाडी परेका छन्, दुखेका छन्, लुकेको छ, लुकेको छ, थोरै आशामा झुण्डिएको छ, वा हानिको बाटोमा बाँचिरहेको छ। अरूले रिस राख्छन् र घमण्डी, उच्च विचारधारा र आफूलाई परमेश्वरको आवश्यकता छ भनी विश्वास गर्नमा गर्व गर्छन्। के तिनीहरू सोधिन योग्य छैनन्? के तिनीहरू सोध्न धेरै राम्रो हुन्छ? धेरै पर्खालहरू छन् जसले हामीलाई परमेश्वरको प्रेमबाट अलग राख्छ।

जब येशु आउनुहुन्छ, उहाँले जीवनको फोहोर र गन्धलाई पखाल्नुहुन्छ र हामीलाई सम्मानमा माथि उठाउनुहुन्छ। उहाँको प्रेमले हामीलाई नयाँ जीवन दिन्छ र उहाँले अर्को दिनको लागि शक्ति दिनुहुन्छ भनेर जान्न हामीलाई बाँच्न अनुमति दिन्छ। उहाँ महत्त्वपूर्ण हुनुहुन्छ र उहाँले तपाईंलाई महत्त्वपूर्ण बनाउनुहुन्छ। उहाँले हाम्रो आँसु पुछिदिनुहुन्छ र हाम्रो डर हटाउनुहुन्छ, र त्यसपछि जब हाम्रो हृदय उहाँसँग भरिन्छ उहाँ हास्नुहुन्छ।

न्यान्सी शेभर[10]

..................

[10]. यस भन्दा पहिले *Come Ye Apart* July–August–September 1964 (Kansas City, MO): मा प्रकाशित

# उनी दाता थिइन्

*****

*झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ। मत्ती २५:३६*

सुजी या त धेरै स्पष्ट थिइन् वा उनको पास्टरसँग धेरै नजिक थिइन्। एक दिन, कुराकानीको बिचमा, तिनले आफ्नो पास्टरलाई भनिन्, "के तपाईंलाई थाहा छ तपाईंको तालु खुइलिँदै जाँदैछ?" चिन्ता नगर, उनले यसलाई राम्रो हाँसोमा लिए – अनि उनले नै यो कथा पनि भनेका हुन्।

हामीले तिनको परिवारसँग तिनको स्मृति सेवाको बारेमा कुरा गर्दा सुजीको थप कथाहरू देखा पऱ्यो। तिनको ७२ वर्षको उमेरमा अचानक निधन भएको थियो ।

सुजी एघाह्र वर्षको हुँदा वेदीमा प्रार्थनाको निम्ति गइन् अनि त्यसै दिन तिनले येशूलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गरिन्। धेरै वर्षसम्म, विवाह गरेर तीन बालबच्चा भएकोले तिनी घरैमा बस्थिन्। प्रार्थना सभामा, सुजीले येशूको आवाजलाई सुनिन्: "तिम्रोलागि मैले धेरै कुरा राखेको छु"। तिनीहरू जसले सुजीलाई राम्रोसँग चिन्थे, उनीहरूले तिनको बारेमा भन्छ कि प्रार्थना सभामा तिनी शुद्ध भएकी थिइन्- हुनसक्छ यही प्रार्थना सभामा भएकी थिइन्।

सुजी अन्ततः झ्यालखान फेलोशिप सेवकाइका लागि कन्सास सचिव र अभिषिक्त सेवक बनिन्। तिनले *इन हिस सर्भिस मिनिस्ट्रीस* स्थापना गरे र झ्यालखानका कैदीहरू र उनीहरूका परिवारहरूलाई जागिर, घर र परामर्श दिन मद्दत गर्ने नेटवर्क चलाए।

कम्तिमा तीन पटक, सुजी र तिनको साथी च्याप्लिन विकीले मलाई कान्सासको ल्यान्सिङको झ्यालखानमा प्रचार गर्न निम्तो दिए। उनीहरूले कैदीहरूलाई व्यक्तिगतरूपमा राम्रोसँग चिनेको देखेर म छक्क परें। यी कैदीहरूको खुलापन र आदरले उनीहरूलाई महिलाहरूसँग सहकार्य गर्न प्रेरित गऱ्यो।

सुजीको चिन्ता यो थियो कि कैदीहरूले ख्रीष्टलाई व्यक्तिगत् रूपमा आफ्नो मुक्तिदाता र प्रभुको रूपमा चिन्नेछन्। र जो इसाई बनेका थिए, तिनीहरूले परमेश्वरको पवित्रताको अनुभव गरून् भनी प्रार्थना गरिन्। सुजी र विकीले नयाँ विश्वासीहरू पनि बाइबल अध्ययनमा सामेल हुने कुरा सुनिश्चित गरे ताकि तिनीहरू आफ्नो विश्वासमा बढ्दै जान र परिपक्व हुन सकून्।

सुजीको पारिवारिक सम्बन्ध अविश्वसनीय प्रेमिलो थियो। तिनका श्रीमान् ह्यारीले भने, "उनी मसँग भएको कुराहरूमध्ये सबैभन्दा राम्रो कुरा थिइन्। उनी सधैं अरूको लागि केही गरिरहेकी हुन्थिन्।

उनका छोरा स्टीफनले भने, "हामीले अठार वर्षदेखि हरेक दिन फोनमा कुरा गर्यौं । मेरी आमा मेरो सबैभन्दा मिल्ने साथी हुनुहुन्थ्यो।"

उनको छोरा पावलले आफ्नी आमाको आनन्दको कुरा गरे जब उनले अर्जेन्टिनाको मिशन यात्रा गरे।

२००७ मा, सूचीको कलोजोमा गम्भीर रोग विकास भयो। यद्धपि उनी महिनामा कम्तिमा एक पटक अस्पताल भर्ना भए तापनि उनी कहिल्यै निराश भएनन् वा हमदर्दी प्रकट गर्ने खाल्को पार्टी गरिनन्। बरु, तिनले आफ्नो वरपरका मानिसहरूका लागि समय निकालिन् र तिनीहरूको कुरा सुनिन्। तिनी कसै केही दिन पाउँदा साह्रै रमाउँथिन्।

तिनको छोरा स्टीफनले भने, "म हुर्किनलाई एक पल पनि परिवर्तन गर्दिन।"

उनको छोरा पावलले भने, "जब उहाँ बित्नुभयो, मलाई शान्त थियो। उहाँ कहाँ हुनुहुन्छ होला भन्ने प्रश्न नै छैन।"

एउटै व्यक्तिको बारेमा यति धेरै विवरणमा किन जाने? किनभने यो महत्त्वपूर्ण छ कि परमेश्वरले एक जीवन मार्फत कति गर्न सक्नुहुन्छ। पन्ध्र वर्षपछि तिनले प्रभुले भनेको सुने, "मसँग तिम्रो लागि धेरै कुराहरू छन्," सुजीको झ्यालकानको सेवकाई पूर्ण रूपमा फक्रिएको थियो। कस्तो दिने हृदय भएको मन! तपाईको विचारमा परमेश्वरले तपाईको जीवनमा के गर्नुहुनेछ?

•••••••••••••••••

# बीस असल वर्षहरू

*****

*यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गऱ्यौ, त्यसरी नै उहाँमा जीवन बिताओ। धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरूलाई शिक्षा दिएबमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ।*

*कलस्सी* २:६-७

यद्यपि उनी मण्डलीमा हुर्केका थिए, किशोरावस्थामा जोन एक विद्रोही भए। उनले बाह्र वर्षको उमेरदेखि लागूऔषध र पन्ध्र वर्षको उमेरदेखि रक्सी खान थाले। उनले धुम्रपानको भाँडोको बीस वर्षको रेकर्ड स्थापित गरे। अठार वर्षको उमेरमा उनले आफ्नी पन्ध्र वर्षीया प्रेमिकासँग विवाह गरे। उनले श्रीमान् बन्ने प्रयास गरे तर उनले शिकार, माछा मार्ने र अबेर राती पार्टी गर्न धेरै रमाइलो गरे।

एक दिन काममा, जोनले ट्रक ड्राइभरले ड्रग टेस्टमा असफल भएको र आफ्नो जागिर गुमाएको देखे। जोनले उनलाई ड्रग्स दिएका थिए! यसले उनलाई ब्यूँझायो - जोनले महसुस गरे कि उनलाई पनि त्यस्तै हुनसक्छ। त्यसैले जोन आफ्नो ट्रकमा चढे र प्रार्थना गरे। त्यो दिन, उनको उद्धार भयो।

त्यो हप्ता, उनकी पत्नीको मण्डलीमा जागृति सभा भइरहेको थियो। त्यहाँ, जोन पुन: प्रतिज्ञाको लागि वेदीमा गए, र त्यसपछि फेरि पवित्रीकरणको लागि पनि गए। उनले गवाही दिनुभयो कि उहाँको पवित्रताले उनका पुराना दुर्गुणहरूको इच्छालाई हटायो।

जागृतिको समयमा, प्रभुले उनलाई उसँग भएको जम्मा ५० डलर पनि भेटीको रूपमा दिने चुनौती दिनुभयो। जोन हिचकिचाए - त्यो उनको ग्यास भर्ने पैसा थियो, र उनलाई यो चाहिएको थियो। तर प्रभुले उनलाई भन्नुभयो, "म तिम्रो हेरचाह गर्नेछु।" त्यसैले जोनले परमेश्वरको आज्ञाअनुसार गरे। अर्को दिन, उनले १२० डलरको एक अप्रत्याशित उपयोगिता प्रतिपूर्ति प्राप्त गरे।

जोनले तुरुन्तै आफ्नो जीवनमा परिवर्तन देखे। उनी ड्रग्सको लतबाट स्वतन्त्र भएको थियो। उनले पहिलेबाटै सुर्ती खान छोडेका थिए। उनले परिवार र दुई बालकहरूसित धेरै समय बिताउन थाले। उनी लगातार मण्डली जान थाले, बाइबल पढ्न थाले, अनि प्रार्थना पनि गर्न थाले। उनकी पत्नीले भनिन्, : "उनी तुरुन्तै फरक व्यक्ति भएका थिए"।

यी दिनहरूमा, जोन र तिनकी पत्नी अझै पनि सबै मण्डलीको जागृति सेवाहरूमा भाग लिन्छन्। उनी अहिले भन्छन्, "बीस वर्ष राम्रो भयो।" जोनले ख्रीष्टलाई पछयाइरहेका छन् र लामो समयदेखि यसमा छन्।

\.................

# परमेश्वरले हरेक गल्तीको समाधान किन गर्नुहुन्न?

*****

*परमप्रभु परमेश्वरले मानिसलाई अदनको बगैंचामा लानुभई त्यसको गोडगाड र हेरचाह गर्नराख्नुभयो। अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखको फल तैंले संकोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहि नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ मर्नेछस्।*

*उत्पत्ति २:१५-१७*

बिल र डोना तपाईंले कल्पना गर्न सक्नुहुने सबैभन्दा मीठा, सबैभन्दा मायालु, सबैभन्दा ईश्वरीय जोडीहरूमध्ये एक थिए। बिल एक पादरी थिए र अन्ततः एक सांप्रदायिक अगुवा थिए जसले वयस्क आइतवार स्कूल साहित्य उत्पादन गरे जसद्वारा हजारौं मानिसहरू आशीषित भए।

केही वर्ष पहिले, आइतबार स्कूल जाने बाटोमा, बिल र डोना मण्डलीबाट केही टाढामा हुँदा, तिनीहरूको कार रक्सी पिएर गाडी चलाउन नसक्ने चालकले ठक्कर दियो। दुर्घटनाको कारण बिल र डोना दुवैको मृत्यु भयो।

कति अनुचित-कति गलत। के परमेश्वरले दुर्घटना रोक्नसक्नुभएन ?

सुरुमा, जब परमेश्वरले मानिसहरूलाई सृष्टि गर्नुभयो, उहाँले भन्नुभयो, "तैंले बगैंचाका सबै रूखको फल संकोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू।"

जब यो उहाँको सर्वोच्च सृष्टिमा आयो - मानिस - परमेश्वरले हामीलाई स्वतन्त्र इच्छा ("तैंले बगैंचाका सबै रूखबाट संकोच नमानी खाए हुन्छ") दिएर आफ्नो शक्ति सीमित गर्न रोज्नुभयो। उहाँले मानिसलाई आफैले छान्ने विशेषाधिकार दिनुभयो। तर निस्सन्देह, हाम्रा छनौटहरूको परिणामहरू छन् ("तर असल र खराबको ज्ञानको रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ मर्नेछस्") । यसर्थ, हाम्रो संसार परमेश्वरको प्रेम र मानिस जातिको छनौटको उत्पादन हो।

परमेश्वरको योजनाले संसारको लागि राम्रो, स्वस्थ विकल्पहरूको एक विस्तृत श्रृंखला प्रदान गर्‍यो - कसैलाई सन्तुष्ट पार्ने पर्याप्तभन्दा ज्यादा ("सबै रूखबाट खान सक्छस्")। एउटा मात्र विकल्प निषेध गरिएको थियो।

पीटर मार्शल, संयुक्त राज्य अमेरिकाको सिनेटमा धर्मगुरुले दोस्रो विश्वयुद्धको समयमा आफ्नो प्रवचनमा यी मुद्दाहरूलाई सम्बोधन गरे। यहाँ त्यो उपदेशको एक अंश प्रस्तुत छ:

मुद्दालाई टार्न खोज्नुको कुनै अर्थ छैन। त्यहाँ यस्ता समयहरू छन् जब परमेश्वरले हस्तक्षेप गर्नुहुन्न - तथ्य यो हो कि इसाई जीवनमा सबैभन्दा अचम्मलाग्दो रहस्यहरूमध्ये एउटा रहस्य 'उहाँले केही गर्नुहुन्न, हो। उनी एच.जी. वेल्स नै थिए जसले युद्धको समयमा धेरै विचलित हृदयहरूले सामना गरेको दुविधाको आवाज उठाए: "या त परमेश्वरसँग यो सबै नरसंहार र हत्या रोक्नसक्ने शक्ति छ र पनि उहाँले वास्ता गर्नुहुन्न वा त उहाँले वास्ता गर्नुहुन्छ तर उहाँसँग सबै कुरा रोक्ने सामर्थ्य छैन। तर त्यो उत्तर होइन... जबसम्म संसारमा पाप छ, जबसम्म मानिसको मनमा लोभ, स्वार्थ, घृणा रहन्छ, युद्ध भइरहन्छ...।

यो परमेश्वर केवल परमेश्वर हुनुहुन्छ यसैले उहाँ यतिसम्म अचेत हुनुहुन्छ कि मानिसलाई यस्तो स्वतन्त्रता इच्छालाई अनुमति दिनको लागि संसारलाई यस वर्तमान विपत्तिमा पुर्‍याइएको छ। परमेश्वरले युद्ध रोक्न सक्नुहुन्थ्यो! के तपाई एक क्षणको लागि शङ्का गर्नुहुन्छ कि परमेश्वरमा शक्ति छैन? तर मानौं उहाँले शक्ति प्रयोग गर्नुएको थियो? त्यसपछि पुरुषहरूले आफ्नो स्वतन्त्रता गुमाउने थिए... तिनीहरू अब छनौट गर्ने क्षमताले सम्पन्न आत्माहरू हुनेछैनन्... त्यसपछि तिनीहरू कठपुतली, रोबोट, मसिन, खेलौना सिपाही बन्छन्। होइन, परमेश्वरले धेरै ठूलो खेल खेल्दै हुनुहुन्छ। जताततै महिला र पुरुषको हृदयमा भाइचाराको दायित्वको जागृत भावनाको लागि उहाँ अझै पर्खिराख्नुभएको छ। हामीले आफ्नो लागि गर्न सक्ने कुराहरू उहाँले हाम्रो लागि गर्नुहुन्न।[11]

---

[11]. क्याथरिन मार्शल, *बियोन्ड आवर आवर आवर* (न्युयोर्क: म्याकग्रा हिल बुक कम्पनी, १९६१), २६–२७।

हामीले हाम्रो संसारलाई लथालिङ्ग बनाएता पनि, परमेश्वरको अर्को संसार हुनेछ। उहाँले हामीलाई यो संसार अनि अर्को संसारको लागि योजना बनाउन सिकाउने प्रयास गर्नुहुन्छ । जहाँ पहिलो बगैंचामा मानिसको अनाज्ञाकारिताका कारण पृथ्वीमा अन्याय भएको छ, उहाँले यसलाई प्राप्त गर्नेहरूका लागि दोस्रो बगैंचा सम्भव बनाउँदछ। दोस्रो बगैंचा एउटा यस्तो ठाउँ हो जहाँ गलतलाई सही बनाइन्छ। प्रकाश २२:१-५ ले यसलाई वर्णन गर्दछ:

तब तिनले मलाई स्फटिकजस्तै चहकिला जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की त्यस सहरका सडकको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नाका निम्ति थिए। अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदा राज्य गर्नेछन्।

यो त्यही सहर, बगैंचा हो, जहाँ बील र डोना रहनेछन्।

धेरै मानिसहरूले अविश्वसनीय चीजहरू पूरा गर्न आफ्नो ईश्वर-प्रदत्त स्वेच्छा प्रयोग गरेका छन्। निम्न नायकहरूको बारेमा सोच्नुहोस्:

• मार्टिन लुथर किंग, जूनियर, जसले जातीय मेलमिलापको लागि आह्वान गरे

• चार्ल्स कोल्सन, एक झ्यालखान कैदी जसले ख्रीष्टलाई भेट्टाए र झ्यालखान सुधारमा विश्वको अग्रणी शक्ति बने

• विलियम र क्याथरिन बुथ, जसले गरिबहरूको उत्थान गर्न र तिनीहरूको आत्मालाई बचाउन साल्भेसन आर्मी स्थापना गरे

• जोन वेस्ली, जसको प्रभाव ब्रिटिश टापु, अमेरिका र त्यसभन्दा बाहिर लाखौंलाई ख्रीष्टमा फर्कन प्रेरित गऱ्यो।

यी मानिसहरू हुन् जसले आफ्नो स्वतन्त्र इच्छालाई परमेश्वरको आदर्श इच्छासँग मिलाएर प्रयोग गरे—आत्मासँगको सहयोगले, दुःख निको भयो। त्यस्तै गरी, तपाईं र मसँग हाम्रो स्वतन्त्र इच्छा कसरी प्रयोग गर्ने भन्ने निर्णय गर्ने अवसर छ—राम्रोसँग छान्नुहोस्।

• • • • • • • • • • • • • • • • •

# प्रेमले व्यवस्था पूरा गर्छ

*****

*प्रेमले छिमेकीका खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो। रोमी १३:१०*

मेरो वकिल मित्र अल्बर्टको अनुमान छ कि अमेरिकाको कानुनी पुस्तकहरूमा मानिसहरूलाई राम्रो बनाउने उद्देश्यले पचास मिलियन कानूनहरू छन्। तर इसाईको एउटै नियम छ: "तिमीले प्रेम गर।"

जब एक शास्त्रीले येशूलाई सोधे, "व्यवस्थामा सबैभन्दा ठूलो आज्ञा के हो?" येशूले जवाफ दिनुभयो, 'परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा मनले प्रेम गर।' यो पहिलो र सबैभन्दा ठूलो आज्ञा हो। र दोस्रो यो जस्तै छ: 'आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर।' सबै व्यवस्था र अगमवक्ताहरू यी दुई आज्ञाहरूमा अडिएका छन्" (मत्ती २२:३६-४०)।

परमेश्वरको पुस्तकमा, यो प्रेम एक ढिलो प्रेम होइन। "प्रेम व्यवस्थाको पूर्ति हो" भनी बताउन अघि (रोमी १३:१०), पावलले दस आज्ञा (पद ९) बाट उद्धृत गरे। यदि तपाईंले आफ्नो छिमेकीलाई प्रेम गर्नुहुन्छ भने, तपाईंले उसको पत्नीसँग व्यभिचार गर्नुहुन्न। यदि तपाईं आफ्नो छिमेकीलाई प्रेम गर्नुहुन्छ भने, तपाईं उसको हत्या गर्नुहुन्न, चोरी गर्नुहुन्न, वा उसको सम्पत्तिको लोभ गर्नुहुन्न। यदि तपाईंसँग साँचो प्रेम छ भने, तपाईंले स्वाभाविक रूपमा सबै दश आज्ञाहरू पूरा गर्नुहुनेछ।

पावलले गलातीका इसाईहरूको हृदयमा अझ पनि युद्ध चलिरहेको हुनसक्छ भनी स्वीकार गरे: "किनकि पापमु स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्" (गलाती ५:१७)

त्यसपछि पावलले व्यवस्था र प्रेमको विषयलाई अझ प्रस्टाउनलाई यी बयानहरूको श्रृंखला दिन्छन्। गलाती ५:१४ मा, उनी लेख्छन्, "किनभने समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ, "तैंले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्।"

तर यदि शरीर वा पापी प्रकृतिले पवित्र आत्माको विरुद्धमा युद्ध गर्छ र प्रेमरहित मनोवृत्तिमा डोऱ्याउँछ भने, हामी के गर्न सक्छौं? पावलले निम्न जवाफ दिन्छन्:

- गलाती ५:२४- "तर तिनीहरू जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्।"
- गलाती ५:१६- "तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर।"
- गलाती ५:२२-२३- "तर पवित्र आत्माको फलचाहिँ प्रेम... यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।"

आफूलाई व्यवस्थाका विशेषज्ञ ठान्ने आलोचनात्मक यहूदी अगुवाहरूका लागि येशूले कडा शब्दहरू प्रयोग गर्नुभयो: "तर म तिमीहरूलाई चिन्छु। परमेश्वरको प्रेम तिमीहरूको हृदयमा छैन भनी म जान्दछु" (यूहन्ना ५:४२)। यति धेरै कपट प्रदर्शन गर्ने अगुवाहरू विरुद्ध यो सही आरोप थियो। तैपनि अरूलाई प्रेम गर्नुपर्छ भन्ने आज्ञा स्वीकार गर्ने धेरै कर्तब्यनिष्ठ ख्रीष्टियनहरू पनि गैर-इसाईजस्तो मनोवृत्ति र स्वभावमा जिउँदा आन्तरिक आत्मिक युद्धसँग संघर्ष गर्छन्। तिनीहरू धेरै मायालु हुन खोज्छन्, तर तिनीहरूले आफ्नो बलमा पर्याप्त प्रेम उत्पादन गर्न सक्दैनन्।

पहिले उद्धृत गलातीका खण्डहरूमा सतर्क हुनुहोस्। बाहिरी शक्तिको लागि पावलले बारम्बार उल्लेख गरेका सन्दर्भहरू बुझ्नुहोस्; ईश्वरीय स्रोत; पवित्र आत्माको काम। अर्को ठाउँमा, रोमी ५:५ मा, पावलले हामीलाई यस समस्याको निम्ति सबैभन्दा पूर्ण उत्तर दिन्छन्: "आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" जब तपाईं पर्याप्त प्रेम जम्मा गर्न असमर्थ बन्नुहुन्छ, परमेश्वरको पवित्र आत्माले यसलाई तपाईंको हृदयमा खन्याउनुहुनेछ।

बोस्टन विश्वविद्यालयका प्राध्यापक डा. डेनियल स्टिलको गवाहीले यो कुरालाई स्पष्ट पार्छ। अठार वर्षको हुँदा उनले ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा चिने, तर उनको इसाई जीवनमा संघर्षहरू थियो। उनले महसुस गरे कि उनी "पापको दोष र प्रभुत्वबाट मुक्त छन्, तर त्यहाँ बलियो भित्री झुकावहरूबाट होइन, जुन मेरो स्वभावको भाग जस्तो देखिन्छ।" एक वर्षसम्म, उनले यी झुकावहरूसँग

संघर्ष गरे, र अन्ततः, उनले परमेश्वरलाई अझ उत्कटताका साथ खोज्न थाले। "त्यसोभए," उनले भने, "पवित्र आत्माले मेरो नजरमा अझै पनि मेरो स्वभावमा लुकेको दुष्टतालाई उजागर गर्नुभयो।"

नोभेम्बरको एक रात, उनले प्रभुलाई उत्कटताका साथ खोजिरहेको थिए, उनले यसरी भन्छन्, "अचानक मेरो संवेदनशिलतामा एक रहस्यमय शक्तिले आफूलाई प्रयोग गरिरहेको बारे म सचेत भएँ... मेरो शरीरमा पीडाबिना नै झटका लिएर बिजुलीको धारा बगिरहँदा मेरो सम्पूर्ण अस्तित्व प्रेमको ज्वलन्त धारामा पग्लिँदैथ्यो।" उनले यसलाई "पवित्र आत्माद्वारा हृदयमा परेको परमेश्वरको प्रेम" भनेर वर्णन गरेका छन्।

उनी आफ्नो खुट्टा मुनिको पृथ्वीको अस्तित्वको भन्दा उनीप्रतिको परमेश्वरको प्रेममा बढी निश्चित भए। यो "शान्त्वनादाताको शुद्धिकरण शक्तिद्वारा पाप-सिद्धान्तको उन्मूलन" हो भनी उनले महसुस गरे। उनले "सबै डर हटाउने सिद्ध प्रेम" गरेका थिए। डा. स्टिल विजयको नयाँ स्तरमा जिउन थाले र एक महान आत्मिक अगुवा र लेखक बने।

जसरी डा. स्टिलको कथाले देखाउँछ, "प्रेमले व्यवस्था पूरा गर्छ।" पवित्र आत्माको भरपूरी र उपस्थिति र शक्तिले यो तपाईंको जीवनमा पनि सम्भव हुनेछ!

•••••••••••••••••

# पाखण्डीहरूको बारेमा के हो?

*****

*तब प्रेरितहरुले हात राख्दा पवित्र आत्मा पाइँदोरहेछ भन्ने देखेर सिमोनले यसो भन्दै तिनीहरूलाई रूपियाँ दिन ल्यायो, "मलाई पनि यो शक्ति दिनुहोस्, र मैले जोसुकैमाथि हात राखिदिएपछि त्यसले पवित्र आत्मा पाओस्"।*

*प्रेरित ८:१८-१९*

*तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग"।*

*प्रेरित ८:२९*

के तपाईंले कहिल्यै कसैलाई यसो भनेको सुन्नुभएको छ, "मण्डलीमा भएका पाखण्डीहरूको बारेमा के हो?" किन यो व्यक्ति मण्डलीमा उपस्थित हुँदैन भन्ने कुराको बहानाको रूपमा यो प्रश्न समान्यता मण्डलीमा आउने गर्दछ। म यी मानिसहरूलाई तिनीहरूको कामको बारेमा सोध्न मन पराउँछु: "के तपाईंसँग कुनै सहकर्मीहरू छन् जसले उनीहरूले कति मेहनत गर्छन् भनेर ठूलो कुरा गर्छन्, तर तपाईंले उनीहरूलाई पानीको कुलरको वरिपरि हावा चलाउँदै, आफ्नो डेस्कमा भिडियो गेमहरू खेल्दै र समयलाई व्यर्थमा फालिरहेको देख्नुहुन्छ? तिनीहरू साँच्चै पाखण्डी हुन्, होइन र? तपाईको कार्यस्थलमा पाखण्डीहरू छन् भन्ने तथ्यले तपाईलाई काममा जानबाट रोक्छ?" साधारण रूपले, तिनीहरूले कुरा बुझ्छन्।

प्रेरित ८:१४-४० मा, हामीसँग सिमोन र फिलिप नामक दुई व्यक्तिको कथा छ। दुवै पवित्र आत्मामा रुचि राख्छन्, तर तिनीहरूको बीचमा भिन्नताहरू छन्:

• सिमोन पवित्र आत्मा प्रयोग गर्न चाहन्थे; फिलिपले पवित्र आत्माले उनलाई प्रयोग गरेको चाहन्थे।

• सिमोनले पवित्र आत्माको लागि पैसा तिर्न चाहन्थे; फिलिपले पवित्र आत्मालाई आत्मसमर्पण गरे।

• पत्रुसले सिमोनलाई हप्काउछन् र त्यसलाई तेरो विचार परमेश्वरप्रति ठीक रहेनछ। तिनी पापको बन्धनमा छन् र तिनले पश्चात्ताप गर्नुपर्छ भनी भन्छन्। यसको विपरीत, परमेश्वरले फिलिपलाई आदर गर्नुहुन्छ र फिलिप, जो इथियोपियाको निधि विभागमा सचिवको रूपमा कार्यरत थिए उनलाई ख्रीष्टमा आउन नेतृत्व गर्नुभयो।

ध्यान दिनुहोस् कि दुवै पुरुषका कथाहरू बाइबलमा छन्। बाइबल स्पष्ट छ, र सिमोनको कथा सुनाएर मण्डलीमा कपटीहरू छन् भनेर स्वीकार गर्दछ। मण्डलीमा साँचो ख्रीष्टियनहरू छन् भनी देखाउनको लागि उही बाइबलले फिलिपको कथा पनि बताउँदछ। त्यसोभए, हाम्रो अडान कस्तो हुनुपर्छ?

हामीसँग एक परिभाषित दिशानिर्देश छ: "तिनीहरूको फलबाट तिमीले तिनीहरूलाई चिन्नेछौ" (मत्ती ७:१६)। हामीले विवेक प्रयोग गर्नुपर्छ अनि कपटी र वास्तविकता बीचको भिन्नता बताउन सिक्नुपर्छ। त्यसोभए, हामीले पाखण्डीलाई हाम्रो बाटोमा खडा हुन नदिने निर्णय गर्नुपर्दछ र यसको सट्टा साँचो ख्रिष्टियानको नमुनालाई पछयाउनु पर्छ। म त्यस्ता हजारौं इसाईहरूलाई चिन्छु, र म तिनीहरूजस्तै बन्न चाहन्छु।

•••••••••••••••••

# तपाईको मुखबाट निस्केको कुरा

*****

*तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाँदो र सुधार गर्ने मिठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। अनि पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। सबै तितोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मन र दयालु होओ। एफिसी ४:२९-३२*

मलाई केही "बुद्धि" दिने प्रयासमा, एक जना सामान्य व्यक्तिले एक पटक मलाई सल्लाह दिए, "तपाईले यो सम्प्रदायमा केही गर्नसक्नु हुन्न किनभने मण्डलीमा तपाईँको कुनै आफन्त छैन।" सायद उनलाई चोट लागेको थियो; हुनसक्छ उनी स्वार्थी थिए ; तर उनले मलाई कुनै अनिश्चित सर्तहरूमा भने कि यदि तपाईं मण्डलीको सीढीमा उक्लन चाहनुहुन्छ भने, उच्च ओहोदामा तपाईंका परिवारका सदस्यहरू हुनुपर्छ।

उनका शब्दहरूले मलाई पक्कै पनि निर्माण गरेन, तर त्यसले मलाई निराश पनि बनाएन किनकि मैले उच्च आहोदामा पुग्ने सिडी चढ्ने कुरामा ध्यान कहिल्यै दिएको थिइनँ। सानो मण्डलीको गोठालो हुनुमा नै म रमाएको थिएँ। अर्को पल्ट यो मान्छेले मलाई फेरि अर्को प्रश् गर्‍यो, "तपाईंको प्रमोसन कहिले हुन्छ?"

मलाई थाहा थियो कि हाम्रो मण्डली एक नम्र वातावरणमा थियो - हामी पुनर्निर्माण गरिएको घोडा बाँधिने ठाउँमा भेट्थ्यौं, तर नयाँ मानिसहरूले येशूलाई भेट्टाइरहेका थिए; केही पवित्र गरिँदै थिए; हाम्रो मण्डली बढ्दै थियो; र हामी एउटा सुन्दर, नवनिर्मित भवन र शैक्षिक इकाईमा सर्ने तर्खर गर्दैथियौं। मैले उनलाई जवाफ दिएर भने, "म परमेश्वरको इच्छामा केन्द्रित छु। म त्योभन्दा माथि जान सक्दिनँ।"

एफिसी ४:२९-३२ को सल्लाहअनुसार अर्ती र उपदेश दिने हाम्रा बोलीको बारेमा निम्न प्रश्नहरू सोध्न सक्छौं:

१. के यो साँचो हो?
२. के यो आवश्यक छ?
३. के यो भन्नु बुद्धिमानी हुन्छ?
४. के यसले सुन्नेहरूलाई मद्दत गर्छ?
५. के कसैलाई यसले मद्दत गर्छ वा चोट पुर्‍याउँछ?

अरूलाई भनिएका शब्दहरूले पवित्र आत्मालाई दुःखित तुल्याउन सकिन्छ। जेसी पेन लुईसले एक पटक भने कि "शोक" एक प्रेम शब्द हो। जब तपाईं बहुमूल्य पवित्र आत्मालाई प्रेम गर्नुहुन्छ, तपाईं उहाँलाई शोकित तुल्यान चाहनुहुन्न। तपाईंको जीवनबाट उहाँलाई दुःखी बनाउन पनि सम्भव छ। कृपया ध्यान दिनुहोस् कि पद ३० भन्दा अगाडि र पछिका पदहरूले आत्मालाई शोक गर्ने तरिकाहरू वर्णन गर्दछ।

कसैको भनाई मेरो मन र दिमागमा कति समयसम्म रहन्छ थाहा पाउँदा म छक्क पर्छु। शब्दहरू, "मण्डलीमा तपाईं केही गर्नसक्नुहुन्न" यो ६० वर्षभन्दा पुरानो कुरा हो। अन्य शब्दहरू, "म तपाइँ र न्यान्सीको लागि हरेक दिन प्रार्थना गर्दछु," चालीस वर्षभन्दा अघि भनिएको हो। म प्रभावित छु कसरी एक वाक्य यति धेरै ओजनदार हुनसक्छ।

त्यहाँ मेरो अगाडि एक व्यक्तिको नोट छ जसले मलाई मेरा शब्दहरूको लागि धन्यवाद दिएका छन्:

प्रिय चिक,

विगत पच्चीस वर्षदेखि, त्यो दिन सेमिनरीमा तपाईका शब्दहरूले मलाई आशा दियो कि मैले सही काम गरेको छु। अरू कसैले मलाई समर्थन गरेन - यो परमेश्वरले तपाईंलाई मसँग कुरा गर्न पठाउनुभएको थियो, म विश्वास गर्छु। म सधैं धेरै आभारी छु!

मेरा शब्दहरूले पच्चीस वर्ष पहिले उनलाई आशीर्वाद दिएका थिए, र उनको टिप्पणीले आज मलाई आशीर्वाद दिन्छ। तपाईंको शब्दले अर्को व्यक्तिलाई खुशी बनाउनुहोस्। तपाईंको मुखबाट निस्कने कुराले पवित्र आत्मालाई खुशी पार्नुहोस्।

• • • • • • • • • • • • • • • •

# तपाई जे हुनुहुन्छ, तपाई कस्तो हुनुहुन्छ?

*****

*तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन। बरू मैले त तिनीहरू सबैले भन्दा बढी परिश्रम गरें। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो।*

*१ कोरिन्थी १५:१०*

यदि अनुग्रह बोतलमा भरेर बेच्न सकिन्छ भने, धेरै मानिसहरूले सबै बेच्नेछन् र यसलाई तपाई किन्नुहुनेछ — तर यो नि: शुल्क भएकोले तिनीहरू विश्वास गर्न सक्दैनन् कि यसको कुनै मूल्य छ। हामीमध्ये धेरैले भन्न सक्छौं, "त्यहाँ तर परमेश्वरको कृपाको लागि म जान्छु," यसको मतलब यो हो कि यदि मैले अनुग्रहको बारेमा कहिल्यै सुनेको छैन वा प्रतिक्रिया दिएको छैन भने, म अझै पनि हराएको हुनेछु र मेरो पुरानो मालिकको सेवा गर्दैछु।

जिम इलियटले भनेका थिए, "उनी मूर्ख होइनन् जसले आफूले गुमाउन नसक्ने कुरा प्राप्त गर्नका लागि राख्न नसक्ने कुरा दिन्छ।" त्यसैगरि, प्रेरित पावलले परमेश्वरले आफूभित्र राखेको प्रेमलाई कहिल्यै छोडेनन्। उनले आफ्ना विगतका अपराध र असफलताहरूले उनलाई वर्तमान क्षणमा सेवा गर्नबाट रोक्न दिएनन्। उनले वर्तमान अवरोध, प्रतिरोध वा पीडाले उनको लक्ष्यबाट उनलाई टाढा राख्न दिएनन्। उनले हरेक दिन आफ्नो सबै कुरा समपर्पण गरे, यो विश्वासमा कि यदि भोलि आउँछ भने परमेश्वरले नै पर्याप्त गर्नुहुनेछ।

के परमेश्वर हाम्रो लागि पर्याप्त हुनुहुन्छ? हो, किनकि उहाँको अनुग्रह असिमित छ। उहाँ दिनको चौबीसै घण्टा उपलब्ध हुनुहुन्छ। विश्वासीहरूको रूपमा, उहाँको अद्भुत अनुग्रहमा हामी सबै ऋणी छौं।

न्यान्सी शेभर [12]

.................

[12]. यस भन्दा पहिले *Come Ye Apart* July–August–September 1964 (Kansas City, MO: Nazarene Publishing House), 93 मा प्रकाशित भएको थियो। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन पछिबाट *परमेश् वरको प्रतिबिम्बित गर्ने* नाउँमा परिवर्तन भयो।)

# "मैले के पाउन सक्छु?" बाट "म के दिन सक्छु?"

*****

*तब पत्रुसले उहाँलाई भने, "हेर्नुहोस् हामीले त सबै थोक छोडेर तपाईंको पछि लागेका छौं। हामीले चाहिँ के पाउनेछौं?*

*मत्ती १९:२७*

पत्रुस मात्र ख्रीष्टको अनुयायी थिएनन् जसले सोचेका थिए, मैले के पाउन सक्छु? याकुब र यूहन्नाकी आमाले भनिन्, "तपाईंको राज्यमा मेरो यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिनेपट्टि र अर्को तपाईंको देब्रेपट्टि बस्न बस्न पाऊन्" (मत्ती २०:२१)। मर्कूसले विवरण दिएका छन् कि जब येशूले आफ्ना चेलाहरूलाई तिमीहरूले के बहस गरिरहेका थियौ भनी सोध्नुभयो, "तिनीहरू चुप रहे किनकि बाटोमा तिनीहरूले 'हामीमा सबैभन्दा ठूलो को हो' भनेर बहस गरेका थिए" (मर्कूस ९:३४)। तैपनि तिनीहरूको हृदयको गहिरो तहमा केही परिवर्तन भएको हुनुपर्छ, किनभने केही महिनापछि यी चेलाहरूको वर्णन गर्दा, प्रेरितले भन्छ, "तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूको सबै थोक साझा थिए" (४:३०)।

तिनीहरू राज्यदेखि बाहिर लोवा गए। तिनीहरूले त्यहाँ पनि प्रेम गर्ने मण्डली भेट्टाउन सकेनन्। मलाई उनीहरुको चिन्ता लाग्न थाल्यो । मैले हाम्रो मण्डलीका मानिसहरूलाई उनीहरूको लागि प्रार्थना गर्न र फोन गर्न आग्रह गरें।

अन्तमा, फ्रयाङ्क र पेगीले भने, "हामीले तपाईंको मण्डली जस्तो प्रेमिलो मण्डली खोज्न बन्द गर्ने निर्णय गरेका छौं। यसको सट्टा, हामी एउटा मण्डली खोज्नेछौं जसलाई प्रेम चाहिन्छ र तपाईंले हामीलाई दिनुभएको जस्तै प्रेम दिनेछौं। तिनीहरूले त्यसै गरे - र तिनीहरू त्यो मण्डलीमा महान आत्मिक अगुवा बने।

हामी सबै - पत्रुस, याकुब, यूहन्ना, फ्रयाङ्क, पेगी, तपाईं, र म - जब हामी "मैले के पाउन सक्छु?" बाट "म के दिन सक्छु" मा सर्दा आत्मिक सफलता हासिल गर्नेछौं।

.................

# के एक किशोरलाई पवित्र बनाउन सकिन्छ?

*****

*जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरूका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन।*

*१तिमोथी ४:१२*

*उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो।*

*२तिमोथी १:९*

एक वर्ष, मलाई आयोवा होलिनेस एसोसिएशनको 137 औं वार्षिक शिविर बैठकमा प्रचार र शिक्षण जिम्मेवारीहरू सुम्पियो। सबैले बुझ्नसक्ने तरिकामा शुद्धता, पवित्रता, र आत्माले भरिएको जीवनको बारेमा सिकाउनु मेरो दैनिक चुनौति थियो।

एक रात, डेविड नाउँ भएको किशोरले आफ्नो गवाही दिए, "मंगलबारको दिन, आफैलाई समर्पण गरेर म वेदीमा गए अनि पवित्र आत्मालाई शुद्ध पार्नको लागि प्रार्थना गरें। बितेका केही दिनहरूदेखि मैले निरन्तर पवित्र आत्माको उपस्थीतिको अनुभव गरेको छु, अनि मलाई शुद्ध पार्नुहुने उहाँको सामर्थको लागि परमेश्वरलाई म धन्यवाद दिएँ।"

शिवीरको सुरूमा १६ वर्ष उमेर पुगेकी डोन्नालाई मैले भेटें। उनको परिवारबाट उनी एकलै मण्डलीमा आएकी थिइन्, अनि सुरुमा उनलाई सरम र अप्ठ्यारो लागेको थियो। शिविरको अन्तमा उनले यसरी आफ्नो विवरण पेश गरिन्: *आयोवा होलिनेस एसोसिएशनको केही हप्ता अघि, म परमेश्वरसँग प्रार्थना गरिरहेको थिएँ कि त्यहाँ ठूलो आत्मिक विजय होस् र परमेश्वरले मेरो जीवन परिवर्तन गरून्। त्यसपछि मैले देखें कि रेभरेन्ड चिक शेभरले पवित्रीकरण विषयमा सन्देश प्रचार गरिरहनुभएको छ, र परमेश्वरले मलाई औंल्याउनुभयो कि त्यो मेरो लागि हो। सोमबार, मैले मेरो हृदय र जीवन पूर्णतया प्रभुमा सुम्पिएँ, र हफ्ताभरि पवित्र आत्मा मेरो प्राणमा ओर्लिनुभयो। म पवित्र आत्माले भरिएको थिएँ ताकि म नयाँ मान्छे बन्न सकूँ। मेरो पुरानो जीवन मरेको छ र प्रभु र उहाँको पवित्र आत्मामा नयाँ भएको छु। तब, पछिबाट यस हप्ताको समयकालमा, मैले परमेश्वरसित प्रार्थना गरिरहेको थिएँ कि उहाँले मलाई मेरो जीवनको लागि उहाँको इच्छा बताउनुहुनेछ, र बुधबार, परमेश्वरले मलाई बताउनुभयो कि उहाँले मलाई एक मिसनरी बनेको चाहनुहुन्छ। परमेश्वरले मलाई कुन कार्यको निम्ति बोलाइरहनुभएको छ भनेर म अझै प्रार्थना गरिरहेको छु। परमेश्वरको पवित्र आत्मा हप्ताभरि मसँग रहनुभएको छ। उहाँको पवित्र नामको प्रशंसा गर।*

हो पक्कै, एक किशोर पनि शुद्ध पारिनसक्छ।[13]

•••••••••••••••••

[13]. *शुभ खबर: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सेप्टेम्बर २०१५)।

# एकल विषय, भाग १

*****

*तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले पाएका छौ, र उहाँ तिमीभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाह छैन? तिमीहरू स्वयंम आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।*

*१ कोरिन्थी ६:१९-२०*

कहिलेकाहीँ एउटै सङ्घर्षमा विजय हासिल गर्नाले तपाईंलाई आफ्नो इसाई जीवनको फराकिलो क्षेत्रमा अझ ठूलो साहस र विजयको लागि प्रेरित गर्छ। त्यो बाधाको सामना गर्नु, लड्नु र चप्टो गर्नुले तपाईंलाई अझ ठूला चुनौतीहरू पार गर्ने शक्ति दिन्छ।

एकचोटि हामीले अरूलाई विजय प्राप्त गरेको देखेपछि, हामी विश्वास गर्छौं कि हामीलाई पनि त्यस्तै हुनसक्छ। यहोशूले यर्दन नदीको सामना गर्दा, यरीहोको शक्तिशाली सहर र तिनको पछि लागेका बीस लाख इस्राएलीहरू जसले तिनलाई नेतृत्वको लागि हेरिरहेका थिए, परमेश्वरले तिनलाई अर्को जीवनमा उहाँको कामको सम्झना गराएर प्रोत्साहन दिनुभयो, "जसरी म मोशासँग रहे, त्यसरी नै म तँसँग रहनेछु। म तँलाई छोड्ने, अनि तँलाई त्याग्नेछैनँ" (यहोशू १:५)।

म एउटा विषय छान्दैछु - सुर्तीको लत। म अझ विशिष्ट हुनेछु र धुम्रपान रोज्छु। यो तपाईंको संघर्ष हुन सक्छ वा नहुन पनि सक्छ, तर मेरो साथमा रहनुहोस्। कसरी अरूहरूले त्यो एक बिन्दुमा विजय पाए र अन्य धेरै क्षेत्रमा फस्टाए भन्ने कुरालाई सुन्नुहोस् र हेर्नुहोस् ।

जब जेरोल्ड एचिसन एक जवान मानिस थिए, उनले आफ्नो स्वामी परिवर्तन गर्ने निर्णय गरे। जाड-रक्सी र चुरोटले उनीमाथि स्वामित्व गरेको थियो। अब उनले येशू ख्रीष्टलाई आफ्नो स्वामीको रूपमा रोजे। ख्रीष्टको लागि उनको निर्णयपछि, उनले सजिलैसंग रक्सी छोडे, तर धुम्रपानले बलियोसँग तानेजस्तो देखिन्थ्यो। एक दिन, चुरोटको लागि आग्रह असाधारण रूपमा बलियो देखिन्थ्यो, र उनलाई डर लाग्यो कि उनले धुम्रपान गर्दछ। त्यतिकैमा फोनको घण्टी बज्यो र एक जना नयाँ मसीही साथीले उहाँमाथि आफ्नो भरोसा व्यक्त गरे। जेरोल्डले महसुस गरे कि उनी असफल हुन सक्नुहुन्न जब परमेश्वरले उनलाई धेरै माया गर्नुभयो र उनका साथीहरूले उहाँमा विश्वास गरे। उनले आफ्नो बाइबलमा यहूदा १:२४ (KJV) मा फर्केर हेरे, "अब जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ।" उनले परमप्रभुमा भरोसा गरे, परमेश्वरले उनलाई सुरक्षित राखे र फेरि उनी कहिल्यै आफ्नो पुरानो आदतमा फर्किएनन।[14]

वाल्टर ज्याक्सन चुरोटको लतमा थिए - उनले एक दिनमा लगभग तीन पाकेट चुरोट पिउथे। त्यसपछि, उनले ख्रीष्टलाई आफ्नो मुक्तिदाता र प्रभुको रूपमा स्वीकार गरे र आफू पूर्ण रूपमा निर्भर गर्नसक्ने एक जना पाए। उनले तुरुन्तै चुरोट पिउन छोडे, तर उनकी श्रीमतीले भनिन् कि, दुई हप्ताकोलागि, उनी निकै वेचैन भए। दुई हप्तापछि, उनको तृष्णा बन्द भयो—वाल्टले जित हासिल गरेको थियो। उनले स्वीकार गरे कि अझै पनि समय छ जब उनी बाध्य भएर आफ्नो शर्टको खल्तीमा चुरोटको लागि पुग्छन्। तर त्यसले उसलाई सधैं उसको हृदयमा भएको परिवर्तनको सम्झना गराउँदछ, किनकि उनको त्यही खल्तीमा अब सानो नयाँ करारको बोकेको छ - सिगरेटको पाकेटको आकारको तर धेरै शक्तिशाली। "जब म परमेश्वरको ज्ञान श्वास लिन सक्छु भने किन चुरोट पिउने?" वाल्टले भने।

वाल्टरले आफ्नो नयाँ करारमा त्यो ठाउँ बुझे जहाँ पावलले लेखेका थिए, "तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु" १ कोरिन्थी ९:२७।

•••••••••••••••••

[14]. चार्ल्स "चिक" Shaver, *तपाईं धूम्रपान छोड्न सक्नुहुन्छ* (Kansas City, MO: Beacon Hill Press of Kansas City, 1975), 18–19.

# एकल विषय, भाग २

*****

*तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले पाएका छौ, र उहाँ तिमीभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाह छैन? तिमीहरू स्वयंम आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।*

*१ कोरिन्थी ६:१९-२०*

पुलिस अफिसर भिन्सेन्ट हचेन्सका लागि, यो हरेक प्रकारको चमत्कार थियो। बाईस वर्षसम्म उनले दिनमा दुईदेखि तीन पाकिट चुरोट पिउथे। तर बीस वर्षपछि आफ्नी श्रीमतीलाई निरन्तर इसाई जीवन बिताएको देखेपछि, भिन्सेन्टले अन्ततः विद्रोह गर्न छोडे र येशू ख्रीष्टलाई स्वीकार गरे। परमेश्वर अब उनको लागि वास्तविक हुनुहुन्थ्यो, र कुनै समय महत्त्वपूर्ण देखिने चीजहरूले आफ्नो महत्त्व गुमाए। भिन्सेन्टको लागि, चुरोट महत्वपूर्ण स्थानमा थियो।

उनले चुरोट पिउन छाडे, तर यो सजिलो थिएन। उनी यसको लतमा फसेका थिए तर एउटा चमत्कारिक सामर्थले उनलाई दृढ हुन सहायता गर्‍यो, उनले पुन: पुरानो स्वभावमा फर्कने लक्षणको रूपमा वर्णन गरेको कुरालाई सहे। तैपनि परमेश्वरले प्रलोभनलाई भिन्सेन्टले सहन नसक्ने हुन दिनुभएन। वास्तवमा, परमेश्वरले उनलाई मद्दत गर्नको लागि एउटा सानो भौतिक चमत्कार प्रदान गर्नुभयो: विगतमा, भिन्सेन्टको निद्रा प्रायः बारम्बार ब्यूँझँदा भंग भएको थियो। अब उनले आफ्नो रातहरू गहिरो, अविरल निद्रामा बिताए। उनले कृतज्ञतापूर्वक परमेश्वरको हातबाट यो उपहार स्वीकार गरे। यसले उनलाई चाहिने शारीरिक बल दियो र उनलाई जित कायम राख्न सम्भव बनायो।[15]

कोरिन्थीहरूलाई पावलले लेखेका प्रतिज्ञाको वचनअनुसार भिन्सेन्ट जिए: "मानिसहरूलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्नदिनुहुनेछैन, तर तिमीहरूके सहन सकून् भनेर परीक्षा साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ" (१ कोरिन्थी १०:१३)।

जब रोबर्ट फर्ग्युसनले ख्रीष्टलाई भेट्टायो, उसले आफ्नो चोरीको बारेमा दोषी महसुस गर्‍यो - उसले वर्षौंसम्म पुस्तक बाइन्डरको काम गरेको थियो, र उसले हरेक हप्ता एउटा पुस्तक चोर्ने गर्थ्यो। उसलाई भयो कि अब उसले आफ्नो मालिकलाई भेट गर्नुपर्छ, आफ्नो अपराध स्वीकार गर्नुपर्छ र चोरी गरिएका पुस्तकहरूको दाम तिर्नुपर्छ। अवश्य पनि, रोबर्ट डरायो। तर उसले यो गर्‍यो।

उसको मालिक उसको इमान्दारितामा छक्क पर्‍यो अनि मालिकले उसलाई निगाह गर्‍यो। उत्साहित भएर रोबर्ट आफ्नो मालिकको अफिसबाट निस्कियो। उसले सोच्यो, *"यदि परमेश्वरले यसो गर्ने साहस दिनुहुन्छ भने, उहाँले नै मलाई अन्य प्रकारको साहस पनि दिनुहुन्छ।"* त्यसपछि उसले आफ्नो गोजीमा भएको चुरोटको पाकेट निकाल्यो र कोठाबाट बाहिर फ्याकिदियो, त्यसपछि उसले कहिल्यै चुरोट पिएन।

रोबर्टले १ यूहन्ना ४:४ को सत्यतालाई अनुभव गर्‍यो, जहाँ यसरी लेखिएको छ, "मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ। किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान हुनुहुन्छ।" त्यसपछि रोबर्टले अर्को सत्यतालाई सिके, "तैँ थोरै कुरामा विश्वासी भइस्, अब म तैँलाई धेरै कुराको जिम्मा दिनेछु" (मत्ती २५:२३)। रोबर्टले सेवकाईको बोलावट पायो अनि परमेश्वरको निम्ति प्रभावशाली सेवक बन्यो।

एउटा सानो "एकल विषय" हुनसक्छ तर याद गर्नुहोस् तपाईंको शरीर पवित्र आत्माको मन्दिर हो। यसलाई राम्ररी व्यवहार गर्नुहोस्।

•••••••••••••••••

[15]. चार्ल्स "चिक" शेभरद्वारा लिखित् *"तपाई चुरोट छोड्न सक्नुहुन्छ"* ( कन्सास सिटी, एमओ: बेकन हिल प्रेस अफ कान्सास सिटी, १९७५), २५-२६।

# जहाँ तिनीहरूले टुटेको हृदयलाई निको पार्छन्

*****

*म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु, र तिमीहरू शुद्ध हुनेछौ। तिमीहरूका सबै अशुद्धताहरू र तिमीहरूका सबै मूर्तिहरूदेखि म तिमीहरूलाई शुद्ध तुल्याउनेछु। म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। अनि म मेरो आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु। इजकिएल ३६:२५-२७*

"के यो त्यही ठाउँ हो जहाँ तिनीहरूले टुटेको हृदयलाई निको पार्छन्?" एक कोरियन केटीले मिसन कार्यलयमा आएर सोधिन्। धेरै हृदयहरूलाई क्षमा, आशा, प्रोत्साहन, बल, प्रेम, स्वीकृतिद्वारा हृदयको चङ्गाइ चाहिन्छ।

मेरी आमालाई टुटेको हृयको लागि चंगाई चाहिएको थियो। मेरा बुबाको दुर्व्यवहार र रक्सीको लतले उनलाई वर्षौंसम्म चोट दिएको थियो। उनले धेरै जागृतिका सभाहरू, विशेष अल्टर कलहरू र शिविर बैठकहरूको समृद्ध मेथोडिस्ट पृष्ठभूमि त्यागिन् किनभने उनले संसारको दबाब र मागहरूको किनारमा हिंड्ने प्रयास गरिन्। यस प्रक्रियामा, उनले केही गम्भीर पापहरू गरिन्। उनी आफैलाई दोषी महसुस गरिरहेकी थिइन् - किनभने उनले गल्ती गरेकी पनि थिइन्। उनलाई मद्दत चाहिएको थियो। उनी प्रायः आफ्नो इसाई छिमेकीलाई भेट्थिन्, जसलाई उनले आफ्नो सबैभन्दा मिल्ने साथीको रूपमा मान्थे, र तिनीहरूले घण्टौंसम्म कुराकानी गर्थे। उनी त्यही छिमेकीसँग केही पटक मण्डली पनि गइन्। एक आइतवार, उनले प्रार्थनाको लागि आफ्नो हात उठाउन बेस्सरी साहस जुटाइन्।

ख्रीष्टमा मेरो रूपान्तरणपछिको गर्मीमा, मेरी आमाले मण्डली जान थालिन्। एक रात, युवा जागृति सेवाको दौडान, उनले भेट्टाइन् कि उनी अब टुटेको अवस्थालाई सम्हाल्न सक्दिनन्। उनी वेदीमा पुगिन्, आफ्ना पापहरू पोखिन्, र जिउँदो, प्रेमिलो, निको पार्ने येशूलाई आफ्नो हृदय र जीवनमा ग्रहण गरिन्। हामी मण्डलीबाट फर्कदा, उनले मलाई बताइन् को उनले आत्महत्या गर्ने विचार गरिरहेकी थिइन्। त्यसपछि मात्रै मैले थाहा पाएँ कि उनको मन कति टुटेको थियो ।

येशूले तुरुन्तै उनको हृदय मर्मत गर्न थाल्नुभयो। उनका सबै पापहरू क्षमा भएका छन् भनेर उनलाई थाह भयो—कस्तो राहत! उनले तुरुन्तै आनन्द, शान्ति र परमेश्वरको उपस्थिति थाह गरिन्।

उनले आफ्नो सम्पूर्ण जीवन पुनर्गठन गर्न थालिन्। उनले आफ्नो चुरोट शौचालयमा फालिन् र चुरोटमुक्त भइन्। उनले रक्सी छाडिन् । उनी परमेश्वरको वचनमा प्रवेश गरिन्। उनले परिवारका अन्य सदस्यहरूका लागि तिनीहरूले प्रभुलाई भेट्टाउन् भनी प्रार्थना गर्न थालिन्। उनी आफ्नो इसाई जीवनमा गहिरिएर गइन् र परमेश्वरले उनलाई आफ्नो आत्माले भर्न र उनको गहिरो स्वभावलाई पवित्र पार्न सक्नुहुन्छ भनी भेट्टाइन्। उनले धेरै परिवारका सदस्यहरूलाई साक्षी दिए र आफ्नी बहिनीलाई ख्रीष्टमा जितिन्।

परमेश्वरले उनको हृदयलाई बल दिनुभयो, र उनले मेरा बुबालाई प्रेम र बुद्धिका साथ साक्षी दिइन्। जब मेरा बुवाले उनलाई केहि मुद्दाहरूमा आफ्नो विश्वासमा सम्झौता गर्न मनाउन खोज्यो, उनले जवाफ दिइन्, "याद गर्नुहोस्, तपाईले मलाई मेरो आफ्नै दिमाग छैन भन्नुहुन्थ्यो। खैर, अब म गर्छु!" अन्तमा, मेरा बुवाले मेरी आमाको प्रेम र शक्तिको संयोजन लिन सकेनन् - अन्ततः, उनले पनि प्रभुलाई स्वीकार गरे।

मेरी आमा आफ्नो पुरानो बाटोमा कहिल्यै फर्केर गइनन् - उनी आफ्नो बाँकी जीवन येशूको लागि जिउन उत्तजित थिइन्। उनी आफ्नो मण्डलीमा अगुवा, अरूहरूको निम्ति साक्षी र उनको अपार्टमेन्ट परिसरमा प्रभावशाली बनिन्। ९२ वर्षको उमेरमा, उनले प्रार्थना गरिन्, "जब म वृद्धा हुन्छु, मलाई चिडचिडा हुन नदिनुहोस्।" त्यो प्रार्थनाको जवाफ दिइयो। १०३वर्षको उमेरमा, उनी येशूसँग रहन शान्तिपूर्वक गइन्। उनले त्यो ठाउँ भेट्टाएकी थिइन्—एक यस्तो व्यक्ति-येशूलाई भेट्टाएकी थिइन्, जसले टुटेको हृदयलाई निको पार्छ।

•••••••••••••••••

# परिवार

*****

*पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफैलाई अर्पण गर्नुभयो, यस हेतूले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्। एफिसी ५:२५-२६*

*जे भए पनि तिमीहरू हरेकले आफ्नो पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्नो पतिको आदर गरोस्। एफिसी ५:३३*

*छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। एफिसी ६:१*

*बुबा हो, आफ्ना छोरा-छोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ। एफिसी ६:४*

क्रफोर्ड लोरिट्स भन्छन्, "जीवनको सबैभन्दा महत्त्वपूर्ण क्षेत्र तपाईंले आफ्ना छोराछोरीहरूलाई विवाह र परिवारको लागि तयार पार्नु हो, र तिनीहरूको सबैभन्दा राम्रो तयारी भनेको आमालाई माया गर्ने बुबासँग बसेको देख्नु हो।" म अझ थप्छु, "र आफ्नो बुबालाई माया गर्ने आमासँग बसेको देख्नु हो।"

एफिसी ५:२५ अनुसार, ख्रीष्ट पतिको प्रेमको नमुना हुनुहुन्छ। उहाँको प्रेम एक बलिदानत्मक, आत्म-दिने, शुद्ध प्रेम हो। यो प्रेमले अपमान गर्दैन, धोका दिँदैन वा कमजोर बनाउँदैन। जसरी ख्रीष्टले मण्डलीलाई पवित्र बनाउन आफूलाई अर्पण गर्नुभयो, त्यसरी नै पतिले आफ्नी पत्नीको पवित्रतालाई प्रोत्साहन दिनुपर्छ। यो प्रेम गरिरहने विचार हो।

न्यान्सी र म हाम्रो विवाहको तेत्तीस वर्षमा एउटा चुनौतीपूर्ण स्थानमा पुग्यौं। हामीले सँगै कुरा गर्‍यौं र हाम्रो चौतीसौं वर्षको लागि निम्न दर्शन लिएर आएका छौं:

*किनभने हामी एकार्काको लागि महत्वपूर्ण छौं, हामी एकअर्कासँग हाम्रा दिनहरू साझा गर्नेछौं। सँगै रमाइलो गर्ने कुरालाई उच्च प्राथमिकता दिनेछौं। हामी रोमान्टिक सेक्स (यौन)को आनन्द लिनेछौं। हामी नियमितरूपमा एकअर्कासँग कुराकानी गर्नेछौं र सुन्नेछौं, हामी हाम्रो प्रेम शब्द र व्यवहारमा व्यक्त गर्नेछौ, र हाम्रा गहिरो विचार र भावनाहरू व्यक्त गर्नेछौं। हामी असहमत हुनु ठीक छ भनी सहमति गरेर केही मुद्दाहरूलाई बन्द गर्नेछौं। हामी हाम्रो करियर र व्यक्तिगत प्रयासहरूमा एकअर्कालाई समर्थन गर्नेछौं। हामी एकअर्काको परिवर्तन आवश्यकताहरूप्रति संवेदनशील हुनेछौं। हामी परमेश्वरलाई हाम्रो जीवनमा उहाँको उचित स्थानमा राख्नको लागि समय दिनेछौं, र हामी अझै पनि एकअर्कालाई हाम्रो सही ठाउँहरू दिनेछौं।*

अहिले विवाहको ६० वर्षपछि पनि, हाम्रो वैवाहिक जीवन समृद्ध र जीवन्त छ।

आज, धेरै घरहरूमा पति र पत्नी दुवै उपस्थित हुँदैनन् भनेर हामी बुझ्छौं। एक अर्थमा, सबै विवाहहरू अस्थायी हुन्छन्— कि त एकजनाको मृत्यु हुन्छ वा दुःखको कुरा, जोडीले सम्बन्धविच्छेद गर्छन्। तसर्थ, ख्रीष्टको जगमा विवाह निर्माण गर्नु महत्त्वपूर्ण छ। यदि तपाईंको जोडी रहेन भने पनि, तपाईंसँग अझै पनि तपाईंको जग छ। यदि विवाह नै तपाईंको जग हो भने, यो तपाईंको जोडीले गर्दा समाप्त हुनेछ।

छोराछोरीले आमाबाबुको आज्ञाकारी हुन सिक्छन्। जब मौका आउँछ परमेश्वरको आज्ञा पालन गर्ने तिनीहरूको पहललाई यसले सुधार गर्छ। बुबाहरू, आफ्ना छोराछोरीहरूलाई अनुशासनमा राख्नुहोस्, तर तिनीहरूको आत्मालाई नतोड्नुहोस्। बरू भन्नुहोस्, "तिमी यो गर्न सक्छौ", र "मलाई तिमीमा गर्व छ"। सबै ठाउँमा होइन तर उचित ठाउँमा अनुमति दिनुहोस्। येशू, आमा र बुबा तिनीहरूको निम्ति सबैभन्दा ठूलो उत्साह प्रदान गर्ने अगुवा बन्न सक्छ।

किशोर अवस्थामा, हाम्रो छोरा, पावल, छेउमा बस्थे। हामीले उसलाई माया गर्‍यौं र उसको लागि प्रार्थना गर्‍यौं। त्यो रात शिविरको बैठकमा म कति रमाएको थिएँ जब उ वेदीमा आयो, प्रार्थना गर्‍यो, उ उफ्र्यो र भन्यो, "बुबा, परमेश्वरले मलाई बचाउनुभयो" - र त्यसपछि अँगालो हालेर भन्यो "बुबा, म तपाईंलाई प्रेम गर्छु।"

•••••••••••••••••

# कंगारु (बलियो) पकड

*****

*यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ।*

*कलस्सी २:६*

*परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्यको हो।*

*भजन ३४:८*

प्रिय डा. राल्फ अर्लले सिकाउथे कि मानिसहरूले इसाई जीवनलाई बुझ्ने तीन तरिकाहरू छन्: बिरालो पकड, बाँदर पकड, वा कंगारु पकड।

ईसाइमतमा बिरालो-पकड सिद्धान्त आमा बिरालोको व्यवहारमा आधारित छ। यदि उसले आफ्नो बिरालोको बच्चा खतरामा छ भन्ने सोच्यो भने, उसले उसलाई घिच्रोबाट उचालेर अरू कतै सार्छ। बिरालोको बच्चा पूर्णतया लङ्गडा हुन्छ - उसले आफूलाई खतराबाट जोगिन केही गर्दैन। कति ख्रीष्ट धर्मलाई यसरी बुझ्छन्—परमेश्वरले हामीलाई उठाउनुहुन्छ र बोक्नुहुन्छ। हामीसँग यसमा कुनै सरोकार छैन, कुनै जिम्मेवारी छैन, र सायद हाम्रो इच्छा विरुद्ध पनि लगाइन्छ - यो सबै परमेश्वरको हो।

बाँदर-पकड सिद्धान्त बच्चा बाँदरलाई एक ठाउँदेखि अर्को ठाउँ लैजाने तरिकामा आधारित छ। जब एक आमा बाँदर यात्रा गर्न तयार हुन्छ, बच्चा उसको पछाडि चढ्ने र प्रिय जीवनको लागि समात्न पूर्ण रूपमा जिम्मेवार हुन्छ। केही इसाईहरूले विश्वासचाहिँ परमेश्वरलाई समात्ने एउटा हाम्रो उत्तरदायित्व हो भनी ठान्छन् - यो हाम्रो प्रयास हो।

अन्तमा, कङ्गारु-होल्ड सिद्धान्त यस तथ्यमा आधारित छ कि आमा कङ्गारुसँग एउटा थैली हुन्छ जसले आफ्ना सन्तानहरूलाई सुरक्षा, सुरक्षा र पालनपोषण प्रदान गर्दछ। बच्चा कङ्गारु आफैं नेभिगेट गर्न पर्याप्त परिपक्व भइसकेपछि पनि, उनीसँग खतरामा पर्दा आमाको थैलीमा फर्कने जिम्मेवारी र अवसर छ। यो जोईको निर्णय र कार्य हो, साथै आमाको पूर्ण सुरक्षा र समर्थन - जोई विश्वासमा थैलीभित्र उफ्रन्छ। यो ईसाइहरूको लागी सबै भन्दा राम्रो समानता हो: परमेश्वर हाम्रो समर्थन र सुरक्षा को स्रोत हुनुहुन्छ, तर त्यसरी नै हामी पनि त्यो सुरक्षित थैलीभित्र पस्ने र बस्ने छनोट गर्नुपर्छ।

निस्सन्देह, पवित्र-शास्त्रले ख्रीष्टियन जीवनको लागि विभिन्न प्रकारका दृष्टान्तहरू प्रदान गर्दछ। चाहे ती पत्रहरूमा देखा पर्छन् वा येशूका दृष्टान्तहरूमा, यी दृष्टान्तहरू श्रोताहरूको आवश्यकताअनुसार फरक हुन्छन्। कहिलेकाहीं तिनीहरूले परमेश्वरको अनुग्रहलाई जोड दिन्छन्; कहिलेकाहीँ तिनीहरूले मानव इच्छा, जिम्मेवारी र आज्ञाकारितालाई हाइलाइट गर्छन्। तर पवित्र-शास्त्रको समग्र सन्देशको प्रकाशमा, पक्कै पनि कङ्गारु पकडले यो गतिशीलतालाई राम्रोसँग समात्छ।

उहाँको आवाज सुन्ने र उहाँलाई पछ्याउनेहरू उहाँका भेडाहरू हुन् भनी सिकाएपछि, येशूले उहाँको बगालले अनन्त जीवन पाउनेछ भनी प्रतिज्ञा गर्नुभयो। उहाँले आफ्ना श्रोताहरूलाई प्रतिज्ञा गर्नुहुन्छ कि "कसैले तिनीहरूलाई मेरा पिताको हातबाट खोस्न सक्दैन" (यूहन्ना १०:२९)। यद्यपि, व्यक्तिगत इसाईले पिताको हात छोड्न सक्छ।

बुबाको हातमा बस्नुहोस्! "उहाँमा आफ्नो जीवन बिताउनुहोस्," र "उहाँमा शरण लिनुहोस्।" कंगारुले झै समात्नुहोस्!

• • • • • • • • • • • • • • • • •

# एउटा सामग्री हराइरहेको छ

*****

*त्यहीँ नै तिनले शाऊललाई भेट्टाए, र शाऊलले तिनलाई यसो भनेर अभिवादन गरे, "परमप्रभुको आशिष् तपाईंमा रहोस्। मैले परमप्रभुको आज्ञा पालन गरें। तर शमूएलले भने, "मेरो कानमा परेका भेडाको आवाजचाहिँ के हो? गाई-गोरुका आवाज म किन सुन्दैछु?"*

*१ शमूएल १५:१३-१४*

ओटमिल-चकलेट-चिप कुकीजहरू बनाउने यो उनको पहिलो प्रयास थियो। उनले एक विस्तृत नुस्खा निकालिन् र एक मिश्रण कटोरामा सामग्री खन्याउन थालिन्। ओह-उनीसँग बेकिंग सोडा थिएन। उनले परिवारका एक सदस्यलाई किराना पसलमा केही किन्न पठाए। अन्तमा, उनले सामग्रीहरू मिलाइन्, ओभनलाई पहिले नै तताइन्, र दुईवटा कुकिङ ट्रेमा राखिएका कुकिको बलहरू ओभनभित्र हालिन् । जब उनले ओभनमा कुकीहरू जाँच गरिन्, केही शंकास्पद देखिन्थ्यो। अन्तमा, तिनले ओभनबाट बाहिर निकालिन् र चाखिन्- त्यसको स्वाद अनौठो भयो।

के गलत भयो? उनले नुस्खा पुन:जाँच गरिन्। त्यसपछि उनले यो देखे - उनले तीन-चौथाई कप सेतो चिनी थप्न बिर्सिन्। खाली एउटा सामग्री कमी भएको थियो, अनौठो स्वाद भएका कुकीहरू रद्दीटोकरीमा फालियो। खाली एउटा सामग्रीको !

जब यो सर्वशक्तिमान परमेश्वरलाई चिन्ने, प्रेम गर्ने र सेवा गर्ने कुरा आउँछ, हामीले स्पष्ट निर्णय गर्नुपर्छ: यदि प्रभु नै प्रभु हुनुहुन्छ भने, के हामीले उहाँको नुस्खा, उहाँको निर्देशन, उहाँको अगुवाईलाई हृदयमा लिएर उहाँलाई शतप्रतिशत पछ्याउदैछौं?

ईश्वरीय नेतृत्वद्वारा, शाऊललाई इस्राएलको पहिलो राजाको रूपमा चुनिएको थियो। सुन्दर, अत्यधिक आकर्षक, सक्षम, दक्ष, सुस्पष्ट नेतृत्व, उनको लागि सबै कुरा उनीसँग थियो।

परमेश्वरको आज्ञा अगमवक्ता शमूएलद्वारा उनीकहाँ आयो, "अब अमालेकीहरूमाथि जाइलागेर उनीहरूलाई नाश गर्, र उनीहरूका सबै धन सम्पत्ति नाश गर्, एउटै थोक पनि नछोड्, र सबै कुरा खतम पार्" (१ शमू. १५:३)। शाऊल र तिनका सेनाले ठूलो सफलता पाए। तर शाऊलले राजा अगाग र असल-असल भेडा र गाई-गोरु, मोटा-मोटा बाछा र पाठा, र राख्ने योग्यका सबै चीजहरू बचाइराखे। योचाहिँ परमेश्वरको स्पष्ट आज्ञामाथि शाऊलले आफ्नो बुद्धि चलाउन खोजेजस्तो हो। शमूएलले उनलाई चुनौती दिन्छन्, "उहाँले तपाईंलाई 'त्यस दुष्ट जाति, ती अमालेकीहरूलाई बिलकुलै नाश गर्नू' भनी कडा आज्ञा दिएर पठाउनुभएको थियो...तपाईंले किन परमप्रभुको आज्ञापालन गर्नुभएन?" (१५:१८-१९)। शाऊलले ती सबै पशुहरू परमेश्वरको निम्ति बलिदान चढाउन राखिएको छ भनी भन्छन्। शमूएलले उत्तर दिन्छन्, "आज्ञापालन बलिदानभन्दा उत्तम हो" (१५:२२)। अनि "तपाईंलाई परमप्रभुले इस्राएलको राजाको पददेखि त्याग्नुभएको छ" (१५:२६)।

खाली एउटा सामग्री हराएको थियो- पूर्ण आज्ञापालन।

हे परमेश्वर, हामीलाई प्रभुको रूपमा तपाईंलाई भरोसा गर्न र पूर्णरूपले तपाईंको आज्ञा पालन गर्न सहायता गर्नुहोस्।

•••••••••••••••••

# अगाडिको पङ्क्तिमा छ जना किशोर केटाहरू

*****

*दु:खको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, ''यस समयमा मेरो मन लाग्दैन'', ती समयभन्दा अघि नै आफ्नो युवास्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर''।*

*उपदेशक १२:१*

बलिङ्ग ग्रीन, मिसौरीको मण्डलीमा जागृतिको अन्तिम रातमा त्यो असामान्य दृश्य पछाडि के थियो? म भन्न चाहन्छु कि यो निक स्टम्बाग थियो, एक किशोर। अघिल्लो गर्मीमा, जिल्लाको शिविर बैठकमा, निकले परमेश्वरसँग गहिरो अनुभव गरेका थिए। जब उनी घर फर्के, उनको पास्टरले निकलाई केहि विशेष भएको महसुस गरे। जब उनको पास्टरले उनलाई *आत्माले भरिएको र पवित्र जीवनको लागि आधारभूत बाइबल अध्ययन*को माध्यमबाट नेतृत्व गरे, निकले महसुस गरे कि परमेश्वरले उसलाई पवित्र गर्नुभएको छ र उसलाई आत्माले भरिदिनुभएको छ।

निक फुटबल खेलाडी, बास्केटबल खेलाडी र स्कूलमा लोकप्रिय थिए। जब उनले स्कूलमा आफ्ना साथीहरूसँग सुसमाचारको बारेमा कुरा गर्न थाले, उनकी आमाले भनिन्, ''उनी मिसनमा थिए।''

उनको पास्टरले भने, ''निक जोशमा छन्''।

जागृति सभापश्चात, जसै अरूहरू वेदीको सामू झुके, ६ जना किशोरहरू वेदीको वरिपरि खडा भए र कुरा गर्न थाले। जसै म त्यहाँबाट निस्कन लागेको थिएँ, तीमध्ये एकजना मकहाँ आयो।

अति नै नम्रतासाथ नाथान नेइबले भने, ''डा. शेभर,तपाईलाई रोक्न चाहेको होइन, तर म तपाईंलाई यो अवगत गराउँन चाहन्छु कि आज रात मैले येशूलाई ग्रहण गरें।'' म आनन्दित भएँ र उनलाई बाइबल अध्ययन सुरु गर्न आग्रह गरें।

१२ अप्रेलमा, उमैले त्यो मण्डलीका पास्टरसँग फेरि कुरा गरें। जागृति सभा भएदेखि नै असाधारण घटनाहरू भइरहेको उनले जानकारी दिए। उनले व्यक्तिगत रूपमा पाँच किशोरहरूसँग भेटेका थिए र उनीहरूको प्रतिबद्धतालाई ठोस गर्न उनीहरूसँग मुक्तिको योजनाको समीक्षा गरेका थिए। दुई हप्तापछि, छ जना जागृति उत्तरदाताहरूले बप्तिस्मा लिए। किशोरका अभिभावकहरू मण्डली जान थालेका थिए। निकले किशोरकिशोरीहरूको बुधबार रातिको आराधना सेवालाई समर्पण र उत्साहका साथ नेतृत्व गर्दै आएका थिए। बोर्डले युवा पास्टरलाई बोलाएको थियो।

निकको लागि, अगाडि पङ्क्तिमा छ किशोर केटाहरूको लागि र तिनीहरू जस्तै अरूहरूको लागि परमेश्वरलाई प्रशंसा दिनुहोस्।

के तपाई यस्तो दृश्यको हिस्सा बन्न चाहनुहुन्छ?

•••••••••••••••••

# सामान्य साक्षी, डेनिस किन्ला र पावल

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो - १ थिस्स. ४:३*

सेवा पछि, साक्षी दिनेहरूको आवाजले कोठा गुञ्जियो।

विकीले भने, "म पवित्रतामा हुर्केको होइन। म रातभर नोटहरू लिएर घर सफा गर्दैछु। पछि, उनले घोषणा गरिन्, "यो पवित्रता हो। म पवित्र भएको छु! म पवित्र भएको छु!"

मेलिसाले गवाही दिइन्, "म दस वर्षदेखि इसाई हुँ, तर आज राति, उहाँ मेरो कोठामा पस्नुभयो। मैले उहाँलाई मेरा सबै फोहोरहरू दिएँ, र म पवित्र भएको छु।"

यस विषयमा विद्वान डेनिस किन्लाले यस्तो लेखे: "हामी पक्कै पनि आफ्नो हृदयलाई शुद्ध गर्न सक्दैनौं, किनभने शुद्ध हुने इच्छा आफै अशुद्ध हुन्छ...पवित्रीकरण विश्वासको परिणाम हो, धर्मी ठहरिनुजस्तो हो किनभने यो केवल परमेश्वरले गर्न सक्ने कुरा हो... पावलले थिस्सलोनिकीहरूलाई तिनीहरूको पवित्रीकरणको लागि प्रार्थना गर्दा यो कुरा भनेका थिए। उनलाई थाहा थियो कि तिनीहरूले आफैलाई कहिल्यै पवित्र बनाउन सक्दैनन्।"[16]

पावलले यसरी प्रार्थना गरे, "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन् र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्" (१ थिस्स. ५:२३-२४)[17]

•••••••••••••••••

[16]. डेनिस किन्ला, *मास्टरसँग यो दिन* (ग्रान्ड र्यापिड्स: जोन्डरभान, २००२)।

[17]. यो उपासना पहिले द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सेप्टेम्बर २०१३) मा प्रकाशित भएको थियो।

# के गर्ने जब परमेश्वरले तपाईंलाई भन्नुहुन्छ...

*****

*उहाँले भन्नुभयो, तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँडामा त्यसलाई होमबलि गर्।*

*उत्पत्ति २२:२*

*परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे।*

*उत्पत्ति २२:९*

छ फिट सात इन्चको स्टिभले फ्रान्समा प्रो बास्केटबल खेले। उनी गैर-ईसाई घरमा हुर्केका थिए, तर जब स्टीभ इसाई कलेजमा गए, उनले खेलकुदमा ख्रीष्टको प्रदर्शन देखे। मण्डलीको सेवामा, उनी ख्रीष्टलाई आफ्नो हृदय दिन वेदीमा दौडिदा उनी गलियारामा धमिलो देखिए। उनी इसाई कलेजमा मुख्य बास्केटबल कोच बन्न गए। त्यहाँ, उनले विद्यार्थीहरूलाई ख्रीष्टमा डोऱ्याए, चेलापन कक्षाहरू सञ्चालन गरे र प्रार्थना सभाहरूको नेतृत्व गरे। स्टीभले भने कि यो जीवन पहिलेको भन्दा धेरै रमाइलो थियो। स्पष्टतः उनले आफ्नो सम्पूर्ण जीवन वेदीमा राखे।

अब्राहामले परमेश्वरसित गहिरो सम्बन्ध विकास गरे, अनि उनले नयाँ देशमा जाने परमेश्वरको आज्ञालाई पालन गरे (उत्पत्ति १२:१-३)। यद्धपि, अब्राहाम वृद्ध मानिस थिए, परमेश्वरले उनलाई पुत्र दिने प्रतीज्ञा गर्नुभयो (१५:१-६)। यसबाहेक, अब्राहामसँगको आफ्नो करारमा, परमेश्वरले यस पुत्रद्वारा अब्राहाम राष्ट्रहरूका पिता हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो (१७:१-२७)।

वर्षौं पछि, परमेश्वरले अब्राहामलाई आफ्नो छोराको बलिदान दिन आग्रह गरेर परीक्षा गर्नुभयो - त्यही पुत्र जसलाई परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थियो। जब परमेश्वरले तपाईलाई तपाईको भलाइको लागि सोध्नुहुन्छ, तपाईले उहाँको आज्ञा पालन गर्न सक्नुहुन्छ यदि तपाई विश्वस्त हुनुहुन्छ कि उहाँले तपाईलाई माया गर्नुहुन्छ, तपाईको ख्याल गर्नुहुन्छ, र तपाईको लागि उहाँसँग उद्देश्य छ। अब्राहामले यी सबै कुरामा विश्वास गरे। तर उनले आफ्नो छोराको बलि चढाउन लाग्दा, परमेश्वरले बलिदानको लागि एउटा भेडा दिनुभयो। परमेश्वरले भन्नुभयो, "अब मैले थाहा पाएँ कि तैंले परमेश्वरको भय मान्दोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरोलाई पनि मबाट तैंले रोकेर राख्न सकिनस्" (२२:१२)।

परमेश्वरले प्रतिज्ञा गर्नुभएझैं, अब्राहामका छोरा इसहाक मार्फत धेरै राष्ट्रहरू आएका छन्। संसारको मुक्तिदाता येशू ख्रीष्ट पनि इसहाक मार्फत आउनुभयो। स्वर्गीय पिताले तपाई र उहाँलाई ग्रहण गर्ने सबैलाई बचाउनको लागि आफ्नो एकमात्र पुत्र, येशू ख्रीष्टलाई मर्न अनुमति दिनुभयो। परमेश्वरले तपाईंलाई सबै थोक वेदीमा राख्नु भन्नुहुन्छ। त्यसोभए, जब तपाईंले गर्नुहुन्छ, हेर्नुहोस् उहाँले कसरी तपाईंको निम्ति प्रबन्ध गर्नुहुन्छ।

क्रिस्चियन घरमा हुर्केपछि, जिमले करोडपति बन्नको लागि जगबाट आफ्नो व्यवसायको निर्माण गरे। उनले आफ्नो दशांश दिए, तर उनलाई कुनै आनन्द थिएन। ऊ रित्तो थियो । यद्यपि, उनले आफ्नो पास्टरमा प्रतिबद्धता र प्रेम देखे। जिमले महसुस गरे कि उनले गलत मनोवृत्ति राख्दै थियो र आफ्नो जीवन बर्बाद गरिरहेको थियो।

एक रात, जिम आफ्नो मर्सिडिजमा बस्दा, परमेश्वरले उनलाई सोधेर चुनौती दिनुभयो, "जिम, के तिमी मलाई साँच्चै प्रेम गर्छौ?"

"अवश्य।"

"यदि मैले यो सबै तिमीबाट लिए भने के तिमी मलाई प्रेम गर्छौं? यदि मैले तिम्रो क्षमता खोसें भने?"

"परमेश्वर, म तयार छु। मलाई त्यो कुरा देखाउनुहोस् जसले तपाईंलाई म मार्फत काम गर्नबाट रोक्छ।"

सुत्ने बेलामा, जिमले उनी मार्फत काम गर्नुहुने परमेश्वरको क्षमतामा बाधा पुऱ्याउने कुराहरूको सूची बटुलेका थिए, र तिनले ती मार्फत काम गर्न थाले। अन्तमा, सबै कुरा वेदीमा थियो। जिमको परिवारले उनले गरेको परिवर्तनप्रति प्रतिक्रिया दिन थाल्यो। परमेश्वरले प्रत्येक वर्ष हजारौं मानिसहरूसँग बोल्न उनको लागि ढोका खोल्न थाल्नुभयो, र उनको स्थानीय मण्डली 250 बाट 2,000 सम्म बढेर गयो। जसरी जिमले परमेश्वरले आफूमा र उहाँमार्फत काम गर्नुभएका सबै तरिकाहरू सम्झन्छन्, उनी भन्छन्, "मैले सपनामा पनि सोचेको थिइनँ कि यो यसरी पूरा हुन सक्छ।"

•••••••••••••••••

**मई १४** **दिन - १३४**

# मेरो बिरालो लक्की

*****

*पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।*
*यूहन्ना १५:९-१०*

लक्की सबैभन्दा मायालु, मीठो मन भएको बिरालो हो, तर ऊ कहिलेकाहीं विद्रोही र अवज्ञाकारी हुनसक्छ। मेरो छिमेकी सरेपछि मैले लक्कीलाई भेटें र लक्कीलाई मेरो छिमेकीले नलिने छनौट गरिन्। उनले लक्कीलाई घरबाट बाहिर निकालिन्। ऊ मेरो खुला झ्यालमा देखा पर्‍यो, भित्र आउनलाई कराइरह्यो। जतिबेला म बाहिर थिएँ, ऊ देखा पर्‍यो र घर र सुरक्षाको लागि भीख मागेको जस्तो देखिन्थ्यो। मैले लक्कीलाई ग्रहण गर्ने र उसलाई मेरो परिवारको हिस्सा बनाउने निर्णय गरें। ऊ मसँग भएको करिब पन्ध्र वर्ष भइसक्यो।

केही हप्ता अघि, लकी दिनभरि काम गर्दै र अवज्ञाकारी भईरहेको थियो। दैनिक जीवनको तनाव र दबाबको सामना गर्नबाट थकित, मैले उसलाई यो भन्दै गरेको पाएँ: "लक्की, मैले तेरो जीवन बचाएँ! तसँग केही थिएन - घर, खाना, सुरक्षा, सुरक्षा। म तेरोलागि सबै उपलब्ध गराउँछु। म पैसा कमाउन कडा मेहनत गर्छु जसको कारण तसँग घर र खाना छ। म तँलाईलाई मेरो समय, ऊर्जा र प्रेम दिन्छु। मैले तँलाई  सबै कुरा दिएको छु। के तैंले मैले चाहेको त्यति कुरा गर्न सक्दैनस्? कम्तिमा मेरो आज्ञा पालन गर्न सक्दैनस् ?"

त्यसपछि, शान्त- यही कुरा मेरो जीवनमा सामान भएको परमेश्वरको आत्माले मलाई देखाउनुभयो। परमेश्वरले भन्नुभयो, के *तिमीलाई लाग्दैन कि तिम्रो बारेमा म पनि यही अनुभव गर्छु?*

यो साँचो हो। परमेश्वरले मलाई बचाउनुभयो, अनि मलाई चाहिएको सबै कुरा दिनहुन्छ। उहाँ सधैँ विश्वासयोग्य हुनुहुन्छ। उहाँले मलाई शान्ती दिनुहुन्छ, सुरक्षा दिनुहुन्छ अनि मेरा सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ। यतिसम्म कि उहाँले आफ्नो जीवन मेरोलागि दिनुभयो।

म किन उहाँको कुरा शतप्रतिशत मान्दिनँ? किन म सधैं तुरुन्त आज्ञाकारी हुँदिनँ, र थाहा छ कि उहाँले मलाई खोजिरहनुभएको छ, र उहाँलाई म पूर्ण रूपमा विश्वास गर्छु?

मिरियम बुर्च

.................

# तिनीहरूले आफ्नो स्वतन्त्रता भेट्टाए - र आफ्नो जीवन गुमाए

*****

*मलाई पछयाउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ। यूहन्ना ८:१२*

जब म सातौं श्रेणीमा थिए, मसित भएको अक्वारियममा एन्जेलफिस, स्यामीज फाइटिङफिस, किसिङ गौरामिस, र अरू धेरै माछाहरू थियो। मैले मेरा माछाहरूलाईलाई राम्रोसँग हेर्थे - तिनीहरूमा बत्तीहरू बाल्ने र निभाउने, तापमान सत्तरी र अठहत्तर डिग्री बीचमा नियन्त्रित गर्ने, र तिनीहरूको अक्सिजन प्रदान गर्न वायुमण्डल यी सबै कुराको वास्ता गर्थे। रहस्यमय घोंघाहरूले एक्वैरियमको गिलास सफा गरे, र अमेजन नदीको क्याटफिशले बलौटे भुइँलाई खाली गर्थ्यो। मैले तिनीहरूलाई सुख्खा खाना खुवाउथे, तर मैले लामखुट्टेको लार्भा र सेतो कीराहरू पनि मेरो माछालाई खानको लागि पालेको थिए - माछाको संसारको माछाको टिका र प्रमुख रीब। म निश्चित छु कि माछा खुसी थियो।

सधैंझै, एउटा माछा एक्वैरियमको मालिक वा धम्की दिने को रूपमा देखा पर्‍यो, सधैँ नै त्यसले आफलाई मनपर्ने ठाउँमा खेलछ र अन्य माछाहरूलाई त्यस ठाउँबाट टाढा खेद्छ। एक रात, मेरो सुत्ने समयभन्दा ठीक अघि, मैले त्यस माछाले असहज व्यवहार गरेको देखें, तर मैले किन यस्तो भएको हो खुट्याउन सकिन।

*रातको समयमा, त्यस मालिकले ट्याङ्कीका सबै माछाहरूको बैठक बोलायो। मलाई माछाले कसरी कुरा गर्छ भन्ने कुरा थाह छैन, तर म कल्पना गर्न सक्छु कि पक्कै पनि उसले यस्तो केही कुरा माछाहरू भन्यो: तिमीहरू सबैलाई थाहा छ हामीसँग शेभरले राम्रो व्यवहार गरेको छ। हामीसँग उज्यालो, न्यानोपन, अक्सिजन, नियमित दासी सेवा, र उत्तम खाना छ। तिमीलाई थाहा छ म खुसी छु, मेरो सपनाको माछासँग मैले विवाह गरेको छु, छोराछोरी र अहिले नातिनातिनाहरू छन्। तर शेभरको बारेमा मलाई मन नपर्ने एउटा कुरा छ - उसले हामीलाई यी काँचका पर्खालहरूमा बन्द गरेको छ। म यसबाट थकित छु, र म यो बन्धनलाई तोड्न गइरहेको छु। को-को मसँग सामेल हुन चाहन्छ?*

भोलिपल्ट बिहानको खाजा खान तल आइपुग्दा मैले त्यो आफैलाई मालिक बनाउने माछा र अन्य तीनवटा माछालाई बैठक कोठाको भुइँमा पसुकेको र मरेको देखें। ट्याङ्कीबाट हाम फालेर माछाहरूले आफ्नो स्वतन्त्रता पाएको थियो तर आफ्नो ज्यान गुमायो।

म दुखित थिए। अक्वारियमको काँचका पर्खालहरू माछाहरूको खुशीमा बाधा बन्नको लागि कहिल्यै बनिएको थिएनन्। ती केवल सीमाहरू थिए जसले माछाहरूलाई बाँच्न र फस्टाउन सक्ने एकमात्र वातावरणमा राख्नसक्छ । मलाई तिनीहरूको वास्ता भएको कारणले नै यो सबै प्रबन्ध गरेको थिएँ।

मैले याद गरेको छु कि कोही-कोही मानिसहरूले परमेश्वरका आज्ञाहरूलाई आफ्नो खुशीको लागि ठूलो बाधाको रूपमा लिने गर्छन्। सत्य यो हो कि परमेश्वर, उहाँको असीम प्रेम र बुद्धिमा, हामीलाई हामी बाँच्न र फस्टाउन सक्ने वातावरणमा राख्न कोशिस गर्दै हुनुहुन्छ। उहाँको इच्छा र योजनादेखि बाहिर, हाम्रो भौतिक र आत्मिक जीवनमा डरलाग्दा खतराहरू छन्।

मोशाद्वारा प्रकट गरिएको परमेश्वरका सीमानाहरू दस आज्ञाहरू थिए (प्रस्थान २०:१-१७)। मोशाले इस्राएलीहरूलाई भने, "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई हिँड्न भनी आज्ञा गर्नुभएका सबै मार्गमा हिँड, ताकि तिमीहरूले अधिकार गर्ने देशमा तिमीहरू जीवित रह, र तिमीहरूको कल्याण होस्, र तिमीहरूको आयु लामो होस्" (व्यवस्था ५:३३)।

पावलद्वारा, परमेश्वरले हामीलाई निर्देशन दिनुभको छ, "[कृपाले] हामीलाई उपासनाहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ" (तीतस २:१२)।

येशूले भन्नुभयो, "मलाई पछयाउनेहरू (सिमाना), अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति [आशिष] पाउनेछ" (यूहन्ना ८:१२)।

परमेश्वरको आज्ञादेखि बाहिर झूटो स्वतन्त्रता र मृत्यु छ। उहाँका आज्ञाहरू भित्र, हामी जीवनको ज्योति पाउँदछौं।

• • • • • • • • • • • • • • • • •

# जब येशूले तपाईंको लागि प्रार्थना गर्नुहुन्छ

*****

*सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, तर मैले तिम्रो विश्वास नडगमगाओस भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।*

*लूका २२:३१-३२*

मेरा एक मित्रले मलाई भने, “म तपाईं र न्यान्सीको लागि दिनहूँ प्रार्थना गर्छु”। अनि उनले यो पनि बताए कि यो काम उनले वर्षौंदेखि गरिआएका छन्। यो कुराले मेरो हृदयलाई छोयो।

येशूले सिमोन पत्रुसलाई तीन पल्ट नाम काडेर तिनको निम्ति प्रार्थना गरेका कुरा भन्नुभयो। कति मार्मिक। कति शक्तिशाली, यद्धपि आफै सम्पूर्ण संसारको पापलाई बोकी क्रूसको मृत्युलाई सामना गर्न गइरहनुभएको बेला एक विशेष व्यक्तिको निम्ति उहाँले प्रार्थना गर्नुभयो। उहाँले प्रार्थना गर्दैगर्दा यो पनि थाहा थियो कि पत्रुसले धोका दिनेछ। येशू सबै चेलाहरूमा शैतानको दुष्ट प्रभावको बारेमा पनि सचेत हुनुहुन्थ्यो। पत्रुस विश्वासमा फर्किनेछन् भनी येशूले विश्वस्तताका साथ प्रार्थना गर्नुभयो, र यस कथाको अन्तिम नतिजा अझ राम्रो हुनेछ किनभने पत्रुसले आफ्ना इसाई भाइहरूलाई बलियो बनाउनेछन्। पतन हुने र विश्वासमा फर्कने उनको अनुभवले उनलाई अन्य चेलाहरूसँग व्यवहार गर्न बुद्धि र रणनीति प्रदान गर्नेवाला थियो। त्योभन्दा बढि, यसले उनलाई हजारौं भावी इसाईहरूसँग व्यवहार गर्न तयार पार्नेछ किनकि उनी नयाँ मण्डलीका प्रमुख अगुवाहरूमध्ये एक बनेका छन्। कुनै अचम्मको कुरा होइन कि पत्रुसले पछि लेखे, “सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ। विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ” (१ पत्रुस ५:८-९)।

जब येशूले क्रूसमा जानअघि उहाँको प्रधान पूजाहारी प्रार्थना गर्नुभयो, उहाँले तपाईंलाई पनि समावेश गर्नुभयो। उहाँले पहिले आफ्ना नजिकका चेलाहरूका लागि प्रार्थना गर्नुभयो: “तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु” (यूहन्ना १७:१५-१८)। तर त्यसपछि येशूले तपाईंहरूको लागि यसरी प्रार्थना प्रार्थना गर्नुभयो, “म यिनीहरूको निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एकै होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्” (पद २०-२१)।

येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँले आफ्ना चेलाहरूलाई पवित्र आत्मा पठाइदिनुहुनेछ, र पवित्र आत्माले उहाँको प्रतिनिधित्व गर्नुहुन्छ। रोमी ८:२६ मा हामी पढ्छौं, “त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।” येशूको प्रतिनीधि पवित्र आत्माले हाम्रो कमीमा प्रार्थना गर्न सहायता गर्नुहुन्छ।

अब येशू आफ्नो बुबा र हाम्रो बुबाकहाँ जानुभएको छ। येशू आज के गर्दै हुनुहुन्छ? हिब्रू ८:१ ले वर्णन गर्छ, “अब हामीले भन्न चाहेको कुराचाहिँ यही हो, हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।” अनि उहाँको विशेष कार्य? हिब्रू ७:२५ले हामीलाई भन्छ, “फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव उद्धार गर्नसक्नुहुन्छ।”

तपाईंले बुझ्नुभयो? येशूले तपाईंको निम्ति प्रार्थना गर्नुहुन्छ।

•••••••••••••••••

# पश्चात्ताप गरेर ताजा पारिएको

*****

*यसकारण पश्चत्ताप गर्नुहोस्, र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थीतिबाट आनन्दको समय आओस्।*

*प्रेरित ३:१९*

मैले एक पटक पाँच दिनसम्म चलेको सेमिनारमा करिब ६० जना सहभागीहरूमध्ये म पनि एक थिएँ। धेरै सहभागीहरूसँग बसेर कुरा गरिसकेपछि मैले सोचेँ, तिनीहरूको मनमा किन धर्म र मण्डलीको विरुद्धमा यति धेरै तिक्तता भरिएको छ? मैले उनीहरूका धेरै कथाहरू सुनेपछि, मैले अन्ततः जवाफ सिके। यी व्यक्तिहरू मण्डलीहरूमा हुर्केका थिए जसले प्रचार गरे, "तिमीले पाप गरेका छौ, र परमेश्वरले तपाइँको न्याय गर्नुहुनेछ।" त्यो थियो - क्षमाको कुनै प्रतिज्ञा थिएन। कुनै अचम्मको कुरा होइन कि तिनीहरू धेरै कडक थिए।

पत्रुसको सन्देश फरक थियो: "त्यसोभए, पश्चात्ताप गर्नुहोस्, र परमेश्वरमा फर्कनुहोस्, कि तपाईंका पापहरू मेटिऊन्, र परमप्रभुको उपस्थीतिबाट आनन्दको समय आओस्" (प्रेरित ३:१९)। यस भनाइमा, उहाँले प्रतिज्ञा गर्नुहुन्छ कि हाम्रा पापहरू मेटाइनेछ, र परमप्रभुले हामीलाई आनन्दको समय दिनुहुनेछ, र हाम्रो पश्चात्तापले ख्रीष्टको दोस्रो आगमनको लागि मार्ग तयार पार्नेछ (३:२०-२१)।

जब हाम्रो छोरा, पावलको कुममा मेलानोमा थियो, शल्यचिकित्सकले गहिरो काटेर उसको मासुको एक भाग निकाले। के म डाक्टरसँग रिसाएको थिएँ? के मैले सोधें हुँला "मेरो छोराको शरीर काट्न तिमीलाई के अधिकार थियो?" पक्कै होइन—सर्जनले यो कट्टरपन्थी शल्यक्रियामार्फत सबै क्यान्सर हटाएकोमा म रोमाञ्चित थिएँ। फलस्वरूप, मेरो छोरा बाँचे।

रोमी २:४ ले भन्छ, "परमेश्वरको दयाले तपाईंलाई पश्चात्तापमा डोऱ्याउने उद्देश्य राख्नुभएको छ।" पश्चात्ताप गरेर, परमेश्वरले पापको क्यान्सर हटाउनुहुन्छ ताकि तपाईं आशिष् र आनन्द पाउन सक्नुहुन्छ।[18]

.................

[18]. पहिले *परावर्तन ईश्वर* जून–जुलाई–अगस्ट २०१० (कन्सास सिटी, मो: वर्डएक्शन प्रकाशन कं) मा प्रकाशित, २२. अनुमतिद्वारा प्रयोग गरिएको छ।

# शक्ति जहाँ यो सबैभन्दा बढी गणना गर्दछ

*****

*म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यतामा तिमीहरूलाई शक्तिशाली पारून्। एफिसी ३:१६*

एफिसीहरू असल इसाईहरू थिए। यद्यपि, पावलले शक्तिशाली पवित्र आत्माको कामद्वारा शक्तिले भरिएको वास्तविकताको लागि शक्तिशाली प्रार्थना गर्दछ। पवित्र आत्माले तिनीहरूको र तपाईंको "अन्तरात्म" मा काम गर्नुहुनेछ। एक व्यक्तिले यसलाई "शक्ति जहाँ सबैभन्दा बढी अर्थ राख्ने व्यक्तिले सबैभन्दा बढी गणना गर्छ" भनेर वर्णन गरे।

प्रत्येक साँचो इसाईसँग पवित्र आत्मा हुन्छ (रोमी ८:९) र आत्माबाट जन्मिएको हुन्छ। तैपनि इसाईको हृदयमा आत्माले गर्न चाहनुहुने कामका गहिरो आयामहरू छन्। आत्माले तपाईलाई भित्री रूपमा बलियो बनाउनुहुन्छ, र तपाईलाई "परमेश्वरको सबै पूर्णताले भरिएको" चरणमा पनि पुऱ्याउन सक्नुहुन्छ (एफिसी ३:१९, NRSV)।

ग्रान्टले आफ्नो बुद्धि र असल कामले आफूलाई बचाउने प्रयास गरे, तर उनको प्रयासमा पापको ठूलो मात्रा मिसिएको थियो। अन्तमा, एक दिन आयो जब उनी आफ्नो काम र पापबाट फर्के र वेदीमा अनुग्रहद्वारा बचाइए। उनको जीवनमा अविश्वसनीय परिवर्तनहरू भए-तर पनि उनको विश्वासको बारेमा उनी असुरक्षित थिए। उनीसँग मुक्तिको आश्वासन थियो तर निश्चयताको कमी थियो। असफलताको डर थियो । शिविरमा, उनले प्रचारकलाई फिलिप्पी १:६ बाट प्रचार गरेको सुने: "मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ" (एनएएसबी९५)। परमेश्वरको आत्मा ग्रान्टको हृदयमा आउनुभयो। उनी प्रार्थना गर्न अग्रस बने र, त्यो रात पवित्र आत्माको वरदानको प्रतिज्ञा स्वीकार गरे र पवित्र भए।

मैले पच्चीस वर्षदेखि उनको जीवन हेरें। उनी निरन्तर आत्माको शक्तिमा शान्त तर वास्तविक आत्मविश्वास र शक्तिको साथ बाँचेका छन्। उनले अरूहरूमा शक्तिशाली प्रभाव पारेका छन् - उनीसँग शक्ति छ जहाँ यो सबैभन्दा महत्त्वपूर्ण छ।

•••••••••••••••••

# जीवनको एक टुक्रा

*****

*प्रेम के हो भनी हामी यसैबाट थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो र हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?*

*१यूहन्ना ३:१६-१७*

कतिपय देशहरूमा, येशूलाई पछयाउनका लागि केही मानिसहरूले तिर्नु पर्ने मूल्य मृत्यु हो। कैदको मुल्य चुकाउने कसै कसैलाई मैले व्यक्तिगतरूपमा चिनेको छु। मेरो देशमा, येशूलाई पछयाउँदा मौखिक वा कानुनी सतावट हुन सक्छ - तर सम्भवतः मृत्यु होइन।

हाम्रो लागि आफ्नो जीवन दाउमा लगाउनुहुँदा ख्रीष्टको महान् प्रेमको सम्झना हामीलाई गराएपछि, यूहन्ना भन्छन् कि हामी पनि अरूको लागि आफ्नो जीवन दाउमा लगाउन इच्छुक हुनुपर्छ। त्यसपछि यूहन्नाले हाम्रो भौतिक सम्पत्तिको भाग लिने र ठूलो खाँचोमा परेका भाइ वा बहिनीलाई दिने महत्त्वलाई जोड दिन्छन्। यसो गर्दा, यूहन्नाले स्पष्ट पार्छन् कि सुसमाचारको लागि हाम्रो भौतिक जीवन दाउमा लगाउन बोलाइएका छैनौं भने पनि हामीलाई "हाम्रो जीवनको एक भाग" दाउमा लगाउन बोलाइनेछौं।

मैले यो धेरै पटक गरेको छु। मेरो पास्टरीय कर्तव्यहरूमा र मेरो दैनिक जीवन बिताउने एक इसाईको रूपमा, मलाई मेरो जीवनको एक भाग दिन बोलाइएको छ।

मेरो पास्टरीय अनुभवमध्ये एउटा ज्वलन्त उदाहरण यस्तो छ। हाम्रो स्थानीय मण्डलीमा रोय र नोरा नाम गरेका वृद्ध दम्पतीहरू विश्वासयोग्य सहभागी थिए। तिनीहरूको कुनै सन्तान थिएन तर तिनीहरूको ख्रीष्टमा आएकी भतिजीमा शक्तिशाली आत्मिक प्रभाव थियो। क्रिसमसको समयमा, नोरालाई अस्पतालमा भर्ना गरिएको थियो, र उनको खुट्टा पुरानो रोगको कारण काटिएको थियो।

क्रिसमसको बिहान, हामी हाम्रा तीन छोराछोरीहरू, सबैजना छ वर्षभन्दा कम उमेरका थिए, उपहारहरू खोल्न तयार थियौं। त्यसपछि फोन बज्यो - रोयलाई भर्खरै गम्भीर हृदयघात भएको थियो र नोरा पहिला जुन जस्तै अस्पतालमा थिइन, त्यही अस्पतालमा उनी थिए।

मैले के गर्नुपर्छ? के म रोय र नोरासँग रहन क्रिसमसको बिहान मेरा बच्चाहरूसँग बिताउने योजना परित्याग गर्नपर्छ? उनीहरूलाई सहायता गर्ने कोही छोराछोरी थिएनन्। मैले मेरी श्रीमती न्यान्सीलाई केही समयपछि उपहारहरू खोल्नेछौं भनेर बच्चाहरूलाई बुझाउन आग्रह गरें। म रोय र नोरासँग रहन पुगेको हुनुपर्छ।

मैले मेरो परिवारसँग बिताउने एउटा भाग समयलाई परित्याग गर्दा, मैले रोय र नोरासित मिठो, परमेश्वरको उपस्थीति रहेको समय बिताउन सकें। न्यान्सी, बच्चाहरू र मैले अलिक अबेर गरेर उपहार खोल्ने खेलाको आनन्द लियौं। यो दिनदेखि, हाम्रा तिनै जना हुर्कदै गरेका बालबच्चाहरू कसरी कसैको लागि बलिदान गर्दा अरूहरूको भलाई हुनसक्ने कुराको चर्चा गर्छन्।

हुनसक्छ तपाईंलाई आफ्नो सम्पर्ण जीवन बलिदान गर्ने बोलावट छैन, तर येशूले तपाईंको जीवनको कुन भाग उहाँको निम्ति र अरुहरूको निम्ति बलिदान गर्न बोलाउनुभएको छ? सो विचार गर्नुहोस्।

.................

# पवित्र आत्मा हामीकहाँ आउनुहुन्छ

*****

*आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु।*

*प्रेरित २:१७*

कन्सास शहरको नाजरेन थियोलोजिकल सेमिनरीको पचहत्तरौं वार्षिकोत्सवको लागि, पूर्व विद्यार्थीहरूलाई विद्यालयको बारेमा कथाहरू सुनाउन भनियो। मैले विद्यार्थीको रूपमा मेरो तीन वर्ष र सुसमाचार प्रचार विषयको प्रोफेसरको रूपमा तीस वर्ष त्यस सेमिनारीमा रहँदा अनुभव गरेका कुराहरू सम्झँदा एउटा घटना टडकारो बनेर आयो।

यो फेब्रुअरी १९७० मा भएको थियो - मैले त्यहाँ मेरो पहिलो वर्षको अध्ययनको केही हप्ता मात्र बिताउदै थिए। हामी चैपल सेवाको लागि भेला भएका थियौं, र रेभ. पावल कनिङ्घम चैपल वक्ता थिए। उनी एक हप्ताको विशेष सेवामा बोलेर भर्खरै फर्केका थिए। ती सेवाहरूमा, विल्मोर, केन्टकीको एस्बरी कलेजका दुई विद्यार्थीहरूले उनीहरूको गवाही साझा गरेका थिए। यसले एस्बरीका एक हजार विद्यार्थीहरूका बीचमा पवित्र आत्माको शक्तिशाली अभियानको नेतृत्व गऱ्यो, जसमा चैपल सेवा पनि १८५ घण्टा लगातार चलेको थियो।

रेभ. कनिङ्घमले आत्माको अभियानको बारेमा विवरण दिएझैं, पवित्र आत्मा सेमिनरी चैपलको भीडमा बसोबास गर्नुभयो। अचानक, एक विद्यार्थी आफ्नो सिट छोडेर भीडको देब्रेपट्टि आफ्नो अनुहार लुकाउदै रुन थाल्यो। ऊ कहाँ जाँदैछ भनेर देख्न नसक्दा, उ पियानोमा ठोक्कियो, चक्राउँदै गएर प्रार्थनाको वेदीमा रोयो। दुई मिनेटमा, लगभग बीस जना अन्य विद्यार्थीहरू वेदीमा आए, धेरै रोइरहेका थिए। रेभ. कनिङ्घमले सभापतिलाई हेर्दै भने, 'अब हामीले के गर्ने? उनी आफ्नो सन्देशको बीचमा थिए। तिनीहरूले निमन्त्रणाको गीत गाउने निर्णय गरे, र रेभ. कनिङ्घमले अरूलाई अगाडि आउन आग्रह गरे। झन्डै बीस जना अगाडि पुगे । वेदीमा कुनै ठाउँ थिएन, त्यसैले यी विद्यार्थीहरूले भरिएको वेदी र सिटहरूको पहिलो पङ्क्तिको बीचमा घुँडा टेके।

एक प्रध्यापक सदस्यको रूपमा, मेरो लागि अगाडि बढ्न र विद्यार्थीहरूलाई प्रार्थना गर्न मद्दत गर्नु सामान्य थियो। तर त्यो दिन, मसँग यस्तो पवित्र भावना थियो, पवित्र आत्माको उपस्थितिको यस्तो जागरूकता, कि मैले आफ्नो सिट छोड्ने साहस गरिनँ, नत्रता मैले आत्माको काममा हस्तक्षेप गर्नेछु। एक जना पनि प्रध्यापक सदस्य यताउता सरेको थिएन ।

पहिले अगाडि आएका विद्यार्थीले प्रार्थना समाप्त गऱ्यो, अगाडि आएर बोल्ने अनुमति माग्यो। उसले गवाही दियो कि उसले कलेजमा बाइबलहरू बेचेर आफ्नो बाटो बनाएको थियो, तर उसले जम्मा गरेको अन्तिम किताबको सेटको रकमहरू आफूसित राखेको थियो - उसले त्यसहरूलाई कम्पनीमा कहिल्यै पठाएको थिएन। उसले भीडलाई आश्वासन दियो कि उसले गरेको बेइमानी माफ गरिएको छ र उसले केही घण्टाभित्र त्यो धनराशी  पठाउनेछ।

उसले सिध्याएपछि, अरू विद्यार्थीहरू बोल्न लाइनमा थिए। एक विद्यार्थीले आफूले कहिल्यै पूरा नगरेको पढाइको रिपोर्ट पूरा गर्ने बारे झूट बोलेको स्वीकार गरे र उनले प्रोफेसरसँग माफी मागे। अर्को विद्यार्थीले प्रोफेसर विरुद्ध कडक भावना राखेको कुरा गरे। अर्को विद्यार्थीले अर्को विद्यार्थीसँगको सम्बन्ध टुटेको स्वीकार गरे र माफी मागे। उ त्यहाँबाट जानअघि, आक्रोशित विद्यार्थी मञ्चमा आएको थियो, र ती दुवैले अँगालो हालेका थिए। त्यहाँ प्रशंसा, गीत र आनन्द थियो। चैपलको अन्त्यको लागि घण्टी बज्यो तर सेवा दुई घण्टासम्म जारी रह्यो।

त्यो सेवापछि, पूरै सेमिस्टर फरक थियो। च्यापल सबैको उपस्थितले भरिएको थियो र प्रशंसाले भरिएका थियो। कक्षाहरू कहिलेकाहीँ प्रार्थनामा यति रमाइन्थ्यो कि तिनीहरू पाठमा कहिल्यै पुगेनन्। अन्य कक्षाहरू गायनले भरिएका थिए। विद्यार्थीहरूले प्रेम र निष्ठाका साथ काम गरे।

त्यो सेवा अझै पनि मेरो दिमागमा सबैभन्दा ठूलो उपासनाको रूपमा खडा छ जुन मैले अहिलेसम्म गरेको छु। मैले धेरै घण्टाको अध्ययनमा भन्दा दुई घण्टामा पवित्र आत्माको बारेमा धेरै सिकें। बाँकी सेमिस्टरभर प्रेम र समझदारीको वातावरण धेरै उत्थानदायी थियो। पवित्र आत्माले हामीलाई भेट्नुभएको थियो।

•••••••••••••••••

# परमेश्वरले जान्नुहुनेछ

*****

*किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल र खराब फ्रतिफल पाउनेछ।*

*२ कोरिन्थी ५:१०*

*मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेको देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।*

*प्रकाश २०:१२,१५*

मैले मेरी श्रीमतीको जन्म प्रमाणपत्र हराएँ। किनभने उनलाई अन्य कानुनी कागजातहरू प्राप्त गर्न आवश्यक थियो, यो प्रतिस्थापन गर्न महत्त्वपूर्ण थियो। मैले महत्त्वपूर्ण तथ्याङ्कको कार्यालयलाई फोन गरें, र मेरो निवेदन टक्राएँ। र मेरी श्रीमतीको जन्म जानकारी दिएँ - तर त्यो पर्याप्त थिएन। मैले बातचित गरेको विनम्र र सहयोगी क्लर्कले मेरी श्रीमतीको आवश्यकता र मेरो प्रतिनिधित्व वैध छ भनी सुनिश्चित गर्न चाहन्थे।

त्यसपछि उनले टेक्सासका पाँचवटा सहरहरू सूचीबद्ध गरिन् र सोधिन् कि म तीमध्ये एउटामा बसेको छु कि छुइनँ। जब उनले ह्युस्टन भनिन्, मैले जवाफ दिएँ, "हो, मैले त्यहाँ चार महिना काम गरें।" उनी खुसी भइन् र हामीलाई नयाँ जन्म प्रमाणपत्र पठाउने चरणहरू पूरा गरिन्।

यो कुराकानी पछि, मैले टेक्सासमा सोधिएका प्रश्नको बारेमा सोच्न थालें। मलाई थाहा भयो कि यो सरकारी एजेन्सीसँग मेरो बारे सबै जानकारी छ, यतिसम्म उनीहरूलाई थाहा थियो कि मेरो पचासी वर्षको जीवन कालमा, मैले ह्युस्टनमा चार महिना बिताएको थिएँ।

यो मेरो मनमा आयो कि यदि महत्त्वपूर्ण तथ्याङ्कको कार्यालयलाई मेरो बारेमा यति धेरै थाहा छ भने, सर्वशक्तिमान ईश्वरलाई मेरो सम्पूर्ण जीवनका सबै विवरणहरू थाहा पाउन कुनै समस्या हुनेछैन। त्यसैले कृपया तयार हुनुहोस्, मेरो मित्र, तपाईंको जीवनको अन्त्यमा के हुनेछ। पवित्र-शास्त्रले हामीलाई बताउँछ, "ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो" (प्रकाश २०:१२), र, "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनका सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफुले गरेबमोजिम हरेकले असल या खराब प्रतिफल पाउनेछ" (२ कोरिन्थी ५:१०)।

•••••••••••••••••

# यो कस्तो व्यवस्था हो ?

*****

*पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। रोमी ८:२*

तपाईको नगर परिषद् बैठक बस्दैछ। एक परिषदका सदस्य, लापरवाही ड्राइभिङबाट चिन्तित् छन्, र तर्क गर्छन् कि गाडी रोक्ने संकेत प्रयोग नगर्नेलाई जरिवानास्वरूप १५० डलरबाट ३०० डलरसम्म बढाउनुपर्छ। परिषदका ६-७ जनाले यसमा आफ्नो सहमत दिन्छन्, त्यसपछि बिहीबार मध्यरातमा, गाडी रोक्ने संकेत व्यवस्था परिवर्तन हुनेछ, र जरिवाना ३०० डलर बनाइनेछ।

परिषदका अर्को सदस्य आफूलाई पिरोलिरहेका अर्कै कानुनबारे चिन्तित छन् र आफ्ना सहकर्मीहरूलाई यसलाई पूर्ण रूपमा खारेज गर्न तयार पारेका छन्। यसरी, परिषदले तेह्रदेखि शून्यसम्म भोट दिन्छ कि, अर्को बिहिबार, तपाईको सहरले गुरुत्वाकर्षणको नियमलाई निलम्बन गर्नेछ।

निस्सन्देह, यदि तिनीहरूले गुरुत्वाकर्षणको नियमलाई निलम्बन गरे भने अलिकति पनि फरक पर्दैन। जबकि गाडी रोक्ने सङ्केत पालन गर्नुपर्ने कानून सुरक्षित ड्राइभिङलाई प्रोत्साहन गर्नु हो। यो केवल हाम्रो संसारमा काम गर्ने शक्तिको वर्णन हो।

त्यसैले रोमी ७ को अन्त्यमा र रोमी ८ को सुरुमा प्रेरित पावलले "व्यवस्था" शब्दलाई छवटा फरक तरिकाले प्रयोग गरेका छन्: "परमेश्वरको व्यवस्था" (७:२२); "ममा काम गरिरहेको अर्को नियम" (७:२३); "मेरो मनमा रहेको नियम" (७:२३); "पापको नियम" (७:२३); "जीवनको आत्माको व्यवस्था" (८:२); र, "पाप र मृत्युको व्यवस्था" (८:२)। परमेश्वरको व्यवस्था दस आज्ञाहरूमा उल्लेखित् छ; अन्य नियमहरूले मानव व्यक्तित्वमा काम गर्ने शक्तिहरूलाई जनाउँछ।

पाप र मृत्युको व्यवस्था एक बल, नियन्त्रण गर्ने शक्ति, मानव व्यक्तित्वमा सञ्चालन गर्ने नियम हो। यसलाई पाप र मृत्युको व्यवस्था भनिन्छ किनभने मृत्यलाई सधैं पापले उत्पन्न गर्छ । रोमी ६:२३ ले प्रमाणित गरेझैं, "पापको ज्याला मृत्यु हो।" जसरी गुरुत्वाकर्षणको नियमले मानिसहरूलाई पतन गराउँछ, त्यसरी नै पाप र मृत्युको नियमले मानिसहरूलाई पाप गर्न लाउँछ।

जीवन दिने आत्माको व्यवस्था काममा बल, नियन्त्रण गर्ने शक्ति, अन्य व्यक्तित्वहरूमा काम गर्ने कार्यको नियम हो। रोमी ८:२ ले भन्छ, जीवनको आत्माको व्यवस्थाले तपाईलाई पाप र मृत्युको व्यवस्थाबाट मुक्त गर्नेछ। केही अनुवादहरूले "मलाई स्वतन्त्र गर" भन्छन् जसले यो पावलको व्यक्तिगत गवाही बनाउँदछ - कुनै पनि तरिकाले, हामी स्वतन्त्र छौं।

इजकिएल ३६:२७ले आत्माको व्यवस्थालाई यसरी व्याख्या गर्दछ: "अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु।" पावलले पनि यो व्यवस्थाको प्रभावलाई फिलिप्पी २:१३मा उल्लेख गरेका छन्: "किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।"

मुक्त गराइनुको लागी प्रयोग गरिएको ग्रीक शब्द अति नै बलियो शब्द हो। रोमी ६:१८ र ६:२२ मा, यो "पापबाट मुक्त गराइएर" भन्ने वाक्यांशमा देखिन्छ। रोमी 8:2 मा, यसको क्रिया रूपले समयको एक पलमा गरिएको कुरालाई संकेत गर्दछ। न्यू लिभिङ ट्रान्सलेसनमा रोमी ८:२ यस्तो छ: "किनकि तपाई उहाँको हुनुहुन्छ, जीवन दिने आत्माको शक्तिले तपाईलाई मृत्युमा पुर्‍याउने पापको शक्तिबाट मुक्त गरेको छ।"

धेरै मानिसहरू के गर्ने भनेर बताउन मन पराउँदैनन्। जे होस्, कल्पना गर्नुहोस् कि मैले आइतबार बिहान ११:०० बजेदेखि सुरु भएर दिउँसो ३:०० बजे तपाईंको मण्डलीमा प्रचार गरें, त्यसपछि तपाईलाई निम्न आदेश दिए: अब दिवाभोजन लिन जानुहोस्।" मैले भनेजस्तै गर्न पाउँदा तपाई रोमाञ्चित हुनुहुनेछ- तपाईलप पेटभरि लेखिएको भोकको नियम यो आदेशलाई अँगाल्न उठ्नेछ।

मैले केही इसाईहरूलाई भेटेको छु जसले अन्ततः विनम्रतापूर्वक, लरखराउदै, कुर्कुच्चा धसेर परमेश्वरको आज्ञा मान्छन्, किनकि स्वार्थी आन्तरिक शक्तिले प्रभुको प्रतिरोध गर्दछ। यी मानिसहरूले घृणाको साथ भन्न सक्छन्, "ठीक छ, परमेश्वर, म यो गर्छु।"

होइन! त्यो ईश्वरको बाटो होइन। उहाँको पवित्र आत्माले तपाईभित्र यति काम गर्नुहुनेछ कि तपाईंले भजनकारको साथ भन्न सक्नुहुन्छ, "हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ" (४०:८)। तपाईंले हर्षसाथ र खुसीसाथ आज्ञापालन गर्नुहुनेछ किनभने तपाईभित्र केही घटेको छ: "जीवन दिने आत्माको शक्तिले तपाईलाई मृत्युमा पुर्‍याउने पापको शक्तिबाट मुक्त गरेको छ।"

•••••••••••••••••

# तपाईं कत्तिको स्वतन्त्र हुन सक्नुहुन्छ?

*****

*पाप र मृत्यको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।*
*रोमी ८:२*

मेरी आमा बुढी हुँदै जाँदा मैले उनलाई बारम्बार भेट्ने योजना बनाए। उनी स्यानफोर्ड, फ्लोरिडामा र म कान्सासको लिउडमा बस्थे। एक जनवरी, कन्सास शहर क्षेत्रमा छब्बीस डिग्री तल-शून्य तापक्रमको अनुभव गरेपछि, मैले सोचें कि यो भ्रमणको लागि समय हो। मैले विभिन्न स्थानहरूमा तीन हप्ताको जागृतिका सेवाहरू बुक गरेको थिएँ र केवल एक हप्ता खाली थियो।

मैले सोचें, केन्सासबाट फ्लोरिडा र पछाडि - २,६०० माइल - एक हप्ताभित्रमा जानु उपयुक्त हुन्छ? यदि म हिँडें भने, मैले यसलाई बनाउन सकिनँ। यदि म दौडिएँ भने, मैले यसलाई बनाउन सकिनँ। यदि मैले बच्चाहरूको खेल "विशाल चरणहरू" को वयस्क संस्करण गरें भने, म यसलाई बनाउन सक्दिनँ। तपाईंले देख्नुहुन्छ, म जन्मेदेखि नै, मैले कहिल्यै तोड्न नसक्ने कानूनद्वारा बाँधिएको छु - गुरुत्वाकर्षणको नियम। त्यो कानूनको सबै तलतिर तान्नु भनेको मैले लिने सबैभन्दा लामो, द्रुत कदमहरू सधैं एक हप्तामा २,६०० माइल कभर गर्न नसक्ने गरी गम्भीर रूपमा सीमित हुनेछ। मैले आफ्नी आमालाई भेट्न फ्लोरिडा जाने प्रयास गर्नुको कुनै फाइदा छैन भन्ने लाग्यो।

त्यसैबेला मेरो एकजना साथीले मेरो ध्यानाकर्षण गराएका थिए: "के तपाईंले त्यो उच्च नियम - एरोडायनामिक्सको नियम सुन्नुभएन? हामीसँग अहिले जेट विमानहरू छन्। उनले जारी राखे, "यदि तपाइँ यो नयाँ कानूनमा पूर्ण भरोसासाथ आफैलाई समर्पित गर्नुहुन्छ भने, तपाईं पुरानो कानूनबाट मुक्त हुनुहुनेछ।" मैले यसलाई एकपल्ट प्रयास गर्ने निर्णय गरें।

चाँडै, म रनवेमा दौडिरहेको शक्तिशाली जेटमा थिएँ। अचानक, गुरुत्वाकर्षणको तलको तानले आफ्नो शक्ति गुमाए र वायुगतिको नियमले मलाई स्वतन्त्र बनायो। पन्ध्र मिनेटमा, म ३२,००० फिटमा थिएँ, र तीन घण्टामा मैले ओर्लान्डोमा कुशल अवतरण गरें। हो, वायुगतिकीको नियमले मलाई गुरुत्वाकर्षणको नियमबाट मुक्त बनायो!

प्रेरित पावलले तपाईं र मैले समान "स्वतन्त्र" शक्ति बुझेको चाहन्छन्।

- "पाप र मृत्युको व्यवस्था" - हृदयमा काम गरिरहेको आत्मिक शक्ति
- "जीवन दिने आत्माको व्यवस्था" - मानव हृदयमा काम गर्ने आत्मिक शक्ति
- "मुक्त गराउने" - रोमी ६:१८ ("पापबाट मुक्त हुनु") जस्तै बलियो शब्द।
- "मुक्त गराउने"—जुन कुरा तत्कालै हुन्छ, अलि-अलि गरेर होइन।

यदि म अन्ततः "एरोडायनामिक्सको नियम" ले म "गुरुत्वाकर्षणको नियम" बाट मुक्त भएको अनुभव गर्न उत्साहित भएँ भने, सेप्टेम्बर २ को रात कति रोमाञ्चक थियो जब, मेरो नयाँ इसाई जीवनको एक वर्षपछि र तलतिर तानिएको संघर्ष पछि। मनोवृत्ति र स्वभावमा आत्मकेन्द्रित रहँदा, परमेश्वरको पवित्र आत्माको व्यवस्थाले मेरो हृदयलाई पाप र मृत्युको व्यवस्थाबाट मुक्त गरायो।

•••••••••••••••••

# यदि तपाईं हिंड्दै हुनुहुन्छ भने मात्र

*****

*यस हेतूले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। रोमी ८:४*

त्यहाँ मानिसहरूको एउटा मात्र समूह छ जसले कानूनको धार्मिक आवश्यकताहरू पूर्ण रूपमा पूरा गर्दछ। (नोट गर्नुहोस् कि रोमी ८:४ ले "आंशिक रूपमा" भन्दैन - यसले "पूर्ण रूपमा" भन्छ।) त्यो समूह भनेको आत्माअनुसार "जिउने" वा "हिँड्ने" हो। एक पटक आत्माले तपाईंलाई "पाप र मृत्युको व्यवस्था" बाट मुक्त गरिसकेपछि, तपाईंले आत्मामा हरेक पाइला चाल्नुपर्छ। अथवा, गलाती 5:25 ले यसलाई राखेझैं, तपाईंले "आत्माकै अनुसार हिँड्न" आवश्यक छ। कति जना जो एक पटक आत्माले भरिएका थिए अहिले आत्मामा हिंड्न असफल भएका छन्?

हिजको पाठमा भएको जेट विमानको उदाहरणमा फर्कौं। कल्पना गर्नुहोस् कि वायुगतिकीको नियमले मलाई गुरुत्वाकर्षणको नियमबाट मुक्त गरेपछि, म ३२,००० फिटमा दुई घण्टासम्म उडिरहेको थिएँ। जर्जिया राज्य माथि उड्दै गर्दा, म धेरै कुराहरूमा असन्तुष्ट महसुस गर्न थाले:

- म कति अचम्मको छु भनी बताउन बाह्र जनाले मलाई सम्पर्क गरेका छैनन्।
- विमानको भित्री भागलाई मेकओभर चाहिन्छ।
- विमानहरूमा खानाको गुणस्तर घटेको छ (यदि तपाईं बदामलाई खाना भन्न सक्नुहुन्छ)।
- पाइलटले आफूलाई मभन्दा उच्च महसुस गर्छ किनभने उसले लाखौं माइल उडेको छ, र मैले कहिल्यै एक इन्च पनि उडाएको छैन। मलाई लाग्छ कि उनीसँग आफूलाई भयंकर सोच्ने मनोवृत्ति छ।

मैले यसो भन्नुहुँदैन - म धेरै स्मार्ट छु। मैले कहिल्यै जेट उडाएको छैन, तर म पक्का छु यदि मैले यो मौका पाए भने उडाउँछु। त्यतिकैमा, मैले मेरो सिटको छेउमा आपतकालीन निकास देखेँ। म रातो ह्यान्डल अलग गर्छु, क्यूबलाई एक छेउमा तान्छु, र विमानबाट हाम फालेको घोषणा गर्छु, "म आफैं उडेर ओर्लान्डो जाँदैछु!"

अवश्य पनि, म मर्नलाई दुर्घटनाग्रस्त भएको छु। किन? कारण एउटै छ: मैले आफूलाई एरोडायनामिक्सको नियमबाट हटाउने बित्तिकै, मेरो जीवनलाई नियन्त्रण गर्ने एक मात्र शक्ति गुरुत्वाकर्षणको नियम बाँकी छ।

र यो आत्मिक क्षेत्रसंग सम्बन्धित छ। यो त्यही जस्तै हो कि म परमेश्वरको काममा सक्रिय थिएँ, तर निम्न कारणहरूको लागि मण्डलीसँग असन्तुष्ट भएँ:

- मण्डलीले हरियो कार्पेट लगायो जब मलाई थाहा थियो कि गुलाबी राम्रो हुनेछ।
- पटलकमा खाना पहिले जस्तो छैन।
- मण्डलीका अगुवा आफू सही छन् भन्ने कुरामा निश्चित छन्। उसले जहिले पनि कुनै न कुनै एजेन्डालाई जोड दिन्छ। (तपाईंले निर्णय गर्न आवश्यक छ कि त्यो अगुवा प्रभु हुनुहुन्छ वा पास्टर।)

यहाँ के भइरहेको छ? यो सरल छ: हामीले "जीवन दिने आत्माको व्यवस्था" बाट आफूलाई हटाउने बित्तिकै हाम्रो जीवनलाई नियन्त्रण गर्ने एक मात्र शक्ति पाप र मृत्युको व्यवस्था रहेको छ।

के तपाईं यसलाई देख्नुहुन्छ? यदि हामी आत्मामा हिँडिरहेका छौं भने "व्यवस्थाका धार्मिक आवश्यकताहरू" "हामीमा पूर्ण रूपमा पूरा" हुनसक्छ।

•••••••••••••••••

# सुबास्ना

*****

*किनकि उद्धार पाइरहेकाहरू र नष्ट भइराखेकाहरूका माझमा पनि हामी परमेश्वरको निम्ति ख्रीष्टको सुबास्ना हौं।*
*२ कोरिन्थी २:१५*

हाम्रो वार्षिक कुक-अफमा चिलीका चौधौं भाँडाहरूले मण्डली भवनभरि मुखमा पानी दिने सुगन्ध फैलायो। अर्कोतर्फ, भान्सा घरमा दुई दिनदेखि लथालिङ परेको फूटेका अण्डाहरूको दुर्गन्ध थियो - यो भयानक थियो।

प्रत्येक अवस्थामा, यो गन्ध त्यहाँ भएको कुरोबाट उत्पन्न भइरहेको थियो। हामीमध्ये जो, परमेश्वरको अनुग्रहले, विजयी भई ख्रीष्टलाई पछ्याइरहेका छौं, "र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ" (२ कोरिन्थी २:१४, ESV)। जब हामी सबै कुरा ख्रीष्ट र उहाँको मिशनलाई गहनतासाथ अर्पण गर्छौं, सुगन्ध परमेश्वर र मानिसहरू दुवैलाई थाहा हुन्छ। हाम्रो वरिपरिका मानिसहरूले महसुस गर्ने सुगन्ध तिनीहरूको आफ्नै हृदय प्रतिबद्धतामा निर्भर गर्दछ (२:१६)।

इभान र जुडीले ख्रीष्टलाई स्वीकार गरेको एघार दिन भइसक्यो। इभानले आफूसित शान्तिको नयाँ भावना भएको कुरा बताउँछन् र जुडी भन्छिन् कि उनी शान्त छिन्। यसमा जुडीले अचम्म मान्दै यसो भनिन्, "वर्षौंसम्म, म तपाईंले आफ्नो विश्वास हामीसित साझा गर्न सक्नुहुन्न - किनकि एक निजी कुरा हो भन्ने सोचेर आफैलाई धोका दिइरहेकी थिएँ। तर म हप्ताभरि काममा मानिसहरूलाई प्रभुले हाम्रो लागि के गर्नुभएको छ भनिरहेको छु, र कोही पनि पागल भएको छैन।"

इभान र जुडीको जीवनमा पनि मिठो बास्ना छ, जसरी ख्रीष्टका सहभागी मानिसहरूमा पनि थियो। कस्तो बास्ना छाड्दै हुनुहुन्छ[19]

.................

[19]. यस अघि प्रकाशित *परमेश्वरको प्रतिबिम्बित गर्ने* जून–जुलाई–अगस्ट २०१० (कन्सास सिटी, मो: शब्द कार्य प्रकाशन को.), १५. अनुमतिद्वारा प्रयोग गरियो।

# थोरै कुरामा विश्वासयोग्य, भाग १

*****

*मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।*

*मत्ती २५:२१*

विश्वासयोग्यता परमेश्वरसँगको सम्बन्धमा ठूलो कुरा हो। यस कुरालाई पवित्र-शास्त्रमा अन्यत्र दोहोऱ्याइएको छ:

- मत्ती २४:४६-४७ – "त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा यसै गरिरहेको भेट्टाउनेछ। साँच्चै म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेे।"
- लूका १६:१० – "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ..।"
- लूका १९:१७ – "स्याबास असल नोकर, तँ अति थोरैमा विश्वासी भइस्, तैलें दश सहरहरूमाथि अधिकार पाउनेछस्।"

यी सबै मामिलाहरूमा, वर्तमान विश्वासयोग्यताले अझ ठूलो परिणाम ल्याउँछ। मेरो छोरो पावललाई सेवकाईमा बोलाइएको थियो, तर उसले सेमिनरीमा संघर्ष गरिरहेका थियो। अन्ततः उसले आफूलाई पूर्णतया परमेश्वरमा समर्पण गऱ्यो, र परमेश्वरले उसलाई पवित्र बनाउनुभयो। दिक्षान्त समारोहमा, धेरै मण्डलीहरूले उसलाई पास्टरको रूपमा बोलायो। अन्तमा, उसले ठूला मण्डलीहरूबाट आएको निमन्त्रणालाई अस्वीकार गऱ्यो किनभने उसले छयालीस सदस्यहरू भएको एउटा मण्डलीको नेतृत्व गर्न बोलावट भएको महसुस गरे।

मण्डलीमा केही प्रशंसनीय मानिसहरू थिए -र यो मण्डलीमा कहिले बड्ने र कहिले घटने क्रम चलिरहेको थियो। पावलले आफ्नो बोलावट र कार्यमा आफैलाई पूरा मनले समर्पण गरेर प्रार्थना गर्न, अध्ययन गर्न, प्रचार गर्न सुरु गरे। एक दिन उसले प्रार्थनामा बिन्ती गऱ्यो, "हे परमेश्वर, यो मण्डलीलाई आशिष् दिनुहोस्।"

परमप्रभुले उसलाई यसरी उत्तर दिनुभयो: *यदि तिमी साँच्चै यो मण्डलीलाई मैले आशिष दिएको चाहन्छौं भने, सुसमाचार कार्यको लागि कमसेकम मण्डलीमा एक हजार डलर उठाएर यो काम सुरु गर्नसक्छौं।*

यो धेरै वर्ष अधिको कुरा हो, र मण्डलीले मिसनको लागि एक हजार डलर कहिल्यै उठाएको थिएन। पावलले जवाफ दिए, "तर प्रभु, यदि हामीले मिसनको लागि एक हजार डलर उठाउनुपर्छ भने, मैले एक सय डलर दिनु पर्छ।" ऊ डराएको थियो - ऊसँग सय डलर थिएन।

*होइन, प्रभुले भन्नुभयो, म तिमीले दुई सय डलर दिएको चाहन्छु।*

पावल चिन्तित थियो। उसँग दुई सय डलर पनि थिएन । तर, उसले सोच्यो, यदि ऊ कार किन्न चाहन्छ र पैसा छैन भने, उसले ऋण लिन्छ। यदि उसले राजा येशूलाई सम्मान गर्न चाहन्छ भने, मिशनहरूको लागि ऋण किन नलिने? उनी आफ्नो बैंक गए, र उनको अन्तर्वार्ता बैंक अध्यक्षसँग भयो। बैंक अध्यक्षले उसलाई प्रश्न गरे, "किन एक प्रचारक दुई सय डलर ऋण लिन चाहन्छ?"

तपाईले आफ्नो मण्डलीलाई दिन र मोजाम्बिक, पपुवा न्यु गिनी र पेरुमा मिसनरी कार्यका लागि प्रयोग गर्न लिन लागेको ऋणको बारे स्थानीय व्यापार लगानी भएको बैंक अध्यक्षलाई तपाई कसरी व्याख्या गर्नुहुन्छ? पावलले उनलाई अस्पताल, विद्यालय, मण्डली र १६० भन्दा बढी राष्ट्रहरूमा परमेश्वरले परिवर्तन गरेको जीवनको बारेमा मात्र बतायो। बैंकरले ऋण दिएर भने, "म यस्तो कार्यक्रममा विश्वास गर्छु । भेटीको निम्ति मैले दिनचाहेको मेरो चेक यहाँ छ।"

पावलले आफ्नो चेक लिए, मण्डलीलाई चुनौती दिए, र तिनीहरूले एक हजार डलर भन्दा बढी उठाए। परमेश्वरले हेर्दै हुनुहुन्थ्यो, उहाँले एउटा मण्डली र एक जना पास्टर देख्नुभयो जो सानो कुरामा विश्वासयोग्य थियो। अब उहाँले तिनीहरूलाई ठूलो कुराको लागि भरोसा गर्न सक्नुहुन्छ।

•••••••••••••••••

# थोरै कुरामा विश्वासयोग्य, भाग २

*****

*"स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो"।*

*मत्ती २५:२१*

मिसनको लागि समर्पण अर्पणपछि, पावलको मण्डली बढ्न थाल्यो – भेला हुनेहरू सत्तरी, अस्सी, नब्बे त्यसपछि एक सय बीस सम्म पुग्यो। तिनीहरूको ठाउँ सानो भयो, त्यसैले पावलले मण्डलीका अगुवाहरूलाई भेला गरे र सोधे, "हामीले हाम्रो प्रयासलाई फिर्ता लिनुपर्छ, वा ठूलो सुविधाजनक ठाउँ खोज्नुपर्छ?" अगुवाहरु बृद्धि हुन चाहन्थे ।

पावलको सम्प्रदाय देशभरका प्रमुख स्थानहरूमा इसाई उदार कला कलेजहरू रोप्नका लागि परिचित थियो, र तिनीहरूले संयुक्त राज्यको मध्य भागमा एउटा नयाँ निर्माण गर्ने योजना बनाइरहेका थिए - जहाँ पावलको मण्डली अवस्थित थियो। पावलले आफ्नो बैंकका अध्यक्षलाई भेटे, र उनीहरूले मिलेर स्थानीय व्यापारी अगुवाहरूलाई नयाँ कलेजको लागि जग्गा दान गर्न आग्रह गर्ने निर्णय गरे। चाँडै, स्थानीय अगुवाहरूले आफ्नो नयाँ कलेज निर्माण गर्नका लागि अन्तरराज्यीय छेउमा अवस्थित लाखौं डलरको ८० एकड जग्गा दान गर्न तयार भए।

सम्प्रदायका अगुवाहरूलाई सम्पर्क गरियो, प्रबन्धहरू मिलाइयो, भवनहरू निर्माण गरियो, र पावलले सेवा गर्ने मण्डलीलाई भूमिको एक भागको लागि प्रावधान गरिएको थियो। मण्डलीले ठूलो भवन निर्माण गर्न ठाउँ प्रयोग गऱ्यो। नयाँ कलेज बढ्दै गयो, पावलको मण्डली बढ्दै गयो, र चाँडै उनीहरूलाई अझ ठूलो भवन चाहियो। यसका लागि बैंकका अध्यक्षले एक लाख डलर उपहार दिएका छन् ।

जसै कलेज बढ्दै गयो, शहर पनि बढ्दै गयो, र धेरै भन्दा धेरै मानिसहरू मण्डलीमा आकर्षित भए। पावलको नेतृत्वको उन्तीस वर्षपछि, सदस्यता बढेको थियो, र यो मण्डली सम्प्रदायमा सबैभन्दा बृहत मण्डली बन्यो।

सम्प्रदायको १९९३ महासभामा, आफ्नो जीवनभर एउटामात्र मण्डलीको पास्टर गरेको पावललाई सम्प्रदायको सबैभन्दा महत्त्वपूर्ण विश्वव्यापी नेतृत्व - जनरल सुपरिटेन्डेन्टको पदमा चुनियो। उसले सोह्र वर्षसम्म त्यो स्थितिमा शक्तिशाली नेतृत्वको प्रयोग गरे। परमेश्वरले केही कुराहरूमा विश्वासयोग्य मानिस भेट्टाउनुभयो, त्यसैले परमेश्वरले उसलाई धेरै कुराहरू सुम्पनुभयो। पावल परमेश्वरले भरोसा गर्न सक्ने मानिस थिए।

त्यो मानिस पावल कनिङ्घम थियो; कलेजचाहिँ मिडअमेरिका नाजरेन विश्वविद्यालय हो; मण्डलीचाहिँ ओलाथे, कन्सासको कलेज मण्डली अफ द नाजरेन थियो।

परमेश्वरले तपाईलाई कतिसम्म भरोसा गर्न सक्नुहुन्छ?

.................

# पवित्र आत्माले तपाईंद्वारा के गर्नुहुनेछ

*****

*तर स्तिफनसले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्‍वरको महिमा महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्।" तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।" यति भनेर तिमी प्राण त्याग गरे। तिनको हत्यामा शाऊल पनि सहमत थिए।*

*प्रेरित ७:५५, ५९-६०, ८:१क*

११ सेप्टेम्बर'२००१मा, संयुक्त राज्य अमेरिका विरुद्ध योजनाबद्ध हमलामा आतंकवादीहरूले चार व्यावसायिक विमानहरू अपहरण गरेका थिए। न्यूयोर्क सहरको वल्ड ट्रेड सेन्टरमा दुईवटा विमानहरू ठोक्किए र दुई हजारभन्दा बढी मानिसहरू मारिए। अर्को विमानले वाशिंगटन, डीसीको पेन्टागनमा प्रहार गरेको थियो।

बिहान ९:२८ मा चौथो विमान, उडान संख्या ९३ आतंकवादीहरूले अपहरण गरेका थिए जसले यसलाई राष्ट्रको क्यापिटलमा ध्वंस गर्न खोजेका थिए। ९:५७ मा, यात्री टोड बीमरले चिच्याएर भने, "हामी रोल गरौं!" र आतंककारीहरूबाट विमानको नियन्त्रण पुनः प्राप्त गर्ने जिम्मेवार अगुवाइ गरे। १०:०३ मा, उडान 563 माइल प्रति घण्टाको गतिमा पेन्सिल्भेनियाको शान्क्सभिलमा दुर्घटनाग्रस्त भयो। जहाजमा सवार सबै जना मारिए । तिनीहरू वाशिंगटन, डीसीबाट उडेको खाली अठार मिनेट मात्र भएको थियो - क्यापिटल र त्यहाँका मानिसहरू जोगिए।

के हो जसले केही मानिसहरूलाई यति शक्तिशाली र ठूला कामहरू गर्न सक्षम बनाउँछ, यद्धपि विरता देखाउने कुरामा पनि? हामी अब टोड बीमरको बारेमा निम्न विवरणहरू जान्दछौं: उनी एक ईश्वरीय इसाई परिवारमा हुर्केका थिए। उनले इसाई स्कूल व्हीटन कलेजबाट स्नातक गरे। उनले लिसा, एक धर्मी महिलासँग विवाह गरे। दुर्घटना हुनुभन्दा केही समयअघि उनले आफ्नो पुरुष शिष्य समूहसँग *'अ लाइफ अफ इन्टेग्रिटी'* अध्ययन गरिरहेका थिए। उनले शिकागोमा एयर-फोन अपरेटर लिसा जेफरसनलाई फोनमा कुरा गरे र उनीहरूले प्रभुको प्रार्थना सँगै पढे। अपहरणको बीचमा उनले प्रार्थना गरे, "येशू, मलाई मद्दत गर्नुहोस्।" त्यस प्रार्थनाको केही समयपछि उनले भने, "आउनुहोस् हामी रोल गरौं" र ककपिटमा आक्रमणको नेतृत्व गरे। टोड बीमरको वीरताको पछाडि उनको येशू ख्रीष्टसँगको सम्बन्ध हामी थाहा गर्नसक्छौं।

यद्यपि सबै उपलब्धिहरू वीरतापूर्ण छैनन्, पवित्र-शास्त्रले हामीलाई पवित्र आत्माको मद्दत र शक्तिद्वारा असल कामहरू पूरा गर्ने मानिसहरूको धेरै उदाहरणहरू देखाउँदछ:

- यो विरता हामी पत्रुसको जीवनमा देख्छौ (प्रेरित ४:८-१२)। पवित्र आत्माले भरिपूर्ण भएर उनले साहससित सताउने अधिकारीहरूसित कुरा गरे अनि केवल ख्रीष्टद्वारा मात्र उद्धार हुन्छ भनी घोषणा गरे।
- यो विरता हामी ईसाई समुदायमा देख्छौं (प्रेरित ४:३१-३५)। पवित्र आत्माले भरिपूर्ण भएर तिनीहरूले आफूसित भएको सम्पत्ति खाँचोमा परेकाहरूलाई बाडे ।
- यो विरता हामी स्तिफनसको जीवनमा देख्छौं (७:५५:६०)। पवित्र आत्माले भरिपूर्ण भएर, तिनले स्वर्गमा येशूलाई देखे र जसले तिनलाई ढूङ्गा हानिरहेका थिए तिनीहरूको क्षमादानको निम्ति प्रार्थना गरे।
- यो विरता हामी बरनाबासको जीवनमा देख्छौं (प्रेरित ११:२४)। पवित्र आत्माले भरिपूर्ण भएर, तिनले मानिसहरूको ठूलो समूहलाई उत्साह दिए जोहरूलाई तिनले प्रभुमा ल्याएका थिए।
- यो विरता हामी पावलको जीवनमा देख्छौं (प्रेरित १३:९-१२:। पवित्र आत्माले भरिपूर्ण भएर, जादुगर एलुमासमाथि एक टक लाएर हेरे, त्यसलाई हप्काए।
- यो विरता हामी फिलिपको जीवनमा देख्छौं (प्रेरित ६:१-५; ८:२६-३०)। पवित्र आत्माले भरिपूर्ण भएर, एथोपियाकी रानीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्षलाई ख्रीष्टमा विश्वास गर्न अगुवाइ गरे।
- यो विरता हामी शाऊलको जीवनमा देख्छौं, जसले स्तिफनसलाई ढुङ्गाले हानेर मारेको देखेका थिए र पछिबाट

तिनले येशूलाई विश्वास गरे र ग्रहण गरे अनि ख्रीष्टको कामको निम्ति पावल बने।

सूची धेरै लामो हुन सक्छ। पवित्र आत्माले मानिसहरूलाई महान, असल र दयालु कुराहरू गर्ने शक्ति दिनुहुन्छ।

यो आज जेनीसँग साँचो हुन गएको छ। उनी दुई महिनाकी हुँदा उनका आमाबाबुले उनलाई छाडेर गएका थिए। उनले एघार वर्षको उमेरदेखि लागूऔषध प्रयोग गर्न थालेकी थिइन् । किशोरीको रूपमा, उनी चौबीस पटकभन्दा बढी पक्राउ परिन्। जबजेनीलाई एफबीआईद्वारा गिरफ्तार गरियो र आजीवन कारावासको सामना गर्नु परेको थियो, तब ६ मार्च २००५मा, उनले ख्रीष्टमा आफ्नो लामो समय ब्यतित गर्ने एक व्यक्तिद्वारा येशूलाई भेटिन्। ख्रीष्टले उनलाई उन्नाइस वर्षको लागुपदार्थको लतबाट छुटकारा दिनुभयो र परमेश्वरको अनुग्रहले उनलाई परिवर्तन गर्नुभयो। उनको परिवर्तनको पाँच महिनापछि, जेनीले आत्माले भरिएको र पवित्र जीवनको लागि आधारभूत बाइबल अध्ययन गरिरहेकी थिइन् र अन्तिम तीस दिनहरू डिटोक्स कार्यक्रममा गरिरहेकी थिइन्, उनले पवित्र आत्माको पूर्णताको उपहार स्वीकार गरिन् र सम्पूर्ण पवित्रीकरणको अनुभव गरिन्।

आज, जेनी एक अभिषिक्त सेविका हुन् र कन्सास सिटी मण्डलीमा सहयोगी पास्टरको रूपमा सेवा गर्छिन्। यस लेखनको समयमा, उनले भर्खरै बाह्र जना युवाहरूलाई पवित्रीकरण अध्ययनको माध्यमबाट नेतृत्व गरिसकेकी छिन् जसले उनलाई प्रभाव पारेको छ। उनले आफू जाने सेमिनरीमा इभान्जेलिज्म अवार्ड जितिन्। जेनीको जीवन र सेवकाई पवित्र आत्माद्वारा संचालित छ। पवित्र आत्माले तपाईद्वारा के गर्नुहुनेछ?

•••••••••••••••••

# उत्तम उपहार

*****

*तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई सल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ | लूका ११:१३*

*स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ।*
*मत्ती ७:११*

अरूले तपाईंलाई दिएका सबैभन्दा उत्तम उपहार के हो? परमेश्वरले तपाईंलाई त्यस प्रकारको उपहारभन्दा बढी दिनुहुनेछ - उहाँले तपाईंलाई पवित्र आत्मा दिनुहुनेछ। मत्तीमा हाम्रो समानान्तर खण्डले हामीलाई बताउँछ कि परमेश्वरले "राम्रा वरदानहरू" दिनुहुन्छ। यसरी, हामी पवित्र आत्मा राम्रा वरदानहरूमध्ये सबैभन्दा उत्तम उपहार हो भनी मान्न सक्छौं। यस पवित्र आत्माद्वारा नै, तपाईं आत्माबाट जन्मनुभएको , आत्माले भरिपूर्ण हुनुभएको, र आत्माको डोऱ्याइनु भएको छ।

सायद प्रार्थनाको सबैभन्दा नाटकीय जवाफको अनुभव मलाई मेरो पहिलो मण्डलीमा पास्टरीय सेवकाई गर्दै गर्दा भयो। हाम्रो मण्डली बढ्दै थियो, र मैले बेभ र फ्लोयडमा धेरै लगानी गरेको थिएँ। फ्लोयडले उद्धार पाएको थियो, मण्डलीमा सामेल भएको थियो, र बोर्डमा चुनिएको थियो।

एक वर्षभन्दा बढी समयसम्म मण्डलीमा पूर्ण रूपमा संलग्न भइसकेपछि, फ्लोयडले मलाई एक आइतवार दिउँसो भेट्न आग्रह गरे। उनले भने "बेभ र म मण्डली छोड्दै छौं।" म स्तब्ध बनें।

"किन ?" मैले जवाफ दिएँ। "के तिमी मसँग कुनै कुरामा रिसाएको छौ?"

फ्लोयडले भने, "हो, म तपाईंसँग रिसाएको छु तर केको लागि रिसाएको छु त्यो म भन्दिन।"

मैले भने, "यदि तिमीले मलाई यो के हो भनेर पनि बताउदैनौ भने, यसलाई सम्बोधन गर्न गाह्रो छ। म यतिमात्र भन्न सक्छु कि म यसको बारेमा प्रार्थना गर्नेछु।"

"तपाईंले चाहेको सबै प्रार्थना गर्न सक्नुहुन्छ। तर हामी जाँदैछौं।" त्यसको साथमा, फ्लोयडले मलाई हाम्रो एक सहायक संस्थाको कोषाध्यक्षको विवरण मलाई दिए।

म उदास भएँ जब म आफ्नो कोठामा फर्किएँ र मेरी श्रीमतीलाई भनें। हामीलाई भर्खरै एउटा ठूलो मण्डलीको पास्टरको लागि आमन्त्रित गरिएको थियो – मण्डली ठूलो, बस्ने ठाउँ ठूलो, दोब्बर तलब। हामीले हाम्रो वर्तमान असाइनमेन्टमा जारी राख्नको लागि परमेश्वरको इच्छा हो भन्ने विश्वास गर्दै मैले यसलाई अस्वीकार गरें। तर फ्लोयडसँगको मेरो कुराकानी पछि, मैले न्यान्सीलाई भनें, "यदि यहाँका मानिसहरूले हाम्रो बारेमा यस्तै महसुस गर्छन् भने, सायद यो हाम्रो लागि सर्ने समय हो।"

न्यान्सीले जवाफ दिएर भनिन्, "सबैले हाम्रो बारेमा यस्तै सोच्छन् भनेर सोच्ने कुरामा शैतानलाई तपाईंलाई छल्ने अनुमति दिंदिन। सबैलाई होइन तर केवल दुई जनाले यस्तो सोचेका हुन्।

"प्रभु", मैले प्रार्थना गरें, "यदि यसले तपाईणको राज्य वृद्धि हुन्छ भने म यो मण्डलीलाई बेइज्जतमा छोड्न तयार छु – तर होइन भने म यहाँ बस्नेछु र लड्नेछु। हे प्रभु मलाई भन्नुहोस्, म के गरूँ?"

त्यो क्षणमा, मेरो मनको आँखामा बेलायती कुकुरको छवि सररर आयो। मलाई बेलायती कुकुरको प्रसिद्धी थाहा थियो: त्यसले जस्तै अवस्थामा पनि पक्रिरहन्छ।

"हुन्छ प्रभु, म यही रहनेछु", मैले भनें। "तर फ्लोइडचाहिँ?"

प्रभुले यसो भन्नुभयो, *"फ्लोइडसित म कुरा गर्छु"।*

"अति उत्तम" म चिच्याएँ।

त्यसपछि परमेश्वरले मलाई थप निर्देशन दिनभयो: ७ *दिनसम्म यो कुरा कसैलाई नभन्नु।*

वास्तवमा नै, सातौं दिनमा, फ्लोयड मकहाँ आयो। "के तपाईंले कसैलाई बताउनुभएको छ कि मैले मण्डली छोडेको छु?" उसले सोध्यो।

मैले उसलाई भनें कि मैले कसैलाई भनेको छैन।

फ्लोयडले भने, "यदि तपाईंले कसैलाई भन्नुभएको छैन भने, वेभ र मैले बस्ने निर्णय गरेका छौं। म मेरो कोषाध्यक्षको जिम्मेवारी फिर्ता लिनेछु।"

म त्यो मण्डलीमा अझ तीन वर्ष बसें। गत वर्षसम्म, मण्डली यसको उच्चतम उपस्थिति, उच्चतम सदस्यता, र उच्चतम आर्थिक दिने अवस्थामा पुगेको थियो। फ्लोइड मण्डलीको सेवकाईको गहनतामा पुग्यो र हाम्रो निर्माण कार्यक्रममा एक प्रमुख शक्ति बन्यो। अर्को वर्ष, हामीसँग एउटा सुन्दर नयाँ सेवालय र शैक्षिक विभाग थियो।

म खुसी छु कि म बसें र सात दिन पर्खें। म कृतज्ञ छु परमेश्वरले फ्लोयडसँग कुरा गर्नुभयो। र म पवित्र आत्माले भरिएदेखि मैले कति धेरै प्रार्थनाहरू परमेश्वरले जवाफ दिनुभयो सो देखेको छु।

•••••••••••••••••

# पवित्र आत्मा समाप्त भएको थिएन

*****

*र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाह पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ। उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्नसक्नुहुन्छ।*

*एफिसी ३:१९-२०*

फ्लोयड र बेभमा आत्माको नेतृत्व देखेर मैले धेरै कुरा सिकें। जब तपाईं निराश हुनुहुन्छ, यो सामान्यीकरण गर्न सजिलो छ। जब उनीहरूले मलाई मण्डली छोड्दैछन् भने, तब मैले सोचें, *मानिसहरूले हाम्रो बारेमा यस्तै महसुस गरेका छन्* - वास्तवमा, फ्लोयड र बेभले मात्र यस्तो सोचेका थिए। थकित, हैरान, बिरामी वा निराश भएको बेला हामीले कहिल्यै ठूलो निर्णय लिनु हुँदैन भनी मैले सिकें। (यद्यपि, कसैले एक पटक ठट्टा गरेजस्तै, "त्यो सबै कुराको समय छ।")

मेरो प्रार्थनाको अंश थियो, "फ्लोइडको बारेमा चाहिँ?" हामीले नयाँ मण्डली भवन निर्माण गर्ने समयको बारेमा, फ्लोयड मसँग आएर भने, "पास्टर, मलाई मिशिगनमा राम्रो जागिरको प्रस्ताव आएको छ। मलाई लाग्छ कि मैले यसलाई लिनुपर्छ। अहिले हाम्रो तीन सन्तान भएको छ। म पूर्ण शिक्षित छैन, र यहाँ मेरो कामहरू कम तलबका छन्। हामीलाई त्यहाँ सर्न आवश्यक छ।"

"फ्लोयड, म तिमीलाई यहाँबाट गएको देख्न मन पराउँदिनँ - तिमी मेरो लागि छोरा जस्तै छौ। तर म तिम्रो परिस्थीतिलाई बुझ्छु।"

फ्लोयड र बेभ जानअघि, तिनीहरूले हामीलाई कन्सास शहरमा सरेदेखि हामीले खाएको उत्कृष्ट रेस्टुरेन्टमा लगे। पारसोनेज (पादरी बस्ने घर)मा आएपछि, फ्लोयड हैरानीमा हिड्दै थिए। केही क्षणपछि, उसले अन्ततः मलाई भन्यो, "पास्टर शेभर, तपाईं मैले चिनेको सबैभन्दा महान् व्यक्ति हुनुहुन्छ।" यो साँचो थिएन, तर उसले मेरो बारेमा पहिला कस्तो सोंच राखेको थियो भन्ने प्रकाशमा, उसको यो सोचमा म खुशी भएँ।

परिवार मिशिगनमा सरे, र फ्लोयडले आफ्नो नयाँ काम सुरु गरे। केही दिनमै उसले यो कामबाट छुट्नु पर्‍यो । काम उसले गर्न नसक्ने थियो। उनले बेभसित विलौना गरे – अब तिनीहरूले के गर्नुपर्छ? उनले आफ्नो सीप सीमित भएको महसुस गरे।

फ्लोयड बैंकमा गए र घन्टौं पछि भुइँ पुछ्ने काम पाए। त्यसपछि उनले बैंकको ढोकामा रासायनिक उपचार गरिएका ट्र्याक रगहरू आपूर्ति गर्ने ठेक्का पाए। बेभको लुगा धुने मेसिनको लागि धेरै भारी भएकाले उसले रगहरू लन्ड्रोमेटमा लैजानुपर्‍यो। त्यहाँ हुँदा, उनले लन्ड्रोम्याटको अवस्था देखे र तिनीहरूको भुइँहरू पखाल्ने र तिनीहरूको ट्र्याक रगहरू आपूर्ति गर्ने ठेक्का पाए। त्यसपछि, उसले हार्डवेयर पसल र किराना पसल पायो।

यसैबीच, परिवार आफ्नो स्थानीय मण्डलीमा संलग्न भयो, जुन मेरो मण्डलीभन्दा दोब्बर ठूलो थियो। फ्लोयडलाई मण्डली बोर्ड र प्रमुख समितिको नेतृत्व गर्न चुनिएको थियो।

जब मैले तिनीहरूलाई कस्ता छन् भनेर बूझ्न फोन गरे, बेभले भने कि फ्लोयडले मण्डलीलाई धेरै दिइरहेको थियो। मैले फ्लोयडलाई उसको चौकीदार व्यवसाय कस्तो चलिरहेको छ भनेर सोधें।

"ओह," उसले भन्यो, "मैले त्यो व्यापार बेचिदिएँ। अब म यस सहरमा सपिङ मलको मालिक भएकोछु। मलमा, म कपडा पसल सञ्चालन गर्छु। यहाँको उत्तर सहरमा मेरो अर्को कपडा पसल छ।"

केही समय अघि, मैले बेभ र फ्लोयडसँग मिशिगन क्याम्प मिटिङमा भेटें। तिनीहरू दुवै आनन्दित थिए र येशूको लागि जोशिला भएका थिए।

मेरो प्रारम्भिक प्रार्थनामा, मैले परमेश्वरलाई सोधेको थिएँ, "फ्लोइडको बारेमा चाहिँ के हो?" जवाफमा, प्रभु "हामीले माग्ने वा कल्पना गर्नसक्ने भन्दा धेरै गर्न सक्षम हुनुहुन्थ्यो।" पवित्र आत्मा अझै फ्लोयडसँग समाप्त भएको थिएन। उहाँ तपाईंसँग पनि समाप्त हुनुभएको छैन!

•••••••••••••••••

# तपाईंलाई पवित्र आत्माको शक्ति चाहिन्छ

*****

*हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरूञ्जेल तिमीहरू यही सहरमा बसिरहो।*

*लूका २४:४९*

दुई जना महिलाहरू डी.एल. मुडीको मण्डलीको अगाडिको बस्ने सिटमा बसे। सेवाको अन्त्यमा, तिनीहरूले उनलाई भने, "हामीले तपाईंको लागि प्रार्थना गरिरहेका छौं।"

"तिमीहरू मानिसहरूको लागि किन प्रार्थना गर्दैनौ?" मुडीले सोधे।

स्त्रीहरूले जवाफ दिएर भने, "किनभने तपाईंलाई आत्माको शक्ति चाहिन्छ।" तिनीहरू मूडीसँग कुरा गर्न आए र उनी पवित्र आत्माले भरिपूर्ण होस् भनी प्रार्थना गरे।[20]

येशूलाई पनि आफ्ना चेलाहरूप्रति यस्तै चासो थियो। उहाँले तिनीहरूलाई पहिले नै प्रतिज्ञा गरिएको पवित्र आत्माको आगमनको बारेमा सिकाउनुभएको थियो (यूहन्ना १४-१६ अध्याय)। येशूलाई पछ्याउने तिनीहरूको विश्वासयोग्यता अनियमित थियो। कहिलेकाहीं तिनीहरू सबै एकै थिए; अन्य समयमा, तिनीहरूले सबैभन्दा ठूलो को हो भनेर बहस गरे, उच्च सम्मान खोजे, वा कठिन परिस्थीतिमा ख्रीष्टलाई त्यागे। लूका २४ मा, येशू पुनरुत्थान हुनुभयो र चेलाहरूलाई अन्तिम निर्देशन दिनुभयो। उहाँलाई थाहा थियो कि तिनीहरूका लागि एक विशेष ठाउँमा जानु र प्रभुको सामु पर्खनु उत्तम थियो - उहाँको साक्षी बन्ने महत्त्वपूर्ण कार्यको लागि उनीहरूलाई ख्रीष्टको शक्ति चाहिन्छ। तिनीहरूले आज्ञा पालन गरे र आत्माको शक्तिले भरिए (प्रेरित १:८ र २:१-४)।

अठार वर्षको उमेरतिर, ड्वाइट मुडीलाई उनको आइतवारे स्कूलका शिक्षक, मिस्टर किम्बलले ख्रीष्टमा डोऱ्याएको थियो, जुनचाहिँ मुडीले काम गरेको जुत्ता पसलको पछाडि थियो। त्यसपछि उनको सम्पूर्ण जीवन परिवर्तन भयो। उहाँले भन्नुभयो, "मेरो परिवर्तन हुनुअघि, मैले क्रुसतर्फ काम गरें, तर मेरो परिवर्तन भएको बेलादेखि मैले क्रुसबाट काम गरेको छु; पहिला मैले मुक्ति पाउनका लागि काम गरें, अब म काम गर्छु किनभने म मुक्ति पाएको छु।"

मूडी शिकागो गए र आइतवारे स्कूल सुरु गरे जुनचाहिँ 1,500को संख्यामा बढ्यो। अन्ततः, उनले प्रचार गर्न थाले।

उनी त्यस देशका इसाई खेतालाहरूको विधिहरू अध्ययन गर्न इङ्गल्याण्ड गए। उनले गहिरो इसाई अनुभवको लागि तृष्णा गर्नथाले जब हेनरी भार्लीले यसो भनेको सुने, "संसारले त्यस्ता ब्यक्तिलाई हेर्न बाँकी नै छ जसलाई परमेश्वरले पूर्णरूपमा पवित्र गर्नुभएको छ र त्यस मानिससँग र त्यसबाट उहाँले के गर्नुहुनेछ।"

मूडी शिकागोको ठूलो आगलागीपछि पुनर्निर्माणको निम्ति कोष संकलन गर्न न्यूयोर्क शहर गए। तर उनको मन काममा लागेन। उनले पछि प्रतिवेदन दिए, "म सधैं रोइरहेको थिएँ कि परमेशवरले मलाई उहाँको आत्माले भरिदिनुहुनेछ। एक दिन, न्यूयोर्क शहरमा... म यति मात्र भन्न सक्छु कि परमेश्वरले आफैलाई मकहाँ प्रकट गर्नुभयो, र मैले उहाँको प्रेमको यस्तो अनुभव पाएको छु कि मैले उहाँलाई उहाँको हातमा रहन आग्रह गरें। म फेरि प्रचार गर्न गएँ। उपदेशहरू फरक थिएनन्... तैपनि सयौं मानिसहरू परिवर्तन भए।"[21]

मूडीले ब्रिटिश टापुहरू र संयुक्त राज्य अमेरिकाको बीचमा अगाडि र पछाडि यात्रा गरे। चालीस हजारले उनलाई ग्लासगोमा प्रचार गरेको सुने। उनको अन्तिम क्रूसेड कन्सास शहरमा थियो; त्यहाँ, उनलाई हृदयघातले समात्यो र मर्नलाई घर गए। १८९९ मा, उनका केही अन्तिम शब्दहरू थिए, "यो मेरो विजय हो। यो मेरो राज्याभिषेकको दिन हो। म वर्षौंदेखि यसको लागि पर्खिरहेको छु।"[22]

येशूका चेलाहरूका लागि पवित्र आत्माको शक्ति उपलब्ध छ; ड्वाइट मूडी को लागी; तपाईं अनि मेरो लागि।

• • • • • • • • • • • • • • • • •

---

[20]. जेम्स गिल्क्रिस्ट लसन, *प्रख्यात मसीहीहरूको गहिरो अनुभव* (एन्डरसन, IN: वार्नर प्रेस, १९११), ३४७.

[21]. लसन, *प्रसिद्ध मसीहीहरूको गहिरो अनुभव*, ३४८.

[22]. लसन, *प्रसिद्ध मसीहीहरूको गहिरो अनुभव*, ३५१.

# मेरो हृदयमा घर बनाउनुहोस्

*****

*र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्...।*
*एफिसी ३:१७क*

एफिसी ३:१४-२१मा एफिसीहरूको लागि पावलको महान् प्रार्थनाबाट मलाई विचलित पार्ने वाक्यांश यहाँ छ। एफिसीको मण्डली कुनै समस्या भएको मण्डली थिएन; ती मानिसहरू असल र साँचो इसाईहरू थिए। पावलले तिनीहरूका लागि आत्माद्वारा बलियो हुन प्रार्थना गरे (३:१६) र तिनीहरू प्रेममा जरा गाडिएका हुनेछन् (३:१७)। यो बुझ्न सकिने छ, तर ख्रीष्टलाई पहिले नै स्वीकार गरिसकेका मानिसहरूका लागि "ख्रीष्ट तिमीहरूको हृदयमा वास गरून्" भनेर गरिएको प्रार्थना बुझ्न नसकिने छ।

यसको जवाफ "वास" शब्दको समृद्धि बुझाइमा निहित छ। बाइबल विद्वान विलार्ड टेलर यसो भन्छन्: "ग्रीकमा 'वास' भन्ने शब्द 'बस्नु', 'स्थायी बसोबास लिनु' भन्ने शब्दबाट आएको हो। त्यसैले ख्रीष्ट पाहुनाको रूपमा आउनुहुन्न, तर आफ्नो उचित घरमा स्वामीको रूपमा आउनुहुन्छ।[23]

हामी मेरो देशमा एउटा अभिव्यक्ति प्रयोग गर्छौं: "आफ्नै घर सम्झिनुहोस् ।" यसले पाहुनाहरूलाई आफ्नै घरमा छु भन्ने आभास दिएर आरामदायी र सहज बनाउन अनुमति दिन्छ।

एक प्रचारकको रूपमा, मैले धेरै यात्रा गरेको छु; मैले धेरै सुटकेसहरू प्याक गरेको छु र धेरै सामान्य मानिसहरूको घरमा बसेको छु। निस्वार्थ मायाले मलाई आफ्नो घर खोलिदिनुहुने सयौं व्यक्तिहरूप्रति म कृतज्ञ छु। बारम्बार, आइपुगेपछि, मलाई अतिथि शयनकक्ष देखाइन्छ र भनिन्छ, "डा. शेभर, कृपया घरजस्तै ठान्नुहोस्।" म प्याक खोल्न सुरु गर्छु र एउटा सूट र दुई खेल कोटहरू दराजमा झुण्ड्याउनको लागि लिन्छु, त्यो दराज परिवारले मौसमको अर्को परिवर्तनमा प्रयोग गर्ने लुगाहरूले भरिएको भेट्टाउँछु। जबसम्म समाधानको थाहा लाग्दैन म आफ्नो सूट र खेल कोट ओछयानमा राख्छु। म मेरा शर्टहरू खोल्छु, ध्यानपूर्वक नकुच्चिने प्रकारले पट्टाएर राख्छु। म चेस्टर दराजमा राख्न चारवटा शर्टहरू लैजान्छु र प्रत्येक चारवटा दराज जामले भरिएको भेट्छु। म के गरूँ? जब जागृति सभा समाप्त हुन्छ र म आफ्नै घरमा फर्कन्छु, त्यहाँ दराजको कुनै समस्या छैन। घरको मालिकको हैसियतमा मलाई कोठा बनाउन कोठरी वा दराजबाट लुगा निकाल्ने पूर्ण स्वतन्त्रता छ। यस ठाउँमा, म साँच्चै आफैलाई घरमा जस्तै बनाउँछु।

त्यसैले पावलले प्रार्थना गरिरहेका छन् कि एफिसीहरू जसले ख्रीष्टलाई आफ्नो हृदयमा ग्रहण गरेका छन् तिनीहरू गहनतामा जानेछन्- कि तिनीहरूले उहाँलाई विश्वासद्वारा आफ्नो हृदयमा पूर्ण रूपमा बस्न र घरमा बस्न अनुमति दिनेछन्। कसैले एक पटक भनेका थिए कि धेरै ईसाईहरूको जीवनमा, "ख्रीष्ट निवासी हुनुहुन्छ, तर उहाँ अझै त्यस घरको सभापति (मालिक) हुनुहुन्न।" यसलाई अर्को तरिकामा भन्नुपर्दा - ख्रीष्ट अतिथि हुनुहुन्छ, वा उहाँ घरको मालिक हुनुहुन्छ?

यसरी, इसाईनहरूले इसाई जीवनको गहिरो आयाममा प्रवेश गर्नुपर्दछ जसमा उनीहरू आत्माद्वारा सशक्त हुन्छन् (३:१६) र परमेश्वरको पूर्णताले भरिएका हुन्छन् (३:१९) - उनीहरूले आफ्नो हृदय र जीवनको पूर्ण स्वामित्व ख्रीष्टलाई दिनुपर्दछ। । के तपाईं इमानदारीसाथ येशूलाई भन्न सक्नुहुन्छ, "मेरो हृदयमा घर बनाउनुहोस्"?

•••••••••••••••••

[23]. विलार्ड टेलर, *बिकोन बाइबल एक्सपोजिसन भोल्युम. ८, गलाती र एफिसी* (Kansas City, MO: Beacon Hill Press of Kansas City, 1981), 165.

# हलमा भएको दराज समर्पण गर्दै

*****

*र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्।*

*एफिसी ३:१७ क*

ईश्वरीय प्रोफेसरहरू मध्ये एक रोबर्ट बाँयड मुंगेर हुन्, जसको अधीनमा रहेर मैले काम गरेको थिएँ। उहाँ धेरै कारणहरूका लागि प्रसिद्ध हुनुहुन्छ, तर उहाँ आफ्नो पुस्तिका *मेरो हृदय - ख्रीष्टको घर*मा इसाई जीवनको स्पष्ट विवरणको लागि प्रसिद्ध हुनुहुन्छ।

*मेरो हृदयमा - ख्रीष्टको घर*मा, एक व्यक्तिले ख्रीष्टलाई आफ्नो हृदयमा निम्तो दिन्छ, त्यसपछि ख्रीष्टलाई आफ्नो हृदयको कोठाहरूमा भ्रमण गराउँछ। पुस्तकालयले विचारशील जीवनको प्रतिनिधित्व गर्दछ; भोजन कक्षले भोक र इच्छाहरूको प्रतिनिधित्व गर्दछ; बैठक कोठाले उपासनामय जीवनको प्रतिनिधित्व गर्दछ; कार्यशालाले प्रतिभा र क्षमताहरूको प्रतिनिधित्व गर्दछ। मानिसले आफ्नो जीवनको प्रत्येक क्षेत्रलाई ख्रीष्टमा समर्पण गर्दछ। अन्तमा, त्यहाँ हलमा सानो दराज छ, ताला र चाबी मुनि राखिएको छ, जसमा मरेका र सडेका चीजहरू छन्। अन्तमा, मानिसले त्यो पनि शुद्धीकरण र अधिकारको लागि ख्रीष्टमा समर्पण गर्दछ। त्यसपछि, उसले सम्पूर्ण सम्पत्ति ख्रीष्टलाई पूर्ण मालिकको रूपमा समर्पण गर्दछ, न केवल अतिथि। यसले शक्तिशाली सन्देश दिन्छ।

एक दिन कक्षा सकिएपछि डा. मुंगेरले मलाई दिवा भोजनमा निम्तो दिए। भोजनको क्रममा, डा. मुंगेरले मलाई प्रेमपूर्वक प्रश्न गरे: "अन्य इभान्जेलिकलहरूलाई यो प्रक्रिया हो भनेर थाहा हुँदा पवित्रीकरणलाई संकटको क्षण हो भनेर तपाई ंकसरी भन्नुहुन्छ?"

"डा. मुंगेर," मैले जवाफ दिँदै भनें, "तपाईलाई याद छ जब मानिसले ख्रीष्टलाई आफ्नो हृदयको हलको कोठामा बस्ने अनुमति दिन्छ?"

"हो" उनले भने।

मैले बातचित जारी राखें, "के यो तत्काल हुन्छ, वा एउटा प्रक्रिया हो?"

"ओह," उनले दृढतापूर्वक भने, "यो तत्कालै हुन्छ!"

"डा. मुंगेर, हामी के कुरा गर्दैछौं - यो एक क्षणमा हुन्छ। त्यति मात्र होइन, मैले देशभरि तपाईंको कथा प्रचार गरेको छु र सयौं मानिसहरू तत्कालै अगाडि आएको, घुँडा टेकेको, प्रार्थना गरेको र आफ्नो हृदयको भित्री कोठा ख्रीष्टमा समर्पण गरेको देखेको छु।"

तुरुन्तै, डा. मुंगेरको आँखाबाट आँसु झऱ्यो - त्यसैले जबरजस्ती मलाई लाग्यो कि उनीहरूले मलाई हिर्काउनेछन्। त्यो क्षणमा, हामी दुवैलाई थाहा थियो कि जब हामीले प्रेममा यो कुरा गऱ्यौं, हामी दुवैले एउटै कुरामा विश्वास गऱ्यौं - आत्मसमर्पण र सफाई तत्कालै हुन्छ, अघि र पछिको प्रक्रियाको साथ।

खाना खाइसकेपछि म फर्किएर हलको कोठाको कथा फेरि पढें। "[ख्रीष्ट] ढोकामा जानुभयो, यसलाई खोल्नुभयो, भित्र पस्नुभयो, त्यहाँ सडेको, कुहेको सामान निकाल्नुभयो, र सबैलाई फ्याँकिदिनुभयो। त्यसपछि उहाँले त्यो कोठा सफा गर्नुभयो, रंग्याउनुभयो र तत्कालै सबै कुरा ठीक गर्नुभयो।"

के तपाईंले आफ्नो हृदयको हलको कोठालाई उहाँको शुद्धीकरण र पूर्ण अधिकारको लागि ख्रीष्टमा समर्पण गर्ने समय आएको छ? यो अहिले हुन सक्छ - यो तपाइँको छनौट मा निर्भर गर्दछ।

•••••••••••••••••

# हामीले मागेको वा चिताएको भन्दा ज्यादै

*****

*उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ। एफिसी ३:२०*

एक पटक, स्थानीय मण्डलीका पास्टरले मलाई सामान्य मानिसहरूको सूची दिए, जसमध्ये प्रत्येक एक निश्चित क्षेत्रमा उत्कृष्ट थिए। प्रत्येक पङ्क्ति "सबैले" बाट सुरु भएर "सक्दैन" मा अन्त भयो।

- ✓ सबैले क्याथीले जस्तै कफी केक पकाउन सक्दैन्।
- ✓ सबैले एडले जस्तै चीजहरू ठीक गर्न सक्दैनन्।
- ✓ सबैले स्टेसी र शर्लीले जस्तै डिनरहरू व्यवस्थित गर्न सक्दैनन्।
- ✓ सबैले हाम्रो प्रशंसा टोलीले जस्तै गाउन र बजाउन सक्दैनन्।
- ✓ सबैले केनले जस्तै माछा मार्न सक्दैनन्।
- ✓ सबैले सुजनले जस्तै बच्चाहरूलाई सिकाउन सक्दैनन्न्।
- ✓ केभिनले जस्तै मानिसहरूलाई सबैले अभिवादन गर्न सक्दैनन्।

तर पेन्टेकोस्टको दिनमा, पवित्र-शास्त्रले येशूका १२० चेलाहरूको बारेमा भन्दछ, "तिनीहरू सबै पवित्र आत्माले भरिएका थिए" (प्रेरित २:४)। सबैले सक्दैनन्... तर तिनीहरू सबै पवित्र आत्माले भरिएका थिए।

ख्रीष्टकहाँ आएका र आत्माबाट जन्मेका प्रत्येक व्यक्ति गहिराइमा जान र आत्माले भरिन सक्छ भनेर के तपाईंले थाहा गर्नुहुन्छ? पहिले, एफिसी ३:१४-२१मा, पद 19 यसरी अनुवाद गरिएको छ, "ताकि परमेश्वरको सारा तिमीहरू भरिपूर्ण होओ" (NRSV)।

एक पटक, मैले इसाईहरूलाई "आत्माले भरिपूर्ण" हुन आग्रह गरेपछि, केही हदसम्म रिसाएको एक जना युवकले मलाई चुनौती दियो। उसले कराएर भन्यो, "तपाईले 'आत्माले भरिपूर्ण होओ' भनेको के हो? के तपाई पवित्र आत्मा विभाजित भएको ठान्नुहुन्छ? के तपाईले आधा पवित्र आत्मा पाउनुहुन्छ जब तपाई परिवर्तन हुनुभयो र जब तपाई पवित्र हुनुहुन्छ अझ पूरा पवित्र पाउनुहुन्छ?"

"होइन", मैले जवाफ दिएँ, "मलाई लाग्दैन कि पवित्र आत्मा विभाजित हुनुहुन्छ। तपाईंको परिवर्तनको क्षणबाट, आत्माले तपाईं सबैलाई अधिकार गर्न चाहनुहुन्छ। तर जबसम्म तपाईको हृदयको एक भाग उहाँको पूर्ण नियन्त्रणबाट बञ्चित छ, तपाई भरिन सक्नुहुन्न। समस्या आत्माको होइन - यो तपाईंको समस्या हो।"

पावलले एफिसीको मण्डलीको लागि र तपाईंको लागि गरेका प्रार्थनाको बारेमा सोच्नुहोस्:

- कि उहाँको महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून् (३:१६)
- कि विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून (३:१७)।
- र सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ ले रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक (३:१८)।
- ताकि परमेश्वरका सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ (३:१९)।

यी सबै क्रियाहरूले परमेश्वरले तत्कालै के गर्नुहुनेछ भनेर संकेत गर्दछ।

तपाईंको प्रतिक्रिया यस्तो हुनसक्छ, "त्यो धेरै भयो - म मेरो आत्मिक जीवनमा त्यो ठाउँमा कहिल्यै पुग्न सकिनँ।" यद्यपि, वचनले हामीलाई बताउँछ, "उहाँलाई जसले हामी भित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (३:२०)। उहाँले यो गर्न सक्नुहुन्छ - तपाईले मागेको वा चिताएको भन्दा पनि ज्यादै। उहाँलाई तपाईं कहिले भरोसा गर्नुहुने?

• • • • • • • • • • • • • • • • •

# म तँलाई अगुवाइ गर्नेछु

*****

*म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु।*

*भजन ३२:८*

केही हदसम्म डरको साथ, म मेरो नयाँ शिक्षण कार्यको बारेमा छलफल गर्न डीनको कार्यालयमा बसें। अध्यक्ष विलियम ग्रेटहाउसले मलाई केही महिना अघि फोन गरेर सुसमाचार प्रचारको विषय पढाउनको निम्ति सेमिनरीमा बोलाएका थिए। प्रत्येक हप्ता फरक मण्डलीमा प्रचार गर्दै म पूर्ण-समय प्रचारकको रूपमा मेरो काममा खुशी थिएँ। यद्यपि, जब फोन आयो, मैले तुरुन्तै महसुस गरें कि यो मेरो लागि परमेश्वरको इच्छा हो।

अब मैले डीन मेन्डेल टेलरसँग भेट गरें। मैले भने, "मैले पढाउने योजना कहिल्यै गरिनँ । मैले शिक्षा दिने काममा एउटै कक्षा पनि लिएको छैन - तर पनि मलाई लाग्छ कि परमेश्वरले मैले यही गरेको चाहनुहुन्छ।"

डीनले पवित्र-शास्त्रका पदहरू भएको एउटा बाकस मेरो तर्फ धकेले। "एउटा लिनुहोस्," उनले भने। मलाई दुई सेमिस्टर-लामो कक्षाहरू तोकिएको थियो र एउटा लेक्चर पनि तयार थिएन। मैले अनियमित रूपमा एउटा पद निकालें। यसमा भनिएको थियो, "म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु।"

र के परमेश्वरले मलाई कहिल्यै डोऱ्याउनुभयो। राति अबेरसम्म मेरो डेस्कमा, र स्पष्ट ईश्वरीय नेतृत्वको साथ, मैले मेरो शिक्षण सामग्री तयार गर्दै आफ्नो विकास गरें। र के विद्यार्थीहरूले कहिल्यै प्रतिक्रिया दिए! अनुग्रहले भरिएको, रमाइलो तीस वर्षको शिक्षण पेशा मैले मेरो जीवनमा अनुभव गरे।

त्यो दिन डीनको कार्यालयमा भएको घटनाले आत्माले भरिएको जीवनको आधारभूत विशेषाधिकारलाई प्रकट गऱ्यो। जसरी रोमी ८:१४ ले भन्छ, "किनभने सबै, जो परमेश्वरको आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।"

फिलिपलाई इथियोपिया जान अगुवाइ गरिँदा, "आत्माले फिलिपलाई भन्नुभयो, 'जाऊ र त्यस रथको साथ लाग'" (प्रेरित ८:२९)। फिलिपलाई प्रेरित ६:३ मा पहिले नै वर्णन गरिएको थियो: "यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र र बुद्धिले भरिएका र सबै आदर पाएका सात जना मानिसहरू छान जसलाई हामी यस काममा नियुक्त गरौं।"

के तपाई आत्माले भरिपूर्ण हुनुहुन्छ? के तपाई आत्माले डोऱ्याइएको हुनुहुन्छ? के तपाईलाई थाहा छ यसको अर्थ के हो जब परमेश्वरले भन्नुहुन्छ, "म तिमीलाई मार्गदर्शण गर्नेछु"?

•••••••••••••••••

# सल्लाहकार

*****

*र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ।*
*यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ।*
*तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ।*
*यूहन्ना १४:१६-१७*

बीस परिवारका सदस्यहरू ट्रेजर आइल्याण्ड, फ्लोरिडामा वार्षिक पुनर्मिलनको लागि भेला भइरहेका थिए। कोही गाडी चलाइरहेका थिए, कोही उडिरहेका थिए। चाडको परिवार - दुई वयस्क र चार बच्चाहरू - विमानबाट आइपुगे। मेरो छोराले मलाई फोन गऱ्यो र सोध्यो कि म चाडलाई हाम्रो कार चलाउन दिन्छु ताकि उनीहरूले किराना पसलमा गएर किनमेल गर्न सकून्। मेरो छोरा, जसको मसँग चाडभन्दा घनिष्ट सम्बन्ध थियो, चाड र उसको परिवारको तर्फबाट बिन्ती गरिरहेको थियो - उसले तिनीहरूको पक्षमा वकालत गरिरहेको थियो।

येशूले चाँडै आफ्ना चेलाहरूलाई छोड्नुहुनेवाला थियो, त्यसैले उहाँले आफ्ना पितालाई तिनीहरूलाई पवित्र आत्मा दिनुहोस् भनेर प्रार्थना गर्नुभयो, जसको बारेमा उहाँले चेलाहरूलाई "तिमीहरूलाई मद्दत गर्ने अर्को सल्लाहकार" भनेर वर्णन गर्नुभयो। जसरी येशूले चेलाहरूको तर्फबाट पितासँग प्रार्थना गर्नुभएको थियो, पवित्र आत्माले येशूको ठाउँ लिनुहुन्छ र येशूले जस्तै तिनीहरूलाई मद्दत गर्नुहुनेछ।

पवित्र आत्मालाई संसारले (परमेश्वरविना बाँच्ने मानिसहरू) स्वीकार गर्न सक्दैन, तर ख्रीष्टलाई पछ्याउनेहरूले मात्र स्वीकार गर्नेछन्। वास्तवमा, पवित्र आत्मा तिनीहरूमा वास गर्नुहुनेछ।

अझ येशूले भन्नुभयो, "तर सल्लाहकार, अर्थात पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" (यूहन्ना १४:२६)। पछिबाट, उहाँले अझ विस्तृतरूपमा भन्नुभयो: "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात सत्यको आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ" (१५:२६)।

१यूहन्ना २:१मा फेरि यो "सल्लाहकार" शब्द प्रयोग गरिएको छ: "मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने (सल्लाहकार) एक जना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट।" अब ख्रीष्ट हाम्रो पक्षमा बोलिदिनुहुने हुनुहुन्छ। ख्रीष्टियनहरूले पापमाथि विजयी भएर बाँच्ने आशा गर्नुपर्छ - तर यदि पाप हुन्छ भने पनि हामी तुरुन्तै ख्रीष्टमा यो कुरा लैजान सक्छौं, जसले हाम्रो लागि पितासामु बिन्ती गर्नुहुनेछ। हामी ढुक्क हुन सक्छौं १ यूहन्ना १:९मा यसरी लेखिएको छ, "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ।"

कल्पना गर्नुहोस् – पवित्र आत्मा तपाईंको सल्लाहकार (तपाईंको पक्षमा बोलिदिनुहुने) हुनुहुन्छ। येशू ख्रीष्ट तपाईंको सल्लाहकार हुनुहुन्छ।

•••••••••••••••••

# तपाईं जान्न सक्नुहुन्छ

*****

*तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतूले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। १ यूहन्ना ५:१३*

ल्यारी, मेरो कलेजको सहपाठीले, खोजिरहेका थिए। यद्यपि उनी मण्डलीमा हुर्केका थिए, बलियो मूल्यहरू थिए, र आत्मिक मामिलाहरूमा ख्याल राख्थे, तर उनी *निश्चित* थिएनन् कि उनी इसाई हुन् कि होइनन्। कलेजको बाइबल अध्ययन समूहमा भाग लिएपछि, उनले समूहका धेरै मानिसहरूले आफ्नो मुक्तिको आश्वासन पाएको टिप्पणी गरे।

अनुसन्धान वैज्ञानिक बन्ने योजनामा, ल्यारीले परमेश्वरसँगको आफ्नो सम्बन्धलाई तर्कसंगत रूपमा राखे। पुस्तकालयको आफ्नो अध्ययन कोठामा, उनले अरू कसैले नदेखोस् भनेर बत्ती बाले, र घुँडा टेके। उनले प्रतिज्ञाका वचनहरू पढे, "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन" (यूहन्ना ६:३७), अनि "हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ" (प्रकाश ३:२०)।

ल्यारीले प्रार्थना गरे, "यदि तपाईं साँच्चै सुसमाचारका पुस्तकहरूमा दाबी गर्ने व्यक्ति हुनुहुन्छ भने, म तपाईंलाई मेरो जीवनमा आफैलाई प्रकट गर्ने अनुमति दिन्छु। र मैले कुनै समय सीमा तोकिरहेको छैन।"

छ महिना पछि, ल्यारीले भने, "मसँग चाहिने सबै प्रमाणहरू थिए। प्रार्थना परमेश्वरसँगको जिउँदो कुराकानी बनिरहेको थियो, र बाइबल एक रोमाञ्चक, जीवन परिवर्तन गर्ने पुस्तक बन्यो, मानौं परमेश्वरले मसँग व्यक्तिगत रूपमा बोल्दै हुनुहुन्छ। मेरो सम्पूर्ण मनोवृत्ति र चरित्र परिवर्तन भइरहेको थियो। परमेश्वरको वचन, परिवर्तन भएको जीवन, र आफ्नो जीवनमा काम गरिरहेको ख्रीष्टको प्रमाणको साथ, ल्यारीले थाहा पाए कि उनी एक वास्तविक ईसाई थिए। आज, उनी सुसमाचारको सेवक हुन् र उल्लेखनीय आत्मिक शक्ति भएको व्यक्ति हुन्।

तपाईं ख्रीष्टियन हुनुहुन्छ भनी तपाईंले जान्न सकोस् भन्ने परमेश्वर चाहनुहुन्छ। यो १ यूहन्नाको एक प्रभावशाली विषयवस्तु हो, जस्तो ५:१३ मा लेखिएको छ, "तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा *जान* भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।"

निम्न तरिकाद्वारा तपाईं एक इसाई हुनुहुन्छ भनेर *जान्न* सक्नुहुन्छ:

- वचनको साक्षी: "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ" (१ यूहन्ना १:९)। यो पनि याद राख्नुहोस् परमेश्वर हाम्रो पापलाई क्षमा गर्न र शुद्ध पार्न विश्वासयोग्य हुनुहुन्छ।
- इच्छाको साक्षी: "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एकअर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्दछ" (१ यूहन्ना १:७)। जब मेरो इच्छा शक्तिको मेरो व्यक्तिगत समर्पणताले भन्नसक्छ, "म परमेश्वरले दिनुभएको ज्योतिमा मा हिँड्दैछु," म निश्चित हुनसक्छु कि म इसाई हुँ।
- हिड्ने साक्षी – "तिनीहरूका फलबाट चिन्नेछौ" (मत्ती ७:२०)। तपाईंको जीवनले यसलाई देखाउनेछ।
- आत्माको साक्षी – " हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुहुन्छ" (रोमी ८:१६)। आत्माले भित्री आश्वासन, शान्ति, र परमेश्वरको जागरूकता दिन्छ ताकि तपाईंलाई थाहा छ कि तपाई परमेश्वरको सन्तान हुनुहुन्छ।

चौध हप्ता पहिले यस लेखको रूपमा, रोबले येशू ख्रीष्टलाई स्वीकार गरे। केही दिन अघि, मैले रोबलाई सोधें कि उसलाई

कसरी पक्का थाहा भयो कि ऊ इसाई हो। उनले भने:

> मैले मेरो हृदय ख्रीष्टलाई दिएँ। मलाई थाहा छ, यो हृदयभित्र शान्ति र निश्चयता छ। म येशूसित हिँडिरहेको छु अनि बातचित गरिरहेको छु। मेरो हिँडाई अर्कै भएको छ। फरवरी १९ देखि यता मैले कहल्यै शंका गरेको छैनँ।

कति अचम्मको, अद्‌भूतको सत्य यो हो कि तपाई ंजान्न सक्नुहुन्छ कि तपाई ंएक इसाई हुनुहुन्छ, कि तपाई ंमुक्ति पाउनुभयो, र तपाई ंपरमेश्वरको साथ हुनुहुन्छ। जीवनमा चारै साक्षीहरू मिलेर बस्दा उत्तम हुन्छ। तपाईलाई यो आश्वासन पाउँदा परमेश्वरलाई खुशी लाग्छ।[24]

•••••••••••••••••

[24]. यस अघि *स्ट्याण्डर्ड*, जुन ५, २०१६ (Kansas City, MO: WordAction Publishing) मा प्रकाशित भएको थियो। अनुमतिद्वारा प्रयोग गरियो।

# पवित्रीकरणको लागि पनि आश्वासन

*****

*तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।*
*१ थिस्स. ५:२४*

पछिल्लो एक सय वर्षमा, मेथोडिस्ट मण्डलीमा सबैभन्दा ठूलो शक्तिहरू मध्ये एक ई. स्टेनली जोन्स थिए। ख्रीष्टमा परिवर्तन भएको एक वर्षसम्म, तिनी ठूलो आनन्दमा बाँचे। त्यसपछि, तिनले आफ्नो हृदयको तहबाट कुरूप स्वभाव, चिडचिडापन र गहिरो द्वन्द्वहरू निस्कन सुरु गरेको भेट्टाए। तिनले परमेश्वरलाई गहिरो सम्बन्धको लागि खोजे।

प्रभुले तिनलाई सोध्नुभयो, "तिम्रो सबै कुरा मलाई दिनसक्छौं?"

जोन्सले उत्तर दिए, "हजुर प्रभु, पक्कै म सबै कुरा तपाईंलाई दिन्छु। मैले जानेका र मैले नजानेका जे जत्ति छन् ती सबै म तपाईंलाई दिन्छु।"

प्रभुले जवाफ दिनुभयो, "त्यसो भए मेरो सबै लेऊ - पवित्र आत्मा लेऊ।"

जोनले यसलाई "उहाँको सबै मेरो लागि" भनेर देखे। तिनले उत्सुकतासाथ जवाफ दिए, "म पवित्र आत्मा लिनेछु।" तिनी परमेश्वरको वचन बाहेक यस प्रतिज्ञाको कुनै प्रमाण बिना प्रार्थनाबाट उठे। शङ्काहरू पुन: उठ्न थाल्यो, तर तिनले प्रार्थनाद्वारा ती शंकाहरूलाई हटाए।

कोठाको वरिपरि हिँड्दा, परमेश्वरको आत्माले उनको हृदयमा साक्षी दिनुभयो। पछि, तिनले गवाही दिए, "अचानक म पवित्र आत्माले भरिपूर्ण भएँ। एकपछि अर्को छाल सफा गर्ने आगोको रूपमा मबाट गुज्रिरहेको देखिन्थ्यो... मलाई थाहा थियो यो कुनै भावना थिएन; पवित्र आत्मा मसँग सधैंभरि रहन आउनुभएको थियो।"[25]

जोन वेस्लीले भने, "त्यसर्थ, पवित्र आत्माले उहाँको सम्पूर्ण पवित्रतालाई न्यायको रूपमा स्पष्ट प्रकट गरून्जेल काम पूरा भयो भनी कसैले पनि विश्वास गर्नुहुँदैन।"26

जब पत्रुसले यो तथ्य स्थापित गर्दै थिए कि परमेश्वरले उहाँसँग डराउने अन्यजातिहरूलाई पनि स्वीकार गर्नुभयो, पत्रुसले येशूका पहिलेका चेलाहरूका लागि आत्माले के गर्नुभएको थियो भन्ने कुरालाई स्थापित गर्दै थिए: "हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गर्नुभएको कुरा देखाउनुभयो। उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो" (प्रेरित १५:८-९)। पछिबाट, यूहन्नाले घोषणा गरे, "उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको हुनाले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौ र उहाँ हामीमा रहनुहुन्छ" (१ यूहन्ना ४:१३)।

ग्यारी स्थानीय किराना पसलका प्रबन्धक थिए। तिनले ख्रीष्टलाई एक वर्षदेखि चिनेको थिए, र तिनको पादरी तिनको वृद्धिमा खुशी थिए। मण्डलीको आत्मिक नवीकरण सेवाहरूको क्रममा, तिनले १ थेसलोनिकी ५:२३-२४ बाट सम्पूर्ण शुद्धिकरणको शिक्षा सुने। त्यसपछि, तिनी प्रार्थना गर्न अगाडि आए।

"परमेश्वरले तपाईंको लागि के गरून् भन्ने तपाईं चाहनुहुन्छ?" प्रचारकले सोधे ।

"उहाँले मलाई पवित्र गरिदिनुभएको म चाहन्छु," ग्यारीले जवाफ दिए।

तिनीहरूले १थेसलोनिकी ५:२३-२४ पढे: "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्...तिमीहरूलाई

---

[25]. इ. स्ट्यानले जोन्स, *अ सांग अफ एस्सेन्ट्स* (नाशभिल: अबिङ्गडन प्रेस, १९६८), ५२–५३।

[26]. एच. ओर्टन वाइलेमा उद्धृत गरिए झैं, *क्रिस्टियन थियोलोजी II* (कन्सास सिटी, मो: बिकोन हिल प्रेस, १९५३), ५१४।

बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।" प्रचारकले ग्यारीलाई आफ्नो सम्पूर्ण माफ गरिएको जीवन परमेश्वरमा फेरि समर्पण गर्न र कुनै पनि बाँकी रहेको आत्मकेन्द्रितताबाट तिनलाई शुद्ध गर्न ईश्वरसँग विन्ती गर्न आग्रह गरे। उनले तिनलाई विश्वासमा पुग्न र परमेश्वरले नै गर्नुहुनेछ भनी विश्वास गर्न भने। ग्यारीले विश्वासको अर्थ के हो भनेर सोधे।

प्रचारकले सोधे, "गेरी, तिमी यहाँ प्रार्थना गर्न किन आयौ?"

"परमेश्वरले मलाई बोलाउनुभयो," ग्यारीले जवाफ दिए।

"परमेश्वरले तिमीलाई किन बोलाउनुभयो?"

"मलाई पवित्र बनाउनको निम्ति।"

"ठीक छ, बाइबलले भन्छ, तपाईंलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, र उहाँले यो गर्नुहुनेछ। तपाईंले कहिले गर्नुहुन्छ भनेर तपाईं विचार गर्नुहिन्छ।

"अहिले!" ग्यारीले चिच्याएर भने।

तीस सेकेन्डको प्रार्थनापछि, ग्यारी मुस्कुराउँदै थिए। "ओह," तिनले भने, "मलाई थाहा छ। यो भयानक छ।"

ई. स्ट्यान्ली जोन्स, जोन वेस्ली र ग्यारीले जस्तै, तपाईले *जान्न* सक्नुहुन्छ कि परमेश्वरले तपाईलाई पवित्र गर्नुहुन्छ; आत्माले तपाईलाई अहिले भर्नुहुन्छ भनी थाहा पाउन सक्नुहुनेछ। अहिले मलाई भर्नुहोस्!

•••••••••••••••••

# परमेश्वरले यो मोशालाई पठाउनुभयो

*****

*यही मोशा, जसलाई तिनीहरूले 'कसले तिमीलाई हाम्रो हाकिम र न्यायकर्ता तुल्यायो' भनेर इन्कार गरेका थिए, तिनलाई परमेश्वरले पोथ्रामा देखा पर्ने स्वर्गदूतद्वारा हाकिम र उद्धारकर्ता तुल्याएर पठाउनुभयो।*

*प्रेरित ७:३५*

विडम्बना, होइन र: मानिसहरूले कसरी परमेश्वरका चुनिएका प्रतिनिधिहरूलाई इन्कार गर्छन्? इस्राएलीहरूले मोशालाई इन्कार गरे; धेरै अगमवक्ताहरूले तिनीहरूको कुरा मानिसहरूले नसुनेका भेट्टाएका छन्। मानिसहरूले स्तिफनसलाई पनि अस्वीकार गरे, यहाँसम्म कि तिनले मानिसहरूलाई येशू, जसलाई तिनीहरूले क्रूसमा टाँगे, उहाँ परमेश्वरबाट पठाइनुभएको हो भनी स्मरण दिलाए।

जोन वेस्ली जान्दथे कि सुनुवाइलाई अस्वीकार गर्नु भनेको के हो। एक पटक तिनीमाथि ढुङ्गा हानिएको थियो; अर्को पटक तिनका शत्रुहरूले तिनलाई लौरोले कुट्ने प्रयास गरे। अक्सर, तिनले मण्डलीका सेवकहरू वा साधारण विश्वासीहरूबाट टिप्पणी प्राप्त गर्थे, "सर, तपाईंले यस ठाउँमा अब प्रचार गर्नुहुन्न।" तैपनि तिनको कुरा सुन्नेहरूले उद्धार पाए। र अब, इतिहासले हामीलाई बताउँछ कि वेस्लीको प्रचार पछिको जागृतिले इङ्गल्याण्डलाई भयानक क्रान्तिबाट बचायो।

हिंसात्मक विरोधको सामना गर्दा पनि, साँच्चै परमेश्वरबाट पठाइएको व्यक्तिले सन्देश प्राप्त गर्ने बाटो फेला पार्छ। मोशाले आफ्ना मानिसहरूलाई कैदबाट बाहिर ल्याए। स्टीफनले आफ्ना अन्तिम शब्दहरूलाई अचम्मको साक्षी बनाए। वेस्लीले तिनको विरुद्धमा उठेका शत्रुको बावजुद प्रचार गरे।

उहाँले पुल्पिटबाट बोल्न पठाउनु भएकाहरूलाई बेवास्ता गरेर परमेश्वरको सन्देशलाई बेवास्ता गर्ने दोषी नबन्नुहोस्।[27]

• • • • • • • • • • • • • • • • •

[27]. *Come Ye Apart मा अघिबाटै प्रकाशित, जुलाई- अगस्त- सेप्टम्बर १९६४* (Kansas City, MO: Nazarene Publishing House), 18. अनुमतिद्वारा प्रयोग गरिएको छ। (पछिबाट यो प्रकाशन *रिफ्लेक्टिङ गाड"* मा परिवर्तन भयो)।

# किन प्रभुले ढिलो गर्नुहुन्छ

*****

*आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान हुनुहुन्छ।*

*२पत्रुस ३:९*

*पवित्रता र उपासनाको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ भन्ने जानेर तिमीहरू परमेश?वरको दिन प्रतीक्षा गर्दछौं र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ।*

*२ पत्रुस ३:११ख-१२क*

प्रभुले आफ्नो दोस्रो आगमनमा ढिलाइ गर्ने खास दुई कारणहरू छन्:
१. तपाईंले साक्षी दिनुभएका मानिसहरू साथै अन्य धैरै मानिसहरूलाई पश्चात्ताप गर्ने समय दिनको लागि।
२. हामीलाई “पवित्र र ईश्वरीय जीवन बिताउने” अवसर दिनको लागि।
म धैरै खुसी छु कि येशूले आफ्नो आगमनलाई अलि ढिलो गर्नुभयो।
मलाई लाग्छ कि उहाँ १९५४ मा आउन सक्नुहुन्थ्यो - तर म धैरै खुसी छु कि उहाँले पर्खनुभयो किनभने मैले उहाँलाई १९५५ मा मेरो मुक्तिदाताको रूपमा ग्रहण गरें, एक बीस वर्षीय कलेज विद्यार्थीको रूपमा।
म खुसी छु कि उहाँले पर्खनुभयो किनभने, अर्को वर्ष, बयालीस वर्षको उमेरमा, मेरी आमाले ख्रीष्टलाई ग्रहण गरिन्।
म खुसी छु कि उहाँले पर्खनुभयो किनकि चार वर्षपछि मेरा बुवाले ५९ वर्षको उमेरमा येशू ख्रीष्टलाई ग्रहण गरे।
म खुसी छु कि उहाँले पर्खनुभयो किनकि मेरा हजुरआमाले ८८ वर्षको उमेरमा येशू ख्रीष्टलाई ग्रहण गरिन्।
म खुसी छु कि उहाँले पर्खनुभयो किनकि मेरो छोरोले १७ वर्षको उमेरमा येशू ख्रीष्टलाई ग्रहण गऱ्यो।
म खुसी छु कि उहाँले पर्खनुभयो किनकि मेरी छोरी पुन: २७ वर्षको उमेरमा येशू ख्रीष्टमा फर्केर आइन्।
म खुसी छु कि उहाँले पर्खनुभयो किनकि मेरी अर्की छोरी ३० वर्षको उमेरमा फेरि येशू ख्रीष्टकहाँ फर्केर आइन्।

पत्रुसले जे भने त्यो कुनै अचम्मको कुरा होइन, “हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान” (२ पत्रुस ३:१५)। यो मेरो परिवारको लागि निश्चित सत्य ठहरिएको छ।

तर त्यहाँ दोस्रो तत्व छ: “जसै तपाईंले परमेश्वरको दिनको प्रतीक्षा गर्नुहुन्छ, तपाईंले पवित्र र ईश्वरीय जीवन जिउनुपर्छ।” पत्रुसले यो मुद्दा सुरुमै स्थापित गरे जब उनले लेखे, “पवित्र होओ, किनकि म पवित्र छु” (१ पत्रुस १:१६)। तर कसरी मेरो हृदयलाई पवित्र बनाउन सकिन्छ - लुकाउनको लागि यति प्रवण, गहिरो, लुकेको स्वार्थबाट बेखबर? फेरि, पत्रुस यसो भन्छन्: “हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गर्नुभएको कुरा देखाउनुभयो। उहाँले तिनीहरू हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, *तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो*” (प्रेरित १५:८-९)।

पवित्र आत्मा मेरो हृदयको गहिराइमा जानुभयो, र उहाँले विश्वासद्वारा यसलाई शुद्ध गर्नुभयो। अब, दिनहुँ, म “उहाँसँग निर्दोष, दागरहित र शान्तिमा पाउनको लागि” (२ पत्रुस ३:१४) र अनुग्रहमा बढ्नको लागि (३:१८) म हरदम प्रयास गर्छु। धन्यवाद प्रभु, पर्खनुभएकोमा।

•••••••••••••••••

# कुनैपनि तरिकाले ... कसैलाई बचाउनुहोस्

*****

*यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु। २ इतिहास ७:१४*

1949 मा, स्कटल्याण्डको तटमा रहेको हेब्रीड्स टापुहरूमा अवस्थित बरभास नामक समुदायमा, छ जना प्रेस्बिटेरियन सामान्य मानिसहरू र तिनीहरूका पास्टर भेटे। तिनीहरूले नजिकैका सहरहरूको आत्मिक जागृतिको लागि प्रार्थना गरे, जहाँ युवाहरूले मण्डलीको ढोका विरलै अँध्यारो पार्छन्। तिनीहरूको प्रतिज्ञा २ इतिहास ७:१४ थियो।

महिनौंसम्म, हप्ताको तीन रात प्रति रात छ घण्टाको लागि, ती मानिसहरूले कुनै स्पष्ट परिणाम बिना परमेश्वरलाई खोजे। अन्तमा, एक रात, समूहमा एक जना मानिसले तिनीहरूलाई सम्झायो कि सफा हात र शुद्ध हृदय भएका मानिसहरूले मात्र प्रभुबाट आशीर्वाद पाउनेछन् (भजन २४)। तिनीहरू फेरि घुँडा टेकेर आफ्नो आवश्यकतालाई स्वीकार गरे- अनि त्यसपछि, परमेश्वर र जागृति आयो।

दुई हप्ता पछि, तिनीहरूको जागृति सेवाहरूको पहिलो रातमा, त्यहाँ कुनै परिणाम नभएको जस्तो देखिन्थ्यो - तर विश्वासीहरू विश्वासमा अडिग रहे। अर्को रातको सेवा एक प्रहरीद्वारा अवरुद्ध भयो। उनले प्रचारकलाई त्यहाँ रोइरहेको भीडलाई सेवा गर्न प्रहरी चौकीमा आउन आग्रह गरे। त्यो रात, करिब छ सय मानिसहरूले त्यो प्रहरी चौकी वरिपरि परमेश्वरलाई खोजे - मानिसहरू जसको आत्मालाई सेवाको बाटोमा दोषी ठहराइएको थियो। पाँच हप्ताको लागि, एक रातमा चार सेवाहरूको साथ एक जागृति त्यो इलाकामा फैलियो। त्यसपछि यो अन्य सहरहरूमा फैलियो।

खानीमा रक्सी पिउने चौध युवाहरूको परिवर्तन भयो। एउटा गाउँमा बाह्रदेखि बीस वर्षका लगभग हरेक युवाले ४८ घण्टाभित्र ख्रीष्टलाई आफ्नो जीवन समर्पण गरेका थिए।

१९५२ सम्म, जागृतिको परिणाम लगभग हरेक घरमा पारिवारिक उपासनामा देख्न सकिन्छ। आत्माको पहिलो लहरमा ख्रीष्टमा फर्कने सयौं मध्ये, केवल चार जनाले प्रार्थना सभाहरूमा उपस्थित हुन छोडे। परिवर्तनकारीहरूले ८० भन्दा बढी भजन रचना गरेका थिए। एक ठाउँमा, जागृतिको कारण आइतबार बिहान २७ जनाबाट प्रार्थना सभामा उपस्थितको संख्या ८७५ जना पुगेको छ। यो सबै यसकारणले भयो किनभने कसै कसैले यो विश्वास गर्छन् : "यदि मेरा मानिसहरू..."[28]

•••••••••••••••••

[28]. हेराल्ड अप होलिनेसमा अधिबाटै प्रकाशित(Kansas City, MO: Nazarene Publishing House, September 30, 1970), 20. अनुमतिद्वारा प्रयोग गरिएको छ. (यो प्रकाशन अहिले *वर्तमान पवित्रता* भयो)।

# प्रतीक्षा गर्दै

*****

*परमेश्वरले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ"। हिब्रू १३:४*

*हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु। मत्ती २८:२०*

*मैले धैर्यसाथ परमप्रभुको प्रतीक्षा गरें, उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो पुकार सुन्नुभयो। भजन २८:२०*

सर्जनले ढिलो गरिरहेका थिए। बिरामीलाई तयारी गरिएको थियो तर अझै शल्यक्रियाको लागि लाइनमा तेस्रो थियो। तिले गर्न सक्ने केवल पर्खनुथियो।

तिनकी छोरीले तिनलाई मीठो र सान्त्वनादायी शब्दहरू सन्देश पठाइन्: "ढिलो भएकोमा म दुखी छु। येशूले पनि तपाईको साथमा पर्खिरहनुभएको छ।"

बारम्बार, येशूले आफ्ना चेलाहरूलाई प्रायः पवित्र आत्माको उपस्थिति मार्फत म तिमीहरूसँग हुनेछु भनी भन्नुभयो। । उहाँको आगामी क्रूसिकरणको प्रकाशमा, उहाँले तिनीहरूलाई आश्वासन दिनुभयो कि उहाँ तिनीहरूको सबै परिस्थितिहरूमा तिनीहरूको साथमा हुनुहुनेछ। उहाँ आज मसँग एउटा महत्त्वपूर्ण व्यक्तिसँग प्रार्थना गरिएको खाजा कार्यक्रममा जान पर्खिरहनुभएको थियो।

हामीलाई पनि प्रतीक्षा गर्नु भनी भनिएको छ-हामीले धैर्यपूर्वक प्रभुको लागि पर्खनुपर्छ। जब हामी प्रभुको अगाडि पर्खन्छौं, यसले उहाँलाई हाम्रो हृदयको गहिरो भागहरू खोज्ने अवसर दिन्छ। र जब हामी पर्खिरहेका हुन्छौं, हामी उहाँको आवाज सुन्नसक्छौं। ई. स्टेनली जोन्सले इसाईहरूलाई प्रभुसँग "सुन्ने ठाउँ" निश्चित हुन आग्रह गरे।

प्रभुको अगाडि पर्खनु विशेष गरी पवित्र आत्माको पूर्णता खोज्ने इसाईहरूको लागि महत्त्वपूर्ण छ। धेरै मानिसहरूले परमेश्वरको जवाफ प्राप्त गर्नुअघि यसबारे प्रभुलाई खोज्ने लामो समयको वर्णन गर्छन्। त्यसै गरी, येशूले आफ्नो समयका चेलाहरूलाई भन्नुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनेका छौ। किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ" (प्रेरित १:४-५)।

येशू तपाईसँग पर्खिरहनुभएको छ; परमेश्वर तपाईंको पर्खाइमा हुनुहुन्छ। तपाईं प्रभुको पर्खाइमा हुनुहुन्छ।

.................

# एकदम नजिक(कानेखुसी गर्न सकिने दूरी)

*****

*जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, किनभने जो मेरो हो, त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। यूहन्ना १६:१३*

*भैंचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो। जब एलियाले त्यो सुने तब तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओडारमा उभिए। १ राजा १९:१२-३*

हाम्रो उच्चत्तर वर्षहरूमा, मेरी श्रीमती र प्रेमिका, न्यान्सीले स्मरणशक्ति कमजोरीको चुनौती सामना गर्नुपरेको थियो। हामी दैनिक जीवनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सँगै काम गर्ने प्रयास गरिरहेका थियौं।

हामीले निर्णय गऱ्यौं कि हामी दुवैको लागि मेडिक अलर्ट ब्रेसलेटहरू अर्डर गर्न उत्तम छ, जसले यदि हामी दुईमध्ये कसैले समस्याको अनुभव गर्छौं भने तुरुन्त सम्पर्क गर्न चौबीस घण्टाको फोन नम्बर सूचीबद्ध गर्दछ। धेरै वेबसाइटमा खोजी गरेपछि र हाम्रो योजनाहरू छलफल गरेको दस हप्तापछि, अर्डरको दिन निम्ति स्पर्क गर्ने दिन आइपुग्यो। तर अर्डर गर्नुभन्दा पहिला मैले एउटा विस्तृत प्रश्नावली फारम भर्नुपऱ्यो र क्यालिफोर्नियाको कार्यालयमा सम्पर्क गर्नुपऱ्यो। मैले सम्पर्क गर्दा तनाव महसुस गरें, तर लगातार, मैले हरेक कुराको निम्ति प्रार्थना गर्न सिकिरहेको छु – यहाँसम्म कि हरेक दिनको समस्याको लागि पनि। त्यसैले मैले प्रार्थना गरें कि प्रभुले मलाई फोनमा सही सल्लाहकार दिनुहुनेछ। प्रार्थनाको प्रत्यत्तरमा एकघण्टा सकारात्मक, स्नेहमयी कुराकानीमा, एक अद्भुत सल्लाहकारले मबाट आवश्यक जानकारी प्राप्त गरिन् अनि मेरा प्रश्नहरूको जवाफ दिइन्। एक हप्ताभन्दा कम समयमा, हामीसँग हाम्रो उत्कीर्ण ब्रेसलेटहरू थिए।

हरेक वसन्तमा, न्यान्सीले हाम्रो आँगन र बगैंचामा फूलहरू किनेर रोप्छिन् र सजाउँछिन्। यस वसन्तमा राम्ररी त्यसो गरेपछि, जब उनले फूल बेच्ने ठाउँ देखिन्, उनले धेरै फूलहरू किन्नु पर्ने आवश्यकता महसुस गरिन्। यसरी फूल किनेको धेरै दिन पछि, उनी मलाई अर्को फूल देखाउन घर आइन्। मलाई धेरै फूलहरू, अतिरिक्त काम, र फूल बजेटको बारेमा व्याख्या गर्नुपर्ने जस्तो लाग्यो। तर मैले आफैंलाई त्यसो गर्नबाट रोकें र मलाई के भनुँ भनी देखाउनुहोस् भनेर परमेश्वरसँग प्रार्थना गरें। त्यसपछि मैले परमेश्वरको कानेखुसी सुने: "उसँग उसको फूलको निम्ति रमा। उसलाई भन् यो कति सुन्दर छ। अर्को फूल फेरि किन्नुपर्छ भनेर चिन्ता नगर। यसले उसलाई खुसी बनाएको छ। र यसबाहेक, यो त्यति धेरै महंगो पनि छैन।"

यसरी हामी संगै रमायौं। हेर्नुहोस, मैले शमूएल लोगन ब्रेन्गालेको उपासनामय पुस्तक *'टेक टाइम टु बी होली'मा* पढेको छु: "अब यदि तपाईं आशिष् [सम्पूर्ण पवित्रता] राख्न चाहनुहुन्छ भने, तपाईंले जीवनको सङ्कटमा मात्र होइन, तर यसका सबै अवस्थाहरूमा प्रकाशको लागि आफ्नो हृदयलाई निरन्तर परमेश्वरमा उचाल्नुपर्छ। अभ्यास गरेर, तपाईं यस्तो बानी बसाल्न सक्नुहुन्छ कि यो तपाईंको लागि सास फेर्न जस्तै प्राकृतिक हुनेछ... परमेश्वरसँग सधैं कानेखुसी सुन्न सकिने दुरीमा रहनुहोस्।

यसैले म "सधैं परमेश्वरको कानेखुसी सुन्न सक्ने दूरीमा रहन" चाहन्छु।

•••••••••••••••••

# भरी रहनुहोस्—भरि रहनुहोस्

*****

*दाखमध्दले नमात्तिओ, कारण यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।*

*एफिसी ५:१८*

*आफ्टरग्लो: द एक्साइटमेन्ट अफ बिइङ् फिल्ड विथ द स्पिरिट* बिली ग्राहम संगठनको डिसिजन म्यागजिनका पूर्व सम्पादक शेरवुड विर्टको उत्कृष्ट पुस्तकको शीर्षक हो। यो आत्माले भरिएको उनको आफ्नै अनुभवको कथा हो, र अरू कसैसँग उनले सङ्गति गरे वा जसलाई उनले सेवा गरे।

एफिसी ५:१८ मा एफिसीहरूलाई पावलको आग्रह, “आत्माले भरिपूर्ण होओ” वर्तमान कालमा छ। यसको मतलब आत्माले भरिएर रहनु हो। निस्सन्देह, तपाईं भरी रहन सक्नुहुन्न जबसम्म तपाईं पहिलो पटक भरिनुभएको छैन। तर एकचोटि तपाई पहिले भरिनुभयो, यो धैरै महत्त्वपूर्ण छ कि तपाई भरी रहनुपर्छ। शेरवुड विर्ट उसले भरिएको समयको बारेमा निश्चित छ:

जब मैले पवित्र-शास्त्र पढे, मेरो परिवर्तनमा परमेश्वरको शक्तिका सबै स्रोतहरू उहाँको आत्माद्वारा मलाई उपलब्ध गराइएका थिए। म केवल तिनीहरुप्रति तानिएको थिइनँ।

र के मलाई थाहा छ म पवित्र आत्माले भरिएको छु? म पक्कै भरिएको छु। यो त्यतिबेला भयो जब मैले प्रभुलाई मलाई पुरानो बाटोबाट बाहिर निकाल्नहोस्, मलाई क्रूसमा टाँग्नहोस्  र उहाँको प्रेमले मलाई भरिदिनुहोस् भनेर प्रार्थना गरे।

“म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, र अब उप्रान्त जिउने म होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ” (गलाती २:२०)।[29]

शेरवुड विर्टले प्रेरित १:८ को सत्यतालाई बुझे: “तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू मेरा साक्षी हुनेछौ।” विर्टले यो पनि गवाही दिए: “एकजना जवान मानिस जो एक पछिल्तिर आएको थियो, उसले अरू अपरिचितहरूका माझमा ख्रीष्टको लागि अझ राम्रो साक्षी बन्नका लागि परमेश्वरसँग प्रार्थना गरे। भोलिपल्ट एउटा रेस्टुरेन्टमा बिहानको खाजा खान उ रोकियो । काउन्टरमा उसको छेउमा बसेको मानिसले उसलाई भन्यो, “तपाईंले हिजो राती धेरै ठूलो समय बिताएको जस्तो देखिनुहुन्छ।’ यो खुला ढोका थियो, र उनी त्यसबाट हिँडे।[30]

आत्माद्वारा प्रदान गरिएको प्रेमको शक्तिले विर्टलाई प्रभाव पारेको थियो: “परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एउटाले अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीसँग रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ। उहाँले हामीलाई आफ्ना आत्माबाट दिनभएको हुनाले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ” (१ यूहन्ना ४:१२-१३)। विर्ट भन्छन्, “यदि यो सत्य हो भने, पवित्र आत्मा प्रेम हुनुहुन्छ। आत्माको शक्ति प्रेमको शक्ति हो। आत्माको सास प्रेमको सास हो। आत्माको ज्वाला प्रेमको ज्वाला हो। आत्माको मिलन प्रेमको मिलन हो। आत्माको बप्तिस्मा प्रेमको बप्तिस्मा हो। आत्माको भरिनु नै प्रेम भरिनु हो।”[31]

यो प्रेम पास्टरीय नेतृत्वको प्रमुख कारक पनि हो। फेरि, विर्ट लेख्छन्, “जब सेवकले आफ्नो मण्डलीलाई माया गर्छ, मानिसहरूलाई साँच्चै माया गर्छ, र उनीहरूले सन्देश प्राप्त गर्नको लागि त्यो प्रेम सञ्चार गर्छ, उसले आफ्नै टिकट लेख्न सक्छ। मेरो मतलब, त्यो मण्डलीको प्रभावकारीताको सम्भावनाको कुनै सीमा छैन।”

आत्माले भरिनु धेरै महत्त्वपूर्ण छ। विर्टले पास्टरको बारेमा निम्न चुटकिला बताउँछन्:

मेरो एक जना पास्टर मित्र जो जागृत भइसकेका थिए उनको मण्डलीको एक सदस्यले सोधे, “रेभरेन्ड, तपाईं किन सधैं आत्माले

---

[29]. शेरवुड विर्ट, *पछिको चमक: पवित्र आत्माले भरिएको उत्तेजना* (ग्रान्ड र्यापिड्स: जोन्डरभान, १९७६), ३९.

[30]. विर्ट, *अण्डरग्लो*, ६५.

[31]. विर्ट, *अण्डरग्लो*, ९३.

भरिएको हुनुपर्छ भन्ने कुरामा जिद्दी गर्नुहुन्छ?"

मेरो साथी गम्भीर देखिन्थे। "किनभने," उसले भन्यो, "म रहस्योघाटन गर्छु।"

रोमी ५:५ ले भन्छ, "किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ।" यस वचनले विर्टमा पनि ठूलो प्रभाव पारेको छ। उनले यसलाई यसरी व्याख्या गरे:

मैले त्यो *खन्याइएको* छ भन्ने बारेमा सोच्न थालें। मैले मेरो जीवन एक गिलास जस्तै वर्णन गरिएको छ जस्तो लाग्यो। (पुरानो समयमा यसलाई सम्भवतः "भाँडो" भनिन्थ्यो।) मैले देखें कि परमेश्वरसँग सुनको घैंटो छ, र उहाँले त्यो गिलासलाई जीवित पानीले भर्ने प्रस्ताव गर्नुहुन्छ। उहाँले भर्न चाहनुहुन्छ र भरिरहनुहुन्छ जबसम्म यो भरिएर पोखिन्दैन। उहाँले त्यो गिलासलाई पोखिएर वरिपरिको अरू गिलासमा भरिएको चाहनुहुन्छ। र त्यो साक्षी बन्नु हो...।

जब पानी छेउमा बगिरहेको छ, येशूको बारेमा कुरा गर्न सजिलो हुन्छ। परमप्रभुले सबै कुरा तयार गर्नुहुन्छ; उहाँले भेटघाटका समयहरू मिलाउनुहुन्छ, अन्तर्वार्ताको व्यवस्था गर्नुहुन्छ, रुचि जगाउनुहुन्छ, नतिजा निकाल्नुहुन्छ।

समस्या यो थियो कि परमेश्वरले भर्नसक्नुभएन। मुहानमा कुनै समस्या थिएन। असिमित सुन्दर कुवाहरू अपरिहार्य छन्। समस्या मभित्र थियो। मेरो गिलासरूपी जीवन पहिलाबाट नै भरिएको थियो अनि यो मैला थियो। गिलासको पिँधमा फोहोर थोकहरू जमिएको थियो। मैले यसलाई उल्टा पारेर सबै कुरा बाहिर निकाल्नुपरेको थियो।

येशूले यूहन्ना ७:३८-३९ मा भन्नुभयो कि जसले उहाँमाथि विश्वास गर्छ त्यसबाट जिउँदो पानी बगिनिस्कनेछ। उहाँले पवित्र आत्माको बारेमा भनिराख्नुभएको थियो।

तर परमेश्वरले शुद्ध पानीलाई अशुद्ध पानीसित मिसाउनुहुन्न। उहाँले जबसम्म हाम्रो जीवनरूपी गिलास सफा हुँदैन तबसम्म आफ्नो सुनौलो घैंटोबाट पानी खन्याउनुहुन्न।

तर परमेश्वरले शुद्ध पानीलाई अशुद्धमा मिसाउनुहुन्न। हाम्रो गिलास सफा नपारिञ्जेल उहाँले आफ्नो सुनको घड़ाबाट खन्याउनुहुनेछैन। उहाँले आफ्नो प्रेमलाई पहिले नै आफूसँग प्रेम गरेको हृदयमा वा आफ्नो शक्तिलाई मानव शक्तिको अधीनमा चल्ने जीवनमा पठाउनुहुनेछैन।

अब मैले "म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु" भनेर पावलले भनेका कुरालाई अझ स्पष्ट रूपमा बुझें।

जब तपाईं पवित्र आत्माले भरिनुहुन्छ तब कस्तो प्रेम र भरिएर पोखिएको जीवनले तपाईंलाई पर्खिरहेको हुनेछ।

•••••••••••••••••

# मानिसहरूले पत्याए

*****

*र मानिसहरूले पत्याए। परमप्रभु इस्राएलीहरूको चिन्ता लिनुहुन्छ र तिनीहरूको कष्ट पनि देख्नुभएको छ भनी जब तिनीहरूले सुने, तिनीहरूले आफ्ना शिर निहुराएर दण्डवत् गरी आराधना गरे।*

*प्रस्थान ४:३१*

उनी भर्खरको एक युवा प्रचारक थिए, र उनको सहकर्मी अलिकति उभन्दा जेठो थियो। साँच्चै, तिनीहरू डराए। यो खाली एक सप्ताहको जागृति सभा थियो – धेरै लामो समय थिएन! तर तिनीहरूले याद गरे कि मानिसहरू जागृतिको बारेमा कुरा गरिरहेका थिए। र प्रार्थना शक्ति यति स्पष्ट थियो। किशोरीहरू प्रार्थना र उपवास बसेका थिए!

शनिबार दुवैले प्रचार गरे, विजय आयो। आइतबार बिहान, युवा प्रचारक बोले। जब उनी मानिसहरूलाई वेदीमा निम्तो दिने क्षणमा आइपुगे, उनले सोचे, मलाई कसरी वेदीमा समर्पणको लागि बोलाउने त्यो पनि थाहा छैन। तर काँप्दै उनले निम्तो दिए।

अन्तिम भजनको पहिलो पाँच नोट अघि, पहिलो व्यक्ति आयो – ठूलो कदको मान्छे जसले वेदीलाई यति कडा प्रहार गर्‍यो कि त्यो टुक्रियो। त्यसपछि तिनीहरू सबै ठाउँबाट आए - भजनको प्रत्येक पदमा - गीत तेस्रो पटकसम्म गाइरहँदा पनि। वेदीका वरिपरि मानिसहरूको भीड थियो, र तिनीहरूको पछाडि अगाडिको सिटहरू पनि भरिएको थियो। त्यो बिहान, परमेश्वरको अनुग्रहमा छवटा सम्बन्धविच्छेद हुनलागेका सम्बन्ध पुन: जोडियो – ती जोडीहरूले परमेश्वर र एकअर्कालाई प्रेम गर्थे। धेरैले मुक्ति पाएका थिए र हरेकले पाप क्षमाको अनुभव पाएका थिए – "र तिनीहरूले विश्वास गरे"।

मोशा र हारून पहिलेको प्रचार टोली जस्ता थिए। तिनीहरू जवान थिएनन्, तर तिनीहरू डराए। तर एक मिनेट पर्खनुहोस्! तिनीहरूलाई बोलाउनुहुने परमेश्वरले मानिसहरू र बाटो तयार गर्नुभयो। तिनीहरूले विश्वास गरे - र त्यहाँ छुटकारा थियो![32]

•••••••••••••••••

[32]. *Come Ye Apart* July–August–September 1964 (Kansas City, MO: Nazarene Publishing House), 17 मा प्रकाशित। अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन *रिफ्लेक्टिङ गाड* भयो)।

# बमदेखि प्रेमसम्म

*****

*आशाले हामीलाई निराश गराउँदैन,किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ। रोमी ५:५*

डिसेम्बर ७, १९४१ मा – "एक दिन जुनचाहिँ बदनाममा बाँच्नेछ," जसलाई राष्ट्रपति रुजवेल्टले प्रसिद्ध रूपमा भनेका थिए - कमाण्डर मित्सुओ फुचिडाले पर्ल हार्बरमा अमेरिकी जहाजहरूमा बमबारीमा ३६० जापानी विमानहरूको नेतृत्व गरे। अप्रेल १८, १९४२ मा, डुलिटल रेडर्सले यूएसएस होर्नेटबाट जापानमा बमबारी गऱ्यो। स्टाफ सार्जेन्ट ज्याकब डिसेजरले आफ्नो बम खसाले र तेह्र घण्टा हावामा जापानले कब्जा गरेको चीनमा प्यारासुटबाट झरे। उनलाई पक्राउ गरी चालीस महिना झ्यालखानमा यातना दिइयो।

यद्यपि उनी इसाई घरमा हुर्केका थिए, डेशेजर लापरवाही, उदासीन, शंकालु र आत्म-नियन्त्रण र इच्छाशक्ति दुवैमा कमजोर थिए। केही समयमा, एकजना गार्डले उनको हातमा बाइबल खोसे। तीन हप्तासम्म उसले यसलाई खायो, त्यसपछि अर्को कैदीलाई हस्तान्तरण गर्नुपऱ्यो। उहाँका पापहरूको लागि ख्रीष्टको बलिदान मृत्युको ज्ञानले उहाँलाई प्रभाव पाऱ्यो। जुन ८, १९४४ मा तिनले परमेश्वरलाई प्रार्थना गरे: तपाईंलाई थाहा छ म मेरा पापहरूको पश्चात्ताप गर्छु। यद्धपि, म घरबाट टाढा छु पनि र झ्यालखानमा छु, मैले माफी पाउनैपर्छ।

ख्रीष्टको खातिर परमेश्वरले उनलाई क्षमा गर्नुभएको थियो भन्ने भित्री साक्षीले उनको आत्मामा ईश्वरीय आनन्द आयो। डेशेजरले भने, "मलाई बचाइएको छु भन्ने आभासमा कस्तो ठूलो आनन्द छ।" भोक, भोकमरी वा कक्राउने चिसो कोठाले उसलाई डर देखाउन सकेन। अब, एक ख्रीष्टियाको रूपमा, डेशेजरलाई थाहा थियो कि उनले अरूलाई प्रेम गर्नुपर्छ - आफ्ना शत्रुहरूलाई पनि। उनलाई थाहा थियो कि परमेश्वरले आज्ञाकारिताको अपेक्षा गर्नुहुन्छ।

एक दिन एक जना ले तिनलाई हतार हतार तिनको कोठामा लगे र तिनको खाली खुट्टामा ढोका ढ्याम्म हाने। त्यसपछि पहरादारले आफ्नो जुत्ताले डेशरको खुट्टामा लात हाने। त्यसपछि तिनले पहरादारप्रति द्वेष र घृणा महसुस गरे।

आफ्नो इसाई जीवनमा अझ गहिरिएर जानुपर्छ भनेर डेशाजरलाई थाह थियो। त्यसैले तिनले पहरादारसित मित्रता गाँस्ने अठोट गरे। तिनले आफ्नो स्वभाव परिवर्तन भएको महसुस गरे । एक जना इसाईको हैसियतमा विजयी जीवन बिताउन सकिन्छ भनेर तिनले बुझेका थिए।

पछि, झ्यालखानमा रोगले गर्दा डेशएजेरको मृत्यु हुनै लागेको थियो। जब उनले प्रार्थना गरे, उनले एउटा आवाजले यसो भन्दै गरेको सुने: "पवित्र आत्माले तिमीलाई पापबाट स्वतन्त्र गराएको छ।"[33]

तिनले परमेश्वरसित असामान्य सम्बन्ध अनुभव गरिरहेका थिए । केही दिन बितिसकेको थियो र उनले शान्तिको लागि प्रार्थना गरे। त्यसपछि त्यो आवाजले तिनलाई फेरि यसो भने: "तिमीलाई जापानी मानिसहरूलाई सिकाउन बोलाइएको छ।" [34]

यस भेटकोबारे डेशाजरले पछि यसो भने, "मलाई थाह छ, मैले पवित्र आत्माद्वारा बप्तिस्मा लिएको थिएँ र प्रेमको ठूलो बाढी मेरो हृदयमा आयो।"

डिसेम्बर २८, १९४८ मा डेशाजर, तिनकी पत्नी फ्लोरेन्स र तिनीहरूका छोराछोरीले जापानमा मिसनरी सेवा सुरु गरे। सन् १९५० को सुरुतिर देशभरमा आत्मिक जागृति ल्याउन चालीस दिनको उपवास बस्ने अगुवाइको महसुस भयो।

सन् १९५०, अप्रिल १४ का दिन सेनापति मित्सुओ फुचिडा ख्रीष्टमा पहिलो फलको रूपमा परिवर्तन भयो । अर्को महिना फुच्चिडा र डेशाजर सँगै बसेर ओसाकाको सबैभन्दा ठूलो सभागृहमा साक्षी दिए। पाँच सय मानिसहरू ख्रीष्टलाई खोज्न अघि बढे। कल्पना गर्नुहोस् - पर्ल हार्बरमा बम प्रहार गर्ने र जापानमा बम पड्काउने दुवैलाई क्षमा गरियो र ख्रीष्टमा नयाँ बनाइयो अनि क्षमा र प्रेमको प्रचार गरियो।

के यो तपाईं गर्न सक्नुहुन्थ्यो? पवित्र आत्माको पूर्णताको शक्ति र शुद्धताले मात्र यस्तो हुनसक्छ। .

• • • • • • • • • • • • • • • • •

[33]. वाट्सन, *डेसेरCity name (("अँ, असामा*, 118.

[34]. वाट्सन, *डेसेरCity name (("अँ, असामा*, 123.

# साहसी अविवाहितहरू

*****

*योसेफ त्यसरी झ्यालखानमा परे। तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र उहाँले तिनीमाथि टिठ्याउनुभयो, अनि तिनलाई झ्यालखानमा हाकिमको निगाहपात्र बनाउनुभयो।*

*उत्पत्ति ३९:२०-२१*

तिनी तीतो हुन सक्थे । दुइपल्ट तिनलाई नराम्रो व्यवहार गरियो। पहिलो, उनका भाइहरूले उनलाई दासको रूपमा बेचिदिए। अहिले पोतीफरकी पत्नीले झुटो आरोप लगाएकी थिइन्। ती अविवाहित पुरुष अहिले झ्यालखानमा थिए। तर *प्रभु तिनीसित हुनुहुन्थ्यो।* प्रभुको पछि लागेर तिनी मिश्रका प्रधानमन्त्री भए र एउटा खाद्य कार्यक्रमको नेतृत्व गरे जसले देशलाई र आफ्ना नातेदारहरूलाई अनिकालबाट बचायो।

साहसी अविवाहितहरूलाई सलाम गरौं। लिसाले गडबड सम्बन्ध विच्छेद गरेकी थिइन्; तिनका श्रीमानले तिनलाई छोराछोरी र एउटा मेचसित छोडिसकेका थिए। त्यस आइतबार तिनी नाजरेनको एउटा मण्डलीमा गइन् र हप्ताको अन्ततिर मण्डलीले तिनलाई फर्निचरहरू वितरण गऱ्यो। लिसाले भनिन्, "यो त रङ्ग-संयोजनसमेत थियो। परमेश्वर असाध्यै दयालु हुनुभएको छ । मैले उहाँको पाखुरा मेरो वरिपरि भएको महसुस गरें। के मैले यसको निम्ति आदेश दिएको थिएँ? अहँ, होइन, परमेश्वरले यो प्रयोग गरिरहनुभएको छ।" तीतो महसुस गर्नुको साटो लिसाले आफ्नो बाँकी जीवन सामना गर्नुपर्दा स्वास्थ्यलाभ गर्ने निर्णय गरिन्।

केलीको विवाह टुक्रिएपछि तिनी र तिनका छोरा ब्रायन मण्डली जान थाले। युवा पादरीले ब्रायनलाई विशेष चासो देखाए। केलीले भनिन्, "हाम्रो कुनै परिवार थिएन तर अहिले मैले एउटा परिवार भेट्टाएकी छु।"

डच पहरादार, कोरी टेन बुमलाई नाजी यातना शिविरमा लगियो किनभने तिनको परिवारले युद्धको दौडान यहूदीहरूलाई लुकाइरहेको थियो र तिनीहरूको सुरक्षा गरिरहेको थियो। शिविरमा आफ्नो बुबा र दिदी दुवैको मृत्यु भएपछि कोरी परमेश्वरको अनुग्रहलिएर शिविरबाट बाहिर निस्किन् र बन्दीहरूलाई क्षमा दिन सकिन्। उनले *'द लुकिङ प्लेस'* शीर्षकको शक्तिशाली पुस्तक लेखेकी थिइन् । अस्सी वर्षको उमेरसम्ममा उनले विश्वका साठी मुलुकमा काम गरेर बोलेकी थिइन् । अविवाहित अवस्थामा तिनले जे गर्न सकिन् यदि पति र छोराछोरी भएको भए त्यति गर्न नसक्ने कुरो बताइन्।

परमेश्वरले अविवाहितहरूलाई विशेष तरिकाले चलाउनुहुन्छ। एपेन्डिसाइटिसले गर्दा पादरी ओसवाल्ड च्याम्बर्सको ४३ वर्षको उमेरमा मृत्यु भयो। तिनकी अविवाहित पत्नीले तिनका प्रवचनका लिखित टिपोटहरू जम्मा गरेर सन् १९२७ मा *माइ अटमोस्ट फर हिज हाइयेस्ट* भनेर प्रकाशित गरिन् । यो पुस्तक अहिले पनि संसारको सबैभन्दा लोकप्रिय दैनिक उपासना पुस्तकको रूपमा छापिन्छ।

प्रेरित पावलले विवाह गरेका हुन् कि होइनन् भन्ने कुरा इसाई इतिहासले स्पष्टसित बुझ्न सकेको छैन । तिनले कहिल्यै विवाह गरेनन् भनेर थुप्रै प्रमाणहरूले देखाउँछ । अनि निस्सन्देह, येशूको समयमा उहाँको सन्देश फैलाउने प्रमुख शक्ति तिनी नै भए ।

साहसी अविवाहितहरू, हामी तपाईंलाई सलाम गर्दछौं।

.................

# सुसमाचार प्रचारको बुझाइ (समझ)

*****

*यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टको पक्षमा हामी तिमीहरूलाई बिन्ति गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलाप आओ।*

*२ कोरिन्थी ५:२०*

मलाई विवाहका निम्न कुराहरूले सहयोग गरेको छ:

**उपस्थीति** - उनलाई ध्यान दिँदै, र उनीसँग सम्बन्ध विकास गर्दै: दया, करूणा, र असल कामको जीवन जिउने।

**उद्घोषणा** - "म तिमीलाई माया गर्छु।"

**अनुनय** – "के तिमी मसँग बिहे गर्छौ?"

**परिरक्षण** - जीवनभर वैवाहिक सम्बन्धलाई पालनपोषण र वृद्धि गर्ने ।

त्यसै गरी यी चार उक्त बुँदाहरू नै स्वास्थ्यकर र समग्र प्रचारका एक भाग हुन्:

**उपस्थीति** - दया, करुणा र असल कार्यको जीवन जिउँदै; प्रभुमा नबाँचेका मानिसहरूसँग सम्बन्ध विकास गर्न ध्यान दिने र विकास गर्ने।

**उद्घोषणा** - "परमेश्वर तपाईंलाई प्रेम गर्नुहुन्छ"; सुसमाचारका तथ्यहरू प्रचार गर्दै र व्यक्तिगत साक्षीमा बाँड्दै।

**अनुनय** - "के तिमीहरूले येशू ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नेछौ?"

**परिरक्षण** – इसाईलाई परिपक्व र सेवामा लगाउने, पालनपोषण गर्ने, बढाउने र विकास गर्ने ।

मैले भेटेको लगभग कुनै पनि अमेरिकीले यस्तो प्रश्न नगरी विवाह गरेका छैनन्: "के तिमी मसँग विवाह गर्न चाहन्छौ?" प्रेमको जीवन बिताउँदा र कुनै निर्णायक प्रश्न नगरी प्रेमबारे घोषणा गर्दा वैवाहिक सम्बन्ध स्थीर रहँदैन । त्यसरी नै हामीले गर्दै गरेको हाम्रो सेवकाईमा वा चेला बनाउने रणनीतिमा "के तपाईंले ख्रीष्टलाई मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गर्न चाहनुहुन्छ?" भनी प्रश्न नगरी अगाडि बढ्दा हाम्रो सेवकाईमा समस्या देखा पर्नेछ।

बाइबलको स्वास्थ्यकर प्रचारकार्यमा चारैवटा उक्त बुँदाहरू समावेश हुन्छन्। पावलले २ कोरिन्थी ५:११–२१ मा मिलापको सेवकाईको लागि बिन्ती गरेका छन्। आफ्नो अपिलभित्र उनले भने, "यसकारण प्रभुको भय थाहा गरेर हामी मानिसहरूलाई मनाउँछौ" (पद ११)। उनले यसो पनि भनेका छन्, "ख्रीष्टको प्रेमले हामीलाई *बाध्य गराउँछ"* (पद १४) र "हामी तिमीहरूलाई बिन्ती गर्दछौं कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ" (पद २०)।

त्यसर्थ, मेरा मसीही भाइबहिनीहरू हो, यी चारैजना बुँदाहरूलाई पनि समावेश गर्न म आग्रह गर्दछु![35]

•••••••••••••••••

[35]. यस अघि द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २०१२) मा प्रकाशित्.

# माछा राख्ने काँच भाँडोमा – “तिनीहरूलाई हेर्न दिनुहोस्”

*****

*तर म आफ्नो जीवनलाई कुनै मोलको ठान्दिनँ यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाई म पूरा गर्न सकूँ।*

*प्रेरित २०:२४*

उनी ४०० मिटरको दौड दौड्छिन्, लामो उफ्रन्छिन् र ट्र्याक र मैदानमा साक्षर छिन्। तर त्यसबाहेक, ख्रीष्टले बसाल्नुभएको दौड पूरा गर्न तिनी कटिबद्ध छिन्।

केली सत्र वर्षकी छिन्। तिनी उच्च माध्यामिक विद्यालयकी वरिष्ठ हुन् र तिनी मुख्यतया होमस्कूले पढेकी छिन्। सार्वजनिक उच्च माध्यमिक विद्यालयमा थुप्रै कक्षाहरू छन्। तिनका आमाबाबु दुवै सेवक हुन् र तिनीहरूले पेन्सिलभेनियाको ग्रामीण इलाकामा चौध वर्षसम्म मायालु र प्रभावशाली ढंगमा पादरी कोरेका छन्। केली आफ्ना आठ जना छोराछोरीमध्ये सबैभन्दा कान्छी हुन्। उनीहरू सबै कलेजका स्नातक, कलेजका विद्यार्थीहरू हुन् वा केलीको सन्दर्भमा अर्को वर्ष कलेज सुरु गर्नेछन्। तिनले तपाईंलाई हँसिलो, आनन्दित, चम्किलो, शान्त अनि शान्त शक्तिले भरिभराउ भएको महसुस गर्नेछिन्।

केली हप्ताको चार दिन बिहान २:१५मा उठ्छिन्, ख्रीष्टसित उपासनापूर्ण समय बिताउँछिन् र ३बजे बिहान काम गर्न जान्छिन्। एक जना सहयोगीको साथ तिनले १३० वटा गाईबाट दुध निकाल्छिन्। उनको काम ७ बजे सकिन्छ। किन तिनले यस्तो माग भएको काम गर्छिन् ? उनी भन्छिन्, “म सहयोगी हुन चाहन्छु, अरू कसैले गर्न नचाहेको काम गर्न र जनावरहरूसित काम गर्न मन पराउँछु। अनि पैसाले पनि मद्दत गर्छ।”

केलीले ख्रीष्टलाई चार वर्षको उमेरमा भ्याकेसन बाइबल स्कूलमा उद्धारकको रूपमा भेट्टाइन्। वर्षौंको दौडानमा ख्रीष्टसितको तिनको सम्बन्धले अझ बढी भरोसा गर्न थालेको छ । परमेश्वरले तिनलाई कहिल्यै निराश पार्न दिनुहुन्न भन्ने तथ्यलाई तिनी प्रेम गर्छिन् । परमेश्वरले सधैं आफूले मागेजस्तो प्रार्थनाको जवाफ दिनुहुन्न भन्ने कुरा बुझेर तिनी मूल्यवान् महसुस गर्छिन् किनभने यसले तिनलाई परमेश्वरतर्फ फर्कन मद्दत गर्छ।

तिनले भनिन्, “मानिसहरूलाई म एक इसाई हुँ भनेर थाह छ र म वरिपरिकाहरूसित बेग्लै व्यवहार गर्छु। हालै उनले काममा साक्षी दिइन् र तिनका सहकर्मीले मण्डली जाने समय छैन भनेर जवाफ दिंदा केलीले यस्तो जवाफ दिइन्, “यदि तपाईंले आफ्नो समयको निम्ति प्रभुमा भरोसा गर्नुभयो भने उहाँले तपाईंलाई आशिष् दिनुहुनेछ।”

सत्र वर्षको उमेरमा पेरू जाने उनको यात्रा उनको युवावस्थाको एउटा मुख्य आकर्षण थियो। तिनले एउटा मण्डलीलाई डरको प्रतिरोध गर्दै १,५५० अमेरिकी डलर खर्च भएको कथा सुनाइन् तर तिनले कहिल्यै पनि पैसा जम्मा उठाइन् वा मागिनन् तर मानिसहरू आएर तिनलाई पैसा दिए।

उनले आफ्नो पहिलो चित्रकला 'फेस्टिवल अफ लाइफ' कार्यक्रममा प्रथम स्थान प्राप्त गरेकी थिइन्। उनी बाइबलको प्रश्नोत्तर मन पराउँछिन् र उनलाई सबैभन्दा मनपर्ने कण्ठ गरिएको पद प्रेरित २०:२४ हो।

उनी उच्च माध्यामिक विद्यालयमा डेटिङ गर्नुपर्ने आवश्यकता देख्दिनन्। उनी भन्छिन्, आफू परिपक्व भएको बेला डेटिङ गर्नेछु; तिनले डेटिङ गर्ने पहिलो व्यक्ति विवाह गर्ने व्यक्ति पनि हुन सक्छन् । केलीलाई सातौं कक्षाका विधार्थीहरूले स्कूलमा हातेमालो गरेको देख्दा कुनै ठाउँ तिनको लागि छैन जस्तो देखिन्छ।

तिनको भावी सपनाहरूमध्ये एउटा सपना राष्ट्रिय निकुञ्जमा काम गर्नु हो। पार्कहरूमा ख्रीष्टीय सेवकाई गर्ने विचार तिनलाई आकर्षक लाग्छ।

केलिको लागि तिनको शिशु समर्पणमा तिनका आमाबाबुले छानेका पदहरू १ थिस्सलोनिकी ४:११–१२ थिए: “हामीले तिमीहरूलाई आज्ञा दिएझैं, तिमीहरू शान्त रहने, आफ्नै धन्धाको फिक्री गर्ने र आफ्नै हातले काम गर्ने प्रयत्न गर, ताकि बाहिरकाहरूद्वारा आदर पाउन सक, र कसैको भर नपर।” तिमी बाँचिरहेकी छौ, केली !

हालै, सोमबार राती आफ्नो स्थानीय मण्डलीमा पुनरुत्थान सेवाको दौडान केलीले प्रार्थना गर्न र गहिराइमा परमेश्वरको खोजी गर्न अघि बढिन्। तिनले भर्खरैमात्र रोबर्ट बोइड मुङ्गरको *मेरो हृदय—ख्रीष्टको घर भन्ने* नाटक सुनेकी थिइन्। केलीले यसो भनिन्: "मैले सबै थोक आज राती प्रभुलाई दिएँ। मैले उहाँलाई मनका सबै कोठाहरू सफा गर्न आग्रह गरें। मैले उहाँलाई सबै थोक दिएँ र मलाई खुसी लाग्यो। म पवित्र भएको थाह पाएर मलाई शान्तिको अनुभूति भयो। अब, भविष्यमा आत्मिक स्थिरता र वृद्धिको लागि म यस्तो प्रश्न गर्नेछु, *आज प्रभु र म कुन-कुन कोठाहरूमा विशेष गरी काम गर्छौं?* "

केलीको पहिलेको सबै आत्मिक चमक र प्रभाव उनको पूर्ण समर्पण र परमेश्वरको पूर्ण सफाईद्वारा धेरै बढ्नेछ।

जब कसैले पास्टरको परिवारमा हुनु भनेको माछा राख्ने काँचको भाँडोमा बस्नुजस्तै हो भनेर कसैले टिप्पणी गरे, तब केली भाइले यसो भने, "तिनीहरूलाई हेर्न दिनुहोस्!"

केलीले अझ यसो भनिन्, "माछाको भुँडीमा बस्न मलाई कुनै गाह्रो लाग्दैन।"

केलीको सबै अघिल्लो आध्यात्मिक चमक र प्रभाव उनको पूर्ण आत्मसमर्पण र ईश्वरको पूर्ण शुद्धीकरणबाट धेरै बढ्नेछ।

जब कसैले पादरीको परिवारमा हुनु भनेको माछाको भाँडोमा बस्नु जस्तै हो भनेर टिप्पणी गरे, केलीको भाइले भने, "उनीहरूलाई हेर्न दिनुहोस्!"

केलीले अझ भनिन्, " माछा राख्ने काँचको भाँडोमा बस्न पर्दा मलाई दिक्क लाग्दैन।"

•••••••••••••••••

# तपाईंको स्वर्गीय पिता

*****

*यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोरा-छोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ। - मत्ती ७:११*

हाम्रो यस संसारमा एउटा स्वर्गीय पिता हुनुहुन्छ जसले तपाईंलाई माया गर्नुहुन्छ र तपाईंको लागि असल कुरा चाहनुहुन्छ। उहाँ तपाईंको नजिक हुन र तपाईंलाई असल वरदानहरू दिन चाहनुहुन्छ।

लिन्डाको कथामा सामेल हुनुहोस्: चौधदेखि सोह्र वर्षका बीच, तिनी सानीमा र काकाको प्रभावमा दुई-तीन पटक मात्र मण्डलीमा गएकी थिइन्। पाँच वर्षको छँदा तिनकी आमाले तिनलाई छोडेर गइन्। तिनका बुबाले वृद्ध हजुरआमाको मद्दत लिएर तिनलाई हुर्काउने कोसिस गरे।

एक रात, हजुरआमालाई भान्सामा मद्दत गरिरहेको बेला लिन्डाले एउटा आवाज सुनिन्। तिनी बैठक कोठामा आइन् अनि तिनको बुबा छरपष्टिएको अखबारमाथि भूईमा लडिरहेका थिए। हृदयघातको कारण ४२ वर्षको उमेरमा तिनको मृत्यु भएको थियो।

त्यो रात, तिनले पास्टरलाई फोन गरिन् र भनिन्, "के तपाईं मेरो बुबाको अन्तिम संस्कार गर्नसक्नुहुन्छ?"

त्यसपछि, उनले लेखे, "म अबोप्रान्त जिउन सक्दिनँ किनभने मेरा बुबा नै मेरो निम्ति सबथोक हुनुहुन्थ्यो।"

अन्तिम संस्कारको समयमा पास्टरले भजन २३:४ लाई उद्धृत गरे: "मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लाहुरोले मलाई शान्त्वना दिन्छन्।" उनले भने, यो यतिबेला मात्र सम्भव हुन्छ जब हामी उहाँलाई हाम्रो गोठालो हुन दिन्छौं।

लिन्डाले यो सत्यतालाई लिए। तिनी र तिनका सानीमाहरू, सानाबाहरू र हजुरबा-आमाहरू र अन्य आफन्तहरू त्यस आइतबार बेलुकीको सभामा आए। सभाको अन्तमा, लिन्डा र तिनका अन्य ६ जना आफन्तहरू अगाडि आए र प्रभुलाई आफ्नो जीवन दिए।

लिन्डाले त्यो सत्यलाई लिइन्। उनी र उनका काका-काकी, हजुरबा हजुरआमा र आफन्तहरू त्यस आइतवार राती सेवामा आए। अन्तमा, लिन्डा र उनका छ जना आफन्तहरू प्रभुमा समर्पित हुन अगाडि वेदीमा आएका थिए। अर्थहीन जीवनसँग पूर्णतया घृणित, लिन्डाले भनिन्, "पहिलो पटक ख्रीष्ट वास्तवमा मलाई वास्तविक देखिनुभयो।"

त्यसको केही हप्तापछि पास्टरले पवित्र जीवनबारे बताउँदा लिन्डाले आफूले भर्खरै मात्र त्यो अनुभव बटुलेको कुरा बताइन्। केही समय नबित्दै लिन्डा र तिनका दुई जना आफन्तहरू विश्वासको साथ मण्डलीमा सामेल भए।

लिन्डाकी हजुरआमा शहरबाहिर बसाइँ सर्दा लिन्डा आफ्नो एक जना फुपूसित बस्न गइन्। तिनले आफ्नो बुबाबाट वंशानुगत रूपमा पाएको पुरानो फोर्डलाई कायम राख्नुपर्थ्यो र आफ्नो बुबाको सामाजिक सुरक्षाअन्तर्गत नाबालिगको रूपमा प्राप्त गरेको मासिक ९६.८० अमेरिकी डलरबाट जीवन खर्च बेहोर्नुपर्थ्यो। कलेजको योजनाको लागि समय आएपछि लिन्डा र तिनकी साथी लोइसले (जसलाई लिन्डाले ख्रीष्टलाई डोऱ्याएकी थिइन्) ओक्लाहोमाको बेथानीस्थित इसाई कलेजमा विद्यार्थी मोटरकेडको लागि पैसा कमाउन अल्पकालीन जागिर पाए। केही समय नबित्दै लिन्डा त्यहाँ विद्यार्थी भइन्।

येशूले तिनको लागि गर्नुभएको कामबारे लिन्डा चुपचाप बस्न सक्दिनथिन् । तिनले आफ्नो मण्डलीमा अरूले भन्दा धेरै नयाँ मानिसहरू ल्याइन्। पाँच दिनको युवा जागृति सभा हुँदा तिनले विभिन्न एघार किशोर-किशोरीहरू अर्थात् मण्डलीमा नयाँ-नयाँ कुराहरू ल्याइन् र तिनीहरूमध्ये चार जनाले परमेश्वरको खोजी गरे।

लिन्डाले कलेजमा पावललाई भेटिन्; तिनीहरू प्रेममा परे र विवाह गरे । पावल एउटा सांगीतिक परिवारका थिए र चाँडै लिन्डाले अमेरिकी दक्षिणपूर्वमा घुम्ने सुसमाचारको क्वार्टेटमा गीत गाउँदै थिइन्। अन्ततः तिनीहरू फ्लोरिडामा बसोबास गर्न थाले र आफ्नो स्थानीय मण्डलीमा सक्रिय भए जहाँ पावलले संगीतको नेतृत्व गरे र लिन्डाले भत्किएका घरहरूबाट आएका छोराछोरी र किशोरकिशोरीहरूलाई सिकाइन्।

लिन्डाले आफ्नो जीवनलाई फर्केर हेर्दा यसो भन्छिन्, "मैले आफ्नो पार्थिव बुबा गुमाएँ तर स्वर्गमा हुनुहुने मेरो बुबालाई भेट्टाएँ!" त्यही बुबाले तपाईंलाई माया गर्नुहुन्छ र तपाईंलाई पनि साँच्चै भेट्टाउन चाहनुहुन्छ।

•••••••••••••••••

# सहासिक कार्यको स्रोत

*****

*किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थियो।*
*प्रेरित ११:२४*

थोमस एडिसनसित हजारभन्दा धेरै पेटेन्टहरू थिए - सम्भवतः इतिहासमा अरू कुनै पनि व्यक्तिकोमा भन्दा बढी—तर तिनी बल्ब आविष्कार गर्ने व्यक्तिको रूपमा प्रख्यात छन्। फ्लोरिडाको फोर्ट मायर्सस्थित् तिनको घर र संग्रहालयमा जाँदा तपाईंलाई अचम्म लाग्न सक्छ - आन्तरिक उत्प्रेरणा, आन्तरिक शक्ति, व्यक्तिगत बाध्यता के थियो, जसले तिनलाई यति ठूलो आविष्कारक बनायो?

बाइबलका नायकहरूको भित्री उत्प्रेरणा र आत्मिक जीवनबारे हामी पनि यस्तै प्रश्नहरू सोध्न सक्छौं। ठूलो परिणाम, ठूलो फल, ठूलो गुण र ठूलो उपलब्धि देख्दा हामी सोध्छौं - यसको पछाडि के छ?

भर्खरै जीवन परिवर्तन गरेका शावललाई (पछि पावल) मण्डलीले ग्रहण गर्ने मुख्य आधार बनेका बर्णाबासलाई हेरौं (प्रेरित ९:२६–२८; ११:२५–२७)। बर्णाबास "उत्साहको छोरा" भनेर चिनिन्थे (४:३६) र बारम्बार अरूलाई उत्साह दिए। तिनी नयाँ इसाईहरूलाई "फलो-अप" गर्ने अगुवाको रूपमा बाइबलको उत्कृष्ट उदाहरणहरूमध्ये एक हुन्। तिनी उदारचित्तका साथ दिने र साँच्चै "असल" थिए। प्रेरित ११:२४ ले यस प्रकारको जीवनको स्रोतबारे बताउँछ: "तिनी पवित्र आत्मा र विश्वासले भरिपूर्ण असल मानिस थिए।"

फिलिपलाई विचार गर्नुहोस् । तिनी एक सामान्य व्यक्ति अनि महान् व्यक्तिगत प्रचारक थिए । तिनले इथियोपियाली सचिवलाई ख्रीष्टकहाँ अगुवाइ गरे र ती व्यक्तिले येशू ख्रीष्टको सुसमाचारलाई इथियोपिया लगे। तिनी स्थानीय मण्डलीको पहिलो बोर्डको सदस्य थिए र विधवाहरूलाई खुवाउन परोपकारी सेवा मान्थे। प्रेरित ६ मा हामी तिनको शक्तिको भित्री स्रोतबारे सिक्छौं: तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान...। ...तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप...लाई छाने" (पद ३,५)।

यस पदले स्तिफनसमा हाम्रो ध्यान पनि आकर्षण गर्दछ । ख्रीष्टको खातिर मण्डलीको पहिलो रेकर्ड गरिएको शहीद तिनी नै हुन्। येशू ख्रीष्टको प्रचारको लागि तिनलाई ढुंगाले हानेर मारियो। तिनले प्रार्थना गरे, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्" (७:६०), ख्रीष्टले जस्तै आफ्ना हत्याराहरूलाई तिनले क्षमा गरे। क्रोधित भीडले आक्रमण गर्नुभन्दा पहिले तिनको ध्यान केले समात्यो भन्ने कुरा पवित्र-शास्त्रले हामीलाई बताउँछ: "तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे" (७:५५)।

अनि दमीशकको बाटोबाट चमत्कारपूर्ण ढंगमा जीवन परिवर्तन गर्ने प्रेरित पावल छन्। तिनले इतिहासका अरू कुनै पनि व्यक्तिले भन्दा मण्डलीलाई विस्तार गर्न धेरै प्रयास गरे। तिनको स्रोत के थियो? तिनले दुष्ट इलुमासको सामना गरिरहेको हामी देख्छौं: "तर शाऊलले, जसलाई पावल भनिन्छ, पवित्र आत्माले भरिएर त्यसमाथि एकटक लाएर हेरे, 'तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस्? अब हेर, प्रभुको हात तँमाथि परेको छ, र तँ अब केही समयसम्म घामको प्रकाश नदेख्ने भई अन्धो हुनेछस्" (१३:९-११)।

हालैको इतिहासमा मेथोडिस्ट मण्डलीका एक जना शक्तिशाली अगुवा ई. स्टेन्ली जोन्स हुन्। उनले आफ्ना पुस्तकहरूलगायत थुप्रै उपलब्धिहरू त्यागे जसमा *हाउ टु बि ट्रान्सफर्मड पर्सन*; *क्रिस्चियन म्याचुरिटी*: *वे टु पावर एण्ड पोइस; भिक्टोरियस लाइफ; भिक्ट्री थ्रु सरन्डर; अबण्डेन्ट लिभिङ्; अनसेकेबल किङ्डम; सङ आफ एस्सेन्ट;* र *द डिभाइन येस समावेश छन्।* ख्रीष्टमा जीवन परिवर्तन गरेको एक वर्षपछि जोन्सले यस्तो गवाही दिए: "एक्कासि म भरिएँ—पवित्र आत्माले भरिएँ। आत्माको तरङ्ग मभित्र बल्दै गएको जस्तो लाग्यो।"[36]

यी सबै वीरहरूले परमेश्वरको आत्माबाट शक्ति, धैर्य र आशा प्राप्त गरे।

•••••••••••••••••

[36]. इ. स्ट्यानले जोन्स, *असेन्सको गीत* (नाशभिल: अबिङ्गडन प्रेस, १९६८), ५३.

# जानेर गरेको अभिभावकत्व

*****

*मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर।*

*व्यवस्था* ६:६-७

आफ्ना छोराछोरीको खातिर आमाबाबुलाई एक सांप्रदायिक अगुवाबाट भनिएको एक भावुक बिन्ती सुन्नुहोस्। तपाईंको धार्मिक पृष्ठभूमि जस्तोसुकै भए तापनि, उनको हृदयको कुरा सुन्नुहोस्।

"हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर" (व्यवस्था ६:४-५)। येशूले निस्सन्देह, "सबैभन्दा ठूलो आज्ञा के हो?" भनेर प्रश्न गर्दा शेमालाई उद्धृत गर्नुभयो। "आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर" (लेवी १९:१८) आज्ञामा अझ थप्दै, येशूले भन्नुभयो कि अन्य सबै आज्ञाहरू यी दुई आज्ञाहरूबाट निस्कन्छ!

यी दुई आज्ञाले आज पनि पवित्र मानिसहरूको हृदयमा सबैभन्दा महत्त्वपूर्ण स्थान ओगटिरहेको छ। नाजरेनका मानिसहरूको हैसियतमा हामी सम्पूर्ण पवित्रतामा दृढ विश्वास राख्छौं। प्रोटेस्टेन्ट मण्डलीहरूको समुद्रमा यो हाम्रो धार्मिक भिन्नताको विषय रहेको छ र यो सन् १९०८ मा मण्डली अफ द नाजरेनको जन्म हुनुको एउटा कारण थियो। *मण्डली अफ द नाजरेनको म्यानुअलमा* भनिएको छ, "हामी विश्वास गर्छौं कि सम्पूर्ण पवित्रता परमेश्वरको त्यो कार्य हो, जसले गर्दा पुनर्शक्ति प्राप्त हुन्छ, जसद्वारा विश्वासीहरूलाई मौलिक पाप, वा पतितताबाट मुक्त बनाइन्छ, र परमेश्वरप्रति सम्पूर्ण उपासनाको अवस्था, र प्रेमको पवित्र आज्ञाकारिता सिद्ध बनाइन्छ" (फेथ एक्सको लेख)। परमेश्वरलाई प्रेम गर्नु र अरूलाई प्रेम गर्नु पूर्णतया पवित्र विश्वासीको जीवनको सबैभन्दा महान् अभिव्यक्ति हो।

तथापि, छब्बीस वर्षसम्म मैले नाजरेन आमाबाबुमा आफ्ना छोराछोरीलाई परमेश्वरले दिनुभएको सम्पूर्ण पवित्रता अनुभव गर्न मद्दत गर्ने सन्दर्भमा त्यस्तो भावना र इच्छा देखेको छैन भनेर स्वीकार्नुपर्छ। जबकि हामी अनुग्रहको यो दोस्रो कार्यमा विश्वास गर्छौं, दुःखको कुरा, हामी आफ्ना छोराछोरीलाई परमेश्वरप्रति पूर्ण समर्पणताको त्यो अद्भुत सम्बन्धमा हिँड्दा पाइने आनन्द अनुभव गर्न मद्दत गर्न प्रतिबद्ध देखिँदैनौं। आमाबाबुले आफ्ना छोराछोरीहरू पूर्णतया पवित्र हुनको लागि परमेश्वरलाई बिन्ती गरेको म सुन्दिनँ। ख्रीष्टमा प्रचुर मात्रामा पाइने जीवनको यस अद्भुत सम्बन्धमा प्रवेश गरेका केटाकेटीहरूको गवाही म विरलै सुन्छु। एकछिन सोच्नुहोस्: के हामी हाम्रा छोराछोरीले पापको क्षमा थाह पाऊन् भन्ने चाहन्छौं तर "सिद्ध बनाइएको प्रेमको पवित्र आज्ञाकारिता" कहिल्यै अनुभव गरेको चाहँदैनौं?

हामीले चेलापनकोको लागि नयाँ विश्वव्यापी ढाँचा बनाएका छौं। यो ढाँचाले जानाजानी चेला बनाउने हाम्रो प्रयासलाई डोऱ्याउनेछ। हाम्रो नयाँ ढाँचाले नाजरेन चेलापनलाई अनुग्रहको यात्रा भनेर परिभाषित गर्छ। चेला हुनु भनेको जीवनभरको लागि हो भनेर हामीलाई थाहा छ। त्यस यात्राको साथसाथै हामीले परमेश्वरको अनुग्रहको सामना गर्छौं र उहाँको अनुग्रहप्रति प्रतिक्रिया देखाउन बोलाइन्छ। अनुग्रहको यात्रामा परमेश्वरको प्रिय अनुग्रह, बचाउने अनुग्रह र पवित्र पार्ने अनुग्रह समावेश छ। प्रेमिलो अनुग्रहद्वारा परमेश्वर हामीभन्दा अघि मार्ग तयार पार्न जानुहुन्छ र हामीलाई उहाँसितको सम्बन्धमा नजिक ल्याउनुहुन्छ। बचाउने अनुग्रहद्वारा येशूले हामीलाई पापबाट छुटकारा दिनुहुन्छ र हामीलाई स्वतन्त्र गराउने सत्यतर्फ डोऱ्याउनुहुन्छ। पवित्र पार्ने अनुग्रहद्वारा पवित्र आत्माले हामीलाई परमेश्वरमा पूर्ण रूपले पवित्र जीवन बिताउन सक्षम बनाउँछ। नाजरेनहरू यस संसारमा परमेश्वरको मिशनमा भाग लिँदै गर्दा, हामी अनुग्रहदेखि अनुग्रहसम्मको यात्रामा अरूलाई साथ दिने प्रतिबद्धता गर्दछौं।

मेरी पत्नी जेनी र म हाम्रा दुवै छोरीहरू, बेकाह र साराले ख्रीष्टमा मुक्तिको अनुग्रह मात्र होइन तर विश्वासद्वारा सम्पूर्ण पवित्रीकरणको पवित्र आत्माको कार्य अनुभव गर्ने हाम्रो इच्छा को घोषणा गर्न चाहन्छु। हामी प्रार्थना गर्छौं कि हाम्रा छोरीहरू "परमेश्वरका सारा पूर्णताको नापले भरियोस्" (एफिसी ३:१९)। हामी "रात दिन…जोशको साथ प्रार्थना गर्छौं कि . . . [तिनीहरूका] विश्वासको कमी पूरा भएको होस्" (१ थिस्सलोनिकी ३:१०)। हामी प्रार्थना गर्छौं, "शान्तिका परमेश्वरले हाम्रा छोरीहरूलाई उहाँको पवित्र [ पवित्र, NW] बनाउनुहुनेछ। हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा [तिनीहरूको] सम्पूर्ण आत्मा, प्राण र शरीर निष्कलंक रहोस्"

(१ थिस्सलोनिकी ५:२३)। हामी आफ्ना छोराछोरीलाई प्रभावित पार्ने अनि अरू आमाबाबुलाई पनि त्यसै गर्न बोलाउँछौं । परमेश्वरसँगको यस सम्बन्धमा उनीहरूलाई अगुवाइ गर्न हामी स्थानीय मण्डलीको बाल सेवकाईमा भर पर्ने छैनौं, तर हाम्रो मण्डली समुदायबाट हामीले प्राप्त गरेको सहयोगको लागि धन्यवादी हुनेछौं। हामी यो जिम्मेवारी व्यक्तिगत रूपमा आमाबाबुको रूपमा प्राप्त, र हामी अनुग्रहको सम्पूर्ण यात्रा मार्फत हाम्रा छोराछोरीलाई अनुशासन गर्न प्रतिबद्ध! के तपाईं जानाजानी आमाबाबुको लालनपालन गर्ने यो प्रतिबद्धता मान्नुहुन्छ?[37]

स्कट राइने

•••••••••••••••••

[37]. यसबाट अनुकूल गरिएको द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (वि.सं. २०७० माघ)।

# पचास वर्षको वैवाहिक जीवनको सबैभन्दा ठूलो पाठ

*****

*यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोडेर आफ्नो पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।*

*एफिसी ५:३१*

सण्डे स्कूलमा नैन्सी र मैले "विवाहको पचास वर्षमा हामीले सिकेका दस सबैभन्दा ठूला पाठहरू" सिकायौं। यहाँ एकदमै संक्षेपमा ती पाठहरू छन् (पहिलो चार न्यान्सीबाट आएका हुन्, र बाँकी मबाट आएका हुन्):

१.आफ्नो वैवाहिक जीवनभरि नै आवेशलाई जीवित राख्नुहोस्।

२.स्वस्थ्य वैवाहिक जीवनको लागि सुरक्षाको अनुभूति आवश्यक छ र हामी एकअर्कालाई त्यो उपलब्ध गर्छौं—तर प्रभुमा भर पर्दा अझ उच्च सुरक्षा पाउँछौं।

3. आत्मीयता उत्पन्न गर्नुहोस् जसले तपाईंहरूलाई साँच्चै हृदयबाट नै एक अर्काको नजिक हुन अनुमति दिन्छ।

४. मृत्यसम्म नै एका-अर्काप्रति प्रतिबद्धता – सबैभन्दा बुद्धिमान र स्वस्थ बाटो हो। तर सबैभन्दा महत्त्वपूर्ण कुरा, विवाहमा गहिरो प्रेम गर्ने सबैभन्दा ठूलो रहस्य प्रभुप्रतिको प्रतिबद्धता हो।

५. विवाह परमेश्वरको एउटा ठूलो योजनाको भाग हो। तपाईंको जग येशू ख्रीष्ट हुनुहुन्छ, विवाह होइन ।

६. उनलाई हल्का नलिनुहोस्। हरेक दिन, धन्यवाद भन्नुहोस्; उनको प्रशंसा गर्नुहोस्; म तिमीलाई माया गर्छु भन्नुहोस्; र दिनमा सातपल्ट अंकमाल गर्नुहोस् ।

७. अश्लील संसारको प्रलोभनबीच प्रभुले मलाई भन्नुभयो, 'तिमीलाई न्यान्सीको शरीरबाहेक अन्य कसैको पनि पनि शरीर [चित्रमा, वा व्यक्तिमा] हेर्ने अधिकार छैन ।

८. जब हाम्री छोरीको डिभोर्सजस्तो सबैभन्दा कठिन समय आयो, न्यान्सी र मैले एकै पटकमा टुटेको हृदय र पेटको अल्सरको अनुभव गरेका छौं। हामीले यो पनि सिक्यौं, "टुटेका सपनाहरूको अन्तमा, उहाँनै खुला ढोका हुनुहुन्छ।" परमेश्वरले हाम्रो हृदय निको पार्नुभएपछि हामीले थाहा पायौं कि उहाँले हाम्रो हृदय पनि तन्काइदिनुभयो। आज हामी लेवीहरूको भन्दा धेरै प्रेम र परमेश्वरलाई प्रेम गर्न सक्छौं ।

९.सुटकेसमा, भान्साको टेबुलमा, कार्डमा— एक-अर्कालाई नोट लेख्ने आदत कायम राख्नुहोस्।

10.जब तपाईंलाई आफ्नो पति वा पत्नी बुझ्न कठिन हुन्छ, यो प्रश्नले तपाईंको अन्तरक्रियामा मार्गदर्शन गरोस्: "येशू ख्रीष्टले उसलाई कस्तो व्यवहार गर्नुहुन्छ?"

11. बोनस: हामी निरन्तर एउटा खेल खेलौं जसमा उनको लागि म उनीभन्दा राम्रो हुने कोसिस गर्छु। उनी मेरो लागि मभन्दा राम्रो हुने कोसिस गर्छिन् । (न्यान्सी भन्छिन्, म जित्दैछु ।)

त्यहाँ पचास वर्षमा एघार पाठहरु छन् । त्यस्तो भयानक स्त्रीसित कस्तो साहसिक कार्य। यस यात्रामा हामीलाई सहयोग गर्नुहुने सबैलाई धन्यवाद, र येशू ख्रीष्टलाई धन्यवाद जसले हामीलाई यति धेरै आशिष् दिनुभएको छ कि यसले काम गरेको छ![38]

.................

[38]. पहिले द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सेप्टेम्बर २००९) मा प्रकाशित भएको थियो।

# फल फलिरहोस्, भाग १

*****

*मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, को तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल फलिरहोस्। यूहन्ना १५:१६*

सन् १९८९ तिर पहिलो मण्डलीले छिमेकीदेखि छिमेकीको काम सुरु गरेको हुनुपर्छ। यसको लक्ष्य आफूलाई चिनाउनु र नजिकैका छिमेकीहरूलाई हरेक ढोकामा छोडिएको प्याकेद्वारा मण्डलीमा बोलाउनु थियो। न्यान्सी र तिनकी छोरी जेनिफरले प्रतिक्रिया जनाइन् । अहिले जेनिफर र तिनका पति जोनाथनले पनि मण्डलीमा एउटा कक्षाको शिक्षा दिन्छन्। तीस-तीस वर्षको अवधिमा यस्तो कसरी भयो? आफ्नै शब्दमा तिनले आफ्नो कथा यसरी भन्छिन्:

**जेनीफर**

*मेरो कथा हाम्रो पाँचौं र छैटौं कक्षाको उमेर जतिकै हुँदा सुरु हुन्छ। मेरो पाँचौं कक्षाको समय मेरा आमाबाबुले कन्सास सिटीको नयाँ घरमा सर्ने निर्णय गर्नुभयो र हाम्रो नयाँ घर फर्स्ट मण्डली भनिने मण्डलीको उत्तरपूर्वमा निर्माण गरियो। त्यतिबेला, मण्डली अहिले जस्तो देखिदैन थियो; त्यहाँ कुनै अग्लो चुचुरो वा पवित्र स्थान थिएन र मेरी आमाले मलाई केही समयसम्म बिजुली कम्पनी होला भन्ठानेको कुरासमेत बताउनुभयो। मेरो जीवनको त्यस समयसम्म म केही पटकमात्र मण्डली गएकी थिएँ।*

*त्यसपछि, एक दिन आमा र म घर फर्कंदा ढोकामा एउटा साधारण प्याकेट भेट्टायौं। जब यसलाई हामीले खोल्यौं, यो पहिलो मण्डलीको सामुदायिक प्रचार कार्यक्रमको भाग भएको थाहा पायौं। मेरी आमालाई पहिलो मण्डलीमा जाने कोसिस गर्दा कुनै चोट लाग्दैन भन्ने विचार जगाउन पर्याप्त भएको मलाई अझै याद छ।*

*आइतबारको दिन बुबाले काम गर्नुहुने भएकोले मेरी आमा र म मात्र त्यहाँ उपस्थित हुन थाल्यौ। पहिलो आइतबारको दिन मलाई असाध्यै स्वागत गरिएको र यस्तो न्यानो महसुस गरेको मलाई अझै याद छ, जसले गर्दा हामी घरमा ठीक महसुस गर्न थाल्यौं। हाम्रो उपस्थितिको सुरुका महिनाहरूमा पादरी कीथ राइट थिए र आइतबारको दिन उनका प्रवचनहरू उत्सुकतासाथ सुनेको र मण्डली कुनै पनि हालतमा पट्टाइलाग्दो छैन भन्ठानेर उनका सन्देशहरू भिजाउँदै गरेको मलाई अझै याद छ! केही हप्तापछि मैले सण्डे स्कूल धाउन थालें। बाल विभागमा गएर मेरो स्कूलको पाँचौं कक्षाकी केटीलाई तुरुन्तै चिनेकी मलाई अझै याद छ। मेरो पहिलो सण्डे स्कूलका शिक्षकहरूमध्ये एक, बेउला पोस्टलवेट थिए। उनले मेरो छोरा ज्याक्सनलाई पनि सिकाएका छन् र हाल चार वर्षको कक्षामा मेरी छोरी ह्याडलीलाई पढाउँदैछन्। पहिलो मण्डलीको त्यो पहिलो वर्षको दौडान परमेश्वरले मेरो लागि गर्नुभएका योजनाहरूबारे मेरो दिमाग खुला हुँदै थियो।*

*यस अवधिमा मेरी आमालाई एक जना पास्टरले भेटे र उनी हाम्रो घरमा आएर हामीबारे अझ बढी जान्ने इच्छुक थिए। उनले हामीलाई एउटा कार्डमा येशू ढोकामा उभिरहनुभएको र ढकढक्याइरहनुभएको देखाउनुभएको मलाई अझै याद छ। त्यो ढोका हाम्रो हृदयको ढोका हो र येशू पनि भित्र आउन चाहनुहुन्छ भनी उहाँले बताउनुभयो। यसो गर्न पाउँदा म रोमाञ्चित भएँ र म र मेरी आमा दुवैले प्रभुलाई आफ्नो हृदयमा निम्त्याउन पास्टर शेभरसँग प्रार्थना गऱ्यौं। अबदेखि यस्तै यात्रा भएको छ !*

*परमेश्वरले हाम्रो सुरुको कदममा, हाम्रो ढोकामा र प्रथम मण्डलीका थुप्रै अद्भुत मानिसहरूमार्फत हामीलाई डोऱ्याइरहनुभएको थियो भन्ने कुरामा मलाई कुनै शङ्का छैन।*[39]

•••••••••••••••••

[39]. यस अघि द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २०१७) मा प्रकाशित्।

# फल फलिरहोस्, भाग २

*****

*मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, को तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल फलिरहोस्। यूहन्ना १५:१६*

**जोनाथान**

*येशू ख्रीष्टलाई मेरो हृदयमा स्वीकार गर्ने मेरो कथा म एक्काइस वर्षको छँदा घटेको थियो र मेरी श्रीमतिको कथा भन्दा अलि पछिको कथा हो मेरो।*

*म क्याथोलिक धर्ममा हुर्कें। मेरा परिवार केही समयको लागि नियमितरूपमा मण्डली जान्थे तर कारण जेसुकै होस्, मेरो प्राथमिक स्कूलका वर्षहरूमा मण्डली जाने कुरा हराउँदै गयो।*

*जेनिफरलाई भेटेपछि मात्र म फेरि मण्डली जान थालें। डेटिङको दौडान मैले उनलाई साथ दिन थालें। त्यतिबेला म धार्मिक व्यक्ति हुँ भन्दिनथें तर म उनीसँगै उपस्थित हुन तयार थिएँ । पहिलो मण्डलीमा हामीले भाग लिएका सेवाहरू अक्सर मेरो लागि प्रभावपूर्ण र अर्थपूर्ण हुन्थे र मेरो विश्वास बढ्दै थियो, तर मैले अझै पनि आफूलाई प्रभुप्रति पूर्णतया समर्पित गरेको थिइनँ।*

*सन् २००० को गर्मी महिनामा मैले जेनिफरलाई विवाह गर्ने प्रस्ताव गरेपछि हामी फर्स्ट मण्डलीमा विवाह गर्न चाहन्छौं भनेर थाह पायौं। हामीले पास्टर शेभरलाई आफ्नो विवाहमा भाग लिन रोज्यौं र विवाहमा जाने हाम्रो आत्मिक जीवन र समारोहका विवरणहरू छलफल गर्न उनीसित धेरै चोटि भेट्यौं। त्यतिबेला मैले ख्रीष्टलाई पूर्णतया स्वीकारेको छैन भन्दै पास्टरले हामीलाई अर्को दम्पती फ्याबियन र केन्डी पियर्सनसित उनीहरूको घरमा बाइबल अध्ययन गर्न प्रोत्साहन दिए। फ्याबियनले मेरो जस्तै वित्तीय उद्योगमा करियर बनाएका थिए। उनी पास्टर बन्न सेमिनरीमार्फत पाठ्यक्रमहरू लिइरहेका थिए। त्यसैले पास्टरले हामी दुईको राम्रो मेल हुनसक्ने विचार गरेका थिए। एक इसाई हुनु र येशूलाई आफ्नो जीवनको प्रमुख कुरा ठान्नुको अर्थ के हो भनेर मैले केही महिनासम्म सभाहरूको दौडान बुझें । पियर्सनको भान्साको टेबलमा बसिरहेको एउटा सभाको दौडान मैले प्रार्थना गर्न र येशूलाई आफ्नो जीवन र हृदयमा स्वीकार्न आह्वान गरेको महसुस गरें। त्यतिबेला मैले पहिला कहिल्यै महसुस नगरेको भित्री सन्तुष्टि र न्यानोपन महसुस गरें। परमेश्वरले मलाई जुन मार्गमा राख्नुभयो त्यसको लागि म साह्है आभारी छु र मेरो भविष्य जस्तोसुकै होस्, असल र खराब को बाटो हेर्न उत्सुक छु किनभने मलाई थाह छ कि म उहाँमा भर पर्न सक्छु।*

सोच्नुहोस्—ख्रीष्टमा आएका पाँचौं कक्षाका एक जना विद्यार्थीले तीस वर्षभन्दापछि येशूको विषयमा अहिले पाँचौं कक्षाका विद्यार्थीलाई सिकाउँदैछन्। प्रचार र साक्षी दिने मण्डलीको लागि कस्तो ठूलो प्रतिफल । अथवा येशूले भन्नुभएझैं "तिमीहरूले मलाई चुनेनौ, तर मैले तिमीहरूलाई चुनें, र तिमीहरू गएर फल फलाउन सक भनी नियुक्त गरें, र तिमीहरूको फल फलिरहोस्"[40]

•••••••••••••••••

[40]. यस अघि द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २०१७) मा प्रकाशित्।

# परीक्षित तर पापरहित

*****

*किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।*

*हिब्रू ४:१५*

हाम्रा प्यारा साथीहरू भर्खरै किनेको अपार्टमेन्टमा सर्दै थिए। तीस मिनेटको अवधीमा तिनीहरूले ऋणमा लिएको ट्रक फिर्ता गर्न निस्के, तिनीहरूको अपार्टमेन्टमा आगो लाग्यो र थुप्रै एकाइहरू ध्वस्त भए। घरमालिकको सल्लाहमा उनीहरुले ठेकेदारलाई काममा लगाएका थिए। क्षतिग्रस्त भागलाई हटाइसकेपछि मुस्किलले पुनर्निर्माण सुरु गरेपछि मर्मत कोष लिएर ठेकेदार बेपत्ता भए। मुद्दा हालिएको थियो र मैले मेरो वकिल साथीलाई उनीहरूलाई मदत गर्न आग्रह गरें। राज्यका जिल्ला वकिल संलग्न भएको थाहा पाएपछि मेरो वकिल साथीले तिनीसितै रहने सल्लाह दिए। तिनीहरूले भाडामा लिनसक्ने अरू वकिलको तुलनामा तिनी धेरै प्रभावशाली थिए।

येशू ख्रीष्ट परमेश्वरसामु हाम्रो प्रधान पूजाहारी हुनुहुन्छ । यदि तपाईं सम्झनुहुन्छ कि उहाँ यति उच्च र पवित्र हुनुहुन्छ कि उहाँले तपाईंलाई बुझ्न सक्नुहुन्न। यसकारण कृपया यो कुरा थाह गर्नुहोस् येशूले मानवरूपमा हामीले जस्तै परीक्षाको सामना गर्नुभएको थियो। तर उहाँले कहिल्यै पाप गर्नुभएन । परीक्षा र पापमा भिन्नता छ। येशूलगायत सबै जना परीक्षामा पर्छन्। तर, उहाँले पाप गर्नुभएन। तपाईंलाई पाप गर्नु आवश्यकता पर्दैन।

कुनै-कुनै प्रलोभनहरू बाहिरबाट आउँछन् र तिनीहरू एकदमै सुन्दर हुन्छन्, जसरी शैतानले उजाडस्थानमा येशूलाई परीक्षा गर्‍यो (लूका ४)। कहिलेकाहीं शैतान हठी हुन्छ र गर्जने सिंहजस्तै आक्रमण गर्छ (१ पत्रुस ५:८)। अन्य समयमा, त्यो धूर्त र छली छ, आफूलाई ज्योतिको दूतको भेष देखा पार्छ (२ कोरिन्थी ११:१४)।

तर परीक्षाहरू भित्रबाट पनि आउन सक्छन् । परमेश्वरले हामीलाई स्वस्थ र बलियो मानिसजातिको भागको रूपमा केही खास कुरा र इच्छासहित सृष्टि गर्नुभएको छ। यी इच्छाहरू अनुशासित र परमेश्वरद्वारा अगुवाइ गरिएका छन् भने स्वस्थ र राम्रा हुन्छन्।

त्यहाँ सामाजिक इच्छा छ - मानिसहरूले तपाईंलाई मन पराउने स्वस्थ इच्छा। तर यदि त्यो इच्छालाई नियन्त्रणबाट बाहिर जान अनुमति दिइयो भने, मानिसहरूले तपाईंलाई मन पराउने कुरामा तपाईं परमेश्वरको अनाज्ञाकारी हुन सक्नुहुन्छ।

त्यहाँ यौन इच्छा छ, जुन मानव जातिको प्रचारको लागि परमेश्वरको योजनाको अंश हो, र विवाहित पुरुष र महिला बीचको प्रेमको अनुभव हो। तर यदि त्यो चाहना अनुशासनहीन छ, र यसलाई आफ्नो खुशीको लागि मात्र ठान्नुहुन्छ भने, त्यो पाप हुन्छ।

त्यहाँ सुरक्षा चाहना छ, जसले तपाईंको जीवन जोगाउँछ। यो चाहनाको कारण तपाईं तीव्र गतिमा गुडिरहेको कारको बाटोबाट हाम फाल्नुहुन्छ। तर यसले तपाईंलाई भ्रष्ट बनाउनुका साथै तपाईंलाई आफ्नो पकड, हक जमाउने र स्वार्थी व्यक्ति बनाउन पनि सक्छ । यस्तो अवस्थामा, फेरि पनि एउटा राम्रो चाहना पापमा परिणत भएको छ।

चिटिक्क हुनुहोस्। सचेत रहनुहोस्। तपाईंको भित्री चाहना राम्रो छ—त्यसलाई बाङ्गो नपार्नुहोस्। येशू उच्चमा हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ भने वर्तमान पवित्र आत्माले "हाम्रा दुर्बलताहरूमा हामीलाई सहायता गर्नुहुन्छ" (रोमी ८:२६)।

पावलले १ कोरिन्थी ९:२७ मा कडा शब्दहरू प्रयोग गर्दै यसरी लेखे: "तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।" हो, भित्रबाट नै परीक्षामा पर्नसक्छौं तर ईश्वरीय अनुशासनद्वारा तपाईंले पाप गर्नु पर्दैन।

.................

# अप्रत्याशित घटना

*****

*तिनले पोन्टस-निवासी अकिलास नाउँ भएका एक जना यहूदीलाई भेटे। तिनी आफ्नी पत्नी प्रिस्किलासँग इटालियाबाट आएका थिए, किनकि सम्राट क्लौडियसले सबै यहूदीहरूलाई रोमबाट निस्किजाने आज्ञा दिएका थिए। पावल उनीहरूलाई भेट्न गए। एकै पेशाका हुनाले तिनी पनि उनीहरूसँगै बसे, र काम गरे। किनकि उनीहरूको पेशा पाल बनाउने थियो। प्रेरित १८:२-३*

"आउट अफ द ब्लु" अंग्रजी भाषाको एउटा अभिव्यक्ति हो जसलाई पूरै अप्रत्याशित घटना वा संयोग वर्णन गर्न प्रयोग गरिन्छ। परमेश्वरले यस संसारमा आफ्नो काम गरिरहनुभएको छ , यद्धपि हामी उहाँको इच्छालाई बुझ्ने र त्यस अनुसार गर्ने कोशिश गर्छौ, उहाँले कहिलेकाहीँ हामीलाई अचम्ममा पार्नुहुन्छ।

पावलले अकिलास र प्रिस्किलासित गरेको भेटघाटलाई तपाई "अप्रत्याशित" भनेर व्याख्या गर्न सक्नुहुन्छ। कोरिन्थमा भएका ती दम्पतीलाई पावलले भेटे किनभने सम्राट् क्लौडियसले सबै यहूदीहरूलाई रोम छोड्न आदेश दिएका थिए। परमेश्वरले आफ्नो राज्यलाई अघि बढाउन राजनैतिक तथा सामाजिक जमघटहरू र दुष्टहरूलाई समेत चलाउनुहुन्छ। यी तीन जनाको पहिलो सम्बन्ध पाल बनाउने कामबाट भएको थियो।

यहूदीहरूको विरोधको कारण पावलले कोरिन्थमा सभाघर छोडे । त्यसपछि, अचानक सभाघरका शासक क्रिस्पसले आफ्नो सम्पूर्ण परिवारका साथ प्रभुलाई ग्रहण गरे (प्रेरित १८:७–८)। त्यसको लगत्तै "प्रभुले पावलसँग कुरा गर्नुभयो" अर्थात् "अप्रत्याशित" जस्तो देखिने गरी तिनले "यस शहरमा धेरै मानिसहरू छन्" तिनीहरूसित नडराउनू भनी भन्नुभयो (पद ९-१०)।

तिनका नयाँ पाल बनाउने साथीहरू, प्रिस्किला र अकिलास अहिले पावलसित तिनको सेवकाईमा मद्दत गरेका र एफिससको यात्रामा तिनीसँगै गएका थिए। अन्तमा, तिनले उनीहरूलाई त्यहीं छोडेर सेवकाईको निम्ति गए (पद १८-१९)। प्रिस्किला र अकिलासले शक्तिशाली वक्ता र पवित्र-शास्त्रका पोख्त अपोल्लसलाई चेला बनाएका थिए। उनी अन्ततः येशू नै ख्रीष्ट हुनुहुन्छ भनी घोषणा गर्न अखैया गए (पद २६-२८)। यो अचम्मको घटना थियो तर परमेश्वरले यस्तो हुन दिनुभयो!

त्यस्तै गरी, परमेश्वरको लागि तपाईंको कार्यले अचम्मको नतिजा ल्याउन सक्छ। न्यान्सी र म गीत गाउन, सिकाउन र प्रचार गर्न स्थानीय मण्डली गयौं। त्यहाँ छँदा हामीले पास्टरीय कर्मचारीहरूलाई भेट्यौं। एक चोटिको कुरा हो, एक जना पादरी ग्यारी हामीकहाँ आए र हाम्रो पहिलो भेटको सम्झना दिलाए। तिनले यसो भने: "जब हामी एउटा सानो मण्डलीको पादरीकहाँ पुग्यौ कसैले पनि हामीसँग कुरा गरेनन्। हामीलाई स्वागत गर्ने मानिसहरू तपाई मात्र हुनुहुन्थ्यो। तपाई र श्रीमती शेभरले हामीलाई खाना खान बाहिर लानुभयो।"

यो सम्बन्ध मैले बिर्सेकी थिइन - ग्यारीले लगभग पचपन्न वर्षअघि भएको सभाबारे कुरा गर्दै थिए। हाम्रो सरल दयाले यस्तो प्रभाव पारेको थाहा पाउँदा म छक्क परें र नम्र भएँ। यो रिपोर्ट हामीकहाँ आश्चर्यमयआयो।

प्रभुबाट आफ्नो अचम्मको अनुभवको लागि तयार हुनुहोस्; परमेश्वरको लागि यस्तो प्रभाव बन्न तयार हुनुहोस् कि यस्ता रिपोर्टहरू अप्रत्यासित तपाईंकहाँ फर्कनेछन्।

•••••••••••••••••

# अनुग्रही परमेश्वरको सहायता

*****

*किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन बढी परमेश्वरको अनुग्रह एक जना मानिसको अर्थात येशू ख्रीष्टद्वारा आएको सित्तैँको वरदान धेरैका निम्ति प्रशस्त भयो।*

*रोमी ५:१५*

मई ४, २००३ मा पिस्सी शहर, मिसौरीमा बेलुकीको ६:५४ मा आएको दस सेकेन्डको भुमरीले एक जनाको ज्यान लियो। साथै नगरको हल, पच्चीस वटा व्यवसायीको ४२ वटा र ८१ घर भत्काएको थियो।

त्यस शहरको सुपरमार्केटका मालिकलाई भुमरीको बेला स्प्रिङफिल्डमा अस्पतालमा भर्ना गरियो। तिनी र तिनकी पत्नीको पसल सोह्र वर्ष पुरानो थियो। जब तिनी आफ्नो पसल भएको ठाउँमा आए, त्यो पसल टुक्रा-टुक्रा भएको र डम्पस्टरमा फ्याँकिएको थियो।

अन्तमा, त्यो सहर अलिकति बसिसकेपछि किराना पसलका मालिक ब्याप्टिस्ट मण्डली कहाँ गए र तिनीहरूको जग्गा किन्न सकिन्छ कि भनेर सोधे। पहिले मण्डलीले शहरबाहिर नयाँ पवित्रस्थान बनाउने योजना बनाएको थियो। मण्डलीको बोर्ड भेटेपछि तिनीहरूले त्यो जग्गा बेच्न मानेनन्। बरु, तिनीहरूले उसलाई त्यो जग्गा दिए। आखिर, सहरलाई किराना पसल चाहिएको थियो।

शहरका औषधी पसललाई पनि नयाँ जग्गा चाहिएको थियो। त्यसैले उनी किराना पसलका मालिककहाँ तिनको पुरानो सम्पत्ति किन्नलाई गए। किरानाले बेचेनन्; तिनले त्यो सित्तैमा दिए।

सिटी हल पुनर्निर्माण गर्नुपर्थ्यो। त्यसैले त्यस सहरका मेयर फार्मासिस्टकहाँ तिनको जग्गा किन्ने प्रस्ताव लिएर गए । फार्मासिस्टले भने शहरले यसलाई सित्तैमा लिन सक्छ।

कति अचम्म, विनाश भएको ठाउँमा दयालु कार्यहरू गरिएका थिए। कुनै पनि जबरजस्ती थिएन।

परमेश्वरको अनुग्रहलाई बाइबलमा चित्रण गरिएको देख्दा यसले आफ्ना मानिसहरूलाई दयालु बनाउँछ भन्ने कुरा स्पष्ट हुन्छ। परमेश्वरको अनुग्रह र येशू ख्रीष्टको अनुग्रह आज धेरैको लागि व्याप्त छ। के तपाईं त्यो प्रवाहमा बग्नुभएको छ?[41]

. . . . . . . . . . . . . . . . .

[41]. मर्लिन मेबर्गको एउटा रिपोर्टबाट धेरै कुरा निकालिएको थियो, *जीवनभरको लागि आश्वासन* (नाशभिल: डब्लु प्रकाशन समूह, २००४), ५५–५७।

# यो ठाउँ पवित्र भूमि हो

*****

*उहाँले अझै भन्नुभयो, "म तेरा पिता-पुर्खाका परमेश्वर हुँ। अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।" तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए।*

*प्रस्थान ३:६*

तिनी परमेश्वरलाई अझ राम्ररी चिन्न भोकाएका थिए। कहिलेकाहीं तिनीभित्र अपवित्र कुरा अझै पनि चर्किरहेको थियो। घरमा एक्लै बसेर प्रार्थना गरे।

त्यसपछि परमेश्वर "ज्योति"को रूपमा आगोझैँ तिनीकहाँ आउनुभयो। तिनको आत्मा परिवर्तन भयो, आत्मिक तवरमा नयाँ उचाइमा उचालिएको थियो र तिनको आवश्यकता पूरा भयो।

तिनले परमेश्वरको पवित्रता र मानिसहरूको लागि आवश्यक पवित्रताबारे प्रचार गर्न थाले। त्यसपछि तिनले पास्टरीय सेवा गरेका मण्डलीहरू अचम्मलाग्दो जोसको साथ बढ्न थाले-एकैपटकमा एक वर्षभित्र दोबर सदस्यताको साथमा। डा. फिनियस एफ. ब्रेसी त्यो व्यक्ति थियो जसले मानिसहरूलाई परमेश्वरको उद्धारमा डोऱ्याएका थिए। केही समय नबित्दै मण्डली अफ द नाजरेन भनिने एउटा नयाँ समूहमा अमेरिका देशभरि पवित्र आगो सल्कियो।

परमेश्वरको हातबाट दस आज्ञा पाउने मानिसले परमेश्वर पवित्र हुनुहुन्छ भनेर पहिलो चोटि थाहा पाए। दासत्वमा रहेका मानिसहरूको पुकाराको उत्तर दिनका लागि (प्रस्थान २:२४) परमेश्वरले मोसासित उहाँको उपस्थीतिद्वारा पवित्र बनाइएको आगोबाट मोशासँग बातचित गर्नुभयो (प्रस्थान ३:५)। ओह, आज पनि उहाँको आवाज सुनेर अनि आगो महसुस गरेर धेरैले आफ्नो जुत्ता फुकाल्नेछन्! त्यसपछी तिनीहरूले मानिसहरूलाई अगुवाइ गर्न सक्षम हुनेछन्।[42]

.................

[42]. पहिले *Come Ye Apart* July–August–September 1964 (Kansas City, MO: Nazarene Publishing House) मा प्रकाशित, १४. अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन Reflecting God भयो।)

# परमेश्वरको इच्छालाई कसरी थाह पाउने?

*****

*यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। रोमी १२:१-२*

चेरीले रूँदै भनिन्, "मलाई डर छ, परमेश्वरले मलाई उहाँलाई प्राप्त गर्न दिनुहुन्न।" किशोर अवस्था पुगेकी चेरी दुई वटा इच्छाहरूको बीचमा खडा भएकी थिई: परमेश्वरको इच्छा बनाम चेरीको इच्छा।

परमेश्वरको इच्छा पत्ता लगाउने पहिलो कदम भनेको जीवित बलिदानको रूपमा उहाँलाई चढाउनुभएको छ कि छैन पक्का गर्नु हो। आत्मसमर्पण गर्ने अवस्थामा पुगेपछि परमेश्वरको इच्छा बुझ्ने पाँच व्यवहारिक तरिकाहरू छन्:

१. **बाइबल:** परमेश्वरको वचनले रोमी १२: १-२ जस्ता महत्त्वपूर्ण सिद्धान्तहरू दिन्छ। तपाईं डाक्टर हुनपर्ने कि ड्राइभर हुनुपर्ने सो बाइबलले बताउँदैन तर तपाईंले गर्ने तर तपाईंले गर्ने चुनाउहरू परमेश्वरप्रति पूर्णतया समर्पण गरिएको जीवनबाट सुरु हुनुपर्छ भन्ने कुरा स्पष्ट हुन्छ।

२. **प्रार्थनामा आत्माको नेतृत्व:** कुन काम, कुन व्यक्ति, कुन छनौट त्यसबारे पवित्र आत्माले तपाईंलाई अझ विशिष्ट मार्गदर्शन दिन सक्नुहुन्छ। पवित्र आत्माको आवाज कस्तो हुन्छ? ए.जे रुसेलको भनाइअनुसार, "ईश्वरीय आवाज सधैँ शब्दमा व्यक्त गरिँदैन। यसलाई हृदयको चेतना भनेर चिनिन्छ।"[43]

३. **खुल्ला र बन्द ढोकाहरू।** यिनीहरूले आत्माको नेतृत्वलाई सहायता गर्नुपर्दछ। यदि तपाईं इन्जिनियर बन्नलाई अगुवाइ भएको महसुस गर्नुहुन्छ तर तपाईंको गणित र विज्ञानसम्बन्धी सबै पाठ्यक्रमहरू असफल भएको छ भने त्यो ढोका बन्द भएको देखाउँछ।

४. **परिपक्व इसाई मित्रहरूको सल्लाह।** सेमिनारीमा मलाई पढाउनका निम्ति जब बोलाइयो, मैले मेरा पाँच जना भरोसायोग्य इसाई मित्रहरूलाई यसबारे तिनीहरूको विचार सोधें। चार जना मित्रहरूले मलाई यो पदलाई स्वीकार गर्नुपर्छ भनेर सल्लाह दिए। (निश्चय नै , मैले वचन पढें अनि यस निर्णय बारे प्रार्थना गरे)।

५. **पवित्र कारण।** परिस्थीतिको वास्तविकता बुझ्न तपाईंले आफ्नो तर्क र समझ प्रयोग गर्नुपर्छ। यो "पवित्र" कारण गर्ने अभ्यास हो जुन कारणले परमेश्वरलाई पहिलो स्थानमा राख्दछ। अहिले, मेरो एकजना प्रियजनले आफ्नो घरको ऋण पुनर्वित गर्ने कि नगर्ने भनेर निर्णय गर्ने कोसिस गरिरहेका छन्। यस प्रक्रियामा तिनले सबै आर्थिक विकल्पहरूको सूची बनाउन आफ्नो पवित्र कारण प्रयोग गर्दैछन्।

यी स्रोतहरूको पुनरावलोकन गर्दा, मलाई एक जना साथीको सम्झना आउँछ, जसले उहाँको अगाडि एकपछि अर्को ठूलो निर्णयहरू गरेका छन्। यस प्रक्रियामा तिनले परमेश्वरको इच्छा बुझ्न यी पाँचै वटा निर्देशन प्रयोग गरेका छन्। फलस्वरूप, तिनले परमेश्वरको इच्छा जाँच गर्न र त्यसलाई अनुमोदन अर्थात उहाँको असल, मनमोहक र सिद्ध इच्छा पूरा गर्न सक्षम भएका छन्।

.................

[43]. ए. जे. रसल, *गड कलिङ* (न्यु योर्क: आर्थर जेम्स लि., १९५३).

# "सिद्ध" – के तपाईं ठट्टा गर्दै हुनुहुन्छ?

*****

*त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं। हिब्रू १०:१०*
*किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याइदैछन।, तिमीहरूलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ।*
*हिब्रू १०:१४*

एकदमै राम्रा शब्द, वाक्यांश वा विचारहरूमा गोलमाल सृजना गर्न सम्भव छ। यो मानव शरीरमा विज्ञान परिक्षण गर्ने सिएटलको पाँचौ कक्षाको विधार्थी जस्तै हो। उसले क्रेनियम, थोरेक्स र एबडोमिनल क्याभिटीको सट्टा त्यसलाई "ब्रेनियम," "बोरेक्स" अनि "एब्रोमिनेबल केभिटी" लेख्यो।

"सिद्ध" भन्ने शब्दको समस्याग्रस्त इतिहास छ। मेरो किशोर अवस्थाका छोरोले सधैँ गलत गरेपछि "कोई पनि सिद्ध छैन, बुबा" भनेर बहाना बनाउँछ।

हिब्रूहरूले पूरानो बलिदान प्रणाली- जो पटक- पटक गरिन्थ्यो त्यसले ख्रीष्टले गर्नुभएको सबैको लागि एकै पल्टको बलिदानको श्रेष्ठतालाई बुझाउँछ। पूरानो करारका पूजाहारीहरू प्रत्येक दिन बलिदान गर्न उभिन पर्थ्यो; तर ख्रीष्ट सबैका लागि एकपटक मर्नुभयो अनि अहिले परमेश्वरको दाहिने बाहुलीमा बसिसक्नुभएको छ (हिब्रू १०:११-१३)।

यस्तो देखिन्छ कि परमेश्वरको पहिलो इच्छा नै हामी पवित्र हुनुपर्छ (पद १०)- तर यो हामी आफ्नै निम्ति गर्न सक्दैनौं। यो केवल ख्रीष्टको शरीर मार्फत मात्र हुन्छ। उहाँको सिद्ध भेटीले पवित्र भएकाहरूमा सिद्धता ल्याएको छ। पद १६-१७ मा, परमेश्वरले पापसँग दुई तरिकाले व्यवहार गर्नुहुन्छ: पद १७ मा, उहाँले पापहरूको सम्झना गर्नुहुन्न (त्यो हो उहाँले पापलाई क्षमा गर्नुहुन्छ); पद १६ मा, उहाँले आफ्नो व्यवस्था हाम्रो हृदयमा हालिदिनुहुन्छ। यस प्रक्रियामा, उहाँले हाम्रो हृदयलाई सफा गर्नुहुन्छ र ख्रीष्टको स्वरूपले छाप लाउनुहुन्छ। अब परमेश्वरले हाम्रो भित्री स्वार्थलाई परिवर्तन गर्नका लागि हाम्रो बाहिरी स्वभावलाई टाडा लैजानुभएको छ।

नयाँ करारमा "सिद्ध" शब्दको अर्थ पूर्ण हुन्छ; चाहेको स्तरमा ल्याइएको; जुन उद्देश्य र अभिकल्पनामा बनाइएको छ त्यसको उद्देश्य पूरा गरिएको। यसले हामीलाई पूर्ण प्रेमतर्फ ल्याउँछ, जसमा हामी आफ्नो सम्पूर्ण हृदय, मन र आत्माले परमेश्वरलाई प्रेम गर्छौं। १ यूहन्ना ४:१७-१८ मा यस प्रकारको प्रेम वर्णन गरिएको छ जब यसले यसो भन्छ, "न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध भएको हिन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ" (NRSV)।

यो सिद्धता सीमित छ। यो सिद्ध शक्ति, पूर्ण ज्ञानम सिद्ध बुद्धि, पूर्ण कुराकानी, सही निर्णय होइन तर सिद्ध प्रेम हो। आजका बाइबलपदहरूमा "सदाको लागि" भन्ने शब्दले ख्रीष्टको बलिदानको श्रेष्ठतालाई जोड दिन्छ।

कल्पना गर्नुहोस्, लामो र कडा अध्ययन गरेपछि एउटा सानो केटोले आफ्नो हिज्जे परीक्षाम १००% प्राप्त गर्छ। उसले आफ्नो परीक्षाफल ल्याउँछ र आफ्नो शिक्षकले त्यसपरिणाम पत्रको माथि "एकदम सिद्ध कागज" लेखेको कुरा बुबालाफ देखाउँछ। बुबाले एकछिन घोरिएर भन्छन्, "तर छोरा, तिमीले आफ्नो लेखाइमा सुधार गर्न सक्छौ जस्तो लाग्दैन?" निसन्देह, त्यो कुरा पुरै हराएको थियो अर्थात आफ्नो परीक्षाको क्षेत्रमा छोरो सिद्ध थियो।

त्यसैकारण त रोमी १३:१०ले भन्छ, "प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो" र रोमी ५:५ले भन्छ, "किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" परमेश्वरले हामीलाई उहाँलाई र अरूलाई प्रेम गर्न सृष्टि गर्नुभएको छ। अब पवित्र आत्माको कामद्वारा हामी जुन उद्देश्यका लागि बनाइएका थियौं त्यो पूरा भइरहेको छ।

हामी ठट्टा गरिरहेका छैनौं! हिब्रू १०:१४ले प्रमाणित गरेझैं परमेश्वरले "पवित्र पारिएकाहरूलाई सदाको लागि सिद्ध तुल्याउनुभएको छ"(NRSV)।

•••••••••••••••••

# हृदय उत्तेजित पार्नुहुने परमप्रभु

*****

*फारसका राजा कोरेसको पहिलो वर्षमा यर्मियाद्वारा भनिएको परमप्रभुको वचन पूरा हुन परमप्रभुले फारसका राजा कोरेसको हृदयलाई उत्तेजित पार्नुभयो। फलस्वरूप उनले आफ्ना राज्यभरि मौखिक अनि लिखित रूपमा यस्तो घोषणा गरे: "फारसका राजा कोरेस यसो भन्छन्, 'परमप्रभु, स्वर्गका परमेश्वरले पृथ्वीका सबै राज्य मलाई दिनुभएको छ। उहाँले नै मलाई यहूदाको यरूशलेममा उहाँको निम्ति एउटा मन्दिर बनाउन आज्ञा गर्नुभएको छ"।*

*एज्रा १:१-२*

सन् १९४८मा राष्ट्रपति ह्यारी ट्रमनले इस्राएललाई एउटा राष्ट्रको रूपमा मान्यता दिँदा संसारभरिका यहूदीहरू आफ्नो पुनर्स्थापित राष्ट्रमा फर्के। के यो प्रभुले राष्टपतिको हृदयलाई उत्तेजित पारिराख्नुभएको थियो?

हाम्रो खण्डले हामीलाई भन्छ कि परमप्रभुले एक अन्यजातिका राजा कोरेसको हृदयलाई उत्तेजित पार्नुभयो। ईसापूर्व ५८६मा बेबिलोनीहरूले यहूदामाथि विजय हासिल गर्दा थुप्रै यहूदीहरू बेबिलोनमा निर्वासित भएका थिए। पापको कारणले यहूदाको पतन भयो। फारसका राजा कोरेसले बेबिलोनलाई परास्त गरे। तर ईसापूर्व ५३८मा कोरेसले इस्राएलका मानिसहरूलाई आफ्नो मातृभूमि फर्केर मन्दिर पुननर्माण गर्ने अनुमति दिने उर्दी जारी गरे। त्यसपछि ४२ हजार मानिसहरू फर्केर आए।

परमेश्वरले आफ्ना जनहरूलाई आफ्नो जन्मथलोमा फर्काएर ल्याउनुहुनेछ भनेर अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए। यर्मिया ३२:३७ले भन्छ: "म तिनीहरूलाई फेरि यस देशमा फर्काएर ल्याउनेछु र सुरक्षित बस्न दिनेछु।" त्यसरी नै, यशैया ४५:१३ ले पनि यसो भन्छ, "कोरेसलाई मेरो धार्मिकतामा खडा गर्नेछु...त्यसले मेरो सहर पुनर्निर्माण गर्नेछ, र बन्धनमा परेका मेरा सबैलाई मुक्त गर्नेछ"। यद्धपि तिनीहरू महान मानिसहरू नै किन नहोस् वा कसैले कहिल्यै उहाँको सेवा नगरेको नै किन नहोस्, हो, परमेश्वर सबैको हृदय उत्तेजित पार्ने हुनुहुन्छ।

म एक महिलालाई चिन्छु जसको वर्तमान मालिकको व्यापार बिक्री भएको छ। अहिले त्यहाँ एउटा नयाँ, ठूलो सो-रुम, विस्तार गर्ने योजना र नयाँ मालिक छ। आफ्नो जिम्मेवारी, घण्टा, तलबबारे छलफल गर्न चाँढै ती कर्मचारी नयाँ मालिकसँग भेट गर्नेछन्। तिनका साथीहरूले नयाँ मालिकको हृदयलाई उचित र विचारशील व्यवहार गर्न प्रभुले उत्तेजित पारून् भनेर प्रार्थना गरिरहेका छन्।

एकदिन शुक्रवार बिहान म पुरुषहरूको प्रार्थना ब्रेकफास्टमा एक दर्जन मानिसहरूसँग थिएँ। त्यतिबेला म नाजरेन थियोलिजिकल सेमिनारीमा सुसमाचारका प्राध्यापकको रूपमा सेवा गर्दै थिए। मेरो छेउमा बसिरहेको मानिस, सहरको एक प्रतिष्ठित वित्तीय संस्थाका उपाध्यक्ष, मसित कानेखुसी गर्न मतिर ढल्किए र भने, "म परोपकारी संस्थाको बोर्डमा छु, अनि हामी ख्रीष्टिय काम, विशेषगरि सुसमाचारको काममा पैसा दिन मन पराउँछौं। सुसमाचारीय छात्रवृत्तिको लागि आग्रह गर्नुहोस्।" त्यसपछि उनले मलाई च्यारिटेबल ट्रस्टको को सभापतिलाई भेट्ने समय मिलाइ दिए। अन्तमा, आज धेरै मानिसहरूलाई येशू ख्रीष्टको लागि जितिरहेका थुप्रै विधार्थीहरूले पचास लाखदेखि दश लाख सम्म अमेरिकी डलर छात्रवृत्ति प्राप्त गरिरहेका छन्। त्यतिखेर म चुकें तर बिहानको खाजा खाएपछि परमेश्वरले मेरो छेउको मानिसको हृदय उत्तेजित पारिदिनुभयो।

परमेश्वरले तिनीहरूको हृदय उत्तेजित पारिदिऊन् भनी तपाईंकसको लागि प्रार्थना गर्नुहिन्छ?

.................

# जब एक इसाईले तपाईंलाई निराश बनाउँछ

*****

*कोरिन्थमा भएका परमेश्वरको मन्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरूका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरू सबैलाई, जसजसले प्रभु येशू ख्रीष्टको नाउँको पुकारा गर्दछन्, जो तिनीहरूका र हाम्रा प्रभु हुनुहुन्छ।*

*१ कोरिन्थी १:२*

*यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेराखेको हुनाले हरकिसिमका बोजा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्साएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।*

कोरिन्थीको मण्डलीलाई लेखेको पत्रअनुसार पावलले तिनीहरूलाई "पवित्र" भने। "पवित्र" को दुई वटा आधारभूत अर्थ छन्: पवित्र सेवाको लागि अलग गर्नु र शुद्ध हुनु। यद्धपि, कोरिन्थीका विश्वासीहरूको सन्दर्भमा भने त्यति सही थिएन। केही पदहरूपछि पावल तिनीहरूसँग निराश भएर "तिमीहरूका माझमा केही फुट नहोस्" भनी आग्रह गर्छन् (१ कोरिन्थी १:१०)। हामी तिनीहरूको अनुभवलाई "प्रारम्भिक पवित्रता" भन्न सक्छौं- त्यो हो, कुनै व्यक्तिको जीवन परिवर्तन गरेर ख्रीष्टलाई स्वीकार गर्दा संसारसित हुने प्रिथक्करण र शुद्धिकरणको स्तर।

तर कोरिन्थीमा भएका चेलाहरूले आफूभित्र रहेका आत्मकेन्द्रित मनोभावलाई अझ गहिरिएर विचार गर्नुपर्ने थियो। थेसलोनिकीहरूलाई अझ गहिरो पवित्र पार्ने सन्दर्भमा यस्तो प्रार्थना गरे, "शान्तिका परमेश्वर आफैले तिमीहरूलाई चोखा तुल्याऊन्..." (१थेसलोनिकी ५:२३)। यसलाई "सम्पूर्ण पवित्रता" भनिन्छ। आज, जब प्रचारकहरूले मानिसहरूलाई शुद्ध वा पवित्र हुन आह्वान गर्छन्, त्यसको अर्थ "सम्पुर्ण पवित्रता" हुनु हो। । कोरिन्थीहरूलाई यो कुरा स्पष्ट छ र आज थुप्रै इसाईहरूलाई चाहिएको कुरा पनि यही हो।

जब तपाईंको संगी इसाईले लापरवाही जीवनशैली छानेर प्रभुबाट तर्केर तपाईंलाई निराशा पार्छ त्यो एउटा इसाईको लागि सबैभन्दा गाह्रो र दु:खदायी कुरा हो। मलाई यस्तो भएको थियो: मैले सबैभन्दा ईश्वरीय मानेको एक जना व्यक्ति, प्रिय मित्र र नेतृत्वको लागि मैले छानेको व्यक्ति प्रभुबाट तर्केर गयो। म साह्रै विचलित बनें तर म जान्दथें कि येशू ख्रीष्ट मेरो निम्ति साँचो हुनुहुन्छ र म उहाँबाट तर्किजानु हुँदैन। मैले आफ्नो आँखा येशूतिर लगाएँ र आफ्नो दौडमा अघि बडिरहें।

धेरै वर्षसम्म, मैले यी मित्रसित सम्पर्क गरिरहें र तिनले मलाई यस्तो गर्ने थोरै व्यक्तिहरूमध्ये म एक हुँ भनेर भने। धेरै वर्षपछि तिनी फेरि प्रभुकहाँ फर्केर आए र प्रभावशाली र शक्तिशाली जीवन बिताए।

कसैले तपाईंलाई निराश बनाएको छ भने येशूलाई हेरिरहनुहोस्। उहाँले तपाईंलाई कहिल्यै निराश पार्नुहुन्न। अनि पतन भएका व्यक्तिलाई ध्यान दिइरहनुभन्दा सत्यतामा खडा हुनेहरूलाई ध्यान दिंदा कसो हुन्छ? आखिर, हामीलाई साक्षीहरूको बाक्लो बादलले घेरेको छ।

.................

# परमप्रभु उहाँसित हुनुहुन्थ्यो

*****

*तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र उहाँले तिनीमाथि टिठ्याउनुभयो, अनि तिनलाई झ्यालखानका हाकिमको निगाहपात्र बनाउनुभयो। उत्पत्ति ३९:२१*

बिहान सबेरै पुरुषहरूको प्रार्थना सभामा किमले आफ्नो आन्द्राको क्यान्सर फोक्सो र कलेजोमा सरेको बताए। त्यसपछि तिनले एउटा प्रयोगात्मक औषधी परीक्षणमा भाग लिने विचार गरिरहेका थिए। तर तिनले यसो भने, "तीन वर्षमा मैले महसुस गरेको सबैभन्दा राम्रो कुरा यही हो। सबै कुराको लागि म परमेश्वरलाई धन्यवाद दिन्छु। जीवन राम्रो छ।"

मेरो छोरो पावलले ३३ वर्षदेखि ५५ वर्षको उमेरभित्र पाँच वटा ठूला शाल्यक्रिया गरेपछि फोनमा यसरी कुरा गऱ्यो, "मेरो क्यान्सर हुनुभन्दा अघि परमेश्वरको आशिष् ममाथि थियो। तिनीहरूले मेरो भोइस बक्स हटाएपछि पनि परमेश्वरको आशिष ममाथि थियो। आज पनि परमेश्वरको आशिष् ममाथि छ।"

हाम्री छोरीको सम्बन्ध विच्छेद र अधर्मी जीवनशैलीपछि मेरी श्रीमति न्यान्सी र म जीवनको सबैभन्दा दु:खपूर्ण जीवनमा प्रवेश गऱ्यौं, परमेश्वर लगातार हामीसित स्टीभ ग्रीनको "मानिसहरूलाई परमप्रभुको आवश्यकता छ" भन्ने भजनको "टुटेको सपनाहरूको अन्त्यमा, उहाँ खुल्ला ढोका हुनुहुन्छ" भन्ने शब्दहरूबाट बोल्नुभयो।

मेरो साथी टिमले झ्यालखानबाट एकजना इसाई मित्रले तिनलाई भेट्न आएको कुरा यसरी बताए :"मैले मेरी आमाको अन्त्येष्टी कार्यक्रमको भिडियो हेरेकै दिन मलाई भेट्न आए, जुनचाहिँ मेरो लागि हृदय छुने पल थियो। फेरि पनि, परमेश्वरको प्रेम र उहाँको समयले गर्दा यी इसाई भाइ मलाई शान्त्वना दिन त्यहाँ आएका थिए। कसै-कसैले यसलाई संयोग ठान्छन्। तर म यसलाई संयोग ठान्दिनँ। परमेश्वरको प्रेम र समय सिद्ध छ। कैद एउटा निर्जन ठाउँ हो, तर परमेश्वरको प्रेमले गर्दा म दिन-दिनै विश्वासमा बढ्दै गइरहेको छु। मेरो स्वतन्त्रता धारिलो साङ्लाहरूले बाँधिएको भए तापनि मैले कहिल्यै पनि स्वतन्त्र मानिसभन्दा कम महसुस गरिनँ र यसो हुनुको कारण के हो भने, म आफ्नो हृदयमा परमेश्वरको प्रेमले भरिएको छु।"

जीवनको कठिन परिस्थीतिहरूमा परमप्रभु तपाईसित हुनुहुनेछ। कठिन परिस्थीतिबाट जानुको अर्थ परमेश्वर तपाईंको जीवनबाट जानुभयो भन्ने होइन। उहाँ तपाईंको कठिन परिस्थीति र अवस्थामा तपाईसित वास्तवमा नै हुनुहुन्छ।

उत्पत्ति ३९:३ लाई पनि ध्यान दिन फाइदाजनक हुन्छ, "पोतिफरले परमप्रभु योसेफको साथमा हुनुभएको र तिनले गरेका काममा परमप्रभुले उन्नति गराउनुभएको देखे।" पोतिफरले यो कुरा त्यतिबेला याद गरे जब योसेफ कमारा थिए, यो परिस्थीति योसेफको जीवनकको लागि साह्रै कठिन र गाह्रो थियो। पछिबाट उत्पत्ति ३९: २१ले यो पुष्टि गर्छ: "परमप्रभु योसेफसित झ्यालखानमा हुनुहुन्थ्यो अनि उहाँले आफ्नो विश्वासयोग्य प्रेम योसेफलाई देखाउनुभयो"।

यसरी नै, हरेक अवस्थामा परमप्रभु तपाईसित हुनुहुन्छ। सबैको जीवनमा परमेश्वरको जीवित उपस्थीति अति नै महत्वपूर्ण छ।

•••••••••••••••••

# दुई- सेकेन्डको नियम

*****

*अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसंगत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केहि श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराको विचार गर।*

*फिलिप्पी ४:८*

झण्डै नौ सय जागृति र हजारौं किलोमिटर यात्रा गर्दा मैले थुप्रै घर तथा मोटलहरूमा बस्ने सुअवसर पाएको छु। यदि मोटलमा बसेको छु भने, प्रचारकार्यको साँझपख आफ्नो कोठामा फर्कने, परमेश्वरको खोजी गरिरहेका मानिसहरूसँग प्रार्थना गर्ने र अरूलाई सल्लाह दिने मेरो लक्ष्य आराम गर्नु र पन्साउनु थियो।

पैंसठ्ठी वर्षको दौडान मैले यो काम गरिरहेको छु, हाम्रो संसारले प्रविधिमा थुप्रै परिवर्तन र प्रगतिहरू देखेको छ। हाम्रो घरेलु जीवनको एउटा मोडमा, हामीसित एउटा साधारण टिभी पायौं र त्यसमा एन्टिनामार्फत ६ वा ८ वटा च्यानल आउथ्यो। तर कुनै-कुनै मोटलमा बस्दा पहिलोचोटि मैले क्याबल चेनलहरू हेरें। हातैले रिमोट चलाउनसक्ने भएकोले छोटो समयमा मैले थुप्रै च्यानलहरू हेर्न सकें। मनोरञ्जनका लागि मलाई सबैभन्दा मनपर्ने कार्यक्रम खेलकुद र जनावरहरूको कार्यक्रम थियो। कुनै बेला, योजना नै नगरी यौन अनैतिकताले भरिएको कतिपय च्यानलहरूबाट भएर म आएँ। मैले दु:खसँग भन्नुपर्छ कि यस्ता च्यानलका कुनै-कुनै कार्यक्रम हेरेको छु।

प्रभुसितको मेरो सम्बन्ध धमिलिन थाल्यो। एकचोटि, मलाई परमप्रभुले भन्नुभएजस्तो लाग्यो, *यदि तिमीले यो कुरालाई कायम राख्यौ भने तिमीले आफ्नो प्राण गुमाउनेछौ।*

मैले तुरुन्तै क्षमा मागें र मलाई शुद्ध पार्न आग्रह गरें। मलाई थाह थियो, मेरो समय स्वीकार्य छैन र मैले निर्णायक कदम चाल्नुपर्छ। त्यसपछि मैले दुई सेकेण्डको नियम (र अझै पनि कायम राख्न) स्थापना गरें: यदि मैले टिभीमा यौन अनैतिक कुरा आएको देखें भने दुई सेकेण्डभित्रै च्यानल परिवर्तन गर्नुपर्छ। अब यही रिमोटको प्रयोग कति आशिषमय भएको छ।

अहिले भिडियो प्रसारण गर्नसक्ने केबल टिभी, इन्टरनेट, फेसबुक, स्मार्टफोन वा अन्य आधुनिक उपकरणहरू हुनेछन् भनेर पावललाई थाहा थिएन। तर तपाईंको दृष्टि वा मन जुनसुकै कुराले पनि अन्तत: तपाईंको मन, तपाईंको इच्छा र कामलाई असर गर्नेछ भनेर उनले बुझे। त्यसैले उनले साँचो, असल, सही, शुद्ध, मनमोहक, प्रशंसनीय गुणहरूको सूची बनाए र "यी नै कुराहरूको विचार गर" भने। तपाईंको मनले जे सोच्छ त्यही हुन्छ, यसर्थ, आफ्नो आत्माको खातिर शुद्ध, असल र साँचो कुरा छान्नुहोस्। योभन्दा अघिका पदहरू ४:६-७मा, पावलले चिन्ताको समाधान दिए। पद ८ (जीवनको सोंच) अनि पदहरू ६ र ७ मा (चिन्तामुक्त जीवन) बीच सम्बन्ध हुनुपर्छ भन्ने तर्क छ।

मैले अहिलेसम्म गरेको सबैभन्दा राम्रो छनौट दुई-सेकेन्ड नियम पालन गर्नुथियो। आज म बाँचिरहेको छु र मैले कहिल्यै नचिनेको परमेश्वरसँगको सबैभन्दा मिठो, आत्मीय, उत्थानदायी सम्बन्धमा रमाउँदैछु। प्रभु, धन्यवाद! के तपाईंले पनि दुई-सेकेन्ड नियम वा त्यस्तै रणनीति अप्नाउनु आवश्यक छ?

.................

# हामी यसलाई मद्दत गर्न सक्दैनौं

*****

*किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं।*
*प्रेरित ४:२०*

इसाईहरूले आज किन धेरै साक्षी दिदैनन्? मैले सिकाएका २५० वटा भन्दा धेरै बिना डर कसरी साक्षी दिने भन्ने गोष्ठीहरूमा यी दुई सबैभन्दा लोकप्रिय जवाफ यसप्रकार छन्:

- मानिसहरूले मलाई तिरस्कार गर्नसक्छन्।
- मलाई के भन्ने थाहा छैन

यी दुवै जवाफ केही हदसम्म डरका विषय हुन्। यद्धपि, पत्रुस र यूहन्ना तिनीहरूको साहसको लागि परिचित छन् (प्रेरित ४:१३)। तैपनि, इसाईहरूले साक्षी नदिनुको अर्को ठूलो कारण पनि छ: येशूले तिनीहरूको लागि जे गर्नुभएको छ, त्यसमा तिनीहरू त्यति उत्साहित छैनन्।

होबी मण्डलीको भाग भएको वर्षौं भइसकेको थियो र प्रायजस्तो स्तरहरू अनुरूप जीवन बिताउँथे। तथापि, साठी वर्षको उमेरमा तिनले ख्रीष्टलाई व्यक्तिगत रूपमा आफ्नो हृदयमा बोलाए। पहिलो पटक परमेश्वर तिनलाई साँचो हुनुहुन्छ भन्ने लागेको थियो। मण्डलीको लागि बत्ती बनाउने समान किनमेल गर्न जाँदा मैले किनमेल सिध्याउनुअघि नै उनले बिक्रेतालाई अघि एकातिर लगे। पछि मैले तिनलाई यसको कारण सोध्दा होबीले यसो बने, "परमेश्वरले हाम्रो परिवारको लागि के गर्नुभयो भनेर मैले उनलाई बताउने मौका पाएँ।" होबी अति नै खुशी भयो। अथवा, पत्रुसले भनेझैं, "हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं" (४:२०)।[44]

.................

[44]. यस अघि द गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर (मार्च २०१७) मा प्रकाशित्।२४. अनुमतिद्वारा प्रयोग गरियो।

# ठगिएको!

*********

*(शैतान) त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झुट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झुटो हो र झुटको पिता हो।*

*यूहन्ना ८:४४ख*

एकैदिनमा मैले पाँचवटा फोनकल प्राप्त गरें:

- "हेल्लो, हजुरबुबा...म दुर्घटनामा परेको छु र म चिकित्सा केन्द्रमा छु...।"
- "एउटा एप्पल फोनको लागि ९९९ डलरको अर्डर तपाईंको खातामा चार्ज गरिएको छ, जबसम्म तपाईंले यो अर्डर रद्द गर्नुहुन्न...।"
- "म 'एटी एण्ड टी'को तर्फबाट फोन गर्दैछु। के तपाई' छूट चाहनुहुन्छ?..."
- "एप्पल फोनको लागि ५९९ डलरको रकम तपाईमको खातामा चार्ज गरिएको छ...
- "के तपाई' क्रेडिड कार्डको दर घटाउन चाहनुहुन्छ?"

यदि मैले यी मध्ये कुनै पनि फोनको जवाफ दिएको भए, म पक्का भन्छु कि तिनीहरूले मेरो जानकारी लिने वा मलाई कुनै प्रकारको प्रतिबध्दता गर्न लाउने कोसिस गर्ने थियो, र अन्तिम परिणामस्वरूप मेरो पैसा चोरिहुने थियो। हरेक आकर्षण मेरो लागि फाइदाजनक सुनिन्छ, तर यो सबै छल हो। यसको परिणाम सधैँ तिनीहरूले फाइदा हुने कुराहरू प्राप्त गर्नु हो, चाहे यसले मलाई जतिसुकै चोट पुऱ्याउँछ।

यसले मलाई शैतानले कसरी काम गर्छ भनेर सम्झाउँछ। उसले आफ्नो फाइदाको लागि तपाईंलाई सहानुभूति देखाउँदै आग्रह गर्छ। तपाईसित झुट बोल्नु त्यसलाई कुनै समस्या छैन। अन्त्यमा, त्यसको लक्ष्य चोरी गर्ने, मार्ने र घात गर्ने हो (यूहन्ना १०:१०)। अन्तमा तपाईंलाई चोट लाग्नेछ, सायद तपाईंको बैंक खाता रित्तिएको वा क्रेडिड कार्डको क्षमता सकेको हुनसक्छ।

शैतान क्रूर हुनसक्छ – १ पत्रुस ५:८ ले यसो भन्छ, "तिमीहरूका शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ।" शैतान असल रूपमा, परमेश्वरजस्तै पनि देखा पर्नसक्छ। तर २ कोरिन्थी ११:१४ ले हामीलाई चेताउनी दिन्छ, "शैतानले पनि ज्योतिमर्य स्वर्गदूतहरूको भेष धारण गर्छ।"

यसर्थ, "शुद्ध मनको र सचेत भइरहो" (१ पत्रुस ४:७)। शैतानले तिमीलाई ठग्न नदेऊ।

•••••••••••••••••

# शक्तिको अन्तरलाई साँघुरो पार्दै, भाग १

*****

*साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेको छु।*

*यूहन्ना १४:१२*

यदि तपाईंले गत साठी वर्षमा अमेरिकी राजनीति र सांस्कृतिक जीवनलाई पछयाउनुभएको छ भने, तपाईंले सम्भवत: क्षेत्यास्त्र अन्तर, विश्वसनीयता अन्तर र पुस्ताको अन्तरको बारेमा सुन्नुभएको छ। म अर्को शब्दमा भन्न चाहन्छु, मूल्यहरूको अन्तर। तर सायद सबैभन्दा महत्वपूर्ण अन्तर भनेको मण्डलीको शक्तिको अन्तर हो। यो येशूले प्रतिज्ञा गर्नुभएको कुरा र ख्रीष्टियन जीवनमा प्रदर्शित शक्तिबीचको अन्तर हो।

उहाँमाथि विश्वास गर्नेहरूले उहाँले भन्दा ठूला कामहरू गर्नेछन् भनी येशूले प्रतिज्ञा गर्नुभयो। उहाँको प्रतिज्ञाको अर्थ खुलाउने थुप्रै तरिकाहरू छन्। तर हामी जान्दछौं कि येशूका जीवन परिवर्तन गराउनेहरूको सङ्ख्या अंकहरूले गर्दा भएको हो। पत्रुसले आफ्नो प्रचारपछि हजारौं मानिसहरू परिवर्तन भएको देखे, अनि पावलले सुरु गरेका मण्डलीमा हजारौं मानिसहरू विश्वासमा आए।

येशूले यो आत्मिक शक्तिको ताल्चा खोल्न तीनवटा कुञ्जीहरू दिनुहुन्छ:

१. प्रार्थनाको कुञ्जी: "मेरो नाउँमा जेसुकै मागे तापनि म त्यो गर्नेछु" (यूहन्ना १४:१३)।
२. प्रेममय आज्ञाकारिताको कुञ्जी: "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ" (१४:१५)।
३. पवित्र आत्माको सेवकाईको कुञ्जी: "म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ- सत्यको आत्मा" (१४:१६-१७)।

म आफ्नो जीवनको शक्तिको अन्तरलाई संकुचित पार्न चाहन्थे। यस प्रक्रियामा परमेश्वरले मलाई सिकाउनुभएको एउटा पाठ यहाँ छ: जब मैले मण्डली नभएको ठाउँमा पास्टरको बोलावट भएको महसुस गरें, त्यहाँ मैले क्लार्कलाई भेटें। तिनी यति परिपक्व, यति ठूलो र गतिलो ज्यान भएका मानिस थिए कि तिनी नै परिवारका बुबा हुन् जस्तो लाग्यो। तर तिनी त त्यस घरको छोरो थिए अनि उच्च माध्यमिक पाठशालाको फुटबल टिममा खेल्थे। तिनी मण्डली आउन थाले। चाडै नै तिनले प्रभुलाई विश्वास गरे, बप्तिस्मा लिए र मण्डलीमा सक्रिय भाग लिए। तिनी एकदमै उज्जवल जीवन बिताउथे र आफ्ना आफन्तहरूलाई समेत मण्डलीमा ल्याउन थाले। स्कूलपछि तिनी सेनामा भर्ती भए र युरोपमा खटिए। छ वर्षसम्म मैले तिनलाई देखिनँ- पत्रचारद्वारा मात्र सम्पर्क बनाएँ। घर फर्कदा तिनले रोन्डा नामक जर्मन केटीलाई आफूसँगै ल्याए। तिनी अनुवादक थिइन् र चार वटा भाषामा धाराप्रवाह बोल्थिन्। तिनीहरू विवाह गर्न चाहन्थे।

मैले क्लार्कलाई तिनी कति आत्मिकीर रूपमा कहाँ छन् भनेर सोधें। तिनले जवाफ दिए, "म त ठिकै छु। केही गलत काम गरेको छैन। म आफूले गर्नुपर्ने सबै काम गर्दैछु।" तिनका कुरा एकदमै सपाट थियो, कुनै उत्तेजना वा चमक थिएन। रोन्डाले पनि आफू आत्मिकीरूपमा ठीक छु भनेर मलाई आश्वासन दिइन् किनकि तिनी पनि जर्मन स्टेट मण्डलीकी सदस्या थिइन्।

विवाहपछि क्लार्क र रोन्डा आइतबार बिहान आएर संगतिमा भाग लिए तर अरू केही गरेनन्। मैले तिनीहरूलाई बोलाएँ, प्रार्थना गरिदिएँ र प्रचार गरें तर कुनै प्रतिक्रिया पाइनँ। त्यसै बेला, एक प्रचारकले मलाई भने, "यदि तपाई साँच्चै मानिसहरूकहाँ पुग्न चाहनुहुन्छ भने तपाईले तिनीहरूलाई प्रार्थना र प्रेमले घेर्नैपर्छ। प्रभुको निम्ति अझ ठूलो काम गर्न मलाई चाहिएको अत्यन्त तेज माध्यम त्यो थियो।

एकदिन, मैले रोन्डा अस्पतालमा भर्ना भएको खबर पाएँ। तिनीहरूले बच्चा पाउन लागेका थिए तर रोन्डालाई अहिले प्रसव पिडा भएको थिएन- तिनको पेटको शाल्यक्रिया हुन गइरहेको थियो।

मैले अस्पताललाई रोन्डालाई भेट गरे। तिनी डराएकी थिइन्। बच्चा जन्मिने समय नज्दिक थियो तर शाल्यक्रिया पछि उनी प्रसवको लागि सक्षम बन्न तिनलाई गाह्रो थियो। यस्तो लाग्दै थियो कि तिनको बिना योजनाको सी-सेक्सन हुनेवाला छ। मैले तिनलाई बताए कि परमेश्वरलाई तिनको अवस्था थाहा छ। मैले तिनलाई सल्लाह दिएँ र प्रार्थना गरिदिएँ।

यदि त्यसदिन प्रभु अस्पतालको कोठामा जानुभयो भने उहाँ त्यसदिन रोन्डाको कोठामा जानुभयो। तिनले प्रार्थनामा उहाँले देखिन् र जर्मनी उच्चारणमा भनिन्: "परमेश्वर आउनुभएको छ, परमेश्वर आउनुभएको छ"। जब म कोठाबाट बाहिर निस्कें, रोन्डाले मलाई बोलाइन् र भनिन्, "धन्यवाद पास्टर शेभर, धन्यवाद"।

•••••••••••••••••

## जुलाई ८ दिन - १८९

# शक्तिको अन्तरलाई साँघुरो पार्दै, भाग २

*****

*साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेको छु।*

*यूहन्ना १४:१२*

मैले निरन्तर क्लार्क र रोन्डालाई प्रेम र प्रार्थनाले घेरें। पछिबाट, जब म अस्पतालमा फेरि आए, रोन्डा आफ्नो अगाडि तलेको कुखुराको मासुको रात्री भोजन खान बसेकी मैले भेट्टाएँ। तिनले बच्चा सजिलै जन्माएकी थिइन्, र सबै पिडाबाट छुटकारा पाएकी थिइन्। हामीले मानिलियौं कि यो आश्चर्यकर्म थियो।

भोलिपल्ट, मण्डलीको कार्यलयमा अध्ययन गरिरहेको बेला मैले आवाज सुनें। बाहिर मण्डलीको बरण्डामा क्लार्कले आफ्नो सानो छोरीको बारेमा गर्वसित बताइरहेका थिए। हामी सँगै रमायौं। प्रार्थनापूर्वक मैले तिनलाई अर्को प्रेमको बारे सोधें, "क्लार्क, तपाईं आत्मिकरूपमा कस्तो हुनुहुन्छ?"

तिनले जवाफ दिए, "परमेश्वर पहिले जस्तो हुनुहुन्थ्यो, अहिले त्यस्तो हुनुहुन्न।"

त्यसबेला पवित्र आत्माके मलाई समझशक्ति दिनुभयो। कुन पापले गर्दा क्लार्कले परमेश्वरसितको सम्बन्ध तोडेका रहेछन् भनेर मलाई थाह थियो। मैले भनें, "क्लार्क, तपाईंको पाप के हो मलाई थाहा छ, तर मैले तपाईंलाई बताएँ भने तपाईं रिसाउनु हुन्छ।"

तिनले भने, "होइन, पास्टर शेभर म रिसाउँदिन। तपाईं मेरो मित्र हुनुहुन्छ, त्यसैले तपाईं मलाई भन्नसक्नुहुनेछ।" त्यसैले मैले तिनको पापको नाउँ भनें।

अचाकन शक्तिशाली फुटबल खेलाडी रुन थाले। तिनले भने, "म अति नै खराब भएको छु। मलाई प्रार्थना गर्न डर लाग्छ।"

हामी दुवैले वेदीको अघि शीर झुकायौं। त्यहाँ क्लार्कले आफ्नो हृदय पुन: परमेश्वरकहाँ फर्काएर ल्याए। त्यसपछि तिनी उफ्रेर खडा भए, र खुशी हुँदै तिनले भने, "अब विश्वास गर्छु, म साँचो इसाई हुँ"।

त्यसपछि तिनको अनुहार देखेर छक्क परे। तिनले भने, "तर मैले दशांस दिनु छ...तर म दशांस दिन सक्दिनँ...तर मैले दशांस दिनै पऱ्यो।" योभन्दा अघि तिनले आफैसित बहस गरे। अन्तमा, घरको किस्ती, गाडीको किस्ती र नवजात शिशुको बावजुद क्लार्कले खुसी हुँदै दशांस सुरु गर्ने संकल्प गरे। यदि तपाईंले आफ्नो श्रीमतिलाई भन्नुहुन्छ तब तपाईंलाई के हुन्छ भनी जब मैले सोधें, तिनले जवाफ भने, मैले यो कुरा मेरा बुबा आमालाई भन्नुपर्छ।" तिनका आमाबुबा पनि मण्डलीमा उपस्थित भए।

त्यसपछि तिनी मण्डलीबाट हतारसाथ मण्डलीबाट निस्के, आफ्नो सानो कालो स्पोर्ट कारमा पसे र आफ्नो काम छोडेर गए।

केही समय नबित्दै मैले अर्को खबर पाएँ। मण्डलीकी एउटी महिलाले रोन्डासित कुरा गरिरहेकी थिइन्। रोन्डाले यस्तो प्रश्न गरेकी थिइन् "मेरो श्रीमानलाई के भएको छ? उनी मलाई भेट्न आए। तर मेरो कोठामा मानिसहरूको भीड थियो। हामीले राम्रोसँग कुरा गर्ने मौका नै पाएनौं। तर उनले अर्कै काम गर्न थालेका छन्, फरक कुरा गर्छन्।"

यो सुनेपछि म रोन्डाको कमरामा गए र तिनलाई भनें, "क्लार्कलाई प्रभुलाई भेट्टाएको छ"।

रोन्डा रून थालिन्, तिनले पलङको तन्नाले आफ्नो मुख छोपिन् र भनिन्, "ओह! म पछि हटेको छु।"

त्यसपछिको आइतबार क्लार्क, रोन्डा र सानी छोरी सबै मण्डलीमा आएका थिए। त्यस बिहान रोन्डाले पहिलोपल्ट वेदीमा प्रार्थना गरिन् र येशू ख्रीष्टलाई स्वीकार गरिन्।

त्यसको केही हफ्तापछि रोन्डाले विश्वासमा जिएर मण्डली आइन् र क्लार्कले आफ्नो भङ्ग भएको सदस्यतालाई पुन: सुरु गरे। तिनीहरूले आत्मिक सेवा र शक्ति प्राप्त गरे।

रोन्डाले ख्रीष्टलाई भेट्टाए; क्लार्कले चमक फिर्ता पाए; अनि अरूलाई प्रेम र प्रार्थना गरेर शक्तिको अन्तरलाई साँघुरो वा सानो बनाउन सक्छौं भन्ने कुरा सिकें।

.................

# मेरो गोहार कहाँबाट आउँछ?

*****

*पर्वतहरूतिर म आफ्ना आँखा उचाल्छु। मेरो गोहार कहाँबाट आउँछ? स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट मेरो गोहार आउँछ।*

*भजन १२१:१-२*

*मेरो प्राणले परमप्रभुमा मात्र विश्राम पाउँदछ, उहाँबाट नै मेरो उद्धार आउँदछ। उहाँमात्र मेरो चट्टान र उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैनँ।*

*भजन ६२:१-२*

जब हिंसात्मक बनेर दाऊदको हत्या गर्न खोज्दे गर्दा-

जब इस्राएलीहरू मिश्रबाट भाग्दैथिए, तब लाल समुद्रमा आएर फारोका सेनाहरूले तिनीहरूलाई खेद्दैछ भनी थाहा पाउँदै गर्दा-

जब यहोशूले इस्राएलीहरूलाई प्रतीज्ञाको देशमा अगुवाइ गर्दै थिए अनि तिनीहरूले यहीरोको बलियो पर्खालको सामना गर्दै गर्दा-

जब पावललाई येशूको प्रचार गरेको कारण झ्यालखानमा लगिदै गर्दा-

-तिनीहरू सबैले परमप्रभुमा गोहार पाए।

इस्राएलीहरूले प्रतीज्ञा गरिएको देशको बारेमा यहोशू र कालेबले ल्याएको खबरलाई जब अस्वीकार गरे, परमप्रभुको दण्ड अन्य दस जना जासुसहरूमाथि पऱ्यो जसले इस्राएलीहरूलाई निरूत्साहित गरेका थिए। न्यायपछि इस्राएलीहरूले प्रतीज्ञा गरिएको देशमा पुन: प्रवेश गर्ने र त्यसलाई आफ्नो बनाउने निर्णय गरे। तर मोसाले चेताउनी दिए, "नउक्ल, नत्रता शत्रुहरूले तिमीहरूलाई मार्नेछन्, किनभने परमप्रभु तिमीहरूसँग हुनुहुन्न" (गन्ती १४:४२)। पक्कै पनि, तिनीहरूको घृष्टतामा, इस्राएलीहरू पराजित भए (पद ४४-४५)।

अरूहरूले गरेको छनौटको कारण विश्वको इतिहासमा सबैभन्दा उन्नत राष्ट्रको रूपमा प्रतिष्ठा कमाएको देश अमेरिकाको नागरिक हुँ म। हामीसित ठूल्ठूला प्राविधिक सीपहरू, उल्लेखनीय चिकित्सा प्रणाली, ठूला आर्थिक समृद्धि, ठूल्ठूला शैक्षिक अवसरहरू र वैज्ञानिक उन्नतिका अवसरहरू छन्। यद्धपि, मैले यो लेखिरहेको बेला दिसम्बर २०१९ मा सुरु भएको एउटा घातक महामारी कोरोनाभाइरस संसारभरि फैलियो। स्कूलहरू बन्द भए, व्यापार बन्द भयो, मानिसहरूले जागिर गुमाए, स्टक बजार खस्कियो र विश्वका अधिकांश मानिसहरूले बन्द र संगरोधको अनुभव गरे।

मेरो एप्पल आइफोन छ। "हे, सिरी" भन्ने शब्दहरूद्वारा मात्र फोनलाई सम्बोधन गरेर म सबै प्रकारका प्रश्नहरूको जवाफ पाउन सक्छु। अहिलेसम्म यसले मलाई आजको तापक्रम; भोलीको मौसम, मेजर लिग बेसबल सिजन कहिले सुरु हुन्छ; नेपल्स फ्लोरिडाबाट क्यान्सास सिटी जाने उत्तम मार्गको बारे; अनि यतिसम्म कि कोरोनाभाइरसको हिज्जे पनि बताइसकेको छ। उ यति चतुर छ कि मैले यो सोध्ने निर्णय गरें, "हे सिरी, कोरोना भाइरसको उपचार के हो?"

त्यसले मलाई उत्तर दियो, "कोरोनाभाइरसको कुनै उपचार छैन।"

परमेश्वरको कृपामा केही उत्कृष्ट वैज्ञानिकलाई २०२१को सुरुमा वितरण हुन थालेको खोपको विकास गर्ने सीप प्रदा गर्नुभयो। सायद अझ निश्चित उपचार र औषधि मिल्न गाह्रो छ। तर सबै महत्वपूरण कुरा हामीले सम्झनुपर्छ कि, हामी जतिसुकै चतुर वा सक्षम भए तापनि हामीले नियन्त्रण गर्न वा समाधान गर्न नसक्ने समस्याहरू छन्- हामीले यसलाई आफैले गर्नसक्छौं भन्ने धारणा राख्नु हुँदैन।

त्यसो भए "मेरो गोहार कहाँबाट आउँछ? मलाई परमप्रभुले नै गोहार गर्नुहुन्छ।" साँच्चै भजनकारके लेख्छन्, "साँच्ची नै उहाँ नै मेरो चट्टान हुनुहुन्छ, र मेरो उद्धार गर्नुहुन्छ, म कहल्यै डग्नेछैन।

.................

# मोशा भागेर मिद्यान गए

*****

*तब तिनले यताउता हेरे, र कोही पनि नदेख्दा त्यस मिश्रीलाई मारेर बालुवामा पुरिदिए।*
*प्रस्थान २:१२*

उसले आफ्नो भालाद्वारा बाह्र जनाको हत्या गरेको थियो। तर अहिले इक्वेटरको हुआरानी कुलका सदस्य गिकिटा आफ्नो अतीतमा खुसी थिएन। उसले राम्रो गरेका थिएन। अब उसले परमेश्वरलाई चिनेपछि उसको आँखामा आँशु आएको थियो।

विगतमा, उसको क्रोधले गर्दा उसले पाम विचमा पाँच जना मिसनेरीमाथि आक्रमण गरेको थियो। आक्रमणमा नेट सेन्टको मृत्यु भएको थियो। तर अहिले नै नेटकी दिदी राहेलले यो जोडदार प्रमाण सुनिन्- गिकाटाले अरू हुवारानीहरूलाई ख्रीष्टमा डोऱ्याउदै थियो।

परमेश्वरले "मानिसको क्रोधलाई प्रशंसामा परिवर्तन गर्नुभएको यो पहिलो घटना थिएन। मोशा, जसले मिश्रीलाई मारेका थिए, मिद्धानमा परमेश्वरलाई भेटे। मिश्रमा तिनले व्यवस्था आफ्नै हातमा लिएर अन्यायलाई सच्याउने कोसिस गरेका थिए। तर पवित्र परमेश्वरसित भेट गरेपछि मोशा चालीस वर्षसम्म एउटा अनौठो देशमा परिपक्व भए। परमेश्वरले तिनको कान पूरा गरिसक्नुभएपछि मोशाले एउटा हिब्रूलाई आफ्नो शक्तिले एक जना मिश्रीबाट छुटाएर मात्र पुग्दैनथ्यो। अब परमेश्वरको शक्तिले सारा राष्ट्रलाई दासत्वबाट छुटाउनुहुनेछ।

तपाईं देख्नुहुन्न? परमेश्वरले तपाईको विगतका पराजयहरू, पापहरू र तपाईंका क्रोधसमेत उठाइलैजान र तपाईंलाई उहाँको प्रशंसा गर्ने नयाँ सृष्टि बनाउन चाहनुहुन्छ।[45]

..................

[45]. यस अघि प्रकाशित *तिमीहरू अलग होओ* जुलाई–अगस्त–सेप्टेम्बर 1964 (Kansas City, MO: Nazarene प्रकाशन घर), 13. अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन भयो *परमेश्वरको प्रतिबिम्बित गर्ने*.)

# यो फिट हुन्छ

*****

*हरेक पर्दाको लमाइ अट्ठाइस हात र चौडाइ चार हातको थियो। सबै पर्दाको नाप एकै थियो। तिनीहरूले पाँच एक-अर्कोसित गाँसे, अर्को पाँच वटा पर्दा पनि एक-अर्कोसित गाँसे। पहिलो गाँसिएको भागको पल्लो पर्दाको छेउमा तिनीहरूले नीलो सुर्काउनी बनाए। दोस्रो गाँसिएको भागको पल्लो पर्दाको छेउमा पनि त्यसै गरे। एउटा पर्दामा तिनीहरूले पचास वटा सुर्काउनी बनाए, ती सुर्काउनीहरू एक-दोस्रोका सामुन्ने थिए। तिनीहरूले सुनका पचास वटा अङ्कुसे बनाएर पर्दाका दुई भाग एक-अर्कासँग जोडे। यसरी पवित्र वासस्थान एउटै भयो।*

*प्रस्थान ३६:९-१३*

तपाई ंचालीस फिट लामो र छ फिट चौडा पर्दा बनाउन सक्नुहुन्छ, प्रत्येकमा पचास वटा फन्दा बनाउनुहुन्छ, पचास वटा सुनको क्लस लगाएर फन्दा गास्न सक्नुहुन्छ र सबै पर्दाहरूलाई एकसाथ फिट गर्नसक्नुहुन्छ? परमेश्वरले छ लाख पुरुषहरूबाट मात्र १२ जना पुरुषहरूलाई जन गणनाको निम्ति बोलाउनुजस्तै यो आश्चर्यजनक छ। (गन्ती १:५-७ लाई हेर्नुहोस्)।

किन यस्तो जटिल निर्माण विवरण निर्दिष्ट गर्नुहुन्छ? एक पवित्र परमेश्वर जसले दस आज्ञा दिनुभएको थियो, अहिले पवित्र मन्दिरको निर्माणको लागि निर्देशन दिइरहनुभएको छ। हो, परमेश्वरले काम गर्ने मानिसहरू छान्नुभयो: "...बजलेललाई बोलाउनुभएको छ। उहाँले तिनलाई परमेश्वरका आत्माले सीप, दक्षता र सबै किसिमका कारीगरीको ज्ञानले परिपूर्ण पार्नुभएको छ" (प्रस्थान ३५:३०-३१)।

मोशाले पवित्रस्थान खडा गर्दा, उक्त पद यस्तो लेखिएको छ, "तब मोशाले त्यसै गरे। परमप्रभुले दिनुभएको सबै आज्ञाबमोजिम तिनले गरे" (प्रस्थान ४०:१६)। कदम-कदममा, आज्ञाकारितालाई जोड दिइएको छ र प्रस्थान ४०:१९,२१,२४ र २५ मा "परमप्रभुले आज्ञा गर्नुभएबमोजिम" भन्ने वाक्यांश देखा पर्दछ।

मोशा र काम गर्ने मानिसहरू परमेश्वरको सुस्पष्ट निर्देशनप्रति पूर्णतया आज्ञाकारी भएको हामी देख्छौं, जसमा निर्माण सम्बन्धी विवरणहरू समेत महत्त्वपूर्ण छन्। पचास वटा फन्दा र पचास वटा बाँध्ने डोरीहरू ठ्याक्क मिल्छ।
हाम्रा पास्टरले एक चोटि यस्तो उदाहरण दिए: "के तपाईंले कहिल्यै स्वेटर वा कमिजको गलत बटन लगाउने प्रयास गर्नुभएको छ? अन्तिम बटन लगाउँदा लगाउने ठाउँ नै नपाएको अवस्थामा पुग्नुभएको छ-यो मिल्दैन। येशू ख्रीष्टसित हाम्रो सम्बन्ध नै जीवनका सबै तत्त्वहरू सही ठाउँमा सुहाउने र मिल्दो हुनुपर्छ भन्ने कुरामा जोड दिए। पास्टरले बोल्दै गर्दा हाम्रो मण्डलीको लागि एउटी नयाँ युवतीले मतिर झुकेर मलाई भनिन्, "मलाई लाग्छ, मसित नमिल्ने बटन छ।" पछिबाट तिनले र तिनका पतिलाई ख्रीष्टलाई भेट्टाए।

कल्पना गर्नुहोस्, यदि परमेश्वरले काम गर्ने मानिसहरूलाई पर्दा बनाउनमा अगुवाई गर्नसक्नुहुन्छ र पचास वटा पर्दाको फन्दा हरेक अर्को पर्दासित जोड्दा एकदमै मिलेको थियो। उहाँसित मिले तपाईंको जीवनलाई उहाँले के गर्न सक्नुहुन्छ र? तिनले मात्र यसलाई ठीकसित मिलाउनसक्नुहुन्छ।

.................

# दुष्टताको बीचमा आश्चर्यकर्महरू

*****

*ओम्रीका छोरा आहाबले आफ्ना अघिका राजाहरूभन्दा परमप्रभुको दृष्टिमा अझ बढी दुष्ट्याइँ गरे।*

*१ राजा १६:३०*

*तब परमप्रभुको यो वचन एलियाकहाँ आयो: "यो ठाउँ छोडेर पूर्वतिर लाग्, र यर्दनको पूर्वतिर भएको करीतको खोल्सामा गएर लुकिबस्। तैंले खोलाको पानी पिउनू, र तँलाई त्यहाँ खुवाउनलाई मैले कागहरूलाई हुकुम गरेको छु।"*

*१ राजा १७:२-४*

दुष्ट नाजी सेनाहरू डचको घरमा पसे र सम्पूर्ण परिवारलाई पक्रे। तिनीहरूको अपराध के थियो? तिनीहरूले यहूदीहरूलाई सतावटबाट बचाउँन आफ्नो घरको गुप्त तहखानामा लुकाइराखेका थिए।

यातना शिविरमा कोरी टेन बूमले आफ्नो बुबाको मृत्युको थाहा पाए। पछि तिनले आफ्नी दिदी बेट्सीको मृत्यु भएको देखिन्। कोरी एक्लै जीवित रहे। के यस्तो दुष्टताको बीचमा पनि आश्चर्यकर्म हुनसक्छ?

यस्तो दुष्ट काम पहिला पनि भएको थियो- आहाब इस्राएलको सबैभन्दा दुष्ट राजाको रूपमा वर्णन गरिएको छ। त्यस विपत्तिको कारण परमेश्वरले आफ्ना प्रतिनिधी एलियालाई लामो खडेरीको अन्त गर्न पठाउनुभयो। दुष्टता, खडेरी र दु:खको बीचमा परमेश्वरले एउटा आश्चर्यकर्म गर्नुभयो: उहाँले आफ्नो अगमवक्तालाई सुरक्षित राख्नुभयो र करीतको खोल्सामा पठाउनुभयो, जहाँ तिनले पानी पिउन सक्थे। एलियालाई बिहान बेलुकी खुवाउनका निम्ति परमेश्वरले कागहरूलाई अह्राउनुभयो।

महिनौं बितेर गयो, तर पानओ परेन। त्यो खोल्साको पानी सुक्यो र परमेश्वरले एलियालाई सारपतको विधवाकहाँ पठाउनुभएर एउटा नयाँ काम गर्नुभयो। जब एलियाले विधवालाई अलिकति पानी र खानेकुरा मागे तब त्यस विधुवाले आफूसित आफ्नो लागि र छोराको लागि अलिकति पिठो र तेल मात्र भएको र त्यो सकेपछि तिनीहरू भोक-भोकै मर्न लागेका छन् भनेर बताइन्। जबसम्म फेरि झरि पर्दैन तबसम्म पिठो र तेल सिद्धिनेछैन भनी एलियाले तिनलाई आश्वासन दिए। साँच्चै नै, एलिया र विधवाको परिवारको लागि हरेक दिन भोजन उपलब्ध भयो र यो अर्को आश्चर्यकर्म थियो।

पछिबाट विधवाको छोरा बिरामी भएर उसको मृत्यु भएपछि एलियाको बालकको निम्ति प्रार्थना गरे, अनि परमेश्वरले त्यस बालकलाई फेरि जीवित पारिदिनुभयो। आश्चर्यकर्म! एलियाको जीवनको मुख्य कुरा आज्ञापालन थियो- "यसैले परमप्रभुले भन्नुभएझैं तिनले गरे" (१७:५)। हो, दुष्टता र इन्साफको बीचमा पनि परमेश्वरले आफ्ना जनहरूका लागि विशेष हस्तक्षेप गर्नसक्नुहुन्छ।

नाजी झ्यालखानमा कोरी र तिनकी दिदी बेट्सीसित गरिएको व्यवहारले तपाईंलाई रूवाउन सक्छ। तिनीहरूले त्यहाँ पनि आश्चर्यकर्म देखे। बेट्सी बिरामी थिइन् र कोरीले हरेक दिन तरल भिटामिनको सानो बोतलबाट औषधी पिलाइन्। तर शिविरका अरू मानिसहरू पनि बिरामी थिए। त्यसपछि त्यस बोतलबाट अरू धेरै महिलाहरूले त्यो भिटामिन पिउन थाले। औषधी पिउनेको सङ्ख्या बडेर पच्चीस पुग्यो तर पनि त्यो बोतलको औषधी सिद्धिएन। उनले भनिन्, "यो सारपतकी विधुवाकोमा जस्तै भयो।"[46]

कैदमा परेको बेला कोरी र बेट्सीले सबै कुराको लागि परमप्रभुलाई धन्यवाद चढाए। एकचोटिको कुरा हो, गार्डहरूले तिनीहरूलाई आफ्नो कोठामा आउन नदिनुको कारण तिनीहरूले बुझ्नै सकेनन्- पछिबाट थाहा पाए कि तिनीहरूको कोठा उपियाँले भरिएको थियो। त्यसैले, तिनीहरूले उपियाँको लागि पनि परमेश्वरलाई धन्यवाद दिए।

ती दस जना बूम बहिनीहरूले थाहा पाए कि जहाँ परमेश्वरको उपस्थीति हुन्छ त्यहाँ कुनै गहिरो नाँघ्नै नसक्ने खाल्डो हुँदैन। झ्यालखानमा मर्नुअघि बेट्सीले एउटा सुन्दर घर देखेकी थिइन् जहाँ तिनीहरूले युद्धपछि दु:ख पाएका मानिसहरूको सेवा गर्नसक्छन्। तिनले कोरीलाई भनिन्, "हामीले जे सिकेका छौं त्यो अरू मानिसहरूलाई बताउँनै पर्छ।"[47]

---

[46]. कोरी दस बुम, एलिजावेथ शेरिल, अनि जोन एल. *लुक्ने ठाउँ* (वासिङ्टन, सीटी: छनौट गरिएको पुस्तक, १९७१), १८४।

[47]. दस बुम, शेरिल, शेरिल, *लुक्ने ठाउँ*, 211.

अचम्म प्रकारले, कोरीलाई लेखासम्बन्धी गल्तीको कारण यातना शिविरबाट मुक्त गरियो। हल्याण्ड फर्केपछि धनाढ्य श्रीमती डे हानले शिविरबाट बाँचेर फर्केकाहरूको शरणको लागि कोरीलाई आफ्नो घर दिने प्रस्ताव राखिन्।

प्रस्ताव सुनेपछि कोरीले तुरुन्तै घरको विशेषताको बारेमा बताउन थालिन्। "त्यसैले तिमी यहाँ आएकी हौ" [48] श्रीमती डे हानले अचम्म मान्दै भनिन्।

कोरी त्यहाँ कहिल्यै आएकी थिइनन् तर बेट्सीको दर्शनबाट तिनलाई यस घरको बारे सबै कुरा थाहा थियो। त्यो ५४ वटा कोठा भएको घरले अब अरूलाई सेवा गर्न थालेको थियो।

पछिबाट म्युनिकमा मण्डलीको सेवाको समय कोरीले झ्यालखानका एक जना भूतपूर्व गार्डलाई भेटिन्। आफूले क्षमा गर्न नसक्ने थाहा भएकोले तिनले येशूलाई क्षमा दिनुहोस् भनी बिन्ती गरिन्। त्यसपछि कोरीले आफू र आफ्नो परिवारलाई सताउने मानिसप्रति तिनको हृदयमा प्रेम छाएको अनुभव गरिन्।[49]

कोरीले परमेश्वरले गर्नुभएका सबै कुरा मानिसहरूलाई बताउन थालिन्। अस्सी वर्षको उमेरसम्ममा तिनले साठी वटा देशमा काम गरेर सिकाइसकेकी थिइन्। सन् १९७१ तिनको पुस्तक *द हाइडिङ प्लेस"* अनि यसको छायाङ्कनले क्षमाको शक्तिलाई हजारौं मानिसहरूकहाँ फैलाएको छ।

कोरी टेन बुमको कथामा, एलियाको कथामा, परमेश्वरको कथामा हामी दुष्टताको बीचमा पनि आश्चर्यकर्मलाई देख्छौं।

•••••••••••••••••

---

[48]. दस बुम, शेरिल, शेरिल, *लुक्ने ठाउँ*, 213.

[49]. दस बुम, शेरिल, शेरिल, *लुक्ने ठाउँ*, 215.

# अल्जाइमरबाट सकारात्मक

*****

*मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ। याकूब १:२-४*

एकदिन मेरी श्रीमती न्यान्सी र मैले संगै दिउँसोको खाना खायौं। लगभग एक घण्टापछि उनले मलाई सोधिन्। "के तपाई मलाई तपाईंको खाना तयार गरेको चाहनुहुन्छ?" दु:खको कुरा, हामीले खाना खाइसकेका छौ भने तिनले सम्झना राख्न सकिनन्।

अझ धेरै चुनौतिहरू खडा हुन थाले। उनी घर आइन् र मलाई भनिन्, "प्रिय, मैले दोकानमा सबै समानहरू पैसा नतिरी त्यही छोडेर आएँ, किनकि मैले मेरो क्रडिड कार्ड नै पाइनँ"। पाँच दिन पछि हामीले क्रेडिड कार्ड घरमा नै पायौं।

मेरी पत्नी अल्जाइमरको (भुल्ने) रोगले पीडित भएकी झण्डै एक दशक भइसक्यो। हामीले भोगेको कठिनाइहरूको बावजुद, हामीले यस रोगको व्यवस्थापनमा केही सकारात्मक अनुभवहरू पनि प्राप्त गरेका छौं।

याकूबले परीक्षाहरूको बारेमा कुरा गर्छन्। हाम्रो विश्वासको कारणले गर्दा हामी सताइन्छौ अनि त्यही नै हाम्रो परीक्षा हुनसक्छ; अरू कतिपयचाहिँ हाम्रो मन वा शरीरबाट बाहिर निस्केर आउने चुनौतिहरू मात्र हुनसक्छन्। जे होस्, हाम्रो विश्वासको जाँच हुने परीक्षाहरू पनि हुनसक्छन् जसले गर्दा लगनशील भई परिपक्वता प्राप्त हुन्छ। तर यो स्वचालित होइन तर हामी निर्णय गर्छौं। याकूब भन्छन्, "लगनशील भई यसको काम पूरा गर"।

अधीर हुने मेरो झुकावलाई मैले मेरो जीवनको सबैभन्दा ठूलो कमजोरी ठानेको छु। कस्तो अनुमान लगाउनुहुन्छ? हाम्रो परिवारमा भएका थुप्रै अल्जाइमर घटनाहरूले मलाई धैर्यताको पाठ सिकाउँदैछ, जुन कुरो पहिला मेरोमा थिएन। मलाई विश्वास छ म तनावमुक्त छु।

मलाई मद्दत गर्ने केही विचारहरू यसप्रकार छन्:

१. उनको वचन (बोली) वा कामहरू क्षतिग्रस्त मनबाट आइरहेका छन्।
२. उनी चित्त दुखाउने विचारले यो गर्दिनन्।
३. हामी उनको अवस्थाको बारेमा स्वतन्त्रपूर्वक कुरा गर्छौं र केही कुराकानीसँगै हामी हाँस्न सक्षम हुन्छौं।
४. म मेरो वैवाहिक वाचा "स्वस्थ्य वा अस्वस्थ्व, असल वा खराब" हरेक अवस्थामा साथमा जीवन जिउने सुअवसर मैले पाएको छु।

न्यान्सी पहिलो पटक अल्जाइमरले बिरामी हुँदा उनी निराश, उग्र, चिन्तित र रिस गर्ने भइन् (जुन उनको सामान्य व्यवहारभन्दा बिलकुलै फरक थियो)। मैले उनलाई डोऱ्याउन खोज्दा उनले यसो भनिन्, "तपाईंले मलाई सानो वा कमजोर ठान्ने कोसिस गर्दै हुनुहुन्छ।"

मैले भनें, "हो, म त्यसै गर्दैछु किनकि तिमीले विशेष मद्दत चाहिने चुनौतीहरूको सामना गरिरहेकी छौ।"

तिनको रोग निको पार्न हामीले सँगै मिलेर काम गर्न थाल्यौं। अद्भुत डाक्टरहरूमार्फत, अल्जाइमर्स एसोसिएसन साझेदारी समूह, औषधी, मानिसहरूको प्रार्थना र परमेश्वरको अनुग्रहद्वारा परिस्थीति सुध्रिएको छ। यो रोग सुध्रिएको छैन र यो अझै बडेर गएको छ तर यसप्रति हाम्रो प्रतिक्रिया बडेको छैन।

झण्डै डेढ वर्षअघि न्यान्सी र म ओछयानमा सुतेर, एका-अर्काको हात समाती कुराकानी मात्र गरिरहेका थियौं। न्यान्सीले भनिन्, "मलाई लाग्छ, म अहिले सबैभन्दा खुशी भएको छु अनि म तपाईंलाई पहिलेभन्दा धेरै माया गर्छु।"

वाह! म त्यो आनन्दमा डुब्दैछु। हाम्रो विवाहका सबैभन्दा मीठा दिनहरू छन्। मेरो विचारमा यी परीक्षा र कठिनाइहरूले मलाई अझ असल इसाई बनाइरहेको छ।

तपाईंले कस्तो परीक्षाको सामना गर्दै हुनुहुन्छ?

•••••••••••••••••

# दुई जना मानिस र एउटै पवित्र आत्मा

*****

*अब प्रेरितहरूले हात राख्दा पवित्र आत्मा पाइँदोरहेछ भन्ने देखेर सिमोनले यसो भन्दै तिनीहरूलाई रूपियाँ दिन ल्यायो, "मलाई यो शक्ति दिनुहोस्, र मैले जोसुकैमाथि हात राखिदिएपछि त्यसले पवित्र आत्मा पाओस्।" प्रेरित ८:१८-१९*

*तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" प्रेरित ८:२९*

"म मण्डली जाँदिन किनकि त्यहाँ धैरै ढोंगीहरू छन्" यो भनाइ आजको समाजको सामान्य बहाना हो। के अनुमान लाउनुहुन्छ? यो कुरा साँचो हो- मण्डलीमा कपटी, ढोंगीहरू पनि छन्। बाइबलले यसलाई स्वीकार गर्छ; वास्तवमा भन्ने हो भने, यसबारे बाइबल खुल्ला छ र बाइबलले सिमोनजस्तो ढोंगी मानिसको वर्णन गर्छ। तथापि, कपटीहरूको कारणले मण्डलीबाट अलग रहनु होइन तर तर मण्डलीभित्र कपटीहरूलाई चिन्ने जिम्मेवारी हाम्रो हो भनेर बुझ्नु महत्वपूर्ण छ।

प्रेरित ८:९-४० मा (यो पढने सल्लाह म तपाईंलाई दिन्छु) दुई जना व्यक्तिहरूलाई दर्शाइएको छ। दुवैजना पवित्र आत्मामा चासो राख्छन्। जब तपाईंको प्रेरितहरूको विवरणलाई पढ्नुहुन्छ, कुनचाहिँ इमानदार र कुनचाहिँ निन्दा गर्ने छ सो तपाई भन्नसक्नुहुनेछ। तपाईंले आफ्नो सहमती खास इमानदार व्यक्तिलाई दिनुहोस्।

यो अंश महत्वपूर्ण पाठहरूले भरिएको छ:

- "सिमोन आफैले पनि विश्वास गऱ्यो र त्यसले बप्तिस्मा लियो" (८:१३)। तिनले येशूका कुराहरू, तथ्यहरू विश्वास गरेका हुनसक्छन् तर तिनले साँच्चै येशूप्रति आफ्नो प्रतिबद्धता देखाएनन्। बप्तिस्माले तपाईंलाई बचाउनसक्दैन।
- प्रेरितहरूले नयाँ विश्वासीहरूलाई आत्मा दिँदै गरेको देखेपछि शिमोनले त्यो शक्ति किन्न रुपियाँ दिए। पत्रुसले शिमोनलाफ हप्काए अनि भने परमेश्वरको सामुन्ने तेरो हृदय ठीक रहेनछ। उनले अझ सिमोनलाई पश्चात्ताप गर् भनेर भने अनि उनले भने, "तँ तिक्तताले भरिएको छस्, अनि अधर्मको बन्धनमा छस्" (८:२१-२३)।
- त्यसपछि शिमोनले पत्रुसलाई न्यायदण्डबाट बचाउन प्रार्थना गरिदिने आग्रह गरे (८:२४)। परमेश्वरको लागि हाम्रो "उद्देश्य" अति नै महत्वपूर्ण छ। अनि यो स्पष्ट छ कि शिमोनले पवित्र आत्मा आफ्नो व्यक्तिगत महिमाको निम्ति चाहन्थे। तिनले आत्माको प्रयोग गर्न चाहन्थे।
- फिलिप ईश्वरभक्त अगुवा हुन् र स्थानीय मण्डलीको पहिलो बोर्डमा निर्वाचित व्यक्तिहरूमध्ये एक हुन्। प्रेरितहरूले "आत्मा र बुद्धिले भरिएका" मानिसहरूलाई मात्र छानेका थिए (प्रेरित ६:३,५)। यस खण्डले आत्माले भरिएका र नभरिएका विश्वासीहरूको बीच भिन्नता देखाउँछ। केवला "आत्माले भरिएका" विश्वासीहरूहरूमात्र यो पदमा आउनसक्छन्।
- फिलिप आत्माले भरिएका थिए र पवित्र आत्माको नेतृत्वमा थिए (८:२९)। पवित्र आत्माले उनलाई चलाउनुभयो।
- फिलिपले इथियोपियालीलाई ख्रीष्टमा बचाउन विश्वासतर्फ डोऱ्याए (८:३८)। तिनको व्यक्तिगत साक्षी पवित्र आत्माको नियन्त्रणमा थियो।
- फिलिप अरूलाई मद्दत गर्न र परमेश्वरको महिमा गर्न आफ्नो जीवनमा पवित्र आत्माको शक्तिमा भर परे।

सिमोन र फिलिप दुवैले पवित्र आत्मामा चासो देखाए। एउटा सही थियो अनि अर्को गलत। दुवैले छाप छोडे।

सिमोनको कथामा हामी सिमोनको पापलाफ देख्छौं अर्थात शक्तिशाली धार्मिक पदमा नियुक्त हुन रुपियाँ तिरिरहेको हामी पाउँछौ।

फिलिपले इथियिपियालीहरूलाई ख्रीष्टकहाँ डोऱ्याए। त्यो व्यक्ति, जसलाई फिलिपले ख्रीष्टमा डोऱ्याए, तिनी इथियोपियाकी रानीको आर्थिक सचिव थिए (८:२७) त तिनले इसाई मतलाई इथियोपियामा लगेर गए। त्यसको उन्नाइस सय वर्षपछि १९६६ मा जर्मनीको बर्लिनमा भएको प्रचारकार्यसम्बन्धी विश्व सम्मेलनमा इथियोपियाका सम्राट हाइल सेलासीले यस सम्मेलनमा सम्बोधन गरे र येशू ख्रीष्टलाई आफ्नो उद्धारकर्ताको रूपमा स्वीकार गरेको दाबी गरे।

पवित्र आत्मामा तपाईंको चासो कस्तो? तपाई कस्तो छाप छोड्दैहुनुहुन्छ?

.................

# इथियोपियाली

*****

*अनि फिलिप उठेर गए र , र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए।*

*प्रेरित ८:२७*

*यसको अर्थ मैले जे सोंचेको छु, के त्यही नै हो?*

हो, "नपुंसक" को अर्थ शारीरिक तवरमा बधिया गरिएको मानिस हो।

यी मानिसहरू अक्सर स्त्रीगृहहरूको रखवालाको रूपमा काम गर्थे र अक्सर उच्च ओहोदामा पुग्थे। यी इथियोपियाली मानिस नपुंसक थिए। यसर्थ तिनले विवाहका खुसीहरू कहिल्यै अनुभव गरेका थिएनन्। छोरा-छोरी वा नाता-नातिनीहरू कहिल्यै हुने छैन। तिनी दास थिए होलान्। तिनको शारीरिक अवस्था तिनीमाथि लगाइएको थियो; तिनको आफ्नो चाहना वा छनौट थिएन। यद्धपि तिनी यहूदीहरूको मन्दिरमा गए तापनि यहूदी समाजमा तिनको कुनै सदस्यता थिएन। तिक्तताले भरिने कति ठूलो अवसर!

लिजाको सम्बन्धमा पनि त्यस्तै भयो-तिनले एकदमै लथालिङ्ग परेको सम्बन्ध विच्छेद गरेकी थिइन् र तिनका पतिले तिनलाई एउटा कुर्सी र दई जना छोरा-छोरीसित छाडेका थिए। उनी आइतबारको दिन मण्डली गएकी थिइन् र एक हफ्ताभित्रै मण्डलीले फर्निचरहरू वितरण गऱ्यो-तिनले भनिन्, यो रंगीबिरंगी समेत छ। लिजाले भनिन्, "परमेश्वर साह्रै दयालु हुनुभएको छ। म उहाँको बाहुली मेरो वरिपरि महसुस गर्नसक्छु। के मैले यो आदेश दिनसक्छु? अँह, तर परमेश्वरले यसलाई प्रयोग गरिररहनुभएको छ।

लिसा र इथियोपियाली दुवैले एउटा छनौट गरे: तिक्तताले भरिनुको सट्टा तिनीहरू असल वा स्वस्थ्य हुन चाहे।

इथियोपियालीहरूको अर्को चुनौती थियो। तिनी इथियोपियाकी महारानीको कोषाध्यक्ष थिए, जसको अर्थ तिनले राष्ट्रका अरू कसैले भन्दा बढी अर्थ सम्हाल्थे। तिनले "म आइपुगे" भनेर सोंच्न सक्थे अनि घमण्ड गर्न सक्थे। तिनले आफ्नै कम्पनीको अध्यक्ष रहेका स्थानीय व्यवसायीसँग चिनजान गरेर भन्न सक्थे, "म यति व्यस्त थिएँ, जीवन धान्ने फुर्सद नै थिएन।" व्यापारी र इथियोपियाली दुवैले घमण्ड र पद पर्याप्त छैन भन्ने निर्णय गरे: तिनीहरूले परमेश्वरको खोजी गर्नेछ।

ती इथियोपियालीले खोजिरहेका थिए- तिनी उपासनाको लागि इथियोपिया, यरूशलेम, यहूदी मन्दिरसम्म यात्रा गरेका थिए। घर फर्कदै गर्दा तिनले गाजा पट्टि आफ्नो रथ राखेर पूरानो करार पढिरहेका थिए। तैपनि तिनको हृदय सन्तुष्ट थिएन।

तर परमेश्वरले ती इथियोपियालीप्रति चासो राख्नुभुयो। परमेश्वरले आफ्ना स्वर्गदूत आत्माले भरिएको मानिस फिलिपकहाँ यरूशलेमदेखि गाजासम्मको मरूभूमिको बाटो भएर जानको निम्ति पठाउनुभयो। तब परमेश्वरको आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग" (प्रेरित ८:२९)।

एथियोलियाली र फिलिपको बिचमा बातचित भयो। फिलिपले तिनलाई तिनले पढिरहेको पुस्तक बुझे कि बुझेनन् भनेर सोध्दा तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" (८:३१)। तिनको जवाफले साक्षी दिनुपर्ने आवश्यकतालाई स्पष्ट पार्छ।

फिलिपले इथियोपियालीलाई ख्रीष्टकहाँ अगुवाइ गरे र बप्तिस्मा लिए। भर्खरै जीवन परिवर्तन गरेका ती व्यक्ति इथियोपिया फर्कदा रमाए जहाँ तिनले ख्रीष्टको सन्देश फैलाउन सक्छ।

.

•••••••••••••••••

# परमेश्वरले तपाईंलाई उज्यालोमा भन्नुभएको कुरा अध्यारोमा हुँदा शंका नगर्नुहोस्

*****

*हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।*

*मत्ती २८:२०*

मार्साले आफ्नो मंगेतरसित ठूलो झगडा गरेकी थिइन्। ती सबै कुराबाट उम्कन सहरहुँदै जाँदै गर्दा तिनी रोइरहेकी थिइन्। त्यसपछि तिनले सण्डे स्कूलको कक्षामा आफ्नो लागि आएको बाइबल पद याद गरिन्, "उदास नहोओ, किनकि परमप्रभुको आनन्द नै तिमीहरूको बल हो" (नहेम्याह ८:१०)। मार्साले आफैलाई सम्हालिन् अनि घरतिर लागिन्।

हामी सबैले जीवनमा अन्धकारमय समयहरूको सामना गर्नेछौं। बुद्धिका साथ यस्ता चुनौतीहरूको सामना गर्न खोज्दा परमेश्वरले तपाईंलाई भन्नुभएको, देखाउनुभएको र अगुवाइ गर्नुभएको ती कुराहरू र क्षणहरूको सम्झना गर्नुहोस्। हामीलाई सल्हाल्नसक्ने सबैभन्दा महान सत्य पुनरुत्थान हुनुभएको येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई गर्नुभएको यो प्रतिज्ञा हो: "म सधैँ तिमीहरूका साथमा छु।" यो केवल एउटा भनाइमात्र होइन, तर उहाँलाई पछयाउने हरेक व्यक्तिसित उहाँले गर्नुभएको प्रतिज्ञा हो यो।

समय जतिसुकै अन्धकारमय भए तापनि तिमीहरूला विगतका सबै विजयहरू नयाँ विजयका लागि तिमीहरूको कदम राख्ने खुट्टी हुनसक्छन्। विश्वासीहरूको जीतले पनि तपाईंलाई प्रोत्साहन दिनसक्छ। जब यहोशूले यर्दन नदी पारी प्रतिज्ञा गरिएको देशमा २० लाख इस्राएलीहरूलाई अगुवाइ गर्दैगर्दा आफ्नो जीवनको एउटा ठूलो चुनौतीको सामना गरे-त्यससमय परमप्रभुले यहोशूसित प्रतिज्ञा गर्नुभयो, "जसरी म मोशासँग रहें, त्यसरी नै म तँसँग रहनेछु। म तँलाई छोड्ने, अनि तलाई त्याग्नेछैनँ" (यहोशू १:५)।

परमेश्वरले तपाईंलाई सहायता (ज्योति) दिनुभएका क्षणहरू केके हुन्? सायद निम्न केही कुराहरू समावेश हुनसक्छन्:

- जब परमेश्वरले तपाईंलाई बचाउनुभयो अनि नयाँ जीवन दिनुभयो (२कोरिन्थी ५:१७)।
- जब परमेश्वरले तपाईंलाई सम्पूर्ण रूपले चोखो तुल्याउनुभयो र तपाईंलाई निष्कलङ्क हृदय दिनुभयो (१ थेसलोनिके ५:२३)।
- जब परमेश्वरले तपाईंलाई आर्थिक खाँचोबाट छुटकारा दिनुभयो (फिलिप्पी ४:१९)
- जब परमेश्वरले तपाईंलाई ठूलो निर्णय लिनमा अगुवाई गर्नुभयो (भजन ३२:८)
- जब परमेश्वरले तपाईंको बिग्रेको सम्बन्धलाई बनाउने काम गर्नुभयो (फिलिप्पी ४:२)

मेरो जीवनको सबैभन्दा अध्याँरो समय त्यो थियो जब म इसाई बनेको थिएँ, मेरा बुबाले मलाई आर्थिकरूपले उहाँबाट अलग गर्नुभयो। जब हामी गाडीमा हरियो बत्ती पार गर्दैथियौं अर्को गाडीले हामीलाई हिर्काइदियो, जब मेरी छोरीले आफ्नो श्रीमानलाई र प्रभुलाई त्यागिन्, जब मैले पास्टरको रूपमा मण्डलीबाट नकारात्मक समर्थन पाएँ, जब मेरी पत्नीलाई अल्जाइमर भयो, अनि जब मेरो छोराको पाँचौ बार क्यान्सरको कारणले उसको भोइस बक्स हटाउनुपर्ने रिपोर्ट आयो। तथापि, परमेश्वरले हामीलाई हाम्रो उज्यालो दिनहरूमा जेजत्ति स्रोत-संशाधन दिनुभएको थियो, ती सबै हामीले प्रयोग गर्‍यौं। फलस्वरूप, हामीले उहाँमा नयाँ विजय पायौं।

जब हाम्रो छोराले आफ्नो आवाज आउने बक्स हटाउने कुरा गर्दा हामी फिलिप्पी ४:६-७ मा गयौं। तुरुन्तै, मिसिसिपीमा म, लिइहुडमा मेरी श्रीमती न्यान्सी र म्युनसी, इन्डियानामा मेरो छोरोको जीवनमा परमेश्वरको शान्ति अचानक पठाइयो। अनि यो शान्तीले हामीलाई कहिल्यै छोडेन। आज पनि हामी आशीषमय जीवन जिइरहेका छौं।

परमेश्वरले तपाईंलाई ज्योतिमा जे भन्नुभएको छ सो स्मरण गर्नुहोस्!

................

# उहाँको आज्ञा पालन गर्नेहरूलाई

*****

*यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ। प्रेरित ५:३२*

विश्वासीहरूले आफूले चाहेजति इसाई जीवनमा गहन अनुभव गर्नसक्छन्। कसै-कसै केवल दिनमा पाँच मिनेट प्रार्थना गरेर यसो भन्ने गर्छन्, "हे परमेश्वर, मेरा छोरा-छोरीलाई आशिष् दिनुहोस् अनि यो दिनलाई रमाइलो दिन बनाइदिनुहोस्।"

परमेश्वरसित गहिरो सम्बन्ध राख्नेहरू अरू पनि छन्। मेडम चियाङ काई-शेककी आमाले लगातार प्रभुसँग यति धेरै समय बिताइन् कि यदि तपाईंले उनलाई सल्लाह माग्नुभयो भने तिनी भन्थिन्, "तपाईंले भोलीसम्म पर्खनुपर्छ ताकि म मेरो गुरुलाई यस विषयमा सोध्न र उहाँको अगुवाइ प्राप्त गर्न सकूँ।"

येशूका १२० जना चेलाहरू चालीस दिनसम्म निरन्तर प्रार्थनामा सामेल भए र पेन्तिकोसको दिनमा तिनीहरू सबै पवित्र आत्माले भरिए (प्रेरित १:३; १५; २:४)। पलस्वरूप, यरूशलेममा एउटा शक्तिशाली आत्मिक कार्य हुन थाल्यो। धेरै मानिसहरूले प्रभुमा विश्वास गरे अनि धेरै रोगीहरू निको भए। यहूदी अख्तियारवालाहरूले डाहले भरिएर येशूका चेलाहरूलाई पक्रे र झ्यालखानमा हाले।

अर्को दिन, चेलाहरूलाई महासभासामु बोलाइयो र प्रधान पूजाहारीले तिनीहरूलाई येशूको विषयमा नसिकाउनु भन्ने हुकुम दिए। पत्रुसले जवाफ दिएर यसो भने, "हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नुपर्छ" (प्रेरित ५:२९)। फेरि एकपल्ट उनले येशूको विषयमा अख्तियावालालाई बताए।

पत्रुसले अझ भने, "यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ" (प्रेरित ५:३२)।

चेलाहरू पुनरुत्थान हुनुभएका येशू  र अरू थुप्रै प्रमाणहरूको प्रत्यक्षदर्शी थिए। यसबाहेक, परमेश्वर पिताले यी सत्यहरूलाई पवित्र आत्माको काम-चंगाई, आश्चर्यकर्महरू र परिवर्तनद्वारा साक्षी दिँदै हुनुहुन्थ्यो। पत्रुसले अघि प्रचार गरेझैं भइरहेको थियो: "...ती दिनमा म मेरो आत्मा खन्याइदिनेछु...माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु..." (प्रेरित २:१८-१९)।

कृपया प्रेरित ५:३२लाई ध्यान दिनुहोस् कि पवित्र आत्मा उहाँको आज्ञा पालन गर्नेहरूलाई मात्र दिइएको छ। कसैले ख्रीष्टलाई ग्रहण गरेको छ, जो आत्माबाट जन्मेको छ, र वर्तमानमा येशू ख्रीष्टको अनुशरण गर्दैछ र उहाँको आज्ञा पालन गरिरहेको छ भने ऊ नै हो जसले पूरा रीतिले पवित्र आत्मा प्राप्त गर्नसक्छ।

मेरो मित्र चाङले ख्रीष्टलाई ग्रहण गरेका थिए तर तिनी अति नै कमजोर र संसारतिर झुकेको जीवन जिइरहेका थिए। अन्तमा जब तिनी जागृत भए, तब तिनले ख्रीष्टसितको आफ्नो सम्बन्धलाई फेरि बलियो बनाउदै आज्ञाकारी भई हिँड्न थाले। त्यसपछि तिनले आत्माको गहिरो कामको आवश्यकता बुझे। त्यो हो, आफ्नो भित्री मनसाय चोखो पार्ने, हृदय पवित्र पार्ने र पवित्र आत्माले भरिपूर्ण हुने। कुनै एउटा खास दिन, तिनी पवित्र आत्मामा वास्तवमा नै भरिए।

के तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुभएको छ? के तपाईं आज्ञाकारी भई जीवन बिताइरहनुभएको छ? त्यसपछि पवित्र आत्माले भरिएको इसाई बन्ने सुअवसरलाई प्राप्त गर्ने प्रयत्न गर्नुहोस्।

•••••••••••••••••

# ठूलो मन

*****

*म प्रार्थना गर्छु कि विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक।*

*एफिसी ३:१७-१८*

यदि कुनै इसाई पवित्र आत्माले भरिएको छ र त्यो आत्मिक कार्यले पवित्रीकरण अर्थात पत्रुसले भनेझैं "पवित्र आत्माद्वारा शुद्ध गर्ने कार्य" (१पत्रुस १:२)। त्यसपछि के हुन्छ? पवित्र आत्माको कामलाई कहिलेकाहीँ शुद्धिकरणको रूपमा वर्णन गरिन्छ भन्ने कुरा हामीले बुझेका छौं। प्रेरित १५:८-९ मा ध्यान दिनुहोस्: "हृदयका कुरा जान्ने परमेश्वरले तिनीहरूलाई पनि हामीले जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गर्नुभएको कुरा देखाउनुभयो। उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरू हृदय शुद्ध पार्नुभयो।" यदि म आत्माले भरिपूर्ण छु, अनि म पवित्र भएको छु, अनि मेरो हृदय चोखो तुल्याइएको छु भने, आत्मिक विकास गर्ने ठाउँ कहाँ छ?

यस प्रश्नको जवाफको लागि एफिसीको खण्डमा फर्कनुहोस्- ख्रीष्टको गहिरो प्रेम "प्रभुका सबै पवित्र जनहरूसँग" छ भनी बुझ्ने प्रयत्न गर्नुहोस्। प्रभुका भन्दा धेरै पवित्र जनहरूसँग मेरो सम्बन्धमा, मेरो हृदय ठूलो भएको छ, र मेरो प्रेम गर्ने क्षमता विस्तार गरिएको छ।

म विशेष केही पवित्र जनहरूको सम्झना गर्छु- जस्तै, पिटर जसले मलाई ख्रीष्ट येशूको बारे बताउन घण्टौं बिताए। राल्फ र बर्निस, जो मेरो कलेजको छात्रवासमा खाना र येशूको पछि लागिरहन कडा प्रोत्साहन दिन आए। क्लाइडले म विधार्थी छँदा मण्डलीबाट छब्बीस माइल टाडा गाडी चलाएर मलाई त्यहाँ पुर्‍याए, किनकि त्यतिबेला मसित गाडी थिएन। राल्फ र माबेलले म ब्लकमा नयाँ बच्चा छँदा खाना खान बोलाए। बेङ्गटले आफ्नो ब्याप्टिस्ट मण्डलीलाई मेरो सेमिनारीमा मलाई मद्दत गर्न कोष पठाउन आग्रह गरे। बिल, जसले मेरो र मेरी श्रीमतिको लागि हरेक दिन प्रार्थना गरे। ज्वानिता, जसले प्रभुसित गहन सम्बन्ध राख्छिन् अनि मलाई उनको रहस्यमय कुरा बताउँछिन्। फील र जोई, जसले मेरो सण्डे स्कूलको ४५ वर्षको काम पछि अवकास प्राप्त गरेको विवरण गुप्त रूपमा तयार गरे, जसले मलाई प्रेमको महसुस भयो। अनिल र मार्था, जसले आफ्नै शारीरिक चुनौती र शाल्यक्रिया गर्नुपर्दा पनि येशूलाई देखाउँदै मलाई धन्यवाद दिइरहन्छन्। मेरी श्रीमति न्यान्सी यसो भन्छिन्, "म तपाईंलाई पहिलेभन्दा धेरै माया गर्छु"। अझ अरू धेरै।

यी सबै पवित्र जनहरू मलाई धाप मार्दै जान्छन्, जसद्वारा म ख्रीष्टको प्रेममा पहिलेभन्दा अझ गहिरिएर जान्छु। त्यसैले, म बढ्दैछु। तपाईंले पनि आफूले चिनेका परमेश्वरका केही पवित्र जनहरूको बारेमा सोच्नुहोस्; तिनीहरूको नाउँ लिनुहोस्, र आफैलाई बृद्धि हुन दिनुहोस्।

एकपटक जब तपाईं परमेश्वरको आत्माले भरिनुहुन्छ, तपाईं पवित्र र शुद्ध पारिनुहुन्छ, तर यो अन्त्य होइन,- बरू, यो अनुग्रहमा अपार वृद्धिको सुरुवात हो। परमेश्वरले तपाईंको चरित्र र व्यक्तित्वलाई चम्किलो पार्दै हुनुहुन्छ भन्ने कुरा तपाईंले थाहा पाउनुहुनेछ।

त्यो सेप्टेम्बर २ मा, जब परमेश्वरको आत्माले मेरो एक्काइस वर्षको हृदय भरिदिनुभयो र पवित्र बनाउनुभयो, मेरो सम्पूर्ण हृदय सत प्रतिसत शुद्ध बनाइयो र परमेश्वरको आत्माले भरिएको थियो। तथापि, त्यो सानो हृदय थियो। अब, धेरै सन्तहरूसग काँध थप्थपाउँदै अनि हृदयविदारक, पीडा र दु:खको सामना गर्दै जाँदा केही अचम्मका कुरा भइरहेको छ। परमेश्वरले जब आफ्ना सन्तहरूको माध्यमबाट मलाई धेरै माया गर्नुहुन्छ र मेरो दु:ख निको पार्नुहुन्छ। उहाँले मेरो हृदय ठूलो बनाइदिनुभएको म याद गर्छु। त्यसैले आज मेरो हृदय ठूलो भएको छ।

आत्माको पूर्णता र हृदयको शुद्धताले अनुग्रहमा वृद्धि हुन बन्द गर्दैन तर यसले बढाउँछ। यसर्थ, हृदयलाई ठूलो पार्ने समूहमा मसित सामेल हुनुहोस्।

.................

# पवित्र आत्माद्वारा विजय

*****

*मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। तर परेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। १ कोरिन्थी १५:५६-५७*

आफूलाई मनपर्ने टिमले जीत हासिल गर्दा कत्तिको उत्साहित बन्नुहुन्छ? सन् १९८० मा न्यु योर्कको लेक प्लासिडामा भएको शीतकालीन ओलम्पिकमा संयुक्त राष्ट्रले रूसलाई हक्कीमा हराउँदा अमेरिकीहरू कत्ति उत्साहित भएका थिए भन्ने कुरा अझ मलाई याद छ।

पापमाथि विजय हासिल गर्न पाउँदा के तपाईं रोमाञ्चित हुनुहुन्छ? परमेश्वर चाहनुहुन्छ कि तपाईले पूर्ण विजय पाउनुहोस् र पवित्र आत्मा उहाँको विशेष प्रतिनीधि हुनुहुन्छ जसले तपाईंको जीवनमा विजय ल्याउनुहुन्छ।

यी प्रतिज्ञाहरूलाई विचार गर्नुहोस्:

- "...हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमाको आगमनको हाम्रो प्रतीक्षा गर्दछौं। ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोसिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो" (तीतस २:१३-१४)।
- "किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो...किनकि परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन, तर पवित्रतामा बोलाउनुभएको छ। यसकारण जसले यस कुराको अवहेलना गर्छ त्यसले मानिसको होइन, तर परमेश्वरको अवहेलना गर्छ, जुन परमेश्वरले तिमीहरूलाई आफ्ना पवित्र आत्मा दिनुहुन्छ" (१थेसलिनिकी ४:३, ७-८)।
- "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गलाती २:२०)।
- यो अनुग्रह अन्यजातिहरूका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तब्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून्" (रोमी १५:१६)।
- "म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, शैतानको तर्फबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्" (प्रेरित २६:१७-१८)।

मारिदेलको वर्तमान गवाही यस्तो छ:

सन् २००३ मा पेनक्रियाजको क्यान्सरले गर्दा मेरी आमाको मृत्यु भयो। तिनले मलाई उनलाई स्वर्गमा भेट्ने प्रतिज्ञा गर्न आग्रह गरिन्। मैले त्यसै गरें र त्यसै गर्ने निश्चय गरें। म अज्ञेयवादी थिएँ तर मैले खोज्न थालें। म इसाई पुस्तक पसलहरूमा गएँ र ली स्ट्रोबेलका पुस्तकहरू किनेर पढें। मैले मानिसहरूलाई स्वर्ग जाने अनुभव भएको र फर्कने कोहो छ कि भनेर सोधें। मेरो लागि स्वर्ग झन वास्तविक हुँदै गएपछि यसलाई चलाउन परमेश्वर नै हुनुहुन्छ भन्ने कुरामा म विश्वास गर्थें। मैले परमेश्वरलाई 'तपाईंको उपस्थिति महसुस गर्न दिनुहोस्' भनें। म फोनिक्सको एउटा मण्डलीमा थिएँ। सन् १९५७ मा मैले बप्तिस्मा लिएँ। परमेश्वर मकहाँ आउनुभयो अनि जब मैले प्रभुलाई स्वीकार गरें, त्यसबेला म धुरु-धुरु रोएँ। म अझ गहिरिएर जानुपर्छ भन्ने कुरा म जान्दथे। मैले सम्पूर्ण पवित्रता खोजें। सन् २००३ को नोवेम्बर महिनामा म आफूमा मरेतुल्य भए र परमेशले मलाई आफ्नो आत्माले भरिदिनुभयो। म इमानदारीपूर्वक भन्नसक्छु कि त्यसबेलादेखि मलाई कहिल्यै आनन्द वा शान्तिको कमी महसुस भएको छैन। अनि कहल्यै म शंका गर्दिनँ। अज्ञेयवादबाट सकारात्मक र विश्वासतर्फ कस्तो अचम्मको यात्रा!

पवित्र आत्माले तपाईंको जीवनमा परमेश्वरको विजय प्रदान गरून्।

••••••••••••••••

# आत्माअनुसार चल्दछौं, भाग १

*****

*पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।*
*रोमी ८:२*
*यस हेतूले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन तर पवित्र आत्माअनुसार चल्दछौं। रोमी ८:४*

स्पष्ट निराशामा कसैले मलाई भन्यो, "ठिक छ, तपाई हिँडिरहने सन्त हुन सक्नुहुन्न, के तपाईं हुनसक्नुहुन्छ?

जब मैले यसको बारेमा सोचें, म निष्कर्षमा पुगें, "हो, तिमी सक्छौ। वास्तवमा, तिमी हिँड्ने सन्त हुनसक्छौ-किनकि रोमी ८:४ ले भन्छ कि व्यवस्थाको धार्मिकता हामीमा पूरा हुन्छ, जो शरीरअनुसार होइन, तर आत्माअनुसार चल्दछौ"।

हिँड्नु भनेको कदम चाल्नु हो। इसाई जीवनलाई हिँडने वा कदम चाल्ने जीवनभन्दा कति जना अलमल्ल पर्छन्-तिनीहरूले अनुग्रहको दोस्रो संकटको सामना गर्ने ठाउँ देख्न सक्दैनन्। तथापि, रोमी ८ मा दुई वटा संकटको अनुभव गरिएको छ। पद १ मा गलत कामसँगै आउने दण्डबाट स्वतन्त्रताको कुरा गरेका छन्। त्यो हो, न्यायसँग आउने शान्ति (८:१)।

तर पावलले दोस्रो संकटको बारेमा पनि भनेका छन्: "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ" (रोमी ८:२)। यहाँ पावलले पापबाट मुक्तिको बारे बताउँछन्। तिनलाई कसरी उद्धार गरियो? यसको जवाफ एउटै सधैँ एउटै हुन्छ, अनुग्रहको समयले जस्तो यूनानी काललाई यहाँ प्रयोग गररिन्छ। रोमी ६:१८ र २२ मा "स्वतन्त्र गर्नु" को लागि पावलले यही शब्दको प्रयोग गरेका छन्: "तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताको कमारा बनेका छौं"; अनि "तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरको कमारा भएका छौ, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रीकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन"।

परमेश्वरसितको हाम्रो सम्बन्ध पनि मानिसहरूसित भएको हाम्रो सम्बन्धजस्तै छ। वैवाहिक सम्बन्धलाई लिनुहोस्। त्यहाँ मगनीको समय हुन्छ जब एक व्यक्तिले प्रस्ताव राख्छ-अनि ठिक समयमा- अर्कोले "हुन्छ" भनेर स्वीकार गर्छ। त्यसपछि विवाह गर्ने वेदीमा, सम्पूर्ण समर्पणतामा एक-अर्कालाई भन्छन् "हुन्छ, म गर्छु"।

एकदिन मेरी श्रीमती र मैले विवाह गरेको करिब पाँच वर्ष बितिसक्दा उनले मलाई भनिन्, "प्रिय, तपाईं मलाई प्रेम गर्नुहुन्छ?"

उनको यो प्रश्नमा मैले यसरी जवाफ दिएँ, "निश्चय, मैले तिमीलाई भनिसकेको छु कि म तिमीलाई प्रेम गर्छु। के फेरि पनि मैले तिमीलाई भन्नुपर्छ?"

के उनले हाँसउठ्दो प्रश्न गरेकी थिइनन् र? तपाईं ले सोच्नुहुँदै होला कि म नै हाँसउठ्दो छु- हो पक्कै तपाईंले ठिकै भन्नुभयो। अर्थपूर्ण र सफल वैवाहिक जीवनको निम्ति हामी एक-अर्कालाई दिनहुँ र हरेक पल प्रेम गरेको हुनुपर्छ भनेर हामीले बुझेका छौं। गलत काम नगर्नुमात्र पर्याप्त छैन। मैले हरेक दिन आफ्नो निरन्तर प्रेम र भरोसालाई सक्रियतासाथ नबताएको कारण सम्बन्धमा चोट पुऱ्याएका हुन्छौं। यसरी नै धेरै इसाईहरूले सम्पूर्ण पवित्रताको एकपल्ट अनुभव गरिसकेपछि तिनीहरू आत्मिक रूपले पूर्ण भएको सोच राख्छन्। तर सम्पूर्ण पवित्रता भनेको परमेश्वरसितको दिनदिनैको सम्बन्धको सुरुवात मात्र हो। पवित्रता भनेको अन्त होइन तर परमेश्वरले हामी जे भएको चाहनुहुन्छ, त्यसको सुरुवात हो।[50]

•••••••••••••••••

[50]. चार्ल्स "चिकेन" शावरमा यसअघि प्रकाशित, *आध्यात्मिक विजय कायम राख्ने* (कन्सास सिटी, मो: बिकोन हिल प्रेस अफ कन्सास सिटी, १९७२), ५, ८–१०।

# आत्माअनुसार चल्दछौं, भाग १

*****

*यस हेतूले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन तर पवित्र आत्माअनुसार चल्दछौं। रोमी ८:४*

*अनि परमेश्वरका पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। एफिसी ४:३०*

पवित्रीकरण भनेको केवल वा मुख्यतया प्राप्त गर्नुपर्ने अनुभव मात्र होइन तर सम्बन्धलाई निरन्तरता दिनु हो। आफ्नो अनुभवलाई "कायम राख्ने" वा "पक्रिराख्ने" विषयमा कुरा गर्नु खतरनाक हुन्छ। एउटा यस्तो अर्थ छ जसमा यी शब्दहरू पाउन सकिन्छ तर ती पूर्णतया सही छैनन्। हामी *अनुभव* त गर्छौं तर परमेश्वरसित हिँड्छौं। पावलले हामीलाई "पाप र मृत्युको व्यवस्थाबाट मुक्त" भएको निश्चित समय जान्ने मात्र होइन (रोमी ८:२) तर वर्तमानमा अभ्यस्त भई आत्माको पछि हिँडेको चाहन्छन्, जसरी क्रियाको वर्तमान कालले संकेत गर्दछ (८:४)।

परमेश्वरसितको हाम्रो सम्बन्ध प्रत्येक दिन महत्वपूर्ण हुनुपर्छ। हामीले उहाँमा पूर्णरूपले भर पर्नुपर्छ ताकि हरेक कठिन परिस्थीतिमा हाम्रो सम्बन्ध मधुर बन्न सकोस्। पवित्र हुनु भनेको यान्त्रिक काम होइन। यसको अर्थ परमेश्वरसित निरन्तर सम्बन्ध गाँस्नु हो। परमेश्वरसितको हाम्रो सम्बन्धलाई हरेक क्षण कायम राख्ने कुरा येशूले यूहन्ना १५:१-८ मा दर्शाउनुभएको छ: "ममा रहो, र म तिमीहरूमा रहन्छु। कसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूके पनि सक्दैनौ" (पद ४)।

सम्बन्धहरू सम्बेदनशील हुन्छन्; ती सजिलै भत्किन सक्छन्। सुन्दर मित्रता तोड्नलाई सानो वेवास्ता काफी हुन्छ। तर भरोसाको कमीले परमेश्वरसितको हाम्रो सम्बन्धलाई बिगार्नसक्छ किनभने यसले हामीलाई सहायता पुऱ्याउने उहाँको इच्छा र क्षमता दुवैमा असर पार्दछ। "पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा तिमीहरू उद्धारको दिनको निम्ति छाप लगाइएका छौ" (एफिसी ४:३०); र "पवित्र आत्मालाई ननिभाओ" (१थेसलोनिकी ५:१९); "व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन तर पवित्र आत्माअनुसार चल्दछौं" (रोमी ८:४)।

. . . . . . . . . . . . . . . . .

# हिँडौं

*****

*तिनीहरू जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसर हिँडौं।*

*गलाती ५:२४-२५*

आफैलाई प्रोत्साहन दिने, घाँस काट्ने मसिनको पछि-पछि हिँड्नु नै मेरो सुव्यस्थित र सुन्दर आँगनको कारण हो। यो प्रक्रिया सरल छ: मसीनमा पूरा ग्यास भर्नुहोस्, मसिन प्रज्वलित पार्नुहोस्, ग्यासलाई निरन्तर सप्लाइ गर्ने र मोटरको गति नियन्त्रण गर्ने लिवर मिलाउनुहोस्, हिडाइको गति मिलाउनुहोस्, मसिन चालु हुने बटन दबाउनुहोस्, अब तपाईं आँगनको घाँस काट्दै हुनुहुन्छ। मसीनमा भरिएको ग्यासले शक्ति उत्पादन गर्छ र म त्यसको पछि-पछि हिँड्छु।

जब म सधैँ हरियै रहने झाडीको अगाडि घाँस कट्न थाल्छु, कहिलेकाहीँ छाँटिएका हाँगाहरू ग्याँस नियन्त्रण गर्ने लिभरमा अड्किँदा त्यसले ग्याँस आपूर्तिलाई बन्द हुन पर्याप्त दवाब दिन्छ। त्यसपछि मोटर बन्द हुन्छ र घाँस काट्ने काम रोकिन्छ। यस्तो हुँदा मैले पनि हिँड्नु बन्द गर्नुपर्छ।

आत्माले भरिएको जीवनको क्षेत्रमा, पवित्र आत्माको सुन्दै र भरोसा गर्दै निरन्तर उहाँमा अडेस लाग्नुपर्छ। उहाँ आत्मिक शक्तिको स्रोत हुनुहुन्छ र हामी उहासँग जबसम्म हिड्छौं तबसम्म उहाँको शक्ति हामी प्राप्त गरिरहन्छौं। जब तपाईं उहाँसँग हिँड्न छोड्नुहुन्छ, तपाईंको सम्बन्ध तोड्नुहुन्छ, अनि समस्याहरू बड्न थाल्छन्। त्यो क्षण यस्तो समय हुन्छ जब तपाईं पवित्र आत्माले भरिपूर्ण हुनुभएको छ, तर निरन्तर विजयी हुनका लागि पवित्र आत्मामा निरन्तर भर पर्नु अति नै आवश्यक हुन्छ।

यस सत्यतालाई वचनले बिभिन्न तरिकाले जोड दिन्छ। कलस्सी १:२२-२३ले भन्छ, "तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ- यदि तिमीहरू आफ्ना विश्वासमा अचल र स्थिर भइरह्यौ भने।" यहाँ विशेष "भइरह्यौ" भन्ने शब्दलाई ध्यान दिनुहोस्।

यूहन्ना १५:५-६ मा भएको दाखको बोट र हाँगाहरूको उपमालाई ध्यान दिनुहोस्, "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं। कोही मानिस ममा रहेन भने, त्यो हाँगा झैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हागाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन् र ती जलिहाल्छन।"

प्रेरि ३:४मा, चेलाहरू पवित्र आत्माले एउटै समयमा एकसाथ भरिपूर्ण भए। जब यिनै चेलाहरू जब सतावटमा परेका थिए, तिनीहरूले प्रार्थना गरे अनि तिनीहरूले पवित्र आत्माको ताजा भरपूरीको अनुभव गरे जसद्वारा तिनीहरूलाई साहस पाए (प्रेरित ४:३१)। पछिबाट, एफिसी ५:१८मा पावलले एफिससमा भएका इसाईहरूलाई दिएको सल्लाहमा "पवित्र आत्माले भरिपूर्ण होओ" भनी पावलले वर्तमान काललाई प्रयोग गरेका छन् जसको अर्थ हो, "आत्मा भरिरहो"।

कति जना छक्क पर्न सक्नुहुन्छ यदि तपाईं पवित्र हुनुभएको छ, तपाईंको हृदय पवित्र पारिएको छ र तपाईं पवित्र आत्माले भरिनुभएको छ र के तपाईंको वृद्धि हुने ठाउँ अझै छ? ओहो, पक्कै, अझ धेरै! कृपया यी दुई वटा गिलासलाई याद गर्नुहोस् र ती दवै गिलास पानीले भरिएको छ भनी अनुमान लगाउनुहोस्।

दुवै गिलास पूरा भरिएको छ- तरै पनि ठूलो गिलासमा धेरै पानी अटाएको छ। के यो यस अर्थमा भनिएको छ कि भर्खर विश्वासमा आएकाहरू पनि परमेश्वरको आत्माले भरिन सक्छन्? हो, भरिन सक्छन्, तर कल्पना गर्नुहोस् कि जब तिनीहरू परीक्षा, चुनौतीहरू र कठिनाइहरूबाट भएर जान्छन्, तिनीहरूको हृदय फराकिलि भएको हुन्छ। तिनीहरूको हृदय अझ पनि भरिएको छ, तर जसै तिनीहरू वृद्धि हुँदै जान्छन्, तिनीहरूको क्षमता पनि वृदधि हुँदैजान्छ।

हडसन टेलर, एक महान बेलायती मिसनेरी जसले १८६५मा चाइना इनलैण्ड मिसनको स्थापना गरे, अनि परमेश्वरको निरन्तर भरोसा राख्ने आदत खोजी गरे र अनुभव गरे। तिनले देखे कि यही सिद्धान्त यूहन्ना ६:३५मा वर्णन गरिएको छ: "जो मकहाँ आउँछ त्यो भोकाउनेछैन र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन।"[51] अथवा अर्को भाषामा भन्नुपर्छाप आत्माकै अनुसार हिडौं।

[51]. Dr. and Mrs. Howard Taylor, *Hudson Taylor's Spiritual Secret* (Chicago: Moody Press, n.d.), 182.

•••••••••••••••••

## जुलाई २३ — दिन - २०४

# उनी मात्र बाह्र वर्षकी थिइन्

*****

*ठूलो घरमा सुन र चाँदीका भाँडाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ।*

*२ तिमोथी २:२०-२१*

एक जना मिसनेरीले विभिन्न पाँचवटा देशमा स्थापना भएका नयाँ-नयाँ सेवकाईहरूबारे रिपोर्ट गर्न आह्वान गरे र ती सबै भूतपूर् सोभियत संघका भाग थिए। त्यसपछि उहाँले मलाई आफ्नी छोरी बेकाको विषयमा बताउनुभयो।

बेकाले सधैँ आध्यामिक तवरमा संवेदनशील भएकी छिन्। तिनी तीन जना हुँदा परिवारले ह्युस्टनमा येशूको चलचित्र प्रदर्शन गरेको देख्दा तिनले येशूको बप्तिस्माका दृश्यहरू देखिन्। जब पिताले येशूको विषयमा भन्नुभएको सुनिन्, "यिनी मेरा प्रिय पुत्र हुन्।" उनले सोधिन्, "येशू नै परमेश्वर हुनुहुन्छ, होइन? परमेश्वरले कसरी बोल्नुभयो?" तिनले त्रिएकत्वको बारे बुझ्ने कोसिस गरिरहेकी थिइन्।

चार वर्षको उमेरमा बेका र तिनकी आमाले पापबारे छलफल गर्न थाले। बेकाले बिन्ती गर्दा तिनकी आमाले तिनीहरूको विषयवस्तुलाई अगाडि बडाइन्, तिनीहरूले साथमा प्रार्थना गरे र बेकाले येशूलाई ग्रहण गरिन्। तिनका आमाबुबाले तिनको व्यवहारमा तुरुन्तै परिवर्तन आएको थाहा गरे, खासगरी तिनको जिद्दी गर्ने पहिलेको नकारत्मक व्यवहार अब ख्रीष्टको पछि लाग्ने जिद्दिपनमा परिवर्तन भइसकेको थियो।

केही समयपछि, बेकाले आफ्नो दैनिक उपासनामा अन्नत जीवन प्राप्त के गर्नुपर्छ भनी येशूलाई सोध्ने मानिसबारे पढेकी थिइन्। येशूके यस्तो जवाफ दिनुभएको तिनले बुझिन्, *"तिमीले सबै थोक मलाई दिनुपर्छ।"* तिनले कानमा कसैले फुसफुसाएको जस्तो लाग्यो: *तिमीले पनि सबै कुरा मलाई समर्पण गर्नु आवश्यक छ।*

केही समयपछि, बेकाले आफू पवित्रीकरण गरिनुपर्ने आवश्यक्तालाई बताइन्। तिनी, तिनकी आमा र बुबा सनैले घुडा टेके र प्रार्थना गरे, अनि परमेश्वरले बेकालाई शुद्ध पार्नुभयो। पछिबाट तिनका बुबाले तिनलाई सोधेम "के कुराले तिमीलाई यस्तो आवश्यक्ताबारे महसुस गरायो?"

बेकाले उत्तर दिंदै भनिन्, "परमेश्वरले मलाई जुन कामको लागि बोलाउनुहुन्छ त्यसको लागि मेरो हृदय तयार भएको म चाहन्छु।"

हो पक्कै, "आदरको लागि शुद्ध पारिएको र मालिकको लागि कामलाग्दो र सबै असल कामको लागि तयार पारिएकी पात्रा" थिइन् र तिनी केवला बाह्र वर्षकी मात्र थिइन्।

•••••••••••••••••

# पवित्र आत्माद्वारा प्रचार गर्नुहोस्, पवित्र आत्माद्वारा सुन्नुहोस्

*****

*अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। प्रेरित २:४*

*तर पत्रुसले एघार जनासँग खडा भएर उच्च सोरमा तिनीहरूलाई भने। प्रेरित २:१४क*

*यी कुरा सुनेर तिनीहरूका हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?"। प्रेरित २:३७*

त्यो दिन एउटा ठूलो विशेष दिन थियो- येशूका १२० जना चेलाहरूमाथि परमेश्वरको आत्मा खन्याइयो। पवित्र आत्माको उपस्थीतिसँगै आश्चर्यपूर्ण घटनाहरू पनि भए। त्यो आवाज डरलाग्दो बतासको जस्तै थियो जसले शक्तिको संकेर गरिरहेको थियो, आगोको जिब्रोले शुद्धतालाई चित्रण गरेको थियो; मानिसहरूले विभिन्न भाषा बोले जसले उद्घोषणाको संकेत थियो। १२० जनाले परमेश्वरको आश्चर्यकर्मको घोषणा गरे; विभिन्न राष्ट्रका मानिसहरूले आफ्नै मातृ भाषामा यी कुराहरू सुने। र यो आत्माको अभिषेकको वातावरणमा पत्रुसले प्रचार गरे। भीडले येशूको कुरा सुने। तिनीहरू त्यही आत्माद्वारा आफ्नो पापको कायल भए र भने, "हामीले के गर्नुपर्छ?"

अनि आज पनि यस्तै भइरहेको छ। आफ्नो भाइ क्रेगको निमन्त्रणामा अन्तमा मण्डलीमा उपस्थित हुँदाको न्यान्सीको बयान यहाँ छ:

तपाईंहरूको उपदेशको दौडान मलाई तपाई मसित व्यक्तिगतरूपमा कुरा गर्दै हुनुहुन्छ जस्तो लाग्यो- अरू कोही पनि नभएको जस्तो लाग्यो – अरू कोही पनि नभएको जस्तो लाग्यो। तपाईंको सन्देशले मलाई यत्ति धेरै हिर्कायो कि मैले आँसु थाम्नै सकिनँ। अन्तमा, सेवाको अन्त्यमा तपाईंहरूले मानिसहरूलाई आएर प्रार्थना गर्न बोलाउनुहुँदा मेरो मन छोयो।...म काँप्दै थिएँ। आँसु बगिरहेको थियो। भाइलाई हेरें। उसले भन्यो, "के म तिमीसँग गएको चाहन्छौ?"

मलाई प्रार्थना अगाडि गएको याद छैन, तर ...मैले मुक्तिको लागि प्रार्थना गर्न थाल्दा मेरा काँधबाट ठूलो भार उत्रिएको महसुस भयो। त्यस रात मैले कसरी गाडी चलाएँ भनेर इमानदारपूर्वक वर्णन गर्नसक्दिनँ। म असाध्यै ढुक्क र प्रभुसित शान्तीमा थिएँ। मलाई घरमा पुगेर मलाई के भयो सो श्रीमानलाई बताएँ। उनले भने, "अति असल, मलाई लाग्छ अब तिमी त्यो मण्डली जान सुरु गरिरहेका छौ।"

त्यसको छ महिनापछि मेरो श्रीमान र म मण्डलीको अन्तिम बेन्चमा बसिरहेका थियौं र एकदमै शक्तिशाली सन्देशपछि हामी सबैले "अमेजिङ ग्रेस" भजन गाउँदै थियौं। अचानक मेरो श्रीमान रून थाले। उनले आफ्नो जीवनबाट ठूलो बोझ हटेको अनि अद्भुत शान्ती महसुस गरिरहेको कुरा बताए। ४ अक्टोबरको दिन मेरो श्रीमानले प्रभुको निम्ति आफ्नो हृदयको ढोका खोले।

तिनीहरूका छोरा-छोरीहरू मण्डलीको इसाई स्कूलमा संलग्न भए। जनवरी १९ मा छोरीले आफ्ना आमाबुबालाई यस्तो पत्र लेखिन्, "आज इसाई स्कूलमा मेरो दोस्रो दिन थियो र मलाई एकदमै रमाइलो लागिरहेको छ। तिनीहरूका साँच्चै राम्रा बाल-बच्चाहरू छन्। गत आइतबार, बाल-बालिकाको मण्डलीमा मैले येशूलाई आफ्नो हृदयमा बोलाएँ। म साँच्चै तपाईंहरू दुवै जनालाई धेरै प्रेम गर्छु। मलाई इसाई स्कूलमा हाल्नुभएको लागि धन्यवाद।"

आत्माद्वारा प्रचार गर्नुहोस्। आत्माद्वारा सुन्नुहोस्।

.................

# उहाँको उद्देश्य के हो?

*****

*हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ। जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो।*
*रोमी ८:२८-२९*

*तपाईंको* उद्देश्य के हो? मेरो जीवनको विभिन्न चरणहरूमा, मैले विभिन्न उद्देश्यहरू अँगालेको छु। कलेजमा मेरो उद्देश्य हरेक कक्षामा राम्ररी सिक्नु र सफलतापूर्वक स्कूल सिध्याउनु थियो। मेरो काम गर्ने जीवन कस्तो होला भनेर सोच्दै गर्दा मलाई सुहाउँदो जागिर खोज्ने मेरो उद्देश्य थियो। मेरो जीवनको एउटा अत्यन्तै महत्वपूर्ण उद्देश्य अरूहरूलाफ मद्दत गर्नु थियो। विवाहको सन्दर्भमा, सही स्त्रीलाई भेटेर विवाह गर्नु, एक-अर्कालाफ साँचो प्रेम गर्नु यही नै मेरो उद्देश्य थियो।

एकक्षणको लागि आफ्नो सोचाइ परिवर्तन गर्नुहोस्: *परमेश्वरको* उद्देश्य के हो? रोमीको खण्डमा हामी सिक्छौं कि परमेश्वरले असल र खराब दुवै कुरालाई हाम्रो मार्गमा ल्याउनुहुन्छ र हाम्रो भलाइको निम्ति नमुनाको रूपमा काम गर्नुहुन्छ। तथापि, एउटा सर्त छ: यो काम उहाँले ती मानिसहरूको निम्ति गर्नुहुन्छ जसले उहाँलाई प्रेम गर्दछ, र जसलाई उहाँले आफ्नो उद्देश्य पूरा गर्नलाई बोलाउनुभएको छ। जसलाई परमेश्वरले पहिलेबाटै चिन्नुभएको थियो (जसलाई उहाँले चिन्नुभएको थियो, तिनीहरूले उहाँको अनुग्रह पाउनेछन्), उहाँले आफ्नो पुत्रको स्वरूपमा झैं हुने पूर्वनिर्धारण गर्नुभयो। अर्को शब्दमा भन्ने हो भने, उहाँले तपाईंलाई येशूजस्तै बनाउन चाहनुहुन्छ। त्यो इच्छा पनि येशूलाई अझ बढि महिमा दिने सन्दर्भमा आधारित् छ, ताकि येशू ख्रीष्ट एकलो नहुनुभएको होस्- बरू परमेश्वरको अनुग्रहद्वारा खीष्टजस्तै बनाइएका धेरै मानिसहरूमध्ये उहाँ ज्येष्ठ हुनुहुन्छ।

सोच्नुहोस् त! परमेश्वरले तपाईं र मलाई येशूजस्तै बनाउन चाहनुहुन्छ। २पत्रुस १:३-४ले यस कुरामा जोड दिन्छ, "आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र उपासनाको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ।" हामी पनि येशूजस्तै हुनसक्ने ईश्वरीय स्वभावमा भाग लिन सक्छौं।

शमूएल लोगन ब्रेङ्गल द सालभेसन आर्मीका अफिसर थिए। तिनला पुस्तकहरूको लाखौं प्रतिले संसारलाई आशिष् दिएको छ। यहाँ उनको कथाको एउटा भाग छ:

जनवरी ९, १८८५ मा परमेश्वरले बिहान नौ बजेतिर मेरो प्राणलाई पवित्र बनाउनुभयो। त्यतिबेला म आफ्नै कोठामा थिएँ तर केही मिनेटमै बाहिर निस्कें र एक जना मानिसलाई भेटें र परमेश्वरले मेरो लागि के गर्नुभयो, सो बताएँ। भोलिपल्ट बिहान मैले सडकमा अर्को साथीलाई भेटें र उनलाई त्यो आशिषित कथा सुनाएँ। तिनले उच्च स्वरमा परमेश्वरको प्रशंसा गरे अनि मलाई पूर्ण मुक्तिको प्रचार गर्न र त्यसलाई जताततै स्वीकार गर्ने आग्रह गरे। मलाई प्रोत्साहन दिन र मद्दत गर्न परमेश्वरले उनलाई चलाउनुभयो। त्यसैले अर्को दिन मैले सकेसम्म स्पष्ट र जोडसँग यस विषयमा प्रचार गरें। अन्तमा मैले आफ्नो गवाही दिएँ।

परमेश्वरले यो आशिषित् वचन अरूलाई पनि दिनुभयो, तर मलाई लाग्छ उहाँले मलाई धेरै आशिषित् तुल्याउनुभएको छ। यस्तो स्वीकारोक्तिले मलाई रेकर्डमा राख्यो। यसले मेरो पुराना कुराहरूलाई मेटाइदियो। अहिले तीनवटा संसारले मलाई परमेश्वरले स्वच्छ हृदय मलाई दिनुभएको छ भनी दाबी गर्ने व्यक्तिको रूपमा हेरिरहेका थिए। अब म पछाडि फर्कन सक्दिनँ। मलाई अगाडि जानुथियो। परमेश्वरले देख्नुभयो कि म मृत्यु पर्यन्त साँचो रहन चाहन्छु। यसर्थ त्यसपछिको दुई बिहान, जसै म ओछयानबाट उठेर वचन पढिरहेको थिएँ, उहाँले मलाई यस्तो आशिष् दिनुभयो जुन मैले कहिल्यै सपनामा पनि सोचेंको थिइनँ कि स्वर्गको छेउमा मानिस हुनसक्छ। यो स्वर्गको प्रेम थियो जो मेरो हृदयमा आएको थियो। म बिहानको खाजा खानभन्दा अघि रूँदै र परमेश्वरलाई महिमा दिँदै बोस्टन कम्मनबाट बाहिर निस्कें। ओह! मैले कस्तो प्रेम गरें! त्यो घडीमा मैले येशूलाई चिनें र उहाँलाई प्रेम गरें जबसम्म मेरो हृदय प्रेमले

फुट्नेछ जस्तो लागेन। मलाई भङ्गेरा मन पऱ्यो, कुकुरलाई म माया लाग्यो, घोडालाई मैले माया गरे, सडकमा भएका सा-साना अर्चिनहरू मन पऱ्यो, मलाई हतार-हतारमा हिंडेका अपरिचित यात्रीहरू पनि मन पऱ्यो र मलाई ती सबै राष्ट्रहरूको माया लाग्यो। मैले सारा संसारलाई नै प्रेम गरें।

के तपाईं जान्न चाहनुहुन्छ कि पवित्रता भनेको के हो? यो एउटा शुद्ध प्रेम हो। के तपाईं पवित्र आत्माको बप्तिस्मा के हो जान्न चाहनुहुन्छ? यो भावना मात्र होइन। यो रातमा बताएको खुशीको अनुभूति पनि होइन। यो प्रेमको बप्तिस्मा हो जसले हरेक विचारलाई प्रभु येशूको अधीनमा ल्याउँछ (२ कोरिन्थी १०:५); आगोले झैं सबै शंका र अविश्वासलाई जलाउँछ; जसले "नम्र र कोमल हृदयको" बनाउँछ (मत्ती ११:२९); जसले धृणा र अशुद्धता, झुट र छल, चापलुसी गर्ने जिब्रोलाई र प्रत्येक खराब मार्गलाई सिद्धतामा ल्याउँछ; जसले स्वर्ग र नरकको अनन्त सत्यतालाई साकार तुल्याउँ; जसले पापीलाई धैर्यता र कोमलताको व्यवहार गर्छ; जसले मानिसलाई "शुद्ध, शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल भरिएको भरिएको, पक्षपातरहित र कपटरहित बनाउँछ (याकूब ३:१७)। जसले एक जना व्यक्तिलाई हराएको र विद्रोही संसारलाई परमेश्वरकहाँ ल्याउनका लागि आफ्नो परिश्रममा प्रभु येशू ख्रीष्टसँग पूर्ण र अखण्ड सहानुभूतिमा ल्याउँछ।

परमेश्वरले मेरो लागि यी सबै कुरा गर्नुभएको छ, उहाँको पवित्र नाउँ धन्यको होस्।[52]
उहाँको पुत्रको स्वरूपलाई निश्चित पार्नुहोस्। येशूजस्तै बनाउनुहोस्!

•••••••••••••••••

[52]. एस. एल. ब्रेङ्गल, *पवित्र हुन मदत गर्छ* (लन्डन: मुक्तिदाता प्रकाशन तथा आपूर्ति, लि., १९५५), ९–१०।

# अझै पनि समस्या

*****

*छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।*

*एफिसी ४:२२-२४*

भाडा धुने मसिन बिग्रिएको कारण तिनीहरूले आफ्नो हातैले भाडा धुन्छन्। तिनीहरूले सधै मसिन मरमत गर्ने सल्लाह गर्छन् तर कतिपय समस्याको कारण केही समय पर्खने र अलिक पछि मरमत गर्ने कुरामा सहमत हुन्छन्। तिनीहरूको अर्को समस्या के छ भने घरको जल निकासी प्रणालीले राम्रो काम गर्दैन। जुन पाइपले घरको पानी बाहिर फ्याक्छ त्यस भूमिगत पाइपमा रूखका जराहरू बडेको छ। कहिलेकाही पानी बाहिर जाँदैन अनि घरको तहखानामा जम्मा हुन्छ। यदि तिनीहरूले भाडा धुने मसिन नयाँ लिए पनि पानीको समस्या हुनेछ।

त्यसरी नै, थुप्रै इसाईहरूको जीवनमा परमेश्वरको पूर्ण आशिषलाई रोक्ने आन्तरिक समस्याहरू छन्। एक जना इसाईले यसरी आफ्नो दु:ख पोखे, "मेरो अन्तरात्मामा नराम्रो रीस उठेको थियो।" पावलले एफिसीका विश्वासीहरूलाई पुरानो स्वभावका साथ पुरानो जीवनशैली पनि त्याग्ने आग्रह गरे। तिनीहरूले परमेश्वरले जस्तै नयाँ धार्मिक र पवित्र स्वभाव धारण गर्नुपर्ने थियो।

पावलले कोरिन्थका इसाईहरूलाई पनि यसरी चेताउनी दिए: "तिमीहरू अझै संसारिक नै छौ। किनकि जब तिमीहरूको बीचमा डाह र कलह छ, त के तिमीहरू संसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र?" (१ कोरिन्थी ३:३)। उनले तिनीहरू आत्मिक रूपमा जिएका छैनन् भनी हप्काए।

पावलले गलातीमा भएका इसाईहरूलाई पनि आन्तरिक आत्मिक युद्धको बारे चेताउनी दिए: "किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्धमा हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी के गर्न चाहन्छौ, त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्" (गलाती ५:१७)। त्यसपछि उनले उपायको सुझाव दिएको देखिन्छ: "तर तिनीहरू जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्" (गलारी ५:२४)। ५:१६ मा उनले लेखेका छन्, "पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर।"

एफिसी २:२-३मा, पावलले पाप र अपराधमा मरेकाहरूको बारेमा भनेका छन्। त्यसपछि उनी लेख्छन्, "तिनीहरूमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं" (२:३)। पापको पछाडि लालसा र इच्छा छ, अनि यिनीहरूको पछाडि "शरीर" छ- अथवा कतिपय अनुवादमा यसलाई "पापमय स्वभाव" भनिएको छ भनी उनले भनेको देखिन्छ।

अक्सर, इसाईहरूले आफ्नो व्यवहारमा सकरात्मक परिवर्तन देखाउँछन् तर तिनीहरूले अझ पनि परिवर्तन गर्नुपर्ने स्वभाव र मनोवृत्ति राख्छन्। हुनसक्छ यसैकारण याकूबले यसो भनेका छन्, "पापी हो, तिमीहरूका हात चोखा पार। दोमनका मानिस हो, तिमीहरूका हृदय शुद्ध पार" (याकूब ४:८)।

सायद हामी यो कुरा यसरी बुझ्नसक्छौं: इसाई भएको नाताले तपाई शपथ खानु हुन्न होला तर आफ्नो मार्ग नभेट्दा गनगन र गुनासो गर्नुहुन्छ। इसाई भएको नाताले तपाई चोर्नुहुन्न होला तर तपाईंको साथीसित केही नयाँ कुरा छ र तपाईंसँग छैन भने डाह गर्नुहुन्छ। इसाई भएको नाताले तपाई सार्वजनिक रूपमा तिनको अपमान गर्नुहुन्न तर तपाईंको मित्रके सम्मान पायो र तपाईंले पाउनुभएन भने चिढिनुहुन्छ वा रिसाउँनुहुन्छ।

सायद जोन एलेन वुडको जीवनलाई विचार गर्दा यसले हामीलाई बुझ्न मद्दत गर्नेछ। यद्धपि उनी स्पष्टसँग परिवर्तन भएका र सेवकाइको निम्ति तयार भइरहेका थिए तापनि वुडले आफूभित्र भएको पुरानो स्वभाव (स्व-केन्द्रित स्वभाव) उनको निम्ति ठूलो बाधा हुने थाहा गरे। उनले आफ्नो संघर्षको बारेमा यसरी लेखे:

यस अवधिमा मेरो हृदयको भ्रष्टता र मेरो शुद्धताको आवश्यकताले मलाई दोषी ठहराउथ्यो। म...अक्सर गहिरोसँग गाडिएको मेरो भित्रिय दुष्टताको बारे सजग हुन्थे। ...त्यसले मेरो शान्ति भंग गरिदिएको त्यसले मेरो आत्मिक दृष्टि दृष्टि कमजोर बनाइदियो। ती सबै डरलाग्दो परीक्षाका कारणहरू बने र परमेश्वरसितको मेरो सम्बन्धमा बाधा दिए। असल काम गर्ने मेरा प्रयासहरूलाई त्यसले आशक्त

पारिदियो। ...यसले मेरो जीवनमा यस्तो ठाउँ ओगटेको थियो, जुन ठाउँ पवित्र आत्माको हो भनी म जान्दथें। ...मलाई क्षमाको आवश्यकताभन्दा भित्री शुद्धताको आवश्यकता बढी भएको अपराध महसुस भएको थियो।[53]

अन्तमा वुडले एउटा निर्णय गरे। तिनले यसो भने: "परमेश्वरलाई महिमा होस्! ... निर्णय गर्ने क्षण विजयको क्षण थियो। तुरुन्तै मैले आफ्नो हृदयमा यति सचेत र शक्तिशाली भएको महसुस गरे कि आत्मिकभन्दा भौतिक देखिन्थ्यो; वर्णन नै गर्न नसकिने मिठास महसुस गरेको केही समयपछि मेरो सम्पूर्ण रूप नै मिठासपूर्ण भयो।[54]

जोन एलेन वुडले पवित्र आत्माको शुद्धिकरण र परिपूर्णताका साथसाथै आत्माको पापलाई परास्त गर्ने शक्तिको अनुभव गरे। अब उनलाई प्रेरित पावलको यो वाक्यांशमा समावेश गर्नसकिन्छ, "ताकि अन्यजातिहरू पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून्" (रोमी १५:१६)। जुन क्षेत्रमा अझ पनि हामीलाई कुनै प्रकारको समस्या छ भने त्यसको लागि यो उत्तर हो।

• • • • • • • • • • • • • • • • •

53. वि. रेमण्ड इदमान, *तिनीहरूले रहस्य भेट्टाए* (ग्रान्ड र्यापिड्स: जोन्डरभान, १९६०), १३१–१३२।

54. E *तिनीहरूले रहस्य भेट्टाए*, 133.

# तपाईंको अन्तरात्माको लागि युद्ध

*****

*तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर। किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्।*

*गलाती* ५:१६-१७

उनी मेरो सबैभन्दा मिल्ने साथी र मलाई ख्रीष्टमा डोऱ्याउने व्यक्ति थिए। उनी गाडी हाँक्दैथिए र म यात्रुको सिटमा बसिरहेको थिएँ र केही उत्तम प्रस्ताव उनलाई बताउँदै थिएँ। यद्धपि, उनी त्यति प्रभावित भएको देखिएन। अचानक मभित्र रीस उठ्यो। मेरो अनुहारको भावलाई देखेर उनले सोधे, "के भयो?" वास्तवमा उनले यो कुरा चाल पाएकोमा म अझ उनीप्रति नकारात्मक बनें।

एकक्षण पर्खनुहोस्- यी व्यक्ति मेरो उद्धारको निम्ति मानव माध्यम थिए। म किन उनीप्रति यस्तो भावना राख्दैथिएँ? यद्धपि, मैले ख्रीष्टलाई चिनें, तर पनि मभित्र द्वन्द्व चलिरहेको थियो- शरीर (पापी स्वभावको) विरुद्ध आत्माको द्वन्द्व।

गलातीमा भएका इसाईहरूले पनि यो लडाइँ अनुभव गरिरहेका थिए। शरीरका कार्यहरूको पछाडि (५:१९) शरीर नै हुन्छ। शरीर मानव देह होइन तर स्वार्थपन, पापपूर्ण शक्ति हो जसलाई कहिलकाहीँ "पापमय स्वभाव" भनेर अनुवाद गरिएको छ। पावलले गलातीमा भएकाहरूलाई शरीरलाई क्रूसमा टाँग्ने (५:२४), आत्माअनुसर जिउने र आत्माअनुसार नै हिँड्ने निर्देशन दिए (५:२५)।

एकचोटि कसैले इसाई जीवनबारे यसो भनेका थिए, "प्रार्थनाले पापलाई निष्क्रिय पार्नेछ, या त पापले प्रार्थनालाई निष्क्रिय पार्नेछ।" शरीर र आत्माको बारेमा पनि यही कुरा भन्न सकिन्छ। आत्मामा जिउनलाई, उहाँसितको सम्बन्धमा रहनलाई, हामी यसमा प्रवेश गर्नुपर्छ- जब आत्माले तपाईंलाई पूर्णरूपले अगुवाइ गर्नुहुन्छ तब तपाईंले उहाँको पूर्णतामा आत्मालाई अझ गहिरिएर चिन्न सक्नुहुनेछ। यो आत्मा र शरीर बीचको द्वन्द्व तपाईभित्र चलिरहेको बेला तपाईंले आफ्नो अधीनता कहाँ छ भनेर स्पष्ट निर्णय दिनसक्नुहुनेछ।

बड साँच्चै क्षमता भएको सक्रिय जवान मानिस थिए र ठूलो छात्ती भएको शक्तिशाली लाइनम्यानको हैसियतले तिनी एकदमै प्रभावशाली देखिन्थे। तथापि, तिनको जीवनमा धेरै उतार-चढाव आएको थियो। कुनै समय तिनले स्थानीय सेवकको अनुमतिपत्र प्राप्त गरेका थिए तर तिनको मण्डलीले यसलाई नविकरण गरेन। जीवन यात्राको क्रममा तिनी नौसेना सिबी थिए, तिनले घरहरू पुननिर्माण गरे र वरिपरि खम्माहरू खनेका थिए। तिनी हरेक जागृति सभामा उपस्थित हुन्थे तर सबै शारीरिक सामर्थ पाएर पनि तिनी आत्मिकरूपमा पराजित बने अर्थात तिनले शारीरिक तवरमा यद्ध हारिरहेका थिए।

तिनले परमेश्वरले तिनको जीवनमा गर्नुहुने शुद्धिकरणलाई पर्खिरहेको कुरो बताए। तब कसैले उनले भन्यो, "बड, उहाँ तपाईंलाई शुद्ध पार्न तयार हुनुहुन्छ। उहाँले तपाई ंतयार हुने समय पर्खिरहनुभएको छ।"

त्यो रात बड वेदीमा आए। रूँदै तिनले आफ्नो शरीर क्रूसमा अर्पण गरे अनि आत्मामा प्रज्वलित बने। त्यसपछि तिनले आफ्नी पत्नीलाई भने, " म स्वतन्त्र भएको छु, म स्वतन्त्र भएको छु।"

त्यसपछि यही कुरा उनले मलाई दोहोऱ्याए, "चिक, म स्वतन्त्र भएको छु, म स्वतन्त्र भएको छु।" अन्त्यमा, आत्माले जित्नुभयो।

•••••••••••••••••

# परमेश्वरको कार्य

*****

*यो अनुग्रह अन्यजातिहरूका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तव्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून्।*

*रोमी १५:१६*

यहाँ तपाईंले गर्न सक्ने केही कुराहरू छन् – तपाईं प्रार्थना गर्न सक्नुहुन्छ, आफ्नो जीवन अर्पण गर्न सक्नुहुन्छ, भित्री सरसफाइको लागि बिन्ती गर्न सक्नुहुन्छ र विश्वासमा परमेश्वरलाई भेट्न सक्नुहुन्छ। तर शुद्ध हुने सन्दर्भमा भने परमेश्वर नै हुनुहुन्छ जसले हामीलाई शुद्ध पार्नुहुन्छ – यो परमेश्वरको आश्चर्यपूर्ण *कार्य* हो।

पवित्र-शास्त्रले यो कुरा बताउँछ। उदाहरणका लागि, आफ्ना अनुयायीहरूका निम्ति प्रधान पूजाहारीको रूपमा येशूले प्रार्थना गर्नुभयो, "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो" (यूहन्ना १७:१७)। याद गर्नुहोस्, तिनले यो काम पूरा गर्न परमेश्वरलाई बिन्ती गरे। मौलिक पदमा "शुद्धिकरण" शब्दले तुरुन्तै कदम चाल्नुलाई सङ्केत गर्ने क्रियालाई सङकेत गर्छ भनेर पनि देख्न सक्छौं।

त्यसपछि येशूले प्रार्थना गर्नुहुन्छ, "तिमीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्" (१७:१९)। हामी जान्दछौं कि येशू पहिलेभन्दा अझ पवित्र हुनसक्नुभएन। उहाँले आफूलाई क्रूसमा बलिदानरूपी मृत्युको लागि अलग गर्दै हुनुहुन्थ्यो भन्ने अर्थ लगाउनुभएको थियो। अनि आफ्ना चेलाहरू "साँच्चै पवित्र" हुनेछन् भन्नुहुँदा उहाँले "अलग" र "शुद्ध" पारिनु दुवैको अर्थ थियो। आज हाम्रो लागि "पवित्र" भन्ने शब्दले निरन्तर हुने अवस्था वा सम्बन्धलाई पनि बुझाउँछ।

हिब्रू १३:१२ले येशूको ठूलो बलिदानबारे यसो भन्छ: "यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।" यहाँ फेरि एकपल्ट, "शुद्धि" तात्कालिक कार्य हो ,जो येशूले गर्नुहुन्छ।

१ थेसलोनिकी ५:२३-२४ मा पावलले यसरी प्रार्थना गरे, "शान्तिका परमेश्वर, आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्, र तिमीहरूला समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।" याद गर्नुहोस्, तपाईंलाई पूर्णरूपले पवित्र र शुद्ध तुल्याउनुहुने परमेश्वर स्वयम हुनुहुन्छ। त्यसपछि विश्वासीहरू पवित्र भइसकेपछि त्यसलाई कायम राख्न परमेश्वरको सुरक्षा दिने शक्तिको लागि पावल प्रार्थना गर्छन्। अन्तमा, पावलले यो कुरामा जोड दिन्छन् कि परमेश्वरले जसलाई बोलाउनुभएको छ तिनीहरूको जीवनमा शुद्धिकरणको काम गर्नुहुनेछ। पावल स्पष्ट छन्: *उनले यो कायम राख्नेछन्।* अनि अब, शुद्ध पवित्र जनहरूले अनुग्रहमा ठूलो वृद्धिको आनन्द उठाउन सक्नेछन्।

प्रेरित २६:१७-१८ मा पावलले ईश्वरीय आज्ञालाई यसरी वर्णन गर्छन् जसको तहत उनी बाँच्छन्: "म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र मामाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।" मानिसले येशूमा भएको विश्वासको अभ्यासद्वारा नै यो अनुग्रह प्राप्त गर्नेछ, तर शुद्धिकरण अझ पनि परमेश्वरले गर्नुहुन्छ।

पवित्रीकरण वा शुद्धिकरण परमेश्वरको आश्चर्यपूर्ण कार्य भएकोले यो तुरुन्तै हुन्छ। सन् १७०० को सुरुतिर इंल्याण्ड र संसारका अधिकांश भागभरि फैलिएको पवित्रताको पुनर्स्थापनाका अगुवा जोन वेस्लीले यसो भने: "समाजका ६५२ जना सदस्यहरूको अन्तरवार्ता लिएपछि तिनीहरूको अनुभव एकदमै स्पष्ट थियो र तिनीहरूको गवाहीबारे मैले शङ्का गर्नुपर्ने कुनै कारण देखिनँ।...आफू पवित्र छु भन्ने विश्वास गर्ने सबैले एकै स्वरमा यो परिवर्तन भएको घोषणा गरे। साधारणतया, पवित्रीकरण गर्नु भनेको सधैँ नभए तापनि तुरुन्तै काम गर्नु हप भनेर म विश्वास गर्नै सक्दिनँ।"[55]

---

[55]. जोन वेस्ली, "धीरजी" *महान पवित्रता क्लासिक्स, भल्युम २: द वेस्ली सेन्चुरी,* टि. क्रिचटन मिचेल, ईडी. (कन्सास सिटी, एमओ: बेकन हिल प्रेस अफ कन्सास सिटी, १९८४), १४७

यहाँ डेनिएलको गवाही प्रस्तुत गरिएको छ जो एक युवती हुन् र मण्डलीमा नयाँ थिइन्:

पाँच वर्षको छँदा मैले ख्रीष्टलाई आफ्नो मनको कुरा पोखें। तेह्र वर्षमा नै मैले आफ्नो जीवन ख्रीष्टमा समर्पण गरें। मलाई अझै पनि आफ्नो जीवनबाट केही कुरा हराएको जस्तो लाग्यो। आइतबार, अक्टोबर १३, २०१९ मा म पवित्र भएँ। पवित्रीकरणको सबै कुराले अभित्रस्त बनायो र डर देखायो। रेभ शाभरले प्रचार गरेको सुनेपछि मैलै आफ्नो इसाई जीवनबाट के गुमाइरहेको छु भनेर बुझें। त्यो आइतबारको साँझ मैले सबै कुरा ख्रीष्टलाई समर्पण गरें र अहिले सबै कुरा स्पष्ट र चम्किलो बनेको छ। परिस्थीतिप्रति मेरो मनोवृत्ति र दृष्टिकोण राम्रो भयो। मैले परमेश्वरसित अझ घनिष्ट र आफैलाई अझ सफा महसुस गरेको छु, जस्तो मैले अघि कहिल्यै गरेको थिइनँ। अन्तत: म भरपुरीको महसुस गर्छु र मेरो जीवनको उद्देश्य छ भनी थाहा गर्छु।

तिनको स्पष्ट भनाइलाई ध्यान दिनुहोस्: "आइतबार, अक्टोबर १३, २०१९ को दिन म पवित्र भएँ।" परमेश्वरको कस्तो उदेकको कार्य। उहाँले यो गर्नुहुनेछ!

•••••••••••••••••

# त्यहाँ खडा मात्र नहुनुहोस्- हिंड्नुहोस्!

*****

*तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एक-अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। १ यूहन्ना १:७*

के तपाईं नयाँ सुन्दर र महँगो गाडी किन्ने, घरमा ल्याउने, गारेजमा पार्किङ गर्ने अनि त्यही राखिरहने विचार गर्नुहुन्छ? के तपाईंले आफ्ना मित्रहरूलाई "मैले एउटा नयाँ सुन्दर कार किनेको छु" भनी भन्नुहुन्छ तर तपाईंले गाडीचाहिँ गारेजबाट कहिल्यै निकाल्नुहुन्न? पक्कै पनि त्यसो गर्नुहुन्छ। तपाईं गाडी गारेजबाट निकालेर बाहिर कुदाउनुहुनेछ! गाडी कुदाउनलाई नै बनिएको हो।

तैपनि, कति मनिसहरूले इसाई जीवनलाई त्यसरी नै व्यवहार गरेका छन्: तिनीहरू ख्रीष्टलाई एक निमेषमा विश्वास गर्छन् अनि यसबारे अरूहरूलाई बताउँछन् पनि। तर त्यसपछि बिग्रेर जान्छ किनकि तिनीहरू केही गर्दैनन्। यूहन्ना भन्छन्, "खडा मात्र होइन तर हिंड! ज्योतिमा हिंड।" परमेश्वरले तपाईंलाई देखाउने जुनसुकै सत्य ज्योति हो- उहाँलाई प्रकट गर्ने, पापको पर्दाफास गर्ने वा न्यानोपन, वृद्धि, शुद्धता, धार्मिकता र पवित्रता विकास गर्ने जुनसुकै कुरा पनि ज्योति हो। तपाईं जीवित प्रभुसित गतिशील सम्बन्ध कायम गर्नको लागि हुनुहुन्छ।

एकचोटि मैले एक जना इसाई कलेजका विधार्थीलाई चिनेको थिएँ, जसले परमेश्वरसितको उसको सम्बन्धको चमकलाई हराइपठाएको थियो। तर एक दिन परमेश्वरको आत्माले तिनले मनमा ज्योति चम्काउनुभयो र कसरी उसले आफ्नो कलेजको फिस तिर्न बाइबल बेचेको थियो र उसले अन्तिम भुक्तानी कम्पनीलाई गरेको छैन भनी याद दिलाउनुभयो। तुरुन्तै उसले परमेश्वरको सामु आफ्नो पाप स्वीकार गऱ्यो अनि उसको पापको निम्ति तिरिएको मुल्य स्वीकार गऱ्यो, अनि उ शान्ति, आनन्द र विजयमा हिंड्न थाल्यो।

यस्तो हिडाइँमा हृदयदेखि इमानदारिता चाहिन्छ। हामीले आफूलाई पापरहित दाबी गऱ्यौ भने हामी आफैलाई धोका दिन्छौं। मैले यो कुरा पहिला पनि सुनेको थिएँ: "म इसाई बालक हुँ- म थोरै बाहिर निस्कन्छु, थोरै मोज गर्छु, थोरै लागूपदार्थ सेवन गर्छु, थोरै यौनसम्बन्ध राख्छु, तर वास्तवमा म त्यस्तो होइन। म हृदयमा साँच्चै राम्रो छु।" कस्तो धोका!

यो हिंडाइको परिणाम अपरिवर्तनशील छ: यसले "सबै पापबाट शुद्ध पार्छ"। यसलाई कमजोर नबनाउनुहोस्- यस शुद्धिकरणको लागि ज्योतिमा निरन्तर, आनन्दमय हिंडाइ चाहिन्छ। उहाँले हामीलाई शुद्ध पार्नुहुन्छ, हामीलाई शुद्ध राख्नुहुन्छ, हामी पवित्र बनाइराख्नुहुन्छ, जब हामीलाई आवश्यक पर्छ तब उहाँले हामीलाई शुद्ध पार्नुहुन्छ- तर जब हामी ज्योतिमा हिंड्छौं भने मात्र।

त्यसोभए, यदि तपाईं पापमा पतन हुनु भयो भने के गर्नुहुन्छ?

एकपल्ट एउटा सानि केटोले बुढेसकालमा पुगेका व्यक्तिलाई सोध्यो, "पानीमा खस्दा डुब्छ?"

"अँह, वृद्ध व्यक्तिले भने, "त्यो त्यही बस्छ"।

अर्को शब्दमा भन्ने हो भने, पाप गर्नुभयो भने तुरन्तै परमेश्वरसित प्रार्थना गर्नुहोस् र स्वीकार गर्नुहोस्।

चार्ल्स इसाई घरमा हुर्केका थिए तर वयस्क हुँदा तिनी लापरवाही बने। सप्ताहको अन्तमा तिनले आफ्नो डुङ्गालाई आफ्नो कटेजमा लैजानुपर्ने महसुस गरे र तिनले आफ्ना छोरीहरूलाई मण्डलीबाट लामो समयसम्म बाहिर राखे र तिनीहरूले तिनको जीवनशैली अपनाए। प्रार्थनाको जवाफ पाइन्छ भनेर आफूले कहिल्यै विश्वास नगरेको कुरा तिनले स्वीकारे। तिनको सोचाईमा, तिनले भने, तपाईं एक चोटि वेदीमा जानुहुन्छ र त्यसपछि मात्र असल जीवन बिताउने प्रयास गर्नुहुन्छ। तर गत हप्ता चार्ल्सले आफ्नो मृगौलासम्बन्धी रोग र आगामी शल्यक्रियाको संपुष्टि पाए।

तिनको रोग पत्ता लागेपछि चार्ल्सले मलाई यसो भने, "मैले धेरै प्रार्थना गरिरहेको छु। मैले परमेश्वरलाई मेरो डुङ्गा, मेरो घर, सप्ताहन्त, म आफैलाई पनि दिएँ। अन्तमा उहाँले मलाई बचाउनुभयो र साँच्चै परमेश्वर हुनुहुन्छ। मैले अस्थायी निको

भएको महसुस गरेको छु। जागृतिको सप्ताहमा उपस्थित हुन पाएको छु। मेरो मित्र युजीनले बुधबारको दिन येशूमा जीवन पायो अनि आइतबारको दिन फ्रेडले फेरि आफ्नो विश्वासलाई पुनर्निर्माण गऱ्यो। म अब अस्पताल जान तयार छु। विगतको भन्दा धेरै यो हप्ता मैले मेरो प्रार्थनाको उत्तर पाएको छु।"

हो, चार्ल्स, ख्रीष्टियानिटी भनेको जीवन हो यो केवल क्षणभरको अनुभव होइन। यसर्थ, यो शब्दलाई जिउनुहोस्: "त्यहाँ खडा मात्र नहुनुहोस्-हिँड्नुहोस्!"

•••••••••••••••••

# धार्मिकताको मार्ग

*****

*उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ।*

*भजन २३:३*

सातौं कक्षामा मैले कक्षाको खेलको लागि स्वर-परिक्षण दिएँ। मैले केही पटक कोसिस गरिसकेपछि नाटक प्रशिक्षकले मलाई एकातिर लगेर यसो भने, "तपाई एकलयमा बोल्नुहुन्छ। तपाईंको लागि कुनै आशा छैन।"

म छक्क परें किनकि मलाई यो कुराले निराश बनाएन। म अति नै संवेदनशील बालक थिएँ, तर कसरी, तिनका शब्दहरूले मलाई व्याकुल बनाएन।

आठौं कक्षामा मैले अर्को नाटक खेल्न खोजें। अचम्मको कुरा, मैले मुख्य भाग पाएँ। त्यही नाटक प्रशिक्षकले भनिन्, "के भयो तिमीलाई?" मेरो उन्नति देखेर उनी छक्क परिन् तर मैले त्यसको कारण बताउन सकिनँ। मेरो आत्मविश्वास बढ्यो।

उच्च माध्यामिक विध्यालयमा मैले अर्को नाटकमा ठूलो भूमिका खेलेको थिएँ। त्यस नाटकले क्षेत्रीय नाटक पर्वमा, त्यसपछि राज्य पर्वमा, त्यसपछि न्यु इङ्गल्याण्डको नाटक पर्वमा सर्वोच्च रेटिङ प्राप्त गऱ्यो।

अन्तत: त्यो नाटकले हामीलाई डार्टमाउथ कलेजको इलाकामा लग्यो। हाम्रो कनेक्टिकट उच्च माध्यामिक विध्यालयका स्नातक जो अहिले डार्टमाउथका विधार्थी थिए, तिनले हामीलाई परिसर वरपर देखाए। मैले यलमा आवेदन दिने विचार गरेको थिएँ तर डार्टमाउथ परिसर देखेपछि मलाई थाह भयो कि म जान चाहेको ठाउँ यही थियो।

म डार्टमाउथमा विधार्थी हुँदा, कनेक्टिकट उच्च माध्यामिक विधालतका स्नातक पिटरले हासिल गरेका उपलब्धिहरू देखेर म तर्सिएँ। आफ्नो संसर्गको अध्यक्ष, भर्सिटी फुटबल टिमका खेलाडी, ग्रीन के सोसाइटीको सदस्य र इमानदार अनि स्पष्टवादी विधार्थीको रूपमा उसले आफ्नो ठाउँ स्कूलमा बनाएको थियो। त्यसपछि एउटा खबर आयो: पिटरको रक्सी खाने आदतले उसलाई नष्ट पाऱ्यो। उ स्कूलबाट निकालियो अनि अपमानित भयो।

डार्टमाउथमा मेरो जुनियर वर्षमा, म आफ्नो जीवनको उद्देश्य खोज्दै गर्दा, म परमेश्वरसँग व्यक्तिगत सम्बन्ध पाउन सक्छु कि भनेर सोंच्न थाले। मेरो खोजीको बीचतिर पिटर कलेजको चैपल सेवामा फर्के। उसले मेरो हात हल्लायो र भन्यो, "चिक, म पहिलाभन्दा अर्कै भएको छु किनकि मैले प्रभु येशूलाई पाएँ।" त्यसको केही समयपछि नै पिटरले मलाई आफ्नो अचम्मको गवाही सुनायो र मलाई उसको मण्डलीमा बोलायो जहाँ मैले जिउँदो येशूलाई भेटें र उहाँलाई ग्रहण गरें।

पूर्व-कानुन प्रमुखको हैसियतमा मैले कानुन स्कूलमा गएर वकिल बन्ने विचार गरें। तर कलेजको काम सिद्धिनै लागेको बेला परमेश्वरले मलाई सेवकाईमा बोलाउनुभयो। त्यसपछि म कन्सास सिटीको सेमिनारीमा उपस्थित भएँ। केही समयपछि नै मलाई प्रचार गर्ने निमन्त्रणा प्राप्त भयो। मेरा थुप्रै सेमिनारी साथीहरू जनभाषणदेखि डराउथे तर मलाई डर लाग्दैनथ्यो। यसको कारण कारण नाटकमा मेरो प्रशिक्षण र अनुभव नै थियो।

अहिले म पास्टर, सेमिनारीका प्रध्यापक, प्रचारक र लेखकको हैसियतले सेवकाईमा आजीवन भाग लिन पाएकोमा आनन्दसाथ फर्केर हेर्छु।

मैले उहाँलाई व्यक्तिगतरूपमा चिन्नुभन्दा अघि परमेश्वरले मलाई डोऱ्याइरहनुभएको थियो। हामी "बचाउने अनुग्रह" भन्छौं। यो अनुग्रह इसाई हुनुभन्दा अघिको अनुग्रह हो। अनि मैले उहाँलाई चिनेदेखि परमेश्वरले मलाई डोऱ्याइरहनुभएको छ।

यो तपाईंको लागि पनि साँचो हुनसक्छ। परमेश्वर तपाईंलाई "आफ्नो नाउँको खातिर ठीक बाटोमा" डोऱ्याउने इच्छा गर्नुहुन्छ। यो कस्तो लाग्यो?

How about it?

• • • • • • • • • • • • • • • • •

# म येशू ख्रीष्टमा विश्वास गर्छु

*****

*किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।*

*यूहन्ना ६:४०*

म डा. कार्टरमा विश्वास गर्छु। उनी मेरो आँखाको डाक्टर हुन् र यस हप्ता उनले मेरो दाहिने आँखामा मोतियाबिन्दुको शल्यक्रिया गरिन्। डा. कार्टरले वर्षौंदेखि हाम्रो परिवारलाई आँखाको रोग, चशमा बनाउने र उपचारमा मद्दत गर्दै आएकी छिन्। म उनीमाथि विश्वास गर्ने भएकोले यो शल्यक्रिय गर्ने उनको सल्लाहमा सहमत भएँ – मैले उनलाई आँखाबाट मोतिबिन्दु हटाउन र नयाँ लेन्स जडान गर्न कामै नलाग्ने यन्त्रहरू प्रयोग गर्ने जिम्मा दिएँ।

डा. कार्टरले मलाई यस शाल्यक्रियाको लागि तयारी गर्न थुप्रै निर्देशनहरू दिइन्। ती हुन्:

- शल्यक्रिया गर्नुअघि आँखामा दिनमा तीन चोटि स्टेरोइट-एन्टिबायोटिको थोपा प्रयोग गर्नुहोस् र शल्यक्रिया गरेको चार हप्तापछि पनि दिइएको अन्तरालमा निरन्तरता दिनुहोस्।
- शल्यक्रिया गर्नुभन्दा अघिल्लो रात र शल्यक्रियाको बिहान राम्ररी अनुहार धुनुहोस्।
- शल्यक्रिया गर्नुअघि रात ११:५९ देखि मुख्य औषधी बाहेक केही खाने वा पिउने नगर्नुहोस्।
- निको पार्ने प्रक्रियामा प्रगति सुनिश्चित गर्न, शल्यक्रियापछिको दिन, अनि एक हप्तापछि डाक्टरसँग फेरि जाँच गर्नुहोस्।

म डा. कार्टरमा विश्वास गर्ने भएकोले मैले यी निर्देशनहरू खुसीसाथ पालन गरें।

शल्यक्रिया केन्द्रमा रक्तचाप जाँच, मुटु र फोक्सोको जाँच, झाडापखला, अक्सिजन, विस्तारण गर्ने थोपा, आँखाको वरिपरि सुई लगाउने तयारीको समय थियो। शल्यक्रिया गर्न ठयाक्कै तीस मिनेट लाग्यो।

एक समय इतिहासमा मोतिबिन्दुको लागि कुनै उपचार थाह थिएन। अहिले, आँखामा काट्न सकिन्छ भनेर विश्वास गर्न गाह्रो छ, मोतिबिन्दुलाई फुटाउने यन्त्र, आँखाबाट मोतिबिन्दु निकालेर खाली गरिएको र तीस मिनेटमा त्यसलाई बन्द गर्न नयाँ लेन्सहरू लगाइनेछ। पत्याउनै नसकिने कुरा!

अर्को दिनको जाँचमा मैले डा. कार्टरलाई धेरै धन्यवाद र प्रशंसा दिइरहेको थिएँ। मैले वर्षौंदेखि नदेखेका कुराहरू हेर्न थालिसकेको थिएँ। म डा. कार्टरमा विश्वास गर्छु।

म येशू ख्रीष्टमा विश्वास गर्छु। धेरै मानिसहरू "उहाँको अस्तित्व छ भन्ने मेरो विश्वास छ" भन्ने अर्थमा मात्र ख्रीष्टमा विश्वास गर्ने सल्लाह दिन्छन्। तर ख्रीष्टले विश्वास गर्नुभएको "विश्वास" को अर्थ त्योभन्दा धेरै हो:

- याकूब २:१९- "तिमीहरु विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्।"
- "तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ।"
- यूहन्ना ८:३१ "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ।"
- यूहन्ना १४:२३ "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ।"

त्यसैले, येशू ख्रीष्टमा "विश्वास" गर्नुको अर्थ तपाईं उहाँको आदर गर्नु, उहाँमा भरोसा राख्नु, उहाँलाई प्रेम गर्नु, उहाँको आज्ञा पालन गर्नु र उहाँको निर्देशन पालन गर्नु हो। पहिलो पटक उहाँलाई स्वीकार गरेपछि तपाईंको नियमित हेरचाह (उपासना भनिन्छ) समेत हुन्छ। अनि डा. कार्टरले मेरो मोतियाबिन्दु हटाएर तीस मिनेटमा लेन्स जडान गर्नसक्नु अचम्मको कुरा हो भने, येशूले आश्चर्यकर्महरू गर्न सक्नुहुन्छ भन्ने कुरा थाह पाउनु एकदमै अचम्मको कुरा हो। अनि जब तपाईं साँच्चै येशूमा विश्वास गर्नुहुन्छ, तब उहाँलाई धन्यवाद दिनु, उहाँको प्रशंसा गर्नु र आनन्दपूर्वक उहाँसँग अनन्त जीवन बिताउनु स्वभाविक हो

• • • • • • • • • • • • • • • •

# साधारण

*****

*सिमोनकी सासू कडा जरोले थलिएकी थिइन्, र तिनीहरूले तिनको निम्ति उहाँसँग बिन्ती गरे। तिनको नजिकै उहाँले जरोलाई हकार्नुभयो, र जरोले तिनलाई छोडिहाल्यो, र तुरुन्तै उठेर तिनले उहाँहरूको सेवा गरिन्।*

*लूका ४:३८-३९*

*उहाँले (येशूले) सिमोनलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान।" तर सिमोनले भने, "गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईंको वचनअनुसार म जाल हान्नेछु।" जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूको जाल फाट्न लागे।*

*लूका ५:४-६*

सबैभन्दा ठूलो कुरा त, हाम्रो चिन्ता एकदमै सानो थियो। यद्धपि, हामीलाई यो कुरा ठूलो लाग्यो।

हाम्रो घरमा तीन वटा टी.भी. छन्। कुनै पनि टि.भी. ले तीन हप्ताभन्दा बढी काम गरेको थिएन। हामीले सबै रिमोटका बटनहरू दबाएर हेऱ्यौं (कति गलत बटन पनि दबायौं)। हामीले जानेजत्ति सबै गऱ्यौं। अन्तमा, हामीले गीक स्क्वाडमा मरमतको निम्ति पठाइदिनको निम्ति फोन गऱ्यौं। मैले फोन प्रतिनीधिलाई वृद्धहरूलाई बुझाउन सक्ने व्यक्ति पठाइदिने आग्रह गरें।

सही मरमतको लागि प्रार्थना गरेपछि, प्रत्येक टीभीको लागि उचित समाधान र कम खर्च र समयको लागि सबैभन्दा राम्रो व्यक्ति डोमिनिक आफै नै आउने भनी उनले फोन गरेर बताए।

डोमिनिक आइपुग्नुभन्दा केही समयअघि हामीले पहिलो टिभीको केबल बक्स खोलेको थाह पायौं। साठी सेकेण्डभित्रै फेरि काम गर्न थाल्यो।

एकदमै समझदार डोमिनिकले दोस्रो टिभीको केबल बाकसमा एउटा छाँटकाँट गरे र पाँच मिनेटमै यसले पनि काम गरिरहेको थियो।

तेस्रो टिभीमा लाइन चलिरहेको थियो र यसबाट अनौठो, रसायनिक दुर्गन्ध निस्किरहेको थियो। डोमिनिकले यो पुरानो टिभी मरमत गर्न एकदमै महंगो हुने कुरा बताए- यसलाई बनाउनुको सट्टा अर्को ल्याउनु राम्रो हुनेछ भनी सल्लाह दिए। हामीले भन्यौं कि सरकारले करोना भाइरसको महामारीको बेला भीडभाडा किनमेल नगर्ने हुकुम दिएको ले हामी सार्वजनिक ठाउँमा जान सक्दैनौं।

मैले भनें, "डोमिनिक, के तिमीले हाम्रो निम्ति टिभी किनेर यहाँ लगाउन सक्छौ? डोमिनिक सहमत भयो।

हामीले १४९.९९ डलरको विशेष बिक्रीमा राखिएको टिभी छान्यौं, त्यसपछि डोमिनिक पसलमा फर्केर गयो। पसलबाट उसले टिभी र चाहिने औजारहरू लिएर आए अनि २ घण्टाको अवधिमा टिभी चालू गरिदियो। उसले अझ पुरानो टिभी उतारेको पैसा पनि लिएन। हाम्रो लागि कति सजिलो भयो- अनि हाम्रो प्रार्थनाको विशेष उत्तर पनि हामीले पायौं। धन्यवाद प्रभु! परमेश्वर जसले हाम्रो सबै साधारण खाँचोहरूको वास्ता गर्नुहुन्छ, उहाँलाई पछयाउनु र उहाँको सेवा गर्नु त्यति गाह्रो छैन।

यदि तपाईंलाई म अति नै ढीट छु जस्तो लाग्छ भने कृपया आजको खण्ड याद गर्नुहोस्: सिमोनकी सासूलाई जरोबाट निको पार्नुभयो। उहाँले सिमोन र तिनका माछा मार्ने मित्रहरूलाई रातभरि माछा मार्न असफल भएपछि उहाँले तिनीहरूलाई माछा भएको ठाउँमा लानुभयो। येशूको अगुवाईमा, तिनीहरूले धेरै माछा पक्रे र माछाले तिनीहरूको दुई वटा डुङ्गा भरिए। त्यस अवसरमा येशूले सिमोनको परिवार, स्वस्थ्य र तिनको कामको वास्ता गर्नुभएको थियो। तर यो मानिसको हृदय र जीवनको लागि यी कुराहरू महत्वपूर्ण कुरा थियो।

जालहारीहरूको सफलतापछि लगत्तै येशूले सिमोनलाई भन्नुभयो, 'नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।' अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे" (लूका ५:१०-११)। पछिबाट पत्रुस भनिने सिमोन प्रारम्भिक मण्डलीको सबैभन्दा महान अगुवा भए।

तपाईंको जीवनमा घटेको साधारण घटनाहरूको येशूले कतिको वास्ता गर्नुहुन्छ, के तपाईंले बुझ्नुभएको छ? त्यसो भए उहाँको पछि लाग्नुभए कसो होला? अथवा अर्को तरिकामा राख्दा, यदि तपाईं खाने कुरा वा पिउने कुरा अथवा लगाउने वस्त्र खोज्दै हुनुहुन्छ भने यो याद राख्नुहोस्, "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" (मत्ती ६:३३)।

•••••••••••••••••

# उनले सिमाना पार गरे

*****

*त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसला तिमी अपवित्र नठान।"*
*प्रेरित १०:१५*

वर्षौंअघि हाम्रो सहरमा जातीय दङ्गा मच्चिएको थियो र म विचलित भएँ।

पत्रुस एक जना धार्मिक यहूदी थिए तर उनले येशू ख्रीष्टलाई चिन्न, प्रेम गर्न र पछयाउन सकेका थिए। उनको यहूदी पृष्ठभूमिले उनलाई अन्यजातिहरूबाट अलग रहन सिकाएको थियो। अब, एक दर्शनमा, सुसमाचारसित अन्यजातिहरूकहाँ अनि यहूदीहरूकहाँ पुग्नलाई परमेश्वरले उनलाई सिमाना पार गर्न अगुवाई गर्दै हुनुहुन्थ्यो। पत्रुस आफूले देखेको कुरामा अलमल्ल परिराखेको बेला अन्यजाति रोमी कप्तान कर्नेलियसले उनलाई आफ्नो घरमा बोलाउन पठाएका तीन जना मानिसहरू ढोकामा खडा भए। पवित्र आत्माले पत्रुसलाई भन्नुभयो, "मैले नै तिनीहरूलाई पठाएको हुँ" (प्रेरित १०:२०)। तसर्थ, पत्रुस तिनीहरूसित गए, र यसो गर्दा, उनले त सुसमाचारले सीमाना पार गरे (१०:२३-४८)।

मेरो सहरमा भएको दौडमा भएको हुलदङ्गाको बेला मैले के गर्ने होला भनेर सोंच्न थाले। मैले यसको जवाफी हमलाचाहिँ यसको निवारण हो भनेर सोंचिन। यसर्थ, मसित एउटा योजना थियो: यदि मैले एउटा सरल काम गरे भने कसो होला? मेरो हजाम अफ्रिकी-अमेरिकन थिए र उनीसित मेरो सम्बन्ध के केश काट्नुमा सिमित थियो। न्यान्सी र मैले अर्बी (मेरो हजाम) र उनकी पत्नी जोइसलाई खाना खान बोलायौ भने कसो होला? हामीले त्यसै गऱ्यौं र हामीले स्वादिष्ट भोजन, न्यानो संगति, आपसी समझदारी र आदरले भरिएको साँझको आनन्द उठायौं। यो केवल सानो इसारा थियो तर मेरो सहरका दस हजार नागरिकहरूले पनि दुई हप्ताको अवधिमा यस्तै काम गरे भने कसो होला?

मेरो जीवन सांस्कृतिक सिमानालाई नाँघेर समृद्ध भएको छ। सेवकाईका विधार्थीहरूसित कुराकानी गर्नु र थुप्रै पृष्ठभूमिका मानिसहरूसित आजीवन मित्रता गाँस्नु आशिषको कुरा भएको छ। सिमाना पार गर्नु आशिष् हो।

..................

# अरू

*****

*तैंले परमप्रभु, आफ्नो परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।*

*लूका १०:२७*

यदि तपाईंले आफ्नो बाइबल खण्डले निर्देश गरे अनुसार गर्नुभयो भने अनन्त जीवन पाउनुहुनेछ (लूका १०:२५-२७)। "परमेश्वरलाई प्रेम गर" र "आफ्नो छिमेकीलाई प्रेम गर" दुवै महत्वपूर्ण छन्। आउनुहोस्, "छिमेकीलाफ प्रेम गर" भन्ने भागबारे हामी विचार गरौं।

टिम हाम्रो मण्डली र सण्डे स्कूलको कक्षामा आउँदा तिनले अपराधको कारण पक्राउ परिसकेका र आफ्नो सजाय कुरीराखेका थिए। सुरुमा त उनी हिच्किचाए अनि सतर्क भए तर मानिसहरूको प्रेम, धैरैको साक्षी र शक्तिशाली प्रचारकार्यले त्यो दिन जित्यो। टिमले आफ्नो पापको लागि पश्चात्ताप गरेका थिए र केही दिनअघि प्रान्तको झ्यालखानबाट क्षमा पाएका थिए। पहिलो मण्डलीमा तिनले आफ्नो जीवन पूर्णतया परमेश्वरलाई अर्पण गरे र आत्मिक तवरमा बढ्दै गए। अन्तमा, तिनलाई झ्यालखान सजाय सुनाइयो र छ वर्षको निम्ति तिनलाई बन्दी बनाइयो।

हरेक क्रिसमसमा हाम्रो सण्डे स्कूलको कक्षाले तीस वा त्योभन्दा धेरै मानिसहरूलाई आर्थिक उपहारहरू पठाउँछन्। टिमले आफ्नो प्रतिनीधि खातामा एक सय डलर प्राप्त गरे। जीवनका थोरै सुखसुविधामा तिनी जिइरहेका हुनाले मैले ती सबै आफ्नै निम्ति खर्च गर्ने तिनलाई स्वीकृति दिएँ। तर पछिबाट मैले तिनीबाट निम्न पत्र प्राप्त गरें:

*म आशिषित् व्यक्ति हुँ। के यो सुधार केन्द्रमा केन्द्रमा एउटा कैदीको अद्भुत वाक्यांश होइन र? कहिलेकाहीँ मनमा शंका उब्जन्छ। तब म पत्र प्राप्त गर्छु, बाइबल अध्ययन गर्छु, कसैले भ्रमण र पैसासम्म पनि म प्राप्त गर्छु र मेरा मनका शंकाहरू हटेर जान्छ।*

*क्रिसमसमा मलाई सम्झिनुभएको लागि सण्डे स्कूल कक्षालाई धन्यवाद दिन चाहन्छु। कक्षाले मलाई दियो, र म दिन सक्ने भएँ। हाम्रो खण्डमा भएका ५० जना कैदीहरूको निम्ति क्रिसमस भोज प्रबन्ध गर्न हामीमध्ये कसै-कसैले केही रकम अनुदान गरेका थियौं। कोही-कोहीले लिन चाहेका थिएनन् तर धेरै जनाले आफ्नो कृतज्ञता प्रकट गरेका छन्। मैले एकजना भलाद्मीको पत्र पनि यहाँ समावेश गरेको छु। कृपया कक्षालाई म कृतज्ञ छु र उहाँहरूले पठाउनुभएका उपहारको प्रशंसा मैले गरेको छु भनेर थाहा छ कि छैन पक्का गर्नुहोला।*

*म जाने संगतिका संचालकले सधैँ यसो भन्छन्, "हामी पक्राउ परेका थिएनौं तर हामी बचाइएका थियौं।" सबै इसाईहरूले भन्न सक्छन् कि परमेश्वरले तिनीहरूलाई उद्धार दिनुभयो, अनि क्षमा माग्ने हरेक पापीलाई उद्धार गर्न परनेश्वर तयार हुनुहुन्छ।*

*अर्को कैदीबाट टिमले प्राप्त गरेको पत्रको भाग यस्तो छ:*

*सबैलाई राम्रो व्यवहार गर्न तपाईंहरूले गर्नुभएका सबै मेहनतका लागि म व्यक्तिगतरूपमा धन्यवाद दिन चाहन्छु। गत वर्ष पनि तपाईंहरूले यसै गर्नुभएको थियो भन्ने मलाई थाहा छ। तपाईहरूले साँच्चै नै बाइबल इसाई अनुरूप जीवन बिताइरहनुभएको छ र साँचो इसाईको गवाही दिनुभएको छ। मेरो विचारमा बाइबलले बताएको चम्किलो ज्योति तपाईंहरूनै साबित हुनुभएको छ। म तपाईंहरूको कदर गर्छु र तपाईंहरूको सुस्वस्थ्यको निम्ति प्रार्थना गर्छु।*

हाम्रो सण्डे स्कूल कक्षाको अर्ल आफ्नो छिमेकी प्रेम गर्नुको अर्थ के हो, सो कुराको नमुना हुन्। हरेक ६ हप्तामा अर्ल राज्यको अर्कोपट्टि गाडी हाँक्छन्, मोटलमा रातभरि बस्छन्, टिमलाई भेट्न जान्छन् र झ्यालखानले अनुमति दिएअनुसार टिमलाई घरबाट बनाएको खाना ल्याएर दिन्छन्।

त्यसर्थ, चाहे कक्षाले खाँचोमा परेकाहरूलाई उपहार पठाएर होस्, अथवा कैदमा परेका टिमले आफ्नो खण्डमा भएका पचास जना मानिसहरूको हेरचाह गर्दै, वा अर्ल जसले आफ्नो सप्तान्तहको यात्रा गर्नै टिमलाई भेट्दै, यहाँ यस्ता इसाईहरू छन्, जसले आफ्नो जीवन अरूहरूका निम्ति जिउँछन्। याद गर्नुहोस् आज तपाईंको प्रेम र वास्ता कसलाई चाहिएको छ?

•••••••••••••••••

# यदि परमेश्वरले मलाई सोध्नुहुन्छ भने नी...

*****

*अनन्त जीवन पाउँनलाई मैले के गर्नुपर्छ?*

*लूका १०:२५*

उनी एम्सटर्डमबाट दक्षिणपूर्वी एसियासम्मको मलेसियाली फ्लाइट १७ मा चढ्न लागेका थिए। अचानक एक जना डच युवक चिन्तित भएर आफ्नी आमातिर दगुरे। उनी बाहिर निस्के र भने, "मलाई डर छ कि विमान दुर्घटना हुनेछ। म मरे भने नी?" उनकी आमालाई उनलाई पहिला पनि उडेको र उनको दाई पनि उनीसँगै हुनेछ भनी आश्वासन दिइन्।

तिनले अझ धेरै प्रश्नहरू सोधिरहे:

१. म मरे भने नी?

२. परमेश्वरले मलाई प्रश्न सोध्नुभयो भने नी?

३. मैले उहाँलाई के भन्नुपर्छ?

यो कथा मलेसियाली उडान युक्रेनमाथि गोली प्रहार भएपछि उक्त युवककी आमासँगको टेलिभिजन अन्तर्वाताबाट लिइएको हो।। यो विमान सन् २०१४ मा रूसी अलगाववादी र युक्रेनी सेनाबीच भएको क्रस फायरमा समातिएको थियो। जहाजमा भएका सबै अर्थात झण्डै तीन सय मानिसहरू मरे।

कस्तो दु:खलाग्दो कथा! अनि ती युवकको निम्ति कस्तो महत्वपूर्ण प्रश्न: "परमेश्वरले मलाई प्रश्न सोध्नुभयो भने नी?"

यदि परमेश्वरले *तपाईंलाई* प्रश्न सोध्नुभयो भने नी? डा. जेम्स केनेडीले लेखे, "मानिलिनुहोस्, आज राती तपाईं मर्नुहुनेछ र परमेश्वरको सामु खडा हुनुहुनेछ र उहाँले तपाईंलाई सोध्नुभयो, "मैले तिमीलाई किन मेरो स्वर्गमा जान दिने?' तपाईं के भन्नुहुन्छ?[56]

यो प्रश्न तपाईंले सोचेभन्दा गहिरो छ। लूका १०मा धार्मिक व्यवस्थाका एकजना विशेषज्ञले येशूलाई यस्तो प्रश्न गरे, "अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" येशूले तिनलाई यस्तो उत्तर दिनुभयो: तैंले आफ्नो परमेश्वरलाई सम्पूर्ण रूपले प्रेम गर र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।"

अनन्त जीवन स्वर्गभन्दा धेर हो तर "अनन्त" भएकोले यसमा स्वर्ग पनि समावेश छ। येशूले भन्नुभयो, "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्" (यूहन्ना १७:३)। अनन्त जीवन भनेको परमेश्वर पितालाई चिन्नु र येशू ख्रीष्टलाई चिन्नु हो। यो एउटा सम्बन्ध हो।

परमेश्वरलाई प्रेम गर्नु र छिमेकीलाई प्रेम गर्नु भनेको येशूले अनन्त जीवनको हकदार हुने कुरा तोक्नुभएको अवस्था हो। तर मानव प्रयासद्वारा कसले यसो गर्नसक्छ? यो ईश्वरीय सहायताद्वारा मात्र सम्भव छ। यसर्थ, पावलले हामीलाई रोमी ५:५ मा यसो भन्छन्, "हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।"

स्वर्गीय प्रवेशको प्रश्नको उत्तर प्रसिद्ध बाइबल पद यूहन्ना ३:१६ ले दिन्छ: "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" हामीले बुझ्नुपर्छ कि यहाँ "विश्वास" शब्दको अर्थ बौद्धिक स्वीकृतिभन्दा बढी हो; यसको अर्थ येशूप्रतिको प्रतिबद्धता हो। यसले हामीलाई ख्रीष्टसित निरन्तर सम्बन्ध गाँस्न मद्दत गर्छ।

खुसीको कुरा, तपाईं परमेश्वरको साथमा हुनुहुन्छ भनेर ढुक्क हुन सक्नुहुनेछ र थाहा पाउन सक्नुहुनेछ। रोमी ८:१६ मा यस्तो प्रतिज्ञा गरिएको छ, "हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको छ।"

रेथिओन कर्पोरेसनका भूतपूर्व अध्यक्ष टम फिलिप्सलाई यो कुरा पक्का थियो। वाटरगेटसित सम्बन्धित अपराधको कारण

---

[56]. डी जेम्स केनेडी, *प्रचारकार्यको विस्फोटन* (गहुँ, आईएल: टिन्डेल हाउस, १९९६), ३३।

कोल्सनलाई झ्यालखान सजाय सुनाइसकेपछि तिनले भूतपूर्व राष्ट्रपति रिचार्ड निक्सनको सहायक चार्ल्स कोल्सनलाई आफ्नो कथा सुनाए। पछि कोल्सन ख्रीष्टको अनुयायी बने र झ्यालखान सुधारको विजेता भए। फिलिप्सले भनेका कुरा यहाँ दिइएको छ:

मेरो निम्ति ती सबै महत्वपूर्ण कुरा थिएन जस्तो लाग्यो। सबै सतहमा थियो। जीवनमा भएका सबै भौतिक चीजहरू अर्थहीन हुन्छन् यदि कुनै मानिसले त्यसको मुनि के छ भनेर पत्ता लगाएको छैन भने।

...एक रात म न्यु योर्कमा व्यापार गर्दै थिएँ र बिली ग्राहमले म्याडिसन स्क्वायर गार्डनमा क्रूसेड गरिरहेको थाहा पाएँ... सायद मैले केही जवाफ पाउने छु कि भन्ने आशामा म उत्सुक भएर गएँ। ग्राहमले त्यस रात भनेको कुराले मेरो लागि सबै कुरा तयार राख्यो। मैले मेरो जीवनमा गुमाएको कुरा देखें- येशूसितको व्यक्तिगत सम्बन्ध, त्यो सत्यता कि उहाँलाई मैले कहिले मेरो जीवनमा निमन्त्रणा दिएको थिइनँ, उहाँमा मैले मेरो जीवन कहिले समर्पण गरेको थिइनँ। यसर्थ, मैले त्यही रात क्रूसेडमा मैले मेरो जीवन पूर्ण रूपले प्रभुमा समर्पण गरें।

...मैले ख्रीष्टलाई आफ्नो जीवनमा आउन आग्रह गरें र उहाँको उपस्थीति मैले मेरो जीवनमा महसुस गरें। उहाँको शान्ति मभित्र थियो। उहाँको आत्माको उपस्थीति मैले मेरो जीवनमा अनुभव गर्न सकें। त्यसपछि म न्यु योर्कको सडकमा एकलै घुम्न गएँ। मलाई न्यु-योर्क पहिला कहिल्यै मन परेन तर त्यो रात सुन्दर थियो। म एउटा भागदेखि अर्को भागसम्म हिंडें। सबै कुरा मेरो निम्ति नौलो थियो। अलिअलि पानी परिरहेको थियो र सहरको बिजुली बत्तीले सुनौलो चमक उत्पन्न गरिदियो। मलाई केही भएको थियो र यो मलाई थाहा थियो।[57]

•••••••••••••••••

[57]. चार्ल्स डब्लु. कोल्सन *फेरि जन्मियो* (पुरानो तापन, NJ: फ्लेमिङ H. Revell, 1977), 110.

# हामी दह्रिलोसँग थामिराखौं

*****

*हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभइकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। हिब्रू १०:२३*

मेथोडिस्ट मण्डलीमा शिविर-सभाको प्रचारमा हुर्केकी उनलाई ख्रीष्टसित व्यक्तिगत सम्बन्ध हुनुको महत्व थाहा थियो। तैपनि तिनले वर्षौंसम्म आफ्नो जीवनमा ख्रीष्टलाई त्यागिन्। जबसम्म तिनी पचास वर्षकी हुन आँटेकी थिइन्, तिनले उद्धारकर्तालाई भेट्टाइन्।

तिनको वरिपरि भएका सबै कुराले तिनलाई येशू ख्रीष्टलाई तिरस्कार गर्न दबाव दिएको थियो। तिनले आफ्नो परिस्थीतिलाई विचार गरिन्। महापवित्रस्थान (हिब्रू १०:१९) र प्रधान पूजाहारी (१०:२१) मा प्रवेश गर्न साहस पाएकोले आफ्नो विजयको लागि पर्याप्त प्रबन्ध छ भनेर तिनलाई थाहा थियो। त्यसै तिनी परमेश्वरको नजिक आइन् (१०:२२), आफ्नो विश्वासलाई दह्रोसँग थामिन् (१०:२३) र अरूलाई आपसी संगतिमा प्रेम र असल कामहरू गर्न समेत उक्साइन् (१):२४-२५)। अर्को शब्दमा भन्नु हो भने, तिनले परमेश्वरको अनुग्रह व्यवहारमा उतारिन्।

तथापि, अरूले तिनलाई निरन्तर आज्ञाकारिताको जीवनशैलीमा फर्कन दबाव दिन थालेपछि यो विवाद झनै चर्कियो (१०:२६)। यी मानिसहरूले तिनलाई ख्रीष्टबाट तर्कन आग्रह गरे, तर तिनी कट्टर भइन् र “म अनाज्ञाकारी भएर नरक जानेछैनँ” भन्दै आफ्नो कटिबद्धता प्रकट गरिन्। तिनले आत्मिक विजय हासिल गरिन्।[58]

•••••••••••••••••

[58]. यस अघि प्रकाशित *तिमीहरू अलग होओ* मार्च–अप्रिल–मे १९७१ (कन्सास सिटी, मो: शब्द कार्य प्रकाशन कं.), ८७. अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन *रिफ्लेक्टिङ गाड* भयो)।

# जब परमेश्वरले देखाउनुहुन्छ

*****

*याकूब पनि आफ्नो बाटो लागे, र परमेश्वरका दूतहरूले तिनीसँग भेट गरे।*
*उत्पत्ति ३२:१*

तिनका ससुरा तिनलाई देखेर पागल भएका थिए। तिनका भाइहरूपनि तिनलाई देखेर पागल भए अनि याकूब बीच बाटोमा नै अडिएका थिए। तिनले आफ्ना बगाल, छोरा-छोरीहरू, आफ्ना पत्नीहरू र आफूलाई सुरक्षित राख्न खोजिरहेका थिए। लाबान र रिसाएका एसावको बीचमा पक्रा परेर याकूब परमेश्वरप्रति पहिलाभन।दा बढी खुल्ला र संवेदनशील बनेका थिए। त्यस निर्णायक घडीमा परमेश्वरका दूतहरूले तिनलाई भेटे।

प्रेरितहरूका कामको समयकालमा प्रारम्भिक मण्डलीले परमेश्वर निरन्तर बोलून् र हरेक कार्यमा हस्तक्षेप गरून् भन्ने आशा राखेका थिए। प्रेरितको पुस्तकमा हामी आत्माको ईश्वरीय नेतृत्वलाई देख्छौं। प्रेरित १३:२ यसको एउटा उदाहरण हो: "पवित्र आत्माले भन्नुभयो, 'मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।"

त्यसैले अक्सर म प्रार्थना गर्छु तर कुनै उत्तर पाउँदिनँ। कहिलेकाहीँ परमेश्वर आएर मेरो प्रार्थना सुन्नुभए हुनेथ्यो। रीस हावेल्स यसो भन्ने गर्थे, "प्रार्थनाको अर्थ उत्तर हो।" तथापि, हावेल्सले यसो पनि भने, "प्रभावकारी प्रार्थनालाई डोऱ्याइनुपर्छ।[59] जे. जी. मोरिसनले "विश्वास प्राप्त गर्ने" विषयमा लेखे र यसलाई केबलसँग तुलना गरे जसले "आत्मालाई परमेश्वरसँग जोडिदिन्छ, जसमा उसले विश्वासीमाथि आफ्नो शक्ति प्रदान गर्न काम गर्दछ, जसको लागि उसको विश्वास खडा छ।"[60]

मण्डलीको पहिलो पास्टरमा हुँदा हाम्रो आम्दानी एकदमै कम थियो। मैले प्रार्थना गरें, "हे प्रभ, मलाई एउटा नयाँ गाडी चाहिएको छ। म एकदमै गरीब छु र अर्को किन्न नै सक्दिनँ र मसँग भएकोलाई फेरि बनाउनु मुर्खता हुन्छ।" त्यो प्रार्थनापछि परमेश्वरको आत्माले मलाई विश्वास दिनुभयो र बाटोमा एउटा गाडी छ भनेर मलाई आश्वासन दिनुभयो। केही मिनेटमै फोन आयो र मेरी आमाले मलाई एक जना मित्रले आफ्नो गाडी दिने निर्णय गरेको कुरा बताउनुभयो।

कहिलेकाहीँ पवित्र आत्माले तपाईंको हृदयमा बोझ वा दर्शन हालिदिनुहुन्छ जो कहिल्यै हट्‌दैन। मैले शाहरजाद, एक जना मुस्लिम महिला, ख्रीष्टलाई मुक्तिदाता र प्रभुको रूपमा मेरो आँखाको अगाडि स्वीकार गरेको देखेको थिएँ। तिनी र तिनका श्रीमान अल्बर्ट मेरा प्रिय मित्रहरू भए। तिनीहरूको विवाहको बीसौं वार्षिकोत्सवमा (अहिले तिनीहरू इसाई भएकोले तिनीहरूको भाकल नविकरण) मैले तिनीहरूका मुस्लिम मित्रहरूलाई भेटें। महिनौंसम्म मेरो मनमा यस्तो बोझ थियो: "यी मुस्लिम मित्रहरूका लागि बाइबल अध्ययन गर।" झण्डै तीन वर्षपछि मंगलबारको रात हामी तेह्र जना बाइबल अध्ययनको लागि भेला भयौं। मेरी श्रीमती र मबाहेक सबै जना मुस्लिम पृष्ठभूमिबाट आएका थिए वा मुस्लिम पृष्ठभूमिका व्यक्तिसित विवाह गरेका थिए।

ओह! म परमेश्वरले देखाउनुहुने कुरामा म आशा गर्छु र परमेश्वरको उत्तरमा विश्वास गर्न पवित्र आत्माले मलाई अगुवाइ गर्नुभएको होस्।

•••••••••••••••••

[59]. नर्मन ग्रुब, *रीस हावेल, इन्टरसेसोर: परमेश्वरको लागि बाँचेको जीवनको कथा* (फिलाडेल्फिया: मसीही साहित्य क्रुसेड, १९५२), ४३.

[60]. जे. जी. मोरिसन, *अचिभिङ फेथ* (तीतसभिल, पीए: द अलेगेनी वेस्लेयिन मेथोडिस्ट कनेक्सन, एन.डी), ३४-३५)।

# फल उत्पादन

*****

*त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ, तर खराब रूखले खराब फल फलाउँछ। यसरी तिनीहरूको फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ।*

*मत्ती ७:१७,२०*

हो, यो उहाँले नै भन्नुभएको हो! मानिसहरूको जीवनमा हामीले देखेका कार्यहरूले तिनीहरूको हृदयको साँचो अवस्था प्रकट गर्दछ भनी येशूले बताउनुभयो। अईश्वरीय कार्यद्वारा ईश्वरीय वचनहरूको गणना मेल खाँदैन।

जो र क्यारल हाम्रो सण्डे स्कूको कक्षामा पढिरहेका थिए। एकदिन म उनीहरूको घरमा भेट्न गएँ र म त्यहाँ छँदा उनीहरूको आत्मिक जीवनबारे छलफल गर्न थाल्यौं। त्यसैले मैले जोलाई स्वर्ग जाने पक्का छ कि भनेर सोधें।

उसले यस्तो उत्तर दियो, "ओह! मलाई थाहा छ, म स्वर्ग जान्छु। लगभग सत्ताइस वर्षअघि मैले ख्रीष्टलाई मेरो मुक्तिदाताको रूपमा स्वीकार गरें। निस्संदेह, म स्वीकार गर्छु कि अरू स्त्रीहरूसँम म अनैतिक भएको छु, मेरो फोहोर मुख छ, म परमेश्वरको नाउँ व्यर्थमा लिन्छु, म –" उनी एकक्षण रोकिए। "के तपाईं मलाई विश्वास गर्नुहुन्न?"

म छक्क परें। मैले एक शब्द पनि भनेको थिइनँ। मलाई लाग्छ, मेरो अनुहारले अविश्वास व्यक्त गऱ्यो। अन्तमा मैले भने, "जो, म तपाईंलाई विश्वास गर्छु कि गर्दिन भन्ने कुरा होइन। तपाईं दाबी गर्नुहुन्छ कि तपाईं स्वर्ग जानुहुनेछ। त्यसपछि तपाईंले आफ्नो जीवनका फलहरूको सूची मलाई बताउनुभयो। येशूले भन्नुभयो, "तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ।" म अरू के अनुमान लगाउन सक्छु?"

यो घटनासित तुलना गर्नुहोस्। एक जना प्रोटेस्टेन्ट पादरी जो हाम्रो लागि नयाँ थिए, तिनले क्याथोलिक सामुदायिक अस्पतालमा काम गरिरहेका थिए र ज्याक विल्सन अस्पतालमा भर्ना भएका थिए भनी बताउन हाम्रो मण्डलीको कार्यलयमा रोकिए। ज्याकले पादरीलाई हाम्रो मण्डली उनको मण्डली हो भनी बताएका थिए। पादरीले सोचेका थिए कि हामी ज्याकलाई भेट्न चाहन्छौ। अफिसका कर्मचारीहरू छक्क परे। यो नाउँ उनीहरू चिन्न सकेन। उनीहरूले खोजी गर्न थाले। एक जना अवकाशप्राप्त सेवकले त्यो नाउँ सम्झे। ज्याक अन्तिम पटक मण्डली आएको पन्ध्र वर्षभन्दा बेसी भएको थियो। त्यो दिन बित्नुअघि हाम्रो एक जना पादरी ज्याकको ओछयानमा वचन, प्रार्थना र शान्त्वनाका साथ थिए।

पछिबाट पादरीले आफ्नो अनुभव बताइन्। उनले भनिन्, "अफिसमा तीन जना महिलाहरू थिए। तिनीहरूले एउटा सुन्दर काम गरे। कस्तो अचम्म! एक जना काउन्टरको पछाडिबाट निस्केर मसित प्रार्थना गरे। यो साँचो ख्रीष्टीय विश्वास हो। म कुनै-कुनै मण्डलीमा जान्छु र कुनै व्यक्तिको बारे जानकारी लिन चाहन्छु। तिनीहरूले भन्छन्, "हाम्रो रेकर्डमा उनको नाउँ छैन"। यस्तो लाग्छ कि कुनै व्यक्तिप्रति उनीहरू सजग छैनन्। तपाईंहरूको मण्डली देखेर म असाध्यै प्रभावित भएँ।"

"सुन्दर काम" वा "अद्भुत काम" "साँचो ख्रीष्टिय विश्वास" "साह्रै प्रभावित भएको" । यी सबै असल फलहरू हुन्। यिनीहरू ईश्वरीय फल हुन्। यसले ईसाईत्व साँचो हो भन्ने कुराको प्रमाण दिन्छ।

तपाईं कस्तो फल फलाउँदै हुनुहुन्छ?

•••••••••••••••••

# अपराधीदेखि ख्रीष्टसम्म

*****

*किनकि सुसमाचारदेखि म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूको निम्ति र अन्यजातिहरूको निम्ति पनि।*

*रोमी १:१६*

मुक्तिको लागि परमेश्वरको शक्ति- त्यो कत्तिको महान् छ? जोलाई परिवर्तन गर्न पर्याप्त छ!

जो क्याथोलिक विश्वासमा हुर्केका थिए। कहिलेकाहीँ परमेश्वरले तिनीसित कुरा गर्ने प्रयास गर्नुभयो। एकचोटि परमेश्वरले तिनलाई पुल्पिटको पछाडि भएको दर्शन दिनुभयो। जोले यसको प्रतिक्रिया परमेश्वरबाट टाडा भागेर दिए। नौ वर्षको उमेरदेखि ४५ वर्षको उमेरसम्म उनले ड्रग्स सेवन गरे, ड्रग्स बेच्ने र चोरी गर्ने काम गरे। उनले स्वीकार गरे कि "जीवनभर म आपराधिक समूहको रूपमा अपराधी थिएँ।"

आफ्नो जीवनशैलीले गर्दा तिनले आफ्नो घर गुमाए। तिनले आफ्नो विवाहलाई गुमाए। केही समयको लागि लागूऔषध सेवनबाट मुक्त भए तापनि, उनी फेरि वेश्यहरूकहाँ गएर लागूपदार्थ बेच्न थाले किनकि उनलाई पैसाको खाँचो परेको थियो।

सन् २००९ मा जोलाई लुटपाटको आरोपमा गिरफ्तार गरियो। प्रहरीले तिनको ढोकामा लात हान्दा उनको घरमा प्रशस्त हेरोइन भेट्टाए र तिनीहरूले तिनलाई झ्यालखान लगे। एक रात अचानक तिनी आफ्नो कोठरीको निन्द्राबाट ब्यूँझिए। परमेश्वरले तिनलाई यस्तो प्रश्न गरेको सुने, *"के तिमीसित पर्याप्त छ? के तिमी मेरो पछि लाग्न तयार छौ?* त्यसक्षणमा, तिनले ख्रीष्टको पछि लाग्ने प्रतिबद्धता व्यक्त गरे र त्यस पछिका वर्षहरूमा तिनको जीवन परिवर्तन भएको छ।

जोले अगस्त २०१७ मा आफ्नो जाँच पूरा गरे। तिनी आफ्नो मण्डलीद्वारा सेवकाईमा नियुक्त भएका छन् र शक्तिशाली सहर उद्धार कार्यमा बाइबलीय सल्लाहकार बनेका छन्। अहिले जो सयौं निराश मानिसहरूलाई ठूलो शक्तितर्फ औंल्याउँछन्: "मुक्ति दिने परमेश्वरको शक्ति।" के त्यो शक्ति आज तपाईंले सामना गर्नुपर्ने चुनौतिबाट बचाउन पर्याप्त छ?

.................

# ओह, मेरा मानिसहरूले सुन्नेछन्!

*****

*म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्यायो। तिमीहरूको मुख पूरा खोल्, र म त्यो भरिदिनेछु। "तर मेरो प्रजाले मैले भनेको सुनेन। इस्राएलले मेरो अधीनमा रहन मानेन।*

*भजन ८१:१०-११*

त्यस मानिसले येशूलाई स्वीकार गर्‍यो अनि परमेश्वरले उसलाई धेरै कुराहरूबाट बचाउनुभयो।

- दोषको भारबाट
- अनुशाषनहीन क्रेडिट खरीदको अराजकताबाट
- बहस गर्ने आत्माको चर्को आवाजबाट
- प्रति हफ्ता सय क्यान बियर पिउने आदतबाट
- नसाको पिडाबाट

कल्पना गर्नुहोस्, उ परमेश्वरबाट तर्केर जाँदा म छक्क परें किनकि परमेश्वरले उसको जीवनमा कति ठूलो काम गर्नुभएको थियो। उसले मलाई यसो भनेको थियो, "यदि तपाईंले मलाई पछि हटेको देख्नुभयो भने मलाई भन्नुहोला"। तर जब मैले उसको कुरालाई मानेर सो काम गरें र उसलाई भनें। उनले मेरो कुरा स्वीकार गरेन।

अन्तमा उसले आफ्नो जीवन पूर्णतया आफ्नो हातमा लियो। उ आफ्नै इच्छा र सल्लाहमा हिड्यो। अन्तमा, उसले जिद्दी गरेको हुनाले परमेश्वरले उसको हृदय वासनाको अधीनमा राखिदिनुभयो (भजन ८१:१२)।

त्यसपछि, एक रात फोन आयो र उसले मलाई तुरुन्तै फोन गर्न आग्रह गर्‍यो- उ गिरफ्तार हुँदैथियो। यदि उसले समय हुँदा नै भनेको सुनेको भए हुन्थ्यो![61]

.................

[61]. यस अघि प्रकाशित *तिमीहरू अलग होओ* मार्च–अप्रिल–मे १९७१ (कन्सास सिटी, मो: शब्द कार्य प्रकाशन क.), ८४. अनुमतिद्वारा प्रयोग गरियो। (यो प्रकाशन भयो *परमेश्वरको प्रतिबिम्बित गर्ने*.)

# के तपाईंको मुहार कहिल्यै चम्केको छ?

*****

*जब मोशा गवाहीका ती दुई शिला-पाटी आफ्ना हातमा लिएर सीनै पर्वतबाट ओर्लेर आए, तब परमेश्वर तिनीसित कुरा गर्नुभएकोले आफ्नो अनुहार चम्कँदैछ भन्ने कुरो मोशालाई थाहा थिएन।*

*प्रस्थान ३४:२९*

अन्तमा, फारोको अघि मिश्रको विरुद्ध न्यायस्वरूप १० वटा विपत्तीद्वारा खडा भएपछि मात्र मोशाले मिश्र छोड्ने अनुमति प्राप्त गरे। तिनले आफ्ना १.५ मिलियन मानिसहरूकाफ लाल समुद्रको खुल्ला पानीमा डोऱ्याए र तिनीहरूको पछि पछि पार गर्न खोज्ने मिश्री सेनाहरू डुबेर मरे। चालीस वर्षसम्म तिनले इस्राएलीहरूलाई उजाडस्थानमा अगुवाइ गरे जहाँ परमेश्वरले खानको निम्ति मन्न, बट्टइ चरा र चट्टानबाट पानी अचम्म तरिकाले प्रबन्ध गरिदिनुभयो। अन्तमा, मोशाले तिनीहरूलाई यर्दनमा ल्याए र यहोशूलाई प्रतिज्ञाको देशमा तिनीहरूलाई अगुवाइ गर्न नेतृत्व सुम्पे।

मोशाको शक्तिशाली नेतृत्व केवल परमेश्वरसितको उनको घनिष्ठ सम्बन्धले गर्दा भएको थियो। दोस्रो पल्ट दश आज्ञाका लागि सीनै पर्वतमा मोशाले परमेश्वरलाई भेटे। तिनीहरूको भेटको वर्णन यहाँ छ:

"तब परमप्रभु बादलमा ओर्लनुभयो र तिनीसँग त्यहाँ खडा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वास्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोरा-छोरी, नातानातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ" (प्रस्थान ३४:५-७)।

त्यसपछि परमप्रभुले मोशालाई यस्तो प्रतिज्ञा गर्नुभयो, "सारा मानिसहरूकै सामु म यस्ता आश्चर्यका कामहरू गर्नेछु, जो सारा पृथ्वीमा कुनै जातिमा कहिल्यै गरिएका छैनन्" (३४:१०)।

यसरी सीनै पर्वतबाट ओर्लदा मोशाको अनुहार किन चम्कियो भन्ने कुरा हामी बुझ्न सक्छौं: "परमेश्वरसित तिनले कुरा गरको कारण तिनको अनुहार चम्किलो भएको थियो।"

यसरी सीनै पर्वतबाट ओर्लदा मोशाको अनुहार किन चम्कियो भन्ने कुरा हामी बुझ्न सक्छौं: "परमेश्वरसित तिनले कुरा गरको कारण तिनको अनुहार चम्किलो भएको थियो।"

ख्रीष्ट आउनुभएपछि के कसैको अनुहार चम्किन्छ? के कसै-कसैले मोशाजस्तो महान नभए तापनि अझ चम्कन सक्छ?

एकपल्ट म एउटा ईश्वरीय घरमा गए अनि त्यो घर चम्कीरहेको भेट्टाएँ। म पिटर, जौनिता, केल्ली र अन्यहरूलाई चिन्छु जसको ईश्वरीय मोहडा चम्केको थियो। के तपाईं परमप्रभुसित बातचित गर्नुहुन्छ, अनि के तपाईं पवित्र आत्माले भरिनुभएको छ? के तपाईंको अनुहार कहिले चम्केको छ?

•••••••••••••••••

## अगस्त ११ | दिन - २२३

# जिउँदो पानीका खोलाहरू

*****

*"जसले ममाथि विश्वास गर्दछ, पवित्र-शास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्।" तर यो कुरो पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। यूहन्ना ७:३८-३९*

"के यो सत्य हो? के यसले साँच्चै जीवित पानीको खोला बग्छ भन्छ?" उनले आफ्नो अगुवालाई सोधिन्। तिनले यसरी उत्तर दिए कि यो खोला मात्र होइन तर खोलाहरू हुन्। यूहन्ना ४:१४ मा येशूले "अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल" को बारेमा प्रतिज्ञा गर्नुभएको छ। अहिले उहाँले यसलाई *खोलाहरूमा* बढाउनुहुन्छ।

रोजरके फिलिपिनीहरूको वेदीमा घुँडा टेके र परमेश्वरले उनलाई पूर्णरूपमा पवित्र गर्न पवित्र आत्माले भरिदिऊन् भनी प्रार्थना गर्दा, परमेश्वरले उनलाई जवाफ दिए। उज्यालो अनुहार बनाउँदै रोजरले गवाही दिए, "मेरो हृदय शुद्ध भएको छ। म अत्यन्त खुशी छु, म गाउन सक्छु, कराउन सक्छु। म मेरा इसाई भाइ-बहिनीहरूको साथमा हुन चाहन्छु।"

अर्को हप्ता तिनी मार्फत प्रवाहित आत्मा आत्मा तिनका इसाई मित्रहरूभन्दा परसम्म गए। दश बर्षदेखि रोजरको आफ्नै भाइ व्यापारिक सम्झौता मतभेद भएको कारण तिनको शत्रु भएको थियो। आत्माले भरिएदेखि रोजरले आफ्नो भाइको लागि प्रार्थना गर्न सुरु गरे। एक दिन घर फर्केपछि तिनले आफ्नो भाइलाई पर्खिरहेको भेट्टाए। तिनको भाइले माफी माग्यो र तिनीहरूको माझमा मिलाप भयो। त्यसपछि रोजरले आफ्नो गवाही बताए अनि उनका भाइले ख्रीष्टलाई स्वीकार गरे। अर्को हप्ता, रोजर आफ्नो भाइको घरमा रात्री भोजको निम्ति गए।

रोजरले अरूसितको आफ्नो अन्तरक्रियामा भएका अन्य परिवर्तनहरूबारे यस्तो विवरण दिए: "यस अघि म मानिसहरूसित ख्रीष्टबारे कुरा गर्न डराउँथे। अहिले मसँग साहस छ। म छक्क परेको छु-मैले प्रभुको बारेमा तीन जनासँग कुरा गरें। उनीहरू सबै परिवर्तन भएका छन्। मेरा प्रभुसितै म पनि विजयी बनेको छु।

जिउँदो पानीका खोलाहरू बगिरहेका छन्। तपाईं पनि त्यसको प्रवाहमा पस्न निश्चित हुनुहोस्!

..................

# कुन हातको जोडी?

*****

*तब दाऊदले परमप्रभुलाई सोधे, "के म यी लुटपीट गर्नेहरूलाई खेदूँ? के म उनीहरूलाई भेट्टाउन सकूँला?" उहाँले जवाफ दिनुभयो, "उनीहरूलाई खेद्। तैंले उनीहरूलाई भेट्टाएर सबैलाई छुटाउनेछस्।"*

*१ शमूएल ३०:८*

जिम इलियट हुवारानी जातिहरूको बीचमा साहसी मिसनेरी हुनुभन्दा पहिले वा शहीदको रगतले क्युरेरे नदीलाई दाग लगाउनुभन्दा पहिले उनी कलेजका विधार्थी थिए। त्यस समयको दौडान उनले एक चोटि आउँदै गरेका भर्खरका मानिसहरूलाई भाषण दिए र तिनले यसो भने, "म भर्खरको हुँदा कसैले मलाई बताएको भए हुनेथियो भन्ने लाग्छ।" त्यस भाषणमा जिमले आफूले सिकेका कुराहरू बताए: विश्वास गर्नु र व्यवहार गर्नुको अलावा तपाईंले आफ्नो सम्पूर्ण जीवन परमेश्वरको हातमा सुम्पन सिक्नुभएपछि मात्र हुनसक्छ। यो सत्यलाई असफलताको एउटा सामान्य कारणविरुद्ध खडा गर्नु आवश्यक छ: "मैले यसलाई आफ्नै हातमा लिएँ।"

शाऊले दाऊदलाई खतराको रूपमा लिए। यद्धपि दाऊदले आफ्नो संगीतद्वारा शाऊललाई प्राणलाई शान्त पारेका थिए अनि इस्राएलको विजयको लागि गोलियतलाई मारेका थिए। तैपनि शाऊलले बारम्बार दाऊदसँग झूट बोले र तिनलाई मार्ने प्रयास गरे।

पलिस्ती राजाले दाऊदलाई सैनिक पदबाट हटाएर त्यहाँबाट पठाएका थिए। तीन दिन (पचास माइल) यात्रापछि दाऊदले आफ्ना मानिसहरूलाई सिकलग फर्काउन लगाए। त्यहाँ अमालेकीहरूले सहर जलाएको र तिनीहरूका सबै पत्नी र छोरा-छोरीहरूलाई बन्दी बनाएर लगेको तिनीहरूले थाह पाए। दाऊदका मानिसहरूले दाऊदको विरुद्ध तिक्त बने तर दाऊदले त्यसो गरेनन् बरू तिनले यसलाई प्रभुमा बल प्राप्त गर्ने कारण बनाए (१ शमूएल ३०:६)। तिनले प्रार्थनामा प्रभुमा गए र समस्या परमेश्वरको हातमा राखिदिए। परमेश्वरको कुरा सुनेपछि दाऊदले आफ्नो निर्देशन पालन गरे। फलस्वरूप, दाऊद र तिनको सेनाले तिनीहरूका सबै परिवारका सदस्यहरूलाई फिर्ता लिए र लुटपिट गरे (पद १८-२०)। अध्याय ३१ बाट, शाऊल जसले सबै समस्या आफ्नै हातमा लिए, उनले आफैलाई घात गरे र मरे।

रोण्डाले परमेश्वरतिर फर्कदै रोएकी थिइन्। तैपनि उनी आफ्नो काममा अरू मानिसहरूको प्रतिक्रिया देखेर डराएकी थिइन्। जहाँ उनी संसारिक महिला भनी चिनिएकी थिइन्। रक्सी पिउने महिलाको रूपमा चिन्हित उनको व्यवहारलाई उनले कसरी सुधारेर प्रस्तुत गर्नेछिन्? के तिनले आफ्नो अवस्थालाई आफ्नै हातमा लिनुपर्छ र सम्झौता गर्नुपर्छ? अन्तमा, उनले फिलिप्पी ४:६-७ को यो प्रतिज्ञालाई हेरेर परमेश्वरको हातमा सुम्पने छनौट गरिन्: "कुनै कुरामा चिन्तित नडराओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा...तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ।" तिनले जसो गरिन् परमेश्वरले पनि त्यसै गर्नुभयो।

उनले आफ्नो काम गर्ने अस्पतालमा रूथ र क्याथीजस्ता नर्सहरूलाई ऐनले याद गरिन्।। तिनीहरूको जीवनको योग्यता नै बलको स्रोत थियो। त्यसपछि तिनले डा. जोन क्यासम्यानलाई याद गरिन्, जो बुद्धिमान, नम्र र ईश्वरीय थिए। नर्सहरूले अवकाशप्राप्त कार्डमा हस्ताक्षर गर्ने डाक्टर तिनीमात्र थिए- मानिसहरूले तिनलाई जीवित सन्त भनेर बोलाउथे। ऐनले तिनीहरूको मण्डलीमा भाग लिए किनकि उनले आफ्नो काम गर्ने ठाउँमा भएका मानिसहरूलाई भेटेकी थिइन् त तिनीहरूले आफ्नो का परमेश्वरको हातमा राखिदिए।

तपाईंले आफूलाई कुन हातको जोडीमा राख्नुभएको छ? मदर टेरेसाले एक पटक यसो भनिन्, "गरिबहरूलाई मद्दत गर्ने भेषमा समेत मैले येशूको हात नपाओस् भनेर मेरो लागि प्रार्थना गर्नुहोस्।"

.................

# ओह! सबै एकलो छैनन्

*****

*मेरो बुबा र मेरी आमाले मलाई त्यागे तापनि, परमप्रभुले मलाई सम्हाल्नुहुनेछ।*
*भजनसंग्रह २७:१०*

हागार दोस्रो पत्नी थिइन् र तिनी गर्भवती थिइन्। पहिलो पत्नी सारा यतिबेलासम्म बाँझी थिइन्। जब हागारले साराईलाई तुच्छ दृष्टिले हेर्न थालिन् तब साराईले सहन गर्न सकिनन्।आखिर हागार साराकी दासी थिइन्। साराईले हागारलाई दुर्व्यवहार गरिन् र हागार भागिन्।

हागारले जस्तोसुकै गल्ती गरे तापनि तिनी अहिले एकदमै निराश अवस्थामा थिइन्। कनानबाट मिश्रतिर भाग्दै उजाडस्थानमा शूरतिर जाने बाटो कै पानीको मूल नेर रोकिइन्। एउटी स्त्रीले यसरी यात्रा गर्नु दुर्लभ थियो; तिनी गर्भवती थिइन् अनि मिश्रबाट दासी बनेकी थिइन्। अब्राहाम र साराईसँग तिनको जस्तोसुकै सम्बन्ध भए तापनि त्यो भताभुङ्ग भएको थियो। के त्यहाँ तिनलाई कसैले सहायता गर्ला? तिमी एक्लै थिइन्।

त्यही ठाउँमा, त्यो समस्या, त्यो निराशामा परमप्रभुका दूत देखा परे: "परमप्रभुका दूतले हागारलाई भेट्टाए" (उत्पत्ति १६:७)। स्वर्गदूतले तिनलाई साराईकहाँ फर्केर जान लगाए, तर तिनलाई एउटा छोरो इश्माएल र "गन्नै नसकिने सन्तान"को प्रतिज्ञा गरे (१६:१०)। जहाँ अघि तिनले एकलै भएको महसुस गरेकी थिइन् त्यही अहिले भनिन्, "मलाई देख्नुहुने परमेश्वर तपाईं हुनुहुन्छ" अनि "मैले साँच्ची नै परमेश्वरलाई देखेको छु, र उहाँलाई देखेर पनि म जीवितै छु" (१६:१३)।

कलेजको जुनियरको रूपमा, मैले येशू ख्रीष्टलाई भेटें; म रोमाञ्चित भएँ र उहाँको पछि लाग्न थालें। प्रभुसितको सम्बन्धको तीन महिना पनि नबित्दै मैले आफ्नी प्रेमिकालाई भेट्न पाएँ। आखिर, मैले विवाह गर्न खोजेकी केटीका प्रश्नहरूले गर्दा मैले ख्रीष्टको खोजी गर्न उत्प्रेरित भएँ। मेरो जीवन कसरी परिवर्तन भयो भनेर बताउँदा उनले यसो भनिन्: "कति परिवर्तन मलाई मन पर्छ- कति मन पर्दैन।" जब म आमा बुबालाई बताउन घर गएँ, मेरी आमा विचलित हुनुभयो; मेरो बुबा रिसाउनुभयो। कृपया बुझ्नुहोस्, त्यतिबेला मेरो जीवनमा सबैभन्दा महत्वपूर्ण तीन व्यक्तिहरू मेरी आमा, बुबा र मेरी प्रेमिका थिए।

एक दिन, जब म कलेज फर्केर आए, दुई वटा चिट्ठी आइपुग्यो। एउटा चाहिँ मेरी प्रेमिकाले लेखेकी थिइन्, "मलाई लाग्छ तपाईं पागल हुनुहुन्छ, म तपाईंलाई फेरि भेट्न चाहन्नँ।"

स्तब्ध हुँदै मैले आमा र बुबाबाट आएको चिट्ठी खोलें। बुबाले लेख्नुभएको थियो, "तिमीले लिएको अडानको कारण अबोप्रान्त तिमीलाई पठाउने आर्थिक सहयोग म पठाउनेछैनँ।"

म रोएँ। म एकलो थिएँ- नितान्त एकलो।

मेरो विश्वासमा म अझ पनि नयाँ भएको कारण, मलाई बाइबलको कुराहरू राम्ररी थाहा थिएन, तर यति थाहा थियो कि मैले वचन पढ्नुपर्छ। बाइबलमा धेरै कुरा थाहा नभए तापनि मैले भजन २७:१०लाई पढें: "मेरा बुबा र मेरी आमाले मलाई त्यागे तापनि, परमप्रभुले मलाई सम्हाल्नुहुनेछ"। केही घण्टापछि, म च्यापल सेवामा थिएँ। म छक्क परें जब बाइबल पाठ गर्ने व्यक्तिले उक्त वचन "मेरा बुबा र मेरी आमाले मलाई त्यागे तापनि, परमप्रभुले मलाई सम्हाल्नुहुनेछ" भनी पाठ गरे। त्यसपछि, त्यही दिउँसो, म बिधार्थीहरूको दैनिक प्रार्थना सभामा उपस्थित भएँ। एक जना विधार्थीले (जसलाई मेरो अवस्थाबारे थाह थिएन) सोही वचन पढ्न अगुवाइ भएको अनुभव गरेको कुरा बताए, "मेरो बुबा र मेरी आमाले मलाई त्यागे तापनि, परमप्रभुले मलाई सम्हाल्नुहुनेछ।"

केही समयपछि त्यो दिन, म विधार्थीहरूको दैनिक संगतिमा सामेल भएँ।

हागार होइन, म होइनँ, तपाईं होइन। आज तपाईं जस्तो अवस्थाबाट गुज्रीरहनुभए तापनि, तपाईं एकलो हुनुहुन्न!

.................

# परमेश्वरले यहाँ राख्नुहुन्छ

*****

*जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ। यसकारण तिमीहरू सांसारिक धनमा ईमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनको जिम्मा कसले देला? यदि तिमीहरू अर्काको धनमा ईमानदार भएनौ भने, तिमीहरूको आफ्नै धन तिमीहरूलाई कसले देला?*

*लूका १६:१०-१२*

यो मेरो पहिले पुरोहिताई थियो। मानिसहरू ख्रीष्टमा आउँदै गर्दा मैले तिनीहरूलाई परमेश्वरको महिमाको निम्ति अनुशासित जीवनमा डोऱ्याउने प्रयास गरें। मैले ठीक समयमा यी नयाँ इसाईहरूलाई सर्ती खाने आदत त्याग्न आग्रह गरें।

मिस्टर मिच्चेल पनि हाम्रा झुण्डमा सामेल हुनेमध्ये एक थिए। तिनी येशूमा विश्वास गर्थे तर तिनको व्यक्तिगत व्यवहार भने लापरवाही थियो। मैले तिनलाई सुर्तीको लतको बारे केही भनेको थिइनँ तर अरू विश्वासीहरूलाई के सिकाउँदैछु भन्ने सायद तिनलाई थाह भयो। एक दिन तिनी मकहाँ आए र भने, "पास्टर शेभर, मलाई थाहा छ परमेश्वरले नै सुर्ती बनाउनुभएको हो वा राख्नुभएको हो। यो प्रयोग गर्नलाई दिइएको उपहार हो। यसैले धुम्रपान गर्नु ठीक छ।

तिनको यो तर्कले म स्तब्ध भएँ। त्यसपछि म किशोरावस्थामा पुग्दा आफ्नो अनुभव सम्झन थालें। त्यतिबेला हामीलाई सोह्र वर्ष नपुग्दै कनेक्टिकटमा कृषि कार्य गर्ने अनुमति दिइएको थियो। मेरो परिवारले प्रभुलाई चिन्नुभन्दा अघिको कुरा हो यो। मैले ग्रीष्म ऋतुमा सर्ती टिप्ने काम गरे। चुरोटको भित्र हालिने सुर्ती तातो र नरम सुतीको कपडाले बनिएको पालमा यसको ठूलो उध्योग थियो। मैले सर्तीको डाँठहरूको बीचमा बसेर वरिपरिका डाँडहरूबाट चाडो चाडो पात टिप्ने सही तरिका अप्नाएँ। जब मैले सुर्तीको पात टिप्न थालें, त्यहाँबाट सुर्तीको रस मेरो हातमा भएको दागमा पऱ्यो। केही दिनमा त्यो दाग हरायो अनि मेरो हात सफा भयो।

सुर्तीको पात कटनीको अन्तमा किसानहरू फेरि खेतमा गएर डाँठ काट्थे। यी दुई फुटको लम्बाइमा काटिन्थ्यो र घरमालिकलाई तिनीहरूको आँगनमा भएका किटानुहरूलाई मार्न बेचिन्थ्यो। डाँठमा भएको विषालु पदार्थ (खासगरी निकोटिन) ले बाहिर चौरमा नचाहिँदो कुरा र किराहरू मार्थ्यो र डाँठ कुहिँदै जाँदा जमीन मलिलो हुन्थ्यो।

त्यसैले म मिच्चेलकहाँ फर्केर गएँ र भनें, "परमेश्वरले यहाँ सर्ती राख्नुको उद्देश्य चुरोट बनाउनु होइन। यो हाम्रो शरीरबाट दागहरू हटाउनु, घस्रने कीराहरू मार्नु र हाम्रो चौरलाई मलिलो बनाउनु थियो। तपाईंले त्यो कुरा मुखमा राख्ने निर्णय गर्नुभयो भने त्यो तपाईंको छनौट हो।

मसित उपलब्ध कुनै पनि कुरो मैले चाहेको तरिकामा प्रयोग गर्नुपर्छ भन्ने होइन भनेर मलाई स्मरण दिलायो। मैले कुनै पनि कुरालाई विनाशकारीरूपमा प्रयोग गर्नसक्छु र परमेश्वरलाई आशिष् दिनुभएको छ भनेर झुटो दाबी पनि गर्नसक्छु – वा म यसलाई असल कुराको लागि प्रयोग गर्नसक्छु।

येशूले लूका १६ मा चतुर व्यवस्थापकले आफ्ना मालिकको सम्पत्ति बर्बाद गररिरहेको बारेमा दृष्टान्त सिकाउनुभयो। ती चतुर व्यवस्थापकले आफूबाट आफ्नो काम खोसिएको देखे र मालिकका ऋणीहरूसित सम्झौता गरेर तिनीहरूको निगाह पाएको देखे। येशूले उसको चतुऱ्याइको बारे बताउनुभयो र भन्नुभयो कि ज्योतिका सन्तानहरूले आफ्ना सम्पत्तिलाई जसरी व्यवहार गर्छन् त्यसरी नै उनीहरूले अनन्त वासस्थानमा स्वागत गर्नेछन्। त्यसपछि येशूले त्यो सिद्धान्तको बारेमा सिकाउनुभयो जुनचाहिँ मिच्चेल र हामीमा लागू हुन्छ: "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ" (लूका १६:१०)।

तसर्थ, सुर्तीको पदार्थ, सप्ताहिक पारिश्रामिक, वातावरण, सीप, अर्को व्यक्तिको पति वा पत्नी, छिमेकीको चउर, जीवनका वर्षहरू- यी सबै परमेश्वरलाई महिमा दिने र मानवजातिको हितको लागि प्रबन्ध गरिनुपर्छ। अर्को शब्दमा भन्ने हो भने, हामीले आफूसामु भएका सबै मौकाहरूबारे बुद्धिमानी निर्णय लिनुपर्छ। यदि हामी साना कुराहरूमा भरपर्दो भयौं भने हामी धेरै कुरामा भरपर्दो हुनसक्छौं। के तपाईंले परमेश्वरले दिनुभएको वरदानलाई बुद्धिमानीपूर्वक प्रयोग गर्नुहुनेछ?

•••••••••••••••••

# येशू फेरि आउँदैहुनुहुन्छ...त्यसोभए?

*****

*हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिमीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन्।*

*प्रकाश १:७*

*तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भष्म हुनेछन्।*

*२ पत्रुस ३:१०*

हो, म विश्वास गर्छु कि डुँडमा जन्मनुभएको येशू फेरि शक्तिशाली राजाको रूपमा पृथ्वीमा आउनुहुनेछ। म यो कुरा प्रचार गर्छु।

म जब "म पर्खेर बस्छु" भनी अन्त्याउँदै प्रचार गर्छु तब मलाई मलाई सुन्नेहरू प्रभावित भएको पाउँछु। तिनीहरूले मलाई विश्वासी, भण्डारे र सेवाको विषयमा प्रचार गरेका सुन्छन्, र सोच्छन् "यो कसरी उचित छ? तपाईंले गत हप्ता नै येशू आउनुहुन्छ भनी भन्नुभएको थियो।

त्यही पास्टर जसले प्रभुको दिनचाहिँ चोरजस्तै गरी आउनुहुनेछ भनी प्रचार गर्नेले यो पनि भने, "यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र उपासनाको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? तिमीहरू परमेश्वरको दिन प्रतिक्षा गर्दछौ, र त्यस दिन दिनलाई नजिक ल्याउन खोज्दछौ..." (२ पत्रुस ३:११-१२)।

१पत्रुस ४:७-११मा उनी लेख्छन्:

सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो। सबैभन्दा बढी एक-अर्काप्रति तिमीहरूको प्रेम अटल रहोस्। किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ। विनागनगन एउटाले अर्काको अतिथीसत्कार गर। जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहमा विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर। यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्। यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतूले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस्। उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।

यदि म साधारण विश्वासी थिएँ र येशू ख्रीष्ट फेरि आउनुहुन्छ भन्ने कुरा म जान्दथें भने, म १ पत्रुसका वचन जो माथि दिइएको छ, त्यो अनुसार जिएको हुन्थे। मेरो दिन बाइबल अध्ययन र प्रार्थना, बिहानीको खाजा खानेसमयमा पारिवारिक प्रार्थनामा बित्थ्यो र छोरा-छोरीहरूको स्कूल जाने समयमा उनीहरूलाई उत्साहका कुराहरू भन्थे। मेरो काममा, सफलताको निम्ति म राम्ररी काम गर्थे। म कसैलाई मेरो गवाही भनेको हुन्थे, एक_अर्काको लागि प्रार्थना गर्थे अनि बिरामी परेको परिवारलाई म मेरो वास्ता प्रकट गर्थे। फेरि घरमा, म मेरा श्रीमति र बालबच्चाहरूलाई सहायता र उत्साह दिन्थे। म त्यो व्यक्ति जो भखरै मात्र मण्डली आउन थालेको छ, उसलाई फोन गर्थे, अनि म हाम्रो मण्डलीको बिरामीलाई भेट्न अस्पताल जान्थे।

येशू आउँदैहुनुहुन्छ। यसर्थ, मैले यहाँ, अहिले र प्रत्येक दिन, प्रत्येक क्षण पत्रसले भनेअनुसार जिउँनुपर्छ – गहिरो प्रेम गर्दै, अतिथी सत्कार गर्दै, अनि एका-अर्कालाई सेवा गर्दै। अनि म पनि तयार हुनपर्छ।

•••••••••••••••••

# गतिशील एकताका चार वटा चिह्नहरू

*****

*सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर: पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन।*

*हिब्रू १२:१४*

म्याथु केल्लीका उक्त पुस्तकमा उनी भन्छन्:

- "गतिशील क्याथोलिकका चार चिन्हहरू हुन्:

१. प्रार्थना

२. अध्ययन

३. उदारचित्तको दान

४. सुसमाचार प्रचार" (१८)

- "मानिसको परिवर्तनचाहिँ संसारको लागि परमेश्वरको योजनाको मुटु हो" (३६)
- केल्ली लेख्छन् कि एउटा विचारसित उनको भेट भयो जसले उनको जीवनलाई उलट पलट पारिदियो: "परमेश्वरले तपाईंलाई पवित्रतातर्फ बोलाउनुहुन्छ र तपाईंको जीवनमा हुने हरेक कुरा, हरेक विजय, परीक्षा र दु:खद घटना पवित्रतामा बढ्ने अवसर हो" (७७)।
- केल्लीले पवित्रताको खोजबारे अध्ययन गर्न अर्को वाक्यांश प्रयोग गर्छिन्: "आफ्नो सबैभन्दा राम्रो संस्करण बन्ने प्रयास (७८) ।[62]

.................

[62]. पहिले द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (जून २०१४) मा छापिएको थियो।

# जाल अनि फटेंग्राहरू

*****

*किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ – र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो। कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।*

*एफिसी २:८-९*

धेरै चोटि, आफ्नो बगैंचामा हिंड्दा म एउटा जालीमा दगुर्छु। मलाई छैन कि यो नष्ट भएर छोडिएको जाली हो कि के हो, अथवा माकुरोले नयाँ जालो बनाउन लागेको हो। जे होस्, यसले मेरो बाटो रोकिदिन्छ, म यसलाई निकाल्ने कोसिस गर्छु र यसमा अझ माकुरा अल्झिएको छ कि भनेर पक्का गर्छु।

एकदिन, परमेश्वरले मलाई भन्नुभयो, *"यसरी जालमा फसिएर हिंड्दा मानिसहरूले कस्तो प्रतिक्रिया देखाउँछन्? के तिनीहरू त्यसलाई तानेर निकाल्ने कोसिस गर्छन्? त्यो एउटा त्यान्द्रोले के बनाउँदैछ? के तपाईं तिनीहरूसित कुराकानी गर्नुहुन्छ, वा डाह गर्नुहुन्छ वा ईर्ष्या गर्नुहुन्छ? अथवा तिनीहरूले जब त्यान्द्रोलाई भेट्छन्, के तिनीहरू प्रेम र अनुग्रहसित तपाईंतिर आकर्षित हुन्छन्। तपाईं कस्तो जाल बुन्दै र छोड्दै हुनुहुन्छ? रेचल, यदि तिमी आफ्नो जीवनकै बगैंचामा जीवन बिताउँछौ भने तिमीले अनुग्रह र कृपाको जालो बुन्नेछौ जसले अरूहरूलाई मकहाँ तान्नेछ।"*

त्यतिबेलासम्म मैले परमेश्वरले भन्नुभएको सबै कुरा बुझें। तर पछि म फटेग्रामा स्तब्ध भएँ। म त्यहाँ लामो समयसम्म घोरिएँ तर फटेग्राको अर्थ लगाउन सकिन्। केही दिनपछि मेरा दाजु चार्लीले मेरो बगैंचामा हुँदा उनले एउटा फटेंग्रालाई माकुराको जालमा फ्याकेको कुरा बताउँदा उत्तर आयो। माकुरा झट्टै तल झर्‍यो र फटेंग्रालाई पक्र्यो, पछिबाट खानलाई त्यसले जालले बेह्रेर राख्यो। त्यहाँ फटेंग्रा झुण्डिएको थियो, जालमा आशाबिहिन भएर फसेको थियो, माकुराको जालमा फसेर मृत्यु पर्खिराखेको थियो। एक्कासी चार्लीले सोचे कि यो उचित होइन, यसर्थ उनले एउटा सानो लाठी लिएर फटेंग्रालाई जालबाट बाहिर निकाले। यो सुन्ने बित्तिकै मैले फटेंग्राको अर्थ बुझें।

म फटेंग्राजस्तै थिएँ। एकसमय म पापको जालमा फसेको थिएँ तर येशू आउनुभयो अनि मलाई शैतानको जालबाट तानेर निकाल्नुभयो र मलाई स्वतन्त्र पार्नुभयो। जसरी फटेंग्राले त्यो दिन अनुग्रहको अनुभव गर्‍यो त्यसरी नै मैले पनि परमेश्वरको अनुग्रहलाई अनुभव गरे, अनि मेरो आत्माको बगैंचामा धेरै समय बिताउन उहाँले बोलाइरहनुभएको थाह गरें।

मलाई थाहा थियो, परमेश्वरले मलाई यो पाठ एउटा कागजमा उतार्न र कसैसित बाड्न बोलाउनुभएको थियो। त्यसपछि उहाँले मलाई मलाई उहाँसँग आत्माको बगैंचामा धेरै समय बिताउन आग्रह गर्नुभयो। आज म तपाईंहरूलाई यो दृष्टान्त बताइरहेको छु कि म आफ्नो आत्माको बगैंचामा समय बिताइरहेको छु कि भनेर मलाई जवाफदेही ठहर्‍याउन म तपाईंलाई अनुमति दिंदैछु।

अनि म तपाईंहरूलाई यो निमन्त्रणा दिन चाहन्छु। यो हप्ता, परमेश्वरसँग आफ्नो आत्माको बगैंचामा केही समय बिताउनुहोस्।

रेचल रोले

• • • • • • • • • • • • • • • • •

# तपाईंको आत्माको बगैंचामा

*****

*हे परमप्रभु, बिहानै तपाईंले मेरो सोर सुन्नुहुन्छ। सबेरै तपाईंको अगि मेरो प्रार्थना राख्दछु, र आशामा पर्खन्छु।*

*भजन ५:३*

यदि तपाईं मेरो घरमा आउनुभएको छ भने सायद तपाईंले बगैंचामा ठूलो माकुरा देख्नुभएको होला। यो कालो र पहेलो रंगको हुन्छ र यसले सधैँ हरियो रहने रूख वा झाडीको बीचमा जाल बुनेको हुन्छ। जालको केन्द्र लगभग तीन फीट चौडा थियो र यसको कुनाकाप्चाहरूमा लङ्गर थियो जो लगभग ६ फिटसम्म बाहिर निस्केको थियो। माकुरोले थुप्रै फटेंग्रा समातेको थियो र यो एउटा ठूलो, मोटो र आनन्दित माकुरा छ। लगभग दस दिनसम्म माकुरा देखेपछि मेरो एउटा बेग्लै अनि केही दिन दिक्कलाग्दो अनुभव भयो। यो बिहीबार बिहान ३ बजेको थियो जब म परमेश्वरको असाधारण उपस्थीतिको कारण ब्युँझिएँ। परमेश्वरले मलाई एक घण्टासम्म माकुरा, जाल र फटेंग्राको दृष्टान्त बताउनुभयो।

मलाई बिहान एक मग दालचिनी हेजलनट कफी लिएर आँगनमा गएर परमेश्वरको सृष्टिहरू हेर्न मनपर्छ। यस घरमा नसरेसम्म म माकुरासित निक्कै डराउँथे। अझ पनि माकुरा मेरा प्रिय दस वटा लिस्टमा पर्दैन तर म यिनीहरुलाई अर्कै दृष्टिकोणबाट हेर्न सिक्दैछु। मैले पहिलोचोटि माकुरालाई जाल बुन्दै गरेको हेरें- ती सबै जटिलपूर्वक लेपिएको र हरेक मौलिक डिजाइनमा बनाइएको थियो। जाललाई हेरेर मेरो मनमा प्रथम विचार यो उत्पन्न भयो कि यसमा कति मेहेनत लागेको छ। ती माकुराहरूले आफ्ना जाल बुन्छ र आफ्नो खाना पक्रिन्छ अनि बिहानसम्म आएको डरलाग्दो हावा र भाँचिएको हाँगाले सबै जाल नष्ट पारि दिएको हुन्छ, र कति माकुरा आफैले विशेष उद्देश्यमा आफूले बुनेको जालोलाई बिगारिदिन्छ। यसैले फेरि तिनीहरूले आफ्नो जाल बुन्छन्, अर्को मौलिका डिजाइनमा- अनि यो कथा बारम्बार दोहोरिन्छ। साँच्चै भन्ने हो भने, तिनीहरूले कत्तिको मेहेनत गर्छन्, तिनीहरूको काम एकदिन वा त्योभन्दा बढी समयसम्म कसरी चल्छ अनि त्यसपछि तिनीहरूले कसरी काम सुरु गर्नुपर्छ भन्ने कुरा सोच्दा मात्र पनि म थकित हुन्छु।

मैले यसरी सोचिरहँदा परमेश्वरले बिचैमा रोकेर मलाई भन्नुभयो, "माकुराले यसलाई काम भनेर सोच्दैन; जुन कामको लागि त्यो सृजिएको छ त्यसमा त्यो थकित हुँदैन। रेचल, यदि कसैको लागि तिम्रो हृदयमा इच्छा छ भने के तिमी उसको लागि काम गर्दा थकित हुन्छौ? के तिनीहरूको खाना पकाउन तिमीलाई बोझ लाग्छ? के तिनीहरू तिम्रो घरमा आउँदा तिमीलाई बेकार लाग्छ?

"अँह, लाग्दैन।"

"किन?"

"किनभने म तिनीहरूलाई प्रेम गर्छु। किनभने मैले आशिष् पाएको छु र त्यो आशिष् म अरूसित बाड्न चाहन्छु।"

परमेश्वरले अझ भन्नुभयो, *"रेचल, यदि तिमी आफ्नो आत्माको बगैंचामा समय बितायौं भने, म तिमीलाई कसरी जाल बुन्ने म सिकाउनेछु जसले तिमीलाई थकित महसुस गराउँदैन। तिम्रा जालहरू बिहानको शीतझैं चम्कनेछ किनकि ती सबै प्रेमको हृदयबाट बगिनिसक्नेछ।*

हो, प्रभु। मैले आफ्नो आत्माको बगैंचामा धेरै समय बिताउनुपर्छ।

रेचल रौले

• • • • • • • • • • • • • • • • •

# अनाज्ञाकारिताले विनाश ल्याउँदछ।

*****

*यसकारण परमप्रभुको रीस आफ्ना प्रजामाथि उठेको छ। उहाँले आफ्नो हात तिनीहरूका विरुद्धमा उठाउनुभएको छ, र तिनीहरूलाई हिर्काउनुहुन्छ। डाँडाहरू हल्लिन्छन्, र मानिसहरूका लाश सडकमा कसिङ्गारझैं छन्।*

*यशैया ५:२५*

दुई जना डराएका नयाँ विधार्थीहरू भएको कारण हामीले चिन्ने कोशिस गऱ्यौं। जिमको लागि धेरै कुरा भइरहेको थियो। उच्च माध्यमिक विद्यालयमा उनले उच्च अंक प्राप्त गर्थे, अनि केही हप्ताभित्र उनी नयाँ फुटबल टिमका कप्तान बने।

तथापि, जस्तो तिनले मानसिक र शारिरिक अभ्यासहरू गर्थे त्यस्तो तिनको जीवनशैली अनुशासित थिएन। तिनी "दाखमद्य (रक्सी) पिउनमा वीर" थिए (यशैया ५:२२) र जब तिनी तास खेल्न बस्थे, तिनको रक्सी पिउने आदत "राती अबेरसम्म" (५:११) हुन्थ्यो। तिनले यसलाई "सामान्य पिउनु" भनेर मानिलिएका थिए। तिनले दश वर्षसम्म "नयाँ नैतिकता"को आशा गर्दै आफ्नो यौन शोषणबारे घमण्ड गरे। तिनी "खराबलाई असल र असललाई खराब" भन्नेहरू मध्ये थिए (५:२०)। जब मैले ख्रीष्टलाई ग्रहण गरे, तिनको प्रतिक्रिया उपहासपूर्ण थियो, किनकि यो "परमप्रभुको काम होइन" (५:१२) भनी तिनले मानिलिए।

मैले लामो रातमा तिनको शरीर ढलेको र अब चाँढै भत्किरहेको हेरिरहेको थिएँ। परीक्षाको हप्ताको दौडान तिनी एक बिहान ब्यूझिए तर आफ्नो ओछ्यानबाट उठ्न सकेनन् अर्थात तिनलाई बातरोगको ज्वरो आएको थियो। यसले गर्दा तिनले एकवर्षको पढाइ छोड्न परेकोको थियो। रोगले गर्दा तिनको हृदय तोडिएको थियो- एक फुटबल खेलाडी अब सफलताको सिडी चढ्न सकेनन्। ३३ वर्षको उमेरमा तिनको मृत्यु भयो। आफ्नै पापभन्दा पनि व्यक्तिगत दु:खका अन्य स्रोतहरू भए तापनि व्यक्तिगत अनाज्ञाकारिताले सधैँ व्यक्तिगत विपत्ति ल्याउँछ (५:२५)।[63]

.................

[63]. पहिला *Come Ye Apart* March–April–May 1971 (Kansas City, MO: WordAction Publishing Co.) मा प्रकाशित, 83. अनुमतिद्वारा प्रयोग गरिएको छ।

# यो यस्तो सानो कुराजस्तो देखियो

*****

*यसै बीचमा फारोकी छोरी नील नदीमा नुहाउनलाई आइन्। तिनका सहेलीहरूचाहिँ नदीको किनारमा टहल्न लागे। तिनले झाडीको बीचमा त्यो टोकरी देखिन्, र आफ्नो दासीलाई त्यो लिन पठाइन्। तिनले त्यो खोल्दा बालकलाई देखिन्। त्यो बालक रोइरहेको थियो, अनि तिनले टिठ्याएर त्यसलाई हेरिन् र भनिन्, "यो हिब्रूहरूको कोही एउटा बालक हो।"*

*प्रस्थान २:५-६*

फारोको मनमा हिब्रूहरूसितको तिनको समस्याको एकमात्र समाधान सबै बालकहरूलाई संहार गर्नु थियो। इस्राएलको अनिकालबाट बचाउन योसेफले आफ्नो परिवारलाई त्यहाँ ल्याउँदा हिब्रूहरू मिश्रमा आएका थिए। योसेफलाई त्यस देशको प्रधाममन्त्री नियुक्त गर्ने एकजना फारोले योसेफको परिवारप्रति सहानुभूति देखाएका थिए। अब त्यहाँ नयाँ राजा आएका थिए, जो हिब्रूहरूको द्रूत जनसंख्या वृद्धिले डराएका थिए।

नयाँ फारोले सबै हिब्रू सुडेनीहरूलाई सबै बालकहरू जन्मदा नै मार्नु भनी आग्रह गरे। तैपनि, सुडेनीहरूले राजाको आज्ञा मानेनन्। त्यसपछि फारोले यो आज्ञा निकाले: "हिब्रूहरूका जति छोराहरू जन्मन्छन् तिनीहरू सबैलाफ नील नदीमा फालिदिनू, तर छोरीहरू जतिलाई चाहिँ जीवितै राख्नू" (प्रस्थान १:२२)।

एकदिन फारोकी छोरी नील नदीमा नुहाउनलाई आइन् र झाडीको बीचमा एउटा टोकरी देखिन्। उनले आफ्नो दासीलाई टोकरी लिन पठाइन्। जब फारोकी छोरीले त्यस टोकरीलाई खोलिन् र त्यसभित्र एउटा रूँदै गरेको बालकलाई देखिन्, उनी दयाले भरिइन र त्यसलाई बचाउने निर्णय गरिन्।

यो फारोकी छोरीको दयालु व्यवहार थियो। कसैले अर्को मानिसको प्राण जोगाएर राख्नु सधैँ ठूलो कुरा हो। तथापि, हिब्रू जनसंख्या विस्फोट भइरहेको थियो र फारोले ती हिब्रू बालकहरूको संहार गर्ने आदेश जनसमुदायमा दिएका थिए, यसबाट हामी कल्पना गर्नसक्छौं कि सयौं बालकहरू नील नदीमा फ्याकिएको थियो। यसर्थ, राष्ट्रको समग्र जीवनमा यो एउटा सानो कुरा जस्तो देखिएको हुनुपर्छ कि एउटा बालक बचाइयो।

त्यो बालक टोकरीमा तैरिरहेको थियो किनभने तिनलाई तीन महिनासम्म लुकाएपछि उसको आमाले उसलाई लुकाउन सक्तिनँ भनेर थाहा पाइन्। तिनले एउटा कूशको टोकरी ल्याइन्, र त्यसलाई तारपीन र अलकत्राले लिपेर बालकलाई त्यसैमा राखेर नील नदीको तीरमा नर्कट झाडीको बीचमा राखिदिइन्। अनि बालककी दिदीचाहिँ त्यसलाई के हुँदो रहेछ भनी हेर्नलाई टाडामा उभिरही।

फारोकी छोरीले बालक टोकरीमा भएको थाहा पाइसकेपछि त्यस बालककी दिदी तिनीकहाँ आइन् र हिब्रू स्त्रीहरूमध्ये कोही यस बालकको धाई भएको चाहन्छन् कि भनी सोधी। फारोकी छोरी जब "हुन्छ" भनिन् तब त्यस ठिटीले गएर तिनीहरूकै आमालाई धाई बनिन लिएर आई। फारोकी छोरीले बालकको हेरचाह गर्न आमालाई ज्याला दिइन्। बालक ठूलो भएपछि त्यसको आमाले त्यसलाई फारोकी छोरीकहाँ ल्याइन् र त्यसको नाउँ मोशा राखियो (प्रस्थान २:१-१०)।

त्यसपछी मोशा जवान भए। अनि त्यसपछि के भयो?

- परमेश्वरले भन्नुभयो, "म तँसित हुनेछु" (प्रस्थान ३:२०)।
- मोशा हिब्रूहरूका अगुवा बने।
- उनी फारोको अघि गए, र आफ्ना मानिसहरूलाई छुटकारा दिन आग्रह गरे, अनि मिश्रको विरुद्धमा परमेश्वरले पठाउनुभएको दश विपत्तिको समय खडा भए।'
- उनले इस्राएलीहरूलाई मिश्रबाट अगुवाइ गरे अनि लाल समुद्र पार गराए, जहाँ फारोका सम्पूर्ण सेनाहरू डुबेर मरे।
- सिनै पर्वतमा उनले परमेश्वरबाट इस्राएलीहरूका लागि र सम्पूर्ण संसारको लागि दस आज्ञा पाए।
- उनले इस्राएलीहरू उजाडस्थानबाट प्रतिज्ञाको देशमा अगुवाइ गरे।

- उनले इस्राएलीहरूलाई यर्दन नदीमा ल्याए र प्रतिज्ञाको देशमा प्रवेश गर्न तयारी पारे।
- १२० वर्षको उमेरमा, यहोशूलाई इस्राएलीहरूलाई प्रतिज्ञाको देशमा अगुवाइ गर्न नियुक्त गरेपछि उनी परमेश्वरको उपस्थीतिमा उक्ले अथवा उनको मृत्यु भयो (व्यवस्था ३४:७-१२)।

सुरुमा, यो सानो कुरा देखिन्छ कि एउटी राजकुमारीले नदीको तीरबाट एउटा टोकरीलाई उद्धार गरिन्। तर यो अवस्थालाई परमेश्वरले आफ्ना मानिसहरूको भविष्य बनाउन प्रयोग गर्नुभयो र यसको परिणाम हामी देख्नसक्छौं। यहाँ एउटा गीत छ, "थोरै धेरै हुन्छ जब त्यहाँ परमेश्वर हुनुहुन्छ"। तपाईंको विचारमा परमेश्वरले यस्तो सानो कुराबाट तपाईंको जीवनमा के गर्नसक्नुहुन्छ?

•••••••••••••••••

# भित्र ल्याउनभन्दा अघि बाहिर निकाल्नुभयो

*****

*हाम्रा पिता-पुर्खाहरूसँग शपथ खाएर दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन उहाँले हामीलाई त्यहाँबाट निकाल्नुभयो। परमप्रभुले नै हामीलाई यी सबै विधि पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो निरन्तर हित होस्, र आज पर्यन्तझैं हाम्रो जीवनको पनि रक्षा होस्। उहाँका आदेशबमोजिम उहाँको दृष्टिमा परमप्रभु हाम्रा परमेश्वरका यस सारा व्यवस्था पालन गर्न हामी होशियार भयौं भने, त्यही नै हाम्रो धार्मिकता हुनेछ।*

*व्यवस्था ६:२३-२५*

जीवन भित्र ल्याउनका लागि तपाईंलाई बाहिर ल्याउने अवस्थाहरूले भरिएको हुन्छ।

सेमिनारीमा ल्याउन मलाई मेरो कानुन स्कूल जाने योजनाबाट बाहिर ल्याउनुपरेको थियो। परमेश्वरले मलाई सेवकाईमा बोलाउनुभएको थियो।

न्यान्सीसित मेरो सम्बन्ध स्थापित गर्न, जो अहिले मेरी श्रीमति हुन्, मलाई कुनै खासप्रकारको सम्बन्धबाट बाहिर आउनु परेको थियो।

सायद यस्तै कुराहरू तपाईंको जीवनमा पनि भएको छ भनेर तपाईं सहमत हुनुहुन्छ।

प्रतिज्ञा गरिएको देशमा ल्याउन इस्राएलाई दासत्वबाट निकाल्नुपर्ने थियो। प्याज, लहसुन, सागसब्जीबाट दूध र मह बग्ने देशसम्म, निर्दयी मालिकहरूको चाबुकबाट यरीहोको ठूला युद्धमा विजयसम्म, उखरमाउलो गर्मीमा इँट बनाउनुदेखि आफ्नो निजी सम्पत्ति प्राप्त गर्नसम्म। "भित्र ल्याउनलाई" "बाहिर निकालेर" परमेश्वरले इस्राएलीहरूको निम्ति तिनीहरू आफैले आफ्नो निम्ति गर्ननसक्ने काम गर्नुभयो। परमेश्वरले मिश्रदेशमा विपत्ति ल्याउनुभयो। लाल समुद्रलाई दुई भाग पार्नुभयो, त्यसपछि आगो र बादलको खाँबो बनेर इस्राएलीहरूलाई मरूभूमिमा अगुवाइ गर्नुभयो। तिनीहरूलाई बिहानको भोजनको लागि मन्न र बेलुकीको भोजनको लागि बट्टाई चरा जुटाउनुभयो। जबसम्म तिनीहरूलाई दिइएको आज्ञामा तिनीहरू विश्वासयोग्य बन्छन् तबसम्म त्यस नयाँ देशमा तिनीहरू उन्नति हुने प्रतिज्ञा परमेश्वरले गर्नुभयो। वास्तवमा भन्ने हो भने, तिनीहरूले परमप्रभुको आज्ञा पालन गर्नु नै तिनीहरूको धार्मिकता थियो।

अनि येशू ख्रीष्टको नयाँ युगमा यो सिद्धान्त हाम्रो लागि पनि त्यस्तै छ। पत्रुसले प्रचार गरे, "यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थीतिबाट आनन्दको समय आओस्" (प्रेरित ३:१९)। हामी हाम्रा पापहरूबाट बाहिर ल्याइएका छौं र परमेश्वरसँग आनन्दमय सम्बन्धमा ल्याइएका छौं। येशूले पावलालाई भन्नुभयो, "म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु। कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्" (प्रेरित २६:१७-१८)। उज्यालोमा ल्याउनका निम्ति हामीलाई अन्धकारबाट बाहिर ल्याइएको छ। हामीलाई शैतानको शक्तिबाट बाहिर ल्याइएको छ र अझ, येशूमाथिको विश्वासद्वारा पवित्रीकरण गर्न ल्याइएको छ।

के यो तपाईंको आत्मिक जीवनमा काममा ल्याउनको लागि बाहिर ल्याइएको हो?

••••••••••••••••

# पवित्र आत्माको आवाज कस्तो सुनिन्छ?

*****

*जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, 'हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्'।*

*प्रेरित १०:१९*

मेरो जीवनमा एकदमै चुनौतिपूर्ण समयमा मैले एक जना भूतपूर्व विधार्थी र सहकर्मीबाट यस्तो रिपोर्ट पाएँ: "म आशा गर्छु, तपाई र न्यान्सी दुवै संचो हुनुहुन्छ भनेर आशा गर्छु र प्रार्थना गर्छु। थुप्रै कारणहरूले गर्दा बितेका केही हप्ता मैले तपाईमहरू बारे सोच्दै आएको छु, अनि मैले सोचें, ती विचारहरूअनुरुप काम गर्नु (जस्तो तपाईले सिकाउनुभएको थियो) र त्यहाँ पुग्नु उत्तम हुनेछ।"

अर्ल लीले मलाई सिकाए, "यदि कुनै विचार हट्दैन भने, म यसलाई ईश्वरीय नेतृत्व ठान्ने गर्छु।" अर्ल ली एक जना ईश्वरीय, सन्तुलित इसाई पुरुष थिए र तिनी शक्तिशाली सेवकाई र प्रभावमा निरन्तर अगाडि बढिरहे। नयाँ करार, विशेषगरी प्रेरितका कामहरू, ईश्वरीय नेतृत्वबारे उल्लेखित वचनले भरिएको छ- यी आकस्मिक भेटहरू नाटकीय हुनसक्छ, जस्तै: दर्शन वा सुन्न सकिने ईश्वरीय आवाज। पवित्र आत्माले बोल्नुभएको सुनेपछि परमेश्वरले तिनलाई दिनुभएको अचम्मलाग्दो दर्शनबारे पत्रुसले अझ सोचिरहेका थिए भनी आजको अध्ययन खण्डमा याद गर्नुहोस्। पत्रुसले देखेको दर्शनबारे सोच्दै गर्दा के मेरो साथीले मबारे सोचेर प्रोत्साहन दिइरहेको जस्तो लाग्यो, यद्धपि कसैले पनि म कठिन परिस्थीतिबाट गइरहेको छु भनी थाहा पाएका थिएनन्? यी दुवै परिदृश्यहरू अर्ल लीका धारणाजस्तो "कहिले जाने छैन" जस्तो सुनिन्छ।

कहिलेकाहीँ हामी छाप पाउँछौ जसलाई केही इसाईहरूले पवित्र आत्माको उत्तेजना हो भन्दछ। सुरुमा नै, यो छाप आत्माबाट हो वा होइन भन्ने सन्दर्भमा हामीले केही निर्देशन र चेताउनीहरू अवलोकन गर्नुपर्छ, नत्र भने, एक व्यक्ति गहिरो खाडलमा परेर नष्ट हुनसक्छ (यी चेताउनीहरू पछिबाट छलफल गरिनेछ)।

गर्मीयामको सुरुतिर हामीलाई एक जना उत्कृष्ट डाक्टरसित भेटघाट गर्न आग्रह गरियो, जो चाहिँ हामीले लिइराखेको उपचारको विशेषज्ञ थिए। हामीले डाक्टरको कार्यलयमा भेटघाटको लागि फोन गर्दा सबैभन्दा पहिले दिसम्बर ९ मा सुरु भएको कुरा थाहा पायौं। तैपनि, कहि कतै कसैले भेटघाटको समय रद्द गरेबापत चाँढै नै

त्यसको केही महिनापछि, अगस्त ४मा, मैले कार्यलयमा फोन गरेर सोध्नुपर्छ भन्ने मेरो विचार थियो (यो मैले गरेको एक मात्र समय थियो)। अचम्मको कुरा, डाक्टरसित एउटा मात्र थियो। समय मिलाउने व्यक्तिले हामीलाई भोलीपल्ट ८:३० बजे बिहान त्यहाँ जान सक्छ कि भनी सोधे। यसरी, अगाडि तय गरिएको समयभन्दा चार महिना पहिला नै हामीले आवश्यक विशेषज्ञको नियुक्तिको लागि जान सक्यौं।

कसैले एक पटक यसो भनेका थिए, "परमेश्वरको आवाज अक्सर सुन्न सकिने शब्दहरूमा व्यक्त गरिएको छैन; यो मुटुको चेतना भनेर चिनिन्छ।" हे प्रभु तपाईंले जुनसुकै स्वरूपमा दिनुभए तापनि तपाईंको नेतृत्वप्रति मेरो हृदय र मनलाई संवेदनशील बनाउनुहोस्!

•••••••••••••••••

# नास्तिकतादेखि ख्रीष्टसम्म

*****

*मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।*

*यूहन्ना ६:४४*

एन्जेला स्थानीय मण्डलीमा विश्वासी भई उपस्थित भएकी थिइन् तर उनका पति स्टेफनलाई मण्डलीप्रति कुनै चासो थिएन। वास्तवमा भन्ने हो भने, तिनले आफूलाई नास्तिक भएको दाबी गरे। अन्तत: तिनीहरूको वैवाहिक जीवन बिग्रदै गयो र तिनीहरू अलग-अलग बाटोमा गइरहेको जस्तो देखिन्थ्यो, स्टेफन एन्जेलाका पास्टरसित विवाह परामर्श लिन राजी भए। तिनीहरूको परामर्शको समय तिनी मण्डली जान, मौका दिन र आफ्नो अडानबारे पुनर्विचार गर्न राजी भए।

"म मण्डली आउन चाहन्छु" स्टेफनले भने, "तर म कहिल्यै विश्वास गर्छु भन्ने कुरामा निश्चय छैनँ।"

तैपनि, स्टेफनले बाइबल पढ्न, मार्क काहिलको *वन हर्टबिट अवे- योर जर्नी इनटु इटरनिटी,* र ली स्ट्रोबेलको द *केस फर क्राइस्ट* पढ्न थाले। जब तिनले मण्डली सेवामा भाग लिन थाले, स्टेफनको व्यवहार नरम हुनथाल्यो। तिनले वसन्त ऋतुमा हुने जागृति सभाहरूमा समेत एन्जेलासित भाग लिए।

एक दिन बुधबार पास्टरले स्टेफनलाई खाना खान बोलाए। म पनि तिनीहरूसँगै गएँ र खाना खाँदै गर्दा मैले स्टेफनसित मेरो नास्तिकवाददेखि विश्वाससम्मको जीवन यात्रा सुनाउन सकें। अन्तत: स्टेफेनले निर्णय गर्नुअघि हरेक प्रश्नको जवाफ दिनु आवश्यक छैन भन्ने कुरा बुझे। तिनले तुरुन्तै सिद्ध हुनु पर्दैन भनेर पनि बुझे।

केही समय नबित्दै स्टेफेनलाई आफू तयार भएको जस्तो लाग्यो। अन्तत: पास्टरको कार्यलयमा, स्टेफेनले येशू ख्रीष्टलाई आफ्नो जीवनमा ग्रहण गर्न प्रार्थना गरे। तिनले तुरुन्तै ढुक्कपन महसुस गरे, जस्तो संसारभरिको भार तिनको काँधबाट हटेको थियो। तिनलाई थाहा थियो कि कोही तिनको साथमा छन्; आफूले भरोसा गर्न सक्ने कसैले सुन्न सक्नुहुन्छ। वास्तवमा तिनले आफ्नो हृदयमा ख्रीष्ट आउनुभएको महसुस गरे।

तिनले एन्जेलालाई त्यो घटना बताउँदा तिनी छक्क परिन् र खुशी भइन्। जागृतिको सेवाको त्यो समापन रात, तिनीहरू एकसाथ वेदीमा आए। अरूचाहिँ तिनीहरूको वरिपरि भेला भए र स्टेफेनले तिनीहरूको समर्थन महसुस गरे। उसले भन्यो, "मलाई थाहा थियो कि मैले सही काम गरें। यो साँचो हो अर्थात येशू वास्तविकता हुनुहुन्छ।"

तिनी परिवर्तन भएको आज पैंतीस वर्षपछि मैले स्टेफेनसित फोनमा कुरा गरें। तिनले मलाई भने जब तिनीहरूले विवाहको बारेमा परामर्श लिन थाल्दा तिनीहरूको विवाहमा १८० डिग्रीको फरक परेको कुरा बताए। अहिले तिनीहरूको विवाह जहाँसम्म सम्भव हुन्छ त्यहाँसम्म सिद्ध भएको छ।

स्टेफेनले आफ्ना मण्डलीका मानिसहरूसित पाँच *बेसिक बाइबल स्टडीस फर न्यू एण्ड ग्रोविङ इसाई"* अध्ययन गरेका छन् र तिनले मत्ती, मर्कूस, लूका अनि प्रेरितका पुस्तक पढेका छन्। तिनले मण्डलीको लागि नयाँ झाडी र भूदृश्य निर्माणमा राखेका छन्। तिनी र एन्जेलाले दशांस दिन थालेका छन् किनभने तिनीहरूले यो पैसा सबै परमेश्वरकै हो भन्ने महसुस गरेका छन्। तिनले आफ्ना मित्रहरूलाई साक्षी दिँदै आएका छन्।

तिनका पास्टर भन्छन् अहिले स्टेफेनसित ठूलो मुस्कान भएको र कुनै पनि सेवापछि मण्डलीको ढोकाबाट बाहिर निस्कने अन्तिम व्यक्ति हुन् तिनी। कल्पना गर्नुहोस् – नास्तिकवाददेखि ख्रीष्टसम्म![64]

[64]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००९ जुन).

. . . . . . . . . . . . . . . . .

**अगस्त २४** **दिन - २३६**

# खोजी गर्नुहुने उद्धारकर्ता र एउटा बाइबल पद

*****

*किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।*

*लूका १९:१०*

*तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछ।*

*मत्ती ६:३३*

येशू खोजी गर्नुहुने उद्धारकर्ता हुनुहुन्छ!

मेरा बुबा इसाई परिवारमा हुर्केका र मण्डली जाने भए तापनि पनि आशिष पाएनन्। जवान छँदा उनी अक्सर आफ्नो घरको नजिकै एउटा पाटीमा "मत्ती ६:३३ – तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछ" लेखिएको हेर्थे। तिनले यी शब्दहरूबारे धेरै वर्षसम्म अचम्म मान्थे। तसर्थ, मेरा बुबाले ख्रीष्टलाई पछयाउनअघि एउटा बाइबलको पद थाह पाएका थिए र त्यो यूहन्ना ३:१६ थिएन तर यो मत्ती ६:३३ थियो।

सन। १९७२को वसन्त ऋतुमा, छिमेकी माइकको निमन्त्रभामा मेरा बुबा पहिलो चोटि मण्डलीमा गए। त्यतिबेला मेरा बुबा हराएका, टुटेका र पापमा जिइरहेका थिए। त्यस आइतबार एक जना प्रचारकले प्रचार गर्दै थिए। मेरा बुबा भन्छन्, वक्ताले आफ्नो पूरै जीवन भरि नै उहाँलाई पछयाएको जस्तो लाग्यो र त्यही दिन उनी प्रचार गरिरहेका थिए। तपाईंलाई थाह छ जुन दिन मेरा बुबा मण्डली गएका थिए त्यही दिन प्रचारकले मत्ती ६:३३ बाट नै प्रचार गरेका थिए? जुन एउटा पद मेरा बुबालाई थाहा थियो। मेरो बुबालाई येशूले खोजी रहनुभएको थियो।

पहिलो सेवाको अन्तमा मेरा बुबाले येशूलाई वेदीमा भेट्टाए। उनका सबै पापहरू क्षमा भयो। उनले चङ्गाई पायो। उनको लाज र अपमान परमेश्वरको दया र अनुग्रहमा परिवर्तन भयो। मैले नयाँ बुबा पाएँ!

येशू खोजी गर्ने उद्धारकर्ता हुनुहुन्छ!

डा. स्कट राइने
ग्लोबल डाइरेक्टर आफ सण्डे स्कूल & डिसापलसिप मिनिस्ट्री
इन्टरनेशनल
मण्डली आफ द नाजरेन
को-डाइरेक्टर अफ द चीक शेभर सेन्टर फर इभान्जलिजम[65]

. . . . . . . . . . . . . . . . .

[65]. पहिला द *गुड निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउस्लेटर (जून २०२०) मा प्रकाशित्।*

# मैले कहिल्यै खराब दिन पाएको छैनँ

*****

*सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। सबै परिस्थीतिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो। १ थेसलोनिके ५:१६-१८*

ख्रीष्टका अनुयायीहरू र अझ विशेषगरी आत्माले भरिएका र पवित्र जनहरूका बारेमा केही कुराहरू छन् जसले तिनीहरूलाई जीवनका कठिनाइहरूको बावजुद विजयी जीवन बिताउन सक्षम बनाउँछ। तिनीहरूले सबै परिस्थीतिका लागि धन्यवाद दिंदैनन् तर सबै परिस्थीतिमा धन्यवाद दिन सक्षम हुन्छन्। सबै इसाईहरू त्यो विजयमा जिउँछन् भनेर म दाबी गर्दिनँ तर कसै-कसैले विजय हासिल गर्छन् र यो वास्तवमा यो विजयी जीवन सबैको लागि उपलब्छ छ।

मेरो छोरो पावलको यो विजयी जीवन मैले देखेंको छु। (तपाई ले यस पुस्तकमा उपासना #२० र #२१ मा उनको बारेमा थप पढ्न सक्नुहुनेछ)। चार छोरा-छोरीका पिता र एक पति हुन उनी, र उनले थुप्रै शाल्यक्रिया गरेका छन्: सानै छँदा डाक्टरके उनको काँधबाट मेलानोमा हटाए; उनी तीस वर्षको हुँदा उनको छातीबाट एउटा बेसल-सेल कारसीनोमा देखा परे। चालिसको छेउछाउ पुग्दा त्यो बिरामी उनको कान र च्यापुको मुनि देखा पर्‍यो। अनि पचासको छेउछाउ पुग्दा त्यो आक्रमक रूपमा घाटीमा पुग्यो। अन्तिम शाल्य क्रियामा उनको आवाज बक्स र घाँटीको धेरैजसो भाग हटाउनु पर्‍यो।

पावलको चौथो क्यान्सर शाल्यक्रियामा तेह घण्टा लागेको थियो र त्यो सबैभन्दा गम्भीर शल्यक्रिया थियो। थप शल्यक्रिया पछि तिनी कम बोल्न सक्ने भए र आवाज पनि बन्द भयो। उनलो शल्यक्रिया गरेको लगभग ६ महिनापछि हामीले उनीसित केही समय बितायौं र हामी हामीले उनलाई प्रश्नहरू सोध्यौं र उनले हामीलाई निम्न कुराहरू बताए:

"मेरो ठाउँ साघुरिएको छ। त्यसैले मेरा शब्दहरू म होसियारीपूर्वक छान्छु।"

"डाक्टरले मेरो क्यान्सर र भ्वोइस बक्स हटाउन पर्छ भने देखि नै मैले यो शान्ति पाएको छु, र मलाई लाग्यो मैले गर्नुपर्ने काम पनि यही हो। मलाई यो समस्या सम्हाल्न सक्छु जस्तो लाग्यो।"

जब हामीले उनको घाँटीमा भएको बल्कको बारेमा सोध्दा उनले भने, "यति धेरै बल्क नभएको भएता हुनेथ्यो भन्ने मेरो इच्छा थियो, तर अब यो त सानो कुराजस्तो देखिन्छ।"

उनले उत्तर दिन नसकेका प्रश्नहरूबारे उनले बारम्बार यसो भने: "परमेश्वरलाई अझ पनि मेरो नाउँ थाहा छ।"

अनि उनी रोए।

केही महिनापछि हाम्रो पारिवारिक विदाको बेलासम्ममा उनको घाँटीमा केही गडबडी भएको थियो र पावलले अलि-अलि बोल्नसक्ने क्षमता पनि गुमाइसकेका थिए। उनले अर्को शल्यक्रिया गर्नु परिरहेको थियो। यद्धपि, उनले कुनै न कुनै तरिकामा आशालाई हरेक कठिन परिस्थीतिमा देख्न सके। उनकी दिदी मरियमले उनलाई सोधिन्, "चार वटा क्यान्सरको शल्यक्रिया, भ्वोइस बक्स हटिनु र अहिले आवाज नै गुम्नु तिमीलाई कस्तो लाग्दैछ र के यो सबै कुरा तिमीलाई नै हुनुपर्थ्यो?

बोल्न नसक्ने भएकाले उनले लेखेर यस्तो उत्तर दिए, "मैले कहिल्यै खराब दिन पाइनँ।"

यदि तिमीले अझ उनलाई जोड दिएर सोधेको भए पक्कै उनले यस्तो उत्तर दिने थियो, "मैले मेरो भ्वाइस बक्स गुमाएँ तर अझ पनि म जीवित छु।"

सबै परिस्थीतिमा धन्यवादी बन्दै सधैँ आनन्दित रहो, निरन्तर प्रार्थना गरिरहो।

• • • • • • • • • • • • • • • • •

# मोल तोल गरेर बस्नु

*****

*यो सुनेपछि येशूले तिनलाई भन्नुभयो, "तिमीलाई अझ एक कुराको अभाव छ। तिमीसँग भएको जे जत्ति छन् ती सबै बेचेर गरीबहरूलाई बाँडिदेऊ, र तिमीलाई स्वर्गमा घन हुनेछ, र आऊ, र मेरो पछि लाग।" तर ती कुरा सुने ती शासक अति उदास भए, किनकि तिनी अत्यन्त धनी थिए।*

*लूका १८:२२-२३*

*तब पत्रुसले भने, "हेर्नुहोस्, आफ्नो घरद्वार छोडेर हामी तपाईंको पछि लागेका छौ।" तब उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले घर वा पत्नी, वा दाजुभाइ वा आमा-बुबा, अथवा छोरा-छोरीलाई परमेश्वरका राज्यको निम्ति त्याग्छ, त्यसले यसै समयमा धेरै बढी फ्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त गर्नेछ।*

*लूका १८:२८-३०*

म सानो छँदा केकमा लगाइएको आइसिङचाहिँ ठूलो कुरो थियो। हाम्रो परिवारको खानामा नियमित रूपमा मासु, आलु र तरकारी, अति नै स्वदिष्ट पकवान बनाउनुहुने मेरी आमाको प्रशंसा समावेश हुन्थ्यो। हामीले थालहरू सफा गरेसकेपछि घरमा नै बनाइएको अति नै स्वदिष्ट पाई वा केक पाउँथ्यौं। मलाई बाक्लो चकलेट आइसिङ भएको सेतो केक अति मन पर्थ्यो। म सधैँ आइसिङलाई अलग्गै निकालेर पहिला केक खान्थे, अन्तमा शुद्ध चकलेट आइसिङ खान्थे। मलाई थाहा छैन यो कहाँबाट आयो, तर मैले यो धारणा विकास गरेको थिए: *अन्तको लागि उत्तम कुरा जोगाएर राख।*

मैले त्यो धारणा जवानअवस्थामा आइपुग्दासम्म जस्ताको तस्तै लिएर आए। तथापि, अहिले म तुरुन्तै सन्तुष्टिको युगमा बाँचिरहेको छु। पक्कै पनि आज कसै-कसैले एक टुक्रा मासु वा सब्जी खानभन्दा अघि नै ती कुराहरू खान्छन्। तर मलाई विश्वास छ, मेरो धारणाले राम्रो काम गर्छ – यसले मलाई लामो दायरालाई ध्यानमा राख्दै चुनाव गर्न सक्षम बनाएको छ।

एक जना धनी शाषक येशूकहाँ आएर उहाँलाई सोधे, "अनन्त जीवन पाउन मैले के गर्नुपर्छ?" (लूका १८:२०)।

जवाफमा येशूले दस आज्ञामध्ये पाँचवटाको सूची दिनुभयो। शासकले ती सबै पालन गरेको दाबी गर्दा येशूले यसो भन्नुभयो, "तिमीलाई अझ एक कुराको अभाव छ। तिमीसँग भएका जे जति छन् ती सबै बेचेर गरीबहरूलाई बाडिदेऊ, र तिमीलाई स्वर्गमा घन हुनेछ, र आऊ, र मेरो पछि लाग।" (१८:२२)।

शासकको प्रतिक्रिया कस्तो थियो? तिनी "साह्रै दु:खी" भए। येशूले सबै इसाईहरूलाई आफ्नो सारा सम्पत्ति बेचेर गरीबहरूलाई दिन आग्रह गर्नुहुन्छ भन्ने के हामीले अनुमान लगाउनुपर्छ? पक्कै होइन, यद्धपि समय बित्दै जाँदा इसाईहरूले गरीबहरूलाई विशेष मद्दत दिन सिकेको हुनुपर्छ। यस भेटमा येशूले जवान शासकको जीवनको सबैभन्दा संवेदनशील ठाउँ, उसको प्रेम, उसको सम्पत्तिलाई स्पर्श गर्नुभयो र ती सबै थोक समर्पण गर्न आग्रह गर्नुभयो। त्यसैगरी, ख्रीष्टले हाम्रो असल र उहाँको महिमाको लागि हाम्रा प्रेम समर्पण गर्न लाएर हामीलाई जाँच गर्नुहुनेछ।

त्यसपछि ख्रीष्टले शासकलाई अर्को निर्देशन दिनुहुन्छ: "आऊ, मेरो पछि लाग।" यी शब्दहरूद्वारा येशूले जवान शासकलाई आफ्नो सम्पत्ति मात्र होइन तर आफ्नो पूरै जीवन समर्पण गर्न आग्रह गर्नुभयो।

के भइरहेको थियो सो जानेर अरू मानिसहरूले येशूलाई सोधे, "तब कसको उद्धार हुनसक्छ त?" (१८:२६)।

ख्रीष्टले तिनीहरूलाई परमेश्वरबाट उद्धार सम्भव छ भनी आश्वासन दिनुभयो। त्यसपछि पत्रुसले यसो भने, "आफ्नो घरद्वार छोडेर हामी तपाईंको पछि लागेका छौं" (१८:२८)।

त्यसपछि येशूले जवाफ दिइभन्नुभयो, तिनीहरूले जे जत्ति बलिदान गरेकाछन् ती सबै फिर्ता पाउनेछन् "त्यसले यसै समयमा धेरै बढी प्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त गर्नेछ" (१८:३०)। वाह! कस्तो लामो अवधीको लागि कस्तो मोलतोल!

ख्रीष्टको पछि लाग्ने सन्दर्भमा "मोलभाव" भन्ने शब्द प्रयोग गर्न म हिचकिचाउँछु। म इमानदारीपूर्वक भन्न सक्छु कि मेरो जीवन ख्रीष्टसितको दैनिक, व्यक्तिगत, निरन्तर, आनन्दमय, प्रेमले भरिएको, शान्तिमय संगति हो; अनि यो दुईतर्फी सम्बन्ध यति सम्पन्न

छ कि उहाँको उपासना गर्न, उहाँको सेवा गर्न र उहाँको आज्ञा पालन गर्नु आनन्द लाग्छ। त्यसैले, इनाम पाउने धारणा मेरो मनमा विरलै आउँछ। के यो हामी सबैको लागि सत्य हुनु पर्दैन र?

मेरो छोरो पावलले बारम्बार आफ्नो जीवनबारे यसो भन्छन्, "म आशिषमा बाँचिरहेको छु।" मेरो विचारमा हामी यसरी अझ भन्न सक्छौं, "म मोलभाव अन्तर्गत बाँचिरहेको छु।" हामीले आफ्नो मनसाय शुद्ध छ भनेर पक्का गर्नैपर्ने भए तापनि सबैभन्दा उत्तम कुरालाई उहाँले बचाउनुहुनेछ भनी येशू हामीलाई आश्वासन दिनुहुन्छ।

• • • • • • • • • • • • • • • • •

# *यदि* को महत्व

*****

*यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु। २ इतिहास ७:१४*

कल्पना गर्नुहोस्, म मेरी जेठी छोरीलाई सोह्रौ जनमदिनको दिनमा गाडी चलाउने परीक्षण लिन र अनुमति पत्र प्राप्त गर्न मोटर वाहन विभागमा लैजानेछ भनी प्रतिज्ञा गर्छु। त्यसपछि, आफ्नो जन्मदिनको एकहप्ताअघि उनलाई मेरुदण्डको मेनिनजाइटिस भएको हुन्छ र दुई हप्तासम्म उनलाई गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिन्छ।

मैले प्रतिज्ञा गरिएको मिति याद गरेको छु किनभने मेरी छोरीलाई गाडी चलाउन जबरजस्ती गर्न अस्पतालको ओछयानबाट बाहिर ल्याउने कुनै उपाय नै छैन। गाडी चलाउने परिक्षणमा लैजान ढिलाइ गरेर प्रतिज्ञा पूरा नगरेकोमा कसैले मलाई आरोप लगाउनेछैन्। वरिपरिका परिस्थीतिहरूमा ठूलो परिवर्तन आएको छ। त्यसैले, मेरो प्रेमको चरित्रले मिति परिवर्तन भएको निर्धारण गर्छ। अनि केही महिनापछि मेरी छोरी खुसी, अनि लाइसेन्स प्राप्त ड्राइभर बनिन्।

परमेश्वरको अपरिवर्तनशील, पवित्र चरित्र छ। याकुब १:१७ले भने झैं "छायाँजस्तै परिवतर्तन हुनुहुन्न"। परमेश्वरले सलोमोनलाई भन्नुभयो कि पवित्र न्यायमा जब उहाँले पानी रोकिदिनभयो र सलह र विपत्ति पठाउनुभयो भने पनि *यदि* आफ्ना मानिसहरूले यी काम गरेमा उहाँले आफ्नो कार्य बदल्नुहुनेछ।

- आफैलाई नम्र पारेर
- प्रार्थना गरेर
- उहाँलाई खोजेर
- आफ्नो दुष्ट चालबाट फर्केर

यो परिवर्तन कसरी हुनसक्छ? मानिसहरूको अवस्थामा ठूलो परिवर्तन गरेर अर्थात परमप्रभुप्रति तिनीहरूको मनोवृत्ति र हावभावमा परिवर्तन गरेर हुनसक्छ।

परमेश्वर पवित्र हुनुभएकोले उहाँले पापको न्याय गर्नैपर्छ। रोमी ६:२३ले जसरी चेताउनी दिन्छ, "पापको ज्याला मृत्यु हो।" तर जब अपवित्र मानिसको अवस्था प्रार्थना र पश्चात्तापद्वारा क्षमा र पवित्र जीवनमा परिवर्तन हुन्छ, परमेश्वरले बेग्लै ढंगमा व्यवहार गर्नुहुन्छ: उहाँले "तिनीहरूका पाप क्षमा गर्नुहुनेछ र तिनीहरूको देशलाई स्वस्थ्य पार्नुहुनेछ।"

पवित्र परमेश्वरबारे सबै कुरा जान्नु हो भने, हामीले *यदि* को महत्वलाई याद गर्नुहोस्!

सर्वशक्तिमान परमप्रभुले आफ्ना अगमवक्ता यर्मियामार्फत घोषणा गर्नुभयो, "यरूशलेमचाहिँ ढुङ्गा-रोडाको ढेर बन्नेछ" (यर्मिया २६:१८)। अनि त्यसपछि के भयो? यर्मिया २६:१९ ले यसो भन्छ, "अनि के परमप्रभुदेखि डराएर हिजकियाले उहाँको निगाहा खोजेनन् र? के तिनीहरूमाथि ल्याउने विपत्तिदेखि परमप्रभुले आफ्नो मन बद्लनुभएन र?" यहाँ के परिवर्तन भयो? कसैले प्रार्थना गरे।

पवित्र-शास्त्रमा "यदि" शब्दलाई देख्दा नजिकबाट ध्यान दिनुहोस्:

- "*यदि* हामी आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।"
- तर उहाँ ज्योतिमा हुनुभएझैं *"यदि"* हामी पनि ज्योतिमा हिंड्छौं भने, एकअर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।
- "तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ- *यदि* तिमीहरू आफ्ना विश्वासमा अचल र स्थिर भइरह्यौ र तिमीहरूले सुनेका सुसमाचार हो, जो स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ" (कलस्सी १:२२-२३)।

  हो पक्कै! *यदि!*

•••••••••••••••••

# वाक्यको शक्ति

*****

*प्रिय हो, खराबीको अनुसरण नगर, तर भलाइको अनुसरण गर। जसले भलो गर्दछ त्यो परमेश्वरको हो, जसले खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको छैन। ३ यूहन्ना १:११*

एक वा दुई वाक्यले कस्तो नतिजा ल्याउँछ सक्छ भन्ने कुरा अचम्मलाग्दो – विशेषगरी कसैलाई सल्लाह दिने सन्दर्भमा। तिनीहरूले व्यक्त गर्ने कदम नै शब्दहरूभन्दा महत्वपूर्ण छ। निस्सन्देह, यी शब्दहरू सुन्ने मानिसहरूले आफ्नै विचार, निर्णय र कदम चाल्नुपर्छ। तैपनि, मौलिक शब्दहरूमा एउटा निश्चित शक्ति र प्रभाव छ।

अदनको बगैंचामा सर्पले हव्वालाई सोध्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" (उत्पत्ति ३:२१)। तैपनि हव्वाले आफूले चाहेअनुसार खानुपर्छ भनेर ती शब्दहरूले संकेत गर्‍यो। हव्वा र त्यसपछि आदमले निषेधित फल खाएर परमेश्वरको आज्ञा उल्लङ्घन गरे। यसर्थ तिनीहरू लज्जित भए र परमेश्वरबाट लुके। तिनीहरूले आफ्नै माथि र सारा पृथ्वीका मानिसहरू माथि श्राप ल्याए।

आफ्नो राजनैतिक शक्तिबारे चिन्तित हुँदै राजा हेरोदले यहूदीहरूको भर्खरै जन्मेका राजाको खोजी गर्ने ज्योतिषीहरूसित यसरी कुरा गरे, "जाओ र ठीकसँग त्यस बालकको खोजी गर। तिनलाई भेट्टाएपछि मलाई खबर गर, र म पनि तिनलाई दण्डवत गर्नेछु" (मत्ती २:८)। ज्योतिषीहरूले बालकलाई बेतलेहेममा भेट्टाए तर सपनामा चेताउनी पाएपछि राजा हेरोदकहाँ तिनीहरू फर्केनन् (२:१२)। यो सल्लाह अस्वीकार गरिएको उदाहरण हो किनकि यसले खराबी ल्याउनेवाला थियो।

लिडिया नाउँ गरेकी एक धनी व्यापारी थिइन्, जसले ख्रीष्टको सन्देशको निम्ति आफ्नो ढोका भर्खरैमात्र खोलेकी थिइन्, तिनले पावल र उनका टोलीलाई यसो भनिन्, "यदि तपाईंहरूले मलाई प्रभुकी विश्वासीनी ठान्नुहुन्छ भने मेरो घरमा आएर बस्नुहोस" (प्रेरित १६:१५)। उनीहरू सहमत भए र त्यहाँ ईश्वरीय संगति फस्टाएर गयो। येशूको लागि लिडिया एक सशक्त अगुवा बनिन्।

पावलले आफ्ना जवान मित्र र सहकर्मी तिमोथीलाई निम्न शब्दहरूद्वारा प्रोत्साहन दिए: "तर परमेश्वरका जन तिमीले यी सबै त्याग, र धार्मिकता, उपासना, विश्वास, प्रेम, स्थिरता र नम्रताको लक्ष्य राख" (१ तिमोथी ६:११)। तिमोथीले यो कुरालाई पछ्याए अनि अनन्त जीवनको भागिदार भए। पावलले तिनलाई लेखेका दुई वटा पत्र अहिले हाम्रो पवित्र बाइबलको भाग भइसकेका छन्।

यो एउटा साधारण वाक्यबाट सुरु भयो। फिलले मलाई भने, "तिमीले स्कटलाई सेमिनारीमा निमन्त्रणा दिनुपर्छ।" त्यसैले मैले स्कटलाई फोन गरें र तिनलाई सेमिनारीमा उपस्थित हुन बोलाएँ। मैले तिनलाई सुसमाचारीय छात्रवृत्ति र स्थानीय मण्डलीमा मेरो जिम्मेवारी पूरा गर्न मद्दत गर्ने मौका पनि दिएँ। तिनी आए र सेवा गरे र सेवकाई मौलाएर गयो।

स्नातक गरिसकेपछि स्कटले एउटा बलियो मण्डलीमा ससमाचारको सेवकको रूपमा काम गरे। त्यसपछि तिनले अर्को मण्डलीको पादरीको रूपमा आठ वर्ष सेवा गरे। तिनको कार्यकालमा मण्डलीको उपस्थित चार सयबाट बढेर सात सय पुग्यो।

त्यसपछि स्कट, तिनकी पत्नी र छोरीहरूले अमेरिका छोडेर मिसनेरी बन्न परमेश्वरले गर्नुभएको अह्वान सुने। स्कट क्षेत्र रणनीति संयोजक भए र आठ वटा देशमा नयाँ मण्डलीहरूको रोपनकार्यको निरक्षक भए।

अन्तत: तिनका सम्प्रदायका नेताहरूले तिनलाई आइतबारको स्कूलको अन्तरराष्ट्रिय निर्देशक र विश्वभरका सम्प्रदायका मण्डलीहरूका लागि चेला बन्न आह्वान गरे।

मलाई थाहा छ, धेरै मानिसहरू र ईश्वरीय प्रभावहरूले स्कटलाई स्थिर गराएको छ, तर फिलको एक वाक्यको लागि म साह्रै खुसी छु: "तिमीले स्कटलाई सेमिनारीमा निमन्त्रणा दिनुपर्छ।"

अनि यूहन्नाले आफ्ना मित्र गायसलाई यस्तो सल्लाह दिए: "प्रिय हो, खराबीको अनुसरण नगर, तर भलाइको अनुसरण गर। जसले भलो गर्दछ, त्यो परमेश्वरको हो" (३यूहन्ना १:११)

हालमा तपाईंलाई कसैले भनेका वाक्य के हो? तपाईंले कसैलाई भनेका वाक्य के हो? यसले भविष्यमा के परिणाम ल्याउँछ?

.................

# अर्काको भार उठाओ

*****

*एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर।*

*गलाती ६:२*

*भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।*

*गलाती ६:९*

ह्यारी रीचको विरासत सेवकाईको सामर्थ्य र विशिष्ट जीवन हो – कलेजदेखि बाहिर मण्डली रोपनदेखि, हाइटीमा चौध वर्ष मिसनेरीको रूपमा सेवा गर्नु; अन्य दुई मण्डलीहरूमा पास्टरीय सेवा गर्नु; रुवाण्डा र कङ्गोमा फ्रान्सेली भाषा बोल्ने सेवकाईहरू स्थापना गर्नुसम्म। युद्धमा, ६,५०० विश्वासीहरू शहीद भएपछि ह्यारी रिचले स्कूल निर्माण गरे, धर्मशास्त्रीय विधालयको सुरुवात गरे र शरणार्थी शिविरहरूमा चालीस वटा मण्डलीहरू रोपे। तिनी अहिले अवकाशप्राप्त छन् र तिनी पेन्सिलभेनियाको वेन्सबर्गमा बस्छन्।

वेनेस्बर्गमा ह्यारीले आफ्नो स्थानीय मण्डलीकका एक दम्पत्तिलाई सघाए, जसलाई चलहल गर्न गाह्रो थियो- सजिलो होस् भनेर तिनले तिनीहरूको अगाडिको ढोकामा सिंढीको कोटालको माथितिरको मोड बनाए। आफ्नो पतिको मृत्युपछि पत्नीचाहिँ एउटा सहयोगी बस्ने अपार्टमेन्टमा सरिन्। जब तिनी अस्पतालमा भर्ती भइन्, तब अपार्टमेन्ट व्यवस्थापनले तिनलाई अर्कै एकाइमा सार्‍यो। कुनै न कुनै तरिकामा तिनको खाना र भान्साका भाँडाकुँडाहरू हरायो। ह्यारीले आइतबार दिउँसो नियमित सेवा गरेर सहयोगी जीवन केन्द्रमा सेवा गरिरहेका थिए। यसो गर्दा तिनले आफ्नो साथीलाई मद्दत गर्नैपर्छ भन्ने महसुस गरे।

सुरुमा त ह्यारीले तिनको लागि चाँदीका सामान र खानेकुरा किन्न पसलमा जाने योजना मिलाए। तथापि, यो २०२०मा कोरोना भाइरस महामारीको कारण भएको राष्ट्रिय बन्दको बेलाको कुरा हो। ह्यारीले आफ्नो घरमा तिनलाई चाहिने चाहिने कुराहरू पर्याप्त छ भन्ने निर्णय गरे। यसैले उनले आफ्ना घरबाट केही भाँडा-कुँडा र खानेकुरा तिनलाई लगेर दिए।

मैले ह्यारीको छोरा ड्वाइटबाट यो कहानी सुनें, जसले आफ्नी पत्नी क्यारोलिनसँगै इक्वेडरमा मिसनेरीको रूपमा सेवा गरेको पैंतीस वर्ष भइसक्यो। ह्यारी रीच- कस्तो अचम्मको जीवन! अर्काको भार उठाउने र असल काम गर्न कहल्यै नथाक्ने उनको कति ठूलो विरासत! ह्यारी उनान्सय वर्षका छन् र उनी आफूले सेवा गरेर बस्ने अपार्टमेन्टका वासिन्दाहरूभन्दा पाको उमेरका छन्।

यस्तो विश्वासीको जीवन बिताइरहेका ख्रीष्टका सयौं अनुयायी देखेर म सधैँ छक्क पर्छु। तपाईं पनि यस्ता वीहरूको भीडको भाग हुन सक्नुहुन्छ।

.................

# परमेश्वरले मानिसलाई साँच्चै परिवर्तन गर्नुहुन्छ

*****

*त्यसले जवाफ दियो, ''उहाँ पापी हुनुहुन्छ कि हुन्न म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब म देख्दछु।*

*यूहन्ना ९:२५*

निम्न साक्षी अक्टोबर ३१, २०१०मा बोइस, आइडाहोमा भएको जागृति सभामा दिइएको थियो:

*तीन वर्षअघि, म ड्रग्स र जाडँरक्सीको कुलतमा फसेको थिएँ। म अनुचित सम्बन्धमा थिएँ र म धेरैचोटि कलेज छोडेको थिएँ, कामको लागि सधैँ ढिलो वा हराएको हुन्थे र मुस्किलले म जीवन जिइरहेको थिएँ। म एकलो थिएँ। निराश भएको बेला म आफ्नो घर नजिकैको मण्डलीमा गएँ आफ्नो कुलतबाट मुक्त हुनको लागि प्रार्थना गरिदिन त्यहाँका सेवकसित आग्रह गरें। त्यो रात म फर्के र त्यस्तै महसुस गरें। अनि म पहिले कै जीवन जीवन जिउन थालें। परमेश्वरले मेरो प्रार्थना सुन्नुभएको थाहा नभएकोले मैले निरन्तर डरलाग्दो जीवन जिइरहें। छ महिनापछि म पक्राउ परें। थुप्रै घटनाहरूमध्ये यो पहिलो घटना थियो जसले मलाई परमेश्वरकहाँ फर्काएर ल्यायो। राज्यले मलाई एए र परामर्शमा जानुपर्छ वा झ्यालखान जानुपर्छ भन्यो। म डराएको थिएँ।*

*त्यसपछि परमेश्वरले मेरो जीवनमा एक जना मानिस पठाउनुभयो, (जो अहिले मेरो श्रीमान हुनुहुन्छ) जसले मेरो हात समातेर मलाई पचास भन्दा धेरै एए सभामा लगेर गए, जबसम्म म आफै सजिलैसित जान सकिनँ।*

*त्यसपछि, ती सभाहरूमार्फत परमेश्वरले मेरो जीवनमा एउटा स्त्री दिनुभयो, जसले मलाई आफूलाई प्रेम गर्न, क्षमा गर्न र हरेक दिन प्रार्थना गर्न सिकाइन्।*

*त्यसपछि परमेश्वरले मलाई धुम्रपान छोड्न प्रोत्साहन दिन अर्को व्यक्ति र मलाई फेरि स्कूल जान उत्साहित गर्ने अर्को व्यक्ति दिनुभयो।*

*एन्ड्रू र मैले विवाह गर्ने निर्णय गर्दा हामी एउटा मण्डलीमा यो विवाह गर्न चाहन्थ्यौं। तब परमेश्वरले मेरो जीवनमा एक जना पास्टर दिनुभयो जो धिरजी र समझदार थिए अनि जसले परमेश्वरले मलाई परमेश्वरको वचन बुझ्न मद्दत गरे। परमेश्वरले मेरो जीवनमा निरन्तर मैले गर्नै नसक्ने तरिकामा काम गरिरहनुभयो। परमेश्वरको अनुग्रहले गर्दा २२, अप्रेल २००८ देखि मैले कुनै मादक पदार्थ वा लागू पदार्थ सेवन गरेकी छैनँ। अनि मैले मार्च १९, २००९ देखि चुरोट पिएकी छैनँ। अगस्त २, २०१०, मैले आफ्नो सम्पुर्ण जीवन ख्रीष्टलाई सुम्पे।*

*यसरी, सायद परमेश्वरले मेरो प्रार्थनाको उत्तर मैले सोचेजस्तो दिनुभएन होला। तर उहाँले त्यसरी उत्तर दिनुभयो जसरी म ठीक हुनसक्थें। त्यसपछि पनि उहाँले मलाई स्थिर राख्न मानिसहरूलाई मेरो जीवनमा दिइरहनुभयो।*

*अब मलाई आशा छ कि कुनै दिन म आफ्नो कहानी बाँडेर कसैलाई उत्साह दिन सक्छु र जसरी मलाई अरूलाई सहायता पुऱ्याए त्यसरी नै सहायता पुऱ्याएर ख्रीष्टलाई चिन्न उनीहरूलाई मद्दत गर्न सक्छु। मलाई थाहा छ मेरो विगत सुन्दर थिएन, तर यसले मलाई यस ठाउँमा ल्यायो जहाँ आज म छु, र यसको लागि म कृतज्ञ बनेको छु।*

त्रीस थोमस[66]

.................

[66]. पहिला द गुड *निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउस्लेटर (जून २०११) मा प्रकाशित्।*

# हाम्रो अचम्मको फाइदा

*****

*परमेश्वरको विषयमा जान्न सकिने किरा तिनीहरूमा प्रस्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो का देखाइदिनुभएको छ।*

*रोमी १:१९*

मानिसको व्यक्तित्व, इतिहास वा पृष्ठभूमि जस्तोसुकै भए तापनि अधिकांश मानिसहरूले सुसमाचा प्रचार गर्नेबारे सोच्दा तिनीहरूले सुरुमा डर, चिन्ता, आत्मविश्वासको कमी र तनाउ महसुस गरेका हुन्छन्।

तथापि, पवित्र-शास्त्रले हामीलाई तिनीहरूको प्रचारकार्यमा चेलाहरूका लागि बाटो तयार पार्ने एउटा आधार दिन्छ। वेस्लेयेनहरूले यस आत्मिक सीमलाई "बचाउने अनुग्रह" भन्छन् जसले ख्रीष्टमा आउनुभन्दा पहिला मानिसको हृदयलाई ईश्वरीय चेतनासहित नरम पार्छ। रोमी ५:८मा पावल लेख्छन्, "हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।" रोमी १:१९-२३ मा सम्पूर्ण सृष्टिले परमेश्वरको उपस्थीतिलाई छर्लङ्ग देखाएको छ भनी पावलले हामीलाई याद दिलाउँदछ। पावलको भनाइअनुसार, अन्धकारपूर्ण र पापमय स्थानले पनि परमेश्वरको बारेमा जान्दछ। यसबाहेक, यूहन्ना ६:४४ मा येशूले हामीलाई यो याद दिलाउनुहुन्छ कि उहाँलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोहीपनि उहाँकहाँ आउन सक्दैन।

व्यक्तिगतरूपमा विश्वास गर्नुअघि मैले परमेश्वर र अनन्तबारे यस्तो गहिरो सजगता महसुस गरें। उन्नाइस वर्षको उमेरमा बित्नुभएको दाइको मृत्युको शोकमा मैले यस्तो महसुस गरें। यो कठिन समयमा बाँचिरहेको बेला मैले थाहा गरें कि अब मैले अनन्त जीवन कसरी बताउने भन्ने बारे छनौट गर्नुपर्छ- म जान्दथें कि मैले परमेश्वरप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्नुपर्छ। मसित परमेश्वरमा अगाडि बड्ने चाहना थियो। यसबाहेक, त्यो संकष्टको बेलामा मलाई थाह छ, मैले रेडियो, कुनै सेवकको वचन सुन्न वा मलाई अनन्तताको बारेमा याद दिलाउने मण्डलीको चिन्हले मेरो जीवनमा यी सबै कुरा हुन दिनेछ। हरेकपल्ट, मेरा विचारहरू परमेश्वरतिर खिँचिएको थियो। यी समयहरूचाहिँ बचाइने अनुग्रहको समय थियो।

म त्यस बचाइने अनुग्रहको लागि परमेश्वरलाई प्रशंसा गर्छु जसले मलाई १९७६मा जब एक जना जवान मानिसले तपाईं स्वर्ग पुग्ने हो कि भनेर सोधेको प्रश्नको उत्तरको अवधी तयारी बनायो। त्यसपछिका क्षणहरूमा, भर्जिनया बिचदेखि विलियम्सवर्ग, भर्जिनियासम्मको चालीस मिनेटको गाडीको यात्रामा परमेश्वको "अनुग्रह" का यी उदाहरणहरू मेरो सम्झना लगातार आइरह्यो। त्यस निर्णायक क्षणमा ती जवान इसाईले जोखिम उठाएर मलाई मद्दत गरे। मेरो जन्म भएको  दिनदेखि नै परमेश्वरको आत्माले मेरो आत्मालाई त्यस जम्काभेटको लागि तयार पार्दै आउनुभएको कुरा मैले स्पष्टसित थाहा पाएँ। म गाँडी हाक्दै जाँदा बाल्यकालदेखि नै परमेश्वरका हातका छापहरू झलझली याद आउन थाल्यो। घर फर्केपछि आत्माको लगानी र जवान मानिसले उठाएको जोखिम सबै विश्वासमा परिणत भयो, जसले मेरो जीवनलाई सधैँको निम्ति परिवर्तन गरिदियो।

म विश्वास गर्छु यी निम्न तरिकाहरूमा आफ्ना काम गर्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ:

- उहाँले हामी उहाँको वचन दिनुभयो
- उहाँले आफ्नो पुत्र पठाउनुभयो।
- उहाँले आफ्नो पवित्र आत्मा दिनुभयो।
- यी समयहरूमा, उहाँको बचाउने अनुग्रह हरेक पूर्व-इसाईहरूको हृदयमा र जीवनमा सक्रिय छ, तिनीहरूलाई साक्षीहरूसँग जम्काभेट गराउन तयारी पार्दै हुनुहुन्छ।
- येशूले हामीलाई चेला बनाउने आज्ञा दिनुभएको छ।

यो कति उत्साहपूर्ण कुरा छ कि हामीभन्दा पहिला उहाँको बचाउने अनुग्रहले मानिसको जीवनमा कार्य गर्दछ। जानुहोस् आफनो विश्वास प्रचार गर्नुहोस् र फसल कटनी गर्नुहोस्, यो जानेर कि हामीभन्दा अघि परमेश्वर जानुहुन्छ र हामीसँग पनि उहाँ जानुहुन्छ।

मार्क बाने

डाइरेक्टर अफ इभान्जलिजम एण्ड न्यू मण्डली
डेव्लोमेन्ट, यू.एस.ए\ क्यानाडा रिजन, मण्डली अफ नाजरेन [67]

[67]. पहिला द *गुड निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउस्लेटर (जून २०१९) मा प्रकाशित्।*

.................

**सेप्टेम्बर १** **दिन - २४४**

# उद्धारका कार्यक्षेत्रबाट तथ्यहरू

*****

*किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरूले मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।*

*मत्ति २५:३५-३६*

अमेरिकामा घरबारबिहिन जनसंख्या भएका व्यक्तिहरूको तुलनामा बहिस्कार गरिएका मानिसहरूको कुनै ठूलो समूह छैन। निम्न तथ्याङ्क विचार गरौं:

- ९०-९५ प्रतिसत घरबारबिहिन पुरुष र ६० प्रतिसत घरबारबिहिन महिलाहरू मादक पदार्थ सेवक गर्नेहरू हुन्।
- घरबिहिन वयस्कहरूको औसत उमेर पैंतीस वर्ष हुन्छ।
- घरबारबिहिनमध्ये ६० प्रतिसतभन्दा धेर महिला र बालबालिका छन्।
- घरबारबिहिन वयस्कहरूमध्ये आधाभन्दा धेर बाह्र वर्ष नपुग्दै रक्सी र लागू पदार्थ सेवन गर्न सुरु गर्नेहरू छन्।
- अधिकांश घरबारबिहीनहरू केटाकेटीको हैसियतमा शारीरिक तथा यौन दुर्व्यवहारका शिकार बनेका छन्।

हरेक दिन सण्डे ब्रेकफास्ट मिसनले आठ सयभन्दा बढी भोका पुरुष, महिला र बालबालिकाहरूको निम्ति भोजनको प्रबन्ध गरेको छ। कुनै रात, तीन सयभन्दा बढी पुरुष, महिला र बालबालिकाहरू हाम्रो छानामुनि बस्छन्। अठाह्र महिने चेला बनाउने हाम्रो कार्यक्रमबाट झण्डै दुई सय पुरुष तथा महिकाहरूले स्नातक गरेका छन्। तर गत चौध वर्ष ख्रीष्टप्रति आफ्नो जीवन समर्पण गरेका झण्डै दस हजार मानिसहरूमा हामी सबैभन्दा ठूलो आनन्द पाउँछौं।

हरेक दिन सन्डे ब्रेकफास्ट मिसनले भोका पुरुष, महिला र बालबालिकालाई आठ सयभन्दा बढी भोजन को व्यवस्था गरेको छ । कुनै रात, तीन सयभन्दा बढी पुरुष, महिला र बालबालिका हाम्रो छानामुनि छन्। अठार महिने चेला बनाउने हाम्रो कार्यक्रमबाट झन्डै दुई सय पुरुष तथा स्त्रीहरूले स्नातक गरेका छन्। तर गत चौध वर्षमा ख्रीष्टप्रति आफ्नो जीवन समर्पण गरेका झन्डै दस हजार मानिसहरूमा हामी सबैभन्दा ठूलो आनन्द पाउँछौं।

रेभ. टम लेमोन, एसर.
डाइरेक्टर, सण्डे ब्रेकफास्ट मिसन
विलमिङ्टोन, डेलावेर[68]

.................

[68]. पहिला द *गुड निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउस्लेटर (जून २०१७) मा प्रकाशित्।*

# साह्रै पुरानो होइन

*****

*अब हेर्नुहोस्, इस्राएलीहरू उजाडस्थानमा घुमफिर गर्दा परमप्रभुले मोशालाई यो कुरा भन्नुभएको बेलादेखि अहिले पैंतालिस वर्ष वितिसक्यो, र आफ्नो वचनअनुसार परमप्रभुले मलाई जीवितै राख्नुभएको छ। अब हेर्नुहोस्, म आज पचासी वर्षको भएको छु।*

*यहोशू १४:१०-११*

मार्क आफ्नो मण्डलीका जवान पति, बुवा र मण्डलीमा पार्ट-टाइम पास्टरीय कर्मचारी हुन्। पाँच वर्षअघि मात्र तिनी र तिनकी पत्नी मण्डलीमा सामेल हुन्थेनन्। तर तिनीहरूको जीवन पूर्णरूपमा परिवर्तन भयो, जब एक दिन स्थानीय एप्पलमावीको संयोगको जम्काभेंटमा सत्तरी सालका एक जना मानिसले उनीहरूलाई सेवामा निम्त्याए।

एनोक एक जवान ठेकेदार हुन् जसले विगत केही वर्षदेखि दर्जनौं मण्डलीहरू निर्माण वा पुनर्निर्माण गरेका छन्। तिनी आफ्नो "सांसारिक" पेशालाई मण्डली भवन निर्माणको काममा समर्पित गरेकाछन्। जवान छँदा, एनोक मण्डली जान छाडे। तिनी फर्केपछि एक जना मानिसले *नयाँ तथा बढ्दो इसाईहरूका लागि आधारभूत बाइबल अध्ययनहरू* प्रयोग गरेर तिनलाई चेला बनाउने काम गरे। सत्तरी वर्ष पुगेका ती मानिसपछि एनोकको विवाहमा लोकन्तेको रूपमा खडा भए।

जवान अवस्थामा नै आफ्नो श्रीमतिको मृत्युभएपछि टेरीले आफ्नो जीवनमा पहिलो चोटि ख्रीष्टको पछि लाग्ने निर्णय गरे। तिनले आफ्नो छैठौं कक्षाका भूतपूर्व शिक्षकलाई भेट्न गए, जो अहिले अवकाश प्राप्त भइसकेका थिए र तपाईंले अनुमान गर्नुभएझैं सत्तरी वर्षका थिए। यी अवकाशप्राप्त शिक्षकले टेरीलाई प्रभुकहाँ लगे र त्यसपछि *नयाँ तथा बढ्दो इसाईहरूका लागि आधारभूत बाइबल अध्ययनहरू*मा अगुवाई गरे।

यी तीन युवकहरूमा के समानता छ? तपाईंलाई थाहा छ- सेवकाईमा कुनै योग्यता नभएका अवकाशप्राप्त शिक्षकले तिनीहरू हरेकको जीवनमा आत्मा जित्ने र गोठालोको भूमिका निर्वाह गरे। के जवानहरूलाई जित्न हामी जवानै हुनुपर्छ? मेरो बुबा जोन. पी. सेरबुडलाई सुझाव नदिनुहोस् – उहाँलाई कुनै उत्तम कुरा थाह छैन। म प्रार्थना गर्छु परमेश्वरले हामीलाई जोनजस्तो अनभिज्ञ सेवा खडा गर्न मद्दत गर्नुहुनेछ।

डा. स्कट सेरहुड
डिस्ट्रीक सुपरिन्टेन्ड, नर्थवेस्ट इलिनियस डिस्ट्रीक
मण्डली अफ नाजरने[69]

.................

[69]. पहिला द *गुड निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउस्लेटर (जून २०१८) मा प्रकाशित्।*

## सेप्टेम्बर ३ दिन - २४६

# के तपाईंले येशूलाई पार्किङ स्थलमा छोड्नुभयो?

*****

*मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टको दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर।*

*एफिसी ६:६-७*

किथ मिलर सेमिनारमा गएका थिए, दुई वटा मण्डलीबोर्डमा सेवा गरेका थिए र आइतबारको स्कूल पढाएका थिए। एक वर्षभन्दा बढी समयसम्म किथसँगै एउटै अफिसमा काम गरिरहेका एक जना सहकर्मीले यसो भने, "कीथ, तिमी इसाई हौ भनेर मलाई थाहा थिएन।" किथले ख्रीष्टलाई ग्रहण गरेको भए तापनि जब उनी आफ्नो कार्यलयतिर गए तब उनले येशू ख्रीष्टलाई पार्किङ स्थलमा नै छोडेको महसुस गरे।

आजको पाठ वचनका शब्दहरू दासहरूलाई निर्देशन दिइएको थियो- आउनुहोस् हामी त्यसैमाथि चर्चा गरौं। रोमी साम्राज्यमा साठी लाख दासहरू थिए। कोही डाक्टर वा शिक्षक थिए; अरूचाहिँ सामान्य मजदूरहरू थिए। इसाईत्वको प्रभावले अन्तत: दासहरूलाई मुक्त गरायो तर इतिहासको यस चरणमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको काम गर्ने ठाउँमा कसरी काम गर्ने भन्ने थियो। मजदूरहरू र मालिकहरूको सम्बन्धमा पढ्दा हामी यो अंशबाट पाठ सिक्नसक्छौं: हे मजदूर हो, मालिकले हेरिरहँदा मात्र होइन- आफ्नो मालिकको निम्ति काम गरेजस्तो होइन तर प्रभुको निम्ति जस्तै गरी काम गर। तपाई र तपाईंको अधिकारीको सम्बन्धके ख्रीष्टलाई देखाओस्। प्रेम र प्रार्थनासँग समस्याग्रस्त ती मानिसलाई घेर।

प्रभुको लागि जस्तै तिमीहरूको काम गर। प्रभुलाई त्यो कामको भाग देखाउनुहोस्। मेरो कारमा एयर कन्डिसनिङ पाइप गलत तरिकाले जडान गर्ने व्यक्तिलाई पक्कै त्यो कुरा थाहा हुनुपर्छ। श्रीमतीको खुट्टामा पानी चुहिएर गाडीको भूइँ भिजाएपछि समस्या समाधान गर्न म पटक-पटक डिलरकहाँ जान बाध्य भए। काम गर्ने व्यक्तिको कारण मेरो समय व्यर्थमा खेरो गयो।

कफी मेसिन वा पानी पिउने ठाउँमा जाँदा सहकर्मीहरूको लागि प्रार्थना गर्नुहोस्। तिनीहरूले तपाईंलाई सही प्रश्न सोध्न परमेश्वरले अगुवाई गरून् ताकि तपाई सुसमाचार सुनाउन सक्षम बन्न सकेको होस् भनी प्रार्थना गर्नुहोस्।

मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, घम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन (६:९)।

काम गर्न मन नलाग्ने अप्रिय अवस्थाको सन्दर्भमा तपाई सधैँ त्यसबाट उम्कन सक्नुहुन्न होला तर तिनीहरूलाई जित्न सक्नुहुन्छ। अख्तियारको कुरा गर्ने हो भने, ख्रीष्टको आज्ञा पालन गर्नुहोस्। काम गर्ने सन्दर्भमा परमेश्वरलाई देखाउनुहोस्। तपाईंको अधीनमा हुनेहरूको सन्दर्भमा तिनीहरूको फाइदा नउठाओ।

भारतमा सी.टी भेनुगोपालले ख्रीष्टलाई सरकारी रेलमार्गको तिनको काममा ल्याए। अन्तत: तिनी रेलमार्गमा उच्च अख्तियारवालाको रूपमा काम गर्न थाले। तिनले आफ्ना सहकर्मीहरूलाई यसो भने, "म इसाई हुँ तर तपाईंहरूले मलाई अझ राम्रो बनाउन मद्दत गर्नुहोस् भन्ने म चाहन्छु।" तिनले आफ्ना सहकर्मीहरूलाई आफूले काम गर्दा गरेका गल्तीहरू अवगत गराउने आग्रह गरे।

यसैबीच भारत र पाकिस्तानबीच तनाव भयो। पाकिस्तानले भारतलाई दिएका सबै विवरणहरूको सट्टा एउटा मात्र दिने योजना बनाए। तर भाइ भेनु, जब तिनलाई बोलाइयो, तिनले सबै विवरणहरू पाकिस्तानलाई दिए, जसमा कुनै तार जोडिएको थिएन।

भेनुबाट विवरण पाएपछि पाकिस्तानका मुस्लिमहरूले भने, "हामी हिन्दुहरूलाई हामीभन्दा राम्रो हुन दिन सक्दैनौं।" त्यसैले तिनीहरूले भारतलाई थप रेकर्डहरू दिए।

यस सम्झौतामा पाकिस्तानले भारतलाई २,२०,००,००० रू. ऋण दिएको कुरा भेनुले बताउँदा कसैले भन्यो, "चेक गर्नुहोस्"।

अर्कोले भन्यो, "यदि भेनुले यसो भनेका हुन् भने, यो यस्तै हो।"

तिनको अगाडि तिनको नाउँ र इसाई चरित्र थियो।

यसलाई सम्झना दिलाउनेको रूपमा लिनुहोस्- येशूलाई पार्किङ स्थलमा नछोड्नुहोस्।

• • • • • • • • • • • • • • • • •

# परमप्रभुको हात ममाथि थियो

*****

*यसैले परमप्रभु मेरा परमेश्वरको हात ममाथि रहेको छ भनी जानेर मैले साहस गरें, र मसँग जान इस्राएलका मुख्य-मुख्य मानिसहरूलाई मैले भेला गरें।*

*एज्रा ७:२८*

म सानो छँदा बुबाबाट मैले कहिल्यै सुनेको सबैभन्दा राम्रा शब्दहरू थिए, "छोरा, म तिमीमा गर्व गर्छु।" यी शब्दहरूद्वारा मैले अर्को चुनौति सामना गर्ने साहस पाएँ। अचम्मको कुरा, यी शब्दहरूले मलाई उनको हात मेरो काँधमा भएको जस्तो महसुस भयो, मानौ यदि यसो भनिन्छ, *"अति सुन्दर काम, अति उत्तम गऱ्यौं,* अथवा, *यो काम तिमी गर्नसक्छौ,* अथवा, *म तिमीलाई निर्देशन दिन्छु;* अथवा यसो भनिन्छ, *यो अज्ञात ठाउँमा जाने मार्ग यही हो।*

एज्राले पनि आफ्नो काँधमा नदेखिने हात अर्थात परमप्रभुको हात भएको महसुस गरे। प्रभुले फारसका राजा कोरेसको हृदयलाई यरुशलेममा मन्दिर पुनर्निर्माणको आदेश दिन र निर्वासितहरूलाई आफ्नो देश फर्कने अनुमति दिन उत्प्रेरित गर्नुभएको थियो (एज्रा १:२-४)। अब राजा अर्तासास्तले एज्रालाई मन्दिर पूननिर्माण गर्न र परमेश्वरको व्यवस्था सिकाउन चाँदी। सुन, मन्दिरका केही लेख र मानिसहरू लिएर जान आज्ञा दिए। चार महिनाको यात्रापछि एज्रा यरूशलेम आइपुगे। आफ्नो कामभरि परमप्रभुले एज्राको निम्न कुराहरू प्रबन्ध गर्नुहुँदा एज्राले बारम्बार परमेश्वरको हात महसुस गरे: तिनले मागेका सबै कुरा राजाले मञ्जुर गरिदिए (७:६); सुरक्षित यात्रा (७:९); अगुवाहरूलाई भेला गर्ने साहसमा (७:२८); सक्षम अगुवाहरू (८:१८); बाटोमा सुरक्षा (८:२२); डाँकुहरूबाट सुरक्षा (८:३१)।

मैले आफ्नो दैनिक उपासना पत्रिकामा निम्न सुरुवात लेखे: *तपाईंको प्रेमिलो र शक्तिशाली उपस्थीतिमा जिउनु मेरो निम्ति आनन्द हो। म अक्सर भन्ने गर्छु, "ममाथि तपाईंलप हात राख्नुहोस्।" म तपाईंको पूर्ण उपस्थीतिको ठूलो आनन्दलाई कम गर्न चाहँदिनँ। मेरो भनाइको अर्थ हो, "परमप्रभु, मसँग रहनू। तपाईंको हात ममाथि छ भन्नाले स्थिरता, सामर्थ्य, उत्थानशील र अगुवाइलाई देखाउँदछ।*

परमप्रभुले तपाईंमाथि आफ्नो हात राख्न चाहनुहुन्छ।

..................

# खाली एक डलर

*****

*ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनकि हामीलाई यो निश्चय छ कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। २ कोरिन्थी ५:१४*

*सत्य बोलीमा र परमेश्वरको शक्तिमा, दाहिने र देब्रेपट्टि धार्मिकताको अस्त्र-शस्त्र धारण गरेर, आदरमा र अनादरमा, बदनाम र सुनाममा। हामी ठगाहझैं ठानिन्छौं, तर हामी साँचा छौं। अपरिचित भए तापनि सुपरिचित छौं। मर्न लागेका झैं तापनि हामी बाँचेकै छौं। सजाय भोगेका, तापनि मारिएका छैनौं।*

*२ कोरिन्थी ६:७-९*

क्रिसमस आउनै लागेको थियो, अनि हाम्रो अवस्था कमजोर थियो। हामी तीन जना छोराछोरीको लागि उपहार किन्थ्यौं तर न्यान्सी र म एक-अर्काको लागि एक डलर मात्र खर्च गर्न राजी भयौं।

मैले पूरा समय सुसमाचार प्रचारमा दिएको थिएँम जसको अर्थ हो म हरेक हप्ता विभिन्न सहर र मण्डलीहरूमा यात्रा गर्नुपर्थ्यो। अक्सर मण्डलीले मलाई कति पैसा दिन्छन् सो थाहा हुँदैनथ्यो। मैले परमेश्वरलाई पूर्ण समपर्ण गरेको अभिव्यक्तिको रूपमा मैले कहिल्यै केही निर्धारण गरिनँ।

एक इसाई भएको नातामा मलाई थाहा छ, कहिलेकाहीँ मैले अरूको अधिकारको लागि संघर्ष गर्नुपर्ने हुन्छ। तर परमेश्वरको प्रवक्ताको हैसियतमा मैले विश्वास गरें कि यदि *मैले* आफ्नो अधिकारको लागि लड्नुपरेमा परमेश्वरले मलाई त्यसो गर्न दिनुहुन्छ। तथापि, सबैको सेवक हुनको लागि मैले आफ्नो अधिकार समर्पण गरें भने मलाई बोलाउनुहुने परमेश्वरले मेरो लागि लड्नुहुनेछ भनेर पनि म विश्वास गर्थे। म साँच्चै यूहन्ना १२:१५ का यी शब्दहरूलाई विश्वास गर्छु: " आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ।"

आर्थिक रूपले संकटमा परेको क्रिसमसभन्दा केही समयअघि म एउटा मण्डलीमा जागृति सभाको लागि धेरै लामो यात्रा गरेर पुगें। म सभामा आफैलाई पुर्णरूपमा समर्पण गरें र त्यहाँ साँचो जागृति आयो। अन्तिम रात जब म त्यहाँबाट निस्कन लागेको थिएँ, त्यस मण्डलीका पास्टरले मेरो हातमा एउटा चेक थमाइदिए। पछिबाट मैले त्यो चेक हेरें, त्यहाँ लेखिएको अंक हप्ताभरि भएको खर्चभन्दा कम्ती थियो। मैले उहाँलाई धन्यवाद दिएँ। सेवकाईको सुरुतिर जतिसुकै सानो रकम भए तापनि मलाई दिइएको हरेक भेटीको लागि धन्यवादी हुने प्रतिबद्धता व्यक्त गरेको थिएँ। हप्ताभरि मैले आफ्नो व्यक्तिगत आर्थिक आवश्यकताबारे कुनै टिप्पणी गरिनँ।

म आफ्नो गाडीतर्फ गइरहेको बेला, यो हप्ता आफ्नो जीवनमा आत्मिक मद्दत पाएकी एक महिला आएर मलाई रोकिन्। तिनले मेरो हातमा कागजको टुक्रा थमाइन् अनि गाडीको पछाडि हेर्नु भनिन्। मैले मेरो गाडीको पछाडिपट्टि एक बोरा सामान, तरकारीको बाकस, क्रिसमस पेपरले बेह्रेरिएको एउटा बाकस भेट्टाएँ, त्यहाँ "टु न्यान्सी, फ्रम चिक" र "टु चिक, फ्रम न्यान्सी" भनेर लेखिएको बाकस थियो। पछिबाट हामीले ती बाकस खोल्दा न्यान्सीको बाकसमा दुई वटा सुन्दर वस्त्रहरू रहेछ र अर्को बाकसमा मैले चाहेको तर किन्न नसकेको महँगो विषयगत बाइबल रहेछ। अनि ती महिलाले दिएकी कागजको टुक्रा खोलेर हेर्दा त्यहाँ मण्डलीले दिएको रकमको दुई तिहाई भाग लेखिएको चेक मैले भेट्टाएँ।

न्यान्सी र मैले एक-अर्कामा केवल एक डलरमात्र खर्च गर्न सक्थ्यौं अनि यही निर्णय लिएका थियो। यो कुरा मण्डलीमा कसैलाई थाहा थिएन। यद्धपि, हाम्रो एकमात्र सुरक्षा, एक मात्र हतियार हाम्रो जीवनको इमानदारिता थियो।" अनि हामी सधैँ "यसबाट गुज्रिरहेका हुन्छौं" र कहिले यस भित्र जाँदैनौ।"

•••••••••••••••••

# ईश्वरीय मालिक

*****

*ख्रीष्ट येशूमा कैदी पावल र हाम्रा भाइ तिमोथीबाट, हाम्रा प्रिय सहकर्मी फिलेमोन, हाम्री बहिनी अफ्फिया र हाम्रा सङ्गी-सिपाही अर्खिप्पस, र तिम्रो घरको मण्डलीलाई।*

*फिलेमोन १:१-२*

*म प्रार्थना गर्दछु कि तिम्रो विश्वासको सहभागिताले ख्रीष्टमा भएका हाम्रा सबै असल कुराका ज्ञानको वृद्धि गर्न सकोस्।*

*फिलेमोन १:६*

उनको व्यापार ठूलो थिएन, तर त्यो उनको आफ्नै थियो। अनि त्यस पेट्रोल स्टेसनबाट क्लाइटले येशूको निम्ति आफ्नो ज्योति चम्काए।

प्राचीन समयमा फिलेमोनजस्तै क्लाईटको जीवनशैलीमा पनि यी दुई वाक्यांशहरू हुनसक्छन्: “तिम्रो घरमा भेला हुने मण्डली” (१:२) र “तिम्रो विश्वासको सहभागिता” (१:६)। फिलेमोनले ख्रीष्टलाई यत्ति माया गर्थे कि तिनले नि:स्वार्थ भई हरेक दिन प्रभुको उपासना गर्न आफ्नो सुन्दर घर दिएका थिए।

क्लाइटले आफ्नो घरमा मण्डलीको सेवा आयोजना नगरेको भए तापनि तिनी र तिनकी सुन्दर पत्नीले मण्डलीको सेवा गरेपछि धेरैको निम्ति सत्कार गर्न आफ्नो घरको दैलो खोले। त्यस घरमा भएका केही प्रार्थनाहरूले त्यस ठाउँलाई मण्डली जस्तै पवित्र बनायो।

क्लाइटको सेवकाईलाई “तपाईंको पेट्रोल स्टेसनमा भेला हुने मण्डली” भन्ने वाक्यांशले पनि वर्णन गर्नसक्छ। जब उनले पहिलो पटक आइतबारको दिन आफ्नो स्टेसन बन्द गरे, मानिसहरूले उनलाई मुर्ख भने; तर क्लाइट भने परमेश्वरको आज्ञा पालन गर्न खुशी थिए। संयोगवश, परमेश्वरविनाको सात दिनमा भन्दा परमेश्वरको साथमा ६ दिनमा तिनको मुनाफा बढी थियो।

“विश्वासमा साझेदारी गर”- क्लाइटले पनि त्यसै गरे। तिनी येशूको लागि *उत्साहित भए;* मानिसहरूलाई ख्रीष्टबारे बताए; तिनले आफ्नो एक जना कर्मचारीको परिवारलाई समेत मण्डलीमा लगे।

फिलेमोन वा क्लाइटको सन्देशमा भन्ने हो भने, हरेक युगका पावलहरू आफ्नो विश्वासमा रमाउँछन्। हे परमप्रभु, तिनीहरूको सङ्ख्या वृद्धि गराउनुहोस्।[70]

•••••••••••••••••

[70]. यस अघि *तिमीहरू अलग होओ* अक्टोबर–नोभेम्बर–डिसेम्बर १९६४ (कन्सास सिटी, मो: नासरी प्रकाशन गृह), ७५.मा प्रकाशित्। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन भयो)

# तिनीहरूले यदि बदामको मक्खन स्यान्डविच चाहन्छन् भने?

*****

*अब दिन ढल्कन लाग्यो, र बाह्रै जनाले आएर उहाँलाई भने, "भीडलाई बिदा दिनुहोस् र तिनीहरू गएर आसपासका बस्ती र गाउँ हुँदो वास बसून्, र भोजनको व्यवस्था गरून्, किनकि यहाँ हामी निर्जन ठाउँमा छौं।" तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले नै तिनीहरुलाई खान देओ।" तब तिनीहरूले भने, "हामीहरूसित पाँच वटा रोटी र दुई वटा माछा मात्र छन्, नभए हामी गएर यी सबै मानिसका लागि भोजन किन्नुपर्ला। तिनीहरू प्राय पाँच हजार जति पुरुषहरू थिए। तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिनीहरूलाई पचास पचासको पंक्तिमा बसाओ।" तिनीहरूले त्यसै गरे, र सबैलाई बसाए। तब उहाँले ती पाँच वटा रोटी र दुई वटा माछा लिएर स्वर्गतिर हेरी आशीर्वाद दिनुभयो र भाँचेर मानिसहरूलाई बाँडिदिनू भनी चेलाहरूलाई दिनुभयो। अनि सबैले खाए, तृप्त भए, र चेलाहरूले उब्रेका टुक्राहरू बाह्र डाला उठाए। लूका ९:१२-१७*

एक जना तिक्ष्ण मानिस आफ्नो पास्टरसित सप्ताहको अन्तमा काम गरिरहेका थिए। कुनै न कुनै तरिकामा तिनीहरूले पाँच हजारलाई येशूले खुवाउनुभएको आश्चर्यकर्मको बारेमा चर्चा गर्न थाले। (याद रहोस्, स्त्री र बालबालिकाहरूको लेखाजोखा गर्दा पाँच हजार पुरुषको अर्थ दस वा पन्द्रह हजारभन्दा बढी नै हुनसक्छ)। आफ्नो ईश्वरीय सामर्थ्यद्वारा, येशूले तिनीहरूलाई माछा र रोटी खुवाउनुभयो।

त्यति नै बेला ती मानिसले यसो भने, "यदि तिनीहरूले बदाम मक्खन रोटी चाहेका थिए भने नी?"

तिनले यो कुरा ठट्टा गर्दै भनेका थिए तर तिनका शब्दहरूले येशूको दयालु कार्यप्रति मानिसहरूको मनिवृत्तिको बारेमा बताउँछ। तिनीहरूको सा-साना व्यक्तिगत इच्छाहरू परमेश्वरका कार्यहरूभन्दा महान भएर आउँछ, र परमेश्वरले दिनलाग्नुभएको विशेष आशिषहरूलाई तिनीहरूले गुमाइ पठाउँछन्। यो कथाको लागि आफ्नो हृदय खोल्नुहोस्।

यस धर्मशास्त्रीय विवरणमा हामीले देखेका केही सन्देशहरूलाई जाँचौं:

१. चेलाहरूले भने, "भीडलाई विदा दिनुहोस्" (मानिसहरूलाई तिनीहरूले गर्नसक्ने उत्तम काम गर्न दिनुहोस्)।

२. उहाँले भन्नुभयो, "तिमीहरूले नै तिनीहरूलाई खान देओ।" (भीडको लागि तपाईले जिम्मेवारी लिनुपर्छ)

३. तिनीहरूले भने, "हामीसित पाँच वटा रोटी र दुई वटा माछा मात्र छन्।" (हाम्रा स्रोत-संशाधनहरू सिमित छन्: यो असम्भव छ!)

४. उहाँले भन्नुभयो, "तिनीहरूलाई बस्न लगाओ।" (मैले उत्तर पाइसकेको छु..तिमीहरू हेर)।

५. "चेलाहरूले त्यसै गरे" (यो चेलाहरूको सबैभन्दा उत्तम कदम थियो – तिनीहरूले येशूको आज्ञा पालन गरे। अनि तिनीहरूले सबै कुरा थाहा नपाई यो काम गरे)।

६. उहाँले ती पाँच वटा रोटी र दुई वटा माछा लिएर स्वर्गतिर हेरी आशीर्वाद दिनुभयो। (उहाँले चेलाहरूलाई देखाउँनुभयो कि सबै कुराको उत्तर केवल परमेश्वरको सामर्थ्यबाट आउँछ)।

७. उहाँले मानिसहरूलाई बाँडिदिनु भनी चेलाहरूलाई दिनुभयो। (अन्तमा परमेश्वरको इच्छाअनुसार गर्नपाउनु कति ठूलो कुरो हो)।

८. अनि सबैले खाए, तृप्त भए, र चेलाहरूले उब्रेका टुक्राहरू बाह्र डाला उठाए। (एक प्रचारकले भने झैं 'कुनै अभाव छैन, कुनै नोकसान छैन, कुनै फोहोर-मैला छैन।"

यो कहानीमा, हामी चेलाहरूको तरिका र ख्रीष्टको तरिकामा भिन्नता देख्छौं। के तपाईं यस्तो मोडमा आउनुभएको छ जहाँ तपाईले थाहा गर्नुभयो कि ख्रीष्टको तरिका नै सर्वोत्तम तरिका हो। "सबै खाए अनि तृप्त भए," अनि त्यहाँ प्रशस्तताको आशिष थियो किनकि त्यहाँ उब्रका रोटीहरू बाह्र डाला थिए।

•••••••••••••••••

# आह! विश्राम गर्नुहोस्!

*****

*किनकि यहोशूले तिनीहरूलाई विश्राम दिएका भए त परमेश्वरले पछिबाट अर्को दिनको विषयमा भन्नुहुनेथिएन। यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। किनकि परमेश्वरको विश्राममा प्रवेश गराने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।*

*हिब्रू ४:८-११*

डान कामबाट छुट्टी पाएर आउँदा म उनलाई थाकेको देख्छु। उनले उठाएका प्याकेटको ओजन ७५ पाउण्डसम्म हुनसक्छ र उनले आफ्नो पालोमा १२०० वटा प्याकेट सम्हाल्नुपर्ने हुन्छ। यूपीएसले चौबिस घण्टाको अवधिमा आफ्नो विशेष गोदामबाट लगभग १,६०,००० प्याकेटहरू वितरण गर्छ। डान घरपुगेपछि उनले अनुभव गर्नसक्ने सबैभन्दा मिठो कुरा विश्राम हो। आह! विश्राम!

परमेश्वरको वचनले परमेश्वरका जनहरूलाई विश्राम दिन्छ। हिब्रू ४:१-११ मा हामी चार प्रकारका विश्रामहरूबारे पढ्छौं: सृष्टिको विश्राम, शबाथको विश्राम, कनान विश्राम र ईश्वरीय विश्राम। पहिलो तीनवटा उदाहरण ईश्वरीय विश्रामका उदाहरण र नमूनाहरू हुन्।

इस्राएलले प्राप्त गरेका दुईवटा सबै ठूलो उपलब्धी लाल समुद्र पार गर्नु र यर्दन नदी पार गर्नु थियो। तिनीहरूको गन्तब्य अर्थात प्रतिज्ञा गरिएको देश तिनीहरूका घर हुनेवाला थियो। लाल समुद्र पार गरेको केही समय नबित्दै तिनीहरू प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्न आँटेका थिए। तर त्यस गाह्रो समयमा तिमीहरूले विश्वास गर्नुको सट्टा शंका गर्ने छनौट गरे। तिनीहरूले दुई जना विश्वासयोग्य जासुसका कुराहरूलाई तिरस्कार वा अविश्वास गरे जसले तिनीहरूलाई त्यस देशमा प्रवेश गर्न आग्रह गरेका थिए। आफ्नो अनाज्ञाकारिताको कारण यहोशूले तिनीहरूलाई उजाडस्थानमा चालीस वर्षसम्म डोऱ्याए।

प्रतिज्ञाको गरिएको देशमा लैजानको लागि नै परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउनुभयो। धेरै बाइबलविदहरू विश्वास गर्छन् कि मिश्रको दासत्वबाट मुक्त हुनु मुक्तिको प्रतिक हो र आशिषको देशमा प्रवेश गर्नु पवित्रीकरणको प्रतिक हो। यहोशूले मानिसहरूलाई उजाडस्थानबाट भौतारिएको अवस्थामा विश्राम दिए तापनि आज पनि परमेश्वरका जनहरूका लागि अर्को विश्रामको दिन बाँकी नै छ। यो परमेश्वरको विश्राम हो; शाबाथको विश्राम। यो यति महत्वपूर्ण छ कि परमेश्वरले हामीलाई आग्रह गर्नुहुन्छ, "त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गर" (४:११)।

तर आज कति इसाईहरूले ख्रीष्टलाई साँच्चै स्वीकार गरेका छन् र केही हदसम्म उहाँको पछि लागेका पनि छन् तापनि तिनीहरूले आफैमा संघर्ष गरिरहेका, बेचैन र बोझले दबिएका भेट्टाएका छन्?

इतिहासको एउटा पाठले हामीलाई मद्दत गरोस्। ब्याप्टिस्ट प्रचारक ए.बी.अर्ल, जसको सेवकाई सन् १८३० देखि १८८० सम्म अमेरिका, क्यानाडा र ब्रिटिस आइल्ससम्म फैलिएको थियो। तिनले संयुक्त राज्य र क्यानाडाभरि ३,२५,००० किलोमिटर यात्रा गरे, १९,७८० वटा प्रवचनहरू प्रचार गरे अनि १,५०,००० जनाले आफ्नो सेवकाईमा जीवन परिवर्तन गरेको देखे। अर्ललाई सेवाको काम साह्रै मन पर्थ्यो तैपनि तिनले यसो भने, "लामो समयसम्म मभित्र अशान्ति छाएको थियो, मेरो आत्मा शुन्यताले भरिएको थियो...यदि मसित शान्ति थियो भने पनि त्यो मसित रहिरहने छैन भन्ने डर थियो, अनि त्यो भएन।" यतिबेला तिनको इसाई जीवन माथि तल भइरहेको थियो, कहिले खुशी कहिले दु:खी भइरहेका थिए। तिनले भने, "येशूमा पाइने विश्राम जो मैले खोजिराखेको थिए त्यो अझसम्म पाएको थिइनँ।" एउटा पाप जसले तिनलाई दु:ख दिइरहेको थियो त्यो चाहिँ तिनको आफ्नै इच्छा पूरा गर्ने तिनको कटिबद्धता थियो। तिनले बुझे, "ख्रीष्टको प्रेमको पूर्णतामा आउनुअघि मैले आफैलाई रित्याउनुपर्छ।" केप कडमा भएको सभाको समयमा, वर्षौंको प्रार्थना, खोजी र समर्पणतापछि अर्लले यस्तो गवाही दिए, "ख्रीष्टको प्रेमको पूर्णताको लागि बिन्ति गर्दै म एकलै आफ्नो कोठामा थिएँ, जब स्वर्गीय शान्तिले मेरो आत्माको खाली ठाउँ भरियो, अब कुनै तृष्णा छैन, बेचौनी छैन, असन्तुष्टि छैन...त्यसपछि मेरो जीवनमा प्रथमचोटि मैले विश्राम पाएँ जोचाहिँ शान्तिभन्दा फरक र बढी थियो...यो परिवर्तन नोभेम्वर १८६३ को दोस्रो दिन पाँच बजेतिर भएको

थियो।...स्वर्गको शान्तिले विश्रामले मेरो आत्मा भरिएको थियो। दिन-रात मुक्तिदाता मबाट देखिनुहुन्छ।"[71]

अर्ल आफ्नो सेवकाईमा नयाँ बल र अझ धेरै विजयका साथमा गए। तिनको व्यक्तिगत् जीवनमा आन्तरिक शान्ति र विश्राम थियो। तिनले द *रेस्ट अफ फेथ* नामक पुस्तक पनि लेखे।

आह! विश्राम गर्नुहोस्! तपाईले पनि यो अनुभव गर्नसक्नुहुन्छ भनी थाहा गर्नुहोस्।

• • • • • • • • • • • • • • • • •

[71]. जेम्स गिल्क्रिस्ट लसन, *प्रख्यात मसीहीहरूका गहिरा अनुभवहरू* (एन्डरसन, IN: वार्नर प्रेस, १९११), ३०१–०९।

# शक्तिशाली भई फर्कनु

*****

*म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँको आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीलाई शक्तिशाली पारून्। एफिसी ३:१६*

मण्डलीको प्रथम कार्यभार सम्हाल्दा एन्डी र हिदरले चुनौतिहरूको सामना गरिरहेको बेला, हिदरले मलाई निम्न कुरा लेखिपठाए:

*हाम्रो जीवनमा थुप्रै परिवर्तनहरू आएको छ यसले यो मण्डलीलाई फेरि जीवन्त पार्ने हाम्रो लक्ष्यमा हामीलाई विचलित पारेको छ भनी भन्नै पर्दैन। तथापि, तपाईंहरूको सन्देश सुनेदेखि मैले बुझें कि केही वर्षअघि म साँच्चै पवित्र भए तापनि मैले ख्रीष्टलाई आफ्नो हृदयको सिंहासनबाट हटाइसकेको छु र आफै शाषण गर्न तयार छु। मैले यसको नतिजा महसुस गर्न थालें: निराशा, चिन्ता, आशाहिनता र मण्डली सुरु हुनुभन्दा अघिनै हारको साँचो अनुभूति!*

*तपाईंका सन्देशहरू पवित्र आत्माबाट सिँधै मेरो हृदय र मस्तिष्कमा आएका थिए। मैले प्रभु येशूलाई मेरो हृदयमा एक पटक फेरि सर्वोच्च शासन गर्न आग्रह गरेको छु। मैले प्रार्थना गर्न र मेरो बाइबल पढ्न सुरु गरेको छु, र म अझै पनि मलाई थाह छैन कि कसरी परमेश्वरले यो मण्डलीलाई फेरि जिवन्त पार्नुहुन्छ र कसरी हामी ती काम गर्नसक्छौं जोचाहिँ गरिनु आवश्यक छ, तर म यति जान्दछु कि उहाँ शक्तिमा फर्कनुभएको छ, र यो हुनैपर्छ, र हामी उहाँको निर्देशन सुन्न फेरि एक पटक प्रयास गर्दैछौं। म फेरि प्रभुको लागि तातिएको छु। म उत्साहित छु कि उहाँले यो काम गर्दैहुनुहुन्छ।*

प्रभु येशूले हाम्रो हृदयमा सर्वोच्च शासन गर्नुहुन्छ भन्ने कुरामा हामी निश्चित होऔं![72]

.................

[72]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००६ जुन).

# सेप्टेम्बर १०　　　　　　　　　　　　　　　　　दिन - २५३

# दबावमा

*****

*अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लडन्त गर्‍यौ, अनि विजयी भयौ। उत्पत्ति ३२:२८*

के तपाईले कहिले यस्तो दबावको महसुस गर्नुभएको छ?

याकूबले गरेको छ।

सुटुक्क, बेइमानी गर्ने; छल गर्ने। जन्मँदै आफ्नो जुम्ल्याहा भाइको कोखलाई पछारेर जन्मिएका उनलाई याकूब नाम दिइएको छ; जसको अर्थ हो, "कुर्कुच्चा समात्ने" वा लाक्षणिक रूपमा "धोका दिने" (उत्पत्ति २५:२६)। जवान छँदा तिनले आफ्नो भोको र लापरवाह दाजु एसावको ज्येष्ठ अधिकारको सट्टा एक कचौरा रातो सुरुवा आफ्नै दाजुलाई बेच्छन्। यस ज्येष्ठ अधिकारमा पैत्रिक सम्पत्तिको सबैभन्दा ठूलो भाग पनि समावेश छ। पछिबाट, तिनीहरूला बुबा इसहाक वृद्ध र आँखा नदेख्ने हुँदा याकूब र तिनकी आमाले एसावलाई आशिष् दिन याकूबलाई छक्याए।

जब एसावले यो कुरा थाहा पाउँछन्, तिनी रीसले चूर हुँदै यसो भन्छन्, "त्यसको नाउँ याकूब राखिएको के ठीकै होइन? किनभने त्यसले मलाई दुई पल्ट ठगिसक्यो। त्यसले मेरो ज्येष्ठ अधिकार हर्‍यो, र अहिले मैले पाउने आशिष् पनि लाग्यो" (उत्पत्ति २७:३६)। रीसले चूर भएर एसावले याकूबको हत्या गर्ने घम्की दिन्छन्। यो सुनेपछि याकूब भाग्छ।

तैपनि याकूबको परमेश्वरसित व्यक्तिगत सम्बन्ध छ भन्ने कुनै संकेत पाइँदैन। आफ्नो दाजुको धम्कीको कारण याकूब बेथेलमा रात बिताउने गर्छन्। त्यहाँ परमेश्वर याकूबसित बोल्नुहुन्छ र भन्नुहुन्छ, "म तेरो साथमा छु।" पहिलो पटक सर्वशक्तिमान परमेश्वरसित याकूबको सम्बन्ध छ।

याकूब पद्दन आराम आइपुग्छ र आफ्ना काका लाबानको लागि चौध वर्ष काम गरेर दुई वटी पत्नी पाउँछन्। अन्तत: लाबानले याकूब र तिनको परिवारलाई यति कठोर व्यवहार गरे कि याकूबले आफ्नी पत्नी, छोराछोरी र बगाललाई आफ्नो घर लैजाने निर्णय गर्छन्। लाबान याकूबको पछि लाग्छन् तर अन्तमा तिनीहरू सम्झौता गर्छन्।

अहिले आफ्नो देश नजिकै भएकोले याकूबले तिनलाई मार्ने धम्की दिने भाइको सामना गर्नुपर्ने हुन्छ। त्यो हो, यहोवाको आशिष् पाउने। अन्तमा, परमेश्वरले तिनको हृदयको गहिराई छुनुहुन्छ र आफ्नो नाउँ "याकूब" बाट "इस्राएल" मा परिवर्तन गर्नुहुन्छ जसको अर्थ हो, "उनी परमेश्वरसँग लडन्त गर्छन्"। नाउँको परिवर्तनले चरित्रको परिवर्तनलाई देखाउँछ।

यो ईश्वरीय भेटपछि इस्राएल र एसाव क्षमा र प्रेममा फेरि एक भए। याकूब आफ्नो परिवारको आत्मिक अगुवा र इस्राएलका बाह्र कुलका पिता बन्छन्।

परमेश्वरले इस्राएललाई दिनुभएको दुई वटा महान अनुभवले आज हाम्रो आत्मिक यात्रालाई संकेत गर्छ। पहिलो, तपाईं ख्रीष्टलाई स्वीकार गर्नुहुन्छ र परमेश्वरसित सम्बन्ध गास्नुहुन्छ। त्यसपछि, परमेश्वरले तपाईंको हृदयको गहिराइलाई जाँच्नुहुन्छ र स्वकेन्द्रित कुरालाई प्रकट गर्नुहुन्छ जसलाई शुद्ध पार्न र पूर्णरूपले समर्पण गर्न खाँचो छ। याकूबको कथामा जस्तै, परिस्थीतिको दबावले हामीलाई अक्सर त्यस ठाउँमा ल्याउँछ।

हो पक्कै दबाव! अनि हाम्रो दिनमा!

जवान छँदा डिक फिल्ड्स नाजरेन प्रकाशन हाउसमा काम गर्नलाई गए। उनी ख्रीष्टको अनुयायी थिए र उनको कामको एउटा भाग कठिन थियो र त्यसले उनलाई दबावमा पार्‍यो। त्यतिबेला, ठूल्ठूला छापाखानाहरूले कपडाद्वारा उक्त कागजलाई छाप्नलाई तान्ने गर्थ्यो। कहिलेकाहीँ कपडा फाटेको हुन्थ्यो। डिक मसिनको मुन्तिर घस्रेर जानुपर्थ्यो, त्यहाँ फोहोरमाथि उ उत्तानो परेर फाटेको कपडालाई सिलाउनुपर्थ्यो अनि मसिनको तेल उनको शरीरमा खस्थ्यो। उनले भने, " बाँकी जीवनभर म यो काम गर्न चाहन्नँ!" त्यसपछी उनी रोकिए। डिकले प्रार्थना गरे, "हे परमप्रभु, यदि तपाईंले यो गरेको चाहनुहुन्छ भने म जीवनभर यो काम गर्नेछु।"

पछिबाट, डिकले यसो भने, "मलाई विश्वास छ, त्यति नै बेला परमेश्वरले मलाई पवित्र पार्नुभयो।"

डिकले नाजरेन प्रकाशन हाउस (जून २०१८ मा द फाउन्ड्री प्रकाशन भयो) को लागि चौउन्न (५४) वर्ष काम गरे। अन्तत: उनी उत्पादक प्रबन्धक भए। उनको कामले लाखौं मानिसहरूलाई इसाई साहित्यहरूको प्रबन्ध गर्न मद्दत गऱ्यो। दबावमा, छापाखानाको दबावमा, शरीरमा चुहिने तेलको समस्यामा, परमेश्वरप्रतिको उनको पूर्ण समर्पणताले उनको चरित्रमा परमेश्वरले पवित्रता दिनुभयो। उनको अन्त्येष्टि कार्यक्रममा डिक फिल्ड्सलाफ निम्न शब्दहरूद्वारा वर्णन गरिएको थियो:

१. उत्साहित व्यक्ति
२. प्रतिष्ठित, सावधानी, इमानदारी
३. दीर्घकालिन आज्ञाकारी
४. पूर्व पास्टरले भने, "पच्चिस वर्षमा, मैले डिकलाई ख्रीष्टको स्वरूपबाट डगमगाएको कहिल्यै देखिनँ।"
५. अर्को एक व्यक्तिले साक्षी दिए, "परमेश्वरले हामीलाई डिक फिल्ड्स दिनुभयो ताकि तपाईले परमेश्वर कस्तो हुनुहुन्छ भनी उहाँबाट जान्न सकेको होस्।"

परमेश्वरले तपाईंको नाउँ, तपाईंको चरित्र, तपाईंको हृदय; तपाईंको योजनाहरू; र तपाईंको भविष्य परिवर्तन नगरेसम्म के तपाईं ती दबावहरूलाई आफ्नो जीवनमा आउन अनुमति दिनुहुन्छ?

•••••••••••••••••

# येशू थाक्नुभयो

*****

*त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्राय: मध्यान्ह भएको थियो। यूहन्ना ४:६*

सम्भवत: संयुक्त राज्य अमेरिकाको इतिहासमा सबैभन्दा महान राष्ट्रपति अब्राहाम लिंकन थिए। गृहयुद्धको बीचमा लिंकनबारे हामीसँग निम्न विवरणहरू छन्: "लिंकन विभाजनहरू पत्ता लगाउन र द्रुत गतिमा चलिरहेको युद्धको पछि लाग्न खोज्दा रातभरि पटक्कै सुतेनन्।" "लिंकनले युनियन सेनालाई नराम्रोसँग हिर्काइएको, सेनापतिको प्रतिष्ठा चकनाचूर भएको, शत्रुद्वारा वासिङ्गटन खतरामा परेको देखे।"[73]

मे ६, १८६३ मा ह्वाइट हाउसले चान्सलर्सभिलको युद्धमा पोटोमैकको सेनालाई नराम्रोसँग हिर्काइयो भन्ने खबर प्राप्त भयो। त्यतिबेला ह्वाइट हाउसमा रहेका एक जना अखबर संवाददाताले "राष्ट्रपतिको अनुहार पहेंलो भएको छ" भनी टिप्पणी गरे; तिनी कहिल्यै त्यस्तो टुटेका र निराश भएका थिएनन्। शिर झुकेको, हात कम्मरपछाडि जोडसित बाधिएको, तिनी आफ्नो कार्यलयमा पस्तै कराए, "हे परमेश्वर! मेरो परमेश्वर! देशले के भन्ने? देशले के भन्ने?[74]

हो, हामीमध्ये सबैभन्दा असल र ठूला मानिसहरूले समेत तिमीहरूको मन र शरीरलाई गहिरो असर पार्ने दबाव र फिक्रीको क्षण अनुभव गर्छन्। संसारका उद्धारक तथा प्रभु येशू ख्रीष्टले पनि यो क्षणको अनुभव गर्नुभयो।

यूहन्ना ४ मा येशू यहूदियाबाट गालीलतर्फ यात्रा गर्दै (सायद हिँड्दै) जानुहुँदा उहाँ यहूदीहरूले बहिस्कार गरेको इलाका सामरिया भएर जानुहुन्छ। सुखार भनिने ठाउँमा, उहाँ यात्राले थाक्नुभएको कारण त्यस इनारको छेउमा बस्नुहुन्छ। एकदमै साधारण र स्वभाविक- शक्तिशाली येशू ख्रीष्ट थाक्नुहुन्छ र उहाँ बस्नुहुन्छ। बाइबलका लेखकहरूले येशू पूर्णरूपमा मानिस र पूर्णरूपमा परमेश्वर हुनुहुन्छ भनी सावधानीपूर्वक देखाएका छन्। हिब्रू ४:१४-१५ ले हामीलाई यसो भन्छ, "आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।"

येशूले भोगेका केही पीडा र सीमितताहरू बुझ्नु महत्वपूर्ण हुन्छ। मत्ती १३:५७ मा आफ्नै शहरले उहाँलाई आनादर गरेको छ। मत्ती २६:३८-४० मा उहाँले क्रूसमा मृत्यु भोग्दा ठूलो दु:ख महसुस गर्नुहुन्छ र आफ्ना चेलाहरूको सहयोगको अभावमा उहाँ चिन्तित हुनुहुन्छ। लूका ४:१-२मा, उपवासको कारण भोकाएको बेला शैतानले उहाँलाई परीक्षामा पार्न खोज्छ। लूका १९:४५ मा उहाँ मन्दिरको व्यापार देखेर रिसाउनुहुन। यूहन्ना ११:३५ मा उहाँ एक जना मित्रको मृत्युमा रुनुहुन्छ। यी सबै क्षणहरूमा हामी उहाँको मानवता र हामीबारे उहाँको समझ महसुस गर्छौं। उहाँ थाक्नुभएको छ, अपमानित हुनुभएको छ, दु:ख, कष्ट, र प्रलोभनमा पर्नुभएको छ, भोकाउनुभएको छ, रिसाउनुभएको छ। उहाँले हरेक दिन भोग्ने अनुभव हाम्रो जस्तै छ।

उहाँ थाकेर इनारको छेउमा बस्नुभएझैं येशूले अझै पनि अरूमाथि आफ्नो प्रभाव राख्नुहुन्छ। उहाँले तिर्खाएकी, पापी सामरी स्त्रीहरूलाई भेट्नुहुन्छ र तिनलाई जिउँदो पानी दिनुहुन्छ। ख्रीष्टलाई भेट्टाएको घोषणा गर्दै तिनी आफ्नो नगर फर्कन्छिन्। अन्य सामरीहरू विश्वासी बन्न र "यो मानिस साँच्चै संसारको मुक्तिदाता" नै हुनुहुन्छ भनी हेर्न नगरबाट बाहिर आउँछन् (यूहन्ना ४:४२)।

त्यस्तै गरी, हामी थकित र थुप्रै तरिकामा प्रयास गरे तापनि के हामीले अझै पनि आफू वरपरको संसारमा आत्मिक प्रभाव पार्न सक्दैनौं र? हो, संसारका उद्धारकसितको हाम्रो सम्बन्धले गर्दा हामी यसो गर्नसक्छौं।

.................

---

73. थोमस, अब्राहाम लिंकन, ३३८।

74. थोमस, *अब्राहम लिङ्कन*, 369–70.

# परमेश्वरले तपाईंलाई कत्तिको भरोसा गर्नसक्नुहुन्छ?

*****

*विश्वासी र बुद्धिमान नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान दिओस् भनी खटाइएका हुन्छ? त्यो नोकर धन्य को हो, जसलाई मालिक आउँदा यसै गरिरहेको भेट्टाउनेछ। साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ।*

*मत्ती २४:४५-४७*

येशूले हामीलाई "मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ" भनी भन्नुभयो (मत्ती २४:४४)। तसर्थ, ख्रीष्टलाई भेट्न तपाईं तयार हुनुहुन्छ भन्ने कुराको एक मात्र ग्यारन्टी परमेश्वरले दिनुभएको कामप्रति पूर्ण विश्वासयोग्य हुनु हो। यसबाहेक, थोरै जिम्मेवारीहरूमा विश्वासयोग्य रहनु नै भविष्यमा ठूला जिम्मेवारीहरूको ढोका हो।

एड आफ्नो स्थानीय मण्डलीका विश्वासयोग्य सदस्य थिए। तिनका पास्टर तिनको ईश्वरीयता र तिनमा भएका प्रतिभा दुवैबाट प्रभावित बनेका थिए अनि उनले तिनलाई अमेरिकी स्टीलका उपाध्यक्ष हुने भविष्यवाणी गरे। पक्कै पनि तिनको कम्पनीले तिनलाफ ठूलो पदोन्नति र तलब बढाउने प्रस्ताव राख्यो। तर जुन मण्डलीमा तिनले आफैलाई समर्पित गरेका थिए, त्यो भर्खरको मण्डली र परमेश्वरको राज्यको खातिर तिनले यो पदोन्नतिलाई खारेज गरिदिए। परिणामस्वरूप तिनको मण्डली बलियो भएर आयो।

पछिबाट, अमेरिकी स्टीलले एडलाई इटालीको एउटा संयन्त्रको व्यवस्थापन गर्न आग्रह गऱ्यो जहाँ तिनको अधीनमा ३,५०० मजदूरहरू काम गर्नेवाला थियो। विशेषगरी बाइबलीय नैतिक मूल्य कम भएका थुप्रै प्रबन्धकहरूले राम्रो काम नगरेका हुनाले अधिकारीहरूले बाइबलीय नैतिक मूल्य भएका प्रबन्धक नियुक्त गर्ने समय आएको महसुस गरे। एडको सम्प्रदायले पनि त्यस सहरमा एउटा मण्डली खडा गरेको थियो जहाँ एडले सेवा गर्नेवाला थियो। आफ्नो इसाई प्रबन्धकले स्थानीय मण्डलीमा काम गरिरहेको देखेर ३,५०० जना मजदूरहरूमा कस्तो आत्मिक प्रभाव पार्ला?

यद्धपि तिनीहरूले कहिल्यै सेवा छुटाएका थिएनन्, एड र तिनकी पत्नी एभलिनले आफ्नो घरको बेचबिखन पूरा गरे, आफ्नो सामान पोको पारेर इटाली उड्न तयारी गरे जबकि तिनीहरूको स्थानीय मण्डलीले आफ्नो जागृतिको सेवा सञ्चालन गरिरहेका थिए।

त्यो आइतबार बिहान, एभलिन मकहाँ आँशुसरी आइन्। तिनीहरूको छोरा र तिनकी पत्नीले परमप्रभुको सेवा गरिरहेका थिएनन् अनि बिहानको सेवामा पनि सहभागी हुँदैन थिए। मैले एभलिनलाई परमेश्वरमा धैर्य राख्ने आग्रह गरे।

पक्कै पनि रातको सेवा गर्दा एड र एभलिनका छोरा-छोरीहरूले प्रभुलाई पाए। तिनीहरूको लागि कस्तो सुन्दर बिदाइ उपहार।

परमेश्वरले तिनीहरूलाई ठूलो जिम्मेवारी सुम्पनुभएको थियो। "त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ" भन्ने मत्ती २४:४७को मूल विषयलाई पवित्र-शास्त्रमा अन्यत्र दोहोऱ्याइएको छ:

- मत्ती २५:२१ – "तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु।"
- लूका १६:१० – "जो थोरै कुरामा ईमानदार (भरपर्दो) हुन्छ, त्यो धेरै कुरामा पनि ईमानदार (भरपर्दो) हुन्छ।
- लूका १९:१७ – "तँ अति थोरैमा विश्वासी भइस्, तैंले दश सहरहरूमाथि अधिकार पाउनेछस्।"

के तपाईंले कुरा बुझ्नुभयो? परमप्रभुले मलाई एकदिन भन्नुभएको थियो, "यदि आज मैले तिमीमा सानो कुरामा भरोसा गर्न सके भने भोली अझ ठूलो कुरामा म तिमीमा विश्वास गर्नसक्छु।" परमेश्वर तपाईंमाथि कतिसम्म भरोसा गर्नसक्नुहुन्छ?

.................

# अर्को कदम लिनुहोस्

*****

*भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।*

*गलाती* ६:९

जिम्मी कार्टर अमेरिकका राष्ट्रपति थिए, इरानका शाहलाई जबरजस्ती आफ्नो पदबाट बाहिर ल्याइएको थियो। धेरै इरानीहरू अमेरिकी सरकारप्रति आक्रोशित थिए। जवान इरानीहरूको भीडले तेहरानस्थित अमेरिकी दूतावासलाई आक्रमण गरेर सबै अमेरिकी कूटनीतिक कर्मचारीहरूलाई कब्जा गऱ्यो। चाँडै, क्यालिफोर्नियाको पासाडेनास्थित एउटा शक्तिशाली मण्डलीका पास्टर अर्ल र हेजल लीलाई, तिनीहरूका छोरा ग्यारी पनि कैदमा थिए भन्ने कुरा थाह भयो। तर तिनीहरूले ग्यारीसित कुनै कुराकानी गरेका थिएनन्। तिनको छोरा जीवित छ को मरेको, यातना दिइएको वा सुरक्षित राखिएको, भोको वा तृप्त, कुनै कुरा पनि हेजललाई थाहा थिएन। तिनले पीडा, चिन्ता र सम्बेदनशून्यता महसुस गरिन्।

आइतबार बिहानको कुरा हो। तिनले के गर्नुपर्छ? जब तिनले प्रार्थना गरिन्, तिनले प्रभुको आवाज सुनिन्, "अर्को कदम चाल्नुहोस्।" हेजलको लागि यसको अर्थ तिनले आइतबार बिहान जे गर्थिन् त्यही गर्नुपर्थ्यो- सण्डे स्कूलको पाठ सिध्याउनु; मण्डली भवनमा जानु; कक्षा सिध्याउनु, परमेश्वरको उपासना र आदर गर्नु। उनलाई संवेदनशील महसुस भएको हुनसक्छ। तिनलाई आफ्नो भविष्य थाहा छैन। तर तिनले अर्को कदम चाल्न सक्थिन्।

एकवर्षसम्म पनि अर्ल र हेजललाई ग्यारीलाई के भयो थाहा थिएन। तर तिनीहरू परमेश्वरमा भर पर्दै "अर्को कदम चाल्न" छोडेनन्। स्थानीय टी.भी.स्टेसनले अर्ल र हेजलको परिस्थीतिमा चासो लिए र कथा समेट्न एङ्कर जेनिन टार्टग्लियालाई खटाए। जेनिनले यस कहानीलाई राम्ररी वर्णन गर्न सार्वजनिक ठाउँमा तिनीहरूले कसरी दबाव गर्दैछन् भनी हेर्न तिनीहरूको मण्डलीमा उपस्थित हुनुपर्छ भन्ने सोचाइ राखेकी थिइन्। जेनिन तर्ताग्लियाले येशूलाई आफ्नो उद्धारक र प्रभुको रूपमा स्वीकारिन्।

दूतावासमा आक्रमण भएको चार सय चवालिस दिनपछि राष्ट्रपति रोनाल्ड रेगनले कार्यभार सम्हालेपछि बन्दी बनाएर लगिएका सबै अमेरिकी कूटनीतिक कर्मचारी रिहा भए। केही दिनमै ग्यारी घरमा थिए। अर्ल र हेजल रमाए र परमेश्वरलाई धन्यवाद चढाए।

परमेश्वरसितको हाम्रो सम्बन्धमा हरेक दिन एकदमै उच्च हुँदैन। तर ओसवाल्ड च्याम्बर्सले लेखेझैं, "हामीले पर्वतमा जे देख्यौं त्यहीअनुसार धमिलो दिनमा बस्नुपर्छ।"[75]

जेनिन टार्टग्लिया र लीजलाई एकसाथ ल्याउने अन्धकारमय दिनहरूले अझ धेरै फल फलाएको छ। धर्म परिवर्तन गर्ने ती जवान बढे र आज जेनिन टार्टाग्लिया मेटकाल्फ एक शक्तिशाली प्रचारक, शिक्षक र सुसमाचारका सेवक हुन् किनभने कसैले "अर्को कदम" चालेको थियो।

• • • • • • • • • • • • • • • • •

[75]. ओसवाल्ड चेम्बर्स, *उहाँको सर्वोच्चताको लागि मेरो सबैभन्दा उत्तम* (टोरोन्टो: म्याक्लेल्यान्ड एण्ड स्टेवार्ड लिमिटेड, १९३५), १०७।

# झुटोपनलाई उत्साहले बदल्नुहोस्

*****

*तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्।*

*एफिसी ४:२९*

*शब्दहरू!* ती शब्दहरू कति महत्वपूर्ण छन्? हामी तिनीहरूलाई कति शक्ति दिन्छौं? तपाईंको संसारले तपाईंलाई के भनिरहेको छ? के तिनीहरू रीसले चूर भएका छन्? के तिनीहरूले तपाईंको विषयमा नकारेका होइनन् र? के तपाईं ती कुरामा विश्वास गर्नुहुन्छ? के ती कुराहरूले तपाईंलाई परमेश्वरले तपाईंको लागि राख्नुभएको उद्देश्य पूरा हुनदेखि टाडा बनाउँछ? के यसले तपाईंलाई उम्रन कुनै उर्वर माटोमा राख्छ?

कहिले तपाईं "हुँदैन" भन्नुहुन्छ र आफ्नो शक्ति फिर्ता लिनुहुन्छ? मानिसहरूले तपाईंलाई मूल्य र सम्मानको साथ व्यवहार गरेको चाहनुहुन्छ भनी कसरी सिकाउनुहुन्छ?

अर्कोतर्फ, सायद तपाईंको संसार सकारात्मक कुराले भरिएको छ। सायद कसैले धैर्यतासाथ तपाईंलाई प्रोत्साहन दिइरहेको छ र तपाईंलाई घरभित्र जीवन कसरी जिउने भनेर सिकाइरहेकोछ। सायद तपाईंमाथि हाम्रो पिताको शर्तहिन प्रेम र अनुग्रह छाएको छ, जहाँ नयाँ कुराहरूको प्रयास गर्नु ठीक छ, र गल्ती हुँदा कुनै समस्या छैन। त्यसो हो भने, तपाईं आशीषित हुनुहुन्छ र त्यहाँ कोही व्यक्ति छ जसले जीवनदायी यी शब्दहरू सुन्न आवश्यक छ।

एकचोटि हाम्री छोरीको जन्मदिनमा फूलको सट्टा हामीले उसलाई मौखिक र लिखित गुच्छाहरू दियौं र त्यसले उसको हृदयलाई धेरै दिनसम्म खुशीले भरिदियो। तपाईंले आफ्नो संसारको लागि कस्तो शब्दहरू बोल्दै हुनुहुन्छ?

न्यान्सी शेभर[76]

•••••••••••••••••

[76]. पहिला *कम ये अपार्ट* सेप्टेम्बर-अक्टोबर-नोभेम्बर २००१ (कन्सास सिटी, एमओ:वर्ड एक्सन पब्लिसिंग को.) ८१। अनुमतिद्वारा प्रकाशित। (यो पकाशन रिफ्लेक्टिङ गाड) भयो।

# उसले माथि उक्लन वास्ता गऱ्यो।

*****

*त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिसहरू थिए, अनि धनी थिए। येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड्को भएका हुनाले भीडले गर्दा तिनले देख्न सकेनन्। तिनी उहाँलाई हेर्नलाई अगिअगि दौडेर एउटा अञ्जीरको रूखमा चढे। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो।*

*लूका १९:२-४*

तिनी धेरै कर उठाउने व्यक्ति थिए, त्यसैले धेरैजसो मानिसहरूले तिनलाई मन पराउँदैनथ्यो। सम्भवत: तिनले रोमी सरकारको अधिनस्त काम गरे र इस्राएलमा त्यो लोकप्रिय थिएन। रोमीहरूले तिर्नुपर्ने करबाहेक कर उठाउनेहरूले आफ्नो मनमानीमा अझ धेर थप शुल्क लिन्थे। यसैकारण तिनीहरू *साँच्चै* लोकप्रिय थिएनन्। तिनीहरूलाई पापी पनि मानिन्थ्यो (लूका १९:७)।

तपाईंले जखायसलाई श्रेय दिनुपर्छ। अरूले तिनको बारे जस्तोसुकै विचार राखे तापनि तिनले आफ्नो आत्मसम्मानमा लाग्ने कुनै पनि हानिले आफैलाई संसारको सबैभन्दा महत्वपूर्ण व्यक्तिलाई हेर्नदेखि रोक्न सकेनन्। "येशू को हुनुहुँदो रहेछ भनेर तिनी हेर्न चाहन्थे"- तिनीसित राम्रो अनि स्वस्थ्य कौतुहलता थियो। यसबाहेक, तिनले कदम चाले- तिनी अगि-अगि दौडेर गए र पुड्को भएको कारण एउटा अञ्जीरको रूखमा चढे।

स्पष्टरूपमा, येशूले जखायसमा ग्रहणशील हृदय देख्नुभयो र भीडबाट तिनलाई उठाउनुभयो। येशूले आफैलाई जखायसको घरमा खाना खान निम्तो दिनुभयो। तिनको छोटो नाउँ "जैख" राख्ने अनुमति दिनुहोस्- तिनी येशूसित नजिक हुनसक्ने मौकालाई पक्रनमा अति नै निपूण थिए। निस्संदेह, अरू मानिसहरूले तिनलाई उद्धारकसित नजिक भएको देखेपछि गनगन र आलोचना गर्न थाले।

जखायसले पक्कै पनि गहिरो पश्चात्ताप गरेको हुनुपर्छ अर्थात् आफ्नो पापको लागि तिनी दु:खी थिए र त्यसबाट फर्कन पाएको मा दु:खी थिए। तिनले आफ्नो आधा सम्पत्ति गरीबहरूलाई दिने र आफूले अन्यायपूर्वक केही लिएका जोसुकैलाई पनि चार गुणा फिर्ता गर्ने घोषणा गरे (१९:८)। यसलाई पुनर्स्थापना भनिन्छ। परमेश्वरले तपाईंका सबै पापहरू क्षमा गर्नुहुन्छ तर तीमध्ये कुनै-कुनै पापहरूमा अरूलाई अन्याय गर्ने कुरा समावेश छ। यदि यस्तो छ भने आफूले चोट पुऱ्याएका व्यक्तिकहाँ फर्केर परिस्थीतिलाई सच्याउनु उपयुक्त हुन्छ। यसो गर्नुभयो भने, तपाईंको प्रतिकार गर्नेहरूले तपाईंले परमेश्वरसित साँच्चै सही सम्बन्ध राख्नुभएको छ भनी थाहा पाउनेछन्।

जखायसले येशूलाई भेट्दा येशू यरीहो हुँदै यरूशलेमतिर संसारका पापको लागि मर्न जादै हुनुहुन्थ्यो। उहाँले चाँढै सारा संसारको लागि के प्रबन्ध गर्नुहुन्छ भन्ने सानो अभिव्यक्तिमा येशूले भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ" (१९:९)। येशूप्रति तिनको प्रतिक्रियाको कारण जखायस र तिनको पूरै परिवारले आशिष् पाए। येशूले भनेजस्तै गरेर जखायस अब्राहामका छोरो भए।

त्यसपछि, येशूले आफ्नो ठूलो कामलाई यसरी उल्लेख गर्नुभयो: "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (१९:१०)। नयाँ करारको शास्त्रविद् तथा बाइबल अनुवादक डा. राल्फ अर्लले भने कि योचाहिँ लूकाको सुसमाचारको मुख्य पद हो। यदि हामीले यस प्रस्तावलाई प्रतिक्रिया जनायौं भने कति राम्रो हुन्छ: कति राम्रो हुन्छ यदि हराएकाहरूलाई खोज्ने र बचाउने उहाँको मिसनमा हामी जोडियौं भने।

उनन्चास (४९) वर्षको हुँदा मेरी आमाले येशूलाई आफ्नो उद्धारकर्ताको रूपमा ग्रहण गरिन्। कति अचम्मको परिवर्तन उहाँले उनको जीवनमा ल्याउनुभयो! थुप्रै परिवर्तनहरूमध्ये एउटा परिवर्तनले उनलाई बाल्यकालमा फर्कायो।

मेरी आमा न्यू योर्क राज्यमा गरिब परिवारमा हुर्केकी थिइन्। उनी छैटौं कक्षामा पढ्दै गर्दा तिनको कक्षा न्यु योर्क सहर भ्रमण जान लागेका थिए। उनी आफनो शिक्षककहाँ गइन् र यात्राको लागि पैसा तिर्न पाँच डलर ऋण मागिन्। सन् १९१९ मा त्यो निक्कै ठूलो रकम थियो। अहिले, नयाँ इसाईको नाताले मेरी आमाले त्यो ऋण भुक्तान नगरेको महसुस गरिन्। परिवारलाई भेट्न उनी बेला-बेलामा न्यू-योर्क जान्थिन्। त्यसैले ती भ्रमणहरूमध्ये एउटामा उनले आफ्नो पहिलेको स्कूलका शिक्षिकालाई भेट्न गइन् र छब्बीस वर्षपछि पाँच डलर ऋण तिरिन्। यो पुनर्स्थापना थियो र मानिसहरू भेरा शेभरसँग वास्तविक कुरा छ भन्ने विश्वास गर्थे।

जखायस र येशूको कथा तपाईंको लागि एक आदर्श हुनसकोस्:

- जीवनमा तपाईंको ओहोदा जस्तोसुकै भए तापनि कसैले वा कुनै कुराले तपाईंलाई येशूको खोजी गर्नबाट नरोकोस्।
- आफ्नो आत्मिक जिज्ञासालाई कार्यमा परिणत गर्नुहोस्: येशूसित सम्पर्क राख्न जे-जे आवश्यक छ त्यही गर्नुहोस्।
- यो कुरा थाहा गर्नुहोस् कि परमेश्वरले तपाईमा विशेष कुरा देख्नुहुन्छ। उहाँले बोलाउनुहुँदा प्रत्युत्तर दिनुहोस्।
- आफ्नो पापबाट पूरा रीतिले फर्कनुहोस् र तपाईंले गर्नुभएका गलत कुराहरूलाई सच्याउनुहोस्।
- येशूले तपाईंलाई खोज्न र बचाउन चाहनुहुन्छ- तपाईंलाई बचाउन उहाँमाथि भरोसा गर्नुहोस्। तपाईंले चिन्नुभएको ख्रीष्टलाई चिनाउन अरूहरूलाई उहाँको बारे बताउनुहोस्।

जखायस, माथि उक्लने वास्ताको निम्ति धन्यवाद। येशूले हामीलाई कति धेरै खोज्नुहुन्छ भन्ने कुरा बुझ्दा यो माथि उक्लने काम खेरो गएन।

.................

# परमेश्वरको अनुग्रहद्वारा सेवक

*****

*उहाँको शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ।*

*एफिसी ३:७*

आफूले कहिल्यै नभेटेको परमेश्वरसित शाऊलको सरोकार थियो। इसाईहरूलाई नष्ट गर्ने उनको यात्रा अचानक उनको वरिपरि चम्केको ज्योतिले रोकिदियो, र उनलाई कमजोर बनाइदियो, अनि सधैँको लागि परिवर्तन गरिदियो। अनि उनी "तिनीहरू" मध्ये एक भए र परमेश्वर दयाले भरिएर उनलाई निको पार्न आफ्नो दास हननियालाई पठाउनुभयो।

पावल, जसरी उनी अहिले परिचित थिए, उनको विगत र हराएको समय पूरा गर्न उनी निक्कै आन्तरिकरूपले जोशिएका थिए। उनी सबैलाई परमेश्वरको प्रेमको महान् रहस्य प्रकट गर्न चुनिएका थिए। उनी सफल पापी थिए, र अहिले सफल सन्त बनेका थिए। उनले सेवकाईको एउटा यस्तो नमूना सृजना गरे जुन आत्मिक शक्तिबिना असम्भव छ।

के हामी त्यो शक्तिसँग जोडिएका छौं जसले गर्दा हामी आफूले राखेको ठाउँमा सेवा गर्न सक्छौं? परमेश्वरले हामीजस्ता साधारण मानिसहरूलाई प्रेमका पूल बनाउन प्रयोग गर्नुहुँदा के हामी छक्क र नम्र हुन्छौं ताकि अनुग्रह आउन सकोस्? यो हुन पनि सक्छ।

न्यान्सी शेभर[77]

• • • • • • • • • • • • • • • • •

[77]. पहिला *कम ये अपार्ट* सेप्टेम्बर-अक्टोबर-नोभेम्बर १९९८ (कन्सास सिटी, एमओ:वर्ड एक्सन पब्लिसिंग को.) ९२। अनुमतिद्वारा प्रकाशित। (यो पकाशन रिफ्लेक्टिङ गाड) भयो।

# अ म्यान कल्ड पिटर

*****

*जसरी हरिणले खोलाको पानीको तृष्णा गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ।*

*भजन ४२:१*

*अ म्यान कल्ड पिटर (A Man Called Peter)* एउटा पुस्तकको नाम हो (र पछिबाट यस पुस्तकमा आधारित चलचित्रको नाम) हो। यसको लेखिका क्याथरिन मार्सलले आफ्ना प्रसिद्ध प्रचारक पति, पिटर मार्सलको बारेमा लेखेकी थिइन्। अमेरिकामा एक जना स्कटल्याण्डका अप्रवासी पिटरले सेमिनारमा भाग लिए अनि अन्तमा तिनी वासिङ्टन डि.सीस्थित न्यु-योर्क एवेन्यु प्रेस्बेटिरियन मण्डलीका पास्टर भए। त्यसपछि तिनी संयुक्त राज्य अमेरिकाको सीनेटका पास्टर नियुक्त भए। अड्तालिस वर्षको उमेरमा तिनको असमायिक निधन भयो।

पिटरले "काधमा थप्थपाहट" महसुस गरेको कुरो बताए। यसबारे तिनले यसरी वर्णन गरे: "सहायतबिना अथवा पतित पापीलाफ मद्दत नगरी नयाँ प्राणी उत्पन्न गर्न र परमेश्वरले उहाँको निम्ति गर्नुभएको कुनै काममा अगुवाइ लिन "काँधमा थपथपाहट" परमेश्वरको शक्तिशाली सामर्थ्य हो।78

मेरो जीवनमा पिटर नाउँ गरेका अर्कै मानिस थिए। उनी कनेक्टिकटको म्यानचेस्टरस्थित उच्च माध्यमिक विधालयमा मभन्दा दुई वर्ष अगाडि थिए। उनी विधार्थी निकायका अध्यक्ष थिए; एक सिधा-एक विधार्थीको रूपमा प्रयास गर्दा उनले फुटबल टिममा गोलकिपरको भूमिका निभाए, यद्धपि उनी सानैदेखि अपाहिज थिए। त्यसरी नै, डार्टमाथमा उनी समूहको अध्यक्ष थिए। यूनिभर्सिटीमा फुलबल खेले, अनि स्कूलको सबैभन्दा उच्च मानार्थ संगठन "ग्रीन के" को हिस्सा भए। तर अन्तमा, पिटरलाई रक्सी पिउने समस्याले यति धेरै असर गऱ्यो उनले कलेज छोडे।

म डार्टमाउथमा पनि उपस्थित भएँ र त्यहाँ मैले परमेश्वरको भोक महसुस गर्न थालें। उहाँलाई कसरी भेट्टाउने भन्ने कुरा मलाई थाहा थिएन। मलाई कसैले पनि भन्न नसकेको जस्तो लाग्थ्यो। त्यसैले म सेवलयमा गएँ। म स्तब्ध भएँ, पिटर पनि त्यहाँ देखा परे। एकवर्षपछि तिनलाई कलेजमा फेरि भर्ना मिलेको थियो। जब हामीले एक-अर्कालाई देख्यौं, तिनले मलाई भने, "चिक, म पहिलाभन्दा धेरै फरक भएको छु, किनभने मैले प्रभुलाई पाएँ।" उनी नै मलाई परमेश्वर साँचो हुनुहुन्छ भनेर बताउने पहिलो व्यक्ति बने।

केही हप्तापछि पिटर मेरो कोठामा आए र मैले कहिल्यै नसुनेको सबैभन्दा ठूलो कथा सुनाए। यसअघि उनी गाडीको पछाडिपट्टि सुतिरहेका थिए र ६ वटै राज्यका प्रहरीहरूसँग उनको समस्या थियो। तर पछि जब उनले येशूद्वारा परमेश्वरलाई व्यक्तिगत् रूपमा भेट्टाए। उनका सबै पापहरू क्षमा भयो। तुरुन्तै उनले रक्सीको लतबाट छुटकारा पाए; उनले ठूलो आनन्द र शान्तिको अनुभव गरे। पिटरले मलाई नजिकैको मण्डलीमा बोलाए जहाँ साँच्चै परमेश्वर मेरो निम्ति वास्तविक हुनुभयो र मलाई उहाँले नयाँ जीवन दिनुभयो। आत्मिक रूपमा बढ्दै जाँदा पिटरले मलाई प्रार्थना गर्न र बाइबल पढ्न सिकाए र संघर्षहरूमा मलाई मद्दत गरे।

अन्तत: हामी दुवैले सेमिनारीको लागि कन्सास सिटीमा काम गऱ्यौं। म कन्सास सिटीमा आइपुग्दा, मैले चिनेको व्यक्ति केवल पिटर मात्र थिए, जोचाहिँ कन्सास सिटी रेस्क्यु मिसनका सुपरिटन्डेन्ट थिए। उनले मलाई सुत्ने ठाउँ दिए र हामी अक्सर सँगै मिलेर सुसमाचार प्रचार गर्थ्यौं। पिटरलाई मनपर्ने वचन भजन ४२:१ थियो र वास्तवमा नै भन्ने हो भने, उनले परमेश्वरको पछि तृष्णा गर्ने कुरालाई चित्रण गरेका छन्। न्यान्सी र मैले विवाह गर्दा तिनले साक्षीको रूपमा हाम्रो विवाह प्रमाणपत्रमा हस्ताक्षर गरे र फिलिप्पी ४:१९ लाई जोडे।

पिटरले मेरी नाउँ गरेकी एक जना असल स्त्रीसित विवाह गरे र तिनीहरूका चार जना छोरा-छोरीहरू भए जसको बारेमा उनले अनेक बार मायालु ढंगमा कुरा गरे। पिटरले आत्मिक संघर्षमा भएर गए, तर हामी सम्पर्कमा रह्यौं। उनी पुन: बलियो भएर फर्केर आए र सण्डे स्कूलमा सिकाए, पास्टर हुनलाई तालिम लिए र आफ्नो स्थानीय मण्डलीमा प्रभावशाली बने। तिनी परमेश्वरको उपस्थीतिमा चम्कन्छन् अनि पवित्र आत्माको पवित्र पार्ने कामलाई प्रोत्साहन दिन्छ। मेरीको अन्तिम वर्षहरूमा, तिनले मेरीलाई असाध्यै माया गरेर उनको वास्ता गरे।

कोभिड-१९ महामारीको बेला पिटरलाई यो भाइरस लागेको थियो, जसले गर्दा तिनलाई निमोनिया भयो। तिनी सात हफ्तासम्म अस्पताल र अक्सीजनमा थिए। अन्तमा, एक आइतबार उनी अस्पतालबाट छुटेको खबर दिन तिनले फोन गरे र यो मेरो जीवनको सबैभन्दा ठूलो खुशीको दिन थियो। तिनी कमजोर भएको भए तापनि तिनले मेरो लागि कसरी प्रार्थना गर्नसक्छु भनेर सोधे।

मलाई थाहा भएको सबैभन्दा इश्वरभक्त मानिसहरूमध्ये पिटर एक हुन्। यसैकारण म "पिटर भनिने एक जना मानिस" को बारेमा कुरा गर्छु।

•••••••••••••••••

[78]. डा. पिटर मार्शल, *श्री जोन्स, मास्टर भेट्नुहोस्: पिटर मार्शलको उपदेश र प्रार्थना* (वेस्टवुड, एनजे: फ्लेमिङ एच रेभेल कम्पनी, १९५०), ३१.

# दुई स्वर्गदूतहरू

*****

*के तिमीहरूलाई थाहा छैन, हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं?*

*१ कोरिन्थी ६:३*

*के ती सबै स्वर्गदूतहरू मुक्ति पाउनेहरूको खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरू होइनन्।*

*हिब्रू १:१४*

हिब्रू १:१४ ले स्वर्गदूतको बारेमा "स्वर्गदूतहरू मुक्ति पाउनेहरूको खातिर सेवा गर्न पठाइएका सेवा गर्ने आत्मा" भनी वर्णन गर्दछ।

म विश्वास गर्छु, यओ "निश्चित" स्वर्गदूतहरू हुन् जसलाई हामी एक दिन न्याय गर्नेछौं: "के तिमीहरूलाई थाहा छैन कि हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं?" (१ यूहन्ना ६:३)।

एक चोटि, कन्सास सिटी रेस्क्यू मिसनले प्रति रात औसत ९० जना मानिसहरूलाई सेवा प्रदान गर्दा मण्डलीको एउटा समूह यो सेवा सञ्चालन गर्न आउन सकेन। यसको मतलब, हामी एकजना जो मिसनमा बस्छौं, तिनले प्रचार गर्नुपर्थ्यो। त्यसैले मैले आफ्नो भजन र बाइबल लिएर अघि बढें।

मण्डलीमा पूरै पुरुषहरू थिए र एक जना मानिसले गीत गाउनुमा बाधा पुऱ्याइरहे। मैले यो कुराको वेवास्ता गरें। तर मैले प्रवचनको लागि वचन पढ्नुअघि उसले आफ्नो विचलनलाई निरन्तरता दिए। मैले उसलाई भने, "कृपा गरेर शान्त रहनुहोस् र प्रभुको वचनको आदर गर्नुहोस्।" तैपनि उसले अझ प्रयास गरिरह्यो। त्यस मानिसलाई शान्त पार्न थप तीन चोटि प्रयास गरेपछि म तल ओर्लिए र मैले उसलाई सभाबाट निस्केर जानुपर्छ भनेर भने।

उ ठूलो जिउडाल भएको मानिस थियो। मैले उसलाई खडा हुन सहायता गरे र ढोकासम्म पुग्न सहायता गरे। छेउमा हिंड्दै गर्दा उसले मेरो दुवै नाडी समात्यो र जोडले घुमाइदियो। मेरो पाखुरामा चोट लाग्यो र मेरो घुडा झुक्यो। त्यति नै बेला हाम्रो छेऊमा हरियो रंगको दुइवटा यात्रु कार आएर रोकियो।

दुई जना विशाल मानिसहरूले गाडी भरिएको थियो। तिनीहरूले ठूल्ठूला काउ-बोय टोपी लगाएका थिए र एउटा उच्च शक्ति भएको राइफल तिनीहरूको बीचमा ठाडो उभ्याएर राखिएको थियो। ती दुवैले हामी सडक किनारा दुवैलाई नहेरी सिधा अगाडि हेरे।

गाडीमा भएका मानिसहरूको कुनै हलचल नभएकोले  यात्री चढ्ने झ्यालपट्टि बसेका मानिसले सिसा अलिकति तल झाऱ्यो। यात्री बस्ने सिटमा बसेका मानिसले अझ पनि सिधा अगाडि हेरिरहेको थियो, र अचानक उसले मुख खोल्यो र भन्यो: "यिनलाई जान देऊ।"

त्यो व्यक्तिले तुरुन्तै मलाई छोडेर गयो। म सेवालयभित्र आए र सेवा समापन गरे। ती दुई मानिसहरूलाई योभन्दा अघि कहिल्यै देखेको थिइनँ। तर वर्षौंको दौडान मैले अक्सर तिनीहरूबारे सोच्ने गरेको छु र तिनीहरू स्वर्गदूत हुन् भन्ने निष्कर्षमा पुगेको छु।

त्यसको एक वर्षपछि मेरो नाडी बटार्ने मान्छे फर्केर आयो र उसलाई दिदीको घरमा लैजान आग्रह गऱ्यो, जुन मैले गरें। तिनी आफ्नो पापी जीवनशैलीबाट थकित थिए। मैले उसलाई मुसुक्क हाँसेर, हात मिलाएर अनि प्रार्थना गरेर फुत्काएँ। म उहाँलाई स्वर्गमा भेट्ने आशा गर्छु। हामी दुवैले यो घटना र यसले हामीलाई कस्तो महसुस गरायो भन्ने कुरा सम्झन्छौं। के एउटा स्वर्गदूतले तिनको हेरविचार गरिरहेको र अर्को स्वर्गदूतले मेरो हेरविचार गरिरहेको हुनसक्छ? यी स्वर्गदूतहरूले कस्तो व्यवहार गरे भनी जाँच्न हामी प्रत्येक योग्य छौं।

पिटर गुनास

(यी उनै व्यक्ति हुन् जसले चिक शेभरलाई ख्रीष्टमा ल्याएका थिए)

•••••••••••••••••

# तपाईं कस्तो बीउ छर्दै हुनुहुन्छ?

*****

*मैले (पावल) रोपें, अपोल्लोस पानी हाले, तर परमेश्वरले नै बढाउनुभयो। यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वरमात्र, जसले वृद्धि दिनुहुन्छ। रोप्ने र पानी हाल्ने एकै समान हुन्। हरेकले आफ्ना-आफ्नै मेहनतअनुसार आफ्नो ज्याला पाउनेछ। किनकि हामी परमेश्वरका सहकर्मी हो, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ।*

*१ कोरिन्थी ३:६-९*

*धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ। जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्दछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्दछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।*

*गलाती ६:७-९*

तिनको अंग्रेजी र वेल्स उच्चारणले न्यान्सी र मलाई चासो दियो। हेप मिसनरी परिवारले हामीले पास्टर गरेको पहिलो मण्डलीको पवित्रस्थानबाट मिसनरी घर भाडामा लिने निर्णय गरेकोमा रोमाञ्चित भयौं। शामुएल र ग्लाडिस हेपका तीन जना छोराहरू थिए: क्रिस्टियाना, सोह्र वर्षकी; स्टेभन, तेह्र वर्षको; फिलिप, आठ वर्षको।

यो परिवारको काम देखेर हामी छक्क पर्‍यौं। आमाबाबुले आफ्ना छोराछोरीहरूमा परमेश्वरको सेवा, पवित्रता र प्रेमको बीऊ रोपेका छन् भनेर हामीलाई थाहा थियो। आमाबुबाले संयुक्त राज्य अमेरिका जान र प्रतिनिधी सेवामा मिसन क्षेत्रमा के भइरहेको छ भनी रिपोर्ट गर्न एक पटकमा लामो समयसम्म छोराछोरीलाई छोडेर गए। क्रिस्टिनाले घरको रेखदेख गरिन्, खाना पकाइन्, सबै बीलहरू भुक्तान गरिन्, भाइहरूलाई स्कूल पठाइन्, पत्रचारद्वारा आफ्नो अध्ययन जारी राखिन्। केटा-केटीहरू कहिल्यै सण्डे स्कूल र सेवामा  अनुपस्थीति भएनन्, क्रिस्टिनाले दशांस पनि मण्डलीमा दिइन्। तिनीहरूका अभिभावकहरूले भने कि छोराछोरीहरूले यसरी आफ्नो जिम्मेवारी निभाउन सक्छन् किनकि तिनीहरूले मिसन क्षेत्रमा विश्वास र निर्भरता सिकेका थिए।

वर्षहरू वित्दै गए र शमूएल र ग्लाडिस दुवैको स्वर्गवास भयो।

सन् १९४० देखि १९५४ सम्म कोलम्बियामा छँदा तिनीहरूको जेठो छोराको मृत्यु भयो। क्रिस्टिना पास्टरकी पत्नी भइन् र मण्डलीहरूमा तिनीहरूको सेवकाई प्रशस्त थियो। स्टिभन र तिनकी पत्नी ब्रेन्डा ब्राजीलमा मिसनेरी भए र आवकाश प्राप्त गरेपछि त्यही नै बस्न थाले। फिलिप वासिङ्टन डिसी क्षेत्रका पास्टर हुन्। उनको आफ्नै अन्तराष्ट्रिय मण्डली छ र नियमित रूपमा त्यस क्षेत्रका अन्य हिस्पानिक समूहहरूमा सेवा गर्छन्। आफना छोराछोरीको जीवनमा शमूएल र ग्लाडिसले कति महान कटनी गरेका छन्।

रेभ. अनि श्रीमती हिपले तिनीहरूको मिसनेरी सेवलाई कोलम्बिया र पेरूमा गरे। सन् १९४० देखि १९५४ सम्म कोलम्बियामा छँदा तिनीहरूको जेठो छोरोको मृत्यु ; भीडहरूको पिटाई, शारीरिक र आर्थिक कठिनाई देखे। पेरूमा बसाइँ सर्दा तिनीहरूले कोलम्बियाको एउटा सानो मण्डली छोडे। इन्डियानापोलिसमा एउटा म्याकडोनाल्डको लाइनमा तिनीहरूको छोरो स्टिभन अर्डर दिन पर्खिराखेका थिए:

मेरो अगाडिको दम्पत्ति स्पेनिस भाषामा कुरा गर्दै के अर्डर गर्ने भनेर निर्णय गर्न खोज्दै थिए। तिनीहरूले मेरो नाउँको बिल्ला याद गरे र मलाई डन शमुएल ई डोना ग्लाडिस हिप थाहा छ कि भनेर सोधे। उनीहरू मेरा बा-आमा हुन् भनेर जवाफ दिँदा मलाईं तिनीहरूले जोडले अंकमाल गरे जुनचाहिँ मेरा अभिभावकहरूलाई दिनुपर्ने थियो, मेरा बा-आमाको विश्वासयोग्य साक्षीको कारण ती महिलाका हजुरबा-आमाले प्रभुलाई विश्वास गरेको कुरा तिनीहरूले मलाई बताए। कोलम्बियामा तिनीहरूले के गरे भनेर मैले तिनीहरूलाई सोधें। तिनीहरूको जवाफ परमेश्वरको वचनको प्रतिज्ञाको आधारित भएकोले म चकित भइनँ कारण एउटाले रोप्ने, अर्कोले पानी हाल्ने र परमेश्वरले नै वृद्धि दिनुहुन्छ। तर जब तिनीहरूले मलाई तिनीहरू कोलम्बियाको क्यालीस्थित मण्डलीका पास्टर हुन् भनेर बताए, म छक्क परें।

यो सन् १९४० देखि १९५४ सम्म हिपहरूले रोपेको बीऊको फल थियो। म येशूको लागि अझ धेरै बीऊ रोप्न चाहन्छु। बाँकी जीवनमा तपाईंकुन प्रकारको बिऊ रोप्न चाहनुहुन्छ?

• • • • • • • • • • • • • • • • •

# पति-पत्नीको प्रेम

*****

*पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतूले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्। र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून् र त्योचाहिँ पवित्र र निस्खोट हुनुपर्छ।*

*एफिसी ५:२५-२७*

*जे भएपनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्।*

*एफिसी ५:३३*

*आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो।* यसको अर्थ बलिदानत्मक प्रेम, पवित्रता उत्पन्न गर्ने प्रेम। म उनको हेरचाह गर्न, मद्दत गर्न, प्रोत्साहन दिन र उनलाई सहयोग गर्न निकै प्रयास गर्छु। म उनलाई यस्तो व्यवहार गर्छु जसले उनलाई भद्दा तुल्याउदैन, अपमान गर्दैन र महत्व घटाउँदैन र सक्षम बनाउँछ, वृद्धि गराउँछ, पवित्र हृदय र जीवन उत्पन्न गर्छ, अनि ख्रीष्टजस्तै तुल्याउनेछ।

"त्यसलाई पवित्र पार्न सकून्।" न्यू किंग जेम्स भर्सनअनुसार "त्योचाहिँ पवित्र र निस्खोट होस्"। द अमेरिकन भर्सनले भन्छ, "त्यसलाई शुद्ध पार, त्यसलाई निस्खोट बनाओ"।

पावलले पति-पत्नीबीचको सम्बन्धलाई मण्डलीको लागि ख्रीष्टको प्रेम र उहाँको पवित्र र निष्कलङ्क बनाउने बलिदानको सन्दर्भमा प्रयोग गरेका छन्। तिनले पति र पत्नीलाई एक-अर्कालाई कसरी प्रेम गर्ने भनेर सिकाउन मण्डलीको लागि ख्रीष्टको प्रेम र बलिदानलाई प्रयोग गरेका छन्।

मैले न्यान्ससँग विवाह "उसलाई प्रेम गर्ने, शान्त्वना दिने, सम्मान दिने र रोगबिमारमा वास्ता गर्ने, स्वस्थ्य राख्ने, मृत्यपर्यन्त अरूलाई हाम्रो बिचमा आउन नदिने, ऊप्रति नै निष्ठावान रहने प्रतिज्ञा गरें।" मैले अझ, "हरेक अवस्था - चाहे सम्पन्नतामा, गरिबीमा, चाहे स्वस्थ्यमा वा अस्वस्थ्यमा उसलाई प्रेम र कदर गर्न चाहन्छु" भनेर प्रतिज्ञा गरें।

न्यान्सीलाई अहिले अल्जाइमरको रोग लागेको छ। जसले उसको स्वस्थ्यलाई असर पारको छ। कुनै न कुनै तरिकाले, सबै अतिरिक्त हेरचाहाको बीचमा प्रभुले हामीलाई एक-अर्काप्रति सुन्दर प्रेम राख्न शक्ति प्रदान गरिरहनुभएको छ। हरेक बिहान मैले बाइबल पढेको कुर्सीको छेउमा न्यान्सीले मेरो लागि थुप्रै नोटहरू छोडिदिन्छन्। सन २०२०, मार्च १५मा मैले पाएको नोट यस प्रकार छ:

*पावललाई भेट्न जाने भ्रमणको लागि र जागृति सभाको लागि धेरै धन्यवाद छ। परमेश्वरले साँच्चै आशिष दिनुभयो र धेरै मानिसहरू परमेश्वरको नजिक आउन सके।*

*तपाई ंअद्भुत हुनुहुन्छ – आफूले गर्ने सबै पूरा गर्नुहुन्छ र मेरो पनि हेरचाह गर्नुहुन्छ!*

*म असाध्यै खुशी छु र अझ म तपाईंलाई प्रेम गर्छु – मेरो फुर्तिलो मान्छे!!*

*सधैँ माया गर्ने*

*न्यान*

परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ यसैले तपाईंले आफ्नो जीवनसाथीलाई जीवनकालभरि नाममात्रको होइन तर शक्तिशालीरूपमा प्रेम गर्नसक्नुहुन्छ।

•••••••••••••••••

# तपाईंको जिउँदो बलिदान

*****

*यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।*
*रोमी १२:१*

डोटीले तिनलाई काममा हेरिरहेका थिए। हेनरी पब्लिक स्कूलका प्रिन्सिपल थिए र तिनले आमाबुबासित र नागरिकहरूसित हुने सार्वजनिक सभाहरूमा तिनीहरूले गरेका तिक्ष्ण प्रश्नरहरूमा उनले मिठो उत्तर दिएको तिनले याद गरे। डोटी यति साह्रो प्रभावित भइन् कि तिनले आफ्नो जीवन हेनरीले सेवा गरेको प्रभुलाई समर्पण गरिन्। यहाँ जिउँदो बलिदानको नमूनाको रूपमा एकजना व्यक्तिले काम गरिरहेका छन्।

पूरानो करारमा भएजस्तो मरेको बलिदान होइन- तर जिउँदो बलिदान। पावलले आग्रह गर्छन् कि परमेश्वरले हामीलाई एकदमै स्वतन्त्र र पूर्णतया कृपा देखाउनुभएको छ। यो इसाई भाइ-बहिनीहरूको लागि आह्वान हो।

परमेश्वरले तपाईंलाई उहाँको लागि केही कुरा चढाउन बोलाउनुभएको छ भनेर के तपाईंले कहिल्यै महसुस गर्नुभएको छ? हाम्रा परमेश्वर "केही कुराहरू" को मात्र योग्य हुनुहुन्न- तर सबै कुराको माग गर्नुहुन्छ। हात, खुट्टा, आवाज, बल, मुटु वा मन मात्र होइन...उहाँलाई तपाईंलो सम्पूर्ण शरीर समर्पण गर्नुहोस्। यो एक पटकको बलिदान हो, निर्णायक क्षण हो।

जिउँदो बलिदानले परिणा स्वरूप हामी गतिशील, निरन्तर सक्रिय कार्य गर्नसक्छौं, तैपनि हामी उहाँकै हौं र अझ जीवित, प्रज्वलित र परमेश्वरलाई खुशी तुल्याउन निरन्तर चुनाउ गर्ने जीवन बिताउने हुनुपर्छ।

यो उत्तरी क्यारिलिनामा जून महिनाको रात थियो जब लिन्डाले आफ्नो सम्पूर्ण इसाई जीवन परमेश्वरलाई समर्पण गरिन्। तिनले आफ्नी पत्नीलाई आत्मसमर्पण गर्न स्वीकारे र तिनको हृदयमा पवित्र पूर्णता दिए। तिनका श्रीमान छक्क पर्दै यसो भने, "तिमी असाध्यै खुशी छौ।"

त्यस विशेष हप्ता लिन्डा मण्डलीका सबै सेवामा उपस्थित भएकी थिइन्। तिनले भनिन्, "मैले बितेको चार वर्षमा भन्दा बिहिबारको रातदेखि धेरै प्रार्थना गर्दै आएको छु। अनि तपाईंलाई थाहा छ, काम गर्ने समयमा पनि? मैले उहाँको विषयमा गुनासो गर्न छोडेको छु।" तिनले आफ्नो भावी आर्थिक अवस्थालाई प्रभुसमक्ष विश्वासयोग्यतापूर्वक सम्हाल्नेछु भनेर अश्वासनसमेत दिइन्। तिनले परमेश्वरको "असल, मनपर्ने सिद्ध इच्छा" (१२:२) लाई उनको जिउँदो बलिदानको रूपमा आनन्दपूर्वक स्वीकार गरेर जिइरहेकी थिइन्।

..................

# संसारले तपाईंलाई दबाउन नदिनुहोस्

*****

*यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। रोमी १२:२*

मेरो एमआरआई हुन लागेको थियो। तिनीहरूले मलाई मसिनभित्र हाल्नुभन्दा केही समयअघि नै ती प्राविधिकले यसो भने, "के तपाईंलाई क्लास्ट्रोफोबिया छ?"

मैले भनें, "छैन।"

तर यो काम सिद्धिएपछि मैले "हो" भन्नुपर्ने रहेछ भनेर बुझें। ट्युबको माथिल्लो महराले मेरो नाक छुनै लागेको थियो – मलाई असाध्यै निचोरिएको जस्तो लाग्यो।

निस्सन्देह, रोमीमा पावलले इसाईहरूलाई संसारले तिनीहरूको समझलाई दबाउँछ भनी चेताउनी दिँदा यसको अर्थ अझ रहस्यमय कुरा थियो। संसारले (परमेश्वरविना बाँच्ने शक्ति) परमेश्वरको लागि जिउँनलाई तपाईंको पक्षमा खडा हुन सक्दैन। तपाईंको भिन्नताले तिनीहरूलाई दोषी ठहराउछ। संसारले तपाईंको सोंचलाई आफूतिर खिँच्न चाहन्छ। तर परमेश्वरले तपाईंको सोचाइ परिवर्तन गर्न चाहनुहुन्छ।

मण्डलीको भोजमा चिकित्सा डाक्टर डेनी किन्ला, जो मन्त्री डा. डेनिस किन्लाका छोरा हुन्, उनले विश्वको निचोड्ने शक्तिको गवाही दिए:

म सात वर्षको हुँदा, मेरी आमाले मलाई ख्रीष्टलाई ग्रहण गरून् भनी प्रार्थना गर्नुभयो। त्यसपछि, येशूको लागि एकदमै वास्तविक हुनुहुन्छ भन्ने मेरो केही अमूल्य सम्झनाहरू छन्। तर जब म आफूलाई किशोरावस्था भन्न थाल्यौं अर्थात किलकिले (घाँटी) एकदमै ठूलो थियो र मेरा मांशपेशीहरू त्यति ठूला थिएनन्, तब म ऊभन्दा पनि मेरो बारेमा बढी सजग हुनथालें...।

अन्तत: म विश्वविधालय गएँ। मैले निर्णय गरें, *आह, अब म खुल्ला र स्वतन्त्र भएका मानिसहरूको साथमा छु।* म छक्क परें जब मैले तिनीहरू स्वतन्त्र र खुल्ला छैनन् भन्ने थाहा पाएँ...। मैले परिवारमा सिकेंको र व्यक्तिगतरूपमा सिकेका कुरासित मेल नखाने विचारधारालाई तिनीहरूले ममाथि थोपर्न चाहन्थे।

मैले फेरि परमेश्वरको लागि आफ्नो जीवन खोल्न थालें, र उहाँ पुन: मेरो जीवनको केन्द्र बन्नुभयो। मैले आफ्नो जीवन पूर्णरूपमा उहाँमा नै समर्पण गर्ने निर्णय लिएँ।

त्यसपछि मैले आफ्नो अस्पतालको प्रशिक्षण र कार्यकाल सुरु गरें। मैले यो पाएँ कि अरू मानिसहरूजस्तै नसुतीकन छत्तीस घण्टा काम गर्न म सक्छु। तर परमेश्वरको लागि मसित समय थिएन। परमेश्वरसित कुरा नगर्दा उहाँ मसित बोल्नुहुन्छ भन्ने पनि थाहा पाएँ। उहाँ फेरि मेरो जीवन सिमानातिर सर्नुभयो।

जब उहाँ सीमानातिर सर्नुभयो, बाँकी रहेका प्वालहरू खाली रहेन। उहाँ बस्नुभएको ठाउँ भोक र कामवासनाले भरिएको थियो। बिस्तारै मैले यो थाहा गरें कि ती सबले मलाई आफ्नो नियन्त्रणमा राख्दैछ। म आफैंप्रति दु:खी भएँ। मैले अन्य डाक्टरहरूलाई तिनीहरूको निजी विमान र गर्मीको घर र हिँउदको घर र समुद्र किनारमा बस्ने ठाउँ र ठूला सवारीसाधन र विलासी जीवनसँग नियालें र मैले सोचें, *"बस मलाई उपनगरबाट बाहिर निस्कन दिनुहोस्, र म केही पैसा कमाउन कमाउनेछु र म यी कुराहरूको आनन्द उठाउने मौका पाउनेछु।* यी कुराहस्तले मलाई वशमा राखेको कुरा पछिबाट थाहा पाएँ। मैले महसुस गरें कि आश्चर्यकर्मबाहेक म विपत्तिको लागि पहिले नै योजनाबद्ध थिएँ।79

बुद्धिमानी हुनुहोस्। संसारले तपाईंलाई निचोर्न नपाओस्!

धेरै बुद्धिमान् हुनुहोस्। संसारले तँलाई निचोडमा नपारोस्**!**

• • • • • • • • • • • • • • • • •

[79]. डेनिस किन्ला, *आत्मामा प्रचार गर्दै* (ग्रान्ड र्यापिड्स: फ्रान्सिस अस्बरी प्रेस, १९८५), ५६–५७।

# सेप्टेम्बर २३ दिन - २६६

# आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित

*****

*तर आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तन होओ, र परमेश्वरको असल ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूलाई जाँच्न सक।*

*रोमी १२:२*

मानि लिनुहोस् कि आफ्नो मनलाई काँचो पदार्थ हो। यसलाई तपाईं जे राख्नहुन्छ त्यसले तपाईंको तैयार परिणामलाई निर्धारण गर्छ। जिवित बलिदानको रूपमा आफ्नो शरीर परमेश्वरलाई अर्पण गर्नु दिइएको क्षणको मा एउटा घटना हो र आफ्नो मनलाई नयाँ बनाउनुचाहिँ निरन्तर भइरहने कार्य हो। तपाईंले मानिसिक सहयोग छान्नुहनेछ जसले स्थिर, भ्रष्ट, प्रदुषित, पतन गराउँछ वा जसले सुधार्छ, वृद्धि, विस्तार वा नविकरण गराउँछ। निर्णय तपाईं गर्नुहोस्!

मैले जीवनमा पहिला कहिल्यै नगरेको उत्तम निर्णयचाहिँ हरेक दिन बाइबल पढेर, प्रार्थना गरेर सुरु गर्नु थियो। आराधना गरेर, संगति गरेर, आत्मिक कुराहरू पढेर, आफ्नो विश्वास व्यक्त गरेर हामी हाम्रो सकारात्मक परिवर्तनलाई सहज बनाउनसक्छौं। फिलिप्पी ४:८ ले हामीलाई सत्य, आदरणीय, न्यायसंगत, शुद्ध, प्रेम-योग्य, कृपामय, श्रेष्ठ र प्रशंसाको योग्य कुरामा ध्यान केन्द्रित गर्ने सल्लाह दिन्छ। परमप्रभु, मेरो जीवनलाई ध्यानपूर्वक हेर्नुहोस्, र मेरो आत्मिक ताप परिमाणमा कुनै परिवर्तन आउनदेखि मलाई सचेत गराउनुहोस्।

मेडिकल डाक्टर डेनी किन्लाले उनको नविकरणलाई यसरी वर्णन गर्दछ:

छ हप्तापछि अर्को शल्यचिकित्सकको हात चुक्यो र मैले परमेश्वरको लागि प्रशस्त सनमय पाएँ। हामी तीन जनाले लागूऔषद दुर्व्यसनी एउटी केटीलाई शल्यक्रिया गरिरहेका थियौं। अचानक अर्को शल्यचिकित्सकको औजारले मेरो हातमा लगाइएको पञ्जालाई छेडेर मेरो हातमा चोट पाऱ्यो। त्यस घटनाको कारण मलाई डरलाग्दो हेपाटाइटिसको रोग सऱ्यो।

त्यसपछिका महिनाहरूमा ममा असाध्यै पीडा र निराशा छाएको थियो। ...पुन: परमप्रभु मेरो जीवनको केन्द्रविन्दु बन्नुभयो। अनि जब उहाँ मेरो जीवनमा आउनुभयो उहाँले मलाई स्वतन्त्र पार्नुभयो।...

मैले उहाँ निको हुनका लागि प्रार्थना गरें, र उहाँले त्यसै गर्नुभयो तर मैले सोचेंको जस्तो तरिकाले होइन। मलाई लाग्थ्यो कि उहाँले मलाई यस्तो प्रकारले निको पार्नुहुन्छ कि उहाँले मलाई भोलीको ग्यारन्टी दिनुहुनेछ। ...तर त्यसो भएन...उहाँले भन्नुभयो, "मैले प्रेरित पावललाई भोलीको ग्यारेन्टी दिइनँ भने म तँ एकलैलाई किन दिने?

...त्यो अनुभवले मेरो जीवन शैलीमा परिवर्तन ल्यायो। म हरेक दिनलाई हल्कारूपमा लिन्नँ। अन म मी पत्नी, छोराछोरी वा मेरो कामलाई हक्कासित लिन्नँ। म तिनीहरू हरेकलाई उहाँबाट पाएको विशेष उपहारको रूपमा लिन्छु। यो उहाँको अनुग्रहको वरदान हो। लेक्सिङटनमा काम गर्न जाँदा केही बिहानीपखहरूमा घाम उदाउँदै गरेको र नयाँ दिनको लागि परमेश्वरप्रति कृतज्ञतास्वरूप मेरो गालामा आँशु बग्दैगरेको भेट्टाउँछु।...तपाईंलाई थाहा छ...यो तरिका नराम्रो होइन।80

यो नविकरणको समृद्ध फल हो: "परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२:२)।

•••••••••••••••••

[80]. किन्ला, *आत्मामा प्रचार गर्दै*, 57–58.

# असल सामरीको काम

*****

*तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो।*
*लूका १०:३३*

त्यो सामरीले आफ्नो जीवनको एक टुक्रा लिएर अर्कोलाई बचाउन त्यसलाई दियो। हामीमध्ये धेरै जना क्रूसमा जानेछैनौं अनि अरूलाई बचाउन आफ्नो जीवन दिने पनि छैनौं। तर हामीमध्ये धेरैले जीवनको सानो "टुक्रा" दिनेछौं।

सामरीले घाइते मानिसलाई निम्न कुराहरू दियो (लूका १०:३४-३५)

- उपचारको प्रबन्ध: त्यसका घाउहरूमा पट्टी बाँधिदियो"
- यातायातको प्रबन्ध: "आफ्नै गधामाथि चढाएर"
- बासको प्रबन्ध: "त्यसलाई एउटा पौवामा ल्याइ त्यसको हेरचाह गऱ्यो"
- आर्थिक प्रबन्ध: उसले चाँदीका दुई सिक्का पौवामा मालिकलाई दियो"
- अगाडिको कार्वाहीको प्रबन्ध: "अरू बढी खर्च लागेम फर्केर आउँदा तिमीलाई तिरिदिनेछु"

याद गर्नुहोस्, त्यस सामरीले घाइते मानिसलाई केही समयको लागि आफ्नो व्यक्तिगत व्यापारमा भाग लिन पौवाका मालिकसँगै छोडिदियो। (हामीमध्ये धेरैजसोको लागि असल सामरीको उदाहरण पछयाउनु व्यवहारिक हुन्छ)। त्यसपछि उ थो कृपा र सेवा दिन फर्कन्छ। येशूले सिकाउनुभएको "आफ्नो छिमेकीलाई आफैलाई जस्तो प्रेम गर" भन्ने सिद्धान्तको लागि सामरीको यो कथा सधै प्रख्यात छ।

यो कथा प्रत्यक्ष इसाई कथाको रूपमा प्रस्तुत नगरिए तापनि एक जना किसानले कसैको जीवन बचाउन आफ्नो काम रोकेर असल सामरीको काम गर। तिनको नाउँ फ्लेमिङ थियो र तिनी स्टकल्याण्डका गरीब किसान थिए। एक दिन आफ्नो परिवारको लागि जीविका चलाउन खोज्दा तिनले नजिकैबाट मद्दतको लागि कसैले पुकारेको सुने। तिनले आफ्नो औजारहरू छोडेर त्यस व्यक्तिलाई सहायता पुऱ्याउन दगुरे।

त्यहाँ कालो धातुको दलदलमा फसिएको केटो चिच्याइरहेको थियो र आफूलाई मुक्त पार्न संघर्ष गरिरहेको थियो। किसान फ्लेमिङले त्यो केटोलाई बिस्तारै त्यो डरलाग्दो मृत्युबाट बचाए। भोलिपल्ट, स्कटको घरको छेउबाट एउटा सुन्दर अनि आकर्षक गाडी आएर रोकियो। त्यसबाट एकजना सुन्दर पहिरन लगाएका कुलीन व्यक्ति बाहिर निस्के र किसान फ्लेमिङले बचाएको केटोको बाबुको रूपमा तिनले परिचय दिए।

त्यस भद्र मानिसले भने, "तिमीले मेरो छोरो बचाएको सट्टामा म केही दिनचाहन्छु"।

त्यस सुझावलाई इन्कार गर्दै किसानले भने, "मैले जे गरे त्यसको सट्टामा म कुनै भुक्तान स्वीकार गर्नसक्दिनँ।"

त्यसैक्षण, त्यस किसानका छोरो घरको ढोकाम देखा पऱ्यो। "यो तिम्रो छोरो हो?" भद्र मानिसले सोधे।

"हजुर" किसानले जवाफ दिए।

"म एउटा सम्झौता बनाउनेछु। मलाई तिम्रो छोरो लान देऊ ताकि म उसलाई राम्रो शिक्षा प्रदान गर्न सकूँ। यदि ऊ आफ्नो जस्तै हो भने त्यो बढेर तिमीले गर्व गर्नसक्ने मानिस बन्नेछ।"

किसानले त्यसै गरे। समयमा, किसान फ्लेमिङको छोरोले लण्डनको सेन्ट मेरी हस्पिटल मेडिकल स्कूलबाट स्नातक गरे र पेनिसिलिनका आविष्कारक, प्रख्यात सर अलेक्जेन्डर फ्लेमिङको रूपमा संसारभरि चिनिए। वर्षौंपछि त्यस भद्र मानिसका छोरोलाई निमुनिया भयो र त्यही औषधी पेनिसिलिनले त्यसलाई बचायो।

ती भद्र मानिस लार्ड रान्डोल्फ चर्चिल थिए। उनका छोरो सर विस्टन चर्चिल थिए, जो दोस्रो विश्वयुद्धको समयमा इंग्ल्याण्डका प्रधानमन्त्री थिए र धेरैले तिनलाई नाजी जर्मनी युद्धका स्वतन्त्र सेनाका प्रमुख हुन भन्थे।

चारैतिर हेर्नुहोस्! तपाईंमार्फत परमेश्वरको स्पर्श कसलाई चाहिन्छ? तपाईंले कसलाई बचाउनुभएको छ, सायद तपाईंलाई थाहा छैन!

•••••••••••••••••

# सेप्टेम्बर २५ दिन - २६८

# तपाईंको जीवन एक नदी

*****

*"यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, पवित्र-शास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए।*

*यूहन्ना ७:३७-३९*

तपाईंको जीवन एक खोला, नाला बन्नुछ। चाहे शक्तिशाली झरणा होस, ठूलो हिँउ पग्लने, अथवा झरी, हरेक खोला त्यसको मुहान वा स्रोत हुन आवश्यक छ। आत्मिकरूपमा, तपाईंको स्रोत येशू ख्रीष्टकहाँ आउनु र उहाँबाट पिइरहनु हो। यदि यो शारीरिक जीवनजस्तै हो भने यसको अर्थ एक पटकमात्र पिउनुपर्छ भन्ने होइन, तर बारम्बार पिइरहनु हो। यो पानी हामीभित्रबाट बगिरहनु चाहिँ आत्माको काम हो।

जब हामी आत्माले भरिन्छौ, हामी जलाशय हौ र हामीमा स्रोत छ भन्ने पासोमा पर्नुहुँदैन। हामी जलाशय वा स्रोत होइनौं तर खोला हौ। येशू ख्रीष्टको नियमित, लगातार उहाँबाट पिएर तपाईंले आफ्नो परिपूर्णतालाई कायम राख्नसक्नुहुनेछ। उहाँले तपाईंलाई भरिपूर्ण राख्नुहुनेछ।

मेनोनाइट मण्डलीका अगुवा माइरोन अगस्बर्गरले प्रार्थना गर्ने व्यक्ति नभएसम्म आत्माले भरिन सक्नुहुन्न भनेका छन्। उदाहरणका लागि, तपाईंको बहावमा कुनै अवरोध (पाप) खडा भयो भने त्यसलाई एकचोटि हटाउनुहोस्।

यसर्थ, आफ्नो स्रोत (मुहान) येशू ख्रीष्टसित नियमित सम्पर्कमा रहनुहोस्। तपाईंको जीवन एउटा खोला हो, जलाशय होइन। तपाईंको किनारा सधैँ भरिएको हुनसक्छ। अनि अतिरिक्त आशिष् के हो भने, अधिकांश नदीहरूको अन्तमा प्रशस्त कटनी हुन्छ।

•••••••••••••••••

# प्रेम दिनुहोस् र सुसमाचार दिनुहोस्

*****

*अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाह छैन? धोका नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार हुनेछैनन्। १ कोरिन्थी ६:९-१०*

शान्त रहनुहोस्। समलैङ्गिक जीवनशैली अभ्यास गर्ने मानिसहरूको आत्मिकताको बारे हाल धेरै चर्चा र बहसहरू सुरु भएका छन्। मलाई व्यक्तिगत अनुभव बताउन दिनुहोस्।

पैंसठी वर्षको इसाई जीवन र सेवकाईमा मैले सयौं मानिसहरूसित व्यक्तिगतरूपमा व्यवहार गरेको छु। अहिले म अनैतिकता, व्यभिचार वा समलिङ्गी यौन सम्बन्धमा संलग्न व्यक्तिहरूसित घनिष्ठ मित्र भएको छु।

ती मित्रहरूमध्ये एक जना, तिनको व्यवसायमा संलग्न व्यक्तिसित खाना खान भेटऊघाट गरे। थुप्रै पुरुषहरूसित यौन सम्बन्ध राखेको एक घण्टाभन्दा केही बढी समयपछि तिनले मसित बातचित गरे। तिनले मसित कुरा गर्न किन तयार भए? किनकि म तिनलाई माया गर्छु भन्ने तिनलाई थाहा थियो।

म अमेरिकाको एउटा ठूलो सहरमा म एक हप्ताको लागि प्रचार गर्दै थिएँ र पास्टरले मलाई उनको सहकर्मीहरूसित परिचय गराइरहेका थिए। तिनले आफ्नो सहयोगी पास्टर र पत्नीबारे यसो भने : "जिम पहिले समलैङ्गिक आदतमा संलग्न थिए। तर येशूले ख्रीष्टलाई भेट्टाए, र तिनी परिवर्तन भए र उद्धार पाए। आज तिनी मण्डलीका अभिषिक्त सेवक हुन्। माडलिन पहिले वेश्यवृत्तिमा संलग्न थिइन्। येशू ख्रीष्टले तिनको जीवन परिवर्तन गर्नुभएको छ। तिनीहरूले सुखओ वैवाहिक जीवन बिताइरहेका छन् र यिनी तिनीहरूकै सुन्दरी छोरी सेलेस्टी हुन्।"

अप्रत्यासित रूपमा फोन गर्दा मोनिकाले मलाई आफ्नो कथा सुनाइन्, जुन कुरा यस्तै थियो: "वर्षौंअघि शिविरको सभामा तपाईंहरूले मानिसहरू, यौन र परमेश्वर भन्ने प्रवचन दिनभएको मैले सुनें। मेरो लेस्बियन साथी मेरो छेउमा बसिरहेकी थिइन्। प्रवचनको अन्त्यमा उनले मतिर फर्केर भनिन् "मलाई लाग्छ मैले तपाईंबाट फाइदा लिएकी छु। हामीले आ-आफ्नो छुट्टा-छुट्टै बाटो अप्नाउनुपर्छ।" केही समयपछि मैले एकजना असल मानिस भेटें, हामी प्रेममा पऱ्यौं। हामीले सुखी वैवाहिक जीवन पाएका छौं र भर्खरै मात्र छब्बीसौं वार्षिकोत्सव मनायौं। मैले तपाईंलाई यो गवाही दिनुपर्छ जस्तो लाग्यो।"

म सबैसित घनिष्ठ सम्बन्ध राख्थे र तिनीहरू सबैलाई माया गर्थे। तिनीहरू सबैले येशू ख्रीष्टमा आनन्दमय नयाँ जीवन पाइरहेका वा खोजिरहेका छन्।

प्रेरित पावलले कोरिन्थीका केही पापहरूको नाउँ दिएपछि तिनी अझ यसो भन्छन्: "तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ" (१ कोरिन्थी ६:११)। तिनीहरूलाई क्षमा गरियो, परिवर्तन गरियो र मण्डलीको भाग बनिए।

त्यसैकारण म भन्दछु, "प्रेम गर र सुसमाचार प्रचार गर।"

•••••••••••••••••

# एक आवश्यक शक्ति स्तर

*****

*तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति, र रोटी भाँच्न र प्रार्थनामा उपासनासाथ लागिरहन्थे।*

*प्रेरित २:४२*

*तिनीहरू एक मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्याम थपिदिनुहुन्थ्यो।*

*प्रेरित २:४६-४७।*

उनी सम्भवत: अमेरिकामा सबैभन्दा प्रसिद्ध व्यक्ति थिए, कम से कम हेर्दा – फ्रान्सिस अस्बरी, जसलाई वेस्लीले अमेरिकामा सुसमाचार प्रचार गर्न पठाएका थिए। सन् १७७१ देखि १८१६ सम्म अस्बरी घोडा र  चार पांग्रे घोडा गाडीमा चढेर एउटा सहरदेखि अर्को सहर येशूको बारे बताउँदै यात्रा गरे। वासिङ्टन, जेफरसन। एडम्स र लिन्कनसँगै उनी ६६ जना अमेरिकीहरू मध्ये एक व्यक्तिको रूपमा चिनिए, जसले राष्ट्रको रूपमा अमेरिकाको विकासमा अहम भूमिका निभाएका थिए। सन् १८१३ सम्ममा प्रत्येक आठ अमेरिकीहरूमध्ये एक जना मेथोडिस्ट शिविरका सभाहरूमा उपस्थित हुनथाले।[81]

शिविरका सभाहरूको एउटा रहस्य तिनीहरूको हप्ताभरि गरिएको प्रचार र शिक्षामा थियो जसले गर्दा हरेक सभामा छुटकाराको काम हुन्थ्यो। तर सधैँ भएझैं खाली एउटा सभामा मात्र त्यसो भएन। यो कुरा प्रेरितको पुस्तकमा लेखिएझैं एकाग्र भेला हुनु  र आत्मिक रूपमा छुटकाराहरू प्राप्त गर्नु नै यी सभाहरूको मुख्य उद्देश्य रहेका हुन्थे।

डा. रिचर्ड टेलरले हरेक तहका उपलब्धीहरूका लागि आवश्यक शक्तिको तह रहेको बताए। एउटा निष्क्रिय धारको शक्तिले सानो गाडीलाई चलाउन पर्याप्त होला तर ठूलो विमानलाई हल्लाउन सकिँदैन। धेरैवटा मण्डलीहरूले वर्षैभरि आफ्नो इञ्जिन चलाइरहन्छन् र तिनीहरूसित केही हदसम्म काम गर्नसक्ने क्षमता हुन्छ तर गर्नुपर्ने कामहरू पूरा गर्न पर्याप्त हुँदैन। केही इसाईहरू तबमात्र पवित्र हुन्छन् जब तिनीहरू निरन्तर, संचयी आत्मिक जोरको सामना गर्छन्।

थुप्रै किशोर-किशोरीहरू हरेक आइतबार आफ्नो नियमित मण्डलीमा उपस्थित हुन्छन् तर किशोर-किशोरीहरूको एक हप्ते शिविर गएर परिवर्तन भई फर्केर आउँछन्। रिट्रिट, शिविर सभा र जागृति सभाले एकाग्र आराधनाको आवश्यकतालाई पूरा गर्दछ।

फ्लोरिडा मेथोडिस्ट जागृति सभामा म  पनि त्यसको भाग भएँ र मैले यस्तो एकाग्रताको नतिजा देखें। शनिबारको साक्षी सेमिनारमा ८६ जना उपस्थित भए। आइतबारदेखि बुधबारसम्म मण्डलीको सेवामा जम्मा १२२१ जना उपस्थित भए र ११२ जना वेदीमा परमेश्वरकहाँ आए। पास्टरको रिपोर्ट यस्तो छ:

सन् २००६को यो वर्ष हाम्रो व्यक्तिगत प्रचारकार्यको वर्ष हुनेछ। डा. शेभरले शक्तिशाली उपदेशहरू प्रचार गरेका छन्, अविश्वसनीय अन्तर्दृष्टिहरू दिएका छन्। मुक्तिको आश्वासनका साथ येशू ख्रीष्टको साँचो ज्ञान स्पष्ट रूपमा ल्याउन हामीलाई "सबैभन्दा उत्तम तरिका" सिकाएका छन्। आफ्नो व्यक्तिगत विश्वास पक्का गर्न डा. शेभरको *"बेसिक बाइबल स्टडीस"* मा प्रवेश गर्न उत्साह दिन्छौं। अहिले हामी यस अध्ययन गाइड र डा. शेभरले दिएका अन्य अध्ययन सामग्रीलाई प्रयोग गर्दै  हाम्रो नयाँ घरेलु संगतिमा नयाँ योजनाहरू विकास गर्दैछौं। यो साँच्चै नै सुरुवातका दिन हो। सायद यस जागृतिको खुलापनले अन्य थुप्रै मेथोडिस्टहरुलाई वेस्लेनमूलमा फर्कन प्रोत्साहित गर्नेछ। एउटा अध्ययनमा डा. शेभरले जोन वेस्लीले आफ्ना सेवकहरूलाई दिनभएका सन्देश यसरी उद्धृत गरे:  "हाम्रो कुनै व्यापार छैन तर मानिसहरूलाई  बचाउनुबाहेक हाम्रो अरू काम  नै छैन।" के तपाईं बाँच्नुभएको छ? के तपाईंलाई निश्चितरूपमा थाहा छ? तपाईंलाई थाहा छ कि तपाईं परमेश्वरका सन्तान हुनुहुनछ भनेर थाहा पाउनु कति आनन्दको कुरा हो।[82]

---

[81]. दारा सल्टर, *अमेरिकाका बिष्ट: फ्रान्सिस अस्बरीको जीवन* (नापनी, IN: फ्रान्सिस अस्बरी प्रेस, २००३), २९४।

[82]. यस अघि प्रकाशित *द गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २००६).

आत्मिक एकाग्रता प्रबन्ध गराउने कार्यक्रमहरूको खोजीगर्नुहोस् जसले व्यक्तिगत विजयमा डोऱ्याउँछ र यसमा तपाईंको शुद्धिकरण पनि समावेश छ।

तपाईंको व्यक् तिगत विजयतर्फ डोऱ् याउने आध्यात्मिक एकाग्रता प्रदान गर्ने घटनाहरू खोज्नुहोस् र यसमा तपाईंको सम्पूर्ण पवित्रता पनि समावेश छ ।

•••••••••••••••••

# उसलाई एउटा सानो कोठा देऊ!

*****

*तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन।*

*गलाती ५:२२-२३*

*प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ।*

*१ कोरिन्थी १३:४*

समयमै! ओहो हो, म समयमै काम गर्न पाउँथे। मैले पच्चीस माइलप्रति घण्टाको गति सीमा र अर्को गाडीलाई पास दिन नसक्ने साँघुरो आवासीय गल्लीमा गाडी चलाउनुपर्थ्यो। मेरो अगाडिको गाडी धीमा गतिमा गुड्न थाल्यो- बीस, पन्द्रह, दस, त्यसपछि प्रति घण्ट पाँच किलोमिटको गतिमा। गाडीको चालकले यात्रुको छेउको झ्यालबाट बाहिर हेरिरह्यो। उसले के खोजिरहेका थियो? अन्तमा कुनै संकेतबिना नै उसले गाडी रोक्यो। अन्य चालकहरूलाई बेवास्ता गर्दै अन्तमा उले जे खोजिरहेको थियो सो ग्यारेजमा बिक्रि गरिरहेको पायो।

केही समयदेखि मैले आत्माले भरिएको जीवनको आनन्द उठाइरहेको थिएँ। मलाई अन्यथा नलिनुहोस्- मेरा आफ्नै चुनौतिहरू थियो। तर मेरो सबैभन्दा ठूलो कमजोरी भनेको नै अधैर्यता थियो। म परमेश्वरको लागि काम गर्दैथिएँ र मैले गर्नुपर्ने कामहरू धेरै थिए- कृपया कुनै अवरोध खडा नगरिदिनुहोस्।

मैले मेरो कारलाई त्यस व्यक्तिको कारको पछाडि खडा गरें। यसबाहेक मैले अरू के नै गर्नसक्थे? म उमाथि चिच्याउन सक्दिनँ। म हार्न बजाउन सक्दिनँ, अनि कुनै कारणले मेरो अधैर्यता बाहिर निस्केको थिएन।

त्यसपछि मैले एउटा आवाज सुनें, *"उसलाई एउटा सानो कोठा देऊ!"*

हो, त्यति मात्र: "उसलाई एउटा सानो कोठा देऊ!" यी शब्दहरूले मेरो लागि एउटा नयाँ अध्याय खोलेजस्तो भयो। मेरो जस्तो सुकै काम होस्, जीवनभर, *आफ्नै* स्वर्थ, चुनौति, वास्ता, आशा र बोझ बोकेर *आफ्नै* जीवन बिताइरहेका मानिसहरूसँग म भेटघाट र बातचित गर्नेछु। परमेश्वरको आत्मा र प्रेम दुवैले मलाई तिनीहरूलाई एउटा सानो कोठा देऊ भन्नुहुन्छ।

त्यो दिन मैले त्यो आवाज सुनेको वर्षौं भइसक्यो। अन्तत: अर्को गाडी चालक छेरतिर लाग्यो र मलाई अगि जान दियो र समयमा नै काम गर्न थालें। तर त्योभन्दा महत्वपूर्ण कुरा, मैले त्यसदिन आत्माबाट पाठ सिकें। वर्षौंको अन्तमा कम्तीमा पनि सौ पटक, चिडचिडाहट र अवरोधको कारण यी शब्दहरू मेरो लागि पुन: आएका छन्। अनि सौ पटक मैले "उसलाई एउटा सानो कोठा दिन" सकेको छु। म कत्ति कृतज्ञ छु कि पवित्रतामा हाम्रो हृदयमा पूर्णरूपमा आक्रमण गर्नुहुने आत्मा बोल्नुहुन्छ, मार्गदर्शन गर्नुहुन्छ र हामीलाई ख्रीष्टको समानतामा बढाउनुहुन्छ- हाम्रो कमजोरीको क्षेत्रमा पनि।

उसलाई एउटा सानो कोठा देऊ!

. . . . . . . . . . . . . . . . .

# आत्माले डोऱ्याइएका: रोब र बरबारा

*****

*यसकारण भाइ हो, तिमीहरूमध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जान मानिस छान जसलाई हामी यस कामको निम्ति नियुक्त गरौं।*

*प्रेरित ६:३*

*यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास, र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने।*

*प्रेरित ६:५*

*तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको पछि लाग।"*

*प्रेरित ८:२९*

यो आइतबारको स्कूलकप कक्षाले प्रायोजन गरेको चिली पकाउने पार्टीबाट सुरु भयो। लेनीले आफ्ना नातेदारहरू रोब र बरबारालाई बोलाए। त्यहाँ रोब र बरबाराले खाना, संगति र रमाइलो अनुभव गरे। तिनीहरूले भने यो एउटा धमाका नै थियो।

बरबाराको पृष्ठभूमि क्याथोलिक र रोब प्रोटेस्टेन्ट थियो तर तिनीहरू कुनै पनि मण्डलीमा जादैनथे। तिनीहरूले मण्डली खोज्ने विचार गरिरहेका थिए। चिली खानाको भेटघाट पछि, मण्डलीले फोन गरेर सण्डे स्कूल र आराधना सेवामा निमन्त्रणा दिए। निमन्त्रणा पाएपछि तिनीहरू मण्डली आए।

रोब र बरबाराको विवाह भएको तीन वर्ष भइसकेको थियो। तिनीहरूको पहिलेको विवाहका चार जना छोरीहरू थिए। रोब प्लम्बिङ्ग सप्लाई स्टोरका प्रबन्धक थिए र बरबारा बार्टन काउन्टी कम्युनिटी कलेजमा संस्थागत अनुसन्धानका लागि परियोजना प्रबन्धक थिइन्।

सुरुमा तिनीहरूले वयस्क सण्डे स्कूल स्कूल जानु मुर्खता सम्झे तापनि तिनीहरूलो मित्रतापूर्ण व्यवहार र त्यसपछि प्राप्त गरेको स्वागत कार्ड देखेर तिनीहरू प्रभावित भए। तिनीहरूले उपासना गर्न सजिलो भएको पाए। त्यसैले तिनीहरू नियमितरूपले उपस्थित हुनथाले।

अन्तत: रोब र बरबारासँग सम्बन्ध गाँसेका कक्षाका केही मानिसहरूले उनीहरूसँग भेट्न, उनीहरूलाई अझ राम्ररी चिन्न र मण्डलीले विश्वास गरेको कुरा बताउन सक्छन् कि भनेर सोधे। रोब र बरबारा यसको निम्ति खुल्ला थिए।

फरवरी महिनाको एकदिन, आत्माले खोल्नुभएको ढोकाहरूद्वारा, मण्डलीका मित्रहरूले रोब र बरबारासँग सुसमाचार बाँडे अनि ख्रीष्टलाई आफ्नो जीवनमा ग्रहण गर्ने चुनौति दिए। त्यो रात तिनीहरूले त्यसै गरे।

यस परिवर्तनबारे रोब यसो भन्छन्, "मलाई सधैँ बेसबल, फुटबल, बास्केटबल जित्न सिकाइएको थियो। मेरो परिवारका एघार जना छोराछोरीहरूमध्ये म प्राय कुलपति नै थिएँ। म एउटा यस्तो स्थानमा थिएँ। त्यहाँ मलाई धैरै दबाव थियो, अनि मलाई मन परेको थिएन। जब मैले प्रार्थना गरें, मैले भावनात्मकरूपमा स्वतन्त्र भएको महसुस गरें।"

"उनको काँध उचालियो" भनी बरबाराले पुष्टि गरिन्, "उनको तौल कम भयो। ऊ त्यसबेलादेखि यता अर्कै भएको छ।"

रोब अझ यसो भन्छन्, "अब म प्रार्थना गर्नसक्छु। यसको अर्थ हो – म येशूसित बातचित गर्छु। मेरो जीवन परिवर्तन भएको छ। काम गर्ने मानिसहरूले म अर्कै भएको छु भनी मलाई भन्छन्।"

बरबारा सुसमाचारप्रति आफ्नो आत्मिक प्रतिक्रिया यसरी वर्णन गर्छिन्: "सुरुमा त मैले धैरै परिवर्तन गरिनँ। म अलि डराए। त्यसपछि , रोबलाई नियालिरहेको बेला म दिनप्रतिदिन बढ्दै गएँ।। सुरुमा त मलाई राम्रो लाग्यो, त्यसपछि मैले सोंचेजस्तो राम्रो छैन भनेर थाहा पाएँ। म लुक्दैथिएँ। अहिले म पहिलेभन्दा राम्रो र धेर गर्दैछु। हामीले सधैँ *बेसिक बाइबल स्टडी फर निउँ एण ग्रोवीङ क्रिस्टियन"* अध्ययन गरिरहँदा मलाई लाग्छ मैले वचन खाइरहेको छु। यसले मलाई पोषण दिन्छ। हामी एकार्कालाई राम्ररी चिन्न र जान्न सक्छौं र नजिक हुन्छौं। यसले मलाई निको हुन सहायता गरिरहेको छ। येशू अब अब मेरो अगाडि र बीचमा हुनुहुन्छ। उहाँले मेरो जीवनलाई

डोऱ्याउनुभएको छ।”

यस्तो परिवर्तन कसरी हुन्छ? प्रेरितहरूको काममा, साधारण फिलिप आत्माले भरिएका र आत्माद्वारा डोऱ्याइका थिए। जब आत्माले उनलाई रथको नजिक जान अगुवाइ गर्नुभयो, उनले इथोपियाली व्यक्तिलाई ख्रीष्टमा अगुवाइ गरे। येशूले आफ्ना अनुयायीहरू पवित्र आत्माले भरिएपछि तिनीहरूले गवाही दिनसक्ने सामर्थ्य पाउनेछ भनी प्रतिज्ञा गर्नुभयो (प्रेरित १:८)।

त्यसको दुई हजारभन्दा धेरै समयपछि त्यस फरवरीको दिन रोब र बरबारासँग कुरा गर्ने मानिसहरू पनि पवित्र आत्माले भरिएका अनि आत्माद्वारा डोऱ्याइएका थिए। तपाईं पनि आत्माले भरिएका र आत्माले डोऱ्याइएका हुनसक्नुहुन्छ। याद राख्नुहोस्, त्यस अगुवापनको अन्तमा, त्यहाँ अर्को रोब र बरबारा हुनेछ।

•••••••••••••••••

# प्रेम, सत्य र शान्ति

*****

*तिमीहरूले गर्नुपर्ने काम यिनै हुन्: एक-अर्कासँग साँचो बोल्ने गर, र आफ्ना न्यायलयमा सत्य र असल न्याय गर।*

*जकरिया ८:१६*

के तपाईं सत्य खोजी गर्ने व्यक्ति हुनुहुन्छ? के तपाईं "के आज मैले झुट बोलें?" भनी प्रश्न गर्नुहुन्छ? यदि बोल्नुभएको छ भने के तपाईं यो कुरा स्वीकार गर्न तयार हुनुहुन्छ? झुट बोल्ने मानिसहरू कायर हुन्छन्। मलाई यो कुरा थाहा छ किनकि म तिमध्ये एक व्यक्ति थिएँ।

मानिसहरूले मलाई मन पराउनु पर्दैनथ्यो तर अस्वीकार गरिनु अति नै पिडादायक थियो र यसबाट बाँच्न म आफैसित झुट बोल्न चाहन्थे। मैले आफैलाई झुट बोल्दा सत्य कुरा बताउन असम्भव हुँदो रहेछ भन्ने थाहा पाएँ। म आफै आफ्नो खराब शत्रु थिएँ। त्यसपछि मैले मेरो जीवनको वास्विक, निको पार्ने र परमेश्वरको शक्ति दाबी गर्ने सुरक्षित ठाउँ भेट्टाएँ। सबै प्रकारका परिवर्तन अर्थात उद्धार, चंगाई र वृद्धिको लागि सत्य विशेष आवश्यकता हो।

सत्यको लागि सबैभन्दा ठूलो अवरोध लाज हो। हामीभित्र गाडिएका केही रहस्यहरूले हामीलाई क्षति पुऱ्याउँछ र हाम्रो शक्ति खेर जान्छ। एक चोटि एक जना विश्वासयोग्य व्यक्ति खोजी निकाल्नुहोस् जसलाई आफ्नो गोप्य कुरा बताउनसक्नुहुन्छ अनि स्वतन्त्र भएर अघि बड्नुहोस्।

जबसम्म मैले आफ्नो जीवनको ढोका खोल्दिनँ तबसम्म सत्यले मेरो वास्तविकतालाई हटाउँछ। मैले अनुमति नदिएसम्म के म अगुवाइलाई तिरस्कार गर्छु? जब म झुक्छु अनि आफैलाई समर्पण गर्छु, जब म परमेश्वरको लागि जोखिम उठाउँछु, म मेरो हृदयमा सधै शान्ति र प्रेम पाउँछु, चाहे म आफ्नो मुखको बल लडे पनि।

मबाट मेरो येशूले सबैभन्दा बढी मैले परमप्रभुलाई आफ्नो सारा हृदयले, प्राणले , सारा शक्तिले, सारा समझले प्रेम गरेको अनि आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गरेको चाहनुहुन्छ। के साँचो नबोली म यो सब गर्नसक्छु?

न्यान्सी शेभर[83]

•••••••••••••••••

[83]. Previously published in *Come Ye Apart* September–October–November 2001 (Kansas City, MO: WordAction Publishing Co.), 80. Used by permission. (This publication became *Reflecting God*.)

# हे परमप्रभु, बिहानै

*****

*हे परमप्रभु, बिहानै तपाईंले मेरो सोर सुन्नुहुन्छ। सबेरै तपाईंको अगि मेरो प्रार्थना राख्दछु।*

*भजनसंग्रह ५:३*

जबसम्म म परमेश्वरसित भेट्दिनँ तबसम्म म मानिसहरूलाई र समस्यालाई सामना गर्न आफ्नो कोठाबाट बाहिर आउँदिनँ। जुन कलेज जहाँ म बस्थें, त्यहाँको वातावरण मेरो निम्ति चुनौतिपूर्ण थियो।

इसाई जीवनको यात्राको सुरुतिर, मैले हरेक दिन उपासनामय समय बिताउने आदत बसालें। आत्मामा निरन्तर जीवन बिताउने बारे हामीले पढेका हुनाले त्यस जीवनलाई सहयोग गर्ने उपासनामय जीवनको अभ्यासको लागि संरचना तयार गर्नु उपयुक्त देखिन्थ्यो।

मेरो लागि जुन कुरा काम लाग्यो सो म बताउन चाहन्छु। जुन कुराले तपाईंलाई परमप्रभुसित विताउने विशेष समय विकास गर्न मद्दत गर्छ त्यसलाई लिएर जानुहोस्:

- मैले हरेक दिनको लागि एउटा निश्चित समय तय गरें। मेरो लागि बिहानीको समय थियो। यदि तपाईं बिहानीको मान्छे हुनुहुन्न भने सचेत अवस्थामा कतिबेला परमेश्वरसँग समय बिताउनसक्नुहुन्छ सो समय रोज्नुहोस्। परमेश्वरलाई उब्रेको समय वा शक्तिहिन समय नदिनुहोस्।
- म एक कप कफी लिन्छु, आफूलाई मनपर्ने कुर्सीमा जान्छु, केही समय यस्तो विचारमा बस्छु कि *परमप्रभु, आज तपाईं मलाई के भन्न चाहनुहुन्छ?* कहिलेकाहीँ उहाँ मसित स्पष्ट शब्दमा बोल्नुहुन्छ; धेरै चोटि उहाँ म उहाँको उपस्थीतिलाई केवल महसुस गर्छु।
- म दैनिक उपासना पुस्तकबाट मितिद्वारा निर्देशित एक पृष्ठ पढ्छु। मैले प्रयोग गरेका पुस्तकहरूमा ओसवाल्ड च्याम्बर्सद्वारा, *"माई अटमोस्ट फर हिस हाइयेस्ट"*, शमूएल लोगनद्वारा लिखित् *"टेक टाइम टु बी होली"*, डेनिस किन्लद्वारा लिखित् *"दीस डे विथ द मास्टर"*, अनि लिटि काउमेनद्वारा लिखित् *"स्ट्रीम्स इन द डेजर्ट"* पुस्तकहरू समावेश छन्।
- मैले द *वन इयर बाइबल* बाट पढें, जसमा दुई वटा पुरानो करारका अध्यायहरू, एउटा भजन, हितपदेशका तीन पदहरू र हरेक दिनको लागि नयाँ करारको अंश समावेश गरिएको छ। दिनहुँ पढेर म पूरै बाइबल पढ्छु। म मुख्य पदहरूलाई हाइलाइटरले चिन्ह लगाउने गर्छु।
- म सस्तो स्पाइरल नोटबुकमा पत्रिका पढ्छु। मेरो दैनिकीमा मैले भखरै पढेको एउटा मुख्य पद उद्धृत गर्छु। त्यसपछि प्रभुसँग बातचित, दैनिकी डायरी र त्यस दिनका योजनाहरू लेख्छु। म अक्सर अघिल्लो दिनको प्रार्थनाका उत्तरहरू डायरीमा पुन: हेर्ने गर्छु।
- त्यसपछि मलाई मनपर्ने प्रार्थना गर्ने कोठामा जान्छु – मेरो तहखानामा भएको मेरो ठूलो कार्यलय। म आफ्नि अगाडि विस्तृत प्रार्थनाका विषयहरू राख्छु र परमेश्वरबाट प्राप्त प्रेरणा र ईश्वरीय नेतृत्वलाई लेख्न एउटा कागज र पेन राख्छु। म भूईमा उभिएर प्रार्थना गर्छु किनकि घुँडा टेकेरभन्दा उभिएर नै म सचेत हुन्छु। यस समयमा म प्रभुसित साँच्चै संगति गरिरहेको हुन्छु र उहाँको धेरै प्रशंसा गर्छु।

मेरो उपासनामय समयमा म शिथिल भएको बेला, परमप्रभुले मलाई याद दिलाउनुहुन्छ कि उहाँ पृथ्वीमा आउनुभएको थियो र मेरो लागि मर्नुभएको थियो। त्यसैले उहाँको लागि म उहाँसँग दिनहुँ समय बिताउनेछु भन्ने कुराको ठूलो अर्थ थियो। साठी वर्षभन्दा बढी समयदेखि मैले उहाँलाई विश्वासयोग्य बनी बिहान-बिहान भेट्न थालेको छु र मैले त्यो संगति थोरै पल्ट गुमाएको छु।

प्रभुसित नियमित रूपमा उपासनामय समय बिताउने निर्णय गर्नुहोस्- इनाम एकदमै ठूलो छ।

•••••••••••••••••

# प्रेमले भरिएका पास्टरहरू

*****

*जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरूको अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन।*

*१ तिमोथी ४:१२*

सह-पास्टर बेन र केली सानै थिए जब तिनीहरूले आफ्ना मेरील्याण्डको मण्डलीमा पास्टरको रूपमा सेवा सुरु गरे। अहिले तिनीहरूले आफ्नो ३० वर्षभन्दा बढी समय तिनीहरूको ज्वलन्त र आनन्दित मण्डलीमा निवेश गरे। म तिनीहरूको घरमा एक हप्ते जागृति सभाको लागि गए, अनि तिनीहरू साँच्चै ईश्वरीय बोलीवचन र ख्रीष्टको जस्तो प्रेममा उदाहरण थिए कि मेरो हृदय साँच्चै मेरो आत्मा उचालियो। यद्धपि त्यहाँ धेरै पास्टरहरूको असफलताको बारे धेरै कुरा भए तापनि हजारभन्दा बढी जागृतिका सभाहरूमा धेरै प्रेमिलो पास्टरहरूलाई भेटें जसद्वारा म प्रभावित बनेको छु। एक हप्तामा, बेन र केलीको जीवनमा मैले देखेका कुराहरू यहाँ प्रस्तुत छ:

- तिनीहरूले आफ्नो मण्डलीलाई जागृति हप्ताको लागि राम्ररी तयार पारेका थिए।
- तिनीहरूले मलाई आफ्नै बाथरूम भएको आरामदायी कोठामा राखे।
- बेनले मेरो गह्रौ समान लिएर कोठामा लगे।
- केलीले मलाई स्वादिष्ट खाना खुवाएकी थिइन्
- मानिसहरूलाई यस सेवामा निम्ति दिन बेनले थुप्रै सन्देशहरू पठाए।
- बेनले एकल आमा एवं बुवाको घरबाट आएका किशोर केटाहरूको समूहसँग बास्केटबल खेलेर सम्बन्ध बनाएका थिए। बेन तिनीहरूको बुवा थिए।
- केलीले बास्केटबल खेल्ने केटाहरूलाई बेलुकीको खानामा बोलाए र त्यो साँझ सबैजना मण्डलीमा आए।
- बेनले काठ काट्ने व्यापार सुरु गरे अनि ती बास्केटबल खेलाडी युवाहरूको आचारसंहिता विकास गर्न र आय आर्जन गर्न मद्दत गर्न तिनीहरूलाई काममा लगाएका थिए।
- हरेक रात, प्रत्येक सेवाको अन्तमा, परमेश्वरको खोजी गरिरहेका मानिसहरूसँगलाफ केली र बेनले प्रार्थना गरिदिन्थे अनि सल्लाह दिन्थे।
- मेरो अर्को सेवकाइमा ११०० किलोमिटर यात्रा गर्नुथियो, मलाई समान कारमा लोड गर्न र प्रार्थनामा सहायता पुर्‍याउन त्यसदिन बेन र केली बिहान पाँच बजे उठे।
- म सुरक्षितसाथ घर पुगें वा पुगिनँ जान्नलाई तिनीहरूले मलाई फोन गरे र मेसेज लेखे।

यो हप्तालाई फर्केर हेर्दा, मैले असाध्यै प्रेम पाएको अनुभव गरें। हो पक्कै, यहाँ धेरै प्रेमिलो पास्टरहरू छन्।

•••••••••••••••••

# निश्चित - सर्वशक्तिमान

*****

*विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट।*

*प्रकाश १:५*

रोमी साम्राज्यले ख्रीष्टका मण्डलीहरूको वरिपरि आफ्नो शक्तिशाली प्रभाव फैलिएको थियो र प्रकाश १ अध्यायले हाम्रो लागि एउटा नाटकीय दृश्य चित्रण गर्छ। यस अध्यायमा यूहन्ना र अन्य चेलाहरूले सिंहासनबाट शक्तिशाली वचन पाउँछन् – तर यो ख्रीष्टको सिंहासन हो, सिजरको होइन (१:४)। ख्रीष्ट "पृथ्वीका राजाहरूको शासक" हुनुहुन्छ (१:५)।

जीवनमा हामीले जस्तोसुकै अनिश्चितताहरूको सामना गरे पनि, हामी ख्रीष्टमा यस कुराको निश्चित हुनसक्छौं: हाम्रा विगतका सबै पापहरू क्षमा भएका छन् (१:५); हाम्रो वर्तमान कामचाहिँ "राजकीय पूजाहारी"को रूपमा परमेश्वरको सेवा गर्नु हो (१:६); हाम्रो भविष्यचाहिँ उहाँ बादलमा आउनुहुँदा उहाँलाई स्वागत गर्नु हो (१:७)।

आफ्ना सेवकहरूलाई विजयी बन्न प्रोत्साहन दिन यूहन्नाले तिनीहरूलाई "अनुग्रह र शान्ति" पठाउँछन् (१:४)। यसर्थ, जब कम्पनीले दिएको बोनस तपाईंले आशा गर्नुभए भन्दा धेरै कम हुन्छ र छुट्टीमा घुम्न जाने योजनालाई रद्द तुल्याउनु पर्छ; जब हामीले सोचेका थियौं कि हामी बाहिर निस्कन सक्छौं; जब तुफान, भूइँचालोले देशलाई प्रहार गर्छ र मानिसहरू मर्छन् – त्यति नै बेला हामीलाई कसैको खाँचो पर्छ। अझ एकजना मानिस छ जसले अन्तिम वचन प्राप्त गर्नसक्छ, जो आउन अझ बाँकी नै छ र उहाँसँग हाम्रो दिनको लागि सामर्थ्य छ।

यूहन्नाले दु:ख भोगे तर दृढ रहे "पत्मोस भन्ने टापूमा" हुँदा सन्देश प्राप्त गरे (१:९)। एकजना प्रचारकले भने, "यूहन्ना पत्मोसको टापुमा थिए, तर पत्मोस तिनीमाथि थिएन।"

शमूएल र ग्लाडिस हेप ईश्वरीय अनि दक्षिण तथा मध्य अमेरिकाको निम्ति परमेश्वरद्वारा अगुवाइ गरिएका मिसनेरीहरू थिए। तिनीहरूको अवकाशको समयमा म तिनीहरूको घरदेखि पारिपट्टि बस्थे। वर्षौं बितिसक्यो र तिनीहरूले स्वस्थ्य सम्बन्धी समस्याहरूको सामना गरिरहेका थिए। मैले एकदिन श्रीमती हेपलाई फोन गरेर सोधें, "दिदी हेप, यस्तो परिस्थीतिमा तपाईंहरू कस्तो हुनुहुन्छ?"

तिनले तुरुन्तै कडास्वरमा भनिन्, "भाइ शेभर, यस्तो अवस्थामा छैन। म ती समस्याहरूमाथि छु।"

कस्तो असाधारण विजय! यो "अल्फा र अमेगा म नै हुँ...जो हुनुहुन्छ, हो हुनुहुन्थ्यो र जो हुनआउनुहुनेछ" (१:८)भन्नुहुनेको कारण भएको हो भनी तिनलाई थाह थियो।[84]

•••••••••••••••••

[84]. यस अघि प्रकाशित स्टन्डर्ड अगस्ट २००९ (कान्सास सिटी, मो: शब्द कार्य क.), ४. अनुमतिद्वारा प्रयोग गरियो ।

# उहाँ सक्षम हुनुहुन्छ

*****

*तब धर्मगुरूहरूमध्ये एक जनाले मलाई भने, नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।*

*प्रकाश ५:५*

केही समयपछि, हाम्रो अन्तिम इच्छा र प्रमाण तयार पार्न न्यान्सी र म एक जना वकिलकहाँ गयौं। इच्छापत्रको पानाभित्र हाम्रा सबै पार्थिव सरसम्पत्तिहरू नष्ट गर्ने योजना छ, त्यसकारण हामीपछि त्यसमा कुनै गोलमाल हुनेछैन। इच्छापत्रको मौलिक प्रतिलिपी स्थानीय बैंकको लाकरमा सिल गरेर राखिएको छ र यसलाई खोल्नका लागि एक जना मात्र योग्य छन्। त्यहाँ उल्लेखित नाउँले ताल्चा खोल्न, इच्छापत्र खोल्न, र हाम्रो चाहनालाई पूरा गर्न लुकाएर राखिएको कुञ्जी प्रयोग गर्नेछ।

प्रकाश ५ मा पनि यस्तै सात वटा छाप लगाइएको मुठ्ठोबारे बताइएको छ। यो प्रतिज्ञाको काम हो, एउटा करार हो र यूहन्ना रुन्छन् किनकि एकजना पनि त्यो खोल्ने योग्य छैन।

अचानक स्वर्गले यसो भन्छ: "हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात मोहोरहरू खोल्न विजयी हुनुभएको छ" (५:५)। यसले राज्यको आगमनतर्फ डोऱ्याउँछ।

चार वटा जीवित प्राणीहरू, चौबीस जना धर्मगुरुहरू, हजारौं स्वर्गदूतहरू अनि हरेक जीवित प्राणीले उहाँको प्रशंसा गर्न सुरु गर्दछन्। उहाँ योग्य हुनुहुन्छ किनकि...

- उहाँले सबैलाई छुटकारा दिनुभयो: "आफ्नो रगतद्वारा: (५:९)।
- उहाँ सबै कहाँ पुग्नुभयो: "हरेक कुल, भाषा, मानिस र जातिबाट" (५:९)।
- उहाँले सबैलाई बनाउनुभयो: "राज्य र हाम्रा परमेश्वरको पूजाहारी बनाउनुभएको छ" (५:१०)।
- उहाँले हामीलाई सबैमाथि शासन गर्न नियुक्त गर्नुहुनेछ: "तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्" (५:१०)।

थुमा योग्य हुनुहुन्छ किनकि उहाँले आफ्नो रगतले मानिसहरूलाई परमेश्वरको लागि किन्नुभयो।

यो लेख पढ्दै गर्दा मैले भर्खरै मात्र जेनलले फोन गरिन्, जो सानै छँदा हाम्रो मण्डलीमा आएकी थिइन्। हाम्रो मण्डलीका केही मानिसहरू उनलाई भेट्न आए अनि ख्रीष्टको बारेमा तिनलाई बताए, र तिनलाई उद्धारकर्तालाई ग्रहण गरिन्, "उहाँले मलाई फेरि उहाँसँग सम्बन्धमा गाँस्नुभयो। अहिले मेरो जीवन अर्कै छ।"[85]

•••••••••••••••••

[85]. स्टेन्डर्ड अगस्त २००९ (कन्सास सिटी, एमओ: वर्ड एक्सन पब्लिसिङ को.मा प्रकाशित), ४. अनुमतिद्वारा प्रयोग गरिएको छ।

# साँच्चै न्यायी

*****

*मानिसहरू प्रचण्ड तापले डढे, र तिनीहरूले ती विपत्तिहरूमाथि अधिकार भएका परमेश्वरको नाउँको निन्दा गरे। तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे।*

*प्रकाश १६:९*

प्रकाश १६ मा पापको भयानक नतिजाबारे वर्णन गरिएको छ। परमेश्वरको व्यवस्था हामी सबैको लागि समान छ र अनाज्ञाकारिताले भयंकर परिणामहरू निम्त्याउँछ। यस अध्यायमा परमेश्वरको क्रोधका सात कचौराले यी नतिजाहरूको प्रतिनिधित्व गर्छ।

कसै-कसैको विचारमा परमेश्वरले मानिसहरूलाई नरकमा पठाउनुहुन्छ। सत्य कुरा के हो भने, परमेश्वरले हामीलाई अनन्तको लागि हराउनदेखि रोक्न खोज्नुहुन्छ तर हामीले जिद्दी गर्‍यौं भने उहाँले हामीलाई त्यहाँ जान दिनुहुन्छ – यो हाम्रो छनौट हो।

मेरो लागि, नरकमा जान छनौट गर्ने व्यक्ति रीसले चूर भएको जवान मानिसजस्तै हो, जो आफ्ना साथीहरूको अपार्टमेनमा अचानक पुग्छ र छैटौं तल्लाबाट हाम फाल्ने धम्कीदिन्छ। उसको साथीले आग्रह गर्छ, "त्यसो नगर!"ऊ हतारहतार गरेर अगाडि जान्छ।

दोस्रो मित्रले हात फैलाएर उसलाई उसको समस्याको समाधान गर्ने आश्वासन दिन्छ। जवान मानिस अझ झ्यालतिरै बढ्छ।

तेस्रो मित्रले उसलाई शारीरिकरूपमा रोक्न खोज्छ तर त्यो जवान मानिसले उसलाई एकातिर धकेलेर झ्यालबाट उफ्रेर जान्छ।

झ्यालबाट तल झर्दा उसले यसो भन्दै चिच्याउँछ, "कसैले मलाई किन मद्दत गरेन? तिमीहरूले मलाई किन रोकेनौ? मलाई नबचाएको कारण म तिमीप्रति साह्रै रिसाएको छु।"

यहाँ एक जना व्यक्ति छ जसले परमेश्वरको वचनलाई, पिताको बोलावट, ख्रीष्टको रगत, आत्माको विन्ती, साथीहरूको साक्षी, सुसमाचार प्रचार, इसाई प्रेम; मण्डलीको उपासनालाई धक्का दिएर अगि बडेको छ। यो व्यक्ति पद ९ र ११ मा उल्लेख गरिएको "पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गर्ने" व्यक्तिजस्तै छ।

तैपनि, हामीले कसैको उद्धारको आशालाई कहिल्यै त्याग्नु हुँदैन वा तिनीहरूको लागि प्रार्थना गर्न छोड्नु हुँदैन। उदाहरणका लागि, एक दिन हारून वेदीमा नाङ्गो भएर रोए र प्रार्थना गरे। मैले उनलाई किन भाँचियो भनेर सोधें र उसलाई भन्यो, "मैले बुवालाई त्यागेको थिएँ तर परमेश्वरले मलाई दोषी ठहराउनुभयो। म फेरि उनको लागि बोझले भरिएको छु।"

आफ्नो प्रार्थना जीवनको लागि प्रख्यात जर्ज मुलरले अठ्टाइस वर्षसम्म दुई जना साथीको उद्धारको लागि प्रार्थना गरे। मुलरको मृत्यु भएपछि मात्र तिनीहरू दुवैको उद्धार भयो।

हामीले हार मान्नुहुँदैन। परमेश्वर कोही पनि नाश भएको चाहनुहुन्न तर सबै जनाले पश्चात्ताप गरून् भन्ने उहाँ चाहनुहुन्छ (२पत्रुस ३:९)। [86]

.................

[86]. यस अघि स्टन्डर्ड अगस्ट २००९ (कान्सास सिटी, मो: शब्द कार्य क.) ४ मा प्रकाशित्। अनुमतिद्वारा प्रयोग गरिएको छ।

# येशूले जित्नुहुन्छ

*****

*हेर, म चाँडै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्नेहरू धन्यको हो।*

*प्रकाश २२:७*

मेरी श्रीमती न्यान्सीलाई असाध्यै गाह्रो भयो। तिनले यसरी लेखिन्: *यदि मैले यस वर्षको लागि शीर्षक दिनुपऱ्यो भने म यसलाई "द इयर अफ द स्टर्म्स" दिन्थे। शत्रुहरू फाड्‍न र च्यात्न आयो तर येशू हामीलाई पुन: जोड्‍न र बनाउन आउनुभयो... परमेश्वरलाई मेरो जीवनको तुफान कति ठूलो छ भनेर नभन्नुहोस् तर तुफानलाई मेरो परमेश्वर कति महान हुनुहुन्छ भनेर भन्नुहोस्।*

अन्तमा, तिनले जितेकी छिन्।

प्रकाश २२ मा हामीसित आशाको सन्देशको पुनर्समर्थन छ र यो पुस्तकभरि नै दिइएको छ। यस अध्यायमा तीन पल्ट, येशूले दोहोऱ्याउनुहुन्छ, "म चाँढै आउँदैछु" (२२:७, १२,२०)। प्रलोभन, परीक्षा, र सतावटमा भएर जानुहुने सबै स्थिर रहनुहोस्! प्रकाशको पुस्तकचाहिँ गाह्रो समयबाट गुज्रिरहेकाहरूको लागि हो।

यो समापन अध्यायले हामीलाई स्वर्गको आशा पनि दिन्छ। येशूले हामीलाई आश्वासन दिनुहुन्छ कि ख्रीष्टको रगतमा "आफ्ना वस्त्र धुनेहरूले" "जीवनका वृक्षको हक पाउनेछन्" (२२:१४)। त्यस ठाउँमा कुनै पाप प्रवेश गर्न पाउनेछैन। यो तिनीहरू मात्र पस्न पाउनेछन् जसले येशूद्वारा आफ्नो चरित्र र आचरणलाई परिवर्तन गरेका छन्।

त्यसपछि त्यहाँ अचम्मको कुरा छ। पापलाई त्यहाँ जान दिइनेछैन भनेर दृढ्तापूर्वक बताएपछि (२२:१४), प्रेमिलो परमेश्वर, अनुग्रही ख्रीष्टले अझ एउटा निमन्त्रणा दिनुहुन्छ: "जसले इच्छा गर्छ, त्यसले जीवनको पानी सित्तैमा लेओस" (२२:१७)। पुस्तकको अन्त, बाइबलको अन्त्य, संसारको अन्तसम्म हामीलाई थाहा भएझैं, ख्रीष्टले अझै पनि सबैले मुक्ति प्राप्त गर्नसकोस् भनी बिन्ती गरिरहनुभएको छ।

प्रकाशको सन्देशलाई एक जना युवकको कथाको सारांशमा प्रस्तुत गरिएको छ जसले यस पुस्तकको अध्ययन पूरा गरिसकेका थिए  सबै कुरा तिनलाई थाहा थियो भन्ने कुरामा पक्का थिए। एक साँझ कक्षा कोठामा प्रवेश गर्दा तिनले एक जना वृद्ध मानिसले प्रकाशको पुस्तक पढिरहेको देखे। पढाउन सुरु गर्दै उनले भने, "वृद्ध मानिस, तपाईंले बुझ्नुभयो? त्यस मानिसले उत्तर दियो, "हो, येशू विजयी हुनुहुन्छ।"

हो, यति नै हो। येशू विजयी हुनुहुन्छ। अनि हामी पनि उहाँसँगै विजयी बनेका छौं।

•••••••••••••••••

# तर पवित्र आत्माले भरिपूर्ण होओ

*****

*यसैकारण, मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ। दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।*

*एफिसी ५:१७-१८*

तिनी आफ्नो परिवारका सदस्यहरूसित छुट्टी मनाएर फर्के र तीन हप्ताको निम्ति सिधैँ रक्सी पुनर्स्थापना केन्द्रमा गए। पछिबाट, मैले तिनलाई केले पिउन लगाउँछ भनी सोधेँ।

तिनले भने, "समाजिक रूपमा, म योग्य छैन जस्तो मलाई लाग्यो। बियरको केही घुटकोले मलाई केही हलुको बनाएजस्तो लाग्यो। तर जब म साँझमा एउटा ठाउँदेखि अर्को ठाउँमा जान्थें, मैले बाह्र बोतल बियर पिउन सक्थें। मलाई केले ब्युझायो भने, जब म स्मरणार्थ उत्सवको दिन रक्सी खाएर घर फर्किरहेको थिएँ, मैले बाटोमा क्यानोपी राखेको पोस्टलाई हिर्काइदिएँ।"

अर्को हप्ता आफ्नो जन्मदिन मनाएपछि तिनलाई घरतिर जाने सुद्धि नै रहेन र फेरि त्यही क्यानोपी पोस्टमा गाडीले हिर्काइदिए।

तिनले ख्रीष्टलाई स्वीकार गरेका थिए तर अहिले तिनको पिउने समस्या समाधान गर्न गम्भीर बनेका थिए। जब एक जना सुधारकेन्द्रका रोगीले तिनलाई फेरि पिउन सुरु गर्ने योजना छ कि भनेर सोध्दा तिनी स्तब्ध भए – उनले अघि नै लागूऔषधी व्यापारीसित भेटघाटको समय मिलाइसकेकी थिइन्। तर तिनको मनोवृत्ति यस्तो थियो कि, "म त्यही हुँ र त्यही गरिसकेको छु।"

हो, येशूका अनुयायीहरूले पनि दाखमद्य पिए। तथापि, आजको रक्सी वा अन्य मादक पेय पदार्थहरू त्यो थिएन। त्यस दिनको अनुपात तीन भाग पानी र एक भाग दाखमद्य थियो। रक्सीले पानीलाई शुद्ध पार्‍यो र पानी रक्सीमा मिसियो। यसबाहेक, पवित्र-शास्त्रले मतवालपन विरुद्ध कडा अडान लिन्छ। रोमी १३:१३ले भन्छ, "दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं....पियक्कडपनमा...होइन। अनि गलाती ५:२१ ले भन्छ, "...जसजसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्।"[87]

म मानिसहरूलाई सबै मद्यबाट अलग रहन आग्रह गर्छु। सामाजिक जमघटमा रक्सी पिउनेहरू अकसर यसो भन्छन्, यसमा कुनै समस्या छैन किनकि तिनीहरू केवल एक पेगमात्र पिउँछन्। तर मदिराको सबैभन्दा पहिलो असर भनेरको स्वस्थ्य अवरोधलाई कम गर्नु हो जसले गर्दा दोस्रो र तेस्रो वा लगातार पिउन सजिलो हुन्छ। पवित्र-शास्त्रले हामीलाई अरूमाथि पर्ने आफ्नो प्रभाव विचार गर्न पनि आग्रह गरेको छ: "उचित त यो हुन्छ, कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ" (रोमी १४:२१)। तनाव मुक्त हुन पिउनेहरूलाई एफिसी ५:१८ले यस्तो उत्तम जवाफ दिन्छ: तर पवित्र आत्माले भरिपूर्ण होओ।"

मेरो साथीले सुधारगृहमा बसिसकेपछि रक्सी खान छोड्यो। त्यस निर्णयले गर्दा तिनको चिन्ता र तनाउ कम भएको कुरा तिनले मलाई बताए। तिनले आफ्नो तौल १५ पाउण्ड घटाए र शारीरिकरूपमा स्वस्थ्य महसुस गरे। तिनले फेरि रक्सी पिउने बारे बिरलै सोच्लान। समग्रमा भन्ने हो भने, तिनी अरुसितको आफ्नो अन्तरक्रियामा अझ रचनात्मक भएका छन्। एक जना मित्रले यसो भने, "अहिले ऊ मुस्कुराइरहेको छ। तिनी ढुक्क र खुशी अथवा साँच्चै आनन्दित बनेका छन्।"

अहिले, दुई वर्षपछि, तिनी त्यही स्थानमा फर्केका छन् जहाँबाट दुईवर्ष अघि पूनर्सुधारगृह चलाएका थिए। तिनले पवित्र आत्मासित घनिष्ठ भएको महसुस गरेको कुरा बताए।

यो लेख लेख्दा नजिकैको समुद्री किनारमा एक जना मदिरा सेवक गरेकी स्त्रीलाफ मृतकअवस्थामा पानीदेखि बाहिर निकालियो।

---

[87]. स्टाइन, "नयाँ नियमको समयमा दाखमद्य पिउने", *आज इसाईत्व*, जून २०, १९७५, ९–१६ ।

. . . . . . . . . . . . . . . . .

**अक्टोबर ८** **दिन - २८१**

# के तपाईं नरकमा विश्वास गर्नुहुन्छ?

*****

*त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाडाम अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। अनि उसले कराएर भन्यो, "हे पिता, अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदिओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।"*

*लूका १६:२२-२४*

धेरै मानिसहरूले तपाईंलाई भन्नेछन्, "म नरकमा विश्वास गर्दिनँ।" यद्यपि, तिनीहरूमध्ये थुप्रैले रीसको क्षणमा वा कुनै भनाइलाई जोड दिन नरकलाई संकेत गर्नेछन्। उदाहरणको लागि, यदि कुनै व्यक्तिलाई कसैले उसलाई सम्बोधन गरेकोमा रीस उठेको छ भने उसले यसरी प्रतिवाद गर्नसक्छ, "मसित यसरी बोल्ने तिमी को हौ? तिमी आफैलाई के सोंच्छौ?

एकक्षणको लागि यो बारेमा सोचौं। के तपाईं पनि अस्तित्वमा नै नभएको ठाउँ वा विचारलाई जोड दिने कोसिस गर्नुहुन्छ? अर्धचेतना अवस्थामा, के यो सम्भव कि "नरक" शब्द प्रयोग गर्ने व्यक्तिले वास्तवमा नै यो अवस्थित छ भनेर विश्वास गर्छ?

पवित्र-शास्त्रले नरकको बारे के भन्छ सो विचार गरौं:

- येशूले नरकमा तडपीरहेको स्वार्थी मानिसबारे भन्नुभएको कुरालाई लूकाले वर्णन गरेका छन् (लूका १६:२२-२४)।
- येशूको भनाइलाई मत्तीले यसरी वर्णन गरेका छन्, "श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ" (मत्ती २५:४१)। अनन्त आगोको सुरुको उद्देश्यलाई ध्यान दिनुहोस्: दियाबलस र त्यसका दूतहरूको लागि तयार गरिएको।"
- तर पत्रुसले लेखे, "स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पाताललप अन्धकारमा जकडिराख्नुभयो। उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर उपासनाहीनतालप संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र अरू सात जनालाई सुरक्षित राख्नुभयो। उहाँले सदोम र गमोरा सहरहरूलाई भस्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र उपासनाहीनहरूको सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो। उहाँले दुष्टहरूका कामुकताबाट अति दु:खित भएका धार्मिक लोतलाई बचाउनुभयो। (ती मानिसहरूका माझ बस्दा, र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे।) यसरी भक्तलाई परीक्षाबाट बचाउन र उपासनाहीनलाई न्यायको दिनसम्म दण्डमा जकडिराख्न प्रभु जान्नुहुन्छ।" ईश्वर भक्त मानिसहरूप्रति परमेश्वरको वास्तालाई याद गर्नुहोस्।
- प्रकाशको पुस्तकका यी शब्दहरू यूहन्नाले आफ्नो दर्शनमा यसरी लेखेका छन्: "उहाँले मलाई भन्नुभयो, अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनको पानीको फोहोराबाट म सित्तैँमा दिनेछु। जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसको परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ। तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दाहरू, मूर्तिपूजकहरू र झुटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ, जो दोस्रो मृत्यु हो।"

नरकको बारेमा यी कडा वचनहरूद्वारा, परमेश्वरले येशू ख्रीष्टलाई यस पृथ्वीमा र प्रत्येक हृदयमा किन पठाउनुभयो भन्ने कुरा हामी बुझौं:

- लूका १९:१० ले भन्छ, "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

- यूहन्ना ३:१७-१८ ले भन्छ, "किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।"
- प्रकाश ३:१९ ले भन्छ: "यसकारण उत्साहित होओ। पश्चात्ताप गर। हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ।"

येशू ख्रीष्ट तपाईं र म लगायत हाम्रा वरिपरिका मानिसहरूलाई यहाँ र नरकमा टुटेको र पापमा नियन्त्रित जीवनबाट बचाउन हर प्रयास गर्नुहुन्छ। परमेश्वरको प्रेम र येशू ख्रीष्टको बचाउने शक्तिद्वारा अरूलाई मद्दत गर्न अघि बढ्नुपर्ने कति ठूलो कारण छ?

•••••••••••••••••

# सत्यको मूल्य

*****

*तर उहाँले हामी यसो नगर्नुभए (बचाउनु भएनभने) तापनि, हे महाराज, हजुरका देवताहरूको सेवा गर्नेछैनौं त त हजुरले स्थापना गर्नुभएको सुनको मुर्तिलाई दण्डवत गर्नेछौं भनी हजुरलाई थाहा होस् भन्ने हामी चाहन्छौं।*

*दानिएल ३:१८*

मेरो लागि "नगर्ने" भन्दा "गर्ने" कुरा पछयाउन सजिलो हुन्छ र यी तीन जना युवकहरूले पनि त्यसै गरे। तिनीहरूले आफ्नो सम्पूर्ण हृदय, प्राण र मनले जिउँदो परमेश्वरको आराधना गरे। यसकारण झूटा देवताहरूका निम्ति केही पनि राखिएको थिएन। तिनीहरू सत्यप्रति प्रतिबद्ध थिए कि जस्तोसुकै अवस्था भए तापनि तिनीहरूले आफ्नो विश्वास समर्पण गर्ने मूर्तिलाई ढोग्ने र अरू देवताको उपासना गर्ने थिएनन् र पक्कै विचारशुन्य, निर्जीव सुनले बनेको देवतालाई चढाउने थिएनन्। मृत्युको खतराले समेत तिनीहरूको विश्वास र आस्थालाई हल्लाउन सकेन।

तिनीहरू आफ्नो सुरक्षाको निम्तो मूर्तिपूजा गरेको देखाउन इच्छुक थिएनन्। तिनीहरूलाई दया देखाउने कुनै समूह थिएन, तिनीहरूले परमेश्वरलाई नै विन्ती गरेर यसो पनि भनेनन्, "यो अन्याय भयो। हेर्नुहोस्, हामी कति विश्वासयोग्य थियौं- र पनि तपाईंले यो कसरी हुन दिनुहुन्छ?" जब सबै परिस्थीति तिनीहरूको अनुकुल थिएन तब पनि तिनीहरू परिस्थीतिदेखि भागेनन्। तिनीहरूले कुनै कुरामाथि आफ्नो नियन्त्रण जमाउने कोशिष गरेनन्। तिनीहरूले जीवन र मृत्युमा "तपाईंकै इच्छा पूरा होस्" भन्ने कुरामा भरोसा राखे।

म यी कुराहरू लेख्न सक्छु किनभने म त्यसै गर्न प्रलोभनमा पर्ने सक्थें। यो सुन्दा म नराम्रो हुनसक्छु। म व्यस्त रहनसक्छु जब म अर्को कामको बारे सत्य कुरा सुन्न चाहदिनँ। यद्यपि, मेरा संघर्षहरूमा, परमेश्वर मलाई सिकाउन त्यहाँ हुनुहुन्छ। उहाँले मलाई साहससित खडा हुनका निम्ति बाटो खोल्नुहुन्छ र म गर्नसक्छु भन्ने कुरा सिक्नसक्छु – उहाँमाथि म भरोसा गर्नसक्छु।

के आज परमेश्वरले तपाईंलाई सत्यको बारेमा बिस्तारै भन्दैहुनुहुन्छ? के तपाईं उहाँको आवाज सुन्न र उहाँको आज्ञा पालन गर्न आफैलाई अनुमति दिनुहुन्छ?

न्यान्सी शेभर[88]

• • • • • • • • • • • • • • • • •

[88]. यस अघि *कम ये अपार्ट* सेप्टम्बर-अक्टोबर-नोभेम्बर २००१ (कन्सास सिटी, एमओ: वर्डएक्सन पब्लिसिङ को.), ७७ मा प्रकाशित्। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन अहिले रिफ्लेक्टिङ गाड भयो)।

# अक्टोबर १० दिन - २८३

# झ्यालखानबाट एउटा पत्र

*****

*धेरैजसो भाइहरू मेरो कैदले गर्दा प्रभुमा साहसी भएका छन् र परमेश्वरको वचन विनाडर बोल्नलाई झन् आँटिला भएका छन्। फिलिप्पी १:१४*

प्रचार गर्दा र साक्षी दिँदा प्रेरित पावलले के पाए? अन्य कुराहरूका साथ कारावासको समय पनि। अनुचित आरोप; अनुचित कानुनी जाँच; अन्यायपूर्ण झ्यालखान सजाय; अहिले साङ्लाले बाँधिएको र प्रहरीसँगको कैदी- जीवन झन् झन बिग्रदै गइरहेको जस्तो देखिन्थ्यो। कृपया ख्रीष्टको आत्माले पूर्णरूपले समर्पित, पूर्णतया पवित्र पारिएका यी अनुयायीको मनोवृत्तिलाई ध्यान दिनुहोस्। उनले बन्दीगृहबाट फिलिप्पीमा भएको मण्डलीलाई लेख्छन्:

- "मेरो उत्कट प्रतीक्षा र आशा यो हो, कि म कदाचित् लज्जित हुनेछैनँ, र ममा प्रशस्त साहस हुनेछ, र सधैँझैं अहिले पनि मेरो शरीरमा ख्रीष्ट सम्मानित हुनुहुनेछ, चाहे मृत्युद्वारा होस्, अथवा जीवनद्वारा" (१:२०)।
- "जुनसुकै परिस्थीतिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु" (४:११)।
- "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (४:१३)।
- "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ" (४:१९)।
- "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवाससहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ" (४:६-७)।

आज पनि हामीलाई झ्यालखानबाट चिट्ठीहरू प्राप्त हुन्छ। इलिनोइको एउटा सानो मण्डलीमा एक हप्ते जागृति सभामा डेभिड उपस्थित भए। तिनले कानुनी तवरमा समस्याहरूको सामना गरिरहेका थिए र हरेक रात तिनले प्रभुको खोजी गरे र पापका पत्रहरू फुकालेर फ्याके। हप्तौंपछि तिनलाई झ्यालखानसजाय सुनाइयो। तिनले आफ्नो झ्यालखानको कोठाबाट हामीलाफ लेखेका कुराहरू यस प्रकार छन्:

*अदालतले मलाई सिफारिस गऱ्यो र चार महिने कार्यक्रम बुट क्याम्प (आईआईपी) जाने वचन दियो तर इलियोनोको राजधानीले मलाई इन्कार गऱ्यो। त्यसैले म चार वर्षको सजायको लागि दुई वर्ष काम गरिरहेको छु। मेरो परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँको योजना छ। एकदिन मैले थाह पाएँ, मलाई चोट लागेको भए तापनि म विश्वासी रहिरहे र केही अचम्मको काम भयो। मेरो नयाँ झ्यालखानमित्र, जसले मलाई बाइबल पढिरहेको र सबै कुराको बावजुद लगनशील भई प्रार्थना गरिरहेको देखे र मसित कुराकानी गर्न लागे। मैले यो गर्नलाई अपरिहार्य अनुभूति अनुभव गरें, यद्यपि, म डराएको र भयभित भएको थिएँ (पहिले यस्तो कहिल्यै गरेको थिएन), तर मैले यो गरें।*

*मैले ब्राडली एस. पिटर्सलाई यति मात्र सोधें, "के तपाईं मुक्ति पाउन चाहनुहुन्छ?"*

*म छक्क परें, यो नरम बोली भएको व्यक्तिले यस कठोर जवान मानिसको आँखामा हेरेर भने "हो, म चाहन्छु।"*

*त्यसैले, जून ३०मा, इलिनोइस, डीओसी को हिल्सबोरोस्थित एक्स – हाउसमा, त्यो फोहोर भूईमा घुडा टेकेर हात जोडी, मैले ब्रेडलीलाई उद्धारको प्रार्थनामा अगुवाइ गरें र तिनले ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गरे। त्यो फोहोर भूइँमा तिनी अति नै सफा र शुद्ध भए। तिनी मैले ख्रीष्टमा अगुवाइ गरेको पहिलो व्यक्ति थिएम र यो सबैभन्दा शक्तिशाली कुराहरू मध्ये एक थियो जसको भागिदार म भएँ। (परमेश्वरलाई महिमा होस्)।*

*यो कल्पना गर्नु गाह्रो छ कि डरलाग्दो, लागू पदार्थको लतमा परेको, हिंसक, दुष्ट, जीवन-नाश गर्ने मान्छे अब ख्रीष्टको निम्ति महान काम गर्न गइरहेको छ। हामी जान्दछौं कि म झ्यालखानमा जानभन्दा अघि नै मलाई बचाइएको थियो र कुलतबाट मुक्त गरिएको थियो। म यो ठाउँलाई आफ्नो सडकको आइक्यु र स्थीति बढाउन र म अघिभन्दा धेरै दुष्ट बन्न सक्थे। तर, परमेश्वरले र मेरो मुक्तिदाता येशू ख्रीष्टलप कृपाले मैले यो ठाउँलाई लामो बाइबल शिविरमा परिणत गेरको छु।*

पावल उनलाई दिइएको पहरेदारबाट टाडा जान सकेन – तर, अर्कोपट्टि, पहरेदार नै उनीबाट टाडा जान सकेनन्। डेभिड तिनको झ्यालखानमित्रबाट टाडा जान सकेन – झ्यालखानमित्र पनि तिनीबाट टाडा जानसकेन। यी दुवै विषयमा यसो भन्न सकिन्छ: "ममाथि आइलागेका कुराहरूले वास्तवमा सुसमाचालाई अगि बढाउने काम भएको छ" (१:१२)।

तपाईं कसरी परमेश्वरलाई आफ्नो परिस्थीति प्रयोग गर्ने अनुमति दिनुहुन्छ?

•••••••••••••••••

# पिता र येशू काम गर्दै हुनुहुन्छ, भाग १

*****

*तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।*

*यूहन्ना ५:१७*

उच्च माध्यामिक विद्यालयको पढाइको लागि के मेरा आमा र बुबाले मलाई उपर्युक्त उपहार दिनुहुन्छ? मेरा बुबाले मलाई आठौं कक्षाको स्नातकमा सुन्दर घडी दिनुभएको थियो तर उच्च माध्यमिक विद्यालयमा भने धेरै ठूलो थियो। यसको पछाडि कति धेरै सोचाइ, योजना, र मूल्य अनि काम गर्नुपरेको थियो भन्ने कुरा मलाई खासै थाहा थिएन। यद्यपि म चिन्तित हुँदा उहाँले काम गर्नुभयो। मैले चाँडै थाहा पाएँ कि मेरो उपहार संयुक्त राज्यमा दुई हाई स्कूलका शिक्षक र चौध जना विद्यार्थीहरूका साथ दश माइल। तीस दिनको यात्रा थियो, धेरै रातहरू क्याम्पिङ गर्दै। आज सम्म म यल्लोस्टोन, ग्लेसियर, ग्रान्ड केन्योन, ब्याडल्याण्ड्स, क्रेटर लेक, रेडवुड, माउन्ट शास्टा र अन्य धेरै सम्झन्छु। मेरो बुबाले सबै काम गरिरहनुभएको थियो र यो अति नै असल थियो।

झट्ट हेर्दा अनौठो लागेको एउटा भनाइ हुनसक्छ जहाँ येशूले यसो भन्नुहुन्छ: "मेरो पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।" विश्रामको दिन, येशूले एक जना मानिसलाई निको पार्नुभयो जो अठतीस वर्षदेखि अशक्त थियो। त्यसपछि यहूदी अगुवाहरूले विश्राम-दिनमा उहाँले "काम" गर्नुभएको कारण उहाँलाई सताउन थाले। येशूले तिनीहरूलाई आफ्नो र आफ्नो पिताको कामबारे बताउनुभयो।

कुनै गल्ती नगर्नुहोस्, येशू शाबाथ दिनको उपासनाको विश्वासयोग्य अनुयायी हुनुहुन्थ्यो। यद्यपि, उहाँले शाबाथको अर्थलाई विस्तार गर्दै आपतकालीन काम, प्रेम र अनुकम्पाका कार्यहरू समावेश गरिरहनुभएको थियो। पिता आफ्नो काममा हुनुहुन्छ। उहाँको काममा प्रेम, दया, करूणा, वास्ता, चङ्गाई, उद्धार, शुद्धिकरण समावेश छ। त्यहाव कामको आत्मिक क्षेत्र थियो जुन यहूदी अगुवाहरूले बुझेका भन्दा बाहिर थियो।

यो सिद्धान्त शबाथ दिनभन्दा अधिक जान्छ। तपाईंको जीवनका सबै मुद्दाहरूमा, वा राष्ट्र वा संसारको ठूला मुद्दाहरूमा, चाहे हामी यसलाई देख्छौं कि देख्दैनौं, पिताले सधैँ काम गरिरहनुभएको छ, र ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। पिता र पुत्रले हाम्रो भलाइ र उहाँको महिमाको निम्ति व्यक्तिगत मानिसहरूसित व्यवहार गर्नुका साथै राष्ट्रहरूको मामलामा काम गरिरहनुभएको छ।

यो काम व्यक्तिगत जीवनमा देखा परेको छ। यूहन्ना ४:४९-५० मा एक जना उच्च अधिकारीले आफ्नो मर्नलागेको छोरोलाई निको पारिदिन येशूलाई आग्रह गरे। येशूले भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।"

अनि अधिकारी जाँदै गर्दा, बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरो बाँच्यो भनी तिलाई बताए। "कुन घडीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोद्धा तिनीहरूले भने, 'हिजो दिउँसो एक बजे ज्वरोले तिनलाई छोड्यो।' येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घडीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे।" (यूहन्ना ४:५२-५३)। यस्ता धेरै ईश्वरीय अनुभवले पिता र पुत्रले हरेक घटनाको पछाडि काम गरिरहनुभएको छ भन्ने प्रमाण दिन्छ।

कहिलेकाहीँ हामी खराब परिस्थीतिको कारण चिन्तित हुन्छौं। ओर्भल निसेले एउटा दु:खदायी अनि पीडादायी अनुभव गरे। तिनले आफ्नो बाइबलमा पढे, "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ" (रोमी ८:२८)। यो भनाइले तिनको अनुभवको प्रकाशमा यो भनाइले तिनलाई पिरोलीरहेको थियो। निसे ग्रीक भाषाका विद्यार्थी थिए र यो नयाँ करारको मौलिक भाषा थियो। त्यसैले तिनले ग्रीक भाषाको नयाँ करार रोमी ८:२८लाई खोलेर पढे, "अनि हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाइ नै उत्पन्न गर्दछन्- उनीहरूका निम्ति, जो उहाँकै मनसायअनुसार बोलाइएका छन्।" डा. निसेले अचानक थाहा पाए कि परमेश्वरले सबै कुराहरू लिन सक्नुहुन्छ, यहाँसम्म कि शैतानले जे पठाउनसक्छ, र त्यसलाई पनि भलाइको निम्ति आफ्नै तरिकाले प्रयोग गर्नसक्नुहुन्छ। कस्तो राहत! अनि परमेश्वरले ८:२९ मा राख्नुभएको उद्देश्यलाई पनि ध्यान दिनुहोस्: हामी "उहाँको पुत्रको रूपजस्तै" हुनेछौं।

•••••••••••••••••

# पिता र येशू काम गर्दै हुनुहुन्छ, भाग २

*****

*तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।*

*यूहन्ना ५:१७*

येशूले आलोचना गर्ने अगुवाहरूलाई आफू र पिता दुवैले काम गरिरहेका छन् भन्नुभएपछि पिता र पुत्रको घनिष्ठ सम्बन्धबारे उहाँ लामो, समृद्ध छलफलमा जानुहुन्छ (यूहन्ना ५:१९-३०)। पिता र पुत्रले गरिरहनुभएको परियोजनाहरूमध्ये एउटा यस्तो समय हो "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरूत्थानको निम्ति र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति" (५:२८-२९)। यद्यपि, पिता र पुत्र दुवै जनाले यस अन्तिम समयको योजनाको काम गरिरहनुभएको छ, त्यहाँ एउटा सिमित पक्ष छ: "तर त्यस दिन र घडीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले , न पुत्रले" (मत्तओ २४:३६)।

क्याथरिन मार्सल गम्भीर रोगसित लडिन्। तिनले समस्या देखिन्। तिनका पति, पिटर मार्सल, सन् १९४७ देखि १९४९सम्म संयुक्त राज्य अमेरिकाको सिनेटका पास्टरको ४६ वर्षको उमेरमा निधन भयो। पिटरलाई एम्बुलेन्सद्वारा अस्पताल लगिसकेपछि क्याथरिन आफ्नो छोरासँग घरमा भूइँमा बसेर प्रार्थना गर्ने विचार गर्दैथिइन्। तिनले भनिन्, "अकस्मात परमेश्वर पिताको प्रेमले घेरिएको, असीम कोमलताले भरिएको महसुस भयो। त्यसपछि, केही माग्नु आवश्यक छैन भन्ने विश्वासले मलाई छोयो। यो महान प्रेमको लागि मैले पिटर, म र हाम्रो भविष्यलाई मात्र समर्पण गर्नुपर्थ्यो।[89]

परमेश्वरले समस्याहरूलाई समेत अन्तमा असल बनाउन सक्नुहुन्छ भनी तिनले थाहा पाइन्। पिटरको मृत्युपछि, समय र परमेश्वरको अनुग्रहका साथ क्याथरिनले *अ म्यान कल्ड पिटर* नामक पुस्तक लेखिन् (जसलाई पछि छायांकन गरियो) अनि अर्को तिनको आफ्नै आत्मिक यात्राबारे *बियोन्ड आउर सेल्फ्स* नामक पुस्तक लेखिन्। फलस्वरूप, लाखौं मानिसहरू परमेश्वरसित घनिष्ठमा आएका छन्। पिता र पुत्र कार्यरत हुनुहुन्छ।

हाम्रो समस्याग्रस्त, नियन्त्रणदेखि बाहिर देखिने संसारमा आजसम्म पनि पिताले काम गरिरहनुभएको छ। पुत्रले पनि काम गरिरहनुभएको छ। अनि आफ्नै जीवनमा पिता र पुत्रले काम गरिरहनुभएको छ।

.................

[89]. क्याथरिन मार्शल, *हाम्रो भन्दा बाहिर* (न्युयोर्क: म्याकग्रा हिल बुक कम्पनी, १९६१), २४–२५।

## अक्टोबर १३ दिन - २८६

# हारेर पनि जित्नु

*****

*सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँडाहरूमा छ। हामी सबैतिरबाट कष्टित छौ, तर किचिएका छैनौं। अन्योलमा परेका छौं, तर हतास भएका छैनौं। सताइएका छौं, तापनि त्यागिएका छैनौं। प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं। येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैँ हाम्रा शरीरमा बोकिहिँड्छौं।*

*२ कोरिन्थी ४:७-१०*

प्याट्रिक महोमस र कन्सास सिटीका प्रमुखहरूले फेरि त्यसै गरे। एकपछि अर्को गर्दै तेस्रो खेलको लागि तिनीहरू दस वा त्योभन्दा बढी अंक पछि थिए तर अन्त्यमा विजयी भए। तिनीहरूले मियामी २०२० को सुपर बाऊल जितेका थिए। अन्तिम आठ मिनेटमा तीन टचडाउन गरेका थिए। अन्तिम स्कोर ३१-२० थियो। तपाईंको टिम हार्न आँटेको बेला पुन: जितमा फर्केको हेर्न पाउनु रोमाञ्चक हुन्छ!

अझ उल्लेखनीय कुरा के छ भने, पछिबाट विजयी हुने येशूको प्रतिज्ञाको प्रापक तपाईं हुनुहुन्छ। याद गर्नुहोस्, अरू अनुवादहरूमा तपाईंले आफ्नो आत्मिक धन "माटोको भाँडो"मा राख्नुभएको छ। यो पनि याद गर्नु असल हुन्छ कि परमेश्वरको अद्भुत अनुग्रहले हामी सीमित मानव शरीरमा छौं भनी स्वीकार गर्नहुन्छ। तर हाम्रो सीमितताले परमेश्वरको शक्तिलाई प्रदर्शन गर्ने मौका दिन्छ।

याद गर्नुहोस्, महान, ईश्वरीय आत्मिक रूपमा शक्तिशाली प्रेरित पावलले आफ्नो सीमिततालाई स्वीकार गर्छन्: तिनी कष्टित, अन्योलमा परेका, सताइएका, ढलेका समेत छन्। तर यी सबैको बावजुद हामी निराश भएका छैनौं, हतास भएका छैनौं, न त त्यागिएका नै छौं। हो, येशूको जीवनको शक्ति तपाईंद्वारा बगिरहेको छ। यूहन्नाले यसो भने:" किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (१ यूहन्ना ४:४)।

त्यसैले आज जस्तोसुकै दबावमा हुनुभए तापनि - स्वस्थ्य समस्या, आर्थिक समस्या, सम्बन्ध मतभेद, अनुत्तरित प्रार्थना, आलोचना, प्रतिरोध, थकान, निरुत्साह, जब तपाईंले आफ्नो जीवनको शुन्यतालाई भर्नुहुन्छ, पावलको भनाइको अन्त्यलाई याद गर्नुहोस्। सधैँ प्रतिक्रिया हुन्छ, प्रतिफल आउँछ, जवाफ आउँछ, पछाडिबाट फेरि फर्कन्छ। किन? यूहन्नाले लेखेजस्तै: "उहाँ (ख्रीष्ट) जो तिमीहरूमा हुनुहुन्छ, संसारमा हुने (शैतान) भन्दा महान हुनुहुन्छ" (१ यूहन्ना ४:४; केजेभी)।

पछिबाट कोरिन्थीका विश्वासीहरूलाई लेखेको दोस्रो पत्रमा पावलले यो सत्यलाई अझ बलियो बनाउँछन्, "हाम्रो कामको मूल कारण नै ख्रीष्टको प्रेम हो। ...हाम्रो एकमात्र प्रतिरक्षा, हाम्रो एक मात्र हतियार, सत्यनिष्ठाको जीवन हो...हामी मर्न लागेका झैं, तापनि हामी बाँचेकै छौं, सजाय भोगेका, तापनि मारिएका छैनौं" (२ कोरिन्थी ५:१४; ६:७,९)।

•••••••••••••••••

# पवित्र आत्माकै अनुसार हिंडौं

*****

*तर तिनीहरू जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिएका छन्।*
*हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंडौं।*
*गलाती ५:२४-२५*

डा. डेभिडको स्पष्ट गवाहीले पवित्र आत्माको पूर्णतामा निरन्तर जीवन बिताउनुपर्ने आवश्यकतालाई प्रकाश पार्छ। जब पनि हामी आत्मामा गरिएको वर्तमान प्रतिबद्धता र जीवनबाट तर्केर जान्छौं तब यसले आत्मिक नविकरणलाई जोड दिन्छ।

कलेजको समयमा डेभिडले येशूलाई आफ्नो हृदयमा आउन बिन्ती गरे, मण्डली जान थाले, एउटी इसाई महिलाकहाँ डोऱ्याउनुहोस् भनी परमेश्वरसित प्रार्थना गरे। अहिले, चौबीस वर्षभन्दा बढी समयदेखि तिनकी पत्नी फेसित तिनले आफ्नो जीवनको आनन्द उठाइरहेका छन्।

त्यसपछि के भयो भनी डा. डेभिड वर्णन गर्छन्:

*मैले बिस वर्षसम्म आत्मिकरूपमा संघर्ष गरें। मैले सण्डे स्कूलमा सिकाएको दस वर्ष भइसक्यो र विगत पन्द्रह वर्षदेखि मण्डलीको बोर्डमा थुप्रै पटक छु। सात वर्षअघि मात्र मैले परमेश्वरको अनुग्रहको प्रथम काम थाहा पाएको थिएँ। म पवित्र आत्माले भरिपूर्ण भएको थिएँ। मेरो व्यापार बन्द भइसकेको थियो, अनि म शारीरिक र मानिसकरूपले थाकेको थिएँ। अन्तमा, म परमेश्वरको सामु घुँडा टेकें र सबै कुरा उहाँलाई समर्पण गरें। त्यस दिन अचम्मको घटना घट्यो जुन म कहिल्यै शब्दमा व्याख्या गर्न सक्दिनँ। मलाई थाहा थियो कि परमेश्वरको अनुमोदन र प्रेम कमाउनुपर्छ जस्तो मलाई सधैँ लाग्थ्यो। धेरै चोटि बाइबल पढेको र आइतबारको स्कूलको कक्षासमेत सिकाएको भए तापनि म कहिल्यै राम्रो थिइनँ। त्यस दिन मैले परमेश्वरले मलाई अँगाल्नुभएको महसुस गरें र मैले पहिला कहिल्यै थाह नगरेको प्रेम महसुस गरें। केही महिनामा नै मैले थुप्रै मानिसहरूलाई प्रभुकहाँ लगें।*

तर पछिबाट आत्मिकरूपमा गाह्रो भयो। डा. डेभिड अझ भन्छन्:

*म असाध्यै व्यस्त थिएँ र अति नै व्यस्त कि मेरो प्रार्थनाको जीवन कष्टमा छ भनी मलाई थाहा भइरहेको थियो। बिस्तारै म पुन: परमेश्वरको उपस्थितिमा फर्के। बितेको दुई वर्षमा एकजनाले पनि प्रभुलाई चिन्न पाएको छैन। दुई महिनाअघि मलाई निमोनिया भयो र म असाध्यै बिरामी भएँ। मेरो रगतको काम लिम्फोमाजस्तै थियो। परमेश्वरले मेरो ध्यान खिँच्नुभएको थियो।*

अनि हालसालै डेभिड यसो भन्छन्:

*यसले मलाई वर्तमानमा ल्याउँछ। तपाईंको सन्देशहरू सुनेपछि परमेश्वरले मेरो जीवनलाई फेरि आफ्नो नियन्त्रणमा राख्न चाहनुहुन्छ भनेर मलाई थाहा भयो। आइतबारको सेवापछि राती मैलै प्रार्थना गरें। शल्यक्रिया गर्नुअघि जब मेरो आन्तरिक शुद्धिकरण भएको थियो त्यस रात म मिठो निन्द्रामा थिएँ। त्यसको भोलिपल्ट निर्धारित दिनमा मेरो बाह्र घण्टा शल्यक्रिया भयो। परमेश्वरले मलाई कुनै कुरा भेट्टाउन विशेष मद्दत गरिदिन आग्रह गरेको अझै मलाई थाहा छ। जब मैले सी-आर्म सँग जाँच गर्दा म एकदमै ठिक थिएँ यद्यपि मैले मेरो आँखाले देख्न सकेको थिइनँ। मैले परमेश्वरलाई नजिकबाट मेरो हात डोऱ्याउनुभएको महसुस गरें।*

यस संसारमा प्रभुको नजिक जानु र हराएका पापीहरूलाई घर फर्काएर ल्याउने उहाँको इच्छासित तुलना गर्ने अरू केही कुरा छैन।[90]

प्रभुसित आफ्नो जीवनको पुनरावलोकन गर्न एकक्षण समय निकाल्नुहोस्। यदि तपाईंले पवित्र आत्माको नविकरणको खोजी गर्नु आवश्यक छ भने, त्यसै गर्नुहोस्।

---

[90]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००७ डिसेम्बर).

•••••••••••••••••

## अक्टोबर १५ दिन - २८८

# तिमीहरूले मेरो हानि गर्ने विचार गरेका थियौ, तर परमेश्वरले...

*****

*तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ, तर परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयप, ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरू बाँचिरहून्।*

*उत्पत्ति ५०:२०*

यसमा कुनै शंका नै छैन – योसेफ केटाकेटी नै थिए। तिनले आफ्ना एघारजना दाज्यु-भाइहरू र बाबुलाई सधैँ रीस उठाइरहे। तर तिनका भाइहरूको रीसको समाधान गलत थियो भन्ने कुरामा पनि कुनै शंका छैन। तिनीहरूका बुबा इस्राएलले योसेफलाई तिनला दाज्यु-भाइहरू र तिनीहरूका चरनका बगाल जाँच गर्न पठाए। तब दाज्यू-भाइहरूले तिनलाई पक्रे, खाल्डोमा फालिदिए र मिद्यानी व्यापारीको हातमा बेचिदिए। त्यसपछि व्यापारीहरूले योसेफलाई फारोको कप्तान पोतिफर भन्ने मिश्रीलाई बेचे।

सुरुमा पोतिफरले तिनलाई भरोसा गरे तापनि तिनले गलत काम गरेको आरोप लगाइएको थियो। त्यसपछि तिनलाई अन्यायपूर्वक इ्यालखानमा हालियो। तथापि, पवित्र-शास्त्रले भनेझैं, "जब योसेफ इ्यालखानमा थिए, परमप्रभु तिनको साथमा हुनुहुन्थ्यो" (उत्पत्ति ३९:२०-२१)।

इ्यालखानमा छँदा पनि फारोले देखेको सपनाको अर्थ खुलाउन सक्ने एक मात्र व्यक्ति योसेफ नै भए। त्यसपछि फारोले तिनलाई इ्यालखानबाट छुट्टाएर प्रधानमन्त्री नियुक्त गरे। यस्तो अवस्थामा योसेफले प्रशस्त गरी अन्न थुपारेर अनिकालको लागि देशलाई तयार गरे।

अन्तमा, अनिका पर्दा तिनका बुवा इस्राएल र तिनका एघार जना दाज्यूहरू पनि अनिकालमा पऱ्यो। दाज्यूहरूको मद्दतको लागि खाद्यान्न वितरण निरक्षण गर्ने मुख्य मन्त्री योसेफ कहाँ आए। तर समय बितिसक्दा पनि तिनीहरूले योसेफलाई चिनेनन्। अन्तत: तिनीहरूले कोसँग कुरा गर्दैछन् भन्ने थाहा पाएपछि दयाको लागि तिनलाई बिन्ती गरे र तिनको दास हुने प्रस्तावसम्म राखे। योसेफले भने, "तिमीहरूले मेरो विरुद्धमा हानी गर्ने विचार गरेका थियौ तर परमेश्वरले चाहनुभएको थियो... धेरैको जीवन बचाउन" (उत्पत्ति ५०:२०)। योसेफले आफ्ना दाज्यूहरूलाई माफ दिए र तिनीहरूको आवश्यकता उपलब्ध गराए।

उत्पत्तिको समयदेखि अहिलेसम्म पनि परमेश्वरले उहाँको पछि लाग्नेहरूको लागि अरूको दुष्टतालाई भलाइ, परिणत गर्ने एउटा तरिका छ। मैले यो मेरो पहिलो पास्टरीय सेवकाईमा देखें। पाँच हप्ताअघि मात्र स्थापना भएको एउटा सानो स्वतन्त्र मण्डलीले मलाई तिनीहरूको पास्टर हुन आग्रह गरे। एक जना स्थानीय व्यापारीले उक्त समूहलाई जम्मा गरेका थिए र तिनीहरू तिनको पुनर्निर्माण गरिएको घोडाको सेडमा भेला भएका थिए। हामीले यसलाई मण्डली अफ द नाजरेनको रूपमा विकास गर्नसक्छौं भन्ने कुरामा स्थानीय व्यापारी सहमत भए र हामीले तिनलाई थोरै भाडा तिऱ्यौं। मण्डली केही हदसम्म स्थापित भएपछि र मेरी पत्नी र म प्रतिबद्धतामा चुर्लुम्मै डुबिसकेपछि व्यापारीले हामीलाई त्यो सम्पत्ति – मण्डली, दुई वटा घर, आइतबारे स्कूल भवन र चार एकड जमिन केही समयको लागि किन्नुपर्छ भनेर आकस्मत बताए। अन्यथा तिनीहरूले यो सम्पत्ति अन्य संस्थालाई बेच्नेछन्। साथै हामीले मण्डलीमा उपस्थित हुन भेला भएका प्रत्येक व्यक्तिले तिनलाई पैसा तिर्नुपर्ने रहेछ भनेर थाहा पायौं। यो राम्रो होइन!

त्यतिबेला हाम्रो मण्डलीमा लगभग चालीस जना मानिसहरू थिए। हाम्रो मण्डलीको बोर्ड यो प्रस्ताव (वा धम्की) माथि छलफल गर्न भेला भयो। बोर्डका एक सदस्यले भने, "मेरो विचारमा उनले हामीलाई केवल उनको सम्पत्ति बेच्नका लागि मात्र भेट गरे।"

म यति विश्वस्त भएँ कि परमेश्वरले हामीलाई मण्डलीको पास्टर बन्न अगुवाइ गर्नुभएको थियो र मैले जवाफ दिएँ, "तपाईं सही हुनुहुन्छ। हुनसक्छ तिनले खराबीको लागि योजना बनाए, तर परमेश्वरले त्यसलाई असलको निम्ति भन्नुभयो।" हामीले सम्पत्ति किन्न भोट गऱ्यौं।

त्यसपछि मण्डलीको वृद्धि भयो, हामीले एक एकड क्षेत्रमा एउटा सुन्दर मण्डली भवन र शिक्षा एकाइ बनायौं र थुप्रै

मानिसहरूले ख्रीष्टलाई भेट्टाएको देख्यौं। त्यस मण्डलीबाट झ्यालखानका निम्ति एक जना उल्लेखनीय पास्टर निस्के; एक गायक जो चार जनाको सुमसमाचार परिभ्रमणको भाग बने; एउटी स्त्री, जसले आफ्नो सेवकाईको योग्यता प्राप्त गरेकी थिइन्; कलेज मण्डलीका पास्टर; जिल्ला सुपरिटेन्डेन्ट; उल्लेखनीय, ईश्वरीय मानिसहरू; र अरू धेरै।

यो तपाईंहरूको निम्ति सत्य हुनेछ, जसले सबै कुरा येशूको अधीनमा लिएका छन्, र आत्माले परिपूर्ण र आत्मा प्रेरित जीवन जिइरहेका छन्। मानिसहरूले तिनीहरूको विरुद्ध हानि गर्ने योजना बनाउन सक्छन्, तर परमेश्वरको अभिप्राय असल छ। हामी यसबाट थुप्रैको प्राण समेर बचाउन सक्छौं। कस्तो महान परमेश्वर!

•••••••••••••••••

**अक्टोबर १६** **दिन - २८९**

# परमप्रभुको निर्देशन नमागी

*****

*ती इस्राएलीहरूले परमप्रभुबाट निर्देशन नमागी उनीहरूको भोजनबाट चाखे।*

*यहोशू ९:१४*

इस्राएलको सेनाहरूले आफ्नो विरोधीहरूलाई हटाउदै थिए। परमेश्वरले तिनीहरूलाई यरीहोमा विजय हासिल गर्न डोऱ्याउनुभयो। तर ऐ सहरमा अनाज्ञाकारिताको सामना गरिसकेपछि, इस्राएलीहरूले ईश्वरीय निर्देशनको साथ दोस्रो आक्रमण सुरु गऱ्यो र ठूलो विजय गऱ्यो।

इस्राएलको सैन्य सफलताको खबर फैलिएपछि नजिकैको गिबोनका नागरिकहरूले आफ्नो सुरक्षाको लागि छलको सहारा लिनुपर्छ भन्ने निर्णय गरे। तिनीहरूले इस्राएलमा एउटा प्रतिनिधि मण्डल पठाए जसका गधाहरू बोराले लादिएका थिए र जसका मानिसहरू फाटेका जुत्ता र पुराना वस्त्र लगाएका थिए। तिनीहरूको रोटी सुकेको र खराब थियो। तिनीहरूले टाडाको देशबाट आएको नक्कल गरे र शान्ति सन्धिको लागि विन्ति गरे।

जसरी पवित्र-शास्त्रले भन्छ, "ती इस्राएलीहूले परमप्रभुबाट निर्देशन नमागी उनीहरूको भोजनबाट चाखे।" बरू, तिनीहरूले प्रतिनिधि मण्डलको कथा स्वीकारे र तिनीहरूसित शान्ति सन्धि गरे। तीन दिनपछि तिनीहरूले आफूलाई डुबाएको थाहा पाए। त्यसपछिका गम्भीर समस्याहरू – यहोशू ९ ले तपाईंलाई अझ धेरै कुरा बताउनेछ।

आज हामी प्रभुको पछि लाग्नेहरूका लागि जीवनका महत्वपूर्ण निर्णयबारे प्रभिसित सोधखोज गर्नु महत्वपूर्ण छ। यी हुन्:

- तपाईंले कस्तो प्रकारको शिक्षा प्राप्त गर्नुहुनेछ।
- अविवाहित रहने कि कसलाई विवाह गर्ने
- कहाँ बस्ने
- तपाईं कस्तो प्रकारको काम वा जीविकाको पछि लाग्नुहुनेछ।
- तपाईं कुन मण्डलीमा उपस्थित हुनुहुनेछ।

परमेश्वरको इच्छालाई जान्ने पाँच प्रकारको तरिका:

- परमेश्वरको वच (बाइबल)
- प्रार्थनामा आत्माको अगुवाइ
- ढोका र खोल्ने र बन्द गर्ने
- परिपक्व इसाई मित्रको सल्लाह
- पवित्र गरिएको कारण

इस्राएलको परिस्थीतिले (खुला ढोला) गिबोन टाडा छ भन्ने प्रमाण दिन्छ, त्यसैले तिनीहरूले शान्ति सन्धि गर्ने निर्णय गरे। यदि तिनीहरूले पहिले नै प्रभुलाई सोधेका भए हुनेथियो।

क्याथीले मलाई भनिन्, उनले एक घरबारविहिन महिलालाई आफूसँगै बस्नलाई बोलाइन्, केवल यो दयालु काम हो भन्ने सोचेकी थिइन् – उनले प्रभुलाई उहाँको निर्देशनबारे सोधेनन्। केही समय नबित्दै तिनले ती स्त्रीलाई घर छोड्न आग्रह गर्नुपऱ्यो।

चार्ल्सले मलाई समुद्र किनारमा सप्तान्हको घर किन्ने निर्णय गरेको बताए किनभने तिनले सप्ताहन्तको लागि आफ्नो परिवारलाई त्यहाँ लगातार लैजान्थे। तिनले प्रभुको निर्देशन खोजेनन्। अन्तमा परिणाम के भयो भने, तिनले आफ्ना छोराछोरीलाई मण्डलीबाट बाहिर लगेर गए र अहिले तिनीहरू परमेश्वरबाट टाडा छन् भनेर तिनले थाहा पाए।

अर्कोतिर, न्यान्सी र मैले अर्कै घरमा सर्नुपर्ने महसुस गऱ्यौं। यसबारे हामीले निरन्तर प्रार्थना गऱ्यौं। एकदिन मैले प्रभुले यसो भनेको सुनें, *"अब बसाइँ सर्ने समय हो।"* हामीले त्यसै गऱ्यौं र थुप्रै तरिकामा हाम्रो नयाँ घर थुप्रै आशिषहरूको स्रोत बन्यो।

कृपया, परमप्रभुको निर्देशन खोज्नुहोस्।

..................

# जब तपाईं पच्चासी वर्ष पुग्नुहुन्छ तब तपाईं के गर्नुहुन्छ?

*****

*अब हेर्नुहोस, इस्राएलीहरू उजाडस्थानमा घुमफिर गर्दा परमप्रभुले मोशालाई यो कुरा भन्नुभएको बेलादेखि अहिले पैंतालीस वर्ष बितिसक्यो, र आफ्नो वचनअनुसार परमप्रभुले मलाई जीवितै राख्नुभएको छ। अब हेर्नुहोस्, म आज पचासी वर्षको भएको छु। तैपनि मोशाले पठाएको दिनमा म जति बलियो थिएँ, अहिले पनि उति कै बलियो छु। लडाइँको निम्ति बाहिर जानलाई मेरो ताकत त्यस बेला जत्ति थियो, अहिले पनि त्यत्ति नै छ। यसकारण अब यो पहाडी देश मलाई दिनुहोस्, जसको बारेमा परमप्रभुले त्यस दिन भन्नुभएको थियो। त्यहाँ अनाकीहरू रहन्छन्, उनीहरूका ठूला-ठूला गढ भएका सहरहरू छन् भन्ने तपाईंले त्यस बेला सुन्नुभएकै थियो। परमप्रभुको सहायताद्वारा उहाँको वचनअनुसार म उनीहरूलाई धपाउनेछु। तब यहोशूले युपन्नेका छोरा कालेबलाई आशिष दिए, र तिनको अधिकारमा हेब्रोन दिए।*

*यहोशू १४:१०-१३*

पचासी वर्षका र फेरि लडाइँ गर्न तयार – परमेश्वरले कालेबलाई एउटा प्रतिज्ञा दिनुभएको थियो र अब तिनले यहोशूलाई त्यो प्रतिज्ञा पूरा गर्न दबाव दिए। त्यसपछि यहोशूले कालेबलाई हेब्रोन आफ्नो भूमि दिए।

पैंतालीस वर्षअघि कालेब र यहोशूले प्रतिज्ञा गरिएको देशलाई खोज्दा बाह्र जनामध्ये दुई जना मात्र विश्वासयोग्य जासुस थिए। त्यतिञ्जेल, इस्राएलका मानिसहरू त्यस देशमा प्रवेश गर्न पर्खिरहेका थिए।

दस जना जासुसहरू फर्केर आए र भने, "हामी यस देशमा प्रवेश गर्न सक्तैनौं।"

तर कालेब र यहोशूले भने, "हामी परमेश्वरसँग प्रवेश गर्न सक्छौं।"

अन्तमा, इस्राएलले दशजना मानिसहरूलाई विश्वास गरे अनि चालिस वर्षसम्म उजाड स्थानमा घुमिरहे। अन्तमा, यहोशू तिनीहरूको नयाँ अगुवा भएपछि तिनीहरूले त्यस देशमा प्रवेश गरेका थिए र शत्रुहरूलाई धपाउन र इलाकाको दाबी गर्न थालेको पाँच वर्ष भइसकेको थियो। अनि अहिले कालेब, अस्सी वर्षको उमेरमा, अर्को प्रतिज्ञाको दाबी गरे र हेब्रोनलाई तिनको सम्पत्तिको रूपमा ग्रहण गरे।

डा. पावल रीस र डा. एडवर्ड लौलोर, दुवै जनाले सत्तर-अस्सी वर्षको उमेरमा शक्तिको साथ प्रचार गरे। जब तिनी लगभग अस्सी वर्ष पुगे, एर्नी लोगनबीलले मेरो निम्ति लौरो बनाउन दुई हप्ता लिए। तिनले मदर टेरेसा र बब डोलेजस्ता महान हस्तीहरूको लागि पनि लौरो बनाएका छन् र मेरो पालोचाहिँ २८३ नम्बरमा पऱ्यो।

कालेबले एउटा प्रतिज्ञा गरे र अस्सी वर्षको उमेरमा आफ्नो पैतृक सम्पत्ति पाए। चाहे तपाईं ८५ वर्षको अथवा त्योभन्दा ज्यादा वा कम उमेरको किन नहुनुहोस्, तपाईं पनि त्यसै गर्नसक्नुहुन्छ।

मैले येशू र उहाँका चेलाहरूहरूले गरेका केही प्रतिज्ञाहरूबारे विचार गर्दैछु। यहाँ केही छन्:

- "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक (भोजन,वस्त्र) तिमीहरूका निम्ति थपिनेछ।"
- "किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ" (मत्ती७:८)।
- "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन" (यूहन्ना ६:३५)।
- "म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतूले आएँ" (यूहन्ना १०:१०)।
- "मेरा भेडाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्" (यूहन्ना १०:२७-२८)।
- "तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु" (यूहन्ना १४:१४)।
- "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ" (फिलिप्पी ४:६-७)।

- "यसकारण परमेश्वरका जनहरूका निम्ति शाबाथको विश्राम बाँकी नै छ। किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो" (हिब्रू ४:९,१०)।
- "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याउन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्" (१थेसलोनिकी ४:२३-२४)।

हिज राती ७ बजे, मैले मेरो आवश्यकताको लागि प्रार्थना गर्न सुरु गरे। मैले कुनै देखावटी नगरी साधारण प्रकारले येशूको नाउँमा प्रतिज्ञाहरूको दाबी गरे। ८:३० बजेतिर उत्तर मेरो हातमा थियो। कालेब जस्तै म पनि पचासी वर्ष पुगेको छु।

पचासी वर्ष, वृद्ध वा जवान अवस्था – तपाईं के गर्नसक्नुहुन्छ? तपाईसित गरिएका प्रतिज्ञालाई दाबी गर्नुहोस्; अनि आफ्नो उत्तराधिकार प्राप्त गर्नुहोस्।

.................

# परमेश्वर बन्द हुनुभएको छैन।

*****

*अब म सबै मानव-जातिले जानुपर्ने बाटो गइरहेछु। परमप्रभु परमेश्वरले तिमीहरूका बारेमा भन्नुभएका सबै असल कुराहरूमा एउटा कुरा फरक परेको छैन। तिमीहरूका निम्ति सबै कुरा पूरा भएको छ, र एउटा पनि त्यसबाट फरक परेको छैन भनी तिमीहरूको आफ्नो पूरा हृदय र पूरा प्राणले थाहा पाएकै छौ।*

*यहोशू २३:१४*

२०२० मा मैले यो लेख लेखिरहेको बेला सम्पूर्ण समाज बन्द भएको छ। कोभिड-१९ महामारीको कारण संसारभरिका राष्ट्रहरूले पसल, कारखाना, स्कूल, पसल, खेलकूद परिसर र अन्य कुराहरू बन्द गरेका छन्। तर हाम्रो संसारमा जे भए पनि परमेश्वर बन्द हुनुभएको छैन भनेर हामीलाई थाहा छ।

यहोशू आफ्नो शारीरिक जीवनको अन्ततिर थिए। परमप्रभुले इस्राएलका मानिसहरूलाई यर्दन नदी पार गराएर प्रतिज्ञा गरिएको भूमितिर डोऱ्याउनुभएको थियो। परमप्रभुले इस्राएलका मानिसहरूलाई पच्चीसदेखि तीस वर्षसम्म भूमिमाथि विजय प्रदान गर्नुभयो। परमेश्वरले इस्राएलहरूलाई गर्नुभएको हरेक प्रतिज्ञा उहाँले पूरा गर्नुहुन्छ भनेर तिनले तिनीहरूलाई सम्झाए। त्यसपछि यहोशू विशेष भए र विजयहरू र  पूरा भएका प्रतिज्ञाहरूलाई सूचीबद्ध गरे:

- उहाँले अब्राहामलाई कनानतिर डोऱ्याउनुभयो।
- उहाँले इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउन मोशा र हारूनलाई प्रयोग गर्नुभयो।
- इस्राएलको निम्ति उहाँले लाल समुद्रलाई खोल्नुभयो अनि मिश्री सेनाहरूलाई डुबाए।
- उहाँले इस्राएललाई यर्दन नदीको पूर्वतिर भएका एमोरी राजाहरूमाथि विजय दिनुभयो।
- उहाँले इस्राएलीहरूलाई यर्दन नदी पारि ल्याउनुभयो र यरीहो सहर दिनुभयो।
- उहाँके इस्राएलीहरूलाई त्य देशका असंख्य मानिसहरूमाथि विजय दिनुभयो।

यसलाई परमेश्वरले संक्षिप्तमा यसरी भन्नुभयो: "यसरी तिमीहरूले मेहनतै नगरेको देश, र तिमीहरू आफैले नबनाएका सहरहरू मैले तिमीहरूलाई दिएँ" (यहोशू २४:१३)। अर्को शब्दमा भन्नुपर्दा, सबै चुनौतीहरूको बावजुद, परमेश्वर बन्द हुनुभएन।

एकक्षणको लागि आफ्नो जीवनबारे सोच्नुहोस, तपाईंको निम्ति गरिएका प्रतिज्ञा र पूरा गरिएका प्रतिज्ञाहरू बारे सोच्नुहोस्। यहाँ मेरा जीवनका केही कुराहरू राख्न चाहन्छु, ती सबै कुरा जो परमेश्वरले पूरा गर्नुभयो:

- "यदि तिमीहरूले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ" (१ यूहन्ना १:९)। उहाँले मेरो जीवनमा पूरा गर्नुभयो!
- "हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ" (प्रकाश ३:२०)। उहाँले मेरो जीवनमा पूरा गर्नुभयो!
- "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलंक रहून्। तिमीहरुलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ" (१ थेसलोनिकी ५:२३-२४)। उहाँले पूरा गर्नुभयो र गर्नुहुन्छ।!
- "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ" (फिलिप्पी ४:१९)। उहाँले पूरा गर्नुभयो अनि गर्नुहुन्छ!
- "मेरा बुबा र मेरी आमाले मलाई त्यागे तापनि परमप्रभुले मलाई सम्हाल्नुहुनेछ" (भजन २७:१०)। उहाँले पूरा गर्नुभयो!

- "म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु" (भजन३२:८)। उहाँले पूरा गर्नुहुन्छ!
- "किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिला बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौ" (१ थेसलोनिकी ४:१६-१७)। उहाँले पूरा गर्नुहुनेछ!

जस्तोसुकै अवस्था किन नहोस्, परमेश्वर बन्द हुनुभएको छैन!

•••••••••••••••••

# परमेश्वरको उपहार

*****

*परमप्रभु तपाईंका परमेश्वरले तपाईंलाई दिनुभएको आज्ञा तपाईंले पालन गर्नुभएन। यदि तपाईंले पालन गर्नुभएको भए त उहाँले तपाईंको राज्य इस्राएलमाथि सधैँको निम्तो स्थिर गराउनुहुनेथियो। तर अब तपाईंको राज्य निरन्तर रहनेछैन। परमप्रभुले आफैले रुचाउनुभएको एक जना मानिस खोज्नुभएको छ, र तिनलाई नै आफ्ना प्रजाका अगुवा हुनलाई नियुक्त गर्नुभएको छ, किनभने तपाईंले परमेश्वरको आज्ञापालन गर्नुभएन।*

*१ शमूएल १३:१३-१४*

शाऊल असाधरण मानिस थिए। तिनी अग्लो, सुन्दर थिए अनि परमेश्वरले तिनलाई इस्राएलका पहिलो राजाको रूपमा चुन्नुभयो र नियुक्त गर्नुभयो (१ शमूएल ९:२,१६)। "परमेश्वरले उनको मन नयाँ तुल्याइदिनुभयो" "अनि परमेश्वरको आत्मा तुरुन्तै उनमा शक्तिसित आउनुभयो" (१०:९-१०)। सुरुमा, राजाको रूपमा प्रस्तुत गर्दा शाऊल हिच्किचाए र उनले आफैलाई सामानहरूको बीचमा लुकाए (१०:२२)। परमेश्वरको शक्तिद्वारा प्राप्त सैन्य कौशलता यस्तो थियो कि उनले आफ्नो पहिलो अभियानको परिणाम स्वरूप अम्मोनीहरूको छाउनीभित्र पसेर तिनीहरूलाई संहार गरे (११:११)। शाऊल राजा हुँदा तीस वर्षका थिए। उनले बयालीस वर्ष शाषण गरे (१३:१)।

परमेश्वरले उनलाई परमेश्वरले चुन्नुभएको अधिकृत क्षेत्र, इस्राएलमाथि शासन गर्ने अद्भुत उपहार दिनुभएको थियो। यद्यपि, यसरी शाषण गर्दै लाने क्रममा शाऊलसँगसँगै एउटा तरिका देखा पर्न थाल्यो। उनले परमेश्वरको आज्ञालाई पूरा पालन नगरी आधामात्र पालन गर्ने तरिका उनले सुरु गरे। अर्को शब्दमा भन्ने हो भने, उनी आंशिकरूपमा मात्र आज्ञाकारी भए (१३:८-१०; १५_९-१०)। सबैभन्दा महत्वपूर्ण कुरा, उनको जीवन उनको त्यो शाषणकालको संरक्षणमा केन्द्रित थियो।

समय बित्दै जाँदा शाऊल आशक्त, डाही, तितो, हत्यारा मानिस भए। उनलाई असल गर्ने मानिसहरूलाई कुटपिट गर्न थाले। अन्त्यमा, युद्धमा घाइते भएपछि शाऊलले आत्माहत्या गरे (३१:४)। ईश्वरीय निष्कर्ष यस्तो थियो: "परमप्रभु तपाईंका परमेश्वरले तपाईंलाई दिनुभएको आज्ञा तपाईंले पालन गर्नुभएन" (१३:१३)।

यस्तो साह्रो के गल्ती भयो? परमेश्वरले शाऊललाई प्राकृतिक वरदान अर्थात सबैभन्दा महत्वपूर्ण कुरा, इस्राएलाई शाषण गर्ने महान् वरदान दिनुभएको थियो। तैपनि उनले हितोपदेश ४:२३ को यो सल्लाह पालन गरेनन्: "सबै कुराभन्दा बढी, आफ्नो हृदयलाई सुरक्षित राख, किनभने त्यो सारा जीवनको मूल हो।" शाऊलको समस्या के थियो भने, तिनले एउटा कुरालाई प्राथमिकता दिए: परमेश्वरलाई भन्दा परमेश्वरले दिनुभएको उपहारलाई उनले मूल्यवान ठाने।

हामी सबैले यस विवादको सामना गर्नेछौं भन्ने कुरामा म विश्वस्त छु। परमेश्वरले तपाईंलाई दिनुहुने सम्भवत उपहारको जस्तै स्वस्थ्य, शिक्षा, काम, प्रियजन, घर, बैंक खाता, धन-सम्पत्ति, सीप, प्रभाव, शक्ति को बारेमा होसियारी हुनुहोस्। आफ्नो हृदयलाई सुरक्षित राख्नुहोस्। उहाँले दिनुभएको उपहारभन्दा परमेश्वर महान हुनुहुन्छ। थुप्रै उपहारहरू अस्थायी भए तापनि परमेश्वर सधैभरि हुनुहुन्छ। परमेश्वरले तपाईंलाई दिनुभएको कुनै पनि उपहारलाई मध्यनजरमा खाख्दै आज परमेश्वरसितको सम्बन्धलाई जाँच्नुहोस्।

•••••••••••••••••

# विभाजन ल्याउने शत्रुताको पर्खालको लागि शान्ति

*****

*किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ।*

*एफिसी २:१४*

यहूदी र गैर-यहूदीहरू बीचको फाटो ठूलो थियो। वर्षौंदेखि तिनीहरू एक-अर्काप्रति वैरभाव राख्दै आएका थिए। अनि अहिले, येशू ख्रीष्टले देखा पर्नुहुन्छ। उहाँले यहूदीहरूको व्यवस्थालाई एकातिर राख्नुहुन्छ र यसको बदला उहाले यहूदी र अन्यजातिहरूलाई आफूकहाँ ल्याउनुहुन्छ र क्रूसमा आफ्नो मृत्युद्वारा तिनीहरूलाई परमेश्वरसितको साँचो सम्बन्धमा ल्याउनुहुन्छ। उहाँले ती दुवै जातिलाई परमेश्वरकहाँ जान दिनुहुन्छ। उहाँले तिनीहरूबाट एक नयाँ मानवता सृष्टि गर्नुहुनछ अनि अन्तमा त्यहाँ शान्ति हुन्छ (एफिसी २:१४-१८)।

आजको समाजमामा पनि मान्छेहरूलाई रीस उठ्ने कुराहरू धेरै छन्। तिनीहरूको बीच शत्रुताको पर्खाल छ। मानिसहरूबीचको शत्रुताको पर्खाल कसरी भत्काउने भनेर बुझाउन म तपाईहरूलाई क्याथी र क्यारोलको कथा सुनाउन चाहन्छु।

क्याथीले आफ्नो भाइ डेभलाई मद्दत गर्ने कोसिस गरेकी वर्षौं भइसकेको थियो। तिनले थुप्रै पटक तिनलाई मद्दत गर्नसक्ने अधिकारीहरूलाई अपिल गरिन्। डेभलाई दुखाइको औषधी र रक्सीको लत लागेको थियो र तिनी रिसाहा र हिंस्रक थिए। यो यतिसम्म नराम्रो अवस्था बनेर गयो कि क्याथीले आफ्नो सुत्ने तरिकालाई बदलि गरिन् र टाउको खुट्टापट्टि राखेर सुतिन्। तिनलाई आफ्नो दाजुले झ्यालबाट गोली हानेर मार्छन् कि भन्ने डर थियो र तिनले सोचिन्, "गोली टाउकोमा लाग्नुभन्दा खुट्टामा राम्रो हुन्छ।"

एकदिन डेभ रीसले चूर भएर आफ्नो छिमेकीलाई हिर्काएरै मारे, बन्दुक चोरे र गाडी चढेर बजारतिर लागे। उनके गाडीमा नै एउटा युवती  र युवकलाई गोली हानेर हत्या गरे। अन्ततः प्रहरी अधिकारीहरूले डेभलाई पनि मारे। पछिबाट, क्यारोलको घरमा पुलिसहरू आए र तिनलाई डेभले तिनको तेत्तीस वर्षीय छोरी, लेस्लीलाई मारेको खबर दिए।

भोलीपल्ट, क्याथी आफ्नो पास्टर र परिवारका सदस्यहरूसँगै समुदायलाई आफ्नो हृदयविदारक पीडा र दुःख व्यक्त गर्न स्थानीय मण्डलीको अगाडि उभिरहेकी थिइन्। स्थानीय टिभी समाचारले शहरभरि यो दृश्य प्रसारण गर्दा क्यारोलले हेरिन्। क्यारोललाई आफ्नो दाज्यूले लेस्लीसित गरेको व्यवहारको कारण कठोर हुन र क्याथी विरुद्ध रिसाउन कति सजिलो हुन्थ्यो होला। तिनले सजिलै यसो भन्न सक्थिन्, "म उसलाई भेट्न चाहन्नँ, कुरा गर्न चाहन्नँ अथवा उसित मेरो कुनै सम्बन्ध छैनँ" – त्यो हो शत्रुताको पर्खाल। तर यसको सट्टामा, त्यस दिन जब क्याथी टिभी क्यामराको अगाडि उभिएर डेभको अवस्थाबारे बताउँदै शोक गर्दै, माफी माग्दै आँसु झार्दै थिइन्, त्यससमय क्यारोललाई लाग्यो कि उसले क्याथीलाई भेट्नुपर्छ।

तीन महिमापछि क्यारोलले क्याथीलाई पास्टरको कार्यलयमा भेटिन् र डेभलाई क्षमा दिइसकेको कुरा बताइन्। ती दुई स्त्रीहरूले एक-अर्कालाई अङ्गालो हाले। पछिबाट, तिनीहरूसँगै गोली हानाहान भएको ठाउँमा गए। त्यहाँ फेरि तिनीहरूले अङ्गालो हाले, रोए, दुःख व्यक्त गरे र क्षमा आदान-प्रदान गरे।

परमेश्वरले त्यस दुःखद घटनाद्वारा काम गर्न सुरु गर्नुभयो। केही समय नबित्दै क्याथी र क्यारोलले आफ्नो कथा टिभी समाचार तथा मण्डली समूहलाई सुनाइरहेका थिए। क्याथीले अध्ययन गर्न गर्न थालिन् अनि शोक निको पार्ने समूहको नेतृत्व गरिन्। तिनीहरू दुवैले *चिकेन सुप फर द सोल* – मा लेखहरू प्रकाशित गरेका थिए।

क्यारोलले भनिन्, "यद्यपि, मेरो हृदय टुटेको भए तापनि मेरा नयाँ मित्रहरू छन्, पुराना मित्रता गहिरिएको छ। मैले अझ धेरै माया र वास्ता पाएको महसुस गरेको छु, मेरो परिवारको सम्बन्ध अझ बलियो भएको छ र म परमेश्वरसँगको सम्बन्धमा बढ्दै गएको छु।"

तपाईं तिनीहरूको सण्डे स्कूलको कक्षामा जानुभयो भने क्याथी र क्यारोललाई प्यारा मित्रको रूपमा सँगै बसिरहेका देख्नुहुनेछ। यी सबै सम्भव छ किनभने दुवै स्त्रीको सम्बन्ध येशू ख्रीष्टसित छ। उहाँ नै तिनीहरूको शान्ति हुनुहुन्छ। उहाँको शत्रुताको पर्खाल नाश पार्नुहुन्छ र ती दुवैलाई एकै ठाउँमा ल्याउनुहुन्छ। उहाँले तपाईंको संसारमा पनि यसो गर्न सक्नुहुन्छ।

•••••••••••••••••

# परमेश्वर प्रेम गुमाउन सकिन्छ

*****

*जस जसले व्यर्थका मूर्तिहरूतिर मन लगाउँछन्, तिनीहरूले पाउनुपर्ने अनुग्रहबाट तिनीहरू वञ्चित हुन्छन्।*

*योना २:८*

के तपाईं मानिसहरूलाई हाम्रो सबैभन्दा बहुमूल्य वस्तु ठान्नुहुन्छ; हाम्रो सबैभन्दा महत्वपूर्ण सम्पत्ति; हाम्रो सबैभन्दा बहुमुल्य धन? यदि त्यसो हो भने, किन तिनीहरूले लागूपदार्थ र रक्सीमा अर्थहीन अस्तित्वको लागि आफ्नो बहुमूल्य जन्मसिद्ध अधिकारलाई सुगरकोटेट पापसित किन बेचबिखन गर्छन्? हामी यहाँ हुनका लागि कुनै उद्देश्य नै नभेटी यसरी जिउँनु अति मुल्यवान छ; हामी परमेश्वरले चाहनुभएको स्तरमुनि बाचे तापनि अति नै मुल्यवान छौं।

वर्षौंसम्म मैले आफ्नो बाल्यकालदेखि नै समानहरू बोक्थें, जसले मलाई अरूको नजरबाट लोप गरायो टुटेका सपनाहरूको पीडाले मलाई मेरो विगतसँग व्यवहार गर्न समय दिनुपर्ने माग नगरेसम्म मैले मेरो परिवारको माध्यमबाट जीवन बिताउँदै थिएँ। ख्रीष्टको शरीरमा निको पार्नेहरूले मलाई इमानदार हुन अनुमति दिए, अनि त्यो सुरक्षामा मैले मेरा घाउहरूलाई खोलिदिएँ ताकि उज्यालो र प्रेमले त्यसलाई सुन्दर निशान बनाउन सकोस्। मैले लाज र डरको मूर्तिलाई वास्तविक परमेश्वरसँगको सम्बन्धको लागि बदली गरे, जसले मलाई साहस, आँट, निश्चयता, र भरोसा दिनुहुन्छ र म जहाँ भएपनि उहाँको सेवा गर्नसक्छु।

आफ्नो बेकारको मूर्तिलाई साँचो कुराको लागि लागि बदल्न नडराउनुहोस्

न्यान्सओ शेभर[91]

.................

[91]. यस अघि *कम ये अपार्ट* जुलाई-अगस्तस-सेप्टम्बर १९६४ (कन्सास सिटी, एमओ: नाजरेन पब्लिसिङ हाउस), ९४ मा प्रकाशित्। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन अहिले रिफ्लेक्टिङ गाड भयो)।

# परमप्रभुमा प्रतिक्षा गर्नुहोस्

*****

*तापनि तिमीहरूमाथि अनुग्रह गर्न परमप्रभु इच्छा गर्नुहुन्छ। तिमीहरूमाथि दया देखाउन उहाँ उठ्नुहुन्छ, किनकि परमप्रभु न्याय गर्नुहुने परमेश्वर हुनुहुन्छ। उहाँको प्रतिक्षा गर्नेहरू धन्यका हुन्!*

*यशैया ३०:१८*

*तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेम छोडेर कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ। किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।"*

*प्रेरित १:४-५*

म तपाईंले यो थाहा पाएको चाहन्छु कि म तपाईंको लागि परिश्रम गर्दैछु। अहिलेसम्म पवित्रीकरण र पवित्र आत्माले भरिपूर्ण हुने विषयमा असंख्य उपासनाका पाठहरू पढ्नुभएको छ। सायद तपाईंले परमेश्वरलाई तपाईंमा यो अनुग्रही काम गरिदिनुहोस् भनी प्रार्थना गरिरहनुभएको छ तर तपाईंलाई अझसम्म निश्चय हुनुभएको छैन। म तपाईंलाई परमेश्वरमा प्रतिक्षा गर्ने आग्रह गर्दछु। प्रारम्भिक चेलाहरूले चालीस दिनसम्मनिरन्तर प्रार्थना गरे (प्रेरित १:१४; २:२१)। जबसम्म तिनीहरू आत्माले भरिँएनन् (२:४)।

डा. वेस ट्रेसीले तपाईंको लागि यो प्रार्थनाको जवाफ दिन पर्खदैगर्दा प्रभुसामु महत्त्वबारे लेखे। उनका केही अन्तर्दृष्टिहरू यसप्रकार छन्:

- पवित्रीकरणको लागि नया परिवर्तन भएका हरूको हृदय तयार गर्न धेरै काम गर्नुपर्छ। एउटा कुरा त, आनन्दित धर्म परिवर्तन गर्ने व्यक्तिलाई उ भित्र पापको कति गहिरो जरा गाडिएको छ, त्यसबारे सही जानकारि हुँदैन।
- परिवर्तन र पवित्रीकरणको बीचको समयमा परमेश्वरले विश्वासयोग्यताको साथ उक्त व्यक्तिलाई पवित्रीकरण गर्ने अनुग्रहको आवश्यकता प्रकट गर्नुहुन्छ र हृदयमा ख्रीष्टको तृष्णा पैदा गर्नुहुन्छ। यसो गर्न समय लाग्छ। वेस्लियन जागृतिको समयमा धर्म परिवर्तन गर्ने मानिसहरूले पवित्रीकरणको अनुग्रहको लागि पाँच वर्ष बिताउनुपर्‍यो। ती सुरु-सुरुका वेस्लियनहरूले एउटा मद्दतकारी नमुना बसाल्छन्। तिनीहरू *तुरन्तै* पवित्र अनुग्रह *खोज्न* थाले तर *बिस्तारै* यसको *दाबी* गर्नथाले।
- वेस्लीले तिनीहरूलाई प कहिल्यै "नरिसाउन", "चिन्ता नगर्न", वा "परमेश्वरको विरुद्ध गनगन नगर्नु किनकि तिमीहरू अझ पवित्र भएका छैनौ", अनि कसैले पनि "अनावश्यकरूपमा समय नपुगी दु:ख नदिन" समय बिताउनु हुँदैन भनी सिकाए। बरु, वेस्लीले तिनीहरूलाई यस्तो सल्लाह दिए, "शान्तपूर्वक अनि चुपचाप पर्ख, किनभने त्यो आउनेछ भन्ने कुरा थाह थियो।"

मलाई आफ्नो सम्पूर्ण पवित्रताको पछि लाग्न समय लाग्यो। मेरो परिवर्तन स्पष्ट थियो र परिवर्तित जीवनको प्रमाण इसाई जीवनको सुरुवातको दिनहरूमा देखा पर्‍यो। तर मेरो इसाई जीवनको लगभग पाँच महिनापछि मैले आफ्नो अन्तस्करणबाट नराम्रो रीस उठेको अनुभव गरें। मैले पवित्रीकरण भनिने गहिरो इसाई जीवनबारे सिकें। त्यो आशिष् पाउन मैले दिनहुँ परमेश्वरलाई खोज्न थालें। पाँच महिनापछि परमेश्वरले जवाफ दिनुभयो।

जीवनमा आएको परिवर्तन आएको प्रमाण देखायो। तर इसाई जीवनको लगभग पाँच महिनापछि मैले आफ्नो आत्माको तन्नाबाट उत्पन्न नराम्रो रिस महसुस गर्न थालें। मैले पवित्रीकरण भनिने गहिरो इसाई जीवनबारे सिकें। त्यो आशिष् पाउन मैले दिनहुँ परमेश्वरलाई खोज्न थालें। पाँच महिनापछि परमेश्वरले जवाफ दिनुभयो। मेरो हृदयको गहिरो जाँच गर्न र आत्माको पूर्ण स्वागतका लागि तयार पार्न परमेश्वरले त्यो समय प्रयोग गर्दै हुनुहुन्थ्यो। त्यसैले मेरो मनले तिमीलाई साथ दिन्छ र खोज्छ। वेस्लीले भनेजस्तै, "उहाँले फेरि भन्नुहुनेछ, 'तिमी शुद्ध भइरहो।"[92]

•••••••••••••••••

[92]. वेस्ली ट्रेसीबाट प्राप्त जानकारी, "सम्पूर्ण पवित्रता र अनिश्चित तुरही", *पवित्रताको हेराल्ड* अक्टोबर १९९० (Kansas

(कन्सास सिटी, एमओ: नाजरेन पब्लिसिङ हाउस), ६-७मा प्रकाशित्। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन अहिले रिफ्लेक्टिङ गाड भयो)।

# डा. ब्रेसीको गवाही

*****

*यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।*

*हिब्रू १३:१२*

डा. पिनास ब्रेसीलाई मण्डली आफ द नाजरेनका संस्थापक मानिन्छ। सन् १८८४ मा तिनले पवित्र आत्माको नाटकीय कार्य अनुभव गरे। उनले परिणामलाई आफ्नै शब्दमा वर्णन गरे:

*मेरो ओठमा आगो लागेको जस्तो लाग्यो र जलिरहेको अनुभूतिले केही दिनसम्म पनि छोडेन। यी सबै कुराहरू केही पनि हुने थिएन, तर मेरो हृदय र अस्तित्वमा यो सँग-सँगै, जीवनको परिवर्तित अवस्था र आशिष् अनि अविछिन्नता र महिमा आयो, जो मैले कहिल्यै थाहा पाएको थिइनँ। मैले थाहा गरें कि मेरा सबै खाँचोहरू पूरा भयो। मेरो आफ्नै अनुभवको सन्दर्भमा म सधैँ एकदमै भावशुन्य थिएँ। मैले कहिल्यै यसमाथि विजय पाउन सकेको थिइनँ र यसबारे मैले थोरै कुरा गरेको छु; तर मेरो सेवकाईमा आत्मिक जीवन र शक्तिको एउटा नयाँ तत्त्व आयो। मानिसहरू पूर्ण मुक्तिको आशिषमा आउन थाले; परिवर्तित व्यक्तिहरू धेरै थिए; अनि त्यस मण्डलीमा मेरो सेवकाईको अन्तिम वर्ष लगातार सफल भयो र झन्डै निरन्तर पुनरुत्थान कोरिएको थियो। तेस्रो वर्ष समाप्त भएपछि मण्डलीको सदस्यता झण्डै दोब्बर भइसकेको थियो र हरेक तरिकामा यसको स्थापना भइसकेको थियो।*

डा. विलियम्स ग्रेटहाउस, आफ्नो उल्लेखनीय पुस्तक *होलनेस इन क्राइष्ट* मा जोन वेस्लीलाई उद्धृत गर्छन्:

*"तर हामी जुन विश्वासबाट पवित्र हुन्छौं, त्यो के हो?"... परमेश्वरल; हामीलाई अहिले पवित्र पार्न सक्षम र इच्छुक हुनुहुन्छ भन्ने कुरामा विश्वस्त हुन अझै एउटा कुरा थप्नुपर्छ। परमेश्वरले गर्नुभएको काम पूरा गर्नुहुन्छ भन्ने ईश्वरीय प्रमाण र विश्वस्तता। ...यदि तिमीहरूले आफ्नो विश्वासद्वारा त्यो खोज्छौ भने तिमीहरूले आशा गरेजस्तै आशा गर्नसक्छौ। अनि तपाईंजस्तो हुनुहुन्छ भने अहिल्यै आशा गर्नुहोस्!... विश्वासद्वारा आशा गर्नुहोस्, आफूजस्तै हुने आशा गर्नुहोस् र अहिल्यै आशा गर्नुहोस्!*

यस पवित्र सत्यको लागि प्रार्थना गर्नेहरूसित मिलेर हाम्रो संसारलाई बलियो बनाउनुहोस्![93]

.................

[93]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००८ डिसेम्बर).

# आत्मिक युद्ध

*****

*किनकि पापमय स्वभावको लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको विरद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्।*

*गलाती ५:१७*[94]

कस्तो सङ्कट! येशू ख्रीष्टको पछि लाग्ने सन्दर्भमा तपाईं आधा गम्भीर हुनुहुन्छ भने यो संघर्षले तपाईंको जीवनलाई टुक्रा-टुक्रा बनाएको छ। माथिका शब्दहरू गलातीमा भएका विश्वासीहरूलाई लेखिएका थिए तर आज पनि येशू ख्रीष्टमा भएका धेरैले अझ पनि पवित्र आत्मा र स्व-केन्द्रितता बीच युद्धको अनुभव गरिरहेका छन्।

एफिसीमा भएका मण्डलीहरूलाई लेखेको पत्रमा पावलले पुष्टि गरे कि तिनीहरू पहिले आफ्ना पाप र अपराधमा जिइरहेका थिए, तर अब तिनीहरू येशूको अनुग्रहद्वारा त्यो जीवनशैलीबाट बचाइएका छन (२:१,५)। तर त्यसपछि उनले संकेत दिन्छन्। पापको काम पछाडि आन्तरिक शक्ति छ जसले यी कामहरू गर्न उत्प्रेरित गर्दछ: "शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं" (एफिसी २:३)। पापको पछाडि तृष्णाहरू; तृष्णाको पछाडि पापमय स्वभाव हुन्छ। जसलाई हामी स्व-केन्द्रित हुनु भन्नसक्छौं।

गलातीको मण्डलीले पनि यही समस्याको सामना गरिरहेका थिए। व्यवस्थाले यस समस्याको समाधान गर्न सकेन। त्यहाँ घटाउनु पर्ने र बढाउनु पर्ने कुरा संलग्न छ:

घटाउनुपर्ने: "तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्" (गलाती ५:२४)। "क्रूसमा टागिएका" मतलब मर्नुजस्तै हो।

जोडनुपर्ने: "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्मा कै अनुसार हिँडौं" (गलाती ५:२५)। यो कुरा स्पष्ट छ, यो सम्बन्ध निरन्तर चलिरहन्छ। तर यो सम्बन्धलाई जिउने हो भने तपाईंले यसमा प्रवेश गर्नैपर्छ। वैवाहिक सम्बन्धमा प्रवेश गर्न तपाईंले विवाह गर्नैपर्छ। अनि एकपटक यसमा पुगेपछि त्यो सम्बन्ध कतिको गतिशील हुन्छ: "आत्मा कै अनुसार हिँड"।

यो साँचो हो कि तपाईंले ख्रीष्टलाई ग्रहण गरेर उहाँलाई पछयाउन सुरु गरेदेखि यता तपाईं "आत्मामा जन्मिएको" (यूहन्ना ३:८), र पवित्र आत्मा पाएको (रोमी ८:९) हुनुहुन्छ। तर हुनसक्छ आत्मामा भरिपूर्ण भएको हुनुहुन्न होला।

केही समय तपाईं आफ्नो बैठक कोठामा जानुहुन्छ र बत्तीको बटन दबाउनुहुन्छ, तत्कालै स्वभाविकरूपमा उज्यालो कोठाको चारै कुनामा फैलिन्छ। तपाईं कुर्सीमा उभिएर बल्बसम्म पुग्नुपर्दैन र उज्यालोलाई कोठाको चारैसुरमा फैलाउनुपर्दैन।

तैपनि, कोठालाई राम्ररी नियाल्दाँ त्यहाँ छायाहरू देखा पर्छन् अर्थात फर्निचरले उज्यालोलाई छेकेको हुन्छ। कोठाभरि उज्यालो भर्नलाई तपाईंले फर्निचरलाई जसरी कोठा सफा गर्दा निकालिन्छ त्यसरी नै कोठा बाहिर निकाल्नुपर्ने हुन्छ। यसरी नै आत्मिक संसारमा आत्माले भरिनु र आत्मामा हिँड्नु कुनै अचम्मको कुरा होइन। पापी स्वभावलाई पहिले क्रूसमा टाँग्नुपर्दछ।

डेविड आफ्नो मण्डली जान थालेको तेह्र वर्ष भइसकेको थियो। उनी परिवर्तित भएका थिए। तर उनले "पवित्रीकरण" भनिने गहिरो इसाई जीवनबारे सुनेका थिए। उनले त्यसभित्र प्रवेश गर्ने इच्छा राखे। लगातार, उनी मण्डलीमा अगाडि जान्थे र प्रार्थना गर्थे, तर केही पनि भएको थिएन। उनी निष्कर्षमा पुगे र भने "यो मेरो लागि होइन।"

तैपनि, पुनरुत्थानको गहन सेवाको हप्ताको तयारीमा उनको मण्डलीले अरूलाई आत्मिक मद्दत दिन अरू पाँच जनाको

[94].एनआईभीको १८८४ संस्करणमा "शरीर"को बदलामा "पापमय स्वभाव" प्रयोग गरिएको कुरा जान्नु मद्दतगार हुनसक्छ।

लागि प्रार्थना गर्न चुनौति दियो। अन्तमा डेविडले आफ्नो लागि प्रार्थना गरे। एक रात जागृति सभामा, उनले थाहा गरे यदि उसले यो रात कदम चालेन भने कहिल्यै पनि चाल्ने छैन। तिनी अघि बढे, घुडा टेके, अनि उत्तरको लागि परमेश्वरमा विश्वास गर्ने शक्ति पाए। डेविडले यसो भने: “म असाध्यै शान्त भएँ। युद्ध सकियो। धेरै लामो, रोलर कोस्टरजस्तो।

त्यसपछि उनले आफ्नो पास्टरलाई यस्तो इमेल पठाए: “तपाईंको मण्डलीमा नयाँ सदस्य भएको छ भन्ने तपाईलाई थाहा भएको म चाहन्छु र यो नयाँ सदस्य म नै हुँ।”

डेविडले दिनहुँ प्रार्थना गर्न, बाइबल पढ्न र आत्माअनुसार काम गर्न थाले। उनले यसो भनेर भने, “मैले यो कुरा चाँढै किन गरिनँ?”

गलातीहरूका लागि, डेविडको लागि, तपाई र मेरो लागि- पापी स्वभावलाई क्रूसमा टाँगेर पवित्र आत्माको भरपूरी र अगुवाइद्वारा लडाइँ जित्न सकिन्छ।

• • • • • • • • • • • • • • • • •

# आजको प्राथमिकता

*****

*कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ।*

*फिलिप्पी २:१०*

*तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर।*

*रोमी ६:१३*

इसाई जीवनको प्राथमिकताको सही क्रमबारे लामो समयदेखि बहस हुँदै आएको छ। एउटा क्रमले भन्छ, "पहिलो स्थान परमेश्वरलाई, दोस्रो स्थान अरूलाई र तेस्रो स्थान आफूलाई।" अर्को क्रमले भन्छ: "ख्रीष्ट, परिवार, सेवाकाई र काम।" मेरो विचारमा हाम्रा दैनिक प्राथमिकता बुझ्ने अझ गतिशील तरिका छ।

चक्काको केन्द्रजस्तै, ख्रीष्ट जीवनका सम्पूर्ण क्रियाकलापको लागि नियन्त्रण शक्ति हुनुहुन्छ; हाम्रो जीवनको हरेक भाग उहाँको धार्मिकताको साधन हुनुपर्छ। यो कुरा हाम्रो पारिवारिक सम्बन्धम; हाम्रो सेवकाई; हाम्रो व्यवसाय अनि अझ अरूमा पनि व्यक्त गरिएको छ। जीवनको मार्गमा यात्रा गर्दै जाँदा एउटा समयमा पारिवारिक चक्काले भूइ छुन्छ त्यसैले त्यस समय तपाईंको परिवारलाई सबैभन्दा बढी ध्यान दिनु आवश्यक पर्छ, अर्को समयमा, हुनसक्छ आर्थिक कुराले भूइँ छोएको हुन्छ अर्को पल्ट सेवकाई वा व्यवसाय पनि हुनसक्छ।

म यो कुरा मेरो आफ्नै जीवनसित जोड्न दिनुहोस्। म पूर्ण समय प्रचारकको रूपमा देश-देशमा यात्रा गरिरहेको बेला, मेरो छोराको स्कूलमा समस्या भइरहेको थियो। जब मलाई हाम्रो स्थानीय सेमिनारीमा पढाउन बोलाइयो त्यतिबेला मैले मेरो छोरोलाई ध्यान दिनु नै मेरो निम्ति महत्वपूर्ण काम थियो। त्यतिबेला, मेरो परिवारलाई मेरो विशेष ध्यानको आवश्यकता थियो।

जब मैले डाक्टरको डिग्रीको अन्तिम परियोजना लेख्दै थिएँ, मैले मेरो नियमित काम (शिक्षण) छोडेर यस परियोजनामा समय बिताउन थालें। तब मैले आफ्नो समय सिमा पाएँ, अनि परमेश्वर मसित बोल्नुभयो, यसो भन्दै *"यो प्रकाशित हुनेछ।"* साँच्चै भन्ने हो भने, त्यो परियोजना *लिभिङ इन द पावर अफ द स्पिरिट,* को रूपमा पूरा भयो अनि पछिबाट यो *बेसिक बाइबल स्टडीस फर द स्पिरिट फिल्ड एण्ड सेंक्टिफाइट लाइफ* को रूपमा आयो।

जब मैले पास्टरीय सेवा गरिरहेको थिएँ, एउटा दम्पत्ति रोय र नोरा हाम्रो मण्डलीमा सक्रिय थियो। नोराको भर्खरै दुई वटै खुट्टा काटिएर अस्पतालमा भर्ना भएकी थिइन्। क्रिसमसको बिहानी थियो र हाम्रा तीन जना छोराछोरी उपहारहरू खोल्न उत्साहित थिए। तर रोयलाई भर्खरै हृदयघात भएको र नोराजस्तै त्यही अस्पताल भर्ना भएको छ भन्ने खबर पाएँ। यस निराश दम्पत्तिलाई सान्त्वना दिन क्रिसमसको उपहार खोल्न केही घण्टा पर्खन मैले आफ्ना छोराछोरीलाई आग्रह गरें। त्यो समयमा सेवकाई र मण्डलीलाई प्राथमिकता दिनु आवश्यक थियो।

हालैमा, मेरो प्यारो सण्डे स्कूल कक्षालाई पढाएको पैंतालिस वर्षपछि, मैले यो उपासना पुस्तक लेखि सिध्याउनका लागि र मेरी श्रीमति जसलाई अल्जाइमरको रोग लागेको छ, उसलाई ध्यान दिन र वास्ता गर्नको लागि त्याग्ने निर्णय लिएँ।

यी सबै अवस्थामा ख्रीष्ट नै यी विभिन्न प्राथमिकताहरूको केन्द्रविन्दु हुनुहुन्थ्यो। जीवनका विभिन्न समयमा ख्रीष्टप्रतिको हाम्रो प्रतिबद्धता भिन्नाभिन्नै तरिकाले व्यक्त गरिन्छ। आज तपाईंको प्राथमिकता के के हो?

• • • • • • • • • • • • • • • •

# अक्टोबर २६ दिन - २९९

# क्षतिग्रस्त औंला

*****

*किनभने मानिसले जे रोप्नछ, त्यसैको कटनी पनि गर्नेछ। जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्नछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ।*

*गलाती ६:७-८*

मेरो बुडीऔंलाको नङको छेउको छाला पिल्सिएको थियो। कन्सास सिटीमा हिउँद एकदमै चिसो हुनसक्छ। हामीमध्ये धेरैजसोले प्राकृतिक ग्यासद्वारा घर गरम गर्नसक्छौं र यो सस्तो भए तापनि यसले घरको वातावरणलाई सुक्खा असर पार्छ। अनि निस्सन्देह, अत्याधिक सुक्खापनले छालालाई असर पार्छ।

घरभित्र बस्दा र बाहिर जाँदा मैले मेरो क्षतिग्रस्त भएको बुढी औंलालाई लोशन लगाएर उपचार गर्ने कोसिस गरें। यसले मलाई अलिकति भए पनि राहत दियो तर धेरै समय म पिडामा नै थिएँ। अन्ततः यो मेरो बुढी औंलामात्र होइन, तर मेरो बुढी औंलाले गर्ने सबै काम प्रभावित भएको पाएँ। विशेष गरी बटन लगाउनु सबैभन्दा चुनौतिपूर्ण भयो। तपाई ंआफ्नो बुढी औंलाबिना कस्सिएको बटनको दुलोमा बटन हाल्नसक्नुहुन्छ?

बुढी औंलाको समस्याले गर्दा बटनको समस्या सृजना भयो भन्ने कुरा मैले सिकें। यो कारण र प्रभावको नियमको उदाहरण हो। यो सिद्धान्त आत्मिक संसारमा पनि लागू हुन्छ: यदि तपाईंले पापी स्वभावलाई कायम राख्नुभयो भने, त्यस स्वभावबाट उत्पन्न हुने र तपाईंले गर्ने जुनसुकै कुराले असर गर्नेछ र दुषित समेत हुनुहुनेछ। यसले तपाईंलाई "विनाशको कटनी" गर्नसमेत उत्प्रेरित गर्नेछ। पापी स्वभावका कार्यहरूले "यौन अनैतिकता, अशुद्धता, र कुकर्म" जस्ता कुराहरू उत्पन्न गर्नेछ। मूर्तिपूजा र बोक्सीबिद्या, घृणा, मतभेद, इर्ष्या, क्रोध, स्वार्थी इच्छा, फूट, गुटबन्दी र इर्ष्या, पियक्कडपन, ताडना र यस्तै-यस्तै (गलाती ५:१९-२१)। यसर्थ, पापी स्वभावबाट मुक्त हुनु साँच्चै महत्वपूर्ण छ भन्ने निष्कर्षमा म पुग्छु।

..................

# म कसरी मन्दिरमा आउन सक्छु?

*****

*येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु।" तब यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाई यसलाई तीन दिनमा खडा गर्न सक्नुहुन्छ र?" तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा चेलाहरूलाई स्मरण भयो।*

*यूहन्ना २:१९-२२*

सन् १९८९ मा मनिलामा भएको विश्वको प्रचारकार्यको लागि लाउसेन द्वितीय कांग्रेसमा चार हजारभन्दा धेर मानिसहरू उपस्थित भए तापनि हामीले थुप्रै स-साना समूहका सभाहरू सञ्चालन गऱ्यौं। एउटा सानो समूहको खाना खाने बेला मैले मेरो छेउमा भएको चिनियाँ मानिसलाई उसले के गर्छ भनेर सोधें। तिनले आफू पास्टर भएको र भर्खरै झ्यालखानबाट छुटेको कुरो बताए। तिनले फेरि चीनमा गएर प्रचार गर्ने योजना बनाएको थियो र फेरि झ्यालखानमा पर्नेवाला थियो। यो कुरा बताउँदा उनी अति नै शान्त थिए- र यो कसरी भयो? मेरो चिनिया भाइलाई थाहा थियो, झ्यालखानको कोठामा पनि, उनले येशू ख्रीष्टको आराधना गर्न अनि उहाँसित जिउँदो सम्बन्ध राख्न सक्नेछन्।

आजको पाठ खण्ड येशूले पैसा साट्नेहरूलाई धपाएर मन्दिर शुद्ध पार्नुभएपछि लगत्तै पछिको हो। जब यहूदी अगुवाहरूले उहाँलाई चुनौती दिए, तब उहाँले जवाफ दिएर भन्नुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु।" उहाँले आफ्नो पुनरुत्थानको बारेमा संकेत दिँदै उहाँ नै आराधनाको निम्तो नयाँ मन्दिर हुनुहुनेछ भनेर संकेत दिइरहनुभएको थियो।

यस उपासनामय पुस्तकको अर्को बुँदामा मैले उपासनाको लागि इसाईहरू एकसाथ भेला हुनुको महत्वबारे वर्णन गरें। मैले हिब्रू १०:२५ लाई उद्धृत गरें, जहाँ "एकसाथ भेला हुन नछोड" भन्ने विषयमा कुरा गरिएको छ। मैले लेखेका सबै कुरामा म अडिग छु। यद्यपि, यो लेख्दा धेरै मानिसहरू कोभिड-१९ फैलिने खतराले गर्दा धेरै ठूलो भीडमा भेला हुनसकेका छैन। कसै-कसैले परिवारका केही सदस्यहरूसँग फेसबुक वा जुम मार्फत आराधना सेवाहरू हेर्छन्। अरू कतिपयलाई भने सरकारले नै बन्दी बनाएको छ। यद्यपि, तिनीहरूको येशू ख्रीष्टसित व्यक्तिगत सम्बन्ध भएको कारण यी मानिसहरूले अझ पनि साँचो आराधना गरिरहेका छन्।

पुरानो मन्दिर गइसेको छ; ख्रीष्ट अहिले हाम्रो आराधनाको मन्दिर हुनुहुन्छ। जबा हामी कुनै भवनमा जान सक्दैनौं, तब पनि हामी मन्दिर, येशू ख्रीष्टकहाँ जानसक्छौं। त्यो समय, जब येशू ख्रीष्ट क्रूसमा मर्नुभयो, पवित्र स्थानको पर्दा माथिदेखि तलसम्म च्यातियो, शक्तिशालीरूपमा संकेत गर्दै कि अब हामीसँग पवित्र परमेश्वको पहुँच छ र सबै पापबाट शुद्ध पारिएका छौं (मत्ती २७:५१)। उहाँमात्र एक हुनुहुन्छ जससँग हामी क्षमा माग्न सक्छौं; उहाँ स्वर्ग र पृथ्वी बीचको सम्बन्ध हुनुहुन्छ। जब फरिसीहरूले विश्रामको दिनमा येशूको कार्यको आलोचना गरे, उहाँले यसरी जवाफ दिनुभयो, "तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ" (मत्ती १२:६)।

पवित्र सहर, यरूशलेमलाई स्वर्गबाट तल झरिरहेको वर्णन गर्दै यूहन्नाले भने, "मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान र थुमा नै हुनुहुन्छ" (प्रकाश २१:२२)। थुमा ख्रीष्ट हुनुहुन्छ।

वर्तमानमा, हाम्रो मन्दिर, येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध पवित्र आत्माको सेवकाईद्वारा सम्भव भएको छ। येशूले यो कुरा आफ्ना चेलाहरूलाई यसरी बताउनुभयो, "जब उहाँ, अर्थात सत्यको आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो जो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ" (यूहन्ना १६:१३-१५)।

लाउसेन कांग्रेसका प्रमुख वक्ता पास्टर चेनले अठार वर्ष चिनियाँ झ्यालखानमा बिताएका थिए। यद्यपि, प्रचारकको हैसियतले उनी फेरि फर्केर जान चाहन्छन्। ती अठार वर्षको दौडान पास्टर चेनलाई अपमान र दुर्व्यवहार गर्न झ्यालखानका चौकिदारहरूले सक्दो प्रयास गरे। तिनीहरूले तिनलाई झ्यालखानमा मान्छेको फोहोर सफा गर्ने काम दिए। सामान्यता, पास्टर चेन एकलै

भएको चौकिदारहरूले मन पराउँदैन थिए, तर जब उनी काम गरिरहेका हुन्थे, कसैलाई पनि उनको सामु आउन दिँदैनथ्यो। त्यसपछि कुनै सतावटबिना पास्टर चेनले जोड-जोडले प्रार्थना गर्न, भजन गाउन र वचन बोल्न सक्थे। पास्टर चेनले यसो भने, "म मानिसहरूको फोहोर सफा गर्ने समय पर्खिरहन्थे। त्यससमय म मैले मन पराएको भजन गाउन सक्थें।" उनले गाउने भजनका केही शब्दहरू यहाँ उल्लेख गरिएका छन्:

म बगैंचामा एकलै आउँछु,
जब गुलाफमा शीत परेको हुन्छ,
अनि मैले सुनेको आवाज,
मेरो कानमा गुञ्जीरहेको हुन्छ,
परमेश्वरको पुत्रले प्रकट गर्नुहुन्छ।
अनि उहाँ मसित हिँड्नुहुन्छ,
अनि उहाँ मसित कुरा गर्नुहुन्छ,
अनि उहाँले मलाई म उहाँकै हो भन्नुहुन्छ।
अनि त्यहाँ रहँदा हामी कति आनन्द मनाउँछौ,
न त कसैले कहिल्यै थाहा पाएको छ।[95]

यो सबै सम्भव छ किनभने येशू ख्रीष्ट हाम्रो साँचो मन्दिर अर्थात सर्वशक्तिमान परमेश्वरको आराधना गर्नसक्ने हाम्रो शरणस्थान हुनुहुन्छ।

•••••••••••••••••

[95]. सी. अस्टिन माइल्स, "इन द गार्डेन," १९१२, *परमप्रभुको निम्ति गाउने: भजन* (Kansas City, MO: Lillenas Publishing Company, 1993), #606.

# खाद्य वितरण: आत्माले भरिएका मानिसहरू

*****

*किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।*

*प्रेरित ६:१-४*

तैपनि, मण्डलीका विधवाहरूलाई खानेकुराको खाँचो थियो तर प्रचारकहरूले सबै थोक गर्न सकेनन्। बरु, तिनीहरूले खानाको प्रबन्ध मिलाउन, व्यवस्थापन गर्न र त्यसको सेवा गर्न सात जनालाई छान्ने निधो गरे। पाँच वर्षअघि पेन्तिकोसको दिनमा पवित्र आत्माले भरिएपछि मण्डली वृद्धि भइसकेको थियो र तिनीहरू हजारौंको सङ्ख्यामा यरूशलेम वरिपरिका मानिसहरू थिए। तिनीहरूसँग धेरै जना थिए जसले उद्धारकर्तालाई स्वीकारेका थिए र आत्माबाट जन्मेका थिए। तर यस कामको निम्ति तिनीहरूलाई असाधारण आत्मिक शक्तिका मानिसहरू चाहिएको थियो। प्रेरितहरूले मण्डलीलाई "आत्मा र बुद्धिले भरिएका" मानिसहरूलाई मात्र छान्ने निर्देशन दिए (प्रेरित ६:३)।

उन्नाइस वर्ष पुगेपछि रोबर्ट निकोलस क्यानाडाको शिकागोमा काम खोज्न बसाइँ सरे। तिनले क्यानाडामा आफ्नो पारिवारिक फार्ममा कडा परिश्रम सिकेका थिए र मेथोडिस्ट मण्डलीबाट उद्धारको बाटो सिकेका थिए। शिकागो पुगेपछि तिनले स्थानीय हार्डवेयर पसलमा काम गर्न थाले र साप्ताहिक ज्यालामा विश्वासी भई दशांश दिए। केही समय नबित्दै तिनी मेथोडिस्ट मण्डलीमा आइतबारको स्कूल तथा प्रचारकार्यमा सक्रिय भए। तिनले नयाँ साथीहरू बनाए। एउटी सुन्दरी युवती तिनकी पत्नी भइन्।

पाँच वर्षभित्रै रबर्टले नजिकैको ओक पार्क नजिकै आफ्नै हार्डवेयर व्यवसाय स्थापना गरे। तिनले आफ्नो पसल इलिनोइको सबैभन्दा ठूलो हार्डवेयर, घर सज्जा तथा उपकरण व्यवसायको रूपमा खडा गरे। तिनी लेक मेरियन व्यापारिक जिल्लाको विकास गर्न प्रभावशाली थिए, जुन अन्तमा सहरको व्यापारिक केन्द्र बन्यो।

तर रोबर्टको मन सन्तुष्ट भएन। यद्यपि, तिनको व्यापार बढिरहेको थियो र तिनी आफ्नी पत्नी र सा-साना छोरा-छोरीसँग खुशी थिए, तरै पनि तिनलाई अझ पनि कुनै कुराको कमी महसुस भइरह्यो। एकदिन, सास्काचेवानमा भएकी तिनकी बहिनीलाई तिनको आवश्यकता परेको छ भनी थाहा पाए। रोबर्ट उनलाई भेट्न जाँदा तिनी आफ्नो परिवारको सदस्यलाई भेट्न मैदान हुँदै गए तिनी गाडी हाँक्दै गर्दा हावा चल्यो र तिनले आफ्नो गाडी फनक्क फर्काएर आफ्नी बहिनीको घरतिर लागे। रोबर्ट आफ्नी बहिनीको घरमा फर्केर आउँदा तिनलाई एक जना प्रचारकसित परिचय गराइन् जो केही समयको लागि भेट्न आएका थिए र तिनले स्थानीय सेवा गरिरहेका थिए।

प्रचारकले तिनलाई सोधे: "मिस्टर नकोलस, के तपाईंले आफ्नो सम्पूर्ण जीवन परमेश्वरलाई दिनुभएको छ?"[96]

तुरुन्तै रोबर्टले घुडा टेके अनि प्रभुमा पूर्णरूपले समर्पण हुन प्रार्थना गरे। तिनले प्रचारकलाई बेलुकी पनि सेवामा सामेल हुने वाचा गरे।

जब समपर्णको लागि वेदीमा बोलाइयो, निकोलस अघि बडे। तिनले पछि यसो भने: *मैले कुनै कुरालाई परमेश्वरको सामू अर्पन गरिनँ। अन्तमा, जब मैले प्रार्थना गरें, मैले परमेश्वरको प्रशंसा गर्न सुरु गरे। तब पवित्र आत्मा मेरो हृदय भरिदिनुभयो जबसम्म आनन्दलाई मैले नियन्त्रण गर्न सकिनँ। ... प्रार्थनाको वेदीबाट म एउटा नयाँ मानिस भएर उठें र मेरो असफलता र कमजोरीहरूको बावजूद मेरो जीवन परमेश्वरसँगको भेटदेखि यता कहिल्यै त्यस्तो भएको छैन। वर्षौंको दौडाम समुदाय र मण्डलीमा व्यापार र ठूलो जिम्मेवारीको*

---

[96]. वी. रेमोन्ड एडमानद्वारा लिखित्, दे *फाउण्ड द सिक्रेट* (ग्रान्ड रेपिड्स: जोन्डरभेन, १९६०), १०१।

*अत्याधिक दबाव आएको छ र यी दबावहरूले नै मलाई मुक्तिदाताबाट टाडा लैजान सक्थ्यो तर मेरो हृदयमा रहनुहुने आत्माको ज्ञान सधैँ त्यहाँ हुनुहुन्थ्यो जसले मलाई मेरो हृदयभित्र परमेश्वरसित बाँधेर राख्यो।*[97]

जब रोबर्ट घर आइपुगे, तिनकी पत्नीचाहिँ तहखानामा लुगा धुदैथिइन्। जसै तिनी तल झरे, तिनले रोबर्टमा केही फरक महसुस गरिन्- तिनको पहिलो शब्द यही थियो, "रोब, तिमीलाई के भयो?"[98]

तिनले गवाही दिए र रोए, अनि तिनी र तिनकी पत्नी दुवैले घुडा टेके र तिनले पनि आफ्नो जीवन प्रभु येशूलाई समर्पन गरिन् र पवित्र आत्माले भरिइन्।

लगत्तै, रोबर्ट निकोलसले आफ्नो हार्डवेयरको स्टोर बेचे। दस वर्षको लागि, तिनी भवन र ऋण एसोसिएसनको सभापति भए। त्यसपछि, तिनी मुडी बाइबल कलेज र विटन कलेजका ट्रस्टी बने, अनि मण्डलीको सेवा गरे, अनि ओक पार्कमा उद्यमहरूमा सहायता पुऱ्याए।

तिनी १ थेसलोनिकी ३:१० मा वर्णन गरिएका मानिसहरूजस्तै व्यक्ति थिए: "तिमीहरूलाई आमनेसामने भेटेर तिमीहरूका विश्वासको कमी पूरा गर्ने हेतूले हामी दिनरात जोशका साथ प्रार्थना गर्छौं।" तर पवित्र आत्माले भरिएपछि तिनी २ तिमोथी २:२१ मा वर्णन गरिएको मानिसजस्तै भए: "जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पाऱ्यो भने त्यो आदरको कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ।"

यति धेरै इसाईहरूलाई किन त्यस्तो आनन्द र प्रशंसाको कमी छ? रोबर्ट निकोलसका अनुसार "पवित्र आत्माको पूर्णता पाउन मुक्तिदातालाई जीवनको पूर्ण समर्पण हुनैपर्छ।"[99]

हे प्रभु, हामी आत्मसमर्पण गर्नसक्छौं! आत्माको पूर्णता अनुभव गरौं!

•••••••••••••••••

[97]. E *तिनीहरूले रहस्य भेट्टाए*, 102.

[98]. E *तिनीहरूले रहस्य भेट्टाए*, 103.

[99]. E *तिनीहरूले रहस्य भेट्टाए*, 104.

# म विश्वास गर्छु

*****

*तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।*

*प्रेरित १:८*

बितेको दस वर्षदेखि परमेश्वरको आत्माले मेरो हृदयमा बारम्बार चारवटा महत्त्वपूर्ण विषयहरूमा प्रभाव पारेको छ: साक्षी, सुसमाचार प्रचार, जागृति, अनि पवित्रता। म यी चार वटैमा विश्वास गर्छु।

*साक्षी:* ख्रीष्टले तिनीहरूको जीवनमा जे गर्नुभएको छ, ती सबै कुरा अरूहरूलाई बताउने हरेक इसाईको जिम्मेवारी र मौका हो (प्रेरित १:८)।

*सुसमाचार प्रचार:* "सुसमाचार प्रचार" शब्दको बाइबलीय अर्थ "सुसमाचार भन्नु" भएकोले हामीले सुसमाचारका तथ्यहरू बाँड्नुपर्छ र प्रेरित २:३८ मा पत्रुसले झै र २ कोरिन्थी ५:११, २० मा पावलले झैं मानिसहरूलाई ख्रीष्ट स्वीकार गर्न मनाउन खोज्नुपर्छ।

*जागृति:* जीवनको सबै क्षेत्रमा (शारीरिक, मानसिक, सामाजिक, आत्मिक) नवीकरणको आवश्यकता पर्ने मानवीय स्वभाव भएकाले, यो पुनरुत्थानलाई बढावा दिने मण्डलीको जिम्मेवारी हो। सुसमाचार सभाहरूको एकाग्र श्रृंखला हो जसले मानिसहरूलाई प्रतिबद्धता गर्न आह्वान गर्दछ। यसबाहेक, हामीले व्यापक जागृतिको लागि प्रार्थना गर्नुपर्छ। यो महान आत्मिक आन्दोलन हो जसले ठूलो संख्यामा मानिसहरूलाई राज्यमा परिणत गर्नेछ। जस्तै प्रेरित ४:४ र स्कटल्याण्डमा हेब्राइड्स जागृति (१९४९-५२)।

*पवित्रता:* नयाँ जन्मभन्दा बाहिरको इसाई जीवनको गहिरो स्तर भएको हुनाले हामीले मानिसहरूलाई आत्माले भरिएको र आत्माद्वारा निर्देशित जीवनतर्फ डोऱ्याउने प्रयास गर्नुपर्छ (गलाती ५:२५)। यो जीवन सम्पूर्ण पवित्रताबाट सुरु हुन्छ (१ थेसलोनिकी ५:२३-२४; १ पत्रुस १:२)। र परमेश्वरको लागि समृद्ध पूर्ति र साहसिक जीवनको अनुग्रह बढ्दै जान्छ (२ पत्रुस ३:१८)।

म विश्वास गर्छु! के तपाईं चाहनुहुन्छ?[100]

.................

[100]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २०१७ को डिसेम्बर)।

# पवित्र आत्माप्रति सम्बेदनशील

*****

*हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंडौं।*
*गलाती ५:२५*

२०२० सालमा यी शब्दहरू लेख्दै गर्दा संसार कोभिड-१९ को ठूलो संघर्षमा छ। हप्तौं र महिनौंदेखि बारम्बार हात धुनु, अरूबाट टाडा रहनु र सार्वजनिक ठाउँमा मास्क लगाउनु हामीलाई याद दिलाइरहेको छ।

एक जना सहयोगीसित हालै भएको कुराकानीमा उनले मलाई यसो भने, "हामी आफ्नो कोठाबाट बाहिर निस्कनु हुँदैन। सबै खाना हाम्रो ढोकामा दिइन्छ। यहाँसम्म कि हाम्रो पत्र पनि हाम्रै कोठामा दिइन्छ।"

अगुवाहरू, वैज्ञानिकहरू, चिकित्साकर्मीहरू र साधारण मानिसहरूले यो भाइरस हराउन आफूले जानेजति सबै गरिरहेका छन्। थुप्रैले प्रार्थना गरिरहेका छन् र सर्वशक्तिमान् परमेश्वरको हस्तक्षेप खोजिरहेका छन्।

हालैमा, मैले एक जना परिचित व्यक्तिसित कुरा गरिरहेको बेला उनले यसो भनेका थिए, "हामी आफ्नो हात धुनु र अरूबाट टाडा रहनुजस्ता कामहरूबारे सचेत रहन्छौं। यदि हामी यसरी नै पवित्र आत्माप्रति संवेदनशील भयौं भने कस्तो हुन्थ्यो होला?"

उनले भनेका कुराले सुरुमा त म रिसले मुरमुरिएँ। तर बाइबलले पवित्र आत्माबारे के सिकाउँछ भनेर सोच्न थालें। आत्माका थुप्रै कामहरू छन् तर सबैभन्दा ठूलो काम येशूको प्रतिनिधित्व गर्नु हो। येशूले भन्नुभयो, "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात सत्यको आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ" (यूहन्ना १५:२६)।

येशूले भन्नुभयो, "जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ" (यूहन्ना १६:१३-१४)।

याद गर्नुहोस्, आत्माले "तिमीहरूलाई अगुवाइ गर्नुहुनेछ" भनी येशूले भन्नुभयो। नयाँ करार, विश्वासीहरूसित बोल्नुहुने, निर्देशन दिनुहुने, र डोऱ्याउनुहुने पवित्र आत्माको वर्णनले भरिएको छ। उहाँको आवाज सुन्नु र आज्ञा पालन गर्नुमा सम्वेदनशील हुनु हाम्रो लागि चुनौति हो।

यहाँ केही विचारहरू छन्:

- गलाती ५:१८: "तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका छौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ।"
- एफिसी ४:३०: "अनि परमेश्वरका पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।"
- १ थेसलोनिकी ५:१९: "आत्मालाई ननिभाओ।"
- रोमी ८:४: "यस हेतूले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।"
- प्रेरित ९:३१: "प्रभुको भयमा हिंड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदैगयो।"
- प्रेरित २०:२२: पावल भन्छन्, "अब हेर्नुहोस्, म पवित्र आत्मामा बाध्य भएर यरूशलेमतिर जाँदैछु, त्यहाँ मलाई कसो परिआउने हो सो म केही जान्दिनँ।"
- प्रेरित ८:२९: "तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।"

कृपया पावल र फिलिपको आत्मिकी अवस्थाको पहिलेको वर्णनलाई ध्यान दिनुहोस्:

- प्रेरित १३:९: "तर शाऊलले, जसलाई पावल पनि भनिन्छ, पवित्र आत्माले भरिएर त्यसमाथि एकटक लाएर हेरे।"

- प्रेरित ६:३, ५: "यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं।... तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप...लाई छाने।

  हे प्रभु, मलाई पवित्र आत्माले भर्नुहोस्। तपाईंको आत्माले मलाई डोऱ्याउनुहोस्। मलाई पवित्र आत्माप्रति सचेत बनाउनुहोस् ताकि म तपाईंको निर्देशनलाई छोड्न नसकूँ।

•••••••••••••••••

# मलाई रीस उठेको छैन

*****

*प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन।*

*१ कोरिन्थी १३:४-५*

ओहायोमा शनिबारको सेमिनारपछि उनी मकहाँ आँशु सरी आउँदा मैले लुउलाई भेटें।

उनले मलाई यसो भने, "म दस वर्षदेखि शुद्ध हुन खोजिरहेको छु। के तपाईं मलाई सहायता गर्न सक्नुहुन्छ?" मैले लुउलाई सल्लाह दिएँ।

आइतबारको दिन तिनी वेदीमा गए र परमेश्वरले तिनलाई शुद्ध पार्नुभएको कुरा स्पष्टसित गवाही दिए। सोमबार, मैले उनलाई शुद्ध भएदेखि यता जीवनमा कुनै परिवर्तन छ कि भनी सोधें।

उनले उत्तर दिए, "मलाई रीस उठ्दैन, मैले मेरी श्रीमतीलाई सहायता गरें र म उसलाई माया गर्छु भने भनिरहन्छु।"

बुधबारको रात, जागृति सेवाहरू समाप्त हुन थालेपछि लुउले मलाई यसो भने, "शनिबारदेखि म रिसाएको छैन। म सय प्रतिसर निश्चित छु। म कहाँ गइरहेको छु- स्वर्ग!"101

.................

[101]. *द गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (जुन २०१४).

# तपाईं कति राम्रो हुन सक्नुहुन्छ?

*****

*शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।*

*१ थेसलोनिकी ५:२३*

हाम्रा छोरा-छोरीहरू घरमा हुँदा एक आइतबार बिहान हामी मण्डली र सण्डे स्कूलमा जान तयार भयौं। कक्षा सुरु हुनुभन्दा अघि नै हामी कफी र डोनट बाड्थ्यौं। त्यसैले मेरी श्रीमती र म हाम्रो कफीको ठूलो भाडा प्रत्येक हप्ता मण्डलीमा लैजान्थ्यौं लिएर आउथ्यौं। त्यसदिन, जब हाम्रा तीन जना छोरा-घरको पल्लो कुनामा लुगा लगाउदै थिए, मैले न्यान्सीलाई भनें, "आज हामी मण्डलीमा कफीको भाडा मण्डलीमा नै छोडिराखौं किनकि बेलुकीको सेवामा यसलाई प्रयोग गर्ने मण्डलीले अनुमति मागेको छ।"

त्यसपछि, सण्डे स्कूल र बिहानको आराधना सेवापश्चात, हामी घर फर्कदै थियौं र हामी सबैजना धेरै खुशी थियौं। केटीहरू न्यान्सीसित पछाडिपट्टिको सिटमा बसेका थिएँ। हाम्रा छोरो, पावल, जोचाहिँ ९ वर्षको हुन लागेको थियो, मसित अगिल्लो सिटमा बसेका थिए। उ मुसुक्क हास्यो र मलाई भन्यो, "बुबा, आज मैले तपाईंलाई मद्दत गरें। सेवापछि तपाईंहरू मानिसहरूसित कुराकानी र अभिवादन गरिरहेको बेला मैले कफीको भाडा गाडीको पछाडि हालिदिएको छु।"

निराश भएर मैले भनें, "किन तिमीले यसो गर्‍यौं? मैले त्यो मण्डलीमा छोड्न चाहेको थिएँ।"

के तपाईंलाई लाग्छ कि मैले मेरो छोरोलाई दण्ड दिनुपर्छ? जे भएपनि उसले गल्ती त गरेकै थियो। मैले मण्डलीमा छोड्न चाहेको कफीको खुत्रुके उसले घरमा ल्याएको थियो।

म निश्चित  तपाईंहरूले उसलाई दण्ड दिने कुरामा आफ्नो सहमति दिनुहुन्न किनकि उसलाई मेरो विचार थाह थिएन। उसले त केवल मलाई सहायता पुर्‍याउने कोशिस गरेको थियो- उसको प्रेमिलो उद्देश्यमा।

तपाईं कति राम्रो हुन सक्नुहुन्छ?

पावल दोषरहित थिएनन् तर तिनी निष्कलंक थिए। हामी ले शब्दको भिन्नतालाई छुट्याउछौं। यसर्थ आफ्नो लागि असम्भव स्तर नतोक्नुहोस्। परमेश्वरले "निर्दोष" बनाउने प्रतिज्ञा गर्नुभएन तर उहाँले तपाईंलाई "निष्कलङ्क राख्ने अर्थात तपाईंको हृदयको मनसाय शुद्ध राख्ने प्रतिज्ञा गर्नुभयो ताकि तपाईं उहाँलाई प्रेम गर्न र उहाँलाई सधैँ प्रसन्न पार्न चाहनुहुन्छ।

•••••••••••••••••

# आत्माको अनवरत बानी

*****

*यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। रोमी १२:१-२*

जीवनमा आमूल परिवर्तन आएपछि पनि मनमा आक्रोस, आवेग र आलोचनात्मक मनिवृत्ति मेरो हृदयमा लुकिरहेको पाएँ। मैले महिनौंसम्म पवित्र आत्माको सफा, चोखो र शुद्ध पार्ने कामको लागि प्रार्थना गरे र बिन्ति गरें। त्यसपछि, आइतबारको रात्री सेवाको समयमा परमेश्वरको आत्माले मलाई शुद्ध पार्‍यो। यो अति स्पष्ट, निश्चित र साँचो अनुभव थियो। मैले शुद्धिकरणको महसुस गरें र अर्को दिनभरि मेरो हृदय रोक्न नसकिने प्रेमले भरिएको थियो।

अर्को दिन मेरा कामहरूमा पहुनाहरू गइसकेपछि मोटलका कोठाहरू सफा गरेर मैले मेरो पारिवारिक व्यवसायमा काम सघाउनुथियो। भण्डार गर्ने ठाउँ निक्कै ठूलो थियो र हामी हतारमा थियौं। मैले एउटा कोठाबाट अर्को गुड्ने पलङ्ग निकालेर उपलब्ध स्टोरमा राख्ने कोशिस गरें। तर धातुको फ्रेमका टुक्राहरू दुवैपट्टि राखिएका खाटहरूमा फसियो र त्यसलाई राख्नपर्ने ठाउँसम्म सार्न सकिएन। यसले गर्दा मलाई असाध्यै रिस उठ्यो र मैले अर्को पलङ्गसँगै त्यसलाई जोडले हिर्काएँ।

निस्सन्देह, त्यसले मेरो समस्या समाधान गरेन तर त्योभन्दा पनि महत्त्वपूर्ण कुरा त, मेरो आवेगलाई देखेर म तर्सिएँ। अघिल्लो रातमात्र मैले पवित्र पारिएको अनुभव गरेको थिएँ। के यो पवित्रीकरणले यसको वास्ता गरेन?

त्यसपछि मैले यस विषयमा सोच्न, पढ्न र प्रार्थना गर्न महिनौं बिताएँ। मैले आफ्नो जीवनको एक्काइस वर्षको दौरान विकास गरेका आदतहरूबारे सोंच्न थालें। सुर्ती च्याप्ने लतजस्ता शारीरिक आदतहरूको शक्ति हामीले बुझ्न सक्छौं। तर भावनात्मक आदतहरूको बारेमा नी? म झगडालु परिवारबाट आएको थिएँ र वर्षौंदेखि झनक्क रिसाउने बानी थियो मेरो। मेरो पवित्रीकरणको अनुभवपछि मेरो जीवनमा सकारात्मक परिवर्तन भएको ठूलो प्रमाण थियो- के परमेश्वरले मेरो हृदय साँच्चै शुद्ध पार्नुभएको थियो होला तर मैले अझै पनि भावनात्मक तथा मानसिक आदतहरूलाई पुन: सुधार गर्नुपर्ने थियो?

मैले हडसन टेलरको जीवनीलाई अध्ययन गर्दैगर्दा सहायता पाएँ, जोचाहिँ महान मिसनेरी थिए र जसले चाइना इनलैण्ड मिसन सुरु गरेका थिए। हडसनको स्पष्ट परिवर्तन भएको थियो, अनि पछिबाट, इन्कार गर्ननसकिने पवित्रीकरणको अनुभव। तैपनि, वर्षौंपछि, तिनको बढ्दो सेवकाईको दबावमा, तिनी चिन्तित र रिसालु भए। त्यसपछि तिनले आफ्नो मित्रको सल्लाहर लिए अनि ख्रीष्टसँगको चोखो पारिएको सम्बन्धलाई तिनले नविकरण गरे।

त्यसपछि, टेलरले लेखे, "उद्धारकर्ताका शब्दहरूलाई हामी परिवर्तन नगरौं। यो "जसले पिएको छ" होइन, तर "जसले पिउँछ" हो(यूहन्ना ४:१४)। यो उहाँले एउटा थोपाको बारेमा भन्नुभएको होइन तर धेरै अनि निरन्तर बगिरहने आत्माको पानी"।[102]

मलाई मानसिक तथा भावनात्मक आदतहरू पुन: विकसित गर्नु आवश्यक थियो। जीवनका उत्तेजक चुनौतिहरूको माझमा मैले ख्रीष्टको अनुग्रहलाई बार-बार पिउनु आवश्यक छ।

रोमी १२:१-२ मा पावलले इसाईहरूलाई एकैचोटि आत्मसमर्पण गर्न चुनौति दिए: "परमेश्वरलाई... आ-आफ्ना शरीरलाई जिउँदो बलिदानको रूपमा अर्पण गर।" तर याद गर्नुहोस् कि उनले "तिमीहरूको मनको परिवर्तनले" भनेर निरन्तर चलिरहने प्रक्रियालाई सङ्केत गर्दै निर्देशन दिएका छन्।

यसर्थ, म नयाँ आदतहरू खोज्छु, आत्माको निरन्तर आदत। तपाई के गर्नुहुन्छ?

•••••••••••••••••

[102]. चार्ल्स "चिकेन" शाभरमा उद्धृत, *आत्माले भरिएको र पवित्र जीवनका आधारभूत बाइबल अध्ययनहरू*, पाठ 6 (कन्सास सिटी, एमओ: बेकन हिल प्रेस अफ कन्सास सिटी, २००९)।

# एउटा साँच्चै ठूलो गल्ती, भाग १

*****

*यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। एउटाले अर्कोलाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। यी सबैभन्दा बढी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ।*

*कलस्सी ३:१२-१४*

मैले ठूलो गल्ती गरें। मेरो मतलब *साँच्चै ठूलो गल्ती* गरें। हाम्रो अन्तरराष्ट्रिय मण्डलीको सम्मानित, ईश्वरीय अगुवाको निधन भएको कुरा मैले थाहा पाएँ कुनै समय उनी हाम्रो परिवारको प्रिय पास्टर थिए। यो खबर साँचो हो कि होइन भनी जाँचपड्ताल गर्दा थाह लाग्यो, “हिजो उनको मृत्यु भयो।”

मेरो हृदय उनकी पत्नीप्रति गयो, जो अति नै अद्‌भूद, प्रिय र ईश्वरीय महिला थिइन्। मैले एउटा कार्ड किनें र त्यसमा आफ्नो सहानुभूति व्यक्त गर्दै र उनको जीवनका केही सुन्दर सम्झनाहरूबारे एउटा नोट लेखें। त्यो दिन मैले त्यो कार्ड पठाइदिएँ।

त्यस रात, मेरा सहकर्मीको फोन आयो, वास्तवमा ती अगुवाको मृत्यु भएको थिएन भन्ने कुरा तिनले अरू थुप्रैबाट थाहा पाएकी थिइन्। अर्को अन्तर्राष्ट्रिय अगुवाको मृत्यु भएको थियो। नामको कारणले हामी अलमल्ल परेका थियौं। सुरुको खबर गलत थियो।

मेरा श्रदेय मित्रको मृत्यु भएको थिएन र मैले भर्खरै मात्र उनकी धर्मपत्नीलाई सहानुभूति कार्ड पठाएको थिएँ। म असाध्यै लज्जित भएँ। मैले उनको पत्नीलाई फोन गरेर माग्नुपर्छ भन्ने कुरा मलाई थाहा थियो। यसो गर्न मलाई अप्ठ्यारो लागेको थियो किनकि यस कुराले तिनलाई दुखित तुल्याउनेवाला थियो। तर पनि मैले फोन गर्नैपर्छ भन्ने मलाई थाहा थियो।

तसर्थ, वर्षौंदेखि मैले चिनेकी यस ईश्वरीय स्त्रीलाई फोन गरें। मेरो आवाज सुनेर आफू खुशी भएको कुरा उनले सुनाए। तुरुन्तै मैले भनें, “मैले ठूलो गल्ती गरेको छु।” मैले उनलाई गलत खबर र सहानुभूति कार्डको बारे बताएँ। मैले माफी मागें र यो पनि सुझाव दिएँ कि मैले लेखेका सम्झनाहरूबाट तिनले प्रोत्साहन पाउन सक्नेछ।

अति नै न्यानो र समझदारीले उनले मलाई भनिन्, “चीक, यसको लागि अलिकति पनि चिन्ता नलिनुहोस्। म बुझ्छु।” उनले यो पनि भने कि उनका पति र उनले हाम्रो परिवारलाई र मललाई सराहना गर्छन्, अनि उनले हाम्रो सेवाई र प्रभावको लागि कृतज्ञता प्रकट गरिन्।

उनले भनिन्, “अनि यो कुरालाई लिएर तपाईलाई चोट पुऱ्याउन शैतानलाई नदिनुहोस्।”

उनको यो प्रेममय स्वीकृतिद्वारा म चिन्तामुक्त, उत्साहित, जोशिलो भएँ। मैले भनें, “तपाईं सधैँ मेरो प्रशंसासूचीको शीर्षमा हुनुहुन्छ। तर आज अझ तपाईं त्यो सूचीमा उच्च हुनुभयो!”

"तपाईं सधैं मेरो प्रशंसा सूचीको शीर्षमा हुनुहुन्छ - तर तपाईं त्यो सूचीमा अझ उच्च हुनुभयो!"

.................

# एउटा साँच्चै ठूलो गल्ती, भाग २

*****

*यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। एउटाले अर्कोलाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। यी सबैभन्दा बढी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ।*

*कलस्सी ३:१२-१४*

सहानुभूतिको कार्ड पठाउँदा मैले के गरें भनेर सोचें। कार्ड लेख्ने क्रममा मैले मेरो प्रेम, करूणा र सरोकार प्रदर्शन गरेको थिएँ। यो गल्तीले गर्दा मलाई अप्ठ्यारो लागे तापनि मेरो गल्ती स्वीकार्न फोन गर्नु मेरो इमानदारिता र निष्ठाको प्रमाण थियो। म भ्रममा थिएँ, मेरो बुझाइ गलत थियो। मैले एउटा हैरान पार्ने काम गरें। तैपनि, मेरो मनसाय प्रेम र वास्ता थियो; म आफ्नो मित्रको पत्नीलाई सान्त्वना र प्रोत्साहन दिने कोशिस गर्दैथिएँ। यो मेरो एउटा भूल थियो तर पाप होइन। पवित्रीकरणले तपाईंलाई शुद्ध हृदय दिन्छ र तपाईंलाई प्रेमले भरिदिन्छ तर यसले पूर्ण समझ वा पूर्ण कुराकानी गर्ने क्षमता दिने प्रतिज्ञा गर्दैन भनेर यस कुराले याद दिलायो।

मेरो मित्रको पत्नीसित फोनमा कुरा गरिसकेपछि म फेरि बसें। म ढुक्क भएँ र म आफैलाई यो कुरा मन पऱ्यो। मैले भर्खरै एक जना महान अगुवासँग कुरा गरेको महसुस गरें जसले मलाई दया, कृपा, कोमलता र धैर्य देखाएकी थिइन्। उनले त्यस व्यक्तिलाई येशूले झैं क्षमा गरेकी थिइन् जससँग उनले शत्रुताको भावना राख्न सक्थिन्। अनि यी सबैभन्दा माथि उनले आफ्नो प्रेम व्यक्त गरेकी थिइन्। तिनको व्यवहारले कलस्सीहरूलाई पावलले दिएको निर्देशनलाई चित्रण गरेको थियो (३:१२-१४)।

म उनलाई एक पवित्र, आत्माले भरिएकी विश्वासी स्त्रीको रूपमा जान्दछु र उनले मलाई देखाएको कुरा साँच्चै पवित्र मानिसहरूको अभिव्यक्ति थियो। हामी पनि उनीजस्तै बन्न सकौं!

•••••••••••••••••

# एउटा स्पष्ट, प्रत्यक्ष साक्षी

*****

*उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको हुनाले हामी यो जान्दछौं कि हामि उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ।*

*१ यूहन्ना ४:१३*

*तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।*

*१ थेसलोनिकी ४:१३*

अक्टोबर २९, १७८९ मा जोन वेस्लीले बेट्सी नाउँकी एउटी महिलालाई यस्तो लेखे: "के तपाईंले आफूलाई जन्मजात पापबाट उद्धार पाउनुभयो भनेर स्पष्ट र प्रत्यक्ष साक्षी दिनुभएको छ? कुन समयमा? कुन तारीखमा? अनि के तपाईंलाई यो सुरुमा जस्तो थियो त्यस्तै स्पष्ट अहिले लाग्छ? के तपाई बढ्दै गएको महसुस गर्नुभएको छ?

आज पनि, कतिपय मानिसहरूले सम्पूर्ण पवित्रताको स्पष्ट अनुभव गरिरहेका छन्। न्यान्सी नाउँ गरेकी एक महिलाले दिएको साक्षी यस्तो छ:

*विगतका वर्षहरूमा मैले सोचें कि मैले उद्धार पाएको छु र पवित्र पनि भएको छु। मैले विश्वास गरें कि तिमीहरू दुई पटक वेदीमा जानुपर्छ- एक पटन उद्धार पाउन र दोस्रो पटक पवित्र हुन। तर यो त होइन जस्तो लाग्यो।*

*आइतबार साँझको प्रवचन "पवित्रीकरण" को बारेमा थियो, जुनचाहिँ मैले चाहेको र मेरो आवश्यकता थियो। वेदीमा अगाडि आउने बोलावट हुँदा म अघि गए र अद्भूत अनुभव बटुलें। यो अति नै सजिलो थियो। उहाँले मेरा सबै पापहरू क्षमा गर्नुभयो र म एउटा नयाँ व्यक्ति थिएँ भन्ने मलाई थाहा थियो। जसरी पवित्र-शास्त्रमा १ थेसलोनिकी ५:२३ मा लेखिएको छ, त्यसरी नै उहाँले मलाई आइतबारको रात अर्थात अक्टोबर १९ तारीख मलाई पवित्र पार्नुभयो।*

*मेरो हृदयमा भएको आनन्द र शान्तिबारे म व्याख्या गर्न सक्दिनँ! म त्यसबेलादेखि उहाँको आत्मामा म आनन्दित छु र मैले आफ्नो अनुभवको बारेमा सबैलाई बताउने तिब्र इच्छा राखेको छु ताकि तिनीहरूले पनि यो अनुभव पाउन सकून्!*

*उहाँको नाउँको प्रशंसा होस्!*

सन् १७९० को अर्को पत्रमा वेस्ली लेख्छन्, "शुद्ध प्रेलाई नबढाईकन कायम राख्नु कति असम्भव छ।"

त्यसर्थ, सबैतिर हुनुभएका निकहरू र न्यान्सीहरूलाई हामी परमेश्वरको पूर्णतालाई "स्पष्ट र प्रत्यक्ष साक्षी" खोज्न आग्रह गर्छौं। जब एकपल्ट परमेश्वरको अनुग्रह तपाईंलाई दिइन्छ, त्यसमा निरन्तर बड्दै जानुहोस्।[103]

• • • • • • • • • • • • • • • • •

103. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २००९).

# जब अगुवाहरू परिवर्तन हुन्छन् अनि पाठहरू सिकिन्छ

*****

*परमप्रभुका दास मोशाको मृत्यपछि, मोशाका सहायक नूनका छोरा यहोशूलाई परमप्रभुले यसो भन्नुभयो, "मेरो दास मोशा मऱ्यो। यसकारण उठ्, तँ यी सबै मानिसहरूलाई लिएर यर्दन पारि मैले इस्राएलीहरूलाई दिन आँटेको देशमा जा। मैले मोशालाई प्रतिज्ञा गरेझैं तेरा पैतालाले कुल्चिने सबै जग्गा म तँलाई दिनेछु। तेरो जीवनभरि तेरो सामुन्ने कोही मानिस खडा हुन सक्नेछैन। जसरी म मोशासँग रहें, त्यसरी नै म तँसँग रहनेछु। म तँलाई छोड्ने, अनि तँलाई त्याग्नेछैनँ। बलियो र खुब साहसी बन्, किनकि मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको देश तिनीहरूको अधिकारमा गराउन तैंले तिनीहरूलाई अगुवाइ गर्नेछस्।*

*यहोशू १:१-३,५-६*

यो एउटा ठूलो अनि हृदयविदारक क्षति थियो – इस्राएलका अगुवा मोशा चालीस वर्षसम्म र तिनीहरूलाई अगुवाइ गर्ने सबैभन्दा शक्तिशाली व्यक्तिको मृत्यु भएको थियो। तिनको लागि तीस दिनसम्म शोक गर्नु उचित थियो (व्यवस्था ३४:८)।

तर मोशाको मृत्युले इस्राएललाई कमजोर बनाउन सकेन। परमेश्वरले नै तिनीहरूलाई बोलाउनुभएको थियो; तिनीहरू जुन कामको लागि बोलाइएका थिए, सो पूरा हुनै लागेको थियो।

आजको हाम्रो पाठको खण्ड यसरी सुरु हुन्छ "प्रभुले यहोशूलाई भन्नुभयो" भन्ने वाक्यांशबाट सुरु हुन्छ (अंग्रेजी भाषाको बाइबलमा, नेपाली बाइबलमा अलिक फरक छ) (यहोशी १:१)। परमप्रभुले धेरै चोटि बोल्नुभएको थियो – हामी बोल्नुहुने परमेश्वरको सेवा गर्छौं। उहाँको कुरा सुन्न पाउनु हाम्रो लागि ठूलो सुअवसर हो। निस्सन्देह, हामीले आफ्नो आत्मिक श्रवणशक्ति विकास गर्ने इच्छा राख्नुपर्छ। जब नेतृत्व परिवर्तन भएको हुन्छ त्यस बेला परमेश्वरको निर्देशन सुन्नु विशेष गरी महत्वपूर्ण हुन्छ।

यहोशू इस्राएलको नयाँ अगुवा हुन गइरहेका थिए। यो कुनै छक्क पर्ने कुरा थिएन; यसको लागि परमेश्वरले यहोशूलाई र मोशालाई पनि तयार पार्दै हुनुहुन्थ्यो। मोशाको मृत्यु हुँदासमेत पवित्र-शास्त्रले यस कुरालाई जोड दिन्छ: "अब नूनका छोरा यहोशू बुद्धिको आत्माले परिपूर्ण थिए, किनकि मोशाले आफ्ना हात तिनीमाथि राखेका थिए" (व्यवस्था ३४:९)। पछि आउने अगुवालाई तयार पार्नु बुद्धिमानी थियो।

तब परमेश्वरले आज्ञा दिनुभयो, "यसकारण उठ्, तँ यी सबै मानिसहरूलाई लिएर यर्दन पारि मैले इस्राएलहरूलाई दिन आँटेको देशमा जा" (यहोशू १:२)। परमेश्वरको जुनसुकै भूमिका भए तापनि इस्राएलको पनि यसमा भूमिका छ। गन्तीको पुस्तकअनुसार तिनीहरूमध् ६,००,००० मानिसहरू युद्धरत थिए। महिला र बाल-बालिकाहरूको हिसाब हामीले १.५ मिलियन मानिसहरू र थप अझ गाइबस्तुहरू, जितेर ल्याएका लूटका मालहरूको बारेमा कुरा गरिरहेको हुनुपर्छ। यहोशूले आफ्ना मानिसहरूको अधिकृतहरूलाई बोलाएर मानिसहरूलाई त्यस भूमिमा प्रवेश गर्न तयार पार्ने आदेश दिए (१:१०-११)। अगुवाहरूमा आएको परिवर्तनलाई सम्हाल्ने ठाउँमा काम गर्ने ढाँचा हुनु महत्त्वपूर्ण थियो।

तर, यो सबै कुराभन्दा मुख्य करा, यो प्रभुको कार्य हो: "तेरा पैतालाले कुल्चिने सबै जग्गा म तँलाई दिनेछु" (१:३)। मेरो सम्प्रदायका एक जना प्रभावशाली अगुवाले भनेका कुरा अझ मलाई याद छ, "यो मैले अहिलेसम्म गरेका सबैभन्दा प्रभावशाली आत्माले अगुवाइ गरेका निर्णयहरूमध्ये एउटा थियो।"

परमेश्वर भन्नुहुन्छ, "म गर्नेछु।" हामी प्रभुलाई आदर गर्छौं र उहाँलाई महिमा दिन्छौं। उहाँ नै प्राथमिक हुनुहुन्छ भन्ने याद छ; अनि हामी दोस्रोमा। हामीले उहाँलाई साथ दिनुपर्छ अनि उहाँको लागि कदम चाल्नुपर्छ। उहाँले ठाउँ प्रदान गर्नुहुन्छ। कति पटक परमेश्वरले हाम्रोलागि बाटो तयार पारिदिनुभएको छ तर हामीलाई हाम्रो विशेषाधिकार के हो सो थाहा छैन? यो उपलब्ध छ, यसलाई प्राप्त गर्नुहोस्।

यस कदममा ठूलो चुनौतिको सामना गर्नुपर्छ भन्ने थाहा भएको कारण परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूलाई चाहिएको उत्साह दिन यसो भन्नुहुन्छ, "बलियो र खूब साहसी बन्" (१:६)।

परमेश्वर प्रतिज्ञाहरू पूरा गर्न इतिहासलाई याद राख्न महान हुनुहुन्छ। याद गर्नुहोस् उहाँले यहाँ यसो भन्नुहुन्छ, "त्यो देश

मैले तिनीहरूका पिता-पुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गरे" (१:६)। परमेश्वरले अक्सर यी पुर्खाहरू अब्राहाम, इसहाक र याकूबको नाउँ दिनुहुन्छ। यी कुराहरूले इतिहासलाई, धेरै प्रतिज्ञाहरूलाई र परमेश्वरको लामो योजनालाई ताजा बनाउँछ। येशू पृथ्वीमा आउनुभएपछि पनि यी विवादहरू अझ पनि बहिरिन्छन्। ख्रीष्टले उहाँको समयका विद्रोहीहरूलाई निम्न कुराहरू भनेर चेताउनी दिनुभयो, "जब तिमीहरूले अब्राहाम, इसहाक, याकूब र सबै अगमवक्ताहरूलाई परमेश्वरको राज्यभित्र देख्नेछौ, अनि तिमीहरू आफैचाहि बाहिर फालिएका हुन्छौ" (लूका १३:२८)। नेतृत्वको परिवर्तनमा परमेश्वरलाई प्रभुको रूपमा राख्नु नै सबैभन्दा महत्वपूर्ण विषय हो।

यस्ता नेतृत्व परिवर्तनहरू अवलोकन गर्नाले यो देख्नेहरू सबैलाई आशिष् मिल्छ। आजसम्म, हामीसँग आत्मिक भूमि छ जसलाई हाम्रा पुर्वजहरूले आकार दिएका र निर्माण गरेका थिए। म मेरो जीवनका शिक्षकहरू र उनीहरूले सिकाएका पाठहरूको बारेमा सोच्छु:

१. पिटर: परमेश्वर वास्तविक हुनुहुन्छ
२. राल्फ र बर्निसे: नयाँ विश्वासीहरूसँग कसरी प्रार्थना गर्ने
३. अर्ल र हेजल: अलौकिक (ईश्वरीय) नेतृत्व
४. गोर्डन: चेला बनाउने चेलाहरू कसरी निर्माण गर्ने
५. राल्फ: परमेश्वरको वचनको भरोसा
६. मेनडेल र गर्ट्रुड: अतिथी सत्कार
७. रीईस: परिस्थीतिद्वारा कसरी प्रार्थना गर्ने
८. स्कट: बलियो नेतृत्व

अनि अझ धेरै छन् जसबाट मैले सिकेको छु।

मेरो जीवनको प्रतिज्ञा गरिएको देश बाहिर र त्यस माथि जाँदा मैले आफ्नो जीवनको समय पाएको छु र मैले कहिल्यै तिर्न नसक्ने अरू थुप्रै मानिसहरूले आकार दिएका आशिषमय इलाकाहरूमा पाइला टेक्दैछु। अनि मेरो लागि अरू सम्भावनाहरू पनि खुला छन् किनभने म येशू ख्रुष्टको युगमा बाँचिरहेको छु: "किनकि जुन जग बसालिसकिएको छ, जो ख्रीष्ट येशू हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन" (१ कोरिन्थी ३:११)। परमेश्वरको प्रशंसा होस्।

यी सम्भाव्यताहरू तपाईंको लागि पनि खुल्ला छ। यस हप्ता तपाईंसित कुन प्रतिज्ञा गरिएको देश कुन हुनेछ?

•••••••••••••••••

# एक खलनायक अन्तर्गत एक नायक

*****

*यसैले एलिया आहाबकहाँ आफै उपस्थित हुनलाई गए। त्यस बेला सामरियामा घोर अनिकाल परेको थियो, र आहाबले आफ्नो राजमहलका जिम्मेवाल ओबदियालाई बोलाइपठाए। (ओबदिया परमप्रभुका एक भक्त विश्वासी थिए। जब ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई हत्या गरिरहेकि थिइन्, अब ओबदियाले एक सय जनालाई लिएर तिनीहरूलाई अन्नपानी दिएर पचास-पचास गरी दुई ओडारमा लुकाइराखेका थिए।)*

*१ राजा १८:२-४*

आहाबभन्दा बढी उपासनाहीन, खलनायक राजाको कल्पना तपाईं गर्नपनि सक्नुहुन्न (१ राजा १६:३३)। ओबदियाले यस दुष्ट राजाको अधीनमा महलको प्रशासकको रूपमा काम गरे। उक्त पदमा "ओबदिया प्रभुमा विश्वास गर्ने भक्त थिए" भनी उल्लेख गरिएको छ र वास्तवमा भन्ने हो भने ओबदियाले आफ्नो विश्वास प्रदर्शन गरेको हामी देख्छौं। तर दुष्ट आहाबसित शक्ति थियो। ओबदिया उनको सेवक थिए। के ओबदियाले राजामाथि ईश्वरीय पार्न सक्नु भन्ने विश्वास गरेका थिए?

मारिने डरको बावजुद ओबदियाले आहाब र अगमवक्ता एलियाबीच भेटघाट गर्ने प्रबन्ध मिलाए। यस सभाको फलस्वरूप बालका अगमवक्ताहरू र एलियाका परमेश्वरको बीच प्रतिस्पर्धा सुरु भयो। फलस्वरूप, परमेश्वरले आगोद्वारा आफ्नो शक्ति देखाउनुभयो र बालका ४५० दुष्ट अगमवक्ताहरूको विनाश गर्नुभयो। म खुशी छु किनकि ओबदियाले परमेश्वरको इच्छाअनुसार काम गर्न छाडेनन्, निराश भएनन् र ईश्वरीय प्रभाव पार्ने निर्णय देखि पछि हटेनन्।

यो संयुक्त राज्य अमेरिकामा संकटमय समय थियो: भियतनाम युद्धको विरोध गर्न वासिङ्टन डिसीमा १,००,००० मानिसहरूले पैदल यात्रा गरेका थिए र राष्ट्रपति निक्सनले कांग्रेसको संयुक्त अधिवेशनलाई सम्बोधन गर्नुपर्ने थियो। त्यस समयमा, म डि.सी.को स्थानीय मण्डलीमा एक हप्ताको निम्ति प्रचार गर्दै थिएँ। अमेरिकी सिनेटको बहसको मुख्य अभिलेखकर्ता त्यही स्थानीय मण्डलीको सदस्य भए र उनले मलाई संयुक्त अधिवेशनमा सीट दिए। राष्ट्रपतिले भनेका कुरा मलाई याद छैन। तर पछि मुख्य अभिलेखकर्ताले भनेको कुरा मैले कहिल्यै बिर्सेको छैनँ: "मैले सिनेटको लुगा कोठामा यस्तो दुष्टता देखेको छु। कहिलेकाहीँ मलाई लाग्छ कि म आफ्नो जन्मभूमि वायिमिङ फर्केको भए हुनेथियो। तर त्यसपछि मलाई लाग्छ, *यदि ईश्वरीय जनताले देश छोडे भने हाम्रो सरकारलाई के हुन्छ?"*

चाहे दुष्ट राजाको अधीनमा होस् वा सिनेटको दुष्टताको बीचमा, ईश्वरीय मानिसहरूले अझै पनि आफ्नो प्रभाव पार्नेछन्। आज तपाईंले आफैलाई कहाँ पाउनुहुन्छ? ईश्वरीय प्रभाव पार्ने मौका नगुमाउनुहोस्! खलनायकहरूको बीचमा पनि तपाईं नायक बन्न सक्नुहुन्छ।

• • • • • • • • • • • • • • • • •

# नोवेम्बर ८ दिन - ३१२

## त्यहाँ अरू केही छ?

*****

*यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।*
*रोमी १२:१*

वर्षौंको दौडान मैले ती मानिसहरूलाई भेटें जसले आफूलाई परमेश्वरसमक्ष समर्पण गरेका छन् र आत्माको पवित्रताको पूर्णता प्राप्त गरेका छन्। यस्तो छ क्याथीको कथा:

मैले धेरै वर्षसम्म आफूसँगै रहनुहुने परमेश्वरलाई बेवास्ता गरें – प्रार्थना गरिनँ, बाइबल पढिनँ, मण्डली गइनँ। म त जिन्दगीदेखि चिप्लिएँ।

जुलाई २००० मा मेरो श्रीमान् ग्यारीलाई केही महिना मात्र बाँच्ने क्यानसरको रोग लागेको थियो र फरवरी २००१ सम्म उनी गइसकेका थिए। मेरो चिप्लने दिन समाप्त भयो। अहिले परमेश्वर मेरो ध्यान हुनुभएको थियो- परमेश्वर र दु:ख। म जहाँ-जहाँ जान्छु, जे-जे गर्छु त्यहाँ परमेश्वर मसँग हुनुहुन्छ साथै मेरा दु:खहरू पनि।

मलाई मेरा सण्डे स्कूलका शिक्षक, डा. चिक शेभरले बाइबल अध्ययक सानो समूहमा आमन्त्रण गरे। मैले यूहन्नाको पुस्तक अध्ययन गर्न सुरु गरें र मेरो आत्मिक यात्रामा तुरुन्तै एउटा ठूलो अवरोध खडा भयो। यो सामग्रीसँग मैले गर्नु केही छैन- यो त शिक्षकसँग थियो। मैले मेरो बुवाबाट पाएको दुर्व्यवहारको कारण मेरो जीवनमा कुनै पुरुष्, चाहे मेरो श्रीमान् नै किन होइन, मैले कसैलाई ममाथि अधिकार जमाउन दिने कुरामा बढी नै सतर्क थिएँ। डा. शेभर एक आधिकारिक व्यक्ति बन्न थालेका थिए, किनकि उनले मेरो उपस्थिति, तयारी र सहभागीताको आपेक्ष गरे। म आत्मिक संकटको बिन्दुमा पुगिसकेको थिएँ किनकि मैले बुझें कि परमेश्वरले पनि मबाट धेरै आशा गर्नुहुन्छ, र उहाँ अधिकारिक व्यक्ति हुनुहुन्छ! मैले केही दिनु पर्थ्यो।

म डा. शेभरसित अर्को अध्ययन गर्न गएँ। त्यो अध्ययन अझ गहन र जटिल थियो जसलाई 'लिभिङ इन द पावर आफ द स्पिरिट' भनिन्छ। यो सबै कुरा पवित्र आत्मासित गहिरो सम्बन्ध कायम राख्ने विषयमा थियो जसलाई पवित्रीकरण भनिन्छ। धेरै हप्ताको गहन अध्ययन, प्रार्थना र सामूहिक छलफलको अवधी मैले सिकें कि परमेश्वरले मेरो लागि सबैभन्दा उत्तम अथवा उहाँको सबैभन्दा उत्तम चाहनुहुन्थ्यो, यो मेरो जीवनका सबै क्षेत्रहरूमा स्वेच्छाले शक्ति त्यागेर उहाँलाई हस्तान्तरण गरेर प्राप्त गर्नुपर्दछ। बिस्तारैम म स्वर्गमा बस्नुहुने बुबाले मलाई कहिल्यै हानि गर्नुहुन्न भनेर बुझ्ने ठाउँमा आइपुगें र ममाथि भएको उहाँको अधिकारमाथि भरोसा गर्न सकें। वास्तवमा, यो मैले चाहेको कुरा थियो! बाँकी सबै विवरण थियो। मैले बेदीमा सोधेको कुरा अझ मलाई थाहा छ, "तपाईंले अझ अरू केही मैले दिएको चाहनुहुन्छ?" परमेश्वरको मौनता र गहिरो शान्तिले मलाई अरू केही छैन भन्ने आश्वासन नदिएसम्म मैले यो प्रश्न सोधिरहें।

मैले एक पटक, आत्मिक संकट-बिन्दुको निर्णयको रूपमा सम्पूर्ण पवित्रीरकण अनुभव गरें र परमेश्वरले चाहनुभएअनुसार जीवन बिताउने निर्णयको रूपमा यो अनुभव निरन्तर गरिरहें। यसको बारेमा महान कुरा के हो भने, हामीसँग भएको घनिष्ठ, प्रेमिलो संगति, यो मैले जिउँन चाहेको तरिका पनि हो!

परमेश्वरले मलाई कहाँ लैजानुहुन्छ र उहाँले मलाई माया गर्नुहुन्छ र मलाई सेवा गर्न डोऱ्याउनुहुन्छ भनेर मैले कहिल्यै कल्पनासमेत गर्न सकिनँ। उहाँमा मेरो जीवन यात्राको क्रममा ईश्वरीय भेटघाटहरू भएको साहसिक कार्य हो। उहाँको हुन पाएकोमा म साह्रै आशिषित् छु!

.................

# उहाँबाहेक, अरू कोही छैन, भाग १

*****

*परमप्रभु नै परमेश्वर हुनुहुन्छ र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्।*
*व्यवस्था ४:३५*

परमेश्वरले मेरो हृदयलाई पवित्र-शास्त्रमा भएका केही पदहरूले ढाक्नुभयो। बाइबलका रिपोर्टहरूको यो श्रृङ्खला अन्वेषण गर्न मलाई साथ दिनुहोस्। जब तपाईले पढ्नुहुन्छ, परमेश्वरले मेरो हृदयलाई जसरी आकार दिनुभएको छ त्यसरी नै तपाईलाई नै आकार दिऊन्।

जसरी मोशाले सीनै पर्वतमा दस आज्ञा पाइरहेका थिए- दस आज्ञामा यो पनि समावेश छ- "मबाहेक अरू कुनै देवी-देवताहरू नमान्नू" र "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू" (प्रस्थान २०:३-४)। त्यही पहाडको फेदमा इस्राएलले सुनको बाछो बनाएर पूजा गरिरहेको थियो।

परमेश्वर बोल्नुभयो अनि मोशाले प्रतिउत्तर दिए:

"परमप्रभुले मोशालाई भन्नुभयो, "मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तँबाट नै म एउटा ठूलो जाति बनाउनेछु।"

तर मोशाले परमप्रभु आफ्ना परमेश्वरलाई आग्रहपूर्वक भने, "हे परमप्रभु, तपाईंले आफ्नो ठूलो सामर्थ्य र शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएका आफ्ना मानिसहरूमाथि तपाईंको क्रोध किन यति साह्रै जलेको छ? मिश्रीहरूले किन यसो भन्ने मौका पाऊन्? 'कुभलो चिताएर पर्वतहरूमा तिमीहरुलाई मार्न, र तिनीहरूलाई पृथ्वीबाट नाश गर्न उहाँले तिनीहरूलाई ल्याउनुभयो'। तपाईं आफ्नो भयङ्कर क्रोधलाई शान्त गर्नुहोस्, र आफ्ना मानिसहरूलाई हानी गर्नदेखि आफ्नो मन बदल्नुहोस्। आफ्ना दासहरू अब्राहाम, इसहाक र याकूबलाई सम्झनुहोस्, जुनहरूसित तपाईंले आफ्नै नाउँमा शपथ खाएर यसो भन्नुभएको थियो, 'म तिमीहरूका सन्तानलाई आकाशका ताराहरूजस्तै बढाउनेछु। मैले प्रतिज्ञा गरेको यो सारा देश तिमीहरूका सन्तानलाई दिनेछु, र तिनीहरू सधैँसम्म त्यसको अधिकारी हुनेछन्।" तब आफ्ना मानिसहरूलाई हानि गर्नदेखि परमप्रभुले आफ्ना मन बदल्नुभयो। (प्रस्थान ३२:९-१४)

अन्तमा, परमेश्वरले मोशालाई प्रतिज्ञाको देशमा जाँ भन्नुभयो:

परमेश्वरले मोशासित यसरी आमने सामने कुरा गर्नुहुन्थ्यो, जसरी कोही आफ्ना मित्रसित कुरा गर्दछ। तब मोशा फर्केर छाउनीमा आउथे, तर नूनका छोरा यहोशू, त्यस पालबाट निस्कँदैनथ्यो।

अनि मोशाले परमप्रभुलाई भने, "तपाईंले मलाई यी मानिसहरूलाई लिएर जा' भन्नुहुन्छ तर मसित को-को पठाउनुहुन्छ तपाईंले मलाई थाहा दिनुभएको छैन। तपाईले भन्नुभएको छ, 'म त तँलाई तेरो नाउँले नै चिन्छु: र तँमाथि मेरो निगाह भएको छ'। यदि तपाईंको निगाह ममाथि भएको छ भने, अब मलाई तपाईंको मार्ग देखाउनुहोस्, र म तपाईंको दृष्टिको निगाह पाइरहन सकूँ। यो जाति तपाईंकै हो भनी सम्झनुहोस्।"

अनि परमप्रभुले भन्नुभयो, "मेरो उपस्थीति तँसँग जानेछ। र म तँलाई विश्राम दिनेछु।"

तब मोशाले भने, "यदि तपाईंको उपस्थीति हामीसित गएन भने भने हामीलाई यहाँदेखि उता नलानुहोस्।" (प्रस्थान ३३:११-१५)

यस कहानीको निम्न तत्त्वहरूले म प्रभावित भएँ:

- मोशाले मिश्रमा भएको परमेश्वरको आदर र प्रतिष्ठाको लागि अपिल गरे (३२:१२)।
- मोशाले इस्राएलका आत्मिक पिता-पुर्खाहरूलाई परमेश्वरका प्रतिज्ञामा अपिल गरे (३२:१३)।
- मोशाको प्रार्थनाको जवाफमा परमेश्वरले आफ्नो मन बदल्नुभयो (३२:१४)।
- मोशा आफ्ना मानिसहरूको लागि यति बोझले दबिएका थिए कि तिनी परमेश्वरको पुस्तकबाट नाउँनिशाने मेटिने जोखिम उठाउन इच्छुक थिए (३२:३२)।
- परमेश्वरको उपस्थिति मोशासित प्रतिज्ञा गरिएको देशमा जानेवाला थियो (३३:१४)।

•••••••••••••••••

# उहाँबाहेक अरू कोही छैन, भाग २

*****

*परमप्रभु नै परमेश्वर हुनुहुन्छ र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्।*

*व्यवस्था ४:३५*

मोशाले इस्राएलीहरूको लागि चट्टानबाट पानी निकाल्छन् तर सही तरिकाले होइन:

"यो लाहुरो लिएर तँ र तेरो दाजु हारून गएर समुदायलाई जम्मा गर। तिनीहरूका आँखा कै सामुन्ने यस चट्टानलाई हुकुम गर, र चट्टानबाट पानी निस्कनेछ, र तैले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछस्। यसरी तैले समुदाय र तिनका गाइबस्तुहरूलाई पानी दिनेछस्।"

तब परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा लहुरो लिएर उहाँको सामुन्नेबाट गए, अनि मोशा र हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, "सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔं?" अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लाहुरोले चट्टान हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए।

तर परमप्रभुलले मोशा र हारूनलाई भन्नुभयो, "मलाई इस्राएलीहरूका सामु पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि विश्वास नगरेका हुनाले मैले तिमीहरूलाई दिने देशमा तिमीहरूले यस समुदायलाई पुऱ्याउन पाउनेछैनौं" (गन्ती २०:८-१२)

चालीस वर्षपछि इस्राएल यर्दन नदीमा प्रतिज्ञा गरिएको देशसम्म पुग्नै लागेको थियो। मोशा र परमप्रभुले व्यक्तिगत कुराकानी गर्नुभयो:

अनि त्यस बेला मैले परमप्रभुलाई यसरी बिन्ती चढाएँ: "हे परमप्रभु परमेश्वर, तपाईंले आफ्नो दासलाई आफ्नो महानता र आफ्नो पराक्रम देखाउन लाग्नुभएको छ, किनभने स्वर्ग र पृथ्वीमा कुन ईश्वर छ, जसले तपाईंका जस्तै काम र प्रतापी कार्य गर्नसक्छ? मलाई पारि जान दिनुहोस्, र यर्दन पारिको त्यो असल भूमि, त्यो सुन्दर पहाडी देश र लेबनान म देख्न पाऊँ।"

तर तिमीहरूले गर्दा परमप्रभु मसित रिसाउनुभएको थियो, र उहाँले मेरो कुरा सुन्नुभएन। परमप्रभुले मलाई भन्नुभयो, 'भयो अब यस विषयमा मसँग अरू कुरा नगर्! पिसगाको टाकुरामा उक्ली, अनि उत्तर, दक्षिण, पूर्व, पश्चिम चारैतिर हेर्! आफ्ना आँखाले त्यो देश हेर्, किनकि तैंले यर्दन पार गर्न पाउनेछैनस्। तर यहोशूलाई आज्ञा दे, र त्यसलाई प्रोत्साहन दिएर साहसिलो बना, किनकि त्यसले नै यो मानिसहरूलाई पारि लैजानेछ र तैंले देख्न लागेको त्यो देश तिनीहरूलाई अधिकार गर्न लाउनेछ।" (व्यवस्था ३:२३-२८)।

मोशाले आफ्ना मानिसहरूलाई अपिल गरे:

यस्तो घटना अघि कहिल्यै घटेको वा सुनिएको थियो? पृथ्वीमा परमेश्वरले मान्छे सृष्टि गर्नुभएको आदिकालको विषयमा सोध-खोज गर। आकाशको वल्लो छेउदेखि पल्लो छेउसम्म पनि यही कुराको निधो गर। के कुनै अरू जातिले तिमीहरूले झैं आगोबाट बोल्नुहुने परमेश्वरको वाणी सुनेको छ र जीवित रहेको छ? परमप्रभुले मिश्रमा तिमीहरूका आँखाका अगि जाँच गरेर उदेकका चिन्हहरू र आश्चर्यकर्महरू देखाई युद्ध लडेर, आफ्नै बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर, भयानक आतङ्कद्वारा अर्को जातिबाट आफ्नो निम्ति एक जाति निर्माण गर्नुभएझैं अर्को कुन ईश्वरले यस्तै गर्न प्रयत्न गर्नुभएको छ?

परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्। तिमीहरूलाई अनुशासनमा राख्न उहाँले आकाशदेखि आफ्नो सोर सुनाउनुभयो, र पृथ्वीमा आफ्नो ठूलो अग्नि तिमीहरूलाई देखाउनुभयो। तिमीहरूले अग्निबाट उहाँका शब्दहरू सुन्यौ। उहाँले तिमीहरूका पितापुर्खालाई प्रेम गर्नुभएकोले र तिनीहरूपछि तिनीहरूका वंशलाई चुन्नुभएकोले, उहाँले आफ्नो उपस्थीतिद्वारा र आफ्नो महाशक्तिद्वारा तिमीहरूलाई मिश्रदेखि निकाल्नुभयो।

तिमीहरू आफूभन्दा महान् र शक्तिशाली जातिहरूको देशमा प्रवेश गरी अधिकार गर भने आज उहाँले उनीहरूलाई धपाइदिनुभएको छ।

परमप्रभु नै माथि स्वर्गमा र तल पृथ्वीमाथि परमेश्वर हुनुहुन्छ र उहाँ छोडी अरू कोही छैन भनेर तिमीहरूले आज थाहा गर र हृदयमा राख। आज मैले तिमीहरूलाई दिन लागेका उहाँका विधि र आज्ञाहरू पालन गर, र तिमीहरू र तिमीहरूका पछिका वंशका

भलो होस्, र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका आयु लामो होस्।" (व्यवस्था ४:३२-४०)

म यस कथाको निम्न विवरणबाट प्रभावित छु:

- इस्राएलसँगको आफ्नो रीसमा, मोशाले परमेश्वरको निर्देशनलाई पालन गरेनन्, परमेश्वरको पवित्रताको उल्लङ्घन गरे र प्रतिज्ञा गरिएको देशमा इस्राएललाई अगुवाइ गर्ने सुअवसर गुमाए (गन्ती २०:११-१२)।
- परमेश्वरले मोशालाई प्रतिज्ञा गरिएको देश हेर्ने अनुमति दिनुभयो तर यहोशूलाई मानिसहरूको अगुवाइ गरेर त्यहाँ ल्याउने आज्ञा दिनुभयो (व्यवस्था ३:२५-२८)।
- मोशाले परमेश्वरको महानताको वर्णन गरे र इस्राएललाई आज्ञाकारिताको निम्ति बोलाए (व्यवस्था ४:३५,४०)।

परमप्रभु परमेश्वर हुनुहुन्छ, उहाँबाहेक अरू कोही छैन!

•••••••••••••••••

# "डी-मास्टर्स" पाप के हो?
# What "De-Masters" Sin?

*****

*किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।*
*रोमी ६:१४*

म किशोर अवस्थामा छँदा आफ्नो पुरानो मालिक पापको सेवा गरिरहेको बेला अनुग्रह मकहाँ आइपुग्यो। त्यो मालिकले मलाई एक्लै छोड्यो र आफूले माया गर्ने मानिसहरूले मलाई बारम्बार त्याग्नेछन् कि भनेर डराए। मैले यो डरलाई भारी बोझको रूपमा बोकें र येशूले मलाई आफ्नो मायालु परिवारमार्फत बोलाउनुभएको सुनेपछि म यसलाई तल झार्ने ठाउँको खोजीमा थिएँ: "हे सबै थकित र बोझले दबिएका हो, म कहाँ आओ, र म तिनीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)।

यो मेरो लागि राम्रो समाचार थियो किनभने यसले मलाई आशा प्रदान गरेको थियो। मनमा डरले गर्दा म घुँडा टेकेर पापले थलिएको मेरो प्राण परमेश्वरलाई अर्पण गरें। मैले बिस्तारै ढोका खोलें र क्रूसमा हुनुभएको ख्रीष्टलाई निम्त्याएँ। त्यस बेला ठूलो आदान-प्रदान भयो, मेरो बोझ हट्यो र ख्रीष्ट मेरो हृदयमा घर हुनुहुन्थ्यो।

पाप अब मेरो मालिक थिएन किनभने एकदिन मैले येशूलाई छानें र हरेक दिन उहाँले मलाई छनौट गर्ने शक्ति दिनुहुन्छ। मेरो पुरानो मालिकको स्वर म सुन्दिनँ किनभने येशूले अप्रिय मानिसहरूलाई प्रेम गर्नुहुन्छ। अक्षम्यहरूलाई उहाँले क्षमा दिनुहुन्छ। हराएकाहरूलाई उहाँले भेट्टाउनुहुन्छ र हामी परमेश्वरको काखमा लुकाइएका छौं।

न्यान्सी शेभर[104]

..................

[104]. यस अघि *कम ये अपार्ट* जुलाई-अगस्त-सेप्टेम्बर १९६४ (कन्सास सिटी, एमओ: नाजरेन पब्लिसिंग हाउस), ८९ मा प्रकाशित। अनुमतिद्वारा प्रयोग गरिएको छ। (यो प्रकाशन *रिफ्लेक्टिङ गाड)* भयो।

# नोवेम्बर १२ दिन - ३१६

# स्वतन्त्र हुनुहोस्

*****

*तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ।*

*रोमी ६:१८*

प्याट्रिक नास्तिक भएर हुर्के र बाइबल भित्र नै मतभेद छ भन्ने विश्वास गर्थे। एउटा चुनौतिपूर्ण भेटपछि तिनले पुरानी करार पढ्न थाले र सन् २००३ मा त्यो करार पढि सिध्याए। त्यही वर्ष तिनले बिहे गरे। सन् २००८ मा तिनले नयाँ करार पढ्न थाले। अक्टोबर २००९ मा प्याट्रिकले नरकको बारेमा एउटा वेबसाइट हेरेका थिए। अनन्तता कहिल्यै हुँदैन भनेर थाह पाउँदा तिनी विचलित भए।

अक्टोबर २८, २००९ मा तिनले आफ्नो अश्लिल स्वभावबाट  छुटकारा पाए, प्रार्थना गर्न सुरु गरे, अनि बौद्धिकरुपले येशूमा विश्वास गर्न थाले। नोवेम्बरमा १ मा, प्याट्रिक र तिनकी पत्नी पहिलो चोटि मण्डलीमा उपस्थित भए। तिनले पास्टरसँग भेट गर्न थाले।

नोवेम्बर २८मा, आफ्नो छोरा एरिक अस्पतालमा हुँदा प्याट्रिकले प्रेरितको पुस्तक पढेर शाऊलको (पवाल) दर्शनको लागि प्रार्थना गरे। प्याट्रिक निदाए र उज्यालो प्रकाशमा ब्यूँझिए- तिनले आफ्नो अगाडि येशू उभिनुभएको देखेर छक्क परे। प्याट्रिकले भने, "धन्यवाद प्रभु।"

येशूले भन्नुभयो, "म चेला हुने चेलाभित्र हुनेछु"।

आफ्नो पहिलो कदम बप्तिस्मा लिनु हो भनेर प्याट्रिकले बुझे। बप्तिस्मापछि, तिनले आफ्नो पत्नीको लागि गहिरो प्रेम अनुभव गर्न थाले। एरिक, तिनको छोरोले भने, "तपाईं राम्रो हुन लाग्नुभएको छ।" अब प्याट्रिकले बाइबल स्कूल जाने योजना बनाइरहेका छन्।

एउटा शिविर सभामा, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु" भन्ने उपदेश सुनेपछि, प्याट्रिक वेदीमा गएर उभित्र भएको स्व-केन्द्रित विचारलाई देखेर साह्रै दुखित भए। केही रातपछि प्याट्रिकले प्रार्थना गरे र गहिरो आश्वासन पाए अनि आफू स्वतन्त्र भएको अनुभव गरे।[105]

.................

[105]. यस अघि पद *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २०१० सेप्टेम्बर) मा प्रकाशित्।

# "सिद्ध हुनुहोस्"- सि.एस. लुइस

*****

*प्रेममा डर हुँदैन। तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।*

*१ यूहन्ना ४:१८*

सी.एस. लुइसको *मेयरे क्रिस्टियानिटी*बाट एउटा अंश तल दिइएका छन्:

*(ख्रीष्टले) कहिल्यै अस्पष्ट, आदर्शवादी बकवास गर्नुभएन। जब उहाँले भन्नुभयो "सिद्ध होऊ" यसको मतलब उहाँले खुलस्त पार्नुभयो। उहाँको अर्थअनुसार हामीले पूर्ण प्रशोधनको लागि जानुपर्छ। यसो गर्न गाह्रो छ तर हामीले गर्ने जस्ति सम्झौता गर्न गाह्रो छ तर वास्तवमा यो असम्भव छ। अण्डालाई चरामा परिणत गर्न गाह्रो हुनसक्छ; अण्डा हुँदा नै उड्न सिक्न खोज्नु गाह्रो हुनेथियो। अहिले हामी अण्डाजस्तै छौं। अनि तपाई सधैँ साधारण अण्डामात्र बन्न सक्नुहुन्न। हामी बाहिर निस्कनै पर्छ वा खराब भएर जानुपर्छ।*

*के मैले पहिला भनेको कुरामा फर्कन सक्छु? यो सम्पूर्ण इसाईत्व हो। अरू केही पनि होइन... मण्डली अरू कुनै कामको लागि अस्तित्वमा छैन तर केवल मानिसहरूलाई ख्रीष्टमा ल्याउन र तिनीहरूलाई सा-साना ख्रीष्ट बनाउनलाई मात्र छ। यदि तिनीहरूले त्यसो गरिरहेका छैनन् भने, सबै गिर्जाघर, पास्टर, मिसन, सेवा र बाइबलसमेत समयको बर्बादी मात्र हुन्। परमेश्वर र अन्य कुनै उद्देश्यको लागि मानिसको रूपमा आउनुभएको होइन।*[106]

•••••••••••••••••

[106]. सि. एस. लुइस, *केवल मसीहीधर्म* (न्यु योर्क: म्याकमिलन, १९५२), १६९–७०।

# नोवेम्बर १४ दिन - 318

# सेवकाईको लागि फाइदा

*****

*भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।*
*गलाती* ६:९

"मैले तपाईंलाई केवल धन्यवाद भन्नुछ, डा. शेभर।"

पूर्वी ओहायोको शिविरको सभामा क्रिष्टिनले मलाई यसरी अभिवादन गर्दा म छक्क परें भन्ने मलाई थाहा छ। त्यसपछि तिनले मलाई आफ्नो कथा सुनाइन्।

क्रिस्टिन दस वर्षकी हुँदा तिनकी आमाले तिनलाई न्युयोर्कको प्लेट्सबर्गस्थित मण्डलीमा जागृतिको सभामा लगेकी थिइन्। तिनी प्रार्थना गर्नलाई अगाडि गइन् र परमेश्वरले तिनको कलिलो हृदयलाई पूर्णतया पवित्र पार्नुभयो। त्यसपछि, तिनले आफ्नी आमालाई जागृतिका सबै सेवाहरूमा लैजान बिन्ती गरिन्। हरेक रात तिनी पहिलो पंक्तिमा बसेर परमेश्वरले गर्नुभएका सबै कुराहरू ग्रहण गर्न नजिकबाट हेर्थिन्।

अहिले क्रिस्टिनको विवाह नीलसित भएको छ र उहाँलाई सेवकाईमा बोलाइएको छ। तिनीहरू न्युयोर्कको नायाग्रा फल्सतिर जाँदैछन् र त्यहाँ तिनीहरूले आफ्नो पहिलो पास्टरीय सेवकाई सुरु गर्नेछन्। दस वर्षकी क्रिस्टिनले परमेश्वरको अनुग्रह अनुभव गरिन् र अहिले तिनी र तिनका पतिले पनि पास्टरको काम गरिरहेका छन्। कस्तो प्रतिफल!

पूर्वी ओहायो शिविरको सभामा त्यस रातको सेवापछि अर्को पास्टरकी पत्नी क्रिस्टिले मलाई ठूलो मुस्कानसहित यसो हेर्दै यसो भनिन्, "कन्सास सिटीमा तपाईंहरूको व्यक्तिगत् प्रचार कक्षामा म पवित्र भएँ।"

"के यसले तपाईंको जीवनमा केही फरक पार्‍यो?" मैले सोधें।

"हो, ज्यु" तिनले जवाफ दिइन्। "म कति स्वार्थी थिएँ भनेर कहिल्यै थाहा पाएको थिइनँ।"

अर्को प्रतिफल!

पुरस्कार पाउँदा लरा फिट्सिमोन्सले मलाई बधाईका शब्दहरू लेखेर पठाइन्। सन् १९९३ मा म र अरू थुप्रैले सुसमाचार सुनाएपछि तिनी र तिनका पतिले ख्रीष्टलाई स्वीकारेका थिए सो समयबारे तिनले आफ्नो कार्डमा उल्लेख गरिन्। तिनले यस्तो लेखिन्: "हराएर गएका सबै आत्माहरूको लागि तपाईंको हृदयले गर्दा परिवर्तन भएका ती सबै जीवनहरूको बारेमा केवल विचार गर्नुहोस्। मेरो परिवारले तपाईंलाई भेट्टाएकोमा म परमेश्वरलाई प्रशंसा दिन्छु। यो कुरा म कन्सास, अगस्तामा भइरहेको तेस्रो र चौथो श्रेणीको शिविरबाट लेख्दैछु। म तीन सौ जनाको लागि खाना पकाइरहेको छु। के तपाईंले कहिल्यै सोच्नुभएको थियो कि म यस्तो केही गर्छु? झण्डै पन्द्रह वर्ष अघि तपाईंलाई भेटेर अहिले यहाँसम्म आइपुगेको छु। परमेश्वरलाई प्रशंसा होस्। प्रिय मित्र, मलाई प्रेम गर्नुभएको लागि धन्यवाद।"

अर्को प्रतिफल! तपाईंको जीवनमा आउने प्रतिफलको बारे कल्पना गर्नुहोस्।[107]

.................

[107]. यस अघि द *गुड निउस: द चिक शेभर सेन्टर फर इभान्जलिजम* (सेप्टेम्बर २००८) मा प्रकाशित्।

# यूहन्ना र पाप

*****

*हे साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एकजना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट।*
*१ यूहन्ना २:१*

साँचो इसाईहरूले (ख्रीष्टका अनुयायीहरू) पाप गरिरहेका छन् भन्ने धारणमा यूहन्नाको ठूलो समस्या थियो, १ यूहन्ना ३ मा उहाँक केही मुख्य भनाइहरूलाई हेरौं:

- "पाप नै व्यवस्था भङ्ग हो।" (३:४)
- "पाप हरण गर्नलाई नै उहाँ (ख्रीष्ट) प्रकट हुनुभएको हो" (३:५)
- "उहाँमा रहिरहने कसैले पाप गरिरहँदैन" (३:६)।
- "जसले पाप गर्छ त्यो दियाबलसको हो। ...दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो" (३:८)।
- "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनभने उहाँको स्वभाव त्यसमा रहन्छ" (३:९)।

केही आधारभूत परिभाषाले हामीले सहायता गर्नेछ:

- पाप (पापी स्वभाव)- हृदयको पापपूर्ण अवस्था जसबाट पापी कार्यहरू मौलाउँछन्। यसलाई स्वार्थ वा स्व-केन्द्रित अवस्था भन्न सक्छौं।
- पाप गर्नु- जानी-जानी परमेश्वरको ज्ञात आज्ञालाई तोड्नु
- अचानक गरिने पाप- एक अशुरक्षित ठाउँमा परमेश्वरको आज्ञा तोड्नु, जानी- जानी उद्देश्यसहित होइन।
- गल्ती: परमेश्वरको इच्छा विरुद्ध अन्जानमा गरिएको वा अज्ञानताले गरिएको कार्य।

यी सबैलाई ख्रीष्टको शुद्ध पार्ने रगत चाहिन्छ। तथापि, गल्ती गर्दा पाप जत्ति गह्रौं हुँदैन। तर सबै पापहरूको लागि क्षमाको आवश्यक पर्छ। अर्कोतर्फ, स्व-केन्द्रित हुने कुरालाई क्षमा दिन सकिन्न- यसलाई शुद्ध पार्नु आवश्यक छ।

यूहन्नाका केही समकालिनहरूले आफू पापरहित भएको दाबी गरेका थिए (१:८)। यूहन्नाले प्रचार गरे, "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" (१:७)। याद गर्नुहोस्, यो विषय माफी होइन तर शुद्धिरकरण वा चोख्याउनु हो।

यसको अर्थ इसाईले पाप गर्न सक्दैन भन्ने होइन। इसाईले पाप गर्नु पर्दैन भन्ने दाबी गर्नु हो। यस्तो अवस्थामा, व्यक्तिले पाप गर्न शारीरिकरूपमा सम्भव छ; बरू, यो नैतिक तवरमा मानिसको चरित्रभन्दा बाहिरको कुरा हो। इमानदार मानिसले झुट बोल्दैन, त्यसैले इसाईले पाप गर्न सक्दैन। पाप गरिरहनु येशू ख्रीष्टको अनुयायी हुनुसित मेल खाँदैन।

तपाईंलाई अचम्म लाग्नसक्छ, "इसाई भइसकेपछि मैले पाप गरें भने के हुन्छ?" आजको पाठमा यूहन्नाले आफ्नो लेखाइको सम्पूर्ण उद्देश्य भन्छन् "तिमीहरू पाप नगर"। तथापि, उनी अझ भन्छन्: "तर *यदि* कसैले पाप गर्‍यो भने, पिताका साथमा हाम्रो पक्षमा बोलिदिने हुनुहुन्छ- अर्थात येशू ख्रीष्ट।" याद गर्नुहोस्, यूहन्नाले "यदि" भन्छन्, "जब" होइन। *यदि* पाप हुन्छ भने, हामीले तुरुन्तै येशू ख्रीष्टमार्फत परमेश्वरसामु क्षमा, शुद्धिकरण र जागृतिको लागि स्वीरकार गर्नुपर्छ।

जब कर्ट र जेन ख्रीष्टमा आए, यसको अर्थ तिनीहरूले आफ्ना विगतका पापहरू स्वीकार गर्नु र इन्कार गर्नु थियो। यसको

अर्थ येशूलाई तिनीहरूको पाप क्षमा गर्ने (मुक्तिदाता) र तिनीहरूको जीवनको अगुवा (प्रभु) प्राप्त गर्नु थियो। यसको अर्थ तुरुन्तै जीवनशैलीमा परिवर्तन गर्नुपर्‍यो, जसमा रक्सी र सुर्ती दुवैको प्रयोगबाट छुटकारा पनि समावेश थियो।

यसको अर्थ तिनीहरूको टुक्रिएको विवाह पनि पुनर्स्थापित गर्नु थियो। तिनीहरूले अरू इसाईहरुको विवाहलाई हेरेर यसो भने: "यसले हाम्रो लागि काम गर्नसक्छ।" केही समय नबित्दै कर्ट र जेनले आफ्ना छोराछोरीलाई ईश्वरीय प्रभावमा हुर्काउन थाले।

तिनीहरू विश्वासी भई मण्डलीको सेवकाईमा भाग लिन थालेपछि परमेश्वरले तिनीहरूलाई आर्थिक स्रोतबाट आशिष् दिन थाल्नुभएकोले गर्दा तिनीहरूले दशांश दिनु (आफ्नो आयको दस प्रतिसत) उचित हो भनेर बुझे।

अन्तत: कर्ट र जेनले अरूलाई ख्रीष्टमा ल्याउन थाले। तिनीहरूले स्व-केन्द्रित रहनदेखि अझ गहिरो पवित्रीकरण हुनुपर्छ भन्ने कुरा बुझे र अन्तमा तिनीहरूले परमेश्वरको पवित्रताको अनुभव गरे। तिनीहरूले गलाती २:२०मा पावलको दाबीलाई यसरी पहिचान गरे: "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु।"

जेनले यसो भने: "हामी विजयी हुनसक्छौं भन्ने विश्वास थियो।"

के तपाईंले पनि यस्तै इसाई जीवन चाहनुहुन्न र?

•••••••••••••••••

**नोवेम्बर १६** **दिन - ३२०**

# फेरि जिउँदो पानीका खोलाहरू

*****

*"यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, पवित्र-शास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'। तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए।*

*यूहन्ना ७:३७-३९*

तिनले आफ्ना पास्टरलाई सोधिन्, "के यसले साँच्चै जिउँदो पानीका खोलाहरू भन्छन्?"

"हो," उनले भने, "हो खोलाहरू भनिन्छ।"

"खोलाहरू" शब्दले प्रचुर मात्रामा आपूर्तिलाई बुझाउँछ। अनि थुप्रै इसाईहरूले साँच्चै "खोलाहरू" अनुभव गरिरहेका छन्। यो जीवन पवित्र आत्माले दिएको हो।

यो लेखनकाल (२०२०) मा अधिकांश विद्यालय, व्यवसायी र मण्डली भवन बन्द छन्। थुप्रै मानिस कामबाट बाहिर छन्। हजारौंको ज्यान गयो।

आज, मैले एउटी इसाई महिलाबाट यस्तो टिप्पणी पाएँ: "परमेश्वर आफ्ना जनहरूकहाँ पुग्न र नयाँ व्यक्तिहरूलाई आफूतिर खिँच्न निश्चय पनि उत्प्रेरित र नयाँ तरिकाहरू सृजना गर्दै हुनुहुन्छ। जीवित रहनु र उहाँका हातका कामहरूको साक्षी दिने कस्तो रमाइलो समय हुन्छ।" म खोला बग्दै गरेको महसुस गर्छु।

वी. रेमण्ड एडम्यान मिसनेरी, पास्टर र विटन कलेजका अध्यक्ष थिए। हड्सन टेलर र अरूहरूको जीवनबाट प्रभावित भएर उनले टेलरको "साटेको जीवन" भन्ने धारणाको बारेमा लेखे: "यो पुरानो जीवनको लागि नयाँ जीवन हो। यो खुब थाकेकोमा रमाहट र निन्दित ताडनाको निम्ति प्रज्वलित हुनु हो। आँसु बगेको बेलामा पनि त्यो विजयी हुनु हो, स्पर्शको सट्टा हृदयको कोमलता हो। यो अहंकारको सट्टा नम्रता हो, कुनै प्रिय जनको आगमनको कारण हुने जीवनको प्रेमलाई हो।"[108]

एड्मण्डले दे *फाउण्ड दि सिक्रेटमा* अझ गहन इसाई जीवन पत्तो लगाएका बीस जना इसाईहरूको बारे लेखे: "तिनीहरूले गरेका अनुभव पनि त्यस्तै- त्यस्तै छ। जब तिनीहरूले मुक्तिदातामाथि विश्वास गरे, तैपनि तिनीहरू बोझले दबिएका र व्यग्र, अविश्वासी र फल फलाउन नसक्ने थिए। ...तब तिनीहरूले पूर्ण हृदयले मुक्तिदातालाई समर्पण गरे। तिनीहरूले परमेश्वरको आत्माको गहिरो भागमा येशूसित भेट गरे। र तिनीहरूले पवित्र आत्मालाई जीवन र विश्रामको स्रोतको रूपमा पाए।"[109]

टेलरले त्यो पत्र पढ्दा तिनको हृदय छोयो। तिनले भने, "पढ्दै जाँदा सबै कुरा देखें। मैले येशूलाई हेरें; जब  मैले यो देखें, ओहो, कति खुशी लाग्यो।"[110]

यो अनुभवपछि टेलरलाई अवलोकन गर्ने एक जना व्यक्तिले यसो भने, "उनी अहिले एकदमै रमाइलो व्यक्ति, उज्ज्वल अनि खुशी इसाई भएका थिए। पहिले उनी अति नै परिश्रमी र बोझले दबिएका र वास्तवमा नै विश्राम नपाएका मानिस थिए। अब अहिले ख्रीष्टमा विश्राम लिइरहेका छन्, अनि उहाँलाई काम गर्न दिए जसले उनको जीवनमा ठूलो फरक पार्छ।[111]

हो, हडसन टेलरले पिए, अनि तिनको जीवनबाट जिउँदो पानीका खोलाहरू बगिनिस्क्यो।

• • • • • • • • • • • • • • • •

[108]. वि. रेमण्ड इदमान, *तिनीहरूले रहस्य भेट्टाए* (ग्रान्ड र्यापिड्स: जोन्डरभान, १९६०), ७.

[109]. E *तिनीहरूले रहस्य भेट्टाए*, 9.

[110]. E *तिनीहरूले रहस्य भेट्टाए*, 19.

[111]. E *तिनीहरूले रहस्य भेट्टाए*, 17.

# ममाथिको विश्वासद्वारा पवित्र भएका

*****

*म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, किनकि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।*

*प्रेरित २६:१७-१८*

सन् १९९७ मा प्रथम विश्वयुद्धको दौडान बेलायती सेनाहरूले मिश्री मरूभूमिमा पाल टाँगे। तिनीहरू डराए। तिनीहरूको चारैतिर युद्ध चर्कियो र तिनीहरूका मित्रहरू मारिँदैथिए।

त्यति नै बेला ती पास्टर फौजको बीचमा सरे। तिनले सल्लाह दिए, प्रोत्साहन दिए, प्रार्थना गरे, प्रचार गरे, सिकाए र अन्त्येष्टि क्रिया गरे। तिनी प्रसिद्ध थिएनन्, तर तिनलाई चिन्ने सबैलाई थाहा थियो कि तिनी परमेश्वरका एक व्यक्ति हुन्। तिनी एक विश्वासयोग्य मानिस थिए।

एकदिन ती पास्टर बिरामी परे र पेट तिनले पेट दुखेको अनुभव गरे। तर तिनले उपचारमा ढिलाइ गरे किनभने तिनले पहिला सेना आउनुपर्छ भन्ने महसुस गरे। डाक्टरकहाँ जाँदा निक्कै ढिलो भइसकेको थियो – एपेन्डिसाइटिसले तिनको ज्यान लियो। तिनको उमेर त्रीचालिस वर्ष मात्र पुगेको थियो।

तिनकी पत्नी पनि विश्वासयोग्य थिइन्। तिनले प्रचार गर्दा र सिकाउँदा तिनले भनेका कुरा सबै लेखेकी थिइन् तर १९२७ मा उनले आफ्नो पहिलो पुस्तक प्रकाशित गरिन्। ओसवाल्ड च्याम्बर्सद्वारा *"माई अटमोस्ट फर हिस हाइयेस्ट"* आज पनि छापिएको छ र यसलाई विश्व कै सबैभन्दा प्रसिद्ध आराधनाको पुस्तक मानिन्छ। अहिले, तिनको मृत्युको सय वर्षभन्दा पनि ज्यादा समयपछि पनि ओसवाल्ड च्याम्बर्स आफ्नो विश्वासद्वारा अझै बोलिरहेका छन् (हिब्रू ११:४)।

प्रेरित पावलले झैं ओसवाल्ड च्याम्बर्सलाई पनि मानिसहरूको आँखा खोल्न, अन्धकारबाट ज्योतितिर, शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्काउन पठाइएको थियो, "यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पाउनेछन्" (प्रेरित २६:१८)। यसबाहेक, तिनी पापको क्षमामा मात्र रोकिनुभएन, तर अझ आफ्ना स्रोताहरूलाई गहिराइमा लगेर गए। आफ्नो पुस्तकमा तिनले २१ पल्ट पवित्रीकरणको बारेमा लेखेका छन्। तिनले सत्य सम्बन्धित अन्य थुप्रै कुराहरू पनि उल्लेख गर्छन्। पापमोचनको क्षमाबारे छलफल गरिसकेपछि च्याम्बर्सले यस्तो घोषणा गरे, "त्यसपछि अनुग्रहको दोस्रो शक्तिशाली काम हुन्छ- 'तिनीहरूका बीचमा पवित्र पारिएको उत्तराधिकार'।" च्याम्बर्सले तिनको समय र हाम्रो समयका मानिसहरूलाई चुनौति दिएका छन्।[112]

जब हामी पवित्र हुन प्रार्थना गर्छौं, के हामी यी पदहरूको स्तर अनुरुप चल्न तयार छौं?... यसले हामीलाई पृथ्वीमा भएका सबै कुरालाई एकदमै साँघुरो बनाउन साथै परमेश्वरप्रतिको हाम्रो सम्पूर्ण चासोलाई अझ विस्तार गर्न ठूलो मोल चुकाउनुपर्नेछ। पवित्रतकरण हुनु भनेको परमेश्वरको दृष्टिकोणको गहिरो ध्यान दिनु हो। ...पवित्रीकरणको अर्थ येशूसित एक हुनु हो ताकि उहाँको शाषण गर्ने स्वभावले हामीलाई शाषण गरोस्। ...के हामी भन्न तयार छौं – प्रभु, मलाई जति पवित्र बनाउनुहुन्छ, पापीलाई अनुग्रहद्वारा उद्धार दिन सक्नुहुन्छ?[113]

अर्को ठाउँमा, च्याम्बर्स लेख्छन्, "परमेश्वरले मेरो निम्ति के गरिदिनुहुन्छ भन्ने मेरो विचार होइन। पवित्रीकरण परमेश्वरले हाम्रो निम्ति गर्न चाहनु भएको उहाँको योजना हो, अनि उहाँले मेरो आत्मा र मनमा यो हालिदिनुहुन्छ जहाँ उहाँलाई म मेरो जीवनमा मलाई पवित्र गर्न दिन कुनै पनि मुल्यमा दिनेछु।"[114]

म इच्छुक छु! के तपाईं पनि हुनुहुन्छ?

•••••••••••••••••

[112]. ओसवाल्ड चेम्बर्स, *उहाँको सर्वोच्चताको लागि मेरो सबैभन्दा उत्तम* (Uhrichsville, OH: Barbour प्रकाशन, 1963), जनवरी 10।

[113]. चेम्बर्स, *मेरो सबैभन्दा उत्तम*, फागुन ८।

[114]. चेम्बर्स, *मेरो सबैभन्दा उत्तम*, असोज १४ गते।

# नोवेम्बर १८ दिन - ३२२

# कति धेरै

*****

*तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ।*

*लूका ११:१३*

येशू ख्रीष्टलाई भेटेको नौ महिनापपछि, संयुक्त राज्य अमेरिकाको सिनेटका भूतपूर्व पास्टर रिचर्ड हल्सभर्सनले ओसवाल्ड च्याम्बर्सद्वारा लिखित् *माई अटमोस्ट फर हिस हाइयेस्ट* पढ्न सुरु गरे। त्यसपछि, हल्भर्सनले आफ्नो बाँकी जीवनभरि लगातार यो उपासना पुस्तक पढे। यसबारे तिनले यसो भने, "बाइबलबाहेक अरू कुनै पनि पुस्तकले ख्रीष्टसितको मेरो गहिरो र परिपक्व जीवनमा प्रभाव पारेको थिएन।"115

ओसवाल्ड च्याम्बर्सले ख्रीष्टलाई बाल्यकालदेखि नै स्वीकारेका थिए। वयस्क छँदा डुनून कलेजमा पढाउँदै गर्दा, च्याम्बर्सले एफ.बी. मेयरले पवित्र आत्माबारे कुरा गरेको सुने। त्यसपछि तिनी आफ्नो कोठामा गए र पवित्र आत्माको बप्तिस्माको निम्ति प्रार्थना गरे तर कुनै उत्तर आएको देखिएन। तिनले चार वर्षसम्म संघर्ष गरे।

त्यसपछि लूका ११:१३मा तिनी अडिए। एकदिन, सार्वजनिक सभामा, च्याम्बर्स खडा भए र लूका ११:१३लाई उद्धृत गर्दै पवित्र आत्माको वरदानको दाबी गर। तिनले कुनै विशेष दर्शन पाएका थिएनन् तर सभामा बोलेको केही दिनपछि चालीस जना मानिसहरू अघि बढे। जब तिनको मित्रले तिनलाई याद दिलाए कि तिनले पवित्र आत्माको वरदान र येशूले भन्नुभएको वचन "तिमीहरूले शक्ति पाउनेछौ" भन्ने वचन दावी गरेका थिए, अचानक आत्माबाट हृदयभित्र केही घटना घट्यो। तिनी परिवर्तन भए। तिनले गवाही दिए, "प्रेम नै सुरु हो, प्रेम नै मध्यभाग हो, र प्रेम नै अन्त्य पनि हो। प्रेम आएपछि तिमीहरूले केवल "येशू मात्रै हुनुहुन्छ, येशूलाई सधैँ देख्नेछौ।" आत्माको यस कार्यको असर च्याम्बर्सका *माई अटमोस्ट फर हिस हाइयेस्ट"मा* शब्दहरूमार्फत बगेको छ: "येशूले भन्नुभयो, "जब उहाँ अर्थात सत्यको आत्मा आउनुहुन्छ...उहाँले मलाई महिमा दिनुहुनेछ।' जब म नयाँ करारमा भएको परमेश्वरको प्रकाशमा आफूलाई अर्पण गर्छु, म परमेश्वरबाट पवित्र आत्माको वरदान पाउँछु जसले येशूले गर्नुभयो भएको कामको मलाई व्याख्या गर्न सुरु गर्दछ। अनि येशूले मेरो लागि जे-जे गर्नुभयो, ती सबै मभित्र व्यक्तिगतरूपमा गर्नुहुन्छ।"116

अर्को आराधनामा, च्याम्बर्स भन्छन्, "पवित्र आत्माले हाम्रो परिस्थीतिमा लागू गरेझैं येशू ख्रीष्टका आज्ञाहरूको आधारमा हामी बिस्तारै हाम्रो हिडाइँ र कुराकानीमा हामी पस्नेछौ। डाँडाको उपदेश कुनै नियम र व्यवस्था होइन तर यो जीवनको भनाइ हो, जब हामी पवित्र आत्मा हामीभित्र आउनुभएपछि हामी जिउनेछौं।"[117]

पुस्तकको अन्य भागमा ओसवाल्ड फेरि जोड दिन्छन्, "तपाईंले जबसम्म त्यो काम गर्ने इच्छा राख्नुहुन्न तबसम्म तपाईं अगाडि बड्न सक्नुहुन्न। पवित्र आत्माले तपाईंमा भएको एउटा अपवित्र कुरा पत्ता लगाउनुहुनेछ, तर तपाईंले अनुमति नदिएसम्म उहाँले त्यसलाई हटाउन सक्नुहुन्न।"118

तिनी पवित्र आत्माप्रति कति सम्बेदनशील थिए। मिश्रको कायरोस्थित सैनिक चिहानमा भएको एउटा साधारण हेडस्टोन च्याम्बर्सको चिहान हो। तिनको शिरढुङ्गामा निम्न कुराहरू कुँदिएका छन्: "तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ।"[119]

•••••••••••••••••

115. रिचार्ड हल्भर्सन, "परिचय", ओसवाल्ड च्याम्बर्स, *उहाँको सर्वोच्चताको लागि मेरो सबैभन्दा उत्तम* (Uhrichsville, OH: Barbour प्रकाशन, 1963).

116. चेम्बर्स, *मेरो सबैभन्दा उत्तम*, नोभेम्बर २९।

117. Chambers, *My Utmost*, July 25.

118. चेम्बर्स, कात्तिक ८ गते।

119. एडमन, दे *फाउण्ड द सेक्रेट,* ४९।

# गिलास भरिएको छ

*****

*दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।*

*एफिसी ५:१८*

कल्पना गर्नुहोस्, मेरो हातमा पानीको गिलास लिएर म तपाईंको अगाडिको ढोकामा आएर पानी माग्छु। तपाईं मलाई राम्ररी चिन्नुहुन्छ, त्यसैले भन्नुहुन्छ, "अवश्य, भित्र आउनुहोस्।"

तपाईं मलाई आफ्नो किचनमा पानीको नल भएको ठाउँमा लानुहुन्छ, अनि म पानीको नल खोल्छु। गिलासमा पानी भरिन्छ- आधा, आधाभन्दा अलिक धेर, अन्तमा पुरै भरिन्छ। म फेरि नल बन्द गरिदिन्छु। तर केही कारणले गर्दा म एकदमै उत्साहित हुन्छु। त्यहाँ टेबलमा गिलास राखेपछि, म कराएर भन्छु, 'गिलास भरिएको छ! गिलास भरिएको छ।"

यो घटना मेरो लागि एकदमै रोमाञ्चक भएकोले तपाईंको परिवारको एकजना सदस्यले बैठक कोठामा टिभी हेरिरहेको भेट्टाउँछु र भन्छु, "गिलास भरिएको छ!"यो खबरलाई सिमित राख्नु ठीक लाग्दैन। त्यसैले म तपाईंको छिमेकीकहाँ जान्छु। एक हप्तासम्म जस-जसलाई भेट्छु, सबैलाई भन्छु "गिलास भरिएको छ!"

अन्तमा, म तपाईंको घर, तपाईंको किचनको टेबलमा, मेरो गिलासमा फर्केर आउँछु अनि अझ यसो भन्दै, "गिलास भरिएको छ!" तर म स्तब्ध हुन्छु जब म देख्छु कि अहिले गिलास भरिएको छैन। विगतमा गिलास भरिँदा रमाउँदै एक हप्ता बिताए तापनि वाष्पीकरणको सुस्त प्रक्रियाले पानीको सतहलाई कम गर्‍यो। गिलास अब भरिएको छैन!

यो पहिलेको दृश्य दोहोर्‍याएर हेरौं। म तपाईंको किचनमा नल भएको ठाउँमा फर्केर आए, पहिलो गिलास भरेजस्तै म अर्को गिलास भर्छु – आधा, दुई-तिहाई भरिएको। अन्तमा पूरै भरिएको अवस्था। तर त्यसपछि मैले पानीको नललाई बन्द गर्नुको साटो त्यसलाई निरन्तर बग्न दिएँ। अहिले गिलास भरिएर पोखिएको छ। वाष्पीकरणले पानीको कुनै-कुनै भाग जति हटाए तापनि बग्ने नल अर्थात पानीको स्रोत वाष्पीकरणभन्दा सधैँ ठूलो हुन्छ। म रमाउँछु। गिलास भरिएर पोखिएको छ।

यी गिलासहरू दुई प्रकारका इसाईहरू जस्तै हुन्। कोही-कोही परमेश्वरकहाँ आउँछन् र पवित्र आत्माले भरिएका हुन्छन् तर आफूले पूरा गरेको समयलाई मात्र जोड दिन्छन् जस्तो देखिन्छ। यसैबीच, तिनीहरू वास्पीकरण भएका हुन्छन्।

अर्को इसाईचाहिँ परमेश्वरकहाँ आउँछन्, आत्माले भरिएका हुन्छन् र ईश्वरीय स्रोतसंशाधन खोजिरहन्छन्। यी विश्वासीहरू भरिएका मात्र होइन पोखिएका पनि हुन्छन्। अर्को शब्दमा भन्ने हो भने, एकपल्ट पवित्र आत्माले भरिएपछि:

- खुल्ला रहनुहोस्, स्रोतबाट प्राप्त गरिरहनुहोस्।
- प्रार्थना गरिरहनुहोस्, आज्ञा पालन गरिररहनुहोस् र वचन पढिरहनुहोस्।
- १ थेसलिनिकी ५:१९ले भन्छ, "आत्मालाई ननिभाओ।"
- एफिसी ४:३०ले भन्छ: "अनि परमेश्वरका पवित्र आत्मालाई दुखित नतुल्याओ।"
- गलाती ५:२५ले भन्छ, "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं।"
- कसैले एकपल्ट यसो भने, "जहाँ महिमा निस्कन्छ त्यसको मुनि राख्नुहोस्

एफिसी ५:१८मा पावलका शब्दहरू हुन्, "तर पवित्र आत्माले भरिपूर्ण होओ।" के तपाईं भरिनुभएको छ? के तपाईं वाफ बन्नुभएको छ? के तपाईं निरन्तर भरिनुभएको छ? के तपाईं पोखिँदै हुनुहुन्छ? यदि तपाईं पवित्र आत्माले भरिरहनुभएको छ भने, यदि तपाईं निरन्तर आत्मामा जिउँनुहुन्छ भने, अनि यदि तपाईं पोखिरहनुभएको छ भने, तपाईं आफ्नो लागि र अरूहरूको लागि प्रशस्त हुनुहुन्छ। यो ती महिलाजस्तै हुनेछ जो आफ्नो पास्टरकहाँ गइन् र भनिन्, "मेरो कचौरा भरिएर पोखिएको छ! मेरो कचौरा भरिएर पोखिएकि छ! म के गरूँ?

उनले भने, "जाओ र अरूमाथि छर्किदिनुहोस्!"

पूरा भरिएको -अनि पोखिएको छ!

••••••••••••••••

# पोखिनु

*****

*दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ। एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै सधैँसबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ। ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस।*

*एफिसी ५:१८-२१*

यदि तपाईंको जमिनमा ताल वा पोखरी छ र पानी भरिनसक्छ तर बाहिर निस्कने ठाउँ छैन भने पानी जमिन्छ र अस्वस्थकार हुनेछ भनेर तपाईंलाई थाहा छ। त्यसै गरी आत्मिक जीवनमा पनि एकपल्ट पवित्र आत्माले भरिसकेपछि आत्मिकरूपमा पोखिने माध्यम हुनुपर्छ। एफिसीको खण्डअनुसार, एक पल्ट इसाई पवित्र आत्माले भरिपूर्ण भएपछि पोखिनलाई त्यहाँ तीनवटा स्वभाविक माध्यमहरू छन्: प्रशंसा, धन्यवाद र अधिनता।

केही वर्षअघि म आफ्नो जीवनको कठिन परिस्थीतिको सामना गर्दै थिएँ। मैले मेरो तनावको अवस्थालाई राम्ररी प्रतिक्रिया जनाउन सकेको थिइनँ। मैले आफ्नो भारी कामको बोझबारे अरूसित गुनासो गरें। म अक्सर आफ्नो त्याग र कम तलबको शिकायत गर्थें। मैले आफै अरूभन्दा उच्च पारें किनभने कार्यालयले मेरो कामको ठूलो मोललाई सराहना गर्दैनथ्यो। अन्तमा, म ब्यूँझें। मैले बुझें, गुनासो गर्नुको साटो मैले प्रशंसा गर्नुपर्छ; शिकायत गर्नुको साटो मैले धन्यवाद दिनुपर्छ; आफैलाई उचाल्नुको साटो म अधिनस्त हुनुपर्छ। साँच्चै भन्ने हो भने, मैले प्रशंसा गर्न, धन्यवाद दिन र समर्पित हुन सुरु गर्ने बित्तिकै मेरो आत्मामा पोखिने माध्यमहरू खोलियो।

पावलले एफिसी ५:२१मा अधिनस्त हुने बारे यसरी उल्लेख गरेका छन्:

- पत्नी हो, आ-आफ्ना पतिको अधीनमा बस (५:२२)
- पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो (५:२५)।
- छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन (अघीन) गर (६:१)।

वाह, त्यहाँ धैरै समर्पणता छ। हामी कसरी यति धैरै मागहरू सम्हाल्न सक्छौं? अमेरिकी संस्कृतिमा मानिसहरूले त्यस्ता मागहरू राम्ररी सम्हाल्दैनन्। जागिरबाट छुटेपछि हाकिमको दबावमा परेका एकजना मानिस घरभित्र पसेर आफ्नी पत्नीलाई यसो भन्दै कराउन सक्छ, "मलाई बियर देऊ!"

पावलले अझ उत्तम प्रतिक्रिया दिन्छन्। "दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो। तर पवित्र आत्माले भरिपूर्ण होओ" (५:१८)। 'भरिपूर्ण होओ' भन्नाले वर्तमानलाई बुझाउँछ अर्थात आत्माले *भरिपूर्ण रहनुहोस्*। यस अनिवार्यताको प्रमाण के हो भने, नयाँ करारका इसाईहरूले अक्सर गाह्रो परिस्थीतिमा आत्माको ताजा भरपूरीलाई प्राप्त गर्थे। (प्रेरित ४:३१)।

ई. स्टान्ली जोन्स मेथोडिस्ट मण्डलीका आत्मिक ठूलो मानिस थिए। तिनी जवान छँदा ख्रीष्टमा परिवर्तन भए। पछि जब पवित्र आत्माले भरिपूर्ण भए तिनले आफूलाई मिसनेरी सेवाको लागि अर्पण गरे। तिनको पहिलो कार्यभार भारतमा थियो। त्यहाँ तिनलाई पाँच सौ सेवकसहितको मिसन स्टेसनको जिम्मा लगाइएको थियो। दस वर्ष सेवापछि मात्र तिनले अवकाश पाउनेवाला थिए। केही समयपछि जोन्सको नर्भस ब्रेकडाउन भयो। तिनले बिदा लिने, पहाडहरूमा समय बिताउने र बाल्टीमोरमा घर फर्कने प्रयास गरे। यी सबै गरिसकेपछि पनि तिनी निको भएनन्। तर कर्तब्यबोधले गर्दा तिनी आफ्नो मिसनेरी कार्यमा फर्के। लखनऊमा तमिल डेविडको नेतृत्वमा भरहेको जागृति सेवामा तिनी उपस्थित भए। मण्डलीको सबैभन्दा पछाडि जोन्सले जब घुडा टेके, परमेश्वरले तिनलाई सोध्नुभयो, *"मैले तिमीलाई जुन कामको लागि बोलाएको छु त्यसको लागि के तिमी तयार छौ?"*

जोन्सले उत्तर दिए, अँह, म तयार छैन प्रभु। मैले जे गर्नुथियो गरिसकें। मेरा सबै स्रोतसाधन सिद्धिसकेको छ र म अब यहाँदेखि उता जान सक्दिनँ।"

परमेश्वरले जवाफ दिनुभयो, *"यदि तिमीले यो समस्या मलाई सुम्पन्छौ र यसबारे चिन्ता गर्दैनौ भने म यसको हेरचाह गर्नेछु।"*

तिनले भने, "हे प्रभु, यसबारे कुरा गर्न वा बहस गर्न म यहाँ बन्द गर्दैछु।"

अचानक जोन्समा उर्जाम शान्ति, शक्ति र पर्याप्तताको आभास भयो। ती व्यक्ति जो एकपल्ट पवित्र आत्माले भरिएका थिए पुन: पवित्र आत्माको ताजापनले भरिए। त्यसपछि तिनी लगातार भरिए र तिनको सेवकाईमा तिनी सम्पन्नतामा प्रवेश गरे। 120

मित्र, पवित्र आत्माले भरिपूर्ण हुनुहोस्। अनि लगातार भरिइरहनुहोस्। प्रशंसा, धन्यवाद र समर्पणतामा पोखिनुहोस्।

• • • • • • • • • • • • • • • • •

[120]. इ. स्ट्यानले जोन्स, *असेन्सको गीत* (नाशभिल: अबिङ्गडन प्रेस, १९६८), ८९–९०।

# अल्जाइमरको बिरामीमा प्रेम

*****

*प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ।*

*१ यूहन्ना ४:७*

*पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो। र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो। यस हेतूले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्।*

*एफिसी ५:२५-२६*

यो लेख लेख्दा मेरी पत्नी न्यान्सीलाई अल्जाइमर भएको झण्डै एक दशक भइसक्यो। अहिलेसम्म तिनको छोटो स्मरण एकदमै छोटो भइसकेको छ र हामी नियमित तवरमा हाम्रो स्थानीय अल्जाइमर संघका सभाहरूमा उपस्थित हुन्छौं। यो रोग लागेका बिरामीहरूमा ठूलो भिन्नता छ; तसर्थ, म सबै बिरामी र तिनीहरूका हेरचाह गर्नेहरूको लागि यो कुरा साँचो हुन्छ भनेर दाबी गर्दिनँ।

कुनै न कुनै तरिकामा प्रार्थनाद्वारा परमेश्वरको अनुग्रह र हाम्रो मसिही विश्वासद्वारा, न्यान्सी र मैले विशेष, मायालु र साझेदारको सम्बन्धको अनुभव गरेका छौं। अक्सर, बिहानको टेबलमा आउँदा तिनले अघिल्लो रात मलाई छोडेको एउटा नोट भेट्टाउँछु। मैले हालै भेट्टाएको एउटा कुरा यहाँ छ:

*मलाई माया र कोमलताका साथ हेरचाह गर्ने मेरो सुन्दर, उद्योगी मान्छे।*

*मलाई माया गरेको र हेरचाह गरेको महसुस गराउने थुप्रै तरिकाहरूका लागि तपाईंलाई धन्यवाद। अझ हाम्रो लामो यात्राको कामना गर्छु। स्वर्गमा हुनुहुने हाम्रो पिताको आशिष् र अगुवाइद्वारा हाम्रो फलदायी जीवनको लागि हरेक दिन परमेश्वरलाई धन्यवाद होस्। म तपाईंलाई हरेक दिन धेरै माया गर्छु।*

*तपाईंकी प्यारी, न्यान*

यसरी, जब न्यान्सीले आफ्नो फोन फेला पार्न सक्दिनँ भनेर भन्छिन् र मलाई थाहा छ, मैले उनलाई खोज्न मद्दत गर्नुपर्छ। हरेक निराशामा पनि म उसलाई प्रेम देखाइरहन्छु। अनि जसरी उनले मलाई प्रेम गर्छिन्, त्यसकारणले उनलाई प्रेम गर्नु र उनको लागि काम गरिदिनु गाह्रो हुँदैन।

के तपाईंको जीवनमा पनि यस्ता चुनौतिपूर्ण अवस्था छ जसलाई ताजा प्रेमले सहायता पुऱ्याएको हुनुपर्छ?

•••••••••••••••••

# केवल धन्यवाद भन्नुहोस्

*****

*सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। सबै परिस्थीतिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो।*
*१ थेसलोनिकी ५:१६-१८*

कसैले तिनलाई कस्तो व्यवहार गरिरहेको छ भनेर तिनी चिन्तित थिइन्। हामीले कुरा गर्दै जाँदा तिनले प्रार्थनाको जवाफमा यी व्यक्ति कसरी परिवर्तन भए भनी बताइन्। यो कुरा सम्झिरहँदा तिनको मुहार उज्यालो भयो र तिनी मुस्कुराइन्। हामीले सँगै मिलेर विगतको उत्तरको लागि परमेश्वरलाई धन्यवाद दियौं अनि नयाँ उत्तरहरूको लागि हामीले प्रार्थना गऱ्यौं।

याद गर्नुहोस्, पावलले हामीलाई सबै परिस्थीतिको *लागि* प्रार्थना गर्न र धन्यवाद दिन निर्देशन दिएका छन्। यहाँसम्म कि वर्तमान, कठिन परिस्थीतिमा समेत तपाईंले त्यसको बीचमा केही असल कुरा महसुस गर्नसक्नुहुन्छ। यसबाहेक, "हामी जान्दछौं कि उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८)। र, एक जना मानिसले भनेझैं "सबै" मा "शैतानले जे पठाउँछ त्यो पनि" समावेश छ। परमेश्वरलाई धन्यवाद दिँदा परमेश्वरलाई नै उचित महिमा ल्याउँछ। यसबाहेक, विगतको प्रार्थनाको जवाफको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो भने भविष्यमा हुने जवाफको लागि उहाँमा भरोसा गर्नसक्ने विश्वास बलियो हुन्छ।

अनि मानिसहरूलाई धन्यवाद दिनुहोस्। योग्यताको मनोवृत्तिद्वारा तयार गरिएको युगमा र "मेरो लागि यसमा के छ?" "धन्यवाद" भन्नु कत्तिको सही छ। धन्यवाद भन्नाले अर्को व्यक्ति महत्त्वपूर्ण छन्, मेरो जीवनमा योगदान पुऱ्याएको छन् र त्यसको मोल छ भनेर सञ्चार गर्दछ।

जब पावलले फिलिप्पीको मण्डलीलाई पत्र लेखे तब अन्य कुराहरूसित तिनले यो कुरा भने: "तापनि मेरो कष्टमा तिमीहरू सहभागी भयौ, सो असल गऱ्यौ।" "तिमीहरूले मलाई एक पटकभन्दा बढी नै मेरो निम्ति सहायता पठायौ।" र, "मैले पाउनुपर्नेभन्दा बढी नै पाएको छु। इपाफ्रोडिसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको" (फिलिप्पी ४:१४,१६,१८। यो पढ्दा फिलिप्पीका विश्वासीहरूले कस्तो महसुस गरे जस्तो तपाईंलाई लाग्छ?

अहिले, मेरो अगाडि एउटा धन्यवाद-पत्र छ। यसमा यस्तो लेखिएको छ: "तपाईंले यी सबै बाहिरी कुराहरू गर्नुभएको छ, तर भित्री कुराहरू पनि छन्। पति, बुबा, पास्टर र अगुवाको हैसियतमा तपाईंहरूले मलाई भरोसा गर्नुभएको छ। हाम्रो उद्धारकर्तासित मेरो आत्मिक यात्रामा तपाईंहरूले गहिरो प्रभाव पारिसक्नुभएको छ। धन्यवाद!"

यो पढ्दा मलाई कस्तो लाग्यो होला? तपाईंलाई कस्तो लाग्छ?

अब केही धन्यवाद-नोटहरू लेख्न मैले यसबाट विश्राम लिनैपर्छ। के तपाईंले पनि एउटा लेख्नु आवश्यक छ?

•••••••••••••••••

# परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ

*****

*किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ।*
*कलस्सी ३:३*

मैले ठूलो गल्ती गरें भनेर मलाई डर लागेको थियो। त्यस सेप्टेम्बरको रात (१ थेसलोनिकी ५:२३) परमेश्वरले मलाई पवित्र पार्नुभयो भन्ने कुरामा कुनै शंका थिएन। त्यस अनुभवको एउटा ठूलो वास्तविकता के थियो भने, ती पुरानो चिक शेभरको मृत्यु भएको थियो, मेरो पुरानो स्वभावको ठाउँमा मैले कहिल्यै नजानेको भित्री शुद्धता, शान्ति र प्रेम थियो – यति ठूलो कि मैले चार्ल्स वेस्लीको "परम प्रेमी सर्वश्रेष्ठ, ओर्ली आउनुहोस् जगतमा" भनेर चौबीस घण्टामा बीस पटक गाएँ। त्यस गीतको दोस्रो पदले विशेष गरी मसँग कुरा गरेको थियो:

*दयामाथि दया गरी,*
*बास गर्नुहोस् तुच्छ हामीमा।*
*येशू दयापूर्ण भई*
*निर्मल प्रेम अपार तपाईं*
*हरेक नम्र मनमा आई*
*लौ बचाउनुहोस् हामीलाई*121

महिनौंसम्म मैले आफ्नो आन्तरिक पापहरू निको पार्न र आत्मिक शक्तिको कमीको रूपमा पवित्र आत्माको पूर्णता खोजें। अनि अहिले एउटा जवाफ!

तर पछि मेरो गल्ती भयो। यो सानो गल्ती थियो। त्यस क्षणमा परमेश्वरले मलाई दिनुहुने भएकोले मैले सामना गर्ने हरेक चुनौतिपूर्ण परिस्थीतिमा म स्वचालित रूपमा विजयी हुनेछु भनेर गलत अनुमान लगाएँ। म कत्ति गलत थिएँ। हरेक पल ख्रीष्टमा भर पर्नुपर्ने र जीवनको हरेक परीक्षामा परमेश्वरमा भर पर्नुपर्ने कुरा मैले बुझें।

यो एउटा गतिशील, निरन्तर सम्बन्ध थियो! हो पक्कै आत्माले भरिएको जीवन तर पनि:

- "आत्माअनुसार चल्नुहोस्" (रोमी ८:४)
- "परमेश्वरका पवित्र आत्मालाई दु:खित नतुल्याओ" (एफिसी ४:३०)।
- "पवित्र आत्मा ननिभाओ" (१ थेसलोनिकी ५:१९)।
- "आत्माकै अनुसार हिँडौं" (गलाती ५:२५)।

अथवा, एभरेट लुइस क्याटेलले बुद्धिमानीपूर्वक भनेझैं, "अब दियाबलसले आत्मसमर्पण र पवित्र हृदय विरुद्ध प्रयोग गरेको प्रलोभनले मुख्य हतियार भनेको आफ्नो लुकेको स्थानबाट आफैलाई बाहिर निकाल्ने प्रयास गर्नु हो र कम्तीमा पनि कुनै खास तरिकामा यसलाई परमेश्वरबाट स्वतन्त्र भएर फेरि स्थापना गर्न लगाउनु हो।"122

•••••••••••••••••

[122]. एभरेट लुइस क्याटेल, *पवित्रताको आत्मा* (ग्रान्ड र्यापिड्स: इरडम्यान्स, १९६३)।

# विश्वासयोग्य ठहरियो

*****

*त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ।*
*१ कोरिन्थी ४:२*

तिनी पेशाद्वारा स्कूलकी शिक्षिका र परमेश्वरको बोलावटको कारण सण्डे स्कूलकी शिक्षिका थिइन्। तिनले कक्षालाई पट्टाइलाग्दो शिक्षा सिकाएको मैले कहिल्यै सुनेको थिइनँ। उनी आफ्ना कक्षाका सदस्यहरूको लागि प्रार्थना गर्थिन्, उनीहरूलाई बोलाउँथिन्, कहिलेकाहीँ सिकाउँदा सिकाउँदै रुन्थिन् र अक्सर रमाउँथिन्। तिनी पवित्र आत्माको भरपूरीमा आनन्दित भई पवित्र जीवन बिताइरहेकी थिइन्। हो, आत्माको फलमा प्रेम, आनन्द र शान्ति मात्र होइन तर विश्वासयोग्यता पनि समावेश छ (गलाती ५:२२)।

जब जिम र अनिता राज्यबाहिर बसाइँ सरे, तिनीहरू मण्डली बस्न सकेनन् र तिनीहरू आत्मिक तवरमा विस्तारै विस्तारै टाडिन थाले। सण्डे स्कूलकी शिक्षिका फर्नेले यसलाई स्वीकार गर्न सकिनन्। तिनी प्रार्थना, प्रेम, चासो र बारम्बार कुराकानी गरेर तिनीहरूको पछि लागिरहेकी थिइन्। यो काम तिनले तबसम्म गरिन् जबसम्म जिम र अनिता परमेश्वर र मण्डलीमा फर्केनन्।

आफ्नो सार्वजनिक स्कूलमा एउटी सानी केटीबारे चिन्तित हुँदा फर्नले त्यस केटीका आमा-बुबासँग कुरा गर्न घरमा फोन गर्ने निर्णय गरिन्। आमाबुबासित कुरा गर्दा तिनले त्यस घरमा चाहिने कुरा आत्मिकी जीवन हो भनेर बुझिन्। तिनले आफ्नो बीस वर्षे विद्रोही जीवन बारे बताइन् यो याद गर्दै कि तिनको जीवनशैाले काम गरेन, येशूलाई चिनेपछि मात्र तिनले आफ्नो लथालिङ्ग परेको जीवनका टुक्राहरू एकसाथ मिलेको देखिन्।

तिनको कथा सुनेपछि आमाबुबाले यसो भने, "फर्न लङ, हामीलाई चाहिएको कुरा तपाईंले भेट्टाउनुभयो। हामी यो आइतबार तपाईंको मण्डलीमा आउँदैछौं।"

लगत्तै फर्न समस्यामा परिन्। यो सप्ताहन्तमा उनी विदामा जानेवाला थिइन्। यदि तिनले तिनी त्यहाँ मण्डलीमा त्यस आइतबार हुनेछैन भनेर भनिन् भने त्यो भर्खरको परिवार मण्डली आउनेछैनन् भन्ने कुरा तिनलाई पक्का थाहा थियो। तिनलाई थाहा थियो कि कसैको जीवन, भविष्य र आत्मा खतरामा छ। त्यसर्थ फनले त्यस आइतबार मण्डलीमा नयाँ परिवारसित बस्नको लागि विदा स्थगित गर्ने निर्णय गरिन्। विश्वासयोग्यताको बारे कुरा गरौं!

यस जिल्लाका साठी वा त्योभन्दा बढी मण्डलीहरूको वार्षिक सम्मेलनमा फर्नलाई "उत्कृष्ट सण्डे स्कूल टिचर अफ द इयर"को रूपमा सम्मान गर्नु कुनै छक्कपर्दो कुरा थिएन। यो कुरा अधिकांश इसाईहरूले यस संसारबाट अर्को संसार पार गर्दा सुन्न चाहेको कुरासित मेल खान्छ जस्तो देखिन्छ: "स्याबास,असल र इमानदारी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्; अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्नो मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२१)।

पक्कै पनि तपाईं विश्वासयोग्य ठहरिन चाहनुहुन्छ।

.................

# स्वतन्त्रता र दासत्व

*****

*यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ।*

*यूहन्ना ८:३६*

स्मार्ट-एलेक विविधताबारे टिप्पणी गर्दा तिनको अनुहारमा व्यङ्ग्यात्मक हासो छरिन्छ: "तपाईंको भनाइको मतलब तपाईं त्यस्तो काम गर्नुहुन्न वा ती ठाउँहरूमा जानुहुन्न? के तपाईंको धर्मले स्वतन्त्रता दिँदैन र?" अनि उनले आफूलाई श्रेष्ठ ठान्छन् किनभने उनी तपाईं नजाने ठाउँहरूमा जान्छन्।

येशूको समयका केही यहूदीहरूमा पनि उच्चताको विचार थियो। तर न त पौराणिक यहूदीहरू न त आजका गलत आलोचकहरूले स्वतन्त्रताको अर्थ बुझ्न सक्छन्। इसाईहरू आफ्नो चाहनाअनुसार जीवन बिताउँछन् अनि पापीहरू तिनीहरूको मालिक, पापको दासत्वमा बाँच्छन्। पुत्रले मानिसहरूलाई स्वतन्त्र नगरेसम्म मानिसको स्वभाव पापको दासत्वमुनि हुन्छ।

मलाई विश्वास गर्नुहुन्न? प्रतिदिन स्टारलाई सोध्नुहोस्। स्टार एकान्त कारागारमा सडेका थिए, जहाँ उनीसँग खानको लागि रोटी, पानी र ओछ्यानका लागि ढुङ्गाहरू मात्र थियो। केवल पहरादार र वार्डनप्रतिको घृणाले मात्र तिनलाई जीवित राखेको थियो। त्यसपछि, एक रात आफ्नो निन्द्रामा स्टारले येशू ख्रीष्टको सामना गर्नुपर्‍यो, जससँग तिनले सधैँ अलग रहने प्रयास गरेका थिए। ख्रीष्ट स्टारको आत्माको गहिराइमा प्रवेश गर्नुभयो। उहाँको प्रेमले सम्पूर्ण पापकाई उखालेर निकाल्यो। तिनी उठ्दा वरपरका फुस्रो भित्ताहरू फरक देखिन्थे। तर स्टार भने अर्कै थिए। जीवनमा पहिलोपटक तिनीभित्र स्वतन्त्रता थियो।

•••••••••••••••••

# चित्त दुखेको

*****

*मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो।*
*हितोपदेश १९:११*

चित्त दुख्यो! मानिसहरू कति सजिलै चित्त दुखाउँछन्। कसै-कसैले त यसैको मौका हेरेर बसेको जस्तो देखिन्छ।

मेरो छोरो पावलको जीवनमा हालै घटेको एउटा घटना देखेर म छक्क परें। यहाँ पहिले केही पृष्ठभूमि छ।

पावललाई आफ्नो शरीरभरि थुप्रै क्यान्सर भएको छ र त्यसको समाधान गर्न थुप्रै शल्यक्रियाहरू भएका छन्। सबैभन्दा आक्रमक शल्यक्रिया तिनको घाँटीमा भएको क्यान्सर हटाउनु थियो र यसमा तिनको आवाज बक्स पनि हटाउनु पर्थ्यो। अब, कुरा गर्दा उसले सास फेर्ने घाँटीमा भएको प्वाललाई छोप्नुपर्छ र शब्दहरू उच्चारण गर्न उसले मुखबाट जबरजस्ती स्वास लिनुपर्छ। तिनले केही शब्द बोलिसकेपछि विश्राम लिनुपर्छ, प्वाल खुल्ला राख्नुपर्छ र स्वास लिनुपर्छ। फलस्वरूप, तिनको आवाज घोर्ले र सुकेको जस्तो सुनिन्छ। तिनले यसबारे कहिल्यै गुनासो गर्दैनन् तर आफ्नो स्वर गुणस्तर बढाउन उपचार पाइराखेका छन्।

भर्खरै, पावलले भलिबल खेलका प्रशिक्षकसित कुरा गर्न थाले। (उसले इलेक्ट्रोनिक सिटी बजाएर यसो गर्छ)। प्रशिक्षकले पावललाई सोधे, "तिमी के गर्दैछौं?"

पावलले कर्कश आवाजमा उत्तर दिए र प्रशिक्षकले यस्तो टिप्पणी गरे, "यस्तो लाग्छ तपाईंलाई नराम्रोसँग चिसो लागेको छ।"

पावलले भन्यो, "अँह, होइन।"

तर केही समयपछि प्रशिक्षक पावललाई खोकीको झोल औषधी दिन आउँछन्।

पावलले यो कथा सुनाएपछि मैले सोचें कतै प्रशिक्षकको गलत व्यवहारले पावलको चित्त त दुखेन। क्यान्सर हुनु नराम्रो थियो, अझ आफ्नो बोल्ने क्षमता नै गुमाउनुपर्ने अवस्था। अहिले केही थाहा नगरी उसको अवस्था नजान्ने व्यक्तिले उसलाई रुघाखोकीको औषधी दिन लागेका थिए, जो उसलाई भएकै थिएन!

तर पावलले चित्त दुखाएन किनभने वास्तवमा नै उ कृतज्ञ बनेको थियो। उसले हालैमा गरेको उपचारले गर्दा उसको मुखको क्यान्सरको कारण जो अवस्था थियो त्यो अब सुध्रेर घाँटी दुख्ने वा रुघाखोकीको स्तरसम्म पुगेको थियो। यो एउटा सुधार थियो! पावल आनन्दित र सकारात्मक थियो।

लामो समयदेखि पावलले परमेश्वरको आशिष पाएर जीवन बिताइरहेको छ। डाक्टरहरूले उसको आवाज निस्कने बक्स हटाउनुपर्ने कुरा बताउँदा परमेश्वरले उसलाई अत्यन्त शान्ति दिनुभयो। उसले जीवनलाई अरूले भन्दा बेग्लै दृष्टिकोणले हेरेको छ। उ यी वचनअनुसार जिउँछ: "प्रभुमा सधैँ आनन्द गर" (फिलिप्पी ४:४); "सधै आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। सबै परिस्थीतिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो" (१ थेसलोनिकी ५:१६-१८)। "चित्त दुखाइलाई ढाकछोप गर्नेले प्रेम बढाउँछ, तर कुरा दोहोऱ्याउने जोसुकैले पनि घनिष्ट मित्रहरूमा फाटो ल्याउँछ" (हितोपदेश १७:९)।

गत हप्ता तपाईंले के सामना गर्नुभयो, सो विचार गर्नुहोस्। अनि "चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो" भन्ने कुरा नबिर्सिनुहोस्।

•••••••••••••••••

# मभित्र भएको दुष्टता, भाग १

*****

*अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर मभित्र वास गर्ने पाप हो।*
*रोमी ७:२०*

जब म सानो थिएँ, मेरा आमाबुबाले मलाई हाम्रो घरको सबै कोठामा स्वतन्त्रपूर्वक पस्न दिनुहुन्न थियो। तर एउटा विशेष दिनमा उहाँहरूले मलाई बैठक कोठामा जाने अनुमति दिनुभयो, जहाँ धेरै फुट्ने समानहरू राखिएको थियो। म तुरुन्तै सिसाको गह्रौ एस्ट्रेमा आकर्षित भए (यी दिनहरू हामीले येशू प्रभुलाई विश्वास गर्नभन्दा अघिका दिनहरू थिए)।

मैले त्यो सिसाको एस्ट्रे उठाएँ र टाउकोमा राखें। यसो गर्दै गरेको मेरी आमाले देखिन् र कडासँग आज्ञा दिइन्, "यो एस्ट्रेलाई नफाल।"

तुरुन्तै मैले त्यसलाई कोठाबाहित फालें। अनि मैले त्यसको लागि मुल्य चुकाउनुपऱ्यो।

केले मलाई त्यसो गर्न लगायो? पावलले अघिबाट नै थाहा पाइसकेका थिए। रोमी ७:९ मा उनले यसरी लेखेका छन्, "व्यवस्थाबविना रहँदा एकपल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि *पाप जागिउठ्यो*, र मचाहिँ मरें।" परमेश्वर र उहाँको अनुग्रहदेखि बाहिर, यदि म आधा इमानदार छु भने म आफैमा कति दुष्टता देख्छु भन्ने कुरा देखेर म छक्क पर्छु। सैद्धान्तिक दुष्टता र अरूको खराब कार्यहरूबाहेक मैले आफूभित्रको दुष्टतासँग संघर्ष गर्नुपर्छ। अनि वास्तवमा, सैद्धान्तिक दुष्टता धेरै व्यक्तिगत हृदयको दुष्टताको संकलन र गुणनफल हो।

रोमी ७:१९-२०ले हामीलाई भन्छ: "किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु। अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर *मभित्र वास गर्ने पाप* हो।" मेरो जीवनकालका केही घटनाहरूलाई विचार गर्दा यो सत्यता पुष्टि हुन्छ।

म उच्च माध्यमिक विद्यालयमा छँदा तिनको फर्निचर पसलमा गर्मी याममा काम गर्न दिने कोही दयालु व्यक्ति थिए। तैपनि, अर्को वर्ष मैले आफ्नो पहिलेको हाकिम आर्थिक संकटमा परेको कुरा उक्त अखबारमा पढ्दा त्यो समाचार अरूलाई बताउन पाउँदा मलाई अनौठो लाग्यो। के यो समाचार फैलाउदै गर्दा म आफूभन्दा श्रेष्ठ छु भन्ने महसुस गरें। के यो मेरो मनको कुरा थियो? येशूले भन्नुभयो, "किनकि भित्रबाट, अर्थात मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मुर्खता निस्कन्छन्। यी सबैले दुष्ट कुराहरू भित्रबाट निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्छन्" (मर्कूस ७:२१-२३)।

जवान छँदा मैले केही उच्च स्तरहरू विकास गरेको महसुस गरें। मेरो लागि इमानदारिता नै प्रमुख काम थियो र अरूमा बेइमानीपन देख्दा म रिसले चिढिएँ। तैपनि, म एकातिर जाममा परेको बेला बाहिर निस्कन म झुट बोल्दै थिएँ। पावलले भनेको कुराको मैले कदर गरिनँ। "यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ" (रोमी २:१)।

मैले आफूभित्र धार्मिक हलचल मच्चाइरहेकी थिएँ। जब एकजना मानिसले मलाई परमेश्वरकहाँ जाने बाटो येशू ख्रीष्टमात्र हुनुहुन्छ भनेर बतायो, म छक्क परें। मैले सोचें, *म चाहेको जुनसुकै बाटोबाट पनि म परमेश्वरकहाँ जानेछु।* मैले प्रयास गरें – तर भएन। मेरो स्व-केन्द्रित स्वभावको कारण, येशूका यी शब्दहरू मैले अझै बुझ्न सकेको थिइनँ: "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक अरू कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)।

•••••••••••••••••

# मभित्र भएको दुष्टता, भाग २

*****

*अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर मभित्र वास गर्ने पाप हो।*

*रोमी ७:२०*

पत्याउनै नसकिने कुरा त के छ भने, दुई जना सेमिनारीका जवान विद्यार्थीहरूको हैसियतमा हामीलाई एउटा ठूलो मण्डलीमा सप्ताहन्तको जागृतिमा प्रचार गर्न र साक्षी दिन आमन्त्रित गरियो। अचम्मको कुरा भयो। थुप्रैले सार्वजनिक रूपमा परमेश्वरको खोजी गरे र पास्टरकी पत्नीले आत्मिक मद्दत पाएका छ जोडी दम्पत्तिबारे यसो भनिन्, "हरेक विवाह बचाइनेछ भनेर म भन्न चाहन्छु।"

घर फर्कदै गर्दा मैले आफैलाई भनें, "के मैले राम्ररी समर्पणताको लागि निमन्त्रणा दिइनँ!"

तुरुन्तै पवित्र आत्माले मेरो हृदयलाई भन्नुभयो, *"म मेरो महिमा अरूलाई दिनेछैनँ"* (यशैया ४२:८)। मलाई हप्काइयो र हृदयको गहिराइ हेर्न बाध्य भएँ।

केही दिनअघि मैले सुन्दर साठी वर्षभन्दा बढी उमेर पुगेकी मेरी पत्नीलाई कुनै विषयमा मेरो असन्तुष्टिबारे बताइरहेको थिएँ। उनले भनिन्, "तपाईले मलाई गाली गरिरहनुभएको छ।" उनका शब्दहरू आत्माको आवाज जत्तिकै शक्तिशाली देखिन्थ्यो। उनी सही थिइन्; म गलत थिएँ, मैले उसलाई क्षमा याचना गरें। मैले प्रभुको क्षम, शुद्धता, अनि आत्मामा नयाँ हिंडडुल गर्नलाई नविकरणको निम्ति प्रार्थना गरे।

ओसवाल्ड च्याम्बर्सले भने,

मानिसजातिको प्रारम्भमा, आदम आफ्नोबाहेक अरू सबै कुरामाथि मालिक हुनुपर्छ भन्ने धारणा थियो। उनीसित पृथ्वीमाथि र आकाश र समुद्रमा भएका जीवित प्राणीमाथि अधिकार थियो तर आफूमाथि अधिकार थिएन। परमेश्वरले उनीमाथि अधिकार गर्नुहुनेवाला थियो। यहाँ परीक्षा आएको छ, "आज्ञा उलङ्घन गर र परमेश्वरजस्तै हुनेछौ।" मानिसले आफ्नो अधिकार जमाएका सबै थोकबाट आफ्नो प्रभुत्व गुमायो। बाइबलअनुसार पाप को हो भनेर मैले आफैलाई दाबी गरेको छु।[123]

हामी "आफ्नो अधिकारको दाबी" लाई "ममा जिउने पाप" भनेर वर्णन गर्नसक्छौं (रोमी ७:२०)। मैले यस्तो गहन प्रश्नको दुईवटा मात्र जवाफ पाएको छु। विगतमा हामीले कामको लागि हामीलाई क्षमा चाहिन्छ, तर अझै गहिरिएर जानुपर्छ।

पावलका शब्दहरूको पहिलो जाफ गलाती २:२०मा पाउँछु: "म *ख्रीष्टसँग क्रूसमा टाँगिएको* छु, अब उप्रान्त जिउने म होइनँ, ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।"

मेरो अहंकारलाई *क्रूसमा टाँगेर* मात्र - "आफैमा मेरो अधिकारको दाबी" वा "मभित्र रहेको पाप" -यो विषय सम्बोधन गर्नलाई पर्याप्त छ। तर एकपल्ट ख्रीष्टसँग क्रूसमा टाँगिसकेपछि, गलाती ५:२५ बाट मलाई दोस्रो उत्तरको खाँचो पर्नेछ: "हामी *आत्माकै* अनुसार *हिंडौं*।" मलाई आत्मामा पल पल हिंड्नु आवश्यक छ।

.................

[123]. ओसवाल्ड चेम्बर्स, *उहाँको सर्वोच्चताको लागि मेरो सबैभन्दा उत्तम* (टोरोन्टो: म्याक्लेल्यान्ड एन्ड स्टेवार्ड लिमिटेड, १९३५).

# म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु

*****

*किनकि परमेश्वरको निम्ति जिउन सकूँ भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु। म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।*

*गलाती २:१९-२०*

शानदार हेराइ, एक मिटर तल झरेको खुट्टा- अझ तल उत्रन्छ। अनि त्यसपछि विजय नाच अर्थात अझ सही ढंगमा विजय परेड गरिन्छ। खेलाडीले आफ्नो सफलतामा घमण्ड गर्छ: "मैले तिमीलाई उल्लु बनाए; मैले तिमीलाई जितें; म शानदार छु; म विजयी भएँ; तिमीहार्‍यौं।" हामी सबैले यो कुरा पहिल्यै देखिसकेका थियौ – "ठूलो म" को उल्लास।

प्रेरित पावलले (जब उनी शावल थिए) आफ्नो धर्मसित जे गर्थे त्यस्तै केही खेलाडीहरूले फुटबलसँग गर्छन्। एक उच्च फरिसी, पूर्णरूपले होशियार र अति धार्मिक, तिनले धाक लगाउन सक्थे, "हाम्रा जातिमा, मेरा दौंतरकाहरू धेरैलाई उछिनेर म यहूदी धर्ममा अगि बढेको थिएँ, र मेरा पिता-पुर्खाको परम्परामा म ज्यादै जोशिलो थिएँ" (गलाती १:१४)। यो एकदमै "ठूलो म" थियो। तैपनि, उनको उत्तम क्षणमा आफूले परमेश्वरको व्यवस्था सफलतापूर्वक पालन नगरेको कुरा शावललाई थाहा थियो। प्रेरित पावलको हैसियतमा तिनी अन्तमा यसो भन्ने निष्कर्षमा पुगे, "व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु।" तर त्यो असफलताले अझ राम्रो कुराको ढोका खोलेको छ: "ताकि म परमेश्वरको निम्ति जिउन सकूँ" (गलाती २:१९)।

के तपाईंले कहिल्यै "ठूलो म" मा रमाइलो गर्नुभएको थियो?

- मैले त्यो परीक्षा गरें।
- मैले उसलाई उल्लु बनाएर बाहिर निकालें।
- मैले उसलाई एक-दुई कुराहरू बताएँ।
- मैले उसलाई साँच्चै राम्रो गरें।
- मैले उसलाई देखाएँ।
- मैले उसलाई कहाँबाट ओर्लने सो बताएँ।

ठूलो म" आक्रमक, जोर लगाउने, प्रत्यक्ष छ र धेरै सुन्दर छैन। पावललाई थाहा थियो कि उनको समस्या व्यवस्थाभन्दा ठूलो छ; यो "ठूलो म" को दबाउने शक्ति थियो। ख्रीष्टमा परिवर्तन भएपछि, उनले पत्ता लगाए कि, पापअन्तर्गत जीवन र ख्रीष्टको सार्वभौमिकताको अधीनमा रहेको जीवनबीच, साझा नियन्त्रणमा मानिसको जीवन छैन र यसले काम गर्दैन। त्यसैले पावलले यी कुरालाई क्रूसमा लगे: "ख्रीष्टसँग क्रूसमा टाँगिएको छु" (२:२०)। यसको एक मात्र जवाफ "ठूलो म" को मृत्यु हो- तबमात्र ख्रीष्ट उनीद्वारा प्रचुर मात्रामा र पूर्ण रूपले जिउन सक्नुहुने थियो। क्रूसिकरण भनेको संकटको समर्पण थियो। यो विगतमा भएको थियो तर अझै पनि लागू भइसकेको थियो। यसले आफ्नो शक्ति गुमाएको छैन।

एक जना सेवकाई गर्ने विद्यार्थी जिम आफ्नो प्रोफेसरको टेबलको छेउमा बसे। यद्यपि, तिनले येशू ख्रीष्टलाई ग्रहण गरेका थिए, तर तिनमा अर्को शक्तिशाली शक्तिले अझै पनि काम गरिरहेको थियो। तिनले यसरी स्वीकार गरे, "मलाई पैसा कमाउन मन पर्छ। मेरो दिमागमा मैले आत्मसमर्पण गर्नुपर्छ भनेर मलाई थाहा छ, तर भावनात्मक तवरमा म पैसा कमाउने कुरासँग जोडिएको छु। म आफ्नो दशांश त दिन्छु तर मलाई वास्तवमा दिनु मन पर्दैन।" प्राध्यापकले तिनलाई आफ्नो सम्पूर्ण क्षमा गरिएको जीवन परमेश्वरलाई (पवित्र) समर्पण गर्न; आफ्नो रहल स्व-केन्द्रित स्वभावबाट पूर्णरूपले छुटकारा पाउन (शुद्ध हुन वा क्रूसमा टाँग्न); अनि विश्वासमा अघि बढ्न र पवित्रआत्माले गर्नुहुने काममा भरोसा गर्न आग्रह गरे। जिमको "ठूलो म" पैसाको वश थियो कि तिनले यसरी प्रार्थना गरे, "हे परमेश्वर, तपाईंको इच्छामा समर्पित हुन मलाई सहायता गर्नुहोस्।" तिनले आफ्नो टाउको टेबलमा राखे अनि रोए। जसै तिनले आफ्नो सबै

समस्याहरूलाई परमेश्वरमा समर्पण गरे, तिनले बारम्बार भने, "हुन्छ, हुन्छ, हुन्छ"। अचानक, तिनले टाउको उठाएर हेरे अनि आफ्ना प्रध्यापकलाई भने, "पैसाको चाहना समाप्त भयो।"

प्राध्यापकले सोधे, "कसले तिमीलाई वशमा पारेको छ?"

जिमले जवाफ दिए "पवित्र आत्माले।"

प्राध्यापकले यस्तो निर्देशन दिए, "यो कुरा लेख: मे ९ तारिक, दिउँसो ४:१५ बजे जिमको मृत्यु भयो।"

त्यसपछि जिमले रमाउँदै भने, "पैसाभन्दा पवित्र आत्मा अत्यन्तै रोमाञ्चकारी छ। अब मलाई सबै कुरा बाँधिएको जस्तो लाग्दैन।"

त्यसैकारण त जिम र पावल दुवैले "मलाई ख्रीष्टसँगै क्रूसमा टाँगिएको छ" भनेर भन्न सक्नु कुनै छक्कलाग्दो कुरा होइन। दुवै सुसमाचारका लागि फलदायी माध्यम भए।

•••••••••••••••••

# ख्रीष्टमा एउटा भाइ

*****

*अब उसो कमाराजस्तो होइन, तर कमाराभन्दा बढी, प्रिय भाइजस्तै, विशेष गरी मेरो निम्ति, तर झन बढी शरीरमा र प्रभुमा समेत, तिम्रो निम्ति।*

*फिलेमोन १:१६*

पावलले ओनेसिमसको बारेमा यी शब्दहरू लेखे, जोचाहिँ भर्खरै प्रभुमा आएका थिए र आफ्ना पुराना मालिक फिलेमोनकहाँ फर्केर जादैथिए।शक्तिहीनहरूलाई ("कमाराभन्दा बढी, प्रिय भाइजस्तै") उत्थान गर्ने शक्ति सुसमाचारको कथाभन्दा ठूलो शक्ति अरू के छ? श्रमिक अशान्ति र जातीय दङ्गा सुल्झाउन मालिक र कमारा, कालो र गोरो दुवैलाई येशू ख्रीष्टलाई चिनाएर भाइचारामा ल्याउनुभन्दा बढि के गर्न सक्छ?

तिनीहरूले तिनलाई "एबोनीको दूत" भने अर्थात राजाको छोरो, तिनलाई युद्धरत अफ्रिकी कुलले अपहरण गऱ्यो, दासत्वमा बेच्यो र छुडौतीको लागि राखियो। दिनहुँको कुटपिट तिनको निम्ति असहनीय भयो कि ती जवान त्यहाँबाट भागे। त्यसपछि तिनले कफी खेतीमा काम पाए र त्यही नै तिनले ख्रीष्टलाई भेट्टाए। केही समय नबित्दै तिनले प्रार्थनालाई "मेरा पितासित कुरा गर्न" हो भने। तिनी पवित्र आत्माको बारेमा बताइदिने एक जना मानिस खोज्न अमेरिका गए। तिनी परमेश्वरको यति नजिक बसे कि, अमेरिकामा तिनको पहिलो रातमा नै सत्र जना मानिसहरूलाई ख्रीष्टमा डोऱ्याए। कुनै समय तिनी अपहरण गरिएका, बेचिएका, दासत्व र थिचोमिचोमा परेका थिए, तर अन्तमा साम्मी मोरिस ख्रीष्टमा मेरा भाइ थिए।

•••••••••••••••••

# परमेश्वरले मलाई चोखो पार्नुभयो!

*****

*शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्।*

*१ थेसलोनिकी ५:२३*

यसबारे मलाई कुनै प्रश्न नै छैन – परमेश्वरले मलाई बचाउनुभयो भनेर मलाई थाहा थियो! नोभेम्बर २० तारिखको रात मेरा पापहरू क्षमा भयो; ख्रीष्ट मेरो जीवनको केन्द्रविन्दु बनी प्रवेश गर्नुभयो; परमेश्वर वास्तविक हुनुभयो; प्रेम, आनन्द र शान्ति मेरा प्रमुख भावनाहरू भए। म येशूसित दिनदिनै जिउँदो सम्बन्ध जारी राखें। मेरो निम्ति बाइबल एउटा रोमञ्चक पुस्तक बन्यो; मैले प्रार्थनाको जवाफ पाइरहेकी थिएँ; परमेश्वरको अनुग्रहले गर्दा मैले पुराना प्रलोभनहरूको विरोध गरें। हरेक चोटि जब-जब मण्डलीको ढोका खुल्ला हुँदा म मण्डलीमा हुन्थें। येशूले मेरो लागि के गर्नुभयो सो सबैलाई बताइरहेको थिएँ र मित्रहरूलाई मण्डलीमा ल्याइरहेको थिएँ।

छ महिनापछि म संकटमा परें। परमेश्वरसँग मेरो निरन्तर सम्बन्ध र उहाँले मलाई दिनभएको आशिषहरूको बावजुद, मेरो आत्माको तहबाट नराम्रो रिस उठ्न थाल्यो। केही मानिसहरू र इसाई मित्रहरूले समेत गलत तरिकाले मलाई बाधा पुऱ्यायो। इसाईहरू मायालु हुनुपर्छ भनेर मलाई थाहा थियो। त्यसैले मैले दृढ़तापूर्वक आफैलाई भनें, "यस मानिसलाई आफैलाई झैं प्रेम गर्!" तर मैले गर्न सकिनँ।

मभित्र गहिराइदेखि नै तिक्तता, द्वेष, अधीरता, ईर्ष्या र घमण्ड बढ्न थाल्यो। त्यतिमात्र कहाँ हो र, मैले आत्मिक शक्तिको कमी महसुस गरें। यद्यपि, मैले थुप्रैलाई आफ्नो विश्वासबारे बताइरहेको भए तापनि थोरै मात्र परिवर्तन भइरहेका थिए। मैले सोचें, "के यो नै मेरो इसाईत्वमा हुनसक्ने सबैभन्दा राम्रो हो?"

त्यसपछि, ज्योतिका केही चम्किला किरणहरू मकहाँ आउन थाले। मैले यो सन्देशमा सुनें; यसलाई बाइबलमा पढें; यो एउटा गीतमा सुनें; यो व्यक्तिगत साक्षीमा झलझली आइरह्यो। मैले "सम्पूर्ण पवित्रता" "आत्मामा भरिपूर्ण"; "हृदयको शुद्धता"; "ख्रीष्टसँगै क्रूसमा टाँगिएको"; "बाँकी विश्वास"; "शुद्धिकरण" जस्ता वाक्यांशहरू सुन्न थालें। दिनहुँ, निरन्तर मैले परमेश्वरलाई आफ्नो सङ्घर्षको जवाफ दिनुहोस् भनेर प्रार्थना गरें।

त्यसपछि, आइतबारको रात सेवाको क्रममा परमेश्वरले मेरो हृदय छुनुभयो र प्रार्थनाको लागि वेदीमा जान प्रेरणा दिनुभयो। परमेश्वरले मलाई सोध्नुभयो, "यो सबै समय तिमीले केको लागि प्रार्थना गर्दैछौ?"

मैले जवाफ दिएँ, "प्रभु, मलाई पवित्र बनाउनुहोस्।"

आकस्मात् मेरो शरीरमा बिजुलीको झट्का लाग्यो र म भुइँमा घोप्टो परें। म एक्काइस वर्षको भएँ तापनि म एकदमै कमजोर महसुस गर्थें र म मर्नेछु जस्तो लाग्थ्यो। त्यसपछि मैले बुझें, "ठ्याक्कै त्यस्तै हुन्छ। 'पुरानो चिक शेभर' मर्नेछ।"

मैले जवाफ दिएँ, "प्रभु, मलाई पवित्र बनाउनुहोस्।"

मेरो सबै क्षमा गरिएको जीवन परमेश्वरलाई समर्पण गर्दै अनि स्व-केन्द्रित हुन बाँकी रहेको मूललाई क्रूसमा टाँग्न आग्रह गर्दै मैले विश्वासमा अघि बढ्न र जवाफको लागि परमेश्वरलाई विश्वास गर्ने प्रयास गरें। इसाई मित्रहरूको आग्रहमा मैले आफ्नो सम्पूर्ण विश्वास बटुलेको थिएँ र परमेश्वरमाथि भरोसा गरेर मलाई पवित्र पारें।

जब मैले त्यसो गरें, सबैभन्दा अचम्मको शान्ति र आनन्दले मेरो हृदय छोयो। मेरो बल अचानक फर्कियो। र ओह! प्रेम! म उभिएँ र परमेश्वरले मलाई भर्खरै मात्र पवित्र बनाएको गवाही दिएँ। तुरुन्तै मण्डलीका एक जना मानिस परमेश्वरलाई भेट्न अघि बढे। कोठामा आत्मिक शक्ति थियो। म चार्ल्स वेस्लीको "लभ डिभाइन, अल लभ्स एक्सेलिङ" गाउँदै घर फर्के र अर्को चौबीस घण्टामा बारम्बार गीत गाएँ।

मेरो स्व-केन्द्रित स्वभाव क्रूसमा टाँगिएको थियो; परमेश्वरले मलाई पूर्णरूपले चोख्याउनुभएको थियो। आत्माले मलाई भरिपूर्ण बनाएको थियो र मेरो इसाई जीवन पूरै नयाँ स्तरमा पुग्यो। "आत्मामा हिँड" भन्ने विषयमा मैले अझै धेरै पाठ सिक्न सकेको छु र अहिले पनि सिक्दैछु। तर मैले आफ्नो सबै क्षमा गरिएको जीवन परमेश्वरलाई समर्पण गरेको थिएँ र उहाँलाई स्व-केन्द्रितको हुन बाँकी भित्री भाग क्रूसमा टाँग्न आग्रह गरेको थिएँ, मैले विश्वासमा अघि बढ्न र जवाफको लागि परमेश्वरलाई विश्वास गर्ने प्रयास गरें। इसाई मित्रहरूको आग्रहमा मैले आफ्नो सम्पूर्ण विश्वास बटुलेको थिएँ र परमेश्वरले मलाई चोखो तुल्याउनुहुन्छ भनेर भरोसा राखेको थिएँ।

"विजय" भनिने देशमा प्रवेश गरेको छु। म अझै पनि त्यही बसेर नयाँ इलाकाको खोजीमा छु।

• • • • • • • • • • • • • • • •

# दिसम्बर २ दिन - ३३६

# पूर्णरूपले चोखो तुल्याइएको हुनुहोस् अनि आत्मासित हिंड्नुहोस्

*****

*शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्।*

*१थेसलोनिकी ५:२३*

*हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्मा कै अनुसार हिँडौं।*

*गलाती ५:२५*

धेरैले दाबी गर्छन् कि अठारौं शताब्दीमा इंगल्याण्डमा जोन वेस्लीको सेवकाईले राष्ट्रलाई क्रान्तिबाट बचायो। गरिबहरूको चिन्ता र धनीहरूको प्रभावले गर्दा तिनको काम समाजका सबै तहमा पुग्यो। वेस्ली विशेषगरी शक्तिशाली थिए किनभने तिनको प्रचार र शिक्षाले मानिसहरूलाई परिवर्तन गर्न र परमेश्वरको अझ गहिरो अनुभव गर्न उत्प्रेरित गऱ्यो। यो सम्पूर्ण चोखोपनले विश्वासीहरूको हृदयलाई पापी स्वभावबाट पूर्णतया शुद्ध गरायो। तर वेस्ली इसाईहरूलाई आग्रह गर्न सावधान थिए कि आत्मिक विजयको आवश्यकताको रूपमा, तिनीहरू परमेश्वरको अनुग्रहनमा रहनुपर्छ, पूर्ण प्रेममा निरन्तर रहनुपर्छ र हरेक पल आत्मामा हिँड्नुपर्छ। तिनका दुई वटा पत्रले यी विषयहरूमा प्रकाश पार्छ।

मिस कुकलाई लेखिएको पत्र, सेप्टेम्बर २४, १७८५:

*अनि तपाई ंचाँढै नै पवित्र हुने व्यक्ति बन्न सक्नुहुन्छ! अनि अनुग्रहमा बिस्तारै र असंवेदनशील वृद्धिले मात्र होइन, तर त्यतिनै बेला, आँखाको एक झिमिकमा, पापलाई पूर्णरूपमा मेटाउन र उहाँको सम्पूर्ण स्वरूपमा तपाईंलाई नवीकरण गर्न सर्वोच्चको शक्तिले तपाईंलाई छाया पार्नुहुनेछ! यदि तपाई ंसरल हृदयको हुनुहुन्छ, यदि तपाई ं सानो बालकको रूपमा स्वर्गीय उपहार प्राप्त गर्न इच्छुक हुनुहुन्छ भने, तर्कविना नै, तपाईंले यसलाई किन प्राप्त गर्नुहुन्न? उहाँ पवित्र पार्ने नजिक हुनुहुन्छ; उहाँ तपाईंसँग हुनुहुन्छ; उहाँले तपाईंको ढोका ढकढकाइरहनुभएको छ!*[124]

अनि एडम क्लार्कलाई, नोभेम्बर २६, १७९०: *"परमेश्वरको अनुग्रह कायम राख्नु भनेको त्यो प्राप्त गर्नुभन्दा कता हो कता महत्वपूर्ण छ: मुस्किलले तीन जनामध्ये एक जनाले यसो गर्छन्। अनि सिद्ध प्रेमको स्वाद चाखिसकेकाहरूलाई यो कुरा जोडदार र स्पष्टसित बताइएको हुनुपर्छ।"*125

तसर्थ, उहाँले तपाईंको हृदय पूर्णरूपले चोखो पारिसक्नुभएको छ भनेर थाहा नपाएसम्म उहाँलाई खोज्नुहोस्। तर ढीट नहुनुहोस् – सबै ईश्वरीय स्रोतसाधनहरू लिन र आत्मासित दिनहुँ हिँड्न लगनशील हुनुहोस्। गलाती ५:२५ ले भनेझैं "हामी आत्माअनुसार हिँडौं।" यसो गर्नुभयो भने, "तिमीहरूका सारा आत्मा, प्राण र शरीर" "हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलंक रहनेछन्। जसले तिमीहरूलाई बोलाउनुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ र उहाँले यो गर्नु नै हुनेछ" (१ थेसलोनिकी ५:२३-२४)।

• • • • • • • • • • • • • • • •

[124]. John Wesley, *The Works of John Wesley* (Kansas City, MO: Nazarene Publishing House, n.d.), vol. XIII, 94.

[125]. वेस्ले, *काम गर्दछ*, 104.

# एक सान्दर्भिक पवित्रकरण, भाग १

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो।*
*१थेसलोनिकी ४:३क*

पवित्रीकरण सान्दर्भिक छ किनभने:

**१. यो परमेश्वरको वचनको आह्वान हो**

"परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो"- (१ थेस. ४:३)।

"शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्" (१ थेसलोनिकी ५:२३)।

**२. यो मानिसहरूको आवश्यकता**

परिवर्तित मानिसहरूको हृदयमा अझै पनि खतरनाक स्व-केन्द्रितताका साथै आत्मिक शक्तिको कमी छ। यसको समाधान ईश्वरीय हस्तक्षेपद्वारा गर्नुपर्छ।

**२. पवित्र हृदय आकर्षक छ**

*डिसिजन* पत्रिकाका भूतपूर्व सम्पादक शेरवुड विर्टले आफ्नो पवित्रीकरणको अनुभव यसरी बताए: "मलाई थाहा छैन प्रेम कसरी आयो तर मलाई थाहा छ, मैले अरूको विरुद्धमा राखेको सबै तिक्तता...बेपत्ता भयो। द्वेष...द्वेष...चित्त दुखाउने भाव – तपाईंलाई यसको नाउँ थाहा छ। तिनीहरू सबै हराएर गयो। उडेर गयो।

**३. मानिसहरूले खोजिरहेका छन्**

१ जून २०१५ देखि मई ३१, २०१६ सम्मको बाह्र महिनामा फ्लोरिडादेखि मिचिगनसम्म चौध वाट जागृति सभा र टेक्सासदेखो इडाहोसम्म १४६ जनाले पवित्रीकरणसम्बन्धी प्रवचन सुनेपछि सार्वजनिक रूपमा परमेश्वरलाई खोजे।[126]

.................

[126]. यस अघि द *गुड निउस्: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउसलेटर* (सेप्टेम्बर २०१६) मा प्रकाशित्।

# एक सान्दर्भिक पवित्रकरण, भाग २

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो।*
*१थेसलोनिकी ४:३क*

विश्वासीहरूले पवित्रताको वास्तविकतालाई पुष्टि गर्छन्।

*इसाबेल:* आफ्नो मित्रले ख्रीष्टलाई ग्रहण गरेको देखेको केही दिनपछि इसाबेलले यस्तो गवाही दिइन्, “जब मैले यो कक्षा सुरु गरें, म सुसमाचार प्रस्तुत गर्न डराएँ। तर अब परमेश्वरले मलाई पवित्र बनाउनुभएपछि म डराएको छैन। म निर्धक्क छु, उत्साहित छु र आफ्ना सुअवसरहरूबारे अझ सजग छु।”

*क्याथी:* बिस्तारै, म त्योअवस्थामा आइपुगें कि मेरो स्वर्गमा बस्नुहुने बुबाले मलाई कहिल्यै हानि गर्नुहुन्न र ममाथि उहाँको अख्तियारमाथि भरोसा गर्नसक्छु भनेर बुझें। वास्तवमा, यो मैले चाहेको कुरा थियो! बाँकी सबै विवरण थियो। मैले वेदीमा सोधेको कुरा मलाई अझै याद छ, “तपाईंले मलाई अरू केही दिएको चाहनुहुन्छ?” परमेश्वरको मौनता र गहिरो शान्तिले मलाई अरू केही छैन भन्ने आश्वासन नदिएसम्म मैले यो प्रश्न सोधिरहें। मैले एक पटकको आत्मिक संकटको अवस्थामा लिइएको निर्णयको रूपमा सम्पूर्ण पवित्रता अनुभव गरें र परमेश्वरले चाहनुभएअनुसार जीवन बिताउने निरन्तर निर्णयको रूपमा यो अनुभव गरिरहें। यी सबैको महान कुरा के हो भने, हामीसँग भएको घनिष्ठ, प्रेमिलो संगतिसँग, यो मैले जिउँन चाहेको तरिका पनि हो!

*किथ:* यदि मेरो स्वभाविक स्वभाव श्राप र गनगन गर्ने खाल्को छ भने म कसरी ख्रीष्टको विश्वासी र अनुयायी हुन सक्थें र? यसर्थ, मैले हराएको कुरा खोज्न थालें। मैले जवाफहरू खोजें तर मलाई सबै आधारहरू पूरा गरेजस्तो लाग्यो: विश्वास, दशांश, सेवा – तर मेरो स्वभावमा केही परिवर्तन भएन। त्यसपछि, जुलाई २००८ को अन्ततिर हाम्रो मण्डलीलाई केही संरक्षकको मद्दत चाहिएको थियो भने केही नियमित आइरहने मानिसहरू बाहिर थिए। यो कुरा मेरो ओहोदाभन्दा निकै कम थियो भनेर सोचेको मलाई अझै याद छ तर म राजीखुसीले काम गर्न सहमत भएँ जुलाई २७, २००८ मा आइतबारको उपासनाको दौडान म अवकाशप्राप्त भूतपूर्व प्रमुख संरक्षककहाँ गएँ। मैले ठट्टा गर्दै उनलाई उनको जिम्मेवारी मैले लिन लागेको कुरा बताएँ र उनलाई सोधें, “तपाईं यो कसरी सम्हाल्नुहुन्छ?”

उनले आफ्नो जिम्मामा रहेको कामलाई सेवकाईको रूपमा लिएको परमेश्वरको लागि काम गरिरहेको कुरा बताए: “ख्रीष्ट मेरो लागि क्रूसमा मर्न सक्नुहुन्छ भने म उहाँको लागि मण्डली सफा गर्नसक्छु।”

उनका शब्दहरू मेरो वरिपरि घुमिरहेको थियो। अनि त्यसपछि यो भयो। मैले तातो, चिसो, खाली र भित्रबाट सबै एकैचोटि भरिएको महसुस गरें। म संरक्षक हुनुपर्छ भनेर मलाई थाहा थियो। समस्याहरू मद्दत गर्ने परिस्थीतिहरू भए; परिस्थीति केही गर्ने अवसर बन्यो; मेरो काम सेवाको कार्य बन्यो। परमेश्वरले मेरो आँखा र हृदयलाई उहाँको पूर्णताको लागि खोल्न संरक्षकलाई प्रयोग गर्नुभयो। त्यसैले, जब मानिसहरूले मलाई सोध्छन्, “म कसरी प्रभुसित स्थिर छु?’ म तिनीहरूलाई भन्छु कि आत्माले भरिएको छु, र म परमेश्वरलाई सबै कुरामाथि अधिकार दिन्छु।

\.................

# एक सान्दर्भिक पवित्रकरण, भाग ३

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो।*

*१थेसलोनिकी ४:३क*

इसाई दार्शनिक ड्यालस विलार्डले आफूलाई बाइबललेभन्दा बढी प्रभावित पार्ने एक मात्र पुस्तक जेम्स गिलक्रिस्ट लसनको प्रख्यात *डिपर एक्सपिरिन्स अफ फेमस क्रिस्चियान* हो भनेर भने। यो पुस्तक पवित्र आत्माले भरिएका मानिसहरूको गवाहीले भरिएको छ।

*फोर साइन्स अफ अ डाइनामिक क्याथोलिक*मा म्याथ्यु केलीले क्याथोलिकहरूलाई जागृतिको आह्वान गर्छन्। तिनी यस्तो प्रश्न गर्छन्, "जीवन बिताउने सर्वोत्तम तरिका के हो?" तिनी भन्छन् कि जवाफ भनेको आफैलाई आफूमा मरेर ख्रीष्टमा देखा पर्नु हो। पवित्रताको खोज भनेको आफभित्र उत्तम संस्करणको खोज गर्नु हो।

ओसवाल्ड च्याम्बर्सको *माई अटमोस्ट फर हिस हाइयेस्ट* सर्वधा बिक्री हुने उपासना पुस्तक हो। संसारभरि सबै पृष्ठभूमिका इसाईहरूले यो पढिरहेका छन्। यस पुस्तकमा च्याम्बर्सले "पवित्रता" शब्दलाई एक्काइस पटक प्रयोग गरेका छन् र यससँग सम्बन्धित शब्दहरूका अरू थुप्रै उदाहरणहरू छन्। फरवरी ८ को प्रविष्टिमा तिनी यसरी लेखे, "जब हामी पवित्र हुन प्रार्थना गर्छौं, तब के हामी तयार छौं?... पवित्रीकरण भनेको परमेश्वरको दृष्टिकोणमा गहिरो ध्यान दिनु हो। ...पवित्रीकरणको भनेको येशूसित एक हुनु हो ताकि उहाँको शासन गर्ने स्वभावले हामीलाई शासन गरोस्।...के हामी यसो भन्न तयार छौं, "हे प्रभु, मलाई पवित्र बनाउनुहोस् जसरी तपाईंले पापीलाई अनुग्रहद्वारा बचाउनुभएको छ।" अक्टोबर २० को प्रविष्टिमा तिनले लेखे: "परमेश्वरले मलाई चोखो तुल्याउन चाहनुभएको छ कि छैन भन्ने प्रश्न होइन; के यो मेरो चाहना हो? के म परमेश्वरलाई मेरो जीवनमा ती सबै कुरा गर्न दिन तयार छु जुनचाहिँ प्रायश्चितद्वारा सम्भव तुल्याइएको छ?" कि हुनुहुन्न भन्ने प्रश्न होइन; के यो मेरो इच्छा हो? के म प्रायश्चितद्वारा सम्भव भएका सबै कुरा परमेश्वरलाई मभित्र पूरा गर्न दिन इच्छुक छु?"127

अक्टोबर २० को प्रविष्टिमा उनले लेखे: "परमेश्वरले मलाई पवित्र बनाउन चाहनुभएको छ कि छैन भन्ने प्रश्न होइन; के यो मेरो इच्छा हो? के म प्रायश्चितद्वारा सम्भव भएको सबै कुरा परमेश्वरले ममा गर्न दिन तयार छु?"[128]

यदि परमेश्वरको वचन; मानिसहरूको आवश्यकता; पवित्र हृदयको आकर्षण; मान्छे खोजाइ; मानिसहरूलाई दिने साक्षी ; साथै शेरवुड विर्ट, ड्यालस विलार्ड, म्याथ्यु केली र ओसवाल्ड च्याम्बर्स सबैले हामीलाई बोलाइरहेको छ – के हामी परमेश्वरको पवित्रता व्यक्तिगत तवरमा अनुभव गर्न र अरूलाई सत्य बताउन अघि बढ्नु पर्दैन र?129

•••••••••••••••••

[127]. ओसवाल्ड चेम्बर्स, *उहाँको सर्वोच्चताको लागि मेरो सबैभन्दा उत्तम* (टोरोन्टो: म्याक्लेल्यान्ड एन्ड स्टेवार्ड लिमिटेड, १९३५).

[129]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सेप्टेम्बर २०१६).

# डर र आत्मिक शक्ति

*****

*उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दु:ख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। तिमीहरू यी नै कुराको साक्षी हौ। हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरूञ्जेल तिमीहरू यही सहरमा बसिरहो।"*

*लूका २४:४६-४९*

तिनीहरू केही हदसम्म ख्रीष्टका अनुयायीहरू थिए तर दबाव आउँदा तिनीहरू भागेर गए। त्यसपछि येशूले तिनीहरूलाई माथिबाटको शक्तिको प्रतिज्ञा गर्नुभयो अर्थात पवित्र आत्माको संकेत गर्नुभयो (प्रेरित १:४-५)। अनि साँच्चै भन्ने हो भने, ख्रीष्टका १२० जना अनुयायीहरू प्रार्थना गर्दा पवित्र आत्मा ओर्ली आउनुभयो (प्ररित १:१४ र २:४)। पत्रुस पनि आत्माले भरिए अनि इन्कार नगर्ने चेला बने र तिनको प्रचारबाट तीन हजार मानिसहरूले ख्रीष्टलाई ग्रहण गरे। यूहन्ना आत्माले भरिए र साहसी भई परमेश्वरको वचन बोले (४:३१)। आत्माले भरिएका स्तिफनसले (७:५५) स्वर्ग उघ्रेको र येशूलाई देखे र उनलाई शहिद बनाउनेहरूलाई क्षमा दिए। आत्माले भरिएका फिलिप (६:५) आत्माले भरिएर इथोपियालीलाई ख्रीष्टमा डोऱ्याए। अनि ड्वाइट मूडी, चार्ल्स फिन्नी, सामुएल लोगन ब्रेङ्गल र ई. स्टेनली जोन्स सबैले प्रभुलाई विश्वास गरिसकेपछि आत्माले भरिएको गवाही दिए। पवित्र आत्मासितको सम्बन्धले सेवकाईलाई अझ सशक्त बनाएको कुरा सबैले बताए।

सायद यो पास्टर अर्थात ठूल-ठूलाहरूको लागि हो। त साधारण विश्वासीहरूको लागिचाहिँ? के डरले हामीलाई अनजानमा साक्षी दिनदेखि रोकिरहेको छ (येशूले हाम्रो लागि के गर्नुभयो भनेर अरूलाई बताउनु)?

हामीले भर्खरै मात्र ह्युस्टनको एउटा मण्डलीमा बाह्र हप्ते व्यक्तिगत प्रचार प्रशिक्षण कक्षाको समापन गरेका थियौं। कक्षाका एक जना सहभागी भेनेजुएलाकी जवान, भर्खर विवाह गरेकी इसाबेल थिइन् र तिनी इसाई भएको दुई वर्षभन्दा अलि बढी भइसकेको थियो। कक्षाले निर्धक्क भई साक्षी दिन र सुसामाचारको सन्देश सुनाउन सक्ने ठाउँमा आफ्नो सीप विकास गऱ्यो। त्यसको केही समयपछि तिनले सुसमाचार प्रचार गरिन्, अनि त्यस व्यक्तिले ख्रीष्टलाई स्वीकार गरे। मैले तपाईंहरूलाई बताउनै पर्छ, प्रशिक्षणको समयकालमा इसाबेल पवित्र भइन् (१ थेसलोनिकी ५:२३) र पवित्र आत्माले भरिइन्। आफ्नो नयाँ मित्रले ख्रीष्टलाई स्वीकार गरेको केही दिनपछि तिनले गवाही दिइन्, "जब मैले यो कक्षा सुरु गरें, म सुसमाचार प्रचार गर्न डराएँ। अहिले परमेश्वरले मलाई पवित्र पार्नुभएपछि म डराएकी छैनँ। म निर्धक्क छु, उत्साहित छु र आफ्ना सुअवसरहरूबारे अझ सजग छु।"

पवित्र आत्माको शक्तिले हामी आफ्नो डरलाई जित्नसक्छौं। 130

\.................

130. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००५ जुन).

# चुम्बकीय पुल

*****

*छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। आफ्नो भित्री वर्तावमा नयाव होओ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। एफिसी ४:२२-२४*

के तपाईंले सानैदेखि चुम्बकसित खेल्नुभएको थियो? मेरो घोडाको नाल चुम्बक र एउटा पट्टी चुम्बक दुवै थियो। म कागजको टुक्रामा फलामका टुक्राहरू छरेर घोडाको नाल चुम्बकलाई कागजमुनि राख्नसक्थें र तुरुन्तै चुम्बकीय शक्तिले फलामका फाइलहरूलाई चुम्बकका डन्डाहरू वरिपरि दुइटा बेग्लाबेग्लै बिन्दुमा भेला गरिदियो। कुनै-कुनै फलामका धुलोहरू कुन छेउमा झर्ने भनेर निर्णय गर्न निक्कै गाह्रो हुन्थ्यो। तथापि, मैले एउटा चुम्बकलाई कागजमुनि राखें भने फलामका फाइलहरू एउटै चुम्बकीय खम्बाको वरिपरि एउटा ठाउँमा जम्मा हुन्थ्यो।

साँचो परिवर्तन भएका थुप्रै इसाईहरूको जीवनमा अझै पनि दुई वटा ठूल-ठूला स्तम्भहरू छन् – परमेश्वर र स्वार्थ- जसले कामको दुई प्रकारको नमुना निर्माण गर्छ। यी मानिसहरू आंशिक रूपमा स्व-केन्द्रित र आंशिक रूपमा ईश्वर-केन्द्रित हुन्छन्। अर्को शब्दमा भन्ने हो भने, तिनीहरू "दोहोरो मन" भएका हुन्छन् (याकूब १:८)।

गलाती ५:२४ ले यस विवादलाई यसरी सम्बोधन गर्छ: "तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्।" यदि शरीर क्रूसमा टाँगिएको छ भने, यदि पुरानो स्वभाव (स्व-केन्द्रित) फ्याकिएको छ भने, एउटा बाँकीरहेको स्तम्भले हृदय र जीवन नियन्त्रण गर्नसक्छ: "र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर" (एफिसी ४:२४)।

तपाई कुन खिचाव महसुस गर्दै हुनुहुन्छ? नबिर्सनुहोस्, तपाई विजयी हुने ठाउँमा तर्केर जानुहुनेछैन – तपाईंले निर्णय गर्नैपर्छ। त्यसैले पावलले लेखेझैं, "...तिमीहरूको पुरानो स्वभाव त्याग...नयाँ स्वभावलाई धारण गर" (एफिसी ४:२२,२४)[131]

.................

[131]. एभरेट लुइस क्याटेलबाट अनुकूलित, *पवित्रताको आत्मा* (ग्रान्ड र्यापिड्स: इरडम्यान्स, १९६३), २४–२८।

# अनुग्रहको दोस्रो काम

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो।*

*१ थेसलोनिकी ४:३क*

"परमेश्वरले मलाई कहिले पवित्र पार्नुहुनेछ भनेर कतिबेला आशा गर्नुपर्छ?" भन्ने प्रश्न धेरै इमानदार इसाईहरूको लागि ठूलो प्रश्न हो। थेसलोनिकीहरू वास्तविक, साँचो र असल इसाईहरू थिए। तिनीहरू प्रभुका अनुकरण गर्नेहरू थिए (१ थेसलोनिकी १:६)। अनि तिनीहरूको इलाकाका अरू विश्वासीहरूका लागि नमूनाहरू थिए (१:७)। पावल र अन्य अगुवाहरूले तिनीहरूलाई "परमेश्वरलाई प्रसन्न पार्न कसरी जिउनु" भन्ने निर्देशन दिए र तिनीहरूले त्यसै गरिरहेका थिए (४:१)। तर पावलले तिनीहरूलाई भने, "किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो" (४:३)। यसको अर्थ अरू कुराहरूका साथ-साथै यौन शुद्धताको लागि शक्ति प्रदान गरिएको थियो।

यस आत्मिक अविष्कारको मुख्य उदाहरण मेरा मित्र पावल हुन्। इसाई कलेजमा आइपुग्दासम्म तिनी नामधारी इसाई थिए। तिनको जीवनशैली पाप गर्ने, पश्चत्ताप गर्ने, फेरि पाप गर्ने र फेरि पश्चात्ताप गर्ने खाल्को थियो। त्यतिञ्जेल तिनले आफ्नो वरिपरि आत्मिकरूपमा फस्टाउदै गरेका इसाईहरूलाई देखे। परमेश्वरले तिनीहरूसित कुरा गर्नुभएको तर तिनीसित कुरा नगर्नुभएको तिनले याद गरे।

यस विषयमा पावलले परमेश्वरलाई सोधे, "तपाई मसित किन बोल्नुहुन्न?"

परमेश्वरले जवाफ दिनुभयो, *"मैले तिमीसित कुरा गर्न कहिल्यै छोडिनँ। तिमीले मेरो कुरा सुन्न छाडेका छौं। तिमीले मलाई सुन्न सक्दैनौं किनकि तिमीले अन्य व्यर्थका कुराहरू सुन्छौं।"*

यसर्थ, पावलले पश्चात्ताप गरे र तिनले "परिपक्क परिवर्तन" को अनुभव गरे। फिलिप्पी ४:८ (जसले इसाई जीवनको लागि निर्देशन दिन्छ) तिनलाई डोऱ्याउने पद बन्यो। परिणामस्वरूप उन्नाइस वर्षको उमेरमा तिनको आत्मिक वृद्धि चार्टदेखि बाहिर भयो।

अब परमेश्वर तिनीसित कुराकानी गर्दैहुनुहुन्थ्यो। तिनी आपराधिक न्याय प्रमुख थिए तर परमेश्वरले तिनलाई भन्नुभयो, *"तिम्रो जीवनको लागि मसित उत्तम कुराहरू छन्।"* आफूलाई सेवकाईमा बोलावट भएको छ कि छैन भनेर कसरी थाहा पाउने होला भनेर पावल सोंच्न थाले। केही हप्तामै तिनले आफ्नो बोलावटको पुष्टि पाए र तिनको मार्ग तय गरिएको थियो।

मानिसहरूले पवित्रीकरणको बारे कुरा गरेको पावलले सुनिरहेका थिए। तिनीहरूले ख्रीष्टमा साँचो धर्म परिवर्तन भएको कुरा बताए तर त्यसपछि परमेश्वरसँग दोस्रो, गहिरो अनुभव अर्थात दोस्रो अनुग्रहको कामबारे बताए। तिनले सोचें, *मलाई सात वर्षको बालकको रूपमा बचाइयो र अनि म वयस्क भएर परिवर्तन गरेको छु। त्यो अनुग्रहको दोस्रो कृति हुनुपर्छ।*

तर त्यहाँ समस्या थियो। आफूभन्दा कम जोसिलो इसाईहरूप्रति पावलसित आलोचनात्मक मनोवृत्ति थियो। त्यसपछि पावल जागृति सभामा गए र त्यहाँ तिनले प्रचारकले भनेको सुने, "पवित्र हुनको लागि परमेश्वरले तपाईंहरूलाई प्रदान गर्नुभएका सबै ज्योतिमा हिँड्नुपर्छ।" पछिबाट तिनले यस्तो गवाही दिए: "बल्याकालमा सात वर्षको उमेरमाख्रीष्टलाई ग्रहण गरेदेखि उन्नाइस वर्षको उमेरसम्म मैले पाप गरिरहें। म उज्यालोमा हिँडिरहेको थिइनँ। म परिपक्क भएर जब परिवर्तन भए; त्यो मेरो पवित्रीकरण मात्र थिएन; यो मेरो सुरक्षित सम्बन्धको पुन:प्राप्ति पनि थियो। म बचाइएको थिएँ तर पवित्र पारिएको थिइनँ। परमेश्वरले मलाई मेरो आलोचनात्मक मनोवृत्ति र ख्रीष्टबिनाको हृदय देखाउनुभयो जसलाई शुद्धिकरणको खाँचो थियो। मैले वेदीमा गएँ र आफ्नो हृदयलाई पोखाएँ। केही भएन। मैले भने "के म धोकामा परेको त छुइनँ?"

त्यसपछि एक जना प्राध्यापक पावलकहाँ आए र बुद्धिमानीपूर्वक तिनलाई सल्लाह दिए। पावलले फेरि प्रार्थना गरे र तिनको विश्वास बढ्न थाल्यो। तिनले भने, "हो म विश्वास गर्छु।" तिनको छाती, पाखुरा र खुट्टामा न्यानो अनुभति भयो।

तब परमेश्वरले पावललाई भन्नुभएको तिनले सुने, *"पावल, म तिमीसित खुशी छु।"* तब तिनलाई थाहा भयो कि परमेश्वरले तिनलाई पवित्र गर्नुभएको छ।

तिनले प्रार्थना गरिसकेसम्म प्राय: सबैले वेदी छोडेका थिए। त्यसपछि शैतानले यसो भन्छ: *"यो तिमीहरूमा भएको*

*सबैभन्दा ठूलो कुरो हो, औ कसैले यसको वास्ता गर्दैन।"*

तर परमेश्वरको काम सिद्धिएन। उहाँले भन्नुभयो, *"अरूले तिम्रो विषयमा के भन्छन्, त्यसले केही फरक पर्दैन। म तिमीसँग प्रसन्न छु।"* अनि तिनको शरीरमा फेरि न्यानो अनुभूति भयो।

भोलिपल्ट पावल एक जना प्राध्यापककहाँ गए जसको विषयमा तिनी आलोचनात्मक थिए र तिनले माफी मागेका थिए। तिनले भने, "म गलत थिएँ।" "म हिज राती पवित्र भएँ।" त्यसपछि तिनीहरू सबैभन्दा मिल्ने साथी भए।

पावलको जीवनशैली नयाँ भयो। आज, तिनी सुसमाचारका शक्तिशाली सेवक र मैलै चिनेका ईश्वरीय पुरूषहरूमध्ये एक हुनुहुन्छ।

•••••••••••••••••

# मित्र, उनी पक्कै ढिलो छिन्!

*****

*परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ। मेरा भाइ हो, धोकामा नपर।*

*याकूब १:१३-१६*

हो, तिनले यसो भने- एक जना प्रचारक, पास्टरको घरमा बिहानको खाजा पर्खदै पास्टरको पत्नीबारे यसो भन्छन्, "महाशय, उनी पक्कै ढिलो छिन।!"

पछिबाट पास्टरले मलाई यसो भने, "यसले मलाई रिस उठ्यो।" यद्यपि, जब मैले पास्टरलाई रिस पोखाउने, बदला लिने कोसिस गरेको वा आफ्नो काँधमा एउटा चिप बोकेर प्रचारकतर्फ लगेको छ कि भनेर सोध्दा तिनले अँह भने।

पास्टरको रिस पवित्र व्यक्तिलाई समेत सामान्य थियो। पछि तिनले *निरन्तर* इसाई प्रतिक्रिया र मनोवृत्ति देखाए र यसले गर्दा नै तिनी पवित्र भए भनी देखायो।

परीक्षाको सामना गर्न हामीले के गर्नुपर्छ? पहिलो, हामीले परीक्षा र पापबीचको भिन्नता छुट्याउनु पर्छ। याकूब १:१४-१५ ले यसो भन्छ, "तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। जब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ।" याकूबले हाम्रो भित्री इच्छाले हाम्रो इच्छालाई परीक्षामा पार्छ भनी भनिरहेको देखिन्छ। अर्कोतर्फ, हाम्रो भित्री इच्छाले हाम्रो इच्छालाई नियन्त्रण वा निर्देशनमा राख्छ, यसको मतलब हामी पाप गर्छौं।

भित्री इच्छाहरू (आत्माका पापहरू) भन्दा बाहिरी कामहरूसित व्यवहार गर्दा परीक्षा र पापबीचको भिन्नता छुट्याउन सजिलो हुन्छ। अधीरता, डाह, अहङ्कार, रीस, आवेग (१कोरिन्थी १३) भित्री पापका उदाहरणहरू हुन्। यदि, दबाव वा परीक्षाको क्षणमा, एक पवित्र इसाईले क्षणिक अधीरता वा आवेगको अनुभव गर्छ भने,के यसको मतलब तिनी अब पवित्र छैनन् भन्ने हो? होइन, निम्न कारणले गर्दा त्यो क्षणिक अनुभूति अझै पाप होइन:

१. परीक्षा वास्तविक हुनका लागि, त्यहाँ एक वास्तविक "तान्ने...भित्री चाहना" हुन्छ (फिलिप्स)।
२. उच्च दबावको परिस्थीतिले सबैभन्दा पवित्र मानिसहरूमा पनि भित्री निराशा उत्पन्न गर्नेछ, र यो सामान्य कुरा हो। रिचर्ड टेलर भन्छन्, पवित्र मानिसहरूमा समेत आफूले मन नपराएको परिस्थीतिप्रति सामान्य, झगडालु प्रतिक्रिया हुन्छ। आफ्नी पत्नीको आलोचनाप्रति पास्टरको प्रतिक्रिया यसको एउटा उदाहरण हो।
३. सायद रोमी ८:७ – "किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुनसक्छ" ले हामीलाई पापमय शरीर र मानवबीचको भिन्नता प्रदान गर्छ। आन्तरिक अशान्ति वा इच्छाको बीचमा यस्तो प्रश्न गर्नुहोस्, "के यो परमेश्वरको व्यवस्थाको अधीनमा छ?" पापमय शारीरि परमेश्वरको व्यवस्थाको अधीनमा छैन; तर मानिसचाहिँ परमेश्वरको अधीनमा छ।
४. क्षणिक गलत इच्छा वा भावना पाप हुँदैन जबसम्म इच्छाले यसो भन्छ, "म निराश भएको बेला प्रेमको व्यवस्थाद्वारा प्रतिक्रिया दिनेछु।" यो भनाइ मान्य छ, "तपाईले आफ्नो टाउको माथि चराहरूलाई उड्नबाट रोक्न सक्नुहुन्न, तर आफ्नो कपालमा गुँड बनाउनबाट रोक्नसक्नुहुन्छ।"[132]

---

[132]. चार्ल्स "चिकेन" शाभर, *आध्यात्मिक विजय कायम राख्ने* (कन्सास सिटी, मो: बिकोन हिल प्रेस अफ कन्सास सिटी, १९७२), १३–१६।

.................

## दिसम्बर १०                                                                 दिन - ३४४

# त्यहाँ शान्ति छ

*****

*शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु।*

*यूहन्ना १४:२७*

आइतबार बिहान इलिनोइमा सम्पन्न गरिएको जागृति सभामा ज्याकले आफ्नी पत्नीको हात समातेर आँसु बहाउँदै वेदीमा आए। तिनी ख्रीष्टमा फर्के।

यहाँ ज्याकको कथा छ:

मण्डली नजानको लागि म हरेक हप्ता बहाना बनाउथें। त्यसपछि, दुई हप्ताअघि शनिबार मैले अन्तिम बियर तयार गरें। तेह्र जना नातिनातिनीको लागि म असल उदाहरण हुनु आवश्यक थियो।

आइतबारको दिन एकजना बलियो टाउको भएको मानिस मण्डलीभित्र पस्यो। म आत्मिकरूपले थाकेको थिएँ। मैले एक वर्षभरि कहिल्यै बाइबल उठाएको थिइनँ। यो घमण्डी मूर्ख मानिस कमजोर घुँडाहरू लिएर वेदीमा आयो। उहाँले (ख्रीष्टले) मेरो सबै बोझ बोक्नुभयो। उहाँले मलाई दलदले हिलोबाट निकाल्नुभयो र मलाई चट्टानमाथि बसाल्नुभयो।

त्यस रात म लामो समयसम्म पहिलो पटक शान्तिसित निदाएँ। मेरो मनमा कुनै समस्या थिएन।

भोलिपल्ट मैले मेरी पत्नीसित पैसा तिर्ने वा कसरी खर्च गर्ने भन्ने विषयमा बहस गरिनँ। हामीले सधैँ यसबारे बहस गर्दै आएका थियौं।

त्यस आइतबार बिहान ज्याकले आफ्नो अनुभव येशूसित यसरी बताए: "यस्तो भारी मैले कहिल्यै उठाएको महसुस गरेको थिइनँ।"

तिनकी पत्नीले संक्षेपमा यसो भनिन्, "हाम्रो घरमा शान्ति छ।"[133]

.................

[133]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (जुन २०१४).

# क्रिसमस: डरलाग्दो वा विश्वासयोग्य

*****

*नडराओ, किनभने हेर म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु।*

*लूका २:१०*

मेरो अस्सी वर्षको जीवनमा, राष्ट्रिय वा अन्तरराष्ट्रिय व्यवसायहरू अहिलेभन्दा धेर बेकार भएको समय याद गर्न सक्दिनँ। येशू ख्रीष्टले यस्तो भविष्यवाणी गर्नुभयो: "समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन्। संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मुर्च्छा पर्नेछन्" (लूका २१:२५-२६)। वेदना, व्यग्रता, भय र त्रासले डरलाग्दो संसारबारे बताउँछ। बाइबलमा दुइटा प्रमुख किसिमको डर छ भनेर मैले हालै थाहा पाएँ।

पहिलो हो, प्रभुको डर र उहाँको ईश्वरीय भय। प्रभुप्रतिको स्वस्थ भय वा श्रद्धा छ जुन पवित्र-शास्त्रले वर्णन गरेको छ (हितोपदेश ९:१०)। अनि त्यहाँ अर्को डर छ कि, यदि मैले परमेश्वरलाई मेरो नजिक आउन दिए भने, उहाँले मेरो बाँच्ने तरिकामा हस्तक्षेप गर्नुहुनेछ। पछिल्लो डरको एउटा उदाहरण धनी जवान शासक जो आफ्नो धन र जीवनमा येशूको हस्तक्षेप हुने डरको कारण येशूदेखि टाडा गए (मत्ती १९:२१-२२)। यसको विपरित, क्रिसमसको प्रख्यात कथाले येशू ख्रीष्टको जन्मबारे परमेश्वरका एक जना सन्देशवाहक स्वर्गदूतबारे बताउँछ। स्वर्गदूतले गोठालाहरूलाई के भने? सरल शब्दमा भन्ने हो भने, "नडराऊ! किनभने हे म तिमीहरूलाई बढो आनन्दको सुसमाचार सुनाउँछु" (लूका २:१०)। हामी यो पनि पढ्छौं कि जब परमेश्वर मोशाको नजिक आउनुभयो, "तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेशवरलाई हेर्न डराए" (प्रस्थान ३:६)।

प्रभुको डरभन्दा बाहिर, हामीले पवित्र-शास्त्रमा देख्ने दोस्रो प्रकारको डर भनेको हाम्रो व्यक्तिगत जीवन र समाजको दबाबको परिणाम हो।

परमप्रभुको डरदेखि बाहिर, हामीले पवित्र-शास्त्रमा देख्ने दोस्रो प्रकारको डर हाम्रो व्यक्तिगत जीवन र समाजको दबावको परिणाम हो। परमेश्वरले यस कुरालाई जोडसँग व्यक्त गर्नुहुन्छ। भजनकारले लेखेझैं, "परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ, मैले कसको भय मान्नु?" (भजन २७:१)। त्यसैगरी भजन ५६:३ मा यसरी लेखिएको छ, "जुन बेला मलाई डर लाग्छ, म तपाईंमा भरोसा राख्नेछु।" अनि हिब्रू १३:६ले भन्छ, "प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ।" अचम्मको कुरा! हामी अक्सर परमेश्वरसित नजिक हुन डराउँछौं।

सन २०१४ मा मैले मेरो छोरा (पावल) को तेह्र घण्टे क्यान्सर शल्यक्रियाको बारेमा हाम्रो क्रिसमसको समाचारपत्रमा लेखें जसले उसको आवाज निस्कने बक्स र घाँटीको धेरैजसो भाग हटायो। हामीले यो भन्न सक्यौं कि, शल्यक्रिया अघि प्रार्थनामा, सिसिसिपीमा ममाथि,क्यान्ससमा न्यान्सीमाथि र इन्डियानामा पावलमाथि परमेश्वरको शान्ति आएको थियो (फिलिप्पी ४:६-७)।

तेह्र घण्टको शल्यक्रियापछि पनि पावलले पूर्णरूपले निको हुन शल्यक्रिया गरेका छन्। त्यतिञ्जेल पावलले पूर्णकालिन जागिर र दुईवटा अर्ध-कालिन जागिर खाइरहेका थिए। पावललाई भेट्न जाँदा न्यान्सीले तिनलाई तिनको अवस्था, भावना र भविष्यबारे प्रश्नहरू सोधे। तिनले बारम्बार यस्तो जवाफ दिए, 'परमेश्वरलाई मेरो नाउँ थाहा छ।" पावलले भविष्यबारे विस्तृतरूपमा जवाफ दिन नसके तापनि उसलाई नाउँद्वारा चिन्ने परमेश्वरमाथि उ विश्वस्त थियो।

अर्को अवसरमा हाम्रा छोरीहरूले पावलले यस्तो प्रकारको शल्यक्रिया कसरी गरिरहेका छन्, तिनको आवाज निस्कने बक्स हटाइयो र त्यसपछिको शल्यक्रियाबारे पनि प्रश्न गरे। उसले सरल जवाफ दियो, "मैले कहिल्यै खराब दिन पाएको छैनँ।" साहसी! बलियो! हर्षित!

"उहाँलाई मेरो नाउँ थाहा छ।" र, "मैले कहिल्यै खराब दिन पाएको छैनँ" तिनको जवाफबाट हामी पावल डराएर होइन तर प्रार्थना सुन्नुहुने, व्यक्तिगतरूपमा मद्दत गर्नुहुने र परमेश्वरलाई माया गर्ने तर्फ विश्वासी भएको कुरा थाहा पाउँछौं।

यस क्रिसमसमा हाम्रो समस्याग्रस्त संसारलाई ध्यानमा राखेर हामी सन्देशप्रति विश्वासी होओं, "

•••••••••••••••••

# पूर्ण पवित्रकरण

*****

*म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।*

*प्रेरित २६:१७-१८*

जोन वेस्लीले सन् १७८५ मा रेभरेन्ड फ्रिबर्न ग्यारेटसनलाई यस्तो लेखे: "तपाईंहरू जति स्पष्ट र दृढ्तापूर्वक सबै विश्वासीहरूलाई पूर्ण पवित्रताको कामना गर्न दबाव दिनुहुन्छ, सरल विश्वासद्वारा अहिले प्राप्त गर्न नसकिने भएकोले परमेश्वरको सम्पूर्ण कार्य अति नै सफल हुनेछ।"

स्थानीय मण्डलीमा एक हफ्ते जागृति सेवा गरेपछि अलबामाका एक जना व्यक्तिले मलाई यस्तो लेखे: "मैले संघर्ष गरेका कुराहरूको धेरै कारण तपाईंहरूले बुझ्न सक्नुभएको छ। मलाई परमेश्वरको शक्ति पहिलेभन्दा धेरै महसुस भएको छ।...त्यो पवित्रीकरणको लागि म अहिले नै प्रार्थना गर्छु किनभने तपाईंले मलाई त्यसो गर्न मद्दत गर्नुभएको छ।"

विशेष सेवापछि ओहायोका एकजना पास्टरले मलाई यस्तो लेखिएको एउटा नोट पठाए: "यसको लागि धन्यवाद... ती सन्देशहरू जसले गर्दा...मण्डलीका मानिसहरू आत्मिकरूपले अघि बढिरहेका छन्। ...तपाईंले व्यक्तिगत सुसमाचारलाई जोड दिनुहुँदा थुप्रै मानिस राज्यको सुसमाचारमा थपिनेछन्। मैले चौतीस वर्षसम्म आफ्नो पास्टरमा पवित्रताको लागि प्रार्थना गरेको कहिल्यै देखेको छैनँ।"

म सबै इसाईहरूलाई पूर्ण पवित्रतामा लागिरहन आग्रह गर्दछु।[134]

.................

[134]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (मार्च २००८).

# स्वयम, भाग १

*****

*आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।*
*मत्ती १९:१९ख*

जिम इलियटले बाईस वर्षको हुँदा लेखेका नाटकीय शब्दहरू हुन्, "उहाँले आफूले गुमाउन नसक्ने कुराहरू दिनुहुन्न।" इक्वेडरको हुआरानी जातिको मुक्तिको लागि शहीदको रूपमा आफ्नो ज्यान दिने पाँच व्यक्तिहरूमध्ये उनी पनि एक थिए। येशू ख्रीष्टले संसारको मुक्तिको लागि आफ्नो ज्यान दिनुभएजस्तै। जिम इलियटसित ख्रीष्टको लागि बाँच्ने र दिने सक्ने आफै थियो।[135]

येशू ख्रीष्टले अनन्त जीवन प्राप्त गर्न खोजिरहेको एक जना धनी मानिससित गम्भीर कुराकानी गर्नुभयो। तिनीहरूले ती आज्ञाहरू बारे चर्चा गरे। येशूले प्रसिद्ध शब्दहरू भन्नुभयो, "आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर।" निस्सन्देह, त्यस मानिसहरू स्वार्थलाई जरैदेखि उखेलेर अरूलाई प्रेम गर्न उत्प्रेरित गर्ने येशूको मुख्य चासो थियो। तथापि, त्यसो गर्दा आफूलाई उचित प्रेम गर्नु जायज छ भनेर येशूले मानिलिनुभयो।

तपाईं आफै परमेश्वरले दिनुभएको वरदान हो। येशूले तपाईंसँग आत्म-मूल्य, आत्म-सम्मान, आत्म-जागरूकता, आत्म-चिन्तन, आत्म-हेरचाह, स्व-नियन्त्रण, र थप कुराहरू भएको चाहनुहुन्छ। त्यो तपाईंको लागि उचित प्रेम हो।

तपाईं स्वयम परमेश्वरको कामको माध्यम हुनुहुन्छ। जब परमेश्वरले तपाईंलाई शुद्ध पार्नुहुन्छ र आफ्नो आत्माले भर्नुहुन्छ, तब उहाँले तपाईंहरूको अस्तित्वलाई मेटाउनुहुन्न- तपाई, तपाईं नै रहनुहुनेछ।

बरू परमेश्वरले तपाईंहरूलाई पवित्र पार्नुहुँदा उहाँले तपाईंहरूलाई शुद्ध पार्नुहुनेछ र चोख्याउनुहुनेछ। परमेश्वरले तपाईंको स्वार्थ वा स्वार्थी मनोभावलाई जरैदेखि उखेल्नु भएको छ। आत्मकेन्द्रित हुने अन्य शब्दावलीहरू पनि छन्। जस्तै देह, पापी स्वभाव, पुरानो आदम, आदमिक स्वभाव, शारीरिक स्वभाव, शारीरिक मन अनि अरूपनि। तपाईंले बुझ्नुपर्छ कि तपाईं आत्मकेन्द्रित नभई आफै हुन सक्नुहुन्छ। म अक्सर प्रचार गर्छु:छु, "तपाईंहरू जान्नुहुन्छ कि तपाईंहरूका पापहरू क्षमा भएका छन्। तपाईंले ख्रीष्टलाई चिन्नुभयो; तपाईंको नयाँ जन्म भयो; तर तपाईं अझै पनि आफ्नो व्यक्तित्वमा आत्मकेन्द्रित हुने मुख्य कारणसित लडिरहनुभएको छ। परमेश्वरसित तपाईंहरूको लागि जवाफ छ।"

यस सत्यको एउटा ज्वलन्त अभिव्यक्ति प्रेरित पावलको गवाही हो: "म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गलाती २:२०)।

मौलिक युनानी पदमा क्रूसमा टाँगिएको "म" शब्द "इगो" हो। कसैले भन्छ, "यो मान्छे साह्रै घमण्डी छ" भन्नुको अर्थ के हो भने कुरा हामीले बुझेका छौं। यसको अर्थ, व्यक्तिबाट अति प्रभावित हुन्छ, आफूलाई अरूभन्दा माथि ठान्छ र धेरै प्रशंसा गर्नुपर्छ। त्यो स्वार्थी कुरा हो। यस्तो किसिमको व्यक्तिलाई क्रूसमा टाँग्नुपर्छ।

जब ख्रीष्ट त्यस व्यक्तिको जीवनमा बाँच्न आउनुहुन्छ, तब पनि त्यो मानिस शारीरिकरूपमा बस्छ जुन आफैमा पापी हुँदैन। क्रूसमा टाँगिएपछि यो आफै नयाँ तरिकामा बाँच्छ: "म परमेश्वरको पुत्रमाथि विश्वास गरेर बाँच्दछु।" उ पहिलेभन्दा अहिले प्रशस्ततामा जिउँदछ। ख्रीष्टनै उसको जीवनको सिंहासनमा विराजमान हुनुहुन्छ, जहाँ पहिला आफ्नो अहम (म) विराजमान थियो।

•••••••••••••••••

[135]. एलिसाबेथ इलियट, *सर्वहाराको छायाँ* (न्यु योर्क: हार्पर एण्ड ब्रदर्स, १९५८), २४७.

# स्वयम, भाग 2

*****

*आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।*
*मत्ती १९:१९ख*

पवित्र-शास्त्रले सिकाउँछ, "जवान मानिसहरूलाई पनि आत्मसंयमी हुनलाई अर्ती देऊ" (तितस २:६), तर आत्मखोजीलाई निरुत्साही पार्दछ: "प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नो कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन" (१को. १३:५)।

हामीलाई यस्तो चेताउनी दिइएको छ, "तर यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर" (याकूब ३:१४)। बरू, पवित्र-शास्त्रले हामीलाई स्वादिष्ट फलले भरिएको जीवन जिउन आमन्त्रित गरेको छ: "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्" (गलाती ५:२२-२३)।

सबै इसाईहरूलाई आफ्नो स्वार्थलाई क्रूसमा लैजान र परमेश्वरको पवित्र आत्मालाई शुद्ध पार्न, एकबद्धता हुन र आफ्नो सम्पूर्ण व्यक्तित्वलाई पवित्र पार्न अनुमति दिन आग्रह गरिएको छ। स्वयमले आफ्नो गुरुलाई चिन्नै पर्छ।

मानिसहरूले परमेश्वरलाई आफ्नो स्वार्थपनलाई क्रूसमा टाँग्न अनुमति दिँदा र उहाँलाई प्रेम गर्न र उहाँको सेवा गर्न लगाउन दिँदा कस्तो महसुस गर्छन्? यसलाई पत्तो लगाउन, आउनुहोस् जिम इलियटबाट थप कुरा पढ्नुहोस्:

मेरो आफ्नै अनुभवमा मैले पत्ता लगाएको छु कि बाल्यकालको सबैभन्दा असाधारण सपनाहरू परमेश्वरको इच्छामा हुनुको ठूलो अनुभवलाई पार गरेको छैन, र म विश्वास गर्छु कि योभन्दा राम्रो अरू केही हुनै सक्दैन। त्यसको अर्थ म अरू कुरा र अन्य जीवनशैली र अन्य ठाउँहरू हेर्न चाहन्नँ भन्ने होइन। तर मेरो सही दिमागमा मलाई थाहा छ कि मेरो आशा र योजना उहाँले प्रबन्ध गरेर पूरा गर्नुभएभन्दा राम्रो हुन सक्दैन। यसैले हामी सबैले यो सत्य पत्ता लगाऔं र "मृत्युसम्मै उहाँ हाम्रा मार्ग-निर्देशक हुनहुनेछ" भन्ने वचनको सत्यतालाई जान्न सकौं।136

पछिबाट तिनी "एउटै धन, एउटै आँखा र एउटै मालिकको बारे" लेख्छन्।137

त्यसपछि तिनले अझ लेख्छन्, "हे परमेश्वर, मेरो जीवनका यी बेकारका डण्डाहरू सल्काइदिनुहोस्, र म तपाईंको निम्ति जल्न सकूँ। मेरो परमेश्वर, मेरो प्राणलाई नष्ट गरिदिनुहोस्, किनभने यो तपाईंकै हो। हे प्रभु येशू, म लामो आयु होइन तर तपाईंको जस्तै पूर्ण जीवन चाहन्छु।"138

यी ईश्वर-नियन्त्रित र धन्य "आत्म" का शब्दहरू हुन्।

यी ईश्वर-नियन्त्रित र धन्य "आत्म" को शब्दहरू हुन्।

•••••••••••••••••

[136]. एलिसाबेथ इलियट, *सर्वहाराको छायाँ* (न्यु योर्क: हार्पर एण्ड ब्रदर्स, १९५८), १९६.

[137]. एल्योट, *छायाँ गर्नुहोस्*, 247

[138]. एल्योट, *छायाँ गर्नुहोस्*.

# तपाईंको लागि मेरो क्रिसमसको शुभकामना

*****

*तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। आज दाऊदको सहरमा तिमीहरूका मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। लूका २:१०-११*

येशू तपाईंको घरमा आउनुभयो र ढोका ढकढक्याउनुभयो भने के तपाईं हतार गरेर उहाँलाई भित्र जान दिनको निम्ति उत्साहित हुनुहुन्छ? ढोकाभित्र पसेपछि के तपाईंको हृदय धड्किन्छ? के तपाईं उहाँलाई धन्यवाद दिनुहुन्छ र उहाँको प्रशंसा गर्नुहुन्छ? त्यसपछि तपाईं अरू केही गाउनुहुन्छ? उहाँले तपाईंलाई बचाउनुभयो भनी जान्नलाई, त्यसपछि तिमीहरूलाई क्षमा गर्नुभयो। अनि शान्ति दिनभरि नै आयो त्यसैले अब तपाईंले उहाँको प्रेम, कृपा र क्षमाको कुरा गर्नुहुन्छ। उहाँको आवश्यकता भएका व्यक्तिहरूले तपाईंलाई स्वर्गीय दृष्टिकोणले हेर्न पाऊन् भनेर तपाईं प्रार्थना गर्नुहुन्छ। आफ्नो जीवनलाई प्रेम र अनुग्रहका साथ जीवन बिताउनका लागि हृदय जसले ब्राण्डलाई नयाँ बिट गर्दछ। हाम्रो पार्थिव दिनको लागि हामी उहाँलाई धन्यवाद दिन्छौं र उहाँको प्रशंसा गर्छौं। उहाँ हाम्रो साथमा हुनुहुन्छ र हाम्रा सबै मार्गहरूलाई आशिष् दिनुहुन्छ भन्ने कुरा थाहा पाउन यसले येशूको सेवा गर्न पैसा तिर्छ अर्थात् यसले हरेक दिन तिर्छ – यसले बाटोको हरेक पाइला पूरा गर्छ यद्धपि महिमाको बाटो कहिलेकाहीँ ढल पलाउन सक्छ म उहाँलाई हरेक पाइलामा भरोसा गर्नेछु।

न्यान्सी शेभर[139]

•••••••••••••••••

[139]. यस अघि शेभरका क्रिसमस पत्र, २०१७ मा प्रकाशित्।

# लक्ष्यमा निशाना लगाउनु

*****

*तिमीहरूलाई आमनेसामने भेटेर तिमीहरूका विश्वासको कमी पूरा गर्ने हेतूले हामी दिनरात जोशका साथ प्रार्थना गर्छौं।*
*१ थेसलोनिकओ ३:१०*
*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रीकरण पनि हो।*
*१ थेसलोनिकी ४:३क*
*यसैकारण जसले यस कुराको अवहेलना गर्छ त्यसले मानिसको होइन, तर परमेश्वरले तिमीहरूलाई आफ्ना पवित्र आत्मा दिनुहुन्छ। १ थेसलोनिकी ४:८*

किथ युनिभर्सिटी अफ कन्सास मेडिकल सेन्टरका विद्यार्थी लेखा निर्देशन हुन्, जहाँ तिनले प्रति वर्ष ७५ देखि ११० मिलियन डलर विद्यार्थी ऋण र ट्यूसन कोषको प्रबन्ध गर्छन्। तिनी र तिनकी पत्नी लरासँग आयकर सेवा छ, जुनचाहिँ तिनीहरूले घरैबाट चलाउँछन्। केथ र लराले सन् १९८६ मा विवाह गरे र तिनीहरूको जवान छोरो एन्डी छन्, र तिनीहरू मण्डलीका सदस्यहरू हुन्। यहाँ किथले आफ्नो कथा यसरी भनेका छन्:

परमेश्वरको स्वर्गीय काम र पास्टर चिक शेभरको पृथ्वीमा गरिएको कार्यको रूपमा मा ख्रीष्टको अनुयायी भएँ। त्यस रात मलाई केही भएको छ भन्ने थाह थियो तर केही फरक नदेखिए तापनि जे भए पनि वास्तवमा त्यस्तै भयो भन्ने आश्वासन खोज्न थालें। मेरो मूल्य मान्यता, आदत र सेवा गर्ने इच्छा पूर्णरूपले परिवर्तन भयो। यी परिवर्तनहरूले गर्दा म परिवर्तन भएँ भन्ने कुराको प्रमाण पाएँ।

यो कुरा ठीकै लाग्यो र मैले यो कुरा वर्षौंसम्म स्वीकार गरें। म मण्डली र सामुदायिक क्रियाकलापमा असाध्यै व्यस्त थिएँ र त्यहाँ केही कुरा हराएको पनि मैले याद गरिनँ, त्यो दिनसम्म, जुनदिन मेरी प्यारी पत्नी लारा र म स्थानीय सपिङ सेन्टरमा पार्किङ गर्ने ठाउँ खोजिरहेका थियौं। अन्तत: एउटा ठाउँ भेट्टाएँपछि मैले गाडी पार्क गर्न थालें जब मैले डामरमा ह्विलचेयरको प्रतिमा रङ लगाएको देखें। मैले त्यसको समर्थन गरें र यस असुविधाबारे सराप्न र गनगन गर्न थालें जब लराले यसो भनिन्, "ठीक छ, यो राम्रो इसाई मनोवृत्ति हो।"

त्यति नै बेला मलाई थाहा भयो कि केही हराइरहेको छ। यदि मेरो स्वभाविक स्वभाव श्राप र गनगन गर्ने थियो भने म कसरी ख्रीष्टको विश्वासी र अनुयायी हुन सक्छु? त्यसैले के हराएको छ भनी खोज्न थालें। मैले जवाफहरू खोजें तर मलाई लाग्यो कि मैले सबै आधारभूत विषयहरू समेटेको छु: विश्वास, दशांश , सेवा गर्नु – तर ,मेरो स्वभावमा कुनै परिवर्तन भएन। मलाई लक्ष्य राख्न समेत नजानेको बेला चालै नपाई लक्ष्यमा पुग्ने प्रयास गरेजस्तै भयो!

मैले के  गर्ने भन्ने कुरा थाहा पाउन म तयार थिएँ भनी परमेश्वरलाई भनेको थिएँ तर मलाई लाग्छ कि यो प्रार्थना भन्दा बढी माग थियो: "हे परमेश्वर, तपाईंकेको लागि पर्खिरहनुभएको छ? आउनुहोस् हामी यो कुरामा अघि बढौं।"

केही समय लाग्यो तर केही गडबडी हुँदा मेरा मण्डलीका थुप्रै साथीहरू सधैँ दयालु र धीरजी देखिन्थे। तिनीहरूले आफ्नो भावनालाई दोष दिनुको सट्टा सहानुभूति प्रकट गरे। तिनीहरूले आवश्यक परेको मद्दत वा सहयोग दिए। अनि तिनीहरूले सधैँ प्रार्थना गरे।

त्यो सबै मलाई अर्थपूर्ण लाग्यो, तर मैले यसलाई पत्ता लगाउने सरसरी प्रयास मात्र गरें। तपाईंले आशा गर्न भएझैं वास्तवमा केही पनि परिवर्तन भएन।

त्यसपछि, जुलाई २००८को अन्ततिर हाम्रो मण्डलीलाई केही संरक्षकको मद्दत चाहिएको थियो भने केही नियमित मानिसहरू बाहिर थिए। यो कुरा मेरो ओहोदाभन्दा निक्कै कम थियो भनेर सोचेको मलाई अझै याद छ तर म राजीखुशीले काम गर्न राजी भएँ। जुलाई २७, २००८ मा आइतबारको आराधनाको समय म अवकाशप्राप्त भूतपूर्व प्रमुख संरक्षककहाँ गएँ। मैले ठट्टा गर्दै तिनलाई तिनको पुरानो कार्यभार आफूले लिन लागेको कुरा बताएँ र तिनलाई सोधें, "तपाईंयसलाई कसरी सम्हाल्नुहुन्थ्यो?"

तिनले मलाई आफ्नो संरक्षकको कामलाई सेवकाईको रूपमा लिएको र परमेश्वरको लागि काम गरिरहेको कुरा बताए: "ख्रीष्ट मेरोलागि क्रूसमा मर्नसक्नुहुन्छ भने म पक्कै पनि उहाँको लागि मण्डली सफा गर्नसक्छु।"

जब तिनले यसो भनेको सुनें, तिनका शब्दहरू मेरो वरिपरि गुञ्जीरहेको थियो। त्यसपछि यस्तो भयो। मैले तातो, चिसो, खाली र भित्रबाट एकैचोटि भरिएको महसुस भयो। म संरक्षण हुनुपर्छ भनेर मलाई थाहा थियो। मैले यसबारे एकजना पास्टरसित कुरा गरें र तिनले भने, "यो प्रार्थनाको वास्तविक उत्तर हो।"

म स्वयंसेवकबाट स्थायी संरक्षकमा गएँ र त्यसबेलादेखि म यसैमा लागिरहेको छु। मण्डलीमा मेरो सेवा सजिलो र सन्तोषजनक थियो। साथै, समस्याहरू मद्दत गर्ने परिस्थीतिहरू भए; परिस्थीति केही गर्ने अवसर बन्यो; मेरो काम सेवाको कार्य बन्यो। मण्डलीमा मानिसहरूले मेरो मद्दतको मूल्याङ्कन गर्न थाले र मेरो मद्दतमा भरोसा गर्न थाले र मैले सकारात्मक दृष्टिकोण राख्दा प्रायजसो समस्याहरू हराए।

परमेश्वरले मेरो आँखा र हृदय उहाँको पूर्णताको लागि खुला गर्न एक जना संरक्षक प्रयोग गर्नुभएको मैले महसुस गरें। अब म मण्डलीमा मात्र होइन तर सबै क्षेत्रमा किथको योजनाको अधीनमा बस्न वा त्यसको पछि लाग्न पर्दैन। समस्याको जिम्मा लिन र त्यसपछि उहाँको नेतृत्व पछयाउन परमेश्वरलाई पर्खन पाउनु साँच्चै आनन्दको कुरा हो।

यसैले जब मानिसहरूले मलाई सोध्छन्, "म कसरी प्रभुमा स्थिर छु?" साथमा छु?' म तिनीहरूलाई भन्छु कि म आत्माले भरिएको छु, र सबै कुरामाथि परमेश्वरलाई अधिकार दिन्छु। त्यसपछि म कृतज्ञतासाथ स्वीकार गर्छु जब उहाँले म
अनि म परमेश्वरलाई पर्खन पाउनु साँच्चै आनन्दको कुरा हो।

त्यसोभए, जब मानिसहरूले मलाई सोध्छन् कि म कसरी "परमप्रभुसँग स्थिर छु," म तिनीहरूलाई भन्छु कि म आत्माले भरिएको छु, र म परमेश्वरलाई चीजहरूको जिम्मा लिन दिन्छु। त्यसपछि म कृतज्ञतासाथ स्वीकार गर्छु जब उहाँले मेरो सहायताको इच्छा राख्नुहुन्छ।

मैले त्यो गतिशील लक्ष्यलाई कहिल्यै भेट्टाएको छैन। यसले मलाई भेट्टा।एको छ।

•••••••••••••••••

# सुसमाचार अनि मानव आवश्यक्ता

*****

*किनकि यदि अन्यजातिहरू तिनीहरूका आत्मिक आशिषहरूमा सहभागी भएका छन् भने, यिनीहरूले पनि सांसारिक आशिषहरूद्वारा तिमीहरूको सेवा गर्नुपर्छ। यसकारण यो काम सिद्धाएर तिनीहरूका निम्ति उठेको यो चन्दा सुम्पिसकेपछि म तिमीहरूकहाँ भएर स्पेन जानेछु।*
*रोमी १५:२७-२८*

डोरीसका शब्दहरू निस्कनै लागे। तिनी र तिनकी छोरी सिल्भिया उद्धार कार्यमा लागिरहेकी थिइन् र त्यहाँ तिनीहरूले फिडेललाई भेटेका थिए। एक चोटि तिनी स्थानीय रेस्तुराँमा काम गर्थे र त्यहाँको एउटा कोठामा बस्थे। तर छत्तीस वर्षको उमेरमा मधुमेहले उनलाई भेट्यो र फिडेलको एउटा खुट्टा काटियो। त्यसपछि तिनले आफ्नो जागिर र आवास गुमाए। त्यस दिन डोरिसले हाम्रो सण्डे स्कूलको कक्षाले फिडेलको लागि कृतिम खुट्टा किन्न ४,४०० अमेरिकी डलर जम्मा गर्न सकिन्छ कि भनेर सोधे।

मानिसहरूलाई ख्रीष्टसित घनिष्ठ बनाउन र उहाँका चेलाहरूको हैसियतमा तिनीहरूलाई हुर्कन मद्दत गर्न हाम्रो कक्षाले भर्खरै मात्र क्रिसमसको भेटी चढाइसकेको थियो। नियमित रूपमा दिइने अनुदानभन्दा पनि ज्यादा कक्षाका सदस्यहरूले पेरू, बङ्गलादेश र इथियोपियाका केटाकेटीको शिक्षाको लागि २,६०० अमेरिकी डलरभन्दा बढी रकम जम्मा गरे। के तिनीहरू फेरि दिन सक्षम हुनेछन्?

त्यो हप्तापछि, जब डोरिस र सिल्भियाले फिडेललाई तिनीहरूको कक्षाले तिनको खुट्टाको निम्ति ६७४ डलर उठाइसकेको कुरा बताए, तब फिडेल रोए र भने, "धन्यवाद, धेरै धेरै धन्यवाद!"

पावल पनि रोम हुँदै स्पेनको सुसमाचार प्रचार यात्रामा, प्रेमिलो सेवाद्वारा यरूशलेमको भौतिक आवश्यकता पूरा गर्न सकेकोमा आनन्दित भए। त्यसरी नै, हाम्रो सण्डे स्कूलको कक्षा पनि सुसमाचार प्रचार र चेलापनको यात्रामा फिडेलको खाँचो पूरा गर्न पाउँदा रमाएको छ। आज डोरिस, सिल्भिया, फिडेल, उद्धार मिसनका स्वस्थ्य परिचारिका, र हाम्रो कक्षाका सदस्यहरू सबै परमेश्वरप्रति धन्यवादले भरिएका छन्।[140]

.................

# संसारलाई बचाउन पठाउनुभयो

*****

*किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस भनेर पठाउनुभयो।*

*यूहन्ना ३:१७*

मेरा बुवा-आमाहरू कहिलेकाहीँ मात्र मण्डली जान्थे, तर उनीहरूले मलाईचाहिँ सण्डे स्कूल गएको चाहन्थे। मेरो छिमेकी केटी पनि सण्डे स्कूल गइन्, यसर्थ मेरी आमा हामी दुवैलाई मण्डलीमा छोड्न गइन्, अनि छिमेकी हामीलाई लिन आइन्। अर्को हप्ता, हाम्रा आमाहरूले आफ्नो पालो साटासाट गर्थिन्। कुनै आइतबार एकै जनाले पुऱ्याउने-ल्याउने काम गर्थिन्।

एक आइतबार, जब हामी सण्डे स्कूलबाट बाहिर निस्क्यौं, हामीलाई लिन कोही पनि आएका थिएनन। सानी केटी, जोचाहिँ ६ वर्ष मात्र पुगेकी थिइ, आफैलाई निक्कै परिपक्व ठान्थी। उसले भनी, "मलाई बाटो थाहा छ। हामी हिँडौं।" म केवल ५ वर्षको थिए, र मलाई घरको बाटो थाहा थिएन।

हाम्रो घर मण्डलीदेखि सिधा २ माइल पूर्वतिर थियो। उसले मेरो हात समाती र सहरको बीचमा मूल बाटोबाट दक्षिणतिर हिँड्न थाल्यौं। यसैबीच मेरी आमाले मलाई घर पुग्न किन यति लामो समय लाग्यो भनी सोचिन्। उनले आफ्नो छिमेकीलाई फोन गरेर सोधिन्, "के तपाईंले बच्चाहरूलाई ल्याइसक्नुभयो?"

"अहँ", छिमेकीले उत्तर दिइन्, "मैले सोचें तपाईंले तिनीहरूलाई ल्याउदै हुनुहुन्छ।"

मेरी आमा तुरुन्तै हामी हराएको सुचना दिन पुलिस चौकीमा गइन्। जब मेरी व्यग्र आमा पुलिस चौकीमा रिपोर्ट दिन उभिइन्, उनले झ्यालबाट बाहिर हेरिन् अनि उनले दुई जना सा-साना केटाकेटी सडकमा हिँड्दैगरेको देखिन्। उनी कुदेर बाहिर आइन् र हामीलाई बोलाइन्, चाडो गरेर उनी आइन् र हामीलाई अङ्गालो हालिन्। उनले हामीलाई हकारिनन् तर हामीलाई प्यार गरिन् र हामीलाई पक्रिरहिन्। उनले हामीलाई बचाइन्। बिस मिनेटभित्र हामी आफ्नो घरमा थियौं र रमाइरहेका थियौं।

परमेश्वरको पुस्तकमा, तपाईंको, मेरो र संसारको निम्ति उहाँको योजनाको बारे कुनै रहस्य लुकेको छैन: "किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई पठाउनुभएन, तर उहाँद्वारा संसार बाँचोस भनेर पठाउनुभयो।" के तपाईंले बूझ्नुहुँदैछ? संसारलाई बचाउन परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो।

यशैया, यर्मिया, र अन्य पुरानो करारका अगमवक्ताहरूले प्रचार गरे। पहाडबाट व्यवस्था गर्जनसित तल आयो; जब मानिसहरूले विद्रोह गरे, न्याय आयो। पापले क्षतिग्रस्त र पापले विकृत संसार ठूला छालहरू शक्तिशाली झोकाहरूको जोखिमले हल्लियो; मानवता, जसले परमेश्वरलाई त्यागेको थियो, पापको भयानकता प्रदर्शन गर्दै, एक-अर्काको खराबी गऱ्यो। बप्तिस्मा दिने यूहन्नाले भने। पत्रुस र पावलजस्ता महान ख्रीष्टका अनुयायीहरू मार्गदर्शन गर्न देखा परे। परमेश्वरले हामीलाई सचेत गर्न, हामीलाई ब्युँझाउन, घुमाउरो संकेतहरू दिन, चट्टानबाट बाहिर निस्कनबाट रोक्न, र हामीलाई ख्रीष्टमा देखाउन उहाँले गर्नुहुने हरेक सम्भावित तत्त्वहरू प्रयोग गर्नुभयो। उहाँ बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६)। ख्रीष्टले संसारलाई बचाउन खोज्दैहुनुहुन्छ, यो यो गर्नको निम्ति उहाँ परमेश्वरको योजना हुनुहुन्छ। परमेश्वरसँग कुनै अर्को वा वैकल्पिक योजना छैन, केवल यही हो। "स्वर्ग मुनि अर्को कुनै नाउँ दिइएको छैन...जसद्वारा हामी उद्धार पाउनसक्छौं" (प्रेरित ४:१२)। केवल येशू ख्रीष्ट मात्र उद्धार वा मुक्तिको बाटो हुनुहुन्छ।

ख्रीष्ट नम्रतामा आउनुभयो, परिपक्वतामा हुर्कनुभयो अनि प्रचार गर्न र शिक्षा दिन सुरु गर्नुभयो। उहाँले अन्धालाई लङ्गडालाई निको पार्नुभयो; उहाँले दुष्टलाई भगाउनुभयो; उहाँले मरेकालाई जिलाउनुभयो; उहाँले हामीलाई प्रेम गर्न, वास्ता गर्न, क्षमा गर्न र सेवा गर्न सिकाउनुभयो। उहाँ हाम्रो पापको क्षमादानको निम्ति क्रूसमा मर्नुभयो र मरेकोबाट बिउँतनुभयो। अहिले उहाँले हाम्रो निम्ति स्वर्गमा पितासित अन्तरविन्ती गर्दैंहुनुहुन्छ र फेरि पृथ्वीमा आउनुहुनेछ।

अब, उहाँले हामीलाई निम्ति कुरा गर्ने आग्रह गर्नुहुन्छ:

- आफ्नो हानिकारक अनि घिनलाग्दो पापबाट फर्कनुहोस्।
- उहाँको निम्ति आफ्नो हृदय खोलिदिनुहोस्
- उहाँलाई आफ्ना सबै पापको क्षमा दिनुहुनेको रूपमा स्वीकार गर्नुहोस्

- आफ्नो जीवनको अगुवाको रूपमा पछ्याउनुहोस्।
- आफ्नो सारा जीवन उहाँलाई अर्पण गर्नुहोस्।
- पवित्र आत्माद्वारा भरिनुहोस् र शुद्ध हुनुहोस्।
- अर्थ, प्रशस्तता, आनन्द, महत्व, प्रेम र पूर्तिको जीवनमा रमाउनुहोस्।
- यो मार्गको बारे अरूलाई बताउनुहोस्।
- उहाँको महिमित स्वर्गमा सबै मानिसहरूलाई ल्याउनुहोस्।

मानिसहरूले आफैलाई पाप र इन्साफमा तिरस्कार गर्नेछन्, तर परमेश्वरले बचाउनुहुने ख्रीष्टकहाँ मानिसहरूलाई ल्याउन सबै कुरा गरिरहनुभएको छ। फेरि एकपल्ट: "किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई पठाउनुभएन, तर उहाँद्वारा संसार बाँचोस भनेर पठाउनुभयो।"

यदि तपाईं किन यस्तो भयो भनी छक्क पर्नुहुन्छ भने उत्तर यहाँ छ: "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)।

•••••••••••••••••

# परमेश्वरको उपस्थीति

*****

*र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ...त्यसदिन तिमीहरूले जान्नेछौ कि म मेरा पितामा छु र तिमीहरू ममा, र म तिमीहरूमा छु।*

*यूहन्ना १४:१६-२०*

पुरानो करारका धेरै खण्डहरूले प्रकट गरिएझैं, परमेश्वरको उपस्थीति उहाँका मानिसहरूमा भयानक र डरलाग्दो तरिकामा आयो। उदाहरणका लागि, जब करारको सन्दुक सलोमोनको मन्दिरमा ल्याइयो, तब यस्तो भयो: "जब पूजाहारीहरू पवित्रस्थानबाट बाहिर आए, तब परमप्रभुको मन्दिर बादलले भरियो। अनि पूजाहारीहरूले त्यहाँ बादल भएको हुनाले सेवा गर्न सकेनन्, किनभने परमप्रभु महिमाले मन्दिर भरिएको थियो" (१ राजा ८:१०-११)।

येशू पृथ्वीमा आउनुहुँदा परमेश्वर भयानकरूपमा आउनुभएन। यद्यपि, त्यसबेला प्रभुको महिमाको अभाव भएको थिएन। साधारण गोठालाहरूले प्रत्यक्षरूपमा यसको अनुभव गरे: "प्रभुका एकजना स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो, अनि तिनीहरू साह्रै डराए। तब स्वर्गदूतले तिनीहरूलाई भने, 'नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु।...एकजना मुक्तिदाताको जन्म भएको छ...तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डुँडमा सुताइराखेको भेट्टाउनेछौ" (लूका २:९-१२)। बालक – तिनीहरूले सम्हाल्न सक्थे।

जब बालक बढेर जवानअवस्थामा पुगे, हामीले येशू ख्रीष्टको प्रेमिलो र शक्तिशाली सेवकाईलाई देख्यौं। उहाँले आफ्नो धेरै समय परमेश्वर पिताको बारेमा चेलाहरूलाई बुझाउने कोशिषमा व्यतित गर्नुभयो। जब उहाँले संसारलाई छोड्ने तयारी गर्दै हुनुहुन्थ्यो, उहाँले फिलिपलाई भन्नुभयो, "म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमीहरू विश्वास गर्दैनौ?" (यूहन्ना १४:१०)।

येशूले चेलाहरूलाई टुहुरा नछोड्ने प्रतिज्ञा गर्नुभयो। उहाँले अधिवक्ता, सत्यको आत्मा तिनीहरूसँग सदासर्वदा रहनको निम्ति पठाउने प्रतिज्ञा गर्नुभयो: "त्यसदिन तिमीहरूले जान्नेछौ कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु" (यूहन्ना १४:२०)। जब पवित्र आत्मा, अधिवक्ताले तपाईंको हृदयमा आफ्नो ठाउँ लिनुहुन्छ, त्यसबेला पिता र पुत्र पनि त्यहाँ हुनुहुनेछ। पिता, पुत्र र पवित्र आत्मा, परमेश्वरको उपस्थितिले तपाईंको हृदयमा वास गर्नुहुन्छ।

येशूले भन्नुभएको कुरामा कुनै अचम्म मान्नुपर्दैन, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ" (यूहन्ना १४:२३)। पिता, पुत्र र पवित्र आत्माको उपस्थीतिले तपाईमा आज्ञाकारिताको जीवन उत्पन्न गर्नु कति स्वभाविक कुरा हो।

.................

# क्रिसमस, खराब अनि असल

*****

*जब ज्योतिषीहरूले तिनलाई छकाएको कुरा हेरोदले थाहा पाए, र तिनी रीसले चूर भए। अनि ज्योतिषीहरूबाट थाहा भएको समयअनुसार बेथलेहेम र त्यस इलाका भित्रका दुई वर्ष र त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाए।*

*मत्ती २:१६*

प्रथम क्रिसमसमा खराब र असल दुवैको असामान्य संयोजन समावेश थियो। मत्ती १:११-१२ ले येशू ख्रीष्टकहाँ आएका ज्योतिषीहरूको कथा बताउँछ: "अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत गरे। तब आफ्नो कन्तुर खोलेर उहाँलाई सुन, धूप र मूर्रका भेटी चढाए। अनि हेरोदकहाँ फर्कि नजानू भन्ने सपनामा चेताउनी पाएर तिनीहरू अर्कै बाटो भएर आफ्नो देश फर्के।"

यो आनन्दमय जन्मप्रति खराब प्रतिक्रिया थियो। मत्ती २:१६ले यसको वर्णन गर्छ: "जब ज्योतिषीहरूले तिनलाई छकाएको कुरा हेरोदले थाहा पाए, र तिनी रीसले चूर भए। अनि ज्योतिषीहरूबाट थाहा भएको समयअनुसार बेथलेहेम र त्यस इलाका भित्रका दुई वर्ष र त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाए।"

आज पनि हाम्रो संसारमा यो लडाइँ चलिरहन्छ- हुनसक्छ यो क्रिसमसमा पनि। मैले यो लडाइँ न्यूपोर्ट, ओरेगनमा भएको जागृति सभामा देखे। हामीले पवित्र आत्माको असामान्य गतिविधी अनुभव गऱ्यौं र धेरै जना प्रार्थनाको निम्ति आए। गेल नाउँ गरेकी स्त्री पनि थिइन्। गेलको कल्पनाशक्ति सक्रिय थियो। तिनले आफ्नो दिमागमा ठाउँहरू सृजना गरे जहाँ तिनी प्रार्थना गर्न जान सक्छिन्। यदि तिनीसँग विचारहरू थिएनन् भने, तिनले तिनीहरूलाई आफ्नो दिमागको "कोठरी" मा अलग गरिन्। समस्या के हो भने, केही समयपछि त्यस कोठरी कटुता, तिरस्कार, चोट, पीडा र द्वेषले भरिन सक्छ। सोमबारको रातको समयमा तिनले मलाई भनिन्, "गत रात मैले उहाँलाई त्यो कोठरी दिएँ र उहाँले त्यहाँको फोहोर सफा गर्नुभयो। म लामो समयमा सबैभन्दा राम्रो सुतें। आज म अझ स्वतन्त्र छु।"

मलाई थाहा छ, गेल ठूलो र समस्याग्रस्त संसारमा एक मात्र व्यक्ति हुन् तर हप्तैपछि, ख्रीष्टको सुसमाचार प्रस्तुत गर्ने विशेष सेवाहरूमा र धेरै इसाईहरूको सेवकाई र साक्षीद्वारा मानिसहरूलाई परिवर्तन गरिरहेका छन्। ती सबै थपिँदा ठूलो फरक परेको हुन्छ।

आज राजा हेरोद मरिसकेको छ र अनादर गरिएको छ तर उद्धारक येशूचाहिँ सदासर्वदा जीवित हुनुहुन्छ र लाखौंले उहाँको उपासना गर्छन्। अनि गेल स्वतन्त्र छिन् र उनीजस्ता थुप्रै छन्।

तपाईंले सामना गर्नसक्ने कठिनाइहरूको बावजुद यो क्रिसमसलाई याद गर्नुहोस् कि येशूमा अन्तिम वचन हुनेछ।

•••••••••••••••••

## दिसम्बर २१ दिन - ३५५

# क्रिसमस...पूर्णताको रूपमा

*****

*यसरी अगमवक्ताहरूद्वारा बोलिएको वचन पूरा भयो: "उहाँलाई नासरी भनिनेछ।"*

*मत्ती २:२३*

"पूरा गर्नु" भन्ने शब्द क्रिसमसको कथाको भाग हो भन्ने कुरा रोचक छैन र? यहाँ केही उदाहरणहरू दिइएका छन्:

- मत्ती १:२२-२३- "अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: 'हेर कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्'।"
- २:१५- "अगमवक्ताद्वारा परमेश्वरले भन्नुभएको वचन यसरी पूरा भयो, "मैले आफ्ना पुत्रलाई मिश्रदेशबाट बोलाएँ"।"
- २:१७-१८ "तब यर्मिया अगमवक्ताले भनेको वचन पूरा भयो, 'रामामा एउटा शब्द सुनियो, डाँको छोडी-छोडी रोएको, र विलापको ठूलो आवाज...'।"
- २:२३- "तिनी गएर नासरत भन्ने नगरमा बसे। यसरी अगमवक्ताहरूद्वारा बोलिएको वचन पूरा भयो: 'उहाँलाई नासरी भनिनेछ'।"

यी उदाहरणहरू येशूका जन्म र जीवनको वास्तविकता, पवित्र-शास्त्रको सत्यता, परमेश्वरको भरोसायोग्यता र बाइबलीय सन्देशको अधिकारको प्रमाण हुन्। यद्यपि, म येशूको अर्को *पूर्ति* को पर्खाइमा छु:

- २४:४४ – "यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसहरूको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ।"

हामी त्यतिबेला पूर्ण हुन्छौं जब ख्रीष्टलाई हाम्रो जीवनको केन्द्र बनाउँछौं। यो क्रिसमसमा, सुरुमा गरिएको प्रतिज्ञाको फाइदाहरूको आनन्द लिनुहोस् अनि पूरा हुनआउने प्रतिज्ञानिम्ति तयारी बन्नुहोस्।[141]

.................

[141]. यस अघि द *गुड निउस्: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउसलेटर* (दिसम्बर २०१०)।

# डुँडमा बालक: उहाँको महिमामा राजा

*****

*त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूको उद्धारको निम्ति।*

*हिब्रू ९:२८*

पहिलो क्रिसमस डुँडमा बालक भएको भए के यो क्रिसमस उहाँको महिमाको राजा हुन सक्थ्यो र?

नियमित बाइबल पढाइमा ख्रीष्टको पुनर्आगमनबारे थुप्रै घोषणाहरूले मलाई असर गरेको छ। यीमध्ये केही पदहरूका लागि तल हेर्नुहोस्:

- हिब्रू ९:२७-२८ – "जसरी मानिसको निम्ति एक पटक मर्नु अनिश्चित छ, र त्यसको इन्साफ, त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकैपल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।"
- तितस २:११-१४ – "किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई उपासनाहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र उपासना भएर जीवन यापन गर्न तालीम दिन्छ। र हाम्रो धन्यको आशा – हाम्रा मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नो निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।"
- २ थेसलोनिकी १:७-१०क –"र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थीति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ।"

अझ अध्ययनको लागि, २ तिमोथी ४:१-२, १ थेसलोनिकी ४:१६-१७, र २ पत्रुस ३:९-१३ पढ्नुहोस्।
म तयार छु![142]

•••••••••••••••••

[142]. यस अघि द *गुड निउस्: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउसलेटर* (दिसम्बर २०१६)।

# दिसम्बर २३ दिन - ३५७

# जन्मदिनको शुभकामना, येशू!

*****

*तब आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मुर्रका भेटी चढाए।*
*मत्ती २:११*

पूर्वबाट बुद्धिमान् मानिसहरू येशूका ताराको पछि लागे र महँगा उपहारहरू लिएर उहाँको उपासना गर्न आए। तबदेखि, संसारले येशूलाई तुलनात्मक रूपमा थोरै मात्र दिएको छ। तर उहाँले संसारलाई के दिनुभएको छ, हेर्नुहोस्:

- "तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ" (मत्ती १:२१)।
- "आज दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।...सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूमा शान्ति" (लूका २:११, १४)।
- येशू: "म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतूले आएँ" (यूहन्ना १०:१०)।
- येशू: "मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्।...तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु" (यूहन्ना १४:२)।
- येशू: "तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु" (यूहन्ना १४:१४)।
- येशू: "शान्ति म तिमीहरूलाई छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु" (यूहन्ना १४:२७)।
- येशू: "जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन" (यूहन्ना ४:१४)।
- यूहन्ना: "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)।

यो उहाँको जन्मदिन थियो तर उहाँ नै सबैभन्दा ठूलो उपहार दिनुहुने व्यक्ति बन्नुभएको छ। मैले देखेको छु कि उहाँले यस्ता केही वरदानहरू दिनुभयो, जस्तै अनन्त जीवन र प्रशस्तताको जीवन। मैले यी उपहारहरू बील, कीथ, लारा, डेनिस, फ्रांक, पेगी, राहेल, पल, मरियमकहाँ आएको देखें।

.................

# यो कसरी हुनसक्छ?

*****

*तिमीहरू परमेश्वरसँग मिलापमा आओ। किनकि उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।*

*२ कोरिन्थी ५:२०-२१*

म सधैँ छक्क पर्छु: मेरो पापको मूल्य र जिम्मेवारी कसरी अर्काले लियो? "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३)। मैले यो कुरा आफ्नै जीवनमा र आफ्नो वरिपरिको संसारमा देखें। अनि परमेश्वरको पूर्ण पवित्रतालाई ध्यानमा राखेर मैले बुझें कि "पापको ज्याला मृत्यु हो" (रोमी ६:२३)। मेरो मतलब, तपाईं अरू के आशा गर्नुहुन्छ? तर अर्कोले *मेरो* पापको मूल्य र जिम्मेवारी कसरी वहन गर्नसक्छ भनेर स्वीकार्न मलाई असाध्यै गाह्रो लाग्यो।

मेरो छोरा पावल सोह्र वा सत्र वर्षको थियो र म आइतबार दिउँसो झपकी लिँदैथिएँ। जब म सुतें, पावल घरबाट सुटुक्क निस्कियो, मेरो गाडी मेरो अनुमतिविना लिएर आफ्नो साथीलाई लिन गयो। आइतबारलाई पवित्र राख्ने मेरो आग्रहको ठीक विपरीत तिनीहरूले बास्केटबल खेल खेल्थे। घर फर्कंदै गर्दा रातो हुँदै गर्दा पहेंलो बत्ती सम्झेर गाडी चलायो र अर्को कारसित ठोक्कियो।

घर पुगेपछि उसले यसो भन्यो, "बुवा, मैले गाडी बिगारें तर त्यसको लागि म पैसा दिन्छु।" त्यतिबेला हामीसित दायित्व बिमा थियो तर दुर्घटनाको क्षतिपूर्ति थिएन। अर्को कार र यात्रुहरूको चोटपटकको लागि पैसा तिरिएको थियो तर हाम्रो गाडीको मर्मतको लागि हामीले ठूलो रूपिया खर्च गर्नुपर्ने थियो।

यी सबै वर्षहरू पछि मैले सही सम्झें भने मेरो छोराले कार मर्मतको लागि पाँच डलर खर्च गरेको जस्तो लाग्छ। मैले अन्य सबै खर्च, कानुनी वार्ता, कागजपत्र र बिमा छलफल गरें। मैले मेरो छोराको गल्तीको सबै खर्च र जिम्मेवारी लिएँ ताकि ऊ स्वतन्त्र भएर जान सकोस्, अघि बढ्न सकोस् र अरूको जीवनमा असलको लागि प्रभाव बन्न सकोस्।

यदि मैले मेरो छोराको गल्तीको फल भोग्न सकें भने म बुझ्छु (र आनन्दित छु) कि ख्रीष्टले मेरो पाप आफैमाथि लिनुहुनेछ र मलाई यसरी परिवर्तन गर्नुहुनेछ कि म उहाँमा परमेश्वरको धार्मिकता बन्न सक्छु।

.................

# उसको एउटा सपना देख्यो

*****

*तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ।"*
*मत्ती १:२०*

आफ्नो मंगेतरको गर्भावस्थाले गर्दा अप्ठ्यारो मान्दा तिनलाई के गर्ने भन्ने कुरा थाहा थिएन र विशेष गरी आफू बुबा होइन भनेर तिनलाई थाहा थियो। तब तिनले एउटा सपना देखे। परमप्रभुका एकजना दूत तिनीसँग बोले: "योसेफ, दाऊदको छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ" (मत्ती १:२०-२१)।

मानिसहरूलाई पापबाट बचाउने येशूको सपना पूरा भएको हेर्न योसेफले कतिसम्म पर्खनुपरेको थियो, के तपाईंलाई थाहा छ? योसेफले के गरेनन्, हामी बुझ्छौं।

केही दिनअघि ओहायोको एउटा मण्डलीमा सामन्था रूँदै प्रार्थना गर्दै गरेको मैले देखें। तिनले मलाई यसो भनिन्, "मेरो एउटा गह्रौं भारी थियो- अहिले म हल्का भएको महसुस गर्छु। म प्रभुको लागि एक सय प्रतिशत छु।" गह्रौ भारी बोक्ने येशूले तिनलाई तिनको पापबाट बचाउनुभयो।

यो क्रिसमसमा, मेरा केही सपनाहरू छन्, व्यक्तिगत सपनाहरू, पारिवारिक सपनाहरू, ठूलो संसारको सपनाहरू। मेरो सबैभन्दा ठूलो सपनाचाहिँ यो हो कि क्षमाशील, स्वतन्त्रता ल्याउनुहुने येशूले एउटा प्रमुख आत्मिक क्रान्ति ल्याउनुहुनेछ जसले मण्डलीमा र हाम्रो टुटको संसारमा साक्षी, प्रचार, जागृति र पवित्रता उत्पन्न गर्नेछ।

म निश्चित छु कि तपाईंले पनि क्रिसमसमा सपना देख्नुभयप। तपाईंलप सबैभन्दा ठूलो सपना साकार होस्। योसेफले पनि त्यसै गरे![143]

.................

[143]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सन् २००९ डिसेम्बर).

# उहाँले प्रकाश दिनुहुन्छ

*****

*हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। - यूहन्ना १:९*

*तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेशवरका सन्तान हुने अधिकार दिनुभयो।*

*यूहन्ना १:१२*

यो एक कलेजको अनुष्ठान थियो- यदि तपाईं केही कलेज समूहहरूमा सामेल हुनुभयो भने, तपाईंले सुरुवातको समय झेल्नु पर्नेछ। सबैभन्दा डरलाग्दो घटना भाइहरूले तपाईंलाई “सवारी” को लागि लगे। एकरात, मेरो कोठाको मित्र, अल हाम्रो छात्रावासको ढोकामा पुग्यो र ढोकामा ताल्चा मारिदियो। उ करायो, “तिनीहरू आउँदैछन्!”

यसको कुनै काम थिएन; तिनीहरू फायर आगोलाग्दा भग्ने मार्फत भित्र आए। तिनीहरूले हाम्रा हात बाँधे, टाउकोमा सिरानी राखे र हामीलाई कारमा हाने। तिनीहरूले बाटोमा धेरै मोडहरू बनाए, त्यसपछि रोके। अन्तमा, तिनीहरूले हाम्रो टाउकोमा सिरानीका खोलहरू लगाए र कार भएको ठाउमा लगे, त्यसपछि हामीलाई एउटा ठाउँमा पुऱ्याएर उतारे।

हामी कालो अन्धकारमा एउटा ठूलो खुल्ला मैदानमा थियौं, अनि मैले केही चिनिनँ। मलाई अपठ्यारो भइरहेको थियो।

खुशीको कुरा, अलले भन्यो, “हामी कहाँ छौं, मलाई थाहा छ। यो ठाउमा म पहिले पनि आएको थिएँ।”

अवश्य! आशाको सानो किरण। मैदानको अन्तमा हामीले ढुंगेनी बाटोबाट तल हिँड्न सुरु गऱ्यौं। जब हामीले प्रत्येक फार्महाउसबाट गयौं, तब त्यहाँ कुकुरहरू भुक्थ्यो र हामीतिर दौडेर आउथ्यो। हरेकपल्ट हामीले एउटा सिक्रिले बाधेँको आवाज सुन्थ्यौं।

अन्तत: त्यहाँ अलि बढि उज्यालो भयो। चाँडै हामीले हाम्रो सहरको बत्ती देख्यौं। केही समय नबित्दै हामी आफ्नो कोठामा फर्केका थियौं र उज्यालो बत्ती बलेको थियो।

येशू ख्रीष्ट ज्योति-मुक्तिदाता हुनुहुन्छ। यूहन्ना सुसमाचारमा “ज्योति” शब्द एक्काइस पल्ट प्रयोग गरिएको छ। यूहन्ना ८:१२मा, येशू “संसारको ज्योति हुनुहुन्छ” र यूहन्ना १:९ मा येशूले “सबैलाई ज्योति दिनुहुन्छ।” यसमा तपाईं पनि पर्नुहुन्छ।

यदि तपाईं आफ्नो जीवनमा कहिल्यै अँध्यारो ठाउँमा हुनुभएको छ भने, तपाईंलाई यस्तो लाग्न सक्छ कि के गर्ने हो थाहा छैन। यो एउटा ठूलो निर्णय; प्रियजनको मृत्यु; खराब स्वास्थ्य; आर्थिक दबाव; टुटेको सम्बन्ध; काम नलाग्ने; अनिश्चित भविष्य; समाजको अवस्था; परमेश्वरबाट अलग हुन सक्छ। यी सबै अन्धकारमय ठाउँहरूका लागि, उहाँले तपाईंको जीवनको सबैभन्दा ठूलो प्रकाश उत्पन्न गर्ने घटना प्रदान गर्नुहुन्छ: “तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो”(यूहन्ना १:१२)।

मैले येशूलाई केही दिनअघि मात्र चिनेको थिएँ जब हामीले कलेजमा हुने सेवामा “ओ लिटिल टाउन अफ बेतलेहेम” गाएका थियौं। गीतले मसित यसरी बोल्यो जसरी कहिले बोलेको थिएन:

*तिम्रो अध्याँरो गल्लीमा*
*चम्किन्छ अनन्तको प्रकाश*
*वर्षौंको आशा र डर*
*आज रात तिमीमा मिलेकाछन्।*
*र त्यसपछि*
*हे बेतलेहेमका पवित्र बालक*
*हामी प्रार्थना गर्छौं, आउनुहोस्*
*हाम्रो पापलाई बाहिर निकाली*
*हामीभित्र आउनुहोस्*
*आज हामीभित्र जन्म लिनुहोस्।*

ख्रीष्ट येशूले तपाईंहरूको निम्ति ज्योति चम्काउनुहुनेछ।

.................

# पवित्रतातिरको एक दृष्य

*****

*जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ।*

*१ कोरिन्थी २:१४*

*भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे बालकसँग बोलेजस्तै म बोल्न सकें। मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, र अझ पनो छैनौ। तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बिचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र?*

*१ कोरिन्थी ३:१-३*

इसाई जीवनका चरणहरू र पवित्र जीवनमा कसरी सर्ने भन्ने कुरा बुझ्न हामी केही उपमाहरू हेर्नेछौं। आजको बाइबल पाठमा पावलले कोरिन्थीको मण्डलीका विश्वासीहरूलाई सम्बोधन गरेका छन्। यहाँ तल  दिइएको डल्लो घेराहरू को चित्र छ जसले तीन प्रकारका मानिसहरूको समूहको बारेमा वर्णन गर्दछ साथै आजका मानिसहरूको जीवनलाई प्रतिनिधित्व गर्दछ:

सांसारिक मानिसले आत्माबाट आउने कुराहरू स्वीकार गर्दैनन्। बरू, तिनीहरू आफ्नै सांसारिक स्रोतसाधनको भरोसा जिउँछन्। यो परिपत्रले जीवनलाई प्रतिनिधित्व गर्छ: सिंहासन भनेको मानिसको जीवनमा नियन्त्रण गर्ने आसन हो। सिंहासनमा रहेको ठूलो "म" भनेको स्व-केन्द्रित हुनु हो। घेराका चिन्हहरू (जीवनका चासोहरू) मुख्य नियन्त्रणका अभिव्यक्तिहरू हुन् - ठूलो "म"। तिनीहरू विकृत घेराहरू जस्तै देखिन्छन्, र तिनीहरू आर्थिक जीवन, समाजिक जीवन, काम गर्ने जीवन, गृह जीवन, धार्मिक जीवन र अरू पनि हुन सक्छन्। एक व्यक्तिको जीवनमा पापको सबैभन्दा ठूलो बाहिरी अभिव्यक्ति मनोरञ्जन हुनसक्छ, अर्कोको लागि यो पैसाको मोह वा उपासना हुनसक्छ। पापी स्वभावका अभिव्यक्तिहरू फरक-फरक हुनसक्छ। क्रूसले यो देखाउँछ कि ख्रीष्टले हृदयमा ढकढक्याइरहनुभएको छ। धेरैचोटि प्रतिरोध गरेपछि, यस व्यक्तिले ख्रीष्टलाई स्वीकार गर्छन् र प्रकाश ३:२० मा जस्तै तिनीहरूलाई आफ्नो हृदयमा निमन्त्रणा दिन्छन्।

नयाँ जीवन सुरु हुन्छ। येशू ख्रीष्ट सबै कुराको नियन्त्रणको केन्द्र- सिंहासनमा आउनुहुन्छ। जीवनका सबै महत्वहरू सन्तुलित हुन्छन्। यद्यपि, केही समयपछि यो इसाईले आन्तरिक युद्ध थाहा गरेका छन्। ठूलो "म" ले आफ्नो नियन्त्रण गुमाउन चाहँदैन, र नियन्त्रणको लागि लडाइँ सुरु हुन्छ। यो लडाइँ गलाती ५:१६-२४ र रोमी ८:५-८ मा व्याख्या गरिएको छ। त्यहाँ डाह वा बाहिरी झगडाको आन्तरिक प्रकटीकरण हुनसक्छ। यो सांसारिक वा शारीरिक इसाई हो।

यो समस्याग्रस्त इसाईले अझ राम्रो कुरा हुनुपर्छ भन्ने महसुस गर्छ। परमेश्वरले कुनै व्यक्तिलाई पवित्र पार्न सक्नुहुन्छ भन्ने सुनेपछि तिनले परमेश्वरलाई खोज्छन्। जब उक्त व्यक्तिले १ थेसलोनिकी ५:२३-२४ का परमेश्वरमाथि भरोसा राख्छ, तब ख्रीष्टले सिंहासनलाई पूर्ण नियन्त्रण गर्नुहुन्छ र स्व-केन्द्रित ठूलो "म" बाहिर फ्याकिन्छ। परमेश्वरले आफ्नो शक्तिलाई कायम राख्नुभएको छ। १ थेसलोनिकी ५:२३-२४, प्रेरित १५:८-९, एफिसी ३:१४-२०; रोमी ८:२ र ४ मा निर्मित यो आत्मिक वा पवित्र इसाई हो।

कुन गोलाकार घेराले तपाईंको वर्तमान जीवनलाई बुझाउँछ? कुन सर्कल सबैभन्दा बढी तपाईंले चाहेको जीवन जस्तो छ?

•••••••••••••••••

# चेडको संकट

*****

*तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछ, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। रोमी ७:२३*

पवित्र आत्माले भरिएर पवित्र पारिनु कस्तो हुन्छ? यो कसरी हुन्छ? जवान चेडलाई के भयो सो उनकै शब्दमा वर्णन गरिएको छ:

*चौबीस वर्षको उमेरमा मैले मेरो डाक्टर अफ फार्मेसी डिग्री हासिल गरें र आफ्नै सहरमा फार्मासिस्टको रूपमा पहिलो जागिर सुरु गरें। मसँग एउटा सुन्दर नयाँ कार थियो, राम्रो पैसा कमाइरहेको थिएँ र मेरी एउटी सुन्दरी प्रेमिका थिई। म सकेसम्म नियमितरूपमा मण्डली जान्थें तर यो एउटा कर्तब्य पूरा गर्नुभन्दा अर्को कुरा थिएन। समग्रमा भन्नु पर्दा, कुरा राम्रो हुन सकेन। म अमेरिकी जीवन जिउने सपनामा बाँच्न पाएको जत्ति कै भएको थिएँ; तैपनि, मेरो जीवनबाट ठूलो कुरा गुमाइरहेको थिएँ, जुनकुरा चाँढै थाह लाग्नेछ।*

*मेरी प्रेमका (अहिले मेरी पत्नी) सिलियासँगको मेरो सम्बन्ध गम्भीर हुँदै गएपछि हामीले धर्मको बारे गहिरो कुराकानी गर्न थाल्यौं। हामीले हाम्रो दृष्टिकोण अलिक फरक रहेछ भन्ने थाहा पायौं: म ब्याप्टिस्ट थिए, उनी नाजरेन थिइन्। यदि म पूर्णरूपले इमानदार छु भने, मैले नाजरेनहरूको बारेमा योभन्दा अघि कहिल्यै सुनेको थिइनँ, त्यसैले मेरो सम्प्रदायको लोकप्रियताले गर्दा मैले तुरुन्तै आफ्नो दृष्टिकोण उसको दृष्टिकोणभन्दा श्रेष्ठ ठानें। म हृदयबाट नै यो कुरामा विश्वास गर्थें कि परमेश्वरले कुनै व्यक्तिलाई बचाउनुभएपछि त्यहाँ कुनै कुरा परिवर्तन हुनुपर्छ भन्ने जरूरी छैन, चाहे त्यो मेरो जीवनशैली नै किन नहोस्। मेरो दैनिक जीवनमा, म इसाई हुँ भनी दाबी गर्थें; यद्यपि, पछाडि फर्केर हेर्दा मेरो विचार, आनीबानी र व्यवहार वरपरका गैर-इसाईहरूको भन्दा खासै फरक नभएको मैले पाएको छु। मैले यो कुरालाई ठूलो कुरो देखिनँ, किनकि, "आखिर हामी सबै मानिस हौं!" मेरो जीवनमा प्रत्यक्ष पाप थियो तर मलाई लाग्थ्यो कि म यसबारे केही गर्न सक्दिनँ, त्यसैले जीवनभर मैले त्यसै गरिरहें। तैपनि, मैले बुझें कि सेलियाले बेग्लै सोचाइ राखेकी थिइन्: उनले विश्वास गरेकी थिइन् कि हामीलाई पवित्र र परमेश्वरलाई खुसी तुल्याउने जीवन बिताउन बोलाइएको छ र परमेश्वरको आत्माको सहायताले हामी हाम्रो जीवनमा पापको चाहनामाथि उठेर जीवन जिउँन सक्छौं।*

*नभन्दै, यो मतभेद तुरुन्तै हाम्रो सम्बन्धमा विवादको विषय बन्यो। त्यो बेला मैले यो समस्या समाधान गर्न सक्छु भन्ने महसुस गरें। वैज्ञानिक दृष्टिकोणले हेर्ने भएकोले म बाइबलको अनुसन्धान गर्नेछु र आफ्नो दृष्टिकोणलाई समर्थन गर्न सकेसम्म "प्रमाणहरू" जम्मा गर्नेछु अनि त्यसलाई अकाट्य तरिकाले सेलियाकहाँ प्रस्तुत गर्नेछु। मलाई थाहा थियो कि म सही थिएँ र मैले उनलाई "प्रमाण" देखाउनुमात्र आवश्यक थियो। मैले एकचोटि काम गरेपछि उनी प्रभावित हुने मात्र थिइनन् तर हामीबीचको मतभेद सुल्झिन सक्नेछ। तथापि, यो "प्रमाण" पत्ता लगाउने क्रममा मैले खोजेको भन्दा बेग्लै कुरा भेट्टाएँ।*

*मेरो खोजाइमा, मैले केही बारम्बार आउने खाल्को विषयहरू पत्ता लगाएँ, जसलाई मैले कहिल्यै ध्यान दिइनँ। मैले निम्न बाइबल पदहरू भेट्टाएँ:*

- *मर्कूस १३:१३ – "जो अन्त्यसम्म स्थिर रहन्छ त्यसैले उद्धार हुनेछ।"*
- *यूहन्ना १५:६ – "कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्।"*
- *कलस्सी १:२२-२३ – "तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निस्खोट र निर्दोष प्रस्तुत गर्न...यदि तिमीहरू आफ्ना विश्वासमा अचल र स्थिर भइरह्यौ र तिमीहरूले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने..."।*
- *हिब्रू १०:२६ – "किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन।"*
- *१ यूहन्ना ३:६ – "उहाँमा रहने कसैले पनि पाप गरिरहँदैन।"*

*म अगाडि बड्न सक्थें, तर यस स्पष्ट विषयले म असाध्यै विचलित भएँ भनेर भन्न पर्याप्त थियो। वर्षौंदेखि मैले केही अंशमात्र*

*पवित्र-शास्त्र पढेको थिएँ तर एकचोटि गहिरिएर अध्ययन गर्न थालेपछि मैले यो निरन्तरता दिने, स्थिर रहने र पापरहित जीवन बिताउने विषय सम्पूर्ण बाइबलमा पाइन्छ भनेर बुझें। परमेश्वरले हामी उद्धार पाइसकेपछि पाप नै गरिरहून भन्ने चाहनुहुन्न र यो ख्रीष्टसित हिँड्नेहरूको लागि उद्धार पाउनु र त्यसपछि स्वर्गमा पर्खनुभन्दा पनि धेरै कुरा छ भन्ने कुरा मैले तुरुन्तै स्पष्ट पाएँ। मेरो सुरुको काम उल्टो पर्‍यो। म सही छु भन्ने कुराको प्रमाण भेट्टउनको सट्टा मैले आफू गलत रहेछु भनेर बुझ्न थालें र सेलियासित यो कुरा स्वीकार्न पक्कै डर लाग्यो।*

*त्यसपछि मैले पवित्रताको लागि परमेश्वरको स्पष्ट बोलावट र उहाँसित अझ गहिरो सम्बन्ध भएको महसुस गर्न थालें। संतोगवशले होइन, यो समयमा मैले मेरो जीवन "सफा गर्नु" आवश्यक छ भन्ने कुरा महसुस गरें। म संसारको नजरमा डरलाग्दो थिइनँ – मैले लागूऔषधको दुरुपयोग गर्ने, रक्सी पिउँने वा मानिसहरूलाई चोट पुर्‍याउने काम कहिल्यै गरिनँ। तर मैले रीस, घमण्ड र स्वार्थका साथै अरू कुराहरूबाट पनि संघर्ष गरें। परमेश्वरबाट आएको यो प्रकाशले मेरो जीवनमा आमूल परिवर्तन गर्न थाल्यो। परमेश्वरसितको सम्बन्धको महत्त्व मैले पहिलो चोटि बुझें। मैले परमेश्वरको लागि बाँच्ने र यस सम्बन्धमा अन्तसम्म स्थिर रहने निर्णय गरें। त्यो दिनहरु रोमाञ्चक थियो! तथापि, मेरो प्रयास विफल हुने भएकोले म चाँडै दिक्क र खिन्न भएँ। "जबसम्म तिमीलाई राम्रो बन्न खोज्दैनौं तबसम्न तिमी कति नराम्रो छौ भन्ने तिमीलाई थाहा हुँदैन" भन्ने पूरानो भनाइ मेरो लागि सत्य भयो। जतिसुकै प्रयास गरे तापनि मैले आफ्नो तरिका, सोंच, व्यवहार, आदत जतिसुकै परिवर्तन गर्न सकिनँ जस्तो लाग्यो। पावलले रोमी ७:१८ख-१९ मा लेखेका शब्दहरू मैले एकदमै राम्रोसँग बताएको थिएँ। रोमी ७:१८ख-१९ मा पावलले यसो भनेका छन्: "जे असल छ त्यो गर्ने इच्छा ममा छ, तर म त्यो गर्न सक्दिनँ। किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु।" म बारम्बार असफल भएँ।*

*परमेश्वरबाट आएको यो प्रकाशले मेरो जीवनमा परिवर्तन आउन थाल्यो। म भगवानका चीजहरू बारे उत्साहित हुन थालेँ किनभने पहिलो पटक, मैले उहाँसँगको सम्बन्धको महत्त्व महसुस गरें। मैले निर्णय गरे कि म साँच्चै परमेश्वरको लागि बाँच्न थाल्नेछु र मेरो यो सम्बन्धको अन्त्य होल्ड गर्नेछु! यी रोमाञ्चक दिनहरू थिए! तथापि, मेरो प्रयास असफल हुने भएकाले म चाँडै निराश र रिसाए। पुरानो भनाइ, "तिमी कति खराब छौ थाहा छैन जब सम्म तिमी असल बन्ने प्रयास गर्दैनौ," मेरो लागि साँचो भयो। लाग्थ्यो जतिसुकै प्रयास गरे पनि आफ्नो तरिका, सोच, बानी, बानी बदल्न सकिनँ। मैले रोमी 7:18b-19 मा पावलका शब्दहरूसित राम्ररी सम्बिंधित छु, जहाँ उनी भन्छन्, "किनकि मसँग असल गर्ने इच्छा छ, तर म यसलाई पूरा गर्न सक्दिन। मैले गर्न चाहेको असल काम म गर्दिन, तर नराम्रो काम म गर्न चाहन्नँ- यो गरिरहन्छु।" म बारम्बार असफल भएँ।* [144]

•••••••••••••••

[144]. यस अघि द *गुड निउस्: द चिक शेभर सेन्टर फर इभान्जलिजम निउसलेटर* (दिसम्बर २०१८)।

# परमेश्वरको छुटकारा

*****

*किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो।*

*१ थेसलोनिकी ४:३क*

*पाप र मृत्यको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।*

*रोमी ८:२*

चेडले निरन्तर भन्छन्:

*दिनदिनै म झन्- झन असन्तुष्ट हुँदै गएँ र रीसले चूर भएँ जबसम्म म टुक्रा-टुक्रा हुने अवस्थामा आइपुगिनँ। त्यो दिन जब म टुटें, मैले प्रार्थनामा घुँडा टेकें र अनियन्त्रित रूपमा रुन थालें। म कत्ति निराश भएको छु र उहाँको लागि जिउँने मैले जत्ति नै प्रयास गरें तापनि मैले सकिनँ भनेर परमेश्वरलाई बताएँ। यो यो निर्णय लिएँ कि मैले पढेको यो पवित्र जीवन मैले हासिल गर्न सक्ने कुरा होइन। पक्कै पनि यो एउटा असम्भव आदेश थियो र मेरो व्यर्थको प्रयासले मेरो हृदय टुक्रियो।*

*त्यसपछि के भयो म कहिल्यै बिर्सन सक्दिनँ। यतिबेला मैले प्रभुले मेरो हृदयमा मधुरो आवाज सुनें, "होइन, तिमीले गर्न सक्दैनौ – तर म गर्न सक्छु।"*

*अचानक, म उहाँको उपस्थीतिमा विजयी भएँ र त्यही बेला मैले के म हराइरहेको थिएँ सो थाहा पाएँ; मैले आफ्नै बलमा यी सबै गर्ने कोसिस गर्दैथिएँ। मैले आफूलाई परिवर्तन गर्न सकिनँ; उहाँले मलाई परिवर्तन गर्नु खाँचो थियो! त्यसैले, त्यस क्षणमा मैले उहाँको उपस्थीतिको लागि अझ धेर प्रार्थना गरें। मैले स्वीकार गरें कि मैले कस्तो बल जुटाउने कोशिस गरेको थिएँ तर यो पर्याप्त भएन – मलाई मद्दत गर्न उहाँको आत्मा चाहिएको थियो। म मेरो अन्त्यमा पुगिसकेको थिएँ र त्यही नै मैले उहाँलाई पर्खीरहनुभएको भेट्टाएँ। मैले त्यसदिन आफ्नो जीवन र इच्छा प्रभुमा समर्पण गरें – यो एउटा यस्तो क्षण हो जुन म कहिल्यै बिर्सनेछैन र सधैँ कदर गर्नेछु।*

*पछिबाट, मैले यो "समर्पण" विभिन्न तरिकाले म सिक्न सकिन्छ भन्ने म जान्न सक्छु: सम्पूर्ण पवित्रीकरण, आत्माको बप्तिस्मा, अनुग्रहको दोस्रो कार्य आदि। तर तपाईंले जे भने पनि, मलाई यो थाहा छ: त्यस क्षणदेखि म एकदमै फरक मानिस भएको छु। मसँग एउटा शक्तिशाली कुरा भयो र त्यसबेलादेखि म पहिला कहिल्यै नभएको तरिकामा प्रभुको लागि भोकाएको छु। मैले उहाँसँग दैनिक र अविच्छिन्न ढंगले कुराकानी गरेको छु। कठोर प्रयास गरेर होइन, तर दिनहुँ उहाँप्रति समर्पण गरेर मेरो जीवनमा उहाँको आत्मालाई काम गर्न दिएर अन्तत: मेरो जीवन 'चोखो' भएको छ। त्यतिबेला मैले संघर्ष गरेका कुराहरू अब कुनै समस्या होइनन्। म अझै पनि आत्माको नेतृत्वमा सकेसम्म उहाँको नजिकबाट हिँडिरहेको छु, र यसले मेरो जीवनमा ठूलो फरक पारेको छ। म निश्चितरूपमा संकटको त्यो क्षणलाई सम्झना गर्नसक्छु जब मैले आफैलाई परमेश्वरमा पूर्णरूपमा समर्पण गरें; यद्यपि, पवित्रता एकदमै दैनिक प्रक्रिया हो भनेर मैले महसुस गरको छु। हामी सेवकहरूले आत्मसमर्पण गरेको क्षणमा पुग्नु आत्यावश्यक छ तर हामीले आफ्नो जीवनको हरेक दिन आत्मसमर्पण गरिरहनुपर्छ। म यो अनुभवबाट तनमनले भन्न सक्छु कि सत्य, चिरस्थायी आत्मिक विजयको एक मात्र मार्ग पवित्रीकरणद्वारा परमेश्वरले हाम्रो हृदयलाई शुद्ध पार्नु हो र यदि हामीले उहाँको प्रेम र अनुग्रहमा सहयोग गऱ्यौं भने उहाँ यो गर्न विश्वासयोग्य हुनुहुन्छ।*

*महिनौंपछि, परमेश्वरसित गहिरो सम्बन्ध गास्ने चाहना सेवकाइमा परमेश्वरको बोलावटमा परिणत हुन लाग्यो। यी सबै कुराहरू परमेश्वरले मात्र गर्नसक्नुहुने तरिकामा कसरी एकसाथ भेला भएका रहेछन् भनेर मैले बूझ्न थालें। परमेश्वरका लागि मसँग प्रश्नहरू थियो र उहाँ बाटोमा हरेकलाई जवाफ दिन विश्वासयोग्य हुनुन्छ। मैले भर्खरै फार्मेसी स्कूलको पढाइ सिध्याएपछि म कसरी पास्टर हुनसक्छु भनी सोद्धा परमेश्वरले मकहाँ एकजना अवकाशप्राप्त सेवक र भूतपूर्व फर्मासिस्ट पठाउनुभयो जो त्यस समय केही महिनाको लागि सहरमा हुनुहुन्थ्यो। मेरो विद्यार्थी ऋणको कारण फार्मासिस्टको रूपमा आफ्नो जागिर छोड्न सक्दिनँ भन्ने कुरा जब मैले महसुस गरें, परमेश्वरले मलाई यस्तो पास्टरसित परिचित हुन दिनुभयो जसले दुवै कार्यलाई एकसाथ गरेका थिए। म फार्मासिस्ट र पास्टर हुनसक्छु भनेर पहिलोचोटि महसुस गर्न थालें, त्यसैले मैले मेरो खोंज जारी राखें। मैले फार्मेसी स्कूलको ऋणमाथि सेमिनारीको खर्च बेहोरिरहेको बेला परमेश्वरले मलाई अर्को पास्टरसित परिचित गराउनुभयो जसले मलाई कोर्स अफ स्टडी नामक कार्यक्रमबारे बताउनुभयो, जसले*

*मलाई सेमिनारीभन्दा प्रभावशाली लगतमा पढाइतर्फ डोऱ्यायो। यात्राभरिनै परमेश्वरले मेरा प्रश्न तथा शंकाहरूको जवाफ दिनुभएको छ।*

*अहिले म मण्डलीमा अभिषिक्त एल्डर हुँ र हाल म मध्य जर्जियाको एउटा मण्डलीमा जागितसितै सेवकाई गर्ने जवान पास्टरको रूपमा सेवारत छु। भविष्यमा परमेश्वरले मेरो लागि के-कस्ता कुराहरू साँचेर राख्नुभएको छ, सो मलाई थाहा छैन तर मलाई थाहा छ कि उहाँ त्यहाँ हुनुहुन्छ। उहाँको अनुग्रह मेरो निम्ति साँच्चै पर्याप्त छ, अनि त्यसको लागि म धेरै धन्यवादी छ! परमेशवरलाई नै महिमा होस्!*[145]

••••••••••••••••

[145]. यस अघि प्रकाशित द *गुड न्युज: द चिक शाभर सेन्टर फर इभान्जेलिज्म न्युजलेटर* (सेप्टेम्बर २०१८).

## दिसम्बर ३० दिन - ३६४

# कसरी पवित्र हुने

*****

*शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपमा तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ र उहाँले यो गर्नु नै हुनेछ।*

*१ थेसलोनिकी ५:२३-२४*

तिनी अत्यन्त हर्षित थिए। तिनका पास्टरले तिनलाई आफ्नो स्थानीय मण्डलीमा विशेष जिम्मेवारओ वहन गर्न आग्रह गरेका थिए। यो काममा धेरै समपर्णताको आवश्यता थियो र यो काम अति नै गाह्रो पनि थियो। अहिले तिनी हर्षित मात्र होइन, तर उत्साहित पनि थिए किनकि तिनले कसैलाई यो कामको बारे भन्नुपर्ने थियो।

केही समयपछि, केथ, जो आफ्नो इसाई जीवनमा हुर्किरहेका थिए, प्रभुको साथमा अझ गहिँरिदै गए र परमेश्वरले तिनलाई पवित्र बनाउनुभयो। जीवनको यस मोडमा आइपुग्दा तिनले आफ्नो जीवनको लागि परमेश्वरको महान उद्देश्य अनुभव गरिरहेका थिए- जब एकजना व्यक्ति यहाँसम्म आइपुग्छ तब तिनले आफ्नो जीवनको "उत्तम क्षण" जिइरहेका हुन्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, जब तपाईं पवित्र हुन खोज्नुहुन्छ, तब यो नयाँ जीवनले तपाईंलाई ठूलो आनन्द र सन्तुष्टि दिनेछ भन्ने कुरा नबिर्सिनुहोस्।

हामीले हप्तौंसम्म उपासनाका विचारहरू सिक्दै जाँदा, हामीले पत्तो लगाएका छौं कि गहन इसाई जीवनको बारे वर्णन गर्नका निम्ति बाइबलीय धेरै शब्दहरू दिइएका छन्:

- विश्वासको विश्राम (हिब्रू ४:९-११)
- ख्रीष्टसँगै क्रूसमा टाँगिएको (गलाती २:२०)
- सम्पूर्ण रूपले चोखो पारिएको (१ थेसलोनिकी ५:२३)
- पवित्र आत्माले भरिएको (प्रेरित १:८; १३:९)
- ख्रीष्ट तिमीहरूको हृदयमा वास गरून् (एफिसी ३:१७)

अन्य शब्दले यस जीवनका पक्षहरूको वर्णन गर्दछ:

- जिउँदो पानीको खोला (यूहन्ना ७:३८)
- तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् (यूहन्ना १०:१०)

सायद तपाईं यस गहिरो जीवनमा प्रवेश गर्न र आनन्द उठाउन चाहनुभएको छ। परमेश्वरले तपाईंमा यो काम गर्नको लागि के गर्नुपर्छ भनेर तपाईं सोच्नुभएको छ। तपाईंले तल चरणहरूको सङ्ख्या फेला पार्नुहुनेछ। कृपया बुझ्नुहोस् कि यी कदमहरू यान्त्रिक ढंगमा गरिएका होइनन्, बरु गहिरो हृदयले परमेश्वरको खोजी गर्ने तत्त्वहरू हुन्।

- सरोकार: परमेश्वरले तपाईंलाई यस विजय र पूर्णताको जीवनमा ल्याउन गहिरो चासो लिनुहुन्छ। तपाईं प्रार्थना गर्दै हुनुहुन्छ (प्रेरित १:१२-१४; लूका ११:९-१०,१३)।
- अभिषेक: तपाईं इसाई बनिसकेको हुनुपर्छ। उहाँले इच्छा गरेअनुसार उहाँद्वारा प्रयोग गरिन अब तपाईंले आफ्नो सम्पूर्ण जीवन शत प्रतिशत परमेश्वरलाई अर्पण गर्दै हुनुहुन्छ (रोमी ६:१३; १२:१-२)।
- शुद्धिकरण: तपाईंले परमेश्वरलाई कुनै पनि रहल स्वार्थ वा आत्मकेन्द्रितताबाट तपाईंलाई शुद्ध पार्नका निम्ति प्रार्थना गरिरहनुभएको छ (१ यूहन्ना १:७; प्रेरित १५:८-९; याकूब ४:८)।
- दाबी गर्दै: परमेश्वरका प्रतिज्ञाहरू दाबी गर्दै, तपाईं विश्वासमा अघि बढ्नुहुन्छ र तपाईंमार्फत र तपाईंलाई पवित्र गर्न परमेश्वरमा भरोसा गर्नुहुन्छ (प्रेरित २६:१८; गलाती ३:१४; १ थेसलिनिकी ५:२३-२४ (विशेषगरी पद २४ मा भर पर्नुहोस्)।

- अभिषेक: तपाईं पहिले नै एक ईसाई हुनुपर्छ। तपाईंले अब आफ्नो सम्पूर्ण क्षमा जीवन परमेश्वरलाई शतप्रतिशत अर्पण गर्दै हुनुहुन्छ, उहाँको इच्छा अनुसार प्रयोग गर्नको लागि (रोमी ६:१३; १२:१-२)।

- • शुद्धीकरण: तपाईंले कुनै पनि बाँकी रहेको स्वार्थ वा आत्मकेन्द्रितताबाट तपाईंलाई शुद्ध गर्नको लागि परमेश्वरसँग माग गर्दै हुनुहुन्छ (१ यूहन्ना १:७; प्रेरित १५:८-९; याकूब ४:८)।
- • दाबी गर्दै: परमेश्वरका प्रतिज्ञाहरू दाबी गर्दै, तपाईं त्यो विश्वासमा पुग्नुहुन्छ र परमेश्वरले तपाईंलाई पवित्र बनाउनयहुन्छ भन्ने कुरामा भरोसा गर्नुहुन्छ (प्रेरित 26:18; गलाती 3:14; 1 थेसलोनिकी 5:23-24 [विशेष गरी पद 24 मा निर्भर])।

यदि तपाईं साँच्चै प्रभुका सामु यी कदमहरू पछयाउनुहुन्छ भने, परमेश्वरले तपाईंलाई पवित्र तुल्याउनुहुनेछ र पवित्र आत्माले तपाईंहरूलाई भरिदिनुहुनेछ। १ थेसलोनिकी ५:२३-२४ लाई स्मरण गर्नुहोस्: "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्... ...तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ अनि उहाँले त्यो गर्नु नै हुनेछ।" जब तपाईं प्रार्थना गर्नुहुन्छ, परमेश्वरले तपाईणहरूको हृदयलाई गहिरो जाँच गरिदिऊन्।

चेरीको लागि त्यो सत्य भयो। तिनी मंगलबार राती मैले सेमिनारी विद्यार्थीहरूको पत्नीहरूको लागि आयोजना गरेको कक्षामा उपस्थित भएकी थिइन्। एक साँझ कक्षापछि उनी मकहाँ आइन् र भनिन् कि अघिल्लो हप्ताको कक्षापछि मैले वेदीमा आह्वान गरेको भए राम्रो हुनेथियो किनभने तिनी आफै पूर्ण कायल बनेकी थिइन्। त्यसरात अर्को सेमिनारी विद्यार्थीको पत्नीसित घर फर्कदै गर्दा तिनले त्यस महिलाले भनेकी कुरा कहिल्यै सुनेकी थिइनन्। तिनले आफू अर्कै संसारमा छु भन्ने महसुस गरिन्।

जब तिनी आफ्नो अपार्टमेन्टमा पुगिन्, तिनका पतिले तिनलाई अभिवादन गरे। तर तिनले भनिन्, "हनी, अहिले म कुरा गर्न सक्दिनँ। मेरो काम अझ बाँकी छ।"

आँशुसरि भएर तिनी अर्को सुत्ने कोठामा गइन्। तिनी भित्र पसेर रातभरि प्रार्थना गरिन्। पवित्र आत्माले तिनको हृदयभित्र पसेर केही विषय निकालेर तिनको अघि खडा गर्नुभए जस्तो देखिन्थ्यो। तिनले यस विषयमा निक्कै संघर्ष गरिन् र अन्तमा भनिन्, "ठीक छ, ठीक छ।, म तपाईंलाई दिन्छु।"

त्यसपछि पवित्र आत्माले त्यस महिलाको हृदयमा आउनुभयो अनि अर्को विषय निकालिदिनुभयो। तिनले सबै अशुद्ध कुराहरू बाहिर निस्किएको महसुस नगरेसम्म यो काम चलिनै रह्यो। तर पवित्र आत्माले फेरि अर्को कुरा बताउनुभयो, *"चेरी, तिमी आफ्नो पतिसित रिसाउँछौ। मैले उसलाई प्रचार गर्न बोलाएको छु। तिमीले उसलाई पछयाउँछौ भन्ने आशा गरेको थिएँ। तर तिमी उसँग रिसाएका छौ। किन? किनकि परमेश्वरको बोलावट पाएपछि तिमीहरूले आफ्नो सुन्दर घर छोडेर एउटा सानो घरमा जानुपऱ्यो। तिमीले फायदाजनक नोकरी छोडेर साधारण नोकरी लिनुपऱ्यो; तिमीले पुराना मित्रहरूलाई छोडेर नयाँ मित्रहरू बनाउनुपऱ्यो। यसैले तिमी उसँग रिसाएका छौ, यो ठिक होइन।"*

अन्तमा तिनले प्रभुलाई भनिन्, "ठीक छ, म तपाईंलाई यी सबै कुरा समर्पण गर्छु।" अनि परमेश्वरले तिनलाई स्वीकार गर्नुभयो र पवित्र पार्नुभयो।

अर्को कक्षामा तिनले मलाई यसो भनिन्, "ओहो, प्रध्यापक शेभर, यो हप्ता असाध्यै राम्रो भएको छ। म एकदमै स्वतन्त्र महसुस गरेको छु। गह्रौं बोझ हटेको छ र म स्वतन्त्र भएको छु।"

तिनी असाध्य हर्षित थिइन् र स्वतन्त्र भएकी थिइन्। परमेश्वरले तिनको रीस र स्व-केन्द्रित भाव हटाउनुभएको थियो। उहाँले तिनको जीवनमा अचम्मको काम गर्नुभएको थियो। उहाँले तिनलाई पवित्र पार्नुभएको थियो।

तपाईंले प्रार्थना गर्दा परमेश्वरले खोज्दै हुनुहुन्छ नडराउनुहोस् । परिणाम एकदमै राम्रो हुनेछ र यसको परिणाम तपाईं पवित्र हुन सक्नुहुनेछ।

•••••••••••••••••

# प्राथना गर्ने समय

*****

*तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।*

*यूहन्ना १७:१७*

*म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ, गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।*

*एफिसी ३:१६-१९*

*जब तिनीहरूले यो सुने, तब तिनीहरूले एकसाथ परमेश्वरतिर आफ्ना सोर उचाले..।*

*प्रेरित ४:२४क*

*तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूके साहससित परमेश्वरको वचन बोले।*

*प्रेरित ४:३१*

*दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।*

*एफिसी ५:१८*

तपाईंले यस पुस्तकमा पढ्नुभएका वा सोच्नुभएका सबै कुराको प्रकाशमा,  सायद यो समय *तपाईं*को लागि प्रार्थनाको समय हो...

- पवित्र हुनलाई
- पवित्र आत्माद्वारा भरिनलाई
- पवित्र आत्माको ताजा अभिषेक पाउनलाई
- आत्माको पूर्णताको निरन्तर जीवन पुन:स्थापित गर्नलाई

अथवा परमेश्वरले तपाईंको लागि यी सबै काम गर्नुभएको लागि धन्यवाद दिने समय भएको छ?

आउनुहोस् हामी प्रार्थना गरौं।

.................

# बाइबल सूची

...

# पुरानो करार

## OLD TESTAMENT


| | |
|---|---|
| उत्पत्ति | |
| २:१५-१७ | अप्रेल २८ |
| १५:६ | जनवरी १३ |
| २२:२ | मई १३ |
| २२:९ | मई १२ |
| २६:२४-२५ | फरवरी २६ |
| ३२:१ | अगस्त ६ |
| ३२:२८ | सेप्टेम्बर १० |
| ३९:२०-२१ | जून १६ |
| ३९:२१ | जुलाई ३ |
| ५०:२० | मार्च १९, अक्टोबर १५ |
| Exodus | |
| २:५-६ | अगस्त २० |
| २:१२ | जुलाई १० |
| ३:६ | जून २८ |
| ४:३१ | जून १४ |
| २०:३,८ | फरवरी २१ |
| ३४:२९ | अगस्त १० |
| ३६:९-१३ | जुलाई ११ |
| लेवी | |
| गन्ती | |
| १:५-७ | मार्च १३ |
| ११:२८-२९ | जनवरी ३ |
| व्यवस्था | |
| ४:३५ | नोभेम्बर ९, १० |
| ६:६-७ | जून २१ |
| ६:२३-२५ | अगस्त २१ |
| ७:२-४ | फरवरी २८ |
| ९:४ | फरवरी २८ |
| ३३:२७ | जनवरी ११ |
| ३४:१,४-६,७,१०-१२ | जनवरी २३ |
| यहोशू | |
| १:१-३, ५-६ | नोभेम्बर ६ |
| ४:२३-२४ | जनवरी ३० |
| ९:१४ | अक्टोबर १६ |
| १४:१०-११ | सेप्टेम्बर २ |
| १४:१०-१३ | अक्टोबर १७ |
| २३:१४ | अक्टोबर १८ |
| न्यायकर्ता | |
| रूथ | |
| १ शमूएल | |
| १३:१३-१४ | अक्टोबर १९ |

| | |
|---|---|
| १५:१३-१४ | मई १० |
| ३०:८ | मार्च २६, अगस्त १२ |

२ शमूएल

१ राजा

| | |
|---|---|
| १६:३० | जुलाई १२ |
| १७:२-४ | जुलाई १२ |
| १८:२-४ | नोभेम्बर ७ |
| १९:३, ४-५ | जनवरी ३१ |
| १९:१२-१३ | जून १२ |

२ राजा

१ इतिहास

२ इतिहास

| | |
|---|---|
| ७:१४ | जून १०, अगस्त २७ |

एज्रा

| | |
|---|---|
| १:१-२ | जुलाई १ |
| ७:२८ | सेप्टेम्बर ४ |

नहेम्याह

एस्तर

अय्यूब

| | |
|---|---|
| ४:८ | अप्रेल ६ |

भजनसंग्रह

| | |
|---|---|
| ५:३ | अगस्त १८,अक्टोबर १ |
| १९:१-९ | जनवरी ४ |
| २३:३ | जुलाई ३० |
| २३:४ | जनवरी १५ |
| २७:१० | अगस्त १३ |
| ३२:८ | जून ४ |
| ३४:८ | मई ९ |
| ४०:१ | जून ११ |
| ४२:१ | जनवरी १८, सेप्टेम्बर १७ |
| ४६:१-३, ११ | फरवरी १ |
| ५१:४ | मार्च २३ |
| ६२:१-२ | जुलाई ९ |
| ८१:१०-११ | अगस्त ९ |
| ८८:१३ | जनवरी ९ |
| १२१:१-२ | जुलाई ९ |

हितोपदेश

| | |
|---|---|
| १:३ | जनवरी २५ |
| ११:३० | फरवरी ७ |
| १९:११ | नोभेम्बर २६ |

उपदेशक

| | |
|---|---|
| १२:१ | मई ११ |

श्रेष्ठगीत

| | |
|---|---|
| यशैया | |
| ५:२५ | अगस्त १९ |
| ३०:१८ | अक्टोबर २२ |
| ४०:२६ | जनवरी १२ |
| यर्मिया | |
| विलाप | |
| इजकिएल | |
| ३६:२५-२७ | मई ७ |
| ३६:२६-२७ | मार्च १६ |
| दानिएल | |
| ३:१८ | अक्टोबर ९ |
| होशे | |
| योएल | |
| आमोस | |
| ओबदिया | |
| योना | |
| २:८ | अक्टोबर ९ |
| मिका | |
| नहूम | |
| हबकुक | |
| सपन्याह | |
| हग्गै | |
| जखरिया | |
| ८:१६ | सेप्टेम्बर ३० |
| मलाकी | |


नयाँ करार


| | |
|---|---|
| मत्ती | |
| १:१६ | अप्रेल १ |
| १:२० | दिसम्बर २५ |
| २:११ | दिसम्बर २३ |
| २:१६ | दिसम्बर २० |
| २:२३ | दिसम्बर २१ |
| ४:१९-२० | मार्च १७ |
| ५:४८ | मार्च २५ |
| ६:८ | जनवरी २८ |
| ६:३३ | अगस्त २४ |
| ७:११ | मई २९, जून १९ |
| ७:१७,२० | अगस्त ७ |
| ९:५-८ | जनवरी १४ |
| १३:८ | फरवरी ७ |
| १८:१५-१६ | मार्च २ |
| १९:१९ | दिसम्बर १३, १४ |
| १९:२७ | मई ३ |

| | |
|---|---|
| २१:२२ | मार्च २१ |
| २४:१३ | मार्च १४ |
| २४:४५-४७ | सेप्टेम्बर १२ |
| २५:२१ | मई २६,२७ |
| २५:३५-३६ | सेप्टेम्बर २१ |
| २५:३६ | अप्रेल २६ |
| २६:३९,४५-४६ | अप्रेल ८ |
| २८:७ | अप्रेल ५ |
| २८:१९ | फरवरी ७ |
| २८:२० | जून ११, जुलाई १६ |
| **मर्कूस** | |
| ५:१५ | फरवरी ५,६ |
| १०:१७ | फरवरी ३ |
| **लूका** | |
| २:१० | दिसम्बर ११ |
| २:१०-११ | दिसम्बर १५ |
| २:४९-५२ | जनवरी १६ |
| ३:२१-२२ | फरवरी १२ |
| ४:३८-३९ | अगस्त १ |
| ५:४-६ | अगस्त १ |
| ९:१२-१७ | जनवरी २२ |
| १०:२५ | सेप्टेम्बर ७ |
| १०:२७ | अगस्त ४ |
| १०:३३ | फरवरी १० |
| ११:२ | नोभेम्बर २९, नोभेम्बर १८ |
| १५:४,७ | मार्च ७ |
| १६:१०-१२ | अगस्त १४ |
| १६:२२-२४ | अक्टोबर ८ |
| १८:२२-२३ | अगस्त २६ |
| १९:२-४ | सेप्टेम्बर १५ |
| १९:१० | अगस्त २४ |
| २१:१४-१५ | मार्च ८ |
| २२:३१-३२ | मई १६ |
| २४:४६-४९ | दिसम्बर ६ |
| २४:४९ | मई ३१ |
| **यूहन्ना** | |
| १:९ | दिसम्बर २६ |
| १:१२ | दिसम्बर २६ |
| २:१९-२२ | अक्टोबर २७ |
| ३:३ | फरवरी २२ |
| ३:१७ | दिसम्बर १८ |
| ४:६ | सेप्टेम्बर ११ |
| ४:१५ | मार्च ११ |
| ४:३४ | फरवरी १६ |

| | |
|---|---|
| ५:१७ | अक्टोबर ११, १२ |
| ५:३१-३२ | अप्रेल १९ |
| ६:४० | जुलाई ३१ |
| ६:४४ | अगस्त २३ |
| ७:३७-३९ | सेप्टेम्बर २५, नोभेम्बर १६ |
| ७:३८-३९ | अगस्त ११ |
| ८:१२ | मई १५ |
| ८:३ | फरवरी ९ |
| ८:३४ | नोभेम्बर २५ |
| ८: ४४ | जूलाई ६ |
| ९:२५ | अगस्त ३० |
| १२:२-३ | मार्च १८ |
| १२:२५-२६ | जनवरी २९ |
| १४:१२ | जुलाई ७, ८ |
| १४:१६-१७ | जून ५ |
| १४:१६-२० | दिसम्बर १९ |
| १४:२१ | फरवरी १३ |
| १४:२७ | दिसम्बर १० |
| १५:९-१० | मई १४ |
| १५:१६ | जून २३,२४ |
| १६:७ | मार्च ३ |
| १६:१३ | जून १२ |
| १७:१७ | दिसम्बर ३१ |
| २०:१७-१८ | अप्रेल ९ |
| प्रेरित | |
| १:४-५ | अक्टोबर २२ |
| १:८ | फरवरी ११,अक्टोबर २९ |
| २:४ | जुलाई २४ |
| २:१४ | जुलाई २४ |
| २:१७ | मई २० |
| २:१९-२२ | अक्टोबर २७ |
| २:३७ | जुलाई २४ |
| २:३८-३९ | जनवरी १० |
| २:४२ | सेप्टेम्बर २७ |
| २:४६-४७ | सेप्टेम्बर २७ |
| ३:६ | मार्च २९ |
| ३:१९ | जनवरी ६, मई १७ |
| ४:१३ | अप्रेल२३ |
| ४:१२ | फरवरी २० |
| ४:२० | जुलाई ५ |
| ४:२४ | दिसम्बर ३१ |
| ४:३१ | अप्रेल २३, दिसम्बर ३१ |
| ५:३२ | जुलाई १७ |
| ६:१-४ | अक्टोबर २८ |

| | |
|---|---|
| ६:३ | सेप्टेम्बर २९ |
| ६:५ | अप्रेल ११, सेप्टेम्बर २९ |
| ७:३५ | जून ८ |
| ७:५५, ५९-८:१ | मई २८ |
| ७:५९-६० | अप्रेल ११ |
| ८:१८-१९ | अप्रेल ३०, जुलाई १४ |
| ८:२७ | जुलाई १५ |
| ८:२९ | अप्रेल ३०, जुलाई १४, सेप्टेम्बर २९ |
| ९:५ | जनवरी ५ |
| ९:२६-२७ | अगस्त २ |
| ९:२७ | अगस्त २२ |
| ११:२३ | अप्रेल २५ |
| ११:२४ | जून २० |
| ११:२५-२६ | जनवरी ५ |
| १६:१४ | जनवरी २६ |
| १६:२५-२६,२९-३० | जनवरी १९ |
| १८:२-३ | जून २६ |
| २०:२४ | जून १८ |
| २६:१७-१८ | नोभेम्बर १७, दिसम्बर १२ |
| २६:१८ | जनवरी ६ |

रोमी

| | |
|---|---|
| १:४ | अप्रेल ४ |
| १:१६ | मार्च ९, अगस्त ८ |
| १:१९ | अगस्त ३१ |
| २:१ | फरवरी २ |
| ५:३-५ | अप्रेल १६ |
| ५:५ | अप्रेल २२, जून १५ |
| ५:१५ | जून २७ |
| ६:१३ | अक्टोबर २५ |
| ६:१४ | नोभेम्बर ११ |
| ६:१८ | नोभेम्बर १२ |
| ७:२० | नोभेम्बर २७, २८ |
| ७:२३ | दिसम्बर २८ |
| ८:१ | जनवरी ७ |
| ८:२ | मई २२, २३, जुलाई २०, दिसम्बर २९ |
| ८:४ | मई २४, जुलाई २०, २१ |
| ८:२८-२९ | जुलाई २५ |
| १२:१ | सेप्टेम्बर २१, नोभेम्बर ८ |
| १२:१-२ | जून २९, नोभेम्बर २ |
| १२:२ | सेप्टेम्बर २२, २३ |
| १३:१० | अप्रेल २९ |
| १५:१६ | फरवरी १४, जुलाई २८ |
| १५:२७-२८ | दिसम्बर १७ |

१५:३१-३२ जनवरी २४
१ कोरिन्थी
१:२ जुलाई २
२:१४ दिसम्बर २७
३:१-३ दिसम्बर २७
३:६-९ सेप्टेम्बर १९
४:२ नोभेम्बर २४
६:३ सेप्टेम्बर १८
६:९-१० सेप्टेम्बर २६
६:९-११ अप्रेल २४
६:१९-२० मई ५, ६
९:२६-२७ फरवरी २७
१०:३१ मार्च ४
१२:१२ मार्च १७
१३:४ सेप्टेम्बर २८
१३:४-५ अक्टोबर ३१
१५:१० मई २
१५:५६-५७ जुलाई १९
२ कोरिन्थी
२:१५ मई २५
३:३ अप्रेल १७
४:७-१० अक्टोबर १३
५:८-१० जनवरी १७
५:१० मई २१
५:१४ सेप्टेम्बर ५
५:१७ जनवरी २
५:१७ जनवरी २
५:२० जून १७
५:२०-२१ दिसम्बर २४
६:७-९ सेप्टेम्बर ५
६:१४ मार्च ८
१०:५ अप्रेल २१
गलाती
२:१९-२० नोभेम्बर २९
२:२० मार्च ३१
५:१६-१७ जुलाई २७
५:१७ अक्टोबर २४
५:२२-२३ सेप्टेम्बर २८
५:२४-२५ जुलाई २२, अक्टोबर २
६:२ अगस्त २९
६:७-८ अक्टोबर २६
६:७-९ सेप्टेम्बर १९
६:८-९ फरवरी ८
६:९ अगस्त २९, सेप्टेम्बर १३, नोभेम्बर १४

| | |
|---|---|
| एफिसी | |
| १:१३-१४ | मार्च १० |
| १:१८-२० | अप्रेल १२ |
| २:८-९ | अगस्त १७ |
| २:१३ | अप्रेल ३ |
| २:१४ | अक्टोबर २० |
| २:१९ | मार्च २७ |
| ३:७ | सेप्टेम्बर १६ |
| ३:१२ | अप्रेल ७ |
| ३:१६ | मई १८, सेप्टेम्बर ९ |
| ३:१६-१९ | दिसम्बर ३१ |
| ३:१७ | जून १, २ |
| ३:१७-१८ | जुलाई १८ |
| ३:१७-१९ | फरवरी १७ |
| ३:१९ | मार्च १५ |
| ३:१९-२० | मई ३० |
| ३:२० | जून ३ |
| ४:२२-२४ | अप्रेल १८, जुलाई २६, दिसम्बर ७ |
| ४:२९ | सेप्टेम्बर १४ |
| ४:२९-३२ | मई १ |
| ४:३० | फरवरी १०, जुलाई २१ |
| ५:१७-१८ | अक्टोबर ७ |
| ५:१८ | जून १३, नोभेम्बर १९, दिसम्बर ३१ |
| ५:१८-२१ | नोभेम्बर २० |
| ५:२५-२६ | मई ८, नोभेम्बर २१ |
| ५:२५-२७ | सेप्टेम्बर २० |
| ५:३१ | जून २२ |
| ५:३३ | मई ८, सेप्टेम्बर २० |
| ६:१ | मई ८ |
| ६:४ | मई ८ |
| ६:६-७ | सेप्टेम्बर ३ |
| फिलप्पी | |
| १:१४ | अक्टोबर १० |
| २:५-८ | मार्च ३० |
| २:१० | अक्टोबर २५ |
| २:१४-१६ | फरवरी १५ |
| ४:६-७ | जनवरी २०, २१ |
| ४:८ | जुलाई ४ |
| ४:११-१३ | मार्च २० |
| ४:१२-१३ | जनवरी २५ |
| कलस्सी | |
| १:२२ | फरवरी १८ |
| २:६ | मई ९ |
| २:६-७ | मार्च १४, अप्रेल २७ |

| | |
|---|---|
| ३:३ | नोभेम्बर २३ |
| ३:१२-१४ | नोभेम्बर ३, ४ |
| ३:२२-२४ | मार्च २४ |
| १ थेसलोलिकी | |
| ३:१० | दिसम्बर १६ |
| ४:३ | मई १२, दिसम्बर ३, ४, ५, ८, १६, २९ |
| ४:८ | दिसम्बर १६ |
| ५:१६-१८ | अगस्त २५, नोभेम्बर २२ |
| ५:२३ | नोभेम्बर १, दिसम्बर १, २ |
| ५:२३-२४ | दिसम्बर ३० |
| ५:२४ | जून ७, नोभेम्बर ५ |
| २ थेसलोनिकी | |
| १ तिमोथी | |
| ४:१२ | मई ४, अक्टोबर २ |
| २ तिमोथी | |
| १:९ | मई ४ |
| २:२०-२१ | जुलाई २३ |
| ४:७-८ | अप्रेल १३ |
| तितस | |
| फिलेमोन | |
| १:१-२ | सेप्टेम्बर ६ |
| १:६ | सेप्टेम्बर ६ |
| १:१६ | नोभेम्बर ३० |
| हिब्रू | |
| १:१४ | सेप्टेम्बर १८ |
| ४:८-११ | सेप्टेम्बर ८ |
| ४:१५ | जून २५ |
| ९:२८ | दिसम्बर २२ |
| १०:१० | जून ३० |
| १०:१४ | जून ३० |
| १०:२३ | अगस्त ५ |
| १०:२३-२५ | फरवरी १९ |
| १०:३५ | अप्रेल १५ |
| १२:१-२ | जुलाई २ |
| १२:१४ | अगस्त १६ |
| १३:५ | जून ११ |
| १३:१२ | अक्टोबर २३ |
| याकूब | |
| १:१-४ | जुलाई १३ |
| १:१३-१६ | दिसम्बर ९ |
| १ पत्रुस | |
| २:२४-२५ | अप्रेल २ |
| ४: ७-१० | मार्च ६ |
| २ पत्रुस | |

| | |
|---|---|
| ३:९ | जून ९ |
| ३:१० | अगस्त १५ |
| ३:११-१२ | जून ९ |
| ३:१८ | फरवरी २२, २३ |
| १ यूहन्ना | |
| १:७ | अप्रेल २०, जुलाई २९ |
| २:१ | जनवरी २७, मार्च १२, नोभ. १५ |
| ३:१६-१७ | मई १९ |
| ४:४ | जनवरी १ |
| ४:७ | मार्च १, नोभेम्बर २१ |
| ४:९ | अप्रेल २२ |
| ४:११ | अप्रेल २२ |
| ४:१३ | नोभेम्बर ५ |
| ४:१८ | फरवरी ४, नोभेम्बर १३ |
| ५:१३ | जून ६ |
| २ यूहन्ना | |
| ३ यूहन्ना | |
| १:११ | अगस्त २८ |
| यहूदा | |
| प्रकाश | |
| १:५ | अक्टोबर ३ |
| १:७ | अगस्त १५ |
| २:१० | मार्च २२ |
| ३:१९-२० | फरवरी २५ |
| ३:२० | फरवरी २४ |
| ३:२१ | जनवरी ८, अप्रेल १० |
| ५:५ | अक्टोबर ४ |
| ११:१५ | फरवरी १० |
| १६:९ | अक्टोबर ५ |
| २०:१२,१५ | मई २१ |
| २१: १ | मार्च २८ |
| २१:२ | मार्च ५ |
| २१:३-४ | मार्च २८ |
| २१:७ | मार्च ५, अप्रेल १४ |
| २२:७ | अक्टोबर ६ |

***<BACK COVER>***

*जीवन उतार चढावले भरिएको छ। यदि हामी आशिषमय जीवन जिइरहेका छौं भने गाह्रो परिस्थीतिलाई हामी आनन्द र निश्चयतापूर्वक अंगाल्नसक्छौं।*

*"आशिषमा जिउनु"* ३६५ दिनको लागि उपासना पुस्तक हो।

डा. चिक शेभरको विश्वास यात्राबाट प्रेरित, जसले

मानिसहरूलाई येशू ख्रीष्टमा जित्न संसारभरि यात्रा गरेका छन्।

यहाँ प्रस्तुत गरिएका विचारहरूद्वारा पाठकहरूलाई आधारभूत सिद्धान्तबाट एक परिपक्व र अनुभवी विश्वासमा डोऱ्याउने प्रयास गरिएको छ। एउटा सरल र लचिलो रूपरेखाले पाठकलाई मितीद्वारा वा क्रमसंख्याद्वारा प्रयोग गर्ने विकल्प दिन्छ।

डा. चार्ल्स "चिक" शेभर डार्टमाउथ कलेजमा एक पूर्व कानुन विद्यार्थी हुँदा ख्रीष्टमा आए। उनको लामो करियरमा उनले मण्डलीको पास्टर, मण्डली रोपक, प्रचारक, सेमिनारी प्रध्यापक अनि लेखकको रूपमा काम गरे। उनी नयाँ र बढ्दो इसाईहरूको निम्ति आधारभूत बाइबल अध्ययनहरूको निम्ति परिचित छन्, जुन पुस्तक अंग्रेजीमा ७,५०,००० भन्दा बढी प्रति बिक्री भएको छ र ५५ भाषामा अनुवाद गरिएको थियो। डा. शेभरले संसारभरि लगभग ९०० वटा जागृति सभा, प्रचार र शिक्षाका सभाहरू आयोजना गरे। उनी आफ्नी पत्नी न्यान्सीसित कन्सासको लिउडमा बस्छन्। उनीहरूका तीन जना छोराछोरी- राहेल, पावल, मरियम र अरू धेरै नाता-नातिनीहरू छन्।